# जिल्ला अदालतका फैसलाहरूको संगालो

## २०७०



राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
हरिहरभवन, ललितपुर
२०७०

# जिल्ला अदालतका फैसलाहरूको

## संगालो

## २०७०

प्रकाशक

**राष्ट्रिय न्यायिक प्रतिष्ठान**

हरिहरभवन, ललितपुर, नेपाल

**संकलन तथा संयोजनः** श्री ज्योति पाण्डे, अनुसन्धान अधिकृत

**लेआउट/डिजाइन :** श्री विष्णुबहादुर बरुवाल, प्रकाशन सहायक

**प्रकाशक :** राष्ट्रिय न्यायिक प्रतिष्ठान
हरिहरभवन ललितपुर, नेपाल

**प्रकाशित :** ४०० प्रति

**सर्वाधिकार** : राष्ट्रिय न्यायिक प्रतिष्ठान
आषाढ, २०७०

**मुद्रक :** फरम्याट प्रिन्टिङ्ग प्रेस, हाँडीगाउँ, काठमाडौं

हरिहरभवन, ललितपुर, नेपाल
फोन नं. : ९७७-१-५५४९०५७, ५५४९०६७
फ्याक्स : ९७७-१-५५३०६६२
पोष्ट बक्स नं २४८६५

E-mail: info@njanepal.org.np
URL: www.njanepal.org.np

Hariharbhawan, Lalitpur, Nepal
Tel: 977-1-5549057, 5549067
Fax : 977-1-5530662
Post Box No.: 24865

# राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
National Judicial Academy, Nepal
(Estd. under the National Judical Academy Act, 2006)
*".....committed to Excellency of Nepalese Law and Justice Sector."*


## मन्तव्य

जिल्ला अदालतबाट भएका फैसलाहरूबारे पक्ष वा निजको कानून व्यवसायी वा सरोकारवाला व्यक्ति र पुनरावेदन सुन्ने रोहमा पुनरावेदन अदालत वा सर्वोच्च अदालतबाट मात्र जानकारीमा राख्ने गरिन्छ । यही कुरालाई महसुस गरी जिल्ला अदालतका माननीय न्यायाधीशज्यूहरूबाट भएका फैसलाहरूमध्ये वहाँहरूलाई उत्कृष्ट लागेका कुनै पाँच फैसला २०६९ पौष मसान्तसम्म पठाई दिन भनी प्रतिष्ठानले अनुरोध गरेकोमा विभिन्न विषयका हामीलाई प्राप्त भएका फैसलाहरूको छनौट गर्दा तथ्यको प्रस्तुति, प्रमाणको मूल्याङ्कन, विवेचना एवं कानूनको उचित प्रयोग र व्याख्या, मेहनत, लगन, वस्तुनिष्ठता, भाषा, शैली र स्तर समेतलाई **विज्ञ समूहबाट** आधार बनाई छनौट भएबमोजिम फैसला प्रकाशन गर्ने गरिएको छ । फैसलाहरू माथिल्लो तहमा विचाराधीन रहेका पनि हुन सक्छन् । तसर्थ यसमा प्रकाशित भएकै आधारमा यी फैसलाउपर पुनरावेदन परेको अवस्थामा अन्यथा हुन नसक्ने भन्ने पनि होइन । छनौटमा नपरेका कतिपय फैसलाहरू प्रकाशित गर्न नसकिएकोमा हामीलाई खिन्नता महसुस भएको छ । अपितु समस्त फैसलाहरू हाम्रो अभिलेखमा सुरक्षित छन् र आवश्यकता अनुसार न्यायिक शिक्षाको लागि प्रयोग गर्न सकिने छ ।

जिल्ला अदालतका माननीय न्यायाधीशहरूका फैसला जनसमक्ष ल्याउने यो हाम्रा निरन्तर प्रयास हो । आगामी वर्षमा पनि धेरै भन्दा धेरै माननीय न्यायाधीशज्यूहरूको सक्रिय सहभागिता, सहयोग, सद्भाव र समर्थन हामीलाई प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं । यी प्रतिनिधिमूलक फैसलाले अदालतले गर्ने निर्णय, त्यसमा निहित कानूनको प्रयोग र व्याख्या, सम्बन्धित न्यायाधीशको तार्किकता, वस्तुनिष्ठता, मेहनत र लगन समेतलाई प्रतिविम्वित गरेको छ भन्ने लागेको छ ।

अन्त्यमा, यस प्रकाशनको लागि हौसला र प्रोत्साहन दिनु भएकोमा **का.मू . प्रधान न्यायाधीश सम्माननीय श्री दामोदर प्रसाद शर्माज्यूप्रति** हार्दिक आभार व्यक्त गर्दछु । संकलित फैसलाहरू प्रकाशनका लागि छनौट गरिदिनु हुने **सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरु प्रति** कृतज्ञता व्यक्त गर्दछु । प्रतिष्ठानको यस प्रयासमा आफ्ना फैसला पठाई सहयोग पुऱ्याउनु हुने **जिल्ला अदालतका माननीय न्यायाधीशज्यूहरु प्रति** पनि सराह्नना व्यक्त गर्दछु । यस प्रकाशनको कार्यमा आफ्ना अमूल्य परामर्श दिई हरतरहबाट प्रकाशन योग्य बनाउने प्रतिष्ठानका संबन्धित सबैप्रति र खासगरेर फैसला संकलन गरी सम्पादन संयोजन गर्ने अनुसन्धान अधिकृत श्री ज्योति पाण्डेलाई र प्रतिष्ठानका सबै सहयोगी मित्रहरुलाई धन्यवाद दिन चाहान्छु । अस्तु,

आषाढ, २०७०

-----------
(राघब लाल वैद्य)
कार्यकारी निर्देशक


हरिहरभवन, ललितपुर, नेपाल
फोन नं.: ०१-५५४९०५७, ०१-५५४९०६७
फ्याक्स ०१-५५३०६६२
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Hariharbhawan, Lalitpur, Nepal
Ph.: +01-5549057, +01-5549067
Fax: +01-5530662
Post Box No.: 24865

# विषय सूची


| सि.नं | पक्ष/विपक्ष | न्यायाधीशको नाम | पृष्ठ |
|---|---|---|---|
| | **भाग - १ : फौजदारी मुद्दा** | | |
| | **कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, सवारी ज्यान, गर्भपतन, मानव बेचबिखन तथा ओसारपसार, शरीर बन्धक लिने** | | १-२५० |
| १. | नेपाल सरकार विरुद्ध रामदेव मुखिया समेत | मा.न्या.श्री बलभद्र बास्तोला | |
| २. | नेपाल सरकार विरुद्ध रोशनी घलान | मा.न्या.श्री हरिप्रसाद बगाले | |
| ३. | नेपाल सरकार विरुद्ध रेशमप्रसाद आचार्य | मा.न्या.श्री डिल्लीरमण तिवारी | |
| ४. | नेपाल सरकार विरुद्ध पञ्चानन्द राजवंशी समेत | मा.न्या.श्री गिरीराज गौतम | |
| ५. | नेपाल सरकार विरुद्ध सुनसागर माझी | मा.न्या.श्री राजेन्द्र खरेल | |
| ६. | नेपाल सरकार विरुद्ध होमबहादुर सुनार | मा.न्या.श्री विनोद मोहन आचार्य | |
| ७. | नेपाल सरकार विरुद्ध अभिनास गुरुङ्ग समेत | मा.न्या.श्री पूर्णप्रसाद बास्तोला | |
| ८. | नेपाल सरकार विरुद्ध सुरेशकुमार खतिवडा | मा.न्या.श्री नारायणप्रसाद धिताल | |
| ९. | नेपाल सरकार विरुद्ध केशव श्रेष्ठ | मा.न्या.श्री रमेशकुमार खत्री | |
| १०. | नेपाल सरकार विरुद्ध मकबुल आलम भाट समेत | मा.न्या.श्री राजेन्द्र खरेल | |
| ११. | नेपाल सरकार विरुद्ध बोधनाथ लुइटेल समेत | मा.न्या.श्री हरिप्रसाद बगाले | |
| १२. | नेपाल सरकार विरुद्ध सन्तोष अधिकारी समेत | मा.न्या.श्री कुलप्रसाद शर्मा | |
| १३. | नेपाल सरकार विरुद्ध गोपाल सिंह भुजेल समेत | मा.न्या.श्री नारायणप्रसाद श्रेष्ठ | |
| १४. | नेपाल सरकार विरुद्ध जगरनाथ यादव समेत | मा.न्या.श्री बलभद्र बास्तोला | |
| १५. | नेपाल सरकार विरुद्ध भोलेन्द्र यादव समेत | मा.न्या.श्री रितेन्द्र थापा | |
| १६. | नेपाल सरकार विरुद्ध सुनिता मोक्तान | मा.न्या.श्री टेकनारायण कुँवर | |
| १७. | नेपाल सरकार विरुद्ध देवमाया लामा | मा.न्या.श्री टेकनारायण कुँवर | |
| १८. | बालकुमारी सार्की विरुद्ध गगनबहादुर सार्की | मा.न्या.श्री कुलप्रसाद शर्मा | |
| | **जबरजस्ती करणी** | | २५१-२६४ |
| १९. | नेपाल सरकार विरुद्ध तेजप्रसाद ढकाल | मा.न्या.श्री शेखरचन्द्र अर्याल | |
| २० | नेपाल सरकार विरुद्ध श्रवणकुमार गुप्ता | मा.न्या.श्री नारायणप्रसाद पोखरेल | |
| | **डाँका, कुटपिट, चोरी, बैंकिङ्ग कसूर, अवैध बन पैदावार निकासी, जातीय भेदभाव, बोक्सीको आरोप लगाई यातना दिएको, बहुविवाह, बालविज्याई, यातना, लागू औषध** | | २६५-३३४ |
| २१. | नेपाल सरकार विरुद्ध समुन्द्रीदेवी यादव | मा.न्या.श्री रितेन्द्र थापा | |
| २२. | नेपाल सरकार विरुद्ध अनिल लामा समेत | मा.न्या.श्री गिरीराज गौतम | |
| २३. | नेपाल सरकार विरुद्ध अर्जुन सुवेदी समेत | मा.न्या.श्री डिल्लीरमण तिवारी | |
| २४. | नेपाल सरकार विरुद्ध प्रेम जैसवाल समेत | मा.न्या.श्री राजेन्द्र खरेल | |
| २५. | मोनिका चौहान समेत विरुद्ध गोमा लुईटेल | मा.न्या.श्री नारायणप्रसाद पोखरेल | |
| २६. | नेपाल सरकार विरुद्ध तुम्सिङ्ग मगर समेत | मा.न्या.श्री टेकनारायण कुँवर | |
| २७. | नेपाल सरकार विरुद्ध क बहादुर रेग्मी समेत | मा.न्या.श्री डिल्लीरमण तिवारी | |
| २८. | नेपाल सरकार विरुद्ध रोशन निरौला समेत | मा.न्या.श्री गिरीराज गौतम | |

**भाग - २ : देवानी मुद्दा**

**हक कायम दर्ता, दर्ता बदर, मिलापत्र बदर, शेषपछिको बक्सपत्र बदर, अपुताली हक कायम, करार परिपालना, भङ्ग, यथावत, जग्गा खिचोला, हक चलन, गुठी धर्मलोक, दाखा नामसारी, रजिष्ट्रेशन पारित, माना चामल, लेनदेन** ३३५-४१८

| | | | |
|---|---|---|---|
| २९. | मिनादेवी शाह विरुद्ध गीता शाह | मा.न्या.श्री माधवेन्द्रराज रेग्मी | |
| ३०. | रञ्जिला आचार्य दिक्षित विरुद्ध अरुण दिक्षित समेत | मा.न्या.श्री चन्द्रबहादुर सारु | |
| ३१. | नारायणप्रसाद शर्मा उपाध्याय विरुद्ध विनोद शमसेर ज.ब.रा. | मा.न्या.श्री कृष्णबहादुर थापा | |
| ३२. | पन्ना लाल गुप्ता विरुद्ध जुनुमाया श्रेष्ठ | मा.न्या.श्री अर्जुन अधिकारी | |
| ३३. | जगन्नाथ भण्डारी विरुद्ध रामहरी भण्डारी समेत | मा.न्या.श्री रमेशकुमार खत्री | |
| ३४. | कृष्णप्रसाद जैसी विरुद्ध जानकीदेवी श्रेष्ठ समेत | मा.न्या.श्री रमेशकुमार खत्री | |
| ३५. | विश्वमोहन ओझान थाक्छे विरुद्ध रेखा जोशी (श्रेष्ठ) | मा.न्या.श्री पूर्णप्रसाद बास्तोला | |
| ३६. | भुपालबहादुर थापा विरुद्ध रोशनबाबु थापा | मा.न्या.श्री लिप्तबहादुर क्षेत्री | |
| ३७. | मंगलप्रसाद कसौधन विरुद्ध शंकरदयाल बैश्य समेत | मा.न्या.श्री अर्जुन अधिकारी | |
| ३८. | पुष्पलाल थपलिया विरुद्ध चन्द्रेश्वर साह | मा.न्या.श्री रमेशराज पोखरेल | |
| ३९. | किशोर गोदार विरुद्ध नारद उप्रेती | मा.न्या.श्री ब्रजेश प्याकुरेल | |

**भाग - ३ : रिट प्रकृतिका निवेदन**

**निषेधाज्ञा** ४१९-४२२

| | | | |
|---|---|---|---|
| ४०. | मन्जुदेवी अग्रवाल विरुद्ध आन्तरिक राजस्व कार्यालय भद्रपुर झापा | मा.न्या.श्री रमेशराज पोखरेल | |

**श्री धनुषा जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री बलभद्र बास्तोला**
**जाहेरी फैसला**
**सम्बत २०६७ सालको स.फौ.नं. २१८**
**नि.नं. ५३०**

**मुद्दा :- अपहरण कर्तव्य ज्यान ।**

**वादीको नाम, थर, वतन :**
जिल्ला धनुषा गा.वि.स.दुहवी वा.नं.८ मा बस्ने बौएलाल यादवको जाहेरीले नेपाल सरकार........१

साक्षी...............
कागज..............

**प्रतिवादीको नाम, थर, वतन :**
जिल्ला धनुषा दुहवी गा.वि.स. वा.नं.८ मा बस्ने रामदेव मुखिया............................................१
ऐ.ऐ.मा बस्ने विनोदकुमार मुखिया..................१
ऐ.ऐ.मा बस्ने रामबाबु यादव...........................१

साक्षी...............
कागज..............

**अदालतबाट बुझेको**
**साक्षी................**
**कागज...............**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.वं.२९ नं.ले यसै अदालतको क्षेत्राधिकारभित्रको भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकारको छ :-

जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित वकिया चौरीमा रहेको सजन मुखियाको खेतको पश्चिमपट्टिको आलीको २ फिट चौडाइ रहेको, उक्त आलीको उत्तरपट्टि छेउमा पूर्व टाउको, गरी मृतक लास सेतो रंगको धोतीले छोपेको अवस्थामा रहेको, मृतक लासभन्दा पश्चिममा सूर्यनारायण यादवको खेतको पूर्व उत्तर कुनामा अं. डेढ फिट पानीमा रहेको उक्त पानीमा मानिस हिँडेको गोरेटो बाटो रहेको, सोही खेतमा पश्चिमपट्टि डेढ फिट लामो कपाल रहेको, कपाल हटाई हेर्दा गन्ध आइरहेको, मृतक लासभन्दा १० फिट उत्तर आलीमा डेढ फिट लामो कपाल सुकेको अवस्थामा रहेको, मृतक लासको दुवै हातको पाखुरादेखि हतकेलासम्म धारिलो हतियारले काटेको डाम देखिएको, मासु र हतकेला नरहेको, फिरपताको हाडबाट शरीरको भित्री भागसम्म प्वाल देखिएको, मृतक लासको पछाडिपट्टि कम्मरको भागमा ३ ठाउँमा धारिलो हतियारले रोपेको घाउ प्वाल रहेको, बीचको घाउ प्वालबाट १ फिट लामो आन्द्रा निस्केको अवस्थामा रहेको, मृतक लासको टाउको बीच भागमा ३ वटा ठाउँमा रोपेको घाउ देखिएको, दुवै कान धारिलो हतियारले काटेको अवस्थामा रहेको, दुवै आँखा नरहेको, नाकको आकार मात्रा रहेको, अनुहारको मासुको भाग नरहेको, घाँटीको रुद्रघण्टीसम्मको मृतक लासको पूरै शरिरको छाला फुटेको शरीरभरि सानो कीरा लागेको अवस्थामा रहेको भनी घटनास्थल लास जाँच प्रकृति मुचुल्का ।

**मृतक दीपेशकुमार यादवको घटनास्थलमा रहेको लासको फोटोहरू ।**

मिति २०६७/६/२३ गते दिनको १/२ बजेको समयमा जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.८ स्थित रहेको लभका टोल नजिकबाट म जाहेरवालाको नाति वर्ष ५ को दीपेशकुमार यादवलाई रामदेव मुखिया, विनोदकुमार मुखिया, रामबाबु यादव समेत मिली अपहरण गरी लगी कर्तव्य गरी मारी जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित सजन मुखियाको पोखरी र सूर्यनारायण यादवको धान खेतको बीच आलीमा गलिएको अवस्थामा मिति २०६७/६/२६ गतेका दिन १२:०० बजेको समयमा फेला परेकोमा विपक्षीहरूलाई खोजतलास पक्राउ गरी मुलुकी ऐन ज्यान सम्बन्धी तथा अपहरण शरीर बन्धक अनुसार कारबाही गरी पाऊँ भनी बौएलाल यादवको जाहेरी दरखास्त ।

जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.८ करमाही टोलस्थित रामदेव मुखियाको घर रहेको, अगाडिपट्टि खपडाको छाना र टाटीको घर रहेको, पछाडिपट्टि पक्की एकतले घर रहेको, सो घरको पूर्वपट्टिको कम्पाउण्डको पर्खाल रहेको, सो कम्पाउण्डको पर्खालमा कालो रंगको कपाल गुटमुटिएको अवस्थामा रहेको, पक्की घरदेखि ५० फिट दक्षिण बाँस घारीमा बाँसको सुकेको पातमा डेढ सेन्टी मिटर लामो रगत जस्तो पदार्थ सुकेको अवस्थामा रहेको, सोही निर रातो रंगको डोरा धागो गुटमुटिएको अवस्थामा रहेको, सो पात, धागो र कपाल प्रहरीले बरामद गरी लगेको भनी बरामदी मुचुल्का ।

मिति २०६७/६/२३ गते दिनको १/२ बजेको समयमा रामदेव मुखिया, निजको छोरा विनोदकुमार मुखिया र रामबाबु यादवले वर्ष ५ को दीपेशकुमार यादवलाई बिस्कुट खुवाउँदै खेततर्फ लगेको हो, सोही रातिको समयमा लक्ष्मेश्वर यादवको छोरा खेल्न गएकोमा घर फर्की आएन, निजलाई अपहरण गरी लगेको हो, निज लक्ष्मेश्वर यादव र रामदेव मुखियाबीच असमा नेपालमा नोकरी गर्ने सम्बन्धमा विवाद रिसइवी रहेको कारण निज विनोदकुमार मुखिया, रामदेव मुखिया र निजको गुटमेलका रामबाबु यादव समेतले दीपेशकुमार यादवलाई अपहरण गरी लगी कर्तव्य गरी मारी मृतक लास खेतमा फालेको हो भनी धनिकलाल मुखिया समेतले घटना वारदात सम्बन्धमा गरिदिएको कागज ।

मृतक दीपेशकुमार यादवको हेड इन्जुरी र ब्लिडिङ डियुटु कौज अफ वेएपन कटको कारण मृत्यु भएको हो भनी शव परीक्षण प्रतिवेदन ।

मिति २०६७/६/२३ गते दिनको १/२ बजेको समयमा म लगायत प्रतिवादी रामदेव मुखिया र विनोद मुखिया समेत अवका टोलदेखि वकिया चौरीतर्फ जाने सडकमा बसिरहेकोमा निज वर्ष ५ को दीपेशकुमार यादव एक्लै खेलिरहेको देखी निजलाई म समेतले बिस्कुट खुवाई निजलाई खेत खेतै बाँस घारीमा लगी बाँस घारीबाट रामदेव मुखियाको छोरा राम आश्रे मुखियाले बनाएको नयाँ घरमा लगी थुनी निजलाई कर्तव्य गरी र मार्ने योजना बनाई सोही राति अं.९ बजेको समयमा म लगायत रामदेव मुखिया र विनोदकुमार मुखिया समेत भई छुरा प्रहार गरी दीपेशकुमार यादवलाई मारी मृतक लासलाई सोही राति तीनै जना भई जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित बकिया चौरीको सूर्यनारायण यादवको धान खेतमा लगी फालिदिएको हो । रामदेव मुखियाले दीपेशकुमार यादव लडाई दुवै खुट्टा थिची राखेको, प्रतिवादी विनोदकुमार मुखियाले टाउकोमा छुराले २/३ चोटि प्रहार गरी काटेको र कम्मरको भाग, कुम, पाखुरा समेतमा छुराले यत्रतत्र प्रहार गरी काटी मारेको हो भनी पक्राउ प्रतिवादी रामबाबु यादवले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

मिति २०६७/६/२३ गतेका दिन अं. १/२ बजेको समयमा मेरो छोरा विनोदकुमार मुखिया र रामबाबु यादव समेत भई वर्ष ५ को दीपेशकुमार यादवलाई अपहरण गरी लगी मेरो महिला छोरा राम अश्रे मुखियाले बनाएको नयाँ पक्की घरमा थुनी राखेको हो, सोही राति अं.९ बजेको समयमा रामबाबु यादवले दीपेशकुमार यादवलाई समाती घरमा सुताई दवै खुट्टा समाती राखेको, मेरो छोरा विनोदकुमार मुखियाले छुराले निज दीपेशकुमार यादवको टाउकोमा २/३ पटक घोची, कम्मरमा घोची, हात पाखुरा, पिठयुँ समेतमा छुराले यत्रतत्र प्रहार गरी मारेको हो, म सो घरको ढोका छेकी बसी कोही मानिस

आउँछ भनी हेरिराखेको थिएँ, म समेत भई निज नाबालक वर्ष ५ को दीपेशकुमार यादवलाई मारी मृतक लास पालैपालो तीनै जनाले बोकी जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित वकिया चौरीको धान खेतमा लगी फालेको हो, दीपेशकुमार यादवलाई छुरा प्रहार गरी मारेपछि सो छुरा छोरा विनोदकुमार मुखियाले साथमा बोकी गएको हो, लास फालिसकेपछि सो छुरा लिई गई लास फालेको खेतभन्दा पूर्वको सिसम घारीमा फालेको हो, म लगायत छोरो विनोदकुमार मुखिया सहयोगी रामबाबु यादव समेत मेरो घरमा बसी दीपेशकुमार यादवलाई कर्तव्य गरी मार्ने योजना बनाएको हो भनी पक्राउ प्रतिवादी रामदेव मुखियाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

घटनास्थलबाट बरामद भएको कपाल, रगत समेत परीक्षणको लागि पठाइएको भनी पत्र ।

जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.८ स्थित करमाही टोलस्थित राम आश्रे मुखियाको न्याँ घर पूर्व मोहडा भएको घर रहेको सो घर पक्की एकतल्ले रहेको, सो घर बरण्डा कोठा, किचेन, शौचालय, बाथरुम समेत भई २ वटा कोठा १ वटा किचेन कोठा शौचालय कोठा, बाथरुम समेत रहेको उत्तर छेउको पूर्व मोहडाको कोठामा झ्याल ढोका बन्द रहेको सो कोठामा १ वटा खाली खाट मात्र रहेको, सो कोठाभन्दा सटेको दक्षिण पूर्व ढोका भएको कोठामा झ्याल ढोका बन्द रहेको, सो कोठाको ढोका खोली भित्र प्रवेश गरी हेर्दा कोठा खाली अवस्थामा रहेको, सोही कोठामा प्रतिवादी रामदेव मुखिया, विनोदकुमार मुखिया र रामबाबु यादव समेत मिली जाहेरवाला बौएलाल यादवको नाति वर्ष ५ को दीपेशकुमार यादवलाई छुरा प्रहार गरी मारी मृतक लास बोकी खेतमा लगी फालेको बुझिएको, सो घर कोठा सम्पूर्ण कोठा, बरण्डा किचेन समेत पानीले धोई पखाली सफा गरेको अवस्थामा रहेको घटनास्थल घरको भनी घटनास्थल प्रकृति मुचुल्का ।

जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित सजन मुखियाको सिसम घारी रहेको, सो सिसम घारी अं.१ कठ्ठा जग्गामा रहेको, सो सिसम घारीमा भुइँमा घाँस पातहरू केलाउँदै हेर्दा तलासी गर्दै जाँदा सिसम घारीको बीच भागमा घाँस पातभित्र शीतले भिजेको, शीतले भिजी खिया जस्तो लागेको स्प्रिङ्ग भएको छुरा (चक्कु) थान-१ रहेको, सो छुराको बिँड पहेंलो रंगको रहेको सो बिँड छुरा मोडिएको अवस्थामा १७ सेन्टिमिटर लामो रहेको छुराको स्प्रिङ्ग थिच्दा छुराको धार निस्केको अवस्थामा नाप्दा धार १४ सेन्टिमिटर लामो रहेको, धारदेखि बिँडसम्म साढे ३० सेन्टिमिटर लामो रहेको सो छुरा प्रहरीले उठाई लगेको भनी बरामदी मुचुल्का ।

मिति २०६७/६/२३ गते दिउँसो २ बजेको समयमा प्रतिवादी रामदेव मुखिया, विनोद मुखिया र रामबाबु यादव समेतले लक्ष्मेश्वर यादवको छोरा वर्ष ५ को दीपेशकुमार यादवलाई अपहरण गरी लगी कर्तव्य गरी मारी जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित वकिया चौरी नजिक मृतक लास फालेको हो, निज लक्ष्मेश्वर यादव र विनोदकुमार मुखियाबीच असमा नेपालमा नोकरी गर्ने सम्बन्धमा विवाद रहेको कारण विनोदकुमार मुखिया, निजको बुवा रामदेव मुखिया, निजको गुटमेलका रामबाबु यादव समेतले अपहरण गरी लगी कर्तव्य गरी मारी फालेको हो भनी घटना विवरण कागज ।

मिति २०६७/६/२३ गते दिउँसो २ बजेको समयमा प्रतिवादी रामदेव मुखिया, विनोद मुखिया र रामबाबु यादव समेतले लक्ष्मेश्वर यादवको छोरा वर्ष ५ को दीपेशकुमार यादवलाई अपहरण गरी लगी कर्तव्य गरी मारी जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित वकिया चौरी नजिक मृतक लास फालेको हो, निज लक्ष्मेश्वर यादव र विनोदकुमार मुखियाबीच असमा नेपालमा नोकरी गर्ने सम्बन्धमा विवाद रहेको कारण विनोदकुमार मुखिया, निजको बुवा रामदेव मुखिया, निजको गुटमेलका रामबाबु यादव समेतले अपहरण गरी लगी कर्तव्य गरी मारी फालेको हो भनी विकु मण्डलको कागज ।

मिति २०६७/६/२३ गते दिउँसो २ बजेको समयमा प्रतिवादी रामदेव मुखिया, विनोद मुखिया र रामबाबु यादव समेतले लक्ष्मेश्वर यादवको छोरा वर्ष ५ को दीपेशकुमार यादवलाई अपहरण गरी लगी कर्तव्य गरी मारी जिल्ला धनुषा गा.वि.स. दुहवी वार्ड नं.६ स्थित वकिया चौरी नजिक मृतक लास

फालेको हो, मृतकको बाबु निज लक्ष्मेश्वर यादव र विनोदकुमार मुखियाबीच असमा नेपालमा नोकरी गर्ने सम्बन्धमा विवाद रहेको कारण विनोदकुमार मुखिया, निजको बुवा रामदेव मुखिया, निजको गुटमेलका रामबाबु यादव समेतले अपहरण गरी लगी कर्तव्य गरी मारी फालेको हो भनी समेत व्यहोराको धनिकलाल मुखिया, नवलकिशोर राय, श्रवणकुमार कुसियैत, जगदेव सहनी र रामपुकार मण्डल समेतले लेखाएको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादीहरूले मृतक दीपेशकुमार यादवलाई अपहरण गरी लगी घरमा थुनी राखी ज्यान मार्ने समेतको कार्य मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिने र ज्यान सम्बन्धी महल समेत बमोजिमको कसुरभित्र पर्ने हुँदा प्रतिवादीहरू विनोदकुमार मुखिया, रामदेव मुखिया र रामबाबु यादवले दीपेशकुमार यादवलाई अपहरण गरी घरमा लगी थुनी मारेको हुँदा निजहरूको उक्त कार्य अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको १ नं. विपरीत ३, ७ र ९ नं. अनुसारको कसुरमा सोही महलको ३ बमोजिमको सजाय ७ र ९ नं. बमोजिमको थप सजाय र प्रतिवादी विनोदकुमार मुखियाले उक्त अपहरित बालकलाई कर्तव्य गरी छुरा प्रहार गरी ज्यान मारेको समेतका आधारबाट ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३ (१) नं. को कसुरमा निज प्रतिवादी विनोदकुमार मुखियालाई सोही महलको १३(१) नं. अनुसार सजाय हुन, प्रतिवादीमध्येका रामबाबु यादवको हकमा ज्यान सम्बन्धी महलको १ नं. विपरित १३ (४) नं. को कसुरमा निज प्रतिवादी रामबाबु यादवलाई सोही महलको १३(४) नं. अनुसारको सजाय र प्रतिवादीमध्येका रामदेव मुखियाको हकमा मृतकलाई भाग्न उम्कन नपाउने गरी ढोकामा बसी अन्य व्यक्ति आउँछन् भनी कुरी बसेको हुँदा निजको उक्त कार्य ज्यान सम्बन्धी महलको १ नं. विपरित १७ (२) नं. को अनुसारको कसुरभित्र पर्ने हुँदा उक्त कसुरमा निज रामदेव मुखियालाई सोही महलको १७(२) नं. अनुसार सजाय हुन माग दाबी लिई अभियोग पत्र दायर भएको ।

जाहेरवालाको नाति दीपेशकुमार यादवलाई अपहरण गरी कर्तव्य गरी मारेको छैन । म उपरको जाहेरी लगायतका कागजात झुठा हो । मिति ०६७।६।२३ गते देखि २५ गतेसम्म ससुराली काशीपुर गएको र २६ गते घर फर्केको हुँ । घटना सम्बन्धमा कुनै जानकारी छैन । अभियोग दाबीको कसुर नगरेकोले अभियोग दाबीबाट सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्र.रामबाबु यादवले अदालतमा गरेको बयान ।

मिति २०६७।६।२३ गते भारत मधुवनी जिल्लाको जयनगर गएको २०६७।६।२४ गते गाउँ घर फर्की आएको हुँ । यी प्रतिवादीहरूसँग मेरो भेट छैन । जाहेरी दरखास्त लगायतका कागजात झुठा हो जाहेरवालाको नातिलाई अपहरण गरेको छैन र कर्तव्य गरी मारेको पनि छैन । म उपर जाहेरी लगायतका अभियोग दाबी झुठा हो । तसर्थ अभियोग दाबीबाट सफाइ पाऊँ भन्ने समेत व्यहोारको प्रतिवादी रामदेव मुखियाले अदालतमा गरेको बयान ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी अ.व.११८ को देहाय २ बमोजिम हाल यी प्रतिवादीहरू रामबाबु यादव, रामदेव मुखियालाई कानुन बमोजिम सिदा पाउने गरी थुनामा राख्न कारागार शाखा महोत्तरीमा पठाइदिनू भन्ने मिति ०६७।८।६।२ मा भएको आदेश ।

प्रतिवादी विनोदकुमार मुखियाको नाउँको म्यादी पुर्जी आजका मितिसम्म तामेल भई आएको मिसिलबाट देखिन आएन, निज प्रतिवादीहरू रामदेव मुखिया र रामबाबु यादव करिब ११ महिनादेखि थुनामा बसेको देखिँदा निजहरूको हकमा प्रमाण बुझ्ने कार्य अ.वं.१२२ नं.ले मिल्ने नै देखिँदा घटनास्थल लास जाँच मुचुल्कामा बस्ने बरामदी मुचुल्कामा बस्ने घटना विवरण कागज गर्ने वस्तुस्थिति मुचुल्कामा बस्ने मानिस र जाहेरवालालाई समेत जि.स.व.का.धनुषा मार्फत बकपत्रको लागि झिकाउनू भनी जि.प्र.का.धनुषामा लेखी पठाउनू र सोही दिन प्रतिवादीहरूका साक्षी निज मार्फत उपस्थित गराई बकपत्र गर्नका लागि पेस गर्नू भन्ने मिति २०६८।६।२६ को आदेश ।

मिति २०६७।६।२३ गते रामदेव मुखियाको छोराले पठाएको पैसा लिन जयनगर गएका थिए । उक्त मितिको बिहानदेखि निज गाउँ घरमा थिएनन् । रामदेव मुखिया गाउँघरमा नेताको काम समेत गर्दथे । वौएलाल यादवको भाइलाई स्कुलको मास्टरको जागिर सम्बन्धमा विवाद त्यही रिसइवीले रामदेवमाथि जाहेरवालाले किटानी जाहेरी दिएका हुनसक्छ । रामदेव मुखिया निर्दोष हुन्, निजले सफाइ पाउनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी रामदेव मुखियाका साक्षीहरू रामसिरिठ मुखिया र इन्दल यादवले यस अदालतमा गरेको बकपत्र ।

मृतकलाई अपहरण गरी मारेको सम्बन्धमा मलाई थाहा छैन, मिति ०६७।६।२३ गते अपहरण बारेमा गाउँमा हल्ला भएको थिएन । रामबाबु यादव २२ गते ससुराली गएर लास फेला परेको दिन आफ्नो घरमा आएका हुन् । निज रामबाबुले मृतकलाई अपहरण गरी मारेको छैन । निज निर्दोष हुन् भन्ने प्रतिवादी रामबाबु यादवका साक्षी रामवरण मुखिया र रामसेवक रायले यस अदालतमा गरेको बकपत्र ।

जाहेरवाला वौएलाल यादव बरामदी मुचुल्काका रामसुन्दर यादव, रामहृदय यादव, बुधेश्वर मुखिया, सत्रुधन मुखिया, कागज गर्ने धनिकलाल मुखिया, इन्दल मुखिया, रामदिहल यादव, परदेशिया मुसहर, विकु मण्डल, वस्तुस्थिति मुचुल्का मानिस समेतलाई अ.वं.११५ नं. बमोजिम म्याद जारी गरी पेस गर्नू भन्ने समेत व्यहोराको मिति ०६८।८।११ को आदेश ।

०६७।६।२८ मा बरामदी मुचुल्कामा भएको सहीछाप मेरो हो, के के वस्तु बरामद गरेको हो मलाई थाहा छैन । कागजमा छाप मात्र लगाएको हो भनी अ.वं.११५ नं. बुझिएका मानिस शत्रुधन मुखियाले, त्यस्तै ०६७।७।२९ गतेको वस्तुस्थिति मुचुल्कामा लेखाएको व्यहोरा मैले लेखाएको हैन । प्रहरीले जबरजस्ती सहीछाप गर भनेकाले गरेको हो भन्ने रामपुकार मण्डल तथा बुधेश्वर मुखिया, लवनकुमार कुसयैत र नवलकिशोर रायले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६७।६।२३ गते म गाउँ घरमा थिएँ । ०६७।६।२३ गते खेत र पोखरीको बीचमा रहेको खेतको आलीमा बच्चा काटिएको र गलेको अवस्थामा भेटिएको हो । बच्चालाई कसले मारेको हो मैले देखिन । घटना विवरण सम्बन्धमा भएको सहीछाप मेरो हो भन्ने अ.वं.११५ नं. बुझिएका मानिस इन्दल यादव, रामदियाल यादवले गरेको बकपत्र ।

घटना वारदात सम्बन्धमा भएको सहीछाप र व्यहोरा मेरो नै हो । मृतकको बुवा र विनोद मुखियाबीचमा आसमा नेपाल सम्बन्धमा विवाद थियो । मृतकलाई कसले अपहरण गरे मलाई थाहा छैन भन्ने अ.वं.११५ नं. बमोजिम बुझिएका मानिस धनिकलाल मुखियाले यस अदालतमा गरेको बकपत्र ।

बच्चालाई मारिदिएको भनी गरिदिएको कागजमा भएको व्यहोरा र सहीछाप मेरो हो । प्रहरीमा कागज गर्दा प्रतिवादीहरूको नाम भनेको र लेखाएको छैन । प्रतिवादीहरू लास बरामद भएको दिन नै पक्राउ परेका हुन् भन्ने अ.वं.११५ नं. बमोजिम बुझिएका मानिस रामसुन्दर यादवले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६७।७।२५ मा प्रहरीमा भएको कागजमा गरेको सहीछाप मेरै हो । मृतकलाई कसले अपहरण गरेको हो मलाई थाहा छैन । बच्चा अपहरण भएको कुरा मानिसहरूले हल्ला गरेपछि थाहा पाएको । बच्चाको लास मैले पनि देखेको हो । लास काटकुट पारिएको अवस्थामा थियो भन्ने अ.वं.११५ नं. बमोजिम बुझिएका मानिस परदेशिया मुसहरले यस अदालतमा गरेको बकपत्र ।

मिति ०६७।६।२३ गते म घरमै थिएँ । बिहान १० बजेतिर खेत हेर्न गएर १२-१ बजे घरमा आइपुग्दा दीपेश हराएको सुनेपछि खोजतलास गर्दा नभेटेपछि सोही दिनको बेलुकी प्रहरी चौकीमा मौखिक जानकारी गराएँ । चौकीबाट घर आउँदा गाउँकै धनिकलाल र नवल रायले बच्चालाई विस्कुट देखाई रामदेव मुखिया, विनोद मुखिया र रामबाबु यादवले गाउँको दक्षिणतर्फ लगेका हुन् भनेका हुन् भनी भने । लगेको देख्ने श्रवण कुसयैत पनि हो । बच्चालाई खोजी गर्दा २३, २४ र २५ गतेसम्म

नभेटिएपछि २६ गते दिउँसो १½ बजेतिर घाँस काट्ने मानिसहरूले बच्चालाई मृत अवस्थामा देखेपछि हल्ला भई म लगायतका छिमेकी मानिसहरू समेत लास रहेको स्थानमा जाँदा हात कान काटेको आँखा निकालेको छुरा रोपिएको थियो । तत्कालै प्रहरी आई मुचुल्का गरी मृतक लास र अभियुक्तहरूलाई पक्राउ गरी ल्याएका हुन् । जाहेरी मैले दिएको हो । जाहेरी व्यहोरा साँचो हो भनी जाहेरवालाले यस अदालतमा गरेको बकपत्र ।

फरार प्रतिवादी विनोदकुमार मुखियाको अंश रोक्का गरी पेस गर्नू भन्ने यस अदालतको मिति ०६८।११।२१ को आदेशानुसार मिति २०६८।१२।२ गतेमा प्रतिवादी विनोदकुमार मुखियाको अंश रोक्का सम्बन्धमा भई आएको मुचुल्का मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री परमेश्वर पराजुलीले र जाहेरवालाका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री दीपेन्द्रकुमार साहले जाहेरवालाको छोरा लक्ष्मेश्वर यादव र प्रतिवादी विनोदकुमार मुखियाको बीचमा आसमा नेपालमा नोकरी गर्ने सम्बन्धमा विवाद भएको तथा जाहेरवालाको भाइ सुरैतलाल यादव र प्रतिवादी रामदेव मुखियाको बीचमा विद्यालयबाट सरुवा गरेको विषयमा समेत विवाद रहेको कारणबाट लक्ष्मेश्वर यादवको छोरा वर्ष ५ को दीपेशकुमार यादवलाई दिउँसो २ बजेको समयमा यी प्रतिवादीहरूले बिस्कुट देखाई अपहरण गरी लगी कर्तव्य गरी मारेको हुँदा निज प्रतिवादीहरूलाई अभियोग दाबी अनुसार सजाय हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो ।

प्रतिवादी रामबाबु यादवको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री हेमबहादुर कार्कीले मृतकको मृत्यु भएको दिनपछि कहीँ कतै जाहेरवालाले उजुर नगरी लास भेटिएपछि अन्य मानिसहरूले भनेको भरमा जाहेरवालाले जाहेरी दिनुभएको अवस्था तथा आसमा नेपालको जागिरको विवाद थियो भनी उठाइएको विषय पनि मिसिल संलग्न कागजातमा कहीँ कतैबाट पुष्टि भएको छैन र मृतक दीपेशकुमारको मृत्यु टाउको चोटको कारण रक्तश्राव भई मरेको शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको र को कसले निजलाई हतियारले प्रयोग गरेको हो भनी मिसिल संलग्न कागजातबाट खुलेको अवस्था नभएको रामबाबु यादवले अदालतमा बयान गर्दा पूर्ण इन्कारी भई बयान गरेको र सो बयानलाई पुष्टि हुने गरी निजका साक्षी रामवरण मुखिया र रामसेवक रायले बकपत्र लेखाई दिएको अवस्था छ । त्यस्तै अ.वं.११५ नं. बमोजिम बुझिएका मानिसहरू रामपुकार मण्डल, शत्रुधन मुखिया समेतका मानिसहरू एवं जाहेरवाला स्वयंले समेत रामबाबु यादवले दीपेशकुमार यादवलाई अपहरण गरी लगी हतियार प्रयोग गरी कर्तव्य गरी मारेको देखेको छैन भनी अदालतमा आई बकपत्र गरिदिएको अवस्था हुँदा प्रतिवादी रामबाबु यादवले आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो ।

त्यस्तै अर्का प्रतिवादी रामदेव मुखियाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री श्यामकुमार मिश्रले रामदेव मुखियाले मृतक दीपेशकुमार यादवलाई अपहरण गरी लगेको नदेखेको र ज्यान मार्ने कार्यमा निजको संलग्नता पनि थियो भनेर किटानीसाथ जाहेरवाला स्वयंले नलेखाई अरू व्यक्तिले भनेर थाहा पाएको भनी उल्लेख गरेको अवस्था रामदेव मुखिया र जाहेरवालाका भाइ सुरैतलाल यादवको बीचमा शिक्षक पदको सरुवा सम्बन्धमा विवाद भएकाले प्र.रामदेव मुखियालाई अपहरण तथा ज्यान जस्तो गम्भीर कसुरमा झुठो आरोप लगाई जाहेरी दर्ता गराएका हुन् । प्रतिवादी रामदेव मुखिया यस अदालतमा बयान गर्ने क्रममा घटना वारदात आफूले गराएको कुरामा पूर्ण रूपमा इन्कारी भई बयान

गरेको अवस्था र निजको बयान व्यहोरालाई निजका साक्षी रामसिरिठ मुखिया, इन्दल मुखिया समेतले अदालतमा आई बकपत्र गरी पुष्टि गरिदिएका छन् भने अ.वं.११५ नं. बमोजिम बुझिएका मानिसहरू रामपुकार मण्डल, शत्रुधन मुखिया, बुधेश्वर मुखिया, श्रवणकुमार कुसियैत, नवलकिशोर राय, इन्दल यादव, रामदयाल यादव समेतका मानिसहरूले प्रतिवादी रामदेव मुखिया घटनामा संलग्न छैनन् । व्यहोरामा प्रहरीले जबरजस्ती डर देखाई हामीलाई सहीछाप गराएका हुन् भनी उल्लेख गरी बकपत्र गरिदिएको तथा जाहेरवाला स्वयंले यी प्रतिवादी रामदेव मुखिया घटनामा संलग्न छन् भनी किटानसाथ अदालतमा आई बकपत्र गर्न नसकेको अवस्थामा प्रतिवादी रामदेव मुखियाले अपहरण तथा ज्यान सम्बन्धी जस्तो गम्भीर अपराधबाट सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो ।

प्रस्तुत मुद्दामा निर्णयतर्फ विचार गर्दा मृतक दीपेशकुमार यादवको अपहरण तथा हत्यामा यी प्रतिवादीहरूको संलग्नता छ, छैन ? संलग्नता भए कुन कुन प्रतिवादीहरूको के कस्तो संलग्नता छ र उनीहरूलाई के कति सजाय हुनुपर्ने हो भनी निर्णय गर्नुपर्ने देखिन आयो ।

यसमा मिति २०६७।६।२३ गते दिनको १/२ बजेको समयमा जाहेरवालाका नाती दीपेशकुमार यादवलाई प्रतिवादीहरूले अपहरण गरी घरमा लगी थुनी मारेको हुँदा निजहरूको उक्त कार्य अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको १ नं. विपरीत ३, ७ र ९ नं. अनुसारको कसुरमा सोही महलको ३ नं. बमोजिम सजाय गरी ७ र ९ नं. बमोजिमको थप सजाय गरी र प्रतिवादी विनोदकुमार मुखियाले उक्त अपहरित बालकलाई कर्तव्य गरी छुरा प्रहार गरी ज्यान मारेको देखिँदा ज्यान सम्बन्धी महलको १ नं. विपरित १३(१) नं.को कसुरमा १३(१) नं. बमोजिम सजाय हुन, प्रतिवादीमध्येको रामबाबुको हकमा निजले मर्नेको खुट्टा समाती मर्नेको जीउमा हात हाली मार्ने संयोग पारेको तथ्य स्थापित हुँदा ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३(४) नं.को कसुरमा १३(४) नं. अनुसार सजाय हुन र प्रतिवादीमध्येका रामदेव मुखियाले मृतकलाई भाग्न उम्कन नपाउने गरी ढोकामा बसी अन्य व्यक्ति आउँछन् भनी कुरी बसेको हुँदा उक्त कार्य ज्यान सम्बन्धी महलको १ नं. विपरीत १७(२) नं.को कसुर हुँदा ऐ. १७(२) बमोजिम सजाय गरी पाऊँ भन्ने अभियोग माग दाबी भएको पाइयो ।

जाहेरवालाले जाहेरी दिँदा प्रतिवादीहरूको आपराधिक क्रियाकलापको विरोध म जाहेरवालाको छोरा लक्ष्मेश्वर यादवले गरेको कारण तथा प्रतिवादीमध्ये विनोद मुखियाले आसमा नेपालमा सामाजिक परिचालक काम गर्ने चाहना राखेकोमा उक्त पदमा मेरो काहिँलो छोरा लक्ष्मेश्वर यादव नियुक्त भयो । सो नियुक्ति पाए लगतै प्रतिवादी विनोद मुखियाले मैले काम गर्ने मौका पाउन थालेको ठाउँमा तिमीले काम गऱ्यौ मलाई काम गर्ने अवसरबाट वञ्चित गरेकोले क्षति चाँडै व्यहोर्नुपर्छ भनी मेरो छोरालाई धाक धम्की दिई आएका थिए । प्रतिवादीमध्येका रामबाबु यादवले आजभन्दा १½ महिना अगाडि तिम्रो छोरालाई अपहरण गराइदिन्छु भनी धम्की लगाई आएका थियो । मिति २०६७।६।२३ गते दिनको १-२ बजेको समयमा लक्ष्मेश्वर यादवको छोरा वर्ष ५ को दीपेशकुमार यादव खेल्न गाउँ टोलमा निस्कँदा जबरजस्ती तरिकाले मुख थुनी समाती अपहरण गरी लगी हत्या गरी कर्तव्य गरी धान खेतमा फालिदिएको हो । नाती दीपेशकुमारलाई धारिलो हतियारले शरीरका विभिन्न भाग हात, टाउको, पिठ्युँ, पेट, कान आँखा लगायतमा काटी हत्या गरेकोले मुलुकी ऐन ज्यान सम्बन्धी महल तथा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल बमोजिम सजाय गरी पाऊँ भन्ने जाहेरी व्यहोरा लेखाएको पाइन्छ ।

घटनास्थल प्रकृति मुचुल्का हेर्दा जिल्ला धनुषा गा.वि.स. दुहवी वडा नं.६ स्थित सजन मुखिया र सूर्यनारायण यादवको खेतको बीच आलीको २ फिट चौडाइ रहेको उक्त आलीको उत्तरपट्टिको छेउमा सेतो रंगको धोतीले मृतक लास छोपिएको अवस्थामा रहेको सोही खेतमा पानीमाथि १½ फिट लामो कालो कपाल उत्रिएको अवस्थामा रहेको भन्ने देखिन्छ ।

लासको शारीरिक अवस्थाको विवरण हेर्दा मृतक लासको कपाल नरहेको, मृतक लास घोप्टे अवस्थामा आलीमा रहेको, मृतक लासको शरीरमा रहेको रातो रंगको गन्जीको पछाडिको भागमा धारिलो हतियारले काटेको अवस्थामा रहेको भनी लेखिएको पाइन्छ ।

लासको विवरणमा टाउकोमा कपाल नरहेको मृतक लासको दुवै हातको पाखुरादेखि हत्केलासम्म धारिलो हतियारले काटेको डाम देखिएको, मासु र हत्केला नरहेको, मृतक लासको पछाडिको दुवै साइडको हातको फिरपताको मासु धारिलो हतियारले काटिएको अवस्था रहेको, फिरपताको हाडबाट शरीरको भित्री भागमा प्वाल देखिएको, मृतक लासको पछाडिपट्टि कम्मरको भागमा ३ (तीन) ठाउँमा धारिलो हतियारले रोपेको घाउ प्वाल रहेको, बीचको घाउ प्वालबाट १ फिट लामो अन्द्रा निस्केको अवस्थामा रहेको, टाउकोको बीच भागमा ३ (तीन) ठाउँमा रोपेको घाउ देखिएको, दुवै कान धारिलो हतियारले काटेको अवस्थामा रहेको, कानको भाग शरीरमा नरहेको, मृतकको दुवै आँखा नरहेको, मृतकको अनुहारको मासुको भाग नरहेको, घाँटीको रुद्रघण्टीसम्मको भाग पूरै कालो देखिएको भन्ने समेत व्यहोराको लास विवरण व्यहोरा भएको पाइन्छ ।

मृतक दीपेशकुमार यादवको लासको विभिन्न फोटोहरू मिसिल सलंग्न रहेको पाइन्छ । उक्त फोटोहरूबाट समेत लास विवरणमा उल्लिखित व्यहोरा पुष्टि र प्रमाणित भएको देखिन्छ । प्रतिवादी रामदेव मुखियाको घरको पूर्वपट्टिको पर्खालको प्वालमा कालो रंगको कपाल गुटमुटिएको अवस्थामा बरामद गरेको र पक्की घर पछाडिको बाँसघारीबाट बाँसको सुकेको पातमा १½ सेन्टिमिटर लामो रगत जस्तो रातो पदार्थ सुकेको अवस्था र सोहीनिर रातो रंगको डोरा (धागो) गुटमुटिएको अवस्थामा बरामद गरेको भन्ने बरामदी मुचुल्का देखिन्छ ।

त्यसैगरी घटनास्थलस्थित सजन मुखियाको सिसम घारीको बीच भागमा घाँसपातभित्र शीतले भिजेको, शीतले भिजी खियाजस्तो लागेको स्प्रिङ भएको छुरा (चक्कु) थान १ रहेको सो छुराको बिँड पहेंलो रंगको रहेको, सो बिँड छुरा मोडिएको अवस्थामा १७ से.मि.लामो रहेको छुराको स्पिङ थिच्दा छुराको धार निस्केको अवस्थामा नाप्दा धार १४ से.मि. लामो रहेको धारदेखि बिँडसम्म ३०½ सेमि लामो रहेको भन्ने बरामदी मुचुल्काको व्यहोरा देखिन्छ ।

शव परीक्षण प्रतिवेदनबाट कज अफ डेथ इज हेड इन्जुरी एन्ड ब्लिडिङ डियुटु टु सार्प विपन कट भनी लेखिएको पाइन्छ ।

प्रतिवादीहरूमध्ये विनोदकुमार मुखिया फरार भएको र अन्य दुई प्रतिवादी रामदेव मुखिया र रामबाबु यादव अदालत समक्ष कसुरमा इन्कारी बयान गरे तापनि अनुसन्धान अधिकारी समक्ष आफू समेतलाई गडाउ गरी एकआपसमा पोल बयान गरेको अवस्था देखिन्छ । यी प्रतिवादीहरूले अनुसन्धान अधिकारी समक्ष गरेको साविती बयान, जाहेरवालाले अदालतमा आई जाहेरी व्यहोरा पुष्टि र प्रमाणित हुने गरी गरेको बकपत्र, बुझिएका व्यक्ति धनिकलाल मुखियाले जाहेरवालाका परिवार तथा प्रतिवादी विनोदकुमार यादवबीच आसमा नेपालको बारेमा रिसइवी थियो भन्दै प्रहरीमा गरेको कागजको व्यहोरा मेरै हो भनी गरेको बकपत्र तथा शव परीक्षण एवं लास विवरण मुचुल्का समेतका आधारमा यी प्रतिवादीहरूमध्ये विनोदकुमार मुखियासँग पूर्वरिसइवी भएको सोही रिसइवीको आधारमा दीपेशकुमार यादवलाई अपहरण गरी शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार गरी कर्तव्य गरी मारेको तथ्य स्थापित हुन आएको पाइयो ।

अत्र निज दीपेशकुमार यादवलाई कुन कुन प्रतिवादीहरू संलग्न भै अपहरण गरी कर्तव्य गरी मारेका हुन् भनी विचार गर्दा जाहेरवालाले यी प्रतिवादीहरू उपर दिएको किटानी जाहेरीमा कुन प्रतिवादीले के कसरी अपहरण गरी हत्या गरेका हुन् भनी प्रतिवादीहरूले गरेको अपराधको छुट्टाछुट्टै उल्लेख गर्न नसकेको भए तापनि प्रतिवादी रामदेव मुखियाले जाहेरवालाको घर र आफ्नो घर एउटै गाउँमा छ भन्दै जाहेरवाला वौएलाल यादवको परिवारसँग पहिलादेखि नै मेरो मनमुटाव छ । निज

जाहेरवालाको छोरा लक्ष्मेश्वर यादवको नोकरी मेरो छोरा विनोदकुमार मुखिया सिटमा आसमा नेपालमा भएकोमा सो सम्बन्धमा रिसइवी चल्दै आएको छ । मिति २०६७।६।२३ गतेका दिन अं.१-२ बजेको समयमा मेरो छोरा विनोदकुमार मुखिया रामबाबु यादव समेत भै जाहेरवालाको नाति वर्ष ५ को दीपेशकुमार यादवलाई अपहरण गरी लगी मेरो माहिलो छोरा रामआश्रे मुखियाले वनाएको नयाँ पक्की घरमा थुनी रातको अं.९.०० बजेको समयमा प्रतिवादी रामबाबु मुखियाले छुराले निज दीपेशकुमार यादवको टाउकोमा २/३ पटक घोची, कम्मरमा घोची हात पाखुरा पिठ्युँ समेतमा छुराले यत्रतत्र प्रहार गरी मारेको हो । म सो घरको ढोकामा बसी कोही मानिस आउँछन् कि भनी हेरिराखी ढोका छेकी बसेको थिएँ । म समेत भै दीपेशकुमार यादवलाई मारी मृतक लास बोकी वकिया चौरीको धान खेतमा लगी फालेको हो । विनोदकुमारले छुरा लास फालेको खेतभन्दा पूर्वको सिसम घारीमा फालेको हो । मेरो छोरा विनोदकुमारलाई हटाई जाहेरवालाको छोरा लक्ष्मेश्वर यादव आसमा नेपालमा जागिर भएको कारणले मार्ने योजना बनाई अपहरण गरी मारेको हो । लास फालेपछि घर बरण्डा पानीले सफा गरेको हो भनी कसुर गरेकोमा आफू समेत सावित भै अन्य प्रतिवादीहरूलाई समेत पोल बयान गरेको पाइन्छ ।

अदालतमा आई बयान गर्दा प्रतिवादी रामदेव मुखियाले कसुरमा पूर्ण इन्कारी बयान गरे तापनि जाहेरवालाका भाइ सुरैत यादव पहिला गाउँकै विद्यालयमा शिक्षक थिए । विद्यालयमा राजनीति गर्ने लगायतका अनियमित काम गर्ने गरेको कारण मैले त्यहाँबाट सरुवा गराई दिएको थिएँ । सोही कुराको रिसइवी निजको परिवारसँग थियो । निज सुरैतको भनाइमा लागि सोही रिसइवीको कारण म उपर झुठा जाहेरी दिएका हुन् । बच्चालाई मैले मारेको हैन भनी व्यहोरा लेखाएबाट जाहेरवालाको परिवार सदस्यसँग पूर्वरिसइवी रहेको तथ्य निजको बयानबाट समेत स्थापित हुन आएको देखिन्छ ।

बरामद भएको कपाल मानिसको हो भनी केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनबाट देखिन आएको छ ।

मौकामा बुझिएका धनिकलाल मुखियाले अदालतमा बकपत्र गर्दा प्रतिवादी विनोदकुमार मुखिया आसमा नेपालको कुनै पदमा हुँदा सोही पदमा जाहेरवालाको छोरा लक्ष्मेश्वर पनि हुन चाहेको कारण वादविवाद भै रिसइवी रहन गएको हो भनी बकपत्र गरिदिएको पाइन्छ । जाहेरवालाले साक्षीको रूपमा राखेका व्यक्ति रामसुन्दर यादवले घटना विवरण कागज गर्दा जाहेरीमा उल्लिखित प्रतिवादीहरूले मृतक दीपेशकुमार यादवलाई खेततर्फ लगिरहेको अवस्थामा देखेको थिएँ । वारदातको बेलुकी प्रतिवादीहरू आफ्नो घरमा थिएनन् । आसमा नेपालको जागिरका सम्बन्धमा लक्ष्मेश्वर यादव र प्रतिवादी विनोदकुमार मुखियाबीच वादविवाद भएको थियो । सोही कारण यी प्रतिवादीहरू मिली दीपेशकुमार यादवलाई अपहरण गरी लगी कर्तव्य गरी मारी लास खेतमा लगी फालेका हुन् भनी कागज गरेकोमा अदालतमा बकपत्र गर्दा सो व्यहोरा र सहीछाप मेरै हो भनी भनेकोबाट अभियोग माग दाबी पुष्टि र प्रमाणित हुन आएको देखिन्छ । त्यसैगरी मौकामा कागज गर्ने परदेशिया मुसहरले आसमा नेपालको जागिरको सम्बन्धमा विवाद रहेको कारण यी प्रतिवादीहरूले मृतकलाई अपहरण गरी मारी मृतक लास खेतमा लगी फालेका हुन् भन्ने व्यहोराको कागज गरी अदालतमा समेत आई बकपत्र गर्दा सो व्यहोरा र सहीछाप मेरो हो भनी बकपत्र व्यहोरा लेखाएको पाइन्छ ।

जाहेरवाला वौएलाल यादवले बकपत्र गर्दा मिति ०६७।६।२३ गते यी प्रतिवादीहरूले बच्चालाई विस्कट देखाई गाउँको दक्षिणतिर लगेका हुन भनी धनिकलाल र नवल रायले भनेका हुन । २३ गतेबाट २५ गतेसम्म खोजतलास गरियो । २६ गते मृत अवस्थामा लास भेटिएको भनी घाँस काट्ने मानिसले भनेपछि सो ठाउँमा पुग्दा लास देखेको हो । तत्कालै प्रहरी आई प्रतिवादी रामबाबुलाई समाती घटनास्थल प्रकृति मुचुल्का र लास जाँच मुचुल्का तयार गरेको हो । रामदेव मुखिया पनि घटनास्थलमै पक्राउ परेका हुन् । आसमा नेपालको रिक्त रहेको शिक्षक पदको नियुक्तिको सम्बन्धमा प्रतिवादी विनोद

मुखिया र मेरो छोरा लक्ष्मेश्वर यादवबीच वादविवाद र रिसइवी भएको थियो । मेरो छोरालाई ज्यान मार्ने धम्की समेत दिँदै आएका थिए भनी बकपत्र गरेको अवस्था छ ।

माथि विवेचित जाहेरी व्यहोरा तथा जाहेरवालाको बकपत्र, मौकामा कागज गर्ने परदेशिया मुसहर तथा घटना विवरण कागज गर्ने रामसुन्दर यादव तथा धनिकलाल मुखियाले गरेको कागज तथा बकपत्रबाट यी प्रतिवादी रामदेव मुखियाका छोरा प्रतिवादी विनोदकुमार मुखियाको र जाहेरवालाको छोरा लक्ष्मेश्वर यादवबीच आसमा नेपालको जागिरका सम्बन्धमा वादविवाद भईै रिसईवी भएको तथ्य स्थापित भएको र सोही रिसइवी भएको कारणबाट जाहेरवालाका नाति तथा लक्ष्मेश्वर यादवको छोरा दीपेशकुमार यादवलाई अपहरण गरी लगी रामदेव मुखियाको छोरा रामआश्रे मुखियाको नयाँ पक्की घरमा धारिलो हतियारले टाउको तथा अन्य भागमा काटी दीपेशकुमार यादवको कर्तव्यबाट मृत्यु भएको पुष्टि र प्रमाणित हुन आयो । उक्त कार्यमा निज प्रतिवादी रामदेव मुखियाले मृतकलाई कर्तव्य गरी मार्ने अवस्थामा घरको ढोका छेकी मार्न संयोग पारी दिएको भनी निजले अनुसन्धान अधिकारी समक्ष गरेको साविती बयानबाट देखिन आउँदा निजको सो कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विपरीत १७(२) नं. अनुसारको कसुर गरेको देखिन आयो । सो देखिनाले निज प्रतिवादी रामदेव मुखियालाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद हुने ठहर्छ ।

५ वर्षका नाबालक दीपेशकुमार यादवलाई निजका बाबु आमा वा संरक्षकको मञ्जुरीबेगर एक स्थानबाट अर्को स्थानमा लगेको कार्य अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १ नं.अनुसारको अपहरण कसुर गरेको देखिन आयो । त्यसैगरी सोही महलको ३ नं. बमोजिम ज्यान लिने उद्देश्यले १ नं. विपरीतको कसुर गरेको स्थिति देखिँदा निज प्रतिवादी रामदेव मुखियालाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ ं. बमोजिम ७ वर्ष कैददेखी १५ वर्षसम्म कैद र रु.५०,०००।- देखि २,००,०००।- सम्म जरिवाना हुने कानुनी व्यवस्था भएको देखिएकोमा यी प्रतिवादीलाई न्यूनतम सजाय गरे पनि न्यायको मकसद पूरा हुने देखिँदा निजलाई ७ वर्ष कैद र रु.५०,०००।- जरिवाना समेत हुने ठहर्छ ।

यी प्रतिवादीहरू समेत भै संगठित रूपमा अपहरण गरेको नभै मृतकका बाबुसँगको रिसले निजलाई अपहरण गरेको देखिँदा निज उपरको ७ नं. अनुसार थप सजाय गर्न न्यायको रोहबाट मनासिब नदेखिँदा ७ नं.को कसुर पुग्न नसक्ने ठहर्छ ।

७ नं.को कसुर पुग्न सक्ने नदेखिए तापनि अपहरित व्यक्ति ५ वर्षको नाबालक भएको र सो नाबालकलाई अपहरण गरेको देखिँदा ऐ.को ९ नं. बमोजिम थप २ वर्ष कैद समेत हुने ठहर्छ ।

अर्का प्रतिवादी रामबाबु यादवले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा हामी तीनै जना भएर बिस्कुट खुवाई फकाई जाहेरवालाको नाति दीपेशकुमार यादवलाई लभका टोलदेखि वकिया चौरीतर्फ जाने सडकबाट खेत खेतै बाँसघारीमा लगी बाँसघारीबाट रामदेव मुखियाको छोरा रामआश्रे मुखियाको नयाँ घरमा लगी थुनी राति अं.९ बजेको समयमा म र रामदेव मुखियाले दीपेशकुमार यादवलाई समाती लडाइ दुवै खुट्टा दुवै जनाले थिची राखेको र प्रतिवादी विनोदकुमार मुखियाले टाउकोमा २/३ चोटि प्रहार गरी काटेको र कम्मरको भाग, कुम पाखुरा समेतमा छुराले यत्रतत्र प्रहार गरी काटी मारेको हो । प्रतिवादी विनोदकुमार मुखियाले १ वर्ष अगाडिदेखि आसमा नेपालद्वारा सञ्चालित बाल कक्षामा शिक्षक पदमा काम गर्दै आएको थियो । अन्दाजी ३ महिना अगाडिदेखि विनोद कुमारले काम गर्ने शिक्षक पदमा मृतक दीपेशकुमार यादवको बुवा लक्ष्मेश्वर यादवको जागिर भएको र विनोद कुमार सो पदबाट हटेकोमा सोही कारण विनोदकुमार मुखिया निजको बाबु रामदेव मुखियाले मलाई भेटी सो बारेमा कुरा गरी निज लक्ष्मेश्वरको छोरा दीपेशकुमार यादवलाई कर्तव्य गरी मार्न सल्लाह गर्दा सहमति भै दीपेशकुमार यादवलाई अपहरण गरी कर्तव्य गरी मारेको हो भनी कसुर गर्नुपर्नाको कारण सहित घटना वारदातबारे वर्णन गरी आफू समेतलाई गढाउ गरी अन्य प्रतिवादी समेतलाई पोल गरी कसुरमा साविती बयान गरेको पाइयो ।

निजको सो साविती बयानलाई सहप्रतिवादी रामदेव मुखियाको अनुसन्धान अधिकारी समक्षको बयानले पनि पुष्टि र प्रमाणित गरेको देखिन्छ । निज प्रतिवादी समेत घटना वारदात स्थलमा संलग्न भएको भन्ने जाहेरी व्यहोरा तथा जाहेरवालाको बकपत्र, मौकामा घटना वारदात सम्बन्धमा कागज गर्ने परदेशिया मुसहर घटना विवरण कागज गर्ने रामसुन्दर यादव र धनिकलाल मुखियाले गरेको कागज तथा बकपत्र समेतबाट यी प्रतिवादी रामबाबु यादव वारदात स्थलमा मौजुद भै मौकामा घटनास्थलबाट पक्राउ परेको भन्ने वादीका साक्षीको बकपत्र तथा अनुसन्धान अधिकारी समक्ष मर्नेको खुट्टा समाती मर्नेको जीउमा हात हाली मार्न संयोग पारेको तथ्य मिसिल संलग्न उल्लिखित प्रमाणबाट स्थापित हुन आउँदा निजले गरेको उल्लिखित कार्य ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३(४) नं.को कसुर गरेको पुष्टि र प्रमाणित हुन आयो । सो १३(४) नं.को कसुर पुष्टि र प्रमाणित हुन आएकोले निजलाई ऐ.१३(४) नं. बमोजिम जन्म कैद हुने ठहर्छ ।

यी प्रतिवादीहरू समेत भै संगठित रूपमा अपहरण गरेको नभै मृतकका बाबुसँगको रिसले निजलाई अपहरण गरेको देखिँदा निज उपरको ७ नं. अनुसार थप सजाय गर्न न्यायको रोहबाट मनासिब नदेखिँदा ७ नं.को कसुर पुग्न नसक्ने ठहर्छ ।

७ नं.को कसुर पुग्न सक्ने नदेखिए तापनि अपहरित व्यक्ति ५ वर्षको नाबालक भएको र सो नाबालकलाई अपहरण गरेको देखिँदा ऐ.को ९ नं. बमोजिम थप २ वर्ष कैद समेत हुने ठहर्छ ।

प्रतिवादी विनोदकुमार मुखिया सुरु म्यादै गुजारी फरार भएकोले निजको हकमा अ.वं.१९० नं. बमोजिम मुलतबी राखिदिएको छ ।

अरू कुरामा तपसिल बमोजिम गर्ने गरी अ.वं.१८६ नं.बमोजिम यो मुद्दा आज जाहेरी फैसला गरिदियाँ ।

## तपसिल

१. प्रतिवादी रामबाबु यादवलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद तथा अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम ७ वर्ष र ९ नं. बमोजिम थप २ वर्ष गरी ९ वर्ष कैद र रु.५०,०००।- जरिवाना हुने ठहरेकाले निज मिति २०६७।७।५ गतेदेखि थुनामा रहेको देखिँदा उक्त थुनामा बसेको बसेको अवधिबाटै कैद कट्टा हुने गरी कैदी पुर्जी ठेकी कारागार शाखा जलेश्वरमा कैदी पुर्जी पठाइदिनू र जरिवानाको लगत कस्नु ।

२. प्रतिवादी रामदेव मुखियालाई ज्यान सम्बन्धी महलको १७(२) नं. बमोजिम ५ वर्ष र अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम ७ वर्ष र ९ नं. बमोजिम थप २ वर्ष गरी ९ वर्षकै र रु.५०,०००।- जरिवाना हुने ठहरकोले दण्ड सजायको ८ नं. बमोजिम ठूलो सजाय ९ वर्ष कैद हुने हुँदा निज मिति २०६७।७।५ गतेदेखि थुनामा रहेको देखिँदा उक्त थुनामा बसेको अवधिबाटै कैद कट्टा हुने गरी ९ वर्ष कैद पुर्जी ठेकी कारागार शाखा जलेश्वरमा कैदी पुर्जी पठाइदिनू र जरिवानाको लगत कस्नू ।

३. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी विनोदकुमार मुखियाले सुरु म्यादै गुजारी बसेकाले निजको हकमा अ.वं.१९० नं. बमोजिम मुलतबी हुने ठहरेकाले निजको हकमा नियमानुसार मुद्दा मुलतवी डायरीमा दर्ता गरिराख्नू ।

४. पुनरावेदन परे पुनरावेदनको रोहबाट र पुनरावेदन नपरे पुनरावेदनको अवधि नाघेपछि प्रस्तुत मुद्दाको मिसिल साधक सदरको लागि पुनरावेदन अदालत जनकपुरमा पठाइदिनू ।
५. यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरू रामबाबु यादव र रामदेव मुखियाका नाउँमा पुनरावेदनको म्याद जारी गरी पठाई दिनु साथै फैसलाको प्रतिलिपी सहितको जानकारी जिल्ला सरकारी वकिल कार्यालय धनुषामा पठाइदिनू ।

६. सरोकारवालाले नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू र प्रस्तुत मुद्दाको डायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

फाँट ना.सु. दिनेश सुवेदी

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल ज्येष्ठ २ गते रोज ३ शुभम्..................।**

# श्री सिन्धुली जिल्ला अदालत
## इजलास
## माननीय जिल्ला न्यायाधीश श्री हरिप्रसाद वगाले
## फैसला
**मद्दा नं.०६९-CR-०००५**

**मुद्दा : हाडनाता करणी, गर्भपतन र कर्तव्य ज्यान ।**
**नि.नं.५०**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| सिन्धुली जिल्ला, क्यानेश्वर गा.वि.स. वडा न). ९ बस्ने विरध्वज घलानको छोरा श्रीध्वज घलानको जाहेरीले नेपाल सरकार ।<br>ऐ.को सबुद प्रमाण<br>साक्षी : ४<br>कागज : | सिन्धुली जिल्ला, क्यानेश्वर गा.वि.स. वडा नं. ९ बस्ने सुर्जे घलानको श्रीमती वर्ष १९ की रोशनी घलान....१<br>ऐ. ऐ. बस्ने श्रीध्वज घलानको छोरा वर्ष २१ को इन्द्रबहादुर घलान..........................................१<br>ऐ. को सबुद प्रमाण<br>साक्षी : ×<br>कागज : |

**अदालतबाट बुझेको**
**वादी पक्षको साक्षी :**
**जाहेरवाला श्रीध्वज घलान----१**
**ठूलीमाया घलान-------------१**
**जवान सिं घलान------------१**
**कान्छीमाया जिम्बा-----------१**
**कागजः-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं. २९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :-

जिल्ला सिन्धुली गा.वि.स. क्यानेश्वर वडा नं. ९ नौटोलस्थित पूर्वमा श्रीध्वज घलानको आफ्नै घर, पश्चिममा आफ्नै खाली जग्गा तथा बारी, उत्तरमा जिम्वा टोल र दक्षिणमा बाँसघारीको जंगल यति चार किल्लाभित्र स्थित श्रीध्वज घलानको घरदेखि अं १५ मिटरको दूरीमा उत्तर साइडमा खाल्डो खनी माटोले पुरी माथिबाट खरले छोपेको अवस्थामा रहेको माटो हटाई हेर्दा अ. एक फिटको खाल्टोमा उत्तर टाउको पूर्व खुट्टा भई उत्तानो अवस्थामा सालनाल सहितको मृतक नवजात छोरी जातको शिशुको शरीरको सम्पूर्ण माटो लागी सडी गली दुर्गन्धित रहेको र श्रीध्वज घलानको बुहारी सुर्जे घलानको श्रीमती वर्ष १९ कि रोशनी घलानले आफ्नो उक्त कोखबाट ६ महिनाको नवजात शिशुको जन्म दिई मरेको बच्चा खाल्डो खनी पुरिदिएको भन्ने समेत व्यहोराको मिति २०६९।४।२० गतेको लास जाँच प्रकृति मुचुल्का ।

मेरो छोरा सुर्जे घलान अं डेढ वर्ष अगाडि नै वैदेशिक रोजगारको सिलसिलामा विदेश गएकोमा मेरो बुहारी अर्थात् सुर्जे घलानको श्रीमती वर्ष १९ की प्रतिवादी रोशनी घलान मेरै अर्को छोरा

इन्द्रबहादुर घलानसँग अनैतिक शारीरिक सम्पर्क गर्दा प्रतिवादी रोशनी घलानको पेटमा गर्भ बसी उक्त गर्भमा भएको छ महिनाको बच्चा मिति २०६९।४।१३ गते अं १६:०० बजेको समयमा मरेको बच्चा नवजात शिशु जन्माएर निज प्रतिवादी रोशनी घलान र इन्द्रबहादुर घलान समेत मिली मेरै घर नजिकै रहेको बाँस घारीमा खाल्डो खनी पुरिदिएकोमा मिति २०६९।४।२० गते थाहा पाएको हुँदा निजहरूलाई प्रचलित कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको मिति २०६९।४।२१ गतेको श्रीध्वज घलानले दिएको जाहेरी दरखास्त ।

निज प्रतिवादी रोशनी घलानको स्वास्थय परीक्षण गराउंदा निजको दुवै स्तन ठूलो रहेको, स्तनबाट दुध निस्किरहेको, पाठेघर पेटमै भेटिएको, योनीबाट रातो पानी जस्तो निस्किएको, बच्चा लगभग १ हप्ता अगाडि जन्माएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदन ।

जाहेरी दरखास्तमा उल्लिखित मिति र समयमा हामी आफ्नै गाउं घरमा नै थियौं । जाहेरवालाको माइलो छोरा सुर्जे घलान अर्थात् प्रतिवादी रोशनी घलानको श्रीमान् अं डेढ वर्ष अगाडि वैदेशिक रोजगारीको सिलसिलामा विदेश जानुभएको अवस्थामा जाहेरवालाको अर्को छोरा प्रतिवादी इन्द्रबहादुर घलानले भाउजु प्रतिवादी रोशनी घलानलाई पटक पटक यौनसम्पर्क गरी गर्भ बोकाएकोमा समाजको लोक लाजले दुवै जना सल्लाह गरी इन्द्रबहादुर घलानले औषधि ल्याई भाउजूलाई खान दिई सोही औषधिको कारणबाट निज रोशनीको गर्भमा भएको ६ महिनाको बच्चा मिति २०६९।४।१३ गते अं १६:०० बजेको समयमा मरेको अवस्थामा जन्माई दुवै जना मिली बाँसघारीमा लगी खाल्डो खनी पुरिदिएको कुरा हामीहरूले ऐ. २० गतेका दिन सुनी थाहा पाएका हौं । जाहेरी अनुसारको घटना वारदात भएको ठीक साँचो हो भन्ने समेत व्यहोराको जवानसिंह घलान समेतले अनुसन्धानको क्रममा गरिदिएको घटना विवरण कागज ।

मेरो श्रीमान् तथा जाहेरवालाको छोरा सुर्जे घलान अं डेढ वर्ष अगाडि नै वैदिशिक रोजगारको सिलसिलामा विदेश जानुभएको अवस्थामा म र मेरो देवर इन्द्रबहादुर घलानसँग २०६८ सालको माघ महिनाको अन्तिम हप्तातिर २।३ पटक यौनसम्पर्क राखेकामा मेरो पेटमा गर्भ बस्न गएको हुँदा समाजको लोक लाजले म र मेरो देवर प्रतिवादी इन्द्रबहादुर घलानको राय सलाह भई मेरो देवरले औषधि ल्याई खान दिएकोमा मेरो पेटमा भएको ६ महिनाको नवजात शिशु सोही औषधिको कारण मृत अवस्थामा मिति २०६९।४।१३ गते अं १६:०० बजेको समयमा जन्मेपछि हामी दुवै जना मिलि घर नजिकै रहेको बाँसघारीमा लगी खाल्डो खनी पुरिदिएकोमा मिति २०६९।४।२० गतेका दिन मेरो घर परिवार तथा समाजका मानिसहरू समेतले थाहा पाएको हो । जाहेरी अनुसारको घटना वारदात भएको ठीक साँचो हो भन्ने समेत व्यहोराको प्रतिवादी रोशनी घलानले अधिकारप्राप्त अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

मृतक नवजात शिशुको पोष्टमार्टम गराउंदा Could't be determined due to decomposition. भन्ने व्यहोराको शवपरीक्षण प्रतिवेदन ।

जिल्ला सिन्धुली गा.वि.स.क्यानेश्वर वडा नं. ९ नौटोलस्थित पूर्वमा लालबहादुर जिम्बाको घर,पश्चिममा बाटो, उत्तरमा कान्छामान घलानको बारी र दक्षिणमा खोल्सी यति चार किल्लाभित्र जाहेरवाला श्रीध्वज घलानको घरमा प्रतिवादी रोशनी घलानले अबैध मृतक बच्चा जन्माएको र सोही पूर्व कुनामा मृतक बच्चा गाड्नमा प्रयोग गरेको कोदालो रहेको घटनास्थल प्रकृति मुचुल्का ठीक छ भन्ने समेत व्यहोराको बच्चा जन्माएको ठाउँको घटनास्थल प्रकृति मुचुल्का ।

मेरो दाजु घरमा नभई वैदेशिक रोजगारको सिलिसिलामा विदेश जानुभएको अवस्थामा मेरो भाउजू प्रतिवादी रोशनी घलानलाई मैले २०६८ साल पौष १२ गतेदेखि पटक पटक ऐ.माघ महिनाको ३।४ गतेसम्म यौनसम्पर्क गरेकोमा मेरो भाउजूको पेटमा गर्भ बस्न गएको हो । पछि मेरो भाउजू काम गर्दा गर्दै बिरामी भएकोमा मेरै घर नजिकै पर्ने जिल्ला सर्लाही लालबन्दी बजारमा गई ज्वरोको औषधि

ल्याई भाउजूलाई खान दिएपछि सोही औषधीको कारणले मेरो भाउजूको पेटमा भएको बच्चा मर्न गई मरेको अवस्थामा मिति २०६९।४।१३ गते अं १६:०० बजेको समयमा आफ्नै घरमा जन्मेपछि हामी दुवै जना मिली गाउँ समाजको लोक लाजले घर नजिकै रहेको बाँसघारीमा खाल्डो खनी पुरिदिएको हो । मरेको बच्चा हामीले खाल्डो खनी पुरिदिएको भन्ने कुरा मिति २०६९।४।२० गतेका दिन मेरो घर तथा गाउँका मानिसहरूले थाहा पाएको हो भन्ने समेत व्यहोराको प्रतिवादी इन्द्रबहादुर घलानले अधिकारप्राप्त अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

प्रतिवादीहरूबीच देवर भाउजूको नाता भएको र निजहरूको दाजु तथा लोग्ने नाताका सूर्यबहादुर घलान १½ वर्षअघिदेखि वैदेशिक रोजगारमा गएको अवस्थामा २०६८।९।१२ देखि आपसी सहमतिमा अवैध यौन सम्बन्ध हुँदै आएको र प्रतिवादीमध्येकी भाउजू रोशनी घलानको पेटमा गर्भ रहेको कुरा सह-प्रतिवादी देवरलाई जानकारी गराएकीमा निज इन्द्रबहादुर घलानले उक्त अवैध गर्भपतन गराउने मनसायले भाउजूलाई औषधि सेवन गराई मिति २०६९।४।१३ मा २६ हप्ताको गर्भपतन भएको र निजहरूले मृतक शिशुलाई बाँसघारीमा खाल्डो खनी गाडेको हुँदा निजहरूले मुलुकी ऐन ज्यान सम्बन्धी महलको २८ नं. र हाडनाता करणीको महलको ४ नं. बमोजिम कसुर गरेकाले निजहरूलाई ऐ ज्यान सम्बन्धी महलको २८ नं बमोजिम सजाय गरी सोही हाडनाता करणीको महलको ४ नं. बमोजिम थप सजाय समेत गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग माग दाबी ।

मेरो दाजु सुर्जे घलान वैदेशिक रोजगारको लागि मलेसिया जानुभएको डेढ वर्ष भएको थियो । मिति २०६८ पुस महिनाको १२-१४ गतेतिर भाउजू र घाँस काट्न गएको बखत भाउजूकै मञ्जुरीले एकआपसमा करणी लिनुदिनु गरेको र त्यसपछि घरमा समेत पटक पटक करणी लिनुदिनु भएको थियो । सोही करणीबाट भाउजूको पेटमा गर्भ रहन गएछ । म २०६९ जेठ १०-१२ गतेतिर काठमाडौंमा काम गर्न भनी गएकोमा घरमा भाउजूको बच्चा मरेको हल्ला भई मलाई बुबाले फोन मार्फत बोलाएकोले ०६९ साल श्रावण २८ गते घरमा आएको हुँ । मैले भाउजूको पेटको बच्चा कर्तव्य गरी मारे मराएको होइन । मैले भाउजूको गर्भपतन हुने औषधि किनी ल्याइदिई खाने सल्लाह दिएको समेत होइन । मैले यौनसम्पर्क गरी गर्भ रहेको सम्म हो । अरू कुरा केही थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी इन्द्रबहादुर घलानले यस अदालतमा गरेको बयान ।

मेरो लोग्ने सुर्जे घलान वैदेशिक रोजगारको लागि मलेसिया जानुभएको डेढ वर्ष भएको थियो । गत २०६८ सालको पुस महिनाको अन्तिमतिर देवर इन्द्रबहादुर घलान र म एक दिन जंगलमा घाँस काट्न जाँदा हामी दुवैको सल्लाह र मञ्जुरीले यौनसम्पर्क भएको थियो । त्यसपछि एक महिनासम्म देवरसँग पटक पटक यौनसम्पर्क भयो । सोही यौन क्रियाबाट मेरो पेटमा गर्भ रहेको कुरा माघ महिनामा थाहा पाएँ । गर्भ रहेको कुरा देवर इन्द्रबहादुरलाई पनि भनेकी थिएँ । यस्तैमा देवर २०६९ साल जेठ महिनामा काम खोज्न भनी काठमाडौं जानुभएको थियो । श्रावण महिनामा मलाई ज्वरो आउँदा अन्न भर्ने पाथीमा एक ट्याब्लेट औषधि रहेछ सो औषधि ज्वरोको औषधि भनेर खाँदा औषधि खाएको ५ दिनपछि ०६९।४।१३ गते बेलुका अ. ४ बजेतिर मेरो गर्भबाट मरेको बच्चा जम्मियो । घरमा कोही नभएकोले मरेको बच्चा साल नाल सहित घरबाट कोदालो लगी घर नजिक रहेको बाँसघारीको कान्लामुनि आफैंले खाल्टो खनी माटो र बाबियो खरले पुरी दिएकी हुँ । बच्चा गाड्ने बेलामा देवर थिएनन् भन्ने समेत व्यहोराको प्रतिवादी रोशनी घलानले यस अदालतमा गरेको बयान ।

मेरो माहिलो छोरा सुर्जे घलान वैदेशिक रोजगारको लागि मलेसिया गएको डेढ वर्ष भएको थियो । छोरा विदेश गएको अवस्थामा माहिली बुहारी रोशनी घलानको पेट दिन प्रतिदिन ठूलो हुँदै गएको थियो । पेट कसरी ठूलो हुन गयो भनी सोध्दा मोटाएर ठूलो भएको भन्थिन् । यसै क्रममा म जाहेरवाला घरमा नभएको अवस्थामा मिति २०६९।४।१३ गतेका दिन दिउँसो ४.०० बजेतिर बच्चा जन्माएर घर नजिकै बाँसघारीमा लगी गाडी फालेको कुरा मिति २०६९।४।२० गते दिउँसो २.०० थाहा

पाई गाउँले समेत भई उक्त बाँसघारीमा गई हेर्दा बच्चा जन्माई फालेको देखी बुहारी रोशनी घलानकै बच्चा हो भन्ने लागी निजलाई सोध्दा देवर इन्द्रबहादुर घलानसँग अवैध शारीरिक सम्बन्ध भई गर्भ रहन गएको भनिन् । बच्चा पेटमै मरी जन्मेको हुँदा बाँसघारीमा फालेको कुरा भनेकी थिइन् । छोरा जातक बच्चा सडी गलिसकेको अवस्थामा फेला परेको हो । बच्चा जन्मँदा छोरा इन्द्रबहादुर घरमा नभै काठमाडौंमा थियो । बुहारीको भनाइ अनुसार पेटमै मरेको बच्चा जन्मेको हो । बच्चा मारी फाल्नमा छोरा इन्द्रबहादुरको संलग्नता छैन । बुहारी रोशनीले जीवित बच्चा जन्माएको मैले देखेको होइन भन्ने समेत व्यहोराको जाहेरवाला श्रीध्वज घलानले यस अदालतमा गरिदिएको बकपत्र ।

डेढ वर्ष पहिला नै मेरो माहिलो देवर सूर्यबहादुर वैदेशिक रोजगारको सिलसिलामा मलेसिया जानु भएको अवस्थामा मेरी माहिली देउरानीले साहिला देवरको गर्भ बोकी ६ महिनामा पुरुष जातको शिशु जन्माई देउरानीले आफैंले खाल्टो खनी पुरिन् वा कसैले लगेर पुरिदियो मलाई थाहा छैन । मिति ०६९।४।२० घर नजिकै रहेको बाँसघारीमा तरकारीको लागि तामा लिन भनी जाँदा बाँस घारी नजिक नपुरिएको अवस्थामा जमिनमाथि नै बच्चालाई सडेको अवस्थामा देखेको हुँ । त्यहाँ नजिकै खाल्टो खनेको जस्तो देखिन । उक्त मृतक बच्चा प्रतिवादी रोशनीले मरेको बच्चा जन्माएको भनी भनेकी हुन् । प्रतिवादी इन्द्रबहादुर ३ महिना अगाडि नै काठमाडौं जानुभएको हुँदा निजले उक्त बच्चालाई बाँस घारीमा लगी पुरेका होइनन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने ठूलीमाया घलानले यस अदालतमा गरिदिएको बकपत्र ।

प्रतिवादी इन्द्रबहादुर घलानले आफ्नै भाउजू रोशनी घलानसँग अवैध यौन सम्बन्ध राखी गर्भधारण गराएको हो । प्रतिवादी इन्द्रबहादुर घलानले प्र. रोशनी घलानसँग सरसल्लाह गरी औषधि ल्याई खान दिई बच्चा मारी फालेको समेत मलाई थाहा छैन । इन्द्रबहादुर घलान आफ्नो घरमा नभएको अवस्थामा प्रतिवादी रोशनी घलानले एक्लै मरेको बच्चा जन्माई बाँसघारीमा फालेकी रहिछन् । १०।१२ दिनपछि लास गनाउन थालेपछि थाहा पाएका हौं । लास सडे गलेकाले छोरा वा छोरी के थियो मलाई थाहा भएन । घटना वारदात हुँदा प्रतिवादी इन्द्रबहादुर घलान घरमा थिएनन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने जवानसिंह घलानले यस अदालतमा गरिदिएको बकपत्र ।

म र ठूलीमाया घलान तामाको मुना तरकारी लिन भनी घर नजिकै रहेको बाँसघारीमा त्यहाँ अलि अलि सिनो गनाएको जस्तो गन्ध आएकोले के रहेछ भनी हेर्दा बच्चा मरी सडेको रहेछ । कसको बच्चा हो भनी हल्लाखल्ला गर्दा प्रतिवादी रोशनी घलानले जन्माएको बच्चा भन्ने खुल्न आयो । उक्त बच्चा प्रतिवादी रोशनीले मृत वा जीवित अवस्थामा जन्माइन् मलाई थाहा छैन । प्रतिवादीहरू दुवै जनाले उक्त बच्चालाई बाँसघारी नजिक लगी फालेको होइन । मैले बच्चा सडेको अवस्थामा देख्दा खाडलमा नभई जमिनमाथि नै रहेको अवस्थामा देखेको हो । प्रतिवादी इन्द्रबहादुर घटनाभन्दा ३ महिना अगाडि मजदुरी गर्न भनी काठमाडौंतिर गएका थिए । प्र. रोशनीले आफ्नै देवर इन्द्रबहादुरकै गर्भ रहेको कुरा उनीहरूले नै भनेर थाहा पाएको हुँ । रोशनीको श्रीमान् सूर्यबहादुर वैदेशिक रोजगारका लागि विदेश मलेसिया गएको अवस्थामा यो घटना भएको हो । प्रतिवादीमध्येका इन्द्रबहादुर सो समयमा घरमा थिएनन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने कान्छीमाया जिम्बाले यस अदालतमा गरिदिएको बकपत्र ।

## अदालतको ठहर

नियमानुसार साप्ताहिक तथा आजको दैनीक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री नारायणबहादुर थापाले र प्रतिवादीका तर्फबाट बैतनिक वकिल (अधिवक्ता) श्री

टंकविक्रम थापाले गर्नुभएको बहस समेत सुनी मिसिल कागज अध्ययन गरी अभियोग माग दाबीतर्फ हेर्दा, यसमा प्रतिवादीहरूबीच देवर भाउजूको नाता भएको र निजहरूको दाजु तथा लोग्ने नाताका सूर्यबहादुर घलान १½ वर्ष अघिदेखि वैदैशिक रोजगारमा गएको अवस्थामा २०६८।९।१२ देखि आपसी सहमतिमा अवैध यौन सम्बन्ध हुँदै आएको र प्रतिवादीमध्येकी भाउजू रोशनी घलानको पेटमा गर्भ रहेको कुरा सह-प्रतिवादी देवरलाई जानकारी गराएकीमा निज इन्द्रबहादुर घलानले उक्त अवैध गर्भपतन गराउने मनसायले भाउजूलाई औषधि सेवन गराई मिति २०६९।४।१३ मा २६ हप्ताको गर्भपतन भएको र निजहरूले मृतक शिशुलाई बाँसघारीमा खाल्डो खनी गाडेको हुँदा निजहरूले मुलुकी ऐन ज्यान सम्बन्धी महलको २८ नं. र हाडनाता करणीको महलको ४ नं. बमोजिम कसुर गरेकाले निजहरूलाई ऐ ज्यान सम्बन्धी महलको २८ नं बमोजिम सजाय गरी सोही हाडनाता करणीको महलको ४ नं. बमोजिम थप सजाय समेत गरी पाऊँ भन्ने अभियोग माग दाबी देखिन्छ ।

अब यी प्रतिवादीहरूले एकआपसको अवैध यौन सम्बन्धबाट रहन गएको गर्भ पतन गराई आरोपित कसुर गरेका हुन् होइनन् भन्नेतर्फ निर्णयार्थ मिसिल संलग्न सबुत प्रमाणहरूको अध्ययन गरी हेर्दा प्रतिवादीमध्येकी रोशनी घलानले यस अदालतमा बयान गर्दा लोग्ने सूर्यबहादुर घलान रोजगारीको लागि मलेसिया गएको १-१½ वर्ष जति भयो । गत २०६८ साल पौष महिनाको अन्तिमदेखि सह-प्रतिवादी देवरसँग दुवैको सल्लाह र मञ्जुरीले बारम्बार यौनसम्पर्क भयो । सो यौनसम्पर्कबाट मेरो पेटमा गर्भ रहेको कुरा देवर इन्द्रबहादुरलाई भनेकी थिएँ । निज देवर २०६९ जेठ महिनामा काम खोज्नको लागि काठमाण्डौं गएका थिए । मलाई २०६९ श्रावण महिनामा ज्वरो आएकोले सो औषधि खाएको ५ दिनपछि मिति २०६९।४।१३ गते बेलुकातिर ६ महिनाको मरेको छोरा जातकको जन्म भयो । सो मृतक बच्चालाई नजिकैको बाँसघारीको काल्लामुनि खाल्डो खनी पुरिदिएको हुँ भनी देवरसँगको अवैध यौन सम्बन्धबाट गर्भ रहेको कुरालाई स्वीकार गरी गर्भपतन गराएको हदसम्म इन्कारी बयान गरेकी छन् । अर्का सह-प्रतिवादी इन्द्रबहादुर घलानले यस अदालतमा बयान गर्दा आफ्नो माइलो दाजु सूर्य घलान विदेश गएको अवस्था निजको श्रीमती अर्थात् भाउजू नाताकी सह-प्रतिवादी रोशनी घलानसँग २०६८।९।१२ देखि सहमतिले अवैध यौन सम्बन्ध भएकोले भाउजूलाई गर्भ रहन गएछ । म २०६९।२।१० तिर काम गर्न काठमाडौं गएकोमा घरमा भाउजूको गर्भको बच्चा मरेको हल्ला भै बुवाले मलाई फोन गरी बोलाएको हुँदा २०६९।४।२८ मा घरमा आएको हुँ । मैले कान्छीमाया थिङसँग विवाह गरेको ७/८ महिना भएको भए तापनि निज माइतमा बस्ने गरेकीले यौन सम्बन्ध हुन सकेको थिएन । हाल निजसँग छोडपत्र गरिसकेको छु । मैले भाउजूको गर्भपतन गराएको होइन र निजलाई गर्भपतन गराउन सल्लाह दिएको पनि होइन । भाउजूले मरेको वा जिउँदो बच्चा जन्माई कहिले मारिन् थाहा छैन । निजले जन्माएको बच्चा मैले खाल्डो खनी गाडेको होइन भनी बच्चा मारेको तथ्यमा इन्कारी भै भाउजूसँगको अवैध यौन सम्बन्धलाई स्वीकार गरी बयान गरेको देखिन्छ । मृतक बच्चाको लास प्रकृति विवरणमा मृतक शिशुको छाला कुही सडी गली दुर्गन्धित भै चिन्न नसकिने अवस्थामा रहेको भन्ने उल्लेख भएको देखिएको र शव परीक्षण प्रतिवेदनमा the case of death could not be determined due to decomposed(obscure autopsy) अर्थात् लास सडी गली गएकोले मृत्युको कारण यकिन गर्न नसकिने भन्ने उल्लेख भएको पाइयो । तथापि प्रतिवादीमध्येकी रोशनी घलानले मौकामा अधिकार प्राप्त अनुसन्धान अधिकारी समक्ष बयान कागज गर्दा देवरसँगको अवैध यौन सम्बन्धबाट रहेको गर्भ ज्वरो आएको अवस्थामा ज्वरोको औषधि खाँदा गर्भ पतन भएको हो । सो औषधि खाएपछि पेट पोल्ने र दुख्न थाल्यो । असजिलो महसुस हुन थालेपछि पेटको गर्भपतन भएको र मृतक बच्चालाई खाल्डोमा लगी पुरिदिएकी हुँ भनी औषधि खाएको कारणबाट पेटको गर्भपतन भएको तथ्य स्वीकारी बयान गरेकी छन् । अनुसन्धानको क्रममा बुझिएका घटना विवरणका मानिसहरूले प्रतिवादीहरूको अवैध यौन सम्बन्धबाट रहन गएको गर्भ औषधि ल्याई खाई पतन गराएका हुन् भन्ने सुनी थाहा पाएको भनी मौकामा कागज

गरे तापनि उक्त बच्चा जन्मँदा प्रतिवादीमध्येका इन्द्रबहादुर घरमा नभई ३ महिनाअघिदेखि काठमाडौंमा काम गर्न गएको थियो भनी जाहेरवाला श्रीध्वज घलान, घटना विवरणको कागज गर्ने ठूलीआमा घलान, जवानसिंह घलान र कान्छी आमा जिम्बाले यस अदालतमा बकपत्र गरेको देखिन्छ । निज प्रतिवादी रोशनी घलानले मौकाको बयान कागजमा ज्वरोको औषधि सह-प्रतिवादी देवरले ल्याइदिएको हो भनी भने तापनि निजले यस अदालतमा बयान गर्दा निज गर्भपतन गराउन देवरले औषधि नल्याएको र बच्चालाई खाल्डो खनी गाड्ने कार्य गरेको होइनन् । बच्चा मैले नै गाडेको हुँ भनी बयान गरेको स्थिति देखियो । त्यसैगरी निज प्रतिवादी इन्द्रबहादुरले आफ्नी भाउजूलाई गर्भपतन गराउने के कस्तो नामको औषधि ल्याई खुवाएका हुन् भन्ने तथ्य अनुसन्धानबाट खुल्न आउँदैन भने सो औषधिको खोस्टा वा गर्भपतनसँग सम्बन्धित औषधि यी प्रतिवादीको घर कोठाबाट बरामद गर्न तथा अन्य किसिमले सोको प्रमाण पेस गर्न सकेको पनि देखिएन । साथै निज प्रतिवादीले यस अदालतमा बयान गर्दा भाउजूलाई औषधि खुवाई गर्भपतन गराएको भन्ने आरोपमा इन्कारी बयान गरेको अवस्था समेत विद्यमान छ । निजले सह-प्रतिवादी भाउजूलाई औषधि ल्याई खुवाई गर्भपतन गराएको तथ्य वादी पक्षले निर्विवाद रूपमा पुष्टि गराउन सकेको पाइँदैन । तसर्थ निज प्रतिवादीले मुलुकी ऐन ज्यान सम्बन्धी महलको २८ नं. बमोजिमको आरोपित कसुर गरेको भन्ने अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्छ ।

अर्का प्रतिवादी रोशनी घलानले लोग्ने विदेश गएको अवस्थामा देवरसँगको अवैध गर्भ बोकेको तथ्यलाई स्वीकारी आफूले ज्वरोको औषधि खाँदा गर्भपतन भयो भनी बयान गरेकी हुँदा औषधिकै कारणबाट गर्भपतन भएको तथ्यलाई समेत स्वीकार गरेकी छन् । निजले उक्त औषधिको नाम खुलाउन नसकी केवल ज्वरोको औषधि भने तापनि निजले अवैध गर्भलाई सामाजिक लोक लज्जाको कारणबाट पतन गराउने उद्देश्यले अन्य प्रकारको गर्भपतन गराउने औषधि प्रयोग गरेको अवस्था पनि हुन सक्ने र निजले सोको बारेमा सत्य साँचो कुरा व्यक्त नगरी तथ्य लुकाएको अवस्था पनि हुन सक्ने घटना परिस्थितिबाट देखिन आउँछ । साथै उपरोक्त वर्णित आधार प्रमाणहरूबाट निजले उक्त गर्भ रहेको तथ्य गर्भपतन हुनुपूर्व प्रकाशमा नल्याई गुपचुप रूपमा गर्भपतन गराई कसैलाई थाहा जानकारी नदिई बाँसघारी कान्लाको खाल्टोमा गाडी पुरिदिएको तथ्य समर्थित हुन आएको समेतबाट निज प्रतिवादीले आरोपित कसुर गरेको तथ्य पुष्टि हुन आयो । तसर्थ निजले २६ हप्ता पुगेको गर्भ पतन गराई आरोपित कसुर गरेकोमा निज रोशनी घलानलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको २८ नं. बमोजिम ३ वर्ष १ महिना कैद ठहर्छ ।

यी प्रतिवादीहरूले आपसमा अवैध यौन सम्बन्ध राखी मुलुकी ऐन हाडनाता करणीको महलको ४ नं. बमोजिम कसुर गरेको भन्ने अभियोग माग दाबीतर्फ हेर्दा यी प्रतिवादीहरूले मौकामा अनुसन्धान अधिकारी र यस अदालतमा समेत बयान गर्दा २०६८ पौष महिनादेखि आपसी सहमतिले यौनसम्पर्क गरेका र सोही कारणबाट गर्भ रहन गएको हो भन्ने तथ्यमा साविती बयान गरेको पाइन्छ । तथापि हाडनाता करणीमा बिग्रिएकी महिलालाई विधायिकाले सजाय गर्नुपर्ने गरी मु.ऐन हाडनाता करणीको महलमा कानुनी प्रावधान राखिएको देखिँदैन । उक्त महलको ४ नं.मा केवल कुनै पुरुषले हाडनाता पर्ने भाउजूलाई करणी गरेको खण्डमा नाता र पुस्ताको वितार गरी पुरुषलाई मात्र सजाय हुने कानुनी प्रावधान रहे भएको पाइन्छ । प्रतिवादीहरूमध्ये रोशनी घलानको लोग्ने विदेशमा रोजगारीको लागि गएका र निजतर्फबाट छोराको जायजन्म समेत भइसकेको अवस्था हुदाँ यी प्रतिवादी लोग्ने मरी विधवा भएको स्थिति पनि देखिँदैन । यिनीहरू तामाङ जातिका भए तापनि सधुवा भाउजूलाई देवरले करणी गर्दा निजहरूको जातीय परम्पराले छुट दिने भन्ने तथ्य पनि पुष्टि हुन आउँदैन । यस्तो अवस्थामा प्रतिवादी इन्द्रबहादुर घलानले आफ्नो सहोदर भाउजूलाई करणी गरेको तथ्य पुष्टि हुन आएकोले निजले आरोपित कसुर गरेको देखियो । तसर्थ प्रतिवादी इन्द्रबहादुर घलानलाई आरोपित कसुर गरेकोमा मुलुकी ऐन हाडनाता करणी गर्नेको महलको ४ नं. बमोजिम ३ वर्ष १ महिना कैद हुने ठहर्छ । अर्का प्रतिवादी

रोशनी घलान महिला भएकी र निजलाई हाडनाता कारणीमा सजाय गर्ने कानुनी व्यवस्था नहुँदा निजले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ । अन्य कुराको हकमा तपसिल अनुसार गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.वं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए अनुसार प्रतिवादी रोशनी घलानलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको २८ नं. बमोजिम ३ वर्ष १ महिना कैद हुने ठहरेकाले निज मुद्दाको अनुसन्धान तथा पुर्पक्षको क्रममा मिति २०६९।४।२२ बाट हालसम्म थुनामा रहेको देखिँदा निजलाई लागेको कैद सोही मितिबाट कट्टा हुने गरी कैद ठेकी कैदी पुर्जी दिई असुल गर्नू ........................................................................................१

माथि ठहर खण्डमा लेखिए अनुसार प्रतिवादी इन्द्रबहादुर घलानलाई हाडनाता करणीको महलको ४ नं. बमोजिम ३ वर्ष १ महिना कैद हुने ठहरेकाले निज मुद्दाको अनुसन्धान तथा पुर्पक्षको क्रममा मिति २०६९।५।२ बाट हालसम्म थुनामा रहेको देखिँदा निजलाई लागेको कैद सोही मितिबाट कट्टा हुने गरी कैद ठेकी कैदी पुर्जी दिई असुल गर्नू .......................................................................................२

यस अदालतको फैसला उपर चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्नू भनी उपस्थित प्रतिवादीहरू इन्द्रबहादुर घलान र रोशनी घलानलाई फैसला पढी वाची सुनाई सुनी पाएको कागज गराई निस्सा मिसिल सामेल राख्नू .................................................................३

प्रतिवादी इन्द्रबहादुर घलानलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको २८ नं. बमोजिम सजाय गरी पाऊँ भन्ने र प्रतिवादी रोशनी घलानलाई हाडनाता करणीतर्फ सजाय गरी पाऊँ भन्ने अभियोग दाबी नपुगेको हदसम्म चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्नू भनी यो फैसलाको जानकारी सहित जिल्ला सरकारी वकिल कार्यालय सिन्धुलीलाई पुनरावेदन म्याद दिनू .......४

सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल दिनू..............................................५

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू ................................६

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाउनुभए
बमोजिम यो फैसला कम्प्युटर टाइप गर्ने
फा.ना.सु. डेडकुमार ढकाल

**न्यायाधीश**

इति संवत् २०६९ साल मंसिर १७ गते रोज १ शुभम्..........................।

## श्री वागलुङ जिल्ला अदालत
## इजलास
## *माननीय जिल्ला न्यायाधीश श्री डिल्लीरमण तिवारी*
## फैसला
### संवत् २०६८ सालको ०६८-CR-००३९ /.न.०६२-०६८-००१७७ नि.नं ७७

**मुद्दा :- कर्तव्य ज्यान ।**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स.वडा नं. १ बस्ने वर्ष ४६ को ऋषिराम पौडेलको जाहेरीले नेपाल सरकार ...................................१ | जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स.वडा नं.४ बस्ने मेघनाथ शर्माको छोरा वर्ष २६ को रेशमप्रसाद शर्मा आचार्य...............१<br>जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स. ४ बस्ने यदुनाथ शर्माको छोरा वर्ष २५ को बिकाश आचार्य ..................................१<br>जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स. ४ बस्ने चित्रप्रसाद शर्माको छोरा वर्ष २२ को जयभद्र पौडेल .....................................१<br>जिल्ला वागलुङ पैयुथन्थाप गा.वि.स. वडा नं १ घर भई हाल ऐ. कुश्मिशेरा गा.वि.स. वडा नं. ४ मा होटल गरी बस्ने बलरामको छोरा वर्ष २९ को प्रेमबहादुर थापा ..................................१ |
| **वादीका साक्षी** | **प्रतिवादीको साक्षी** |
| जाहेरवाला ऋषिराम पौडेल तथा प्रहरीमा कागज गर्ने डिल्लीप्रसाद शर्मा समेतका मानिसहरू ...................१ | मोतीप्रसाद पौडेल, विष्णु आचार्य, अर्जुन शर्मा, कीर्तिनाथ आचार्य, देवनारायण आचार्य, रामप्रसाद शर्मा, तिलविक्रम शर्मा, डिल्लीप्रसाद शर्मा, अग्निधर शर्मा, यज्ञप्रसाद शर्मा, गोपाल घर्ती, रुद्रबहादुर थापा, यामबहादुर थापा, मनबहादुर थापा, ज्ञानबहादुर थापा, नागेश्वर पौडेल, होमनाथ पौडेल, रविप्रसाद शर्मा, टीकाराम पौडेल, चन्द्रबहादुर थापा |
| **कागज** | **कागज** |
| अभियोगपत्रसाथ पेस भएका कागजातहरू..............................१ | x |

**अदालतबाट बुझेको साक्षी**

प्रहरीमा कागज गर्ने शान्ति आचार्य, रुद्रबहादुर थापा, दीनानाथ शर्मा, प्रेम पौडेल, भुपेन्द्र थापा, कुलबहादुर थापा, राजेन्द्रबहादुर क्षेत्री, नेत्रप्रसाद पौडेल, डिल्लीप्रसाद शर्मा, जाहेरवाला ऋषिराम पौडेल, यामबहादुर थापा, गोपाल घर्ती, ज्ञानबहादुर थापा, विष्णुप्रसाद आचार्य, मोतीप्रसाद शर्मा, रविप्रसाद शर्मा, चन्द्रबहादुर थापा, अर्जुनप्रसाद शर्मा, देवनारायण शर्मा, नागेश्वर पौडेल, अग्निधर शर्मा, रामप्रसाद शर्मा, तिलविक्रम शर्मा, यज्ञप्रसाद शर्मा, कीर्तिनाथ आचार्य, होमनाथ पौडेल, टीकाराम पौडेल

**कागज**

x

मुलुकी ऐन अ.ब.२९ नं.तथा न्याय प्रशासन ऐन २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्र भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य, विवरण एवं ठहर यसप्रकार छ ।

मिति २०६८।०९।१० गतेका बिहान जिल्ला बागलुङ कुश्मिशेरा गा.वि.स. वडा नं १ घर भई श्री राङखानी उच्च माध्यमिक विद्यालयमा अध्यापन गराउने शिक्षक वर्ष ४१ को भक्तबहादुर क्षेत्री जिल्ला बागलुङ कुश्मिशेरा गा.वि.स. वडा नं २ किसेकस्थित जुम्लीखोला नजिकैको बागलुङ कुश्मिशेरा सडकमा मृत अवस्थामा फेला परेको र निजलाई जिल्ला बागलुङ कुश्मिशेरा गा.वि.स. वडा नं ४ बस्ने जयभद्र शर्मा पौडेल समेतले कर्तव्य गरी मारेको हुँदा निजहरूलाई पक्राउ गरी कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने व्यहोराको ऋषीराम पौडेलको जाहेरी दरखास्त ।

जिल्ला बागलुङ कुश्मिशेरा गा.वि.स. वडा नं. २ किसेक जुम्लीखोलास्थित पूर्व पश्चिम बागलुङ कुश्मिशेरा सडक, उत्तरमा अनन्त प्रजापतिको खरबारी तथा भीर, दक्षिणमा कौशिला शर्माको खरबारी यति चार किल्लाभित्र बागलुङ-कुश्मिशेरा कच्ची सडक, उक्त सडकको कुनामा पश्चिमतर्फ टाउको शिर र पूर्वतर्फ खुट्टा गरी घोप्टो अवस्थामा मृतक भक्तबहादुर क्षेत्रीको लास रहेको । उक्त लासको दाहिने खुट्टाको बुढीऔंलादेखि ३ फिट ३ इन्च पूर्वतर्फ नीलो रङको जि सुपर लेखिएको चार्जर लाइट रहेको, मृतक लासको दाहिना साप्रामुनि श्री राङखानी उच्च माध्यमिक विद्यालय राङखानी लेखिएको कालो हाते झोला रहेको मृतकको माथिल्लो ओठमा रगत लागेको, बाया खुट्टाको बुढी औंलामा छाला उक्किई घाउ भएको दायाँ खुट्टाको बुढी औंलामा छाला खुइलिएको निधारको बायाँपट्टि घाउ, बायाँ ढाडमा ४ इन्च लम्बाइ भएको दाग टाउकोको अगाडि भागमा १ इन्च गोलाइ ५ सेन्टिमिटर गहिरो चोट रहेको, निधारमा साढे एक इन्च गोलाइ भएको नीलो डाम रहेको, एक इन्च लम्बाइ भएको चोट रहेको भन्ने व्यहोराको घटनास्थल लास जाँच मुचुल्का । मृतकको भिसेरा तथा रगत परीक्षण गरिदिन हुन् भन्ने व्यहोराको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला महाराजगन्जलाई लेखिएको पत्र ।

टाउकोको चोटका कारण मृतक भक्तबहादुर क्षेत्रीको मृत्यु भएको भन्ने व्यहोराको शव परीक्षण प्रतिवेदन ।

मिति २०६८/०९/०९ गते बेलुका हामीहरू रेशमप्रसाद शर्मा आचार्य, जयभद्र शर्मा पौडेल, र विकास आचार्य रमाइलो गरौं, रात्रिभोज गरौं भनी साथीहरूलाई फोन गरेकोमा कोही पनि साथीहरू भोजमा सामेल नहुने भएपछि हामी ३ जना रमाइलो गरौं भनी जिल्ला बागलुङ पैयुथन्थाप गा.वि.स. वडा नं. १ घर भई हाल जिल्ला बागलुङ कुश्मिशेरा गा.वि.स. वडा नं ४ झप्रीखेत भन्ने स्थानमा होटल गरी बस्ने प्रेमबहादुर थापाको पसलमा गई निजलाई रेशमप्रसाद शर्मा आचार्यले एक किलो मासु ल्याइदिन्छु पकाइदिनुपऱ्यो भनी अनुरोध गरेकोमा निजले म आफैं मासु ल्याई पकाइदिन्छु । तपाईंहरूको मोबाइल नम्बर दिनुहोस् । पाकेपछि मिसकल गर्छु भनेपछि हामीहरू गयौं । प्रेमबहादुर थापाले मासु ल्याई पकाई रेशमप्रसादको मोबाइलमा मिसकल गरेपछि विकास आचार्य र रेशमप्रसाद शर्मा आचार्य प्रेमबहादुर थापाको पसलमा गई जयभद्रलाई मिसकल गरे पश्चात् जयभद्र पनि उक्त पसलमा गई तीनै जना भई लोकल रक्सी र मासु खाई बसिरहेको अवस्थामा रेशमलाल आचार्य र होमनाथ पौडेल पनि त्यहाँ आई पाँच जना भई ५ बोतल लोकल रक्सी र मासु खायौं । ५ बोतल रक्सी र मासु खाए पश्चात् होमनाथ पौडेल र रेशमलाल आचार्य आ-आफनो घरतर्फ गए । हामीहरू गफ गर्दै बसिरहेको अवस्थामा हामी बसेको प्रेमबहादुर थापाको पसल बाहिरबाट कसैले ढोका ढकढकाए । प्रेमबहादुर थापाले ढोका खोलेपछि जिल्ला बागलुङ कुश्मिशेरा गा.वि.स.वडा नं १ टुनिबोट घर भई श्री राङखानी उच्च माध्यमिक विद्यालयमा पढाउने वर्ष ४१ को भक्तबहादुर क्षेत्री उक्त पसलभित्र प्रवेश गर्न खोजे । प्रेमले भित्र प्रवेश गर्न नदिएपछि रेशमप्रसाद शर्मा आचार्य बसेको ठाउँबाट उठी गई हेर्दा भक्तबहादुर क्षेत्रीलाई देखेका र भक्तबहादुर क्षेत्रीले पनि रेशमप्रसाद शर्मा आचार्यलाई चिनी यो त मैले पढाएको विद्यार्थी रेशम होइन भने, रेशमले हो म तपाईंले पढाएको विद्यार्थी हुँ । नमस्ते भनी निज पनि भित्र गई बसे । पहिला भित्र बसी भक्तबहादुरले रक्सी मागेकोमा प्रेमबहादुर थापाले रक्सी छैन । तपाईलाई लागेको छ भनेपछि रेशमप्रसाद शर्मा आचार्यले लास्ट एक बोतल दिनु न भनेपछि प्रेमबहादुर थापाले एक बोतल रक्सी

दिए । उक्त रक्सी रेशमप्रसाद शर्मा आचार्य, जयभद्र पौडेल, विकास आचार्य र भक्तबहादुर क्षेत्रीले खायौं । भक्त सरलाई हामी परसम्म पुऱ्याइदिन्छौं भनी हामी होटलबाट निस्क्यौं । जयभद्र र मैले भक्त सरलाई हातमा समात्यौं विकासले भक्त सरको झोला समाती प्रेमबहादुर थापा पनि बाहिर निस्के । त्यसपछि बाटोमा गीत गाउँदै हामीहरू हिँड्यौ । बाटोमा २, ३ ठाउँमा भक्त सरको जुत्ता फुत्किई मोबाइल खस्यो । विकासले मोबाइल टिपी सरको गोजीमा हालिदिए । पुनः मोबाइल खसेपछि जयभद्रले मोबाइल राखे । हामीहरू नाच्दै गाउँदै वारदात स्थलसम्म पुग्यौं । दोहोरी गाउँदै रमाइलो गर्ने क्रममा भक्तबहादुर क्षेत्रीले म क्षेत्री समाजको अध्यक्ष, तिमी जस्ता बाहुनलाई जे पनि गर्न सक्छु भनी अश्लील शब्द प्रयोग गरी गाली गरेपछि, हामीलाई रिस उठी जयभद्रले ढुंगाले निजको टाउकोमा प्रहार गरे । म र विकासले लात्ती मुक्काले निजलाई प्रहार गरी निज बेहोस भएपछि हामीहरू त्यहाँबाट फर्केका हौं भनी प्रतिवादीमध्येका रेशमप्रसाद आचार्यले अनुसन्धान अधिकारी समक्ष बयान गरेको र राति अन्दाजी २३:०० बजे हामीहरूले भक्तबहादुर क्षेत्रीलाई घरसम्म पुऱ्याइदिऊँ भनी जयभद्र र रेशमले भक्तबहादुरको दुवै हाततर्फ र विकासले भक्तबहादुर क्षेत्रीको राङखानी उच्च माध्यमिक विद्यालय लेखिएको झोला बोकी जाने क्रममा बाटोमा केही वादविवाद समेत भयो । प्रेमबहादुर थापा केही पर पुगी फर्के भने हामीहरूले भक्तबहादुरलाई लगी गयौं । जाने क्रममा बाटोमा विवाद भएका कारण जयभद्रले ढुङ्गा टिपी भक्तबहादुरको टाउकोमा प्रहार गरेपछि निज लडे । सो पश्चात् हामीहरू सबैले पालोपालो भक्तबहादुरलाई लात्ती, मुक्काले प्रहार गरी कुटपिट गरेपछि निज चल्न चलबलाउन छाडेपछि हामीहरू फर्की जयभद्र आफ्नो घरमा गए भने विकास आचार्य र रेशमप्रसाद शर्मा, रेशमको घरमा गई सुतेको हो भन्ने व्यहोराको प्रतिवादीहरू विकास आचार्य, रेशमप्रसाद आचार्य र जयभद्र शर्मा पौडेलले अधिकार प्राप्त अधिकारी समक्ष गरेको एकै मिलान व्यहोराको साबिती बयान कागज ।

मिति २०६८/०९/०९ गतेका साँझ अन्दाजी १९:०० बजेको समयमा जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स.वडा नं. ४ बस्ने रेशमप्रसाद शर्मा आचार्य, जयभद्र शर्मा पौडेल र विकास आचार्य, मेरो पसलमा आई रेशमप्रसाद शर्मा आचार्यले म एक किलो मासु ल्याइदिन्छु । तपाईले पकाइदिनुपऱ्यो भने, मैले म नै मासु ल्याई पकाइदिन्छु । पाकेपछि तपाईको मोबाइलमा मिसकल गर्छु भनेपछि निजहरू गए । मैले एक किलो कुखुराको मासु ल्याई पकाई रेशमप्रसाद शर्मा आचार्यको मोबाइलमा मिसकल गरेपछि पहिला विकास आचार्य र रेशमप्रसाद आचार्य मेरो पसलमा आई जयभद्र शर्मा पौडेललाई मिसकल गरेपछि निज पनि त्यहाँ आए र निजहरू तीनै जना बसी लोकल रक्सी र मासु खान लागेको अवस्थामा रेशमलाल आचार्य र होमनाथ पौडेल पनि उक्त स्थानमा आए र निजहरू समेत भई मासु रक्सी खाई होमनाथ आचार्य र रेशमलाल आचार्य आ-आफनो घरतर्फ गए । जयभद्र शर्मा, विकास आचार्य र रेशमप्रसाद आचार्य वसी रक्सी मासु खाइरहेको राति अन्दाजी २२:३० बजेको समयमा मेरा मामा नाता पर्ने जिल्ला वागलुङ राङखानी गा.वि.स.वडा नं. २ बस्ने नरबहादुर थापा र प्रसाद थापाले ढोका बाहिरबाट भान्जा भनी बोलाए । मैले आवाज चिनें र पसलको ढोका खोलें, निजहरूसँग जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स.वडा नं. १ घर भई हाल राङखानी उच्च माध्यमिक विद्यालयमा पढाउने भक्तबहादुर क्षेत्री पनि आएका थिए । मैले नरबहादुरलाई किन बोलाउनुभएको हो भनए सोधें । निजले उहाँ हाम्रो छोरीलाई पढाउने सर हो, उहाँलाई परसम्म पुऱ्याइदिऊ भनी आएको भने । भक्तबहादुर क्षेत्रीले भित्र को छन् ? मेरा साथीहरू छन् कि छैनन् भनी सोधे । मैले तपाईको साथीहरू यहाँ छैनन् । तपाईंले नचिनेका मानिसहरू छन् भने भक्तबहादुर क्षेत्री पसलभित्र छिर्ने प्रयास गर्दै थिए, भित्र बसेका रेशमप्रसाद शर्मा समेतले हामीहरू बाहुनका छोरा हौं, कसैले थाहा पाउनु हुँदैन, कसैले सोधे भने पनि कोही छैन भन्नु, भित्र कसैलाई आउन नदिनु, हाम्रो बेइज्जत हुन्छ भनेका कारण मैले निज भक्तबहादुर क्षेत्रीलाई भित्र पस्न दिइन । मैले मामा नरबहादुरलाई छिटो लग्नुहोस् भने निजहरूले ल सर जाऔ भनी हातमा समाउँदा पनि नमानी म यहाँ बसी रक्सी खाएर जाने हो । यो मेरो गाउँ हो, तिमीहरू जाऔं

भने केही बेर बाहिर नै हल्ला भएपछि रेशमप्रसाद शर्मा आचार्य बाहिर निस्के । निजलाई भक्तबहादुरले चिनी यो मैले पढाएको A, B, C, D सिकाएको विद्यार्थी रेशम रहेछ । तलाई मैले पढाएको होइन भने, रेशमले पनि हो सर, तपाईंले मलाई पढाएको हो भने । भक्त सरले रेशमलाई अँगालो मारे । भक्तबहादुरलाई अत्यधिक मात्रामा रक्सी लागेको थियो । निज मेरो पसलभित्र पसेपछि नरबहादुर थापाले सर एकछिन बस्नुहुन्छ र भने, रेशमप्रसाद शर्मा आचार्यले उहाँ हामीलाई पढाएको सर हो । तपाईहरू जानुहोस् । उहाँलाई हामी घरसम्म पुऱ्याइदिन्छौं । यहाँसम्म भक्त सरलाई ल्याइदिएकोमा तपाईहरूलाई धन्यवाद भनेपछि नरबहादुर थापा र प्रसाद थापा त्यहाँबाट गए । भक्तबहादुर क्षेत्री मेरो पसलभित्र छिरी ए फुच्चे भाइ एक बोतल रक्सी ले भने, मैले रक्सी छैन सर भनें, केही समयपछि रेशमले ल लास्ट एक बोतल रक्सी खाऊँ भनेपछि मैले एक बोतल लोकल रक्सी दिएं । रक्सी खाने क्रममा भक्तबहादुर क्षेत्रीले अश्लील शब्द निकाली रेशम समेतलाई गाली गरे, चार जनाले रक्सी खाइसकेपछि रेशमले मसँग बिल कति भयो भनी सोधे । मैले रु ७५०।- भयो भनेपछि निजले पैसा दिए । भक्तबहादुर क्षेत्रीलाई अत्यधिक मात्रामा रक्सी लागेका कारण निजलाई त्यहीं नै सुताउनको लागि म बसेको घरका घरबेटी लेखनाथ आचार्यको फोन नम्बर मागी फोन गर्दा निजले वागलुङ भएको बताए । त्यसपश्चात् रेशमले सरलाई यहीं नै सुताइदिनुपऱ्यो भन्दा मैले म भर्खरै यहाँ आएको छु, कपडा छैनन् भनेपछि निजहरू निस्के । म पनि घरदेखि बाहिर निस्कें । रेशम र जयभद्रले भक्तबहादुर क्षेत्रीलाई दुवै हातमा समाते । भक्तबहादुर क्षेत्रीले म आज क्षेत्री समाज कुश्मिशेराको अध्यक्ष भएको छु । तिमी बाहुन काठाहरूलाई जे पनि गर्न सक्छु भन्दै थिए । मलाई पनि यो फुच्चे मगर भनी अपशब्द प्रयोग गरे । निजले रेशम, जयभद्र र विकासलाई बाहुन काठा भन्दा निजहरूले यो क्षेत्री आज बढी भएको छ । हुनै नपर्ने मान्छे अध्यक्ष पनि भएछ । हामीलाई यस्ता नचाहिँदा अपशब्द प्रयोग गर्छ, यसलाई अलि पर लगि मध्यरात भएको छ, कसैले थाहा पाउँदैनन्, मारी फालिदिनुपर्दछ भन्दै भ्याइँकुटी पार्दै लगे । म पनि पछि पछि गएँ । भक्तबहादुर र रेशम समेत भनाभन गालीगलौज गर्दै, आमा चकार्दै, सुरु सुरुमा एकले अर्कालाई हात छोड्दै अगाडि बढ्दै गए । रात धेरै बितेको र निजहरू हात हानाहान गर्न सुरु गरेको हुँदा, म उक्त स्थानदेखि फर्की आफ्नो होटलमा आएको हुँ । भोलिपल्ट बिहान भक्त सर मरेको थाहा पाई, म त्यो ठाउँमा गएँ, लास देखें घोप्टो परी पल्टिरहेको थियो । मान्छेहरू धेरै आइसकेका थिए । त्यसै बखत रेशमको मलाई मिसकल आयो । फेरि उनले गरेनन् । मैले निजलाई फोन गरें, फोन गर्दा निजको आवाज काँपिरहेको थियो । अरू बढी कुरा नभई हाम्रा काका होमनाथ पौडेल आउनुभएको छ कि छैन भनी सोधे । मैले आउनुभएको छ, टाढा हुनुहुन्छ भनें, घरमा आई मेरी श्रीमतीलाई लासको बारेमा बताउँदा रेशम समेतले मारेको हुन सक्छन् भनेकी हुन् । राति हानाहान गरेको रेशमप्रसाद शर्मा आचार्य, विकाश आचार्य र जयभद्र पौडेलले नै निज भक्तबहादुर क्षेत्रीलाई मारेको हुनुपर्दछ भन्ने व्यहोराको प्रतिवादी प्रेमबहादुर थापाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

प्रतिवादी प्रेमबहादुर थापाको बयानलाई पुष्टि गर्दै निजकै श्रीमती टीकादेवी थापाले लेखी लेखाइदिएको घटना विवरण कागज ।

मिति २०६८/०९/०९ गतेका राति म आफ्नै घरमा नै थिएँ । उक्त राति मृतक भक्तबहादुर क्षेत्रीले मोबाइलबाट मेरो मोबाइलमा २१:४९ बजे फोन गरी, म आउँदै छु, म कुश्मिशेराबाट हिँडिसकें भन्नुभयो र मैले हुन्छ आउनुहोस् भनें र उहाँले फोन राख्नुभयो र म आफ्नै घरमा सुतें । उक्त राति सो घटना सम्बन्धमा मलाई कुनै जानकारी भएन । मिति २०६८/०९/१० गतेका बिहान जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स.वडा न २ किसेक भन्ने स्थानको मोटरबाटोमा भक्तबहादुरको लास मृतक अवस्थामा छ भन्ने खबर सुनी, म पनि उक्त स्थानमा जाँदा स्थानीय मानिस तथा छरछिमेकी र प्रहरीहरू जम्मा भइसकेका थिए । मैले निज मृतकलाई उक्त स्थानमा घोप्टो परेको, टाउकोमा काटेको गम्भीर घाउ, खुट्टामा बुढीऔलामा घाउ चोट भएको अवस्थामा मैले देखेको हुँ । के कसरी उक्त वारदात

भयो भनी बुझ्दा, निज मृतक भक्तबहादुर क्षेत्री श्री राङखानी उच्च माध्यमिक विद्यालयमा पढाउने शिक्षक स्कुलबाट घरमा आउन जान टाढा पर्ने भएको हुँदा राङखानीमा नै बस्ने, बिदाको दिनहरूमा मात्र घरमा आउने जाने गर्नुहुन्थ्यो । मिति २०६८/०९/०९ गते शनिबार र भोलिपल्ट क्रिसमस डेको बिदा परेका कारण ९ गतेका दिन निज भक्तबहादुर विद्यालयदेखि घरमा आउन भनी कुश्मिशेरा बजारमा आएकोमा उक्त स्थानमा भएको क्षेत्री समाजको गाउँ अधिवेशनबाट निज निर्विरोध रूपमा अध्यक्षमा निर्वाचित भएको, साँझ परेपछि हिमालयन आवासीय माध्यमिक विद्यालय कुश्मिशेराका शिक्षक बिरेन के.सी. र निज भई राङखानी होटलमा गई मादक पदार्थ सेवन गरी राति अन्दाजी २०:३० बजेको समयमा निज बिरेन के.सी. उक्त होटलबाट आफ्नो घरतर्फ गएपछि जिल्ला वागलुङ राङखानी गा.वि.स.वडा नं. २ बस्ने नरबहादुर थापा र प्रसाद थापाले भक्त सरलाई रक्सी लागेको छ, सरलाई परसम्म पुऱ्याइदिन्छौं भनी घरतर्फ लिई आएकोमा जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स.वडा नं ४ झप्रीखेत भन्ने स्थानमा रहेको प्रेमबहादुर थापाको होटलमा पुगेपछि भक्तबहादुर क्षेत्री उक्त होटलमा बसेका र उक्त स्थानमा प्रतिवादीहरू जयभद्र पौडेल, रेशमप्रसाद आचार्य, विकाश आचार्य र प्रेमबहादुर थापा रहेका र निजहरूमध्येका रेशमप्रसाद आचार्यले भक्तबहादुरलाई हामी घरसम्म पुऱ्याइदिन्छौ भनेका र नरबहादुर थापा र प्रसाद थापालाई जाऊ भनी फर्काइदिएकोले निजहरू दुवै जना फर्की गएका, त्यस पश्चात् प्रेमबहादुर थापाको होटलमा जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स.वडा नं ४ बस्ने रेशमप्रसाद शर्मा आचार्य, जयभद्र पौडेल, विकास आचार्य र भक्तबहादुर क्षेत्री भई बसी मादक पदार्थ सेवन गरी बसेका, सोही होटलमा भक्तबहादुर क्षेत्री र रेशमप्रसाद समेतबीच केही विवाद समेत भएको सोही राति अन्दाजी २३:०० बजेको समयमा प्रेमबहादुर थापाको होटलबाट रेशमप्रसाद शर्मा आचार्य, विकास आचार्य र जयभद्र पौडेलले निज मृतक भक्तबहादुर क्षेत्रीलाई घरमा पुऱ्याइदिन्छौं भनी उक्त होटलबाट निकालेका, प्रेमबहादुर थापा पनि परसम्म गई फर्केका, बाटोमा हिँड्ने क्रममा निज भक्तबहादुर क्षेत्रीसँग रेशमप्रसाद आचार्य समेतको वादविवाद भएको, बाटोमा जाने क्रममा निजहरूबीच हात हालाहाल समेत भएको र वादविवादद भएका कारण जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स. वडा नं. २ किसेक जुम्लीखोला नजिकै पुगेपछि निज प्रतिवादीहरू रेशमप्रसाद शर्मा आचार्य, विकास आचार्य र जयभद्र पौडेल समेतले ढुङ्गाले निज भक्तबहादुरको टाउकोमा प्रहार गरी भुइँमा लडे पश्चात् फेरि लात्ती मुक्काले प्रहार गरी निज भक्तबहादुर क्षेत्री चल्न चलबलाउन छाडे पश्चात् निजहरू गएका हुन् र निज प्रतिवादीहरूले नरबहादुर थापा तथा प्रसाद थापाले घरसम्म पुऱ्याइदिन भनी ल्याएका भक्तबहादुर क्षेत्रीलाई बीचमै मार्ने उद्देश्यले रोकी जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स. वडा नं २ किसेकस्थित सडकमा पुऱ्याई ढुङ्गाले टाउकोमा प्रहार गरी कर्तव्य गरी मारेका हुन् भन्ने व्यहोराको बुझिएका मानिसहरू डिल्लीप्रसाद शर्मा, प्रेम पौडेल, दीनानाथ पौडेल, शान्ति आचार्य क्षेत्री, विमल पौडेल, नेत्रप्रसाद पौडेल, राजेन्द्रबहादुर क्षेत्री, रत्नबहादुर क्षेत्री, कुलबहादुर थापा, भुपेन्द्र थापा समेतले लेखी लेखाइदिएको घटना विवरण कागज ।

मिति २०६८/०९/०९ गतेका राति २१:१५ बजे खाना खान भनी हामीहरू नरमाया थापाको गेस्टहाउसमा आउने क्रममा भक्तबहादुर क्षेत्री निस्कन लागेका थिए । निजले हामीहरूलाई देखी के छ बूढा मलाई परसम्म पुऱ्याईदेऊ, म भाइलाई फोन गर्छु भने, ल ठीकै छ, हामीहरू तपाईलाई परसम्म पुऱ्याइदिन्छौं भन्दै हामी पनि निजसँगै गयौं । जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स. वडा नं २ झप्रिखेत भन्ने स्थानमा प्रेमबहादुर थापाको पसलमा पुगेपछि मैले भान्जा भनी बोलाएँ । प्रेमबहादुर थापाले ढोका खोली किन मामा भने र भक्तबहादुर क्षेत्री उक्त पसलभित्र पस्न खोजेपछि निजले रोकेकोमा रेशमप्रसाद शर्मा आचार्य आई उहाँ मलाई पढाउने सर हो । तपाईहरूले उहाँलाई यहाँसम्म ल्याइदिएकोमा धन्यवाद उहाँलाई हामी घरसम्म पुऱ्याइदिन्छौं । तिमीहरू गए हुन्छ भनेपछि हामीहरू उक्त स्थानमा भक्तबहादुर क्षेत्रीलाई रेशमप्रसाद शर्मा आचार्य समेतको जिम्मामा छाडी गएकोमा मिति २०६८/०९/१० गतेका बिहान निज भक्तबहादुर क्षेत्री जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स.वडा नं २ किसेकस्थित सडकमा

मृतक अवस्थामा फेला परेको हुँदा निजलाई रेशमप्रसाद शर्मा आचार्यले नै मारेकोमा हामीलाई पूर्ण विश्वास छ भन्ने व्यहोराको नरबहादुर थापा र प्रसाद थापाले लेखी लेखाइदिएको घटना विवरण कागज ।

घटनास्थलमा फेरा परेको सर्ट को कसको हो ? हामीलाई थाहा छैन भन्ने समेतको प्रतिवादी रेशमप्रसाद आचार्य, विकास आचार्य, जयभद्र शर्मा पौडेल र प्रेमबहादुर थापाको एकै मिलानको ततिम्बा बयान कागज ।

प्रतिवादीहरूमध्येका रेशमप्रसाद शर्मा, विकास आचार्य र जयभद्र शर्मा समेतको उक्त कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विरुद्ध ऐ १३(३) नं. बमोजिमको कसुर अपराध भएको हुँदा ऐ १३(३) नं. बमोजिम सजाय हुन र अर्का प्रतिवादी प्रेमबहादुर थापाको हकमा मुलुकी ऐन ज्यान सम्बन्धी महलको १७(२) को कसुरमा ऐ १७(२) नं. बमोजिम सजाय गरी पाउन माग दाबी लिइएको छ । पक्राउ प्रतिवादी रेशमप्रसाद आचार्य, विकास आचार्य, जयभद्र शर्मा पौडेल र प्रेमबहादुर थापा साथै सक्कल मिसिल यसैसाथ पेस गरिएको छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई हिरासतमा राखी अनुसन्धान गर्नको लागि सम्मानित अदालतबाट प्राप्त हिरासत म्याद मिति ०६८।१०।६ सम्म रहेको र ऐ ७ गते शनिबार परी अड्डा बन्द भै तातिल परेकोले मुलुकी ऐन अ.वं.४५ नं. बमोजिम आज पेस गरिएको व्यहोरा समेत सादर अनुरोध छ भन्ने समेत व्यहोराको अभियोगपत्र ।

मिति २०६८।९।९ गते कुश्मिशेरा वडा नं ४ मा रहेको प्रेमबहादुर थापाको होटलमा १ किलो कुखुराको मासु ल्याई पकाउन लगाई म र रेशम उक्त होटलमा गई रक्सी मासु खाई जयभद्रलाई फोन गरी निज ८ बजेतिर आएपछि रक्सी मासु खाई गफ गर्दै गर्दा भक्त सर पनि त्यस होटलमा आइपुग्नुभएको, त्यहाँ आएपछि रेशम सरसँग केही बेर  कुरा भयो । त्यसपछि भक्त सर भित्र आई मसँग परिचय गर्न खोज्नुभएकोमा प्रतिवादी रेशम पनि भित्र आएर अर्जुनलाई पढाएको टुनिबोटको सर हुनुहुन्छ भन्नुभयो । त्यहाँ बसेर भक्त सरले १ बोतल रक्सी मगाएपछि प्रेमले बाँकी मिल्दैन भनेकाले प्रतिवादी रेशमले रक्सी मगाई सँगै बसी रक्सी खाएपछि राति १०.३० बजे हिँड्ने तरखर भयो । त्यहाँबाट १०.४० बजे लाइट बाली नाच्दै हिँड्दै जाँदा पल्लोपाखा मा.वि स्कुलको तल डाँडा पुगेपछि भक्त सरले म फ्रेस भएँ । म तिमीहरूलाई घरसम्म पुगेर आउँदा ढिला होला, म ठीक छु, गइहालिन्छ भन्नुभयो । हामीहरूलाई यहाँसम्म ल्याइदिएकोमा धन्यवाद छ भन्दै बिदा हुनुभयो । बिदा हुने क्रममा कुना च्याप्दै जानुहोला भनेर हामी त्यहाँबाट बिदा भएको हो । मिति २०६८।९।१० गते बिहान हामीले भक्त सरको निधन भएको कुरा सुन्दा आश्चर्य चकित भएका थियौं । भक्त सरको मृत्यु कसरी भयो भन्ने बारेमा थाहा भएन, भक्त सर मरेको खबर पाएपछि लास रहेको घटनास्थलमा म गएको थिइन भन्ने समेत व्यहोराको प्रतिवादी विकास आचार्यले यस अदालतमा गरेको बयान ।

मिति २०६८।९।९ गते बेलुका ८ बजेतिर म, प्रेमबहादुरको होटलमा आउँदा रेशम र विकासले प्रेमबहादुरको होटलमा रक्सी र मासु खाँदै थिए । त्यसपछि मैले पनि खान थालें, हामीहरूले खाँदै गर्दाको अवस्थामा भक्त सर प्रेमबहादुरको होटलमा आइपुग्नुभयो । त्यहाँ आएपछि भक्त सरले रेशमलाई तिम्रो भाइलाई पढाएको हुम् भनेपछि रेशमले नमस्कार भन्नुभयो । त्यसपछि भक्त सरले होटल साहुजीसँग रक्सी माग्दा छैन भनेपछि रेशमले लास्ट १ बोतल भनेपछि १ बोतल ल्याइदिनुभयो र हामीहरू ४ जनाले खाई १०.३० बजेतिर त्यहाँबाट हिँडियो । बाटोमा गीत गाउँदै, हिँड्यौं । त्यसपछि अलि पर पल्लोपाखा सामुदायिक विद्यालय नजिक पुगिसकेपछि भक्तसरले म जान सक्छु भनी जानुभयो । भक्त सर घरतर्फ गएपछि हामी एकछिन बसी सरको लाइट पारि बलेको देखेपछि । सर जानुभयो भनी भन्दा बाबु हो गएँ भन्नुभयो । त्यसपछि रेशम र विकास, रेशमको घरमा र म आफ्नो घरमा गई सुतियो । भोलिपल्ट बिहान ७ बजे उठेपछि भिनाजुले म आउँदै छु । जिपपार्कमा लिन आइजा भनेकाले म तल झरें र म जिपपार्क जाँदा मानिस दगुरेको देखी शुभकामना होटलमा गई सोध्दा भक्त सर लड्नुभएको

छ र त्यही भएर दगुरेका हुन् भने त्यसपछि मैले कोही मानिस अगाडि भए फोन गर्नुहोस्, भक्त सरलाई के भएको रहेछ भनेपछि लगत्तै भिनाजु आउनुभयो । भिनाजु र म घर गयौं । घर गई सुतेपछि म ७ बजेतिर उठेको हुँ । मेरो भिनाजुले बोलाएर, म जिपपार्क गएको थिएँ । त्यहाँ जाँदा मानिसहरू भाग्दै गएको देखें, के भयो भनी सोध्दा, भक्त सर लड्नुभएको छ भन्ने सुनें । ठीक त्यति बेला मेरो बुवाले दूध छोडेर आई मलाई भाँडा दिई आफू भक्त सरलाई हेर्न जानुभयो । भिनाजु र म घरतर्फ लाग्यौं । भक्त सर लडेको लास रहेको ठाउँ, घटनास्थलमा म गएको होइन । भक्तबहादुरको मृत्यु कसरी भयो भन्ने कुरा थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी जयभद्र पौडेलले यस अदालतमा आई गरेको बयान ।

मिति २०६८।९।८ गते शुक्रबारको दिन वागलुङ बजारबाट म घरमा गएको थिएँ । प्रेमबहादुर थापाको होटलमा १ किलो कुखुराको मासु पकाउन लगाई प्रेमबहादुर थापालाई मासु पाकेपछि मेरो मोबाइलमा मिसकल गर्नुहोला भनेका थियौं । साँझ ७.३० बजे मेरो मोबाइलमा प्रेमबहादुर थापाको मिसकल आएपछि मैले फोन गरें, मासु पाक्यो भन्दा पाक्यो भनेकाले मैले आमालाई म विकासको घरमा गएर आउँछु । खाना तपाईले खानु, हामीलाई राखिदिनु भनेर गएँ । विकासको घरमा जाने बाटो हुँदै मासु पकाएको ठाउमा गई हामीलाई थोरै थोरै मासु राखिदिनु मासु खाँदै गर्छौं, जयभद्र आउँदै गर्छन् भनी मासु र १ बोतल रक्सी मागी खान लाग्यौं । केही समयपछि जयभद्र र होमनाथसँगैसँगै जस्तो आउनुभयो । दुई जनालाई मासु राखिदिन भनी १ बोतल रक्सी पुनः मागी ४ जनाले घरायसी कुराकानी गर्दै खान सुरु गर्‍यौं । करिब रातिको ९ बजेतिर सबैले खाइसकेपछि होमनाथ पौडेलले ल अब सबै जाऔँ भन्नुभएकोमा उक्त दिन शनिबार भएको हुँदा “मेरी वास्सै” सिरियल आउँछ, घरमा सुतिसक्नुभएको छैन । हामीले रक्सी खाएको थाहा हुन्छ भनी भन्दा फरक पर्दैन, म हिँडे भनी होमनाथ जानुभयो । हामी त्यहीँ ढोका बन्द गरी वसिरहेको अवस्थामा भक्त सरलाई लिएर प्रेमबहादुर थापाको भान्जा भन्ने मान्छे आउनुभएको रहेछ । बाहिर हल्ला जस्तो आवाज आएपछि म बाहिर निस्कँदा भक्त सरले के छ रेशम तिमीलाई मैले पढाएको होइन, भनेपछि मैले हो सर भाइलाई पढाएको हो भनी नमस्कार गरें । त्यसपछि भक्त सर पनि रक्सी मागी त्यहीँ बस्नुभयो । होटलवालाले छैन भन्यो । मैले अन्तिम १ बोतल मात्र भनेपछि १ बोतल भरिदिनुभयो, खायौं । त्यसपछि हिसाब गरी तिरी घडी हेरिएन १०.१५ बजेतिर भक्त सरलाई लिएर नाच्दै हिँड्यौं । त्यसपछि सामुदायिक मा.वि. नजिक पुगेपछि भक्त सर म जान्छु भनी हिँड्नुभयो । ल सर राम्रोसँग जानुहोला भनी सर अलि पर खोलाभन्दा नजिकै लाइट बलेको देखेपछि हामी घरतर्फ लाग्यौं । मिति २०६८।९।१० गते भक्त सर जुम्लीखोलाभन्दा पारिपट्टि बाटोमा पल्टिनुभएको छ भन्ने सुन्यौं । मनमा खुल्दुली भयो । रक्सी धेरै खानुभएको थियो । भक्त सरलाई के भयो होला भन्ने भयो । भक्त सरको मृत्यु भएको भन्ने कुरा बाटो हिँड्ने मानिसबाट थाहा पाएँ । भक्त सरसँग हाम्रो कुनै विवाद नभएको लात्ता मुक्काले हानेको झैझगडा समेत केही भएको होइन । त्यसपछि हामी आफ्नै घरतर्फ लाग्यौं, हाम्रो घर नजिकैसम्म हामीहरू तीन जना सँगै गयौं । त्यसपछि जयभद्र आफ्नै घरमा गए । म र विकास हाम्रो घरमा गई सुत्यौं । राति सँगसँगै छोड्न हामी पनि गएका थियौं । हामीले पनि समाजमा रक्सी खाएको भनी थाहा हुने भयो भनी भक्त सरको लास रहेको घटनास्थलमा गएनौं । मृत्यु कसरी भयो थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी रेशमप्रसाद आचार्यले यस अदालतमा गरेको बयान ।

मिति २०६८।९।९ गतेका बेलुका ७ बजेको समयमा प्रतिवादी रेशम आचार्य, जयभद्र र विकास समेत मेरो पसलमा आई १ के.जी. मासु फ्राई गरी दिनुहुन्छ भनी सोध्नुभयो, गरिदिन्छु भनें, रेशमले रुपैयाँ लगेर जानुहोस् भन्नुभयो, ठीकै छ पछि हिसाब गरौंला भनी गोजीबाट हालेर ल्याउँछु भनें, मासु पाकेपछि मिसकल गर्नु भनी रेशम सर जानुभयो । मासु पाकेपछि रेशम सरलाई मिसकल गरें । त्यसपछि रेशम, विकास गरी २ जना पसलमा आई थोरै थोरै मासु र १ वोतल रक्सी खानुभयो । केही समयपछि जयभद्र आउनुभयो । उहाँ आएपछि १ वोतल रक्सी र मासु ३ भाग लगाइदिएँ, सँगै

खानुभयो । उहाँहरू रहँदैको अवस्थामा बजारतिरबाट एउटा टेक्टर मेरो पसलमा अगाडि आई रोकियो, टेक्टरमा अन्य ३ जना थिए । ड्राइभरको पिलो आएको रहेछ । खेतबाट आएका २ जनामध्ये मेरो पसलमा बाहिर वसेर रक्सी खाने मानिसको ड्राइभरसँग चिनाजान रहेछ । ड्राइभरको पिलो निचोरिदिनुभयो । रेशम सर, विकास, जयभद्र, समेत ढोका बन्द गरी भित्र बसी रक्सी खाँदै गर्दाको अवस्थामा रातको करिब नौ बजेतिर मेरो मामा नरबहादुर, प्रसाद थापा र भक्तबहादुर क्षेत्री समेत मेरो पसलमा आई भान्जा भनी बोलाउनुभयो । म बाहिर निस्क र ढोका वन्द गरिदिएं । भक्त सरले भित्र को को बसेका छन् भनी मलाई सोध्नुभयो । मैले तपाईले नचिनेका मानिस छन् भनी भक्त सरलाई भित्र पस्न दिइन । मैले मामालाई भित्र बाहुन खान बसेका छन् भक्त सरलाई लैजानुहोस् भनी भनें, मामाले जाउँ सर भनी भन्दा भक्त सर जान मान्नुभएन । त्यत्तिकैमा रेशम सर भित्रबाट बाहिर आउनुभयो । रेशम सरले भक्त सरलाई चिन्नुभएको रहेछ, कुराकानी भयो । त्यसपछि भक्त सर भित्र बस्नुभयो । रेशम सरले नरबहादुर र प्रसाद थापालाई कहाँ जान आउनुभएको भनि सोध्दा भक्त सरलाई छोड्न भनी भनेका हुँदा भक्त सरलाई हामीहरूले नै उहाँको घरसम्म पुऱ्याइदिन्छौं । तपाईंहरू जानुहोस् भनेकाले मामाहरू जानुभयो । भक्त सरले १ बोतल रक्सी माग्नुभएकोमा मैले छैन भनें, त्यसपछि रेशम सर पनि भित्र जानुभयो र उहाँले लास्ट १ बोतल दिनुहोस् भनेको हुँदा मैले १ बोतल रक्सी दिएँ र सो रक्सी ४ जनाले खानुभयो । त्यसपछि रेशम सरले हिसाब गरी मलाई बुझाउनुभयो । त्यसपछि मैले हामीलाई सुत्ने बेला भयो । तपाईहरू जानुहोस् भनें, भक्त सरलाई पनि जानुहोस् भन्दा भक्त सर रक्सी खाएर झुले भएको हुँदा भक्त सरको झोला र लाइट विकासलाई दिएँ । विकासले झोला बोकेर अगाडि जानुभयो । रेशम र जयभद्रले भक्त सरलाई अँगालो हालेर जानुभएको हो । त्यहाँबाट निस्कँदा रातको १०.३० जति भएको थियो होला । बाटोमा मोबाइलामा गाना लगाउँदै, नाच्दै जानुभएको हो । उहाँहरू जानुभएपछि मैले घरको आडको खेतमा पिसाब फेरी हेरेको थिएँ । भोलिपल्ट बिहान ७ बजेको समयमा मैले व्रस गर्दैको अवस्थामा घरको अगाडि बाटोबाट मानिसहरू हूल हिँडेका थिए । सो समयमा मैले १ जनालाई सोध्दा भक्त सर मर्नुभएको छ भन्नुभएपछि मैले श्रीमतीलाई हिजो आएको सर मर्नुभएको छ भन्छन् भनें र म लास भएको ठाउँमा गएको हुम् । श्रीमती पनि पसल बन्द गरी गएकी हुन् । म लास भएको ठाउँमा पुग्दा रेशम सरको मिसकल आयो । एकछिनपछि मैले भीडबाट निस्केर रेशमलाई मिसकल फर्काएँ, रेशम सरले कहाँ हुनुहुन्छ भन्नुभयो । मैले हिजोराति तपाईसँग आएको सर मर्नुभएको छ, सोही ठाउँमा छु भनी भनें, त्यसपछि रेशम सरले फोन काटिदिनुभयो । मलाई भोक लागेकोले म पसलमा गएँ । पसलमा जाँदा पुलिस र अन्य मानिसहरू जम्मा भएका थिए भन्ने समेत व्यहोराको प्रतिवादी प्रेमबहादुर थापाले यस अदालतमा गरेको बयान ।

यी मृतक भक्तबहादुरको मृत्यु भएको समयमा म माइती गएकी थिएँ । मृतकको मृत्यु भएको कुरा मैले रेडियोबाट सुनी थाहा पाएँ र गाउँमा फोन गर्दा पनि त्यही भनेका थिए । लास मैले देखिन । पछाडि मात्रै यी प्रतिवादीहरूले ढुंगा प्रहार गरी मारेका हुन् भन्ने कुरा सुनेर थाहा पाएकी हुँ । प्रतिवादी प्रेमबहादुरको होटलमा मृतक रक्सी खाएर आउनुभएकोमा प्रतिवादी रेशम समेत ३ जनाले उहाँलाई पुऱ्याउन जान्छु भन्नुभएकोमा होटलवाला प्रेम समेत अलि परसम्म छोड्न भनी जानुभएकोमा अन्य कोही पनि नभएको उहाँहरूमात्र छोड्न गएको अवस्थामा भोलिपल्ट मृतक अवस्थामा फेला पर्नुभएको हुँदा उहाँहरूप्रति शंका भएको हो । मारेको आँखाले देखेको होइन । यी मृतक र रेशम लगायतका प्रतिवादीहरूसँगको होटलमा रक्सी खाने क्रममा झगडा भएको थियो । त्यसैले यी रेशम समेतका प्रतिवादीले बीच बाटोमा ल्याई ढुंगा प्रहार गरी हत्या गरेका हुन् जस्तो लाग्छ । म पुस १० गतेका दिन १.३० बजेतिर बाटोमा घोप्टो अवस्थामा देखेकी हुँ भन्ने समेत व्यहोराको प्रहरीमा कागज गर्ने शान्ति आचार्यले यस अदालतमा आई मिति २०६८।११।१ मा गरेको बकपत्र ।

मृतक म एउटै विद्यालयका शिक्षक हौं । मृतकले विद्यलायको स्वइटरको रकम तिर्न भनी कुश्मिशेरा बजारमा जानुभएकोमा रकम बुझाएपछि करिब ७.३० बजेको समयमा उहाँले फोन गरी कुश्मिशेरामा क्षेत्री समाजको अध्यक्ष समेत मनोनीत भएको जानकारी दिएका थिए । राति ९.२० बजे पुन फोन गर्नुभएको थियो । फोनमा मैले रात परिसकेकाले घरमा नजानुहोस् भनेको थिएँ । आफ्नो गाउँ हो साथीहरू छन् । जान पनि सक्छु भन्नुभएको थियो । भोलिपल्ट बिहान ८.३० बजे कुश्मिसेरा निवासी शिक्षक नवीन प्रताप जी.सी.ले भक्तबहादुर क्षेत्रीको लास छ भनी खवर गर्नुभएकोले शिक्षकहरूलाई खबर गरी शिक्षक विद्यार्थी भै जिप रिजर्भ गरी घटनास्थलमा गयौं । लास हेर्दा कर्तव्य गरी हत्या भएजस्तो थियो । मृतकको तालुनेर टाउकोको पछाडि चोट थियो । मृतक, प्रेमबहादुरको होटलमा बसेको र निजलाई रशेम आचार्य समेतका तीन जना प्रतिवादीहरू भै घर पुऱ्याउन भनी लगेको भन्ने आधारमा यी प्रतिवादीहरूलाई शंका गरेको हो ? कसको कर्तव्यबाट मृत्यु भएको हो भने कुरा भन्न सक्दिन भन्ने समेत व्यहोराको प्रहरीमा कागज गर्ने रुद्रबहादुर थापा र दीनाथाथ शर्माले एकै मिलान व्यहोराको छुट्टाछुट्टै यस अदालतमा गरेको बकपत्र ।

मिति २०६८।९।९ गतेका दिन म आफ्नै घरमा थिएँ । भोलिपल्ट बिहान कुश्मिशेरामा घटना भएको कुरा मैले भोलिपल्ट बिहान थाहा पाएको हुँ । को हो भन्दा भक्तबहादुर रहेछन् । निज बेलुका प्रतिवादी प्रेमबहादुरको होटलमा रक्सी खाई बेलुका नै गएको र निज गएपछि प्रतिवादी प्रेमले पसल बन्द गरिसकेको कुरा सुनेको हुँ । निजको पहिलेको क्रियाकलाप हेर्दा प्रेमबहादुर निर्दोष जस्तो देखिन्छ । मृतकलाई मैले मृत्यु पश्चात् अञ्चल अस्पतालमा देखेको हुँ । घटनास्थल र निज प्रतिवादीको होटल झन्डै ३०० मिटरको दूरीमा छ भन्ने समेत व्यहोराको प्रतिवादी प्रेमबहादुरका साक्षी गोपाल घर्ती, ज्ञानबहादुर थापा र यामबहादुर पुन थापाले यस अदालतमा एकै मिलान व्यहोराको छुट्टाछुट्टै गरेको बकपत्र ।

मिति २०६८।९।९ गते रातको समयमा म र मेरो साथी विष्णु आचार्य भै कुश्मिशेरा गा.वि.स वडा नं. ३ मा पर्ने खेतमा पानी लगाउन गएका थियौं । हामी खेतमा हुँदा माथि मोटरबाटोबाट लाइटर बाली जुम्ली खोलातर्फ गएको हामीले देख्यौं । त्यसको केहीबेरपछि पारिबाट कराएजस्तो आवाज सुनिएको थियो । केही छिनपछि मान्छेहरू गल्याङ गुलुङ बोलेको आवाज सुनियो । त्यसबेला रातको झन्डै १२.०० बजेको समय थियो । कराएको आवाज भक्त सरको जस्तो लाग्छ । प्रतिवादी रेशम लगायतको कुनै पनि रिसइवी झैझगडा नभएको हुनाले रेशम लगायतका व्यक्तिहरू निर्दोष छन् भन्ने समेत व्यहोराको प्रतिवादी रेशम आचार्यका साक्षी विष्णुप्रसाद आचार्य र मोतीप्रसाद शर्माले यस अदालतमा एकै मिलान व्यहोराको छुट्टाछुट्टै गरेको बकपत्र ।

मिति २०६८।९।१० गतेका दिन म घरबाट कुश्मिशेरा बजारमा गएको थिएँ । त्यहाँ भक्त सरको लास भएको कुरा थाहा पाएँ र घटनास्थलमा जाँदा अन्य मानिस र प्रहरीको समेत उपस्थिति थियो । किटानी जाहेरीमा जयभद्र समेतका चार जनालाई दिइएको रहेछ । यी प्रतिवादीहरू र भक्त सरबीच पहिला कुनै किसिमको रिसइवी थिएन । प्रतिवादी जयभद्रले मृतक भक्त सरलाई सरको रूपमा सम्मान गरेको म आफैले देखेको हुँ । भक्त सरलाई जयभद्रले मारेका हुन् भन्ने कुरा झुट्टा हो । मैले लास टाढैबाट घोप्टो अवस्थामा देखेको हुँ । मृतक जयभद्र समेतका अन्य तीनजना नै खानपिनमा व्यस्त भै त्यहाँबाट भक्त सरलाई घरतर्फ पठाउने क्रममा पल्लो पाखा सामुदायिक विद्यालयबाट बिदाइ गरी जुम्लीखोला पारिपिट्ट पुगेपछि जयभद्र समेत घरतर्फ फर्केको कुरा सुनेको हुँ भन्ने व्यहोराको प्रतिवादी जयभद्रका साक्षी चन्द्रबहादुर थापा र रविप्रसाद शर्माले यस अदालतमा एकै मिलान व्यहोराको छुट्टाछुट्टै गरेको बकपत्र ।

२०६८ साल पुस ९ गते घटना घटेको कुरा मैले पुस १० गते सुनेर थाहा पाएको हो । पछि गाउँका दाजुभाइ समेत भै घटनास्थलामा गइयो । घटनाको प्रकृति हेर्दा कर्तव्यबाट मरेको जस्तो

लाग्यो । विकास, रेशम र जयभद्रको भनाइ अनुसार मृतकलाई निजहरूले पल्लोपाखा विद्यालयमा ल्याई छाडेको भन्ने सुनेको हुँ । मृतकको मृत्यु कर्तव्यबाट भएको हो । यी प्रतिवादीहरूबाट भएको मान्न सकिने अवस्था छैन भन्ने व्यहोराको प्रहरीमा कागज गर्ने भुपेन्द्र थापा र प्रेम पौडेलले यस अदालतमा एकै मिलान व्यहोराको छुट्टाछुट्टै गरेको बकपत्र ।

२०६८।९।९ गते बेलुका म घरमा थिएँ । मृत्यु भएको कुरा मैले १० गते बिहान ८ बजेतिर थाहा पाएको हुँ । मृतक लास हेर्न जाँदा प्रहरीले घेराबन्दी गरेकाले चोटपटकको बारेमा थाहा भएन । मृतक ९ गते रातिसम्म प्रतिवादी प्रेमको होटलमा बसी रक्सी खाई प्रतिवादी रेशम समेत भै मृतकलाई घरतर्फ जान भनी अलि परसम्म छाड्न आएका हुन् रे । म शेरा बजारमा नोकरी गरी बस्ने हुँदा प्रतिवादीले आफ्नी श्रीमतीको लागि मगाएको औषधि लिई निजको घरमा गएको थिएँ । जाँदा रेशम उठेको छैन भनी उसकी आमाले भनेकी थिइन् । त्यसपछि बजार गएँ । प्रतिवादी र मृतकबीच कुनै पनि पुरानो रिसइवी थिएन । त्यसैले यी प्रतिवादीहरूले मृतकलाई मारेका होइनन् भन्ने समेत व्यहोराको प्रतिवादी रेशम आचार्यका साक्षी अर्जुनप्रसाद शर्माले यस अदालतमा गरेको बकपत्र ।

मृतक भक्तबहादुर शेरा वजारबट घरतर्फ आउने समयमा बाटामा पर्ने प्रेमको होटलमा जाँदा यी प्रतिवादीहरूसँग भेट भएको रहेछ । त्यहीँ बसी नास्तापान भएपछि अब घरमा जाउँ भन्दा दुवैथरी अलि अचेत जस्तै भै बाहिर निस्केका रहेछन् । पल्लो पाखा सामुदायिक विद्यालयसम्म आएपछि म जान्छु तपाईहरू पनि जानुहोस् भनी निज मृतकले भनेपछि जयभद्र, रेशम र विकास फर्केर आएका हुन् भन्ने सुनेको हुँ । यी प्रतिवादीहरूलाई भोलिपल्ट प्रहरीले गिरफ्तार गऱ्यो भन्ने सुनेर म अचम्म परें । मृतकसँग यिनीहरूको कुनै रिसइवी नहुँदा यिनीहरूले मार्नुपर्ने कारण छैन, भाइ साथीको नाताले अलि वरसम्म छाड्न गएको कारणले यी मृतकले मारे भन्ने कुरा मान्न सकिँदैन । मेरो घर र मृतक भक्तबहादुरको लास रहेको स्थान दुई तीन सय मिटरको फरकमा पर्दछ । मेरो घरबाट उक्त स्थानमा बोलेको समेत सुनिन्छ । राति १२.०० बजेतिर त्यहाँ गल्याङ गुलुङ आवाज मैले पिसाब फेर्न उठेको बेलामा सुनेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी रेशम आचार्यका साक्षी देवनारायण शर्माले गरेको बकपत्र ।

मिति २०६८।९।१० गतेका बिहान ७ बजे सेरा बजार डेरीमा दूध लिन भनी जाँदा भक्तबहादुरको मृत्यु भएको कुरा थाहा पाएको हुँ । त्यसपछि लास हेर्न गएको थिए । लासलाई कपडाले छोपेकाले देख्न पाइएन । साथीभाइ मिली सँगै बसी रक्सी खाए होलान् । घर अलि टाढा पर्ने हुनाले मलाई थाहा भएन । भक्तबहादुर र प्रतिवादी जयभद्रबीच रिसइवी थिएन । उनको आचरण राम्रो थियो । त्यसैले निज समेत भै मृतकलाई मारेका होइनन् भन्ने व्यहोराको जयभद्रका साक्षी नागेश्वर पौडेलले गरेको बकपत्र ।

विकास आचार्य लगायतका प्रतिवादीहरू दोषी चरित्रका होइनन् । उनीहरूलाई म राम्रोसँग चिन्दछु । उनीहरूले यस्तो निन्दनीय कार्य गर्न सक्दैनन् । विकास आचार्य साधारण परिवारका सरल स्वभावका मानिस हुन् । विकास समेतका ३ जना साथीहरू र मृतक भै जाँड रक्सी खाएको कुरा सुनेको थिएँ । बेलुका अबेरसम्म साथीभाइ बसी खाएकाले बिहान घटनास्थलमा नगएका होलान् भन्ने व्यहोराको प्रतिवादी विकास आचार्यका साक्षी अग्निधर शर्माले गरेको बकपत्र ।

विकास आचार्य पढ्ने काम गर्दछन् । भर्खर सी.ए. पास गरेर आएका छन् । उनी राम्रा स्वभाव भएका मानिस हुन् । कसैसँग पनि झैझगडा गर्दैनथे । मृतक र यी विकासबीच कुनै रिसइवी थिएन । यिनले मृतक भक्त सरलाई सम्मान गर्दथे । मृतकको मृत्यु के कसरी भयो, मलाई थाहा भएन । मृतक र विकास समेतका यी प्रतिवादी बेलुका सँगै बसी रक्सी खाएर यी प्रतिवादीले अलि परसम्म पुऱ्याउन गएका हुन् भनी भनेको सुनेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी विकास आचार्यका साक्षी तिलविक्रम

शर्मा, यज्ञप्रसाद शर्मा र रामप्रसाद शर्माले यस अदालतमा एकै मिलान व्यहोराको छुट्टाछुट्टै गरेको बकपत्र ।

मृतक र प्रतिवादीका बीच बाहुन र क्षेत्रीको विषयमा कुरा हुँदा विवाद सिर्जना भएको भन्ने कुरा सुनेको हुँ । ढुंगाले हानेको कुरा मैले घटना विवरण कागजमा लेखाइएको कुरा आफ्नो आँखाले देखेको होइन । यी प्रतिवादीहरू नराम्रो आचारणका होइनन् । हामीसँग बोल्दा राम्रा शब्दहरू प्रयोग गर्दथे भन्ने व्यहोराको प्रहरीमा कागज गर्ने कुलबहादुर थापा, नेत्रप्रसाद पौडेल र राजेन्द्रबहादुर क्षेत्रीले यस अदालतमा एकै मिलान व्यहोराको छुट्टाछुट्टै गरेको बकपत्र ।

मेरो घर र प्रतिवादी रेशमको घर १५ मिनेट जतिको दूरीमा पर्दछ । निजको बानी व्यहोरा आचरण राम्रो थियो । कुश्मिशेराबाट वागलुङ आउने बाटोको किसेक भन्ने ठाउँमा मृतक भक्तबहादुरको लास थियो । २०६८।९।१० गतेका दिन घटनास्थलमा पनि गएको थिए । लास देख्न पाइन । निजको मृत्यु के कसरी भयो । मृतक र यी प्रतिवादीसँगै बसी नास्ता रक्सी खाए खाएनन्, मलाई थाहा भएन भन्ने व्यहोराको प्रतिवादी रेशम शर्माका साक्षी कीर्तिनाथ आचार्यले गरेको बकपत्र ।

मृतक भक्तबहादुर क्षेत्रीसँग प्रतिवादी जयभद्र समेतका व्यक्तिहरूको कुनै झैझगडा रीसइवी थिएन । मृतकको मृत्यु कसरी भयो थाहा भएन । यी प्रतिवादीहरूले कसुर गरेका होइनन् । २०६८।९।९ गतेको राति करिब ८ बजेतिर मेरो भेट प्रतिवादी प्रेमको होटलमा भएको थियो । म पसलमा खान गएको थिएँ । आधा घण्टा जति बसेपछि म आफ्नो घरमा गएँ । म जाँदा मृतक भक्त होटलमा हुनुहुँदैनथ्यो । भोलिपल्ट मैले मृतक लास देखेको हुँ । लास घोप्टो थियो । नजिक जान प्रहरीले दिएन । राजनैतिक इवीको कारणले जाहेरी दिएका होलान् ? प्रतिवादीहरू निर्दोष छन् भन्ने व्यहोराको प्रतिवादी जयभद्रका साक्षी टीकाराम पौडेल र होमनाथ पौडेलले यस अदालतमा एकै मिलान व्यहोराको छुट्टाछुट्टै गरेका बकपत्र ।

मेरो जानकारीमा आए अनुसार २०६८।९।९ गते दिउँसो झन्डै १.०० बजेतिर आफूले पढाउने ठाउँको स्कुल डेराबाट निज मृतक हिँडी कुश्मिशेरा आएको र सोही दिन कुश्मिशेरामा क्षेत्री समाजको अधिवेशनमा अध्यक्ष पदमा निर्वाचित भै फर्की कुश्मिशेरा वडा नं. ५ स्थित राङखानी गेस्टहाउसमा खाजा रक्सी समेत खाएको र घर फर्कने क्रममा कुश्मिशेरा गा.वि.स वडा नं ४ स्थित जुम्लीखोलानेर रहेको पसलमा प्रतिवादीहरूसँगै बसी रक्सी मासु खाएको र त्यहाँबाट यी प्रतिवादी विकास, रेशम, जयभद्रसमेत भै घर जान हिँडेको केही वरसम्म प्रेमबहादुर समेत आएको भन्ने कुरा सुनेको हो । म उक्त दिन व्यक्तिगत कामको लागि दगातुन बजारतर्फ आउने क्रममा कुश्मिशेरामा केदार पौडेलको पसलमा थिएँ । उक्त समयमा केदारको फोन आई भक्त सरको लास छ भनेकाले जाहेरवालालाई सोधी घटनास्थलतर्फ गयौं । लासको प्रकृति हेर्दा पश्चिमतर्फ शिर पूर्वतर्फ खुट्टा एक हातको सिरानी बनाई टाउको घोप्टो, खुट्टाभन्दा पर नीलो रंगको चार्ज लाइट थियो । झोला भिरेको अवस्थामा, मृतक लासको टाउकोमा देव्रेपट्टि अगाडि गहिरो चोट थियो । खुट्टामा जुत्ता थिएन । मोजा लगाएकै थियो । प्रेमबहादुरको होटलमा यी प्रतिवादीहरूले सँगै बसी रक्सी मासु खाई, निज मृतकलाई त्यहाँसम्म पुऱ्याउन आएका, नरबहादुर र प्रसाद थापालाई हामी भक्त सरलाई पुऱ्याइदिन्छौं भनी फर्काई, निज मृतकलाई पुऱ्याउन हिँडेको बुझिन्छ । घरसम्म पुऱ्याउन हिँडेका यी प्रतिवादीहरूले घर नपुऱ्याई किसेक कुश्मिशेरा वागलुङको मोटरबाटोमा भोलिपल्ट मृतक अवस्थामा भेटिएको र लासको प्रकृति हेर्दा कर्तव्य भएजस्तो देखिन्छ । तर यही यही व्यक्तिबाट कर्तव्य भएको भन्ने थाहा छैन । घर लैजान भनी लगी घरमा नपुऱ्याएको र बिहान लास भेटिएकाले यी प्रतिवादीलाई शंका गरिएको हो भन्ने समेत व्यहोराको प्रहरीमा कागज गर्ने डिल्लीप्रसाद शर्माले गरेको बकपत्र ।

मिति २०६८।९।९ गते साँझ करिब ८.४५ बजे म वागलुङ बजारबाट मेरो घर पुगेको हुँ । झन्डै ९.२५ बजे मृतक भक्तबहादुर क्षेत्रीले मेरो मोबाइलमा फोन गरी क्षेत्री समाजको अध्यक्षमा

सर्वसम्मत चयन भएँ भनी भनेका थिए । भोलिपल्ट बिहान करिब ७.३० बजे कुश्मिशेराका भवानी जैसीले किसेक मोटरबाटोमा भक्त सरको जस्तो लास घोप्टो परेको अवस्थामा छ । सबैलाई खबर गरी आउनुहोस् भनेकाले हामी सम्भव भएसम्मका मानिसहरू भै घटनास्थलमा पुग्दा थुप्रै मानिसहरू जम्मा भएका थिए । प्रहरी पनि त्यहाँ पुगे । त्यसै समयमा भुपेन्द्र थापाले मेरो मोबाइलमा फोन गरी प्रेमबहादुर थापाको होटलको बरण्डामा रगत देखियो । प्रहरीलाई सूचना गरी तपाईं तुरुन्त यहाँ आउनुहोस् भनेकाले प्रहरी सहित भै हामी त्यहाँ पुग्यौं । त्यहाँ पखालिएको रगत र बरण्डाको छेउ बाटो किनारमा समेत रगत थियो । प्रहरीले होटल सञ्चालन गर्ने प्रेमलाई यो रगत कहाँबाट कसरी आयो भनी प्रश्न गर्दा ट्याक्टर ड्राइभरको पिल्ने गाउँमा काम गर्ने भाइले पिलो निचोर्दा आएको हो भने । त्यसपछि म घटनास्थलतर्फ गएँ । लासको प्रकृति मुचुल्का गर्ने क्रममा लास पश्चिम टाउको भएको घोप्टो अवस्थामा देब्रे हातको सिरानी राखी दाहिने हात उत्तानो अवस्थामा, सर्ट र ज्याकेटमा रगत लागेको बायाँ खुट्टा केही खुम्चिएको, दाइने खुट्टा तन्किएको टाउकोबाट रगत बगिरहेको, लासलाई उत्तानो पार्दा गलबन्दीको केही भाग मुखभित्र कोचिएको, कपडा खोल्दै जाँदा निजको टाउकोमा गम्भीर चोट रहेको, छातीमा रगत जमेजस्तो, पिठ्युँमा नीलडाम रहेको दाइने खुट्टाको बुढी औंलामा काटिएको, देब्रे खुट्टा थोरै काटिएको, लिङ्ग र गुद्द्वार सामान्य थियो । मृतकको लास हेर्दा कोही कसैबाट कर्तव्य गरी मारिएको हो भन्ने सबैको आवाज रहेको थियो । म घटनास्थलमा रहेकै बेला प्रतिवादी रेशमका बुवा मेघनाथ आचार्यले मलाई फोन गरी तपाई कहाँ हुनुहुन्छ । मेरो छोरा रेशमले भक्त सरलाई केही परसम्म पुऱ्याई फर्केको हो रे, बिरामीको कारणले अहिले घटनास्थल आउन सकिन, अहिले मेरो छोरा रेशमलाई प्रहरीले समातेर लगे । पछि कुरा गरौंला भने । बेलुका वागलुङ अस्पतालमा ल्याई पुऱ्याएपछि प्रतिवादीहरू रेशम आचार्य, जयभद्र शर्मा, विकास आचार्य, प्रेमबहादुर थापा, प्रसाद थापा र नरबहादुर थापा गरी ६ जना प्रहरीले नियन्त्रणमा लिई प्रारम्भिक अनुसन्धान भएको र मृतक भक्त करिब ९.४५ बजेतिर राङखानी गेस्टहाउस कुश्मिशेरामा खाजा नास्ता गरी प्रसाद थापा र नरबहादुर थापालाई साथमा लिई घरतर्फ आउँदै गरेकोमा प्रतिवादी प्रेम थापाको होटला आई प्रसाद थापा र नरबहादुर थापाले प्रेम थापालाई के कसो छ भनी सोध्दै गर्दा निजको होटलभित्र रक्सी मासु खाँदै गरेका रेशम आचार्य बाहिर निस्कने क्रममा मृतक होटल भित्र प्रवेश गरी मेरो विद्यार्थी भनी सँगै मिली रक्सी मासु खाएका र उताबाट ल्याइदिने प्रसाद थापा र नरबहादुर थापा फर्की गएका हुन् रे । रेशम, जयभद्र, विकासले होटलबाट मृतकलाई मृतकको घर पुराइदिन्छौं भनी लिई हिँडेका हुन् रे । स्थानीय जनआवाजलाई बुझ्दा बेलुका अबेरसम्म सँगै बसी रक्सी मासु खाएका र राति मोबाइलमा गीत बजाई नाच्दै हिँडेका हुँदा र पारिवारिक पृष्ठभूमि तथा पूर्वरिसइवी समेत नभए पनि मादक पदार्थ सेवन गरेकाले कुनै विषयमा वादविवाद भै आवेशमा आई झैझगडा हुनसक्ने वातावरण भएकाले छोड्न गएका, रेशम र विकास जुम्लीखोलाको नजिक बसी जयभद्रले डाँडा कटाउन भनी जाँदा जयभद्र र मृतकबीच झगडा भै सडकको ढुंगा प्रहार गरी जयभद्रले कर्तव्य गरी मारेका हुन् । उक्त घटना रातिमा भएको हो । म उक्त रात आफ्नै घरमा सुतेको थिएँ । घटनाको सूचना बिहानपख थाहा पाई घटनास्थलमा गएको हुँ । चस्मदित गवाह अन्तर्गतको मेरो जाहेरी होइन । घटनाको प्रकृति, पोष्टमार्टम रिपोर्ट, प्रहरी अनुसान्धान, स्थानीयवासीको कुरा, प्रतिवादीबीचको आपसी कुराकानी र मेरो आन्तरिक अनुसन्धान अनुसार यो बकपत्र गरेको हुँ भन्ने व्यहोराको जाहेरवाला ऋषिराम पौडेलले यस अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री रमानाथ पौडेलले मृतक भक्तबहादुरको लास घोप्टो अवस्थामा रहेको तथा घटनास्थल नजिकै घर रहेका प्रतिवादीहरू भोलिपल्ट घटनास्थलमा नआएका कुरा विचारणीय छ भने अर्कोतर्फ टाउकोमा ५ से.मि. गहिरो चोट रहेको छ । प्रतिवादीहरूले प्रहरीमा बयान गर्दा जाहेरी व्यहोरा स्वीकार गरेको अवस्था छ भने बयानमा जयभद्रले ढुंगाले टाउकोमा हानेका र अरूले लात्ती मुक्काले हानेको भनी बयान गरेका छन् भने सँगै रक्सी खाएको कुरालाई पनि स्वीकार गरेको देखिन्छ । वादीका साक्षीले समेत मृतकको मृत्यु कर्तव्य गरी भएको भन्ने कुराले मृतकको मृत्यु यी प्रतिवादीहरूको कर्तव्यबाट भएको पुष्टि हुन्छ भनी गर्नुभएको बहस र जाहेरवालाका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री दीनानाथ शर्माले क्षेत्री समाजको मिटिङमा आएका मृतक राङखानी होटलमा बसी खानपान गरी प्रसाद थापा र नरबहादुर थापा समेत भै भक्तबहादुरलाई पुऱ्याउन भनी गएको अवस्थामा यी प्रतिवादीहरूले भक्तबहादुरलाई हामीले निजको घरमा पुऱ्याइदिन्छौं भनी प्रसाद थापा र नरबहादुरलाई फर्काइदिएका, त्यसपछि प्रतिवादी प्रेमबहादुर थापा समेत भई यी प्रतिवादीहरू सँगै होटलबाट हिँडेको र केही समयपछि प्रेमबहादुर आफ्नो घरमा फर्की आएको, जातीय कुरा उठेपछि यी प्रतिवादीहरूले लात्ती, मुक्का, ढुंगाले हानेको भन्ने समेत देखिँदा यी प्रतिवादीहरू कसुरदार हुन् भनी गर्नुभएको बहस, विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद निउरेले मृतकको हत्या २०६८।९।९ मा राति भएको, प्रेमबहादुर थापाको होटलबाट पहिले भक्तबहादुरसँग रेशम, विकास र जयभद्र निस्केका प्रेमबहादुर समेत पछि निस्केको, अलि पर पुगेपछि प्रेमबहादुर फर्केका, किसेक पुगेपछि जयभद्रले मृतकलाई ढुंगाले हानेका, अरूले लात्ता मुक्काले हानेका तथा रुद्र थापा, शान्त आचार्य, भूपेन्द्र थापाको कागजबाट समेत हत्या भएको कुरा खुलेको, प्रेमबहादुरले इन्कारी बयान गरेका तथा अन्य प्रतिवादीले किसेक पुगेपछि जयभद्रले लगेका भन्ने देखिन्छ । वादी प्रतिवादीका साक्षीबाट समेत भक्तबहादुरको मृत्यु कर्तव्यबाटै भएको भन्ने देखिएकोले प्रतिवादीहरूलाई सजाय हुनुपर्छ भनी गर्नुभएको बहस र जाहेरवालाकै तर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री हरिप्रसाद शर्माले यी प्रतिवादी उपर २०६८।९।११ गतेको किटानी जाहेरी, मृतकको बहिनी ज्वाइँलाई स्थानीय स्कुलमा नियुक्ति गरेको सम्बन्धमा भक्त र प्रतिवादीबीच रिसइवी भएको, मृतकको मृत्यु एउटा मात्र चोटबाट नभै पटक पटकको प्रहारबाट भएको तथा कुनै व्यक्तिको कब्जामा रहेको व्यक्तिको मृत्यु भएमा निजको मृत्युको कारण खुलाउने जिम्मा कब्जामा लिने व्यक्तिले नै लिनुपर्ने, प्रेम थापाले समेत प्रहरीलाई खबर नगर्ने, किसेकसम्म पुगेको, मृतकको लास सडकको कुनामा रहेको विविध घटनाक्रमले अभियोग माग दाबी बमोजिम यी प्रतिवादीहरूलाई सजाय हुनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

त्यस्तैगरी प्रतिवादीहरू रेशम आचार्य, विकास आचार्य, जयभद्र पौडेलका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री पद्मनाथ शर्माले घटनास्थलमा रगत फेला नपरेको, मृतकको दाहिने खुट्टाको बुढी औलामा घाउ, मोजा सुकिला, बाहिर घाउ नभएको, करङ भाँचिएको, बाहिरी घाउ नभएको, फोक्सोमा रगत जमेको, वारदातस्थल सो ठाउँ नभएको, अभियोजन पक्षले बयानमा कागज खाली राखेर पछि भरेको देखिन्छ, वारदातस्थलमा संघर्षको चिह्न नभएको, मौखिक प्रमाणको आधारमा मात्र उत्तम प्रमाण मान्न नसकिने, वैज्ञानिक तथ्यको बीचको अवस्था करार गर्न नहुने, हुलमुलमा हिँडेको सँगै छुटेको अवस्थामा सतही कुरामा मात्र दोषी सिद्ध गर्न नसकिने हुँदा यी प्रतिवादीहरूले सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस, विद्वान् अधिवक्ताद्वय श्री भूमिश्वर गौतम र मुकुन्द शर्माले मार्नको लागि प्रयोग गरिएको ढुंगा कहाँ थियो भनी सोध्न समेत नसकेको, जाहेरवालाले पहिले होटल, पछि किसेक भनी वारदातस्थल स्पष्ट पार्न नसकेको, शान्ति र ऋषिको बकपत्र बाहेक अन्यको

बकपत्रबाट प्रतिवादीहरूलाई सफाइ दिइएकोले प्रतिवादीहरू निर्दोष हुँदा सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस, विद्वान् अधिवक्ता केशवराज पराजुली र बलराम शर्माले मिति २०६८।९।१० मा दिइएको जाहेरीमा केही कुरा नखुलाइएको तथा मिति २०६८।९।११ मा शिक्षक नियुक्तिको कुरामा विवाद भएको भनी कुरा उठाइएको, घटनास्थल पनि फरक फरक देखाइएको, मृतकको मुखमा गलबन्दी कोचिएको, ततिम्बा बयानमा समेत गलबन्दीको कुरा नखुलाइएको भनी गर्नुभएको बहस तथा अर्का प्रतिवादी प्रेमबहादुर थापाको तर्फबाट रहनुभएका विद्वान् अधिवक्ताहरू श्री राजुप्रसाद गौतम र श्री हरिकृष्ण सुवेदीले प्रतिवादी प्रेमबहादुर थापा उपरमा मौकामा बुझिएका कुनै पनि मानिसहरूले निजलाई दोषी देखाउन नसकेको र मौकामा प्रहरी समक्ष कागज गर्दा समेत इन्कारी बयान गरेको हुँदा प्रेमबहादुर थापाले सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो । यसरी जाहेरवाला लगायतका वादी पक्षका कानुन व्यवसायीहरूले अभियोग माग दाबी बमोजिम प्रतिवादीहरूलाई सजाय हुनुपर्दछ भनी र प्रतिवादीहरूका कानुन व्यवसायीहरूले प्रतिवादीहरू निर्दोष हुँदा सफाइ पाउनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनी प्रस्तुत मिसिल अध्ययन गरी हेरियो ।

यसमा शिक्षक नियुक्तिको विषय समेतलाई लिएर पूर्वरिसइवी रहेको र मिति २०६८।९।९ गतेको राति अं. २३ बजेको समयमा प्रतिवादी रेशमप्रसाद आचार्य समेतका प्रतिवादीहरूले मृतक भक्तबहादुर क्षेत्रीलाई घरसम्म पुऱ्याइदिन्छौं भनी लैजाने क्रममा बाटोमा भनाभन भै मृतकले बाहुन काठालाई जे पनि गर्न सक्छु भनी गालीगलौज गरेपछि हामीलाई यस्ता अपशब्द बोल्ने, यसलाई मारेर फाल्नुपर्छ भनी प्रतिवादीमध्येका रेशम आचार्य र विकास अचार्यले लात्ती, मुक्का प्रहार गरी प्रतिवादी जयभद्रले ढुंगा प्रहार गरी मृतक भुइँमा लडे पश्चात् यी प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारी वारदातस्थलमा मृतकलाई छाडी गएको तथ्य पुष्टि हुन आएकोले प्रतिवादीहरूमध्येका रेशमप्रसाद आचार्य, विकास आचार्य र जयभद्र शर्मा पौडेल समेतको उक्त कार्य मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ नं विरुद्ध सोही ऐनको १३(३) नं बमोजिमको कसुर अपराध हुँदा सोही ऐनको १३(३) नं बमोजिम सजाय हुन र अर्का प्रतिवादी प्रेमबहादुर थापाको हकमा निजको होटलमा रक्सी सेवन गरेको, मृतकसँग वादविवाद कुटपिट हुँदा निजको घर तथा बाहिर लैजाँदा सँगै गएको, मृतकलाई अन्य प्रतिवादीहरूले यसलाई मारी फालिदिनुपर्छ भनी झ्याङकुटी पार्दै लैजाँदा सँगै गएको तथ्य सहप्रतिवादीहरूको पोल रहेको र निज प्रतिवादीकै बयान एवं कागज गर्ने मानिसहरूको लेखाइ समेतबाट निजले मृतकलाई हात छोडेकै नदेखिए तापनि मृतकलाई भाग्न, उम्कन नदिई बाटो गौडा छेकी मार्नमा सहयोग पुऱ्याइदिएको तत्पश्चात् घरमा आई सुतेको समेत देखिँदा निजको त्यस्तो कार्य मु.ऐ. ज्यान सम्बन्धीको महलको १७(२) नं को कसुरमा ऐ १७ (२) नं बमोजिम सजायको माग दाबी लिई अभियोगपत्र दायर भएको पाइन्छ ।

यसरी माथि उल्लेख भए बमोजिम कानुन व्यवसायीहरूको बहस समेत सुनी मिसिल संलग्न सम्पूर्ण प्रमाण कागजातहरूको अध्ययन गरी हेर्दा- निम्न प्रश्नहरूमा निर्णय दिनुपर्ने देखिन आयो ।

क) मृतक भक्तबहादुर क्षेत्रीको मृत्यु के कसरी भएको रहेछ ?

ख) उक्त वारदातमा यी प्रतिवादीहरूको संलग्नता छ, छैन ? अभियोग माग दाबी बमोजिम प्रतिवादीहरूलाई सजाय हुनुपर्ने हो, होइन ?

अब निर्णयतर्फ विचार गर्दा- यसमा मिति २०६८।९।१० गते बिहान वागलुङ जिल्ला कुश्मिशेरा गा.वि.स १ घर भई राङखानी उच्च मा.वि.मा अध्यापन गराउने वर्ष ४१ का शिक्षक भक्तबहादुर क्षेत्री वा.जि. कुश्मिशेरा २ किसेकस्थित जुम्लीखोला नजिकको वागलुङ कुश्मिशेरा सडकमा मृतक अवस्थामा फेला परेको र प्रतिवादीहरू रेशमप्रसाद आचार्य, जयभद्र शर्मा, विकास आचार्य र प्रेमबहादुर थापाले मृतक भक्तबहादुर क्षेत्रीलाई मृतकको बहिनी ज्वाइँलाई शिक्षक नियुक्ति गरेको विषयमा वादविवाद रिसइवी लिई निजहरूले फलामे ह्यामर, कोदालोको पासो समेतले मृतकको संवेदनशील अंग टाउकोमा

प्रहार गरी टाउको र बायाँ निधारमाथि टाउकोमा गम्भीर चोट लागी सो चोटको कारण बढी रक्तश्राव भई यी प्रतिवादीहरूको कर्तव्यबाट भक्तबहादुर क्षेत्रीको मृत्यु भएकोले निजहरूलाई कारबाही गरी पाऊँ भनी ऋषिराम पौडेलको जाहेरी दरखास्त परेको देखिन्छ ।

जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स. वडा नं. २ किसेक जुम्लीखोला नजिकै कुश्मिशेरा-वागलुङ सडक खण्डस्थित पूर्व पश्चिम वागलुङ-कुश्मिशेरा सडक, उत्तरमा अनन्त प्रजापतिको खरबारी र दक्षिणमा कौशिला शर्माको खरबारी यति चार किल्लाभित्र वागलुङ-कुश्मिशेरा कच्ची सडकको कुनामा पश्चिमतर्फ टाउको शिर र पूर्वतर्फ खुट्टा गरी घोप्टो अवस्थामा मृतक भक्तबहादुर क्षेत्रीको लास रहेको । उक्त लासको दाहिने खुट्टाको बुढीऔलादेखि ३ फिट ३ इन्च पूर्वतर्फ नीलो रङको जि.सुपर लेखिएको चार्जर लाइट रहेको, मृतक लासको दाहिना साप्रामुनि श्री राङखानी उच्च माध्यमिक विद्यालय राङखानी लेखिएको कालो हाते झोला रहेको र मृतक लासलाई उल्टाई पल्टाई हेर्दा लासको माथिल्लो ओठ तथा नाकमा रगत लागेको, घाँटीमा रगत जमेको जस्तो देखिने नीलो दाग रहेको, बायाँ खुट्टाको बुढीऔँलामा छाला खुइलिएको र निधारमा बायाँपट्टि धार नभएको हतियारले प्रहार गरेको काटिएको घाउ देखिएको भन्ने र बायाँ ढाडमा ४ इन्च लम्बाइ भएको दाग, टाउकोको अगाडि भागमा १ इन्च गोलाइ ५ सेन्टिमिटर गहिरो कपालको छाला काटिएको चोट, निधारमा १$^{१}/_{२}$ (साढे एक इन्च) गोलाइ भएको गोलो नीलो डाम, तालुमा १ इन्च (एक इन्च) लम्बाइ भएको चोट, बायाँ आँखामाथि नीलडाम, बायाँ आँखाको छेउमा नीलडाम, रहेको भन्ने मिसिल सामेल रहेको मिति २०६८।९।१० गतेको घटनास्थल तथा लास जाँच मुचुल्काबाट देखिन्छ ।

त्यस्तैगरी मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा Head Scalp hematoma, Depressed fracture of right parietal bone 5 cm x 3 cm subarachnoid hemorrahage भन्ने समेतको मृतकको शरीरको बाहिरी भाग र भित्री घाउ चोट समेतको उल्लेख गर्दै मृत्युको कारणमा "Head Injury" भन्ने देखिन्छ ।

यसरी माथि उल्लेख भए बमोजिमका मिसिल सामेल रहेका घटनास्थल तथा लास जाँच मुचुल्का, धौलागिरी अञ्चल अस्पताल वागलुङबाट भएको मृतक भक्तबहादुर क्षेत्रीको शव परीक्षण प्रतिवेदन एवं जाहेरी दरखास्तको व्यहोरा, प्रतिवादीहरूको बयान समेतका विभिन्न प्रमाण आधारहरू समेतबाट मृतक भक्तबहादुर क्षेत्रीको मृत्यु भवितव्य अर्थात् स्वाभाविक रूपमा भएको नभई कर्तव्यबाट नै मृत्यु भएको रहेछ भन्ने पुष्टि हुन आयो ।

अब मृतक भक्तबहादुर क्षेत्रीको मृत्यु कर्तव्यबाट नै भएको भन्ने प्रमाणित भइसकेको अवस्थामा निजको मृत्यु गराउने कार्यको उक्त वारदातमा यी प्रतिवादीहरूको संलग्नता छ छैन ? र अभियोग माग दाबी बमोजिमको सजाय हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने हुँदा सो सम्बन्धमा निर्णयतर्फ विचार गर्दा-प्रतिवादीमध्येका प्रेमबहादुर थापाको होटलमा मृतक भक्तबहादुर र प्रतिवादीहरू रेशमप्रसाद शर्मा आचार्य, विकास आचार्य र जयभद्र शर्मा पौडेल बसी सँगै मासु, रक्सी सेवन गरिसकेपछि मृतक भक्त सरलाई निजको घरमा पुऱ्याइदिन्छौं भनी हामीहरू होटलबाट निस्क्यौं । जयभद्र र रेशमले भक्तबहादुर सरलाई दुवैले हातमा समाती मोटर बाटोबाटै गीत गाउँदै, नाच्दै हिँड्यौं । बाटोमा मैले भक्त सरको झोला समातें, बाटोमा हिँड्ने क्रममा २, ३ ठाउँमा भक्त सरको जुत्ता फुत्कियो, निजले जुत्ता लगाउने क्रममा मोबाइल खसेपछि मैले टिपी सरको पाइन्टको गोजामा राखिदिएँ । फेरि पनि मोबाइल खसेकोले जयभद्र पौडेलले राखी, हामीहरू नाच्दै गाउँदै वारदात स्थानमा पुग्यौं । त्यहाँ पुगी जयभद्रले विमललाई फोन गर्दा उठेन, भक्त सरले म क्षेत्री समाजको अध्यक्ष भएको मान्छे, तिमीहरू जस्ता बाहुनलाई जे पनि गर्न सक्छु भनी विभिन्न अपशश्दहरू प्रयोग गरी गाली गर्न सुरु गरे । गाली नगर्नु भन्दा म जे पनि गर्न सक्छु भनी गाली गर्दै गरे । हामीहरूलाई पनि साह्रै रिस उठ्यो र जयभद्रले ढुंगा उठाई निजको टाउकोमा प्रहार गरे । म र रेशमले लात्ती, मुक्काले हानी लडाई,

निज बेहोस भएपछि हामीहरू घरतर्फ फर्केका हौं । वारदात स्थानमा हामीहरू जयभद्र, रेशम, म र मृतक बाहेक अन्य कोही थिएनन् भनी प्रतिवादीहरूमध्येका विकास आचार्यले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष मृतकलाई ढुंगा समेतले प्रहार गरी मारेको कुरा स्वीकार गरी साविती बयान गरेको पाइन्छ भने सोही साविती बयान व्यहोरालाई स्वीकार, समर्थन गर्दै एकै मिलान व्यहोराको बयान अर्का प्रतिवादी रेशमप्रसाद आचार्यले समेत अधिकार प्राप्त अधिकारी समक्ष साविती बयान गरेको पाइन्छ भने त्यस्तैगरी अर्का प्रतिवादी जयभद्रले पनि उक्त बयान व्यहोरालाई समर्थन गर्दै होटलबाट मृतक भक्तबहादुरलाई निजको घरमा पुऱ्याइदिन भनी लिएर जाँदा बाटोमा नाच्दै, गाउँदै जाँदा मृतक भक्त सरले बाहुन काठा भनी हामीहरूलाई, गाली गरे । हामीहरूलाई पनि साह्रै रिस उठी पहिला रेशमले मुक्काले हाने, विकासले मुक्का लात्तीले हाने, मृतक भक्त सरले पनि फर्काए र मलाई पनि साला भन्न थाले मलाई रिस उठी बाटोमा रहेको पत्रे ढुंगो उठाई भक्त सरको टाउकोमा हानें, निज भुइँमा लडेपछि, हामीहरू तीनै जना आफ्नो बाटो गएका हौं । उक्त वारदातस्थलमा प्रतिवादी रेशमप्रसाद आचार्य, प्रतिवादी विकास अचार्य र म बाहेक अन्य कोही पनि थिएनन् भनी प्रतिवादी जयभद्र पौडेलले मौकामा नै अधिकार प्राप्त अधिकारी समक्ष मृतकलाई ढुंगा समेतले टाउकोमा हिर्काएको हुँ भनी साविती बयान गरेको पाइन्छ ।

अभियोगपत्र दायर भएपछि अदालतमा बयान गर्दा प्रतिवादीमध्येका प्रेमबहादुर थापाको होटलमा हामीहरूले रक्सी खाइरहेको वेलामा राति साढे नौ बजेतिर मृतक भक्तबहादुर सर उक्त होटलमा आएपछि पनि उहाँसँगै वसी पुनः थप रक्सी खाएको र प्रेमबहादुर थापालाई हिसाब बुझाएपछि भक्तबहादुर सरलाई बढी रक्सी लागेको जस्तो मानेर त्यही प्रेमबहादुर थापाको होटलमा सुताउने प्रयास गऱ्यौं । त्यहाँ सुत्ने कोठा नभएपछि भक्त सरलाई उहाँको घरमा पुऱ्याउन भनी उहाँको जुत्ता समेत मिलाई भक्त सरले "डाँडै फुर्के सल्लो" भन्ने गीतको भाका निकालेपछि मोबाइलबाट समेत सो गीत लगाएर गाउँदै, नाच्दै विकास, जयभद्र, रेशम र भक्त सर होटलबाट हिँड्यौ । पल्लोपाखा सामुदायिक मा.वि नजिक पुग्दा भाइहरू मलाई यहाँसम्म ल्याइदियौ म जान्छु भनी सर हिँडेपछि सर पारि पुगुन्जेल हेऱ्यौं । त्यसपछि हामी फर्केर घर आएका हौं । भोलिपल्ट मिति २०६८।९।१० गते बिहान भक्तबहादुर सर मर्नुभएको छ भन्ने थाहा भएको हो । उहाँलाई हामीले मारेका होइनौं । हामीहरूले रक्सी खाएको थाहा हुन्छ भनी हामीहरू भक्त सरको लास रहेको ठाउँमा गएनौं भन्ने समेत व्यहोराको प्रतिवादीहरू रेशम आचार्य, जयभद्र पौडेल र विकास आचार्यको एकै मिलान व्यहोराको इन्कारी बयान अदालत समक्ष गरेको पाइन्छ । यसरी यी प्रतिवादीहरूले रातभरजसो भक्तबहादुरसंगै रक्सी, मासु खाई भक्तबहादुरलाई घरमा पुऱ्याइदिन भनी सँगै गएको भक्तबहादुर क्षेत्रीको भोलिपल्ट बिहान मृत्यु भएको खबर पाउँदा समेत डरले लास रहेको ठाउँमा जान सकेको देखिएन । मृतकलाई ढुंगा, लात्ती, मुक्का समेतले प्रहार गरी मारेका होइनौं भनी अदालत समक्ष इन्कारी बयान गरे तापनि प्रहरी समक्ष भएको साविती बयान शारीरिक यातना दिई गराएको भए घा खत वा शारीरिक जाँचको निवेदन लगायतका कुनै पनि प्रमाणहरू पेस गर्न सकेको पाइँदैन । यसरी मिसिल संलग्न अन्य कुनै पनि स्वतन्त्र प्रमाणबाट त्यस्तो इन्कारी पुष्टि हुन सकेको पाइँदैन भने इन्कारी जबसम्म शंकारहित प्रमाणबाट पुष्टि हुँदैन, तबसम्म सो इन्कारीले मात्रै विश्वासिलो प्रमाणको भूमिका निर्वाह गर्न सक्ने देखिँदैन । यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. ०५६, भाग ४१, अंक १, नि.नं ६६६१ मा प्रतिपादित नजिर सिद्धान्त समेत आकर्षित हुने देखिन्छ । यी प्रतिवादीहरू ३ (तीन) जना र मृतक भक्तबहादुर क्षेत्री प्रतिवादीमध्येका प्रेमबहादुर थापाको होटलमा सँगै रक्सी खाएका र त्यहाँबाट मृतक भक्तबहादुरलाई निजको घरमा पुऱ्याइदिन्छौं भनी मध्यराति अं. १२ बजेको समयमा होटलबाट लिएर हिँडी पल्लो पाखा सामुदायिक मा.वि. भवनसम्म मृतकलाई पुऱ्याएका थियौं । त्यसपछि मृतक आफ्नो घरतर्फ लागे, हामीहरू आफ्नो घरतर्फ फर्क्यौं भनी यी प्रतिवादीहरूले मृतकसँग रक्सी खाएका र मृतकलाई निजको

घरमा पुऱ्याइदिन्छौं भनी मध्यरातमा होटलबाट लिएर हिँडी बीच बाटोमा छोडेका थियौं भन्ने कुरामा अदालतको बयानमा समेत स्वीकार गरेका छन् भने केवल आफूहरूले मारेका होइनौ भनी मारेकोमा मात्र इन्कार रहेका छन् । तर मृतक भक्तबहादुरको मृत्यु कसरी भयो ? यी प्रतिवादीहरू बाहेक अरू को कसको कर्तव्यबाट अन्य के कारणले मृत्यु भएको हो भनी खुलाउन भने सकेको पाइँदैन । घटनास्थलको भौगोलिक अवस्था एवं प्रकृति तथा लास जाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन एवं यी प्रतिवादीहरूको मौकाको अधिकार प्राप्त अधिकारी समक्ष भएको साविती बयान समेतका प्रमाण आधारहरूबाट यिनै प्रतिवादीहरूको कर्तव्यबाट बाहेक अरू नै कुनै कारणबाट भक्तबहादुरको मृत्यु भएको हो कि भन्ने शंका गर्ने ठाउँसम्म प्रस्तुत मिसिलबाट देखिँदैन ।

यी प्रतिवादीहरू होटलबाट मृतकलाई लिएर हिँड्दा बाटोमा कुनै पनि मानिसहरूसँग भेट भएको थिएन भनी स्वयम् यी तीनैजना प्रतिवादीहरूले अदालतमा बयान गरेको पाइन्छ । आफूहरूले चिने जानेको मृतक भक्तबहादुर क्षेत्रीलाई मृतकको घरमा पुऱ्याइदिन्छौं भनी मृतकलाई विश्वासमा पारी मृतकलाई लिएर गई कसैको जिम्मा नलगाई, मध्यरातमा मृतकलाई बीच बाटोमा छोडेर घर फर्केका र भोलिपल्ट समथर मोटरबाटोमा भक्तबहादुर क्षेत्रीको मृत्यु भएको छ भन्ने खबर सुनी थाहा पाईकन पनि वारदात स्थलमा लाससम्म हेर्न जान नसकेको भन्ने कुरा पनि यिनै प्रतिवादीहरूकै अदालतको बयानबाट समेत पुष्टि हुन आएको छ । मृतकको लास रहेको घटनास्थल प्रकृति मुचुल्का हेर्दा जिल्ला वागलुङ कुश्मिशेरा गा.वि.स २, किसेक जुम्लीखोला नजिकै कुश्मिशेरा वागलुङ सडक खण्डस्थित पूर्व पश्चिम वागलुङ-कुश्मिशेरा सडक, उत्तरमा अनन्त प्रजापतिको खरबारी, दक्षिण कौशिला शर्माको खरबारी यति ४ किल्लाभित्र वागलुङ कुश्मिशेरा कच्ची सडकको बीच कुनामा पश्चिमतर्फ टाउको शिर, पूर्वतर्फ खुट्टा गरी घोप्टो अवस्थामा मृतक भक्तबहादुर क्षेत्रीको लास रहेको भन्ने घटनास्थल मुचुल्काबाट देखिन्छ ।

त्यस्तैगरी दाहिने खुट्टाको बुढीऔंलादेखि ३ फिट ३ इन्च पूर्वतर्फ नीलो रंगको जि.सुपर लेखिएको चार्जर लाइट रहेको, मृतक लासको दाहिने साप्रामुनि राङखानी उ.मा.वि राङखानी वागलुङ लेखिएको कालो हाते झोला रहेको, मृतक लासलाई उल्टाई पल्टाई हेर्दा लासको माथिल्लो ओठ तथा नाकमा रगत लागेको, घाँटीमा रगत जमेको जस्तो देखिने नीलो दाग रहेको, बायाँ खुट्टाको बुढीऔंलामा छाला उक्की घाउ भएको र दाहिने खुट्टाको बुढीऔंलामा सामान्य काटिएको जस्तो देखिएको, छाला खुइलिएको र निधारको बायाँपट्टि धार नभएको हतियारले प्रहार गरेको काटिएको घाउँ देखिएको भन्ने र बायाँ ढाडमा ४ इन्च लम्बाइ भएको दाग, टाउकोको अगाडि भागमा १ इन्च गोलाइ ५ से.मि. गहिरो कपालको छाला काटिएको चोट, निधारमा $१^{१}/_{२}$ इन्च गोलाइ भएको गोलो नीलडाम, तालुमा १ इन्च लम्बाइ भएको चोट, बायाँ आँखामाथि नीलडाम, बायाँ आँखाको छेउमा नीलडाम रहेको भन्ने मिसिल सामेल रहेको मिति २०६८।९।१० गतेको घटनास्थल तथा लास जाँच मुचुल्काबाट देखिएको छ । साथै मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा मृतकको मृत्युको कारण Head Injury भन्ने उल्लेख भएको पाइन्छ । यसरी घटनास्थल प्रकृति मुचुल्का, लास जाँच मुचुल्का एवं शव परीक्षण प्रतिवेदनबाट समेत मृतकको मृत्यु स्वाभाविक रूपमा कुनै दुर्घटनाबाट भएको भन्ने पनि नभई व्यक्तिकै कर्तव्यबाट मात्र मृत्यु भएको रहेछ भन्ने प्रस्ट हुन्छ ।

प्रहरीमा कागज गर्ने रेशम, डिल्लीप्रसाद शर्मा, दीनानाथ शर्मा, शान्ति आचार्यले होटलवाला प्रेमबहादुर अलि वर छाडी जानुभएको र रेशम समेतका यी प्रतिवादीहरूसंगै छोड्न जानुभएकोमा, उहाँहरूसँगै घर जानुभएको अन्य कोही नभएको, उहाँहरू मात्रै सँगै गएकोमा, कि त मृतकलाई निजको घरमा पुऱ्याउनुपर्थ्यो । कि त कसैको घरमा राखी भोलिपल्ट आफ्नो घरमा जान हुन्थ्यो । एक्कासि भोलिपल्ट मृतक अवस्थामा फेला पर्नुभएको हुँदा उहाँहरूप्रति शंका लाग्नु स्वाभाविक हो भन्दै प्रेमबहादुर होटलबाट अलि पर पुगी आफ्नो होटलमा फर्कनुभएको र प्रतिवादीहरू ३ जनाले लिएर आउनुभएको र बीच बाटोमा ल्याएर मृतक भक्तबहादुरलाई उनीहरूले ढुंगा लात्ती, मुक्काले प्रहार गरेर

हत्या गरेका हुन् । उनीहरूको साथमा अन्य कोही नभएको हुँदा निजहरूले नै हत्या गरेका हुन् भन्ने लाग्छ भनी अदालतमा उपस्थित भई बकपत्र समेत गरेको मिसिलबाट देखिन्छ ।

त्यस्तैगरी अदालतबाट बुझिएका जाहेरवाला, घटना विवरण कागज गर्ने मानिसहरू, प्रतिवादीहरूका साक्षीहरू समेत अदालतमा उपस्थित भई बकपत्र गर्दा समेत मृतक भक्तबहादुर क्षेत्रीको मृत्यु भएकोमा कुनै विवाद देखाउन नसकेको हुँदा भक्तबहादुर क्षेत्रीको उक्त मितिमा मृत्यु भएकोमा विवाद देखिँदैन । त्यस्तैगरी सवुद प्रमाण सहित यी प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारेकै होइनन्, यी प्रतिवादीहरू पूर्णरूपमा निर्दोष छन् भनी बुझिएका कुनै पनि मानिसहरूले बकपत्र गर्न समेत सकेको मिसिलबाट देखिँदैन । भक्तबहादुर क्षेत्रीको मृत्यु यी प्रतिवादीहरूको कर्तव्यबाट बाहेक अन्य यो यो कारणबाट भएको हो, यी प्रतिवादीहरू वाहेक अन्य यी यी मानिसहरूले भक्तबहादुरलाई मारेका हुन् भनी अदालतमा बकपत्र गर्न सकेको पनि पाइँदैन । यसरी मिसिल सामेल रहेका कुनै पनि कागज प्रमाणहरूबाट यी प्रतिवादीहरूको कर्तव्यबाट बाहेक अन्य कुनै पनि कारणबाट भक्तबहादुर क्षेत्रीको मृत्यु भएको रहेछ भन्ने कुरा मिसिलबाट खुल्न सकेको पाइँदैन । यी प्रतिवादीहरू रेशम आचार्य, विकास आचार्य र जयभद्र पौडेलले अदालतमा गरेको बयानमा मृतकलाई मारेका होइनौं भनी बयान गरे तापनि मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा मृतक भक्तबहादुरले हामीहरूलाई विभिन्न अपशब्द प्रयोग गरी गाली गर्न सुरु गरे, गाली नगर्नु भन्दा झन् म जे पनि गर्न सक्छु भनी गाली गर्दै गरेकाले हामीहरूलाई साह्रै रिस उठी, प्रतिवादी जयभद्रले ढुंगा उठाई निजको टाउकोमा प्रहार गरे, म र प्रतिवादी रेशमप्रसाद आचार्यले लात्ती, मुक्काले हानी लडाई भक्तबहादुर बेहोस भएपछि हामीहरू घरतर्फ फर्केका हौं । वारदातस्थलमा हामी प्रतिवादीहरू जयभद्र, रेशम, म र मृतक वाहेक अन्य कोही थिएनन् भनी प्रतिवादीमध्येका विकास आचार्यले मृतक भक्तबहादुरलाई कुटपिट गरी बेहोस बनाएको कुरा स्वीकार गरी साविती बयान गरेका र सोही साविती बयान व्यहोरालाई स्वीकार समर्थन गर्दै एकै मिलान व्यहोराको बयान प्रतिवादी रेशमप्रसाद आचार्यले समेत अधिकार प्राप्त अधिकारी समक्ष साविती बयान गरेको पाइन्छ भने अर्का प्रतिवादी जयभद्र पौडेलले पनि उक्त बयान व्यहोरालाई समर्थन गर्दै होटलबाट मृतक भक्तबहादुरलाई घरसम्म पुऱ्याइदिन्छौं भनी लिएर जाँदा बाटोमा मृतकले बाहुन काठा भनी हामीहरूलाई गालीगलौज गरेकोले रिस उठी पहिला रेशम आचार्यले मुक्काले हाने, विकास आचार्यले पनि लात्ती मुक्काले हाने । त्यसपछि मैले पनि बाटोमा रहेको पत्रे ढुंगा उठाई भक्तबहादुरको टाउकोमा हाने । निज भईमा लडेपछि हामीहरू आफ्नो बाटो घर फर्केका हौं । वारदातस्थलमा प्रतिवादी रेशम आचार्य, विकास आचार्य र म बाहेक अन्य कोही पनि थिएनन् भनी प्रतिवादी जयभद्र पौडेलले मृतकलाई कुटपिट गरेकोमा स्वीकार गरी साविती बयान गरेको पाइन्छ ।

यसरी माथि उल्लेख गरिए बमोजिम प्रस्तुत मिसिल संलग्न सम्पूर्ण प्रमाण कागजातहरूको अध्ययन गरी हेर्दा- प्रतिवादीहरूको अधिकार प्राप्त अधिकारी समक्ष भएको एकआपसको साविति बयान व्यहोरा, घटनास्थल प्रकृति तथा लास जाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरू रेशमप्रसाद आचार्य, विकास आचार्य, जयभद्र पौडेल र मृतक भक्तबहादुर क्षेत्रीले प्रेमबहादुरको होटलमा सँगै रक्सी मासु खाई मध्यरातमा मृतकलाई निजको घरमा पुऱ्याइदिने विश्वास दिलाई, मृतकको घरमा पुऱ्याउने जिम्मा लिई बाटोमा लगी कोही कसैको साथ जिम्मामा नलगाई मध्यरातमा बीच बाटोमा मृतक भक्तबहादुर क्षेत्रीलाई आफूहरूले सामूहिक रूपमा ढुंगा, लात्ती, मुक्का समेतले प्रहार गरी कुटपिट गरी बेहोस भएको अवस्थामा छोडेर आफ्ना घरतर्फ प्रतिवादीहरू फर्की आएका, वारदातस्थलसम्म कोही कसैसँग मृतक र प्रतिवादीहरूको भेटघाट नभएको, मिति २०६८।९।१० मा भक्तबहादुर क्षेत्रीको मृत्यु भएको खबर पाउँदा समेत यी प्रतिवादीहरू रेशम आचार्य, विकास आचार्य, जयभद्र पौडेल लास रहेको स्थानसम्म जान नसकेका भन्ने समेतका कुराहरू निजहरूकै अदालतमा भएको बयान व्यहोरा समेतबाट पुष्टि भएको र अन्य कुनै पनि कारणबाट एवं अन्य कोही कसैको कर्तव्यबाट भक्तवहादुर

क्षेत्रीको मृत्यु भएको भन्ने पनि प्रस्तुत मिसिल संलग्न कुनै पनि प्रमाणबाट पुष्टि हुन नसकेको । त्यस्तैगरी मौकामा बुझिएका मानिसहरू लगायत जाहेरवाला एवं स्वयम् प्रतिवादीहरूकै साक्षीहरूले समेत यी प्रतिवादीहरू रेशम, विकास, जयभद्र बाहेकका अन्य यी, यी मानिसहरूबाट तथा अन्य अरू यी यी कारणहरूबाट भक्तबहादुर क्षेत्रीको मृत्यु भएको हो भनी मृत्युको कारणका सम्बन्धमा अदालतमा बकपत्र गर्न सकेको पनि पाइँदैन अन्य कुनै कारणबाट मृत्यु भएको हो कि भन्ने अनुमान एवं शंका गर्ने ठाउँसम्म मिसिलबाट देखिँदैन भने मृतक भक्तबहादुरको लास फेला परेको वारदातस्थलको प्रकृति, भौगोलिक अवस्था, मृतकको शव परीक्षण प्रतिवेदन, घटनास्थलको प्रकृति, लास जाँच मुचुल्का, लासको प्रकृति अवस्था एवं वारदातको रातभरजसो यिनै प्रतिवादीहरूसँगै रक्सी, मासु खाएका भक्तबहादुर क्षेत्रीको भोलिपल्ट बिहान लास भेटिनु, यी प्रतिवादीहरूले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको साविती बयान, निजहरू उपरको किटानी जाहेरी दरखास्त, जाहेरवाला अदालतमा उपस्थित भई जाहेरी व्यहोरालाई खण्डन हुने गरी बकपत्र गर्न नसकी रहेको अवस्था तथा यी प्रतिवादीहरूबाट बाहेक अन्य कुनै पनि कारणबाट मृत्यु भएको भन्ने खुल्न नसकेको लगायतका मिसिल संलग्न विभिन्न परिस्थितिजन्य शृंखलाबद्ध प्रमाणहरू समेतका उल्लिखित विभिन्न आधार प्रमाणहरू समेतबाट मृतक भक्तबहादुरको मृत्यु अन्य कुनै पनि कारणबाट भएको नभई यिनै तीनजना प्रतिवादीहरू रेशम आचार्य, विकास आचार्य र जयभद्र पौडेलले भक्तबहादुर क्षेत्रीलाई ढुंगा, लात्ती, मुक्का समेत प्रहार गरी हत्या गरेका रहेछन् भन्ने पुष्टि हुन आउँछ ।

साथै प्रस्तुत वारदातमा भक्तबहादुरको हत्या गर्न यी तीनै जना प्रतिवादीहरूको समान सहभागिता रहेको र यसैको बढी चोट प्रहारबाट मात्र भक्तबहादुरको मृत्यु भएको भन्ने पनि मिसिलबाट खुल्न सकेको पाइँदैन । त्यस्तैगरी यी तीनै जना प्रतिवादीहरूको सामूहिक क्रियाको परिणामबाट कर्तव्य भएको देखिँदा कसैको घटी वा कसैको बढी बल प्रयोग भई कुटपिट प्रहारबाट मृतक मरेको भन्ने पनि मिसिलबाट यकिनसाथ खुल्न सकेको पनि पाइँदैन । वारदात सम्बन्धी विभिन्न परिस्थितिजन्य सम्पूर्ण तथ्यबाट अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरूले मृतकलाई कुटपिट गरी ढुंगा समेतले प्रहार गरेका हौं भन्ने प्रतिवादीहरूको एकआपसको साविती बयान समर्थित भएको स्थितिमा अदालतमा इन्कारी बयान गरेकै भर आधारमा मात्र प्रस्तुत वारदातको ज्यान जस्तो गम्भीर जघन्य हत्याको कसुर अपराधबाट निज प्रतिवादीहरू रेशम, विकास र जयभद्रलाई उन्मुक्ति दिन मिल्ने पनि मिसिलबाट देखिँदैन र प्रस्तुत वारदातको कसुरमा कसैलाई वढी सजाय हुने र कसैलाई घटी वा सफाइ नै दिन मिल्ने पनि मिसिल प्रमाणहरूबाट देखिँदैन । तसर्थ निजहरूकै सामूहिक कर्तव्यबाट भक्तबहादुर क्षेत्रीको मृत्यु भएकोमा विवाद देखिएन । त्यसैले मिसिल संलग्न उल्लिखित विभिन्न परिस्थितिजन्य प्रमाण आधारहरू समेतका आधार प्रमाणहरूबाट प्रतिवादीहरू रेशम आचार्य, विकास आचार्य र जयभद्र पौडेलले भक्तबहादुर क्षेत्रीको हत्या गरेका रहेछन् भन्ने मिसिलबाट पुष्टि हुन आयो ।

यसरी भक्तबहादुर क्षेत्रीको यी प्रतिवादीहरूले हत्या गरेको पुष्टि हुन आए तापनि मिसिल संलग्न कुनै पनि प्रमाण कागजहरूबाट पनि यी प्रतिवादीहरू रेशम, विकास, जयभद्रले मृतक भक्तबहादुर क्षेत्रीलाई मार्नुपर्नेसम्मको पुरानो रिसइवी, मनसाय पनि रहे भएको भन्ने प्रस्तुत मिसलबाट नदेखिएको, आफूहरूले प्रतिवादीमध्येका प्रेमबहादुर थापाको होटलमा रक्सी मासु खाइरहेको अवस्थामा मात्र एक्कासि मृतक भक्तबहादुर क्षेत्री उक्त होटलमा आइपुगेका र मृतक भक्तबहादुर क्षेत्रीले आफूहरूलाई पढाएका आदरणीय गुरु (शिक्षक) भएको हुँदा स-सम्मान साथ, होटलमा राखी सँगै रक्सी मासु खाइसकेपछि मृतक भक्तबहादुर सरलाई निजको घरमा पुऱ्याउन भनी लिएर जाँदा बीच बाटोमा रक्सीको सुर तालमा मृतकसँग भनाभन झगडा हुँदा बाटोमा एक्कासि रिसको झोंकमा कुटपिट गरी मृतकलाई ढुंगा, लात्ती, मुक्का समेतले प्रहार गरी हत्या गरेको अवस्था देखिएको र मृतकलाई मार्नुपर्ने पुरानो रिसइवी, मनसाय नरहेको, मार्ने मनसायले पूर्वतयारीका साथ हतियार समेतको बन्दोबस्त गरी

योजनाबद्ध तरिकाबाट भक्तबहादुर क्षेत्रीलाई मारेको पनि नभई, बाटोमा रक्सीको सुर तालमा एक्कासि तत्काल रिस उठी सामूहिक रूपमा निजहरू तीनै जनाले ढुंगा, लात्ती, मुक्का समेतले मृतकलाई प्रहार गरी कर्तव्यबाट भक्तबहादुरको हत्या हुन गएको र उल्लिखित मिसिल संलग्न विभिन्न कागज प्रमाणहरू एवं परिस्थितजन्य विभिन्न प्रमाणहरूबाट यी प्रतिवादीहरू रेशमप्रसाद आचार्य, विकास आचार्य, र जयभद्र पौडेलले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ तथा १४ नं बमोजिमको कसुर अपराध गरेको ठहर्छ । सो ठहरेकाले निजहरूलाई जनही सोही ऐनको सोही महलको १४ नं बमोजिम १० (दस) वर्ष कैद सजाय हुने ठहर्छ । निजहरू उपरको मुलुकी ऐन ज्यान सम्बन्धीको १३(३) नं बमोजिमको अभियोग दाबी पुग्न सक्दैन ।

अर्का प्रतिवादीमध्येका प्रेमबहादुर थापाको हकमा निर्णयतर्फ विचार गर्दा-निजले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा प्रतिवादी रेशम, विकास, जयभद्र र मृतक भक्तबहादुर मेरो होटलमा रक्सी मासु खाइसकेपछि रातिको समयमा म समेत होटल घरदेखि बाहिर निस्क्यौं । रेशम र जयभद्रले भक्तबहादुरलाई दुवै हातमा समाते, भक्त सरले म आज क्षेत्री समाज कुश्मिशेराको अध्यक्ष भएको छु । तिमी बाहुन काठालाई जे पनि गर्न सक्छु भन्दै अपशब्द प्रयोग गरेर गालीगलौज गर्न सुरु गरे । निजले रेशम, विकास, र जयभद्रलाई बाहुन काठा भन्दा निजहरूले यो क्षेत्री आज बढी भएको छ । हुनै नपर्ने मान्छे अक्ष्यक्ष पनि भएछ । हामीलाई यस्ता नचाहिँदा अपशब्द प्रयोग गर्छ । यसलाई अलि पर लगी मध्यरात भएको छ । कसैले थाहा पाउँदैनन्, मारी फालिदिनुपर्छ भन्दै झ्याङकुटी पार्दै लगे । भक्त र रेशम समेत भनाभन गालीगलौज गर्दै आमा चकार्दै एक अर्कालाई हात छोड्दै अगाडि बढ्दै गए, रात धेरै बितेको र निजहरूले हात हालाहाल गरेको हुँदा म फर्की आफ्नो होटल घरमा आएको हुँ । भोलिपल्ट बिहान भक्तबहादुर सर मरेको थाहा पाई सो ठाउँमा गएँ । लास देखें, घोप्टो परी पल्टेको थियो । त्यसै बखत रेशमको मिसकल आयो । फेरि उनले फोन गरेनन् । मैले निजलाई फोन गरें । फोन गर्दा निजको आवाज काँपिरहेको थियो । अरू बढी कुरो नभई हाम्रा काका होमनाथ आउनुभएको छ कि छैन ? भनी सोधे । मैले आउनुभएको छ, टाढा हुनुहुन्छ भनें । त्यसपछि म घरमा आई मेरी श्रीमतीलाई लासको बारेमा बताउँदा रेशम समेतले मारेका हुन सक्छन् भनी श्रीमतीले भनिन् । राति हानाहान सुरु गरेपछि म फर्की घरमा आएको हुँदा मेरा आत्माले रेशम, विकास, जयभद्रले नै भक्तबहादुर क्षेत्रीलाई मारेको जस्तो लाग्छ भनी अधिकार प्राप्त अधिकारी समक्ष निजले साविती बयान गरेको पाइन्छ । यसरी उक्त बयान व्यहोराबाट समेत वारदात स्थलसम्म यी प्रतिवादी नपुगेका र पहिले नै आफ्नो होटल घरमा फर्केका भन्ने देखिन्छ भने प्रस्तुत मुद्दाका अन्य सहप्रतिवादीहरू रेशम, विकास, जयभद्रले समेत वारदात स्थलमा हामी ३ जना र मृतक भक्तबहादुर बाहेक अन्य कोही पनि थिएनन् भनी बयान गरेबाट यी प्रतिवादी प्रेमबहादुर थापा उक्त घटना वारदातस्थलसम्म नै नपुगेका र पहिले नै आफ्नो होटलमा फर्किसकेको भन्ने उक्त बयान व्यहोराबाट समेत पुष्टि भएको हुँदा यी प्रतिवादीको भक्तबहादुरलाई हत्या गर्नमा कुनै सहभागिता, संलग्नता रहेको भन्ने पनि मिसिलबाट पुष्टि हुन सकेको पाइँदैन । तसर्थ अभियोग दावी वमोजिम मुलुकी ऐन ज्यान सम्बन्धीको १७(२) नं बमोजिमको कसुर अपराध यी प्रतिवादीबाट भए गरेको भन्ने पनि अन्य सहअभियुक्तहरूको बयान व्यहोराबाट एवं बुझिएका अन्य मानिसहरूको भनाइ समेतका प्रमाण आधारहरूबाट पुष्टि हुन नसकेको एवं निजको इन्कारी बयान व्यहोरा तथा मिसिल संलग्न अन्य कुनै पनि प्रमाणहरूबाट अभियोग दाबी पुष्टि हुन नसकेको र मौकामा बुझिएका सम्पूर्ण मानिसहरूले समेत यी प्रतिवादीको मृतकलाई मार्न बाटो गौंडा छेकी हत्या गर्नमा संलग्नता छ भनी घटना विवरण कागजसम्म गर्न सकेको पाइँदैन । यसरी उल्लिखित विभिन्न आधार प्रमाणहरूबाट निज प्रतिवादी प्रेमबहादुर थापाले अभियोग दाबी बमोजिमको ज्यान सम्बन्धीको १७(२) नं बमोजिमको कसुर अपराध गरेको ठहर्दैन । तसर्थ प्रस्तुत मुद्दामा यी प्रतिवादी प्रेमबहादुर थापा उपरको वादी नेपाल सरकारको अभियोग माग दाबी पुग्न सक्दैन । प्रस्तुत

मुद्दाको अभियोग दाबीबाट यी प्रतिवादी प्रेमबहादुर थापाले सफाइ पाउने ठहर्छ । सो ठहर्नाले अरू तपसिलका कुरामा तपसिल बमोजिम नै हुने गरी अ.व. १८६ नं बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

१) माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी प्रेमबहादुर थापाले सफाइ पाउने ठहरी फैसला भएकोले निज यस अदालतको मिति २०६८।१०।१२ का आदेशले अ.व. ४७ नं बमोजिम साधारण तारेखमा रहेको देखिँदा केही गरिरहनु परेन ........................................................................१

२) माथि इन्साफ खण्डबाट प्रतिवादीहरू रेशमप्रसाद आचार्य, विकास आचार्य र जयभद्र पौडेललाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १४ नं बमोजिम १० (दस) वर्ष कैद सजाय हुने ठहरी फैसला भएकोले निज मिति २०६८।९।१२ देखि प्रहरी हिरासतमा र यस अदालतको मिति २०६८।१०।१२ का थुनछेक आदेशले पुर्पक्षको लागि थुनामा बसी आएको देखिँदा सोही हिरासतमा बसेको मितिबाट निजहरूलाई लागेको कैद कट्टी हुने गरी देहाय बमोजिमको लगत कसी कैद पुर्जी दिई कैद सजायको कार्यान्वयन गर्नू ..................................................................................................१

| प्रतिवादीहरू | लागेको कैद सजाय | कैद कट्टी हुने मिति | कैदमा बस्नुपर्ने अवधि | छुटी जाने मिति |
|---|---|---|---|---|
| रेशमप्रसाद शर्मा आचार्य | १० वर्ष कैद | २०६८।९।१२ | २०७८।९।११ | २०७८।९।१२ |
| विकास आचार्य | १० वर्ष कैद | २०६८।९।१२ | २०७८।९।११ | २०७८।९।१२ |
| जयभद्र पौडेल | १० वर्ष कैद | २०६८।९।१२ | २०७८।९।११ | २०७८।९।१२ |

३) प्रतिवादी रेशमप्रसाद शर्मा आचार्य, विकास आचार्य र जयभद्र पौडेललाई यस अदालतको इन्साफमा चित्त नबुझे स.मु.स ऐन २०४९ को दफा २६(१) बमोजिम सत्तरी (७०) दिनभित्र श्री पुनरावेदन अदालत वागलुङमा पुनरावेदन गर्नू भनी पुनरावेदनको म्याद दिनू.............................................१

४) यी प्रतिवादीहरू उपर लगाइएको अभियोग माग दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले प्रस्तुत फैसलामा चित्त नबुझे स.मु.स ऐन २०४९ को दफा २६ बमोजिम सत्तरी (७०) दिनभित्र श्री पुनरावेदन अदालत वागलुङमा पुनरावेदन गर्नू भनी श्री जिल्ला सरकारी वकिल कार्यालय वागलुङलाई फैसलाको प्रतिलिपि साथै राखी पुनरावेदनको म्याद दिनू.......................................................................१

५) सरोकारवालाले फैसलाको नक्कल सहितका कागजातहरूको प्रतिलिपि माग गरे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू ..........................................................................१

६) प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी पुनरावेदन परे मिसिल पुनरावेदन अदालत वागलुङमा पठाइदिने गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ............................................१

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाए
बमोजिम टिपी फैसला तयार गर्ने
ना.सु नवराज रेग्मी
क.अ होमनाथ शर्मा

**न्यायाधीश**

**इति संवत् २०६९ साल मंसिर १२ गते रोज ३ शुभम् ..................।**

**श्री झापा जिल्ला अदालत**
**माननीय जिल्ला न्यायाधीश श्री गिरिराज गौतम**
**फैसला**
**संवत् २०६७ सालको मुद्दा १८-०६७-००३८३**

**मुद्दा :- कर्तव्य ज्यान**
**निर्णय नं. १४८**

**वादीको नाम, थर, वतन**
प्र.स.नि. कृष्णप्रसाद सापकोटाको प्रतिवेदन र मान्डा राजवंशीको जाहेरीले नेपाल सरकार ........................................१

**ऐजनको प्रमाण**
साक्षी
कागज

**प्रतिवादीको नाम, थर, वतन**
भारत किसनगन्ज डिगलवैंक थाना धनतोला पञ्चायत स्थायी घर भै हाल झापा अनारमनी-३ मा डेरा गरी बस्ने पञ्चानन्द राजवंशी...................................................१
झापा चारपाने ३ बस्ने रमेश चौधरी............................१
झापा चारपाने ३ बस्ने जङ्गे चौधरी झापा महेशपुर १ बस्ने चन्द्र राजवंशी..............................................१
झापा महाभारा ७ घर भै हाल ऐ. अनारमनी ३ बस्ने गोलमती राजवंशी......................................................१

**ऐजनको प्रमाण**
साक्षी
कागज

**अदालतबाट बुझेको**
**साक्षी**...........
**कागज**..........

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार रहेको छ :-

मिति २०६७।६।३१ गते बिहानको समयमा जिल्ला झापा अनारमनी २ स्थित सडक किनाराको झाडीमा घाँटी काटी फालेको अवस्थामा लास रहेको भन्ने सूचना प्राप्त हुन आएको हुँदा सो सूचनाको आधारमा घटनास्थलमा जाँदा जिल्ला झापा महाभारा ७ स्थायी घर भै हाल झापा अनारमनी ३ मा बस्ने धनपतलाल राजवंशीको घाँटी काटी कर्तव्य गरी मारेको अवस्थामा लास फेला परेको हुँदा कानुन बमोजिम गरी पाऊँ भन्ने व्यहोराको प्र.स.नि.कृष्णप्रसाद सापकोटाको प्रतिवेदन ।

जिल्ला झापा अनारमनी २ स्थित पूर्वमा रवीन्द्र लिङ्गदेनको घर पश्चिममा उत्तर दक्षिणको बाटो उत्तरमा र दक्षिणका कल्भर्ट यति ४ चार किल्लाभित्र सडक किनाराको झाडीभित्र उत्तर टाउको दक्षिण खुट्टा भै चिउडोमुनि घाँटीमा काटिएको अवस्थामा धनपतलाल राजवंशीको लास रहेको भन्ने समेत व्यहोराको लास जाँच मुचुल्का ।

मिति २०६७।६।३० गते राति म आफ्नै घरमा थिएँ । भोलिपल्ट मिति २०६७।६।३१ गते बिहान अं.५.०० बजेको समयमा उठी केही माथिसम्म हिँडी घरतर्फ आउँदा घटनास्थल सडकमा रगत थियो, सडकको किनारामा रगत पक्ष मृतक लास देखेको हो, को कसले माऱ्यो, थाहा छैन भन्ने समेत व्यहोराको रोहित भन्ने होमनारायण राजवंशीको कागज ।

मिति २०६७।६।३० गते राति म आफ्नै घरमा थिएँ, सो दिन कुनै पनि घटना घटेको थाहा भएन । भोलिपल्ट मात्र घटनास्थलमा धनपतलाल राजवंशीलाई कर्तव्य गरी मारेको छ भन्ने थाहा पाएँ । सो कसले माऱ्यो थाहा भएन । मृतककी श्रीमती गोलमनि राजवंशी र म साथी साथी हो । मिति २०६७।६।३१ को बिहान पूजा गर्न जानका लागि फोन गरेको थिएँ तर फोन उठेन । कर्तव्यमा संलग्न अपराधीहरूको खोजतलास गरी कारबाही होस् भन्ने सावित्रा राजवंशीले अनुसन्धान अधिकारी समक्ष गरेको कागज ।

पञ्चानन्द राजवंशी मेरा श्रीमान् हुन म कान्छी श्रीमती हुँ, मबाट जायजन्म भएको छैन, मेरो श्रीमान् तथा छोराहरू टेलर्स पसल गरी बस्नुहुन्छ । बेला बेलामा काम छ भनी पसलतिर नै सुत्ने र गोलमती राजवंशीको होटलमा नै खाना खाने गर्नुहुन्थ्यो । यस्तैमा मिति २०६७।६।३० गते बेलुका पनि खाना खाई काम छ भनी पसल जानुभयो, भोलिपल्ट पसलमा गएपछि धनपतलाल राजवंशीलाई घाँटी काटी मारेको छ भन्ने कुरा थाहा पाएँ, को कसले मारे थाहा भएन भन्ने व्यहोराको चापती राजवंशीले अनुसन्धान अधिकारी समक्ष गरेको कागज ।

मृतक धनपतलाल राजवंशी मेरो देवर हो, केही वर्ष अगाडि निज महाभाराबाट विर्तामोड आई होटल व्यवसायी गरी बसेका थिए, मेरी छोरी पनि निजहरूको साथमा नै बस्दै थिइन्, यस्तैमा मेरो देवर रोजगारका लागि विदेश गई २०६७ साल ज्येष्ठ महिनामा घर आएका थिए, मिति २०६७।६।३१ गते बिहान मलाई फोन गरी घटना घटेको भन्ने जानकारी गराएपछि तत्काल म आउँदा मेरो देवर धनपतलाल राजवंशीलाई घाँटी काटी कर्तव्य गरी मारेको भन्ने बुझिन आएको हुँदा घट्ना सम्बन्धमा बुझ्दा मेरो देवर, विदेश, गएदेखि गोलमती राजवंशी र पञ्चानन्द राजवंशीबीच अनैतिक सम्बन्ध कायम रही आएको र धनपतलाल राजवंशी घर आएपछि निजहरूको सम्बन्ध टाढा हुने हुँदा गोलमती राजवंशी र पञ्चानन्द राजवंशीले मृतकलाई मारी दुवै जना विवाह गरी बस्ने सल्लाह अनुसार निजहरूको निर्देशनमा चन्द्र राजवंशी, रमेश चौधरी जङ्गे चौधरी समेत भै हतियार प्रहार गरी मारेको हुँदा निजहरू उपर कारबाही गरी पाऊँ भन्ने समेत व्यहोरा भएको मान्डा राजवंशीको जाहेरी दरखास्त ।

म झापा अनारमनी ३ मा टेलर्स पसल गरी बसेको छु । मेरो चिनजान धनपतलाल राजवंशी र गोलमती राजवंशीसँग भएपछि मेरो छोरीले निजहरूको छोरीसँग मित लगाएका हुन्, मित लगाएपछि मितेरी साइनो भयो । मेरो टेलर्स र निजहरूको होटल एउटै घरमा थियो । मेरो मित रोजगारको लागि विदेश गएदेखि होटलको रेखदेख गर्दै जाँदा धनपतलाल विदेश गएको १ वर्षपछिदेखि गोलमतीसँग मेरो शारीरीक सम्पर्क भयो । शारीरिक सम्पर्क हुँदै जाँदा २०६७ जेठ महिनामा धनपतलाल विदेशबाट घरमा आए निज धनपतलाल घर आएपछि हामीबीचको सम्बन्ध टाढा हुँदै गयो । म र गोलमतीले सरसल्लाह गरी निजलाई मारी हामी दुवै जना विवाह गरी सँगै होटल व्यवसाय गरी बस्ने सल्लाह गरी सोही सल्लाह बमोजिम मैले धपतलाललाई मार्नको लागि रमेश चौधरी, जंगै चौधरी र चन्द्र राजवंशीलाई २,००,०००।- (दुई लाख) रुपैयाँ दिने भनी सहमति अनुसार निजहरूले कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोरा भएको प्रतिवादी पञ्चानन्द राजवंशीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

म फर्निचरमा काम गर्छु । पञ्चानन्द राजवंशी फर्निचरमा दाउरा लिन आउँदा जाँदा चिनजान भयो । निजको टेलर्ससँगै होटल रहेको हुँदा म तथा अन्य साथीहरू पनि होटलमा रक्सी खान जाने गर्दथ्यौं । वारदात मितिभन्दा अं.१ महिना अगाडिदेखि पञ्चानन्द राजवंशीले म र गोलमती विवाह गर्ने भयौं, निजको श्रीमान् धनपतलाललाई मारिदेऊ रु. २,००,०००।- (दुई लाख) रुपैयाँमा दिन्छौं भनेको

हुँदा मैले, जंगै चौधरी र चन्द्र राजवंशी समेतलाई भनेको हुँ । मिति २०६७।६।३० गते बिहान धनपतलाल भारततर्फ गएको छ, बेलुका घर फर्कन्छ, घर फर्कदा बाटोमा वसी काम गर्नु भनी गोलमती राजवंशीले हामीलाई पटक पटक फोन गरेको र गोलमती समेत मञ्जुर भएकी हुँदा २०६७।६।३० गते राति म, चन्द्र राजवंशी र जंगे चौधरी समेतले बाटो ढुकी बसी धनपतलाल राजवंशी घटनास्थलमा आएपछि जङ्गे चौधरी र चन्द्र राजवंशीले समाती मैले फर्निचरमा फोर्म काट्ने हतियारले घाँटी रेटी कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोरा भएको प्रतिवादी रमेश चौधरीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

म फर्निचरमा काम गर्दै आएको थिएँ । रमेश चौधरी, जङ्गे चौधरी र म साथी हौं । झापा अनारमनी ३ मा होटल व्यवसाय गरी बस्ने गोलमती राजवंशीको होटलमा खाना खान र रक्सी खान आउने जाने गर्दथ्यो । यस्तैमा घटना हुनुभन्दा केही दिन अगाडिदेखि रमेश चौधरीले एक जना मानिसलाई मार्नुपर्छ, राम्रै पैसा आउँछ, भनेको हुँदा हुन्छ भनी मिति २०६७।६।३० गते रातिको समयमा म तथा मेरा साथीहरू जङ्गे चौधरी, रमेश चौधरी समेत विर्ता बजारमा बसी धनपतलाल आएपछि घटनास्थलमा आई म र जङ्गे चौधरीले समाती रमेश चौधरीले हतियारले घाँटी काटी मारेको हो । मार्नका लागि पञ्चानन्द राजवंशी र गोलमती राजवंशी समेतको निर्देशनमा म समेत भै धनपतलाल राजवंशीलाई कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोरा भएको प्रतिवादी चन्द्र राजवंशीको अनुसन्धान अधिकारी समक्ष भएको बयान ।

म प्रतिवादी रमेश चौधरी र चन्द्र राजवंशी साथी-साथी हौं, सँगै काम गर्ने रक्सी खाने गर्दथ्यौं । यस्तैमा म समेतले काम गरेको फर्निचर पसलमा दाउरा लिन आउँदा जाँदा पञ्चानन्द राजवंशीसँग चिनजान भयो । मेरो साथी रमेश चौधरीले एउटा मानिसलाई मार्नुपर्दछ, राम्रै पैसा दिन्छ भनेको हुँदा हुन्छ भनी सहमति गरी २०६७।६।३० गते हामी तीनै जना साँझको समयमा विर्तामोड आयौं, जाँड रक्सी खायौं र रमेश चौधरीले भने बमोजिम गर्दै गई रातिको समयमा झापा विर्ता बजारस्थितबाट धनपतलाल राजवंशीको पिछा गर्दै आई घटनास्थलमा म र चन्द्र राजवंशीले समाती रमेश चौधरीले हतियार प्रहार गरी काटी मारेको हो । मार्ने कार्यमा पञ्चानन्द राजवंशी र गोलमती राजवंशी समेतको सहमति छ भन्ने समेत व्यहोरा भएको प्रतिवादी जङ्गे चौधरीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

मेरो श्रीमान् घरमा हुँदा नै मेरी छोरी र पञ्चानन्द राजवंशीको छोरीले मित लगाई पञ्चानन्द राजवंशी र हामीबीच मितेरी साइनोको सम्बन्ध रहेको र मेरो श्रीमान रोजगारको लागि विदेश जानुपूर्व घरको रेखदेख गरिदिनु भनी पञ्चानन्द राजवंशीलाई भनेको हुँदा निज पञ्चानन्दले मेरो घरको रेखदेख गरी व्यवहार हेरी आउनुभएको थियो । मसँग निज पञ्चानन्दको १ वर्ष अगाडिदेखि माया प्रेम भई हामीबीच शारीरिक सम्पर्क समेत भएको थियो । शारीरिक सम्पर्क हुँदै जाँदा २०६७ साल जेठमा मेरो श्रीमान धनपतलाल विदेशबाट घर आएपछि हामीबीचको सम्बन्ध टाढा टाढा हुँदै गयो र मेरो श्रीमान्ले शंका गरी पञ्चानन्दसँग वादविवाद गरी झगडा गर्नुभयो, त्यसपछि पञ्चानन्दले तेरो श्रीमान्लाई मारिदिन्छु, त्यसपछि त र म विवाह गरी बस्नुपर्दछ भन्दै आउनुभएको थियो । मेरो श्रीमान्लाई पञ्चानन्द राजवंशी समेतले रमेश चौधरी, चन्द्र राजवंशी र जङ्गे चौधरीलाई मार्न लगाई कर्तव्य गरी मारेको हो, श्रीमान्लाई मार्दछ भन्ने कुरा मलाई जानकारी थियो भन्ने समेत व्यहोरा भएको प्रतिवादी गोलमती राजवंशीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

घाँटीमा धारीलो हतियारले काटिएको कारणले धनपतलाल राजवंशीको मृत्यु भएको हो भन्ने पोष्टमार्टम रिपोर्ट ।

मेरो बुवा धनपतलाल राजवंशीको रोजगारको लागि विदेश गएपछि मित बुवा पञ्चानन्द राजवंशीले घरको रेखदेख गरी आउनुभएको थियो । होटलमा आउने जाने खानेको हरहिसाब गर्नुहुन्थ्यो ।

बुवा विदेशबाट घरमा आएपछि मित बुवा र बुवाबीच राम्रो सम्बन्धमा थिएन । आमा गोलमती राजवंशीसँग मित वा को सम्बन्ध भयो भएन यकिन भन्न सक्तिन, मित बुवाले आमालाई तेरो बूढा आएपछि तँ त बोल्न पनि छाडिस् भन्नुहुन्थ्यो । यस्तैमा २०६७६।३१ गते बिहान बुवालाई काटी मारेको अवस्थामा लास भेटियो, बुभ्दा पञ्चानन्द राजवंशी समेतको आदेशमा रमेश चौधरी समेतले कर्तव्य गरी मारेका रहेछन्, कारबाही होस भन्ने व्यहोराको मृतककी छोरी सम्भना राजवंशीले अनुसन्धान अधिकारी समक्ष गरेको कागज ।

मृतककी श्रीमती गोलमती राजवंशीको पञ्चानन्द राजवंशीसँग अनैतिक सम्बन्ध रहेको कारणसँगै विवाह गरी बस्ने भनी गोलमती र पञ्चानन्द समेतको मिलेमतोमा धनपतलाल राजवंशीलाई मार्न लगाएको भन्ने सुने बुझेको हुँ, मार्न लगाएकोमा विश्वास लाग्दछ भन्ने व्यहोराको अम्बर किशोर राजवंशीले अनुसन्धान अधिकारी समक्ष गरेको कागज ।

पञ्चानन्द राजवंशी र गोलमती राजवंशी मेरो घरको अलग अलग सटरमा पसल गरी बस्दछन् । निजहरूको के कस्तो सम्बन्ध थियो, यकिन भन्न सक्दिन तर पञ्चानन्दले गोलमतीलाई काम सघाउने गर्दथे । धनपतलाल राजवंशी रोजगारको लागि विदेश गई घरमा आएको थियो । यस्तैमा मिति २०६७६।३१ गते बिहानको समयमा धनपतलाल राजवंशीलाई काटी मारेको भन्ने थाहा पाए हेर्न जाँदा लास उठाई सकेको रहेछ, बुभ्दा धनपतलाल राजवंशीको श्रीमती गोलमती राजवंशी र पञ्चानन्द राजवंशीबीच माया प्रेम रहेको र निजहरू विवाह गरी बस्ने सल्लाह अनुसार निजहरूकै मिलेमतोमा रु. २,००,०००।- दिने सर्तमा रमेश चौधरी समेतलाई पैसा दिने भनी धनपतलाल राजवंशीलाई मार्न लगाएको भन्ने सुने बुझेको हुँ भन्ने समेत व्यहोराको पदम श्रेष्ठले अधिकार प्राप्त अधिकारी समक्ष गरेको कागज ।

मिति २०६७६।३० गते राति म आफ्नै घरमा थिएँ । सो दिन कुनै घटना घटेको थाहा भएन भोलिपल्ट २०६७६।३१ गते बिहान मात्र घटनास्थलमा धनपतलाल राजवंशीलाई काटी मारेको अवस्थामा लास रहेको भन्ने जानकारी भै घटनास्थलमा जाँदा धनपतलाल राजवंशीको घाँटी अगाडिबाट काटिएको अवस्थामा लास देखेको हुँ । सोबारे बुझ्दै जाँदा मृतक केही वर्ष अगाडि रोजगारको लागि विदेश जाँदा पञ्चानन्द राजवंशीलाई घरको रेखदेख गरिदिनु भनी गएको र रेखदेख गर्ने क्रममा गोलमती राजवंशीसँग माया प्रेम सम्बन्ध रही आएको र केही महिना अगाडि धनपतलाल राजवंशी आफ्नो घर फर्केपछि निजहरूबीचको सम्बन्ध टाढा हुँदै गएकोले धनपतलाल राजवंशीलाई मारी सँगै विवाह गरी बस्ने सहमति गरी रु २,००,०००।- दिने सर्तमा रमेश चौधरी, जङ्गे चौधरी र चन्द्र राजवंशीलाई समेत भनी गोलमती राजवंशी र पञ्चानन्द राजवंशीको निर्देशनमा धनपतलाल राजवंशीलाई मारेको भन्ने सुने बुझेको खुल्न आएको हुँदा निजहरूले नै मारेकोमा विश्वास लाग्दछ भन्ने समेत व्यहोराको दिनेश मल्ल, नारायण ओली, शिवप्रसाद न्यौपाने, उमा राजवंशी र आनन्द लिम्बू समेतले लेखाइदिएको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादीहरूमध्येका पञ्चानन्द राजवंशी र गोलमती राजवंशीले सरसल्लाह मिलेमतो गरी मौका मिलाई धनपतलाल राजवंशीलाई मार्न रु. २,००,०००।- रकम दिई ज्यान मार्नको लागि रमेश चौधरी, जङ्गे चौधरी र चन्द्र राजवंशी समेतलाई मिलाई धनपतलाल राजवंशीको घाँटी रेटी हत्या गरेको देखिँदा यी प्रतिवादीहरूले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. को विपरीत १३ नं.को कसुर पुष्टि हुन आएकोले प्रतिवादी रमेश चौधरीलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(१) बमोजिम र धनपतलाललाई मार्नमा वचन दिई मार्न लगाउने पञ्चानन्द राजवंशी र गोलमती राजवंशी र मार्नमा मिलेमतो गरी घटनास्थलमा गई धनपतलाल राजवंशीलाई मार्नको लागि हात समाती मद्दत गर्ने जङ्गे चौधरी र चन्द्र राजवंशीलाई ऐ.ऐ. को १३(४) बमोजिम सजायको माग दाबी भएको अभियोग पत्र ।

मृतक धनपतलालको छोरी र मेरी छोरी मित लगाएकोले र छिमेकमा मृतककी श्रीमती गोलमतीको होटल भएकाले चिनजान राम्रो थियो । मृतक विदेश जाँदा प्र.गोलमती र मेरो प्रेम सम्बन्ध भै यौन सम्पर्क भयो । मृतक विदेशबाट फर्केपछि थाहा पाई झगडा भई बोलचाल समेत बन्द भएकोले गोलमती र मैले सल्लाह गरी प्रतिवादी चन्द्र राजवंशी, रमेश चौधरी र जङ्गे चौधरीलाई रु. २,००,०००।- दिन्छु भनी मार्न लगाएको हो, म आफैंले मारेको होइन भन्ने समेत व्यहोरा भएको प्रतिवादी पञ्चानन्द राजवंशीले अदालत समक्ष गरेको बयान ।

प्रतिवादी रमेश, चन्द्र र म फर्निचर बनाउनेमा काम गर्ने साथी साथी हौं । प्रतिवादी रमेशले रु. २,००,०००।- पैसा आउँछ धनपतलाललाई मार्नुपर्छ भनेकाले रक्सी खाएको सुरमा पत्याइन्, उक्त दिन रात परेपछि रमेश, चन्द्र र म घटनास्थलमा गयौं । धनपतलालसँग रमेश डिसकेस गर्दै थियो । रमेशसँग के हतियार थियो, एक्कासि धनपतलालको घाँटीमा प्रहार गरी धनपतलाललाई लडायो, निज मृतक लडेपछि म डरले भागें । पैसा पञ्चानन्द र गोलमतीले दिन्छ, धनपतलाललाई मार्नुपर्छ भनी रमेशले भनेको हुँदा साथै गएकोसम्म हो । मैले कर्तव्य गरी मारेको होइन भन्ने समेत व्यहोरा भएको प्रतिवादी जङ्गे चौधरीले अदालत समक्ष गरेको बयान ।

प्रतिवादी पञ्चानन्द राजवंशीले हामीहरू म, जङ्गे र रमेशलाई रक्सी किनिदिई फकाई म गोलमतीसँग विवाह गर्छु, मसँगै बस्ने हुँदा धनपतलाल राजवंशीलाई मारिदिनु, रु. २,००,०००।- दिन्छु भनेकाले पैसाको लोभमा परी मिति २०६७।६।३० गते राति म जङ्गे र रमेश भै गोलमती र पञ्चानन्दको सल्लाहमा धनपतलालको हत्या गरेका हौं । पैसा पाएको छैन, काम भइसकेपछि पैसा चुक्ता गर्ने सल्लाह थियो भन्ने व्यहोरा भएको प्रतिवादी चन्द्र राजवंशीले अदालत समक्ष गरेको बयान ।

प्रतिवादीहरूमध्येका चन्द्र राजवंशी र जङ्गे चौधरी मसँगै फर्निचरमा काम गर्ने मानिसहरू हौ । प्रतिवादीमध्येका पञ्चानन्द राजवंशी म समेत काम गर्ने फर्निचरमा आई सधैं दाउरा लाने गर्नुहुन्थ्यो । यही चिनजानको कारणले हामीलाई रक्सी किनिदिने गर्नुहुन्थ्यो । यसरी हाम्रो विश्वास बढ्दै गएको थियो । यही क्रममा पञ्चानन्दले गोलमतीसँग म विवाह गर्छु, धनपतलाल राजवंशीलाई तिमीहरूले मार्नुपर्छ म तिमीहरूलाई रु. २,००,०००।- (दुई लाख) दिन्छु भनेर म जङ्गे र चन्द्रलाई घटना घट्नुभन्दा लगभग १०।१२ दिन अगाडि रक्सी खाएको बेला भनेको हुँदा गोलमती समेत भेला भै मार्ने योजना बनाई २०६७।६।३० गते बेलुका रातको ९।१० बजेतिर घटनास्थलमा जङ्गे, चन्द्र र म भई धनपतलाल राजवंशीलाई काटेर मारेका हौं भन्ने समेत व्यहोरा भएको प्रतिवादी रमेश चौधरीले अदालत समक्ष गरेको बयान ।

मेरो श्रीमान्लाई मार्न पञ्चानन्द राजवंशीले अह्राएर अन्य ३ जना प्रतिवादीले मारेका हुन् । मैले मार्न लगाएको होइन । यिनीहरूले म उपर झुठा आरोप मात्र लगाएका हुन् भन्ने समेत व्यहोरा भएको प्रतिवादी गोलमती राजवंशीले अदालत समक्ष गरेको बयान ।

प्रतिवादीहरू पञ्चानन्द राजवंशी, रमेश चौधरी, चन्द्र राजवंशी, जङ्गे चौधरी, गोलमती राजवंशीलाई पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुलुकी ऐन अ.बं.११८ को देहाय २ बमोजिम पुर्पक्षको निमित्त थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू भन्ने यस अदालतबाट मिति २०६७।८।३ मा भएको थुनछेक आदेश ।

मेरो बुवालाई प्र.पञ्चानन्द राजवंशी समेतका अन्य ३ जना व्यक्तिहरू समेतले हत्या गरेका हुन् । पञ्चानन्दले अन्य ३ जनालाई रु. २,००,०००।- रुपैयाँ दिई मेरो बुवाको हत्या गराई मेरी आमालाई फकाएर लैजाने नियतले घाँटी काटी मारेका हुन् भन्ने व्यहोरा भएको मृतककी छोरी सम्झना राजवंशीले अदालत समक्ष गरेको बकपत्र ।

प्रतिवादीमध्येका पञ्चानन्द राजवंशीले मेरो देवर मृतक धनपतलालको सम्पत्ति खानका लागि अन्य प्रतिवादीहरू रमेश चौधरी, चन्द्र राजवंशी र जङ्गे चौधरी समेतको सहयोग लिई कर्तव्य गरी मारेका हुन् भन्ने समेत व्यहोरा भएको जाहेरवाला मान्डा राजवंशीले अदालत समक्ष गरेको बकपत्र ।

## अदालतको निर्णय

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न सम्पूर्ण कागजात अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधीवक्ता श्री केशवप्रसाद रेग्मी र प्रतिवादीहरू तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री गजेन्द्र आचार्य र वैतनिक अधिवक्ता श्री मात्रिका खरेल समेतले गर्नुभएको बहस जिकिर समेत सुनी मिसिल अध्ययन गरी देहायका प्रश्नहरूमा विवेचना हुनुपर्ने देखिन आयो ।

(क) मृतक धनपतलालको मृत्यु कर्तव्यबाट भएको हो होइन ।

(ख) कर्तव्यबाट मृतकको मृत्यु भएको वारदात स्थापित भएको अवस्थामा मृतकलाई कर्तव्य गर्नमा के कुन प्रतिवादीको संलग्नता रहेको छ ?

(ग) प्रतिवादीहरूको संलग्नता देखिएमा प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम सजाय हुने हो होइन ?

यसमा प्रथम प्रश्न मृतक धनपतलाल राजवंशीको मृत्यु कर्तव्यबाट भएको हो होइन भन्ने सम्बन्धमा विचार गर्दा मिति २०६७।३।३१ गते प्र.स.नि.कृष्ण सापकोटाले पेस गरेको प्रतिवेदनमा मिति २०६७।६।३१ गते बिहान अन्दाजी ६ बजेको समयमा झापा अनारमनी २ स्थित पुरानो भद्रपुर रोडमा घाँटी काटी मारेको अवस्थामा लास फेला परेको खबर प्राप्त हुनासाथ घटनास्थलमा गै हेर्दा झापा महाभारा ४ घर भई हाल अनारमनी-३ डेरा गरी बस्ने धनपतलाल राजवंशीको लास रहेकोले कारबाही अगाडि बढाउन प्रतिवेदन पेस गरेको देखिन्छ । सोही मितिको घटनास्थल मुचुल्कामा घाउ चोटपटकको महलका चिउँडोमुनि अगाडि घाँटीमा धारिलो हतियारले काटेको, ठूलो घाउ चोट रहेको, भनी घटनास्थलमा प्राप्त सबुद प्रमाणको महलमा लासको नजिकमा कालो रङ्गको १ जोडी चप्पल B.S.A. कालो रङ्गको चप्पल र रगत बगेको भन्ने उल्लेख भई आएको देखिन्छ । सोही मितिमा भएको Autopsy Report मा धनपतलाल राजवंशीको घाँटीको अवस्थामा A wide cut injury present over the neck as out 4.c.m. below the chin the upper margin is U-shaped at the root of the neck measuring 19 c.m.with underlying structure exposed भन्ने उल्लेख भई Cause of Death मा Direct injury to major vessels and respiratory touet leading to severe heamorrhage and hyperolenic shock भन्ने उललेख भएको देखिन्छ । अनुसन्धानको क्रममा संकलन गरिएको मृतकको तस्बिरहरू हेर्दा र मौकाको प्रतिवेदन घटनास्थल मुचुल्का, तथा Autospy Report समेतका मिसिल संलग्न सबुद प्रमाणहरूबाट मृतक धनपतलाल राजवंशीको मृत्यु कर्तव्यबाट मिति २०६७।६।३० गते राति भएको भन्ने वारदात स्थापित हुन आयो ।

अब दोश्रो प्रश्न कर्तव्यबाट मृतकको मृत्यु भएको वारदात स्थापित भएको अवस्थामा मृतकलाई कर्तव्य गर्नमा के कुन प्रतिवादीको के कस्तो भूमिका रहेको छ भन्ने सम्बन्धमा विचार गर्दा वादी नेपाल सरकारले मृतक धनपतलाल राजवंशीको मृत्यु सम्बन्धमा गरेको अनुसन्धानको क्रममा मौकामा कागज गर्ने व्यक्तिहरूको भनाइ, शव परीक्षण प्रतिवेदन वस्तुस्थिति मुचुल्कामा बस्ने व्यक्तिहरूको भनाइ तथा अनुसन्धान अधिकारी समक्ष बयान गर्ने प्रतिवादीहरूको बयान समेतलाई आधार लिई प्रतिवादी पञ्चानन्द राजवंशी र गोलमती राजवंशीबीचमा अनैतिक शारीरिक सम्बन्ध भएको र प्रतिवादी गोलमतीको लोग्ने मृतक धनपतलाल राजवंशी विदेशबाट नेपाल फर्की घरमा आएपछि

निजहरूको प्रेम सम्बन्धमा अवरोध उत्पन्न भएकोले प्रतिवादी पञ्चानन्द राजवंशी र गोलमतीको सल्लाहमा प्रतिवादी पञ्चानन्द राजवंशीले अन्य प्रतिवादीहरूलाई रु. २,००,०००।- (दुई लाख) रकम पारितोषिक वा आश्वासन वा रकमको प्रलोभन प्रतिवादी रमेश चौधरीलाई दिई मृतकको कर्तव्य गर्ने गराउने कार्य गरेकोले प्रतिवादीहरूको कार्य ज्यान सम्बन्धी महलको १ नं.१३(१) र १३(४) विपरित देखिन आएकोले प्रतिवादी रमेश चौधरीलाई ज्यान सम्बन्धीको १३(१) नं.बमोजिम र अन्य प्रतिवादीहरूलाई १३(४) बमोजिमको सजायको माग दावी लिई प्रस्तुत अभियोग दायर भएको देखिन्छ ।

माथि प्रश्न १ मा घटनास्थल प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन समेतको सम्बन्धमा विवेचना गर्दा मृतकको धारिलो हतियार प्रयोग गरी कर्तव्यबाट मृत्यु भएको वारदात स्थापित भएको छ । प्रतिवादीहरूले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा प्रतिवादीमध्ये पञ्चानन्द राजवंशीले आफ्नी छोरी र मृतककी छोरीबीचमा मितेरी साइनो रहेको र मृतकको श्रीमती प्रतिवादी गोलमतीले सञ्चालन गरेको होटल र आफ्नो टेलर्स एउटै घरको सटरमा रहेको मृतकले विदेश जानुपूर्व आफ्नो घरको रेखदेख गरिदिनु भनी गएका र आउने जाने क्रममा गोलमतीसँग यौनसम्पर्क समेत भइरहेको र मृतक २०६७ जेठ महिनामा विदेशबाट फर्की घरमा आएपछि आफू र प्र.गोलमतीको सम्बन्धमा शंकाको दृष्टिले हेर्न थालेको र सोही विषयमा बोलचाल समेत बन्द भएको कारण निजलाई पन्छाई गोलमतीसँग वैवाहिक सम्बन्ध कायम गर्न प्रतिवादी रमेश चौधरी समेतलाई प्रयोग गरी मारे मराएको भन्ने तथ्य उल्लेख गरी सावित रही बयान गरेको देखिन्छ । निजले मृतक २०६७।६।३० मा भारतमा भेटी चढाउन गएको र फर्की आउँदा योजना मुताविक कार्य गर्नुपर्दछ भनी प्र..रमेश चौधरीलाई फोन सम्पर्क गरी जानकारी गराएको निर्देशन दिएको र सोही मुताविक प्रतिवादी रमेश चौधरी समेत अन्य प्रतिवादीहरूले कर्तव्य गरेको कुरामा समेत पोल गरी बयान गरेको देखियो । प्रतिवादी रमेश चौधरीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा पञ्चानन्द राजवंशी र गोलमतीको राय सल्लाह बमोजिम मिति २०६७।६।३० गते विर्ता बजार नेर गई कुरी बसी मृतक साइकल चढी आएको अवस्थामा राति ९/१० बजेतिर चन्द्र राजवंशी र जङ्गे चौधरीले मृतकलाई समाते, मैले मसँग भएको छुरीले मृतकको घाँटी काटी मारेको हुँ भनी कर्तव्य गरेको कुरामा सावित रहेको देखिन्छ । प्रतिवादी चन्द्र राजवंशीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा पैसा पाइन्छ भन्ने लोभमा मैले तत्काल साइकलयात्रीको कम्मर समाएँ, रमेश चौधरीले साइकलयात्रीको घाँटीमा छुरा प्रहार गरे भनी मृतकको कर्तव्य गरेको कुरामा सावित रही बयान गरेको देखिन्छ । प्रतिवादी जङ्गे चौधरीले रमेशले दाहिने हातले छुरा निकाल्यो, मैले र चन्द्र राजवंशीले एक एक हात पक्र्यौं, मैले निज व्यक्तिको कमिजको पछाडि कलर समातें भनी आफ्नो अपराध कसुरमा रहेको संलग्नतालाई सावित रही बयान गरेको देखिन्छ । प्रतिवादी गोलमती राजवंशीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा आफ्नो प्रतिवादी पञ्चानन्द राजवंशीसँगको सम्बन्धको सम्बन्धमा प्रतिवादी पञ्चानन्दले गरेको बयानलाई समर्थन हुने गरी सावित रहेको, पञ्चानन्दले आफ्नो श्रीमान्लाई मार्ने भन्ने सुनेको थिएँ तर मार्लान् भन्ने लागेको थिएन, मार्देछ भन्ने थाहा थियो, मेरो फोनबाट पञ्चानन्द राजवंशीले कुरा गरेको हो, के के कुरा गर्‍यो थाहा भएन भन्ने समेतको अनुसन्धान अधिकारी समक्ष बयान गरेको देखिन्छ ।

प्रतिवादीहरूले यस अदालतमा आई बयान गर्दा प्रतिवादी पञ्चानन्द राजवंशीले आफ्नो अनुसन्धान अधिकारी समक्ष गरेको बयानलाई अन्यथा जिकिर लिन नसकी प्रतिवादी गोलमती र मैले सल्लाह गरी प्रतिवादीहरू रमेश चौधरी, चन्द्र राजवंशी र जङ्गे चौधरीलाई रु २,००,०००।- (दुई लाख) दिने भनी मार्न लगाएको हो भनी मृतकको कर्तव्यमा सबै प्रतिवादीहरूको संलग्नतालाई स्वीकार गरी अपराध कसुर गरेको कुरामा सावित (Confession) रही बयान गरेको देखियो । अर्का प्रतिवादी रमेश चौधरीले घटनाको १०।१२ दिन अगाडि हामी पाँचै जना भई मृतक धनपतलाललाई मार्ने योजना बनाएको र निजहरूले नै मृतकलाई चिनाइदिएको हो भनी आफ्नो मृतकलाई कर्तव्य गर्ने कार्यमा

संलग्नता रहेको भनी अपराध कसुर गरेको कुरामा स्वीकार गरी (Confession) रहेको देखिन्छ । प्रतिवादी चन्द्र राजवंशीले यस अदालतमा बयान गर्दा पञ्चानन्द राजवंशी र गोलमतीको सल्लाहमा म रमेश चौधरी र जङ्गे चौधरीले धनपतलाललाई कर्तव्य गरी मारेको हो वारदातमा मैले हातमा जङ्गेले कमिजको कलरमा समाई रमेश चौधरीले घाँटीमा छुरीले हानी निजको मृत्यु भएको हो भनी बयान गरेको देखिन्छ । प्रतिवादी जङ्गे चौधरीले अदालतमा आई बयान गर्दा वारदातसम्म गएको हुँ, कर्तव्य गरेको होइन, पैसा पाइन्छ भनी गएको हुँ भनी आफ्ना वारदातका उपस्थितिलाई स्वीकारसम्म गरी र अपराधमा संलग्नता नभएको भनी बयान गरेको देखिन्छ । प्रतिवादी गोलमती राजवंशीले अदालतमा उपस्थित भई बयान गर्दा मेरो श्रीमान्लाई प्रतिवादी पञ्चानन्द राजवंशीले आउने र अन्य तीन जनाले कर्तव्य गरी मारेको हो भनी आफ्नो कर्तव्यमा कुनै संलग्नता नरहेको भनी बयान गरेको देखिन्छ ।

यस अदालतमा आई बकपत्र गर्ने प्र.स.नि.कृष्णप्रसाद सापकोटाले आफ्नो जाहेरी प्रतिवेदनलाई समर्थन हुने गरी बकपत्र गरिदिएको देखिन्छ भने अनुसन्धान अधिकारी समक्ष कागज गरिदिने मृतक धनपतलाल राजवंशीकी छोरी सम्झना राजवंशीले पञ्चानन्द राजवंशी समेतले मृतक बाबुलाई कर्तव्य गरी मारेको भनी बकपत्र गरेको र प्रतिवादी गोलमतीको संलग्नता नरहेको भनी बकपत्र गरेको देखिन्छ । पछि जाहेरी दिने मान्डा राजवंशीले यस अदालतमा आई बकपत्र गर्दा पञ्चानन्द राजवंशी समेतका अन्य प्रतिवादीहरूले मृतक धनपतलाल राजवंशीलाई कर्तव्य गरी मारेको भनी बकपत्र गरेको देखिन्छ । निजले बकपत्र गर्दा प्रतिवादी गोलमती राजवंशीको हकमा कुनै पोल गर्न सकेको देखिँदैन । यस अदालतमा आई बकपत्र गर्ने जाहेरवाला समेतका व्यक्तिहरूको भनाइ तथा प्रतिवादी पञ्चानन्द राजवंशी, चन्द्र राजवंशी र रमेश चौधरीको अनुसन्धान अधिकारी समक्ष भएको बयान र यस अदालतमा भएको बयान व्यहोरालाई मृतकको पोष्टमार्टम रिपोर्ट समेतका मिसिल संलग्न सवुद प्रमाणहरूले समर्थन गरेको देखिँदा निज प्रतिवादी निर्दोष रहेछन भनी मान्न मिल्ने देखिन आएन ।

प्रतिवादी जङ्गे चौधरीको सम्बन्धमा विचार गर्दा निजले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा आफू रमेश चौधरी र चन्द्र राजवंशी एउटै फर्निचरमा काम गर्ने व्यक्ति भएको प्रतिवादी पञ्चानन्द राजवंशी आफूले काम गर्ने फर्निचरमा दाउरा लिन जाँदा चिन जान भएको मेरो साथी रमेश चौधरीले एउटा मान्छे मार्नुपर्दछ भनी भनेकोले सहमति गरी २०६७।६।३० गते वारदातमा गएको हुँ भनी भनेकोले मैले समेत मृतकलाई समाती रमेश चौधरीले धारिलो हतियारले घाँटीमा प्रहार गरी मारेको हो भनी बयान गरेको र उक्त कार्यमा प्रतिवादी पञ्चानन्द र गोलमतीको सहमति थियो भनी बयान गरे पनि यस अदालतमा बयान गर्दा पैसाको लोभले वारदात स्थलसम्म गएको हुँ भनी बयान गरेको देखिन्छ । प्रतिवादीले अदालतमा आई बयान गर्दा आफ्नो अनुसन्धान अधिकारी समक्षको बयान स्वेच्छाले नगरेको भनी बयान गरे पनि वारदातमा मौजुद रहेको तथ्यमा अदालतमा समेत सावित रहेको देखिन्छ । सहअभियुक्तहरू पञ्चानन्द राजवंशी, रमेश चौधरी र चन्द्र राजवंशीले आफूहरू मृतकलाई मारेको कुरामा सावित रही बयान गरेको र उक्त कार्यमा यी प्रतिवावदीको समेत संलग्नता रहेको भनी बयान गरेको देखिन्छ । अपराध कसुर गरी यी प्रतिवादीको समेत मृतकलाई मार्न संयोग पारिदिने कुरामा समाउने कार्यमा संलग्नता रहेको भनी मृतकलाई छुरा प्रहार गर्ने रमेश चौधरीलाई पोल गर्नुको पछाडि अन्य कुनै कारण वा रिसइवी रहेको भएको भन्ने भनाइ यी प्रतिवादीको रहे भएको कहीँ कतैबाट देखिन आउँदैन । यस अवस्थामा प्रतिवादीको अनुसन्धान अधिकारी समक्ष भएको बयानलाई अन्यथा भनी प्रतिवादी जङ्गे चौधरीले अदालतमा जिकिर लिए पनि आफ्नो इन्कारीलाई प्रमाण ऐनको दफा २७ बमोजिम पुष्टि गर्न सकेको देखिँदैन । यस अवस्थामा प्रतिवादी जङ्गे चौधरीको अनुसन्धान अधिकारी समक्ष भएको बयान समेतका सहअभियुक्त पञ्चानन्द, गोलमती राजवंशी, रमेश चौधरी र चन्द्र राजवंशीको अदालतमा भएको बयान जिकिरमा भएको पोल समेतबाट प्रतिवादी जङ्गे चौधरी निर्दोष रहेछन् भनी मान्न मिल्ने देखिन आएन ।

अब प्रतिवादी गोलमती राजवंशीको सम्बन्धमा विचार गर्दा जाहेरवाली मान्डा राजवंशीले प्रतिवादी पञ्चानन्द राजवंशी र गोलमती पछि विवाह गरी बस्ने उद्देश्यले अन्य प्रतिवादीहरूलाई प्रयोग गरी आफ्नो देवर धनपतलालको कर्तव्य गरी मारेको भनी जाहेरी गरेको देखिन्छ । प्रतिवादी गोलमतीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा प्रतिवादी पञ्चानन्दसँगको यौन सम्पर्क रहेको तथ्यलाई स्वीकार गरेको र श्रीमान् विदेशबाट फर्की आएपछि हामी बीचको सम्बन्धमा तगारोको रूपमा मृतक श्रीमान् रहेको तथ्यलाई स्वीकार गरेको र श्रीमान् विदेशबाट फर्की आएपछि हामीबीचको सम्बन्ध टाढा टाढा हुँदै गयो मेरो श्रीमान्ले शंका गरी पञ्चानन्दसँग वादविवाद गरी झगडा गर्नुभएको त्यसपछि पञ्चानन्दले तेरो श्रीमान्लाई मारिदिन्छु, तँ र म विवाह गरी बस्नुपर्दछ भन्दै आउनुभएको थियो, मेरो श्रीमान्लाई पञ्चानन्द राजवंशी, रमेश चौधरी, चन्द्र राजवंशी र जङ्गे चौधरी समेतले कर्तव्य गरी मारे मराएको हो । श्रीमान्लाई पञ्चानन्द राजवंशीले मार्ने भन्ने सुनेको थिएँ र मार्छन् भन्ने थाहा थियो, मार्लान् भन्ने लागेको थिएन । मेरो फोनबाट पञ्चानन्द राजवंशीले कुरा गरेको हो के के कुरा गऱ्यो थाहा भएन भनी बयान गरेको देखिन्छ । निजले यस अदालतमा आई बयान गर्दा मेरो श्रीमान्लाई मार्न पञ्चानन्द राजवंशीले अह्राई अन्य तीन जना समेत भई मारेका हुन्, मार्न मैले अराएको छैन, मैले टेलिफोन सम्पर्क गरेको छैन, टेलिफोन सम्पर्क गरेको भनेको कागज झुट्टा हो भनी अनुसन्धान अधिकारी समक्ष भएको व्यहोरा आफ्नो भएको बयानभन्दा पृथक् बयान गरे पनि उक्त बयान आफ्नो स्वैच्छाले भएको होइन भन्न सकेको देखिँदैन । प्रतिवादी रमेश चौधरी, चन्द्र राजवंशी र जङ्गे चौधरीले अनुसन्धान अधिकारी र यस अदालतमा पञ्चानन्द राजवंशी र गोलमतीको राय सल्लाह अनुसार निज प्रतिवादीहरूले २ लाख दिने भनी भनेकोले पैसाको लोभमा मारेको भनी आफू अपराध कसुर गरेको कुरामा सावित रही प्रतिवादी गोलमती समेतको मृतक धनपतलाललाई मार्नमा सहमति रहेको भनी पोल गरेको देखिन्छ । अर्का प्रतिवादी धनपतलाल राजवंशीले अनुसन्धान अधिकारी र यस अदालतमा बयान गर्दा आफ्नो प्रतिवादी गोलमतीसँगको सम्बन्धमा मृतकका पति बाधक रहेको कारण उक्त सम्बन्धलाई निरन्तरता दिन गोलमती समेतको सल्लाहमा धनपतलाललाई अन्य प्रतिवादीहरूलाई प्रयोग गरी मार्न लगाएको भनी बयान गरेको र मिसिल संलग्न रहेको टेलिफोनको Call details बाट प्रतिवादी गोलमतीको टेलिफोन नं.९८०७९४३४३८ बाट प्रतिवादी रमेश चौधरीको नं.९८०३००७९२८ मा वारदात घटित पूर्व पटक पटक सम्पर्क भएको Call details र सहअभियुक्तहरूको बयानबाट समेत देखिन आएको अवस्थामा प्रतिवादी गोलमतीको अदालत समक्ष भएको बयान खण्डित भई अनुसन्धान अधिकारी समक्षको बयानलाई समर्थन गरेको देखिँदा यी प्रतिवादी निर्दोष रहेछिन् भनी मान्न मिलेन ।

अब तेश्रो प्रश्न अपराधमा संलग्नताको पुष्टि हुन आएको अवस्थामा प्रतिवादीहरूलाई अभियोग माग दाबी बमोजिम सजाय हुने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा सर्वप्रथम प्रतिवादी रमेश चौधरी उपर वादी नेपाल सरकारले ज्यान सम्बन्धी महलको १३(१) बमोजिम सजायको माग दाबी लिएको देखिन्छ । निजको अदालत समक्ष भएको बयान समेतबाट मृतकलाई छुरा प्रहार गरेको कुरा माथि विवेचित तथ्यबाट देखिन आएको अवस्थामा अभियोग माग दाबी बमोजिम ज्यान सम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्व सहित जन्म कैद हुने देखियो । प्रतिवादी चन्द्र राजवंशी र जङ्गे चौधरीको हकमा वादी नेपाल सरकारले १३(४) बमोजिमको सजायको माग दाबी लिएको र प्रतिवादी चन्द्र राजवंशीले अनुसन्धान अधिकारी र यस अदालतमा आई बकपत्र गर्दा समेत आफू वारदात स्थलमा गई मृतकलाई समाई प्र. रमेश चौधरीलाई मार्नमा संयोग पारिदिएको कुरामा सावित रही बयान गरेको देखिँदा निजलाई अभियोग माग दाबी बमोजिम १३(४) नं.बमोजिम सजाय हुनुपर्ने देखिन आयो ।

प्रतिवादी जङ्गे चौधरीको हकमा विचार गर्दा निजले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा आफू वारदातमा उपस्थित भई मृतक धनपतलाललाई समाई रमेश चौधरीलाई छुरी प्रहार गर्न संयोग पारिदिएकोमा सावित रहेको देखियो । यस अदालतमा बयान गर्दा निजले आफू वारदातमा गएको सम्म

हो मृतकलाई मार्नमा आफ्नो संलग्नता रहेको छैन भनी बयान गरेको देखियो । निजले अनुसन्धान अधिकारी समक्ष गरेको बयानलाई अन्यथा भनी जिकिर लिए पनि प्रतिवादी रमेश चौधरी र चन्द्र राजवंशीको यस अदालतमा भएको बयान समेतबाट प्रतिवादी जङ्गे चौधरीले समेत मृतकलाई समाएको कुरालाई उल्लेख गरेको देखिन्छ । प्रतिवादी जङ्गे चौधरीले यस अदालतमा मृतकलाई मार्ने कार्यमा आफ्नो संलग्नतालाई इन्कार गरे पनि आफ्नो अनुसन्धान अधिकारी समक्ष भएको बयानलाई खण्डित गर्न नसकेको र अन्य प्रतिवादीहरूको यस अदातमा भएको बयान र निजको अनुसन्धान अधिकारी समक्ष भएको बयान एकआपसमा मिले भिडेको अवस्थामा निजले समेत अभियोग माग दाबी बमोजिमको कसुर गरेको र निजलाई समेत माग दाबी बमोजिम सजाय हुने देखिन आयो ।

प्रतिवादी पञ्चानन्द राजवंशीको हकमा विचार गर्दा मिसिल संलग्न तथ्यहरूले निजको वारदात स्थलमा उपस्थिति रहेको देखिँदैन । निज उपर वादी नेपाल सरकारले ज्यान सम्बन्धी महलको १३(४) नं.बमोजिम सजायको माग दाबी लिएको देखिन्छ । उक्त न.को कानुनी व्यवस्था हेर्दा "जुनसुकै कुरा गरीकन पनि ज्यान मार्नमा वचन दिनेलाई वा वारदात भै रहेको ठाउँमा गै मार्नलाई संयोग पारिदिना निमित्त मार्ने मानिसको जीउमा हात हाली पक्री समातिदिनेलाई जन्म कैद गर्नुपर्दछ" भन्ने रहेको देखिन्छ । ज्यान सम्बन्धीको १४(४) को कानुनी व्यवस्थाले सो अपराध हुनका लागि कसुरदारको वारदात स्थलमा उपस्थिति नभई वचनसम्म दिएको देखिन आए पनि यस नं.बमोजिम कसुर गरेको मान्नुपर्ने देखियो देखियो । पञ्चानन्द राजवंशीले यस अदालतमा बयान गर्दा स.ज.५ मा......मृतक विदेश जाँदा प्र. गोलमती र मेरो प्रेम सम्बन्ध भै यौनसम्पर्क भयो, मृतक विदेशबाट आई थाहा पाई भनाभन झगडा र बोलचाल बन्द भएकोले गोलमतीसँग सल्लाह गरी प्र. रमेशलाई २ लाख दिई मार्न लगाएको हो भनी बयान गरेको देखिन्छ । प्रतिवादी रमेश चौधरी समेत अन्य प्र.हरूले यस अदालतमा बयान गर्दा समान रूपमा प्रतिवादी पञ्चानन्द राजवंशी समेतको सल्लाहमा रु २ लाख पाइन्छ भनी मारेको भनी बयान गरेको र मृतक धनपतलाल मिति २०६७।६।३० गते भारतमा भेटी चढाउन गएको र फर्की आउँदा बाटोमा नै सक्नुपर्दछ भनी गोलमती राजवंशी समेतको फोनबाट प्रतिवादी रमेशलाई जानकारी गराएको र निजले वारदातकै दिन निजको आगमन मार्ग समेतको जानकारी गराएको कारण र निजहरूबीचमा भएको पूर्वसल्लाह बमोजिम मारे मराएको भनी बयान गरेको समेतका तथ्यहरूबाट प्रतिवादी पञ्चानन्द राजवंशीले दिएको आदेश वचन मानी पैसाको प्रलोभन समेत देखाई प्रतिवादी रमेश चौधरी समेतले मृतकलाई कर्तव्य गरेको देखिँदा प्रतिवादी पञ्चानन्द राजवंशीलाई वादी नेपाल सरकारको अभियोग माग दाबी बमोजिम ज्यान सम्बन्धीको महलको १३(४) बमोजिम सजाय हुनुपर्ने देखिन आयो ।

अब प्रतिवादी गोलमती राजवंशी समेत माथि विवेचित आधारमा कसुरदार देखिएको अवस्थामा निजलाई अभियोग माग दाबी बमोजिम सजाय हुने नहुने के रहेछ भनी हेर्दा निज उपर वादी नेपाल सरकारले ज्यान सम्बन्धी महलको १ नं. र १३(४) को कसुरमा सोही १३(४) नं.बमोजिम सजायको माग दाबी लिएको देखिन्छ । उक्त १३(४) को माथि उल्लिखित कानुनी व्यवस्थाले उक्त नं.बमोजिम सजाय गर्न २ वटा अवस्था विद्यमान रहेको हुनुपर्ने जसमा वचन दिने र वारदातमा उपस्थित भै ज्यान मार्नलाई संयोग पारिदिनुपर्ने भन्ने उल्लेख भएको देखिन्छ । प्रतिवादी पञ्चानन्द राजवंशी र रमेश चौधरीको माथि प्रकरण प्रकरणमा विवेचित अदालतमा भएको बयान समेतबाट प्रतिवादी गोलमतीले मृतक धनपतलाललाई मार्न वचन आफैंले दिएको वा वारदातमा उपस्थित आफैं भएको कहीँ कतैबाट देखिन आउँदैन । यी प्रतिवादी गोलमती बाहेकका अन्य चारै जना प्रतिवादी बयानको निचोडबाट प्रतिवादी गोलमती मृतक धनपतलाललाई मार्न राय सल्लाह दिएको र प्रतिवादी गोलमतीको स्पाइस नेपाल प्राइभेट मिलिटेडबाट जारी भएको मोबाइल नं.९८०७९४३४३८ बाट प्रतिवादी पञ्चानन्द राजवंशीले प्रतिवादी रमेश चौधरीलाई निजको फोनं.९८०३००७९२८ बाट मृतकलाई वारदातपूर्व पटक पटक वार्ता गरी मार्न निर्देशन दिएको भन्ने भनाइ सहअभियुक्तहरूको बयान पोल मिसिल संलग्न Call details

बाट समेत देखिन आएको अवस्था विद्यमान रहेको देखियो । सो गर्नुको पछाडि प्रतिवादी गोलमती र पञ्चानन्द राजवंशीको अवैध सम्बन्धलाई निरन्तरता दिने मनसाय रहेको देखिन्छ । यस अवस्थामा गोलमतीको अपराधमा संलग्नता आपराधिक षड्यन्त्रसम्म रहेको देखिन आयो । यस प्रकारको अपराधको संलग्नतालाई अपराधीकरण गर्ने सम्बन्धमा हेर्दा प्रस्तावित अपराधसंहिता २०६७ को परिच्छेद ३ को दफा ३२ मा यस प्रकारको प्रावधान प्रस्तावित गरिएको छ ।

**३२.आपराधिक षड्यन्त्र गर्न नहुने :- १.** कसैले कुनै आपराधिक षड्यन्त्र गर्नु हुँदैन ।

२. दुई वा दुईभन्दा बढी व्यक्तिहरूले कुनै कसुर गर्ने वा गराउन मञ्जुर गरेमा निजहरूले आपराधिक षड्यन्त्र गरेको मानिने छ ।

स्पष्टीकरण :- यस दफाको प्रयोजनको लागि,

(क) आपराधिक षड्यन्त्र स्थापित हुनको लागि मञ्जुरी गर्नेमध्ये कम्तीमा कुनै एक व्यक्तिले मञ्जुरी कार्यान्वयन गर्न कुनै कार्य गरेको हुनुपर्दछ ।

(ख) जुन कसुर गर्नको लागि आपराधिक षड्यन्त्र भएको हो, सो कसुर हुन असम्भव हुने रहेछ भने पनि कसुर गरेको मानिनेछ र सो बापत सजाय हुनेछ ।

३. जघन्य वा गम्भीर प्रकृतिको कसुरको आपराधिक षड्यन्त्र गर्ने व्यक्तिलाई यस संहितामा अन्यत्र छुट्टै सजायको व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा देहाय बमोजिम सजाय हुनेछ ।

(क) आपराधिक षड्यन्त्र बमोजिमको कसुर गरेको भए त्यस्तो कसुर गरे सरहको सजाय,

(ख) आपराधिक षड्यन्त्र बमोजिमको कसुर नभई अन्य कसुर भएकोमा त्यस्तो कसुर त्यस्तो षड्यन्त्र कार्यान्वयनको सिलसिलामा वा त्यसैको सम्भावित परिणामस्वरूप भएको रहेछ भने सो कसुर बापत हुने सजाय,

(ग) आपराधिक षड्यन्त्र बमोजिमको कसुरको अतिरिक्त अन्य कसुर पनि भएकोमा त्यस्तो कसुर पनि सो षड्यन्त्र कार्यान्वयनको सिलसिलामा वा त्यसैको सम्भावित परिणामस्वरूप भएको रहेछ भने सो कसुरको समेत थप सजाय,

(घ) आपराधिक षड्यन्त्र बमोजिमको कसुर भई नसकेको भए त्यस्तो कसुरको लागि तोकिएको सजायको आधा सजाय ।

उपरोक्त संहिताको प्रस्तावित व्यवस्थाले आपराधिक षड्यन्त्रमा हुनका लागि दुई वा दुईभन्दा बढी व्यक्तिहरूले कुनै कसुर गर्ने वा गराउन मञ्जुर गरेमा निजहरूले आपराधिक षड्यन्त्र गरेको मानिनेछ भनी व्यवस्था गरेको र त्यस प्रकारको आपराधिक कार्य हुनका लागि मञ्जुरी गर्नेमध्ये कम्तीमा कुनै एक व्यक्तिले मञ्जुरी कार्यान्वयन गर्ने कार्य गरेको हुनुपर्दछ भन्ने उल्लेख भएको देखिन्छ । धनपतलाललाई कर्तव्य गर्नमा प्रतिवादी गोलमती र पञ्चानन्द राजवंशीले सहमति गरी सोको कार्यान्वयन पञ्चानन्द राजवंशीले गरेको देखिन्छ । त्यसको अलावा प्रतिवादी गोलमतीले आफ्नो मोबाइल समेत प्रतिवादी पञ्चानन्द राजवंशीलाई प्रयोग गर्न दिएको भन्ने माथि विवेचित तथ्यहरूबाट देखिन आयो । उक्त प्रस्तावित मस्यौदाले त्यस प्रकारको जघन्य वा गम्भीर प्रकृत्तिको कसुरको आपराधिक षडयन्त्र गर्ने व्यक्तिलाई कसुर गरे सरहको सजायको व्यवस्था गरेको छ । प्रचलिन कानुनले आपराधिक षड्यन्त्र सम्बन्धमा गरेको व्यवस्था हेर्दा मुलुकी ऐन ज्यान सम्बन्धी महलको १६ नं.लाई नै हेर्नुपर्ने हुन्छ । उक्त नं.हेर्दा ज्यान मार्ने काममा वा ज्यान मर्न सक्ने कुनै कुरामा मुख्य भै षड्यन्त्र गर्ने वा त्यस्तो काम गर्न लगाउनेलाई ज्यान मरेको रहेछ भने दस वर्षदेखि पन्ध्र वर्षसम्म कैदको सजाय गर्नुपर्छ" भन्ने कानुनी व्यवस्था रहेको छ । यस व्यवस्थालाई हेर्दा ज्यान मार्न मुख्य भै षड्यन्त्र गर्ने वा त्यस्तो कार्य गर्न लगाउनेलाई भनी दुई अवस्थाको कानुनले परिकल्पना गरेको छ । प्रतिवादी

गोलमतीको माथि प्रश्न २ मा विवेचित आधारमा निजको मृतक पति धनपतलालको ज्यान मार्ने काम गर्न लगाएको कुरा प्रतिवादी रमेश चौधरी र पञ्चानन्द राजवंशीको बयान समेतबाट देखिन आएको अवस्थामा प्रतिवादी गोलमती उपर वादी नेपाल सरकारको ज्यान सम्बन्धी महलको १३(४) नं.बमोजिम सजायको माग दाबी रहे पनि निजको हकमा १३(४) आर्कषित नभई ज्यान सम्बन्धी महलको १६ नं. मा व्यवस्थित कानुनी व्यवस्था बिपरीतको कसुर गरेको देखिँदा निजको हकमा सोही दफा बमोजिम सजाय हुने देखियो ।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट मृतकको मृत्युको कारणमा Direct Injury to major vessels, and respiratory touet leading to severe heamorahage and hyporotefnic shock भन्ने देखिएको र प्रतिवादीहरू पञ्चानन्द राजवंशी, रमेश चौधरी, चन्द्र राजवंशी र जङ्गे चौधरी समेतको अनुसन्धान अधिकारी र यस अदालतमा भएको बयान समेतबाट प्रतिवादी पञ्चानन्द राजवंशी र गोलमती राजवंशीको राय सल्लाह अनुसार रु..२,००,०००।- रकम लिई मृतकलाई मिति २०६७६।३० गते अभियोग दाबीको वारदातस्थलमा प्रतिवादी जङ्गे चौधरी र चन्द्र राजवंशीले मृतकको जीउ अंगमा समाई प्रतिवादी रमेश चौधरीले घाँटीमा छुरा प्रहार गरी मारेको देखिन आएकोले प्रतिवादी रमेश चौधरीलाई वादी नेपाल सरकारको अभियोग माग दाबी बमोजिम मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्व सहित जन्म कैद हुने ठहर्छ ।

अन्य प्रतिवादीहरूमध्ये प्रतिवादी पञ्चानन्द राजवंशीले मृतकको श्रीमतीसँगको सम्बन्धका कारण मृतकलाई मारी प्रतिवादी गोलमती राजवंशीसँग विवाह गर्ने योजना समेत बनाई प्रतिवादी रमेश चौधरी, जङ्गे चौधरी र चन्द्र राजवंशीलाई मृतकलाई मार्नमा वचन दिई रु.२,००,०००।- दिनेसम्मको आश्वासन दिई सोही कारणबाट वा वचनबाट प्रतिवादी रमेश चौधरी समेतले कर्तव्य गरेको देखिन आएको देखिँदा प्रतिवादी पञ्चानन्द राजवंशीलाई वादी नेपाल सरकारको अभियोग माग दाबी बमोजिम ज्यान सम्बन्धी महलको १३(४) बमोजिम जन्म कैद हुने ठहर्छ ।

प्रतिवादीहरू चन्द्र राजवंशी र जङ्गे चौधरीले मृतकलाई मार्न वारदातमा उपस्थित भई मृतकको हात, कम्मर र कलर समेत समाई प्र. रमेश चौधरीलाई मार्नमा संयोग पारिदिएको देखिन आएकोले निजहरूलाई वादी नेपाल सरकारको अभियोग माग दाबी बमोजिम ज्यान सम्बन्धी महलको १३(४) बमोजिम जन्म कैद हुने ठहर्छ ।

प्रतिवादी गोलमती राजवंशीको हकमा वादी नेपाल सरकारको मृतकलाई मार्नमा सहयोग गरेको भनी १३(४) बमोजिमको को को अपराध कसुर गरेमा सोही दफा बमोजिम सजायको माग दाबी रहेकोमा माथि विवेचित आधारमा प्रतिवादी गोलमतिको अपराधमा संलग्नता उक्त महलको १३(४) नं. अवस्था विद्यमान नभई निजको अपराधमा संलग्नता मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३ नं. को अवस्था विद्यमान देखिँदा प्रतिवादी गोलमतीलाई सोही दफा बमोजिम १२ बाह्र वर्ष कैद हुने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

प्रतिवादी रमेश चौधरी के माथि निर्णय खण्डमा लेखिए बमोजिम मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्व सहित जन्म कैद हुने ठहरेकाले निजको अंश रोक्का भएको नदेखिँदा अंश सर्वस्व गर्नू ।

प्रतिवादी रमेश चौधरी मिति २०७।७८ देखि प्रहरी हिरासतमा रहेको देखिँदा सोही मितिदेखि जन्म कैदको लगत कसी कैद म्याद ठेगी कारागार कार्यालय, झापामा लेखि पठाइदिनू ।

प्रतिवादीहरू चन्द्र राजवंशी, जङ्गे चौधरी र पञ्चानन्द राजवंशी के मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(४) नं.बमोजिम जन्म कैद हुने ठहरेकाले निजहरू मिति २०६७।७।८ देखि प्रहरी हिरासतमा रहेको देखिँदा सोही मितिदेखि जन्म कैदको लगत कसी कैद म्याद ठेगी कारागार कार्यालय, झापामा लेखि पठाइदिनू ।

प्रतिवादी गोलमती राजवंशी के माथि निर्णय खण्डमा लेखिए बमोजिम मुलुकी ऐन ज्यान सम्बन्धी महलको १६ नं.बमोजिम कैद वर्ष १२ हुने ठहरेकाले निज मिति २०६७।७।८ देखि प्रहरी हिरासतमा रहेको देखिँदा सोही मितिदेखि कैद म्याद ठेगी कारागार कार्यालय झापामा लेखी पठाइदिनू ।

यस अदालतको इन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत इलाममा पुनरावेदन गर्नू भनी प्रतिवादीहरू पञ्चानन्द राजवंशी, गोलमती राजवंशी,चन्द्र राजवंशी, रमेश चौधरी र जङ्गे चौधरी समेतलाई फैसलाको प्रतिलिपि सहित र जिल्ला सरकारी वकिल कार्यालय झापालाई पुनरावेदनको म्याद दिनू ।

पुनरावेदन परे पुनरावेदन तहबाट पुनरावेदन नपरे साधक जाँचको लागि श्री पुनरावेदन अदालत, इलाममा मिसिल पठाइदिनू ।

सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तुर लिई सारी सराइदिनू ।

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख संरक्षक फाँटमा बुझाइदिनू ।

माननीय न्यायाधीशज्यूले बोली टिपाए
बमोजिम टिप्ने शा.अ.बाबुराम राई
कम्प्युटर टाइप गर्ने :- टा.ना.सु.गीता न्यौपाने

**न्यायाधीश**

**इति संवत् २०६८ साल पौष २७ गते रोज ३ शुभम् ................।**

**श्री नवलपरासी जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री राजेन्द्र खरेल**
**फैसला**
**संवत् २०६८ सालको स.फौ.नं.६६-०६८-००६८८**
**निर्णय नं.१९६**

**मुद्दा : कर्तव्य ज्यान**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| जिल्ला नवलपरासी दिव्यपुरी गा.वि.स.वडा नं.७ बस्ने विरवल माझीको जाहेरीले वादी नेपाल सरकार........................................................१ | जिल्ला नवलपरासी दिव्यपुरी गा.वि.स.वडा नं.७ पुनर्वास बस्ने जितबहादुर माझीको छोरा सुनसागर माझी..............................................................१ |

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ एवं मुलुकी ऐन अ.वं.२९ नं.बमोजिम यसै अदालतको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र निर्णय यस प्रकार छ :-**

**जाहेरी दरखास्त**

मेरो सहोदर भाइ जिल्ला नवलपरासी दिव्यपुरी गा.वि.स.वडा नं.७ बस्ने सुनसागर माझीले मिति २०६८।९।११ गतेका दिन राति आफ्नै श्रीमती वर्ष २७ की माया माझीलाई मसला पिस्ने ढुंगा (लोहोरो) ले शरीरको विभिन्न भागमा हिर्काई रगताम्य पारी मारी आफू भागी फरार भएकोले कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको वीरबल माझीको जाहेरी दरखास्त ।

**घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का**

जिल्ला नवलपरासी दिव्यपुरी गा.वि.स.वडा नं.७ पुनर्वास भन्ने स्थानमा पूर्वतर्फ उत्तर दक्षिण बाटो, पश्चिम खेतबारी, उत्तरमा भीमबहादुर माझीको घर, दक्षिणमा सीताराम माझीको घर यति चार किल्लाभित्र मूलढोका पूर्वतर्फ रहेको घरको चारै पाखा साइडमा टाटीले बारी माटोले पोतिएको जस्तापाताको छानो भएको एकतले कच्ची घर रहेको घरको मूल ढोकाबाट भित्र प्रवेश गरी जाँदा ढोकादेखि ५ फुटको दूरीमा धुरीखाँबो रहेको सो खाँबो नजिक भुइँमा रगतजस्तो पदार्थ लागी सुकेको, सोही धुरीखाँबोदेखि पूर्व साइडमा खाली खाट रहेको, सो धुरी खाँबोदेखि पश्चिमतर्फ खाट रहेको सो खाटमा सिरक कपडाले छोपी दक्षिण सिरान उत्तर गोडा गरी सुनसागर माझीको श्रीमती माया माझीको लास ढाकिएर रहेको, मृतक लासको अनुहारको भागमा रगताम्य, रगत बगेको, दुवै आँखाको माथि निधारसम्म ठाउँठाउँमा छाला नीलो कालो नीलडाम रही रगत बगिसुकेको, निधारको भागमा थिच्चिएको जस्तो कुमपाताको भागमा छाला फुटेर रगत निस्की सुकेको, सो मृतक लास रहेको नजिक भुइँमा मसला पिस्ने ढुंगा (लोहोरो) रहेको भन्ने समेत व्यहोराको घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का ।

**शव परीक्षण प्रतिवेदन**

मृत्युको कारण Head injury (Cause hard and bluent injury) भन्ने मृतक माया माझीको शव परीक्षण प्रतिवेदन ।

**मृतक माया माझीको बाबु पकुवा मुसहरले गरेको कागज**

मेरो जेठो छोरी वर्ष २७ की माया माझीलाई यी प्रतिवादी सुनसागर माझीले १५ वर्षको उमेरमा नै प्रेम विवाह गरी श्रीमती बनाइराखेका थिए, निज छोरी ज्वाइँबाट ४ जना छोरीको जन्म भएको र जेठी छोरी ५ वर्षको उमेरमा मृत्यु भई बाँकी बचेका दुईवटी छोरी मेरो घरमा राखी सानी नातिनी मञ्जु आमासँगै बस्दै आएकी थिइन्, त्यस्तैमा ज्वाइँ सुनसागर माझीले ज्याला मजदुरी गर्ने, जाँड रक्सी खाने र छोरीसँग झैझगडा गरी कुटपिट गर्दै आएकोमा सम्झाउने बुझाउने समेत गर्दा निज ज्वाइँ मूर्ख बन्दै छोरी उपर कुटपिट गर्दै आएका थिए, मिति २०६८।९।११ गते राति ज्वाइँ सुनसागरले छोरी माया माझीलाई घरमै कुटपिट गरी मारी छोडी आफू भागेको भन्ने सुनी आउँदा छोरीको मृत लासलाई प्राथामिक स्वास्थ्य केन्द्र दुम्कौलीमा लगेको भन्ने खबर पाई सोही अस्पतालमा गई हेर्दा छोरी माया माझीको टाउको अनुहार शरीरका अन्य भागमा घाउचोट, नीलडाम, घाउहरूबाट रगत बगी सुकेको अवस्थामा मृत लास देखें, घटना घटाई ज्वाइँ फरार भएको हुँदा निज सुनसागर माझीले नै छोरीलाई कुटपिट गरी मारी दिएको विश्वास लाग्छ भन्ने समेत व्यहोराको मृतक माया माझीको बाबु पकुवा मुसहरले गरेको कागज ।

**सीताराम माझीको कागज**

प्रतिवादी सुनसागर माझीले मिति ०६८।९।११ गतेका राति आफ्नो श्रीमती माया माझीलाई कुटपिट गरी मारी अपराध छिपाउन सिरकले लास छोपी आफू भागी फरार भएको भन्ने घटना सम्बन्धी कुरा भोलिपल्ट थाहा पाए, सुनसागर माझीले पाँच ६ महिना पहिलेदेखि जाँड रक्सी खाई श्रीमतीलाई कुटपिट गर्दै आएको थिएँ, सो दिन राति पनि निज प्रतिवादी सुनसागरले आफ्नै श्रीमतीलाई मारेकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको सीताराम माझीले मौकामा गरेको कागज ।

**बलिराम माझीले गरेको कागज**

हामी माझी जाति माछा मार्ने भएकाले बलिराम माझीले गरेको कागज गतेको बेलुका म माछा नारायणी नदीमा गएको थिए, सो राति म नारायणी नदीमा नै बास बसी भोलिपल्ट बिहान माया माझी मरिछ भन्ने खबर पाई घरमा पुग्दा मृतक बुहारीको लासलाई पोष्टमार्टम गर्न लगिसकेको रहेछ घटना बुझ्दा सुनसागर माझीले रातिको समयमा मसला पिस्ने ढुंगाले श्रीमती माया माझीलाई टाउको तथा अन्य भागमा प्रहार गरी मारेको भन्ने बुझिन आएको हो र निज सुनसागर माझी भागी फरार भएकाले माया माझीलाई निजले नै मारेकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको बलिराम माझीले गरेको कागज ।

**धर्मबहादुर माझीले गरेको कागज**

मिति ०६८।९।११ गते म नारायणी नदीमा माछा मार्न गएको थिएँ, रातभरि उतै बसी बिहान घरमा आउँदा सुनसागर माझीले आफ्नो श्रीमती माया माझीलाई मारी भागेको भन्ने खबर सुनी तत्काल घटनास्थलमा गई हेर्दा माया माझीको टाउको अनुहारको भागमा घाउचोट, रगताम्य अवस्थामा भएकाले घाउको प्रकार हेर्दा ढुङ्गाले थिचिएको छोट लागेको जस्तो देखिन्थ्यो, निज प्रतिवादीले जाँड

रक्सी खाई श्रीमतीलाई कुटपिट गर्ने, झैझगडा गर्ने गर्दथे वारदातको दिन पनि निज सुनसागर माझीले नै रक्सीको नशामा श्रीमतीलाई कुटपिट गरी मारेकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको धर्मबहादुर माझीले गरेको कागज ।

**टेकबहादुर माझीको कागज**

मिति ०६८।९।१२ गतेको बिहान सुनसागर माझीले आफ्नो श्रीमतीलाई मारेको छ भन्ने खबर पाई म सुनसागरको घरमा जाँदा सुनसागर माझी घरमा नभएको स्थानीय मानिसहरूको मात्र भेला भई म आफैं स्वयं इलाका प्रहरी कार्यालय रजहरमा आई घटनाको जानकारी गराएको हुँ, प्रहरी घटनास्थलमा पुग्दा मृतक माया माझीको लास रगताम्य अवस्थाका देखेको हुँ, निज मृतकलाई आफ्नै श्रीमान सुनसागर माझीले कर्तव्य गरी मारेकोमा विश्वास लाग्दछ, घटनामा अन्य कोही कसैको संलग्नता रहेको भन्नेमा पूर्ण विश्वास लाग्दैन भन्ने समेत व्यहोराको टेकबहादुर माझीको कागज ।

**विमल माझीको कागज**

मिति ०६८।९।१२ गते बिहान म घर बाहिर निस्कँदा सुनसागर माझीलाई सडकमा पल्टिएको देखें, रक्सीले मातिएको होला भन्ने ठानी निजको घरमा खबर गर्न भनी जाँदा निजकी श्रीमती माया माझी घरभित्र रगताम्य अवस्थामा लडिराखेको देखें र म डराई फर्की आई गाउँ छिमेकमा खबर गरी प्रहरीलाई समेत खबर गरी गई हेर्दा उक्त लास देख्दा अनुहार टाउकोको भागमा घाउ चोट रगत निस्केको र माया माझी मृत अवस्थामा रहेको देखें, निज माया माझीलाई आफ्नै श्रीमान सुनसागर माझीले कर्तव्य गरी मारेको विश्वास लाग्दछ । पछि निज सुनसागर माझी लडेको ठाउँमा गई हेर्दा निज सो ठाउँमा नभएको हुँदा निजले नै श्रीमतीलाई मारी भागेको विश्वास लाग्छ भन्ने समेत व्यहोराको विमल माझीको कागज ।

**भीमबहादुर माझीको कागज**

मिति ०६८।९।१२ गते बिहान प्रतिवादी सुनसागर माझी रक्सीको नसामा भएको निजले लगाएको कपडामा रगत लत्पतिएको गाउँलेले देखी मृतकको घरमा गई हेरेछन्, घरभित्र रगत देखेछन्, माया माझीले मृत अवस्थामा विस्तारामा सिरकले ढाकेकोमा हेर्दा टाउको फुटेको, ठाउँ ठाउँमा नीलडाम देखिएकोले प्रहरीमा खबर गरी म समेत घटनास्थलमा गई मृत लास देखेको हुँ घटना सम्बन्धमा बुझ्दा निज प्रतिवादी र माया माझी दुवै जना एकआपसमा झैझगडा गर्ने, गएको मिति ०६८।९।११ गते राति पनि निजहरूबीच घरमा झगडा गरेको आवाज सुन्नमा आएको भन्ने बुझिन आएकोले सो झगडाकै क्रममा प्रतिवादी सुनसागर माझीले श्रीमतीमाथि कुटपिट गरी  हत्या गरेकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको भीमबहादुर माझीको कागज ।

**प्रतिवादी सुनसागर माझीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

मैले १५/१६ वर्षपहिले माया माझीसँग विवाह गरी पिठौली ८ मा बस्दै आएका थियौं, वाढीले पिठौली ८ को घरवास बगाएपछि पुनर्वासले दिव्यपुरी ७ मा वासस्थान दिएकोले सो स्थानमा सानो घर बनाई बसी आएका थियौं, गरिबीका कारणले ज्याला मजदुरी काम गर्दै आएका थियौं । हामी दुवै श्रीमान् श्रीमती भई रक्सी खाने हुँदा रक्सी खाएर मात्र पुग्दैन, खानलाई दाना छैन, ओढ्नलाई कपडा छैन भन्ने विषयमा एकआपसमा झगडा हुने गर्दथ्यो, जे जस्तो अवस्थामा भए तापनि श्रीमती घरमा नै बस्ने म प्रायः काममा जाने हुँदा निज श्रीमती कोही कसै परपुरुषसँग लागी नचाहिने काम गरेको हो भन्ने शंका लागिरहन्थ्यो । सो वारदात हुँदाको दिनमा पनि म दिनभरि काम गरी साँझ रक्सी खाई घरमा गई

श्रीमतीलाई कोसँग बसेकी छस् भनी भन्दा निज श्रीमतीले घरमा खानलाई कैही छैन, अनावश्यक शंका गर्ने भनी मसँग विवाद गरेकीले मैले रिस थाम्न नसकी मसला पिस्ने ढुङ्गाले हिर्काइदिएँ, निज श्रीमती ऐया भन्दै गरेकोले फेरि पुनः कपालमा समाती घरको धुरीखाँबामा टाउको ठोकाइदिएँ, सो समयमा श्रीमती भुइँमा बसी मैले हात थप्पडले हिर्काउने काम गरी निज रगताम्य भएकोले मैले वास्ता नगरी खाना खाई सुतें, बिहानीपख छोरीले आमा भनी कराएपछि म बिउँझी हेर्दा श्रमितीलाई मृत अवस्थामा देखें र मृत श्रीमतीलाई खाटमाथि राखी सिरक कपडाले छोपी म भागी फरार भएको हुँ । निज श्रीमतीको मृत्यु मैले प्रहार गरेको ढुङ्गाको चोटले नै भएको हो । घटनामा अन्य कोही कसैको संलग्नता छैन । म एक्लैले घटना घटाएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी सुनसागर माझीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

**गंगाबहादुर विश्वकर्माको कागज**

सुनसागर माझी र मेरो घर १५।२० मिनेटको पैदल दूरीमा पर्दछ, मैले सनोतिनो किराना व्यापार गरी बस्दै आएको छु । मिति ०६८।९।१२ गते बिहानै सुनसागर माझी मेरो पसलमा आई मलाई उठाई रक्सी मागेको थियो, मैले रक्सी छैन भनेपछि निजले चुरोट मागे, मैले चुरोट दिएँ, निजले चुरोट लिई कतातिर गयो थाहा भएन, केही समय पश्चात् सुनसागर माझीले आफ्नो श्रीमती मारिदिएका छन् भन्ने खबर पाएँ र खबर पाउनासाथ सुनसागर माझीको घरमा जाँदा मृतक लासलाई प्रहरीले पोष्टमार्टमका लागि लगिसकेको रहेछ, पछि बुझ्दा निज सुनसागर माझीले ढुङ्गाले हानी मारेको भन्ने बुझिन आएको हो, निज एकाबिहानै घर छोडी हिंडेको अवस्था हुँदा श्रीमती मारी हिँडेको विश्वास लाग्दछ भन्ने समेत व्यहोराको गंगाबहादुर विश्वकर्माको कागज ।

**डिलबहादुर थापाको कागज**

प्रतिवादी सुनसागर माझी मेरो सामान्य चिनजानको मान्छे हुन् । निजले मेरो रेष्टुरेण्टमा रक्सी खाए वा खाएनन् यकिन भएन । खाएको हुनसक्छ मिति ०६८।९।१२ गते बिहान निज सुनसागर माझीले श्रीमतीलाई कुटी मारेको भन्ने खबर पाई उक्त खबर प्रहरीलाई समेत गर्दा प्रहरी घटनास्थलमा पुगिसकेको रहेछ । म समेत घटनास्थलमा पुगी हेर्दा माया माझीको टाउको अनुहारको भाग लगायतको भागमा चोटपटक लागी घरभित्र मृत अवस्थामा देखेको हुँ । निज सुनसागर माझी फरार रहनु र घरमा श्रीमती मृत अवस्थामा रहेको देखिन आएकोले निज सुनसागर माझीले श्रीमतीको हत्या गरेको विश्वास लाग्छ भन्ने समेत व्यहोराको डिलबहादुर थापाको कागज ।

**धनीराम माझी समेतका मानिसहरूले गरीदिएको वस्तुस्थिति मुचुल्का**

मिति ०६८।९।१२ गते बिहानको समयमा सुनसागर माझीको श्रीमती घरभित्र रगताम्य भई मृत अवस्थामा छ, भन्ने थाहा पाई घटनास्थलमा पुग्दा घरभित्र खटियामा माया माझीलाई मृत अवस्थामा देखेको हो । मृतकको शरीरमा टाउकोको भागमा चोटपटक नीलडाम रगताम्य अवस्थामा देख्दा निज सुनसागर माझीले कर्तव्य गरी मारेको विश्वास लाग्छ भन्ने समेत व्यहोराको धनीराम माझी समेतका मानिसहरूले गरिदिएको वस्तुस्थिति मुचुल्का ।

**अभियोगपत्र माग दाबी**

मिति ०६८।९।११ गतेका राति प्रतिवादी सुनसागर माझीले आफ्नी श्रीमती माया माझीलाई अर्कै पुरुषसँग लागेको शंका गरी रक्सी सेवन गरी घरमा आई श्रीमतीसँग भनाभन गरी मसला पिस्ने ढुङ्गाले श्रीमती माया माझीको टाउकोलगायतका शरीरका विभिन्न संवेदनशील अंगहरूमा पटक पटक प्रहार गरी काठको खाँबोमा

समेत टाउको ठोकाइदिई रगताम्य पारी मारी भुइँमा ढलाई कुनै वास्ता नगरी आफूले खाना खाई सुतेका र बिहान उठी मृतक श्रीमती माया माझीलाई उठाई आफू सुतेका विस्तारामा सुताई सिरकले छोपी अब आफु फसिने भइयो भन्ने डरले घरबाट भागी गएको सप्रमाण पुष्टि हुन आएको हुँदा निज प्रतिवादी सुनसागर माझीको उक्त कार्य मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३(३) नं.बमोजिमको कसुर हुँदा निज प्रतिवादी सुनसागर माझीलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) नं.बमोजिम सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोगपत्र माग दाबी ।

**प्रतिवादी सुनसागर माझीले यस अदालतमा आई गरेको बयान**

मिति ०६८।९।११ गते दिउँसो म मजदुरी गर्न गएको थिएँ, साँझ घरमा आउँदा केही ढिला भएको थियो । मैले धेरै रक्सी पनि खाएको थिएँ, घरमा आउँदा श्रीमती अर्कै केटा मान्छेसँगै सुतेको देखें, मेरो घरमा ढोका र गारो समेत छैन, बोराले छेकिएको छ, मलाई देख्नेबित्तिकै त्यो केटा भित्ता नभएको ठाउँबाट वोरा तानी भागी गयो, मैले चिन्न सकिन, त्यो केटालाई हान्न भनी मसला पिस्ने ढुङ्गा हातमा लिई पछि पछि दगुर्दै जाँदा भेटाउन नसकी घरमा आई श्रीमतीसँग सोध्दा बताइनन्, मैले सोही रिसले हातमा भएको ढुङ्गाले निधारमा एकपटक हानेको हुँ, त्यसपछि भित्र धकेलिदिँदा भित्र रहेको धुरीखाँबामा ठोकिन गएकी हो, पछि मैले खान लाग्दा समेत मलाई गाली गरिरहेकी थिइन्, निजले पनि रक्सी खाएकी रहिछन्, निजले खाना नखाई सुतेकी हुन्, निजको निधारबाट रगत आएको थियो, मैले हातले दुई थप्पड र एकपटक लात्तीले कुममा हिर्काएको हुँ, कान्छी छोरी श्रीमती र म सँगै सुतेका हौं, भोलिपल्ट बिहान ५ बजे छोरीले आमा भनी बोलाउँदा नबोलेकीले मैले उठी हेर्दा श्रीमती खाटबाट भुइँमा खसेको र मृत अवस्थामा देखेको हुँ । पछि मैले उठाएर खाटमा सुताएको हुँ, मिति ०६८।९।१२ गते मलाई प्रहरीले पक्राउ गरेको हो । श्रीमतीलाई मार्छु भनी मैले हानेको होइन । सँगं सुतेको केटा को हो भनी सोध्दा नबताएकी र अर्को केटासँग सुतेको देखेकोले रिसले गर्दा मैले हातमा रहेको लोहोरोले हानेको हो भन्ने समेत व्यहोराको प्रतिवादी सुनसागर माझीले यस अदालतमा आई गरेको बयान ।

**थुनछेक आदेश**

पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई प्रतिवादी सुनसागर माझीलाई मुलुकी ऐन अ.वं.११८ को देहाय (२) बमोजिम पुर्पक्षका लागि थुनामा राख्न कारागार कार्यालय नवलपरासीमा पठाइदिनू भन्ने मिति ०६८।१०।४ मा भएको थुनछेक आदेशानुसार निज प्रतिवादी थुनामा रहेको रहेछ ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्वान् जिल्ला न्यायाधिवक्ता श्री खडगबहादुर खड्का तथा प्रतिवादी तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री मित्रलाल लामिछानेले गर्नुभएको बहस जिकिर समेत सुनियो ।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री खडगबहादुर खड्काले प्रतिवादी सुनसागर माझीले नुन पिस्ने लोहोरोले आफ्नी श्रीमतीलाई कर्तव्य गरी मारेकोमा अनुसन्धान अधिकारी तथा अदालत समक्ष साबित भएको तथा निजको सो साबिती बयान घटनास्थल प्रकृति मुचुल्का, वस्तुस्थिति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनबाट समेत पुष्टि भएकोले प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय गरी पाऊँ भनी बहस गर्नुभयो

प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिबक्ता श्री मित्रलाल लामिछानेले बारदात हुँदाको दिनमा रक्सी खाई घरमा आउँदा श्रीमतीसँग अर्को केटा मानिस सुतेको देखें, मलाई देख्नेबित्तिकै यो केटा भागेर

गयो, श्रीमतीलाई सोध्दा नबताएकोले रिसले लोहोराले प्रहार गर्दा श्रीमतीको मृत्यु भएको भनी अनुसन्धान अधिकारी तथा अदालत समेतमा प्रतिवादी साबित भएको अवस्था भए पनि मृतकको हत्या गर्ने मनसाय र योजना समेत नभएकोले भबितव्य भै ज्यान मर्न गएको हुँदा ज्यान सम्बन्धी महलको दफा ६ अनुसार मात्र सजाय गरी पाऊँ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो ।

माथि उल्लिखित बहस जिकिर सुनी एवं मिसिल समेत अध्ययन गरी हेर्दा यसमा निम्न प्रश्नमा न्यायिक निरुपण गर्नुपर्ने देखियो ।

१ मृतक माया माझीको मृत्यु कर्तव्यबाट भएको हो होइन ?
२ मृतक माया माझीलाई कर्तव्य गरी मार्ने कार्यमा प्रतिवादीको संलग्नता छ छैन ?
३ प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने हो होइन ?

पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा मिसिल संलग्न मृतकको अनुहारको भागमा रगताम्य रहेको, रगत बगेको, दुवै आँखाको माथि निधारसम्म ठाउँ ठाउँमा छाला नीलो कालो नीलडाम रही रगत बगी सुकेको, निधारको भागमा थिच्चिएको जस्तो, कुमपाताको भागमा छाला फुटेर रगत निस्की सुकेको भन्ने घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, मृतकको मृत्युको कारण Head injury (cause hard and blunt injury) भन्ने शव परीक्षण प्रतिवेदन, मृतक माया माझीको मृत्यु पश्चात्को फोटो तथा प्रतिवादी सुनसागर माझीको अनुसन्धान अधिकृत तथा अदालत समक्षको साबिती बयान समेतबाट मृतक माया माझीको मृत्यु प्राकृतिक रूपमा नभई कर्तव्यबाट भएको देखियो ।

दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा प्रतिवादी सुनसागर माझीले आफ्नी श्रीमती माया माझीलाई मसला पिस्ने लोहोरोले टाउको लगायत शरीरका विभिन्न संवेदनशील अंगहरूमा पटकपटक प्रहार गरी काठको खाँबोमा समेत टाउको ठोक्काई रगताम्य पारी भुइँमा ढलाई कुनै वास्ता नगरी आफूले खाना खाई सुतेको र निज माया माझीको प्रतिवादीको चोट प्रहारबाट मृत्यु भएकोले निजलाई ज्यान सम्बन्धी १ न.को कसुरमा ऐ १३(३) बमोजिम सजाय समेत गरी पाऊँ भन्ने वादी नेपाल सरकारको तर्फबाट अभियोगपत्र पेस हुन आएको देखियो । प्रतिवादी सुनसागरले मसला पिस्ने सिलौटो र लात मुक्काले टाउको तथा अन्य अंगमा मर्म पर्ने गरी थिची प्रहार गरी बुहारी माया माझीलाई मारेको प्रस्ट हुन आएकोले कारबाही गरी पाऊँ भनी प्रतिवादीका दाजु वीरबल माझीको किटानी जाहेरी परेको देखिन्छ । गाउँ नजिकैको होटलमा रक्सी खाए, रक्सी खाइसकेपछि मेरो मनमा सुर आयो, म अहिले घरमा गएको छैन, श्रीमती माया माझीले को सँग के गर्दै होली भन्ने भई घरमा पुग्दा मैले श्रीमतीलाई प्रश्न गरे घरमा को थियो भने श्रीमतीले को छ र घरमा खानलाई दाना छैन, अनावश्यक शंका गर्नुहुन्छ भनेको कारण आफ्नो रिस थाम्न नसकी नुन पिस्ने लोहोरोले हिर्काएँ । हिर्काएपछि ऐया भनी आवाज निकाली रौ समाती ढुंगाले लागेको ठाउँमा आँखालाई घरको बीच धुरीवाला खम्बामा ठोक्काइदिएँ, श्रीमती खाँबाको छेउमा थचक्क बसी पुनः एकपटक लात्ताले हिर्काएँ, ढुंगाले हानेको चोटले श्रीमती रगताम्य भै सुँकसुँक गर्दै थिई, म खाना खाई सुतें । भोलिपल्ट बिहान उठी हेर्दा माया मृत अवस्थामा थिई भनी सम्पूर्ण वारदातको व्यहोरा उल्लेख गरी प्रतिवादी अनुसन्धान अधिकारी समक्ष कसुरमा साबित भएको पाइन्छ । प्रतिवादीले अदालतमा आई बयान गर्दा वारदातको दिन घर आउँदा ढिला भएको थियो । मैले रक्सी खाएको थिएँ, घरमा आउँदा श्रीमतीसँग अर्को केटा सुतेको देखें । श्रीमतीलाई सोध्दा पनि बताइन् । सो व्यक्तिलाइ भेटाउन नसकेपछि श्रीमतीलाई मसला पिस्ने लोहोरो तथा लात मुक्काले प्रहार गर्दा माया माझीको मृत्यु भएको भनी अनुसन्धान अधिकारी समक्ष भएको साबिती बयान अनुरूप नै कसुरमा साबित भएको देखिन्छ । माया माझीको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Head injury (cause hard and blunt injury) भनी उल्लेख गरिएको र प्रतिवादी सुनसागर माझीले कर्तव्य गरी मारेको विश्वास लाग्छ भनी धटना विवरण कागज गर्ने धनीराम माझी, सीताराम माझी, पकुबा मुसहर, बलिराम माझी समेतका मानिसहरूले प्रतिवादीको सो साबिती बयानलाई पुष्टि गर्ने गरी लेखाइदिएको मिसिल संलग्न प्रमाणहरूबाट

देखिँदा प्रतिवादी सुनसागर माझीले आफ्नी श्रीमती माया माझीलाई अभियोग वादी बमोजिम कर्तव्य गरी मारेको पुष्टि हुन आयो ।

प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतमा बयान गर्दा स.ज. ४ मा मैले श्रीमतीलाई मार्छु भनेर मारेको होइन सँगै सुतको केटा को हो भनी सोध्दा नबताएको र अर्को केटासँग सुतेको देखेकोले सोही रिसले गर्दा मैले हातमा भएको लोहोराले हिर्काएको हुँ भनी बयान गरेकोले प्रस्तुत वारदात आवेश प्रेरित हत्या हो कि ? भन्ने प्रश्न उठेको र प्रतिवादीतर्फका विद्वान् अधिबक्ताले समेत बहसको क्रममा मृतकलाई मार्ने पूर्वयोजना र मनसाय नभै प्रतिवादीकी श्रीमती परपुरुषसँग सुतेको देखेको र को हो भनी सोध्दा नबताएकोले आवेशमा आई मसला पिस्ने लोहोराले प्रहार गरेकोले ज्यान सम्बन्धी महलको १४ नं. बमोजिम सजाय हुनुपर्छ भनी वैकल्पिक जिकिर प्रस्तुत गर्नुभएकोले वारदातको प्रकृति र विद्वान् कानुन ब्यावसायिले उठाएको जिकिर समेतलाई बिचार गर्दा प्रस्तुत वारदात आवेश प्रेरित हत्या हो होइन भन्ने प्रश्न विचारणीय देखियो । मुलुकी ऐन ज्यान सम्बन्धी महलको १४ न. मा ज्यान मार्नको मनसाय पनि रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा ढुंगा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र मरेमा १० वर्ष कैद गर्नुपर्ने कानुनी व्यवस्था देखिन्छ ।

आवेश एक प्रकारको मानसिक अवस्था हो, ज्यान मुद्दाको सन्दर्भमा मृतकले प्रतिवादीप्रति प्रदर्शन गरेको व्यवहारको कारण प्रतिक्रिया स्वरूप प्रतिवादीमा आवेशको अवस्था उत्पन्न हुन सक्छ र सोही तत्कालको आवेशको कारण प्रतिवादीले ज्यान लिनेसम्मको कार्य गर्न सक्दछ । प्रस्तुत मुद्दामा प्रतिवादी साँझ काम गरेर घर फर्कंदा श्रीमतीसँग अर्को मानिस सुतेको देखेको र आफूलाई देखेपछि सो मानिस भागेको हुँदा मसला पिस्ने लोहोरो हातमा लिई सो मानिसलाई लखेट्दै गएको र निजलाई नभेटाएपछि मृतक माया माझीलाई सोही लोहोरो समेतले प्रहार गरी हत्या गरेको तथ्य स्थापित भएको पाइन्छ । मृतकसँग सुतेको व्यक्ति भागेपछि प्रतिवादीले केही समय लखेटेको र पुनः घरमा फर्किएर श्रीमतीको हत्या गरेको समयको बीचमा अन्तर रहेको देखिन्छ । आवेश प्रेरित हत्या हुनको लागि आवेश उत्पन्न भएको समय र मृतकलाई प्रहार गरेको समय एकैसाथ हुनुपर्दछ । आवेश मानसिक अवस्था भएकोले समयको अन्तरालमा यो कम हुँदै जान्छ । यो मुद्दामा प्रतिवादीले श्रीमतीसँग सुतेको व्यक्तिलाई लखेटेको समय र मृतकको हत्या गरेको समयको बीचमा अन्तर भई प्रतिवादीमा उत्पन्न भएको आवेश कम हुने समय (cooling time) को अवस्था रहेकोले प्रतिवादीलाई आवेश प्रेरित हत्याको अभियोगमा ज्यान सम्बन्धी महलको १४ न. आकर्षित हुन सक्ने अवस्था देखिएन । आवेश प्रेरित हत्यामा सजाय हुनुपर्ने भन्ने प्रतिवादीतर्फका विद्वान् कानुन ब्यवसायीको बहस जिकिरसँग म सहमत हुन सकिन ।

अब तेस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा माथि विवेचना गरिएका प्रमाणहरूबाट प्रतिवादी सुनसागर माझीले निजकी श्रीमती माया माझीको मसला पिस्ने लोहोरोले निधार तथा लात मुक्का समेतले शरीरका विभिन्न अंगमा प्रहार गरी सोही चोटका कारण मृत्यु भएको पुष्टि हुन आएकोले प्रतिवादीलाई अभियोग दाबी बमोजिम मुलुकी ऐन ज्यान सम्बन्धीको महलको १३ (३) बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहर्छ ।

प्रतिवादी सुनसागर माझीले अनुसन्धान अधिकृत तथा अदालत समक्षको गरेको बयान तथा घटनास्थल प्रकृति मुचुल्का समेतबाट निज चरम गरिबीको अवस्थामा रहेको र निज नियमित रक्सी सेवन गर्ने तथा वारदातको दिन समेत रक्सी सेवन गरेको भन्ने देखिन्छ । आफू दिनभरि काम गरेर साँझ घर फर्कंदा श्रीमतीसँग परपुरुष सुतेको देखेको र सो व्यक्तिलाई लखेट्दा भेटाउन नसकेको र सँगै सुत्ने मानिस को हो भनी श्रीमतीलाई सोध्दा नबताएको अवस्था पनि देखिन्छ । प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष कसुरमा साबित भई अनुसन्धानमा सहयोग गरेको तथा अदालत समक्ष समेत घटनाको सम्पूर्ण विवरण खोली कसुरमा साबित भई पूर्ण रूपमा न्यायिक प्रक्रियामा समर्पण गरेको छ । फौजदारी मुद्दाको अनुसन्धानको क्रममा आफूले

अपराध गरेको कुरामा साबित भई सहयोग गर्ने प्रतिवादीलाई जिकिरको सौदावाजी (plea bargaining) अन्तर्गत सजायमा छुट दिने कानुनी व्यवस्था भारत तथा संयुक्त राज्य अमेरिका लगायतका देशमा रहेको छ । आफूले अपराध गरेर त्यसलाई ढाकछोप गर्न कसुरमा इन्कार रहने प्रतिवादी र आफूले अपराध गरेको कुरामा साबित भई न्यायिक प्रक्रियामा समर्पण गर्ने प्रतिवादीका बीच अदालतले सजाय निर्धारण गर्दा समान मापदण्ड अपनाउनु न्यायसंगत र विवेकसम्मत पनि हुँदैन । तसर्थ प्रतिवादीको चरम गरिबी तथा अशिक्षाको अवस्था, मादक पदार्थ सेवन गरेको अवस्था, मृतकको प्रतिवादीप्रतिको व्यवहार तथा प्रतिवादीले अनुसन्धान र न्याय सम्पादनको सिलसिलामा गरेको सहयोग र समर्पण समेतका अवस्थालाई विचार गर्दा प्रतिवादीलाई जन्म कैदको सजाय गर्दा मेरो चित्तमा चर्को पर्ने देखी अदालती बन्दोबस्तको १८८ न. बमोजिम न्यायिक स्वविबेक प्रयोग गरी १५ (पन्ध्र वर्ष कैद) गर्ने राय व्यक्त गरेको छु । अरूमा तपसिल बमोजिम गर्ने गरी यो साधक जाहेरी फैसला गरिदिएँ ।

## तपसिल

प्रतिवादी सुनसागर माभ्फी के माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं.को कसुरमा ऐ.को १३(३) नं.बमोजिम सर्वस्व सहित जन्म कैदको सजाय हुने ठहरी फैसला भएकोले निज प्रतिवादी मिति २०६८।९।१३ देखि हालसम्म प्रहरी तथा न्यायिक हिरासतमा रहेको देखिँदा निजलाई भएको उक्त कैदको सजाय सोही मितिदेखि लागू हुने गरी लगत कसी असुल उपर गर्न कैदी पुर्जी लेखी कारागार कार्यालय नवलपरासीमा पठाइदिनू.........................................................................................................१

प्रतिवादी सुनसागर माभ्फीलाई सर्वस्व समेत हुने ठहरेकोमा सो प्रयोजनको लागि निजको अंश भागमा पर्ने जग्गा कानुन बमोजिम रोक्का राख्नू ..................................................................................२

प्रतिवादी सुनसागर माभ्फीलाई यस फैसलामा चित्त नबुभ्फे श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्न जानू भनी ७० दिने पुनरावेदनको म्याद दिनू......................................................................................३

जिल्ला सरकारी वकिल कार्यालयलाई यस फैसलाको जानकारी दिनू.....................................................४

प्रस्तुत मुद्दामा पुनरावेदन परे पुनरावेदनको रोहबाट र पुनरावेदन नपरे साधक जाहेरको लागि मिसिल श्री पुनरावेदन अदालत बुटवलमा पठाई साधक निकासा भए बमोजिम गर्नू................................................५

नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सराइदिनू....................................६

प्रस्तुत मुद्दाको दायरीको लगत काटी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुभ्फाइदिनू....................७

माननीय जिल्ला न्यायाधीशज्यूले टिपाए बमोजिम
कम्प्युटर टाइप गर्ने ना.सु.श्यामप्रसाद अर्याल

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल ज्येष्ठ २४ गते रोज ४ मा शुभम्........................।**

# श्री नवलपरासी जिल्ला अलालत
# इजलास
# माननीय जिल्ला न्यायाधीश श्री विनोदमोहन आचार्य
# फैसला
# संवत् २०६७ सालको फौ.नं ६६-०६७-००६०८
# निर्णय नं. : ४६७

**मुद्दा :- कर्तव्य ज्यान ।**

| वादी | प्रतिवादी |
|---|---|
| जिल्ला नवलपरासी माकर गा.वि.स.वडा नं.४ दिव्यनगर बस्ने मनकुमारी थापा श्रीसको जाहेरीले नेपाल सरकार ........१ | जिल्ला नवलपरासी माकर गा.वि.स.वडा नं.२ चिसापानी बस्ने मोतीलाल सुनारको छोरा वर्ष २६ को मनोज सुनार भन्ने होमबहादुर सुनार .......................................................१<br>ऐ. ऐ. बस्ने मोतीलाल सुनारको छोरा वर्ष २२ को प्रकाश सुनार.......................................................................१<br>ऐ.ऐ.बस्ने कुलबहादुर क्षेत्रीको छोरा वर्ष २४ को कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्री................................................१<br>ऐ. ऐ. बस्ने मनबहादुर बुढामगरको छोरा वर्ष २३ को राजु बुढा मगर ................................................................१<br>ऐ. ऐ. बस्ने दिलसिंह गुरुङको छोरा वर्ष २७ को मैते भन्ने रेकी गुरुङ ......................................................................१<br>ऐ. ऐ. बस्ने ओमबहादुर मगरको छोरा वर्ष २६ को विष्णु मगर भन्ने विष्णुबहादुर मगर ................................................१<br>ऐ. ऐ. वडा नं.३ बस्ने वर्ष २६ को मुकेश सार्की (नेपाली)......१<br>ऐ. ऐ. वडा नं.२ बस्ने वर्ष २१ को विवेक थापा.................१<br>ऐ. ऐ. बस्ने वर्ष २० को राजु सुनार................................१<br>ऐ.ऐ.बस्ने वर्ष २१ को वोमे भन्ने अर्जुन सार्की (नेपाली) .......१<br>ऐ.ऐ.बस्ने वर्ष २० को देवबहादुर थापा भन्ने देव थापा..........१<br>ऐ. ऐ. बस्ने वर्ष ३० को राजेश श्रेष्ठ ...............................१<br>ऐ. ऐ. बस्ने वर्ष २५ को कृष्ण राना ................................१ |

**प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-**

मिति २०६७।१०।७ गते साँझ मेरो छोरा जिल्ला नवलपरासी माकर गा.वि.स.वडा नं.४ दिव्यनगर बस्ने दीप भन्ने देवबहादुर श्रीस मगर ऐ.वडा नं.२ चिसापानी बस्ने छोरी आशा थापाको छोरा अनिश थापाको जन्मदिन मनाई छोरी आशा थापासँग आफ्नो घरतर्फ आइरहेको अवस्थामा जिल्ला नवलपरासी माकर गा.वि.स.वडा नं.२ चिसापानी बस्ने मनोज सुनार, मुकेश सार्की, कृष्ण राना, कमल क्षेत्री, राजु बुढामगर, प्रकाश सुनार समेतले बाटोमा छोरा दीप भन्ने देवबहादुर श्रीस मगरमाथि सांघातिक आक्रमण गरी जि.न.प.माकर गा.वि.स.वडा नं.३ कर्मैया गाउँको सिमानामा पुर्‍याई हत्या गरी विषय घोल (कुलो) मा माटो खनी पुरेको हुँदा मृतक छोरा देवबहादुर श्रीस मगरको माटोले पुरेको

अवस्थामा लास फेला परेकोले उल्लिखित व्यक्तिहरूलाई पक्राउ गरी कानुन बमोजिम कडा कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको मनकुमारी थापा श्रीसको किटानी जाहेरी दरखास्त ।

जिल्ला नवलपरासी माकर गा.वि.स.वडा नं.३ कर्मैयास्थित पूर्व पशुपति प्रधानको खेतबारी, पश्चिम शंकर चौधरीको खेतबारी, उत्तर अरबिन्द प्रधानको खेतबारी, दक्षिण पशुपति प्रधानको सिसौघारी यति चारकिल्लाभित्र रहेको उत्तरतर्फबाट दक्षिणतर्फ बग्ने विषयकुलो रहेको, सो कुलोको पश्चिम किनारामा सुकेको अवस्थामा रगत रहेको, सो सुकेको रगतबाट अं.२ मिटर उत्तरपट्टि कुलोमा आलो बालुवा माटो पुरेको अवस्थामा रहेको, सोही बालुवा माटो हटाई हेर्दाभित्र मृतक दीप भन्ने देवबहादुर श्रीस मगरको लास गाडेको अवस्थामा रहेको, उक्त लास उत्तर टाउको दक्षिण खुट्टा भई दायाँपट्टि कोल्टो अवस्थामा भई दुवै हात पछाडि फर्काई बाँधेका, अनुहार सुन्निएको, नाकबाट रगत निस्केको, घाँटीमा आकाशे निलो रंगको गलबन्दी रहेको, घाँटीमा दायाँ कानदेखि बायाँ कानसम्म ५ इन्च गहिराइको काटेको घाउ रहेको, बायाँ कान नजिक नीलडाम रहेको, कम्मरमा ३ इन्च लम्बाइको दधारिएको घाउ रहेको, बायाँ हात नाडी पछाडि ४ इन्चको लम्बाइको सुन्निएको डाम रहेको, दाहिने हातको कुममा ३ इन्च लम्बाइको धसारिएको घाउ रहेको, बायाँ खुट्टाको तिघ्रामा १ इन्च लम्बाइको घोचिएको घाउ रहेको, दाहिने खुट्टाको साप्रा पछाडिपट्टि ४ इन्च लम्बाइको धसारिएको घाउ रहेको, सोही गाडेको खाल्टोमा L600 लेखिएको Nokia मोबाइल सेट थान १, खैरो रंगको जिन्सको पाइन्ट र कैंची समेत प्रहरीले बरामद गरी लगेको भन्ने समेत व्यहोराको घटनास्थल लास जाँच प्रकृति मुचुल्का ।

मृतक दीप भन्ने देवबहादुर श्रीस मगरको मृत अवस्थाको फोटा थान-३ यसै प्रतिवेदन साथ दाखिला गरेको छु भन्ने समेत व्यहोराको प्र.ज.मदन अधिकारीको प्रतिवेदन ।

दीप भन्ने देवबहादुर श्रीस मगरको मृत्युको कारण Hypovolomic shock due to loss heavy amount of blood by neck cutting भन्ने समेत व्यहोराको शव परीक्षण प्रतिवेदन ।

मिति २०६७१०७ गते साँझको खाना खाई म आफ्नै घरमा सुतेको थिएँ । अं.२१:०० बजेको समयमा हाम्रै गाउँमा बस्ने नाग भाइ मेरो घरमा आई मलाई बोलाई राजेश दाइले तपाईलाई बोलाएको छ भनेकोले म राजेश श्रेष्ठ भएको ठाउँमा जाँदा राजेशले आशा थापाको घरमा दीप भन्ने देव बहादुर श्रीस मगर आएको छ । मेरो ऊसँग डिस्कस पऱ्यो, निजलाई पिट्न जाउँ भन्दा सोही समयमा हाम्रै गाउँ बस्ने मैते भन्ने रेकी गुरुङ र विष्णु मगर आइपुगे । मैले कपडा नलगाएको कारण तिमीहरू हिँड्दै गर म कपडा लगाई आउँछु भनी घरमा गई कपडा लगाई घरमा भएको चक्कु लिई चोकतर्फ गइरहेको अवस्थामा भाइ प्रकाश सुनार मनमा के कुरा सोची मेरो पछाडि लागेको रहेछ । चोकमा पुग्दा दीप, निजको दिदी आशा थापा, सुरज थापा र केशु रानालाई बाटोमा देखी मैले ढुंगा उठाई दीपलाई हान्न खोज्दा सुरज थापाले मलाई समाइदिएकोले दीप उक्त स्थानबाट भागिहाल्यो । सोही समयमा हाम्रै गाउँका मुकेश सार्की, बोमे भन्ने अर्जुन सार्की र देव थापा पनि अगाडिबाट आइपुगी सुरजले मलाई पिट्न थाल्यो भनी सुरजलाई भाइ प्रकाश समेतले पिट्दा सुरज थापा बेहोस भएकोले आशा थापा हल्ला गर्न थालिन् । हामी पाँचै जना दीपलाई खोज्न थाल्यौं । दीप फेला पर्न नसकेपछि फर्की घर आउँदा बाटोको छेउमा पर्ने आँपको रूख नजिक पुग्दा उक्त रूखबाट खस्याक्कको आवाज आएकोले दीप त्यसै रूखमा लुकेको छ भनी भाइ प्रकाश सुनार उक्त आँपको रूखमा गई दीपलाई कुटपिट गर्न थाले । हामीहरू पनि उक्त स्थानमा गई दीपलाई कुटपिट गर्न थाल्यौं । कुट्दै, पिट्दै, घिसार्दै, थेचार्दै, गाउँको पूर्वतर्फ रहेको घोलमा पुऱ्याई फेरि कुटपिट गर्दा दीप बेहोस भएकोपछि मैले राजु बुढामगरलाई फोन गरी दीप फेला परी कुटपिट गरेको कुरा भनी बोलाएँ । केही समयपछि राजु बुढामगरको साथमा, कमल क्षेत्री, विवेक थापामगर, राजु सुनार पनि सोही स्थानमा आई दीपलाई लात्ती मुक्काले हाने । निस्लोट भएपछि हामी सबैले घोलको पानीमा फाली मार्न लाग्दा भाइ प्रकाशले दीपलाई मार्न हुन्न भनी धेरै सम्झायो । दीपलाई हामीले छाड्यौ भने हामीलाई खतरा हुन्छ भनी हामी सबैजनाले दीपलाई मार्ने

निधो गऱ्यौं । दीपले पानी पानी भन्दा म, कमल, राजु बुढा, प्रकाश, मुकेश समेतले निजको मुखमा पिसाब फेरिदियौं । त्यसपछि म, कमल, राजु बुढा र मुशेकले झ्याइँकुटी पारी १, २, ३ गन्ती गरी ३ को गन्तीमा घोलको पानीमा फालिदियौं । तुरुन्तै दीपले आफ्नो टाउको पानीबाट उठाई छेउमा रहको माटोमाथि ढल्कायो । अझै पनि दीपको मृत्यु नभएकोले हामी सबै जना मिली दीपलाई घोलबाट निकाली मुकेश सार्कीले ओढेको च्यादरले दीपको दुवै हात पछाडि लगी बाँधी दीपलाई विषय घोलमा लगी खाल्टो खनी पुर्नुपर्छ भनी सल्लाह गरी च्यादरले दीपको शरीर बेरी म, मुकेश, अर्जुन र देवले पालैपालो काँधमा बोकी विषय घोलमा पुऱ्यायौं । बाटोमा पर्ने थारू भन्नेको गोठबाट मैले लिई गएको कोदालोले विषय घोलमा म, विवेक, मुकेश र राजु वुढाले खाल्टो खनी हेर अब तँलाई पुर्ने खाल्टो यही हो, आज तेरो अन्तिम दिन हो भन्दा दीप तिनिक्क तन्कियो र शिथिल भयो । त्यसपछि दीपले २०६५ सालको पौष महिनामा गरेको व्यवहार (खुकुरी प्रहार गरी मलाई सख्त घाइते बनाएको, सोही पीडाको कारण गर्भवती भएकी श्रीमतीको गर्भमा रहेकी छोरीको जन्म हुन नपाउँदै तुहिएको र सोही करणले हालसम्म पनि बिरामी भई सन्चो नभएको) झलझली याद आएकोले मैले मेरो साथमा लिई आएको चक्कुले दीपको घाँटी सेरेर काट्न थालें । विवेक अर्जुनले खुट्टा समाए । मैले ल्याएको चक्कु बोदो भएकोले कमल क्षेत्रीले लिई आएको अर्को चक्कु मागी पुनः दीपको घाँटी काटें । पछि सोही कमलको चक्कुले कमल क्षेत्री, मुकेश सार्की र देव थापाले समेत दीपको घाँटी काट्दा प्रकाशले हेर्न नसकी पर गई बसेको थियो । त्यसपछि लास उचाली हामीहरूले खनिसकेको खाल्टोमा कोल्टे राखी माटोले पुरिदियौं र हामी सबै जनाले घटाएको घटना सम्बन्धमा कोही कसैलाई नभन्ने सल्लाह गरी आ-आफ्नो घर गयौं । दीपको घाँटी काट्न प्रयोग गरेको मेरो चक्कु मैले धोई पखाली मेरो घरको तखतामा ल्याई राखेको छु । खाल्टो खन्न प्रयोग गरिएको कोदालो थारू भन्नेको गोठमा पुनः राखी आएको हुँ । देखाइएको मोबाइल सेट, जिन्स पाइन्ट र कैंची दीपको हो । म समेतले दीपको लास खाल्टोमा पुर्दा सोही खाल्टोमा राखी पुरेका थियौ, सनाखत गरिदिएँ भन्ने समेत व्यहोराको प्रतिवादी मनोज सुनार भन्ने होमबहादुर सुनारको बयान कागज ।

मिति २०६७।१०।७ गते साँझको खाना खाई म आफ्नै घरमा सुतेको थिएँ । अं.२१:०० बजेको समयमा हाम्रै गाउँमा बस्ने नाग भाइ मेरो घरमा आई मेरो दाइ होमबहादुर सुनारलाई बोलाई लिई गए । दाइ कहाँ जानुभएको हो भनी कौशीबाट हेर्दा राजेश श्रेष्ठसँग कुरा गरेको देखें । त्यसपछि दाइ घरमा आई एक्लै बाहिर गएको देखी दाइ कतै झगडा गर्न जाँदै हुनुहुन्छ कि भन्ने मनमा सोची म उहाँको पछि पछि लागें । दाइ चोकमा पुग्दा दीप आशा थापा, केशु र सुरज समेतको साथमा लागी गएको देखी दाइले बाटोको छेउमा रहेको ढुंगा टिपी अगाडि बढ्न लाग्दा सुरज थापाले दाइलाई समाई हालेकोले दीप उक्त स्थानबाट भागिहाल्यो । सोही समयमा सुरज थापाले दाइ होमबहादुर सुनारलाई धकेलेकोले म पनि गई सुरजलाई धकेलिदिएँ । सोही समयमा मुकेश सार्की, बोमे भन्ने अर्जुन सार्की, देवबहादुर थापा आई सुरजलाई पिट्न थाले । मैले पनि सुरजलाई पिटें । निज बेहोस भएपछि आशा थापाले हल्ला खल्ला गरेकोले हामी उक्त स्थानबाट भागी दीपलाई खोज्न लाग्यौं । फर्की आउँदा दीपलाई बाटोको छेउमा पर्ने आँपको रूखमा फेला पारी मैले तल झारी सबै जनाले कुटपिट गरी कुट्दै, पिट्दै, थेचार्दै, घिसार्दै हाम्रै गाउँको पूर्वतर्फ रहेको घोलमा लगी कुटपिट गर्दा दीप बेहोस भएपछि दाइले राजु बुढामगरलाई फोन गरी बोलाए । केही समयपछि राजु बुढाको साथमा विवेक थापा, कमल क्षेत्री, राजु सुनार पनि आई दीपलाई कुटपिट गरी निस्लोट बनाई घोलको पानीमा फाली मार्न लाग्दा मैले त्यहाँ रहेका सबै जनालाई यसलाई मार्न हुँदैन, जे भयो भई गयो, यसलाई छाडिदिउँ भनी पटक-पटक अनुरोध गर्दा सबै जनाले यसलाई छाड्यौं भने हामीलाई खतरा हुन्छ, यसलाई मार्नुपर्छ भनेपछि दीपले पानी पानी भन्दा दाइ, कमल, मुकेश, राजु बुढा र म समेतले निजको मुखमा पिसाब फेरिदियौं । दाइ र कमलले हात, राजु र मुकेशले खुट्टा समाती दीपलाई घोलको पानीमा फालिदियौं । दीप पानीबाट

आफ्नो टाउको उठाई माटो र झाडीमा ढल्क्यो । अझै पनि दीप मरेको छैन भनी हामीहरूले निजलाई घोलबाट बाहिर निकाली निजको दुवै हात पछाडि लगी दाइले मुकेश सार्कीको च्यादरले बाँधिदिए । विषय घोलमा लगी पुर्नपर्छ भनी सल्लाह गरी सोही च्यादरको अर्को भागले दीपको शरीरमा बेरी दाइ मनोज सुनार भन्ने होमबहादुर सुनार, मुकेश सार्की, बोमे भन्ने अर्जुन सार्की र देव थापा समेतले पालैपालो दीपलाई काँधमा बोकी कर्मैयाको विषय घोलमा पुऱ्याए । दाइ होमबहादुर सुनारले कोदालो ल्याई दाइ, विवेक, मुकेश, राजु बुढामगर समेतले दीपलाई गाड्नको लागि खाल्टो खन्न लाग्दा मैले हेर्न सकिनँ, अलि पर गई बसें । केही समयपछि दाइले “अब तँलाई पुर्ने खाल्टो यही हो, हेरिस् आज तेरो अन्तिम दिन हो” भनेको सुनेको थिएँ । अं. १५।२० मिनेटपछि सबैजना फर्की आएर हामीहरूले दीपको घाँटी काटी खाल्टोमा पुरी आयौं, अब घर जाउँ, हामीले घटाएको घटना सम्बन्धमा कोही कसैलाई नभन्ने सल्लाह गरी आ-आफ्नो घर गयौं भन्ने समेत व्यहोराको प्रतिवादी प्रकाश सुनारको बयान कागज ।

मिति २०६७।१०।७ गते साँझ म आफ्नो घरमा नै थिएँ । अं. २१:४५।२२:०० बजेको समयमा राजु बुढा मगरले मेरो मोबाइलमा फोन गरी मनोज सुनारको दीपसँग झगडा भएको छ कर्मैयामा छिटो आउ भनेकोले घरमा भएको चक्कु लिई कर्मैयामा जाँदा त्यहाँ पहिलादेखि नै राजु बुढाको साथमा विवेक थापा, राजु सुनार साथमा थिए । हामीहरू मनोज सुनार भएको स्थान घोलमा पुग्दा दीप अचेत अवस्थामा थियो । मनोज सुनार, प्रकाश सुनार, देव थापा, अर्जुन सार्की, मुकेश सार्की सबै जना दीपलाई कुरी बसेका थिए । हामीहरू उक्त स्थानमा पुग्नेबित्तिकै लात्तै लातले दीपलाई पिट्यौं । निजलाई घोलमा फाल्नुअघि मनोज सुनार, प्रकाश सुनार, मुकेश सार्की, राजु बुढामगर र म समेतले निजको मुखमा पिसाब फेरिदिएका थियौं । त्यसपछि हामीहरूले दीपलाई घोलको पानीमा फालिदियौं । दीपले आफ्नो टाउको पानीमाथि गरेकोले यो अझ मरेको छैन भनी हामी सबै मिली निजलाई पानीबाट बाहिर निकाल्यौं । मनोज सुनारले च्यादरले दीपको दुवै हात पछाडि लगी बाँधिदिए । अर्को टुक्रा च्यादरले दीपको शरीरलाई बेरी मनोज, मुकेश, अर्जुन र देवले पालैपालो बोकी कर्मैयास्थित विषय घोलमा पुऱ्याइराखे । हामी साथमा गयौ । मनोज सुनारले कोदालो लिई आए । मनोज सुनार, विवेक थापा, मुकेश सार्की, राजु सुनार, अर्जुन सार्कीले दीपलाई गाड्नको लागि खाल्टो खनिसकेपछि मनोज सुनारले अब तँलाई पुर्ने खाल्टो यही हो । हेरिस् आज तेरो अन्तिम दिन हो भनी दीपलाई भनेपछि दीप अलि तन्केर सास छोड्यो । मनोज सुनारले यसले मलाई खुकुरीले काटेको थियो । यसैले गर्दा मेरो श्रीमतीको गर्भ तुहियो । म खुनको बदला खुनले लिन्छु भनी आफ्नो साथमा लिई आएको चक्कुले दीपको घाँटी रेट्न थाले । मनोजको चक्कु अलि बोदो भएकोले मनोजले मसँग चक्कु माग्यो । मैले मेरो साथमा लिई आएको चक्कु दिएँ । सोही चक्कुले दीपको घाँटी काट्यो । सोही चक्कुले म, मुकेश र देवले पनि दीपको घाँटी काट्यौं । मैले अलिकति मात्र काटेको थिएँ । त्यसपछि प्रकाश बाहेक हामी सबै जनाले खनेको खाल्टोमा दीपको लास कोल्टे पारी हाली माटोले पुरिदियौं । मैले खुट्टाले माटो सम्याएको थिएँ । गाड्ने काम सकिएपछि हामीले दीपलाई मारेको घटनाको सम्बन्धमा कोही कसैलाई नभन्ने सल्लाह गरी आ-आफ्नो घर गयौं भन्ने समेत व्यहोराको प्रतिवादी कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्रीको बयान कागज ।

मिति २०६७।१०।७ गते साँझको खाना खाइसकेपछि म मनोज सुनारको स्नुकर हाउसमा स्नुकर कुर्न गएको थिएँ । उक्त समयमा मसँग राजु सुनार र विवेक थापा (राना) पनि सँगै थिए । अ.२१:१५ बजेको समयमा मनोज सुनारले मेरो मोबाइलमा फोन गरी दीप आएको छ, मेरो घरको चोकमा छिटो आइजा भनी बोलाएकोले हामीहरू उक्त चोकमा पुग्दा सुरज थापालाई घाइते अवस्थामा देखेको थिएँ । स्थानीय मानिसहरूले सुरज थापालाई उपचारको लागि पठाउँदै थिए । झगडा खतम भइसक्यो भनी मनमा सोची पुनः स्नुकर हाउसमा गई बसेको २०।२५ मिनेटपछि मनोजले पुनः मलाई फोन गरी

हामीले दीपलाई कर्मैयाको घोलमा समातेर राखेका छौं, तिमीहरू छिटो कर्मैयाको घोलमा आउन भनेकाले मैले कमललाई फोन गरी उक्त ठाउँमा आउन भनें । हामी चारै जना कर्मैयाको घोलमा सँगै पुग्दा दीप भन्ने देवबहादुर श्रीस ढलेको अवस्थामा थियो । त्यहाँ पुग्नेबित्तिकै चारै जनाले लात्तैलातले दीपलाई पिट्यौं । मनोजले अब त यसलाई मैले मारिदिन्छु, यसलाई छाड्दैन भनेकोले प्रकाश सुनारले दाइ जे भयो भयो यसलाई हामीले मार्न हुँदैन, यसलाई छाडिदिनुस् भन्दा मनोजले यसलाई हामीले छाड्न हुँदैन, यसले मलाई पहिला पनि खुकुरीले हानेको थियो । यसलाई हामीले छाडेमा यो घायल बाघ हुन्छ, यसले हामीलाई पनि मार्छ भने । त्यसपछि हामी सबैले मार्नपर्छ भन्ने सल्लाह गरी दीपलाई घोलको पानीमा भ्याइँकुटी बनाई फालिदियौं । त्यसपछि दीप मर्छ कि मर्दैन थाहा पाउनको लागि घोलको डिलमा बसी हेर्न थाल्यौ । तुरुन्तै दीप हु-हु गरी उठी साइडमा रहेको डिलमा टाउको टेकाई ढल्क्यो । हामीहरूले यसलाई मार्नुपर्छ भनी सबै जनाले पुनः सल्लाह गरी दीपलाई घोलको पानीबाट बाहिर निकाल्यौं । मनोज सुनारले मुकेश सार्कीको च्यादरको टुक्राले दीपको दुवै हात पछाडि लगी बाँधिदियो । हामीहरूले च्यादरको अर्को भागले दीपको शरीरमा बेरी मनोज सुनार, मुकेश सार्की, अर्जुन सार्की र देव थापाले पालैपालो दीपलाई काँधमा बोकी विषय घोलमा पुऱ्यायौं । उक्त स्थानमा जाँदा मनोजले थारू भन्नेको गोठबाट कोदालो लिई गएका थिए । मनोज सुनार, विवेक थापा, मुकेश सार्की, राजु सुनार, अर्जुन सार्कीले खाल्टो खन्न थालेपछि प्रकाश सुनारले हेर्न नसकी पर गई बसे । खाल्टो खनिसकिएपछि मनोज सुनारले "अब तँलाई पुर्ने खाल्टो यही हो । हेरिस् आज तेरो अन्तिम दिन हो" भनेपछि दीपले लामो श्वास फेरी खुट्टा तन्काई शरीरलाई ढिला छाड्यो । सबै जनाले दीपलाई खाल्टोमा हाल्न लाग्दा मनोज सुनारले रोकी यसले मलाई खुकुरी हानेको थियो । सोही पीरले मेरी श्रीमतीको गर्भ पतन भयो । श्रीमती अहिले पनि सोही व्यथाको कारण बिरामी छ । म खुनको बदला खुनले लिन्छु भनी आफ्नो साथमा लिई आएको चक्कुले दीपको घाँटी काट्न थाल्यो । उक्त चक्कुले नकाटेपछि मनोजले कमलसँग चक्कु मागी दीपको घाँटी रेट्यो र क्रमशः देव थापा, कमल क्षेत्री, मुकेश सार्कीले पनि दीपको घाँटी रेटी मारिसकेपछि प्रकाश सुनार बाहेकका हामी ८ जनाले दीपलाई खाल्टोमा हाली माटोले पुरिदियौं । उक्त कुरा कोही कसैलाई नभन्ने सल्लाह गरी हामी आ-आफ्नो घर गई सुत्यौं भन्ने समेत व्यहोराको प्रतिवादी राजु बुढामगरको बयान कागज ।

मिति २०६७।१०।७ गते १७:३० बजेको समयमा म विष्णुबहादुर मगर मेरो छेमा नाता पर्ने विष्णु थापालाई छोड्न निजको घर लगुनहा भन्ने स्थानमा गई निजलाई घरमा पुऱ्याई साइकलमा घरतर्फ फर्कंदै गरेका अवस्थामा अं.२०:०० बजेको समयमा राजेश श्रेष्ठले मेरो मोबाइल फोनमा फोन गरी म र विष्णुबहादुर मगरलाई आफनो घर बोलाएकाले हामीहरू निजको घरतर्फ जाँदै गर्दाको अवस्थामा मनोज सुनारको घर नजिकै राजेश श्रेष्ठले मनोज सुनार, प्रकाश सुनार समेतसँग कुरा गरेको देखी हामीलाई किन बोलाएका हौ भनी राजेशसँग सोध्दा निजले आशा थापाको घरमा मेरो दीप भन्ने देवबहादुर श्रीस मगरसँग डिस्कस पऱ्यो । निजले मलाई घरबाट थुतेर हान्छु भनेको छ । जाउँ दीपलाई १।२ थप्पड हानेर सम्झाउँ भन्दा होमबहादुर सुनार आफ्नो घर गयो । म, विष्णु मगर राजेश श्रेष्ठको घरतर्फ हिँड्दै कुरा गर्दै जाँदा मैले राजेशलाई सानोतिनो कुरामा झगडा गर्नुहुँदैन बरु दीपलाई भोलि सम्झाउँला भनी सम्झाउँदै थिएँ । सोही समयमा गाउँको पूर्वतर्फबाट आइमाईहरू कराएको अवाज सुनेपछि राजेश त्यतातिर जान लाग्दा मैले राजेशलाई जान दिइन । निजको घर पठाई म र विष्णु मेरो घरमा गई सुत्यौं । भोलिपल्ट म घरको कामले कावासोती गई पर्सिपल्ट आफ्नो घरतर्फ फर्कंदा बाटोमा राजेश श्रेष्ठसँग भेंट हुँदा निजले दीपको लास भेटिएको छ प्रहरीले मलाई खोज्दै छ भनी हतार-हतार राजमार्गतर्फ गए । म आफ्नो घर गएँ भन्ने समेत व्यहोराको प्रतिवादी रेकी गुरुङको बयान कागज ।

मिति २०६७।१०।७ गते १७:३० बजेको समयमा म र जि.न.प.माकर गा.वि.स.वडा नं.२ बस्ने रेकी गुरुङ निजको छेमा नाता पर्नेलाई निजको घर लगुनहा भन्ने स्थानमा छोड्न गएका थियौं । रेकीको

छेमालाई निजको घरमा पुऱ्याई फिर्ता आउँदै गरेको अवस्थामा अं.२०:०० बजेको समयमा राजेश श्रेष्ठले रेकीको मोबाइल फोनमा फोन गरी हामी दुवैजनालाई आफ्नो घरमा बोलाएकोले हामी निजको घरतर्फ गइरहेको अवस्थामा बाटोमा हामीहरूको राजेश श्रेष्ठसँग भेंट भयो । उक्त स्थानमा मनोज सुनार, प्रकाश सुनार र नाग भाइ समेत थिए । राजेश श्रेष्ठले दीप आफ्नो दिदी आशा थापाको घरमा आएको छ, मेरो निजसँग डिस्कस भयो, त्यसले मलाई घरबाट थुतेर हान्ने भनेको छ । जाउँ त्यसलाई १।२ थप्पड हानेर सम्झाउँ भन्यो । त्यसपछि मनोज सुनार आफ्नो घर गए । म र रेकीले राजेश श्रेष्ठलाई सम्झाई निजको घरमा पठाई रेकीको घरमा गई म र रेकी सुत्यौं भन्ने समेत व्यहोराको प्रतिवादी विष्णु मगर भन्ने विष्णुबहादुर मगरको बयान कागज ।

जि.न.प.माकर गा.वि.स.वडा नं.२ बकुलहवा घोला भन्ने स्थानमा पूर्व सानो बाँसको झ्याङ, पश्चिम भोजबहादुर श्रेष्ठको खेत, उत्तर खाली पर्ती जग्गा बकुलहवा घोला, दक्षिण बकुलहवा खोला यति चारकिल्लाभित्र रहेको बकुलहवा खोलाको चौडाइ २८ फिट, गहिराइ ९ फिट, पानीको भागको मात्र गहिराइ २ फिट, पानीको भागको चौडाइ ४ फिट रहेको, सोही पानीमा मिति २०६७।१०।७ गते राति जि.न.प.माकर गा.वि.स.वडा नं.२ बस्ने मनोज सुनार भन्ने होमबहादुर सुनार, ऐ.ऐ.बस्ने प्रकाश सुनार, ऐ.ऐ.बस्ने राजु बुढा मगर, ऐ.ऐ.बस्ने कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्री समेतले हामीहरूले ऐ. माकर गा.वि.स.वडा नं. ४ बस्ने दीप भन्ने देवबहादुर श्रीस मगरलाई कुटपिट गरी झ्याइँकुटी पारी घोलको पानीमा फालिदिएको स्थान यही हो भनी देखाइदिएको स्थानको घटनास्थल प्रकृति मुचुल्का ।

प्रतिवादी मुकेश सार्की नेपालीको घर खानतलासी गर्दा कर्तव्य ज्यान मुद्दामा प्रमाण लाग्ने कुनै पनि चिज वस्तु फेला नपरेको भन्ने समेत व्यहोराको खानतलासी  बरामदी मुचुल्का ।

जि.न.प.माकर गा.वि.स.वडा नं.३ कर्मैयास्थित पूर्व कर्मैया बाँसघारी जाने बाटो, पश्चिम अरबिन्द श्रेष्ठको तोरीबारी, उत्तर बकुलहवा खोला, दक्षिण बकुलहवा खोला यति चारकिल्लाभित्र रहेको बकुलहवा खोलामा बनाइएको पक्की पुल, सो पक्की पुलको दक्षिणतर्फ २०० मिटर गोलाइको एरियामा रहको तोरीबारी बाँसको झ्याङ, बकुलहवा खोला, सो बकुलहवा खोलामा रहेको पानी समेतमा पक्राउ परी हाल प्रहरी हिरासतमा रहेका प्रतिवादी कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्रीले मैले बकुलहवा खोला पुलबाट जि.न.प.माकर गा.वि.स.वडा न..४ बस्ने दीप भन्ने देवबहादुर श्रीस मगरको मिति २०६७।१०।७ गते राति कुटपिट गरी निजको घाँटी रेटी मार्न प्रयोग गरेको चक्कु फालेको स्थान यही हो भनी देखाई दिएको स्थानमा खोजतलास गर्दा प्रतिवादी कमल क्षेत्रीले फालेको चक्कु फेला नपरेको भन्ने समेत व्यहोराको खानतलासी बरामदी मुचुल्का ।

जि.न.प.माकर गा.वि.स.वडा नं.३ कर्मैयास्थित पूर्व सानो विषय घोल, पश्चिम आलु खेत उत्तर तोरीबारी दक्षिण बेतहानी कर्मैया कच्ची बाटो यति चारकिल्लाभित्र रहेको पश्चिम मोहडा भएको खपडाको छाना भएको थारू भन्ने भीमबहादुर चौधरीको गोठ, उक्त गोठमा कोही पनि बस्ने नगरेको, सोही गोठबाट मिति २०६७।१०।७ गते राति मैले कोदालो लिई विषय घोलमा गई म समेतले जि.न.प.माकर गा.वि.स.वडा न..४ बस्ने दीप भन्ने देवबहादुर श्रीस मगरलाई कुटपिट गरी चक्कुले निजको घाँटी काटी विषय घोलमा खाल्टो खनी दीपलाई पुरी उक्त खाल्टो खन्न प्रयोग भएको कोदालो यही गोठको दक्षिणतर्फ र नजिकै रहेको बाँसघारीदेखि दक्षिणमा यही स्थानमा राखी गएको हुँ भनी देखाइदिएको स्थानमा खानतलासी गर्दा बरामदी मुचुल्कामा उल्लेख गरी बरामद गरेको कोदालो थान १ बरामद भएको भन्ने समेत व्यहोराको खानतलासी एवं बरामदी मुचुल्का ।

मिति २०६७।१०।७ गते राति म आफ्नै घरमा थिएँ । अं.२१:१५ बजेको समयमा १।२ जना केटाहरूले हल्ला गरेको र १ जना महिलाले प्लिज प्लिज भनेको आवाज सुनी म घर बाहिर आई हेर्दा आशा थापा हतार हतारमा उत्तरतर्फबाट दक्षिणतर्फ गएको देखी छोरी के भएको हो ? भनी सोध्दा उनले मलाई केही नभनी गइन् । शनिबार सुनसान थियो, आइतबार ९ गते गाउँका रुद्रबहादुर बुढाको

घर नजिक रहेको आँपको रूख नजिक तोरीबारी माडेको देखी उक्त कुरा मलाई बताएपछि म समेत उक्त स्थानमा गई हेर्दा तोरीको खेत माडेको, बाटोमा लौरोको टुक्रा स-साना रगतका छिँटाहरू समेत देखेको थिएँ । सोही दिन १५:०० बजेको समयमा आशा थापालाई कर्मैयामा देखी छोरी के भएको ? भनी सोध्दा निजले आफ्नो भाइ दीपको मिति २०६७।१०।७ गते राति मनोज सुनार, कमल क्षेत्री, राजु बुढा मगरसँग समेत झगडा भएको थियो । दीप हालसम्म पनि घरमा गएको छैन । सम्पर्कमा पनि छैन भनेकीले म समेतले प्रहरीलाई खबर गरी संयुक्त रूपमा खोजतलास गर्दा कर्मैयाको विषय घोलमा दीपको घाँटी काटिएको, दुवै हात पछाडि लगी बाँधेको लास खाल्टो खनी गाडेको अवस्थामा फेला पारेका थियौं । उक्त घटनाको कसले के कसरी घटाएको हो भनी बुझ्दा आशा थापाको घरमा अनिश थापाको जन्म दिनको निम्तो मान्न आएका राजेश श्रेष्ठको, दीपसँग झगडा भएपछि राजेश श्रेष्ठले २ वर्षपहिला दीपले मनोज सुनारलाई खुकुरी प्रहार गरी सख्त घाइते बनाइदिएको कारण दीपलाई पिट्नको लागी दीप चिसापानी आएको खबर गरी निजसँग दीपलाई कुटपिट गर्नको लागि सहयोग मागे भने अन्य साथीहरूलाई फोन गरी दीपलाई कुटपिट गर्नको लागि सहयोग मागे । त्यसपछि मैते र विष्णुबहादुर मगरले राजेशलाई सम्झाई बुझाई निजको घरमा पठाई मैतेको घरमा गई सुतेका हुन् । मनोज सुनार, कमल क्षेत्री र राजु बुढामगर समेतले दीपलाई खोज्दै बाटोमा फेला पारी अन्य साथीहरूको सहयोगले कुटपिट गरी विषय घोलमा लगी घाँटी रेटी मारी खाल्टो खनी पुरिदिएका थिए । उक्त घटनामा को कसको संलग्नता थियो, सो कुरा मनोज सुनारलाई थाहा होला भन्ने समेत व्यहोराको यमबहादुर खत्री क्षेत्री समेत जना ५ ले अलग-अलग प्रकरणमा बकी लेखाइदिएको वस्तुस्थिति मुचुल्का ।

दीप र म पहिलादेखि नै साथी साथी भई रही बसेका थियौं । मिति २०६७।१०।७ गते दीपको भान्जा अनिश थापाको जन्मदिन परेकोले म र दीप आशा थापाको घरमा निम्तो मान्नको लागि गएका थियौं । राजेश श्रेष्ठ पनि निम्तो मान्न आएका रहेछन् । आशा थापाले म, दीप र राजेश श्रेष्ठ समेतलाई नास्ता रक्सी खान दिएपछि हामीहरूले रक्सी सेवन गर्ने क्रममा राजेश श्रेष्ठ र दीपको भनाभन भयो । १०।१५ मिनेटपछि राजेश श्रेष्ठ बाहिर निस्केर गएका थिए । त्यसपछि म र दीप, आशा थापासँग बिदा लिई घरतर्फ जाँदा अं.२०० मिटर उत्तर जाँदै गर्दा मनोज सुनार भन्ने होमबहादुर सुनार, मुकेश नेपाली, प्रकाश सुनार, राजु बुढामगर, राजेश श्रेष्ठ, कृष्ण राना समेतले दाउरा चिरपट ढुंगा समेत लिई आई दीपलाई कुटपिट गर्न लाग्दा मैले छुटाइदिएको थिएँ । मुकेश सार्कीले मलाई टाउकोमा ढुंगाले हानेकोले म भुइँमा ढलें । दीपलाई प्रकाश सुनार, मनोज सुनार, राजेश श्रेष्ठ, कृष्ण राना, राजु बुढा मगर, कमल क्षेत्री समेतले लखेट्दै कुट्दै लगेका थिए । त्यसपछि आशा थापाले मलाई मोटरसाइकलमा घरमा पठाइदिनुभयो । घरमा गएपछि मैले मनकुमारी श्रीसलाई दीपको आशा थापाको घरमा झगडा भएको हुँदा मनोज सुनार समेतले दीपलाई लखेटेका थिए, दीप घरमा आयो आएन भनी सोध्दा दीप घरमा नआएकोले हामीहरूले दीपलाई धेरै खोज्यौं । मिति २०६७।१०।९ गते अं.१८:०० बजेको समयमा जि. न.प.माकर गा.वि.स.वडा नं.३ स्थित कर्मैयाको विषय घोलमा दीपको लास माटोले पुरेको अवस्थामा फेला परेको छ भनी मैले सुनेको हुँ । दीपलाई कर्तव्य गरी मारी खाडल खनी विषय कुलोमा गाड्ने मनोज सुनार भन्ने होमबहादुर सुनार, मुकेश नेपाली, प्रकाश सुनार, राजु बुढा मगर, राजेश श्रेष्ठ समेत हुन् भन्ने समेत व्यहोराको सुरज थापाले बकी लेखाइदिएको घटना विवरण कागज ।

जि.न.प.माकर गा.वि.स.वडा नं.२ स्थित ब्लक नं. १ चिसापानीस्थित पूर्व यमबहादुर क्षेत्रीको सिसौ रूख, पश्चिम यमबहादुर क्षेत्रीकै ट्वाइलेट, उत्तर निज यमबहादुर क्षेत्रीको माछा पोखरी, दक्षिण सीतादेवी ज्ञवालीको खेत, यति चारकिल्लाभित्र रहेको यमबहादुर क्षेत्रीको माछा पोखरीको डिलमा रहको आँपको रूखमा दीप भन्ने देवबहादुर श्रीस लुकीछिपी बसेको अवस्थामा प्रतिवादीहरू प्रकाश सुनार समेतका व्यक्तिहरूले दीपलाई भुइँमा झारी लछारपछार गरी मरणासन्न अवस्थामा कुटपिट गरी सख्त घाइते बनाएको स्थानको घटनास्थल प्रकृति मुचुल्का ।

जि.न.प.माकर गा.वि.स.वडा नं.२ स्थित पूर्व शंकर श्रेष्ठको घर, पश्चिम कान्छा श्रेष्ठको घर, उत्तर हरि पाण्डेको घर, दक्षिण सडक बाटो यति चारकिल्लाभित्र रहेको दक्षिण मोहडा भएको मोतीलाल सुनारको पक्की घर, उक्त घरबाट अंग्रेजीमा MASPK लेखिएको काठको बिँड सहित २० से.मि. लम्बाइ, धारको लम्बाइ ९ से.मि., बिँडको भाग ११ से.मि. भएको धारिलो छुरी बरामद भएको भन्ने समेत व्यहोराको खानतलासी एवं बरामदी मुचुल्का ।

मिति २०६७।१०।७ गते साँझ मेरो साथी आशा थापाको छोरा अनिश थापाको बर्थडे भएकोले म आशा थापाको घरमा गएकी थिएँ । उक्त कार्यक्रममा राजेश श्रेष्ठ, सुरज थापा र दीप थापा पनि आएका थिए । रक्सी सेवन गर्ने क्रममा राजेश श्रेष्ठ र दीपको एकआपसमा विवाद भएको थियो । राजेशले बाटो बाटोमा केटा राखी दीपलाई पिट्नको लागि योजना बनाएको छ भन्ने कुरा म र आशा थापाले थाहा पाई बर्थडे कार्यक्रम सकिएपछि दीपलाई पुऱ्याउनको लागि महेन्द्र राजमार्गतर्फ जाँदै गरेको अवस्थामा ब्लक नं.१ को चोकनिर पुग्दा मनोज सुनार, प्रकाश सुनार र राजु बुढा मगर समेतले आक्रमण गरी दीपलाई पिट्न लाग्दा हामीहरूको साथमा रहेका सुरज थापाले छुटाउन खोज्दा दीप उक्त स्थानबाट भागी गएका थिए । त्यसपछि मनोज सुनार समेतले दीपलाई किन भगाइस् भनी सुरज थापालाई कुटपिट गरेका थिए । सोही समयमा मेरो देवर कृष्ण राना आई मलाई घर जान भनेकाले म उहाँको साथमा लागी आफ्नो घर गएकी थिएँ । दीप आफ्नो घर नपुगेकाले आशा थापा समेतले खोजतलास गर्दा कृष्ण रानाले साथी आशा थापालाई दीपलाई तैंले आफैं लुकाई अहिले दीप हराएको नाटक गर्छस् भनी गाली गरेकोले आशा थापाले उक्त कुरा आफ्नो आमा मनकुमारी श्रीसलाई भनेकीले मन कुमारी श्रीसले कृष्ण रानालाई पनि प्रतिवादी बनाई किटानी जाहेरी दरखास्त दिएकी हुन् भन्ने समेत व्यहोराको केशु राना र आशा थापाले अलग-अलग प्रकरणमा बकी लेखाइदिएको घटना विवरण कागज ।

अनुसन्धानको सिलसिलामा बरामद भई जि.प्र.का.न.प.मा दाखिला भएको चक्कु थान १, कोदालो थान १ र फोटोहरू समेत देखाउँदा हेरें चिनें, देखाइएको चक्कुले दीप भन्ने देवबहादुर श्रीस मगरको घाँटी रेटी मार्न प्रयोग गरेको, मनोज सुनारले घटनास्थलमा आफ्नो साथमा लिई आएको चक्कु यही हो । देखाइएको कोदालो मनोजले कर्मैयास्थित विषय घोलमा ल्याएका थिए । दीपलाई घाँटी रेटी मारिसकेपछि सोही कोदालोले विषय घोलमा पुर्न प्रयोग गरिएको कोदालो यही हो, देखाइएको फोटो मुकेश नेपाली (सार्की) देव थापा र राजु सुनारको हो भन्ने समेत व्यहोराको प्रतिवादी राजु बुढा मगरले गरिदिएको सनाखत कागज ।

मिति २०६७।१०।७ गते राति म समेतले दीपलाई फेला पारी कुटपिट गरी कर्मैयाको विषय घोलमा लगी मैले आफ्नो घरबाट लिई आएको यही चक्कुले दीप भन्ने देवबहादुर श्रीस मगरको घाँटी रेटी मार्न प्रयोग गरेको चक्कु यही हो । देखाइएको कोदालो मैले थारू भन्ने भीमबहादुर चौधरीको गोठबाट लिई गई दीपको घाँटी रेटी मारिसकेपछि खाल्टो खन्न र खाल्टो खनिसकेपछि दीपको लास उक्त खाल्टोमा हाली पुर्न प्रयोग गरेको कोदालो यही नै हो, हेरी देखी सनाखत गरिदिएँ भन्ने समेत व्यहोराको मनोज सुनार भन्ने होमबहादुर सुनारले गरिदिएको सनाखत कागज ।

देखाइएको चक्कु मनोज सुनारको हो, मनोज सुनारले म खुनको बदला खुनले लिन्छु भनी आफ्नो गोजीबाट यही चक्कु निकाली दीपको घाँटी रेट्दा नलागेकोले मनोजले मैले ल्याएको चक्कु मागी पहिला मनोजले त्यसपछि म समेतले दीपको घाँटी रेटी मारिसकेपछि यही देखाइएको कोदालोले कर्मैयाको विषय घोलमा खाल्टो खनी लास पुरिदिएका थियौं भन्ने समेत व्यहोराको प्रतिवादी कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्रीको सनाखत कागज ।

देखाइएको चक्कु दाइ होमबहादुर सुनारले हाम्रै घरबाट लिई आएको चक्कु हो, कोदालो बाटोमा थारू भन्ने भीमबहादुर चौधरीको गोठबाट दाइले नै लिई गएको हो, देखाइएका ५ थान

फोटाहरूमध्ये १ र २ नं.का फोटा हाम्रै गाउँको मुकेश नेपाली (सार्की) को हो, ३ र ४ नं.का फोटा देव थापाको र ५ नं.मा रहेको फोटो राजु सुनारको हो, फोटोमा भएका मुकेश नेपाली, देव थापा, राजु सुनार समेतले देवबहादुर श्रीस मगरलाई कुटपिट गरी मारी विषय घोलमा खाल्टो खनी पुर्ने कार्यमा संलग्न व्यक्तिहरू यिनीहरू पनि हुन् भन्ने समेत व्यहोराको प्रतिवादी प्रकाश सुनारले गरिदिएको सनाखत कागज ।

मिति २०६७1१०1७ गतेका राति जिल्ला नवलपरासी माकर गा.वि.स.वडा नं.४ बस्ने वर्ष २५ को दीप भन्ने देवबहादुर श्रीस आएको छ भन्ने राजेश श्रेष्ठले जानकारी दिएपछि खोजी गरी फेला पारी निज देवबहादुर श्रीसलाई विरुद्ध खण्डका प्रतिवादीहरू मनोज सुनार भन्ने होमबहादुर सुनार, प्रकाश सुनार, कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्री, राजु वुढामगर, मुकेश सार्की (नेपाली), विवेक थापा, राजु सुनार, बोमे भन्ने अर्जुन सार्की (नेपाली), देवबहादुर थापा भन्ने देव थापा, राजेश श्रेष्ठ र कृष्ण राना समेतको आपसी सरसल्लाह, मिलेमतो, योजना र सहमति मोजिम प्रतिवादी मनोज सुनार भन्ने होमबहादुर सुनारलाई २०६५ सालमा खुकुरीले हानी गालामा काटेको समेतको पूर्व रिसइवीलाई लिई दीप भन्ने देवबहादुर श्रीसलाई लात मुक्काले कुटपिट गर्दै, लतार्दै, घिसार्दै पानीमा फाल्दै, मुखमा पिसाब समेत गरिदिई, हातहरू बाँधछाँद समेत गरी बेहोस बनाई बोकी जिल्ला नवलपरासी माकर गा.वि.स. वडा नं. ३ कर्मैयास्थित विषय कुलोको घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्कामा उल्लिखित स्थानमा पुऱ्याई बरामद कोदालोले खाल्टो खनी दीप भन्ने देवबहादुर श्रीस मगरको घाँटीमा धारिलो हतियार चक्कु (छुरी) समेतले रेटी, सेरी, काटी, खाल्टोभित्र दीप भन्ने देवबहादुर श्रीसलाई हाली माटोले पुरी कर्तव्य गरी मारेको पुष्टि हुन आई विरुद्ध खण्डका प्रतिवादीहरू मनोज सुनार भन्ने होमबहादुर सुनार, प्रकाश सुनार, कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्री, राजु बुढामगर, मुकेश सार्की (नेपाली), विवेक थापा, राजु सुनार, बोमे भन्ने अर्जुन सार्की (नेपाली), देवबहादुर थापा भन्ने देव थापा, राजेश श्रेष्ठ र कृष्ण रानाले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विपरीतको कार्य गरी मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुर गरेको देखिएकोले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरी पाऊँ ।

प्रतिवादीहरू मैते भन्ने रेकी गुरुङ र विष्णु मगर भन्ने विष्णुबहादुर मगरले प्रतिवादी राजेश श्रेष्ठले निजहरूलाई फोन गरी बोलाई आएपछि दीप भन्ने देवबहादुर श्रीससँग आफ्नो डिस्कस परेको हुँदा निजलाई कुटपिट गर्न जाऊँ भनी अनुरोध गरेको र प्रतिवादी मनोज सुनार भन्ने होमबहादुर सुनार पनि निजलाई कुटपिट गर्न जान सहमत भई घर लुगा लगाउन गएको र मनोज सुनार भन्ने होमबहादुर सुनार समेतका अन्य प्रतिवादीहरूले दीप भन्ने देवबहादुर श्रीसको कर्तव्यबाट ज्यान मार्छन् भन्ने कुरा आफूहरूले चाल पाएर पनि जाहेर नगरेको निज प्रतिवादीहरू मैते भन्ने रेकी गुरुङ र विष्णु मगर भन्ने विष्णुबहादुर मगरले मुलुकी ऐन ज्यान सम्वन्धी महलको २२ नं. र २६ नं. को कसुर गरेको देखिएकोले मुलुकी ऐन ज्यान सम्बन्धी महलको २६ नं. बमोजिम सजाय गरी पाऊँ भन्ने समेत अभियोग दाबी ।

मिति २०६७/१०/७ गतेको दिनको सुरजसँग मेरो पनि हात हालाहाल भएको थियो । दीपलाई मैले देखिन र निजलाई मैले मारेको पनि होइन । उक्त दिन झगडा सकिएपछि म स्नुकर खेल्ने ठाउँमा गै सुतेको हुँ । को कसको लडाइँ भयो, मृतकलाई को कसले मारे ? मलाई केही थाहा छैन । मलाई मिति २०६७/१०/९ गते स्नुकर खेल्दै गर्दा मलाई प्रहरीले पक्राउ गरेका हुन् । मैले मृतकलाई मारेको होइन, प्रहरीले यातना दिई आफूहरूले तयार गरेको कागजमा सही गराएका हुन् । मैले दाबी बमोजिमको कसुर अपराध नगरेकोले सजाय पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी राजु बुढा मगरले अदालतमा आई गरेको बयान ।

मिति २०६७/१०/७ गतेको घटनामा म संलग्न छैन । उक्त दिन म घरमा खाना खाएर सुतेको थिएँ । मेरो दाइ होमबहादुरलाई राजेश श्रेष्ठले बोलाई लगेपछि म पनि पछि गएको थिएँ, झैझगडा भएको थियो, हामी दुई भाइ त्यहीँबाट घरमा आई सुतेका हौं । दीपलाई कसले हाने कसले मारे मलाई थाहा भएन । उक्त दिन मैले कसैलाई हानेको वा झगडा गरेको होइन । दशीको रूपमा देखाइएका सामानहरू मबाट बरामद भएका होइनन् । मिति २०६७/१०/११ गते मलाई प्रहरीले घरबाट पक्राउ गरी लगेका हुन् । प्रहरीमा भएका कागज मैले भने वमोमिज लेखिएको होइन । प्रहरीले आफैंले कागज तयार गरी शारीरिक तथा मानसिक यातना दिई मलाई सही छाप गराएका हुन् । मैले दाबी अनुसारको कसुर अपराध नगरेकोले सजाय पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी प्रकाश सुनारले अदालतमा आई गरेको बयान कागज ।

मिति २०६७/१०/७ गतेका दिन मैले देवबहादुरलाई कुटपिट गरी मारेको होइन, मलाई त्यो विषयमा कुनै जानकारी पनि थिएन । मिति २०६७/१०/९ गते मलाई प्रहरीले पक्राउ गरेपछि मात्र मैले घटनाको बारेमा थाहा पाएको हुँ । मैले अनुसन्धानको क्रममा लेखाएको बयान मैले भने बमोजिम लेखिएको होइन, प्रहरीले यातना दिई लेखिएको कागजमा मलाई सही गराएका हुन् । दाबी अनुसारको कसुर नगरेकोले मैले सजाय पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी रेकी गुरुङले यस अदालतमा आई गरेको बयान कागज ।

म विदेशमा वसी भर्खर २ महिनाअघि मात्र घरमा आएको थिएँ । मैले जाहेरीमा उल्लेख भए अनुसारको काम गरेको होइन । दीप र मनोजको पूर्व रिसइवी भएको कुरा मलाई विदेशमा नै थाहा थियो । मनोजको घर र मेरो घर नजिकै नजिकै पर्ने भएकोले मलाई समेत पोल गरी जाहेरी दिएको होला मैले कुनै कसुर गरेको छैन । दीपको हत्या को कसले कसरी गरे मलाई प्रहरीले पक्राउ गरेपछि मात्र थाहा भएको हो । मलाई प्रहरीले मानसिक तथा शारीरिक यातना दिई लेखिएको कागजमा सहीछाप गराएका हुन् । प्रहरीमा भएको बयान मैले भने बमोजिम लेखिएको होइन । मैले अभियोग दाबी अनुसारको कसुर अपराध नगरेको हुँदा सजाय पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्रीले अदालतमा आई गरेको बयान ।

मिति २०६७/१०/७ गते म घरमा सुतिरहेको अवस्थामा राजेश श्रेष्ठले बाटोतिर घुम्न जाऊँ काम छ भनेकोले गएकामा सुरज थापाले रक्सी खाई मलाई गाली गरे, म समेतले सुरज थापालाई कुटपिट गऱ्यौं । मेरो भाइ प्रकाश सुनारले मलाई बोलाई घरमा लिई गएका थिए, त्यसपछि मलाई के के भएको थियो मलाई थाहा भएन । १, २ वर्ष पहिला देवबहादुर श्रीसले मलाई खुकुरी प्रहार गरी कान समेत गालामा गहिरो घाउ लागी हालसम्म पनि खत छ, निजसँग सामान्य बोलचाल हुन्थ्यो । देवबहादुर श्रीसको हत्या को कसले कसरी गरे मलाई थाहा भएन । बरामद सामान मसँगबाट बरामद भएका होइन, देवबहादुरको हत्या मैले गरेको होइन । प्रहरीले जबरजस्ती कागजमा सही गराएकाले सही गरेको हो, मैले भने बमोजिम लेखिएको होइन, मैले दाबी अनुसार कसुर नगरेकोले सजाय पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी होमबहादुर सुनारले अदालतमा गरेको बयान ।

मिति २०६७/१०/७ गते म ग्रिल उद्योगमा काम गरी बसेको थिए । मृतकको हत्या को कसले कसरी गरे मलाई थाहा भएन । मिति २०६७/१०/९ गते साँझ ५ बजे पसलबाट घर जाने क्रममा दीपको हत्या भएको कुरा थाहा पाई रिकी गुरुङ र म भै लास हेर्न गएका थियौं । त्यसको केही समयपछि मलाई प्रहरीले पक्राउ गरेको हो । दीपको हत्या को कसले कसरी गरे मलाई थाहा भएन । मलाई प्रहरीले मानसिक तथा शारीरिक यातना दिई लेखिएको कागजमा सहीछाप गराएका हुन्, प्रहरीमा भएको बयान मैले भने बमोजिम लेखिएको होइन । मैले अभियोग दाबी अनुसारको कसुर अपराध नगरेको हुँदा सजाय पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी विष्णुबहादुर मगरले अदालतमा आइगरेको बयान ।

यस अदालतका आदेशानुसार प्रतिवादीहरू मनोज भन्ने होमबहादुर सुनार, प्रकाश सुनार, कमल भन्ने खगेन्द्रबहादुर क्षेत्री, राजु बुढा मगर समेत पुर्पक्षका लागि थुनामा रहेको ।

यस अदालतका आदेशानुसार प्रतिवादी रेकी गुरुङ र विष्णुबहादुर मगरबाट रु. ७०००।– धरौट लिई निजहरू तारेखमा रहेको ।

मिति २०६७/१०/७ गते म भारतको बम्बैमा थिए । विगत ७, ८ महिना पहिला भारत गई १ हप्ता भयो घरमा आएको । दीपको हत्या को कसले कसरी गरे मलाई थाहा भएन, घरमा आए पछि मात्र उक्त घटनाको बारेमा मैले थाहा पाएको हुँ । म उपर किन झुठ्ठा जाहेरी दिए मलाई थामा भएन । मेरो नाम विवेक थापा होइन विवेक राना हो । मैले अभियोग दाबी अनुसारको कसुर अपराध नगरेको हुँदा सजाय पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रहरीबाट पक्राउ गरी लिई हाजिर हुन आएका प्रतिवादी विवेक रानाले अदालतमा आई गरेको बयान ।

यस अदालतको आदेशानुसार विवेक राना अ.वं ४७ नं बमोजिम तारेखमा रही मुद्दाको पुर्पक्ष गरेको ।

प्रतिवादीहरू राजेश श्रेष्ठ, राजु सुनार, बोमे भन्ने अर्जुन सार्की, मुकेश सार्की नेपाली, देवबहादुर थापा भन्ने देव थापा, कृष्ण राना समेत यस अदालतबाट जारी भएको म्यादी पुर्जीमा हाजिर नभै तारेख गुजारी बसेको ।

वादी पक्षका जाहेरवाला मनकुमारी थापा, वादीका साक्षी आशा थापा, केसु राना, लालबहादुर थापा, धनन्जय थापा, प्रतिवादी विष्णुबहादुर मगरका साक्षी माधव थापा, प्रतिवादी कमल क्षेत्री भन्ने खगेन्द्र क्षेत्रीका साक्षी यमबहादुर खत्री, प्रतिवादी प्रकाश सुनार र होमबहादुर सुनारका साक्षी सीता पाण्डे, प्रतिवादी विवेक रानाका साक्षी ज्ञानेन्द्र राना, रेकी गुरुङका साक्षी माधव थापा, राजु बुढाका साक्षी मिठु क्षेत्री, समेतको बकपत्र भै मिसिल सामेल रहेको ।

फरार प्रतिवादीहरूको अंश रोक्काको मुचुल्का भै मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा मु. ऐन, अ.वं २९ नं तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको अधिकार क्षेत्रभित्रको भै सम्बन्धित मिसिल अध्ययन गरी वादीतर्फका विद्वान् जिल्ला न्यायाधीवक्ता श्री खड्गबहादुर खड्काले जाहेरवालाकी छोरी आशा थापा मृतकका दिदी भएकोले आफ्नी दिदीको छोरा अनिश थापाको जन्म दिनको अवसरमा मिति २०६७/१०/७ गतेका साँझ मृतक दीप भन्ने देव बहादुर श्रीस मगर आफ्नी दिदीको घरमा सो जन्म दिनको भोज खाई दिदी आशा थापासित आफ्नो घरतर्फ आइरहेको अवस्थामा भोज खाँदा राजेश श्रेष्ठसँग मृतकको डिस्कस भएको छ, तपाईंलाई राजु श्रेष्ठले बोलाएको छ भनी नाग भाइ भन्ने व्यक्ति प्रतिवादीमध्येका मनोज भन्ने होमबहादुर सुनारको घरमा गई खबर गरे अनुरूप निज प्रतिवादीले प्रकाश सुनार, कमल क्षेत्री, राजु बुढा मगर समेतलाई बोलाई जम्मा भेला भै मृतक दीप भन्ने देवबहादुर श्रीसलाई पिछा गर्दै खोज्दै जाँदा निज आँपको रूखमा चढेकाले तल झारी कुटपिट गर्दै लगी घोलामा लगी फालेपछि पनि मरेनछ भनी घोलाबाट तानी बाहिर ल्याई पानी पानी भनी मृतकले माग्दा यी प्रतिवादीले मृतकको मुखमा ला पानी भनी फिसाब फेरी मृतकको दुवै हात पछाडिबाट बाँधी साथमा लगेको धारिलो हतियार चक्कुले घाँटी रेटी हत्या गरी कोदालोले खाल्डो खनी पुरी भागेका हौं भनी अदालतमा उपस्थित गराइएका मध्ये रेकी गुरुङ र विष्णुबहादुर मगर बाहेकका अरू प्रतिवादीहरू सबैले कसुरमा सावित भई मौकाको बयानमा परस्पर पोलापोल गरेका छन् । निज प्रतिवादीहरू अदालतमा इन्कार रहे पनि मौकाको उक्त साविती बयान स्वइच्छा विरुद्धको

भन्ने कुरा प्रमाणित गराउन सकेका छैनन् । सो साविती बयान र घटनाक्रम परस्परमा मेल खान आएको छ । त्यसैले सो साविती बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम प्रमाणग्राह्य छ भने सो कसुरमा जाहेरी दिने, कागज गर्ने मुख्य मुख्य व्यक्तिहरू अदालतमा आई छुट्टाछुट्टै बकपत्र गरी अघि दिएको जाहेरी एवम् आफूहरूले गरेको कागजको व्यहोरा एवम् त्यसमा लागेको सहीछाप आफ्नै हो भनी लेखाएबाट सो जाहेरी एवम् मौकामा गरिदिएको कागजहरू प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाणग्राह्य हुन आएको छ । प्रतिवादीमध्येका मनोज भन्ने होमबहादुर सुनारले अदालतको बयानमा मृतकसँग पूर्ण रिसइवी रहेको तथ्य स्वीकार गरी बयान गरेकै देखिन्छ । मृत्युको दोसाँधमा पुगेका अवस्थामा पानी माग्दा मृतकलाई पिसाब खुवाउनुजस्ता कार्यबाट यी प्रतिवादीहरू मृतकसँग पूर्वाग्रही मात्र रहेको नभै निज प्रतिवादीहरूले मृतक उपरमा निकृष्ट एवम् पशुवत् व्यवहार गरेको दखिन्छ । मृतक उपरमा प्रहार गरिएका हतियार मौकामा बरामद भएका छन्, लास रहेको ठाउँबाट उत्खनन गर्दा भेटिएका दशीका कपडाहरू, मोबाइल स्वयम् प्रतिवादीबाट सनाखत हुँदा मृतकका हुन् भनी लेखाएको पाइन्छ । घटनास्थद एवम् लास प्रकृति मुचुल्का, बरामदी मुचुल्का समेतका प्रमाण कागजातहरूबाट प्रतिवादीहरूको मौकाको बयान व्यहोरा समर्थित हुन आएको छ । तसर्थ यी सबै प्रतिवादीहरूकै कर्तव्यबाट मृतकको मृत्यु भएको देखिँदा निजहरू सबैलाई अभियोग दाबी अनुसार हदैसम्म सजाय गरी पाऊँ भनी बहसमा दाबी लिनुभयो ।

यस्तै प्रतिवादीहरूमध्येका मनोज भन्ने होमबहादुर सुनार र प्रकाश सुनारको तर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री लीलाधर मरासिनीले मेरो पक्ष यी प्रतिवादीहरू दुई दाजु भाइ हुन्, घरमा अव निजहरूका वृद्ध बाबु, आमा मात्र रहेका छन्, मेरो पक्षमध्ये प्रकाश सुनार गाउँ घरमा राम्रो चालचलन भएका मानिस हुन् । मृतकको घाँटी काटिएको कारण बढी रक्तश्राव भै मृतकको मृत्यु भएको भन्ने डाक्टरको रिपोर्ट छ तर जाहेरवालीले अदालतमा आई बकपत्र गर्दा स.ज. ५ मा मेरो छोरालाई कुटी कुटी मारिएको हो भनी लेखाएबाट जिउँदो मानिसलाई मारिएको हो वा काटेर मारिएको हो ? डाक्टरलाई झिकाई यसबारेमा तथ्य कुरा के हो ? खुलाउनु आवश्यक देखिन्छ । सहप्रतिवादीमध्येका राजु बुढाले मृतकलाई चारै जनाले पिट्दा प्रतिवादी प्रकाशले अब पिट्नु हुँदैन भो यसलाई मार्नु हुँदैन भनेको कुरा आफ्नो बयानमा उल्लेख गरेका छन् । यस्तै प्रतिवादी होमबहादुर सुनारको बयानको स.ज. ७ मा यसलाई मार्नु हुँदैन भनी भाइ प्रकाशले भनेको भनी भनेका छन्, अर्का प्रतिवादीले हेर्न नसकी प्रकाश पर टाढा बसे भनी आफ्नो बयानमा लेखाएका छन् । प्रतिवादी प्रकाश स्वयम्ले मैले नमार भनेको थिएँ भनी आफ्नो बयानमा लेखाएका छन् । त्यसैले मेरो पक्ष प्रकाश सुनारको मृतकलाई मार्नुपर्ने आशय मनसाय केही नभएको प्रष्ट हुन्छ । मृतकलाई जीवन रक्षाको लागि मेरो पक्षले खेलेको भूमिकालाई न्यायकर्ताले सकारात्मक रूपमा लिई दिनु आवश्यक छ । बचाउ पक्षलाई ज्यान सम्बन्धीको १३ (३) लाग्ने वा आकर्षित हुन सक्दैन । यस्तै मेरा पक्ष अर्का प्रतिवादी मनोज भन्ने होमबहादुर सुनारका हकमा पनि राजु श्रेष्ठले बोलाएको छ भनी नाग भाइले घरमा आई भनेकोले मेरा पक्ष घरबाट निस्केको हो, त्यस बेला मेरो पक्षको मृतकलाई मार्नुपर्ने कुनै योजना वा मनसाय थिएन । दुर्घटना हुन गएको हो, मेरो पक्षले नै सो घटना घटाएका होइनन् । मृतक स्वयम्ले मादक पदार्थ सेवन गरेकाले मेरो पक्ष होमबहादुर उत्तेजित हुन गएको हो, मृतक आफैंमा राम्रो चालचलन, राम्रो क्रियाकलाप भएका व्यक्ति होइनन् । मनसाय रहित दुर्घटनासम्म हुन गएको हुँदा ज्यान सम्बन्धीको १३(३) को दाबी स्थापित हुन सक्ने अवस्था विद्यमान छैन भनी बहस गर्नुभयो ।

यस्तै प्रतिवादी कमल भन्ने खगेन्द्र क्षेत्रीको तर्फबाट बहसमा उपस्थित विद्वान् अधिवक्ता श्री ध्रुवराज नन्दले कुनै पनि फौजदारी मुद्दामा कसुर एवम् भूमिकाका आधारमा मात्र सजायको मात्र निर्धारण गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा अरू प्रतिवादीहरू सरह मेरो पक्षलाई पनि एउटै टोकरीमा राखेर समुच्चा तवरबाट सजाय गर्दा प्रतिवादीलाई प्राप्त फौजदारी न्याय सम्बन्धी हक नै

कुण्ठित हुन जान्छ । मेरो पक्षले मौकामा गरेको बयान निजको स्वइच्छाले गरेको होइन । जुन बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको छैन । मृतकसँग मेरो पक्षको पूर्वरिसइवी छैन । अनुसन्धानको क्रममा मेरो पक्षलाई मानसिक तथा शारीरिक यातना दिई बयान गराइएको छ । मेरो पक्ष घटना घट्नुभन्दा २०/२५ दिन पहिला मात्र विदेशबाट घरमा आएको हुँदा मृतकसँग पूर्वरिसइवी थिएन । वास्तममा गहिरिएर हेर्ने हो भने यो घटना विभिन्न पाँचवटा घटनाक्रमको संयोजनबाट हुन गएको छ । जस्तै मृतककी दिदी आशा थापाको घरमा भएको उनको छोराको जन्म दिन (Birthday) का भोजमा राजेश श्रेष्ठ र मृतकबीच विवाद, डिस्कस हुनु, दोस्रो विवादमा छुट्टाउन जाने सुरज थापा घाइते हुनु, तेस्रो मनोज भन्ने होमबहादुर र निजको भाइ प्रकाश उक्त घटनास्थलमा (झगडा भएको ठाउँमा) आउनु र मृतकलाई त्यहाँबाट पिछा गरी लखेट्दै जानु, आँपको रूखमा चढेको मृतकलाई प्रकाश सुनारले तल झारेर कुटपिट गर्नु, चौथो त्यहाँबाट लक्षारपछार गर्दै मृतकलाई लिई गई घोलामा चार खुट्टा समाई फ्याँक्नु, पाँचौं, घटनामा मृतक नमरेको देखेपछि निकालेर बाहिर ल्याई दुवै हात पछाडिबाट बाँधी साथमा भएका हतियारले मृतकलाई रेटी खाल्टोमा पुर्नु । यसरी उक्त पाँचौं क्रियाको अन्तसँगै एउटा किशोराको जीवन लीला पनि अन्त भएको पाइन्छ ।

उक्त घटनाक्रम मध्येमा उल्लेख गरिए अनुसारको तेश्रो घटनाक्रम वा तेश्रो चरणको अपराध हुँदासम्म मेरो पक्षको कुनै संलग्नता छैन, यसबाट मृतकसँग मेरो पक्षको कुनै रिसइवी नै छैन भन्ने पुष्टि हुन्छ । घाइते सुरज थापाले मेरो पक्षलाई सफाइ दिई कागज गरेको अवस्था छ । मेरो पक्षका साक्षी यमबहादुर थापाले बकपत्र गर्दा मेरो पक्ष र म त्यो राति एकै ठाउँमा सुतेको भनी लेखाएका छन् । यो मुद्दाको मुख्य प्रमाण सुरुको तेस्रो घटनाक्रमसम्मका प्रत्यक्षदर्शी आशा थापा जो मृतककी दिदी हुन्ले मेरो पक्ष कमल भन्ने खगेन्द्र क्षेत्रीको यसमा कुनै संलग्नता नरहेको भनी बकपत्रमा लेखाइदिएकी छन् । घटनाक्रममा फेला परेको नौलो भनिएको कालो चस्माको आधारमा निज आशा थापाले मौकाको कागजमा शंकासम्म गरेकोमा पछि अदालतमा आई गरेको बकपत्रमा उक्त कुरा स्पष्ट पारेकी छन् । यसरी मेरो पक्ष यो मुद्दाको वारदातको सन्दर्भमा सामूहिक योजना, सामूहिक कार्यमा संलग्न रहेको देखिँदैन । मेरो पक्षबाट हतियार चक्कु बरामद भएको भनिएकोमा त्यो चक्कुको रगत नै जाँच भएको छैन भने मेरो पक्षको घरबाट बरामद भएको पनि होइन । मौकामा कागज गर्नेमध्ये धनञ्जय, लालबहादुर समेतले अदालतमा बकपत्र गर्दा पनि मेरो पक्षलाई सफाइ दिई बकपत्र गरेका छन् यी आधार, अवस्थालाई गम्भीर भई एक एक गरी केलाएर इन्साफ गर्ने हो भने मेरो पक्षको यो वारदातमा कुनै संलग्नता रहेको छैन । फौजदारी मुद्दामा कसुर एवम् अभियोग दाबी प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादी पक्षमा नै रहन्छ । तर यस मुद्दामा मेरो पक्षका हकमा वादी पक्षले अभियोग दाबी समर्थित गराउन सकेको छैन । त्यसैले मेरो पक्षले अभियोग दाबी अनुसारको कसुरमा सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो ।

यस्तै अर्का प्रतिवादी राजु बुढा मगरको तर्फबाट विद्वान् अधिवक्ता श्री मित्रलाल लामिछानेले मेरो पक्षको यस मुद्दामा कुनै संलग्नता छैन । जाहेरीमा नाम लेखिए पनि जाहेरवाली यस मुद्दाको वारदातको सन्दर्भमा प्रत्यक्षदर्शी होइनन् । उनको जानकारीको श्रोत भनेकै छोरी आशा थापा र केशु रानाले भनेका भनी निजले नै उल्लेख गरेकी छन् । मेरो पक्षको मृतकसँग कुनै रिसइवी छैन, कुनै झैझगडा नै भएको छैन, मौकामा भएको बयान मेरो पक्षको स्वइच्छाले भएको होइन । प्रतिवादीले अदालतमा आई बयान गर्दा मलाई प्रहरीले सही गर भनेकाले सही गरेको हुँ, व्यहोरा मेरो होइन भनी लेखाएका छन् । अन्य सहप्रतिवादीहरूले अदालतमा बयान गर्दा मेरो पक्षलाई पोल नै गरेका छैनन्, मेरो पक्षका साक्षी मिठु क्षेत्रीले बकपत्र गर्दा स.ज. ५ मा त्यस दिन राजु बुढा मगर मेरो घरमा आई टी.भी. हेरी बसिरहेका थिए भनी लेखाएकी छन् । जाहेरवालाले अदालतमा आई गरेको बकपत्रको स.ज. ७ मा मेरो छोरा दीप र मनोजका बीच झैझगडा भएको भनी लेखाएकी छन्, त्यसमा मेरो पक्षको नाम

उल्लेख छैन । मेरो पक्षलाई शंकाको भरमा अभियोग लगाइएकोले शंकाको सुविधा अभियुक्तले पाउने सर्वमान्य न्यायिक सिद्धान्त रहिआएको छ भने त्यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट पनि प्रशस्तै व्याख्या भएको छ, त्यसैले मेरो पक्षले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी बहस गर्नुभयो ।

यस्तै प्रतिवादीहरू रेकी गुरुङ, विष्णुबहादुर मगर, विवेक थापा को तर्फबाट बहसमा उपस्थित विद्वान् अधिवक्ता श्री सुदर्शन पन्तले मेरो पक्षहरू उपरमा सुरुमा अभियोग दाबी नै लिइनु हुँदैनथियो । अदालतबाट पनि विष्णुबहादुर र रेकी गुरुङलाई सामान्य धरौट र विवेक थापालाई शुद्ध तारेखमा राख्ने गरी थुनछेक आदेश भएकोमा सो आदेशमा वादी पक्षले पनि चित्त बुझाई बसेको अवस्था छ । मेरो पक्ष उपरमा राजु श्रेष्ठले फोन गरेको र मनोज भन्ने होमबहादुरसँग भेट भएको भन्ने आधारमा अभियोग लगाइए पनि जाहेरीमा मेरो पक्षको नाम नै छैन । सहप्रतिवादीहरू जुन कसुरमा सावित भै मौकामा बयान गरेका छन्, ले मेरो पक्षलाई उक्त कसुर गरेको भनी कुनै पोल नै गर्न सकेका छैनन् । मौकामा कागज गर्ने धनन्जय पौडेल, केशु राना, आशा थापाले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरूका नाम उल्लेख गरेका छैनन् । यी प्रतिवादीहरूका साक्षीहरूले पनि मेरो पक्षहरूलाई निर्दोष छन् भनी आ–आफ्नो बकपत्रमा लेखाएका छन्, मेरो पक्ष विष्णुबहादुर मगर रेकी गुरुङ सुरुदेखि कसुरमा इन्कार रहेका छन् । वादी पक्षले मेरो पक्षहरू उपरको अभियोग दाबी प्रमाणित नै गर्न सकेका छैनन्, प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियोग दाबी प्रमाणित गर्नुपर्नेमा सो सकेको पाइँदैन । प्रतिवादीमध्येका विवेक थापाको नाममा अभियोग छ, तर मेरो पक्ष विवेक रानालाई प्रहरीले पक्राउ गरेको छ, जसको नाम नै अभियोग पत्रमा उल्लिखित व्यक्तिको नामसँग भिड्दैन । वारदात हुँदा यी मेरो पक्ष भारतमा नोकरी गर्न भनी गई उक्त वारदात घटेपछि मात्र यी व्यक्ति आफ्नो घरमा आएका हुन् । त्यसैले मेरा पक्षहरू यी तीनै जना प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई दिलाई पाऊँ भनी गर्नुभएको बहस सुनियो ।

प्रस्तुत मुद्दामा वादी पक्षबाट रहनुभएका क्रमशः विद्वान् जिल्ला न्यायाधिवक्ता एवम् प्रतिवादीहरू तर्फबाट रहनुभएका विद्वान् अधिवक्ताहरूको विद्वतापूर्ण बहस जिकिर सुनी सम्बन्धित मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा मूल रूपमा निम्न प्रश्नहरूमा केन्द्रित रही निर्णय दिनुपर्ने देखिन्छ ।

क) मृतक दीप भन्ने देवबहादुर श्रीसको मृत्यु कर्तव्यबाट भएको हो होइन ?
ख) कर्तव्यबाट मृत्यु भएको भए को कसको संलग्नताबाट सो वारदात घट्न गएको हो वा घटाइएको हो ?
ग) यी आरोपित प्रतिवादीहरूको सो वारदातमा संलग्नता छ छैन ?
घ) छ भने निजहरू को कसको के कस्तो भूमिका वा संलग्नता रहको थियो ?
ङ) निजहरूलाई अभियोग दाबी अनुरूप हुनुपर्ने हो वा के कस्तो सजाय हुनुपर्ने हो ?

उपरोक्त प्रश्नहरूमा निहित प्रस्तुत मुद्दामा निर्णयतर्फ विचार गरी हेर्दा वादी पक्षले यी प्रतिवादीहरू उपरमा मिति २०६७।१०।७ गतेका राति जिल्ला नवलपरासी माकर गा.वि.स. वडा नं.४ बस्ने वर्ष २५ को दीप भन्ने देवबहादुर श्रीसलाई पूर्वरिसइवीलाई लिई लात मुक्काले कुटपिट गर्दै, लतार्दै, घिसार्दै पानीमा फाल्दै, मुखमा पिसाब समेत गरिदिई, हातहरू बाँधछाँद समेत गरी बेहोस बनाई बोकी जिल्ला नवलपरासी माकर गा.वि.स.वडा नं. ३ कर्मैयास्थित विषय कुलो भन्ने स्थानमा पुर्‍याई बरामद कोदालोले खाल्टो खनी दीप भन्ने देवबहादुर श्रीस मगरको घाँटीमा धारिलो हतियार चक्कु (छुरी) समेतले रेटी, सेरी, काटी, खाल्टो भित्र दीप भन्ने देवबहादुर श्रीसलाई हाली माटोले पुरी कर्तव्य गरी मारेको प्रतिवादीहरू मनोज सुनार भन्ने होमबहादुर सुनार, प्रकाश सुनार, कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्री, राजु वुढामगर, मुकेश सार्की (नेपाली), विवेक थापा, राजु सुनार, बोमे भन्ने अर्जुन

सार्की (नेपाली), देवबहादुर थापा भन्ने देव थापा, राजेश श्रेष्ठ र कृष्ण रानाले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विपरीतको कार्य गरी मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुर गरेको देखिएकोले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरी पाऊँ, त्यस्तै प्रतिवादीहरू मैते भन्ने रेकी गुरुङ र विष्णु मगर भन्ने विष्णुबहादुर मगरले प्रतिवादी मनोज सुनार भन्ने होमबहादुर सुनार समेतका अन्य प्रतिवादीहरूले दीप भन्ने देवबहादुर श्रीसको कर्तव्यबाट ज्यान मार्छन् भन्ने कुरा आफूहरूले चाल पाएर पनि जाहेर नगरेको निज प्रतिवादीहरू मैते भन्ने रेकी गुरुङ र विष्णु मगर भन्ने विष्णुबहादुर मगरले मुलुकी ऐन ज्यान सम्बन्धी महलको २२ नं. र २६ नं. को कसुर गरेको देखिएकोले मुलुकी ऐन ज्यान सम्बन्धी महलको २६ नं. बमोजिम सजाय गरी पाऊँ भनी खण्डे अभियोग दाबी लिएको पाइन्छ । आरोपित प्रतिवादीहरूमध्येका प्रतिवादीहरू राजेश श्रेष्ठ, राजु सुनार, बोमे भन्ने अर्जुन सार्की, मुकेश सार्की नेपाली, देवबहादुर थापा भन्ने देव थापा, कृष्ण राना समेतका हकमा निजहरू सुरुदेखिबाट हालसम्म पनि फरार नै रहेकाले मुलुकी ऐन, अ.वं १९० नं बमोजिम मुल्तवीमा राखिदिएको छ ।

अब अदालतमा उपस्थित प्रतिवादीहरूका हकमा सर्वप्रथम पहिलो प्रश्नका सन्दर्भमा विचार गरी हेर्दा मिसिल संलग्न मिति २०६७/१०/१० गतेको लास प्रकृति मुचुल्कामा मृतको दुवै हात पछाडि फर्काई बाँधेको, अनुहार सुन्निएको, नाकबाट रगत निस्केको, घाँटीमा दायाँ कानदेखि बायाँ कानसम्म ५ इन्च गहिराइको काटिएको घाउ रहेको, बायाँ कान नजिक नीलडाम रहेको, कम्मरमा दाहिने हातको कुममा गरी दुवै ठाउँमा ३ इन्च दधारिएको घाउ रहेको, बायाँ खुट्टाको तिघ्रामा १ इन्च लम्बाइ घोचिएको घाउ रहेको भन्ने समेत व्यहोराको लास प्रकृति तथा विषय कुलोको पश्चिम किनारमा सुकेको अवस्थाको रगत रहेको, सो सुकेको रगतबाट अं २ मिटर उत्तरपट्टि कुलोमा आलो बालुवा माटो परेको अवस्थामा रहेको, सोही बालुवा माटो हटाई हेर्दा त्योभित्र मृतक दीप भन्ने देवबहादुरको लास गाडेको अवस्थामा रहेको भन्ने व्यहोरा उल्लेख एउटै मितिको एउटै घटनास्थल एवम् लास प्रकृति मुचुल्का एवम् घाँटीमा काटिनाले ठूलो मात्रामा रक्तश्राव हुन गै शक भै मृतकको मृत्यु भएको हो भन्ने शव परीक्षण प्रतिवेदन तथा प्रहरी जवान मदनबहादुरको प्रतिवेदन साथ दाखिल भएको मृतकको घाँटी रेटिएको र पछाडिपट्टि हात बाँधिएको स्पष्ट देखिने फोटोहरू समेतका प्रमाण कागजहरूबाट मृतक दीप भन्ने देवबहादुर श्रीसको मृत्यु कर्तव्य (Homasae) बाट भएको भन्ने तथ्य स्थापित हुन आएकोले अब सो वारदातका सम्बन्धमा शंका उपशंका वा अरू तर्क बितर्क गर्नुपर्ने आवश्यकता नै रहेन ।

अव सो कर्तव्य वारदात को कसले के कसरी घटाएका रहेछन् त भन्ने दोस्रो एवम् तेस्रो प्रश्नका सन्दर्भमा विचार गरी हेर्दा प्रतिवादीमध्येका विवेक थापाका हकमा समेत ज्यान सम्बन्धी महलको १३(३) नं बमोजिम अन्य प्रतिवादीहरूमध्येका मैते भन्ने रेकी गुरुङ र विष्णुबहादुर मगरका हकमा ज्यान सम्बन्धी महलको २२ र २६ नं बमोजिम कसुर गरेकोले सोही प्रावधान अनुरूप सजाय गरी पाऊँ भनी अभियोग दाबी लिएको देखिन्छ ।

यी प्रतिवादीमध्येका विवेक थापा भन्ने व्यक्तिका उपरमा अभियोग दाबी रहेको, यस अदालतमा पहरीको प्रतिवेदन साथ उपस्थित गराइएका व्यक्ति विवेक रानाले म विवेक थापा भन्ने व्यक्ति पनि होइन, मेरो खास नाम विवेक राना हो । मेरो बुवाको नाम नुमबहादुर राना हो, म घटना वारदातका बखत अर्थात् २०६७/१०/७ गते भारतको बम्बईमा थिएँ । विगत ७/८ महिना उतै बसी घरमा आएको एक हप्ता मात्र भएको छ । मृतकलाई मैले कर्तव्य गरी मारेको होइन, कसले कसरी मारे, मलाई थाहा भएन भनी बयान गरी आफ्नो नागरिकता समेत पेस गरेको र निजको उक्त भनाइ निजका साक्षी ज्ञानेन्द्रराजको बकपत्रबाट समेत समर्थित हुन आएको पाइन्छ । पक्राउमा परेका अन्य प्रतिवादीहरूको मौकाको बयानमा र स्वयम् जाहेरवालाको बकपत्रमा विवेक रानाले समेत मृतकलाई कर्तव्य गरी मारेका हुन् भनी लेखाएको नभई विवेक थापा भनी उल्लेख गरिएको पाइन्छ भने वादी पक्षले विवेक थापा भन्ने

व्यक्ति र विवेक राना भन्ने व्यक्ति एउटै हो भनी स्पष्ट एवम् किटानसाथ भन्न सकेको वा सोको आधार देखाउन सकेको पाइँदैन । यसबाहेक अभियोग पत्रको विरुद्ध खण्डमा उल्लिखित प्रतिवादी विवेक थापाका हकमा फेरार रहेका भनी मुल्तवीमा राख्ने गरी माथि आदेश भइसकेको छ, यस स्थितिमा यी विवेक राना नै विवेक थापा हुन् भनी मान्न त्यसैका आधारमा कसुर ठहर गर्न न्यायोचित हुने देखिन आएन । यस्तै प्रतिवादीहरू मैते भन्ने रेकी गुरुङ र विष्णुबहादुर मगरका हकमा विचार गर्दा निजहरू आरोपित कसुरमा सुरुदेखि इन्कार रहेको, पक्राउमा परेका अन्य प्रतिवादीहरूले मौकामा गरेको बयान कागजमा यी प्रतिवादीहरू संलग्नता रहेको भनी निजहरूको नाम उल्लेख हुन नसकेको, जाहेरी दरखास्त तथा अदालतमा जाहेरवालाले गरेको बकपत्रमा पनि जाहेरवालाले निजहरूको नाम उल्लेख गर्न नसकेको, यी प्रतिवादीहरूका साक्षीले आ-आफ्नो पक्षलाई सफाइ दिने गरी निजहरूको बयान समर्थित हुने गरी वकपत्र गरिदिएको, यी दुवै जना प्रतिवादीहरू मौकामा तथा अदालतमा आरोपित कसुर पूर्ण रूपमा इन्कार रही बयान गरेको, वादी पक्षले यी प्रतिवादीहरू उपरको अभियोग दाबी पुष्टि हुने गरी कुनै सवुद प्रमाण पेस गर्न नसकेको समेतका विवेचित आधारबाट यी प्रतिवादी रेकी गुरुङ, विष्णुबहादुर मगर तथा विवेक रानाका हकमा आरोपित कसुरमा सफाइ पाउने पाउनुपर्छ भनी निज प्रतिवादीहरूका तर्फबाट विद्वान् अधिवक्ताको बहस जिकिर बेमनासिव देखिन आएन । अतः उपरोक्त विवेचित तथ्यहरूका आधारबाट निज प्रतिवादीहरू रेकी गुरुङ, विष्णुबहादुर मगर तथा विवेक रानाले आरोपित कसुरमा सफाइ पाउने ठहर्छ ।

अव यी प्रतिवादीहरू बाहेकका अन्य उपस्थित प्रतिवादीहरू मनोज भन्ने होमबहादुर सुनार, प्रकाश सुनार, राजु बुढामगर, कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्री समेतका उपरमा लगाइएको आरोपित कसुरका हकमा विचार गरी हेर्दा,

यी प्रतिवादीहरू चारै जना समेतका उपरमा मौकाको जाहेरीमा जाहेरवालीले दीप भन्ने देवबहादुर श्रीसलाई कर्तव्य गरी मारेको भनी किटानी जाहेरी दिएको देखिन्छ भने निज जाहेरवालीले अदालतमा आई बकपत्र समेत गरी आफूले सो जाहेरी दिएको हुँ भनी जाहेरी व्यहोरा समर्थन हुने गरी बकपत्र गरिदिएको पाइन्छ । घटना अघिसम्मको अर्थात् आशा थापाको घरमा निजको छोराको जन्म दिनको भोज पश्चात् मृतक र राजेश श्रेष्ठबीच विवाद हुँदाकै बखत प्रत्यक्षदर्शी भनिएकी आशा थापाले मौकामा गरेको कागजको व्यहोरा समर्थन हुने गरी आफ्नो भाइ मृतकको हत्या कर्तव्यबाट भएको हो भनी अदालतमा आई बकपत्र गरेको देखिन्छ । मौकामा पक्राउ परेकामध्येका यी चारै जना प्रतिवादी आरोपित कसुर स्वीकार गरी घटनाको क्रमागत उल्लेख गरी मृतक दीप भन्ने देवबहादुर श्रीसलाई गाउँबाट लखेट्दै लगी समातेर कुटपिट गर्दै लछारपछार गर्दै विषय घोलामा मृतकको चार खुट्टा समाई फ्याँकेको र नमरेको देखेपछि घोलाबाट बाहिर ल्याई दुवै हात बाँधी घाँटीमा रेटी हत्या गरी खाल्टोमा पुरी कसैलाई नभन्नु भनी हिँडेको भनी परस्परमा पोल गरी अधिकार प्राप्त अधिकार समक्ष बयान गरेको देखिन्छ । निजहरूको सो बयान कागज व्यहोरा र धारिलो हतियारले घाँटी काटेको भनी लास प्रकृति एवम् घटनास्थल प्रकृति मुचुल्का, धारिलो हतियार बरामदी मुचुल्का, मृतकको घाँटी रेटिएको स्पष्ट देखिने फोटोहरू समेत परस्परमा मिल्न भिड्न आएको देखिन्छ । अधिकार प्राप्त अधिकारी समक्षको बयान स्वइच्छाले गरेको होइन भनी अदालतमा इन्कारी बयान गरे पनि सो मौकाको बयान कागज स्वइच्छा विरुद्धको हो भन्ने जिकिर समर्थित हुने तथ्ययुक्त वा विश्वसनीय प्रमाण आधार यी प्रतिवादीबाट पेस हुन वा देखाउन सकेको पाइँदैन । यी प्रतिवादीहरू र मृतक परस्परमा पूर्व परिचित देखिन्छन् । मृतक र प्रतिवादीमध्येका मनोज भन्ने होमबहादुर सुनारबीच यसअघि नै खुकुरी हानाहान हुँदा निज होमबहादुर घाइते भएका तथ्य मिसिलबाट उजागर हुन आएको र प्रतिवादी प्रकाश सुनार र होमबहादुर दुवै दाजुभाइ हुन् भन्ने देखिन आएको छ, यी दुवै जना वारदातका बखत पूरै समय एकै साथमा भए रहेको भन्ने निजहरूकै बयानबाट देखिन्छ । मृतक र राजेश श्रेष्ठको बीच सुरुमा आशा

थापाको घरबाट विवाद सुरु भए पश्चात् नाग भाइ भन्ने किशोर मार्फत प्रतिवादी होमबहादुर र प्रकाश सुनार समेत भै मृतकलाई खोज्दै आएका, सुरज थापा र मृतक एकैसाथ रहेको देखी मृतकलाई प्रतिवादीमध्येका होमबहादुरले ढुङ्गा उठाई हान्न खोजेका वखत सुरज थापाले मृतकलाई बचाएको कारण मृतक त्यहाँबाट भाग्न सफल भएको, त्यस बखत सुरज थापा घाइते भएको भन्ने भनाइ प्रत्यक्षदर्शी आशा थापा एवम् स्वयम् घाइते सुरज थापाको कागज व्यहोराबाट खुल्न आएको छ । त्यसरी उक्त ठाउँबाट भागेका मृतकलाई प्रतिवादीमध्येका प्रकाश सुनारले खोज्दै पच्छ्याउँदै गएका र ज्यान बचाउन रूखमा चढेका मृतकलाई प्रतिवादी प्रकाश सुनारले खुट्टा समाती तल झारेर सामूहिक रूपमा कुटपिट गर्ने कार्य भएको तथ्य समेत निज प्रतिवादीहरूको मौकाको बयान कागजबाट खुल्न आएको, जुन कागज निज प्रतिवादीहरूको इच्छा विपरीत भएको हो भनी अन्यथा नठहरिएको कारण मृतकलाई प्रतिवादीमध्येका प्रकाश सुनारले यसलाई नमार भनी भनेको बचाउको पक्षको रूपमा रहेका थिए भन्ने निज प्रतिवादी तर्फका विद्वान् कानुन व्यवसायीको बहस जिकिर स्वीकार्य हुन सक्ने देखिएन । यस्तै कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्री समेत मृतकलाई सामूहिक रूपमा लछारपछार गर्ने कुटपिट गर्ने कार्यदेखि लिएर मृतकलाई घोलामा फ्याँक्ने फेरि त्यहाँबाट निकालेर मृतकका दुवै हात बाँधेर आफूले ल्याएको धारिलो हतियार लिई घाँटी रेट्न खोज्दा नलागेकोले कमलले ल्याएको छुरीले मृतकको घाँटी रेटेको र त्यस कार्यमा कमल पनि सहभागी भएको भन्ने प्रतिवादी मनोज भन्ने होमबहादुर सुनारले गरेको पोल बयान, सो घटनामा यी प्रतिवादी कमल भन्ने खगेन्द्रबहादुरको कुनै संलग्नता नरहेको भनी जाहेरवाली एवम् सुरुमा विवाद हुँदाकी प्रत्यक्षदर्शी आशा थापाले भन्न लेखाउन नसकेको, घटनास्थलमा रहेको चस्मा समेतबाट यी प्रतिवादीको सो वारदातमा संलग्नता रहेको भनी लेखाएकी भन्ने आशा थापाको अदालतमा भएको बकपत्रबाट देखिन्छ । बरामदमध्येका एउटा धारिलो हतियार कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्रीले ल्याएको भनी अन्य सहप्रतिवादीहरूको पोल बयान हुनुको साथै सो हतियार निज कमल क्षेत्रीले फालेको भनी देखाएको ठाउँबाट बरामद भएको भन्ने बरामदी मुचुल्का व्यहोरा समेत अन्यथा प्रमाणित हुन नसकेको अवस्था मिसिलबाट देखिन्छ । यी आधार प्रमाणबाट कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्रीको मृतक दीप भन्ने देवबहादुर श्रीसलाई हत्या गर्ने कार्यमा संलग्नता रहेको तथ्य पुष्टि हुन आएको छ । यस अवस्थामा यी प्रतिवादी निर्दोष छन् भनी निज प्रतिवादीहरूमध्ये तत् तत् पक्षतर्फका विद्वान् अधिवक्ताले लिनुभएको बहस जिकिर स्वीकारयोग्य देखिन आएन ।

यस्तै अर्का प्रतिवादी राजु बुढा मगरका उपरको आरोपित कसुरका हकमा मिसिल अध्ययन गरी हेर्दा उक्त आरोपित कसुरमा निज प्रतिवादी मौकामा बयान गर्दा साविती भएको पाइन्छ । निज उपरमा पनि मौकामा किटानी जाहेरी हुनुका साथै मौकामा कागज गर्ने प्रायः सबैले निजको पनि सो घटनामा संलग्नता रहेको भनी लेखाएको पाइन्छ । सहप्रतिवादीहरूले यी प्रतिवादीका उपरमा समेत पोल गरी सावित भएको दखिन्छ, निजले मौकामा गरेको बयान कागज स्वइच्छा विरुद्धको भन्ने खुल्न वा मिसिलबाट पुष्टि हुन सकेको पाइँदैन । सह प्रतिवादीहरूको यी प्रतिवादी उपरको पोल झुट्टा वा पूर्वाग्रही भै पोलेको भन्नेसम्म पनि मिसिलबाट खुल्न नआएको र प्रतिवादीको मौकाको बयानले घटनाक्रमलाई सिलसिलेवार तवरबाट उजागर गरिएको देखिन्छ जुन कुरा मिसिल संलग्न घटनास्थल प्रकृति एवम् लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा मृतकका फोटोहरूबाट नै समर्थित हुन आएको छ । तसर्थ यी प्रतिवादी राजु बुढा मगरको समेत मृतक दीप भन्ने देवबहादुर श्रीसलाई कर्तव्य गरी हत्या गरिएको कार्यमा संलग्नता रहेको भन्ने देखिन आयो । यस स्थितिमा मेरो पक्ष निर्दोष छ, सफाइ पाउनुपर्छ भनी निज प्रतिवादीतर्फका विद्वान् काननु व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन ।

अतः प्रतिवादीहरू मनोज भन्ने होमबहादुर सुनार, प्रकाश सुनार, राजु बुढा मगर, कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्री समेत भै मिति २०६७/१०/७ गतेका राति जाहेरवालीका छोरा दीप भन्ने देवबहादुर श्रीसलाई धारिलो हतियारले घाँटीमा रेटी कर्तव्य गरी मारेको ठहर्छ ।

उक्त हत्यामा प्रतिवादीमध्येका मनोज भन्ने होमबहादुर सुनारको मुख्य भूमिका एवम् संलग्नता देखिएको छ, निज जस्तै प्रतिवादी र मृतकबीच सो वारदात हुनुअघि पनि पूर्वरिसइवी रहेको तथ्य यी प्रतिवादी स्वयम्ले स्वीकार गरेको पाइन्छ भने वारदातका बखत मृतकलाई लखेट्दै समातेर लछार पछार गर्दै लगी घोलामा फ्याँक्ने, मृतकका मुखमा पिसाब फेर्ने, घाँटी रेट्ने, मृतकका हात पछाडि बाँध्ने, मृत्यु पश्चात् मृतकको शवलाई खोल्डोमा पुर्ने जस्ता कार्य समेतमा निजै प्रतिवादीको मुख्य भूमिका रहेको तथ्य मिसिलबाट स्थापित हुन आएकोले कसुर गर्ने यी मुख्य कसुरदार अर्थात् प्रतिवादी मनोज भन्ने होमबहादुर सुनारलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं बमोजिम सर्वस्व सहित जन्म कैदको सजाय हुने ठहर्छ । अन्य प्रतिवादीहरूको हकमा माथि खण्डमा विवेचना गरिए अनुरूप निजहरूको सामूहिक एवम् समान संलग्नता रहेको पुष्टि हुन आएकोले यी प्रतिवादीहरू प्रकाश सुनार, राजु बुढा मगर, कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्री समेत जना ३ लाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं बमोजिम जन्म कैदको सजाउ हुने ठहर्छ ।

तर यी प्रतिवादीहरूको सो अपराध गर्दाको बखत २०, २२ वर्षको मात्र उमेर रहेको अवस्था, निजहरूमा मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी नरहेको, प्रतिवादीमध्येका राजु बुढामगरले मौकामा गरेको बयान कागजमा लहै लहैमा लागेर मृतकको हत्या गरियो भनी व्यक्त गरेका भनाइ व्यहोराबाट सो घटना पश्चात् यी प्रतिवादीहरू पश्चात्तापमा परेको जस्तो अवस्था र परिस्थितिलाई विचार गरी हेर्दा प्रतिवादी मनोज भन्ने होमबहादुर सुनार बाहेकका अन्य प्रतिवादी प्रकाश सुनार, राजु बुढा मगर, कमल क्षेत्री भन्ने खगेन्द्रबहादुर क्षेत्री समेत जना ३ का हकमा उक्त जन्म कैदको सजाय गर्नु मेरो चित्तबाट चर्को हुने लागेको, तथापि सजाय चर्को गर्दैमा मात्र न्यायको मकसद पूरा भइहाल्छ भनी मान्न नसकिने, परिस्थिति, अवस्था हेरी सजाय चर्काउनुभन्दा नरम पारिनु पनि विवेकसम्मत कार्य (Poeace potius molliendaeaum exasparandae sunt) हुन जान्छ भन्ने कानुनी मान्यता रहेको समेतको परिप्रेक्ष्यमा प्रतिवादी प्रकाश सुनार, कमल भन्ने खगेन्द्र क्षेत्री र राजु बुढा मगरका हकमा मुलुकी ऐन, अ.वं १८८ नं बमोजिम जनही १० (दस) वर्ष कैदको सजाय गर्न मनासिब हुने देखी यो राय व्यक्त गरेको छु । साधक सदरका लागि पुनरावेदन अदालत बुटवलमा फैसला सहितको मिसिल पठाइदिने ठहर्छ । सो ठहर्नाले तपसिलका कुरामा तपसिलमा लेखिए बमोजिम हुने गरी प्रस्तुत मुद्दा मु. ऐन अ.वं १८६ नं बमोजिम फैसला गरिदियाँ ।

## तपसिल

१. प्रतिवादी मनोज भन्ने होमबहादुर सुनारके माथि ठहर खण्डमा लेखिए बमोजिम अभियोग दाबी अनुसार मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं बमोजिम सर्वस्व सहित जन्म कैदको सजाय हुने ठहरी फैसला भएकोले निज प्रतिवादी मिति २०६७/१०/१२ गतेदेखि अनुसन्धानको लागि तथा पुपर्क्षको लागि थुनामा रहेको देखिँदा सोही मितिदेखि कट्टा हुने गरी निजलाई लागेको कैद लगत कसी असुल उपर गर्नू ...१

२. प्रतिवादी प्रकाश सुनार, कमल भन्ने खगेन्द्रबहादुर क्षेत्री र राजु बुढामगरके माथि ठहर खण्डमा लेखिए बमोजिम अभियोग दाबी अनुसार मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३ (३) नं बमोजिम जन्म कैदको फैसला हुने र निजहरूलाई मु. ऐन अ.वं १८८ नं बमोजिम जनही १० (दस) वर्ष कैद सजाय हुने राय ठहर सहित फैसला भएकोले जिन प्रतिवादीहरू मिति २०६७/१०/१२ गतेदेखि अनुसन्धान तथा पुर्पक्षको लागि थुनामा बसेको देखिँदा सोही मितिदेखि कट्टा हुने गरी निजहरूलाई लागेको कैद सजाय लगत कसी असुल उपर गर्नू र निज प्रतिवादीहरूको हकमा सादक सदरको लागि मिसिल श्री पुनरावेदन अदालतमा पठाई सादक सदर भए वा कानुन बमोजिम भए पश्चात् नियमानुसार गर्नू ..............................................१

३. प्रतिवादी मैते भन्ने रेकी गुरुङ, विष्णुबहादुर मगर र विवेक राना के माथि ठहर खण्डमा लेखिए बमोजिम निजहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएकोले रेकी गुरुङ र विष्णुबहादुर मगरले यस अदालतबाट भएका आदेशानुसार दाखिल गरेको जनही रु. ७०००।– धरौट फिर्ता पाऊँ भनी प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि ऐनका म्यादभित्र निवेदन दिन आएका बखत नियमानुसार गरी फिर्ता दिनू ........१

४. प्रतिवादीहरू राजेश श्रेष्ठ, राजु सुनार, बोमे भन्ने अर्जुन सार्की, मुकेश सार्की नेपाली, देवबहादुर थापा भन्ने देव थापा, कृष्ण राना समेतका हकम मुलुकी ऐन, अ.वं १९० नं बमोजिम मुल्तवीमा राखिदिने ठहरेकोले निजहरूको हकमा मुद्दा मुल्तवी दायरीमा दर्ता गरिराख्नू ....................................................१

५. प्रतिवादीहरू मनोज भन्ने होमबहादुर सुनार, प्रकाश सुनार, कमल भन्ने खगेन्द्रबहादुर क्षेत्री र राजु बुढा समेतके यस फैसला उपर चित्त नबुझे श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्न जानू भनी ७० दिने पुनरावेदनको म्याद दिनू ..........................................................................................१

६. जिल्ला सरकारी वकिल कार्यालय नवलपरासीलाई यस फैसला उपर चित्त नबुझे श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्न जानू भनी ७० दिने पुनरावेदनको म्याद सहितको जानकारी दिनू ....................१

७ .सरोकारवाला पक्ष फैसलाको नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई सारी सराइदिनू .........१

८.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू...................१

माननीय जिल्ला न्यायाधीश ज्यूले टिपाए
बमोजिम कम्प्युटर टाइप गर्ने ना.सु. युवराज
पन्थी फाँट नं १

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल आषाढ १४ गते रोज ५ मा शुभम् ...................।**

**श्री रुपन्देही जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री पूर्णप्रसाद बास्तोला**
**फैसला**

**सम्बत् २०६९ सालको मु.नं. ०६९-cr-०१५१**
**नि.नं १८०**

**मुद्दाः- ज्यान मार्ने उद्योग ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| दिलकुमारी मल्लको जाहेरीले नेपाल सरकार.....................................................१ | जिल्ला रुपन्देही बुटवल नगरपालिका वडा नं.९ बस्ने अभिनाश गुरुङ ..................................................१ |
| **साक्षीः-** दिलकुमारी मल्ल, हेमन्त के.सी., धिरज हमाल, अर्जुन कार्की, पदम खनाल, विष्णुबहादुर भट्टराई, वसन्त के.सी., सरस्वती सुवेदी, खडकबहादुर मल्ल, होमबहादुर मल्ल समेतका मुचुल्का मानिसहरू । | **साक्षीः-** मदन दर्जी, रमेश पुन |
| कागजः- अभियोग पत्र संलग्न कागजातहरू । | कागजः- x |

**अदालतबाट बुझेको**
**साक्षीः-**
**मदन दर्जी**
**कागजः-**
×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन अ.बं.२९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

जिल्ला रुपन्देही, बु.न.पा. वडा नं.९ शिवनगर चोाकस्थित पूर्व पश्चिम जाने पिच सडक, पश्चिम उत्तरबाट दक्षिणतर्फ गएको सुख्खानगर खोल्सा, उत्तर गैवे इङ्लिस बोर्डिङ्ग स्कुल रहेको स्थान, दक्षिण सुख्खानगर खोल्साको पुल यति चार किल्लाभित्रमा रहेको दिबनगर र शिवनगरको सिमाना चोक, उक्त चोकमा लु.४प. २९ न.को बजाज डिस्कभर मोटरसाइकलको हेडलाइट फुटेको, लु.४प.३६२३ को मोटरसाइकलको अगाडिको हेडलाइट फुटेको सोही स्थानमा खडकबहादुर मल्ललाई रामजी गुरुङ समेतका मानिसहरूले घेराउ गरी धारिलो हतियारले हानी घाइते भएको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०६३।९।२६ गते मेरो छोरा खडकबहादुर मल्ल लु.४प २९ न.को मोटर साइकलमा भतिजा होमबहादुर मल्ल लु.३प३६२३ न.को मोटरसाइकलमा वडा प्रहरी कार्यालय रामनगर बुटवलतर्फ गइरहेको अवस्था बु.न.पा. ९ शिवनगर चोकमा पुगेको अवस्था रामजी गुरुङ, अनिल घताने, संजु क्षेत्री, पर्वत खडका, अविनाथ गुरुङ, हेमन्त थापा क्षेत्री समेतका १०।१५ जनाले रड तरवार खुकुरी समेतका हतियार लिई ज्यान मार्ने मनसायले टाउको समतेको शरीरमा हानी धाइते बनाएका हुँदा निजहरूलाई पक्राउ गरी कारबाही गरिपाऊँ भन्ने समेत व्यहोराको दिलकुमारी मल्लको जाहेरी दरखास्त ।

मिति २०६३।९।२६ गते दिउँसो बु.न.पा. ९ शिवनगर चोकमा रामजी गुरुङ समेतका मानिसले खडकबहादुर मल्ललाई धारिलो हतियारले हानी ज्यान मार्ने उद्योग गरेका हुन् भन्ने थाहा पाएको हुँ, सो घटनामा म थिइन भन्ने समेत व्यहोराको पर्वत खडकाको बयान कागज ।

खडकबहादुर मल्लको टाउको नाक र कोख समेतमा चोट लागेका भन्ने समेत व्यहोराको घाउ जाँच केस फारम ।

मिति २०६३।९।२६ गते मेरो दाजु पर्ने होमबहादुर मल्ल र म अलग अलग मोटरसाइकलमा वडा प्रहरी कार्यालय रामनगर जाँदै गरेको अवस्थामा बु.न.पा. ९ शिवनगरचोकमा पुग्दा रामजी गुरुङ, अनिल घताने, संजु क्षेत्री, पर्वत खडका, अविनाश गुरुङ, हेमन्त थापा क्षेत्री समेतका समतेका १०।१५ जना मानिसहरू तरबार खुँडा खुकुरी समेतका हात हतियार लिई हेमन्त थापा क्षेत्री लगायतका मानिसले टाउकोमा रड खुकुरीले हानेका हारगुहार गरेका हुँदा मेरो ज्यान बच्न गएको हो, ज्यानै मार्ने मनसायले निजहरूले मलाई हानेका हुन्, निजहरूले म चढेको लु.४प२९ न.को मोटरसाइकल समेतको तोडफोड गरी क्षति पुऱ्याएका हुन् । मेरो उपचार खर्च र मोटरसाइकलको क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ, निजहरूलाई ज्यान मार्ने उद्योगमा कारबाही गरिपाऊँ भन्ने समेत व्यहोराको खडकबहादुर मल्लले गरेको कागज ।

बु.न.पा. वडा न. ९ बस्ने रामजी गुरुङ, मेहन्त थापा, पर्वत खडका समेतका १०।१५ जना मानिसहरूले खडकबहादुर मल्ल र मलाई वु.न.पा. ९ शिवनगर चोकमा लाठी, खुँडा, खुकुरी, तरबार समेतले हानी लडाई हामी चढेको लु४प२९ न.को मोटरसाइकल, लु.३प ३६२३ न.को मोटर साइकललाई तोडफोड गरी क्षति पुऱ्याएका हुन्, खडकबहादुर मल्ललाई उपचारको लागि लुम्बिनी अँचल अस्पताल बुटवलमा ल्याएको हुम् भन्ने समेत व्यहोराको होमबहादुर मल्लको कागज ।

खडकबहादुर मल्ललाई हेमन्त थापा, अनिल घताने, पर्वत खड्का समेतले घेरा हाली मार्न पर्छ भन्दै हान्दै रहेछन्, होमबहादुर हारगुहार गर्दै चिच्याएको अवस्थामा म पुगेँ, म पुग्दा मानिसहरू जम्मा भएकाले निजहरू भागे । खडकबहादुर मल्ल रगताम्य अवस्थामा थिए, उपचारका लागि ल्याएका हौँ भन्ने समेत व्यहोराको सुरेश हमालले गरेको कागज ।

मिति २०६३।९।२६ गते पर्वत खड्का मसँगै बसी टी.बी. हेरेका थियौँ, पर्वत खड्का, खडकबहादुर मल्ललाई कुटपिट गरी ज्यानै मार्ने उद्योगमा संलग्न छैनन् भन्ने समेत व्यहोराको अर्जुन कार्कीले गरेको कागज ।

मिति २०६३।९।२६ गते दिउँसो अँ. १ बजेको समयमा रामजी गुरुङले आफ्ना साथीहरू जम्मा गराई खडकबहादुर मल्ललाई धारिलो हतियारले हानी घाइते बनाई निज चढेको मोटरसाइकलमा समेत तोडफोड गी क्षति बनाएका हुन् । उक्त वारदातमा पर्वत खड्काको पनि संलग्नता रहेको भनी उल्लेख भएको रहेछ, निज संलग्न रहे जस्तो मलाई लाग्दैन भन्ने समेत व्यहोराको पदम खनालले गरेको कागज ।

मिति २०६३।९।२६ गते दिउँसो अं. १ बजेको समयमा म स्कुलको हाफ टाइम भएको हुँदा नास्ताका लागि मिष्ठान्न भण्डारमा गएको थिएँ, पर्वत खडका र अनिल घताने क्यारमबोर्ड खेलिरहेको

थिए, सो अवस्थामा ३ वटा मोटरसाइकलमा ६ जना मानिस आई निजहरूलाई जाउँ भनी खडकबहादुर मल्ललाई हानेका हुन् भन्ने समेत व्यहोराको विष्णु भट्टराईले गरेको कागज ।

मिति २०६३।९।२६ गते बु.न.पा.९ शिवनगर चोकमा दिउँसो १ बजेको समयमा रामजी गुरुङ, अनिल घताने, पर्वत खड्का समेतका १०।१५ जनाको समूहमा रहेका मानिसले खुकुरी, तरबार, खुँडा र रड समेतका हातहतियार समाई खडकबहादुर मल्ललाई घेरी मार्न पर्छ भन्दै हान्दै थिए, हेमबहादुर मल्लले हारगुहार मागिरहेका थिए, सोही कारणबाट निजहरू भागे घाइते भएका खडकबहादुर मल्ललाई उपचारका लागि अस्पतालमा ल्याएका हौं भन्ने समेत व्यहोराको वसन्त के.सी.ले गरेको बयान ।

पर्वत खड्का मेरो भान्जा हुन् । मिति २०६३।९।२६ गते दिउँसो १ बजे घरमा आएका हुन्, बेलुका म तरकारी किन्न जाँदा खडकबहादुरलाई धारिलो हतियारले हानी ज्यान मार्ने उद्योग गरे भन्ने कुरा थाहा पाएको हुम् भन्ने समेत व्यहोराको सरस्वती सुवेदीले गरेको कागज ।

प्रतिवादी रामजी गुरुङ, अनिल घताने, संजु क्षेत्री, पर्वत खड्का, अविनाश गुरुङ समेतले खडकबहादुर मल्ललाई ज्यान मार्ने मनसायले हात हतियारले हानी घाइते बनाएको हुँदा निजहरूले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १५ न. बमोजिमको कसुर अपराध गरेकोले निजहरूलाई सोही महलको १५ न. बमोजिम कारबाही भै घाइतेको उपचार गर्दा लागेको खर्च र क्षति भएको मोटरसाइकल थान २ मर्मत गर्दा लागेको रकम समेत भराई पाउने माग दाबी साहितको अभियोग पत्र ।

जाहेरवालीको छोरा खडकबहादुर मल्ललाई मैले कुटपिट एवं कुनै हातहतियारले हानी ज्यान मार्ने उद्योग गरेको छैन । उल्लिखित घटना भएको भनेको मितिमा म पोखरा गएको थिएँ । जाहेरी दरखास्त सम्बन्धमा मलाई केही थाहा छैन । मैले जाहेरवाली लगायत प्रतिवादीहरूलाई चिन्दैन । चिन्दै नचिनेको मानिससँग रिसइवी हुने कुरै भएन । खडकबहादुर कसरी घाइते भएका हुन् वा होइनन् मलाई थाहा छैन, निज खडकबहादुरलाई मैले चिन्दिन । घटना गर्ने गराउने कार्यमा म संलग्न एवं समावेश नभएकोले दाबी अनुसार मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको पक्राउ भै हाजिर गराइएका प्रतिवादी अभिनाश गुरुङले अदालतसमक्ष गरेको बयान ।

अदालतका आदेशानुसार प्रहरीमा कागज गर्ने विष्णु भट्टराई, पदम खनाल, सरस्वती सुवेदीले गरेको बकपत्र तथा पक्राउ भै हाजिर गराइएका प्रतिवादी अभिनाश गुरुङका साक्षी मदन दर्जीले गरेको बकपत्र मिसिल सामेल रहेको ।

## ठहर खण्ड

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री गोविन्द उपाध्यायले पीडित खडकबहादुर मल्ललाई मिति २०६९।९।२६ गते वडा प्रहरी कार्यालय बुटवलतर्फ गैरहेको अवस्थामा यी प्रतिवादी समेतले तरबार, खुकुरी र रड समेतका हतियार प्रहार गरी सांघातिक आक्रमण गरी ज्यान मार्ने उद्योग गरेको कुरा जाहेरवाला दिलकुमारी मल्लको जाहेरीबाट स्पष्ट देखिन आएको छ, सो जाहेरी व्यहोरालाई पीडितको टाउको लगायतमा परेको घाउ चोट देखिने केस फारमबाट पुष्टि हुन आएको देखिन्छ । अनुसन्धानको क्रममा प्रहरीमा कागज गर्ने पदम खनाल समेतले गरिदिएको कागजबाट यी प्रतिवादी अविनाश गुरुङलगायतले पीडितलाई धारिलो हतियार प्रहार गरी घाइते बनाएको भन्ने देखिइरहेको छ । प्रतिवादी लामो समयसम्म फरार रही अदालतमा उपस्थित भै गरेको बयानमा सत्यता छैन । वारदात भनिएको दिन आफू कास्की पोखरा गएको भन्ने निज प्रतिवादीको भनाइ व्यहोरा देखिन्छ भने निजका

साक्षी मदन दर्जीले उक्त दिन यी प्रतिवादी आफ्नो घर स्याङ्जा गएका भनेबाट प्रतिवादीको इन्कारी पुष्टि हुन सकेको छैन, तसर्थ निजले समेत अभियोग दाबी बमोजिमको कसुर गरेको स्पष्ट हुँदा निजलाई दाबी बमोजिम सजाय हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादी अविनाश गुरुङका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सावीर खानले जाहेरवालाको छोरा खडकबहादुर मल्ल उपर मिति २०६३।९।२६ गते बुटवल नगरपालिका वडा न. ९ स्थित शिवनगर चोकमा पुग्दा निज उपर आक्रमण भै घाइते भएको भन्ने तथ्य मिसिलबाट स्थापित हुन आएको कुरामा आफ्नो अन्यथा भनाइ छैन । तथापि प्रतिवादी अविनाश गुरुङ सो घटनामा सम्मिलित भएका छैनन् । उक्त वारदात भनिएको अवस्था अन्यत्र रहेको जिकिर सहित इन्कारी बयान गरिरहेको हुँदा सो जिकिरलाई प्रतिवादीका साक्षीले अदालतमा गरेको बकपत्रबाट पुष्टि भएको छ । जाहेरवालाले मौकामा किटानी व्यहोराको जाहेरी दिएको भए पनि पीडित लगायत जाहेरवालाले अदालतमा उपस्थित भै बकपत्र गर्न सकेको अवस्था छैन, अनुसन्धानको क्रममा बुझिएका पदम खनाल तथा विष्णु भट्टराईको यस अदालतमा भएको बकपत्रबाट यी प्रतिवादी उपर स्पष्ट रूपमा कसुरदार भनी किटान गर्न सकेको अवस्था छैन । घाउ जाँच केस फारमबाट पनि पीडितलाई मर्नेसम्मको अवस्था देखाउन नसकेको समेतबाट मेरा पक्षले अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

दुवैतर्फका विद्वान् कानुन व्यवसायीहरूको बहस समेत सुनी मिसिल संलग्न कागजातहरू अध्ययन गरी हेर्दा यी प्रतिवादी अविनाश गुरुङ समेत उपर ज्यान सम्बन्धी महलको १५ न.को कसुरमा निजलाई सोही महलको १५ न. बमोजिम सजाय गरी उपचार खर्च समेतका क्षतिपूर्ति पीडितलाई दिलाई भराई पाऊँ भन्ने अभियोग दाबी रहेको प्रस्तुत मुद्दामा मूलतः निम्नलिखत प्रश्नको निर्णय निरोपण गर्नुपर्ने देखिन आयो ।

(क) पीडित उपर ज्यान मार्ने सम्मको आक्रमण भएको देखिन्छ, देखिँदैन ?

(ख) उक्त वारदातमा यी प्रतिवादीको संलग्नता छ छैन ?

(ग) यदि भए निजलाई के कस्तो सजाय गरिनुपर्ने हो त ?

प्रथमतः पहिलो प्रश्नतर्फ हेर्दा प्रतिवादी अविनाश गुरुङ लगायतका १०, १५ जना मानिसहरूको समूहले मिति २०६३।९।२६ गते वडा प्रहरी कार्यालय बुटवलतर्फ मोटरसाइकलमा गइरहेको अवस्था बुटवल नगरपालिका वडा न. ९ शिवनगर चोकमा पुग्दा तरबार, खुकुरी र रड समेतका हतियार सहित ज्यान मार्ने उद्देश्यले अचानक साङ्घातिक आक्रमण गरी छोरा खडकबहादुर मल्लको टाउकोको ३,४ इन्चको चोक्टा नै उछिट्टिई टाँका नै लगाउन नमिल्ने गरी खुँडाले हानी नाक र शरीरको कोखामा समेत खुँडा प्रहार गरी सख्त घाइते गराइदिएकाले पीडितलाई मेडिकल कलेज भैरहवामा उपचारका लागि लगिएकोमा त्यहाँ उपचार हुन नसकी हाल वी.एन.बी. अस्पताल काठमाडौंमा उपचार भै रहे पनि बाँच्ने मर्ने ठेगाना छैन । विपक्षीहरू समेतलाई ज्यान मार्ने उद्योगमा कारबाही गरिपाऊँ भन्ने पीडितकी आमा दिलकुमारीको जाहेरी दरखास्त परेको देखिन्छ भने सोही व्यहोरा मिलानको पीडित खडकबहादुर मल्लले मिति २०६३।१०।२१ गते इलाका प्रहरी कार्यालय बुटवलमा अनुसन्धान अधिकृत समक्ष कागज गरिदिएको समेत देखिन आएको छ ।

पीडित खडगबहादुर मल्लको इलाका प्रहरी कार्यालय बुटवल मार्फत लुम्बिनी अञ्चल अस्पताल बुटवलबाट भएको घाउ जाँच केस फारम हर्दा Nature of injury size and site अन्तर्गत

(1) Scalp injury ? Head injury, Compaund ‖ Nose.

(2) Cut injury on occipisal Region, skin avulsed about size $3\times{}^{1}/_{3}\times{}^{2}/_{3}$

(3) Nosal Region $2\times{}^1/_2\times{}^1/_2$ cm, Nosal bleeding. जस्ता घाउ खतहरू देखिन आएको छ जसबाट पीडित उपर हतियार प्रयोग गरी आक्रमण भएको हो भन्ने सम्बन्धमा नै ध्यान केन्द्रित गर्नुपर्ने देखिन आयो ।

मुलुकी ऐन, ज्यान सम्बन्धीको १५ न. लाई हेर्दा ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गै वचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्दछ भन्ने कानुनी प्रावधान अनुसार ज्यान मार्ने उद्योगको वारदात हुन कर्ताले ज्यान मार्नेसम्मको जुनसुकै काम गरिसकेको र त्यति गर्दा पनि ज्यान मर्न नपाएको हुनुपर्ने स्पष्ट देखिन आउँछ । यसरी हेर्दा ज्यान मार्ने उद्योग सवै दृष्टिबाट ज्यान सम्बन्धी अपराध नै हुन्छ केवल ज्यान मर्न गएको हुँदैन । विद्यमान कानुनी अवस्थालाई हेर्दा ज्यान मार्ने उद्योग अपराधको सम्बन्धमा पनि ज्यान (Murder) जस्तै तिन निर्णायक तत्वको विद्यमानता हुनु जरुरी देखिन्छ ।

(क) ज्यान मार्नेसम्मको मनसाय (Mens rea)

(ख) सो मनसाय अभिव्यक्त गर्ने बाध्य कार्य (Actus reus)

(ग) तेश्रो तत्व हो अप्रत्यासित हस्तक्षेप (Third party intervention) जसमा पहिलो तत्व पश्चात् दोस्रो तत्वको प्रयोग गरिरहँदा अप्रत्यासित रूपमा तेश्रो तत्वको उपस्थिति वा विद्यमानताले गर्दा नै ज्यान मार्ने कार्य पूरा हुन नसकेको स्थितिमा उद्योगको अवस्था सिर्जना हुन आउँछ ।

प्रस्तुत मुद्दामा पीडित उपरको प्रहार मनसायपूर्वक अर्थात्, ज्यानै लिने आशय Intention बाट भएको हो त भन्ने सम्बन्धमा हेर्दा पीडितको घाउ जाँच केस फारामलाई नै आधार लिनुपर्ने देखिन आउँछ जसमा पीडितको टाउको खोपडीको भागमा injury भन्ने देखिन आउँछ त्यस्तै गरी टाउकोको पछाडिको भागमा $3\times{}^1/_3\times{}^2/_3$ को घाउ चोट र नाकमा $2\times{}^1/_2\times{}^1/_2$ cm को घाउ चोट देखिन आएको छ र सो घाउ चोटलाई स्पष्ट गर्ने आधारमा कुनै weapon अर्थात् object को प्रयोग भएको थियो त ? भन्ने सम्बन्धमा त्यस्तो केही पनि खुलाएको देखिँदैन । त्यस्तै गरी मर्ने वा नमर्ने (wheather fatal or not) भन्ने पनि उक्त केस फाराममा केही उल्लेख हुन सकेको देखिँदैन । जसबाट पीडित उपर लागेको घाउ चोट एवं शारीरिक अवस्थालाई हेर्दा ज्यानै मार्ने स्थितिको भन्ने medical Report बाट स्पष्ट हुन सकेको देखिएन ।

खासगरी ज्यान मार्ने उद्योग मुद्दामा ज्यान मार्ने मनसाय कुनैमा स्पष्ट नै देखिने हुन्छ, कुनैमा अभियुक्तले गरेको आपराधिक क्रियाबाट उसको मनसाय पत्ता लगाउनुपर्ने हुन्छ भनी इस्लामुद्दिन जुलाह विरुद्ध श्री ५ को सरकार भएको ज्यान मार्ने उद्योग (ने.का.प. २०४३, नि.न. २८२६, पृ. ८१०) मुद्दामा र राधेश्याम तेली विरुद्ध श्री ५ को सरकार भएको ज्यान मार्ने उद्योग (ने.का.प.२०४३, नि.न. २६१७, पृ.१०६) मुद्दामा कुनै व्यक्तिले गरेको कार्य कस्तो छ सो हेरी निजले गरेको अपराधजन्य कार्यबाट नै मनसाय तत्व पहिल्याउन सकिने हुँदा अपराधजन्य कार्य नै मनसाय तत्व पहिल्याउने सशक्त एवं भरपर्दो माध्यम हो भनी सम्मानित श्री सर्वोच्च अदालतबाट यस्ता प्रकृतिका मुद्दाहरूमा व्याख्या भएको पाइन्छ । प्रस्तुत मुद्दामा यस सन्दर्भलाई हेर्दा पीडित उपर प्रतिवादी समेतले ज्यान मार्ने मनसायपूर्वक नै प्रहार भएको भन्ने कुरा न त घाउ जाँच केस फारामले स्पष्ट गर्न सकेको छ न त मिसिल संलग्न मौजुदा प्रमाणबाट । जाहेरवाला जाहेरी पश्चात् अदालतको सम्पर्कमा नै आएको देखिँदैन भने पीडितले पनि मिति २०६३।१०।२१ मा इलाका प्रहरी कार्यालयमा उपस्थित भै कागज गरिदिएको सो अवस्था निज

पीडित सामान्य रूपमा रहेको देखिन आएको र प्रतिवादीहरूले निजलाई ज्यानै मार्ने मनसायपूर्वक सांघातिक प्रहार गरेको भन्ने कागज गरिदिए पनि निज पीडित अदालतमा उपस्थित भै बकपत्र गर्न सकेको देखिएन । जसबाट अनुसन्धानको क्रममा व्यक्त व्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा १८ द्वारा प्रमाण ग्राह्य हुन सक्ने देखिएन, त्यस्तै प्रहरीमा कागज गर्नेमध्येका सरस्वती सुवेदी र पदम खनाल दुई जना व्यक्तिले अदालतमा बकपत्र गरेकोमा घटना कसरी भयो थाहा भएन भनि व्यहोरा लेखाएकोबाट निजहरूको सो भनाइले पनि अभियोग दाबी समर्थित हुन सक्ने देखिएन, यसको साथै महेन्द्रराज वम वि. श्री ५ को सरकार भएको ज्यान मार्ने उद्योग (सर्वोच्च अदाल पूर्ण इजलास, नि.न. ४८९०, ने.काप. २०५१, अंक ४, पृ.२२६) मुद्दामा ज्यान मार्ने उद्योग मुद्दाको कसुर कायम गर्नका लागि तेश्रो तत्वको आकस्मिक उपस्थिति अनिवार्य हुने भन्ने प्रतिपादित सिद्धान्तको प्रस्तुत मुद्दामा पनि त्यत्तिकै सान्दर्भिकता देखिन आउँछ । पीडित खडकबहादुर मल्ललाई ज्यान मार्ने मनसायबाट प्रतिवादीहरूले प्रहार गरेको र प्रहारकै अवस्था अपर्भ्रुट एव. आकस्मिक रूपमा को कुन तत्व एवं हस्तक्षेपबाट सो प्रहारजन्य कार्य रोकिन गएको हो त ? भन्ने तथ्य पनि प्रस्तुत मुद्दाबाट देखिँदैन ।

यसरी पीडित र प्रतिवादीबीच ज्यानै लिनेसम्मको पूर्व रिसइवि रहेको र सो रिसइवीबाट ग्रसित भै मार्ने मनसायपूर्वक प्रहार भएको भन्ने प्रस्तुत मुद्दामा सबुद प्रमाणको नितान्त अभाव देखिन आयो । प्रतिवादीहरूले तरबार, खुकुरी समेत हतियार प्रयोग गरी पीडितलाई प्रहार गरेको भन्ने जाहेरी लगायत पीडितले अनुसन्धानको क्रममा उल्लेख गरेको भए पनि घाउ जाँच केस फाराम यस सम्बन्धमा मौन छ । पीडितको केस फाराममा उल्लिखित रहेका केही घाउचोटबाट Sharp तथा Blunt weapon एवं object प्रयोग भएको हुनसक्ने अनुमानसम्म गर्न सकिने कुरा भए पनि घाउचोट कत्तिको गम्भीर हो ? भन्ने सम्बन्धमा पनि उक्त केस फारामबाट स्पष्ट भएको छैन । प्रतिवादी अभिनाश गुरुङ पनि आरोपित कसुरमा पूर्ण रूपमा इन्कारी रहेको अवस्था छ । वारदात भनिएको दिन र समयमा निज यस रुपन्देही जिल्लामा नभै कास्की पोखरातर्फ गएको भन्ने निजको Plea of alibi को जिकिरलाई निजका साक्षी मदन दर्जीको बकपत्रबाट पुष्ट्याइँ भएको अवस्था मिसिलबाट देखिन आएको छ ।

तसर्थ, माथि विवेचित तथ्य र प्रमाणहरूको आधारमा पीडितलाई प्रतिवादी समेतले ज्यानै लिने दोषी भनोभावना (Mental Element) बाट हतियार सहित प्रहार गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट अभियोग दाबी समर्थित हुन सकेको देखिएन । घाउ जाँच केस फरामबाट पीडितलाई आन्तरिक मर्म पर्ने गरी घाउ चोट परेको जसले गर्दा मृत्युसम्म हुन सक्ने भन्ने त्यस्तो पनि केही नदेखिएको र खासगरी ज्यान सम्बन्धी महलको १५ न. मा उल्लिखित आवश्यक तत्वको विद्यमानता एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतबाट प्रस्तुत वारदात प्रतिवादी अविनाश गुरुङ समेत संलग्न भै अभियोग दाबी बमोजिम ज्यान मार्ने उद्योगको वारदात घटाएको भन्ने देखिन आएन । यसरी प्रस्तुत अभियोग दाबी बमोजिमको घटना ज्यान सम्बन्धी महलको १५ न. को कसुर स्थापित हुन नसकिरहेको सन्दर्भमा अब सो घटनामा प्रतिवादीको संलग्नता नरहेको अवस्थाबाट निजलाई सजाय गर्नुपर्ने अवस्था समेत नहुँदा सो प्रश्नहरूतर्फ थप विश्लेषण गरिरहनु परेन । अभियोग दाबीबाट यी प्रतिवादी अभिनाश गुरुङले सफाइ पाउने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

प्रतिवादी अभिनाश गुरुङके, माथि ठहर खण्डमा लेखिए बमोजिम अभियोग दाबीबाट सफाइ पाउने ठहरेकाले निज तारेखमा रहेको हुँदा केही गरिरहनु परेन ..............................................................१

माथि इन्साफ खण्डमा लेखिए बमोजिम हुने ठहरी फैसला भएकोले यस फैसला उपर चित्त नबुझे स.मु.स. ऐन, २०४९ को दफा २६ बमोजिमका म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत बुटवलसमक्ष पुनरावेदन गर्नू भनी फैसलाको जानकारी सहितको पुनरावेदनको म्याद जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीलाई दिनू ............................................................................२

सरोकारवालालाई नियमानुसार नक्कल दिनू.........................................................................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू.................................४

माननीय न्यायाधीशज्यूले बोली टिपाए
बमोजिम कम्प्युटर गर्ने :- शा.अ. लक्ष्मी
फाँटवालाः- शा.अ. यज्ञमूर्ति ज्ञवाली

**न्यायाधीश**

**इति संवत् २०६९ साल पौष १९ गते रोज ५ मा शुभम्.................................**

**श्री उदयपुर जिल्ला अदालत, गाईघाट, बोक्से**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री नारायणप्रसाद घिताल**
**फैसला**
**२०६७ सालको स.फौ.र.नं. ३१-०६७-०२१९१**
**निर्णय नम्बर :-१२६**

**मुद्दा :- कर्तव्य ज्यान ।**

**वादीको नाम. थर, वतन**
जिल्ला उदयपुर त्रि.न.पा. वार्ड नं.११ मा माइती घर भई जिल्ला मोरङ विराटनगर उपमहानगरपालिका वार्ड नं. १३ घर भई हाल जिल्ला काभ्रेपलाञ्चोक धुलिखेल न.पा. वार्ड ३ मा डेरा गरी बस्ने मीनराज कोइरालाको श्रीमती उषाकुमारी खतिवडा (कोइराला) समेतको जाहेरीले वादी नेपाल सरकार.................................................१

**प्रतिवादीको नाम, थर, वतन**
जिल्ला उदयपुर त्रि.न.पा. वार्ड नं.११ बस्ने कृष्णकुमार खतिवडाको छोरा सुरेशकुमार खतिवडा.............................................१

वादीको
साक्षी
कागज

प्रतिवादीको
साक्षी
कागज

**अदालतबाट बुझेको**
**साक्षी**
**कागज**

प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य बिबरण यस प्रकार रहेछ :-

जिल्ला काठमाडौं महानगरपालिका वडा.न.७ चाबहिलस्थितमा रहेको ॐ अस्पताल एन्ड रिसर्च सेन्टर प्रा.लि.को पश्चिमतर्फ रहेको लासघरभित्र सेतो कपडाले ढाकी फलामको स्ट्रेचर माथि सुताइरहेको पूर्व टाउको पश्चिम खुट्टा भई उत्तानो अवस्थामा रहेको मृतक भगवती देबी खतिवडाको लास रहेको उक्त छोपिएको कपडा झिकी उल्टाई पल्टाई हेर्दा मृतको दुवै आँखा वरिपरि नीलो कैलो डाम बायाँ आँखादेखि माथि निधारको भागमा दुईवटा टाका लगाएको घाउ, चोट मृतकको बायाँ हातको कुहिनो वरिपरि ३ सी.एम.को गोलाइमा नीलो कैलो डाम दायाँ हातको कुहिनामा एक सी.एम.को नीलो कैलो डाम दायाँ खुट्टाको नलीको छेउमा तीन सी.एम.को नीलो डाम देखिएको । ढाडमुनि कम्बरको भागमा दुईवटा नीलडाम देखिएको भनिएको मिति २०६७/११/२८ गतेको घटनास्थल लास जाँच मुचुल्का ।

म जाहेरवाला काठमाडौं कपन १ मा आफ्नै घरमा बस्ने गरेको थिए मेरी आमा वर्ष ६० की भगवती देवी खतिवडा आफ्नै घर जिल्ला उदयपुर त्रि.न.पा.वडा.न.११ जलजलेमा एक्लै बस्नुभएको थियो । दाजु घरबाहिर आफ्नै काममा बस्ने गर्नुहुन्थ्यो । दिदी उषा कोइराला (खतिवडा) १५ दिन अगाडि माइतीघर जानुभएको थियो मिति २०६७/११/२६ गतेका दिन आमा भगवतीदेवी खतिवडा घरको भऱ्याङबाट भुइँतलामा बर्लिन लाग्दा लडी चोट लागी घाइते भई उपचारका लागि काठमाडौं ल्याएकोमा

ॐ अस्पतालमा लगी औषधि उपचार गराई मेरो घर कपन १ मा लगी उपचार गराइरहेको थियौं, आमाले मलाई सास फेर्न गारो भयो । अस्पताल लैजानु भन्नुभएकाले तत्काल उपचारको लागि अस्पतालमा लगी उपचारको क्रममा मिति २०६७/११/२८ गते अ. १५:४५ बजे आमाको मृत्यु भएको हो । मेरी आमालाई कोही कसैले कर्तव्य गरी मारे मराएकोमा शंकासम्म छैन । मृतक लासको कानुन बमोजिम गरी जिम्मा पाऊँ भन्ने मिति २०६७/११/२८ गतेको कल्पना कुमारी खतिवडा (आचार्य) को जाहेरी दरखास्त ।

जिल्ला उदयपुर त्रियुगा नगरपालिका वडा.न.११ जलजलेस्थित पूर्वमा दुर्गानन्द चौधरीको पसल घर पश्चिममा जलजले चौकबाट बजारतिर जाने सडक तथा हुल्सा चौधरीको घर उत्तरमा दिनेश साहको घर दक्षिणमा बिन्देश्वर ठाकुरको पक्की घर यति चार किल्लाभित्र चौडाइ २० मिटर लम्बाइ ४३ फिट ८ इन्च भएको पूर्व पश्चिम मोहोडा भएको टालीको छानो काठको टाड छापेको माथिलो तलामा सेन्टर बेरा गरेको भुइँ तलामा इँटा, सिमेन्टको गारो लगाएको घरको बरन्डाको पूर्वतर्फको छेउबाट माथिल्लो तलामा चढ्ने काठको भऱ्याङ भएको लम्बाइ ९ फिट ६ इन्च भएको पूर्वपट्टिको दोस्रो कोठामा मृतक भगवती खतिवडा सुत्ने बस्ने गरेको घरको माथिलो तलाको बहिरी बरन्डामा निज भगवती खतिवडा र निजको छोरा सुरेशकुमार खतिवडाबीच मिति २०६७/११/२५ गते अ. २०:३० वडाको समयमा एकआपसमा झगडा हुँदा धकेला धकेली भई निज भगवती खतिवडाको निधारमा चोट लागेको भनी देखाएको घटनास्थल चार किल्ला सहितको मिति २०६८/१/४ गतेको घटनास्थल मुचुल्का ।

म जाहेरवालाको आमा भगवतीदेवी खतिवडाबाट जाय जन्म भएका एक छोरा सुरेशकुमार खतिवडा, दुई छोरीहरूमध्ये म जाहेरवाला उषा खतिवडा र कान्छी कल्पना खतिवडा हौं । हामी दुई दिदी बहिनी विवाह भए पश्चात् आ-आफ्नो घर काममा गई बसेका छौं । अन्यायी सुरेशकुमार खतिवडा नासु पदमा सिन्धुली जिल्लाको तथ्यांक कार्यालयमा कार्यरत हुन हुन्थ्यो, वृद्ध आमा बुबासँग अन्यायी सुरेशकुमार खतिवडाझै झगडा गर्ने बुबा आमालाई हेला होचो गर्ने पालनपोषण नगर्ने गरेकाले हामी दिदी बहिनीले हेरचार गर्दै आएका थियौं, त्यस्तै क्रममा मिति २०६७ साल माघ महिना ४ गतेका दिन बुबा कृष्णकुमार खतिवडाको कालगतिले स्वर्गवास भएपछि आमा भगवतीदेवी खतिवडा एक्लो हुनुहुन्थ्यो । आमाको रेखदेख पालनपोषण बहिनी कल्पनाले गर्दै आएकी थिइन् । स्वर्गीय बुबाको नामको जग्गा आमाको नाममा नामसारी गरी दिएको कुरा अन्यायीको पत्नी मीना खतिवडा मार्फत अन्यायीले थाहा पाई बुबाको नामबाट मेरो हकको जग्गा मलाई नसोधी थाहा नदिई किन नामसारी गराइस्, तुरुन्त मरो नाममा फिर्ता गर, फिर्ता गरेनौ भने आमा देख्न पाउने छैनौ भन्दै अन्यायीले ६० वर्ष वृद्ध आमालाई चुल्ठामा पक्री मन्टो मर्काउँदै भित्तामा बजारेको र म जाहेरवालाले आफ्नो जन्म दिने आमालाई यो के गरेको भनि म अगाडि गई उभिँदा अन्यायी सुरेशकुमार खतिवडाले मलाई पनि हुत्याई भुइँमा लडाई पुनः आमालाई चुल्ठामा पक्री अब म जिउँदो रहन दिन्न बरु परी आए जेल बस्न तयार छु, सम्पत्ति एक्लोटी खाना दिन्न भन्दै गाला, टाउकोमा थप्पड मुड्कीले हान्दै भुइँमा पछार्दै गर्दा म जाहेरवालाले छुट्याउन नसकेकोले अन्यायीले आमालाई टाउको कञ्चटमा ढोकामा लगाउने आग्लोले प्रहार गरी आमालाई घाइते बनाएकोमा तत्काल प्राथमिक उपचार गराई काठमाडौंमा लगी ॐ अस्पतालमा उपचार गराई बहिनी कल्पनाको घर कपन-१ काठमाडौंमा लगी राखी डाक्टरको सल्लाह र रेखदेखमा उपचार गराई रहेकोमा मिति २०६७/११/२८ गते दिनको १५:१५ वडाको समयमा अन्यायी सुरेशकुमार खतिवडाको कुटपिटकै कारणबाट आमाको मृत्यु भएको हो भन्ने व्यहोराको मिति २०६८/१/२ गतेको उषाकुमारी खतिवडाको जाहेरी दरखास्त ।

जिल्ला उदयपुर त्रियुगा नगरपालिका वडा.न.११ घर भई हाल जिल्ला तथ्यांक कार्यालय सिन्धुलीमा नासु पदमा कार्यरत रहेका सुरेशकुमार खतिवडाले निजकै आमा भगवतीदेवी खतिवडालाई मिति २०६७/११/२५ गते कुटपिट गरी घाइते बनाई मिति २०६७/११/२८ गते मृत्यु भएको भन्ने किटानी जाहेरी दरखास्त पर्न आएकोले निजलाई खोजतलास गरी पक्राउ गरी दाखिला गराउने भनी म समेतको

टोलीलाई खटाई पठाइएकोमा निजको खोजतलास गर्दै जाँदा निज प्रतिवादी सुरेशकुमार खतिवडालाई मिति २०६८/१/९ गते फेला पारी दाखिला गराएका छौ भन्ने व्यहोराको मिति २०६८/१/९ गतेको प्र.स.नि. यज्ञबहादुर भट्टराई समेतको प्रहरी प्रतिवेदन।

मिति २०६७/११/२५ गते बिहान अ.०५:३० वडा म काठमाडौंबाट आफ्नो घर जलजलेस्थितमा आई पुगी बिहानको खाना खाई आमा श्रीमती छोरा छोरीसँग भेटघाट गरी केही सामान किनमेल गर्न भनी गाईघाट बजार आई किनमेल गरी साँझपख भएकाले केही मात्रामा मादक पदार्थ सेवन गरी सचेत अवस्थामा घर पुग्दा साँझको ७ वडाको थियो होला घरमा आमा तथा जाहेरवाला बहिनी उषाकुमारी खतिवडा घरको एउटा कोठामा सुत्न लागेको रहेछन्। मेरा श्रीमती छोरीहरू कोठा बन्द गरी सुती निदाइसकेका रहेछन्। म सुत्नको लागि ढोकाको चाँबी खोलिदिनुहोस् भनी आमालाई आग्रह गर्दा भित्रबाट आमा तथा जाहेरवाला बहिनी ढोका खोली आग्लो हातमा लिई यति राति रक्सी खाएर आउने उल्टै हामीहरूलाई हप्काउने भन्दै बाहिर बरन्डामा निस्कँदा आमा समेत बाहिर आई मलाई हातपात गरी बहिनीले लिएको काठको आग्लोले मलाई प्रहार गर्न खोज्दा मैले मेरो बचाउको लागि उक्त प्रहार छल्नको लागि जाहेरवाला बहिनी उषा खतिवडालाई भित्तापट्टि धकेलिदिँदा सँगै भएकी आमा र बहिनी उषा खतिवडा लडेकामा निजहरू पुनः उठी मलाई कुटपिट गर्न खोजेकाले दोस्रोपटक सोही स्थानमा धकेलिदिँदा आमा भगवतीदेवी खतिवडाको सामान्य चोट लागी घाइते भएकोले निज आमालाई औषधि उपचारको लागि काठमाडौं लगी उपचार गराउँदा गराउँदै आमाको मिति २०६७/११/२८ गतेको दिन मृत्यु भएको हो। मैले नियतबस आमालाई कुटपिट गरेको नभई सामान्य बिबादमा आफै लडन गई चोट लागको हो, मैले कर्तव्य गरी मारे मराएको होइन भन्ने व्यहोराको मिति २०६८/१/२१ गतेको प्रतिवादी सुरेशकुमार खतिवडाको बयान।

मिति २०६७/११/२५ गते अ. २०:३० वडाको समयमा म आफ्नै घरमा रहेको बेला जाहेरवाला उषाकुमारी खतिवडा गुहार गुहार गरेकोले निजको घरतर्फ जाँदा जाहेरवालाको आमा भगवती खतिवडाको टाउकोमा चोट लागी रगत बगिरहेको देखी घाउ भएको ठाउँमा समाई म समेत भई स्थानीय औषधि पसलमा उपचारमा लगी म घर फर्किआए अन्य मानिसहरूले सुरेशकुमार खतिवडालाई सोध्दा घरायसी झगडा हो भनेको सुनी निज घाइते भगवती खतिवडाको मिति २०६७/११/२८ गते मृत्यु भएको भन्ने पछि सुनी थाहा पाएको हु भन्ने व्यहोराको मिति २०६८/१/२३ गतेको मीना कार्कीको कागज।

मिति २०६७/११/२५ गते २०:३० वडाको समयमा म आफ्नै घरमा रहेको अवस्थामा जाहेरवाला उषाकुमाारी खतिवडा आतिएर कराएको सुनी निजको घरमा जाँदा मृतक भगवतीदेवी खतिवडाको शरीरमा रगत लागेको देखी उपचारको लागि लानुपर्छ भनी म समेत भई दुवै हात समाती औषधि पसलमा लगी उपचार गराई घरमा ल्याएको हुँ, निज घाइतेलाई सोध्दा मलाई छोराले कुटपिट गर्‍यो भन्नुहुन्थ्यो। सोको भोलिपल्ट जाहेरवालीले घाइते आमालाई उपचारका लागि काठमाडौं लगेकोमा निजको मिति २०६७/११/२८ गते मृत्यु भएछ भन्ने व्यहोराको मिति २०६८/१/२३ गतेको राधा बुढाथोकीको कागज।

मिति २०६७/११/२६ गते बिहान ९ वडातिर जाहेरवालीले आमा भगवतीदेवी खतिवडालाई एम्बुलेन्समा उपचारका लागि लान लागेको देखेको हुँ, निजको मिति २०६७/११/२८ गते काठमाडौंमा मृत्यु भएछ के कसरी मृत्यु भयो यकिन भन्न सक्दिन भन्ने व्यहोराको मिति २०६८/१/२४ गतेको वेदबहादुर थापाको कागज।

जाहेरीको वारदात मिति समयमा उक्त स्थानमा हो-हल्ला भएको सुनि म समेत उक्त स्थानमा जाँदा घाइते भगवती खतिवडालाई गुन्जेश्वरको औषधि पसलमा लाँदै थिए, निजको टाउकोमा चोट लागेको थियो, सोको भोलिपल्ट निज भगवती खतिवडालाई उपचारका लागि काठमाडौं लगिएकोमा उतै मृत्यु भएको भनी सुनी थाहा पाएको हुँ, निजको टाउकामा के कसरी चोट लाग्यो, मैले नदेखेको हुँदा यकिन भन्न सक्दिन भन्ने व्यहोराको मिति २०६८/१/२४ गतेको अमृता थापाको कागज।

वारदातको मिति समयमा म आफ्नो घरमा सुतिसकेको थिएँ, उक्त समयमा जाहेरवाला समेतका ९/१० जनाको मानिसहरू आई मलाई उठाएपछि जाहेरवाली उषा खतिवडाको आमा भगवती खतिवडालाई रगतपच्छे अवस्थामा देखी सोधनी गर्दा निज उषा खतिवडाले आमा घरको भऱ्याङबाट लडेर यस्तो भयो भनेकी थिइन्, मैले तीनवटा टाका लगाई दिई औषधि दिन खोज्दा होमियोपेथिक औषधि खान्छु भनेकी थिइन् । दुःखाइ कम गर्ने औषधि दिएँ, निजलाई काठमाडौंमा उपचारका लागि लगेकोमा मृत्यु भएको भन्ने सुनी थाहा पाएँ भन्ने व्यहोराको मिति २०६८/१/२४ गतेको गुन्जेश्वरलाल चौधरीको कागज ।

मिति २०६७/११/२५ गते २०:३० वडाको समयमा जाहेरवाली उषा खतिवडा गुहार गुहार भनी कराएकोले निजको घरतर्फ जाँदा घाइते भगवती खतिवडालाई बरण्डाबाट तल झार्दै थिए, त्यसपछि म समेत भई औषधि पसलमा लगी टाका लगाउन थालेपछि म आफ्नो घरमा आएकी हुँ, निज भगवती खतिवडाको चोटपटक के कसरी लाग्यो, मैले देखिन भन्ने व्यहोराको मिति २०६८/१/२४ गतेको रम्बा कर्णको कागज ।

जाहेरीको वारदात मिति समयमा हामी आ-आफ्नो घरमा थियौं, जाहेरवाला र हाम्रो घर नजिकै नै छ । उक्त समयमा जाहेरवालाको आमा भगवती खतिवडा र प्रतिवादी सुरेशकुमार खतिवडाबीच घरमा झगडा भएको भनी सुनेको थिएँ, निजको आमा भगवती खतिवडाको टाउकामा चोट समेत लागेको रहेछ र निजलाई तत्काल स्थानीय औषधि पसलमा उपचार गराई भोलिपल्ट जाहेरवाला उषा खतिवडाले उपचारको लागि काठमाडौं लगेकोमा निजको मिति २०६७/११/२८ गते मृत्यु भएछ निजको टाउकामा चोट लाग्यो भनी सुनियो, कसैले भऱ्याङबाट लडेर टाउकामा चोट लागेको भन्दथे भने कसैले आमा छोराको झगडा भयो अरे भन्दथे तर हामीले आँखाले नदेखेको हुँदा यकिन भन्न सक्दिन । प्रतिवादी उपर कानुन बमोजिम होस् भन्ने व्यहोराको मिति २०६८/१/२५ गतेको वस्तुस्थिति मुचुल्का ।

मिति २०६७/११/२८ गते महानगरीय प्रहरी वृत्त बौद्धमा दिएको जाहेरी दरखास्तको व्यहोरा अवगत गरे उक्त जाहेरी मैले नै सहीछाप गरी दिएको हुँ । पछि बुझ्दा मेरी आमा भगवती खतिवडालाई प्रतिवादी सुरेशकुमार खतिवडाले मिति २०६७/११/२५ गते कुटपिट गर्दा लागेको चोटपटकको कारणले मृत्यु भएको हुनुपर्छ । जाहेरवाला उषादेवी खतिवडा मेरी दिदी हुन्, निजको जाहेरी दरखास्त बमोजिम प्रतिवादी सुरेशकुमार खतिवडालाई कारबाही सजाय होस् भन्ने व्यहोराको मिति २०६८/१/२६ गतेको कल्पनाकुमारी खतिवडाको कागज ।

मृतक भगवती खतिवडाको मृत्युको कारण Blunt force trauma to the head भनि उल्लेख भएको पोष्टमार्टम रिपोर्ट ।

मिति २०६७/११/२५ गते काठमाडौंबाट घरमा आउनुभएका मेरा पति सुरेशकुमार खतिवडा बिहान खाना खाई गाईघाटतर्फ जानु भएकोमा साँझसम्म नआएपछि बालबच्चालाई खाना ख्वाई सुताइरहेको अवस्था साँझ ८:३० वडाको समयमा श्रीमान् घरमा आई सासूआमासँग कोठाको चाँबी माग्दा बाहिर बराण्डामा एकै छिन जाहेरवाला, मृतक र प्रतिवादीबीच वादविवाद भएको थियो । म बालबच्चा लिएर सुतेको थिएँ, त्यसपछि अन्य छिमेकीहरू आई आमाको टाउकामा चोट लागेको भनी उपचार गराई ल्याएका थिए, भोलिपल्ट जाहेरवालाले काठमाडौ लिई गएकोमा निजको मिति २०६७/११/२८ गते मृत्यु भएछ । निजको टाउकोमा के कसरी चोट लाग्यो, मैले देखिन भन्ने व्यहोराको मिति २०६८/१/२७ को मिना दाहाल (खतिवडा) को कागज ।

मृतक भगवती खतिवडाको मृत्युको कारण Blunt force trauma to the head भनी उल्लेख भएको पोष्टमार्टम रिपोर्ट समेतका मिसिल संलग्न सवुद प्रमाणहरूबाट प्र. सुरेशकुमार खतिवडाले मिति २०६७।११।२५ गते घरायसी झगडामा आफ्नी आमा भगवती खतिवडालाई कुटपिट गरी घाइते बनाएको र उपचार हुँदाहुँदै सोही चोटका कारण मिति २०६७।११।२८ गते भगवती खतिवडाको मृत्यु भएको तथ्य प्रष्ट भएको हुँदा विरुद्ध खण्डका प्र. सुरेशकुमार खतिवडालाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विपरीत

९ नं र १३ नं. को कसुरमा ऐ महलको १३(३) नं. बमोजिम सजाय गरी पाऊँ भन्ने ब्यहोराको अभियोग माग दाबी ।

मिति २०६७।११।२५ गते बिहान म काठमाडौँबाट घर जलजले आइपुगी खाना खाई गाईघाट बजार आई साथी भाइसँग भेटघाट गरी करिब ५:३० वडा गाईघाटबाट घर जलजलेमा साथीभाइसँग भेटघाट र केही पैसा समेत तिर्नु बुझाउनुपर्ने भएकाले तिरी भरो गरी करिब साँझको ८ बजेको समयमा म घरमा पुगी सुत्न लाग्दा कोठामा ताला लागेको देखी आमासँग कोठाको चाबी माग्दा वृद्ध भएकाले नसुनेकाले पुन जोडले आमा चाबी दिनु भनी बोलाएपछि वैनी उषा कुमारीले यति राति हल्ला गर्दै आउने भनी आग्लो लिई मलाई झम्टन आई, उसले झम्टिएको देखेपछि आमा पनि पछि पछि आएर दुवै जनालाई कराउनुभयो । त्यसपछि म र बैनी दुवै जना शान्त भइयो । बैनीलाई मैले धकेलिदिएको मात्र हो, आमाले तिमीहरू यत्रो ठूलो भएर पनि झगडा गर्ने भन्दै ट्वाइलेट जान हो किन भऱ्याङतर्फ जानु मात्र के भएको थियो । गड्याङ्गगुडुङ्ग आवाज आएकाले तुरुन्तै बैनी र म भऱ्याङमा गै हेर्दा आमा लड्नुभएको रहेछ । दाजु बहिनी ( उषा) ले उठाई बत्ती नभएको अवस्था हुँदा घरको बरण्डामा लगी राख्यौ । त्यसपछि हेर्दा आमाको टाउकोमा चोट लागी रगत वगिरहेको देखी बहिनी रुन थाली । त्यसपछि छिमेकी मानिस समेत जम्मा भएपछि महिला जतिले तपाई छोड्नुहोस्, हामी महिलाले लान सक्छौ भनी तल झरी स्थानीय गुजेश्वरको क्लिनिकमा लिई गए । म पछिपछि उक्त गुंजेश्वर चौधरीको क्लिनिकमा गएँ र उपचार गराई घर फर्काई ल्याइसकेकोमा २०६७।११।२६ गते उपचारको लागि काठमाडौँ लाने कुरा हुँदा तँ नजा तेरो अफिस बित्ला बहिनीसँग गइहाल्छु, बरु दाजुहरूलाई फोन गरी दे भनेपछि मचाहिँ काठमाडौं लिएर गयौँ । बहिनी उषाले एम्बुलेन्समा लिई गएकी हुन्, उक्त म र आमाबीच बोलचाल झैंझगडा केही भएको छैन, कुटपिट त हुने कुरै भएन र आमा छोराबीच कुटपिट भएको छैन, बहिनी उषा र मेरोबीचमा उक्त रात धकेलाधकेल सम्म भएको हो, मैले अभियोग दाबी बमोजिमको कसुर नगरेको हुँदा सजाय पाउने होइन, सफाइ पाऊँ भनी प्रातिवादी सुरेशकुमार खतिवडाले यस अदालतमा गरेको बयान ।

आदेशानुसार जाहेरवाला, प्रहरीमा कागज गर्ने मानिसहरू तथा प्रतिवादीको साक्षीको बकपत्र भए मिसिल सामेल रहेको ।

## अदालतको राय ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा हेर्ने अधिकार क्षेत्र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.वं.२९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् जिल्ला न्यायाधिवक्ता टेकेन्द्रप्रसाद सुवेदीले प्रतिवादीले आफ्नो आमालाई आग्लोले कुटपिट गरेको कारणले मृत्यु भएकाले अभियोग दाबी अनुसार सजाय हुनुपर्छ भनी गर्नुभएको बहस र जाहेरवालीको तर्फबाट उपस्थित विद्वान् अभिवक्ता मोहनबहादुर कार्कीले बाबुको नामको सम्पत्ति आमाको नाममा नामसारी भएको कारण सम्पत्ति छोरीहरूमा जाने देखी प्रतिवादीले मूल व्यक्तिलाई नै सिध्याएपछि सम्पत्ति अन्यत्र नजाने हुँदा आग्लोले मर्मस्थल टाउकोमा कुटपिट गर्दा म्यादभित्रै मृत्यु भएकाले प्रतिवादीलाई हदैसम्मको सजाय हुनुपर्छ भनी गर्नुभएको बहस र प्रातिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता शुकुराम श्रेष्ठले सुरु जाहेरीमा भऱ्याङबाट लड्दा चोट लागेको भन्ने र बुझिएका मानिसले समेत भऱ्याङबाट लडेको भनी लेखाइरहेको छ, सुरु जाहेरी र पछि दिएको जाहेरी फरक रूपमा आउनुपर्ने कारण सम्पत्ति सम्बन्धी कुरामा विवाद रहेकोले सो एक महिना पश्चात् दिएको जाहेरीमा सत्यता रहेको पाइँदैन, मेरा पक्षले कसुर गरेको भन्ने अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको छैन, मेरो पक्षले कुटपिट नगरेको भनी मेरा पक्ष साक्षीबाट इन्कारी समर्थित हुनका साथै मृतक भऱ्याङबाट लड्दा चोट परेको कारण मृत्यु भएको बुझिएका मानिसको भनाइ रहेको र पोष्टमार्टम रिपोर्टमा पनि Blunt force को चोट परेको भन्ने उल्लेख भएकाले आग्लोले हानेको भए सो

आग्लो समेत बरामद नहुँदा वादी पक्षबाट मेरो पक्षले कसुर गरेको भन्ने ठोस प्रमाण पेस गर्न नसकेको हुँदा निर्दोष मेरा पक्षले सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनी इन्साफतर्फ विचार गर्दा, अभियोग दाबी अनुसार प्रतिवादीलाई सजाय हुनुपर्ने हो होइन ? भन्ने कुराको निर्णय दिनुपर्ने हुन आयो ।

यसमा प्र. सुरेशकुमार खतिवडाले मिति २०६७।११।२५ गते घरायसी झगडामा आफ्नी आमा भगवती खतिवडालाई कुटपिट गरी घाइते बनाएको र उपचार हुँदाहुँदै सोही चोटका कारण मिति २०६७।११।२८ गते भगवती खतिवडाको मृत्यु भएको तथ्य प्रस्ट भएको हुँदा विरुद्ध खण्डका प्र. सुरेशकुमार खतिवडालाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. विपरीत ९ नं र १३ नं. को कसुरमा ऐ महलको १३(३) नं. बमोजिम सजाय गरी पाऊँ भन्ने अभियोग दाबी भएको प्रस्तुत मुद्दामा कल्पनाकुमारी खतिवडाले आफ्नो आमा मिति ०६७।११।२५ गते घरको माथिल्लो तलाबाट भुइँतलामा ओर्लन लाग्दा भऱ्याङबाट लडेर टाउकोमा चोट लागी उपचारको क्रममा फाल्गुन २८ गते मृत्यु भएकाले लास जिम्मा पाऊँ भन्ने जाहेरी परेको तदनुरुप लास जाँच हुँदा टाउकोमा समेत चोटपटक लागेको भन्ने लास प्रकृति मुचुल्काबाट देखिन्छ, तत्पश्चात् उषाकुमारी खतिवडाले भगवती खतिवडालाई प्रतिवादी सुरेश खतिवडाले ०६८।११।२५ गते राति साढे ८ बजेतिर मादक पदार्थ सेवन गरी मृतकको नामको जग्गा आफ्नो नाममा नामसारी गरी नदिएमा मारिदिने धम्की दिएको, आमाले सम्झाउँदा बुझाउँदा समेत झगडा गरी घरको ढोकामा लगाउने आग्लोले आमाको टाउको कञ्चटमा समेत प्रहार गरी रगतपच्छे गरेको कारण उपचारको क्रममा मृत्यु भएको, तत्काल विपक्षले ज्यान समेतको धम्की दिएका कारण म तत्काल मातृ शोकका कारण विक्षिप्त भएकाले तत्काल जाहेरी नदिए पनि कर्तव्य गरी ज्यान मार्ने विपक्षीलाई सजाय गरी पाऊँ भन्ने मिति २०६८।१।६ गते किटानी जाहेरी दिएको देखिन्छ । तत्पश्चात् मौकामा बुझिएका मानिसको भनाइ, प्रतिवादीको बयान, पोष्टमार्टम रिपोर्ट समेतको आधारमा अभियोग दाबी लिएको पाइन्छ, भगवती देवीको शरीरमा पाइएको घाउ खत लास जाँच मुचुल्का समेतबाट निजको मृत्यु स्वाभाविक रूपमा भएको भन्ने देखिएन, प्रतिवादीले अदालतमा तथा मौकामा बयान गर्दा समेत भऱ्याङबाट लड्दा घाउ चोट लागेको भने पनि उक्त रात यी प्रतिवादी तथा मृतक समेत बस्ने घरमा समेत विवाद झगडा भई हारगुहार भएको तत्काल त्यहाँ वरपरका मानिस समेत जम्मा भएको रात भै स्थानीय अस्पतालमा उपचार गराई आफ्नै घरमा ल्याएको समेत र भोलिपल्ट एम्बुलेन्सबाट काठमाडौं लिई ओम अस्पतालमा औषधि उपचार गराएको उक्त अस्पतालमा उपचार गराई मृतकलाई आफ्नै घरमा ल्याएको समेत देखिन्छ, मृतकको बायाँतर्फ टाउकोमा घाउ भै टाका लगाएको र चोट समेत परेका लास जाँच तथा मृत्युपछि खिचिएका फोटो समेतबाट देखिन्छ । मृतकको मृत्यु भऱ्याङबाट लडेको कारण चोट लागेको भन्ने प्रतिवादीको बयानतर्फ हेर्दा उक्त रातको घटनामा उपस्थित भएको मानिसले कुटपिट गरेको भनी घटनाको अवस्थाबारे खुलाई लेखाई दिएका र प्रतिवादीले मौकामा बयान गर्दा वादविवाद धकेला धकेल हुँदा चोट पर्न भएको भनी लेखाइदिएबाट विशुद्ध किसिमले भऱ्याङबाट लडी भगवती देवीको मृत्यु भएको भन्न सकिने अवस्था रहेन, जो कुरा जाहेरवाली तथा निजको बहिनी कल्पनाको अदालतको बकपत्रबाट समेत समर्थित रहेको पाइन्छ । मृतक भगवती यी प्रतिवादीको आमा भएकी बाबुको नामको जग्गा निजको मृत्यु पश्चात् आमाको नाममा नामसारी भएकाले सो जग्गा छोरीहरूमा वितरण हुने अवस्था रहेबाट वादविवाद भएको मिसिल कागजबाट दर्शिएको पाइन्छ, सुरु जोहरी दिने कल्पनाले पनि आफ्नो आमाको मृत्यु भऱ्याङबाट लडी भएको भनी लेखाई तदनुरुप लास जाँच लगायतका कार्य भएकाले कर्तव्य ज्यान मुद्दाको प्रमाण लोप गर्न निजले पनि चाहेको सुरु जाहेरीले पुष्टि गरेको पाइन्छ, जग्गा सम्बन्धी लेनदेनमा कुरा नमिलेपछि करिब ३५ दिन पश्चात् किटानी जाहेरी पर्नु र उषा कुमारीले पनि पहिलेको जाहेरी व्यहोरा फेर्नुले सो कुराको पुष्टि भएको पाइन्छ । सो दिन घटना वारदात हुँदाको अवस्थामा तत्काल त्यहाँ पुगेका मानिस उपस्थित गराउन वादी पक्षलाई मौका दिंदा समेत उपस्थित गराउन नसके पनि मौकामा व्यक्त कुराहरू र मिसिल संलग्न अन्य कागजले घटनाको पुष्टि गरेकाले सोलाई अन्यथा हो भन्न सकिने अवस्था देखिँदैन भने स्वतन्त्र रूपमा बुझिएका मीना कार्की समेतको बकपत्रबाट

हारगुहार भएको भन्ने देखिँदा प्रतिवादीको इन्कारी बयानमा विश्वास गर्नुपर्ने अवस्था रहेन, अतः यी प्रतिवादीले ज्यानै लिने मनसायले कुटपिट गरेको हो होइन भन्नेतर्फ हेर्दा आफूलाई जन्म दिने आमाको ज्यान लिनेसम्मको रिसइवी झगडा भएको भन्ने मिसिल कागजबाट पुष्टि भएको देखिँदैन, मादक पदार्थ समेत सेवन गरी झगडा विवाद हुँदा कुटपिट गरेको कारण भगवती देवीको मृत्यु भएको भन्ने देखिँदा कर्तव्य गरी ज्यान मारेको अवस्था विद्यमान नभएकाले ज्यान लिने मनसाय इवीलाग नभै आफूले गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको कुनै काम कुरा गर्दा मानिस मरेमा भवितव्य ठहर्ने भन्ने ज्यान सम्वन्धी महलको ५ नं. मा व्यवस्था भएकोले भगवती खतिवडाको मृत्यु भवितव्यबाट भएको देखिँदा सोही महलको ६ को (२) वमोजिम होस् नपुऱ्याई हेलचेक्र्याइँ गरी काठको आग्लोले भगवती देवीको टाउकोमा चोट प्रहार गर्दा निजको मृत्यु भएको अवस्थामा प्रतिवादीलाई सोही ज्यान सम्बन्धी महलको ६ (२) बमोजिम २ वर्ष कैद र रु. ५००।- जरिवाना समेत हुने ठहर्छ । सो ठहर्दा अरू कुरामा तपसिल बमोजिम गर्ने गरी मु.ऐन अ.बं.१८६ नं. बमोजिम आज यो मुद्दा फैसला गरिदिएँ ।

## तपसिल

(१) प्रतिवादी सुरेश कुमार खतिवडा के माथि इन्साफ खण्डमा लेखिए बमोजिम ज्यान सम्बन्धी महलको ६ (२) बमोजिम २ वर्ष कैद र रु.५००।- जरिवाना समेत हुने ठहरी फैसला भएकाले निज प्रतिवादी मिति २०६८।१।९ गते प्रहरी हिरासतमा रही यस अदालतको मिति २०६८।२।६ को आदेशले पुर्पक्षको लागि कारागार कार्यालय उदयपुरमा थुनामा रहेको देखिँदा प्रहरी हिरासतमा बसेको मितिदेखिको कैद कट्टा हुने गरी कैद र जरिवाना लगत कसी कैद म्याद ठेकी असुल गर्न कारागार कार्यालय उदयपुर लेखी पठाइदिनू ।

प्रतिवादी सुरेशकुमार खतिवडा के कैद २।०।० (दुई वर्ष र जरिवाना रु. ५००।-

(३) यो फैसलाको प्रतिलिपिसाथ राखी यो फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत राजविराज सप्तरीमा पुनरावेदन गर्न जानू भनी श्री जि.स.व.का. उदयपुरलाई र प्रतिवादी सुरेशकुमार खतिवडालाई पुनरावेदनको म्याद दिनू ।

(४) सरोकारवालले नक्कल मागे नियम बमोजिम सारी वा सराइदिनू ।

(५) प्रस्तुत् मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

श्री मान जि.न्या ज्यूले बोली टिपाए
बमोजिम टिपी लेख्ने ना.सु. नारायण थापा
कम्प्युटर गर्ने :- डि.श्यामकुमार तामाङ
फाँट :

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल मंसिर १० गते रोज १ शुभम्...............।**

**श्री काभ्रेपलाञ्चोक जिल्ला अदालत**
***इजलास***
**माननीय जिल्ला न्यायाधीश रमेशकुमार खत्री**
**फैसला**
**संवत् २०६७/०६८ सालको स.वा.फौ.मि.नं. :- १०६**
**निर्णय नम्बर :-३२५**

**मुद्दा :- मानव बेचबिखन तथा ओसारपसार ।**

**वादीको नाम, थर र वतन**
क कुमारी को जाहेरीले नेपाल सरकार..........१

प्रमाणः-
साक्षी :-
लिखतः-

**प्रतिवादीको नाम, थर र वतन**
जिल्ला मकवानपुर हर्नामनी गा.वि.स. वडा नं.८ घर भई का.प.जि. धु.न.पा. वडा नं.५ स्थित कोठामा बस्ने वर्ष २४ को केशव श्रेष्ठ..............१

प्रमाणः-
लिखतः-
साक्षीः-

**अदालतबाट बुझेको**
**साक्षीः-**
**लिखतः-**

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं.२९ नम्बर समेतले यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त विवरण तथा ठहर यस प्रकार रहेको छ :-**

सम्मानित सर्वोच्च अदालतबाट जारी भएको पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी निर्देशिका २०६६ बमोजिम प्रस्तुत मुद्दा पीडित जाहेरवालीको वास्तविक नाम परिवर्तन गरी "क" कुमारी राखिएकोले यस फैसलामा पीडित जाहेरवालीको नाम परिवर्तन गरी "क" कुमारी उल्लेख गरिएको छ ।

१. केशव श्रेष्ठले भारतमा काम गर्न जाऊँ भनी ०६४ सालको वैशाख महिनामा मलाई ललाई फकाई भक्तपुर, ठिमी हुँदै गोपीकृष्ण हलको बाटोबाट माइक्रोबस चढाई निज प्रतिवादी केशव श्रेष्ठ र इन्द्र भन्नेले पछि आउँछौं भनी आस्याङको साथ पठाई वीरगन्ज हुँदै रक्सौल पुऱ्याई कोलकातास्थित मेदिनीपुरस्थित वेश्यालयमा पुऱ्याई बिक्री गरेकोमा भागी नेपाली महावाणिज्य दूतावासमा पुगी सो मार्फत वीरगन्ज आई माइती नेपालको संरक्षणमा बसी जाहेरी दिएको छु भन्ने समेत व्यहोराको "क" कुमारीको जाहेरी ।
२. मिति २०६४।४।७ मा मैले जिल्ला प्रहरी कार्यालयमा दिएको जाहेरी व्यहोरा मेरै हो । निज प्रतिवादीलाई कारबाही हुनुपर्दछ भन्ने समेत व्यहोराको पीडित "क" कुमारीले जिल्ला न्यायाधिवक्ता समक्ष गरेको बयान कागज ।
३. बयान प्रमाणित गर्न प्रहरी मार्फत जाहेरवाली "क" कुमारीलाई यस अदालतमा पेस गरेकोमा यस अदालतबाट "क" कुमारीले जिल्ला न्यायाधीश समक्ष गरेको बयान मिति २०६४।४।७ मा प्रमाणित भएको पाइन्छ ।

४. जाहेरवाली "क" कुमारी मेरो बहिनीको साथी भएकाले मेरो कोठामा आएकी र निजलाई बिक्री गर्न सके धेरै पैसा कमाइन्छ भने सोचेको र यस सम्बन्धमा आस्याङले पहिले भनेको कुरा समेत सम्झी निज जाहेरवालीलाई राम्रो काम लगाइदिन्छु भनी मिति २०६४ सालको तेस्रो हप्तामा साथी काठमाडौं इन्द्रको कोठामा पुऱ्याई ७ दिनसम्म राखी आस्याङलाई भेटी केटी राम्रो छ छिट्टै बिक्री गर्नुपर्छ भनेकोमा आस्याङले भारतमा सम्पर्क गरी खबर गर्छु भन्यो । पछि आस्याङले रु.पाँच लाखमा बिक्री गर्ने कुरा भएको छ । बिक्री गरी आएपछि बाँडौंला भनेकाले हामी पछि आउँछौं भनी जाहेरवालालाई आस्याङको साथमा पठाएको हो । आस्याङको नम्बर डिलिट भएछ । सम्पर्क भएको छैन भन्ने समेत व्यहोरको प्रतिवादी केशव श्रेष्ठले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

५. केशव श्रेष्ठले पीडित "क" कुमारीलाई काममा लगाइदिन्छु भनी ललाइ फकाइ प्रलोभन एवं परिपञ्चमा पारी झुक्याई बिक्री गरेको हुँदा प्रतिवादीलाई कारबाही हुनुपर्दछ भन्ने समेत व्यहोराको घटना विवरण मुचुल्काका मानिस रोजिना लामा समेतले लेखाई दिएको कागज ।

६. २०६४ सालको वैशाख महिनाको पहिलो हप्तातिर "क" कुमारी, लम्बु भन्ने दाइको साथीसँग म बसेको कोठामा आएकी थिइन् । निज ४-५ दिन बसी जानेबेलामा जान्छु समेत नभनी हिँडेकीले निजलाई को, कसले बिक्री गरे मलाई थाहा भएन । मेरो दाजु केशव श्रेष्ठ समेतले जाहेरवालीलाई बिक्री गरेको भन्ने जाहेरी दरखास्त पढी वाची सुनाउँदा थाहा पाएँ भन्ने समेत व्यहोराको सुमित्रा श्रेष्ठ प्रजापतिले गरेको कागज ।

७. जाहेरवालीलाई प्रतिवादी केशव श्रेष्ठ समेतको मिलेमतोमा बिक्री गरेको भन्ने व्यहोराको बुझिएका शिव पौडेल समेतले गरिदिएको कागज ।

८. पीडित "क" कुमारीलाई श्रेष्ठलाई बिक्री वितरण गर्ने मनसायले जागिर लगाइदिन्छु भनी प्रलोभनमा पारी प्रतिवादी केशव श्रेष्ठले ललाई फकाई चावहिलसम्म लागि आस्याङ र नाम थाहा नभएको महिला साथ बिक्री गर्नको लागि भारतको कोलकातासम्म पुऱ्याएको कार्य वारदात हुँदाको अवस्था कायम रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३, को दफा ३ नं.ले निषेधित र ४(क) नं.अनुसार कसुरजन्य कार्य गरेकोले त्यस्तो कार्य गरेकोमा निज प्रतिवादीलाई सोही ऐनको दफा ८(१) बमोजिम तथा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई खारेज गरी आएको मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ तथा ४(१)(क) नं. र ४(२)(ख) नं.अनुसारको कसुरजन्य कार्य प्रतिवादीवाट भए गरेको देखिएकोले त्यस्तो कसुरजन्य कार्य गर्ने प्रतिवादी केशव श्रेष्ठलाई सोही ऐनको दफा १५(१) को (क) र १५(१)(ङ) को (२) नं. बमोजिम समेत सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग माग दाबी ।

९. निज जाहेरवालीसँग मेरो चिनजान भई प्रेम सम्बन्ध रहन गएको हो । निज जाहेरवाली खड्गी भएको थाहा भएपछि सोध्दा विवाद भएकोले मैले निजलाई वास्ता गरेको थिइनँ, पछि निज जाहेरवाली कहाँ गइन, मलाई थाहा छैन । निजलाई कस्ले बेचबिखन ओसार पसार गऱ्यो सो सम्बन्धमा मलाई केही पनि थाहा छैन । आरोपित कसुरबाट सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी केशव श्रेष्ठले यस अदालतमा गरेको बयान ।

१०. तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी कसुरदार देखिएका र कसुरदार हुन् भन्ने मनासिब आधार समेत देखिएकाले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ दफा १५(१)(क) र १५(१)(ङ) को २ बमोजिम सजायको माग दाबी लिएको अवस्था हुँदा अ.बं.११८ को देहाय २ बमोजिमपछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी निज प्रतिवादी केशव श्रेष्ठलाई थुनामा राखी प्रस्तुत मुद्दाको पुर्पक्ष गर्नू भन्ने यस अदालतको मिति २०६७।१२।२३ को थुनछेक आदेश ।

११. प्रतिवादी केशव श्रेष्ठ र जाहेरवालीको बीच प्रेम सम्बन्ध रहेको थियो । जाहेरवालीले आफ्नो थर ढाँटी प्रतिवादीसँग प्रेम सम्बन्ध राखेकोमा पछि प्रतिवादी केशव श्रेष्ठले निज जाहेरवालीको थर श्रेष्ठ नभई खड्गी भएको थाहा भएपछि जाहेरवालीलाई वास्ता गरेनन् । दुवैको बीचमा झगडा समेत भएको थियो । त्यस्तैमा यी जाहेरवालीले प्रतिवादी केशव श्रेष्ठलाई झुट्टा मुद्दा दिई फसाउँछु भनेकाले यी जाहेरवालीले प्रतिवादी केशव श्रेष्ठलाई झुट्टा आरोप लगाएकी हुन् । प्रतिवादीले सफाइ पाउनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी वसन्त लामा र उमेश घोरासाइनेले यस अदालतमा गरेको बकपत्र ।

१२. २०६४ साल वैशाख २३ गते जाहेरवालीलाई बनेपामा भेटी चिनेको हो । निजलाई मैले आफ्नो कोठामा लगें । दाजु केशव श्रेष्ठसँग प्रेम सम्बन्ध रहेको समेत मलाई निजले बताएकी थिइन् । मेरो दाजुले तिमीसँग विवाह गर्न मिल्दैन । तिमी तल्लो जाति भएको हुनाले हाम्रो आमा बुबाले १ मात्र छोरा भएको हैसियतले तिमीसँग नहिँड्नु भनी गाली गर्नुभएको छ । निज जाहेरवालीलाई मेरो दाजुले धुलिखेलमा भेटी जातीय कारणबाट विवाह गर्न नसक्ने भएको कारणले दाजुलाई विभिन्न अपशब्द प्रयोग गरी तँलाई छाड्दिन भनी यो जाहेरी दिएको हो । प्रतिवादीले बेचबिखन गरेको होइन, भन्ने समेत व्यहोराको बुझिएकी सुमित्रा श्रेष्ठ र शिव पौडेलले यस अदालतमा गरेको बकपत्र ।

१३. गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिम पीडितको सही पहिचान गोप्य राखी मुद्दाको कारबाही प्रक्रिया अगाडि बढाउनुपर्ने हुँदा पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने, जाहेरवाली वा पीडितको नाम "क" कुमारी राख्ने, जाहेरवालाको बाबुको नाम समेत उल्लेख नगरी मुद्दाको पहिचान नै "क" कुमारीको नामवाट व्यवस्था गर्ने, पीडितको "क" कुमारी नाम राखिएको व्यहोराको जानकारी प्रतिवादी, निजको कानुन व्यवसायी र जि.स.व.का. काभ्रे तथा जि.प्र.का काभ्रेलाई दिई पीडितको सही पहिचान खुल्ने कागजातको प्रतिलिपि मुद्दाका पक्षबाट माग भएमा पीडितको र बाबुको सही पहिचान खुल्ने व्यहोरा हटाई प्रतिलिपि दिने गर्नू भन्ने समेत मिति २०६८।७।३०।४ को यस अदालतको आदेश ।

१४. मेरो साथि सुमित्रा श्रेष्ठको घरमा प्रतिवादी केशव श्रेष्ठसँग भेट भएको थियो । निजले मलाई इन्डियामा काम गर्न जाऊँ भन्नुभयो । मैले हुन्छ भनी काठमाडौंको गोपीकृष्ण हल भएको ठाउँसम्म केशव श्रेष्ठ र इन्द्र भन्ने मानिसले लगे, त्यसपछि हामी नयाँ बसपार्क गयौं । त्यहाँबाट राक्सौलको गाडी चढेर रक्सौल पुग्यौं । त्यसपछि कोलकाता गाडी चढेर गयौं र त्यहाँ होटलमा बस बस्यौं । त्यस होटलमा केशवले खाना ल्याइदिए । दुई जना दिदी आउँछन् भनेर केशव श्रेष्ठ त्यहाँबाट गए । भोलिपल्ट बिहान माया तामाङ भन्ने केटी आई ट्याक्सीमा मलाई लिएर गई, त्यस ट्याक्सीवाट झरेर बसमा गयौं । बसवाट झरेपछि नराम्रो काम गर्ने ठाउँ कोठीमा लगे । त्यहाँ कोठमा राखे । कोठाबाट भागी पुलिस स्टेसनमा गई पुलिसलाई खबर गरेर दूतावास हुँदै माइती नेपालको सहयोगमा काठमाडौं आएको हो । कोठीसम्म मलाई केशव श्रेष्ठले पुऱ्याएको हो भन्ने समेत व्यहोराको जाहेरवाली क कुमारीले यस अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियमानुसार दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस भएको प्रस्तुत मुद्दामा वादीतर्फबाट विद्वान् जि.न्या.ब. श्री शारदाप्रसाद कोइरालाले प्रतिवादी उपर पीडितको किटानी जाहेरी छ । अदालतबाट भएको प्रमाणित बयानमा पीडितले प्रतिवादीलाई पोल गरेको अवस्था छ । प्रतिवादी मौकामा अधिकार प्राप्त अधिकारी समक्ष सावित रहेको र पीडितले बकपत्रमा लेखाएको व्यहोरा

समेतबाट साबिती समर्थित भइरहेको हुँदा प्रतिवादीलाई अभियोग दाबी अनुसार सजाय गर्ने गरी फैसला गरी पाऊँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो । त्यस्तै प्रतिवादीतर्फबाट विद्वान् अधिवक्ता श्री रमेशकाजी श्रेष्ठले पीडितलाई के, कति मूल्यमा बिक्री गरेको हो ? अभियोग दाबीमा स्पष्ट छैन । अनुसन्धानमा संकलित कुनै प्रमाणबाट मेरो पक्षले पीडितलाई बिक्री गरेको कुरा खुलेको छैन । पीडितको जाहेरी र प्रमाणित बयानबाट मेरो पक्षले पीडितलाई काठमाडौं पुऱ्याएकोसम्म खुलेकोमा सो कार्यबाट मेरो पक्षले पीडितलाई बिक्री गरेको कुरा प्रमाणित हुँदैन । पीडितले अदालतमा बकपत्र गर्दा मेरो पक्षले भारतमा लगी बिक्री गरेको खुलाएकोमा मौकाको अनुसन्धानमा नखुलेको कुरा बकपत्रमा उल्लेख हुँदैमा त्यसलाई प्रमाणमा लिन मिल्दैन । वादी पक्षबाट मेरो पक्षले नै पीडितलाई बिक्री गरेको प्रमाणित गर्न सकेको नदेखिँदा मेरो पक्षलाई सफाइ हुने गरी फैसला गरी पाऊँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

विद्वान् जि.न्या.ब. र अधिवक्ताको बहस सुनी सम्बद्ध मिसिल अध्ययन गरी इन्साफतर्फ विचार गर्दा प्रतिवादी केशव श्रेष्ठ उपर वादी नेपाल सरकारतर्फबाट निजले क कुमारी (परिवतिर्त नाम) लाई जागिर लगाइदिन्छु भनी प्रलोभनमा पारी ललाई फकाई कोठामा राखी चावहिलसम्म लगी आस्याङ र नाम थाहा नभएको महिलासाथ बिक्री गर्न भारतको कोलकातासम्म पुऱ्याएको वारदात हुँदाको अवस्था कायम रहेको जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ३ र ४क को कसुर गरेकाले सोही ऐनको दफा ८(१) तथा मानब बेचबिखन तथा ओसार पसार ऐन, २०६४ को दफा ३ तथा ४(१)(क) र ४(२)(ख)को कसुरमा ऐ.ऐनको दफा १५ (१) (क)र १५(१) (ङ)को (२)नं. अनुसार सजाय हुन माग दाबी लिएको देखिएकोमा प्रतिवादी केशव श्रेष्ठले ०६४ साल हो, गते महिना थाहा छैन, गाडीमा खलासी काम गर्दा क कुमारीलाई चिनेको हो । चिनजान भई प्रेम समेत भएको हो । निज खड्गी भन्ने कुरापछि थाहा भएकाले सोबारे सोध्दा निजसँग विवाद भयो । मैले निजलाई वास्ता गरिन । निज क कुमारी पछि कहाँ गइन्, के गरिन् थाहा छैन । निजलाई कसले बेचबिखन गर्यो ? थाहा छैन । मैले बेचबिखन ओसार पसार गरेको होइन । अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान सुनाउँदा सुनें । उक्त बयान स्वतन्त्र रूपमा गर्न पाएको होइन । प्रहरी कर्मचारीले तयार गरेको बयान व्यहोरामा सहीछाप भएको हो । बयानको व्यहोरा मैले भने बमोजिम लेखिएको होइन । प्रहरी कर्मचारीको डर-त्रासमा परी तयार भएको बयानमा सहीछाप भएको हो । दाबी अनुसारको कसुर गरेको नहुँदा सफाइ पाऊँ भन्ने समेत व्यहोरा उल्लेख गरी यस अदालतमा बयान गरेको पाइन्छ ।

उपरोक्त अभियोग दाबी, प्रतिवादीको बयान जिकिर र मिसिल संलग्न प्रमाण अध्ययन गरी इन्साफतर्फ विचार गर्दा वर्ष १५ की पीडित क कुमारीले दिएको जाहेरी दरखास्त व्यहोराबाट निज फुपूको घरमा बस्दै आएकीमा फुपूले गाली गरेकाले घर छाडी धुलिखेलस्थित साथीको घरमा बसें । एक दिन साथीको दाजु केशव श्रेष्ठले भारतमा काम गर्न जाउँ भने । घरमा सोध्नुपर्छ भन्दा कसैलाई सोध्न पर्दैन, सोधेमा नजाऊ भन्छन्, कसैलाई केही नभन्नु भने । उनले निकै फकाएपछि जान मञ्जुर भएँ । केशव र निजको साथी इन्द्रले भने अनुसार धुलिखेलबाट ठिमी बसपार्कमा पुगेर बसें । त्यहाँबाट इन्द्रको कोठामा गएर बसें । त्यहाँ आज भोलि भन्दै ८, ९ दिन बित्यो । एक दिन इन्द्रले भोलि काम गर्न जानुपर्छ भने । सो अनुसार भोलिपल्ट २०६४ सालको वैशाख महिनामा गोपीकृष्ण हलमा आइपुगें । त्यहाँ आस्याङ भन्ने व्यक्ति भेट भई निज साथै वीरगन्ज जाने बसमा चढी गयौं । वीरगन्जबाट कोलकाता पुगी होटलमा बस्यौं । दुईजना दिदीहरू कामका लागि लिन आउँछन्, उनीहरूसँग जानु काममा लगाई दिन्छन् भनेकोमा लिन आए । ट्याक्सीमा चढाएर बेश्यालयमा लगे । त्यो थाहा पाएर सोधी खोजी गर्दा बिक्री गरेको भने । त्यहाँबाट फुत्की सडकमा हिंड्दै गर्दा पुलिस स्टेसनमा पुऱ्याइदिए । पुलिसले महावाणिज्य दूतावास कोलकातामा जिम्मा लगाएकाले त्यहाँका कर्मचारीले वीरगन्जमा ल्याई माइती नेपालमा बुझाएका हुँदा बिक्री गर्ने केशव श्रेष्ठ समेतलाई कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोरा खुल्न आएको पाइन्छ । पीडितले उपरोक्त अनुसारको जाहेरी

दिएपछि जिल्ला न्यायाधिवक्ता समक्ष सोही अनुसार बयान गरी उक्त बयान यस अदालतमा प्रस्तुत भई प्रमाणित भएको समेत मिसिलबाट देखिन आएको छ ।

उपरोक्तानुसारको पीडितको जाहेरी दरखास्त र प्रमाणित बयानबाट निजलाई भारतमा लगी बिक्री गरेको भन्ने उल्लेख भएको देखिएकोमा मिसिल संलग्न नेपाली महावाणिज्य दूतावास कोलकाताबाट मिति ०६४।३।२३ मा जिल्ला प्रसासन कार्यालय वीरगन्जलाई लेखेको चिठीबाट पीडित क कुमारी भारतमा अलपत्र अवस्थामा फेला परेको भन्ने खुल्न आएको र जिल्ला प्रसासन कार्यालय वीरगन्जको मिति ०६४।३।२४ को पत्रबाट भारतबाट उद्धार गरी ल्याइएकी यी पीडितलाई माइती नेपालको संरक्षणमा जिम्मा दिएको देखिन्छ । उपरोक्त नेपाली महावाणिज्य दूतावास र जिल्ला प्रशासन कार्यालय वीरगन्जको पत्र लगायत पीडितको कथनबाट पीडित क कुमारीलाई कोलकातामा लगी बिक्री गरिएको र बेश्यालयबाट जसो तसो उम्कन सफल भई अलपत्र अवस्थामा रहेकी यी पीडितको उद्धार गरी नेपालमा फिर्ता पठाइएको भन्ने प्रमाणित हुन आएको छ । अनुसन्धानमा बुझिएका माइती नेपालका कर्मचारी पूनम थापा र रोजिना लामाले लेखाएको व्यहोराबाट यी पीडितलाई भारतबाट उद्धार गरी ल्याएको कुरा अझ खम्बिर हुन पुगेको छ ।

प्रतिवादी केशव श्रेष्ठले अधिकारी प्राप्त अधिकारी समक्ष गरेको बयान हेर्दा ०६१ सालमा काम गर्दा इन्द्र कार्की भन्नेसँग चिनजान भएको साथै ०६३ सालमा आस्याङ भन्नेसँग चिनजान भएकोमा निजसँग पैसा कमाउन नसकेको कुरा हुँदा आस्याङले राम्री केटी भए भारतमा बिक्री गर्दा ४, ५ लाखसम्म हात पर्छ भनेका थिए । ०६४ सालको वैशाख महिनामा बनेपा कोठामा जाँदा त्यहाँ बैनीको साथी क कुमारीसँग भेटघाट भई कुराकानी भयो । निज क कुमारी फुपूको घरमा काम गरी बस्ने गरेकी रहिछन्, आर्थिक अवस्था कमजोर रहेछ । निजलाई बिक्री गर्न सके धेरै रकम कमाइ हुन्छ भन्ने सोची आस्याङले भनेको कुरा सम्झिएँ । उक्त कुरा इन्द्रलाई भन्दा निज समेत मञ्जुर भयो । क कुमारीलाई राम्रो काममा लगाइदिन्छु भारत जाउँ भन्दा त्यति टाढा जान मानिनन् । साथी इन्द्रलाई चिनाई दुवै जनाले सम्झाउँदा तीनै जना जाने हो भने हुन्छ भन्ने कुरा भयो । क कुमारीलाई सल्लाह अनुसार अगाडि पठाई लिई गई काठमाडौं इन्द्रको कोठामा लगी राख्यौं । आस्याङलाई भेटी भारत लाने केटी भेटेको छु छिट्टै लानुपर्छ, केटी धेरै राम्री छ भन्दा आस्याङले भारतमा कुरा गरी फोन गर्छु भन्यो। आस्याङले फोन गरी रु. पाँच लाखमा कुरा भएको छ । भारतमा गई बिक्री गरेपछि आएर रकम बाँडी दिउँला भनेकाले सल्लाह अनुसार क कुमारीलाई लिई गोपीकृष्ण हलमा आई यी बहिनीलाई काममा लगाइदिनुपर्‍यो भन्दा हुन्छ भन्यो । हामी २, ३ दिनपछि आउँछौं भन्दा क कुमारी आस्याङको साथमा गएकी हुन् । आस्याङको नम्बर डिलिट भयो, सम्पर्क भएको छैन भन्ने समेत व्यहोरा लेखाएको देखिन्छ । अदालतमा बयान गर्दा प्रतिवादीले पीडितलाई बिक्री गरेको कुरा इन्कार गरेको भए तापनि यी पीडितसँग चिनजान भएको र प्रेम भएको कुरा उल्लेख गरी बयान गरेको देखिन्छ । पीडित खड्गी भएको कुरा सोध्दा विवाद भएको र वास्ता नगरेको भन्ने उल्लेख गरेको देखिएकोमा प्रेम सम्बन्धको कुरामा खड्गी र श्रेष्ठको कुरामा त्यस्तो विवाद हुन गयो होला भनी पत्यार मान्न सकिने अवस्था छैन । प्रेमी र प्रेमिकाबीचको कुरामा पीडित खड्गी भएकै आधारमा आपसमा विवाद भई सो विवादको कारणबाट पीडितले प्रतिवादी उपर झूटा कुराको लाञ्छना लगाउन पीडित भारत पुगेको, उद्धार गरी ल्याएको आदि सबै काल्पनिक व्यहोरा रची हुँदै नभएको वारदात सिर्जना गरी प्रतिवादीलाई फसाउन झूटा जाहेरी गरेको रहेछ भन्न मिसिलमा विद्यमान प्रमाणका रोहमा मिल्ने अवस्था छैन ।

वादी पक्षको अभियोग दाबीमा पक्राउ नपरेका र यकिन बतन नखुलेका प्रतिवादीहरूका हकमा पक्राउ परेका बखत वा यकिन वतन खुलेका बखत पूरक अभियोगपत्र पेस गरिने भन्ने समेत उल्लेख भएको देखिएकोमा सो अनुसार वादी पक्षबाट थप प्रतिवादीहरू उपर दाबी लिई पूरक अभियोगपत्र पेस गरेको अवस्था छैन । वादी पक्षले अभियोग दाबीमा उल्लेख भए अनुसार पूरक अभियोग पेस गरेको

नभए तापनि यी प्रतिवादी उपर लगाइएको अभियोग ठहर हुने, नहुने के हो ? प्रमाणको विवेचना गरी निरोपण गर्न कानुनतः मिल्ने नै हुन्छ ।

मौकाको जाहेरी, पीडितको प्रमाणित बयान र अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा मेरो पक्षले क कुमारीलाई काठमाडौं पुऱ्याएको भन्नेसम्म खुलेकोमा सो कार्यले मेरो पक्षले पीडितलाई बिक्री गरेको पुष्टि नहुने र पीडितले अदालतमा बकपत्र गर्दा मेरो पक्षले नै भारतमा पुऱ्याई बिक्री गरेको भनी बकपत्र गरेकोमा थप व्यहोरा उल्लेख गरी थप व्यहोरा प्रमाणमा ग्राह्य नहुने भन्ने प्रतिवादीतर्फका अधिवक्ताको बहस जिकिर छ, त्यस सम्बन्धमा हेर्दा पीडितसँग सबैभन्दा पहिले यी प्रतिवादीको चिनजान भएको र निजले नै बिक्री गर्ने उद्देश्यले ललाई फकाई भारत जान राजी गराएको भन्ने निजको बयानबाट देखिन्छ । पीडितलाई काठमाडौंमा यी प्रतिवादीकै संलग्नतामा इन्द्रको कोठामा लगी राखेको देखिन्छ । प्रतिवादीको मौकाको बयानबाट पीडितलाई भारतमा लगी रु. पाँच लाखमा बिक्री गरी रुपैयाँ पछि बाँड्ने सल्लाह भए अनुसार यी पीडितलाई भारतमा लाने कार्य भएको देखिन आएको छ ।

धेरै जना वा समूह संलग्न भई गरेको आपराधिक कार्यमा प्रत्येक व्यक्तिले गरेको कार्यको आ-आफ्नो किसिमको भूमिका रहने हुन्छ । प्रत्येक व्यक्तिले गरेको कार्यको समग्र परिणामबाट आपराधिक कार्य सम्पन्न हुने हुन्छ । साझा मनसाय (Common Intention) साथ गरिएको आपराधिक कार्यमा कर्ताको अपराध र मनसाय महत्वपूर्ण हुन्छ । कसले के कार्य गऱ्यो भनी कार्यको यान्त्रिक अर्थ गर्नुभन्दा सबै कार्यको पूर्णताबाट परिणाम के भयो भनी आपराधिक कार्यको अर्थ खोज्नु वाञ्छनीय हुन जान्छ । खासगरेर सामुहिक योजना बनाई गरिने आपराधिक कार्यमा आपराधिक कार्य सम्पन्न गर्न प्रत्येक व्यक्तिको अलग-अलग कार्य विभाजनलाई इन्कार गर्न सकिने अवस्था हुँदैन । प्रस्तुत मुद्दाकै सन्दर्भमा यी प्रतिवादीबाट ललाई फकाई पीडितलाई काममा लगाइदिने बहानामा राजी गराई भारत लैजान काठमाडौंसम्म पुऱ्याउनेसम्मको कार्यबाट यी प्रतिवादीले पीडितलाई विश्वास दिलाई भारत जान सहमत गराई मुख्य भूमिका निर्वाह गरेको मान्नुपर्ने हुन्छ । निजले आपराधिक क्रिया सम्पन्न गर्न गरेको यो कार्यलाई यी प्रतिवादीले नै पीडितलाई भारत नलगेको, बिक्री गर्ने कार्यमा कुनै कार्य नगरेको भन्ने आधारमा न्यून रूपमा आँकलन गर्न मिल्ने अवस्था हुँदैन। बिक्री गर्ने नियतले पीडितलाई भारत जान ललाई फकाई सहमत गराएको र सो सन्दर्भमा पीडितलाई काठमाडौंसम्म ल्याएको परिणामतः पीडित भारतको कोलकातामा बेचिई दुतावास मार्फत उद्धार भई नेपाल आएको भन्ने वस्तुगत यथार्थ हुँदा प्रतिवादी उपरको अभियोग दाबीलाई अन्यथा भन्न सक्ने अवस्था देखिँदैन ।

पीडितले यस अदालतमा बकपत्र गर्दा यी प्रतिवादीले नै भारतमा लगी बिक्री गरेको भन्ने उल्लेख गरेकीमा मौकाको जाहेरी र प्रमाणित बयानमा सो कुरा खुलेको देखिएको छैन । अदालतमा भएको बकपत्रमा थप कुरा उल्लेख हुँदैमा सोबाट मौकाको भनाइ सबै खण्डित भएको भन्न उचित हुँदैन । यस सम्बन्धमा “कसैले एउटा कुरा झूटा बोलेमा सबै कुरा झूटा हुने” (Falsus in uno falsus in umnibus) भन्ने सिद्धान्त प्रमाण मूल्यांकन सम्बन्धमा पुरातन हुन गएको यथार्थलाई मनन गर्न उपयुक्त हुन जान्छ । प्रतिवादीतर्फका विद्वान् अधिवक्ताले अदालतमा बढी कुरा उल्लेख गरी बकपत्र गरेकाले सबै व्यहोरा विरोधाभाष भई पीडितको जाहेरी, प्रमाणित बयान र बकपत्र प्रमाणको दृष्टिमा मूल्यहीन भएको कुरा उल्लेख गर्नुभएको पाइन्छ । वर्तमान समयमा प्रमाण मूल्यांकनका सन्दर्भमा “चामलबाट भुस अलग गर्ने” (Chaff from the grain) विधिलाई प्रमाण मूल्यांकनको सर्वोत्तम विधि मानिँदै आएको छ । यो विधि भनेको मानिसले दिएको जाहेरी, निजले व्यक्त गरेको कथन, बकपत्र आदिमा झूटा कुरा पनि हुन सक्छन्, सत्य कुरा पनि हुन सक्छन् यस्तो अवस्थामा सत्य कुराबाट झूटा कुरालाई अलग गर्ने कुरा हो । जसरी चामलबाट भुसलाई अलग गर्ने गरिन्छ । यी प्रतिवादीले पीडितलाई बिक्री गर्नका लागि भारत जान सहमत गराई काठमाडौंसम्म पुऱ्याएको कुरा मिसिलीय तथ्यबाट

प्रमाणित भएको अवस्था हुँदा पीडितले बकपत्रका क्रममा उल्लेख गरेको थप व्यहोराले सबै प्रमाणित तथ्य अन्यथा भएको भन्न न्यायोचित हुने देखिएन ।

वस्तुतः जीउ मास्ने बेच्ने मुद्दामा प्रमाणको भार प्रतिवादीमा निहित रहने हुन्छ । जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ७को देहाय (१)ले कुनै स्वास्नी मानिसलाई निजको अभिभावक वा नजिकको नातेदार बाहेक अन्य कसैले विदेश लैजान लागेकोमा बेचबिखन गर्ने...... उद्देश्यले लगेको हो भन्ने दफा ५ बमोजिम उजुर परेमा त्यस्तो उद्देश्यले लगेको होइन भन्ने कुराको प्रमाण अभियुक्तले पुऱ्याउनुपर्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ । त्यस्तै देहाय (२)मा अदालतबाट प्रमाणित बयानमा उल्लिखित कुरा झूटा हो भन्ने प्रमाण अभियुक्तले पुऱ्याउनुपर्ने व्यवस्था गरेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले विश्वसनीय प्रमाण प्रस्तुत गरी पीडितको जाहेरी व्यहोरा र प्रमाणित बयानमा उल्लिखित व्यहोरा अन्यथा गराउन सकेको देखिँदैन ।

वादी पक्षको अभियोग दाबीमा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ र मानब बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ दुवै ऐनको दाबी लिएको देखिएकोमा फौजदारी अपराधको सारवान विषयमा (Substantive) अपराध हुँदा प्रचलनमा रहेको कानुन लागू हुने विधि-शास्त्रीय मान्यतालाई अन्यथा भन्न मिल्दैन । प्रस्तुत मुद्दासँग सम्बन्धित अपराध हुँदा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लागू रहेको भन्ने अभियोग दाबीबाटै स्पष्ट हुँदा सोही प्रचलित ऐनको व्यवस्था लागू हुने हुन्छ । सारवान कानुन (Substantive Law) लागू गर्ने विषयमा पछि बनेको मानब बेचबिखन तथा ओसार पसार ऐन, २०६४ लागू हुने अवस्था देखिएन ।

अत विवेचित उपरोक्त आधारहरूबाट प्रतिवादी केशव श्रेष्ठले बिक्री गर्न वर्ष १५ की क कुमारीलाई फकाई जागिरको प्रलोभनमा पारी भारत जान राजी गराई काठमाडौं लगी अन्य व्यक्तिलाई लगाई भारत कोलकातामा बिक्री गरेकोमा पीडित क कुमारी त्यहाँबाट भागी अलपत्र अवस्थामा नेपाली दूतावासको शरणमा पुगी दूतावासको सहयोगमा नेपाल आई माइती नेपालको संरक्षणमा यहाँसम्म आएको भन्ने प्रमाणित भएको देखिँदा प्रतिवादी केशव श्रेष्ठले जीउ मास्ने बेच्ने नियन्त्रण ऐन, २०४३ को दफा ३ र ४ क को कसुर गरेको ठहर्छ । प्रतिवादीले गरेको आपराधिक कार्य र निजको संलग्नताको मात्रालाई मध्यनजर गरी प्रतिवादीलाई जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ८ को देहाय १ बमोजिम कैद वर्ष १२ हुने ठहर्छ । तपसिलका कुरामा तपसिल बमोजिम गर्नू ।

## तपसिल

प्रतिवादी केशव श्रेष्ठले आजै भएको फैसलाको राय किताब सही गरी फैसला सुनी पाएको हुँदा निज प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु परेन, फैसलाको प्रतिलिपि सहितको जानकारी जि.स.व.का.लाई दिनू.१

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी केशव श्रेष्ठलाई जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ८ को देहाय १ बमोजिम कैद वर्ष १२ हुने ठहरेकाले कैदको हकमा निज प्रतिवादी प्रस्तुत मुद्दाको अनुसन्धानको क्रमममा मिति २०६७।११।२८ देखि प्रहरी हिरासतमा रहेको देखिँदा निजलाई लागेको कैद मिति २०७९।११।२७ मा भुक्तान हुने हुँदा सोको भोलिपल्ट अर्थात् मिति २०७९।११।२८ गते थुनामुक्त गरिदिनू भनी लगतकसी सम्बन्धित कारागार कार्यालयमा कैदी पुर्जी दिनू...........................................२

पीडित क कुमारीलाई निजसँग सम्बन्धित मुद्दाको कारबाहीको जानकारी दिनु उचित हुने हुँदा यो फैसला प्रतिलिपि सहितको जानकारी जि.स.व.का. काभ्रे मार्फत् पीडित क कुमारीलाई दिनु..............................३

यो फैसला उपर पुनरावेदन लगायत जो जे गर्नुपर्ने अवस्थामा पिडितको नाम क कुमारी उल्लेख गरी गर्ने गर्नू भनी प्रतिवादी केशव श्रेष्ठलाई अविलम्ब जानकारी दिनू.........................................................४

मिसिल कागजको प्रतिलिपि दिने सम्बन्धमा यस अदालतवाट मिति २०६८।७।३० मा भएको आदेश बमोजिम हुने हुँदा यहाँ थप उल्लेख गरिरहनु परेन..........................................................................५

यो फैसलाको जानकारी जि.स.व.का. काभ्रेमा पठाइदिनू..................................................................६

सरोकारवालाले मिसिल संलग्न कागजातको नक्कल माग गरे नियमानुसार नक्कल दिनू........................७

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू......................८

मा.न्या.ज्यूले बोली टीपाए बमोजिम टिपी
कम्प्युटर टाईप गर्ने : ना.सु. राजन हमाल
फँाट : वैकुण्ठ प्र. उपाध्याय

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल जेठ महिना ३ गते रोज ४ शुभम्...................।**

**श्री नवलपरासी जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री राजेन्द्र खरेल**
**फैसला**
**संवत् २०६९ सालको स.फौ.नं.६६-०६८-०१३१५/४५**
**निर्णय नं.१७३**

**मुद्दा : मानव वेचविखन तथा ओसार पसार**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| जिल्ला नवलपरासी सुक्रौली गा.वि.स.वडा नं.४ बस्ने रामचन्द्र यादवको जाहेरीले वादी नेपाल सरकार.....................................................१ | जिल्ला नवलपरासी सुक्रौली गा.वि.स.वडा नं.३ बस्ने चिनक भाटको छोरा मकवुल आलम भाट.....................................................१<br>ऐ.ऐ.बस्ने भगौती भाटको छोरा जयफुल्ला हसन.....................................................२ |

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ एवं मुलुकी ऐन अ.वं.२९ नं.बमोजिम यसै अदालतको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र निर्णय यस प्रकार छ :-**

**प्रहरी सञ्चार**

जिल्ला नवलपरासी सुक्रौली गा.वि.स.वडा नं.३ बस्ने चिनक भाटको छोरा मकवुल आलम भाटले ऐ.ऐ.बस्ने रामचन्द्र यादवको छोरी वर्ष १४ कि अनिता कुमारी यादवलाई ललाई फकाई घरबाट भगाई लगेको र निजहरू हाल ताहा कार्यालय वडा एरिया अन्तर्गत पकौडी बजारमा राखेको बुझिन आएकोले निजहरूको खोजतलास गरी यस कार्यालयमा पठाइदिन हुन अनुरोध गरिएको छ भन्ने समेत व्यहोराको प्रहरी सञ्चार ।

**जिल्ला प्रहरी कार्यालय चितवनको पत्र**

जिल्ला नवलपरासी सुक्रौली गा.वि.स.वडा नं.३ बस्ने चिनक भाटको छोरा मकवुल आलम भाट र ऐ.ऐ.बस्ने रामचन्द्र यादवको छोरी अनिता कुमारी यादवलाई यस कार्यालय एरिया अन्तर्गत फेला पारी दाखिला हुन आएको हुँदा यसै पत्रसाथ पठाइएको छ । त्यहाँ कार्यालयमा दाखिला हुन आए पश्चात् निजहरूलाई आ-आफ्नो अभिभावकको जिम्मा लगाई दिन अनुरोध छ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय चितवनको पत्र ।

**रामचन्द्र यादवको जाहेरी दरखास्त**

मिति ०६९।१।१९ गते २:०० बजेको समयमा जिल्ला नवलपरासी सुक्रौली गा.वि.स.वडा नं.३ स्थित मेरो घरबाट म र मेरो श्रीमती, १४ वर्षकी छोरी अनिताकुमारी यादव र १० वर्षको छोरा रोहीत यादवलाई घरमा छाडी खेतमा भुसा लिन गई १५ मिनेटपछि भुसा लिई घरमा आउँदा घरमा छोरा मात्र रहेकोले दिदी खोई भनी सोद्धा गाउँकै मकवुल आलम भाट जयफुल्लाह र नचिनेका ३ जना घरमा आई

हामीसँग हिँड भनी फकाई फुलाई आफ्नो साथमा लिई जान खोज्दा दिदी नमानेकीले मुख छोपी हात खुट्टा समाई उठाई लिई गएका हुन् भनी छोराले बताएपछि उक्त घटनाबारे भोलिपल्ट बिहान उल्लिखित व्यहोरा सहित प्रहरी कार्यालयमा छोरीको फोटो सहित मौखिक उजुरी गरेको खोजतलासको क्रममा चितवन जिल्लाको पटिहानी गा.वि.स.वडा नं.५ स्थित पकौडी बजारमा मिति ०६९।२।४ गते मकवुलले लुकाई छोरीलाई बोल्न चल्न नदिई बिक्री गर्ने उद्देश्यले आफ्नो कब्जामा राखिरहेको, नेपाल बन्द भई यातायातको साधन नचलेका कारणले भारततर्फ जान नपाई सोही घरमा रहिरहेको स्थितिमा जिल्ला प्रहरी कार्यालय चितवनको सहयोगमा विपक्षीमध्येका मकवुललाई पक्राउ गरी छोरीलाई मुक्त गराई लिई आएको र विपक्षी मकवुललाई चितवन प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय नवलपरासीमा पठाएको हुँदा छोरी अनिता यादवलाई बिक्री गर्ने शोषण गर्ने उद्देश्यले जबरजस्ती लिई गई आफ्नो नियन्त्रणमा लिई अन्यत्र स्थानमा लगि राखेकोले मानव बेचबिखन तथा ओसार पसार ऐन अन्तर्गत कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको रामचन्द्र यादवको जाहेरी दरखास्त ।

**प्रतिवादी मकवुल आलम भाटले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज**

डेढ वर्ष पहिला जाहेरवालाको छोरी अनिता कुमारी यादवले आफ्नो बुवाको नाममा दर्ता रहेको ९८४७२९११५४ नं.को मोबाइल सेटबाट मैले प्रयोग गर्ने गरेको ९८१४४४५९५८ नं.को मोबाइलमा फोन गरी निजले मलाई प्रेम गर्ने भनी प्रस्ताव राखेकीले मैले पनि निजको प्रेम प्रस्ताव स्वीकार गरी त्यति बेलादेखि हाम्रो लव चलिरहेको थियो । त्यसपछि अनिताले आफ्नो बुवाको मोबाइलबाट मेरो मोबाइलमा मिसकल गर्ने र मैले कल ब्याक गरी कुराकानी गर्ने गरेका थियौं । पछि अनिताको बुवाले सो कुरा थाहा पाएपछि मैले रु.१००।-मा एन सेलको भ्यालेन्टाइन अफरको ९८०७४६२४६१ नं. र ९८०७४६२४६२ नं.को सिमकार्ड किनी ९८०७४६२४६२ नं.को सिमकार्ड र मैले प्रयोग गर्ने गरेको मोबाइल सेट अनिताकुमारी यादवलाई दिएँ । ९८०७४६२४६१ नं.को सिमकार्ड मैले आफूले प्रयोग गर्ने गरें । सोही मोबाइल सेटको माध्यमले हामी दुवै जना भेटघाट गर्ने गरेका थियौं । मिति ०६९।१।१९ गते २३:०० बजेको समयमा अनिताले ९८०७४६२४६२ नं.को मोबाइल सेटबाट मेरो ९८०७४६२६१ नं.को मोबाइल फोनमा फोन गरी मलाई आफ्नो घरको पछाडि बोलाएपछि म निजको घर पछाडि पुगी अनिताको मोबाइलमा फोन गरी आफू आइसकेको जानकारी गराएँ । एकछिनपछि अनिता आफ्नो घर पछाडि आइन् । हामी दुवै जना त्यहीँ बसी कुराकानी गरिरहेको अवस्थामा अनिताले खोली आएको ढोकाबाट बिरालो घरभित्र पसी भाडा खसालिदिएकोले निजको घर परिवार निद्राबाट ब्युँझी अनितालाई नदेखेपछि खोज्न थालेकाले घरका मानिसहरूले हामीहरू भेटेको कुरा थाहा पाइहाले र घरमा गए मलाई मार्छन्, मलाई आफ्नो साथमा लिई जानुहोस् भनी अनिताले मलाई अनुरोध गर्दा मैले अनितालाई घरमा फिर्ता जानको लागि धेरै सम्झाएँ, घरका मानिसहरूले सोधे, ट्वाइलेट गएकी थिएँ भन भनें, उनी मैले भनेको नमानी रुन लागिन् र म घर जाँदिन बरु झुन्डिएर मर्छु भन्न थालिन्, यसभन्दा पहिला गत शिवरात्रिको दिन मिति ०६८।११।८ गते अनिताकुमारी यादवको घरपरिवारले हामीहरूको प्रेम सम्बन्ध थाहा पाई निजलाई कुटपिट गरेकाले अनिताकुमारी यादवले सोही दिन विष सेवन गरी बिरामी भएकीले परासीस्थित पृथ्वीचन्द्र अस्पतालमा उपचार पश्चात् सन्चो भएको कुरा सम्झी मैले अनिताकुमारी यादवको ज्यान जोगाउनको लागि आफ्नो साथमा भगाइलिई गएको हो । उक्त वारदातमा अरू कोही कसैको संलग्नता छैन । अनिताकुमारी यादव आफूखुसी मेरो साथमा लागी भागी गएकी हुन् । मैले अनिताको इच्छा विपरीत निजको हात मुख थुनी खुट्टा समाई जबरजस्ती लिई गएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी मकवुल आलम भाटले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

**व्यक्तिगत ग्राहक दर्ता फारम**

९८०७४६२४६१ नं.र ९८०७४६२४६२ नं.को सिमकार्ड जिल्ला नवलपरासी सुक्रौली गा.वि.स.वडा नं.३ बस्ने मकवुल आलम भाटको नाममा दर्ता रहेको भन्ने समेत व्यहोराको व्याक्तिगत ग्राहक दर्ता फारम ।

**कल डिटेल रिपोर्ट**

मिति ०६९।१।१९ गते अर्थात् १ मई २०१२ मा ९८०७४६२४६२ नं.को मोबाइल फोनबाट ९८०७४६२४६१ नं.को मोबाइल फोनमा १४ पटक कल गरिएको र ९८०७४६२४६१ नं.को मोबाइलबाट ९८०७४६२४६२ नं.को मोबाइल फोनमा २० पटक कल गरी कुरा भएको र वैशाख १ गते १३ मई २०१२ देखि ऐ.१७ गते २९ मई २०१२ सम्ममा जाहेरवालाको मोबाइल नं.९८४७२९११५४ बाट मकवुल आलम भाटले प्रयोग गर्ने ९८०७४६२४६१ नं.को मोबाइल फोनमा १५ पटक र ९८०७४६२४६१ नं.को मोबाइल फोनबाट जाहेरवालाको ९८४७२९११५४ नं.को मोबाइल फोनमा ८ पटक फोन गरी कुरा भएको मकवुल आलम भाटले प्रयोग गर्ने ९८०७४६२४६१ नं.को मोबाइल फोनको कल डिटेल रिपोर्ट ।

**रघुनाथ यादवले लेखाइदिएको घटना विवरण कागज**

मिति ०६९।१।१९ गते राति मेरो गाउको साथि चित्रकुमार चौधरी र शनि देवल मेरो घरमा आई हामीहरूको साथी मकवुल आलम भाटको इमरजन्सी काम छ, हिंड भनेकाले तीनै जना गाउँ बाहिरको सिमानामा पुग्दा मकवुल आलम भाट र निजको साथमा १ जना केटी पैदल हिँड्दै हाम्रो गाउँतर्फ आएको देखी हामीहरूले यी केटी को हुन् भनी सोद्धा निजले यिनी आफ्नै मानिस हुन्, हामीलाई समस्या परेको छ, सहयोग गर भोलि मेरो परीक्षा छ, परीक्षा नसकिएसम्म यिनीलाई कहीँ राखिदिने व्यवस्था मिलाई दिनुपर्‍यो भनेपछि मकवुलले परीक्षा दिनुपर्ने भएकोले हामी सबै जनाले सल्लाह गरी म चित्रकुमार चौधरीले मकवुल आलम भाट र ती केटीलाई पंचभैया भन्ने गाउँस्थित चित्रकुमार चौधरीको मामाको घरमा पुऱ्याई हामी सबै जना आ-आफ्नो घर गई सुत्यौं, भोलिपल्ट मकवुल आलम भाट र निजको साथमा आएकी अनिताकुमारी यादव उक्त स्थानबाट भागी गएको थाहा पाएको हुँ भन्ने समेत व्यहोराको रघुनाथ यादवले लेखाइदिएको घटना विवरण कागज ।

**शनि देवल केवटले लेखाइदिएको घटना विवरण कागज**

मिति २०६९।१।१९ गते राति १ बजे मकवुल आलम भाटले आफ्नो मोबाइल फोनबाट मैले प्रयोग गर्ने गरेको ९८१६४६९१७३ नं.को मोबाइल फोनमा फोन गरी म समस्यामा परेको छु, मलाई सहयोग गर्नुपर्‍यो आफ्नो मोबाइल फोन चित्रकुमारलाई दिई मसँग कुरा गराइदेऊ भनेकाले मैले चित्रकुमारसँग आफ्नो मोबाइल फोनमा मकवुल आलम भाटको कुरा गराइदिएपछि म र चित्रकुमार चौधरी रघुनाथ यादवको घरमा गई निजलाई साथमा लिई मकवुलले भनेको लोकेसनमा जाँदा मकवुल आलम भाटले साथमा एक जना केटी आफ्नो साथमा लिई आएको देखी हामीहरूले यी केटी को हुन् भनी सोध्दा निजले यिनी आफ्नै मानिस हुन् हामीलाई समस्या परेको छ सहयोग गर, भोलि मेरो परीक्षा छ, परीक्षा दिनको लागि एक दिन यिनलाई कहीँ राखिदिने व्यवस्था मिलाई दिनुपर्‍यो भनेकाले हामी सबै जनाले सल्लाह गरी रघुनाथ यादव र चित्र कुमार चौधरीले,मकवुल आलम भाट र ती केटीलाई पचभैयास्थित चित्रकुमार चौधरीको मामाको घरमा पुऱ्याउन गएका थिए । भोलिपल्ट रघुनाथ यादव र चित्रकुमार चौधरीसँग अनिता कुमारी यादवको बारेमा सोध्दा केटीले बरु मर्छु घर फर्किदैन भनेकीले हामीहरूले ती केटीलाई मकवुलको साथमा छोडी आएका थियौं भनेका, पछि मकवुल आलम भाट र

निजको साथमा आएकी केटी भागी गएको थाहा पाएको हुँ भन्ने समेत व्यहोराको शनि देवल केवटले लेखाइदिएको घटना विवरण कागज ।

**प्रहरी चौकी सुनवलको सञ्चार**

जिल्ला नवलपरासी सुक्रौली गा.वि.स.वडा नं.३ बस्ने मकवुल आलम भाटले मिति २०६९।१।२० गते ७:०० बजेदेखि १०:०० बजेसम्म श्री महाकवि देवकोटा उच्च माध्यमिक विद्यालय सुनवलमा परीक्षा दिएको र निजको सिम्बल नं.२४८०५० भएको भन्ने समेत व्यहोराको प्रहरी चौकी सुनवलको सञ्चार ।

**नेपाल टेलिकमको पत्र**

९८४७५१२९९१ नं.को मोबाइल जिल्ला नवलपरासी सुक्रौली गा.वि.स.वडा नं.२ बस्ने शेषकान्त उपाध्याय पौडेलको छोरा मधुसूदन उपाध्याय पौडेलको नाममा दर्ता रहेको भन्ने समेत व्यहोराको नेपाल टेलिकमको पत्र ।

**द्रोपती देवी थारूको घटना विवरण कागज**

देखाइएको एनसेलको व्यक्तिगत ग्राहक दर्ता फारमको प्रतिलिपिमा भएको फोटो त्यसमा भएको सहीछाप मेरो नै हो, हेरी देखी सनाखत गरिदिएँ, मेरो घरमा मोबाइलको आवश्यकता भएकाले मैले एनसेलको काउन्टरबाट ९८१६४५८१३९ को सिमकार्ड प्राप्त गरी मेरो छोरा चित्रकुमार चौधरीलाई प्रयोग गर्न दिएको छु, हाल उक्त मोबाइल फोनको सिमकार्ड मेरो छोरा चित्रकुमारले नै प्रयोग गर्ने गरेका छन् भन्ने समेत व्यहोराको द्रोपती देवी थारुको घटना विवरण कागज ।

**चित्रकुमार चौधरीले लेखाइदिएको घटना विवरण कागज**

अं.४ महिना पहिला मकवुल आलम भाटले अनिता कुमारी यादवसँग आफ्नो लव भएको कुरा म रघुनाथ यादव र शनि देवल केवटलाई बताएको थिए । मिति ०६९।१।१९ गते राति म आफ्नो घरमा सुतेको थिए, राति अ.१ बजेको समयमा शनि देवल केवट मेरो घरमा आई मलाई उठाई मकवुल आलम भाट आफ्नो गर्ल फ्रेन्डसँग भेट्न जाँदा घरका मानिसहरूले थाहा पाई निज अनिताकुमारी यादव घर फिर्ता जान नमानेकीले निजलाई साथमा लिई हाम्रो गाउँतर्फ आउँदै छन । हामीलाई बोलाएका छन्, जाऊँ भनेपछि म र शनि देवल केवट साथी रघुनाथ यादवको घरमा गई निजलाई साथमा लिई वन्जरियादेखि घिनहवातर्फ जाने बाटोमा जाँदा मकवुल आलम भाट र अनिताकुमारी यादवसँग हामी तीनै जनाको भेट भयो । मकवुलले आफूसँग भएको घटनाको वृत्तान्त बताई आफूले कक्षा १२ को परीक्षा दिनुपर्ने भएको र अनिता कुमारी यादव घर फिर्ता जान नमानेकोले परीक्षा दिनको लागी निजलाई केही दिन कतै राखिदिने व्यवस्था गरिदिनुपर्‍यो भनेकाले हामी सबै साथीहरू सल्लाह गरी म रघुनाथ यादव मकवुल आलम भाट र अनिता कुमारी यादव पंचभैयास्थित मेरो मामाको घरमा गई मेरो दिदी नाता पर्ने पार्वती चौधरीलाई भेटी मेरो साथीले केटी भगाएर ल्याएको छ, परीक्षा सकिएपछि साथीले लिई जान्छ, उनलाई यहीँ राखिदिनुपर्‍यो भनी अनिता कुमारी यादवलाई मामाको घरमा छाडी हामी आ-आफ्नो घर फिर्ता गयौं । भोलिपल्ट साँझ अ.१९:३० बजेको समयमा मकवुल आलम भाट हाम्रो गाउँमा आई म रघुनाथ यादव र शनि देवल केवटलाई भेटी अनिताको आमा बाबाहरूले खोज्दै छन्, निजलाई सम्झाइ बुझाइ गरी घर पुर्‍याइदेऊ भनेकाले रघुनाथ यादव म र मकवुल आलम भाट मेरो मामाको घरमा गई अनिता कुमारी यादवलाई भेटी तपाईको आमा बाबाले तपाईंलाई खोज्दै छन्, घर फिर्ता जानुस् भनी सम्झाइ बुझाइ गर्दा अनिताले म घर गएमा मेरो आमा बाबाले मलाई मारिहाल्छन्, बरु मलाई मारेर पठाइदिनुहोस्, म घरमा जाँदैन भनी रोई घर फिर्ता जान नमानेकीले म

र रघुनाथ यादव मकवुल आलम भाट र अनिता कुमारी यादवलाई मेरो मामाको घरमा नै छाडी घर फिर्ता आएका थियौं । भोलिपल्ट मकवुल आलम भाट र अनिता कुमारी यादव उक्त स्थानबाट कोही कसैलाई केही जानकारी नगराई भागी गएका थिए । मिति ०६९।१।२१ गते मकवुल आलम भाटले ९८०७४६२४६२ नं.को मोबाइल फोनबाट मैले प्रयोग गर्ने गरेको ९८१६४५८१३९ नं.को मोबाइल फोनमा फोन गरी आफूहरू सन्चो भएको बताउँदा मैले तपाईंहरू कहाँ हुनुहुन्छ, अनितालाई निजको घर परिवारहरूले खोजिरहेका छन्, घर फिर्ता आऊ भन्दा मकवुलले फोन काटिदिए । भोलिपल्ट मैले पुनः ९८०७४६२४६२ नं.को मोबाइल फोनमा फोन गरी अनितालाई लिई घर फिर्ता आउन भनेको भए तापनि फिर्ता आएका थिएनन् भन्ने समेत व्यहोराको चित्रकुमार चौधरीले लेखाइदिएको घटना विवरण कागज ।

**विजय यादवले गरेको घटना विवरण कागज**

म परासीस्थित लिटिल एन्जल उच्च मा.वि.मा कक्षा १२ को परीक्षा दिई बसेको छु आजभन्दा करिब ५ महिना पहिला मैले प्रयोग गर्ने गरेको मेरो सहोदर दाइ विनोदप्रसाद यादवको नाउँमा दर्ता रहेको ९८०७५८६८६७ नं.को मोबाइलमा ९८०७४६२४६२ नं.को मोबाइल फोनबाट अचानक कल आई मैले कल रिसिभ गर्दा केटीको आवाज सुनी तपाई को बोल्नुभएको हो, तपाईंको घर कहाँ हो भनी सोद्धा निजले आफ्नो नाम अनिता कुमारी यादव, घर जि.न.प. सुक्रौली गा.वि.स.वडा नं.३ घिनाहा भनी बताएकी थिइन् । मैले तपाईंले मलाई किन फोन गर्नुभएको हो भनी सोद्धा निजले मैले तपाईंलाई चिन्छु, तपाईले मलाई चिन्नुहुन्छ हुँदैन भनिन् । मैले तपाईंलाई चिनेको छैन भन्दा निजले तपाई जुन स्कुलमा अध्ययन गर्नुहुन्छ, म पनि सोही स्कुलमा अध्ययन गर्छु, मलाई चिन्ने कोसिस गर्नुहोला नि भनी फोन राखिदिइन् । केही दिनपछि निजले पुनः ९८०७४६२४६२ नं.को मोबाइल फोनबाट मेरो मोबाइल फोनमा फोन गरी जिस्कँदा हाम्रो घनिष्टता बढी कहिले उहाँले मलाई फोन गर्नुहुन्थ्यो, कहिले मैले प्रयोग गर्ने फोन ९८०७४६२४६२ नं.को फोनमा फोन गरी कुराकानी गरेका थियौं । पछि उक्त फोनबाट कल आउन छाडेपछि ती अनिता कुमारी यादवको बारेमा बुझ्दा निज आफ्नै गाउँमा बस्ने मकवुल आलम घाटको साथमा लागी भागी गएको कुरा थाहा पाएको हो भन्ने समेत व्यहोराको विजय यादवले गरेको घटना विवरण कागज ।

**विनोदप्रसाद यादवको घटना विवरण कागज**

अ.३ वर्ष पहिला मैले आफ्नो नेपाली नागरिकताको प्रतिलिपि पेस गरी एनसेलबाट ९८०७५८६८६७ नं.को सिमकार्ड प्राप्त गरी मेरो कान्छो भाइ विजय यादवलाई प्रयोग गर्न दिएको छु । निजले नै उक्त मोबाइल फोन प्रयोग गर्ने गरेका छन् भन्ने समेत व्यहोराको विनोदप्रसाद यादवको घटना विवरण कागज ।

**मधुसूदन पौडेलको घटना विवरण कागज**

मलाई मोबाइल फोनको आवश्यकता परेकोले आफ्नो नाममा ९८४७६१२९९१ नं.को मोबाइल फोनको सिमकार्ड निकाली उक्त मोबाइल फोन घरमा राखेको छु । प्रत्येक दिनको साँझ र बिहान, शुक्रवार दिनभरि मैले उक्त मोबाइल फोन प्रयोग गर्छु । त्यस वाहेकको समयमा मेरो छोरी तृप्ति पौडेलले उक्त मोबाइल फोन प्रयोग गर्छिन् भन्ने समेत व्यहोराको मधुसूदन पौडेलको घटना विवरण कागज ।

**जि.प्र.का चितवनको सि.नं.११२६ को सञ्चार**

मकवुल आलम भाट र अनिता कुमारी यादवको खोजतलास गर्दा गराउँदा जिल्ला चितवन जगतपुर गा.वि.स.स्थित पकौडी बजारमा फेला पारी इलाका प्रहरी कार्यालय गीतानगर चितवनले यस कार्यालयमा दाखिला गरे पश्चात् सोधपुछ गर्दा विवाह गर्ने मनसायबाट भागी गएको बताएको भन्ने समेत व्यहोराको जि.प्र.का चितवनको सि.नं.११२६ को सञ्चार ।

**तृप्ति पौडेलले गरेको घटना विवरण कागज**

म जिल्ला नवलपरासी सुक्रौली गा.वि.स.वडा नं.३ बस्ने अनिता कुमारी यादव परासीस्थित लिटिल एन्जल्स उच्च मा.वि.मा कक्षा ७ मा सँगसँगै पढ्छौं । हामी एउटै कक्षामा अध्ययन गर्न र हामीहरूको घर पनि नजिक नजिक भएको कारण एकदम मिल्ने साथी हौं । मेरो वुवा मधुसूदन पौडेलको नाममा निकालेको ९८४७५१२९९१ नं.को मोबाइल फोन घरमा छाडी बाहिर गएको अवस्थामा मैले चलाउने गरेकी थिएँ । साथी अनिता यादवलाई मसँग कुराकानी गर्न मन लाग्दा निजले आफूले प्रयोग गर्ने गरेको ९८०७४६२४६२ नं.को मोबाइल फोनबाट हामीहरूको मोबाइल फोनमा फोन गरी कुराकानी गर्ने गरेकी थिइन् । मलाई अनितासँग कुरा गर्न मन लागेमा मैले निजको ९८०७४६२४६२ नं.को मोबाइल फोनमा फोन गरी कुरा गर्ने गरेकी थिएँ । उक्त ९८०७४६२४६२ नं.को मोबाइल फोन मेरो साथी अनिता कुमारी यादवले प्रयोग गर्ने गरेकी थिइन् भन्ने समेत व्यहोराको तृप्ति पौडेलले गरेको घटना विवरण कागज ।

**प्रतिवादी जयफुल्लाह हसनले अधिकार प्राप्त अकिरी समक्ष गरेको बयान कागज**

मिति ०६९।१।१९ गते राति जाहेरवालाको छोरी अनिता कुमारी यादव आफ्नो घरबाट हराएकी थिइन् । निजलाई हाम्रै गाउँ बस्ने मकवुल आलम भाटले लुकाएका छन् भनी शंका मानी अनिताको घर परिवार मकवुल आलम भाटको घरमा गई निजको आमा भाउजू समेतलाई थर्काई अनिता कुमारी यादवलाई फर्काउनको लागि दबाब दिइरहेका थिए । मिति ०६९।१।२० गते मकवुल आलम भाटको माहिली भाउजूले मलाई फोन गरी जरुरी काम छ भनी आफ्नो घरमा बोलाएकीले म निजको घरमा गएको अवस्थामा साँझ मकवुल आलम भाट परीक्षा दिई घरमा आएपछि मैले निजलाई रामचन्द्र यादवको छोरी हराएकी छ, निजको घर परिवारले तिमीमाथि शंका गरेका छन्, अनितालाई मितिले आफ्नो साथमा लिई गएको भए फिर्ता ल्याइदेऊ, म उनको परिवारलाई सम्झाइदिन्छु भन्दा मकवुलले अनिता कुमारी यादव आफ्नो साथमा भएको र निजलाई छाडेमा अनिताले विष सेवन गरी आत्महत्या गर्छु भनेकीले मैले अनितालाई छाड्दिन भनेपछि मैले मकवुल आलम भाटलाई निकै सम्झाए बुझाएपछि निजले अनितालाई २ घण्टामा घरमा ल्याइदिन्छु भनी घरबाट गए । त्यसपछि न त मकवुल आलम भाट घर आए न त अनिता कुमारी यादवलाई नै घरमा ल्याए । म समेतले निज अनिता कुमारी यादवको निकै खोजी गऱ्यौं तर फेला पार्न सकेनौं । अनिता कुमारी यादव र मकवुल आलम भाट एकआपसमा प्रेम गर्ने हुँदा बिहे गर्नका लागि भागी गएका हुन् । निजलाई मकवुल आलम भाटले बिक्री गर्नको लागि लिई गएका होइनन् भन्ने समेत व्यहोराको प्रतिवादी जयफुल्लाह हसनले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज ।

**पीडित अनिता कुमारी यादवको बयान कागज**

मिति ०६९।१।१९ गते २०:०० बजेको समयमा म मेरो घरदेखि ३० मिटर पर रहेको आफ्नै ह्यान्ड पाइपमा पानी भरिरहेको अवस्थामा हाम्रै गाउँ बस्ने जयफुल्लाह हसन र मकवुल आलम भाटले मलाई पछाडिबाट समाई मेरो मुख र आँखामा आफ्नो साथमा लिई आएको रुमालले बाँधी दिएर

नमालुम के कुरा सुँघाई मलाई बेहोस बनाइदिए । मलाई १० दिनपछि होस आउँदा चितवन जिल्लाको पकौडी बजारमा थिए । मलाई होस आएको ५ दिनपछि प्रहरीले मलाई फेला पारी उद्धार गरेका थिए । पकौडी बजारमा मैले मकवुल आलम भाटलाई मात्र देखेकी थिएँ । निजले नै मलाई होटलबाट खाना मगाई खान दिने गरेका थिए । भैया भन्ने व्यक्तिसँग फोनमा कुरा गरी बन्दी खुलेपछि भारतको बम्बईमा लगी मलाई बिक्री गर्छु भनी कुरा गरेको सुनेकी हुँ, निजले मलाई बिक्री गरे बापत कोही कसैसँग पैसा लिएको देखेकी थिइन । मकवुल आलम भाटले मलाई यौन शोषण गरेका थिएनन् । शारीरिक सम्पर्क राखेका थिएनन् । मैले गत शिवरात्रीमा विष सेवन गरेकी छैन भन्ने समेत व्यहोराको पीडित अनिता कुमारी यादवको बयान कागज ।

**घटनास्थल प्रकृति मुचुल्का**

जिल्ला नवलपरासी सुक्रौली गा.वि.स.वडा नं.४ घिनहवास्थित पूर्व पर्शुराम यादवको गोठ पश्चिम पारस ठाकुरको खेत,उत्तर घिनहवा गाउँदेखि परासीतर्फ जाने ग्राभेल बाटो दक्षिण रामचन्द्र यादवको खेत यति चारकिल्लाभित्र उत्तर मोहडा हुने गरी बनेको रामचन्द्र यादवको पक्की घर उक्त घरदेखि ५० फिटमा पानीको धारा रहेको सोही धारामा गिलासमा पानी भरिरहेकी अनिता कुमारी यादवलाई मकवुल आलम भाट र जयफुल्लाह हसनले फकाई फुलाई गर्दा अनिता यादवले बुवाआमा आएपछि जाउला भन्दा जबरजस्ती आफ्नो कव्जामा लिई गएको भनिएको स्थानका घटनास्थल प्रकृति मुचुल्का ।

**वस्तुस्थिति मुचुल्का**

मकवुल आलम भाट र जयफुल्लाह हसनले अनिता कुमारी यादवलाई घरदेखि उत्तर वन्जरिया गाउँ लगेको र पछि चितवनमा लगी कोठामा राखेको अवस्थामा फेला पारेको हो । वारदात समयमा अनिता कुमारी यादवले रोई कराई गरेको थाहा पाएको छैन । जयफुल्लाह हसन र मकवुल आलम भाटले अनिता कुमारी यादवलाई बिक्री गर्ने मनसायले लगेको हुनुपर्छ भन्ने समेत व्यहोराको रामवचन यादव समेतले बकी लेखाइदिएको करिव एकै मिलान व्यहोराको वस्तुस्थिति मुचुल्का ।

**तेतरी यादवले गरेको घटना विवरण कागज**

मिति ०६९।१।१९ गते २०:०० बजेको समयमा खाना खाई घरभित्र टेलिभिजन हेरी बसेकी थिएँ र नाति रोहित यादव खाना खाँदै थिए, मैले नातिनी अनिता कुमारी यादवलाई धारामा भाइको लागि पानी लिई आउनको लागि पठाएकी थिएँ, निज पानी लिन गई घर फिर्ता नआएपछि नाति रोहित यादवले गाउँकै मकवुल आलम भाट र जयफुल्लाह हसनले धारामा पानस लिन गएकी दिदीलाई जबरजस्ती बिक्री गर्ने उद्देश्यले आफ्नो साथमा लगेको भनी बताएका थिए भन्ने समेत व्यहोराको तेतरी यादवले गरेको घटना विवरण कागज ।

**रोहित यादवले गरिदिएका घटना विवरण कागज**

मिति ०६९।१।१९ गते २०:०० बजेको समयमा म आफ्नै घरभित्र टीभी हेर्दै खाइरहेको थिएँ । यस्तैमा बाहिर धारामा दिदी कराएको सुनी म घरबाहिर निस्की हेर्दा मैले दिदीलाई मकवुल आलम भाट र जयफुल्लाह हसनले दिदी अनिता कुमारी यादवलाई समातेका थिए र दिदीले आमा आमा भनी कराउनुभएको थियो । आमा र बुवा खेतमा गहुँको भुसा लिन गएकाले ठूलो बुवा घरमा आउँदा निजहरूले दिदी अनिता कुमारी यादवलाई भगाई लगिसकेका रहेछन्, पछि दिदी अनिता कुमारी यादवको

खोजतलास गर्दै जाँदा चितवनमा कोठामा राखेको अवस्थामा फेला परेको हो भन्ने समेत व्यहोराको रोहीत यादवले गरिदिएका घटना विवरण कागज ।

**अभियोग माग दाबी**

मिति ०६९।१।१९ गतेका दिन प्रतिवादी मकवुल आलम भाट र जयफुल्लाह हसनले पीडित अनिता यादवलाई विवाहकै उद्देश्यले पीडितलाई भगाई लिई कोठामा लुकाइराखेको नभई पीडितलाई बेचबिखन तथा यौन शोषण गर्ने गराउने समेत अभिप्रायले पीडित नाबालिका अनिता यादवलाई घरबाट भगाई चितवन जिल्लाको पकौडीमा लुकाई छिपाई राखेको देखिँदा प्रतिवादीहरूको उक्त कार्य मानव बेचबिखन तथा ओसार पोसार नियन्त्रण ऐन, ०६४ को दफा ४(२) को खण्ड (क)(ख) को विपरीतको कसुर हुँदा निज प्रतिवादीहरू मकवुल आलम र जयफुल्लाह हसनलाई सोही ऐनको दफा १५(१)(ङ)(२) बमोजिम सजाय र सोही ऐनको दफा १७ बमोजिम क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको मुख्य अभियोग माग दाबी ।

**प्रतिवादी मकवुल आलम भाटले अदालत समक्ष गरेको बयान**

मिति ०६९।१।१९ गते राति ११ बजे अनिता यादवले मलाई मैले उनलाई ०६८ सालको शिवरात्रिको पछि किनिदिएको मोबाइल र सिमकार्ड एनसेलको फोन नं.९८०७४६२४६२ बाट फोन गरी मलाई भेट्न आउनु यति बेला हाम्रो घरको सबै जना सुतिसकेका छन् भनिन्, त्यसपछि मेरो फोन नं.९८०७४६२४६१ बाट मैले हाल म आउन सक्दिन, भोलि मेरो १२ कक्षाको परीक्षा छ भन्दा होइन आज जसरी भए पनि आउनु नत्र म मर्छु भनिन् । त्यसपछि म उनको घरको पछाडि खेतमा एक्लै गएको हुँ । मेरो अनिता यादवसँग आजभन्दा एक डेढ वर्ष पहिलादेखि प्रेम सम्बन्ध थियो । उनले मसँग विवाह गर्न चाहन्थिन् । सो कुरा उनको घरका व्यक्तिले थाहा पाएर कुटपिट गरेकाले उनले ०६८ सालको शिवरात्रिको मेला लाग्ने दिन आफ्नै घरमा विष सेवन गरेकी र पृथ्वीचन्द्र अस्पताल परासीबाट उपचार भई निको भएको हो । म उक्त वैशाख १९ गते राति अनिताको घरको पछाडि गएपछि भेट भै कुराकानी गरी बस्यौं, त्यतिबेला उनले मलाई शुक्रौलीको राजेश यादवको छोरासँग विवाह गर्न भनेर घरकाले भनेका छन्, त्यसैले मलाई छिटो विवाह गरी लैजान भनेकी थिइन्, मैले उनलाई तिम्रो र मेरो विवाह गर्ने उमेर नगुगेकाले अहिले विवाह गर्न सक्दैनौं, उमेर पुगेपछि गरौंला भनी म घर फर्कन लाग्दा उनले मलाई आफ्नो घरसम्म पुऱ्याउन भनेकीले उनको घरमा पुग्न लाग्दा उनले घरको ढोका बन्द नगरेकाले बिरालो गै भाँडा खसालिदिँदा घरका मान्छे उठेर बत्ती बाल्दा उनलाई त्यहाँ नदेखी खोज्न थालेकाले हामी घरभन्दा १ कोलाको दूरीमा थियौं । त्यही नै उनले आफूलाई आजै अहिले नै तपाईसँगै लैजानुहोस् भनेकी हुँदा मैले चिनेको चितवनमा एकजना चौधरी कहाँ लैजान भनिन् । उनी त्यहाँ यसभन्दा अगाडि आफ्नो साथीसँग गएकी रहिछन । त्यसपछि मैले उनको आग्रह अनुसार उनको ज्यान बचाउनको लागि मैले राति नै चितवन जान मञ्जुर गरेकाले उनले मलाई चितवन लिएर गएकी हुन् । चितवनको पटिहानी गा.वि.स.को पकौडी बजारमा हामी ०६९।१।२० गते बिहान ४ बजेभन्दा पहिल्यै पुगिसकेका थियौं । म त्यहाँ ५ मिनेट जति बसी सोही दिन मेरो परीक्षा भएकाले आफ्नो घर फर्की आएको हुँ । म परीक्षा दिएर सोही दिन चितवन गएको र उनले मलाई त्यहाँबाट घर फर्किन नदिएपछि म उनीसँग बसे, म र अनिता प्रहरीले पक्राउ नगर्दासम्म पकौडी बजारमा नै बस्यौं । जेठ ४ गतेभन्दा २/३ दिन अगाडि अनिताले आफ्नो बुवालाई फोन गरिन्, म मकवुलसँग विवाह गर्न आएकी हुँ भनिन्, त्यसपछि जेठ ४ गते अनिताका बुवा शुक्रौलीको राजेश यादव र एक जना नाता सम्बन्ध पर्ने यादव थरको प्रहरी समेत साथै लिई हामी भएको ठाउँमा गै साथै लिई भरतपुर जिल्ला प्रहरी कार्यालयमा आएका हुन् । हाम्रो त्यहाँ मौखिक बयान लिने कार्य भएको थियो । त्यति बेला हामी दुवै जनाले हामी

विवाह गर्न आएको हो, हामी दुवैमा प्रेम सम्बन्ध छ भनेका थियौं । त्यसपछि मलाई जिल्ला प्रहरी कार्यालय नवलपरासीमा ल्याई मलाई प्रहरी कार्यालयमा नै थुनामा राखिएको हो । मैले अनितालाई बिक्री गर्न लगेको होइन । मैले उनलाई फकाउँदा नमानी हात खुट्टा बाँधी जबर्जस्ती लगेको होइन । अनितालाई नै मसँग विवाह गर्न आतुर भएको हुँदा उनले यसभन्दा अघि पनि विष सेवन गरिसकेकीले पुनः मर्छु भनेकीले उनको ज्यान बचाउन उनले भने अनुसार मानेको हुँ, जाहेरी दरखास्तको व्यहोरा झुट्ठा हो भन्ने समेत व्यहोराको प्रतिवादी मकवुल आलम भाटले अदालत समक्ष गरेको बयान ।

**प्रतिवादी जयफुल्लाह हसनले अदालत समक्ष गरेको बयान**

उक्त दिन मेरो आफ्नै गाउँमा विवाहमा आएका पाहुनालाई बिदाइ गर्ने कार्यक्रम थियो । सोही कामका लागि म उक्त दिन मिसवाहुद्धिन भाटको घरमा काममा थिएँ । म उक्त दिन अपरान्ह ४ बजेदेखि राति १२:३० बजेसम्म गफ गरी बसेको थिएँ र पाहुनालाई सुताइसकेपछि म पनि त्यहीँ सुतेको थिएँ । मिति ०६९।१।१९ गते साँझ अनिता यादवको घरमा गै हात खुट्टा समाती बिक्री गर्न लुकाइराखेको होइन । मैले मकवुललाई समेत सो दिन भेट गरेको होइन । म अनिता यादवको घरमा गएको होइन । अनिता यादवलाई बिक्री गर्न भनी घरबाट लगी लुकाई चितवनमा राखेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी जयफुल्लाह हसनले अदालत समक्ष गरेको बयान ।

**थुनछेक आदेश**

प्रतिवादीहरू मकवुल आलम भाट र जयफुल्लाह हसनलाई मुलुकी ऐन अ.वं.११८ को देहाए २ बमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा राख्न जिल्ला कारागार कार्यालय नवलपरासीमा पठाइदिनू भन्ने मिति ०३९।६।४ मा भएको थुनछेक आदेशानुसार निज प्रतिवादीहरू हालसम्म थुनामा रहेका ।

**वादी पक्षको साक्षी रोहित यादवले गरेको बकपत्र**

मिति २०६९।१।१९ गतेका दिन म घरमा नै टीभी हेरी खाना खाइरहेको थिएँ । मसँग दिदी र हजुर आमा हुनुहुन्थ्यो, आमाले दिदीलाई पानि लिन पठाउनुभयो । बाहिर गएकी दिदी नआई आमा भनी चिच्याउनुभयो, त्यसपछि म बाहिर गई हेर्दा मकवुल आलम भाट र जयफुल्लाह हसनले समाती दिदीलाई तानिरहेका थिए र दिदी रुँदै भन्नुभयो भाइ मलाई लाँदैछन्, त्यसपछि म आत्तिँदै ठूलो बुवाकोमा गएर ठूलो बुवाका घरबाट आउँदा दिदी हुनुहुन्थेन । त्यसपछि मैले हल्ला गर्न लागेपछि ठूलो बुवा र अरू सबै जना घरमा आउँदा उनीहरूले लगिसकेका थिए भन्ने समेत व्यहोराको वादी पक्षको साक्षी रोहित यादवले गरेको बकपत्र ।

**वादी पक्षको साक्षी तेतरी यादवले गरेको बकपत्र**

मिति ०६९।१।१९ गतेका दिन म आफ्नो घरमा नै थिएँ, नातिले खाना खाँदै थियो अनिता मेरो नातिनी हो । नातिनीलाई पानि लिन बाहिर पठाएको अवस्थामा जयफुल्लाह समातेर तानी लगेका हुन् भनी नातिले मलाई भनी थाहा पाएँ । घरमा अरू कोही थिएनन्, भुसा लिन खेतमा गएका थिए भन्ने समेत व्यहोराको वादी पक्षको साक्षी तेतरी यादवले गरेको बकपत्र ।

**पीडित अनिता कुमारी यादवले गरेको बकपत्र**

मेरो आमा बुवा खेतमा गहुँको भुसा लिन जानुभएको थियो । घरमा म, हजुर आमा र दिदी मात्र थियौं । भाइले घरमा टीभी हेर्दै थियो, हजुर आमाले मलाई पानी लिन बाहिर धारामा जान भन्नुभएकोले म पानी लिन धारामा गएको बेला जयफुल्लाहले बाहिर धारोमा एउटा कुरा छ आउ भनेर

बोलाए अनि म गइन, त्यसपछि मेरो हात समात्यो अनि दुवै जनाले समातेपछि मेरो मुख थुनी के सुँघाए मलाई थाहा भएन, त्यसपछि मलाई कहाँ कहा लगे थाहा भएन, होस खुल्दा म चितवनको पकौडी बजारको घरको एउटा कोठामा आफूलाई रहेको पाएँ । अनि उक्त कोठामा एउटा झ्याल पनि थियो, कोहीसँग बोल्न दिँदैनथे, मैले कसैलाई पनि देख्दैनथें, खाली मकवुल आलमलाई मात्र देख्थें, एक दिन मोबाइल छोडी गएको बेलामा मोबाइल फोन भेटेपछि उनको मोबाइलमा हेर्दा जम्मा २ रुपैयाँ मात्र पैसा थियो, अनि आफ्नो बुवाको मोबाइलमा फोन गरी मलाई यिनीहरूले चितवन भन्ने ठाउँमा ल्याएका छन् भनी भनेकी थिएँ भने मकवुलले आफ्नो दाइलाई बाहिरबाट फोन गरी बम्बई लगी बिक्री गर्छु भनेको सुनेको थिएँ । यी प्रतिवादी मकवुलसँग मेरो कुनै प्रेम सम्बन्ध थिएन, निजहरूले मलाई बेच्नको लागि लिएर गएका हुन् भन्ने समेत व्यहोराको पीडित अनिता कुमारी यादवले गरेको बकपत्र ।

**प्रतिवादीको साक्षी सगोरा खातुनले गरेको बकपत्र**

उक्त दिन मेरो घरमा छोरीको विवाह थियो । प्रतिवादी जयफुल्लाह पनि सोही विवाहमा मेरो घरमा थिए । जाहेरवालाको छोरीलाई निज प्रतिवादीले जबरजस्ती भगाएर लगेका होइनन्, प्रतिवादी मकवुल र अनिताबीचमा प्रेम सम्वन्ध थियो, चिठ्ठी पत्र आदान प्रदान गर्दथे । प्रेम भएको भएर भागेर गएका हुन्, जबरजस्ती भगाई लगेका होइनन् र बिक्री गर्न पनि लिई गएका होइनन् भन्ने समेत व्यहोराको प्रतिवादीको साक्षी सगोरा खातुनले गरेको बकपत्र ।

**जाहेरवाला रामचन्द्र यादवले गरेको बकपत्र**

उक्त मितिमा निज प्रतिवादीहरूले मेरो छोरीलाई जबरजस्ती गरी चितवन लगेर गएका हुन्, निजहरूले बेच्ने उद्देश्यले मेरो छोरीलाई लिई गएका हुन् । मिति २०६९।१।१९ गते रातिको पौने ९ बजेतिर घरबाहिर गएकी छोरीलाई जबरजस्ती लगी गएको १३, १४ दिनपछि म चितवनमा छु भनी छोरीले फोनबाट मलाई बताएकी थिइन् । चितवनमा मलाई बन्दी बनाएर राखेका छन्, निजहरूले फोन गर्न दिएनन्, निज ऐले बाहिर गएका छन्, मैले त्यही मौकामा म बसेको घरको फोनबाट फोन गर्दै छु भनेकी थिइन् । म आफैं गएर हेर्दा खेरी छोरी अनितालाई एउटा घरमा बाहिरबाट ताला लगाई थुनेर राखेको अवस्थामा देखेको हुँ, कसको घर हो थाहा भएन, पकौडी बजारको चौधरीको घरमा थुनेका थिए । छोरीलाई घरबाट लगेको १६ दिनपछि चितवनको पकौडी बजारबाट मकवुलसँगबाट बुझी लिएको हुँ भन्ने समेत व्यहोराको जाहेरवाला रामचन्द्र यादवले गरेको बकपत्र ।

**प्रतिवादीको साक्षी सरिफुन नेसाको बकपत्र**

अनिता र मकवुलबीच प्रेम सम्बन्ध थियो । बिक्री गर्ने उद्देश्यले अनितालाई मकवुलले लिएर गएका हैनन् त्यो आरोप झुट्टा हो । निजहरूबीच पहिलेदेखि नै फोन सम्पर्क हुने चिठ्ठीपत्र आदन प्रदान गर्ने गर्दथे भन्ने समेत व्यहोराको प्रतिवादीको साक्षी सरिफुन नेसाको बकपत्र ।

**वादी पक्षको साक्षी रामवचन यादवले गरेको बकपत्र**

उक्त मिति र समयमा म मेरो घरमा खाना खाई आराम गरी बसेको थिएँ । अचानक गाउँमा हल्ला भयो अनि के को हल्ला हो भनी म त्यसतर्फ जाँदा रोहितले मेरो दिदी अनितालाई मकवुल आलम र जयफुल्लाह भाटले जबरजस्ती उठाएर लगे भनी रोहित कराइरहेको थियो । त्यहाँ गाउँका धेरै मानिसहरू थिए । रामचन्द्र, म समेतका गाउँका मान्छे रातिको समयमा अनितालाई खोज्न गयौं, मकवुल, जयफुल्लाहको घरमा समेत गयौं, दुवै जना थिएनन् । अनिता र मकवुलको प्रेम सम्बन्धको

विषयमा गाउँमा कुनै हल्ला भएको थिएन । मैले देखे सुनेको पनि थिइन भन्ने समेत व्यहोराको वादी पक्षको साक्षी रामवचन यादवले गरेको बकपत्र ।

**पक्षको साक्षी शनि देवल केवटले गरेको बकपत्र**

प्रतिवादी मकवुल आलमले मलाई इमरजेन्सी छ तिमी आउ, म तिम्रै गाउँको छेउमा छु भनि रातिको ३ बजे साढे तीन बजेतिर बोलाएका थिए अनि म, रघुनाथ र चित्रबहादुर ३ जना भै त्यहाँ गयौं, त्यहाँ मकवुल र एउटा केटी थिए । म त्यहाँ पुगेपछि केटीसँग केही बोलिन, मकवुलसँग कुराकानी गरी म आफ्नो घरतर्फ लागें, प्रहरीमा मैले गरेको कागज व्यहोरा ठीक हो भन्ने समेत व्यहोराको वादी पक्षको साक्षी शनि देवल केवटले गरेको बकपत्र ।

**वादी पक्षको साक्षी रघुनाथ यादवले गरेको बकपत्र**

मिति २०६९।२।२१ मा प्रहरीमा गरेको कागज मैले गरी सहीछाप गरेको हो । मकवुलले शनि देवललाई बोलाएका थिए र मलाई शनि देवलले बोलाएकाले म पनि त्यहाँ गएको हुँ, म जाँदा एउटा केटी र मकवुललाई त्यहाँ देखेको हुँ, रातिको २, ३ बजेको थियो भन्ने समेत व्यहोराको वादी पक्षको साक्षी रघुनाथ यादवले गरेको बकपत्र ।

**वादी पक्षको साक्षी चित्रकुमार चौधरीले गरेको वकपत्र**

मिति २०६९।२।२२ गते प्रहरीमा गरेको कागज मैले गरेको हुँ । गाउँको बाहिर करिब ३ बजेको समयमा म, समेत भै त्यहाँ जाँदा मकवुल र अनिता थिए भन्ने समेत व्यहोराको वादी पक्षको साक्षी चित्रकुमार चौधरीले गरेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिबक्ता श्री खडकबहादुर खड्का र जाहेरबालाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री ध्रुवराज नन्द तथा प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री लीलाधर मरासिनीले गर्नुभएको बहस जिकिर समेत सुनियो ।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायिवधक्ता श्री खडगबहादुर खड्काले प्रतिवादीहरूले आरोपित कसुर गरेको भनी पीडितले अदालतमा बयान प्रमाणित गर्दा तथा अदालत समक्ष उपस्थित भई गरेको बकपत्र समेतमा किटान गरेको, जाहेरबाला तथा घटना विवरण कागज गर्ने व्यक्तिहरूले प्रतिवादीहरूले आरोपित कसुर गरेको भनी अदालतमा बकपत्र गरेकोबाट प्रतिवादीले कसुर गरेको पुष्टि भएको हुँदा अभियोग दाबी बमोजिम गरी पाऊँ भनी बहस गर्नुभयो । जाहेरबालाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री ध्रुवराज नन्दले मानव बेचबिखन जस्तो गम्भीर मुद्दामा आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीहरूमा पनि रहन्छ । पीडितको प्रमाणित बयान, अदालत समक्षको बकपत्र समेतबाट प्रतिवादीहरू कसुरदार हुन् भन्ने प्रमाणित भएकोले र सोको खण्डन प्रतिवादीबाट हुन नसकेको हँदा अभियोग दाबी बमोजिम गरी पाऊँ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो ।

प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री लीलाधर मसासिनीले प्रतिवादीमध्ये मकबुल आलम भाट तथा पीडितबीच प्रेम सम्बन्ध रहेको कारण निजहरू विवाह गर्ने उद्देश्यले भागी चितवन गएका हुन् । अभियोग दाबी झुट्ठा र राजनीतिक उद्देश्यले प्रेरित छ, प्रतिवादीहरू अनुसन्धान

अधिकारी तथा अदालत समक्ष कसुरमा इन्कार रहेको अवस्थामा प्रतिवादीहरूले अभियोग दाबी बमोजिम कसुर गरेको कुरा पुष्टि हुने आधार नहुँदा प्रतिवादीहरूले अभियोगबाट सफाइ पाउनुपर्छ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो ।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता, जाहेरवालाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता र प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिर सुनी एवं मिसिल समेत अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निम्न विषयमा न्यायिक निर्णय दिनुपर्ने देखियो ।

१. प्रतिवादीहरू मकबुल आलम भाट तथा जैफुल्ला आलमले आरोपित कसुर गरेको हो वा होइन ?
२. प्रतिवादीहरूले आरोपित कसुर गरेको भए निजहरूलाई कति सजाय हुनु पर्ने हो ?

सर्ब प्रथम न्यायिक निर्णय गर्नु पर्ने पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा प्रतिवादीहरूमकबुल आलम भाट तथा जयफुल्लाह हसनले पीडित नाबालिकालाई बेचबिखन तथा यौन शोषण गर्ने गराउने अभिप्रायले निजलाई घरबाट भगाई चितबन जिल्लाको पकौडी बजारमा लुकाई छिपाई राखेको अवस्थामा फेला पारी पक्रउ गरिएकोले प्रतिवादीहरूको सो कार्य मानब बेचबिखन तथा ओसार पसार ( नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) को खण्ड (क) र (ख) को कसुरमा सोही ऐनको दफा १५ (१)(ङ)(२) बमोजिम सजाय र ऐ दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने समेतको माग दाबी लिई वादी नेपाल सरकारको तर्फबाट अभियोगपत्र पेस हुन आएको देखियो । मिति २०६९।१।१९ गते खेतबाट भुसा लिई घरमा आउँदा घरमा छोरा मात्र रहेकोले दिदी खोइ भनी सोद्धा गाउँकै मकबुल आलम भाट र जयफुल्लाह हसन र नचिनेका ३ जना घरमा आई हामीसँग हिँड भनी फकाई फुलाई आफ्नो साथमा लिई जान खोज्दा दिदी नमानेकीले मुख छोपी हात खुट्टा समाई उठाई लिई गएका हुन् भनी छोराले बताएकोले खोजतलासको क्रममा चितबन जिल्लाको पकौडी बजारमा मकबुलले लुकाई बिक्री गर्ने उद्देश्यले आफ्नो कब्जामा राखेकोले प्रतिवादीहरूलाई मानब बेचबिखन तथा ओसार पसार ऐन, २०६४ बमोजिम कारबाही र सजाय गरी पाऊँ भन्ने पीडितका पिता रामचन्द्र यादवले किटानी  जाहेरी दिएको देखिन्छ । जिल्ला प्रहरी कार्यालय नवलपरासीको मिति २०६९।२।१ को संचार र जिल्ला प्रहरी कार्यालय चितवनको मिति २०६९।२।४ को पत्रबाट पीडित र प्रतिवादीमध्ये मकबुल आलम भाटलाई चितवनको पकौडी बजारबाट फेला पारी जिल्ला प्रहरी कार्यालय नवलपरासीलाई बुझाएको देखिन्छ ।

प्रतिवादी मकवुल आलम भाटले अनुसन्धान अधिकृत समक्ष पीडित आफूखुसी मेरो साथमा विवाह गर्ने उद्देश्यले भागी गएकी हुन्, निजको इच्छा विपरीत जबरजस्ती लिई गएको होइन भनी बयान गरेको छ भने निजले अदालत समक्ष पीडितसँग प्रेम सम्बन्ध रहेको र उनले विवाह गर्न दबाब दिएकोले र उनको आग्रह अनुसार चितवन लिएर गएको हुँ भनी पीडितलाई विवाह गर्ने उद्देश्यले चितवन लिएर गएको कुरामा सावित भई बयान गरेको देखियो । अर्का प्रतिवादी जयफुल्लाह हसन भने अनुसन्धान अधिकारी तथा अदालत समक्ष कसुरमा इन्कार रहेको पाइन्छ । पीडितले अदालत समक्ष प्रमाणित बयानमा मिति २०६९।१।१९ गते घरदेखि ३० मिटर पर रहेको ह्यान्ड पाइपमा पानी लिन जाँदा पानी भरिरहेको अवस्थामा हाम्रै गाउँ बस्ने जयफुल्लाह हसन र मकवुल आलम भाटले मलाई पछाडिबाट समाई मेरो मुखमा रुमालले बाँधिदिए र मलाई के कुरा सुँघाई बेहोस बनाई चितवनको पकौडी बजारमा लगेका र मकवुल आलमले फोनमा कुरा गर्ने क्रममा भारतको बम्बईमा बेच्दछु भनी कुरा गरेको सुनी मलाई बिक्री गर्नको लागि लगेको कुरा थाहा पाएको हुँ भनी उल्लेख गरेको पाइन्छ । त्यसैगरी हजुर आमाले पानी लिन जाऊ भनी पानी लिन जाँदा जयफुल्लाह हसनले बाहिर धारामा एउटा कुरा छ आऊ भनी बोलाएपछि मेरो हात समात्यो र दुवै जनाले समातेपछि मुख थुनी के सुँघाए थाहा भएन । होस खुल्दा म चितवनको पकौडी बजारको एउटा कोठामा आफू रहेको भेट्टाएँ । म अरू कसैलाई देख्दिन थिएँ

खालि मकवुल आलम भाटलाई मात्र देख्दथें । यी प्रतिवादी मकवुल आलम भाटसँग मेरो कुनै प्रेम सम्बन्ध थिएन । यिनीहरूले मलाई बेच्नको लागि लगेका हुन् भनी मौकाको प्रमाणित बयान अनुरूपकै बकपत्र अदालत समक्ष गरिदिएको छ । घटना विवरण कागजका मानिस रोहित यादवले बाहिर दिदी कराएको सुनी म घर बाहिर निस्की हेर्दा दिदीलाई मकवुल आलतम भाट र जयफुल्लाह हसनले समातेका थिए । दिदी आमा आमा भनी कराउनुभएको थियो । बुवा खेतमा जानुभएको थियो । ठूलो बुवालाई फेला पारी दिदीलाई लगेको कुरा बताएपछि घरमा आउँदा दिदीलाई भगाइसकेका थिए भनी अदालत समक्ष बकपत्र गरेको र घटना विवरण कागजका मानिस तेतरी यादवले समेत अनितालाई प्रतिवादीहरूले जबरजस्ती समाई लगेको नाति रोहितले बताएकोले थाहा पाएको भनी अदालत समक्ष बकपत्र गरिदिएको पाइन्छ भने प्रतिवादीहरूले पीडितलाई बिक्री गर्ने र यौन शोषण गर्ने उद्देश्यले जबरजस्ती लगेको भन्ने सुरु जाहेरीको समर्थन हुने गरी जाहेरवाला रामचन्द्र यादवले अदालत समक्ष बकपत्र गरिदिएको अवस्था देखिन्छ भने म मेरो घरमा खाना खाई बसेको अवस्थामा हल्ला सुनी त्यसतर्फ जाँदा रोहितले मेरो दिदीलाई मकवुल आलम भाट र जयफुल्लाह हसनले जबरजस्ती उठाएर लगे भनी रोहित कराइरहेको थियो । त्यहाँ गाउँका धेरै मानिसहरू थिए, म समेत अनितालाई खोज्न त्यहाँ गयौं, मकवुल र जयफुल्लाह दुवै जनाको घरमा जाँदा त्यहाँ ती दुवै जना थिएनन् भन्ने वस्तुस्थिति मुचुल्काका मानिस रामवचन यादवको अदालत समक्ष गरेको बकपत्र गरिदिएको पाइयो ।

मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ (२) मा पीडित (prosicutiex) को मौकाको बयान मद्दा हेर्ने अदालतबाट प्रमाणित गराइराख्ने गरी छुट्टै विशेष व्यवस्था गरिएको देखिन्छ । तदनुरुप अदालतबाट एकपटक कानुन बमोजिम प्रमाणित भइरहेको पीडितको बयान अन्य प्रमाणहरूबाट खण्डन नभएसम्म सो कसुर स्थापित गर्ने एउटा आधारभूत र अकाट्य प्रमाणको रूपमा ग्रहण हुन आउँछ । प्रस्तुत मद्दामा पीडित १३/१४ वर्षकी नाबालिका रहेकी छन् । प्रतिवादीहरूले आफूलाई बेचबिखन गर्ने उद्देश्यले पानी लिन घर नजिक रहेको ह्यान्ड पाइपमा गएको बेला जबरजस्ती मुख बन्द गरी के सुँघाई चितवनको पकौडी बजारमा पुऱ्याएको भनी अदालत समक्ष प्रमाणित भएको बयान तथा अदालत समक्ष उपस्थित भई गरेको बकपत्रमा समेत किटान गरिदिएको अवस्थामा पीडितको सो भनाइ वस्तुनिष्ठ र सबैभन्दा आधारभूत प्रमाण हो र पीडित नाबालिकाको सो बकपत्रलाई नजरअन्दाज गरेर प्रतिवादीहरूले सफाइ पाउने आधार बन्न सक्दैन । मानव बेचबिखन मुद्दामा पीडितले प्रतिवादी उपर झुठा उजुर गर्नुपर्ने मनासिब आधार र कारणको बिद्यमानता रहेको देखिँदैन भने पीडितले आफूमाथि भएको अपराधका सम्बन्धमा अदालत समक्ष व्यक्त गरेको भनाइलाई भरपर्दो प्रमाणमा रूपमा ग्रहण गर्न अदालत हिचकिचाउनुपर्ने अवस्था हुँदैन । मानब बेचबिखन, जबरजस्ती करणी लगायतका महिला विरुद्धका कसुरमा सो अपराधबाट प्रत्यक्ष पीडित नै सबैभन्दा भरपर्दो (reliable) र विश्वासिलो (truthful) साक्षी हो । प्रस्तुत मुद्दामा नाबालक पीडितले बिनाआधार र कारण यी प्रतिवादीहरूलाई दोषारोपण गरेको होला भनी अनुमान गर्न पनि सकिँदैन र पीडित नाबालिकाले यी प्रतिवादी उपर झुठा आरोप लगाउनुपर्ने मनासिब आधार र कारण समेत मिसिलबाट खुलेको देखिँदैन । प्रतिवादी मकबुल आलम भाटले पीडितसँग प्रेम सम्बन्ध रहेको र निजले मलाई विवाह गर्न आग्रह गरेकोले दुवैको मञ्जुरीले विवाह गर्नको लागि भागी चितवनको पकौडी गएको हो भनी अनुसन्धान अधिकृत तथा अदालत समक्ष बयान गरेको पाइन्छ भने प्रतिवादीतर्फका विद्वान् अधिवक्ताले समेत प्रतिवादी र पीडितबीच प्रेम सम्बन्ध रहेको कुरा निजहरूबीच भएको अर्बाी मभतबर्ष बाट पनि पुष्टि हुने भएकोले प्रतिवादीले आरोपित कसुर गरेको होइन भनी बहसको क्रममा जिकिर लिनुभएको छ । तर मौकाको अदालत समक्ष प्रमाणित बयान तथा अदालतमा पीडितले बकपत्र गर्दा प्रतिवादी मकबुल आलम भाटसँग कुनै किसिमको प्रेम सम्बन्ध रहेको कुरालाई पूरै इन्कार रहेकी छन् । मानव बेचबिखन र ओसार पसार सम्बन्धी कसुर गम्भीर प्रकारको फौजदारी अपराध हो । यो अपराधको

गम्भीरता तथा प्रकृति अनुसार अभियुक्त र पीडितबीच प्रेम सम्बन्ध हुनु, विवाह हुनु वा नजिकको नातेदार हुनु नै मात्र कसुरबाट उन्मुक्ति हुने आधार बन्न सक्दैन । भने प्रतिवादी र पीडितबीच धेरै पटक मोबाइलमा कुराकानी र सम्पर्क भएकै कारणले मात्र पनि प्रतिवादी र पीडितबीच प्रेम सम्बन्ध भएको अनुमान गरी प्रतिवादीले सफाइ पाउन सक्ने अवस्था नहुँदा प्रतिवादी र पीडितबीच प्रेम सम्बन्ध रहेको कारण निजहरू भागी चितवन गएका हुँदा प्रतिवादीले सफाइ पाउनुपर्छ भन्ने प्रतिवादीतर्फका विद्वान् अधिवक्ताको मुख्य बहस जिकिरसँग म सहमत हुन सकिन । प्रतिवादी मकवुल आलम भाटको अनुसन्धान अधिकारी तथा अदालत समक्षको बयान, घटना विवरण तथा वस्तुस्थिति मुचुल्काका मानिसको अदालत समक्षको बकपत्र र जाहेरवालाको अदालत समक्षको बकपत्र समेतबाट पीडितको अदालत समक्ष प्रमाणित भएको मौकाको बयान र अदालत समक्ष उपस्थित भई गरेको बकपत्र समर्थित (Corroborate) भइरहेको अवस्था छ । मानव बेचबिखनको कसुर निरपेक्ष दायित्वको कसुर भएकोले सो कसुर आफूले गरेको होइन भनी प्रमाणित गर्ने प्रमाणको भार यी प्रतिवादीहरूमा समेत रहनेमा निजहरूले आफ्नो निर्दोषिता प्रमाणित गर्ने वस्तुनिष्ठ र विश्वासयोग्य प्रमाण समेत पेस गर्न सकेको देखिएन । तसर्थ माथि विवेचना गरिएका आधार, कारण र प्रमाणबाट प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (ख) को कसुरमा ऐ.ऐनको दफा १५(१) (ङ)(२) बमोजिम पीडित नाबालिका देखिँदा जनही १० (दस) वर्ष कैद र १ (एक) लाख रुपैयाँ जरीवाना समेत हुने र ऐ.ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूलाई भएको जरिवानाको ५० प्रतिशतमा नघट्ने गरी क्षतिपूर्ति समेत प्रतिवादीहरूबाट पीडितले भरी पाउने समेत ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

प्रतिवादी मकवुल आलाम भाट र जयफुल्लाह हसन समेत के माथि इन्साफ खण्डमा लेखिए बमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (ख) को कसुरमा ऐ.ऐनको दफा १५(१) (ङ)(२) बमोजिम पीडित नाबालिका देखिँदा जनही १० (दस) वर्ष कैद र १(एक) लाख रुपैयाँ जरिवाना समेत हुने ठहरी फैसला भएकाले निज प्रतिवादीहरूलाई भएको उक्त कैद वर्ष १० को हकमा निज प्रतिवादीहरूमध्येका मकवुल आलाम भाट मिति २०६९।२।११ देखि र अर्का प्रतिवादी जयफुल्लाह हसन मिति २०६९।२।२५ देखि प्रहरी एवं हालसम्म न्यायिक हिरासतमा रहिरहेको देखिँदा निजहरूलाई भएको उक्त कैद वर्ष १० सोही थुनामा बसेको मिति देखि कट्टा हुने गरी लगत कसी असुल गर्नू, साथै निजहरूलाई भएको जनही जरिवाना एक लाख रुपैयाँको समेत लगत कसी कानुन बमोजिम गरी असुल उपर गर्नू...............१

पीडित अनिता यादवले प्रतिवादीहरू मकवुल आलम भाट र जयफुल्लाह हसन समेतबाट मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम प्रतिवादीहरूलाई भएको जरिवानाको ५० प्रतिशतमा नघट्ने गरी क्षतिपूर्ति समेत भरी पाउने ठहरी फैसला भएकाले प्रतिवादीहरूबाट फैसलाले भरी पाउने ठहरेको क्षतिपूर्ति भराई पाऊँ भनी प्रतिवादीहरूको यसै सरहदको जेथा देखाई दरखास्त दिन आए कानुन बमोजिम गरी प्रतिवादीहरूलाई भएको जरिवानाको ५० प्रतिशतमा नघट्ने गरी उक्त क्षतिपूर्तिको रकम पीडित अनिता यादवलाई प्रतिवादीहरूबाट जनही ५० प्रतिशतका दरले कानुन बमोजिम गरी भराइदिनू..........................................................................................................२

प्रतिवादी मकवुल आलाम भाट र जयफुल्लाह हसनलाई यस फैसलामा चित्त नवुझे श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्न जानू भनी ७० दिने पुनरावेदनको म्याद जारी गरी निजहरू थुनामा रहेको जिल्ला कारागार कार्यालय नवलपरासीमा गई बुझाइदिनू..............................................................................३

जिल्ला सरकारी वकिल कार्यालय नवलपरासीलाई प्रस्तुत मुद्दाको फैसलाको जानकारी दिनू.....................४

नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सराइदिनू.................................५

प्रस्तुत मुद्दाको दायरीको लगत काटी मिसिल पुनरावेदन परे पुनरावेदन अदालत बुटवलमा र पुनरावेदन नपरे नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू....................................................................६

माननीय जिल्ला न्यायाधीशज्यूले टिपाए बमोजिम
कम्प्युटर टाइप गर्ने ना.सु.श्यामप्रसाद अर्याल ।

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल पौष २३ गते रोज २ मा शुभम्..............................।**

# श्री सिन्धुली जिल्ला अदालत
## इजलास
## माननीय जिल्ला न्यायाधीश श्री हरिप्रसाद वगाले
## फैसला
## मद्दा नं. ०३५-२०६८ -००११२

## मुद्दा : मानव बेचबिखन तथा ओसारपसार
## नि.नं.९४

**वादीको नाम, थर, वतन**
जिल्ला सिन्धुली हत्पते गा.वि.स. वडा नं ८ बस्ने डिलुप्रसाद पहाडीको जाहेरीले नेपाल सरकार..........................

**ऐ.को सबुद प्रमाण :**
साक्षी :
कागज :

**प्रतिवादीको नाम, थर, वतन**
सिन्धुली जिल्ला लदाभिर गा.वि.स. वडा नं. ९ घर भई हाल वडा नं. १ मा बस्ने वर्ष २२ को भोजराज भन्ने वोधनाथ लुइँटेल..................................१
ऐ. हत्पते गा.वि.स. वडा नं. ८ बस्ने सत्यलाल पहाडीको छोरा वर्ष २६ को अर्जुन भन्ने लोकनाथ पहाडी .....................................................१

**ऐ.को सवुद प्रमाणः**
साक्षी :
कागज :

**अदालतबाट बुझेको**

| वादी पक्षको साक्षी | प्रतिवादी पक्षको साक्षी |
|---|---|
| सुनिता शर्मा | होमप्रसाद पहाडी |
| पीडित सपना चौलागाई | निरण अधिकारी |
| जाहेरवाला निरा पहाडी | राज कुमार मिश्र |

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं. २९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

मेरो श्रीमान् राजु वि.क. र म भारतको फैदरावाद जाने क्रममा २०६८।५।२० गते दिउँसो नारायणघाटबाट गाडी चढी नेपाल भारतको सिमानाका वेलहियामा आई रात्रि होटलमा बास बसी मिति २०६८।५।२१ गते बिहान भारत जान भनी वेलहियामा रोकी राखेको बस चढी उक्त बसको सिटमा बसेको अवस्थामा जिल्ला सिन्धुली कमलामाई न.पा. वडा नं.१२ वथानचौरी घर वतन भएकी अं. १५।१६ वर्षकी महिलालाई लिई आई यी मेरी बहिनी हुन्, यिनलाई नसा सम्बन्धी रोग छ, औषधि उपचार गर्न भारतको दिल्ली लैजान लागेको छु । बोर्डर सिमानामा प्रहरीले जान नदिने भएकोले अफ्नो साथमा राख्नुस् र कसैले साध्यो भने मेरो बहिनी हो भनी भनिदिनुस् भनी निजले मसँगै निज महिलालाई बस्न लगाएको हो । काठमाडौंमा पनि चेक भएको थियो । त्यहाँबाट बल्ल बल्ल यहाँसम्म ल्याएको छु । सो कुरा तपाईले बताइदिए मैले बहिनीको उपचार गर्न पाउँनेछु भनी बताए पश्चात् निज केही पर गएर बसे, निज मेरो साथमा राखेको महिलाको नाम सपना चौलागाई (परिवर्तित नाम) रहेको निजसँग सोधनी गर्दा निज केटाको नाम वोधनाथ लुइँटेल रहेको र निजले आफ्नो नाम रमेश बताउने गरेको र

निज वोधनाथ लुइँटेलको सहोदर बहिनी सपना चौलागाई हुन् होइनन्, मलाई थाहा भएन र वोधनाथ लुइँटेलले सपना चौलागाईलाई बहिनी भन्न डराएको थियो । सपनालाई कुनै रोग नभएको स्वस्थ्य देखेको थिएँ । निज वोधनाथ लुइँटेलले राम्रो नियतले सपना चौलागाई लाई भारतको दिल्ली लान लागेको जस्तो मलाई लागेन । सोही समयमा सीमा नाकामा खटिएका के.आई.नेपाल संस्थाका कर्मचारीहरू र प्रहरीले वोधनाथ र सपनालाई सोधपुछ गर्दा निजको सम्पूर्ण विवरण झुठा भएकोले आवश्यक अनुसन्धानको लागि ल्याएको थियो भन्ने समेत व्यहोराको सुष्मा वि.क. (थापा) ले मिति २०६८।५।२१ गरिदिएको कागज ।

जिल्ला सिन्धुली लदाभिर गा.वि.स. वडा नं. ९ निवासी वर्ष २२ को वोधनाथ लुइँटेल र ऐ.ऐ. क.न.पा. १२ बस्ने वर्ष १५ की सपना चौलागाई (परिवर्तित नाम) मिति २०६८।५।२१ गते जिल्ला रुपन्देही सि.न.पा. १ बेलहिया नाकाबाट नियन्त्रणमा लिई आवश्यक सोधपुछ गर्दा निज वोधनाथ लुइँटेलले भारततर्फ लैजान लागेको तथा पीडित सपना चौलागाईबाट खुल्न आएको हुँदा निज वोधनाथ लुइँटेल र पीडित बालिका तथा निज वोधनाथ लुइँटेलले पीडितलाई सीमा पार गराइदिन हुन अनुरोध गरिएकी जिल्ला तनहुँ दमौली बस्ने वर्ष २२ की सुष्मा वि.क.ले गरेको पाना ३ को कागज समेत पठाइएको भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय, रुपन्देहीको च.नं. ९२७ मिति २०६८।५।२४ को पत्र ।

किङ्गडम इन्भेस्टमेन्टस् नेपाल (के.आई. नेपाल) चेलीबेटी बेचबिखन विरुद्ध कार्यरत एक मुनाफारहित सामाजिक संस्था हो । यसले आफ्नो उद्देश्य अनुरूप नेपाल भारत सीमामा सीमा गस्ती कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसरी गस्ती गर्ने क्रममा जिल्ला सिन्धुली लदाभिर गा.वि.स. वडा नं. ९ बस्ने वर्ष २२ को वोधनाथ लुइँटेल र ऐ.ऐ. क.न.पा. १२ बस्ने वर्ष १५ कि सपना चौलागाईलाई मिति २०६८।५।२१ गते बिहान अं. ७ बजेको समयमा जिल्ला रुपन्देही सि.न.पा. १ वेलहिया सीमा नाकाबाट भारतको दिल्ली जाने बसमा यस संस्थाबाट खटिएका कर्मचारीले फेला पारि सोधपुछ गर्दा वोधनाथ लुइँटेलले ललाई फकाई विवाह गर्ने बहानामा झुक्याई भारततर्फ लैजान लागेका कुरा पीडित सपना चौलागाईबाट खुल्न आएकोले निज वोधनाथ लुइँटेल र पीडित बालिका समेतलाई आवश्यक छानबिनको लागि रुपन्देही प्रहरीमा बुझाएको थियो । निजहरू दुवैजना सिन्धुली जिल्लाबासी भएकोले कारबाहीको लागि थप सहयोग पुग्ने भएकोले जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा पठाएको छ । पीडितको बयान अनुसार वोधनाथ लुइँटेललाई कानुन बमोजिम आवश्यक छानबिन होस् भन्ने समेत व्यहोराको मिति २०६८।५।२५ को किङ्गडम इन्भेस्मेन्टस् नेपाल ( के.आई.) नेपालको पत्र ।

प्रतिवादीहरूमध्येका लोकनाथ पहाडी नवज्योति माध्यामिक विद्यालय हत्पतेमा पियनको काम गर्ने गरेको सोही स्कुलमा यसै पालिदेखि कक्षा ७ मा भर्ना भई अध्ययनरत रहेकी मेरी छोरी नाता पर्ने वर्ष १५ की सपना चौलागाई पढ्न गएकी अवस्थामा प्रतिवादी लोकनाथ पहाडीले ललाई फकाई निजको सालो नाता पर्ने अर्का प्रतिवादी वोधनाथ लुइँटेलसँग विवाह गर्ने बहानामा कुरा समेत गराई मिति २०६८।५।१९ गते दिउँसो २ बजेको समयमा निज छोरी सपना चौलागाई पढ्न गएकी बेला सालो प्रतिवादी वोधनाथ लुइँटेलसँग भेटघाट समेत गराई तिमीहरू दुवै जना काठमाडौं गई विवाह गर्ने भनी खोला समेत तारिदिई आफू फर्की आएको र प्रतिवादी वोधनाथ लुइँटेलले पीडित छोरीलाई काठमाडौंको स्वयम्भूमा गई विवाह गर्नेछु । मैले विवाह गरेको छैन भनी झुक्याई हामी घर परिवारको मानिसलाई कुनै प्रकारको जानकारी नदिई ललाई फकाई सिन्धुलीबाट काठमाडौं लगेकोमा निजहरू दुवै जनाले काठमाडौंमा विवाह नगरी भारतको दिल्लीमा विवाह गर्ने भनी काठमाडौंबाट दिल्लीतर्फ गइरहेको अवस्थामा सुनौली नाकामा के.आई. नेपालका कर्मचारीले फेला पारी सिन्धुली ल्याएकोमा निज छोरी पीडित सपना चौलागाईसँग बुझ्दा आफूले विवाह गरेको छैन, काठमाडौंमा गई विवाह गर्ने भनी प्रतिवादी वोधनाथले भनेकोमा काठमाडौंमा पुग्दा भारतको दिल्लीमा विवाह गर्ने भनी जवाफ दिए बोर्डर

सीमामा म बिरामी हो, हड्डी सम्बन्धी रोग छ, उपचारको लागि जान लागेको भन्नु भन्ने विभिन्न किसिमको वोधनाथले झुठो बोल्न लगाई निज प्रतिवादी वोधनाथ लुइँटेलले पीडित सपना चौलागाईलाई विवाह गर्ने बहानामा बेचबिखन गर्ने उद्देश्यले लैजान लागेको अवस्थामा के.आई. नेपाल संस्था मार्फत उद्धारित भई आएको भन्ने बताएकीले निज प्रतिवादीहरू लोकनाथ पहाडी र वोधनाथ लुइँटेल समेतले मेरो नाबालिका छोरी परिवर्तिन नाम सपना चौलागाईलाई विवाह गर्ने बहानामा बेचबिखन गर्ने उद्देश्यले ललाई फकाई झुक्याई भारतको दिल्ली लैजान लागेकोले निजहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ अनुसार कारबाही होस् भन्ने समेत व्यहोराको पीडितकी सानी आमा निरा पहाडीले दिएको जाहेरी बन्दी गरिएको सक्कलै खाम ।

म आफू ३ वर्षको हुँदाको अवस्थामा मेरो बुबाले कान्छी श्रीमती ल्याई बस्नभयो, आमा पोइला गइन् र मेरो पालन पोषण मेरी हजुर आमाबाट भएकोमा हजुर आमाको पनि मृत्यु भएपछि मलाई मेरी काकीले पालन पोषण गरी भीमानकै स्कुलमा कक्षा ६ सम्म पढाइदिएपछि मैले पढ्नको लागि आफ्नी सानी आमा नाता पर्ने जाहेरवाली निरा पहाडीको सहारा लिनुपर्ने भएकोले म यसै पालि २०६८ साल वैशाखदेखि आफ्नो सानी आमा जाहेरवाली निरा पहाडीको घरमा गई बसी सोही गाउँमै रहेका श्री नवज्योति मा.वि. गिचिहानी हत्पते ९ सिन्धुलीमा कक्षा ७ मा अध्ययनरत रहेकीमा सोही स्कुलमा पियन काम गर्ने प्रतिवादीहरूमध्येको लोकनाथ पहाडीसँग मेरो चिनाजान तथा बोलीचाली समेत भएको र सोही क्रममा मिति २०६८।५।१८ गते निजले बेलुका ४ बजे स्कुल छुट्टी भएपछि मलाई भेटी मेरो सालो वोधनाथ लुइँटेल छ, विवाह गरेको छैन धेरै राम्रो छ, भारतको दिल्लीमा होटलमा कुकको काम गर्छ, तिमीले विवाह गर्ने हो भने विवाह गर भनी आफ्नै मोबाइलबाट कुरा समेत गराइदिएपछि कुरा गर्दा मलाई पनि राम्रो लाग्यो र मेरो पनि आफ्नो सहारा कोही नभएकोले मैले विवाहको प्रस्ताव स्वीकार गरी मिति २०६८।५।१९ गते दुवै जना बीच भेटघाट गर्ने सहमति फोनबाट म र वोधनाथ लुइँटेलबीच भएको थियो । मिति २०६८।५।१९ गते स्कुल टिफिन भएपछि दिउँसो २ बजेतिर वोधनाथ लुइँटेल स्कुल अगाडिको बाटोमा उभिइरहेको छ भन्ने खबर निजकै भिनाजु प्रतिवादी लोकनाथ पहाडीले भनेपछि निज लोकनाथ पहाडीले मलाई भेट समेत गराई तिमीहरू दुवै जना आजै विवाह गर भन्दा मैले घरमा माग्न आउ भने तर वोधनाथ लुइँटेलले मानेनन् मलाई विवाहको लागि काठमाडौं जानुपर्छ भनी बाध्य समेत बनाएकोले म घरमा गई कपडा चेन्ज समेत गरी गएपछि प्रतिवादी लोकनाथ पहाडीले हामी दुवै जनालाई खोला तारी आफू फर्की आए, प्रतिवादी वोधनाथ लुइँटेलले मलाई काठमाडौंमा गई विवाह गर्ने भनी सिन्धुलीबाट काठमाडौं जाने गाडीमा चढाई काठमाडौं लगेकोमा मिति २०६८।५।२० गते काठमाडौंमा अं. ५.०० बजेतिर पुगेको थिएँ निजले मलाई स्वयम्भूमा तिमी बस, म विवाहको लागि सिन्दूर र पोते किनेर ल्याउँछु भनी गएकोमा वोधनाथ लुइँटेल एकैपटक १२।१ बजेतिर कोठा पाइएन भनी आयो र दिनभरि स्वयम्भूको पीपलको बोट रूखमा बसी रहें । फेरि मोबाइल चार्ज गरेर आउँछु भनी गएकोमा ३ बजेतिर भारतको दिल्ली जाने गाडीको टिकट लिई आयो । हामी भारतको दिल्ली गई विवाह गर्ने भनी बताएपछि मैले नाइँ भन्दा निजले टिकट लिइसकेको छु र तिमी जानैपर्छ भनी मलाई ललाई फकाई गरी काठमाडौंबाट दिल्ली जाने बसमा ६ बजे स्वयम्भूबाट बस चढी दिल्लीको लागि गएकोमा मिति २०६८।५।२१ गते बिहान अं. ७.०० बजेतिर नेपाल भारतको सीमा नाका सुनौली बोर्डरमा पुग्यौं । त्यहाँबाट भारत जाने सुष्मा वि.क. (थापा) नाम गरेकी दिदी पनि चढी मलाई निजसँग बसाई बोर्डर पार गर्न झुठो बोल्नुपर्छ भनी मलाई विभिन्न कुराहरू सिकाइदिएको र सोही समयमा के.आई. नेपालका दुई जना दिदीहरू आउनुभयो र मलाई देखी शंका लागी मैले पहिला वोधनाथ लुइँटेलले सिकाए बमोजिम बताएको थिएँ तर मेरो सबै कुरा गलत भएपछि मैले आफ्नो भएको यथार्थ विवरण बताएँ र वोधनाथ लुइँटेल समेतलाई देखाएपछि निजहरूले हामी दुवै जनालाई अनुसन्धानको लागि ल्याई अनुसन्धान गरी रुपन्देही प्रहरीमा बुझाएको र रुपन्देही मार्फत सिन्धुली प्रहरीमा आएको

हो । यसरी निज प्रतिवादी वोधनाथ लुइँटेलको बारेमा पछि बुझ्दा निजले आजभन्दा करिब ८।९ वर्ष पहिला नै विवाह गरेको र निजको घरमा श्रीमती छिन् र निजले मलाई आफू अविवाहित हुँ भनी विभिन्न प्रलोभन देखाई ललाई फकाई झुक्याई विवाह गर्ने बहानामा भारतको दिल्ली लगी बेचबिखन गरी वेश्यालयमा लगाउने उद्देश्यले लिई जान लागेकोले निज प्रतिवादीहरूलाई कानुन बमोजिम कडा कारबाही होस् भन्ने समेत व्यहोराको पीडित परिवर्तिन नाम सपना चौलागाईले गरेको बयान कागज सक्कल खामबन्दी रहेको ।

म श्री नवज्योति मा.वि. गिचिहानी हत्पते ९ मा अस्थायी कार्यालय सहयोगीको रूपमा काम गर्दै आएको छु, सोही स्कुलमा यसै पालि जाहेरवाली मेरा गाउँले छिमेकी निरा पहाडीको छोरी नाता पर्ने अं. वर्ष १५ नाम परिवर्तन गरेकी सपना चौलागाई कक्षा ७ मा भर्ना भई अध्ययनरत रहेकीमा निज सपना चौलागाईसँग मेरो चिनाजान भएको थियो । सोही क्रममा मैले आफ्नो सालो नाता पर्ने प्रतिवादी वोधनाथ लुइँटेलसँगको विवाहको लागि निज सपना चौलागाईलाई मिति २०६८।५।१८ गते बेलुका अं. ४ बजेको समयमा आफ्नै मोबाइल नं. ९८१५८७३४०५ बाट सालोको मोबाइल नं. ९८४२९६४१२७ मा कुरा गराई दिएकोमा दुवै जनाले कुरा गरी मिति २०६८।५।१९ गते दिउँसो विवाहको लागि काठमाडौं जाने सहमति समेत भएको र मिति २०६८।५।१९ गते मेरो सालो प्रतिवादी वोधनाथ लुइँटेल स्कुलमा आएपछि मैले निज सपना चौलागाईलाई भेट गराइदिएपछि दुवै जनाबीच काठमाडौं गई विवाह गर्ने सहमति भएपछि मैले काठमाडौं जान दुवै जनालाई खोला समेत तारी आफू फर्की आएको हुँ । दुवै जना विवाह गरी काठमाडौंमा एक हप्ता बसी फर्कने भनी गएकोमा काठमाडौंमा विवाह नगरी भारतको दिल्लीतर्फ निज सपना चौलागाईलाई लैजाँदै गरेको अवस्थामा के.आई. नेपाल मार्फत सुनौली बोर्डरमा पक्राउ परेको र निज सालो प्रतिवादी वोधनाथ लुइँटेलको पहिलो विवाह भएको भन्ने मलाई थाहा थिएन । पछि बुझ्दा मात्र थाहा पाएको हो । ८।९ वर्ष पहिलादेखि नै निज प्रतिवादी वोधनाथ लुइँटेलको विवाह भएको रहेछ । मैले पीडित सपना चौलागाईलाई विभिन्न प्रलोभन देखाई ललाई फकाई विवाहको बहानामा सालो प्रतिवादी वोधनाथको जिम्मा लगाई दिएको हो भन्ने समेत व्यहोराको प्रतिवादी अर्जुन भन्ने लोकनाथ पहाडीले अधिकार प्राप्त अनुसन्धान अधिकारी समक्ष गरिदिएको बयान ।

मेरो आजभन्दा करिब ८।९ वर्ष पहिला नै उदयपुर जिल्लाको ऋषिराज आचार्यको छोरी गीता आचार्यसँग जातीय परम्परा अनुसार मागी विवाह भएको र विवाह पश्चात् म भारतको दिल्लीमा गई होटलको कुकको काम गर्दै आएको थिएँ । घर आएको बेला मेरो भिनाजु नाता पर्ने प्रतिवादी लोकनाथ पहाडीलाई मैले विवाह गरेको बारेमा थाहा नभएकोले मेरो विवाहको लागि भिनाजु काम गर्ने स्कुलमै कक्षा ७ मा अध्ययन गरेकी जाहेरवालाको छोरी नाता पर्ने नाम परिवर्तन गरेकी वर्ष १५ की सपना चौलागाईसँग विवाहको कुरा गरी मिति २०६८।५।१८ गते आफ्नो मोबाइल नं. ९८१५८७३४०५ बाट मेरो मोबाइल नं. ९८४२९६४१२७ मा निज सपना चौलागाईसँग कुरा समेत गराइदिएकोमा हामीबीच पहिलो कुराकानी सोही दिन भएको थियो र मिति २०६८।५।१९ गते भेट्नलाई बोलाएपछि म दिउँसो १ बजेतिर नाम परिवर्तन गरेकी सपना चौलागाईलाई भेट्नको लागि निज पढ्ने गरेकी स्कुलमा गई मेरो भिनाजु नाता पर्ने प्रतिवादी लोकनाथ पहाडीलाई मैले भेट्दा निज भिनाजुले नै मलाई पीडित सपना चौलागाईसँग भेटघाट गराइदिएपछि हामी दुवै जनाबीच आजै काठमाडौं जाने र काठमाडौंको स्वयम्भूमा गई विवाह गरी एक हप्तापछि फर्कने सहमति भएको हुँदा भिनाजुले हामी दुवै जनालाई कमला खोला समेत तारी फर्की जानुभयो । हामी दुवै सिन्धुलीबाट काठमाडौं जाने बसमा चढी काठमाडौं गयौं र मिति २०६८।५।२० गते काठमाडौंमा पुगी सपना चौलागाईलाई स्वयम्भूको पीपलको रूखमुनि बस म कोठा खोजी आउँछु भनी गएकोमा कोठा नपाएकोले सो दिनभरि घुमी सपना बसिरहेकी ठाउँ स्वयम्भूमा बेलुका अं. ४ बजेतिर गई मैले निज सपनालाई भारतको दिल्ली जाने टिकट लिई आई दिल्ली जाने भन्दा निजले नाई भनिन् । मैले टिकट फिर्ता हुँदैन जानैपर्छ भनी ललाई फकाई गरी काठमाडौंबाट

दुवैजना दिल्ली जाने बसमा चढी दिल्ली जाने क्रममा भारतको नाका सुनौली बोर्डरमा पुगेपछि के.आई. नेपाल संस्थाका कर्मचारीहरूले बसमा हामीलाई फेला पारी सोधपुछ गर्ने क्रममा शंका लागी सपना चौलागाईलाई सोधपुछ गर्दा पहिला मैले सिकाए अनुसार निजले झुठो बोलेकोमा पछि छानबिन गर्दै जाने क्रममा सपनाले यथार्थ विवरण बताएकीले मैले पीडितलाई विवाह गर्नको लागि नभई बेच्नको लागि भारतको दिल्ली लान लागेको अवस्थामा शंका गरी अनुसन्धानको लागि रुपन्देही मार्फत सिन्धुली पठाएको हो । मैले पीडित सपनालाई विवाह गर्ने बहानामा ललाई फकाई गरी भारतको दिल्ली लगेको हो भन्ने समेत व्यहोराको प्रतिवादी भोजराज भन्ने वोधनाथ लुइँटेलले अधिकारप्राप्त अनुसन्धान अधिकारी समक्ष गरेको बयान कागज ।

सिन्धुली जिल्ला हत्पते गा.सि. वडा नं. ८ स्थित रहेको श्री नवज्योति मा.वि. गिचिहानी हत्पतेको स्कुलमा कक्षा ७ मा अध्ययनरत वर्ष १५ की नाम परिवर्तन गरेकी सपना चौलागाईलाई प्रतिवादीहरू वोधनाथ लुइँटेल र लोकनाथ पहाडी समेतको मिलोपतोमा ललाई फकाई गरी सिन्धुलीबाट काठमाडौ हुँदै भारतको दिल्लीतर्फ लगिएको बुझिएको भन्ने समेत व्यहाराको घटनास्थल मुचुल्का ।

मिति २०६८।५।१९ गते जाहेरवालीको छोरी नाता पर्ने पीडित नाबालिका वर्ष १५ की नाम परिवर्तन गरेकी सपना चौलागाईलाई प्रतिवादीहरूमध्येका लोकनाथ पहाडीले विभिन्न किसिमको प्रलोभन देखाई विवाह गर्ने बहानामा अर्का प्रतिवादी भोजराज भन्ने वोधनाथ लुइँटेलसँग भेटघाट समेत गराइदिएपछि वोधनाथ लुइँटेलले विवाह गर्ने भनी काठमाडौं लगी काठमाडौंबाट बसमा चढाई भारतको दिल्ली लिई जाने क्रममा सुनौली नाकामा पुग्दा के.आई.नेपाल संस्थाका कर्मचारीहरूले सोधपुछ गर्ने क्रममा फेला पारी आवश्यक अनुसन्धानको लागि जि.प्र.का. रुपन्देही मार्फत सिन्धुली पठाएको सुनी थाहा पाएको र सो सम्बन्धमा बुझ्दा प्रतिवादी वोधनाथ लुइँटेलको पहिला नै विवाह भइसकेको र निजले विवाह गर्ने बहानामा जाहेरवालीको नाबालिका छोरी नाता पर्ने पीडित सपना चौलागाइलाई निजका अविभावकलाई कुनै जानकारी समेत नगराई ललाई फकाई भारतको दिल्लीतर्फ बेचबिखन गर्ने उद्देश्यले लगेको भन्ने समेत व्यहोराको अनुन्धानको क्रममा बुझिएका सुदिप अधिकारी, बुद्धिमाया चौलागाई, टंकप्रसाद घिमिरे, शिव कार्की र सन्तोष पहाडी समेतले गरी दिएको घटना विवरण कागज ।

मिति २०६८।५।१९ गते अं. २.०० बजेतिर जिल्ला सिन्धुली हत्पते गा.वि.स. वडा नं. ८ स्थित नवज्योति मा.वि. गिच्यानीमा कक्षा ७ मा अध्ययन गर्ने पीडित वर्ष १५ की सपना चौलागाईलाई उक्त स्कुलमा काम गर्ने प्रतिवादी लोकनाथ पहाडीले ललाई फकाई प्रतिवादी वोधनाथ लुइँटेलसँग चिनाजान गराई काठमाडौंतर्फ पठाएका र काठमाडौंबाट प्रतिवादी वोधनाथ लुइँटेलले झुक्याई विवाह गर्ने बहाना बनाई लिई जाने क्रममा बसमा चढाई दिल्लीतर्फ लैजाने क्रममा भैरहवाको सुनौली बोर्डरसम्म पुऱ्याएकोमा के.आई. नेपाल र प्रहरीद्वारा उद्धार गरी ल्याएको हुँदा प्रतिवादी वोधनाथ लुइँटेलले पीडित वर्ष १५ की सपना चौलागाईलाई विभिन्न लोभ लालच र विवाह गर्ने झुट्टा आश्वासन दिई बेचबिखन गर्ने उद्देश्यले भारत दिल्लीतर्फ लैजान लागेको देखिएकोले निज प्रतिवादीहरूको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४(२) देहाय (क) र ख) को कसुर अपराधमा प्रतिवादी भोजराज भन्ने वोधनाथ लुइँटललाई सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम सजाय हुन र अर्का प्रतिवादी अर्जुन भन्ने लोकनाथ पहाडीले पीडित सपना चौलागाईलाई ललाई फकाई प्रतिवादी बोदनाथ लुइँटेलसँग चिनाजान भेटघाट गराई मानव बेचबिखन तथा ओसारपसारको कसुर गर्न दुरुत्साहन गरी मतियारको कसुर अपराध गरेको देखिएकोले निज प्रतिवादीको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (ज) को कसुर अपराधमा निज प्रतिवादी अर्जुन भन्ने लोकनाथ पहाडीलाई सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम हुने सजायमा सोही ऐनको दफा १५(१)(ज) बमोजिम सजाय हुन साथै सोही ऐनको दफा १७ बमोजिम

प्रतिवादीहरूबाट पीडितलाई मनासिव माफिकको क्षतिपूर्ति समेत दिलाई भराइदिन हुन् भन्ने समेतको माग दाबी लिई प्रस्तुत भएको अभियोगपत्र ।

परिवर्तित नाम सपना चौलागाईं र म रुपन्देही जिल्ला अन्तर्गत नेपाल भारत सिमानामा माइती नेपालले सुराक पत्ता लगाई के.आई. नेपाल मार्फत प्रहरीद्वारा पक्राउ परेका हौं । मैले सपनालाई विवाह गर्ने उद्देश्यले आफू नोकरी गरी बसेको स्थान भारत दिल्लीतर्फ जान लागेको थिएँ । मैले काठमाडौं स्वयम्भूमा निज सपनासँग विवाह गर्न भनी सिन्दूर पोते समेत किनेको थिएँ । सपना मिन्स भएको हुँदा निजलेनै अहिले विवाह नगरौं, दिल्ली पुगेपछि अहिले उतै विवाह गरौंला भनेकी हुँदा निजकै आग्रहमा नेपालमा विवाह गर्न अनुकूलता नमिलेको हो । पीडित सपना चौलागाई र मबीच धेरै लामो कुरा हुन नसकेको हो र लामो अवधिदेखि भेटघाट समेत नभएकोले मप्रति विश्वास नगरी झुक्याई भारत बिक्री गर्न लगेको भनी पोल गरी कागज गरेको हुनुपर्छ । मेरो ८ वर्ष पहिला गीता आचार्यसँग विवाह भएकोमा हामीबीचको सम्बन्ध राम्रो छैन । मैले अभियोग दाबी अनुसार कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी वोधनाथ लुइँटेलले यस अदालतमा गरेको बयान ।

मिति २०६८।५।१८ गते आइतबारका दिन अपरान्ह मैले स्कुल बन्द गर्ने क्रममा स्कुलको कम्पाउन्डमा निज सपना र अर्की रोचिना पहाडी गफ गरिरहेका थिए । सपना त्यति बेला रोइरहेकी थिइन् । मैले किन रोएको भन्दा एउटा केटोसँग मेरो प्रेम सम्बन्ध थियो । त्यसले मलाई धोका दियो । यो कुरा घरमा थाहा पाए भने मलाई नराम्रो गर्छन् । अब म के गरुँ दाइ भनी रुँदै सबै कुरा मलाई सुनाइन् । मैले निज सपनालाई तिमी पीर नमान विवाह गर्ने भए मेरो एउटा भाइ केटो छ भनेपछि निज सपनाले मेरो भाइ केटाको मोबाइल नम्वर मागिन् र मैले मोबाइल नं. दिएँ । भोलिपल्ट बिहान ७ बजेतिर वोधनाथ लुइँटेल मेरो घरमा आएका थिए । निजसँग खासै त्यस्तो कुराकानी भएन । दिउँसो टिफिन टाइम पश्चात् निज भाइलाई मैले कमला खोला तारेको हुँ । खोला तर्दा वोधनाथ एक्लै थिए । खोलापारि सपना लगायत ३ जना केटीहरू बगरै बगर हिँडिरहेका थिए । वोधराज र सपनाले हामी अब काठमाडौं जान्छौं र त्यहीं विवाह गर्छौं भनी मलाई भनेका थिए । मिति ०६८।५।२० गते बिहान ९ बजेतिर हामी काठमाडौं पुग्यौं भनी निजहरूले मलाई फोन गरेका थिए । तत्पश्तात् मलाई केही जानकारी गराएनन् । निजहरूबीच विवाह भयो भएन, मलाई थाहा भएन । मैले विवाहको लागि चाँजोपाँजो मिलाइदिएको मात्र हो । अन्य कार्यमा मेरो संलग्नता छैन भन्ने समेत व्यहोराको प्रतिवादी अर्जुन भन्ने लोकनाथ पहाडीले यस अदालतमा गरेको बयान ।

मिति २०६८।५।२० गते बिहान ७ बजेको समयमा रुपन्देहीको सुनौली बोर्डरमा दिल्ली जान लागेको गाडीमा चेकजाँच गर्दा वर्ष १५ की सपना चौलागाईलाई मैले उद्धार गरेको हुँ । उक्त समयमा वोधनाथ लुइँटेल पीडितको साथमा थिए । वोधनाथ लुइटेलले मेरो सबै परिवारहरू दिल्लीमा छन्, सपनालाई उपचार गर्न लैजाँदै छु भने पनि निजलाई वाहिर राखी पीडितलाई भित्र राखेर सोध्दाखेरी प्रतिवादी वोधनाथ लुइँटेल मेरो कुनै पनि नाता पर्दैनन् भनिन् । पीडित डराएकी पनि थिइन् । काठमाण्डौ गएर विवाह गर्ने त्यसपछि घर फर्केर आउने भने पनि मलाई दिल्ली लिएर जान लागेको भन्दै डराएर पीडित रुन लागिन् । प्रतिवादी वोधनाथ लुइँटेलले पीडित सपना चौलागाईलाई बेचबिखन गर्नको लागि भारत लैजान लागेको हो भन्ने समेत व्यहोराको वादी पक्षका साक्षी के.आई. नेपालको वोर्डर इन्चार्ज सुनिता शर्माले यस अदालतमा बकेको बकपत्र ।

म जाहेरवाली सानीआमाको संरक्षकत्वमा बसी अध्ययन गरिरहेको र मेरो आमासँग मनमुटाव हुँदा कहिलेकाहीँ म घर नगई खेतबारीतिरै बस्ने गर्थें । यस्तैमा एक दिन अर्जुन भन्ने लोकनाथ पहाडीले मलाई एकान्तमा भेटी तिमी किन यस्तो दु:ख गरी बस्छौ, मेरो सालो वोधनाथ लुइँटेल सिन्धुलीमा राम्रो काम गर्छ, कमाइ राम्रो छ, उसको आजसम्म विवाह भएको छैन, तिमीले ऊसँग विवाह गर्‍यौ भने सुख

पाउँछौ भनी मलाई ललाई फकाई गरी ०६८।५।१८ गतेका दिन दिउँसो प्रतिवादी लोकनाथले आफ्नो सालो वोधनाथ लुइँटेलसँग मलाई मोबाइलमा कुराकानी गराएका हुन् । भोलिपल्ट ०६८।५।१९ गते दिउँसो प्रतिवादी वोधनाथ लुइँटेल आफ्नो भिनाजु लोकनाथको घरमा आइपुगेछन्, मलाई पनि त्यही बोलाए र भने काठमाडौंमा गई विवाह गर्ने काठमाडौंमा मेरा दाजु भाउजूहरू छन्, त्यहीँ विवाह गरेर दुई चार दिनपछि सिन्धुली आउनुपर्छ भनी प्रतिवादी वोधनाथले मलाई भनेका र प्रतिवादी लोकनाथ पहाडीले सोही दिन दुधौलीबाट काठमाडौं जाने रात्रिबसमा चढाउन भनी कमला खोलासम्म आई खोला तारी फर्की गएका हुन् त्यसपछि ०६८।५।२० गते बिहान काठमाडौंको स्वयंम्भू भन्ने स्थानमा पुऱ्याई कहिले कोठा खोजेर आउँछु, कहिले सिन्दूर लिएर आउँछु, कहिले मोबाइल चार्ज गरेर आउँछु भनी वोधनाथ पटकपटक हराई बेलुका ४ बजेतिर दिल्ली जाने बसको टिकट लिएर आएछन् । मैले दिल्ली जान्न भनेको थिएँ । टिकट ल्याइसकेँ, फिर्ता हुँदैन भनी वोधनाथले जिद्दी गरेकाले बस चढी दिल्ली जाने क्रममा कुनै ठाउँमा माइती नेपालका कर्मचारीले चेक जाँच गर्दा निज प्र. वोधनाथले मेरी बहिनी हुन् नसा सम्बन्धी बिरामी भएकाले उपचार गराउन भारततर्फ लिएर जान लागेको भनेकाले अरू केही नसोधी त्यहाँबाट जान दिएको र भोलिपल्ट बिहान सुनैली बोर्डर नेर पुग्दा एक जना सुष्मा वि.क.नाम गरेकी दिदी भेटिइन्, निजलाई प्र. वोधनाथ लुइँटेलले बोर्डरमा मेरी बहिनी हुन् भनिदिनुहोला भनी अऱ्हाए बमोजिम सुष्मा वि.क. ले पहिला मेरो बहिनी हुन् भनी बताए पनि पछि होइन भनिन् । मलाई साथमा अरू को छन् भनी सोध्दा मैले प्र. वोधनाथलाई देखाइदिएँ , निज गाडीको पछि पछि लुक्दै हिँडेका थिए । चेक जाँच गर्ने दिदीहरूले मेरो भाउजू भवानीलाई सुनौलीबाटै फोन सम्पर्क गर्दा भाउजूले मलाई नन्द हुन्, निजलाई जान नदिनु भनी फोनबाटै भनेकीले के.आई. नेपालका दिदीहरूले भारत दिल्लीतर्फ जान नदिई प्रहरीको जिम्मा लगाइदिएका हुन्, मलाई लोभ लालच देखाई प्रलोभनमा पारी विवाह गर्ने बहाना बनाई बेचबिखन गर्ने उद्देश्यले भारत दिल्लीतर्फ लान लागेको हुँदा निज प्रतिवादीहरूलाई प्रचलित कानुन बमोजिम सजाय हुनुपर्छ भन्ने समेत व्यहोराको पीडित सपना चौलागाईले यस अदालतमा बकेको बकपत्र ।

मिति २०६८।५।१९ गते दिउँसो पीडित सपना चौलागाई स्कुलबाट हराएकी छन् भनी खोज्दै बुझ्दै जाँदा गिचिहानी स्कुलका का.स. लोकनाथ पहाडीले पीडितलाई काठमाडौं जानको लागि गाडी चढ्ने ठाउँमा पुऱ्याएका रहेछन् । पछि म अर्जुन भन्ने लोकनाथ पहाडीको घरमा गई, मेरो छोरी हराई तपाईंले नै गाडी चढाउनुभएको हो भनी सोध्दा मलाई थाहा छैन भनेका हुन् । मैले मेरो छोरी हराएकी छन्, खोजी गरी पाऊँ भनी प्रहरीमा निवेदन पनि दिएको थिएँ । पछि के.आई नेपल भन्ने संस्थामा मेरो छोरी सुरक्षित छन् भन्ने थाहा पाएँ । प्रतिवादी वोधनाथ लुइँटेल समेतले मेरो छोरी पीडित सपना चौलागाईलाई बेचबिखन गर्नको लागि सुनौली बोर्डर हुँदै बेचबिखन गर्न लागेको हुँदा प्रतिवादीहरू दुवै जनालाई मानव बेचबिखत तथा ओसार पसार ऐन बमोजिम सजाय हुनुपर्दछ भन्ने समेत व्यहोराको जाहेरवाली निरा पहाडीले यस अदालतमा बकेको बकपत्र ।

प्रतिवादी लोकनाथ पहाडीले आफ्नो सालो वोधनाथसँग पीडित सपना चौलागाईको विवाह गराइदिने भनी पीडितसँग सम्पर्क गराइदिई सिन्धुली हत्पतेको गिचिहानीबाट काठमाडौंको बस चढाइदिएको हो । तत्काल पीडितको मिन्स (रजश्वला) भएको कारण मन्दिरमा गई विवाह गर्न समेत नमिल्ने भएको हुँदा प्र.वोधनाथ र निजको दाजु समेत भारतको दिल्लीमा नोकरी गर्ने भएकोले उतै गई विवाह गर्ने सल्लाह गरी घरजम गर्नको लागि र विवाह गरी उतै भारतको दिल्लीमा नोकरी गरी बस्न भनी काठमाडौंबाट बसमा चढी भारततर्फ गएका हुन् । के कुन मितिमा हत्पतेबाट हिँडे मलाई थाहा छैन । प्रतिवादीहरूले बिक्री गर्ने उद्देश्यले भारततर्फ नलगी साँच्चिकै विवाह गर्न लगेको हो, घटना विवरण कागजमा सुनेको कुरा लेखाइदिएको हुँ । हाल बुझ्दा बिक्री गर्न नभई घरजमकै लागि विवाह

गरी लगेका रहेछन् । निर्दोष व्यक्तिलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने शिव कार्कीले यस अदालतमा बकेको बकपत्र ।

प्रतिवादी लोकनाथ पहाडीले आफ्नो सालो प्रतिवादी वोधराजलाई पीडित भनिएकी सपना चौलागाईसँग विवाह गर्न सम्पर्क गराइदिई मिति २०६८।५।१८ गते फोन सम्पर्क गरी ऐ. १९ गतेका दिन काठमाडौंतर्फ पठाइदिएको हो । काठमाडौंमा विवाह नगरी निज प्र.वोधनाथ भारतको दिल्लीमा काम गरी बस्ने भएकाले उतै गई विवाह गर्न भनी भारतको दिल्ली गएको हुनुपर्छ । प्रतिवादीले पीडितलाई भारतमा बिक्री गर्ने उद्देश्यले लगेको नभई जीवनसाथी बनाई घरजम गर्नको लागि प्र. वोधनाथले पीडित सपनालाई सिन्धुली हत्पतेबाट काठमाडौं हुँदै भारत दिल्लीतर्फ जाने क्रममा सुनौलीसम्म पुगेका हुन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने टंकप्रसाद घिमिरेले बकेको बकपत्र ।

मिति २०६८।५।१९ गते पीडित सपना चौलागाईलाई प्रतिवादीहरू वोधनाथ र लोकनाथ पहाडी समेतले विवाह गर्ने उद्देश्यले लिएर हिँडेका थिए । सिन्धुलीबाट काठमाडौं हुँदै सुनौली नाकासम्म पुऱ्याएकोमा के.आई. नेपाल नामक संस्थाले पीडितलाई भारत जान नदिई उद्धार गरी ल्याएको हो । प्रतिवादीहरू दुवै जनाले आरोपित कसुर नगरेका हुँदा निजहरूले अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने सन्तोष पहाडीले बकेको बकपत्र ।

प्रतिवादी लोकनाथ पहाडी मैले पढाउने विद्यालयको पिउन कर्मचारी भएको हुनाले मैले निजलाई एकान्तमा बोलाई घटनाको सम्बन्धमा सोध्दा पीडित सपना र निजका सालाबीच कुराकानी भई एकआपसमा मन परापर भई काठमाडौंमा गई विवाह गर्ने सल्लाह भै सोही दिन रात्रिसेवा बसमा काठमाडौं जाने भनी केटीले नै कर गरेकाले दुवै जना बस चढी काठमाडौंतर्फ गएका हुन् भन्ने कुरा मिति २०६८।५।२१ गतेका दिन मैले निज प्रतिवादी लोकनाथबाटै थाहा पाएको हुँ । प्रस्तुत मुद्दाकी पीडित सपना चौलागाई सानैमा आमाले छोडी बाबुले सौता हाली सानी आमा निरा पहाडीले पालन पोषण गर्ने बहानामा आफ्नो घरमा लगी श्रम शोषण गर्ने गरेको हुँदा वास्तवमा पीडित रोइरहेकी थिइन् । प्रतिवादी लोकनाथले पीडित सपना र वोधनाथबीच सही सत्य रूपमा विवाह नै गराउने उद्देश्यबाट सम्पर्क गराइदिएको हो । भारतको दिल्लीमा लगी विवाह गर्ने बहाना गराएको होइन । विवाह गराइदिने प्रक्रियामा केही त्रुटि देखिन्छ । तर प्रतिवादी लोकनाथले पीडितलाई ललाई फकाई भारतमा लगी बिक्री गर्ने उद्देश्यले विवाह गराइदिएको समेत होइन । प्रतिवादी निर्दोष भएकाले अभियोग दाबी बमोजिम निजलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी लोकनाथ पहाडीका साक्षी होमप्रसाद पहाडीले बकेको बकपत्र ।

प्रतिवादी लोकनाथ पहाडी मेरो छिमेकी समेत हुन् । अर्का प्रतिवादी वोधनाथ लुइँटेल लोकनाथको सालो हुन् । वोधनाथले पहिला विवाह गरेको केटी सुस्तमनस्थितिको भएकीले निजलाई छोडिसकेको हुँदा अर्को विवाह गर्न भिनाजुलाई समेत केटी खोज्न भनेका रहेछन् । पीडित सपना चौलागाईको अवस्था पनि नाजुक र सानैमा आमाले छोडेको, बाबुले सौतेनी आमा ल्याई हेला गर्ने गरेको र सानी आमा निरा पहाडीले पढाइ लेखाइ दिने बहानामा घरमा लगी काम लगाउने गरेको समेत कारणबाट अति दुःख पाएको अवस्था थियो । सालोले विवाह गर्ने कुरा गरेकाले पीडित र प्रतिवादी वोधनाथलाई सम्पर्क गराउँदा एकआपसमा मन पराएर नै विवाह गर्ने भई काठमाडौंतर्फ पीडित राजीखुसीले गएकी हुन् । विवाह गर्ने प्रक्रियामा केही त्रुटि भएको हो । प्र. लोकनाथले यी पीडित सपनालाई बिक्री गर्ने उद्देश्यले ललाई फकाई प्रलोभनमा पारी आफ्नो सालो वोधनाथसँग विवाहको वहाना गराएको नभई वास्तविक रूपमा विवाह गराएको हो । प्रतिवादी लोकनाथ निर्दोष हुन् निजलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहाराको प्रतिवादी लोकनाथ पहाडीको साक्षी काजी शर्मा फूयालले बकेको बकपत्र ।

प्रतिवादी लोकनाथले विवाह बिक्री गर्ने उद्देश्यले नभई विवाह गर्ने उद्देश्यले काम गरेका हुन् । लोकनाथको चालचलन राम्रो छ । पीडित आफ्नो सानीआमाको घरमा बसेकी थिइन् । उनले छोरीलाई राम्रो व्यवहार गर्दैन थिइन् । सानीआमाको घरमा राम्रोसँग खान लाउन नपाएको बेला घर छिमेकीहरू कहाँ बस्दै आइरहेकी थिइन् । पीडितलाई प्रतिवादी वोधनाथले बिक्री गर्न लगेको नहुँदा निजलाई आरोपित कसुरमा सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी लोकनाथ पहाडीको साक्षी निरण अधिकारीले बकेको बकपत्र ।

प्रतिवादी वोधनाथले पीडितलाई बिक्री गर्न लगेको होइन । विवाह गर्ने उद्देश्यले काठमाडौं, सुनौली हुँदै दिल्ली जान लागेका हुन् । दिल्लीमा प्रतिवादी वोधनाथ लुइँटेल ५।७ वर्षदेखि काग गर्दै आएका थिए । निज पहिलादेखि नै राम्रो चालचलन भएका व्यक्ति हुन् । प्रतिवादी वोधनाथले ८ वर्ष अगाडि आफूभन्दा ७८ वर्ष जेठी केटीसँग विवाह भएको थियो । सो केटी सुस्तमनस्थिती भएकी हुँदा निजले अर्को विवाह गर्ने मनस्थिति राखेका थिए । पीडितलाई विवाह गर्ने उद्देश्यले नै लगेको हुँदा निजहरूले मानव बेचबिखन तथा ओसारपसार गरेको जस्तो लाग्दैन भन्ने समेत व्यहोराको प्रतिवादी वोधनाथ लुइँटेलको साक्षी डोटीप्रसाद गौतमले बकेको बकपत्र ।

प्रतिवादी वोधनाथले पीडितलाई बिक्री गर्ने उद्देश्यले भारततर्फ लगेको होइन । विवाह गर्ने उद्देश्यले काठमाडौं हुँदै सुनौलीसम्म लगेको हो । निजहरूले पीडितलाई ओसारपसार गरेको हो होइन मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी वोधनाथ लुइँटेलका साक्षी रोहित मिश्रले बकेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री कृष्णप्रसाद पुडासैनीले र प्रतिवादीको तर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री प्रेमचन्द्र दहालले गर्नुभएको बहस समेत सुनी मिसिल कागज अध्ययन गरी अभियोग माग दाबीतर्फ हेर्दा प्रतिवादीमध्येका लोकनाथ पहाडीले जाहेरवालीको दिदीको छोरी कक्षा ७ मा पढ्ने वर्ष १५ की सपना चौलागाई (परिवर्तित नाम) लाई ललाई फकाई सह-प्रतिवादी वोधनाथ लुइँटेलसँग चिनाजान गराई निजसँग विवाह गर्ने वहाना बनाई फुक्याई काठमाडौं पठाएका र त्यहाँबाट बेचबिखन गर्ने उद्देश्यले सह-प्रतिवादी वोधनाथ लुइँटेलले भारत दिल्लीतर्फ लैजाने क्रममा भैरहवाको सुनौली बोर्डरसम्म पुऱ्याएको अवस्थामा सुनौलीमा के.आई.नेपाल र प्रहरीद्वारा निज पीडितको उद्धार गरिएको पुष्टि हुन आएकाले निज प्रतिवादीहरूमध्ये वोधनाथ लुइँटेलले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२) को देहाय (क) (ख) को कसुर अपराध गरेकाले निजलाई सोही ऐनको दफा १५(१) (ङ)(१) नं. बमोजिम सजाय हुन र अर्का प्रतिवादी अर्जुन भन्ने लोकनाथ पहाडीले पीडितलाई ललाई फकाई सह-प्रतिवादी वोधनाथ लुइँटेलसँग भेट गराइदिई मानव बेचबिखन तथा ओसारपसारको कसुर गर्न दुरुत्साहन गरी मतियारको कसुर अपराध गरेका हुँदा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) को कसुर अपराधमा सोही ऐनको दफा १५(१)(ज) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पीडितलाई प्रतिवादीहरूबाट क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने अभियोग माग दाबी देखिन्छ ।

अब यी प्रतिवादीहरूले आरोपित कसुर गरेका हुन् होइनन् भन्ने विषयमा मिसिल संलग्न सबुद प्रमाणहरूको अध्ययन गरी निणयार्थ विचार गर्दा प्रतिवादीमध्येका वोधनाथ लुइँटेलले यस अदालतमा गरेको बयानमा सह-प्रतिवादी भिनाजु नाताका लोकनाथ पहाडीले पीडितलाई ललाई फकाई मसँग

विवाह गर्ने परिपञ्च मिलाई मिति २०६८।५।१९ गते भेट गराई चिनाजान गराइदिएको र निज समेत कमला खोलासम्म साथमा आई पीडित सपना चौलागाईलाई मेरो जिम्मा लगाइदिएका हुन् । निज पीडितले सोही खोलामा विवाह गरौं भनी भनेकीमा मैले विवाह गर्ने सामग्रीहरू ल्याएको छैन । काठमाडौं गई विवाह गरौंला भनी निज पीडितलाई काठमाडौं स्वयम्भूमा लगेको हुँ । म भारत दिल्लीमा काम गर्ने हुँदा दिल्लीमा नै लगी विवाह गरौं भन्ने मनसायले पीडितलाई ललाई फकाई भैरहवा हुँदै भारतको सुनौली नाकासम्म पुऱ्याएको हुँ । दिल्ली जाने बसमा बसेकी यात्रु सुष्मा वि.क.लाई यी मेरी बैनी हुन् भनी तपाईले भनी दिनुहोस् भनी भनेको हुँ । यी बहिनीलाई दिल्लीमा नसा तथा हड्डी सम्बन्धी रोगको उपचार गर्न ल्याएको हुँदा तपाईसँगै सिटमा राखिदिनुहोस् भनेको हुँ । सोही बसका यात्रुलाई माइती नेपाल र के.आई. नेपालले सोधपुछ गर्दा पीडितले मैले सिकाए बमोजिम उपचार गर्न दिल्लीमा जान लागेको भनी भने तापनि महिला उद्धारको लागि ती संस्थाले सोधपुछ गर्ने क्रममा पीडितले आफूलाई विवाह गर्ने आश्वासन दिई ललाई फकाई लिएर आएको यथार्थ कुरा भनेकीले प्रहरीले शंका लागी हामीलाई नियन्त्रणमा लिएको हो । निज पीडितलाई बेचबिखन गर्ने उद्देश्यले लगेको होइन भनी आरोपित कसुरमा इन्कारी बयान दिएको देखिन्छ । तथापि निजले मौकामा अधिकारप्राप्त अनुसन्धान अधिकारी समक्ष बयान गर्दा उपरोक्तानुसार पीडितलाई सुनौली सम्म पुऱ्याएको तथ्यलाई स्वीकार्दै निज पीडितलाई विवाह गर्ने बहाना बनाई ललाई फकाई झुक्याई भारतको दिल्लीमा बेचबिखन गर्न लैजान लागेको हुँ भनी बयान गरेको पाइन्छ । त्यसैगरी अर्का प्रतिवादी लोकनाथ पहाडीले मौकामा अधिकार प्राप्त अनुसन्धान अधिकारी समक्ष र यस अदालतमा समेत गरेको बयानमा नवज्योति मा.वि. हत्पतेमा कक्षा ७ मा पढ्ने पीडित सपना चौलागाईलाई ललाई फकाई सह-प्रतिवादी साला नाताका वोधनाथ लुइँटेलसँग विवाह गर्ने भनी योजना बनाई निज सह- प्रतिवादीलाई जिम्मा लगाई दिएको हुँ । निजले ८।९ वर्ष पहिलेदेखि नै पहिलो विवाह गरेका थिए । हाल पीडित र सह-प्रतिवादीबीच विवाह गर्ने चाँजोपाँजो मैले नै मिलाईदिई निजहरूलाई कमलामाई खोलापारिसम्म पुऱ्याइदिएको हुँ भनी निजले सह-प्रतिवादी विवाहित अवस्थाका हुन् भन्ने जानी जानी पीडितलाई ललाई फकाई सह-प्रतिवादीसँग दोस्रो विवाह गर्ने बहाना परिपञ्च मिलाई निजसँगै साथ लगाई पठाएको तथ्यमा सावित भै बयान गरेको देखिन्छ

त्यसैगरी यी प्रतिवादीहरूले मेरो संरक्षकत्वमा रहेकी नाबालिका छोरीलाई विवाह गर्ने बहाना वनाई ललाई फकाई भारत दिल्ली लगी बेचबिखन गर्ने उद्देश्यले आरोपित कसुर गरेको हुँदा निजहरूलाई कारबाही गरी पाऊँ भनी मौकामा दिएको जाहेरीलाई किटानी जाहेरीलाई समर्थन गर्दै प्रतिवादी लोकनाथ पहाडीले पीडित छोरीलाई ललाई फकाई आफ्ना साला सह-प्रतिवादीसँग विवाह गर्ने भनी साथ लगाई काठमाडौं पठाएका र सह- प्रतिवादी वोधनाथले विवाह गर्ने बहाना बनाई दिल्ली लैजान भनी सुनौली लगेका अवस्थामा के.आई. नेपाल नामक संस्थाले पीडितको उद्धार गरेको थाहा पाएको हुँ भनी बकपत्र गरेकी छन् । यसका अतिरिक्त यस अदालतबाट प्रमाणित भएको पीडित सपना चौलागाईले अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा म ३ वर्षकी हुँदा आमाले दोस्रो विवाह गरेकी र बाबुले अर्को विवाह गरेको हुँदा हाल जाहेरवाली सानीआमाको संरक्षणमा रही नवज्योति मा.वि. हत्पते सिन्धुलीमा कक्षा ७ मा पढिरहेको अवस्थामा सोही स्कुलका पियन लोकनाथ पहाडीले मलाई ललाई फकाई निजकै साला नाता पर्ने वोधनाथ लुइँटेलसँग विवाह गर्न भनी सम्पर्क गराई दिएका र निजले गाउँघरमा विवाह गर्न नमानी काठमाडौंमा विवाह गर्ने बहाना बनाई काठमाडौं लगेका र त्यहाँबाट दिल्लीमा गै विवाह गर्ने भनी पटक पटक कुरा फेरेका थिए । मलाई भैरहवा सुनौली नाकामा पुऱ्याएपछि कसैले सोधेमा बिरामी भएकी हुँदा उपचार गर्न दिल्लीमा जान लागेकी हुँ भनी भन्नु भनी निज प्रतिवादीले सिकाएका र सुनौली नाकामा रहेको के.आई. नेपाल र माइती नेपाल समेतले सोधपुछ गर्दा सोही बमोजिम बताए पनि विश्वास नगरी थप केरकार गर्न लागेकाले प्रतिवादीहरूले विवाह गर्ने बहाना

बनाई झुठा कुरा गर्न सिकाएको समेतको यथार्थ विवरण बताएको हुँ । निज प्रतिवादी वोधराज लुइँटेल र मलाई ती संस्थाले प्रहरीमा जिम्मा लगाई दिएका हुन् । ती संस्थाका व्यक्तिले मलाई भने अनुसार दिल्ली लगी प्रतिवादीले वेश्यालयमा बेचबिखन गर्ने उद्देश्यले ल्याएको भन्ने कुरा थाहा हुन आयो । पछि बुझ्दा निज वोधनाथले पहिला नै विवाह गरेका रहेछन् । निजले मलाई अविवाहित भनी ढाँटेका रहेछन् भनी गरेको बयानलाई नै समर्थन हुने गरी निज पीडितले यस अदालतमा बकपत्र गरेको देखिन्छ । निज पीडितलाई सुनौली नाकामा उद्धार गर्ने के.आई .नेपाल ९पष्लनमक ष्लखभकक्तभलतक ल्भउबाि की बोर्डर इन्चार्ज सुनीता शर्माले यस अदालतमा बकपत्र गर्दा सुनौली नाकाबाट दिल्ली जान लागेको बसमा चेक जाँच गर्दा वर्ष १५ की पीडित सपना चौलागाईलाई प्रतिवादी वोधनाथ लुइँटेलले साथमा ल्याएका र निजहरूलाई सोधपुछ गर्दा पीडितले प्रतिवादीहरूसँग कुनै नाता पर्दैन, निजले मलाई झुठा बोल्न लगाएका हुन् भनी पीडित डराई रुँदै विवाह गर्ने बहानामा काठमाडौं लगी यहाँ ल्याएका हुन् भनी भनेकी थिइन् । प्रतिवादीले पीडितलाई भारत दिल्ली लग्न लागेको कुरा पीडितबाट थाहा भएको हो । विवाह गर्न उमेर नपुगेकी पीडितलाई विवाह गर्ने बहाना बनाई बेचबिखन गर्न लैजान लागेको भन्ने कुरा छानबिन गर्दा खुल्न आएको हो भनी बकपत्र गरेको पाइयो । जसबाट यी प्रतिवादीले पीडितलाई सुनौली नाकासम्म पुऱ्याएको तथ्य पुष्टि हुन आयो ।

उपरोक्त वर्णित आधारमा पीडितलाई प्रतिवादीहरूले यो ठाउँमा यति मूल्यमा यो यस्तो प्रकृतिको बिक्री वितरण गर्न लागेको भन्ने यकिन हुने गरी वादी पक्षले अभियोग लागाउन र सोको पुष्टि गर्न सकेको पाइँदैन । अभियोग माग दाबीतर्फ हेर्दा समेत यी प्रतिवादीहरू उपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४ (२) को देहाय (क) र (ख) अनुसारको कसुर र सोको मतियार भएको भन्ने आरोप लगाएको देखिंदा उक्त कसुरमध्ये देहाय (क) वा (ख) मध्येको कुन कसुर गरेको भन्ने यकिन नगरी दुविधा र अष्पस्ट हुने गरी अभियोजन पक्षले माग दाबी लिएको अवस्था समेत देखियो । मौकामा बुझिएका घटना विवरणका सन्तोष पहाडी, टंकप्रसाद घिमिरे र शिव कार्की समेतका वादी पक्षका साक्षीले पीडित र प्रतिवादी वोधनाथ राजीखुसीले विवाह गर्न गएका हुन् । प्रतिवादी दिल्लीमा होटलमा काम गर्ने व्यक्ति हुँदा साथ लिएर गएका र पीडितलाई बिक्री गर्ने उद्देश्यले लगेको नभई मलाई विवाह गरी जीवनसाथी बनाउने उद्देश्यले लगेका हुन् । निजले पीडितलाई लैजाने प्रक्रियामा त्रुटिसम्म भएको भनी यस अदालतमा बकपत्र गरेका छन् भने प्रतिवादीका साक्षीहरूले पनि सोही तथ्यलाई समर्थन हुने गरी बकपत्र गरेको देखियो । तथापि प्रतिवादीहरूले पीडितलाई सिन्धुलीबाट भैरहवा सुनौली बोर्डरसम्म पुऱ्याएको उपरोक्त घटना क्रमलाई हेर्दा निज प्रतिवादीहरूको आपसी मिलेमतोमा पीडितलाई विवाह गर्ने उद्देश्यले नै निष्कर्षमा पुग्न भारत सुनौली नाकामा पुऱ्याएको भनी न्यायसंगत देखिँदैन । यी प्रतिवादीहरूले पीडितको पारिवारिक पीडा, गरिबीपन र उचित संरक्षकत्वको अभाव समेतको नाजुक स्थितिको फाइदा लिई निजलाई ललाई फकाई विवाह गरी जीवनसाथी बनाउने प्रलोभनमा पारी तत्काल जाहेरवाली सानीआमाको रेखदेखमा रहेकी नाबालिका पीडितलाई जाहेरवालीको सहमति र मञ्जुरीबेगर निज पीडितले पढेको स्कुल तथा बसेको स्थानबाट छुटाई आफ्नो नियन्त्रणमा लिई काठमाडौं लगी त्यहाँबाट भैरहवा सुनौली नाकामा पुऱ्याई विदेश भारत दिल्लीमा बेश्यावृत्तिमा लगाउन तथा यौन शोषण गर्न लैजान प्रयास गरेको देखिँदा यस्तो कार्य मानव बेचबिखन तथा ओसारपसारको कसुर अपराधको परिभाषाभित्र पर्ने देखिन आयो । तसर्थ उपरोक्त वर्णित आधार प्रमाणहरूबाट प्रतिवादीमध्येका वोधनाथ लुइँटेलले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण ) ऐन, २०६४ को दफा (४)(२) को देहाय (ख) अन्तर्गतको कसुर गरेको तथ्य पुष्टि हुन आएकोले निजलाई सोही ऐनको दफा १५(१) (छ) अनुसार ७ वर्ष कैद हुने ठहर्छ । अर्का प्रतिवादी लोकनाथ पहाडीले सह-प्रतिवादी वोधनाथ लुइँटेललाई उक्त कसुर अपराध गर्न पीडितलाई ललाई फकाई निजको जिम्मा लगाई मानव ओसारपसारको कसुर गर्न चाँजोपाँजो दुरुत्साहन गरी मिलाई मतियार भएको देखिँदा निज

लोकनाथ पहाडीलाई सोही ऐनको दफा १५(१)(ज) को कसुरमा सोही दफा बमोजिम सह-प्रतिवादी वोधनाथ लुइँटेललाई ठहरेको सजायको आधा कैद ३ वर्ष ६ महिना कैद हुने समेत ठहर्छ । निज प्रतिवादीहरूलाई कैद मात्र हुने ठहरी जरिवाना नभएकोले सोही ऐनको १७ नं. बमोजिम पीडितलाई क्षतिपूर्ति भराउन मिल्ने अवस्था नदेखिएकोले त्यसतर्फ केही गर्नु परेन । अन्य कुराको हकमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी भोजराज भन्ने वोधनाथ लुइँटेललाई ७ वर्ष र प्रतिवादी लोकनाथ पहाडीलाई ३ वर्ष ६ महिना कैद सजाय हुने ठहरेकाले निजहरू मिति २०६८।५।२५ मा पक्राउमा परी प्रहरी हिरासतमा रही पुर्पक्षका लागि हालसम्म कारागार कार्यालय सिन्धुलीमा थुनामा रहेको देखिँदा निजहरूलाई ठहरेको कैद सोही मितिबाट गणना हुने गरी लगत कसी कैदी पुर्जी दिई असुल गर्नू ...........१

यस फैसला उपर चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्नू भनी उपस्थित प्रतिवादीहरूलाई फैसला पढी बाँची सुनाई सुनी पाएको कागज गराई निस्सा मिसिल सामेल राख्नू.........................................................................................................................२

प्रस्तुत मुद्दाको फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय सिन्धुलीलाई दिनू..........................३

सरोकारवालाले नक्कल मागे नियमानुसार नक्कल दिनू..................................................................४

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू .....................................५

माननीय जि.न्या. ज्यूले बोली टिपाउनुभए बमोजिम
टिपी कम्प्युटर टाइप गर्ने ना.सु डेडकुमार ढकाल ।

**न्यायाधीश**

**इति संवत् २०६८ साल फागुन २३ गते रोज ३ शुभम् .............।**

**श्री सुर्खेत जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री कुलप्रसाद शर्मा**
**फैसला**
**निर्णय नं.: ३०८**
**र.न.: ७८-०६६-०१११९**

**मुद्दा : कर्तव्य ज्यान, जबरजस्ती चोरी ।**

**वादीको नाम, थर, वतन**
वीरेन्द्रबहादुर शाहीको जाहेरीले नेपाल सरकार..

**साक्षी : जाहेरवाला तथा बुझिएका**
मानिसहरू..................................।
प्रमाण: ......................................।

**प्रतिवादीको नाम, थर, वतन**
सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ बस्ने सन्तोष अधिकारी... ..........................................।
ऐ.ऐ. वडा नं. ४ बस्ने उपेन्द्र रेग्मी ......................।
ऐ.ऐ. वडा नं. ३ बस्ने नरेन्द्रनाथ योगी ..................।
ऐ.ऐ. बस्ने युवराज गौतम .................................।
ऐ.ऐ. वडा नं. ५ बस्ने लोकराज गौली ..................।
दैलेख बराह गा.वि.स. वडा नं. २ रतिखोला बस्ने हीरा गुरुङ ................................।

साक्षी : जना ९...........................।
प्रमाण : ..................................।

**अदालतबाट बुझेको**
**जाहेरवाला : वीरेन्द्रबहादुर शाही ..........।**
**बुझिएका : किशोर गौतम ..................।**
**प्र. साक्षी : नीलकण्ठ खनाल ...............।**
**प्रमाण ..........................................।**

**प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र तथ्य यस प्रकार रहेको छ :–**

मिति २०६१।३।१४ गते बिहान अं. ११.०० बजेको समयमा जिल्ला बर्दिया बगनाह गा.वि.स. वडा नं. ३ घर भई हाल मेरो घरमा डेरा गरी बस्ने मेरो फुपूको छोरा गोपाल भन्ने यादव शाहलाई सन्तोष अधिकारी समेतले ढुंगाले टाउको तथा शरीरका विभिन्न अंश भागमा प्रहार गरी सक्त घाइते बनाएका, तत्काल उपचारको लागि क्षेत्रीय अस्पताल सुर्खेतमा लग्दा उपचार हुन नसकी थप उपचारको लागि नेपालगञ्ज मेडिकल कलेजमा लगी उपचार गर्दागर्दै मृत्यु भएकोले कारबाही होस् भन्ने समेत व्यहोराको जाहेरी दरखास्त ।

सुर्खेत वी.न.न.पा. वडा नं. ४ खोर्केखोलास्थित पूर्व खोर्केखोला, पश्चिम हर्कबहादुर नेपालीको घर, उत्तर खोर्केखोला सिँचाइ बाँध, दक्षिण राजेन्द्र गिरीको घर यति ४ किल्लाभित्रको खोर्केखोला सिंचाइ बाँध रहेको कुलो सोही स्थानमा मिति २०६१।३।१४ गते बिहान अं. ११.३० बजेको समयमा प्रतिवादी

सन्तोष अधिकारी समेतका व्यक्तिहरूले मृतक गोपाल भन्ने यादव शाहलाई ढुंगाले हानी सख्त घाइते बनाएको स्थानको घटनास्थल मुचुल्का ।

मृतक गोपाल भन्ने यादव शाहको मृत्यु टाउकोमा चोट लागेको कारणले भएको भन्ने समेत व्यहोराको म.प. क्षेत्रीय अस्पताल सुर्खेतको लास पोष्टमार्टम रिपोर्ट ।

मिति २०६१।३।१४ गते म आफ्नै माइती घरमा थिएँ, १४ गतेको अघिल्लो रात मेरो भाइ किशोर गौतम र गोपाल भन्ने यादव शाह मेरो माइती घरमा सुतेका थिए, १४ गते घरमा पुऱ्याउन लागेको बखत प्रतिवादीहरूले हात मुक्काले हानी लडाई प्रतिवादीमध्येका सन्तोष अधिकारीले हानेको ढुंगाले कञ्चटमा लगेको र सोही चोटको कारणले रगताम्य भै बेहोस भई ढलेपछि प्रतिवादीहरू वारदात स्थानबाट भागी फरार भएका हुन् भन्ने समेत व्यहोराको **विष्णु गौतमको** अनुसन्धान अधिकृत समक्ष गरेको कागज ।

मिति २०६१।३।१४ गते मृतक गोपाल भन्ने यादव शाहले मलाई फोन गरी बोलाएकोले कुरा गरी यादव शाह पनि मेरो घरमा सुते र सो रात हीरा गुरुङको कोठामा लोकप्रसाद गौली भन्ने केटा उठबस गर्छ किन केटा बसाल्छौ भन्दा गाली गरी तत्पश्चात् लोकप्रसाद गौलीले जाहेरवालाको श्रीमतीलाई यादव शाहलाई कुटपिट तथा मार्ने समेत धम्की दिएको रहेछ, २०६१।३।१४ गते यादव शाहलाई डेरा कोठातिर पुऱ्याउन जाँदै गरेको अवस्थामा खोर्केखोलाको बाँधस्थित पुगेको अवस्थामा उपेन्द्र रेग्मी समेतका प्रतिवादीहरूले योजना बनाई मृतक यादव शाहलाई एक्कासि घाँटीमा समाती कञ्चटमा मुक्काले हानी ढुंगा मुढाले प्रहार गरी सख्त घाइते बनाएको हुँदा सोही चोटको कारण उपचारकै क्रममा निज यादव शाहको मृत्यु भएको हो भन्ने समेत व्यहोराको **किशोर गौतमको** अनुसन्धान अधिकृत समक्ष गरेको कागज ।

मिति २०६१।३।१३ गते अं. ११.३० बजेको समयमा खोर्केखोला सिंचाइ बाँधमा झगडा परेको छ भन्ने खबर थाहा पाएपछि घटनास्थलमा पुग्दा दुवै पक्षबीच ढुंगा हानाहान भैं रहेको थियो प्रतिवादीमध्येका सन्तोष अधिकारी समेतले प्रहार गरेको ढुंगाले हान्दा मृतक यादव शाहको टाउकोमा गम्भीर चोट लाग्न गई सख्त घाइते भए पश्चात् पनि निज प्रतिवादीहरूले निरन्तर ढुंगा मुढा प्रहार गरिरहेका थिए । जब निज यादव शाह रगताम्य भई ढल्न पुगे तव प्रतिवादीहरू भागी फरार भएका हुन । तत्पश्चात यादव शाहलाई उपचारका लागि अस्पताल लगिएको हो । उपचारकै क्रममा प्रतिवादीहरूले ढुंगाले हानेको कारणले यादव शाहको मृत्यु भएको हो भन्ने समेत व्यहोराको **ओमबहादुर बोहरा** समेतका मानिसहरूले अनुसन्धान अधिकृत समक्ष गरेको कागज ।

मिति २०६१।३।१२ गते राति दिदी हीरा गुरुङले ल्याएको किताब यादव शाहले च्यातिदिएको रहेछ सोही दिनको करिब ९.०० बजेको समयमा सोही घरमा डेरा गरी बस्ने झलक भण्डारीको कोठाबाट मृतक यादव शाह कताबाट मादक पदार्थ सेवन गरी आई हीरा गुरुङ कस्ती केटी हो मलाई थाहा छ राति राति लोकप्रसाद गौली आई बस्छ भन्दा मेरो दिदी हीरा गुरुङलाई किन ओराप लगाएका छौ भनी भनाभन भयो, यसै क्रममा ऐ. १३ गते मेरो दाजु दैलेखबाट आएको हुँदा लोकप्रसाद समेत सँगै आएका थिए । उक्त समयमा यादव शाहसँग भएको वादविवादको बारेमा सबै कुरा दाजु तथा लोकप्रसाद गौलीसंग भनेकी हुँ । ऐ १४ गते मृतक यादव शाहलाई प्रतिवादीहरूको कुटपिटबाट टाउकोमा गम्भीर चोट लागी उपचारको लागि जाँदै गर्दाको अवस्थामा निज यादव शाहको मृत्यु भएको भन्ने समेत व्यहोराको **आशा गुरुङ** अनुसन्धान अधिकृत समक्ष गरेको कागज ।

मृतकलाई लोकप्रसाद गौलीले खोजी गर्दै हिँडेको र फेला परेमा मार्छु भनी भन्दै हिँडेको हुँदा निज लोकप्रसाद गौलीको षड्यन्त्रबाट निज यादव शाहको मृत्यु भएको हो भन्ने समेत व्यहोराको केशवबहादुर शाहीको अनुन्धान अधिकृत समक्ष गरेको कागज ।

मिति २०६१।३।१४ गते बिहान ७.४५ बजेको समयमा चिया पिएर फर्किंदै गरेको अवस्थामा प्रतिवादीहरू उपेन्द्र रेग्मी र नरेन्द्रनाथ योगी सोही चोकको एउटा होटलमा बसी मादक पदार्थ रक्सी खाइरहेका थिए । मलाई खोर्केखोला बाँधमा नुहाउन जाउँ भनी भनेको हुँदा जान लाग्दा प्रतिवादी युवराज गौतमले आफ्नो घरबाट देखेकोले ४ जना भै नुहाउन गएका हौं । नुहाउन लागेको अवस्थामा गोपाल भन्ने यादव शाह र किशोर गौतम २ जना हाम्रो नजिक आइपुगेपछि मृतक यादव शाहलाई चिन्दछु भनी नरेन्द्रनाथ योगीले भेट्न गयो, सो पश्चात् दुवैको बीचमा वादविवाद भएको र उक्त समयमा नरेन्द्रनाथ योगीले मादक पदार्थ सेवन गरेको थियो । झगडा हुँदाका बखतमा दुवै जनाबीचमा हात हालाहाल भएको हो र हामीले छुट्याएका हौं । तत्पश्चात् मृतक यादव शाह र किशोर गौतम उक्त स्थानबाट गए र केही समयपछि हात हातमा खुकुरी लिई हामीलाई प्रहार गर्न आएपछि हामीहरूले मृतक यादव शाह र किशोर गौतम भएको स्थानतर्फ ढुगा मुढा प्रहार गरिरहेको बेला हामीहरूको प्रहार गरेको ढुंगाले यादव शाहको टाउकोमा लाग्न गई भाग्ने क्रममा सिंचाइ बाँधको सानो कुलोमा लड्न पुगेको हो र यसरी हामीहरूले प्रहार गरेको चोटले सख्त घाइते भएको गोपाल भन्ने यादव शाहलाई तत्कालै उपचारको लागि म.प. क्षेत्रीय अस्पताल सुर्खेतमा लगी उपचार हुन नसकी लखनउतर्फ लैजाने क्रममा मृत्यु भएको हो भन्ने समेत व्यहोराको **प्रतिवादी सन्तोष अधिकारी**को अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

मिति २०६१।३।१४ गते म मसमेतका मानिसहरू घटनास्थलमा जाँदा उक्त स्थानमा प्रतिवादी उपेन्द्र रेग्मी लगायत गोपाल भन्ने यादव शाह, किशोर गौतमबीचमा झैझगडा तथा वादविवाद हुनुका साथै ढुंगा हान्न लागेको अवस्थामा म उक्त स्थानमा पुगेको हुँ । मैले देखेको बखतमा मृतक यादव शाह टाउकोमा गम्भीर चोट लागको थियो, सोही चोटको कारणले उपचारको क्रममा लखनउतर्फ लैजाँदै गर्दा मृत्यु भएको हो, यसरी वारदात मितिपूर्व भएको योजनाले मृतक यादव शाहलाई विभिन्न समयमा ज्यान मार्ने धम्की गरेबाट प्रतिवादी लोकप्रसाद गौलीको योजनामा अन्य प्रतिवादीले समेत निज यादव शाहलाई ढुंगा प्रहार गरी कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोराको बुझिएका **ओम कठायत** समेतका मानिसहरूले एकै मिलानको अनुसन्धान अधिकृत समक्ष गरेको कागज ।

प्रतिवादी सन्तोष अधिकारी, उपेन्द्र रेग्मी, नरेन्द्रनाथ योगी र युवराज गौतमल मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. तथा चोरी महलको १,४ नं को कसुरमा निजहरूलाई सोही ज्यान सम्बन्धी महलको १३ (३) नं. तथा चोरीको महलको १२ र १४(२) नं. बमोजिम सजाय गरी जबरजस्ती छिनाली चोरी गरी लगेको २ तोलाको सुनको सिक्री समेत मुलुकी ऐन चोरीको महलको २१ नं. बमोजिम जाहेरवालालाई दिलाई भराई पाऊँ अन्य प्रतिवादीहरूद्वय हीरा गुरुङ र लोकप्रसाद गौली वारदात स्थलमा मौजुदा नरहेको तर यादव शाहलाई मार्नमा मुख्य भै षड्यन्त्र गरी ज्यान मार्ने कार्य गर्न लगाएको अवस्था पुष्टि भएकोले निजहरूलाई मुलुकी ऐन ज्यान समबन्धी महलको १ नं. को कसुरमा सोही ऐनको सोही महलको १६ नं. बमोजिम सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको **अभियोग माग दाबी** ।

मिति २०६१।३।१४ गते बिहान ८.१५ बजेतिर नुहाउन भनी म, उपेन्द्र रेग्मी, नरेन्द्रनाथ योगी र युवराज गौतम खोर्केखोलामा गएका थियौं, सोही समयमा किशोर गौतम र गोपाल भन्ने यादव शाह हामीहरू नुहाउन गएको खोर्केखोलामा सिंचाइ ड्याम नजिकै आएका थिए । नरेन्द्रनाथ योगीले कहाँबाट आएको भनेर किशोर गौतमलाई सोधेकोमा किशोर गौतमले तँ चोरलाई के मतलब छ भनेर जवाफ दिए, किशोर गौतमले चोर भन्यो भनेर नरेन्द्रनाथ योगी र किशोर गौतमबीच विवाद भयो, विवाद नगर भनेर म, युवराज गौतम, उपेन्द्र रेगमी गई छुट्याएका हौं । पछि किशोर गौतम, यादव शाह र अरू नाम नचिनेका २/३ जना दौडँदै खोलातर्फ हामीहरूलाई खोज्दै आएकोमा कुलोमा लड्दा कुलोको ढिकमा टाउको पर्दा काटिएका र उपचार गर्दागर्दै घाइते यादव शाहको मृत्यु भएको भन्ने कुरा सुनी

थाहा पाएको हुँ । म समेतले यादव शाहलाई ढुंगाले प्रहार गरी सोही चोटको कारणले मृत्यु भएको होइन । म समेतले मृतक शाहलाई ढुंगा प्रहार गरेका हौइनौं भन्ने समेत व्यहोराको प्रतिवादी सन्तोष अधिकारीले अदालतमा गरेको बयान ।

हीरा गुरुङ र मेरोबीचमा सम्बन्ध रहेको र हीरा गुरुङको कुरा सुनी मृतकलाई खोजी गरी हिँडेको र षड्यन्त्र गरी मार्न लगाएको भन्ने सम्पूर्ण कुरा झुट्ठा हो । मैले यादव शाहलाई मार्न षड्यन्त्र गरेको होइन, को कसले किन म समेतलाई षड्यन्त्रकारी बनाई जाहेरी दिए मलाई थाहा छैन भन्ने समेत व्यहोरको प्रतिवादी लोकप्रसाद गौलीले अदालतमा गरेको बयान ।

मृतकलाई शरीरमा र टाउकोमा चोट पटक लागेको देखी शंकाले जाहेरी दिएको हुँ, किशोर गौतमको घरमा जाने क्रममा सो खोर्केखोलमा पश्चिमपिट्ट भएको सिंचाई कुलोमा चिप्लेर लडी चोट लागेको हो भनेको हुँ । किन लोटे चोट लागेपछि म समेतलले बोकेर हस्पिटल ल्याएको हौ भन्ने समेत व्यहोरको जाहेरवाला वीरेन्द्रबहादुर शाहीले गरेको बकपत्र ।

मृतक यादव शाहको मृत्यु २०६१।३।१४ गते दिउँसो ११.०० बजेको खोर्केखोलाको पक्की सिंचाइ कुलोमा चिप्लेर लोटी भएको हो भन्ने समेत व्यहोरको बुझिएका किशोर गौतमले गरेको बकपत्र ।

मृतक आफैं लडी चोट लागेको हो । प्रतिवादीले ढुंगाले हानेका होइनन् भन्ने मैले सुनी थाहा पाएको हुँ भन्ने समेत व्यहोरको प्रतिवादीका साक्षी नीलकण्ठ खनालले गरेको बकपत्र ।

मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) नं. तथा चोरीको महलको १२, १४ (२) र २१ नं. बमोजिम सजायको माग दाबी लिई अभियोग पत्र दायर भएको स्थितिमा चोरीको महलका तर्फको अभियोग माग दाबीतर्फ केही नबोली मात्र ज्यान सम्बन्धी महलको दाबीतर्फ मात्र ठहर निर्णय गरेकोले अभियोग माग दाबीको सबै विषयमा ठहर निर्णय नगरेको सुरु सुर्खेत जिल्ला अदालतको मिति २०६६।९।७३ को फैसला अ.वं. १९२ नं. को विपरीत भै त्रुटिपूर्ण देखिँदा बदर गरी दिएको छ । अब उपस्थित रहेका सबै प्रतिवादीहरूको हकमा समेत कानुन बमोजिम फैसला गर्नू भनी सुरु मिसिल सुर्खेत जिल्ला अदालतमा पठाइदिनू भन्ने पुनरावेदन अदालत सुर्खेतको फैसला ।

फरार प्रतिवादीहरूको हकमा मुल्तवीबाट जागी दर्ता भएको ।

मिति २०६१।३।१४ गते अं ८.१५ बजे म सन्तोष अधिकारी, युवराज गौतम र नरेन्द्रनाथ योगी सुर्खेतको खोर्के भन्ने ठाउँमा नुहाउन गएका थियौं, त्यसबेला किशोर गौतम र मृतक गौपाल भन्ने यादव शाह त्यही बाटो आउँदा नरेन्द्रनाथ योगीले कहाँबाट आएको भनी सोध्दा किशोर गौतमले तँलाई के मतलब भनी विवादपछि किशोर गौतम र मृतक त्यहीँबाट हिँडेका हुन्, कहाँ गए थाहा भएन, हामी नुहाई धुवाई गरी चिसापानी हुँदै बजार गयौं, मृतकसँग त्यसपछि हाम्रो भेट भएन, के कसरी मृत्यु भयो थाहा भएन भनी **प्रतिवादी उपेन्द्र रेग्मी**ले अदालतमा गरेको बयान ।

मिति २०६१।३।१४ गते बिहान अं. ८.१५ बजेको मृतक यादव शाह, नरेन्द्र योगी र किशोर गौतमको बीचमा वादविवाद झगडा भएको थियो म, उपेन्द्र रेग्मी, सन्तोष अधिकारीले झगडा छुट्टाइदिएका हौं । झगडा छुट्टाइसकेपछि हामी नुहाएर चिसापानी हुँदै बजारतर्फ लाग्यौं, त्यसपछि मृतक कहाँ गए थाहा भएन । तीन दिन पछि मात्र यादव शाहको मृत्यु भयो भन्ने सुनेको हुँ भनी प्रतिवादी **युवराज गौतमले** अदालतमा गरेको बयान ।

मृतक यादव शाहको मृत्यु नुहाउने क्रममा लडी टाउकोमा चोट लागी भएको भन्ने सुनेको हुँ मिति २०६०।१०।१५ गते म भारत गएको हुँदा घटनाका बारेमा मलाई थाहा भएन, मैले घटना घटाएको होइन भनी प्रतिवादी नरेन्द्रनाथ योगीले अदालतमा गरेको बयान ।

२०६१।३।१४ गते म भारतको बरौदा भन्ने ठाउँमा थिएँ, प्रतिवादी नरेन्द्रनाथ योगी २०६१।३।६ गतेदेखि १४ गतेसम्म बिरामी परी बरौदाको सुन्दरम अस्पतालमा बिरामी भैं भर्ना भएका थिए, घटना

हुँदा यहाँ थिएनन् भनी प्रतिवादी नरेन्द्रनाथ योगीका साक्षी रुद्रबहादुर वली र सोही मिल्दोजुल्दो मोहननाथ योगीले गरेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ. बं. २९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई वादी नेपाल सरकारको तर्फबाट विद्वान् जिल्ला न्यायाधिवक्ता श्री पारेश्वर ढुङ्गानाको बहस जिकिर समेत सुनी मिसिल संलग्न सम्पूर्ण कागजातहरू अध्ययन गरी हेर्दा मुख्यतः देहायका विषयमा न्याय निरोपण गर्नुपर्ने देखिन आयो ।

१) अभियोग दाबी बमोजिमको कसुर प्रतिवादीले गरेका हुन होइनन् ?

२) वादी दाबी बमोजिम प्रतिवादीहरूलाई सजाय हुने नहुने के हो ?

यसमा फरार रहेका प्रतिवादीहरू हीरा गुरुङ र मृतक यादव शाहबीच भनामन भई वादविवाद सिर्जना भएपछि त्यसको बदला लिने मनसाय राखी प्रतिवादी हीरा गुरुङले प्रतिवादी लोकप्रसाद गौलीसँग मिलेमतो र सरसल्लाह गरी दुवैजनाले षड्यन्त्र गरी अन्य प्रतिवादीहरू उपेन्द्र रेग्मी, नरेन्द्रनाथ योगी, युवराज गौतम र सन्तोष अधिकारीसँग कुरा मिलाई यादव शाहीलाई मार्नमा मद्दत मागी यी चारैजना प्रतिवादीहरूले घटनास्थलमा कुटी ढुकी बसेर यादव शाहलाई त्यस ठाउँमा आएपछि लात्ती मुक्का र ढुङ्गा समेत प्रहार गरी कर्तव्य गरी मारेको र मृतकले लगाएको सुनको सिक्री समेत छिनाली जबरजस्ती चोरी गरी लगेको हुँदा प्रतिवादी सन्तोष अधिकारी, प्रतिवादी उपेन्द्र रेग्मी, प्रतिवादी नरेन्द्रनाथ योगी, प्रतिवादी युवराज गौतम उपर ज्यान सम्बन्धी महलको १ नं. तथा चोरीको महलको १ र ४ नं. को कसुर गरेको हुँदा यी प्रतिवादीहरूलाई ज्यान सम्बन्धी महलको १३ (३) नं. र चोरीको १२ र १४ (२) नं बमोजिम सजाय गरी र चोरीको २१ नं. बमोजिम बिगो जाहेरवालीलाई भराइदिन र प्रतिवादी हीरा गुरुङ र लोकप्रसाद गौलीलाई मृतक यादव शाहको हत्या गर्ने योजना एवं षड्यन्त्र रचेको भनी ज्यान सम्बन्धी महलको १६ नं. बमोजिमको सजाय माग दाबी लिई प्रतिवादीहरूलाई सजाय गरी पाऊँ भन्ने अभियोग पत्र पेस हुन आएकोमा मिति २०६७।९।७ गते सुर्खेत जिल्लाबाट भएको फैसलामा फरार रहेका प्रतिवादीहरू उपेन्द्र रेग्मी, प्रतिवादी नरेन्द्रनाथ योगी, प्रतिवादी युवराज गौतम र प्रतिवादी हीरा गुरुङको हकमा मु. ऐन अ.व. १९० नं बमोजिम हुने गरी मुल्तवीमा राखिएको र अदालत समक्ष अभियोग पत्रसाथ पेस भएका प्रतिवादी सन्तोष अधिकारी र अदालतको म्यादमा निवेदन साथ हाजिर भई बयान गर्ने प्रतिवादी लोकप्रसाद गौलीको हकमा सोही मिति २०६६।९।७ गते फैसला भएकोमा चोरीको अभियोग दाबीतर्फ नबोलेको हुँदा त्यसतर्फ समेत इन्साफ गर्नू भनी पुनरावेदन अदालतबाट सुरुको फैसला बदर भई आएकोमा प्रस्तुत मुद्दा आज नियम बमोजिम इजलास समक्ष पेस हुन आएको देखियो ।

इन्साफतर्फ विचार गरी हेर्दा माथि उल्लिखित पहिलो अर्थात् अभियोग दाबी बमोजिमको कसुर प्रतिवादीहरूले गरेको हो होइन भनी हेर्दा प्रतिवादीहरू उपर जाहेरवालाले जाहेरी दरखास्तमा नाम किटान गरी यादव शाहलाई मार्नमा प्रतिवादी हीरा गुरुङ र प्रतिवादी लोकप्रसाद गौलीले षड्यन्त्र गरेको र अन्य प्रतिवादीहरू सन्तोष अधिकारी, युवराज गौतम, उपेन्द्र र नरेन्द्रनाथ योगीले घटनास्थल खोर्केखोलामा मिति २०६१।३।१४ गते लात मुक्का ढुङ्गाले हानी कर्तव्य गरी मारेको भनी जाहेरी दरखास्तमा उल्लेख गरेको पाइन्छ । अनुसन्धानको क्रममा सरकारी वकिलको रोहवरमा अनुसन्धान अधिकारी समक्ष मौकामा प्रतिवादी सन्तोष अधिकारीले बयान गर्दा मृतक संग घटनास्थलमा झगडा भएको हो, मिति २०६१।३।१४ गते बिहान ७.४५ बजे ललित चोकमा चिया पिएर फर्कंदै गर्दा प्रतिवादी उपेन्द्र रेग्मी र प्रतिवादी नरेन्द्रनाथ योगीसँग

भेट भै मादक पदार्थ सेवन गरी निस्केको हो, प्रतिवादी नरेन्द्र र उपेन्द्रले नुहाउन खोर्के जाऊँ भनेकाले प्रतिवादी युवराज समेत भई नुहाउन खोर्के जाँदा गोपाल भन्ने यादव शाहसँग भेट भै विवाद भयो, सबै मिलेर विवाद सुल्झाएपछि यादव शाह र किशोर गौतमलाई घरतर्फ पठाएकोमा निजहरू पुनः २०/२५ जना भई खुकुरी लिई हामीहरू नुहाएको ठाउँमा आएकाले हामीहरूले तिनीहरूलाई अगाडि नबढ भनी हामीहरू ४ जना उपेन्द्र, युवराज, नरेन्द्रनाथ र म सन्तोषले घटनास्थलबाट ढुङ्गा समातेका हौं र हामीहरूलाई उताबाट यादव शाह समेतले ढुङ्गा प्रहार गर्दा हामीहरूले पनि प्रतिकारमा गोपाल भन्ने यादव शाह र किशोर गौतम रहेको स्थानमा ढुङ्गाले हान्ने काम गरेका हौं । ढुङ्गा यादव शाहको टाउकोमा लाग्न गयो र ढुङ्गाले लागी बेहोस भई यादव शाह सिँचाइ रहेको कुलोमा ढल्न गएको हो । तत्पश्चात् हामी ४ जना भागेर गयौं, गोपाल भन्ने यादव शाहलाई औषधि उपचारको क्रममा सुर्खेत अस्पतालहरूमा उपचार गराउँदा गराउँदै ठीक नभएपछि भारतको लखनउ लैजाँदा लैजाँदै निजको मृत्यु भएको हो । हामीहरूले मार्ने पूर्वयोजना नबनाएको भए पनि ढुङ्गाले हान्दा सोही ढुङ्गाको प्रहारबाट लाग्न गएको चोटले यादव शाहको मृत्यु हुन गएको हो भनी प्रतिवादी सन्तोष अधिकारीले सरकारी वकिलको रोहवरमा अनुसन्धान अधिकारी समक्ष घटना वारदातलाई स्वाभाविक तवरले उल्लेख गरी साविती बयान दिई घटनाक्रमको सविस्तार वर्णन गरेको पाइन्छ ।

प्रतिवादीले अदालत समक्ष बयान गर्दा कसुरमा इन्कारी रही बयान गरे पनि मौकाको सावितीलाई अन्यथा प्रमाणित गर्नेसम्मको कुनै विश्वासनीय आधार कारण र प्रमाण गुजार्न सकेको पाइँदैन । यी प्रतिवादीले अदालत समक्ष बयान गर्दा कसुर गरेको होइन भने पनि मिति २०६१।३।१४ गते बिहान ८.१५ बजेतिर नुहाउन भनी उपेन्द्र रेग्मी, नरेन्द्रनाथ योगी र युवराज गौतम समेत भई खोर्केखोलामा गएका हौं । सोही समयमा किशोर गौतम र गापाल भन्ने यादव शाह हामीहरू नुहाउन लागेको खोलामा आएका थिए । नरेन्द्रनाथ योगीलाई किशोर गौतमले चोर भनी विवाद भएपछि विवाद नगर भनेर मैले र युवराज गौतम तथा उपेन्द्र रेग्मी भई छुट्टाएका हौं भन्नेसम्मको तथ्यलाई स्वीकार गरेको पाइन्छ । विवादको मूल तथ्य नै प्रतिवादीहरू र मृतक पक्षबीच खोर्केखोला घटनास्थलमा झगडा भएको र तत्पश्चात् ढुङ्गाले हानेपछि मृतक गोपाल भन्ने यादव शाह अचेत भएको भन्ने रहेको छ । वारदातमा भेट भएको, दुवै पक्षबीच झगडा भएको र आफूले झगडा छुट्टाउन खोजेको भन्ने वारदातका मुख्य अभियुक्तले घटना विवरणलाई अदालत समक्ष आफ्नो बयानमा उल्लेख गर्दा गर्दै मैले मृतकलाई हानेको होइनसम्म भनेका छन् । तर घटनाको विवरण प्रस्तुत गरेका र विवाद भएको तथ्य एवं सबै ४ जना प्रतिवादीहरू घटनास्थलमा मौजुद रहेको तथ्यलाई पनि स्वीकारै गरको पाइन्छ । यस तथ्यका उद्घाटनबाट पनि प्रतिवादीहरूले मृतक यादव शाहलाई घटनास्थलमा विवाद भइरहँदा ढुङ्गा प्रहार गरेको र सोही चोटका कारण यादव शाहले अस्वाभाविक मृत्यु वरण गर्नुपरेको तथ्य स्थापित भइरहेको देखिन आउँछ ।

प्रतिवादीलाई अनुसन्धान क्रममा पटक पटक अदालत समक्ष म्याद थप गर्ने प्रयोजनका लागि इजलास समक्ष पेस गरिएको देखिन्छ तर प्रतिवादीले आफूलाई हिरासतमा कुटपिट गरेको र घाउचोट परेको भनी घाउ जाँचको माग गरेको पनि देखिँदैन । प्रतिवादीले अनुसन्धान क्रममा गरेको बयानमा ढुङ्गाले मृतकलाई हानेको भनी बयान गरेको पाइन्छ । मृतकलाई हानेपछि निज बेहोस भई कुलोमा ढलेको भनिन्छ । जुन कुरा घटनास्थल विवरणले पनि पुष्टि गरिरहेको छ भने पीडितको लास प्रकृतिले पनि उक्त कुरालाई समर्थन गरेको छ । मृतकको टाउको फुटेको भन्ने लास प्रकृतिबाट देखिन्छ भने कुलोमा मृतक घोप्टो परेको अवस्थामा लडेको पीडितको प्रकृति रहेको छैन । प्रतिवादीले आफ्नो मौकाको बयानमा घटना वारदात पश्चात् भागेको भन्ने उल्लेख गरेको पाइन्छ । जसले गर्दा मौकामा पक्राउ पर्न नसकेको अवस्था छ र जाहेरवाला वीरेन्द्रबहादुर शाहीले बकपत्र गर्दा उपचार क्रममा प्रतिवादी सन्तोष नआएकोले निजउपर शंका लागेको भनी उल्लेख गरेकासम्म छन् । जाहेरवाला प्रत्यक्षदर्शी नहुँदा निजको शंका र विश्वासले अपराध भएको नभएको निष्कर्षमा पुग्ने होइन ।

वारदातस्थलमा ढुङ्गा हानाहान भएको भनी प्रतिवादी सन्तोषले मौका सावितीमा भनेका र अर्को प्रतिवादी युवराज गौतमले अदालत समक्ष बयान गर्दा घटनास्थल खोर्केखोलामा मृतकसँग झगडा भएको कुरा स्वीकार गरी झगडा छुट्टाइदिएको भनी उल्लेख गरेबाट पनि प्रतिवादी सन्तोष अधिकारीको बयानलाई अन्यथा भन्न मिल्ने देखिँदैन । प्रतिवादी सन्तोष अधिकारीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानको सवाल जवाफ ९ मा हेर्दा ५/६ वटा ढुङ्गा मैले मृतकलाई प्रहार गरेको हुँ भनेको र मृतकको टाउको फुटेको र टाउकोकै चोटले अर्थात् Head Injury को कारण नै मृत्यु को मुख्य कारण बन्न पुगको भन्ने शव परीक्षणमा डा.को राय देखिएबाट पनि प्रतिवादी सन्तोष अधिकारीको मौकाको बयान सत्य साँचो देखिन्छ ।

त्यसैले मृत्युको कारण र प्रतिवादीको क्रिया एकआपसमा सम्बन्ध रहेबाट प्रतिवादीको मौका साविती प्रमाण ऐन, ०३१ को दफा ९ को देहाय अवस्था विद्यमान रहेको भन्ने कतैबाट पनि पुष्टि हुन नसकेकोले वारदातमा प्रतिवादी सन्तोया अधिकारी प्रत्यक्ष रूपमा संलग्न रहेछन भन्ने नै देखिन्छ । मिसिल संलग्न सुर्खेत अस्पतालको नं. ६२२ को इमरजेन्सी टिकटमा उल्लिखित विवरण जसलाई Cut Injury of Temporal side of head 5cm x 2cm भनिएको छ । उक्त विवरणले पनि ढुङ्गाले हानेको भन्ने प्रतिवादीको बयान पुष्टि भइरहेको र ढुङ्गाको जस्तो आकार र प्रकारको ५ × २ से.मि. काटिएको घाउ देखिँदा मौकाको प्रतिवादीको साविती समर्थित भइरहेको पाइन्छ । त्यसैगरी मिति २०६१।३।१६ गते को लास जाँच मुचुल्का हेर्दा नीलडाम र रगतले लत्पतिएको मृतकको अनुहार देखिन्छ । टाउको अनुहारमा ठाउँ ठाउँमा दागहरू भएका, टाउकोको वायाँ कञ्चटमा २ इन्च लम्बाइको घाउ भएको भन्ने देखिन्छ । Autospy Report मा Head Fractured भन्ने उल्लेख भई जसको लम्बाइ ६ से.मि. छ भन्ने पनि देखिन्छ ।

अनुसन्धानको क्रममा मृतकलाई प्रतिवादीहरू ४ जनाले ढुङ्गाले प्रहार गर्न लागेको देखेको हुँ भन्ने ओम कठायतको मौका कागज झुट्टा हो भनी अदालत समक्ष इन्कारी बयान गर्ने प्रतिवादी सन्तोष अधिकारीले सरकारी वकिल कार्यालयमा भएको कागजमा लागेको सहीछाप आफ्नो हो भनी उल्लेख गरेबाट पनि अभियोक्ताको कार्यालयमा बयान हुँदा प्रहरीले प्रतिवादीलाई कुटपिट गरी सावित गराएको भन्ने भनाइ पत्यारलायक नदेखिँदा प्रतिवादी सन्तोष अधिकारीको अदालत समक्ष भएको इन्कारी बयानले मौकाको साविती बयानलाई खण्डित गर्न सक्दैन ।

अदालत समक्ष उपस्थित भएर पनि कागज नगर्ने प्रत्यक्षदर्शी श्यामबहादुर बोहरा, खगिश्वरा गौतम, विनोद नेपाली, उपेन्द्र कुमार पन्त, यामलाल गौतम, अशोककुमार खड्का, खेमराज र आशा गुरुङको अनुसन्धान क्रममा भएको कागज प्रमाणबाट प्रतिवादी सन्तोष अधिकारी समेत भई मृतक यादव शाहलाई ०६१।३।१४ गते बिहान अं. ११.३० बजे खोर्केखोलामा ढुङ्गाले हानी कर्तव्य गरेको भन्ने तथ्य बलियो रूपमा स्थापित भएको देखिन्छ ।

यी मानिसहरू प्रत्यक्षदर्शी रहे भए पनि अदालत समक्ष उपस्थित भई मौकामा गरेको सत्य उद्घाटन हुन नसके पनि प्रतिवादी सन्तोष अधिकारीका साविती बयान प्रतिवादी युवराजको अदालत समक्षको बयान, घाउ जाँच विवरण, लासको प्रकृति, शव परीक्षण प्रतिवेदनहरू परस्पर मालाकार रूपमा मिल्न भिड्न आएबाट **प्रतिवादी सन्तोष अधिकारीले छाडेको ढुङ्गाको चोटले मृतक यादव शाह मर्न गएको देखिँदा यी प्रतिवादीलाई ज्यान सम्बन्धी महलको १ नं. को कसुरमा ज्यान सम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्व सहित जन्म कैद हुने ठहर्छ** र मृतकको घाँटीमा लगाएको सिक्री यिनै प्रतिवादी समेतले लिएको लगेको भन्ने दाबी भए पनि त्यस्तो सामान बरामद हुन नसकेबाट प्रतिवादीहरूले चोरी गरे भन्ने ठोष आधार नहुँदा **प्रतिवादी उपरको चोरीको १ र ४ नं. को कसुरमा सजाय गरी पाऊँ भन्ने दाबी पुग्न सक्दैन** । चोरीको दाबी पनि नपुग्ने र चोरीको दशी पनि बरामद नभएको अवस्थामा प्रतिवादीबाट जाहेरवालालाई धनमाल भराइदिने भन्ने दाबी पनि पुग्न सक्दैन ।

अर्को, प्रतिवादी युवराज गौतमले अदालत समक्ष उपस्थित भई बयान गर्दा आरोपित कसुर गरेको होइन भनी अभियोग दाबीलाई स्वीकार नगरे पनि मिति ०६१।३।१४ गते प्रतिवादी सन्तोष अधिकारी, उपेन्द्र

रेग्मी म युवराज गौतम र नरेन्द्रनाथ योगी सुर्खेतको खोर्केखोलामा नुहाउन गएका थियौं । त्यस बेला किशोर गौतम र मृतक गोपाल भन्ने यादव शाह त्यही बाटो आउँदा नरेन्द्रनाथ योगीले कहाँबाट आएको भनी किशोर गौतमलाई सोध्दा किशोर गौतमले तँलाई के मतलब ? भनी विवाद गर्दा सम्झाई बुझाई गऱ्यौं, त्यसपछि किशोर गौतम र गोपाल भन्ने यादव शाह त्यहाँबाट हिँडेका हुन्, कहाँ गए थाहा भएन भनी उल्लेख गरेको देखिन्छ ।

यी प्रतिवादीको अदालत समक्षको बयान हेर्दा मृतकसँग घटनास्थलमा भेट भएको, वादविवाद पनि भएको र विवाद किन गर्छौ ? भनी सम्झाई बुझाई गरेपछि प्रतिवादीहरू वारदातस्थलबाट चिसापानी हुँदै बजारतर्फ गएको भन्ने देखिँदा घटना भएको समय र ठाउँमा प्रतिवादी रहे भएको भन्ने तथ्यमा अदालत समेतकै बयानबाट पनि कहीँ कतै विवाद देखिँदैन भने मर्ने र मार्ने पक्षबीच झगडा भएको भन्नेमा पनि विवाद देखिँदैन ।

यसरी निर्विवाद अवस्था रहेकोमा मृतक घटनास्थल खोर्केखोलामा मरणासन्न अवस्थामा फेला परेको र घाइते यादव शाहको टाउकोमा धारिलो ढुङ्गाको चोटले काटिएको घाउ देखिएको, र अनुहारमा नीलडाम रहेको हुँदा, प्रतिवादी सन्तोष अधिकारीले मौकामा सावित भई घटनालाई प्रतिवादी युवराजले भने जस्तै विवादबाट सुरु भई पछि ढुङ्गा प्रहार समेत भए गरेको र सोही ढुङ्गाले लागी मृतक मर्न गएको भनी उल्लेख गरेबाट प्रतिवादीहरूको वारदातमा संलग्नता देखिन्छ । मृतक यादव शाह नुहाउने क्रममा लडी टाउकोमा चोट लागी मरेको कुरा सुनेको थिएँ भनी मिति ०६०।१०।१५ गते भारत गएको हुँदा मैले घटना घटाएको होइन, म घटनामा छैन भनी प्रतिवादी नरेन्द्रनाथ योगीको अदालतमा भएको बयान र निजका साक्षीले गरेको प्रतिवादीको बयान समर्थन गर्ने (प्रतिवादी अन्यत्र थिएँ भन्ने Alibi को जिकिर) भनाइ प्रतिवादी सन्तोष अधिकारी र प्रतिवादी युवाराज गौतमको प्रहरी र अदालतको बयान समेतबाटै खण्डित भइरहेको देखिन्छ ।

अपराधबाट बच्ने उद्देश्यले भारत बरोदामा थिएँ भन्ने प्रतिवादी नरेन्द्रनाथको अन्यत्र थिए भन्ने जिकिर विश्वासलायक देखिँदैन । यस्तो झुट्टा बयान र बकपत्र गर्ने प्रतिवादी र साक्षीको भनाइले प्रतिवादीले कसुर नगरेको भन्ने तथ्य स्थापित हुन सक्दैन । सहअभियुक्तको अदालत समक्षको बयानबाटै यी प्रतिवादी वारदातस्थलमा मृतकसँग झगडा गर्ने मुख्य मानिस हुन् भन्ने तथ्य निर्वाविद रूपमा स्थापित रहेको देखिन्छ । त्यसैले घटना विवरणको सम्पूर्ण तथ्यबाटै सामूहिक रूपमा रहे बसेको प्रतिवादीमध्येका प्रतिवादी सन्तोष अधिकारीले हिर्काएको ढुङ्गाले लागी गोपाल भन्ने यादव शाह मर्न गएको हुँदा माथि वर्णित आधार कारण र प्रमाणबाट प्रतिवादी सन्तोष अधिकारी मुख्य कर्तव्यवाला देखिएको र अन्य प्रतिवादीहरू युवराज गौतम, नरेन्द्रनाथ योगी र प्रतिवादी उपेन्द्र रेग्मी ज्यान मार्ने ठाउँमा रहे बसेको र मृतकसँग विवाद समेत गरेका मतलबी मतियार देखिन्छन् । मिति २०६०।३।१४ गते नुहाउन खोर्केखोलामा गएको र साथमा प्रतिवादी सन्तोष अधिकारी, युवराज गौतम र नरेन्द्रनाथ योगी पनि भएको भन्ने प्रतिवादी उपेन्द्र रेग्मीको अदालतमा भएको बयानबाट पनि प्रतिवादीहरू सामूहिक रूपमा घटनास्थलमा मौजुद छन् भन्ने देखिन्छ । प्रतिवादी उपेन्द्रको बयान अनुसार मृतक यादव शाह र उस्को साथी किशोर गौतमसँग आफूहरूमध्येका साथी प्रतिवादी नरेन्द्रनाथ योगीसँग विवाद भएको भन्ने तथ्य स्थापित भएबाट विवादबीच भएको झडपमा प्रतिवादी सन्तोष अधिकारीले हानेको ढुङ्गा लागी मृतकको टाउकोमा घाउ भई सोही कारणले यादव शाहको अप्राकृतिक रूपमा हत्या भएको भन्ने स्थापित तथ्यलाई जाहेरवाला लगायतका बुझिएका मानिसहरूको विपरीत बकपत्रले सत्यलाई विस्थापित गर्न सक्दैन ।

तसर्थ, मुख्य अभियुक्त सन्तोष अधिकारीले मृतकलाई ढुङ्गा प्रहार गरी हत्या गर्ने विवादित घटनास्थलमा उपस्थित रहे बसेर वारदात हुनबाट रोक्ने छेक्नेसम्मको काम नगरी वारदात हेरी बस्ने मतलबी **मतियार प्रतिवादी युवराज गौतम, प्रतिवादी नरेन्द्रनाथ योगी र प्रतिवादी उपेन्द्र रेग्मीलाई मु. ऐन ज्यान सम्बन्धी महलको १७ नं. को कसुरमा सोही १७(३) नं. बमोजिम जनही ३/३ वर्ष कैद हुने ठहर्छ ।**

ठोस प्रमाणको अभावमा चोरीको दाबी पुग्दैन । मृतक यादव शाहलाई मार्ने योजना बनाउने मानिस प्रतिवादी लोकप्रसाद गौली र प्रतिवादी हीरा गुरुङको योजना एवं षडयन्त्र पुष्टि हुने प्रमाण अनुसन्धानबाट पनि खुल्न नआएको र प्रतिवादी लोकप्रसाद गौलीले यस अदालतमा हाजिर भई बयान गर्दा मृतक यादव शाहलाई मार्ने योजना, षड्यन्त्र मैले गरेको होइन भनी दाबीलाई इन्कार गरी बयान गरेको र प्रतिवादी लोकप्रसाद गौली र प्रतिवादी हीराको योजना मुताविक मृतकलाई मारेका हौं भनी अन्य कुनै पनि प्रतिवादीहरूले पोल गर्न नसकेको हुँदा यी **प्रतिवादी लोकप्रसाद गौली र फरार रहेकी प्रतिवादी हीरा गुरुङले आरोपित कसुरबाट पूर्ण सफाइ पाउने ठर्हछ** । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी अ.वं १८६ नं. बमोजिम यो फैसला गरिदिएको छु ।

## तपसिल

माथि इन्साफ खण्डमा प्रतिवादी सन्तोष अधिकारीलाई सर्वस्व सहित जन्म कैद हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी २०६५।४।२८ गतेदेखि मिति २०६६।९।६ गतेसम्म एक वर्ष चार महिना आठ दिन थुनामा बसेको देखिँदा सो कट्टा गरी अठार वर्ष सात महिना बाइस दिन बेरुजु हुँदा लगत कसी असुल उपर गर्नू ..१

माथि इन्साफ खण्डमा प्रतिवादी उपेन्द्र रेग्मी, नरेन्द्रनाथ योगी र युवराज गौतमलाई जनही ३ (तीन) वर्ष कैद हुने ठहरी फैसला भएकोले बेरुजु हुँदा लगत कसी असुल उपर गर्नू ..........................................२

प्रतिवादी सन्तोष अधिकारीको अंश रोक्का राख्नू.....................................................................३

यस अदालतको इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत सुर्खेतमा पुनरावेदन गर्नू भनी प्रतिवादीहरू सन्तोष अधिकारी, उपेन्द्र रेग्मी, नरेन्द्रनाथ योगी, युवराज गौतम र फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय सुर्खेतलाई पुनरावेदनको म्याद दिनू.........................................४

प्रस्तुत मुद्दा पुनरावेदनको म्याद भुक्तान भएपछि साधक जाँचको लागि श्री पुनरावेदन अदालत सुर्खेतमा पठाउनू ..........................................................................................................................५

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख फाँटमा बुझाइदिनू.................६

नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू ......................................७

फाँटवाला :- डिट्ठा गणेश के.सी. ........................
कम्प्युटर :- ता. आनन्दकुमार चौधरी ...........................

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल ज्येष्ठ ११ गते रोज ५ शुभम्** ......................... ।

**श्री महोत्तरी जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री नारायणप्रसाद श्रेष्ठ**
**फैसला**
**संवत २०६८ सालको**
**स.फौ.नं. ३७-०६८-००२९४**
**कम्प्युटर नं. 068–CR–0007**

**मुद्दा :- अपहरण गर्ने तथा शरीर बन्धक लिने**
**र चौपाया महलको**
**निर्णय नम्बर :- १२५**

**वादीको नाम, थर, वतन :-**

जिल्ला महोत्तरी, बर्दिवास गा.वि.स.वडा नं. ३ मा बस्ने इस्लाम चुरौटेको जाहेरीले नेपाल सरकार ................................................१

ऐ.को प्रमाण..................................
ऐ.को साक्षी............ कागज................

**प्रतिवादीको नाम, थर, वतन :-**

जिल्ला महोत्तरी, बर्दिवास गा.वि.स.वडा नं. ७ मा बस्ने चित्रबहादुर भुजेलको छोरा शिशु भन्ने गोपाल सिंह भुजेल ............................................................१
ऐ.ऐ. वडा नं. ३ मा बस्ने चन्द्र श्रेष्ठको छोरा महेश श्रेष्ठ .............................................................२
ऐ.ऐ. वडा नं. ४ मा बस्ने ठगेन्द्र खड्काको छोरा आशिष खड्का ................................................३
ऐ. हाथिलेट गा.वि.स. वडा नं. २ बस्ने गोपाल गिरीको छोरा मदन भन्ने घनश्याम गिरी .........................४
ऐ.को प्रमाण.............................................
ऐ.को साक्षी...................... कागज...............

**अदालतबाट बुझेको**
**ऐ.को प्रमाण..............................**
**ऐ.को साक्षी.............. कागज....**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन, अ.नं. २९ नं. समेतको आधारमा यसै अदालतको क्षेत्राधिकारभित्रको भई प्रस्तुत मुद्दाको संक्षिप्त व्यहोरा यसप्रकार रहेको छ **:-**

मिति २०६८।५।१३ गते अन्दाजी ११.०० बजेको समयमा प्रतिवादी शिशु भुजेल समेतका विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूले हात हतियार देखाई ज्यान मार्ने धम्की दिई ट्रक र सोमा लोड भएको गाई सहित म तथा चालक र सवार महमद आलम समेतलाई अपहरण गरी जंगलमा लगी रु.१ लाख मागेको नदिएपछि बेसरी कुटपिट गरी ७८ घण्टा जति आफ्नो कब्जामा राखेको, सोही अवधिमा ३ वटा गाई खानपिन नपाई छट्पटाई गर्मीको कारण मृत्यु भएको, ३ वटा गाई प्रतिवादीहरूले लिई गएको, मसँग कागज समेत गराएको हुँदा विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूलाई पक्राउ गरी अपहरण गर्ने तथा शरीर बन्धक लिने र चौपाया महल अन्तर्गत सजाय गरी पाउनको साथै क्षतिपूर्ति दिलाई पाऊँ र

कागजमा सहीछाप गराएको विषयमा छानबिन गरी पाऊँ भन्ने समेत व्यहोराको इस्लाम चुरौटेको जाहेरी दरखास्त ।

हातले हिकाइएको चोटपटक लागेको भन्ने समेत व्यहोराको इस्लाम चुरौटेको घाउ जाँच रिपोर्ट ।

जिल्ला महोत्तरी, माईस्थान गा.वि.स.वडा नं.५ स्थित राजमार्गबाट प्रतिवादी शिशु भन्ने गोपाल सिंह भुजेल समेत ४ जना भई हात हतियार देखाई जाहेरवाला समेतलाई अपहरण गरी २ कि.मि. उत्तर जंगलमा लगेको र अपहरण गरी राखेको ठाउँमा ट्रकको चक्काको डाम देखिएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

जि.महोत्तरी, माईस्थान गा.वि.स.वडा नं. ३ स्थितमा खाल्डो खनी हेर्दा ३ वटा चौपाया सडी गली दुर्गन्धित अवस्थामा रहेको भन्ने समेत व्यहोराको मृतक गाई गाडिएको ठाउँको मुचुल्का ।

मिति २०६८।५।१३ गते म तथा घनश्याम गिरी बर्दिवास चौकमा रहेको अवस्थामा आशिष खड्काले फोन गरी बोलायो, म तथा घनश्याम गिरी समेत भई टुटेश्वर चौकमा गई सो ठाउँबाट आशिष खड्का, महेश श्रेष्ठ समेत भई गाई लोड भएको ट्रक पिछा गरी गढन्ता जाने बाटो नजिक आइपुगेपछि ट्रक रोकी धाक धम्की देखाई अपहरण गरी जंगलमा लगेको हुँ, हामीहरूले पैसाको कारण उक्त कार्य गरेका हौं, जाहेरवालाले पैसा नदिएपछि रु.४०,०००।- हजारको कागज गराएका छौं, हामीले रोकी राखेको कारण गाईको मृत्यु भएको हो, ३ वटा गाई बलबहादुर भुजेलको घरमा छ, जाहेरवालालाई मैले कुटपिट गरेको कारण चोटपटक लागेको हो, हामीले यस्तो गर्न नहुने थियो, अब यस्तो गल्ती हुनेछैन, सुध्रिने मौका पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी शिशु भन्ने गोपाल सिंह भुजेलको बयान ।

म र शिशु भन्ने गोपाल सिंह भुजेल, आशिष खड्का र महेश श्रेष्ठ समेत भई ट्रक चौपाया र चालक तथा सवार व्यक्तिलाई अपहरण गरी जंगलमा लगेको कारण ३ वटा गाईको मृत्यु भएको हो, ३ वटा गाई बलबहादुर भुजेलको घरमा छ, प्रतिवादी शिशु भन्ने गोपाल सिंह भुजेलले इस्लाम चुरौटेलाई कुटपिट गरी कागज समेत गराउन लगेको थियो । हामीले यस्तो गर्न नहुने थियो, एक पटक सुध्रिने मौका पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी घनश्याम गिरीको बयान ।

मेरो घरमा मिति २०६८।५।१३ गते ३ वटा गाई पालिदिनु, भोलि आएर लैजान्छौं भनेर राखी गएकोमा हालसम्म कोही नआएको हुँदा जे जो गर्नुपर्ने हो गरी पाऊँ भन्ने समेत व्यहोराको बलबहादुर भुजलेको निवेदन ।

म ना४ख ३२३८ नं.को ट्रक चालक हुँ, मिति २०६८।५।१२ गते राति रु.१६,०००।- हजारमा भाडामा गाई तथा बाच्छा बाच्छी समेत ल्याइरहेको अवस्थामा ऐ.१३ गते ११.०० बजेको समयमा माईस्थान नजिक आइपुग्दा प्रतिवादीहरूले मोटरसाइकलले ट्रक छेकी ज्यान मार्ने धाक धम्की दिई अपहरण गरी जंगलमा लगी करिब ७८ घण्टा जति राख्यो सोही अवधिमा गाईको मृत्यु भएको हो, जाहेरवालालाई कागज समेत गराएको हो, प्रतिवादीहरूलाई कानुन बमोजिम गरी पाऊँ भन्ने समेत व्यहोराको हेमबहादुर कार्कीको कागज ।

प्रतिवादी शिशु भन्ने गोपाल सिंह भुलेल समेत भई हामी ट्रकमा आइरहेको अवस्थामा राजमार्गबाट अपहरण गरी जंगलमा लगी ७८ घण्टा राखेको, जाहेरवालालाई प्रतिवादीहरूले कुटपिट समेत गरी कागज गराउन लगेको, रु.१,००,०००।- लाख रुपैयाँ समेत मागेको, सोही अवधिमा ३ वटा गाईको मृत्यु भएको, ३ वटा गाई प्रतिवादीहरूले लिई गएको हुँदा प्रतिवादीहरूलाई प्रकाउ गरी अपहरण गर्ने तथा शरीर बन्धक लिने र चौपाया महल अतर्गत कारबाही सजाय गरी जाहेरवालालाई क्षतिपूर्ति दिलाई पाऊँ भन्ने समेत व्यहोराको महमद आलमको कागज ।

जिल्ला महोत्तरी, माईस्थान ६ स्थित बलबहादुर भुजेलको गोठ घरमा रातो रंगको दूधालु गाई १, कालो रंगको गाभिनी ठूलो गाई १ र कालो बाच्छी थान १ फेला परेको भन्ने बरामदी मुचुल्का ।

बरामदी भएको गाईहरू मेरो हो देखे चिने उक्त गाईहरू खोजी भएको वखत ल्याउने गरी म आफ्नो जिम्मा बुझी लिए भन्ने समेत व्यहोराको इस्लाम चुरौटेको कागज ।

मिति २०६८।५।१३ गते म पसलमा बसी रहेको अवस्थामा शिशु भन्ने गोपाल सिंह भुजेल र महेश श्रेष्ठले इस्लाम चुरौटेलाई मोटरसाइकलमा हाली ल्याए रु.४०,०००।- हजारको कागज बनाइ दिनु भनेकोले बनाइदिएको हुँ, मेरो सामुन्नेमा लेनदेन भएको छैन, कागज लेखिसकेपछि आफ्नो दस्तुर लिई पठाएको हुँ भन्ने समेत व्यहोराको पदमबहादुर श्रेष्ठको कागज ।

प्रतिवादीहरूको घर खानतलासी गर्दा वारदातमा प्रयोग भएको पेस्तोल इस्लाम चुरौटेसँग गराएको कागज र वारदातमा प्रयोग भएको मोटरसाइकल फेला नपरेको भन्ने समेत व्यहोराको खानतलासी मुचुल्का ।

जाहेरवाला इस्लाम चुरौटे समेतलाई प्रतिवादी शिशु भन्ने गोपाल सिंह भुजेल समेत ४ जना भई अपहरण गरी ट्रक, गाई, चालक र सवार व्यक्ति सहित जंगलमा लगी ७८ घण्टा राखेको सोही अवधिमा गाईको मृत्यु भएको लुटी लगेको ३ वटा गाई फेला परी जाहेरवालाले फिर्ता पाइसकेको प्रतिवादीहरूले पैसाको लागि उक्त कार्य गरेको हुँदा कानुन बमोजिम गरी पाऊँ भन्ने समेत व्यहोराको बुझिएको मानिसको कागज ।

मृत्यु भएको ३ वटा गाई मैले ९०,०००।- हजारमा खरिद गरेको थियो, सोही अनुसार क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भन्ने समेत व्यहोराको इस्लाम चुरौटेको कागज ।

विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको १,३,७ नं.को कसुर देखिँदा निज प्रतिवादीहरूलाई सोही महलको ३ नं. बमोजिम सजाय तथा ७ नं. बमोजिम थप सजाय हुन, त्यस्तैगरी यी प्रतिवादीहरूले मुलुकी ऐन, चौपायाको महलको २ नं. कसुर गरेको देखिँदा सोही महलको १५ नं.बमोजिम मरेको ३ वटा गाईको रु.९०,०००।- (नब्बे हजार) बिगो कायम गरी सो बिगो जाहेरवालालाई भराई बिगो बमोजिम जरिवाना गरी पाऊँ भन्ने समेत व्यहोराको यस अदालतमा दायर गरेको अभियोग पत्र ।

जाहेरी दरखास्त व्यहोरा अनुसार मैले जाहेरवालालाई अपहरण गरी कुटपिट गरेको छैन, होइन, जाहेरी दरखास्त व्यहोरा झुठा हो, मिति २०६८।५।१३ गतेको दिन म साथी शिशु भन्ने गोपाल सिंह भुजेलको ससुराली घर जि. धनुषा गा.वि.स. यज्ञभूमिको केशरकुटीमा थिएँ, सो ठाउँमा मिति २०६८।५।१२ गते नै गएको र मिति २०६८।५।१७ गते सोही ठाउँबाट समातेको हो । मैले अभियोग पत्र अनुसार अपहरण नगरेकोले सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी मदन भन्ने घनश्याम गिरीले यस अदालतमा गरेको बयान ।

जाहेरी दरखास्त व्यहोरा झुठा हो, मैले जाहेरवालालाई अपहरण गरी रुपैयाँ मागेको छैन, मिति २०६८।५।१३ गते म आफ्नो ससुराली घर जिल्ला धनुषा, यज्ञभूमि केशरकुटी गएको थिएँ, ससुरालीमा माइला ससुराको बर्खी भएकोले म आफ्नो घर बर्दिवासबाट मिति २०६८।५।१२ गते सपरिवार गई त्यहाँबाटै मिति २०६८।५।१७ गते प्रहरीले समातेको हो, अभियोग अनुसार मैले जाहेरवालालाई अपहरण नगरेकोले सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी शिशु भन्ने गोपाल सिंह भुजेलले यस अदालतमा आई गरेको बयान ।

प्रतिवादी मदन भन्ने घनश्याम गिरी र शिशु भन्ने गोपाल सिंह भुजेललाई पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी अ.वं. ११८ को देहाय २ अनुसार मुद्दाको पुर्पक्षको लागि थुनामा राख्ने गरी थुनछेक आदेश भएकोले निजहरू पुर्पक्षको लागि थुनामा रहेको देखिन्छ ।

प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्काको नाउँमा यस अदालतबाट जारी भएको ३० दिने म्यादभित्र हाजिर नभई सुरु म्याद नै गुजारी बसेको देखिन्छ ।

वादी पक्षका जाहेरवाला इस्लाम चुरौटे, बुझिएका मानिस धनबहादुर तामाङ, इस्लाम चुरौटे, ट्रक चालक हेमबहादुर कार्की र आलम महमदले तथा प्रतिवादीहरूको साक्षी कपिल बस्नेत, विष्णु भण्डारीले यस अदालतमा आई गरेको बकपत्र कागज मिसिल संलग्न रहेको ।

## यस अदालतको ठहर

नियम बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री रामहरि शर्मा काफ्लेले जाहेरवाला र बुझिएका मानिस धनवहादुर तामाङ समेतले प्रतिवादीहरू शिशु भन्ने गोपाल सिंह भुजेल र मदन भन्ने घनश्याम गिरी जाहेरवालालाई अपहरण गर्न संलग्न नरहेको भनी बकपत्र गरेको भए तापनि निज प्रतिवादीहरू वारदातस्थलमा भएको तथ्यलाई स्वीकार गरिएको अवस्था छ, प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्का जाहेरवालालाई अपहरण गर्न संलग्न रहेको तथ्य जाहेरवालाको र बुझिएका मानिस धनबहादुर तामाङ समेतको बकपत्रबाट समर्थित भएको छ, अतः अभियोग दाबी बमोजिम गरिनुपर्दछ भनी र प्रतिवादीहरू गोपाल सिंह भुजेल र घनश्याम गिरीको तर्फबाट विद्वान् अधिवक्ता श्री राकेशकुमार निधिले यी प्रतिवादीहरू जाहेरवालालाई अपहरण गर्न संलग्न नरहेको भनी जाहेरवालाले र बुझिएका मानिसहरू धनवहादुर तामाङ, इस्माइल चुरौटे, हेमबहादुर कार्की र महम्मद आलमले बकपत्र गरेको हुँदा निज प्रतिवादीहरू जाहेरवालालाई अपहरण गर्न संलग्न रहेको मान्न मिल्ने अवस्था छैन, अतः निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो ।

मिसिल अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा निम्न लिखित विषयमा निर्णय दिनुपर्ने हुन आएको छ :-

(१) प्रतिवादीहरू जाहेरवालालाई अपहरण गर्न संलग्न रहेको अवस्था छ, छैन ?
(२) जाहेरवालाले प्रतिवादीबाट क्षतिपुर्ति भराई पाउने हो, होइन ?
(३) वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्ने, नसक्ने के हो ?

यसमा विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूले संगठित रूपमा योजना बनाई मिलेमतो गरी जाहेरवाला समेतलाई अपहरण गरी मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनको महलको १, ३ र ७ नं. को कसुर गरेको देखिँदा निज प्रतिवादीहरूलाई सोही महलको ३ नं. बमोजिम सजाय तथा ७ नं. बमोजिम थप सजाय हुन, त्यस्तैगरी यी प्रतिवादीहरूले बन्धक बनाएको कारण तीनवटा गाईको मृत्यु भएकोले मुलुकी ऐन, चौपायाको महलको २ नं. को कसुर गरेको देखिँदा सोही महलको १५ नं.बमोजिम मरेको ३ वटा गाईको रु.९०,०००।- (नब्बे हजार) बिगो कायम गरी सो बिगो जाहेरवालालाई भराई बिगो बमोजिम जरिवाना गरी पाऊँ भन्ने अभियोग दाबी रहेको देखिन्छ । प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्का समाह्वान म्यादमा हाजिर नभै म्याद गुजारी बसेको पाइन्छ । जाहेरवालाले प्रतिवादी महेश श्रेष्ठ र आशिष खड्काले मलाई अपहरण गरेका हुन्, आफ्नो बचाउको लागि प्रतिवादी शिशु भुजेल भन्ने गोपाल सिंह भुजेल र घनश्याम गिरी समेतलाई बोलाएका थिए, निजहरूले मलाई छुटाउनमा सहयोग नगरेको जस्तो लागेपछि मैले शंकाको आधारमा निजहरू समेत माथि जाहेरी दिएको थिएँ, पछि बुझ्दा प्रतिवादीहरू शिशु भुजेल भन्ने गोपाल सिंह भुजेल र मदन भन्ने घनश्याम गिरी निर्दोष व्यक्ति रहेछन भनी र बुझिएका मानिस धनवहादुर तामाङले प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्काले जाहेरवालालाई अपहरण गरेको भनेर सुनेको हो, घटना मैले देखेको होइन, सो वारदातमा प्रतिवादीहरू शिशु भुजेल भन्ने गोपाल सिंह भुजेल र मदन भन्ने घनश्याम गिरीले जाहेरवालालाई अपहरण गरेको छैन भनी बकपत्र गरेको देखिन्छ । त्यसैगरी बुझिएका मानिस इस्माइल

चुरौटेले जाहेरवालालाई २ जनाले अपहरण गरेको हो, नाम थाहा भएन भनी, हेमवहादुर कार्कीले जाहेरवालालाई नचिनेका व्यक्तिहरूले अपहरण गरेको हो, यी प्रतिवादी शिशु भन्ने गोपाल सिंह भुजेल र मदन भन्ने घनश्याम गिरीले अपहरण गरेको छैन भनी र महम्मद आलमले अपहरण गर्ने दुई जना मानिस फरार नै छन्, पक्राउ परेका दुई जनाले अपरहण गरेको छैन भनी बकपत्र गरेको देखिन्छ । जाहेरवालाको बकपत्र र बुझिएका उल्लिखित व्यक्तिहरूको बकपत्रबाट पीडित एवं जाहेरवालालाई अपहरण गरी बन्धक बनाउन प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्का संलग्न रहेको तथ्य पुष्टि भएको देखिन आयो ।

प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्काले जाहेरवालालाई के कुन उद्देश्यले अपहरण गरी बन्धक बनाएको हो ? भन्ने सम्वन्धमा विचार गर्दा जाहेरवालाले जाहेरीमा अपहरण गरी रु.१,००,०००।- माग गरी  कागज गरी छाडिदिएको भन्ने उल्लेख गरेको देखिन्छ । अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. मा “कसैलाई ज्यान लिने, कुटपिट गरी चोट पुऱ्याउने, जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, बिक्री गर्ने, दास बनाउने, निजको इच्छा विरुद्ध काममा लगाउने, यातना दिने, वेश्यावृत्तिमा लगाउने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, छुट्कारा रकम (फिरौती) लिने वा शरीर बन्धकमा लिएको व्यक्ति वा निजको हकवालाको धन सम्पत्ति प्राप्त गर्ने, व्यवसाय समर्पण गराउने वा प्रचलित कानुन बमोजिम कसुर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले यस महलको १ वा २ नं. बमोजिम अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना र लेखिए बाहेक अन्य उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा चार वर्षदेखि आठ वर्षसम्म कैद र पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुन्छ” भन्ने व्यवस्था भएको देखिन्छ । उक्त नं. मा वर्णित कुराहरूको उद्देश्यले जाहेरवालालाई अपहरण गरी बन्धक वनाएको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन । जाहेरवालाको जाहेरी समेतबाट जाहेरवालालाई प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्काले अपहरण गरी बन्धक बनाई कागज गराएको देखिन्छ । यस स्थितिमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. मा वर्णित कुराहरूको उद्देश्य बाहेकको उद्देश्यले जाहेरवालालाई अपहरण गरी शरीर बन्धक बनाएको मान्नुपर्ने हुन आयो ।

प्रतिवादीहरू गोपाल सिंह भुजेल र घनश्याम गिरीको हकमा विचार गर्दा निज प्रतिवादीहरू अदालतमा बयान गर्दा जाहेरवालालाई अपहरण गरी बन्धक बनाउन संलग्न रहेको कुरामा इन्कार रहेको पाइन्छ । अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा प्रतिवादी गोपाल सिंह भुजेलले मिति २०६८।५।१३ गते प्रतिवादीहरू घनश्याम गिरी, आशिष खड्का, महेश श्रेष्ठ समेत भई गाई लोड भएको ट्रक रोकी धाक धम्की देखाई अपहरण गरी जंगलमा लगेको हो भनी र प्रतिवादी घनश्याम गिरीले प्रतिवादी शिशु भन्ने गोपाल सिंह भुजेल, आशिष खड्का र महेश श्रेष्ठ समेत भई ट्रक, चौपाया र चालक तथा सवार व्यक्तिलाई अपहरण गरी जंगलमा लगेको हो भनी बयान गरेको देखिन्छ । पीडित एवं जाहेरवाला इस्लाम चुरौटे बकपत्र गर्दा प्रतिवादीहरू गोपाल सिंह भुजेल र घनश्याम गिरी निजलाई अपहरण गरी बन्धक बनाउन संलग्न नरहेको भनी लेखाएको पाइन्छ । त्यसैगरी बुझिएका मानिसहरू धनवहादुर तामाङ, इस्माइल चुरौटे, हेमवहादुर कार्की र महम्मद आलमले पनि बकपत्र गर्दा निज प्रतिवादीहरू जाहेरवालालाई अपहरण गरी बन्धक बनाउन संलग्न नरहेको भनी लेखाएको देखिन्छ । प्रतिवादीहरू गोपाल सिंह भुजेल, घनश्याम गिरी जाहेरवालालाई अपहरण गरी बन्धक बनाउन संलग्न रहेको भन्ने सम्बन्धमा वादी पक्षबाट प्रमाण प्रस्तुत हुन सकेको देखिँदैन । प्रतिवादीहरू गोपाल सिंह भुजेल र घनश्याम गिरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानलाई अन्य प्रमाणबाट समर्थित हुन सकेको देखिन आउँदैन । पीडित एवं जाहेरवाला स्वयम्ले प्रतिवादीहरू गोपाल सिंह भुजेल र घनश्याम गिरी अपहरण गरी बन्धक वनाउन संलग्न नरहेको भनी बकपत्र गरेको र बुझिएका माथि उल्लिखित

प्रत्यक्षदर्शी व्यक्तिहरूले पनि निज प्रतिवादीहरू जाहेरवालालाई अपहरण गरी बन्धक बनाउन संलग्न नरहेको भनी बकपत्र गरेको अवस्थामा केवल निज प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानको आधारमा मात्र निज प्रतिवादीहरूलाई कसुरदार ठहराउनु न्यायोचित देखिएन । यसस्थितिमा प्रतिवादीहरू गोपाल सिंह भुजेल र घनश्याम गिरी उपरको अभियोग दाबी पुग्न सक्ने देखिन आएन ।

जाहेरवालाले प्रतिवादीबाट क्षतिपूर्ति भराई पाउने हो, होइन ? भन्नेतर्फ विचार गर्दा जाहेरवालालाई क्षतिपूर्ति भराइदिन अभियोग पत्रमा दाबी लिएको देखिँदैन । अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १२ नं. मा "यस महलको १, २ वा ३ नं. बमोजिम कसुर गरे गराएको प्रमाणित हुन आएमा मुद्दा हेर्ने अड्डाले पीडित व्यक्तिलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिको विचार गरी सो कसुर गर्ने गराउने व्यक्तिबाट पीडित व्यक्तिलाई कसुर भएको दिनदेखि कम्तीमा पाँच सय रुपैयाँका दरले क्षतिपूर्ति समेत भराई दिनुपर्छ ..." भन्ने व्यवस्था भएको देखिन्छ । सामान्यतया: वादी नेपाल सरकारबाट प्रस्तुत अभियोग पत्रमा दाबी नगरिएको विषयमा र दाबी लिएको भन्दा बढी सजाय गर्ने कार्य अदालतबाट हुन सक्दैन । त्यसैगरी पीडित स्वयम्ले दाबी नलिएको विषयमा अदालतले बोल्न मिल्ने हुँदैन । हामीले अनुसरण गरी आएको न्यायिक पद्धतिबाट उपरोक्त कुरालाई इङ्गित गरेको पाइन्छ । अपवादको रूपमा कानुनद्वारा बाध्यात्मक रूपमा निर्देशित गरेको विषयलाई उपेक्षा गर्न सकिने अवस्था हुँदैन । मूल दाबी नलिइएको अवस्थामा सहायक वा थप हुने दाबी मात्र लिएकोमा मूल दाबीको विषयमा कानुनद्वारा निर्देशित विषयमा बाहेक अदालतले प्रवेश गर्न मिल्ने अवस्था रहँदैन । मूल दाबी लिइएको तर सहायक वा थप हुने दाबी वा दास्रो तहको दाबी नलिइएको अवस्थामा अदालतबाट न्यायिक मान्यता र औचित्यको आधारमा त्यस्तो सहायक वा थप हुने दाबी वा दोस्रो तहको दाबी लिनुपर्ने विषयको हकमा विचार गर्न सक्ने स्थिति रहने हुन्छ । त्यसमा पनि पीडित स्वयम् वादी भै दाबी नलिएको अवस्थामा पीडितले पाउनुपर्ने क्षतिपूर्तिको विषयमा वादी नेपाल सरकारबाट दाबी नगरिएको भन्ने आधारमा पीडितलाई क्षतिपूर्ति भराइदिन उपेक्षा गर्नु न्यायोचित हुँदैन । प्रस्तुत मुद्दामा वादी पक्षबाट अभियोग पत्रमा क्षतिपूर्ति जाहेरवालालाई भराइदिन दाबी नलिएको भए तापनि अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १२ नं. मा अपहरण गरेको एवं शरीर बन्धक बनाएको कसुर ठहरेमा मुद्दा हेर्ने अदालतले क्षतिपूर्ति भराइदिनुपर्ने कुरालाई इङ्गित गरी बाध्यात्मक (Mandatory) व्यवस्था गरेको देखिँदा जाहेरवालालाई कसुर गरेको ठहरेको प्रतिवादीबाट क्षतिपूर्ति भराइदिनु उपयुक्त र न्यायोचित भएको देखिन आएको छ । यसस्थितिमा जाहेरवालाले प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्काबाट क्षतिपूर्ति भराई पाउने देखिन आयो ।

जाहेरवालाले प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्काबाट के कति क्षतिपूर्ति भराई पाउने हो ? भन्नेतर्फ विचार गर्दा मिसिलबाट जाहेरवालालाई अपहरण गरी केही समय बन्धक बनाई छाडेको देखिन्छ । अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १२ नं. ले क्षतिपूर्ति भराउने सन्दर्भमा पीडितलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिको विचार गरी कसुर भएको दिनदेखि प्रत्येक दिनको कम्तीमा पाँच सय रुपैयाँ हुनुपर्ने न्यूनतम कुरालाई ध्यानमा राखी सो कुरालाई आधार लिनुपर्ने निर्देशित गरेको पाइन्छ । सामान्यतया: पीडितलाई परेको शारीरिक एवं मानसिक पीडा, पीडितलाई अपहरण गरेको र बन्धक बनाएको स्वरूप एवं प्रकृति, पीडितलाई बन्धक बनाई राखेको अवधि, पीडितलाई अपहरण गरी बन्धक बनाउनुको उद्देश्य, पीडितप्रति भएको व्यवहार, पीडितलाई अपहरण गरी बन्धक बनाएकोबाट परेको असर र अपहरण गरी बन्धक बनाएकोबाट पीडितलाई भएको क्षतिको आधारमा अपहरण गरी बन्धक बनाउने कसुरदार ठहरिएका व्यक्तिबाट पीडितलाई भराई दिने क्षतिपूर्तिको रकम निर्धारण गर्नु वाञ्छनीय हुन्छ । हुनत पीडितलाई परेको पीडाको क्षतिपूर्ति जतिसुकै रकम भराई दिएमा पनि अपुग नै हुने हुन्छ । यद्यपि आधारभूत कुराहरूको आधारमा पीडितलाई दिइने क्षतिपूर्ति रकमको निर्धारण

गरिनुपर्ने मान्यतालाई स्वीकार गरिएको पाइन्छ । प्रस्तुत मुद्दामा पीडित एवं जाहेरवालालाई अपहरण गरी बन्धक बनाएको स्वरूप एवं प्रकृति, अपहरण गरी बन्धक वनाएको अवधि, अपहरण गरी बन्धक बनाउनुको उद्देश्य, पीडित एवं जाहेरवालालाई परेको शारीरिक एवं मानसिक पीडा र जाहेरवालालाई अपहरण गरी बन्धक बनाएकोबाट भएको क्षतिलाई ध्यानमा राख्दा प्रतिवादीहरू महेश क्षेष्ठ र आशिष खड्काबाट रु.१,०००।- जाहेरवालालाई क्षतिपूर्ति भराइदिनु उपयुक्त भएको देखिन आउँछ ।

अभियोग पत्रमा जाहेरवालाको तीनवटा गाई मरेकोमा बिगो रु.९०,०००।- कायम गरी चौपायाको १५ नं. बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो भराई पाउन दाबी लिएको देखिन्छ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ को देहाय ७ मा "गोवध सम्बन्धी वा मुलुकी ऐन, चौपायको महलको ८ नं. अन्तरगत सजाय हुने मुद्दा" भन्ने उल्लेख भएको पाइन्छ । चौपायाको १५ नं. अन्तर्गत सजाय हुने मुद्दा उक्त ऐनको अनुसूची १ अन्तर्गत पर्ने देखिन आउँदैन । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गत नपरेको मुद्दाको हकमा वादी नेपाल सरकारले अभियोग पत्रमा दाबी लिएकोमा बोल्न मिल्ने देखिँदैन । त्यसैगरी तीनवटा गाई मरेको हकमा जाहेरवालाले चौपायाको महल अन्तर्गत कानुन बमोजिम नालिस गरेको अवस्थामा कानुन बमोजिम ठहरे अनुसार हुने नै देखिन्छ । यस स्थितिमा तीनवटा गाईको बिगो रु.९०,०००।- कायम गरी चौपायाको १५ नं. बमोजिम जाहेरवालालाई बिगो भराई प्रतिवादीहरूलाई बिगो बमोजिम जरिवाना गरी पाऊँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबीको हकमा बोली रहन पर्ने अवस्था देखिन आएन ।

यसप्रकार, प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्का म्यादमा हाजिर हुन आएको नदेखिएको, जाहेरवालाको बकपत्र र बुझिएका धनबहादुर तामाङ, इस्माइल चुरौटे, हेमबहादुर कार्की र महम्मद आलमको बकपत्रबाट प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्काले जाहेरवालालाई अपहरण गरेको र सोही कारणबाट ट्रकमा रहेको तीनवटा गाई मरेको भन्ने अभियोग दाबीलाई समर्थित भएको देखिएको हुँदा प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्काले अभियोग दाबीको कसुर गरेको देखिन आयो । तसर्थ अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. मा उल्लिखित अवस्थाहरूको उद्देश्य बाहेकको उद्देश्यले निज प्रतिवादीहरूले जाहेरवालालाई अपहरण गरेको देखिँदा प्रतिवादीहरूको कसुरको मात्रा र घटनाको स्वरूप एवं प्रकृतिको आधारमा प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्कालाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. अनुसार जनही चार वर्ष छ महिना कैद र रु.२५,०००।- (पच्चिस हजार रुपैयाँ) जरिवाना हुने र अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ७ नं. अनुसार थप दुई वर्ष कैद हुने ठहर्छ । साथै अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १२ नं. अनुसार जाहेरवालाले प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्काबाट रु.१,०००।- (एक हजार रुपैयाँ) क्षतिपूर्ति भराई पाउने ठहर्छ । प्रतिवादीहरू शिशु भन्ने गोपाल सिंह भुजेल र मदन भन्ने घनश्याम गिरी जाहेरवालालाई अपहरण गर्न संलग्न नरहेको भनी जाहेरवालाले र बुझिएका मानिसहरू धनवहादुर तामाङ, इस्माइल चुरौटे, हेमबहादुर कार्की र महम्मद आलमले बकपत्र गरेको देखिएको र निज प्रतिवादीहरू जाहेरवालालाई अपहरण गर्न संलग्न रहेको भन्ने सम्बन्धमा वादी पक्षबाट प्रमाण प्रस्तुत हुन सकेको नदेखिएको हुँदा प्रतिवादीहरू शिशु भन्ने गोपाल सिंह भुजेल र मदन भन्ने घनश्याम गिरीलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. र ७ नं. बमोजिम सजाय गरी पाऊँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी नपुग्ने र निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । चौपायाको २ नं. को कसुरमा सोही महलको १५ नं. बमोजिम गरी पाउन अभियोग पत्रमा दाबी लिइएकोमा उक्त कसुर सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गतको कसुर भएको नदेखिएको र तीनवटा गाई मरेको सम्बन्धमा जाहेरवालाले चौपायाको महल अन्तर्गत नालिस गरेको अवस्थामा कानुन बमोजिम ठहरे अनुसार हुने नै भएको हुँदा प्रतिवादीहरूलाई चौपायाको १५ नं. बमोजिम तीनवटा गाईको रु.९०,०००।- बिगो कायम गरी सो बिगो जाहेरवालालाई भराई बिगो बमोजिम जरिवाना गरी पाऊँ भन्ने वादी नेपाल सरकारको

अभियोग दाबीको सम्बन्धमा केही बोलिरहन परेन । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी मुलुकी ऐन, अ.वं. १८६ नं. बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्कालाई जम्मा जनही छ वर्ष छ महिना कैद र रु.२५,०००।- (पच्चीस हजार रुपैयाँ) जरिवाना हुने ठहरेकोले निज प्रतिवादीहरू समाह्वान म्यादमा हाजिर नभै म्याद नै गुजारी बसेको देखिँदा निजहरूलाई लागेको उक्त जनही कैद र जरिवानाको लगत कसी असुल गर्न तहसिल शाखामा लगत दिनू.......................................................................१

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरू शिशु भन्ने गोपाल सिंह भुजेल र मदन भन्ने घनश्याम गिरीले अभियोग दाबीबाट सफाइ पाउने ठहरेकोले निज प्रतिवादीहरू यस अदालतको आदेशानुसार पुर्पक्षको लागि कारागार कार्यालय महोत्तरीमा थुनामा रहेको देखिँदा अन्य कारणले थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट छाडिदिनू भनी कारागार कार्यालय महोत्तरीमा लेखी पठाइदिनू..............................................२

माथि ठहर खण्डमा लेखिएबमोजिम जाहेरवालाले प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्काबाट रु.१,०००।- (एक हजार रुपैयाँ) क्षतिपूर्ति भराई पाउने ठहरेकोले उक्त क्षतिपूर्ति दिलाई भराई पाऊँ भनी प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्काको नाउँको यसै शरहदको जेथा देखाई मुलुकी ऐन, दण्ड सजायको महलको ४२ नं. को म्यादभित्र जाहेरवालाको दरखास्त परे निज प्रतिवादीहरूबाट जाहेरवालालाई भराई दिनू र क्षतिपूर्ति भराए बापत कानून बमोजिम लाग्ने दस्तुर भराउँदाको बखत जाहेरवालाबाट असुल गर्नू............३

यस इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्न जानू भनी फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय महोत्तरीमा पुनरावेदनको म्याद पठाइदिनू.४

प्रतिवादीहरू महेश श्रेष्ठ र आशिष खड्काले समाह्वान म्यादमा हाजिर नभई सुरु म्याद नै गुजारी बसेको देखिँदा मुलुकी ऐन, अ.वं. २०८ नं. बमोजिम निज प्रतिवादीहरूको नाउँमा पुनरावेदनको म्याद जारी गरिरहनु परेन । निजहरूलाई प्रस्तुत फैसलाको जनाउ दिनू............................................................५

सरोकारवालाले फैसलाको नक्कल मागे नियमानुसार सारी सराइदिनू.................................................६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू.................................७

माननीय जिल्ला न्यायाधीशज्यूले
बोली टिपाए बमोजिम टिपी यो
फैसला कम्प्युटर टाइप गर्ने फाँटवाला
ना.सु. विनोदकुमार कार्की.............

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल मंसिर १८ गते रोज २ मा शुभम्...............।**

**श्री धनुषा जिल्ला अदालत**
**ईजलाश**
**माननीय जिल्ला न्यायाधीश श्री बलभद्र बास्तोला**
**फैसला**
**सम्बत २०६७ सालको स.फौ.नं. २३५**
**नि.नं. २३६**

**मुद्दाः- अपहरण तथा शरिर बन्धक र कर्तव्य ज्यान ।**

**वादीको नाम थर वतनः-**

जिल्ला धनुषा, बसहिया गा.वि.स.वार्ड नं. ५ मा बस्ने सहिदा खातुन समेतको जाहेरीले वादी नेपाल सरकार ....................................................१

साक्षी...............

कागज.............

**प्रतिवादीको नाम थर वतनः-**

जिल्ला धनुषा, सोनिगामा गा.वि.स.वार्ड नं.८ टिल्ही बस्ने जय र राजे भन्ने जगरनाथ यादव ..१

जिल्ला महोत्तरी, एकरहिया गा.वि.स. वार्ड नं. ७ अतरार टोलमा बस्ने राज कुमार मण्डल भन्ने श्री नारायण मण्डल ........................................१

जिल्ला धनुषा, अन्नुपट्टि कटरैत गा.वि.स. वार्ड नं. ३ उत्तरवारी टोलमा बस्ने लक्ष्मण यादव ..........१

भारत बिहार राज्य जिल्ला मधुवनी थाना साहरघाट पोष्ट अवारी ग्राम पंचायत पिहरवारा गाउँ करहुवामा बस्ने सुधिर साह.....................१

जिल्ला महोत्तरी, धिरापुर गा.वि.स.वार्ड नं. ९ मा बस्ने राजे महतो .......................................१

जिल्ला धनुषा, बसहिया गा.वि.स. वार्ड नं. २ मा बस्ने साहिद शेष .......................................१

जिल्ला धनुषा, बसहिया गा.वि.स. वार्ड नं. ४ मा बस्ने मनोज मण्डल खत्वे ............................१

साक्षी................

कागज...............

**अदालतवाट वुझेको**
**साक्षी...........**
**कागज..........**

**न्याय प्रशासन ऐन,२०४८ को दफा ७ र अ.वं.२९ नं.ले यसै अदालतको क्षेत्राधिकार भित्रको भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकारको छः-**

जिल्ला धनुषा गा.वि.स.यज्ञभुमि वार्ड नं.७ स्थित नक्कल बहादुर पाखिनको पर्ती जग्गामा नाम, थर, वतन नखुलेको पुरुष व्यक्तिको लाश रहेको, मृतक लाशको वरिपरि सिरुघाँस रहेको, लास भन्दा ५ मिटर पुर्व उत्तरमा सिमलको रुख रहेको, सिरु घाँस मडारिएको देखिएको, मृतक लाश निर जग्गा तथा सिरु घाँसमा रगतहरु रहेको, सो सँगै रगत लागेको आधा किलो ग्रामको ढुङ्गा बरामद भएको, मृतक लाशको टाउँको दक्षिण भई उत्तर दक्षिण रहि उतानो अवस्थामा रहेको, मृतक लाशको

टाउँकोमा रगत लागेको, अनुहार सुन्निएको, रगत लागेको, घाँटीमा डाम रहेको, नाकको दुवै प्वालबाट रगत निस्केको, दुवै कानमा रगत लागेको, टाउँकोको पछाडी पट्टी २ वटा काटिएको घाउ रहेको, टाउकोको पछाडी पट्टी दाहिने कानवाट ३ इन्चमा २ इन्च लामो काटिएको घाउ रहेको, उक्त घाउवाट १ इन्च दुरीमा १ इन्च लामो काटिएको घाउ रहेको, घाउबाट रगत बगी कपाल रगतले भिजेको र पहेलो भेष्टमा समेत रगतको दाग रहेको भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०६७/७/७ गते अं.०७:३० बजेको समयमा जिल्ला धनुषा गा.वि.स. यज्ञभुमि वार्ड नं.७ स्थित बालुवा नदिको किनारमा अं.वर्ष १७/१८ को पहाडी मुलुको जस्तो देखिने पुरुष व्यक्तिलाई कर्तव्य गरी मारेकोमा मृतकको नाम, थर, वतन पता लगाई निजलाई कर्तव्य गरी मार्ने अपराधिहरुको सुराक पता लगाई पकाउ गरी अनुसन्धान कारवाही हुन भन्ने प्रहरीको प्रतिवेदन ।

जिल्ला धनुषा गा.वि.स.बसहिया वार्ड नं.९ स्थित बसहिया गाउँ देखि जनकपुर नगरपालिका वार्ड नं.१२ हनुमाननगर तर्फ जाने सडकवाट मोवारक राईन र सतिष साह लाई खाने कुरा खुवाई ललाई फकाई गरी अपरिचित व्यक्तिहरुले अपहरण गरी लिई गएको हो भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

म निवेदकको नाती वर्ष १० को सतिश कुमार साह गाउँमा नै बसी जनकपुर स्थित सिद्धार्थ बोडिङ्ग स्कुलमा पढदै आएकोमा मिति २०६७/७/४ गतेका दिन विद्यालयमा गएको र विद्यालयवाट मेरो नाती सतिस कुमार साह र मोवारक राईन कवारी समेत घरमा नआई हराई रहेको र हालसम्म घर नफर्कि आएको अवस्था अज्ञात रहेकोमा नाती सतिश कुमार साहलाई खोज तलास गरी पाउँ भन्ने खेदरु साहको निवेदन ।

जिल्ला धनुषा जनकपुर नगरपालिका वार्ड नं.७ जानकी नगर टोल स्थित संतोष साहको घरमा डेरा गरी वस्ने श्री नारायण मण्डलको डेरा कोठा रहेको, सो घरको उत्तर दक्षिण गरी बराण्डा रहेको सो बराण्डामा ज.१.प.८१८३ नं.को कौसमिक मोटर साईकल थान-१, वा.९ प.२४८७ नं.को कैलिभर मोटर साईकल थान-१ रहेको, पुर्व मोहडा भएको घर कोठामा श्री नारायण मण्डल भाँडामा लिई बस्ने डेरा कोठा रहेको, सो घर ढोका खुल्ला अवस्थामा रहेको, सो घर भित्र उत्तर पश्चिम पट्टी काठको पलङ्ग रहेको, सो पलङ्ग माथि विस्तारामा लक्ष्मण यादव र जगरनाथ यादव फेला परेको, निजहरुको शरिर तलासी गर्दा लक्ष्मण यादवको पाईन्टको खल्तीवाट १००० को दरले ४४ थान जम्मा रु.४४०००।- नगद, दाहिने साईडको खल्तीवाट ९८१४८८७६४० नं. भएको सिम कार्ड भएको नोकिया कम्पनीको मोवाईल थान-१, निज श्री नारायण मण्डलले प्रयोग गर्दै आएको किचेन कोठा खुल्ला अवस्थामा रहेको सोही किचेन कोठमा श्री नारायण मण्डल फेला परेकोमा, सो घर कोठा खान तलासी गर्दा २ वटा चामलको बोरा रहेको, एक वटा बोरा अं.५ किलो चामल रहेको, सो भित्र हेर्दा काठको विड भएको ९ इन्च लामो कटुवा पेस्तोल थान-१ र अर्को बोरामा अं.३ किलो चामल रहेको सो भित्र हेर्दा गोली राउण्ड-४ र गोली राख्ने चार्जर थान-१ बरामद भएको खानतलासी बरामदी मुचुल्का ।

मिति २०६७/७/४ गतेका दिन मोवारक राईन र सतिस कुमार साहलाई अपहरण गरी लिई गई सतिश साहको अभिभावक सँग रु.२,७५,०००।- फिरौती रकम लिई गई मोवारक राईनलाई जिल्ला धनुषा गा.वि.स.यज्ञभुमि वार्ड नं.७ स्थित नदीको किनारामा लगी ढुङ्गा प्रहार गरी कर्तव्य गरी मारी फाली दिएको पश्चात सतिश साहलाई जिल्ला धनुषा गा.वि.स.वेगाडावर अर्न्तगत बडहरी बजारको खोलाबाट अपहरण मुक्त गरी दिएकोमा मिति २०६७/७/७ गेतका दिन विहान जिल्ला धनुषा गा.वि.स. यज्ञभुमि वार्ड नं.७ स्थित बालुवा नदिको किनारमा बेवारिस अवस्थामा मृतक मोवारक राईनको लाश कर्तव्य गरी मार्ने श्रीनारायण मण्डल, लक्ष्मण यादव, जगरनाथ यादव समेतले अपहरण गरी लगी कर्तव्य गरी मारी फालेकोमा निज जगरनाथ यादव, श्रीनारायण मण्डल र लक्ष्मण यादव समेतको शरिर तलासी गर्दा निज मध्येको लक्ष्मण यादवको साथवाट रु.४४०००।- नोकिया कम्पनीको मोवाईल थान-१,

फेला परेको निज श्री नारायण मण्डलको कोठावाट ज.१.प.८१८३ नं.को मोटर साईकल थान-१, वा.९.प.२४८७ नं.को मोटर साईकल थान-१ गरी जम्मा थान-२, बरामद भएको, श्री नारायण मण्डलको किचेन कोठावाट चामलको बोरामा रहेको चामलबाट काठको विड भएको कटुवा पेस्तोल थान-१, गोली राउण्ड-४ र गोली राख्ने चार्जर थान-१ बरामद भएकोमा उक्त समानहरु बरामद गरी सो को बरामदी मुचुल्का तयार गरी श्री नारायण मण्डल, लक्ष्मण यादव र जगरनाथ यादव समेतलाई पक्राउ गरी दाखिला गरेको छु । कानुन वमोजिम आवश्यक कारवाही गरी पाउँ भन्ने प्रहरीको प्रतिवेदन ।

मिति २०६७/७/४ गतेको दिन अं.१०:०० बजेको समयमा जिल्ला धनुषा गा.वि.स. बसहिया देखि जनकपुर जाने सडकमा म जाहेरवालाको छोरा वर्ष १३ मोवारक राईन र सतिश साह समेतलाई श्री नारायण मण्डल, लक्ष्मण यादव, जगरनाथ यादव, सादिक शेष र मनोज मण्डल खत्वे समेत मिली अपहरण गरी लगी मेरो छोरा मोवारक राईनलाई जिल्ला धनुषा गा.वि.स.यज्ञभुमि वार्ड नं.७ स्थित बालुवा नदिको किनारमा ढुङ्गाले टाउँको समेतमा प्रहार गरी हिकाई कर्तव्य गरी मारी सके पछि सतिश साहलाई अपहरण मुक्त गरेकोमा निज अपराधिहरुलाई खोज तलास पक्राउ गरी अपहरण तथा शरिर बन्धक र कर्तव्य ज्यान मुद्धा सम्बन्धि कारवाही तथा सजाय गरी पाउँ भन्ने सहिदा खातुनको जाहेरी दरखास्त ।

मृतक नाम, थर वतन नखुलेको अं.वर्ष १६/१७ को पुरुष व्याक्तिको हेड इन्जुरीको कारण मृत्यू भएको हो भन्ने शव परिक्षण प्रतिवेदन ।

प्रतिवादी मध्येका लक्ष्मण यादवलाई पहिले देखि र श्रीनारायण मण्डललाई जनकपुरमा आएपछि चिनेको हो । मिति २०६७/७/३ गतेका दिन म तथा साथी श्री नारायण मण्डल, लक्ष्मण यादव, मनोज मण्डल खत्वे, सदिक शेष समेत मिली जिल्ला धनुषा जनकपुर नगरपालिका वार्ड नं.७ स्थित साथी श्रीनारायण मण्डलको डेरा कोठामा बसी सल्लाह गर्दा प्रतिवादी मनोज मण्डल र सदिक शेषले सतिश साह र मोवारक राइन हाम्रा गाउँका केटा हुन्, अपहरण गर्यो भने निजहरुको अभिभावक धनी हुँदा धेरै फिरौती आउछ भनी भनेकोले सोही सल्लाह अनुसार सतिश साह र मोवारक राईनलाई अपहरण गरी रकम फिरौती लिने योजना बनाई सोही योजना अनुसार मिति २०६७/७/४ गतेका दिन दिउँसोको समयमा साथी श्रीनारायण मण्डलले मोवाईलवाट सम्पर्क गरी म बस पार्कमा जिप गाडीवाट आई रहेको छु भनी सहमति अनुसार मनोज मण्डल र सदिक शेषले सतिश साह र मोवारक राईन समेतलाई अपहरण गरी लिई आई सकेपछि श्रीनारायण मण्डलले भने पछि म रामानन्द चौक आउछु भनी फोन गरी सके पश्चात त्यस पछि निज तत्काल रामानन्द चौकमा म र लक्ष्मण यादव रामानन्द चौकमा आएको म र लक्ष्मण यादव पुग्दा श्रीनारायण मण्डल गाडीमा तयारी भई बसेको हालतमा लक्ष्मण यादव गाडीमा चढी जनकपुर चुरोट कारखानाको पछाडी पुग्दा श्रीनारायण मण्डलले गाडी रोक्न लगाई रोकी सके पश्चात बाटोवाट साथी मनोज मण्डल खत्वे र सदिक शेष समेतले सतिश साह र मोवारक राईनलाई गाडीमा राखी सके पछि साथी श्रीनारायण मण्डलले मनोज मण्डल खत्वे र सदिक शेषलाई निजहरुको अभिभावकहरु सँग कुरा गरी मनोज मण्डल खत्वे, सदिक शेष साईकलमा चढी फिर्ता गई गाडीमा सतिश साह, मोवारक राईन म लक्ष्मण यादव, श्रीनारायण मण्डल, चालक समेत भई जमुनिया हुदै सर्लाही जिल्लाको मलग्वा नजिकको नहरमा गई म आफ्नो पार्टीको साथी सागर नाम गरेको व्यक्तिसँग मोवाईलवाट फोन गरी सागर नाम गरेको व्यक्ति लिन आउछ भनी निजहरुलाई सोही नहरमा ओराली सोही गाडीमा म र साथी लक्ष्मण यादव फर्की आएको म पछि श्रीनारायण मण्डलको मोवाईल फोनमा सम्पर्क गर्दा मिति २०६७/७/५ गतेका दिन विहान साथी श्रीनारायण मण्डलले सम्पर्क गरी म वाहिर छु मलाई सर्लाहीबाट भगाई लिएको छ भने पश्चात मैले साथी लक्ष्मण यादवलाई फोन गरी रामानन्द चौकमा पुग्दा साथी मनोज मण्डल र सदिक शेष आए पछि मैले ज.१.प.८१८३ नं.को मोटर साईकलमा मनोज मण्डल खत्वेलाई र सदिक शेषलाई लक्ष्मण यादवले चलाउने गरेको

वा.९.प.२४८७ नं.को मोटर साईकलमा चढी सवै जना वर्दिवास गए पछि श्री नारायण मण्डल र अपहरित बच्चाहरुसँग कुराकानी गरी म मनोज मण्डल र सदिक शेष मोटर साईकलमा चढी जनकपुर तर्फ आएको लक्ष्मण यादव र श्रीनारायण मण्डल समेत सतिश साह र मोवारक राईन बर्दिवासमा नै बसेको, मसँग पिडित पक्षसँग निरन्तर सम्पर्क गरी गरी रु.२,७५,०००।- मा कुरा मिली सके पश्चात सतिश साहलाई मुक्त गर्ने सहमति भए पछि मैले साथी श्रीनारायण मण्डल र लक्ष्मण यादव सँग कुराकानी गरी पिडित पक्ष समेत सँग कुराकानी गरी सके पछि मलाई साथी श्रीनारायण मण्डलले फोन गर्दा निजले मलाई बोलाउदा म र साथी मनोज मण्डल, सदिक शेष मिति २०६७/८/६ गते ढल्केवर पुगी साथी श्रीनारायण मण्डलसँग भेटे पछि मोवारक राईनले साथी मनोज मण्डल र सदिक शेषसँग फिरौती पैसा माग्न लाग्दा नदिए  पछि गाउँमा भनी दिन्छु भने पछि साथी मनोज मण्डल र सदिक शेषले मोवारक राईनले गाउँमा गए पश्चात हामीलाई बाच्न दिदैन भने आजै मारी दिए पछि सतिश साहलाई अपहरण मुक्त गर्नुपर्छ भने पछि उक्त कुरामा सवै साथीहरु सहमति भई योजना बनाई अक्ष्मण यादवले धारापानी बजार भन्दा उत्तरमा रहेको खोला जंगलमा लगी मारी दिए पश्चात सतिश साहको अभिभावक सँग पैसा लिई छाडनु पर्छ भनी मिति २०६७/७/७ गते बेलुका मात्र सतिश साहलाई छाड्ने कुरामा पिडितसँग सहमति भए पछि मोटर साईकल हामीहरुले ढल्केवरमा नै राखी बस समाती मोवारक राईनलाई कर्तव्य गरी मार्नको लागी धारापानी बजारमा आएको, अन्ध्यारो भए पछि म र साथी श्रीनारायण मण्डल लक्ष्मण यादव, मनोज मण्डल खत्वे, सदिक शेष मोवारक राईनलाई बलुवा खोला तर्फ खोलाको किनारामा रहेको बाँसको घारी नजिक राखी शुरु सल्लाह अनुसार मनोज मण्डल, सदिक शेषले मोवारक राईनको खुट्टा समाती राखेकोमा मनोज मण्डल, श्रीनारायण मण्डलले मुख थुनी घिसारी लगी रुखको विचमा लडाई मनोज मण्डल खत्वेले र सदिक शेषले मोवारक राईनको दुवै हात समाती राखेकोमा साथी लक्ष्मण यादवले ढुङ्गा हातमा लिई टाउँकोको भागमा प्रहार गरी मोवारक राईनको मृत्यू भए पश्चात सतिश साहलाई साथमा लिई खोलाको बाटो हुँदै राजमार्गमा आई बसमा चढाई पुनः ढल्केवर आएको हो, म र मनोज मण्डल खत्वे र सदिक शेष मोटर साईकलमा चढी जनकपुर आएको हो, सतिश साह, श्रीनारायण मण्डल, लक्ष्मण यादव ढल्केवर स्थित लजमा नै बसेको हो । मिति २०६७/७/७ गते पिडित पक्षका व्यक्तिसँग सम्पर्क गरी पैसा लिएर बडहरी बजारको खोलामा जानुस तपाई बच्चा पाउनु हुन्छ भनी जानकारी दिए पछि साथी लक्ष्मण यादव र श्रीनारायण मण्डलले टेली फोन सम्पर्क गरी पैसा प्राप्त भए पछि बच्चा छाडी दिए पछि पैसा लिएर आफ्नो कोठामा आउनुस भनी श्रीनारायण मण्डललाई भने पछि म समेत श्रीनारायण मण्डलको घर कोठामा गई फिरौती प्राप्त रकमहरु मध्ये रु.१,००,०००।- लिएको हो, मोवारक राईनलाई म तथा साथी श्रीनारायण मण्डल, मनोज मण्डल, सदिक शेष, लक्ष्मण यादव समेत लछारपछार गरी ढुङ्गा प्रहार गरि सतिश साहको सामुनेमा कुटपिट गरी कर्तव्य गरी मारेको हो भन्ने पकाउ प्रतिवादी जगरनाथ यादवले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

मिति २०६७/७/३ गतेका दिन विहान मैले साथी जगरनाथ यादव, लक्ष्मण यादव, मनोज मण्डल खत्वे, सदिक शेष समेतसँग भेटी केही कुरामा सर सल्लाह गर्नु छ भनी जिल्ला धनुषा जनकपुर नगरपालिका वार्ड नं.७ स्थित संतोष साहको घरमा मेरो डेरा कोठा छ आउनु भनेकोमा सोही दिन अं.१३:०० बजेको समयमा म आफ्नो डेरा कोठामा बसी रहेको अवस्थामा साथी मनोज मण्डल, लक्ष्मण यादव, सदिक शेष समेत मेरो डेरामा आई सतिश साह र मोवारक राईन समेतको बुवा विदेशमा छ जति पैसा मागेमा पैसा दिन्छ भनी सतिश साह र मोवारक राईन समेतलाई ४/५ दिन लुकाएर राखे पछि निजहरुको अभिभावकसँग जति पैसा मागेमा दिन्छ मैले कहा लुकाउन भने पछि साथी जगरनाथ यादवले केही दिन सर्लाहीमा कसरी पुऱ्याउने भने पछि गाडीको व्यवस्था म गर्छु भनी मैले आफुले प्रयोग गर्ने गरेको मोवाईल फोनवाट राजे महतोको मोवाईलमा फोन गरी रु.५०००।- मा गाडीको कुरा

भए पछि सवै साथीहरु सहमति भए पश्चात साथी मनोज मण्डल र सदिक शेषले मिति २०६७/७/४ गते विहान सतिश साह र मोवारक राईनलाई लिएर आउछु गाडी तयारी राख्नु होला भने पछि साथी जगरनाथ यादव र लक्ष्मण यादव समेत गएको, मिति २०६७/७/४ गते राजे महतोले वि.आर.३०७३१७ नं.को गाडी चालक सुधिर साहले लिई आएकोमा उक्त गाडी बस पार्कमा रोकी राखेकोमा साथी मनोज मण्डलले मेरो घर डेरामा आई सतिश साह र मोवारक राईन समेतलाई लिई जनकपुर चरोट कारखानाको पछाडी लिई आएको छु हिडनुस भन्दा म नयाँ बस पार्कमा गई चालकसँग भेटी उक्त गाडी रामानन्द चौकमा लिएर आउनु होस म त्यही छु भन्दा म गाडी लिई रामानन्द चौकमा पुगी पेट्रोल पम्पमा रोकी राखेको अवस्थामा साथी लक्ष्मण यादव, जगरनाथ यादव आई तेलको पैसा तिरे पछि उक्त गाडीमा म र जगरनाथ यादव, लक्ष्मण यादव चढी जनकपुर चुरोट कारखानाको पछाडी पुग्दा मनोज मण्डल र सदिक शेष साईकलमा फिर्ता गएको हो, साथी मनोज मण्डल, सदिक शेषलाई अपहरित सतिश साह र मोवारक राईनलाई गाडीमा राखी साथी मनोज मण्डल र सदिक शेषको नावालकको अभिभावकसँग कुरा गरी कुरा गर्न लगाउदै जुमुनिया हुँदै निस्की म, लक्ष्मण यादव, जगरनाथ यादव, चालक सुधिर साह र सतिश साह र मोवारक राईन समेत सर्लाही जिल्लाको नहरसम्म गई साथी जगरनाथ यादवले सागर भन्ने लाई पटक पटक फोन गरी नहरमा पुगी सके पछि जगरनाथ यादव र लक्ष्मण यादवले सतिश साह र मोवारक राईन समेतलाई नहरमा ओलारी दिएको हो बजारमा गई चिउरा मासु नास्ता खाएको हो । त्यस पछि पैदल हिडी १ जना मास्टरका घरमा लिई गई छाडी दिएकोमा म समेत मिति २०६७/७/५ गते सर्लाहीवाट बस चढी बर्दिवासमा आए पछि कुराकानी पश्चात म र साथी लक्ष्मण यादव सँगै बसी जगरनाथ यादव, मनोज मण्डल र सदिक शेष फर्की आएको, मिति २०६७/८/६ गतेका दिन मैले जगरनाथ यादव, मनोज मण्डल, सदिक शेषलाई ढल्केवर बजारमा बोलाएकोमा निजहरु ज.१.प.८१८३ र वा.९.प.२४८७ नं.को मोटर साईकलमा चढी बेलुका पख ढल्केवरमा आए पछि मोवारक राईनले सदिक शेष र मनोज मण्डलसँग फिरौती वारे पैसा माग गर्न लागे नदिए म गाउँमा भनी दिन्छु भन्ने पश्चात सदिक शेष र मनोज मण्डलले हामीलाई बाच्न दिदैन यसलाई मारी दिए पछि सतिश साहलाई अपहरण मुक्त गर्नु पर्छ भनी म जगरनाथ यादव, लक्ष्मण यादव, मनोज मण्डल र सदिक शेष समेत सहमती भई योजना बनाई लक्ष्मण यादवले धारापानी भन्दा उत्तरमा रहेको, खोला जंगलमा लगी मोवारक राईनलाई मारी फाली दिए पछि सतिश साहको अभिभावकसँग पैसा लिनु पर्छ भने पश्चात जगरनाथ यादवले फिरौतीको कुरा गरी मिति २०६७/७/७ गते बेलुका तपाईको बच्चा छाडछु पैसा लिएर बर्दिवाँस देखि ढल्केवरसम्म आउनु होला भने उक्त कुरामा सहमति भई जगरनाथ यादव र सदिक शेषले मोटर साईकल ढल्केवरमा छाडी बस समाती मोवारक राईनलाई कर्तव्य गरी मार्नको लागी धारापानी बजारमा लिई आई अध्यारो भए पछि म, जगरनाथ यादव, लक्ष्मण यादव, मनोज मण्डल, सदिक शेष, सतिश साह र मोवारक राईन समेत भई बलुवा खोला तर्फ गई खोलाको किनारामा रहेको वाँसको घारी नजिक रहेको, राडीखुरमा पुगी पुर्व सल्लाह अनुसार मनोज मण्डल र सदिक शेषले मोवारक राईनलाई लडाई निज कराउन खोज्दा मैले मुख थुनि उक्त स्थानबाट घिसारी लगी वाँस र सिमलको रुखको विचमा लडाई मैले र जगरनाथ यादवले खुट्टा समाती मनोज मण्डल र सदिक शेषले मोवारक राईनलाई दुवै हात समाते लक्ष्मण यादवले सोही ठाउँमा रहेको ढुङ्गाले टाउँकोको अगाडि पछाडिको भागमा प्रहार गरी मोवारक राईनको मृत्यू भए पश्चात सतिश साहको अभिभावक सँग फिरौती रकम लिई छाडी दिएको हो । सतिश साहको अभिभावक सँग लिएको फिरौती रकमबाट मैले रु.२५,०००।- पाएको हु । मोवारक राईनलाई म र साथी लक्ष्मण यादव, जगरनाथ यादव, मनोज मण्डल र सदिक शेषले लछार पछार गरी ढुङ्गा प्रहार गरी सतिश साहको सामुनेमा कुटपिट गरी कर्तव्य गरी मारेको हो । मेरो डेरा कोठावाट बरामद भएको कटुवा पेस्तोल, गोली साथी मनोज मण्डलले दिएको हो । मसँग कटुवा पेस्तोल, गोली राख्ने अनुमति

पत्र छैन भनी पक्राउ प्रतिवादी राज कुमार मण्डल भन्ने श्रीनारायण मण्डलले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

जिल्ला धनुषा जनकपुर नगरपालिका वार्ड नं.७ स्थित जिरोमाईल देखि बस पार्क जाने सडकमा जिरोवाईल तर्फवाट आउदै गरेको वि.आर.३०७३१७ नं.को सेतो गाडी रोकी, उक्त गाडी चालक सुधिर साह र गाडी धनी राजे महतो समेतको शरिर खान तलासी गर्दा राजे महतोको साथवाट नोकिया कम्पनीको मोवाईल थान-१, सिम कार्ड थान-१, उक्त गाडी र गाडी चालक र मोवाईल थान-२, गाडी धनी राजे महतो समेत बरामद भएको भनी खान तलासी बरामदी मुचुल्का ।

मिति २०६७/८/१२ गते च.नं.१५७३ को पत्र आदेशानुसार खोज तलास गर्दै जाँदा जिल्ला धनुषा जनकपुर नगरपालिका वार्ड नं.७ स्थित जिरोमाईल देखि बस पार्क जाने सडकमा अन्नपुर्णा होटल अगाडि सडकमा वि.आर.३०७३१७ नं.को गाडी फेला परेकोमा उक्त गाडीमा चालक सुधिर साह र गाडीको अगाडिको सिटमा गाडी धनी राजे महतो समेत फेला परेकोमा निजहरुको शरिर तलासी गर्दा राजे महतोको साथवाट नोकिया कम्पनीको सिम सहित मोवाईल थान-१, यु.टी.एलको सिम भएको मोवाईल थान-१ बरामद भएको, गाडी थान-१, मोवाईल थान-२ चालक सुधिर साह र राजे महतो समेतलाई पक्राउ गरी दाखिला गरेको छु, कानुन वमोजिम आवश्यक कारवाही गरी पाउँ भन्ने प्रहरीको प्रतिवेदन ।

मिति २०६७/७/३ गतेका दिन म र साथी जगरनाथ यादव, मनोज मण्डल खत्वे, सदिक शेषले समेत मिली साथी श्रीनारायण मण्डलको डेरा कोठा जिल्ला धनुषा जनकपुर नगरपालिका वार्ड नं.७ जानकी नगर स्थित डेरा कोठामा बसी सतिश साह र मोवारक राईनलाई अपहरण गरी फिरौती रकम लिई छाड्ने भनी योजना बनाई सोही योजना अनुसार साथी श्रीनारायण मण्डलले वि.आर.३०७३१७ नं.को गाडी धनी राज महतो र उक्त गाडी चालक सुधिर साह समेतसँग गाडी लाने कुराकानी गरी सो योजना अनुसार मिति २०६७/७/४ गतेका दिन सतिश साह र मोवारक राईन समेत जनकपुरमा अध्ययन गर्न आएको अवस्थामा उक्त गाडी जिरोमाईल स्थित राखी रहेको अवस्थामा साथी मनोज मण्डल र सदिक शेष समेतले सतिश साह र मोवारक राईन समेतलाई अपहरण गरी साईकल सहित जनकपुर चुरोट कारखाना पछाडि लिई आएको अवस्थामा म समेत भई उक्त गाडीमा चढी गई गाडीमा राखी सके पछि साथी श्रीनारायण मण्डलले सतिश साह र मोवारक राईन समेतको अभिभावक सँग आफ्नो मोवाईलबाट फोन गरी मनोज मण्डल र सदिक शेषलाई कुरा गर्न लगाई अपहरण गरी सर्लाही स्थित मलग्वा नजिक नहरमा लगी साथी जगरनाथ यादवले आफ्नो साथी सागर भन्ने मानिसलाई फोन गरी सतिश साह र मोवारक राईन समेतले लगाएको कपडा समेत अर्का लगाई सागर भन्नेको जिम्मामा लगाई सोही जिपमा चढी आएको र मिति २०६७/७/५ गतेका दिन विहानको समयमा साथी जगरनाथ यादवले आफ्नो वा.९.प.२४८७ नं.को मोटर साईकलमा चढी पछाडी सदिक शेष र जगरनाथ यादवले हाकी चलाई आएको ज.१.प.८१८३ नं.को मोटर साईकलमा चढी मनोज मण्डल समेत भैं मोटर साईकलमा बर्दिवाँस पुगी वर्दिवाँसको होटलमा नै खाना खाई सोही होटलमा बसी मिति २०६७/८/६ गतेका दिन वर्दिवाँसबाट सवै जना बसमा चढी बडहरी बजारमा आई सतिश साह र मोवारक राईन समेतको अभिभावकसँग फोन गरी फिरौती रकम लिई मात्र छाड्ने भनी सम्पर्क गरी श्रीनारायण मण्डल, म, जगरनाथ यादव, मनोज मण्डल र सदिक शेष र सतिश साह, मोवारक राईन समेत बसमा चढी आई बेलुका पख मोटर साईकल ल्याई ढल्केवर बजारमा नै राखी भेट भए पछि सदिक शेषले सतिश साह र मोवारक राईनसँग फिरौती रकमको पैसा आफुहरुवाट माग्न लगाई फोन गर्दा साथीहरुले मोवारक राईनलाई छाडी दिएमा हामीलाई बाच्न दिदैन भनी निजलाई सवै जना मिली मारी फाली दिने भनी योजना बनाई मिति २०६७/७/६ गतेका दिन बेलुकाको समयमा सतिश साह र मोवारक राईन समेतलाई धारापानी बजारवाट म र साथी जगरनाथ यादव, मनोज मण्डल,

श्रीनारायण मण्डल, सदिक शेष र सतिश साह, मोवारक राईन समेत रातीको समय भए पश्चात धारापानी बजार भई बालुवा खोलाको किनारामा भएको वाँसको घारी झाँग नजिक रहेको राडी खरा तथा झारपातमा पुगी पुर्व योजना अनुसार मनोज मण्डल र सदिक शेषले मोवारक राईनलाई लडाउँदा निज कराउन खोज्दा श्रीनारायण मण्डलले मुख थुनी घिसारी लगी वाँस र सिमलको विचमा रहेको खाली स्थानमा लडाई श्रीनारायण मण्डल र जगरनाथ यादवले दुवै खुट्टा समाती मनोज मण्डल र सदिक शेषले दुवै हात समाती राखेकोमा मैले सोही ठाउँमा रहेको ढुङ्गा लिई टाउँकोको अगाडि पछाडि यत्रतत्र भागमा प्रहार गरी मृत्यू भए पश्चात सतिश साहलाई साथमा लिई राजमार्गमा बस रोकी बसमा चढाई ढल्केवरवाट साथीहरु मनोज मण्डल, सदिक शेष, जगरनाथ यादव मोटर साईकलमा चढी जनकपुर आएको, म र श्रीनारायण मण्डल र सतिश साह ढल्केवर स्थित लँजमा १ वटा कोठा लिई बसी मिति २०६७/७/७ गते दिउँसो पुनः सतिश साहलाई बडहरी बजार नजिक खोलामा लगी राखी निजको अभिभावकसँग पैसा मगाई पैसा खोलामा राख्न लगाई सके पछि सतिश साहलाई जमुनिवासको बाटोमा छाडी दिएको हो । सो पैसा लिई साथी श्रीनारायण मण्डल र म जनकपुर आएको हो । सो फिरौती मध्ये मैले रु. १,२५,०००।- मैले लिएको हो । म समेत भई सतिश साह र मोवारक राईन समेतलाई अपहरण गरी लगी सतिश साहको अभिभावक सँग फिरौती रकम लिई छाडेको हो र मोवारक राईनलाई कर्तव्य गरी मारेको हो भन्ने पक्राउ प्रतिवादी लक्ष्मण यादवले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

जिल्ला धनुषा गा.वि.स.यज्ञभुमि वार्ड नं.७ स्थित बालुवा नदीको किनारमा नम्कल बहादुर पाखिनको वाझो जग्गा रहेको, सो जग्गा रहेको, सो जग्गाको रुख र नम्कल बहादुर पाखिनकै १ झ्याङ्ग घारी वाँस रहेको, सिमल र वाँसको विचमा मिति २०६७/७/६ गते राती मोवारक राईनलाई अपहरण गरी ल्याई ढुङ्गा प्रहार गरी कर्तव्य गरी मारेको छु भनी पक्राउ प्रतिवादी लक्ष्मण यादव, जगरनाथ यादव र श्रीनारायण मण्डल समेतले देखाएको बताए अनुसारको घटनास्थल विवरण ठिक छ भन्ने घटनास्थल देखाए अनुसारको पुनःमुचुल्का ।

मिति २०६७/७/६ गते राती ६ जना व्यक्तिहरु मोटर साईकलमा एकै चोटी आई निजहरु मध्येको ३ जना तत्काल मोटर साईकलमा चढी गएको पक्राउ प्रतिवादी लक्ष्मण यादवले एक वटा कोठा भाडामा लिई लक्ष्मण यादव, श्रीनारायण मण्डल समेतले कोठा हेरी लक्ष्मण यादवले आफ्नो नाम शुसिल यादव जनकपुर ढल्केवर समेत उल्लेख गराएको हो । निजको हातमा मोवाईल समेत थियो मोवाईल नम्बर उल्लेख गर्न नमानेको, निजको साथमा २ जना र बच्चा समेत थियो बच्चा नाम उल्लेख गरिदैन लँजमा भन्ने नवराज गिरीले गरी दिएको घटना विवरण कागज ।

मिति २०६७/७/८ गतेका दिन पक्राउ परेका प्रतिवादी जगरनाथ यादवले पक्राउमा परि दाखिला हुन आएका ज.१.प.८१८३ नं.को मोटर साईकल मरमत गर्नको लागी मेरो ग्यारेजमा ल्याएको हो । निजको मोटर साईकल मरमत गर्नको लागी निज जगरनाथ मण्डलले मलाई मोटर साईकलको समानहरु किन्नको लागि रु.५,०००।- दिएको हो । निज जगरनाथ यादवले कसमिक कम्पनीको ज.१.प.८१८३ नं.को मोटर साईकल मैले मरमत गरे वापत निज जगरनाथ यादवले जम्मा रु.१०,०००।- नगद दिएको हो भन्ने सुरेन्द्र साहले गरी दिएको घटना विवरण कागज ।

मिति २०६७/७/८ गतेका दिन पक्राउ परेका प्रतिवादी लक्ष्मण यादवले पक्राउमा परि दाखिला हुन आएको बा.९.प.२४८७ नं.को मोटर साईकल मर्मत गर्नको लागी दिएको हो । सो मोटर साईकलको पार्ट पुर्जा किन्नको लागी मलाई तत्काल लक्ष्मण यादवले रु.४,०००।- दिएको हो । मिति २०६७/७/१० गतेका दिन निज लक्ष्मण यादवले सोध्दा मोटर साईकल बनाई सकेको छु भन्दा निजले मोटर साईकल मर्मत गरे वापत मलाई लक्ष्मण यादवले रु.८,०००।- दिएका हुन भन्ने अनिल कुमार साहले गरी दिएको घटना विवरण कागज ।

मिति २०६७/७/४ गते विहानको समयमा प्रतिवादी मनोज मण्डल र सदिक शेषले सतिश साह र मोवारक राईनलाई साईकलमा राखी लिई लक्ष्मण यादव, जगरनाथ यादव, श्रीनारायण मण्डल समेतले भारतिय नम्बरको वि.आर.३०७३१७ नं.को गाडीमा राखी मोवारक राईन र सतिश साहलाई अपहरण लगी मोवारक राईनलाई कर्तव्य गरी मारी सकेपछि सतिश साहको अभिभावक सँग रु.२,७५,०००।- फिरौती लिई छाडेको हो । सतिश साह, मोवारक राईन समेतलाई प्रतिवादी लक्ष्मण यादव, जगरनाथ यादव, मनोज मण्डल, श्रीनारायण मण्डल, सदिक शेष समेत मिली अपहरण गरी लगी मोवारक राईनलाई कर्तव्य गरी मारी सतिश साहलाई अपहरण मुक्त गरेको हो । उक्त अपहरण गर्ने कार्यमा वि.आर ३०७३१७ नं.को गाडी, उक्त नं.को चालक सुधिर साह र गाडी धनी राजे महतो समेतको मिलोमतो गरी उक्त घटना वारदात गरेको हो भनी साँक्षीहरुले गरि दिएको घटना विवरण कागज ।

मिति २०६७/७/३ गतेका दिन गाडी धनी राजे महतोले विहान सर्लाही जानु पर्छ भनी गाडी धनीले मलाई आई भनी मेरो साथी श्री नारायण मण्डलले फोन गरी २ जना केटा जनकपुरमा लुकाए राखेको छ पुऱ्याउन जाउ भनी मिति २०६७/७/४ गते विहान ०८:०० बजेको समयमा राजे महतोले मलाई बोलाई गाडीमा तेल छ छैन भनी सोधी मलाई जनकपुरको बस पार्कमा गई बसी राखेको अवस्थामा सोही दिन अं.११:१५ बजेको समयमा श्रीनारायण मण्डलले बस पार्कमा आई गाडी लिएर रामानन्द चौक स्थित पेट्रोलमा डिजल राख्नलाई डिजलको पैसा रु.५००।- श्रीनारायण मण्डलले तिरे । सोही समयमा लक्ष्मण यादव र जगरनाथ यादव समेत आई गाडीमा चढी जनकपुर चुरोट कारखाना पछाडि सडकमा पुग्दा श्रीनारायण मण्डलले गाडी रोक्न लगाई सोही समयमा सोही स्थानमा २ जना नावालक बच्चा चढेको हो । बच्चाहरुसँग आएका २ जना मानिस साईकल लिएर जान लाग्दा श्रीनारायण मण्डलले बच्चाहरुको अभिभावक सँग कुरा गर्ने भनेका हुन । निज बच्चाहरुलाई गाडीमा राखे पश्चात मैले मेन सडक छाडी कच्ची सडक हुदै महेन्द्रनगर हुदैं गाडीको अगाडिको सिटमा लक्ष्मण यादव, पछाडिको सिटमा जगरनाथ यादव, श्रीनारायण मण्डल र विचमा सतिश साह र मोवारक राईनलाई राखी कुराकानी गरी निजहरुले एक आपसमा कुराकानी गरी फिरौती रकम लिई छाडनु पर्छ भनी सुनेको थिए । नवलपुरवाट मंलगवा तर्फको बाटोमा पर्ने नहरमा सम्म गए पछि जगरनाथ यादवले गाडी रोक्नलाई भन्दा मैले गाडी रोकी श्रीनारायण मण्डलले मोवारक राईन र सतिश साहलाई गाडीवाट ओराली सके पछि गाडीमा लक्ष्मण यादव बसी जनकपुर जाउँ भन्दा जनकपुर रामानन्द चौक सडकमा आई पुग्दा गाडीबाट लक्ष्मण यादव र जगरनाथ यादव समेत ओर्लीदा मैले भाडाको पैसा भन्दा अपहरण गरी ल्याएको बच्चाको अभिभावकबाट फिरौती रकम प्राप्त भए पश्चात दिन्छु । पैसा श्रीनारायण मण्डलले दिन्छ । श्रीनारायण मण्डल तिम्रो गाडी धनीवाट कुरा सकेको छ भनी भन्दा मैले उक्त गाडी हाकी चलाई लिई गाडी धनीको घरमा राखेको हो । सतिश साह र मोवारक राईन समेतलाई मैले हाकी चलाई आएको वि.आर ३०७३१७ नं.को जिप गाडीमा लक्ष्मण यादव, श्रीनारायण मण्डल, जगरनाथ यादव समेतले योजना गरेको भोज भतेरमा साहु राजे महतोसँग शरिक भएको हो । सोही गाडीमा अपहरण गरी सर्लाहीसम्म लिएर गएको हो भनी पकाउ प्रतिवादी सुधिर साहले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

मिति २०६७/७/३ गतेका दिन श्रीनारायण मण्डलले जनकपुरबाट २ वटा बच्चालाई मिति २०६७/७/४ गतेका दिन सर्लाही मलग्वा लानु छ कति पैसा भाडा लिनुहुन्छ भनी श्रीनारायण मण्डले मसँग मोवाईल फोन गरी सम्पर्क गर्दा मैले रु.५,०००।- लाग्छ भन्दा निज श्रीनारायण मण्डलले मिति २०६७/७/४ गतेका दिन विहान गाडी पठाई दिनु भन्दा मैले मेरो वि.आर.३०७३१७ नं.को गाडी चालक सुधिर साहलाई भनी मिति २०६७/७/४ गतेका दिन विहानको समयमा श्रीनारायण मण्डलले गाडी पठाई दिनु भन्दा मैले चालक सुधिर साहलाई गाडी लिई बस पार्कमा जानको लागी पठाएको हो ।

चालकलाई मैले गाडीको भाँडा दिदैन तत्काल गाडीमा तेल हाली दिन्छ भनेकोमा मिति २०६७/७/४ गतेका दिन मोवारक राईन र सतिश साह समेतलाई अपहरण गरी ल्याई जनकपुरको चुरोट कारखानाको पछाडि सडकमा गाडी राखी मैले चिन्हेको श्रीनारायण मण्डल र लक्ष्मण यादव तथा जगरनाथ यादवले सर्लाहीको मलंगवा जाने सडकमा पर्ने नहरमा नजिकसम्म लिई गई उक्त स्थानवाट जगरनाथ यादव र लक्ष्मण यादव गाडीमा फर्केका हुन । श्रीनारायण मण्डलले सतिश साह र मोवारक राईन समेत लिएर बसेको मैले यो कुरा कही कतै नभन्नु भनेको हो । पछि श्रीनारायण मण्डलले योजना गरेको पुजाहरुमा शरिक भई म समेत भोज खाएको हो भनी पक्राउ प्रतिवादी राजे महतोले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

मिति २०६७/७/४ गते विहानको समयमा मेरो नाती सतिश साह र मोवारक राईन समेत जनकपुर तर्फ गएकोमा घरमा नआई नातीलाई आफन्त तथा नातेदार समेत खोज तलास गर्दा कही कतै फेला नपरेको, मेरो नाती र मोवारक राईनलाई गाउँकै मनोज मण्डल र सदिक शेषले लिई गएकोमा निज मनोज मण्डल र सदिक शेष घरमा फेला नपरेको, मिति २०६७/७/५ गतेका दिन मैले प्रयोग गर्ने गरेको मोवाईलमा तथा सि.डि.एम.फोन समेतमा विभिन्न नम्बरवाट फोन आउँदा मैले उक्त फोन रिसिभ गर्दा तपाईको नाती सतिश साह मेरो नियन्त्रणमा छ, अपहरण गरी ल्याएको छु फिरौती दिए पछि नातीलाई अपहरण मुक्त गर्छू नत्र मारी फाली दिन्छु भनेकोमा तत:पश्चात निजहरुसँग विभिन्न तरिकावाट सम्पर्क गरी नाती सतिश साहलाई अपहरण मुक्त गराउन पहल गरेको हो । अपहरण मुक्त गर्नको लागि रु.२,७५,०००।- दिए मात्र छाडी दिन्छु र नाती सतिश साहलाई फोन दिई कुरा गर्न लगाई नाती व्याकुल अवस्थामा रुन कराउँदाका बखत मलाई भने अनुसारको रु.२,७५,०००।- दिन्छु भनी सकार गरे पछि मिति २०६७/७/७ गतेका दिन दिउँसोको समयमा पैसा लिई बडहरी बजार भन्दा उत्तर खोलाको बालुवा माथि राखी मैले मोटर साईकलमा चढी आएकोमा केही छिन पछि मेरो नाती सतिश साह दौडेर विच सडकमा आएको हो । नाती घरमा आए पछि बुझ्दा गाउँकै मनोज मण्डल र सदिक शेषले ललाई फकाई ल्याई अपहरणकारीहरु मध्येको श्रीनारायण मण्डल, जगरनाथ यादव, लक्ष्मण यादव समेतको जिम्मा लगाई दिए पछि श्रीनारायण मण्डलले राजे महतोसँग मिलोमतो गरी भारतीय नम्बरको वि.आर.३०७३१७ नं.को गाडीमा राखी चालक सुधिर साहले हाकी चलाई वाहिर पुर्‍याई अपहरणकारीहरु मोवारक राईनलाई कर्तव्य गरी मारेको हो मेरो नातीलाई अपहरणकारीहरुले श्रीनारायण मण्डल समेतले मसँग रु.२,७५,०००।- लिई अपहरण मुक्त गरेको हो भनी खेदरु साहले गरी दिएको घटना विवरण कागज ।

मिति २०६७/७/४ गतेका दिन साथी मोवारक राईनले फिल्म हेर्न जाँउ भन्दा म र मोवारक राईन समेत साइकलमा चढी जनकपुर तर्फ आउँदै गरेको अवस्थामा ब्रहम स्थान नजिक पुग्दा मनोज मण्डल र सदिक शेषसँग भेटी मनोज मण्डल र सदिक शेष र मोवारक राईन एक आपसमा कुराकानी गरी चारै जना पैदल जनकपुरसम्म आयौ । मोवारक राईन र म चिप्स आएको, मनोज मण्डल गएको, म सदिक शेष र मोवारक राईन जानकी मन्दिर नजिक आएकोमा मनोज मण्डल पछि आएकोमा मनोज मण्डल र सदिक शेषले मिल्स एरियामा रहेको फिल्म हलमा हेर्न जाउँ भने पछि सडकमा रुकी राखेको अवस्थामा पक्राउ परेको प्रतिवादी श्रीनारायण मण्डल, लक्ष्मण यादव, जगरनाथ यादव समेत वि.आर.३०७३१७ नं.को जिप चालक सुधिर साह जिपमा चढी आई म समेत बसेको स्थानमा जिप रोकी मनोज मण्डल र सदिक शेष र गाडीमा चढी आएका लक्ष्मण यादव, जगरनाथ यादव, श्रीनारायण मण्डल एक आपसमा कुराकानी गरी मलाई र मोवारक राईन समेतलाई गाडीको विचमा राखी अपहरण गरी लिई नहरमा लगी मलाई र मोवारक राईनलाई श्रीनारायण मण्डलले गाडीबाट ओलारी जगरनाथ यादव र लक्ष्मण यादव समेतले श्रीनारायण मण्डललाई तपाई सँग भेट आउने मानिससँग बस्नुहोला भनी सोही गाडीमा जगरनाथ यादव, लक्ष्मण यादव समेत फर्कि गएको हो । मिति २०६७/७/६ गते

विहान श्रीनारायण मण्डल समेतले पुल नजिकको बजारमा बसवाट ओलारी कहिले बजार र कहिले नदीमा मलाई र मोवारक राईनलाई राखे । टेलिफोनमा कुरा गरी सोही दिन बेलुका म समेतलाई श्रीनारायण मण्डल समेतले ढल्केवर बजारमा लिई आएको म समेत ढल्केवरमा आई सके पछि २ वटा मोटर साइकलमा मनोज मण्डल र सदिक शेष, जगरनाथ यादव, लक्ष्मण यादव समेत चढी आएको हो । ढल्केवर बजारवाट म र मोवारक राईन, मनोज मण्डल, सदिक शेष, श्रीनारायण मण्डल, जगरनाथ यादव र लक्ष्मण यादव, श्रीनारायण मण्डल समेत ढल्केवर बजारबाट चढी धारापानी बजारमा बसवाट ओलारी अध्यारो भए पछि पैदल हिडेर राती भए पछि खोलाको किनार नजिक रहेको वाँसको नजिक रहेको राडी खरमा पुग्दा मनोज मण्डल र सदिक शेषले मोवारक राईनलाई लडाउदा निज मोवारक राईन रुन कराउन खोज्दा श्रीनारायण मण्डलले निजको मुख थुनी निजलाई घिसारी वाँस र सिमलको रुख विचमा रहेको खाली जग्गामा लगी श्रीनारायण मण्डल र जगरनाथ यादवले दुवै खुट्टा, मनोज मण्डल र सदिक शेषले दुवै हात समाती राखेकोमा लक्ष्मण यादवले ढुङ्गा प्रहार गरी टाउँकोको अगाडि र पछाडिको भागमा यत्रतत्र प्रहार गरी मोवारक राईनको मृत्यू भए पछि वालुवा ढुङ्गाको खोला हुदैं पिच सडकमा आई मलाई बसमा चढाई ढल्केवरमा आई जगरनाथ यादव, मनोज मण्डल, सदिक शेष मोटर साईकलमा फर्कि आएको र श्रीनारायण मण्डल र लक्ष्मण यादवले ढल्केवर स्थित होटलमा राखी मिति २०६७/७/७ गते दिउँसो मलाई ढल्केवरवाट खोलामा लिएर गई सोही बेलुका पिच सडकमा ल्याई खेत खेतै जाउँ भनिएको हो । श्रीनारायण मण्डल, लक्ष्मण यादव, जगरनाथ यादव र सुधिर साह समेतले मलाई र मोवारक राईन समेतलाई जिपमा राखी अपहरण गरी लगी श्रीनारायण मण्डल, जगरनाथ यादव, मनोज मण्डल, लक्ष्मण यादव, सदिक शेष समेतले मेरो सामुनेमा मोवारक राईनलाई ढुङ्गा प्रहार गरी मारेको हो भनी अपहरित सतिश साहले गरी दिएको घटना विवरण कागज ।

मिति २०६७/७/४ गतेका दिन मोवारक राईन र सतिश साह समेतलाई अपहरण गरी लगी श्रीनारायण मण्डल, लक्ष्मण यादव, जगरनाथ यादव, सुधिर साह, राजे महतो मिली अपहरण गरी लगी मोवारक राईनलाई कर्तव्य गरी मारेको हो भनी अपहरित सतिश साहले गरी दिएको सनाखत कागज ।

मिति २०६७/७/८ गते प्रहरी कर्मचारीहरु आई मेरो घरमा डेरा गरी बस्ने पकाउ परेका प्रतिवादी श्रीनारायण मण्डललाई दिएको घर कोठा खान तलासी गर्दा निजको सुत्ने कोठाबाट लक्ष्मण यादव, जगरनाथ यादव तथा भान्सा कोठावाट नलकटुवा पेस्तोल थान-१, गोली राउण्ड-४, गोली राख्ने चार्जर थान-१ समेत फेला परेको हो । लक्ष्मण यादव, जगरनाथ यादव र श्रीनारायण मण्डल समेत पकाउ गरी बरामद भएको समानहरु बरामद र बरामदी मुचुल्का तयार समेत गरी लिई गएको हो । श्रीनारायण मण्डलको घर कोठा अगाडि वि.आर.३०७३१७ नं.को सेतो जिप राजे महतो र सुधिर साह प्राय गाडी लिई श्रीनारायण मण्डलसँग जाने निज सँगै आउने गर्ने गरेको हो भनी संतोष साहले गरी दिएको घटना विवरण कागज ।

माथि विरुद्ध खण्डमा उल्लेखित प्रतिवादीहरुलाई मिसिल सलग्न कागज प्रमाणवाट मोवारक राईनलाई प्रयोग गरी सोही गाउँका मनोज मण्डल र सदिक शेषले सतिश कुमार साहलाई गाउँवाट जनकपुर तर्फ ल्याएको र जनकपुर हुदै सर्लाही लगी पुनः वर्दिवास ढल्केवर ल्याई सतिश कुमार साहको परिवारवाट फिरौती लिई छाड्न लाग्दा मोवारक राईनले पनि फिरौतीको हिस्सा माग गरेको नदिएमा गाउँमा भनी दिने धम्की दिएको हुँदा निजलाई खोला नजिकमा लगी यी नै प्रतिवादीहरुले मारेको पुष्टि हुन आएको हुँदा प्रतिवादीहरु श्रीनारायण मण्डल, लक्ष्मण यादव, जगरनाथ यादव, मनोज मण्डल र सदिक शेषको उक्त कार्य मुलुकी ऐन अपहरण तथा शरिर वन्धक लिने को महलको १ नम्बर विपरीत ३ नम्बर अनुसार र ज्यान सम्बन्धि महलको १ नं. विपरित १३ नं. वमोजिमको कसुर अपराध गरेको देखिदा निज प्रतिवादिहरु श्रीनारायण मण्डल, लक्ष्मण यादव, जगरनाथ यादव, मनोज मण्डल र सदिक शेषलाई सोहि अपहरण तथा शरिर वन्धक महलको ३ नम्बर अनुसार सजाँय ७ र ९ नं. अनुसार थप

सजायँ हुन प्रतिवादी मध्ये लक्ष्मण यादवले मृतक मोवारक राईनलाई ढुङ्गाले टाउँकोमा हानी मारेको देखिदा निजलाई ज्यान सम्बन्धि महलको १३(३) नं. वमोजिम र अन्य प्रतिवादीहरु मनोज मण्डल र सदिक शेषले हात समातेको र प्रतिवादीहरु जगरनाथ यादव र श्रीनारायण मण्डलले खुट्टा समाई लडाई मार्ने कार्यमा सहभागी भएको देखिदा निजहरु श्रीनारायण मण्डल, जगरनाथ यादव, मनोज मण्डल र सदिक शेषलाई सोही महलको १३(४) नं. वमोजिम सजाय हुन र गाडी धनी राजे महतो र चालक सुधिर साहले अन्य माथि उल्लेखित प्रतिवादीहरु सँग अपहरण कार्यमा सहमती जनाई अपहरण भएका मोवारक राईन र सतिश कुमार साहलाई सर्लाही पुऱ्याउन गाडी धनीले गाडी दिएको चालकले पुऱ्याई दिएको र पिडितका परिवारवाट फिरौती लिई सकेपछि रु.४,०००।- रकम समेत लिई अपहरणको कार्यमा जानी जानी सहयोग गरेको हुदा निजहरुको सो कार्य अपहरण तथा शरिर बन्ध लिनेको महलको १ नं. विपरित ३ र ४ नं. अनुसार कसुर गरेको देखिदा निजहरु सुधिर साह र राजे महतोलाई सोही महलको ३ नम्बर अनुसार सजाँय ७ र ९ नं. थप सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग माग दावी ।

मैले मृतकलाई अपहरण गरी कर्तव्य गरी मारेको छैन यी जाहेरवाली तथा प्रहरीमा कागज गर्ने लगायतका कसैलाई चिन्हेको छैन । प्रतिवादीहरुलाई पनि चिन्हेको छैन । मिति २०६७।७।४ गतेको दिन रात म आफनै गाउ घरमा छु । जाहेरी लगायतका सम्पूर्ण कागजात झुठा हो । प्रहरीले मलाई घरवाट पक्राउ गरी लगेका हुन् । अभियोग दावीको कसुर गरेको छैन । तसर्थ अभियोगवाट सफाई पाउ भन्ने समेत व्यहोराको प्रतिवादी जगरनाथ यादवले अदालतमा गरेको वयान ।

मैले मृतकलाई अपहरण गरेको छैन । मिति २०६७।८।८।४ मा श्री नारायणको कोठाको खान तलासी वरामदी मुचुल्का पढी बाँची सुनाउँदा सुने र वरामद देखाएको घर कोठा मैले धेरै पहिला छाडी सकेको छु सो घर डेरामा वरामद भएको समानहरु कसको हो सो केही थाहा छैन । मैले यी जाहेरी अनुसारको घटना वारदात गरेको छैन । जाहरी व्यहोरा झुठा हो । अनुसन्धान अधिकारी समक्ष जगरनाथ यादवले गरेको वयान कागज सुनाउँदा सुने जगरनाथ यादवको वयान कागज झुठा हो । निजको भनाई अनुसार घटना वारदात गरेको छैन । मैले जगरनाथ यादवलाई चिन्हेको छैन । प्रहरीले निर्मम तरिकाबाट मलाई कुटपिट गरेका हुन् । आफै प्रहरीले वयान कागज व्यहोरा तैयार पारी डर त्राश समेत दिई सो कागजमा सहि गराएका हुन् । मैले लेखाएको व्यहोरा होइन । म निर्दोष छु । अभियोग माँग दावी पढि सुने अभियोग दावी अनुसारको कसुर अपराध गरेको छैन । म निर्दोष छु । तसर्थ अभियोग दावीबाट सफाई पाउनु पर्छ भन्ने समेत व्यहोराको राज कुमार भन्ने श्रीनारायण मण्डलले अदालतमा गरेको वयान ।

चालक सुधीर साहलाई चिन्हेको छु । अन्य कुनै प्रतिवादीहरु र जाहेरवाली तथा कागज गर्ने कसैलाई चिन्हेको छैन । मिति २०६७।७।४ गते म आफनै गाउ घरमा छु । वि.आर ३०७३१७ नं.को गाडी मैले भाडामा प्रयोग गर्ने गरेको गाडी नामसारी भएको छैन । उक्त गाडी जनकपुर भाडामा आएको छैन । म उपरको अभियोग दावी झुठा हो, तसर्थ अभियोगवाट सफाई पाउ भन्ने प्रतिवादी राजे महतोको अदालतमा भएको वयान ।

मिति २०६७।७।४ गतेका दिन रात म आफ्नै गाउँ घरमा छु । घर बहिर गएको छैन । मैले मृतकलाई चिन्हे जानेको छैन । अपहरण गरी कर्तव्य गरी मारेको पनि छैन । मिति २०६७।८।८ मा श्रीनारायणको कोठा खान तलाशी वरामदी मुचुल्का पढी वाँची सुने श्रीनारायण मण्डललाई चिन्हेको छैन । मुचुल्का व्यहोरा बारे केही थाहा छैन । प्रहरीले मेरो घरबाट मोटरसाईकल सहित मलाई पक्राउ गरेका हुन् । जनकपुरबाट नगद मोटर साईकल सहित पक्राउ गरेको कुरा झुठा हो । घरमा प्रहरी आई एक्कासी मलाई बोलाई मेरो खल्तिमा रहेको १०००/- दरको ४४ थान नोट रु.४४,०००/- र मोवाइल नोकिया सिम नं. ९८१४८८७९४० को मोवाईल समेत सहित मलाई घरबाट ल्याएका हुन् । जनकपुरमा

पक्राउ गरेको कुरा झुठा हो । जाहेरी दरखास्त अनुसारको कसुर अपराध गरेको छैन । मैले जाहेरी कर्तालाई चिन्हेको पनि छैन । जगरनाथ यादव समेतको वयान कागज सुने निजहरुलाई मैले चिन्हेको छैन । घटना वारदात मैले गरेको छैन । अनुसन्धान अधिकारी समक्ष मैले वयान लेखाएको होइन । प्रहरीले कुटपिट गरी सहिछाप गराएका हुन । अभियोग पत्र पढी सुनाउँदा सुने म उपरको आरोप निराधार हो । मैले कुनै घटना वारदात गरेको छैन । सो घटना बारे थाहा पनि छैन । तसर्थ म निर्दोष हुँदा अभियोग माग दावीबाट सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी लक्ष्मण यादवले अदालतमा गरेको वयान ।

मिति २०६७।७।४ गते म आफनै गाउ घरमा छु प्र.राजे महतोको गाडी जनकपुर भाडामा आएको छैन । जाहेरी लगायतका सम्पूर्ण कागज विषयमा मलाई केही थाहा छैन । वि.आर ३०७३।७ नं.को गाडी चालक म हुं । अन्य दशीका सामान कस्को हो थाहा छैन । अभियोग दावीको कसुर गरेको छैन । तसर्थ अभियोगवाट सफाई पाउ भन्ने समेत व्यहोराको प्रतिवादी सुधीर साहले अदालतमा गरेको वयान ।

यसमा पछि प्रमाण वुझदै जादा पछि ठहरे वमोजिम हुने गरी हाल यि प्रतिवादीहरु जगरनाथ यादव, श्रीनारायण मण्डल, लक्षमण यादव, राजे महतो र भारतीय नागरिक सुधिर साहलाई कानून वमोजिम सिधा पाउने गरी मुद्दा पुर्पक्षको लागि अ.वं. ११८ को देहाय २ वमोजिम थुनामा राख्न थुनुवा पुर्जि दिई श्री कारागार कार्यालय, जलेश्वर महोत्तरीमा पठाई दिनु भन्ने मिति २०६७।९।१२ को आदेश ।

उक्त आदेशानुसार प्रतिवादीहरु जगरनाथ यादव, श्रीनारायण मण्डल, लक्षमण यादव, राजे महतो र भारतीय नागरिक सुधिर साहलाई थुनुवा पूर्जि दिई कारागार कार्यालय, महोत्तरी जलेश्वरमा लेखि पठाएको देखियो ।

जिल्ला सरकारी वकिल कार्यालयको नि.द.नं.४१०७, मिति २०६७।९।१६ मा भुलवस अभियोग पत्र टाईप गर्दा उक्त १२ नं. बमोजिमको दावी छुट्न गएकोले उक्त महलको १२ नं. बमोजिम विरुद्ध खण्डमा उल्लेखित प्रतिवादीबाट पिडित तथा निजका अभिभावकलाई क्षतिपूर्ति र फिरौती रकम फिर्ता दिलाई भराई पाउने दावी अभियोग पत्रमा कायम गरी पाउन जिल्ला अदालत नियमावली २०५२ को नियम १७ अनुसार निवेदन पेश भएको देखिन्छ ।

यसमा जाहेरवाली, प्रतिवेदक, घटनास्थल लाश जाँच प्रकृती मुचुल्कामा बस्ने मानिसहरु, खान तलाशी वरामदी मुचुल्कामा बस्ने मानिसहरु र घटना विवरण कागज गर्ने मानिसहरुलाई बपकत्रका लागि जिल्ला सरकारी वकिल कार्यालय मार्फत उपस्थित गराउनु भनी जिल्ला प्रहरी कार्यालयलाई लेखि पठाउनु र प्रतिवादीहरुका साक्षी समेत प्रतिवादीहरुबाट उपस्थित गराउन सक्ने हो होइन ? कागज गराई सक्ने भए तोकिएको तारेखमा उपस्थित गराउन लेखि पठाई फरार प्रतिवादीहरुको अंश रोक्का राखी पेश गर्नु भन्ने मिति २०६८/९/११ को आदेश ।

उक्त आदेशानुसार बकपत्रका लागि जिल्ला सरकारी वकिल कार्यालयलाई पत्र लेखि पठाईएयो, साथै प्रतिवादीहरुका साक्षी समेत प्रतिवादीहरुबाट उपस्थित गराउन सक्ने हो भनि कारागार कार्यालय मार्फत कागज लेखी आएको मिसिल संलग्न रहेको देखियो ।

मिति २०६७/७/४ देखि ८ गते रातीसम्म गाउँ घरमैं थिए । सो मितिमा प्रतिवादी लक्ष्मण यादवसँग गाउँ घरमैं भेटघाट भएको हो । मिति २०६७/८/८ गतेमा राती २२:३० बजेको समयमा निजकैं घरबाट पक्राउ गरी ल्याएका हुन् । प्रहरीले लक्ष्मण यादव, निजको मोटरसाईकल र निजको साथमा रहेको नगद समेत ल्याएका हुन् । अभियोग दावी झुठा हो । प्रतिवादी लक्ष्मण यादव घटना मिति भनिएको दिन आफ्नो गाउँ घर मैं थिए । सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी लक्ष्मण यादवको साक्षी महादेव यादव र राम वरण यादवले अदालतमा पृथक-पृथक गरेको बकपत्र ।

प्रस्तुत मुद्दामा प्रतिवादी जगरनाथ यादव समेत भैं ज्यान मारेको भन्ने भनाई झुठा हो । उक्त घटना हुँदा प्रतिवादी जगरनाथ निज आफ्नो गाउँ घरमा नैं थिए । जाहेरी दरखास्तमा प्रतिवादी जगरनाथ समेत मिलि घटना घटाएको कुरा झुठा हो भन्ने समेत व्यहोराको प्रतिवादी जगरनाथ यादवको साक्षी जिवेन्द्र प्रसाद यादव र विजय कुमार यादवले अदालतमा पृथक-पृथक गरेको बकपत्र ।

मिति २०६७/७/३ र ४ गते म गाउँ घरमैं थिए । प्रतिवादी सुधिर साह गाडी चलाउने भएकोले ऐ.३ गते गाडी भाडामा लिएर उमगांव गएका थिए । सो दिन साँझ घरमा फर्किएका थिए । प्रतिवादी सुधिर कुमार साह राजे महतोको गाडी चलाउने गर्थ्यौं । प्रतिवादी सुधिर कुमार साह समेत भई मुवारक राईनलाई कर्तव्य गरी अपहरण समेत गरी मारेको हो भन्ने अभियोग दावी झुठा हो भन्ने समेत व्यहोराको प्रतिवादी सुधिर कुमार साहको साक्षी जट्टा महतो, विनोद महतो र बुदन मण्डल समेतले अदालतमा पृथक-पृथक गरेको बकपत्र ।

मिति २०६७/७/३ र ४ गतेमा म र प्रतिवादी राजे महतो घरमैं थियौं । मिति २०६७/७/३ गाडी इन्डिया तिर भाडामा गएको थियो र साँझ घर फर्कि आए ऐ.४ गते गाडी घरमैं थिए । अपहरणमा प्रयोग भएको छैन । प्रतिवादी राजे महतो समेत भई आफ्नो गाडीमा अपहरण गरी मोवारक राईनको हत्या गरेको भन्ने अभियोग दावी झुठा हो भन्ने समेत व्यहोराको प्रतिवादी राजे महतो साक्षी मनोहर मण्डल र योगेन्द्र महतोले अदालतमा पृथक-पृथक गरेको बकपत्र ।

यसमा प्रतिवेदक समेतलाई नबुझि नहुने भएकोले प्रतिवेदक प्रहरी निरिक्षक प्रकाश मल्ल, जाहेरवाली सहिदा खातुन, वरामदी मुचुल्काका राम बाबु साह, मनोज साह, राम रतन साह, विश्वनाथ साह, खुशी कुमार दास, घटनास्थल लाँश जाँच मुचुल्काका तारा लामा, शमसेर लामा, लखी नायक, प्रतिवेदक प्र.स.नि. विगन राय यादव, कागन गर्ने नवराज गिरी, सुरेन्द्र साह, अलि हुसेन राईन, अरविन्द राईन, कमरुद्दिन राईन, अनिल कुमार यादव, खेहरु साह, पिडित सतिश कुमार साह, कागज गर्ने सन्तोष साह समेतलाई अ.वं.११५ नं. बमोजिम म्याद जारी गरी बकपत्रको लागि झिकाउनु साथै पूर्व आदेश बमोजिम फरार प्रतिवादीहरुको कानून बमोजिम अंश रोक्का गरी पेश गर्नु भन्ने मिति २०६८/११/२९/२ को आदेश ।

उक्त आदेशानुसार अ.वं.११५ नं. बमोजिम म्याद जारी गरी बकपत्रको लागि पठाएको मिसिल संलग्न रहेको देखियो ।

मिति २०६७।८।१० गतेमा जिल्ला प्रहरी कार्यालय, धनुषामा म आफ्नै व्यहोराको जाहेरी दरखास्त दिएको हो र सोमा लागेको सहिछाप मेरै हो । २०६७ साल कार्तिक ४ गते प्रतिवादीहरु जगरनाथ यादव, श्रीनारायण मण्डल, लक्ष्मण यादव, सदिक शेष, मनोज मण्डल समेतका अभियुक्तहरुले मेरो छोरालाई अपहरण गरी लगेका हुन । अपहरण जनकपुरको एयरपोर्ट नजिकबाट अपहरण गरी लगी हत्या गरेका हुन् । मेरै गाउँको खेहरी साहको घरमा प्रतिवादीहरुले फोन गरी धाक धम्की दिंदै प्रतिवादीहरुले ९५ लाख रुपैयाँ माग गर्दा मैले दिन्छु भन्दा पनि मेरो छोरालाई इट्टा ढुंगाले टाउकोमा हानी प्रतिवादीहरुले हत्या गरी दिएका हुन । मिति २०६७।७।४ गते म गाउँ घरमैं थिए । छोरा घुमेर आउछु भन्दै घरबाट गएको थियो भन्ने समेत व्यहोराको जाहेरवाली सहिदा खातुनले अ.वं.११५ नं. बमोजिम अदालतमा गरेको बकपत्र ।

प्रस्तुत मुद्दामा जिल्ला प्रहरी कार्यालय धनुषामा मैले आफ्नै व्यहोराको कागज गरी सहिछाप गरेको छु । मिति २०६७।७।७ गते निज प्रतिवादी लक्ष्मण यादव पक्राउ भन्दा पहिला मोटर साईकल बनाउन आएको थियो । प्रतिवादी लक्ष्मण यादवले नैं मोटर साईकल मरम्मत गर्न ल्याए र लगे पनि अरु कोही थिएन भन्ने समेत व्यहोराको अ.वं.११५ नं. बमोजिम बुझिएका मानिस अनिल कुमार यादवले अदालतमा गरेको बकपत्र ।

प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा आफ्नो व्यहोराको कागज जिल्ला प्रहरी कार्यालय धनुषामा लेखाई सहिछाप गरेको छु । सतिश साह मेरो छोरा नाती नातामा पर्छ । सतिश साह र मोवारक राईन मिति २०६७।७।४ गतेका दिन देखि हराएका थिए । मिति २०६७।७।४ गते विहान ९, ९:३० बजेको समयमा यी दुवै जना फिल्म हेर्न जनकपुरको लागि घरबाट साइकल लिई निस्केका हुन र फर्कि नआएपछि सो दिनभरी खोज तलाश गर्न आ-आफ्नो नातेदारहरु कहाँ पनि नभेटाए पछि भोली पल्ट जिल्ला प्रहरी कार्यालय धनुषामा खोज तलाश गरी पाउँ भन्ने निवेदन दिई रहेको अवस्थामा मेरो मोवाईलमा नचिन्हेका व्यक्तिहरुले फोन गरी तिम्रो नाती मेरो कब्जामा छ । तिमिले रु.६,००,०००/- देउ अनि मात्र तिम्रो नातिलाई छाड्छु नत्र मारि दिन्छु भन्दा मैले सो व्यक्तिहरुसँग बार्गेनिङ्ग गर्दा अन्तमा रु.२,७५,०००/- मा तय भए पश्चात मिति २०६७।७।७ गतेका दिन सो रकम जिल्ला धनुषा ढल्केवर स्थित एउटा पुलनिर लिई आउनु भन्दा सोही बमोजिम म त्यस ठाउँमा पुग्दा मोवाइलबाटै निजले मलाई सो पुल भन्दा उत्तर तर्फ रहेको राडी (खर) मा राखि दिई त्यहाँबाट गई हाल भने पश्चात म त्यहाँबाट हाइवे सडकमा आए र फोनबाट नैं तिम्रो बच्चा त्यहि आउँछ तिमि त्यही बस भने पछि मैले आफ्नो नातिलाई लिई मोटर साईकलमा बसाली लिई घर आई पुगे । घटना भएको मिति देखि प्रतिवादी मनोज मण्डल, सदिक शेष गाउँबाट सोही दिन देखि फरार रहेका छन् भन्ने समेत व्यहोराको अ.वं.११५ नं. बमोजिम बुझिएका मानिस खेहरु साहले अदालतमा गरेको बकपत्र ।

अनुसन्धानको क्रममा मैले जिल्ला प्रहरी कार्यालय, धनुषामा कागज गरेको छु । मिति २०६७।७।४ गते म खेततर्फ गएका थिए । सतिश, मुवारक, मनोज मण्डल र सदिक शेषलाई जनकपुरतर्फ जाँदै गरेको देखेको थिए । निजहरु घर फर्की नआएपछि जनकपुरमा खोजि विन हुन थाल्यो र निजहरु हराएको भोलिपल्ट अपहरणकारीहरुले फोन गरी फिरौती मागे पछि निजहरु अपहरण भएको कुरा थाहा भयो । अपहरणकारीहरुलाई फिरौती रकम दिएपछि निज सतिश छुटेर घर आएका हुन । मोवारकलाई अपहरणकारीहरुले फिरौती रकमको विषयमा कुराकानी हुँदाहुँदै मारिदिएका हुन । अपहरणकारीहरुमा जगरनाथ, श्रीनारायण, सदिक, मनोज, लक्ष्मण, सुधिर र राजे महतो भएर मोवारकलाई मारेका हुन् भन्ने समेत व्यहोराको अ.वं.११५ नं. बमोजिम बुझिएका मानिस कमरुद्दिन राईनले अदालतमा गरेको बकपत्र ।

अनुसन्धानको क्रममा जिल्ला प्रहरी कार्यालय धनुषामा मैले आफ्नै व्यहोराको कागज गरी सहिछाप गरेको छु । मृतक मोवारक राईन, सतिश साह, मनोज मण्डल, सदिक शेष समेत जिल्ला धुनषा, जनकपुर नगरपालिका अन्तर्गतको हनुमाननगर टोलमा अवस्थित मन्दिर नजिक हेरे देखे र सो ठाउँबाट जनकपुर बजारतिर गई रहेको मिति २०६७।७।४ गतेका दिन विहान १०-११ बजेको समयमा देखेको हो । सतिशलाई रु.२,७५,०००/- फिरौती लिई छाडि दिए भने मोवारक राईनलाई कर्तव्य गरी प्रतिवादी लक्ष्मण यादव, जगरनाथ यादव र श्रीनारायण मण्डल समेतका व्यक्तिले मारी दिएका हुन् । मृतक मोवारक राईनलाई जिल्ला प्रहरी कार्यालय, धनुषामा ल्याउँदा गई हेर्दा निजले लगाएको पैन्ट र बेल्टले चिनेको हो । प्रतिवादीहरुलाई सजाय हुनुपर्ने हो भन्ने समेत व्यहोराको अ.वं.११५ नं. बमोजिम अदालतमा गरेको बकपत्र ।

मिति २०६७।८।१३ गतेमा जिल्ला प्रहरी कार्यालय धनुषामा दिएको प्रतिवेदन व्यहोरा र सहिछाप मेरै हो । मिति २०६८।८।१२ गते पत्रसाथ वि.आर ३०७३१७ नं. भएको सेतो रंगको स्पासियो गोल्ड गाडी र गाडी चालक सुधिर साह र गाडी धनी राजे महतोलाई पक्राउ गरी दाखिला गर्न मलाई खटाइएकोमा मैले आवश्यक मद्दतसाथ २०६७।८।१३ गते खटि गई निजहरुको खोज तलाश गर्दा जिल्ला धनुषा, जनकपुर नगरपालिका वार्ड नं. ७ स्थित जिरो माईल देखि बसपार्क जाने सडकमा वि.आर ३०७३१७ नं.को सेतो रंगको गाडी चालक गाडी धनी राजे महतो फेला परेको र मोवाईल थान -२ समेत वरामदी गरी ल्याई जिल्ला प्रहरी कार्यालय, धनुषामा दाखिला गरेको भन्ने प्रतिवेदन दिएको छु भन्ने समेत

व्यहोराको बुझिएका मानिस प्रतिवेदक प्र.स.नि. विगन राय यादवले अ.वं.११५ नं. बमोजिम अदालतमा गरेको बकपत्र ।

यसमा फरार प्रतिवादीहरु मनोज मण्डल र साहिद शेषको अंश रोक्का सम्बन्धमा मिति २०६९।२।२ गते भएको मुचुल्कामा प्रतिवादीहरुको बुबा शत्रुधन मण्डल र मोविज शेषको नाउँमा फरार प्रतिवादहिरुको जिम्माको अंश छ भनि मुचुल्का भैं आएको र निजहरुको के कति अंशियार छन ? भनी खुली आएको नहुँदा प्रतिवादीहरु के कति अंशियार छन् ? सो सम्बन्धमा सर्जमिन बुझि दर्ता श्रेस्ता झिकाई प्रतिवादीहरुको अंश भाग जति रोक्का गर्नु । साथै यस अदालतबाट जारी भएको अ.वं.११५ नं. बमोजिमको म्यादमा हाजिर नभई बकपत्र नगर्ने शमसेरे लामा, लखी नायक र नवराज गिरीलाई रु.५०/- जरिवाना गर्नु र निजहरुको नाउँमा पक्राउ पूर्जि जारी गरी नियमानुसार पेश गर्नु भन्ने मिति २०६९।२।२३ को आदेश ।

मिति २०६७।७।६ गतेका दिन म घरमैं थिए । मेरो न्यू गिरी लाँज हो । मिति २०६७।७।६ गतेका दिन शुसिल भन्ने व्यक्तिसँग दुईजना व्यक्ति र बच्चा पनि एकजना थिए । निजले एटेच बाथरुम भएको कोठा हामीलाई चाहियो भनेका थिए । त्यती भन्दा सोही बमोजिमको दोश्रो तल्लाको ४ नम्बर रुममा बसी २०६७।७।६ गते घाम अस्ताई सकेपछि आई मिति २०६७।७।७ गते दिउसो १२:०० बजेको समयमा रुम छाडी गए । सुशिल भन्ने व्यक्तिले मोवाईल नं. दिन इन्कार गर्दा मोवाईल नं. दिनै पर्छ भन्दा निजले ९८१४८२४०५६ भएको मोवाईल नम्बर दिए र निजले ठेगानामा जनकपुर भन्यो र त्यही रजिष्टरमा लेखे । पक्राउ परेका सुशिल भन्ने लक्ष्मण यादव र श्रीनारायण भन्ने व्यक्ति समातिएका थिए । निजहरुले नाम ठेगाना ढाँटी लेखाएका थिए भन्ने समेत व्यहोराको पक्राउ पूर्जिबाट बुझिएका मानिस नवराज गिरीले अदालतमा गरेको बकपत्र ।

यसमा पिडित सतिश कुमार साहलाई अ.वं.११५ नं. बमोजिम म्याद जारी गर्दा निजको हजुरबुबा खेहरु साहले बुझेतापनि बकपत्र गर्न उपस्थित भएको नदेखिंदा निजलाई रु.५०/- जरिवाना गरी बकपत्रको लागि हाजिर हुन आउनु भनी पक्राउ पूर्जी जारी गरी नियमानुसार  गर्नु भन्ने मिति २०६९।३।२७ को आदेश ।

उक्त आदेशानुसार पिडित सतिश कुमार साहलाई पक्राउ पूर्जी पठाई तामेल भई आउँदा निज सतिश कुमार साह आफ्नो बुबासँग विदेशमा बसि रहेको भन्ने पक्राउ पूर्जीबाट देखियो ।

यसमा अभियोग पत्रको सबुद प्रमाण खण्डको (३) नं. मा उल्लेख भएको कल डिटेल र मोवाईल नं. दर्तावाला प्रहरी प्रधान कार्यालय नक्शाल काठमाडौंबाट खुली आए पछि पठाइने भनेकोमा हालसम्म उक्त कल डिटेल र मोवाईल दर्तावालाको नाम खुली आएको नदेखिंदा अविलम्ब जिल्ला सरकारी वकिल कार्यालयबाट जवाफ लिई पेश गर्नु भन्ने मिति २०६९।५।१८ को आदेश ।

## अदालतको ठहर

नियम वमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फवाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री राम प्रसाद अधिकारीले यी प्रतिवादी उपर किटानी जाहेरी परेको, खेहरु साहले बच्चा हराएको खोज तलाश गरी पाउँ भनी मौकैमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको, प्रतिवादीहरु सबैको सल्लाह सहमती र योजना अनुसार नैं नावालक मोवारक राईन र सतिश साहलाई मिति २०६७।७।४ गते जनकपुरबाट वि.आर.३०७३१७ नं. को गाडीमा सर्लाही सम्म पुऱ्याई फेरी फर्काई मिति २०६७।७।५ मा बर्दिवासमा बसी मिति २०६७।७।६ मा नावालक मध्येका मोवारक राईनलाई जिल्ला धनुषा गा.वि.स. यज्ञभूमी वडा नं. ७ स्थित खोला बगरमा प्रतिवादी मध्येका लक्ष्मण यादवले ढुङ्गाले टाउकोमा प्रहार गरी कर्तव्य गरी

मारेका र अन्य प्रतिवादीहरुले हात खुट्टा समाती मार्नमा संयोग पारि दिएको भनी प्रतिवादीहरुले अनुसन्धान अधिकारी समक्ष वयान गर्दा कसुरमा सावित भैं वयान गरेको र वादीका साक्षीहरुले अभियोग माग दावी पुष्टि हुने गरी बकपत्र गरेको समेतका आधार प्रमाणबाट प्रतिवादीहरु कसुरदार नैं देखिन आएबाट प्रतिवादीहरुलाई अभियोग माग दावी अनुसार सजाय हुनु पर्दछ भनी गर्नु भएको वहस सुनियो ।

प्रतिवादी मध्येका जगरनाथ यादवका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री विनोद शर्मा, अधिवक्ताहरु श्री राजेन्द्र दाहाल, श्री श्याम कुमार मल्लिकले घटनाका सम्बन्धमा प्रत्यक्षदर्शी नभएको, जाहेरवाला पनि प्रत्यक्षदर्शी नभै अरुबाट सुनी थाहा पाई जाहेरी दिएको, अदालत समक्ष प्रतिवादी कसुरमा इन्कारी वयान गरेको, अनुसन्धान अधिकारी समक्षको वयान स्वच्छा विपरित भएको, प्रतिवादीहरु साक्षीहरुले प्रतिवादीको इन्कारी वयान पुष्टी हुने गरी बकपत्र गरी दिएको, प्रतिवादीहरुको वयान, जाहेरी व्यहोरा र शव परिक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा एकापसमा बाझिएको, अभियोग पत्रमा टाउकोमा ढुङ्गाले प्रहार गरि मारेको भनिएकोमा शव परिक्षण प्रतिवेदनमा External Examination मा Sharp Cut Injury भनी उल्लेख भएबाट मृतकको मृत्युको कारण नैं स्पष्ट हुन नसकेको, फिरौती दिएको भनेकोमा कसले कसलाई कुन ठाउँमा के दरका नोटहरु फिरौती दिएको हो सो तथ्य मिसिलबाट नखुलेको अवस्था हुँदा प्रस्तुत वारदातको सम्बन्धमा प्रतिवादी जगरनाथ यादव निर्दोष हुँदा सफाई पाउनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

त्यसै गरी प्रतिवादी मध्येका राजे महतो र सुधिर साहको तर्फबाट उपस्थित विद्वान अधिवक्ता द्वय श्री बलराम सुवेदी र श्री शत्रुधन झाले प्रतिवादीहरु मध्ये जगरनाथ यादव समेतका प्रतिवादीहरुले मिति २०६७।७।३ मा कथित योजना बनाउदा यी दुवै प्रतिवादी उक्त योजना निर्माणस्थलमा नभएको, यी प्रतिवादीहरुलाई अपहरण गरी राखेको बच्चाहरु लिएर सर्लाही जानुपर्ने भन्ने पूर्व जानकारी, पूर्व सल्लाह मिलेमतो भएको भन्ने मिसिलबाट देखिन नआएको, यी प्रतिवादीहरुले फिरौती रकम नलिएको, सह-प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष वयान गर्दा पनि यी प्रतिवादीहरु पनि अपहरणको क्रियामा संलग्न भएका मिलुवा व्यक्ति हुन् भनि भन्न नसकेको, अपहरित बच्चाहरु राखिएको गाडीमा बच्चाहरुले कुनै प्रतिक्रिया व्यक्त नगरेको, भाडामा गाडी लगाउने साहु र गाडि चलाउने ड्राइभर आफ्नो व्यापार व्यवसाय पेशा अनुसारको कार्य गरेको अवस्था हुँदा प्रस्तुत अपहरण तथा शरिर बन्धक कसुरमा निजहरुको कुनै संलग्नता नहुँदा यी प्रतिवादीहरुलाई सफाई हुनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

प्रस्तुत मुद्दामा निर्णय तर्फ विचार गर्दा नावालक मोवारक राईन र सतिश साहको अपहरण तथा शरिर बन्धक बनाउने कार्यमा यी प्रतिवादीहरुको संलग्नता छ छैन ? छ भने कस कसको के कस्तो संलग्नता छ ? संलग्न प्रतिवादीहरुलाई के कस्तो सजाय हुनुपर्ने हो ? त्यसै गरी अपहरित नावालक मोवारक राईनको कर्तव्यमा यी प्रतिवादीहरुको संलग्नता छ छैन ? छ भने कुन कुन प्रतिवादीहरुको के कस्तो संलग्नता छ र संलग्न प्रतिवादीहरुलाई के कति सजाय हुनुपर्ने हो ? भनि निर्णय गर्नुपर्ने देखिन आयो ।

प्रस्तुत मुद्दामा प्रतिवादी मनोज मण्डल र सदिक शेषले मोवारक राईनलाई प्रयोग गरी सतिश साहलाई गाउँबाट जनकपुर तर्फ ल्याएको जनकपुर हुँदै सर्लाही लगी पुनः वर्दिवास ढल्केवर ल्याई सतिश कुमार साहको परिवारबाट फिरौती लिई छाड्न लाग्दा मोवारक राईनले फिरौतीको हिस्सा माग गरेको नदिएमा गाउँमा गै हल्ला गरि दिने भनी धम्की दिएको कारण निजलाई प्रतिवादीहरुले कर्तव्य गरी मारेकोले प्रतिवादीहरु श्रीनारायण मण्डल, लक्ष्मण यादव, जगरनाथ यादव, मनोज मण्डल र सदिक शेषलाई अपहरण तथा शरिर बन्धक महलको १ नं. विपरित ३ नं. अनुसार र ज्यान सम्बन्धी महलको १ नं. विपरित १३ नं. बमोजिमको कसुर अपराध गरेको देखिंदा निज प्रतिवादीहरु श्रीनारायण मण्डल,

लक्ष्मण मण्डल, जगरनाथ यादव, मनोज मण्डल र सदिक शेषलाई अपहरण तथा शरिर बन्धक महलको ३ नं. अनुसार सजाय र ७ र ९ नं. अनुसार थप सजाय हुन, प्रतिवादी मध्ये लक्ष्मण यादवले मृतकलाई ढुङ्गाले टाउकोमा हानी मारेको देखिंदा निजलाई ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम र अन्य प्रतिवादीहरु मनोज मण्डल र सदिक शेषले हात समातेको र प्रतिवादीहरु जगरनाथ यादव र श्रीनारायण मण्डलले खुट्टा समाई लडाई मार्ने कार्यमा सहभागी भएको देखिंदा निजहरु श्रीनारायण मण्डल, जगरनाथ यादव, मनोज मण्डल र सदिक शेषलाई सोही महलको १३(४) नं. बमोजिम सजाय हुन र गाडी धनी राज महतो, र चालक सुधिर साहले माथि उल्लेखित प्रतिवादीहरुसँग अपहरण कार्यमा सहमती जनाई अपहरण भएका मोवारक राईन र सतिश कुमार साहलाई सर्लाही पुऱ्याउन गाडी धनीले गाडी दिएको र चालकले पुऱ्याई दिएको एवं पिडित परिवारबाट फिरौती लिई सकेपछि रु.४,०००/- रकम समेत लिई अपहरण कार्यमा जानी जानी सहयोग गरेको हुँदा निजहरुको सो कार्य अपहरण तथा शरिर बन्धक लिने महलको १ नं. विपरित ३ र ४ नं. अनुसार कसुर गरेको देखिंदा निजहरु सुधिर साह र राजे महतोलाई सोही महलको ३ नं. अनुसार सजाय गरी ७ र ९ नं. बमोजिम थप सजाय समेत गरी पाउँ भन्ने अभियोग माग दावी रहेको पाईन्छ ।

प्रस्तुत मुद्दामा सर्वप्रथम नावालक सतिश कुमार साह र मोवारक राईनको अपहरण तथा शरिर बन्धक लिने कार्यमा यी प्रतिवादीहरुको संलग्नता छ छैन ? भनी विचार गर्दा मिसिल संलग्न कागजातहरु हेर्दा मिति २०६७।७।४ मा सतिश कुमार साहका हजुरबुबा खेहरु साहले "बच्चा हराएकोमा खोज तलाश गरी उपलब्ध गराई पाउँ" भनी जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएको पाईन्छ । उक्त निवेदनमा आफ्ना जेठा छोरा नरेश कुमार साह वैदेशिक रोजगारीमा कतारमा कार्यरत रहेको निजको छोरा वर्ष १० का सतिश कुमार साह मेरो नाती जनकपुर स्थित सिद्धार्थ वोडिङ्ग स्कूलमा कक्षा ५ मा पढ्दै आएको थियो । मिति २०६७।७।४ गतेका दिन श्रीमतीले नाती घरमा आएको छैन भनी फोन गरेकोले घर जाँदा गाउँका मानिसहरुले नातीलाई गाउँकै छिमेकी घुरघुर भन्ने मोवारक राईन कवारीसँगै जनकपुरतर्फ जाँदै गरेको देखेको थिए भनेका र मोवारक राईनको घरमा जाँदा मोवारक पनि घरमा नरहेकोले नातीको खोज तलाश गरी पत्ता लगाई पाउँ भनी निवेदन दिएको पाईन्छ ।

मृतक मोवारक राईनको आमा सहिदा खातुनले जाहेरी दिंदा प्रतिवादीहरु मध्ये श्रीनारायण मण्डल, लक्ष्मण यादव, जगरनाथ यादव, सदिक शेष र मनोज मण्डल खत्वे जना ५ को नाम किटानी गरी जाहेरी दिएको पाईन्छ । उक्त जाहेरी व्यहोरामा म जाहेरवालाको छोरा वर्ष १३ को मोवारक राईन र खेहरु साहको नाती अं.१२ वर्षको सतिश साह समेत दुई जना घुमफिर गर्ने हेतु मेरो घरबाट साईकल लिई मिति २०६७।७।४ गतेका दिन विहान ९:३० बजेको समयमा जनकपुरतर्फ गएकोमा सो दिन घर फर्कि नआएको भोलिपल्ट छोरा अपहरण भएको खवर थाहा पाए पछि सोको जानकारी जिल्ला प्रहरी कार्यालयलाई गराएको र छोरा खोज्ने क्रममा जिल्ला धनुषा, यज्ञभूमी गा.वि.स. वडा नं. ७ स्थित वालुवा नदीको किनारामा प्रतिवादीले कर्तव्य गरी मारी फालेको लाशको फोटो जिल्ला प्रहरी कार्यालयबाट देखाउदा चिने । पत्ता लगाउँदै जाँदा सदिक शेष र मनोज मण्डल खत्वेले अपहरण गरी श्रीनारायण मण्डललाई बुझाई श्रीनारायण मण्डलले लक्ष्मण यादव र जगरनाथ यादवलाई खवर गरी बोलाई सबै भैं छोरालाई ढुङ्गाले टाउकोमा हिर्काई कर्तव्य गरी मारेको हुँदा अपहरण तथा शरिर बन्धक लिनेको र ज्यान सम्बन्धी महलको अनुसार सजाय गरी पाउँ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ ।

घटनास्थल तथा लाश मुचुल्का हेर्दा जिल्ला धनुषा गा.वि.स. यज्ञभूमी वडा नं. ७ स्थित बालुवा खोलामा लाश रहेको, लाशको वरिपरि सिरु घास रहेको, सिरु घासमा मडरिएको देखिएको लाशको टाउँको तिर जग्गा तथा सिरु घाँसमा रगत रहेको भन्ने लाश जाँच प्रकृती मुचुल्का भएको, लाश सँगै रगत लागेको अं.$^{१}/_{२}$ के.जी.बराबरको ढुङ्गा वरामद भएको, लाश विवरण हेर्दा, कपालको अवस्थामा कपालमा रगत लागेको, अनुहारको अवस्थामा सुन्निएको, रगत लागेको, नाकको अवस्था दुवै प्वालबाट

रगत निस्केको, कानको अवस्था, दुवै कानमा रगत रहेको, दाँतको अवस्था सामान्य रगत लागेको, घाँटीमा डामहरु रहेको, टाउँकोमो पछाडिपट्टि दाहिने कानबाट ३ इन्चमा २ इन्च लामो बराबरको काटिएको घाउँ रहेको, उक्त घाउँबाट १ इन्चको दूरीमा १ इन्च लामो काटिएको घाउँ रहेको, उक्त काटिएको घाउँबाट रगत बगी कपाल रगतले भिजेको र पहेलो भेष्टमा समेत रगतको दाग रहेको साथै लाशको मुनितिर रगतको दागहरु रहेको, अनुहार सुन्निएको भन्ने व्यहोराको घटनास्थल तथा लाश प्रकृती मुचुल्काबाट देखिन्छ । लाशको फोटोहरुबाट समेत टाउको तथा अनुहारको भागमा रगत लतपतिएको देखिएको छ । शव परिक्षण प्रतिवेदनमा The Cause of death is Head injury भनी लेखिएको र External Examination मा Sharp Cut 2x2 inch (R) ear, Second injury over laterally 1x1 inch, facial Swelling भनी लेखिएको पाइन्छ ।

प्रतिवादी जगरनाथ यादवले अनुसन्धान अधिकारी समक्ष वयान गर्दा मिति २०६७७३ गते बिहान म र साथी लक्ष्मण यादव रामानन्द चौकमा बसी रहेको अवस्थामा श्रीनारायण मण्डल आई भेटी तपाईहरु आज दिउसो १:०० बजेको सयममा मेरो कोठामा आउनु होला भनेकोले निजको कोठामा पुग्दा साथि मनोज मण्डल र सदिक शेष समेत थिए । मनोज मण्डल र सदिक शेषले मेरो गाउँमा १ जना धनी व्यक्ति खेहरु साहको नाती सतिश साह जनकपुरमा पढ्छ । निज सतिश साह र उसको साथी मोवारक राईन समेतलाई अपहरण गरी सकेपछि मागे जति पैसा दिन्छ । निजहरुको पिता विदेशमा बस्छन् भनेका थिए । अपहरण गरी कहाँ राख्ने भनी श्रीनारायणले भनेकोमा मैले केही दिन सर्लाहीमा लुकाई राख्न सकिन्छ भने मनोज मण्डल र सदिक शेषले सर्लाही कसरी पुऱ्याउने भनेकोमा श्रीनारायण मण्डलले मैले गाडीको बन्देबस्त गर्छु भनी मोवाईलबाट गाडी धनी राजे महतोलाई गाडीबारे कुरा गर्दा २ वटा बच्चा राखेको छु मागे जती पैसा दिन्छु भनी कुरा गरेका थिए । तत् पश्चात मनोज मण्डल र सदिक शेषले भोली मिति २०६७७४ गते विहान सतिश साह र मोवारक राइनलाई लिई आउछौ गाडी तयार गर्नु भनि कोठाबाट बाहिर गए । म र लक्ष्मण यादव पनि बाहिर निस्क्यौ । मिति २०६७७४ गते दिउसोको समयमा श्रीनारायण मण्डलले मेरो मोबाईलमा फोन गरी म बसपार्कबाट जिप वि.आर ३०७३१७ नं. को सेतो रंगको गाडीबाट आई रहेको छु । तपाई तयारी हालतमा रामानन्द चौकमा बस्नु भनेबाट म र लक्ष्मण यादव रामानन्द चोकमा आयौं । म र लक्ष्मण यादव गाडीमा चढी जनकपुर चुरोट कारखानाको पछाडि पुग्दा साथी मनोज मण्डल र सदिक शेषले साईकलमा सतिस साह र मोवारक राइनलाई लिइ आइ रहेका थिए । नावालक २ जनालाई गाडीमा राखेपछि श्रीनारायणा मण्डलले मनोज मण्डल र सदिक शेषलाई नावालकहरुको अभिभावकसँग कुरा गर्नु भनी गाडीमा नावालक २ जना सतिश साह र मोवारक राईन, म, लक्ष्मण यादव, श्रीनारायण मण्डल र चालक चढी जमुनी हुदै गाउँको बाटोबाट जानकी मेडिकल कलेज निस्की पिच हुँदै सर्लाही जिल्लाको मलगंवा नजिकको नहरसम्म गयौं । त्यहाँ सागर नामको साथीसँग बच्चा राख्ने बारेमा कुराकानी भएको थियो । नहरमा ओर्लिए पछि सतिश साहले गन्जीमात्र लगाएको कारण मोवारक राईनले आफ्नो सर्ट सतिश साहलाई दिए । मोवारक राईनलाई मैले हरियो रंगको टिसर्ट किनी दिए । श्रीनारायण मण्डल र २ जना बच्चाहरुलाई त्यही छोडी म र लक्ष्मण यादव सोही गाडीमा फर्कि आयौ । मिति २०६७७५ गते बिहान श्रीनारायण मण्डलले मोवाइलमा फोन गरी म बर्दिवासमा छु । सर्लाहीबाट भगाई दिए मसँग पैसा छैन भनी मलाई बोलाउदा म, लक्ष्मण यादव, मनोज मण्डल र सदिक शेष समेत रामानन्द चोकमा भेट भैं ज.१.प. ८१८३ नं. को मोटर साईकलमा म र मनोज मण्डल, बा.९.प.२४८७ नं. को मोटर साईकलमा लक्ष्मण यादव र सदिक शेष मैं वर्दिवास गयौ । श्रीनारायण मण्डल र बच्चाहरुसँग भेट भैं कुराकानी भयो । तत् पश्चात म, मनोज मण्डल र सदिक शेष मोटर साईकल चढी जनकपुरतर्फ आयौं । लक्ष्मण यादव र श्रीनारायण मण्डल बच्चाहरु लिई वर्दिवासमा बसे । त्यसपछि मसँग पिडित पक्षको निरन्तर सम्पर्क भैं रु.२,७५,०००/- फिरौती लिई सतिश साहलाई मुक्त गर्न सहमती भयो । मिति २०६७७६ गते दिउसो

म, मनोज मण्डल र सदिक शेष ढल्केवरमा गैं श्रीनारायण मण्डल समेतसँग भेट भयो । मोवारक राईनले मनोज मण्डल र सदिक शेषसँग फिरौतीको हिस्सा माग गर्दा नदिने भने पछि गाउँमा भनी दिन्छु भनी मोवारक राईनले भन्दा सदिक शेष र मनोज मण्डलले गाउँमा भनेपछि हामीलाई समेत बच्न दिदैन भनी यसलाई मारेपछि मात्र सतिश साहलाई मुक्त गर्नुपर्छ भनेकोले मोवारक राईनलाई लिई धारापानी बजार हुँदै बालुवा खोलाको किनारामा बासको घारी नजिक रहेको राडी खरमा मनोज मण्डल र सदिक शेषले मोवारक राईनलाई लडाए श्रीनारायण मण्डलले मुख थुनिदिए वास र सिमलको रुखको बिचमा लडाई मैले र श्रीनारायण मण्डलले मोवारक राईनको खुट्टाहरु समात्यौं, मनोज मण्डल र सदिक शेषले दुवै हात समाते । लक्ष्मण यादवले ढुंगा हातमा लिई टाउको पछाडिको भागमा प्रहार गरे र निजको मृत्यु भयो । मृत्यु पश्चात म, मनोज मण्डल र सदिक शेष जनकपुर आयौं लक्ष्मण यादव, श्रीनारायण र बच्चाहरु ढल्केवरमा बसे । मिति २०६७।७।७ गते पिडित पक्षका व्यक्तिसँग फोनमा सम्पर्क गरी पैसाहरु लिएर बडहरी बजारको खोलामा जानुस बेलुका बच्चा पाउनु हुन्छ जानकारी गराई दिए । बेलुका लक्ष्मण यादव र श्रीनारायण मण्डलले पैसा प्राप्त भयो बच्चाहरु मुक्त गरी दियौ भनेका थिए । केहि दिन पछि श्रीनारायण मण्डलको कोठामा गैं फिरौतीबाट प्राप्त रकम मध्ये मैले रु.१,००,०००/- लिएको हुँ । लक्ष्मण यादवले रु.१,२५,०००/-, श्रीनारायण मण्डलले रु.२५,०००/-, मनोज मण्डलले रु.१०,०००/- र सदिक शेषले रु.१५,०००/- बाँडेको हो भनी अपहरण गर्दाको योजना सहित घटनाक्रमलाई बेलीविस्तार गर्दै अपहरण तथा कर्तव्यको कसुरमा आफू सहित अन्य प्रतिवादीहरु पनि संलग्न रहे भएको साविती हुँदै पोलवयान गरेको पाईन्छ ।

अर्का प्रतिवादी श्रीनारायण मण्डलले पनि अनुसन्धान अधिकारी समक्ष वयान गर्दा मिति २०६७।७।३ मा आफ्नो जनकपुर नगरपालिका वार्ड नं. ७ को भाडाको घरमा जगरनाथ यादव, लक्ष्मण यादव, सदिक शेष र मनोज मण्डललाई बोलाई सल्लाह गर्दा सदिक शेष र मनोज मण्डलको भनाई अनुसार सतिश साह र मोवारक राईनलाई अपहरण गर्ने योजना बनाई जनकपुरबाट सर्लाहीसम्म अपहरित बच्चाहरुलाई लैजानको लागि गाडी मालिक राजे महतोसँग कुरा गरेको सो कुरामा २ वटा बच्चा राखेको छु सर्लाहीसम्म पुऱ्याउनु छ भन्दा रु.५,०००/- भाडा लिन्छु भनेका थिए । सोही अनुसार मिति २०६७।७।५ गते पुनः राजे महतोसँग गाडी माग गर्दा वि.आर ३०७३१७ नं. को गाडी चालक सुधिर साहले लिएर गएको छ बसपार्कमा रोक्छ भनेका थिए । त्यहाँबाट गाडी लिई रामानन्द चोकबाट जगरनाथ यादव र लक्ष्मण यादव चढी जनकपुर चुरोट कारखानाको पछाडि पुग्दा मनोज मण्डल र सदिक शेषले २ वटा बच्चाहरु लिई राखेका थिए । उक्त गाडीमा बच्चाहरु राखी म, जगरनाथ यादव र लक्ष्मण यादव भित्री बाटो हुँदै जानकी मेडिकल निस्की सर्लाही गएको, सो दिन सर्लाहीमा आफूले बच्चाहरु लिई बसेको अन्य साक्षीहरु जगरनाथ यादव र लक्ष्मण यादव फर्की आएका हुन् । मिति २०६७।७।५ गते बर्दिवास बसेको, सतिस साहका अभिभावकसँग माग गरेको फिरौतीको हिस्सामा मोवारक राईले हिस्सा माग गरेको र नदिए गाउँमा भनि दिने भनेपछि सदिक शेष र मनोज मण्डलको आग्रह बमोजिम आफू समेत भैं मोवारक राइनलाई कर्तव्य गरी यज्ञभूमी वडा नं. ७ बालुवा खोलामा मारेको र सतिश साहका अभिभावकसँग मिति २०६७।७।७ मा रु.२,७५,०००/- लिइ सतिश साहलाई बडहरी बजार नजिकको खोलामा लगी मुक्त गरी दिएको र फिरौतीको रकम मध्ये रु.२५,०००/- आफूले लिएको भनि अपहरण तथा कर्तव्य ज्यान बारेमा योजना सहित कसुर गर्दाको घटनाक्रम बारे विस्तृत वर्णन गरी अपहरणको तथ्य र कसुर तथा कर्तव्य ज्यानको कसुरमा साविती वयान गरी अन्य सह प्रतिवादीहरुलाई समेत पोल वयान गरेको देखिन्छ ।

त्यसैगरी प्रतिवादी लक्ष्मण यादवले अनुसन्धान अधिकारी समक्ष वयान गर्दा सह प्रतिवादीहरु मध्ये जगरनाथ यादव, श्रीनारायण मण्डल, सदिक शेष र मनोज मण्डलसँग चिनजान भएको र नावालक बच्चाहरुको अपहरण गर्ने योजना मत सल्लाहमा आफू पनि सरिक भैं योजना बनाई अपहरित

बच्चाहरुलाई गाडीमा राखी जनकपुरबाट सर्लाहीसम्म पुऱ्याउने र सतिश साहको अभिभावकसँग फिरौती माग गर्ने, माँग गरिएको फिरौती वाडी खाने र मोवारक राईनलाई ढुंगाले प्रहार गरी कर्तव्य गरी मारेको अन्य साथीहरुले लछार पछार पारेको भनी अपहरण तथा कर्तव्य ज्यानको कसुरमा साविती वयान गरेको पाईन्छ । यी प्रतिवादी मिति २०६७।७।४ गतेबाट मिति २०६७।७।७ गतेसम्म अपहरित बच्चाहरु सँगै क्रमशः सर्लाही, बर्दिवास र ढल्केवरमा बसेको र सतिश साहलाई मुक्त गर्दाको अवस्थामा पनि फिरौती रकम लिई निजले नैं मुक्त गरेको भन्ने निजको वयानबाट खुलेको अवस्था छ ।

अर्का प्रतिवादी राजे महतोले अनुसन्धान अधिकारी समक्ष वयान गर्दा वि.आर ३०७३१७ नं. को गाडी भारतीय नागरिक सुनिल साहसँग खरिद गरेको हो भनी उक्त गाडी आफूले संचालन गर्दै आएको र उक्त गाडी भारतिय नागरिक सुधिर साहले चलाउदै आएका छन् । श्रीनारायण मण्डललाई पहिला देखि नैं चिन्दछु । निजलाई Ncell को सिमकार्ड निकाली प्रयोग गर्न दिएको छु । मेरो गाडी श्रीनारायणले काम परेको बेला लिएर गैं आफ्नो कोठामा जनकपुरमा पनि राख्ने गर्थे । मिति २०६७।७।३ गते श्रीनारायणले फोन गरी जनकपुरमा २ वटा बच्चाहरु राखेको छु जनकपुरबाट सर्लाहीसम्म पुऱ्याउनु पर्नेछ । उक्त गाडीमा मेरो साथीहरु समेत बस्छन भनेकाले बच्चाहरु लुकाउन जाने हुँदा रु.५,०००/- भाडा लिन्छु भनेको थिए । श्रीनारायणले हुन्छ भनेकोले मिति २०६७।७।४ गते विहान गाडी पठाएको र चालकलाई सोही कुरा बताएको थिए भनी वयान गरेबाट अपहरित बच्चाहरु लुकाउने प्रयोजनार्थ निजले गाडी दिई सहयोग गरेको र भाडा तत्काल नलिएको जनकपुरबाट सर्लाहीसम्म बच्चाहरु गाडीले पुऱ्याएको तथ्यमा स्वंय गाडी धनी प्रतिवादी राजे महतो साविती भएको पाइन्छ ।

प्रतिवादी गाडी चालक सुधिर साहले गाडी धनी राजे महतोको भनाई अनुसार गाडी श्रीनारायण मण्डलको कोठा अगाडि र बाटोमा लगी राखी निजको कोठामा बस्ने पनि गर्थे । मिति २०६७।७।३ गते गाडी धनी राजे महतोले मिति २०६७।७।४ गते भाडामा नजानु होला । गाडी सर्लाही जानुपर्छ । श्रीनारायण मण्डलले २ जना केटा जनकपुरमा लुकाएर राखेको छ । उक्त केटाहरु लिएर सर्लाहीसम्म पुऱ्याउनु होला भनेकोले मिति २०६७।७।४ गते बिहान जनकपुरको बसपार्कमा जाँदा श्रीनारायण मण्डल भेट भै रामानन्द चोकमा रु.५००/- को तेल हाले । त्यहाँ जगरनाथ यादव र लक्ष्मण यादव चढे । जनकपुर चुरोट कारखाना पछाडि २ वटा बच्चा चढे र बच्चाहरु छोरी फर्कन खोज्दा श्रीनारायण मण्डलले मनोज मण्डल र सदिक शेषलाई बच्चहरुको अभिभावकहरुसँग कुरा गर्न भनेका थिए । कच्चि बाटो हुँदै जानुपर्छ नत्र पुलिसले पक्रन्छ भनेपछि ग्रेवलिङ गाउँको बाटो हुँदै सपही मन्दिरको नजिक पिच सडकमा आए । गाडी चलाउँदा माग बमोजिमको फिरौती लिई त्यसपछि सतिस साह र मोवारक राईनलाई छाड्नु पर्छ भनी भनेको सुनेको थिए । सर्लाहीको नहरमा श्रीनारायण मण्डल र २ वटा बच्चाहरुलाई छोडी सोही दिन जगरनाथ यादव र लक्ष्मण यादव समेत गाडीमा फर्कि आएका हुन् । जगरनाथ यादव र लक्ष्मण यादव रामानन्द चोकमा ओर्लदा गाडीको भाडा माग्दा फिरौती रकम आएपछि श्रीनारायण मण्डलले दिन्छ भनेका हुन् । उक्त घटना पश्चात पनि श्रीनारायण मण्डल जगरनाथ यादव र लक्ष्मण यादवले आयोजना गरेको भोज भतेरमा साहु राजे महतोसँग शरिक भएको छु भनी आफूले चलाएको गाडीबाट २ वटा बच्चाहरुलाई जनकपुरबाट सर्लाहीसम्म पुऱ्याई अपहरण कार्यमा सहयोग पुऱ्याएको र बच्चाहरु अपहरित भएका हुन् भन्ने कुरा थाहा हुँदा हुँदै पनि उक्त कसुरमा संलग्न भएको हुँ भनी साविती वयान गरेको देखिन्छ ।

मौकामा खेहरु साह जो सतिश साहको हजुरबुबा नाताका व्यक्ति हुन् । उनले कागज गर्दा मेरो घर तथा मोवारक राईनको घरसँगै छ । मोवारक राईन र सतिश साह सँगै खेल्थे घुम्थे । मिति २०६७।७।४ गते म काम विशेषले जनकपुर आएको थिए । नाती घरमैं थिए । सो दिन १०:०० बजेको समयमा मेरो नाती सतिश साह र मोवारक राईन सँगै गाउँको मनोज कुमार मण्डल र शेख सहिद गएको भन्ने थाहा पाई निजहरुको घरमा जाँदा निजहरु पनि घरमा थिएनन् । नाती हराएको जानकारी

तत्कालै जिल्ला प्रहरी कार्यालय, धनुषामा दिएको थिए । मिति २०६७।७।५ गते मैले प्रयोग गर्ने ९८०४८०६३२३ नं. को मोवाइल तथा ०४१-६९२६७० नं. को CDMA फोनमा विभिन्न नम्बरबाट फोन आई नाती मेरो नियन्त्रणमा छ अपहरण गरि ल्याएको छु । फिरौती दिए मुक्त हुन्छ नत्र मारी फाली दिन्छु कसैलाई बताईस भने ठिक हुने छैन भने पछि अपहरण मुक्त गराउन नाता कुटुम्ब समेतलाई भनी पहल गर्दा रु.२,७५,०००/- दिनुपर्छ भने मैले यत्रो रकम दिन सक्दिन भन्दा छोरा नरेश साह विदेशमा इञ्जिनियर छ भनी बताउन थाले । नातीलाई फोन दिए नाती रुन थाल्यो । त्यसपछि रु.२,७५,०००/- दिन्छु भने । अपहरणकारीहरुले पैसा लिएर ढल्केवरसम्म आएपछि सम्पर्क गर्नुहोला भनेकोमा मिति २०६७।७।६ गते आज नआउनु भोली २०६७।७।७ गते दिउसोको समयमा पैसा लिएर बडहरी खोलामा राखी दिनु होला त्यसपछि तपाईको बच्चा ढल्केवर देखि बर्दिवाससम्म छोड्छु भनेका थिए । मैले मिति २०६७।७।७ गते रु.१०००/- दर र रु.५००/- दरका नोटहरु रु.२,७५,०००/- लिई ढल्केवरमा पुगी सम्पर्क गर्दा बडहरी बजार भन्दा उत्तर खोलाको बालुवा माथि राखी दिनुहोला पैसा राखेपछि फोन गर्नुहोला भनेकोले फोन गर्दा ढल्केवरको सडकतर्फ जानोस भने । त्यही जाने क्रममा हिड्दा बाटोमा नाती आइपुग्यो नाती लिई घर गए । अपहरणबारे बुझ्दै जाँदा गाउँकै मनोज कुमार मण्डल र शेष सदिकले ललाई फकाई ल्याई अन्य प्रतिवादीहरु श्रीनारायण मण्डल, जगरनाथ यादव र लक्ष्मण यादव समेतका जिम्मा लगाई श्रीनारायण मण्डलले गाडी धनी राजे महतोसँग सम्पर्क गरी भारतीय नम्बरको वि.आर ३०७३१७ नं. को गाडीमा राखी सुधिर साहले चलाई हामीबाट बाहिर पुऱ्याएको थाहा पाए । मेरो नाती अपहरण गर्ने फिरौती लिने मध्ये श्रीनारायण मण्डल, जगरनाथ यादव, लक्ष्मण यादव, मनोज यादव, शेष सदिक गाडी चालक सुधिर साह, गाडी धनी राजे महतोलाई कानून बमोजिम कारवाही होस् भनी कागज गरेको पाईन्छ । निज खेहरु साहले अदालतमा आई बकपत्र गर्दा समेत मौकामा गरेको कागज व्याहोराको पुष्टी हुने गरी सोही व्यहोराको लेखाई बकपत्र गरेको पाइन्छ । मिति २०६७।७।४ गते सतिश साह र मोवारक राईन फिल्म हेर्न जाने भनी जनकपुरतर्फ आएको र त्यसपछि उक्त दिनमा घरमा फर्कि नआएकोमा अपरिचित व्यक्तिले फोन गरी नाती मेरो कब्जामा छ फिरौती माग गर्दा रु.२,७५,०००/- मा कुरा मिलि ढल्केवर पुलभन्दा उत्तरतर्फ खरमा राखी दिनु भनेकोमा सो ठाउँमा राखी सडकतर्फ आउँदा बाटोमा नाती मुक्त गराएका हुन भनी बकपत्र लेखाएको पाईन्छ । साथै सो मिति देखि मनोज मण्डल र सदिक शेष गाउँबाट फरार भएका जिल्ला प्रहरी कार्यालयबाट पक्राउ भएपछि चिनेको हुँ भनी बकपत्र गरेको देखिन्छ ।

अपहरण परेका व्यक्ति सतिश कुमार साहलाई यस अदालतले बकपत्रको लागि झिकाउँदा वादी पक्षले उपस्थित नगराएको र यस अदालतबाट अ.वं.११५ नं. बमोजिम म्याद जारी पनि नआएको र रु.५०/- जरिवाना गरी पक्राउ पुर्जिमा पठाउदा निज आफ्नो पिता नरेश कुमार साहका साथ विदेशमा बसेको भनी पक्राउ पूर्जि जारी गर्दा पनि नाती सतिश साह हाल निजका पितासँग कतारमा बसेका छन् भनी लेखाई दिएको अवस्था हुँदा निजलाई अदालतमा झिकाई बकपत्र गर्न सकिएन । तापनि निजले अनुसन्धान अधिकार समक्ष हजुरबुबा खेहरु साहको रोहवरमा अपहरण तथा मोवारक राईनको कर्तव्यको बारेमा खुलाई गरि दिएको कागजबाट घटना वारदातबारे तथ्यगत जानकारी लिन मिल्ने नैं देखिन्छ । निजले अनुसन्धान अधिकारी समक्ष कागज गर्दा मिति २०६७।७।४ गते छिमेकी साथी मोवारक राईनले जनकपुर फिल्म हेर्न जाउँ भनेपछि खाना खाई मोवारक राईनले साईकल लिई आएकोले हनुमान नगरको बाटो हुँदै जनकपुरतर्फ आउन लाग्दा बाटोमा पर्ने बह्मस्थान नजिक गाउँकै मनोज मण्डल र शेष सदिकसँग भेट भयो । मोवारक राईन, मनोज मण्डल र सदिक शेषले एकछिन कुराकानी गरेपछि जनकपुर हिडेर आयौ । जनकपुर मोवारक राईन र मैले पेस्सी खायौ । त्यसपछि मनोज मण्डल छुटे । म, सदिक शेष र मोवारक राईन जानकी मन्दिर नजिक आयौ । मनोज मण्डल पनि त्यही आए । मनोज मण्डल र शेष सदिकले मिल्स एरियामा रहेको फिल्म हलमा हेर्न जाउ भनेपछि सबैजना हल नजिक हुँदै

जनकपुर चुरोट कारखाना पछाडि गयौ । बाटोमा पक्राउमा परेका देखाइएका श्रीनारायण मण्डल, लक्ष्मण यादव, जगरनाथ यादव र वि.आर ३०७३१७ नं. को भारतीय गाडीका चालक सुधिर साह जिपमा चढी आई रोके । रोकेपछि मनोज मण्डल, सदिक शेष र गाडीमा आएका व्यक्तिहरु एकापसमा कुराकानी गरी मलाई र मोवारक राइनलाई गाडीमा बस्न भने पछि गाडीको बिच सिटमा बस्यौ । अगाडि सिटमा लक्ष्मण यादव, एकातिर ढोकामा श्रीनारायण मण्डल र अर्कोतिर ढोकामा जगरनाथ यादव बसे । गाउँको बाटो हुँदै बिच सडक पुऱ्याए । गाडीमा जगरनाथ यादव, लक्ष्मण यादव र श्रीनारायण मण्डल बारम्बर मोबाईलमा कुरा गर्थे । गाडीबाट ओर्ले पछि मैले मोवारक राईनको सर्ट लगाउन दिएकोले सो लगाए । मोबारक राईनलाई जगरनाथ यादवले नयाँ टिसर्ट किनी लगाउन दिए । त्यसपछि जगरनाथ यादवले श्रीनारायण मण्डललाई एकजना मानिस भेट्न आउछ जहाँ भन्छ त्यही बस्नुहोला भनी जगरनाथ यादव र लक्ष्मण यादव सोही गाडीमा फिर्ता भए । श्रीनारायणले बजार तिर लिएर गए । श्रीनारायण मण्डल र मोवारकले मासु चिउरा खाए । कुखुराको मासु भएको कारण मैले खाइन । राती १ जना मास्टरको घरमा खाना खाई सुत्यौ । घर धनीले राती नैं म समेतलाई भगाई दिए । श्रीनारायण मण्डलले हामीलाई बसमा चढाई बर्दिवासमा ल्याए । बर्दिवासमा एउटा होटलमा बसी रहेको अवस्थामा जगरनाथ यादव, लक्ष्मण यादव, मनोज मण्डल र सदिक शेष आए । बेलुका लक्ष्मण यादव हामीसँगै बसे । जगरनाथ, मनोज मण्डल, सदिक शेष फर्कि गए । २०६७।७।५ गते हामी होटलमा नै सुत्यौं । मिति २०६७।७।६ गते श्रीनारायण मण्डल समेतले मलाई पुल नजिकको बजारमा बसबाट ओराले । दिनभर कहिले बजार, कहिले नदिमा मलाई र मोवारक राईनलाई राखे । निजहरु पालो पालो टेलिफोनमा कुरा गर्थे । सो दिन बेलुका श्रीनारायण मण्डलले मलाई ढल्केवर बजारमा लिएर आए । ढल्केवरमा जगरनाथ यादव, मनोज कुमार मण्डल र सदिक शेष समेत आएका थिए । त्यसपछि मनोज मण्डलले आज घर जाने भनेका थिए । मोवारक राईनले सदिक शेषसँग पैसा माग गरेको सुने । त्यसपछि ढल्केवर बजारबाट बस चढि म, मोवारक राईन, मनोज कुमार मण्डल, शेष सदिक, श्रीनारायण मण्डल, जगरनाथ यादव र लक्ष्मण यादव समेत धारापानि बजारमा बसबाट ओर्लियौ । अध्यारो भएपछि पैदल हिडेर जंगल तर्फको बाटो हुँदै खोलाको किनार नजिक रहेको बासको गाज नजिक रहेको राडी खरमा पुग्दा मनोज मण्डल र शेष सदिकले मोवारक राईनलाई लडाउँदा निज रुन कराउन खोज्दा श्रीनारायण मण्डलले मोवारक राईनको मुख थुनी दिए । उक्त स्थानबाट निजहरुले मोवारक राईनलाई घिसारी नजिक रहेको बास र सिमलको रुखको बिचमा रहेको खाली जग्गामा लडाई श्रीनारायण मण्डल र जगरनाथ यादवले मोवारक राईनको खुट्टा, मनोज कुमार मण्डल र शेष सदिकले दुवै हात समाते । लक्ष्मण यादवले सोही नजिक रहेको ढुंगा हातमा लिइ मोवारक राईनको टाउको पछाडिको भागमा प्रहार गरे । निजहरुले मेरो सामुन्ने मोवारक राईनलाई कर्तव्य गरी मारेका हुन । त्यस पश्चात ढल्केवर ल्याएका हुन् । बाटोमा कसैलाई नभन्नु भनिस भने तलाई पनि मारी दिन्छु भनेका थिए । श्रीनारायण मण्डल र लक्ष्मण यादवले सो दिन ढल्केवरको एउटा होटल लजको दोश्रो तलामा राखे । अरु जनकपुर फर्के । उक्त दिन पानी र बिस्कुट लजमा नैं ल्याई दिए । मिति २०६७।७।७ गते दिउसो निजहरुले मलाई ढल्केवरबाट खोलामा लिएर गए । सोही बेलुका मलाई पिच सडकमा खेत खेतै जाउँ तिम्रो मामा आएको छ भने पछि पिच सडकमा हजुरबुबासँग भेट भएपछि मोटरसाईकल चढी घर आएको हुँ भनि घटनास्थल खिचिएको फोटो कपडा मृतकलाई समेत सनाखत गरी कागज गरेको देखिन्छ । उक्त अपहरण कार्यमा गाडी धनी राजे महतो र चालक सुधिर साह समेतको मिलोमतो भएको भन्दै मोवारक राईनको कर्तव्यमा गाडी धनी र चालक बाहेक अन्य प्रतिवादीको संलग्नता भएको तथ्य घटनाको विवरण सहित कागज गरेको देखिन्छ ।

प्रतिवादी श्रीनारायण मण्डल, लक्ष्मण यादव, जगरनाथ यादव, सुधिर साहलाई अन्य व्यक्तिहरुले समूहमा राखी सनाखत गराउँदा पिडित व्यक्ति सतिश साहले हजुरबुबाको रोहवरमा सनाखत गरि दिएको कागज मिसिल संलग्न रहेको देखिन्छ ।

ढल्केवरस्थित गिरी लजमा संचालक नवराज गिरीले मौकामा कागज गर्दा मिति २०६७।७।६ गते बेलुका ६ जना व्यक्तिहरु एकैचोटी आए । निजहरु मध्येका ३ जना मोटरसाईकल चढी बजार तर्फ गए । हाल पक्राउ परेका लक्ष्मण यादवले एउटा राम्रो कोठा चाहिएको छ भने पछि दोश्रो तलाको कोठा नं. ४ देखाए । हाल नाम थाहा भएका लक्ष्मण यादव, श्रीनारायण मण्डल र १ जना गोरो वर्णको केटा समेतले कोठा हेरी नाम लेखाउँदा सुशिल यादव जनकपुर ढल्केवर समेत उल्लेख गरे र मोवाइल नम्बर लक्ष्मण यादवले ९८१४८२४०५६ लेखाएका हुन् । सोही दिन ३ जना मेरो लजमा बसेका हुन । बच्चा भएको कारण संख्या २ मात्र लेखेको हुँ भनी कागज गरेका र अदालतमा आई बकपत्र गर्दा समेत सुशिल नाम बताउने व्यक्तिसँग २ जना र बच्चा समेत थियो कोठा माग गरेकोमा दोश्रो तलाको ४ नं. मा बसेका मिति २०६७।७।७ गते दिउसो १२:०० बजे कोठा छोडी गएका हुन् । मोवाइल नं. दिन नमानेकोमा मैले कर गर्दा ९८१४८२४०५६ नं. बताएका थिए । हाल पक्राउ परेका व्यक्ति शुसिल भन्ने लक्ष्मण यादव र श्रीनारायण भन्ने व्यक्तिले नाम ठेगाना ढाँटी लेखाएका रहेछन् भनी बकपत्र गरेको पाइन्छ ।

जाहेरवाला सहिदा खातुनले अदालतमा आई बकपत्र गर्दा मिति २०६७।७।४ गते मेरो छोरा मोवारक राईनलाई प्रतिवादीहरु जगरनाथ यादव, श्रीनारायण मण्डल, लक्ष्मण यादव, सदिक शेष र मनोज मण्डल समेतले अपहरण गरी कर्तव्य गरी मारेका हुन् । प्रतिवादीहरुले ९५ लाख रुपैया माग गरेका र मैले दिन्छु भन्दा पनि इटा ढुंगाले प्रहार गरी मारेका हुन भनी बकपत्रमा लेखाई दिएको पाइन्छ ।

त्यसैगरी लक्ष्मण यादवको बा.९.प.२४८७ नं. को मोटरसाईकल मिति २०६७।७।८ मा मर्मत गर्न लगेकोमा पेश्की स्वरुप रु.४,०००/- दिई मिति २०६८।७।१० मा पुन: रु.४,०००/- दिई मोटर साईकल बनाएको भनी मोटर साईकल रिपेरिङ्ग र मर्मत गर्ने अनिल कुमार यादवले मौकामा र यस अदालत समक्ष बकपत्र गर्दा समेत सोही व्यहोरा लेखाएको देखिन्छ ।

मौकामा कागज गर्ने कमरुद्दिन राईनले मिति २०६७।७।४ गते विहान १०:०० बजेको समयमा म खेतबाट आफ्नो घरतर्फ आइरहेको अवस्थामा बाटोमा मोवारक राइनलाई साईकल डोर्‍याई सतिस साह, मनोज कुमार मण्डल र शेष सदिकलाई सँगै जनकपुर तर्फ जाँदै गरेको देखेको थिए । बेलुका निजहरु समेत घरमा आएको थिएन भनी कागज गरेका र अदालतमा बकपत्र गर्दा पनि २०६७।७।४ गते सतिस साह, मोवारक राइन, मनोज मण्डल र सदिक शेषलाई जनकपुरतर्फ आउँदै गरेको देखेको थिए । प्रतिवादी जगरनाथ यादव, श्रीनारायण मण्डल, लक्ष्मण यादव सदिक शेष मनोज मण्डल, सुधिर साह र राजे महतो समेत भैं अपहरण गरी सतिस साहले फिरौती दिएपछि र मोवारक राईनले नदिए पछि मारि दिएका हुन भनि लेखाई दिएको देखिन्छ ।

त्यसै गरी मौकामा कागज गर्ने आविद राईनले अदालतमा बकपत्र गर्दा मिति २०६७।७।४ गते विहान १०/११ बजेको समयमा मोवारक राईन, सतिस साह, मनोज मण्डल, सदिक शेष समेत जिल्ला धनुषा, जनकपुर नगरपालिका अन्तर्गतको हनुमान नगर टोलमा अवस्थित मन्दिर नजिक देखेको हुँ । सतिस साहलाई रु.२,७५,०००/- फिरौती रकम लिई छाडी दिए र मोवारक राईनलाई कर्तव्य गरी मारि दिएका हुन् । प्रतिवादी लक्ष्मण यादव, जगरनाथ यादव र श्रीनारायण मण्डल समेतका व्यक्तिहरुले मारि दिएका हुन भनि बकपत्र गरी दिएको अवस्था छ ।

भारतीय वि.आर ३०७३१७ नं. को गाडी धनी राजे महतो र गाडी चालक सहित गाडी पक्राउ गरी दाखिला गर्ने प्र.स.नि. विगन राय यादवले गरी दिएको बकपत्र समेत मिसिल संलग्न रहेको पाईन्छ ।

अदालत समक्ष वयान गर्दा सबै प्रतिवादीहरु कसुरमा इन्कारी बयान गरेता पनि अनुसन्धान अधिकारी समक्ष वयान गर्दा सबै प्रतिवादीहरु जगरनाथ यादव, लक्ष्मण यादव, श्रीनारायण मण्डल,

मनोज कुमार मण्डल र सदिक शेष बिच एक आपसमा पूर्व चिनजान समेत भैं आपसी पूर्व सल्लाह र योजना अनुसार नैं प्रतिवादी मनोज कुमार मण्डल र सदिक शेषले आफ्नै गाउँका सतिस साह र मोवारक राईनलाई अपहरण गरौं । उनीहरुको अभिभावकबाट मागे बमोजिमको फिरौती रकम दिन्छ भनी श्रीनारायण मण्डललाई बताएको र श्रीनारायण मण्डलले अपहरण कार्यको लागि जगरनाथ र लक्ष्मण यादव समेतलाई बोलाई आफ्नै कोठामा सबैसँग सल्लाह तथा तयारी गर्दा गाडी धनी राजे महतोसँग समेत फोनमा कुराकानी गरेको भन्ने मिसिलबाट देखिन आउछ ।

श्रीनारायण मण्डलले बच्चाहरु अपहरण गरी सर्लाहीसम्म पुऱ्याउनको लागि पूर्व चिर परिचित गाडी धनी राजे महतोलाई भनेको निजले पनि बच्चाहरुलाई सर्लाहीसम्म पुऱ्याउने कार्य थाहा हुँदाहुँदै श्रीनारायण मण्डलको कसूरजन्य कार्यलाई सहयोग पुऱ्याउन वि.आर ३०७३१७ नं.को भारतीय गाडी र गाडी चालक सुधिर साहलाई पठाएको, तत्काल श्रीनारायणसँग गाडी धनी राजे महतोले गाडी भाडाँ रुपैयाँ नलिएको, सुधिर साह चालकलाई पनि बच्चाहरु सहित सर्लाहीसम्म पुऱ्याईदेउ, भाडा नमाग दिए लेउ नदिए नलेऊ भनी गाडी धनी राजे महतोले भनेको, चालक सुधिर साहले गाडी मूल बाटोबाट नचलाई प्रहरीको प्रक्राउबाट जोगिन गाउँको भित्रि बाटो गाडी चलाएको, गाडीमा बसेका प्रतिवादीहरुले मोवाइलबाट फोन गरेको सुनी रहेको, फिरौती मागेपछि मात्र बच्चाहरु छोड्ने हो भनी प्रतिवादीहरुले गरेको कुराकानी सुनी बच्चाहरुको अपहरण तथा शरिर बन्धक लिने कार्यमा जानी जानी सहयोग र मद्दत पुऱ्याएको भन्ने तथ्य मिसिल संलग्न प्रतिवादीहरुको अनुसन्धान अधिकारी समक्षको साविति तथा पोल वयान, घटनामा प्रत्यक्ष संलग्न एवंम् पिडित व्यक्ति सतिश साहको मौकाको कागज, मौकामा कागज गर्ने व्यक्तिहरुको बकपत्र, जाहेरवालाको बकपत्र समेतबाट देखिन आयो ।

जनकपुर नगरपालिका वार्ड नं. ७ जानकी नगर टोलस्थित सन्तोष साहको घरकोठामा प्रतिवादी श्रीनारायण मण्डल भाडामा बसेकोमा निजको घरकोठा खान तलाशी गर्दा डेरा कोठाको अगाडिपट्टि वरण्डामा ज.१.प.८१८३ नं.को Cosmic मोटर साईकल र बा.९.प.२४८७ नं.को Caliber बजाज कम्पनीको मोटरसाईकल रहेको, निजले लिएको भाडा कोठा भित्र लक्ष्मण यादव र जगरनाथ यादव फेला परेको, लक्ष्मण यादवको पाईन्टको अगाडिको खल्तीबाट रु.१०००/- को दरका ४४ वटा रु.४४,०००/- नगद र चामलको बोरा भित्र कटुवा पेस्तोल थान-१, गोली राउण्ड -४ र गोली राख्ने चार्जर समेत वरामद भएको वरामदी मुचुल्काबाट देखिन्छ ।

प्रतिवादी मध्येका साक्षी मनोहर मण्डलले मिति २०६७।७।३ र ४ गते प्रतिवादी राजे महतो र ४ गते गाडी घरमैं थियो । अपहरणमा प्रयोग भएको छैन भनी प्रतिवादीको अदालत समक्ष भएको वयान पुष्टि हुने गरी बकपत्र गरेको देखिएता पनि मिसिल संलग्न अन्य कागजात र तथ्यसँग निज साक्षीको बकपत्र बाँझिएको हुँदा निजहरुको बकपत्र विश्वसनीय मान्न सकिएन ।

त्यसैगरी प्रतिवादी सुधिर कुमार साहको साक्षी विनोद महतो र जट्टा महतोले मिति २०६७।७।४ गते प्रतिवादी गाउँ घरमैं थिए भनि बकपत्र गरेकोमा निजलको बकपत्र पनि मिसिल संलग्न अन्य प्रमाण कागजसँग बाझिएको देखिंदा निजको भनाई पनि विश्वसनीय मान्न सकिएन ।

प्रतिवादी जगरनाथ यादवको साक्षी जिवेन्द्र प्रसाद यादव र विजय कुमार यादवले प्रतिवादी जगरनाथ यादव मिति २०६७ सालको दशैं देखि मंसिर ७ गतेसम्म आफ्नै घरमा थियो । निजलाई प्रहरीले ७ गते राती ११ बजे घरमा बसी पक्राउ गरी लगेको हो । निज प्रतिवादी निर्दोष छन् भनी बकपत्र गरेता पनि उक्त बकपत्र संकलित प्रमाण कागजात भन्दा पृथक देखिन आएबाट निजको बकपत्र पनि विश्वसनीय मान्न सकिएन ।

अर्का प्रतिवादी लक्ष्मण यादवका साक्षी रामवरण यादव र महादेव यादवले बकपत्र गर्दा पनि उक्त मिति २०६७।७।४ मा प्रतिवादी लक्ष्मण यादव गाउँ घरमैं थिए । प्रहरीले निजको घरबाटै लक्ष्मण यादवलाई पक्राउ गरी निजको मोटर साईकल र निजको नगद रुपैयाँ समेत ल्याएका हुन् । निजलाई

आरोपित अभियोगमा सजाय हुनुपर्ने होइन भनी बकपत्र गरेकोमा सो बपकत्र तथ्यमा आधारित नहुँदा प्रमाण योग्य देखिन आएन ।

माथि विवेचित प्रतिवादीहरु बिच एकआपसमा पूर्व चिनजान, प्रतिवादीहरुले एकापसमा सर सल्लाह गरी योजनाबद्ध तरिकाबाट नावालक सतिश साह र मोवारक राईनलाई अपहरण गरेको तथ्य र कसुरमा प्रतिवादीहरुको अनुसन्धान अधिकारी समक्ष साविती वयान तथा सह प्रतिवादी उपरको पोल वयान, अपहरित मध्येका नावालक सतिश साहले मौकामा गरि दिएको कागज तथा प्रतिवादीहरुलाई सनाखत गरी दिएको सनाखत कागज, मौकामा कागज गर्ने आविद राईन र कमरुद्दिन राईन समेतको बकपत्र तथा जाहेरवाला सहिदा खातुन र खेहरु साहको बकपत्र समेतका कागजात आधारमा जिल्ला धनुषा, बसहिया वडा नं. ५ बस्ने मोवारक राईन र वडा नं. ७ बस्ने सतिश कुमार साहलाई सोही गा.वि.स. वडा नं. २ बस्ने सहिद शेष र वडा नं. ४ बस्ने मनोज मण्डल खत्वेले अन्य प्रतिवादीहरुसँगको पूर्व सल्लाह बमोजिम फिल्म हेर्न जाउँ भनी जनकपुरसम्म साइकलमा ल्याई जनकपुरबाट अन्य प्रतिवादी जगरनाथ यादव, लक्ष्मण यादव र श्रीनारायण मण्डलसँग भेट भैं राजे महतोको भारतीय गाडी वि.आर ३०७३१७ नं. को जिपमा राखी प्रतिवादी सुधिर साहले चलाई प्रहरीले नदेखोस भनी जनकपुर चुरोट कारखानाको पछाडिको गाउँको ग्रेवलिङ्ग बाटो हुँदै सपही पिचरोडमा निस्की सर्लाहीसम्म पुऱ्याई सर्लाहीमा १ रात विताई पुनः बर्दिवास आई दोश्रो दिन वर्दिवास बसी सोही बसाईको क्रममा सतिश कुमार साहका अभिभावकसँग फिरौतीको रकम रु.२,७५,०००/- तय गरी सतिश कुमारलाई छोड्न लाग्दा अपहरित मध्येकै नावालक मोवारक राईनले प्रतिवादी सदिक शेषसँग फिरौतीको रकमको हिस्सा माग गर्दा निजलाई उक्त रकमको हिस्सा नदिंदा निजले गाउँमा गैं भनि दिने डरले प्रतिवादी जगरनाथ यादव, लक्ष्मण यादव, श्रीनारायण मण्डल, मनोज मण्डल र सदिक शेषले मोवारक राइनलाई ढल्केवर धारापानी यज्ञभूमी वडा नं. ७ स्थित बालुवा नदीमा लगी सबै मिलि कर्तव्य गरी मारेको तथ्य मिसिल संलग्न कागजातहरुबाट देखिन आयो ।

प्रतिवादी मनोज मण्डल खत्वे र सहिद शेष शुरु म्यादै गुजारी फरार रहेता पनि अपहरण तथा शरिर बन्धक मुद्दामा वारेण्ट जारी नहुने र वारेण्ट जारी नहुने मुद्दा जारी नहुने हुँदा अदालती बन्दोबस्तको १९० नं. बमोजिम मुलतवी राख्न नमिल्ने भएकोले यी दुई प्रतिवादी फरार भएता पनि अपहरण तथा शरिर बन्धकको कसुरमा नावालक बच्चाहरुलाई निजहरुको अभिभावकको वा संरक्षकको मंजुरी नलिई मिति २०६७।७।४ गते फिल्म हेर्न जाउँ भनि निजहरुको गाउँबाट जनकपुरसम्म ल्याई जनकपुरबाट अन्य प्रतिवादीहरु जगरनाथ यादव, लक्ष्मण यादव र श्रीनारायण मण्डल समेत सामेल भैं अपहरित नावालक सतिश कुमार साहका अभिभावकसँग रु.२,७५,०००/- फिरौती दिई छाडेका र अर्का अपहरित नावालक मोवारक राईनलाई कर्तव्य गरी मारेको स्थिति हुँदा प्रतिवादी मनोज मण्डल खत्वे र सहिद शेष उपर कर्तव्य ज्यानको अभियोग माग दावी सम्बन्धमा अ.वं.१९० नं. बमोजिम मुलतवी राखी दिएको छ । तर अपहरण तथा शरिर बन्धक लिनेको ३ र ७ नं. र ९ नं. को सजायको हकमा मुलतवी नहुने हुँदा निजहरु समेतको प्रत्यक्ष सर-सल्लाह, योजना अनुसार नैं अपहरणको कसुर भएको हुँदा यी प्रतिवादी मनोज मण्डल र सहिद शेषको सो कार्य अपहरण गर्ने तथा शरिर बन्धक लिनेको १ नं. विपरितको ऐ.महलको ३ नं. अनुसारको कसुर भएको देखिन आयो ।

अब सजायको तर्फ विचार गर्दा, अपहरित नावालकहरुका अभिभावकसँग फिरौती रकम लिने उद्देश्यले नावालकहरुको अपहरण तथा शरीर बन्धक बनाएको अवस्था हुँदा अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम ७ वर्ष देखी १५ वर्षसम्म कैंद र रु.५०,०००/- देखि रु.२,००,०००/- जरिवाना हुने भए तापनि यी प्रतिवादीहरुलाई १० वर्ष कैंद र रु.५०,०००/- जरिवाना गरेपनि न्यायको मकसद पुरा हुने देखिंदा यी प्रतिवादी मनोज मण्डल र सदिक शेषलाई जनही १० वर्ष कैंद र जनही रु.५०,०००/- (पचास हजार) जरिवाना हुने ठहर्छ । नावालक बच्चाहरुको अपहरण तथा शरीर बन्धक

बनाउने कार्यमा २ वा २ भन्दा बढी व्यक्तिहरुको संलग्नता भएको अवस्था हुँदा सो अपहरण तथा शरीर बन्धक लिनेको ७ नं. बमोजिम निज प्रतिवादीहरुलाई थप २ वर्ष कैंद हुने ठहर्छ । त्यसै गरी अपहरित बच्चाहरु नावालक भएको हुँदा सोही महलको ९ नं. बमोजिम प्रतिवादीहरुलाई थप २ वर्ष कैंद समेत हुने ठहर्छ ।

त्यसैगरी प्रतिवादी मध्येका श्रीनारायण मण्डल, जगरनाथ यादव र लक्ष्मण यादव मध्ये श्रीनारायण मण्डल प्रस्तुत वारदातका मुख्य योजनाकार भएको निजको कोठामा मिति २०६७।७।३ गते अन्य प्रतिवादीहरुलाई बोलाई सरसल्लाह गरी गाडी समेतको व्यवस्था गरेको भनी प्रतिवादीहरुको अनुसन्धान अधिकारी समक्षको वयानबाट देखिन आएको र नावालकलाई मिति २०६७।७।४ गते जनकपुरबाट गाडीमा बसाली सर्लाहीसम्म पुऱ्याई पहिलो दिन सर्लाही, दोश्रो दिन वर्दिवास बसाली मिति २०६७।७।७ मा फिरौती रकम लिई अपहरित नावालक सतिश कुमार साहलाई अपहरण मुक्त गरेको र त्यसैगरी उक्त अपहरण तथा शरिर बन्धक कसूरको कार्यमा प्रतिवादी जगरनाथ यादव र लक्ष्मण यादवको सल्लाह, सहमती र योजना अनुसार यी तिनै जना प्रतिवादीहरुको प्रत्यक्ष संलग्नता रहे भएको देखिन आउँछ । यसरी नावालक बच्चाहरुलाई निजहरुको बाबु आमा संरक्षकको मन्जुरी विना अभिभावकत्व तथा संरक्षकत्वबाट छुट्याई अलग गरी २०६७।७।४ गतेबाट मिति २०६७।७।७ गतेसम्म प्रतिवादीहरुले विभिन्न स्थानमा आफ्नो कब्जामा राखी सतिश कुमार साहको अभिभावकबाट रु.२,७५,०००।- फिरौती रकम लिई अपहरण मुक्त गरेको सो कार्य अपहरण तथा शरीर बन्धक लिनेको १ नं. विपरितका कार्य देखिन आयो । फिरौती लिने उद्देश्यले नावालकहरुलाई अपहरण तथा शरीर बन्धक राखिएको हुँदा प्रतिवादीहरुको सो कार्य अपहरण तथा शरीर बन्धक महलको ३ नं. अनुसारको कसुर भएको देखिन आयो ।

सजायको हकमा, अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. अनुसार ७ वर्ष देखि १५ वर्षसम्म कैंद र रु.५०,०००।- देखि रु.२,००,०००।- सम्म जरिवाना हुने कानूनी व्यवस्था भएता पनि यी प्रतिवादीहरुलाई १० वर्ष कैंद र रु.५०,०००।- (पचास हजार) जरिवाना गरे पनि न्यायको मकसद पुरा हुने देखिंदा ऐ. महलको ३ नं. अनुसार प्रतिवादी श्रीनारायण मण्डल, जगरनाथ यादव र लक्ष्मण यादवलाई जनही १० वर्ष कैंद र जनही रु.५०,०००।- (पचास हजार) जरिवाना हुने ठहर्छ । उक्त कसुर २ वा २ भन्दा वढी व्यक्ति मिलि गरेकोले सोही महलेका ७ नं. बमोजिम प्रतिवादीहरुलाई जनही थप २ वर्ष कैंद हुने र नावालक बच्चाको अपहरण भएको हुँदा सोही महलको ९ नं. बमोजिम प्रतिवादीहरुलाई जनही थप २ वर्ष कैंद समेत हुने ठहर्छ ।

प्रतिवादी राजे महतोको हकमा, यी प्रतिवादीसँग अपहरण गर्नुपूर्व मिति २०६७।७।३ गते श्रीनारायण मण्डलले गाडीको कुराकानी गरेको, उक्त कुराकानी गर्दा २ वटा बच्चा राखेको छु सर्लाहीसम्म पुऱ्याउनु छ भनेकोमा प्रतिवादी राजे महतोले मंजुरी जनाएको, राजे महतो र श्रीनारायण मण्डल बिच पहिले देखिको पूर्व चिनजान रहेको, राजे महतोले भाडा तत्काल नलिएको, फिरौती रकम आएपछि पछि दिए पनि हुन्छ भनी भनेको अवस्था मिसिलबाट देखिन आउँछ । नावालक बच्चाहरुलाई सर्लाहीसम्म पुऱ्याउन अर्थात बच्चा लुकाउने प्रयोजनार्थ प्रतिवादी श्रीनारायण मण्डल समेतको अपहरण तथा शरीर बन्धकको कसुरमा भारतीय नम्बर वि.आर ३०७३१७ नं. को गाडी उपलब्ध गराई अपहरणको कसुरलाई दुरुत्साहन दिएको अर्थात अपहरण तथा शरीर बन्धकको कसूरमा सहमती सल्लाहमा पसेको अवस्था देखिएबाट यी प्रतिवादी राजे महतोले अपहरण तथा शरीर बन्धक लिनेको ३ र ४ नं. को कसुर गरेको ठहर्छ ।

सजायको हकमा विचार गर्दा, अपहरण तथा शरीर बन्धक लिने महलको ३ नं. मा यस महलको १ वा २ नं. बमोजिम अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई ७ वर्ष देखि १५ वर्षसम्म कैंद र रु.५०,०००।- देखि रु.२,००,०००।- सम्म जरिवाना हुने कानूनी

व्यवस्था भएको र यी प्रतिवादीले उक्त कसुरमा निजले निर्वाह गरेको कसुरको गंभिरता समेतलाई दृष्टीगत गर्दा निजलाई ७ वर्ष मात्र कैंद र रु.५०,०००/- (पचास हजार) मात्र जरिवाना गरे पनि न्यायको मकसद पुरा हुने देखिंदा निजहरुलाई ऐ.महलको ३ नं. बमोजिम ७ वर्ष कैंद र रु.५०,०००/- (पचास हजार) जरिवाना हुने ठहर्छ । सोही महलको ७ नं. बमोजिम २ जना भन्दा बढी भैं उक्त कसुर गरेको हुनाले थप २ वर्ष कैंद हुने ठहर्छ र सोही महलको ९ नं. बमोजिम नावालक बच्चाहरुलाई अपहरण गरेको स्थिति हुँदा सोही महलको ९ नं. बमोजिम थप २ वर्ष समेत हुने ठहर्छ ।

प्रतिवादी सुधिर साह भारतीय गाडीको ड्राइभर रहेको र निज भारतीय नागरिक समेत भएको देखिन्छ । गाडी धनी प्रतिवादी राजे महतोले २ वटा बच्चा चुरोट कारखानको पछाडिको गाउँको बाटो हुँदै सपही पिचमा नावालक बच्चाहरु लिई गएको अर्थात् मुलबाटो नगै भित्री बाटो गएको, मुल बाटोमा हिड्दा प्रहरीले समात्ने डरले भित्री बाटो हिडेको बाटोमा हिड्ने क्रममा प्रतिवादीहरुले मोवाईलमा कुराकानी गर्दा फिरौती रकम लिई पछि मात्र बच्चाहरु छोड्नु पर्छ भनी सल्लाह गरेको निज ड्राईभर प्रतिवादीले गाडी चलाउँदा सुनेको र बच्चाहरु सर्लाहीसम्म पुऱ्याई छोडी आएको, प्रतिवादी श्रीनारायणसँग गाडी भाडी माँग्दा फिरौती आएपछि दिउला भनी निज प्रतिवादीले भनेको थियो भनी अनुसन्धान अधिकारी समक्ष यी प्रतिवादी सुधिर साहले वयान गरेको अवस्था हुँदा आफूले चलाएको गाडीमा अपहरित बच्चाहरु छन् भन्ने बारेमा निजलाई पूर्ण जानकारी रहेको, निजको पनि श्रीनारायण मण्डलसँग पूर्व चिनजान रहेको स्थिति हुँदा प्रतिवादी गाडी चालक सुधिर साहको सो कार्य पनि अपहरण तथा शरीर बन्धक लिनेको १ नं. विपरित ३, ४ नं. अनुसारको कसुर गरेको देखिन आयो ।

सजायको हकमा विचार गर्दा, अपहरण तथा शरीर बन्धक लिने महलको ३ नं. मा यस महलको १ वा २ नं. बमोजिम अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई ७ वर्ष देखि १५ वर्षसम्म कैंद र रु.५०,०००/- देखि रु.२,००,०००/- सम्म जरिवाना हुने कानूनी व्यवस्था भएको र यी प्रतिवादीले उक्त कसुरमा निजले गरेको कसुरको गंभिरता समेतलाई दृष्टीगत गर्दा निजलाई ७ वर्ष मात्र कैंद र रु.५०,०००/- मात्र जरिवाना गरे पनि न्यायको मकसद पुरा हुने देखिंदा निजहरुलाई ऐ.महलको ३ नं. बमोजिम ७ वर्ष कैंद र रु.५०,०००/-(पचास हजार) जरिवाना हुने ठहर्छ । २ जना भन्दा बढी व्यक्ति भैं अपहरण गरेकोले सो महलको ७ नं. बमोजिम थप २ वर्ष कैंद हुने ठहर्छ र नावालक बच्चाको अपहरण गरेकोले ९ नं. बमोजिम थप २ वर्ष कैंद समेत हुने ठहर्छ ।

वादी नेपाल सरकारले अपहरण तथा शरीर बन्धक लिनेको १२ नं. को माग दावी अभियोग पत्रमा नलिएको र थुनछेक आदेश भैं सके पश्चात मिति २०६७।९।१३ मा जिल्ला अदालत नियमावली, २०५२ को नियम १७ बमोजिम निवेदन दर्ता गरेता पनि उक्त निवेदनमा कुनै आदेश समेत नभैं केवल मिसिल संलग्न मात्र रहे भएको देखिंदा ऐ.महलको १२ नं. को माग दावीका सम्बन्धमा केही बोली रहन परेन ।

अब कर्तव्यज्यान तर्फको अभियोग माग दावीका सम्बन्धमा हेर्दा, जिल्ला धनुषा गा.वि.स.यज्ञभुमि वार्ड नं.७ स्थित नक्कल बहादुर पाखिनको पर्ती जग्गामा नाम, थर, वतन नखुलेको पुरुष व्यक्तिको लाश रहेको, मृतक लाशको वरिपरि सिरुघाँस रहेको, लास भन्दा ५ मिटर पुर्व उत्तरमा सिमलको रुख रहेको, सिरु घाँस मडारिएको देखिएको, मृतक लाश निर जग्गा तथा सिरु घाँसमा रगतहरु रहेको, सो सँगै रगत लागेको आधा किलो ग्रामको ढुङ्गा बरामद भएको, मृतक लाशको टाउँको दक्षिण भई उत्तर दक्षिण रहि उतानो अवस्थामा रहेको, मृतक लाशको टाउँकोमा रगत लागेको, अनुहार सुन्निएको, रगत लागेको, घाँटीमा डाम रहेको, नाकको दुवै प्वालबाट रगत निस्केको, दुवै कानमा रगत लागेको, टाउँकोको पछाडी पट्टी २ वटा काटिएको घाउ रहेको, टाउकोको पछाडी पट्टी दाहिने कानवाट ३ इन्चमा २ इन्च लामो काटिएको घाउ रहेको, उक्त घाउवाट १ इन्च दुरीमा १ इन्च लामो काटिएको घाउ रहेको, घाउबाट रगत बगी कपाल रगतले भिजेको र पहेलो भेष्टमा समेत रगतको दाग रहेको

भन्ने घटनास्थल प्रकृति मुचुल्का र मृतक नाम, थर वतन नखुलेको अं.वर्ष १६/१७ को पुरुष व्याक्तिको हेड इन्जुरीको कारण मृत्यू भएको हो भन्ने शव परिक्षण प्रतिवेदनबाट अपहरित मोवारक राईनको मृत्यु कर्तव्यबाट नैं भएको हो भन्ने देखिन आउछ ।

अपहरित मोवारक राईनले अपहरित मध्येकैं सतिश कुमार साहका अभिभावकबाट प्राप्त फिरौतीको हिस्सा माग गरेको निहुँमा निजलाई यज्ञभूमी वडा नं. ७ स्थित बालुवा नदीमा बेलुकीको समयमा प्रतिवादी लक्ष्मण यादवले ढुंगाले टाउकोमा प्रहार गरी मारेको र सो तथ्यलाई शव परिक्षण प्रतिवेदन तथा लाश प्रकृती, घटनास्थल मुचुल्का समेतले पुष्टी गरेकोले निजको सो कार्य ज्यान सम्बन्धी महलको १ नं. विपरित भैं ऐ. महलको १३(३) नं. को कसुर भएको देखिन आयो । सो देखिनाले निजलाई ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्व सहित जन्मकैंद हुने ठहर्छ ।

अन्य प्रतिवादीहरु जगरनाथ यादव र श्रीनारायण मण्डल समेत घटनास्थलमा उपस्थित भैं मृतकको खुट्टा समाई मार्ने कार्यमा संयोग पारि दिएको भन्ने अभियोग माग दावी, सह प्रतिवादी लक्ष्मण यादवको अनुसन्धान अधिकारी समक्षको पोल वयान र निजहरुले अनुसन्धान अधिकारी समक्ष गरेको साविती वयान समेतबाट पुष्टी भैं रहेको देखिंदा निजहरुको सो कार्य ज्यान सम्बन्धी महतको १ र १३(४) नं. विपरितको देखियो । सो देखिंनाले प्रतिवादीहरु जगरनाथ यादव र श्रीनारायण मण्डललाई सोही महलको १३(४) नं. बमोजिम जनही जन्म कैंद हुने ठहर्छ । अरु कुरामा तपसिल वमोजिम गर्ने गरी अ.वं.१८६ नं.वमोजिम यो मुद्दा आज फैसला गरि दियां ।

## तपसिल

१. माथि इन्साफ खण्डमा लेखिए वमोजिम प्रतिवादी लक्ष्मण यादवलाई ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्व सहित जन्म कैंद र अपहरण तथा शरीर बन्धकको महलको ३ नं. बमोजिम १० वर्ष कैंद र रु.५०,०००/- जरिवाना तथा सोही महलको ७ र ९ नं. बमोजिम थप २-२ वर्ष कैंद समेत गरी जम्म १४ वर्ष कैंद र रु.५०,०००/- जरिवाना हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी मिति २०६७।८।८ देखि प्रहरी हिरासतमा रही मिति २०६७।९।१२ को आदेशले पुर्पक्षको निमित हालसम्म थुनामा रहेको देखिंदा मिति २०६७।८।८ गते देखि नैं कैद कट्टि हुने कैंद जरिवानाको लगत कसि कारागार कार्यालय, महोत्तरी जलेश्वरमा पठाई दिनु ।
२. प्रतिवादी जगरनाथ यादव र श्रीनारायण मण्डललाई ज्यान सम्बन्धी महलको १३(४) नं. बमोजिम जनही जन्म कैंद र अपहरण तथा शरीर बन्धकको महलको ३ नं. बमोजिम जनही १० वर्ष कैंद र रु.५०,०००/- जरिवाना तथा सोही महलको ७ र ९ नं. बमोजिम जनही २-२ वर्ष थप कैंद समेत गरी जम्मा जनही १४ वर्ष कैंद र रु.५०,०००/- जरिवाना समेत हुने ठहरी फैसला भएकोमा निज दुवै प्रतिवादी मिति २०६७।८।८ देखि प्रहरी हिरासतमा रही मिति २०६७।९।१२ को आदेशले पुर्पक्षको निमित हालसम्म थुनामा रहेको देखिंदा मिति २०६७।८।८ बाटै कट्टा हुने गरी जन्म कैंद र जरिवानाको लगत कसि कारागार कार्यालय, महोत्तरी जलेश्वरमा लेखी पठाई दिनु ।
३. प्रतिवादी राजे महतो र प्रतिवादी सुधिर साहलाई अपहरण तथा शरीर बन्धकको महलको ३ नं. बमोजिम जनही ७ वर्ष कैंद र रु.५०,०००/- जरिवाना तथा सोही महलको ७ र ९ नं. बमोजिम थप २-२ वर्ष कैंद समेत गरी जम्मा जनही ११ वर्ष कैंद र रु.५०,०००/- जरिवाना समेत हुने ठहरी फैसला भएकोमा दुवै प्रतिवादी मिति २०६७।८।१३ मा पक्राउ परी मिति २०६७।९।१२ को आदेशले मुद्दा पुर्पक्षको लागि थुनामा रहेको देखिंदा पक्राउ परेकैं मितिबाट कट्टा हुने गरी कैंद र जरीवानाको लगत कसी कारागार कार्यालय, महोत्तरीमा लेखी पठाई दिनु ।

४. प्रतिवादीहरु मनोज मण्डल र सदिक शेषलाई अपहरण तथा शरीर बन्धकको महलको ३ नं. बमोजिम जनही १० वर्ष कैंद र रु.५०,०००/- जरिवाना तथा सोही महलको ७ र ९ नं. बमोजिम थप २-२ वर्ष कैंद समेत गरी जम्मा जनही १४ वर्ष कैंद र रु.५०,०००/- जरिवाना हुने ठहरी फैसला भएकोमा निज दुवै प्रतिवादीहरु बेरुजु हुँदा लगत कसी असुल गर्नु ।
५. प्रतिवादीहरु मनोज मण्डल र सदिक शेषको हकमा कर्तव्य ज्यान तर्फ अ.वं.१९० नं. बमोजिम मुलतवीमा रहेकोले मुलतवी दायरीमा दर्ता गरी राख्नु ।
६. यस फैसलामा चित्त नबुझे ७० दिन भित्र श्री पुनरावेदन अदालत, जनकपुरमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु लक्ष्मण यादव, जगरनाथ यादव, श्रीनारायण मण्डल, राजे महतो, सुधिर साहलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६ वमोजिम पुनरावेदनको म्याद जारी गरी पठाई दिनु र फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, धनुषामा पठाई दिनु ।
७. पुनरावेदन परे पुनरावेदनको रोहबाट र पुनरावेदन नपरे साधक सदरको लागि प्रस्तुत मुद्दाको सक्कल मिसिल पुनरावेदन अदालत, जनकपुरमा पठाई दिनु ।
८. सरोकारवालाले नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लि नक्कल सारी सराई दिनु र प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ।

फैसला क.टा.गर्ने राजिव कुमार वर्मा
फांट ना.सु. दिनेश सुवेदी

**जिल्ला न्यायाधीश**

**ईति सम्बत २०६९ साल पुष २३ गते रोज २ शुभम्..............................।**

# श्री सप्तरी जिल्ला अदालत
## इजलास
## माननीय न्यायाधीश श्री रितेन्द्र थापा
## फैसला
## संवत् २०६४ को स.वा.फौ.नं. १३०

## मुद्दाः- अपहरण तथा शरीर बन्धक ।
## नि.नः १५६

**वादीको नाम थर बतन**

जिल्ला प्रहरी कार्यालय सप्तरीमा कार्यरत प्र.स.नि. रामबहादुर महतोको प्रतिवेदन तथा जिल्ला सप्तरी बनौली गा.वि.स. वडा नं.७ बस्ने चतुरनारायण साहको जाहेरीले नेपाल सरकार .१

**साक्षीः-** जाहेरवाला चतुरनारायण साह, वस्तुस्थिति मुचुल्काका रामदेव मण्डल, मिश्रीलाल मण्डल, रामुप्रसाद गुप्ता, घटना विवरण कागज गर्ने जीवनकुमार श्रेष्ठ, प्रहरी प्रतिवेदक रामबहादुर महतो ।

**कागजः-**

**प्रतिवादीहरूको नाम थर वतन**

जि.स. बरही वीरपुर गा.वि.स. वडा नं. ५ बस्ने हरिनारायणको छोरा भोला भन्ने भोलेन्द्र यादव....................................१

ऐ.ऐ. बस्ने राजेन्द्रको छोरा विनोद कुमार यादव................१

ऐ.ऐ. वडा नं. १ बस्ने -कोचावखारी गा.वि.स. वा.नं. ६ लेखराम टोल बस्ने बच्चालालको छोरा राकेश बी भन्ने वीरेन्द्र साह ....................................................................१

ऐ.राजविराज न.पा. वडा नं. ७ बस्ने मोतीको छोरा छोटुराज भन्ने ऐस अन्सारी .....................................................१

भारत विहार राज्य मधुवनी जिल्ला ग्राम पञ्चायत महादेवमठ बस्ने गंगारामको छोरा श्रवण मण्डल .............................१

भारत विहार राज्य मधुवनी जिल्ला ग्राम पञ्चायत बिक्रमशेर बस्ने रामरूपको छोरा चित्तरञ्जन यादव .........................१

भारत विहार राज्य मधुवनी जिल्ला ग्राम पंचायत महादेवमंठ गंगाप्रसाद मण्डल .....................................................१

भारत सुपौल जिल्ला ग्राम पंचायत धरहरा जिरिया टोल बस्ने लालु मुखिया ..........................................................१

भारत विहार राज्य मधुवनी जिल्ला ग्राम पञ्चायत छातापुर बस्ने रामसागर यादव ................................................१

भारत विहार राज्य मधुवनी जिल्ला ग्राम पञ्चायत महथोर बस्ने गुदर कामैत ......................................................१

भारत विहार राज्य मधुवनी जिल्ला ग्राम पञ्चायत धरहरा बस्ने कुलदीप यादव ..................................................१

भारत सुपौल जिल्ला ग्राम पञ्चायत डंगमारा चुटियाही बस्ने मधु महतोको छोरा रामकुमार मेहता..............................१

ऐ.ऐ. बस्ने भोलाको छोरा महानन्द मेहता .......................१

भारत विहार राज्य सुपौल जिल्ला ग्राम पञ्चायत दुगुहान बस्ने कारी मेहताको छोरा रामकुमार मेहता............................१

ऐ.ऐ. बस्ने किशोरीको छोरा विन्देश्वर मेहता ....................१

भारत विहार राज्य सुपौल जिल्ला ग्राम पञ्चायत डंगमारा चुटियाही बस्ने बद्रीको छोरा जयनाथ मेहता......................१

ऐ.ऐ. बस्ने मधुको छोरा चन्द्रदेव मेहता ..........................१
भारत विहार राज्य सुपौल जिल्ला ग्राम पञ्चायत मझारी बस्ने नेवीलालको छोरा ललनकुमार मेहता.......................१
भारत विहार राज्य सुपौल जिल्ला ग्राम पञ्चायत डंगमारा बस्ने धनुषधारीको छोरा नारायण मेहता..........................१
ऐ.ऐ.बस्ने राजेन्द्र कामैत ..............................................१

**साक्षी :-** भोला भन्ने भोलेन्द्रका साक्षी मोहन प्रसाद यादव, महेन्द्र यादव, प्र. विनोदका साक्षी बमभोली यादव, लालबहादुर यादव,

**अदालतबाट बुझेको**
**साक्षी**
**कागज :-**

न्याय प्रशासन ऐन २०४८ को दफा ७ तथा मु. ऐन अ.वं. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र परी दायर भै पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छ ।

जिल्ला सप्तरी राजविराज न.पा. वडा नं. १ स्थित बाल मन्दिरदेखि पूर्वपट्टिको कच्ची सडक बाटोबाट मिति २०६७।११।९ गतेको दिन अं. १५:२५ बजेको समयमा जिल्ला सप्तरी राजविराज न.पा. वडा नं. ५ बस्ने राजकुमार साहको अं. वर्ष ६ को छोरा आयुषकुमार साह ऐ. वडा नं. १ स्थित गौतम शिशु सदन बोर्डिङ स्कुल राजविराजमा अध्ययन गरी फर्की घर गइरहेको अवस्थामा २ वटा मोटरसाइकलमा चढी आएका ४ जना अपराधी अपहरणकारीहरूको समूहले निज आयुषकुमार साहलाई मोटरसाइकलमा चढाई अपहरण गरी लगेको देखेको हो भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

जिल्ला सप्तरी राजविराज न.पा.वडा नं. ५ बस्ने राजकुमार साहको अं. वर्ष ६/७ को छोरा आयुषकुमार साह सदाझैं बिहान आफू अध्ययन गर्ने बिद्यालय जिल्ला सप्तरी राजविराज न.पा. वडा नं.१ स्थित गौतम शिशु सदन राजविराजमा गई अध्ययन गरी छुट्टी भए पश्चात् घर फर्की आइरहेको अवस्थामा राजविराज १ स्थित कच्ची सडक बाटोबाट मिति २०६७।११।९ गते अं. १५:२५ बजेको समयमा २ वटा मोटरसाइकलमा चढी आएका अपराधी अपहरणकारीहरूले निज आयुषकुमार साहलाई मोटरसाइकलमा चढाई अपहरण गरी लगेको घटना वारदातबारेमा पत्ता लगाउने अपहरितलाई अपहरण मुक्त गराउने सिलसिलामा यस कार्यालयबाट प्र.ना.उ. संजिव शर्मा समेतको संयोजकमा म समेतको टोली गठन भई खोजतलासको क्रममा अपराध वारदातबारेमा गोप्य रूपमा बुझ्दा अपहरणकारीहरूले अपहरितलाई मोटरसाइकलमा चढाई राजविराजबाट पश्चिम जाने सिरहा रोड हुँदै नेपाल भारतको सीमावर्ती क्षेत्र भारतको लौकही, बलान, एनएक्स, अमचिढी, वाजुवन हुँदै महादेवमठ मझौरा पुऱ्याई लुकाई छिपाई राखी अपहरितको अभिभावकसँग फिरौती रकम माग गरिरहेको उक्त अपराध वारदात गर्ने विनोदकुमार यादव, भोला भन्ने भोलेन्द्र यादव, राकेश बी भन्ने वीरेन्द्र साह, छोटुराज भन्ने ऐस अन्सारी, श्रवण मण्डल, चित्तरञ्जन यादव, लालु मुखिया, गंगाप्रसाद मण्डल, रामसागर यादव, गुदर कामत, कुलदीप यादव, रामकुमार मेहता, महानन्द मेहता, रामकुमार मेहता, विन्देश्वर मेहता, जयनाथ मेहता, चन्द्रदेव मेहता, ललनकुमार मेहता, नारायण मेहता र यकिन नाम थर वतन नखुलेका ००९१७७३९८७८३२७ नं. को मोबाइल सिम प्रयोगकर्ता धीरेन्द्र खंग समेत अन्य केही व्यक्तिहरूले योजना सल्लाह गरी अपहरण गरी फिरौती रकम लिने खाने उद्देश्यले निज बच्चा आयुषकुमार साहलाई

अपहरण गरी लगेको भन्ने पत्ता लाग्न खुल्न बुझिन आएको हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी कानून बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको प्र.स.नि. रामबहादुर महतोको प्रतिवेदन ।

मिति २०६७।११।९ गतेका दिन अं.१५:२५ बजेको समयमा आयुषकुमार साहलाई अपहरण गरी लगेको घटना सम्बन्धमा प्रकाशित पत्रिकाको कटिङ पेस गरेको भन्ने प्रहरीको प्रतिवेदन तथा पत्रिकाको कटिङहरू मिसिल सामेल रहेको ।

मिति २०६७।११।९ गतेका दिन बिहान म सदाझैं आफू अध्ययन गर्ने स्कुल जिल्ला सप्तरी राजविराज न.पा. वडा नं. १ स्थित गौतम शिशु सदन बोर्डिङ स्कुलमा गई अध्ययन गरी फर्की घरतर्फ गइरहेको अवस्थामा अं.१५:२५ बजेको समयमा स्कुल नजिकको कच्ची सडक बाटोमा पुग्दा एउटा कालो रातो रंगको मोटरसाइकलमा चढेका २ जना व्यक्ति मेरो नजिकमा आई मलाई नानी बाबु मोटरसाइकलमा बस आमा कहाँ पुऱ्याइदिन्छु भनी मलाइ मोटरसाइकलको बीचमा बसाइ अर्को निलो रंगको मोटरसाइकलमा चढेका २ जना मानिसहरू समेतले पिछा गरे । सो ठाउँबाट मलाई लगेको १० मिनेट जति टाढा पुऱ्याएपछि बाटोमा डाक्टरको अगाडि मोटरसाइकल लड्यो । अर्को रातो मोटरसाइकलले ठक्कर दियो त्यो ठक्कर दिने मोटरसाइकल अगाडि गयो मलाई पहिला चढाएको मोटरसाइकलमा चढाई त्यहाँबाट लगे । म रुँदा कराउँदा तिम्रो ममी कहाँ पुऱ्याइदिन्छु लालपुरमा खसी काटेको छ, दिदीहरूलाई भोलि ल्याइदिन्छु भने त्यसपछि अर्को मोटरसाइकलमा चढायो । रात पऱ्यो एउटा हनुमान मन्दिरमा लगे त्यहाँ एउटा मान्छे थियो मैले ममी खोइ भन्दा पुऱ्याइदिन्छु भनी विभिन्न स्थानमा राखी एउटा ठूलो नदीमा पानी जहाजमा चढाएर पार गराए एक दिन रितेश मामासँग फोनमा कुरा गर्दा मामाले लिन आउँछु भनेको थियो । मसँग शंकर नामको व्यक्ति जहिले पनि सँगमा नै हुन्थ्यो । अन्य धेरै जना मानिसहरू भई कुरा गर्थे निजहरूले मलाई तिम्रो पापाको दोष मित हौं भनेर भन्थे निजहरूसँग सानो सानो बन्दुक समेत थियो निजहरूले मलाई कहिले कुन ठाउँ कहिले कुन ठाउँमा सारी मलाई राख्ने गर्थे निज अपहरणकारीहरूलाई देखेमा चिन्दछु भन्ने समेत व्यहोराको अपहरित आयुष साहले गरेको मौकाको कागज ।

मिति २०६७।११।९ गतेका दिन बिहान सदाझैं मेरो वर्ष ६ को नाति आयुषकुमार साह राजविराज १ स्थित गौतम शिशु राजविराजमा अध्ययन गर्न गई बेलुका स्कुल छुट्टी भएपछि फर्की आफ्नो घरतर्फ आइरहेको अवस्थामा दक्षिणतर्फबाट स २ प ९२२ नं. को मोटरसाइकल चढी आएका विनोद कुमार यादव र चित्तरञ्जन यादव मेरो नाति भएको ठाउँमा रोकी चित्तरञ्जन यादवले आयुष साहलाई ममी कहाँ पुऱ्याइदिन्छु भनी मोटरसाइकलमा चढाएको र विनोद यादवले मोटरसाइकल चलाई पश्चिमतर्फ लगेको पछि लगत्तै भोला भन्ने भोलेन्द्र यादव र राकेश बी भन्ने वीरेन्द्र साह अर्को मोटरसाइकलमा पछि पछि गई नाति आयुषकुमार साहलाई अपहरण गरी भारतको भूमिमा लगी विरुद्ध खण्डमा उल्लिखित अन्य अन्यायीहरू समेतको सहयोगमा फिरौती रकम समेत मागी सबै अन्यायीहरू मिली विभिन्न स्थानहरूमा लुकाई छिपाई राखी फिरौती रकम मागेको हुँदा विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरू अन्यायीहरूलाई कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको चतुरनारायण साहले पेस गरेको जाहेरी दरखास्त ।

मिति २०६७।११।९ गतेका दिन अं.१५:२५ बजेको समयमा म स्कुल पढी आफ्नो घरतर्फ गइरहेको अवस्थामा मलाई मोटरसाइकलमा बसाइ अपहरण गरी लाने व्यक्ति यी मेरो सामुन्नेमा उभिएका विनोद कुमार यादव र भोला भन्ने भोलेन्द्र यादव नाउँ बताउने व्यक्ति नै हो भनी देखी चिनी अ.बं. १७३ नं. बमोजिम सनाखत समेत गरिदिएको भन्ने समेत व्यहोराको आयुषकुमार साहले गरिदिएको सनाखतको कागज ।

मिति २०६७।११।९ गतेका दिन म आफ्नै घरमा थिएँ । मैले आयुषकुमार साहलाई अपहरण गरेको होइन मैले प्रयोग गर्ने मोबाइल ९८१५७२९१९९ नं. को मोबाइल हो उक्त मोबाइल मैले विगत

२ महिना अगाडि वरही वीरपुर चोकमा भेटेको थिएँ, मिति २०६७।१२।८ का दिन आयुषकुमारले गरेको सनाखतको कागज मेरो रोहवरमा भएको हो मेरो अगाडि भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी भोला भन्ने भोलेन्द्र यादवले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

मिति २०६७।११।९ गतेका दिन म आफ्नो घरमा नै थिएँ, मैले आयुषकुमार साहलाई अपहरण गरेको छैन, स.२प ९२२ नं. को मोटरसाइकल मैले चढ्छु, खान अटोको नाममा छ, आयुषकुमार साहले मलाई कसरी सनाखत गरे थाहा छैन, २०६७।१२।८ को आयुषकुमारले गरेको सनाखतको कागज मेरो रोहवरमा भएको, मेरो अगाडि भएको हो सहीछाप मेरो हो भन्ने समेत व्यहोराको प्रतिवादी विनोद कुमार यादवको अनुसन्धान अधिकारी समक्ष बयान ।

म श्री गौतम शिशु सदन वोर्डिङ स्कुलमा अध्ययन गराउने शिक्षकको रूपमा काम गर्छु आयुषकुमार साह सोही स्कुलका विद्यार्थी हुन् मिति २०६७।११।९ गतेका  दिन आयुषकुमार साह स्कुल आई अध्ययन गरी बेलुका फर्की घर जाने क्रममा स्कुल नजिकको कच्ची सडक बाटो मोटरसाइकलमा चढी आएका अपहरणकारी अपराधी समूहले अपहरण गरी लगेको भन्ने भोलिपल्ट मात्र थाहा पाए अपहरण गरी लगेको ३।४ दिन पछाडि मैले प्रयोग गर्ने गरेको ९८४२८२३०९९ नं. को मोबाइलमा भारतीय मोबाइल नं. ००९१७५४९८५६९९ नं. को मोबाइलबाट हिन्दीमा कुरा गरी आयुषकुमार साहलाई हामीले राखेको छु भनी भन्दा मैले हिन्दी भाषामा कुरा नगर नेपालीमा गर भन्दा समेत निजले हिन्दीमा नै कुरा गर्दा मसँगै भएको भोगेन्द्र चौधरीलाई मोबाइल दिँदा निजले हिन्दीमा कुरा गरेको लोड स्पिकरमा राखेकोले निजहरूको कुरा सुन्ने गरेको अन्तमा निजहरूले रु.२५०००००।- फिरौती माग गरेको थियो हाल बुझ्दा जाहेरवालाले पेस गरेको जाहेरी दरखास्तको रीत अनुसार प्रतिवादी विनोद कुमार यादव भोला भन्ने भोलेन्द्र यादव समेत मिली अपहरण गरी लगेको भन्ने कुरामा विश्वास लाग्छ भन्ने समेत व्यहोराको जीवन कुमार श्रेष्ठले गरेको कागज ।

मिति २०६७।११।९ गतेका दिन अं.१५:३५ बजेको समयमा म आफ्नो काम विशेषले मलेकपुर गा.वि.स. स्थित खुरहुरिया चोकमा पुगी फर्की मोटरसाइकलमा राजविराजतर्फ आइरहेको अवस्थामा खुरहुरिया चोकदेखि १ कि.मि. पूर्व बाटो पश्चिम यकिन नं. थाहा नभएको कालो रातो रंग मोटरसाइकल हाल पक्राउमा परी आएका प्रतिवादी विनोद कुमार यादवले मोटरसाइकल चलाई पछाडि चित्तरञ्जन यादव बसी बीचमा एउटा बच्चालाई राखी पश्चिमतर्फ गइरहेका र पछिबाट अर्को मोटरसाइकलमा भोला भन्ने भोलेन्द्र यादव र वीरेन्द्र साह मोटरसाइकलको पिछा गर्दै गइरहेको देखेको पछि घर आई बुझ्दा आयुषकुमार साहलाई अन्यायीहरूले अपहरण गरी लगेको सुनेको हो र हाल बुझ्दा जाहेरवालाले पेस गरेको जाहेरी दरखास्तको विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूले सल्लाह योजना बनाई सबै मिली योजना सल्लाह अनुसार विनोद कुमार यादव चित्तरञ्जन यादव भोला भन्ने भोलेन्द्र यादव वीरेन्द्र साहले अपहरण गरी भारत भूमिमा लगेको र भारत भूमिको विभिन्न ठाउँमा निजलाई लुकाई छिपाई राखी निजको अभिभावकसँग फिरौती रकम माग गरेकोमा अपहरित बच्चालाई खोजतलासको क्रममा भारतीय प्रहरी तथा नेपालको प्रहरी समेतले सुराक पत्ता लगाई मिति २०६७।१२।७ गतेका दिन भारतको अररिया जिल्लाको जिरो माइलबाट अपहरणमुक्त गराएको हुँदा जाहेरवालाले पेस गरेको जाहेरी दरखास्तको विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूलाई कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको राजकुमार साहले गरिदिएको घटना विवरण कागज ।

म जिल्ला सप्तरी मलेकपुर गा.वि.स. स्थित खुरहुरिया चोकमा औषधि पसल गरी बसेको अ.हे.व. पास गरेकोले गाउँ घरका बिरामीहरूलाई औषधि उपचार गर्ने गरेकोले मलाई सबैले डाक्टर भनी बोलाउने गर्दछन् । मिति २०६७।११।९ गतेका दिन अं.१५:३५ बजेको समयमा म आफ्नो औषधि पसलमा बसिरहेको अवस्थामा मेरो पसल अगाडि मोटरसाइकल लडेको आवाज सुनी बाहिर निस्की हेर्दा मोटरसाइकल उठाई बीचमा रातो रंगको स्कुल ड्रेस लगाएको अं. ६।७ वर्षको बच्चालाई बीचमा राखी

अगाडि पछाडि ११ जना बसी कालो रंगको मोटरसाइकल पश्चिमतर्फ गएको हो । पछि बुझ्दा मोटरसाइकल चलाउने विनोद कुमार यादव थियो । उक्त कालो मोटरसाइकल लडदा अर्को एउटा मोटरसाइकल आई सो मोटरसाइकलमा ठोकेको समेत बुझेको हो भन्ने समेत व्यहोराको शिवराम साहले गरिदिएको कागज ।

जि.स. बरही वीरपुर गा.वि.स. वडा नं. ५ बस्ने विनोद कुमार यादवको घर खानतलासी गर्दा कालो रंगको नोकिया मोबाइल सिमभित्र सेट रहेको ९८१५७२२३३४ नं. को सिम थान १ र स२ प ९२२ को मोटरसाइकल बरामद गरी प्रहरीले लगेको देखेको भन्ने समेत व्यहोराको घटनास्थल खानतलासी बरामदी मुचुल्का साथै भोलेन्द्र यादवको घरमा केही फेला नपरेको भन्ने समेत व्यहोराको खानतलासी बरामदी मुचुल्का ।

मिति २०६७।११।९ गतेका दिन जाहेरवालाको नाति वर्ष ६ को आयुषकुमार साह राजविराज न.पा. वडा नं. १ स्थित गौतम शिशु सदन बोर्डिङ स्कुलबाट अध्ययन गरी फर्की घरतर्फ गइरहेको अवस्थामा स्कुल नजिक वादविवाद अपहरण भएको भन्ने सो दिन बेलुका नै थाहा पाएको पछि निजलाई अपहरण मुक्त गराउन खटिएको प्रहरी टोलीले भारतीय प्रहरी समेतसँग समन्वय गरी मिति २०६७।१२।७ गतेका दिन भारतको अररिया जिल्ला जिरो माइलबाट निज आयुषकुमार साहलाई अपहरण मुक्त गरेको हो उक्त अपराध वारदात सम्बन्धमा बुझ्दा जाहेरवाला चतुरनारायण साहले पेस गरेको जाहेरी दरखास्तमा नाम किटान भएको अपराधीमध्ये विनोद कुमार यादवले मोटरसाइकल चलाई पछाडि चित्तरञ्जन यादव बसी बीचमा अपहरित आयुषकुमार साहलाई राखी अपहरण गरी लाँदा जाहेरीमा नाम किटान गरेको भोला भन्ने भोलेन्द्र यादव वीरेन्द्र साह अर्को मोटरसाइकलबाट पिछा गर्दै भारत भूमिमा लगी जाहेरी दरखास्तमा नाम किटान गरेको अन्यायीहरू मिली जाहेरवाला तथा अपहरितको बुबा समेतसँग फिरौती रकम मागेको बुझिएको हुँदा जाहेरी दरखास्त तथा प्रहरीको प्रतिवेदनमा नाम किटान भएको अन्यायी विनोद कुमार यादव भोला भन्ने भोलेन्द्र यादव समेतलाई कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको घटनास्थल वस्तुस्थिति मुचुल्का ।

प्रतिवादीहरूले आयुषकुमार साहलाई अपहरण गरी अवोध बालकलाई लुकाई छुपाई बन्धक बनाई ठूलो धनराशि माग भएको पुष्टि भएकोले प्रतिवादीहरूलाई मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको १,२,३ र ११ नं. को कसुरजन्य कार्य गरेको हुँदा सोही महलको ३ नं. अनुसार सजाय गरी ७ र ९ नं. अनुसार थप सजाय हुन तथा १२ नं. अनुसार पीडितलाई क्षतिपूर्ति समेत भराई पाऊँ, अन्य भारतीय नागरिक प्रतिवादीहरूलाई नेपाल सरहदभित्र फेला परेमा पक्राउ गरी पेस गरिने भन्ने समेत व्यहोराको अभियोग दाबी ।

म वारदात मिति समयमा आफ्नै गाउँघरमा रहेको आफ्नो खेतमा तोरी उखेलिरहेको थिएँ, तोरी उखेली बेलुका ५ बजेतिर वयलगाडीमा घरमा आएको हुँ, पीडितलाई मैले अपहरण गरेको होइन । किन मलाई पोल गरेको हो मलाई थाहा भएन । जाहेरीमा उल्लिखित मोबाइल नम्बर मेरो समेत होइन, आयुषकुमारले गरेको सनाखत कागजमा मलाई जबर्जस्ती कुटपिट गरी आँखामा पट्टी समेत लगाई सही गराएको हो, ९८१५७२२३३४ नं. को सिमकार्ड सहितको मोबाइल मेरो घरबाट बरामद भएको होइन, मेरो होइन, ९२२ नं. को मोटरसाइकल मेरो हो । अधिकार प्राप्त अधिकारी समक्षको बयानको व्यहोरा र सहीछाप मेरो हो भन्ने समेत व्यहोराको प्रतिवादी विनोद कुमार यादवले यस अदालतमा गरेको बयान ।

वारदात मिति समयमा म आफ्नै घरमा थिएँ, सो दिनभर म आफ्नै खेतमा गरामा धानको बीउ राखी खेतैमा काम गरेको छु, कतै गएको छैन, मैले आयुष साहलाई अपहरण गरेको होइन । मलाई किन पोल गरेको हो थाहा भएन । घटना विवरण कागज सुनें, कसले अपहरण गरी लगेका हुन् थाहा भएन । आयूष साहले गरेको भनेको सनाखत कागजमा प्रहरीले मलाई कुटपिट गरी सही गराएका हुन् ।

अनुसन्धान अधिकारी समक्ष गरेको बयान सुनें, ठिकै हो । २०६७।१२।२० को ततिम्बा बयान मैले भनेर लेखिएको होइन । सोमा उल्लिखित ९८१५७२९१९९ नं. को सिम मोबाइल मेरो भन भनी बेसरी प्रहरीले कुटपिट गरेकोले उक्त कागजमा सही गरेको हुँ, मलाई देखाई आयुष साहलाई सनाखत गराएको समेत होइन । जाहेरीमा उल्लिखित ००९१७५४९८५६९९३ नं. को मोबाइल मेरो होइन, म मोबाइल नै प्रयोग गर्दिन । मेरो हो भनी प्रहरीले कागजमा लेखी मलाई कुटपिट गरी सही गराएको हो । घटना विवरण कागज पढी वाची सुनें, को कसले अपहरण गरे, मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी भोला भन्ने भोलेन्द्र यादवले यस अदालतमा आई गरेको बयान ।

जाहेरी दरखास्तमा भएको सहीछाप मेरो हो, व्यहोरा मेरो होइन, मलाई प्रहरीले तिम्रो नाति भेटियो, सनाखत गर भन्दा मैले भेटिएको भनेर सनाखतमा सहीछाप गरेको हुँ, मैले अपहरण भएको देखेको होइन, स्कुलबाट घर आउँदा अपहरण भएको सुनेको हुँ, प्रतिवादीहरूले अपहरण नगरेको हुँदा सजाय पाउने होइन प्रहरीले सहीछाप गर भनी भनेकोले जाहेरी दरखास्तमा सहीछाप गरेको हुँ भनी जाहेरवाला चतुरनारायण साहले यस अदालतमा आई गरेको बकपत्र ।

प्रहरीको विश्वासमा परी मुचुल्कामा सही गरिदिएको थिएँ सोमा लेखिएको भनीएको व्यहोरा मेरो होइन को कसले अपहरण गरेको हो मलाई थाहा भएन भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस रामदेव मण्डलले गरेको बकपत्र ।

यी प्रतिवादीहरूले आयुषकुमार साहको अपहरण गरेको होइन भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस मिश्रीलाल मण्डलको बकपत्र ।

प्रतिवादी विनोदकुमार र भोला भन्ने भोलेन्द्र यादवको अपहरणमा संलग्नता छैन भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस रामुप्रसाद गुप्ताले गरेको बकपत्र ।

भोला भन्ने भोलेन्द्र यादव वारदात मिति समयमा गाउँघरमा नै रहेका थिए उक्त दिन म पनि २ बजेदेखि ४ बजेसम्म निजकै घरमा थिएँ उक्त दिन दिउँसो ३।३० बजे म र भोलेन्द्र कुरा गर्दै थियौं, निजले अपहरण गरेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी भोलेन्द्र यादवका साक्षी मोहनप्रसाद यादवले गरेको बकपत्र ।

२०६७।११।९ गते दिउँसो ३।३० बजे भोलेन्द्र यादव आफ्नो घरमै थिए, मसँगै थिए, अभियोग दाबी झुठा हो भन्ने भोलेन्द्र यादवका साक्षी महेन्द्र यादवको बकपत्र ।

प्रतिवादी विनोदकुमार यादव वारदात मिति समयमा आफ्नै गाउँको खेतमा तोरी उखेलिरहेका थिए अन्दाजी ३।०० बजेतिर तोरी उखेलेर ५ बजे घर फर्की गएका हुन्, निजले अपहरण गरेका होइनन् भनी प्र. विनोदकुमारका साक्षीहरू लालबहादुर यादव र बमभोली यादवले गरेको बकपत्र ।

को को भइ अपहरण गरेका हुन्, मलाई थाहा भएन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने जीवनकुमार श्रेष्ठको बकपत्र ।

आयुषकुमार साह मिति २०६७।११।९ मा गौतम बोर्डिङ स्कुल अगाडिको बाटोबाट अपहरित भएको, हामीले गोप्य तरिकाले छानबिन गर्दा नेपालको विनोदकुमार यादव, भोला भन्ने भोलेन्द्र यादव, राकेश भन्ने वीरेन्द्र साह, आइस अन्सारीको नाम खुल्न आएको हो, अरू इन्डियाका थिए । भारतीय सिम प्रयोग गरी पैसा माग्ने नियतले बन्धक बनाएका हुन्, २०६७।१२।३ मा दिएको प्रतिवेन मैले दिएको हो, हाम्रै टोलीले पत्ता लगेको भएको सत्य व्यहोराको प्रतिवेदन पेस गरेको हो प्रतिवेदनमा भएको व्यहोरा ठीक साँचो हो, घटना मैले आफ्नै आँखाले देखेको होइन, गोप्य तरिकाले पत्ता लगाएको हो प्रमाण ऐन २०३१ को दफा ४४(क)ले गोप्य सुराकीको नाउँ दिन मिल्दैन भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदक रामबहादुर साहले गरेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल कागज अध्ययन गरी हेर्दा अंग पुगी फैसला गरिदिए हुने देखियो । वादी नेपाल सरकारतर्फबाट उपस्थित हुनुभएको विद्वान् जिल्ला न्यायाधिवक्ता श्री लोकराज पराजुलीले कल डिटेल्सले यी प्रतिवादीहरूले प्रयोग गर्ने गरेको मोबाइल र फरार प्रतिवादी धीरेन्द्र खत्वेले प्रयोग गरेको फोनबीच पटकपटक सम्पर्क भएको पुष्टि हुन्छ । छानबिनको लागि गठन गरिएको टोलीकै सदस्य रामबहादुर महतोको प्रतिवेदनले प्रतिवादीहरूको नाउँ र वारदात भएको देखिएकै छ, अदालतमा समेत बकपत्र गरिदिएका हुँदा उक्त प्रतिवेदन प्रमाण ऐन, २०३१ को दफा २० ले प्रमाणमा लाग्छ । प्रतिवादी विनोद यादवलाई प्रहरीले सोधपुछको क्रममा रेकर्ड गरेको श्रव्यदृश्यमा आफ्नो कसुर समेत वारदातको क्रम जस्ताको तस्तै रेकर्ड छ, प्रमाण ऐन, २०३१ को दफा ९ ले प्रमाण लाग्छ, जाहेरवाला, बुझिएका व्यक्तिहरूले पहिले गरेको बयान डर, धाकको कारण अदालतमा आई उल्टो हुने गरी बकपत्र गरेका छन्, यस्तो hostile बकपत्रलाई प्रमाणमा नलिई पहिलेकै कागजहरूलाई प्रमाणमा लिइनुपर्छ निजहरूको कागज र प्रहरी प्रतिवेदकको कागजले यी प्रतिवादीहरू कसुरदार देखिँदा अभियोग दाबी बमोजिम सजाय गरिनुपर्दछ भनी गर्नुभएको बहस सुनियो ।

प्रतिवादी विनोदकुमार यादवतर्फबाट रहनुभएका विद्वान् अधिवक्ताहरू श्री रमेश थापा र रामकुमार यादवले सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ९ ले उक्त सी.डी. प्रमाणमा लिन मिल्दैन, फेरि सनाखतको क्रममा प्रहरीले कुटपिट गरेको र लेखेको पढ्न लगाएको भनी लेखाएको र स्वयं वादीले अभियोग पत्रमा उक्त प्रमाणको वारेमा कुनै कुरा उल्लेख नगरेको र प्रमाण कागज खण्डमा समेत नदेखाएको हुँदा प्रमाण योग्य छैन, घटनास्थल प्रकृति मुचुल्का, पीडित र जाहेरवालाको कागज समेतमा अपहरणमा प्रयोग भएको भनिएको मोटरसाइकल कालो रातो भनी लेखाएको तर मेरो पक्षबाट बरामद भएको भनेको मोटरसाइकल शुद्ध कालो हुँदा निजको संलग्नता पुष्टि हुँदैन, जाहेरवाला लगायत बुझिएका सबैले मेरो पक्षको संलग्नता नरहेको भनी बकपत्र गरेका हुँदा प्रमाण ऐनको दफा १८ को सन्दर्भमा उक्त बकपत्रहरू नै प्रमाण योग्य हुन् भनी बहस गर्नुभयो । यसैगरी प्रतिवादी भोला भन्ने भोलेन्द्र यादवतर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री बलराम सिंहले घटनास्थल मुचुल्कामा कसैको नाउँ उल्लेख छैन, २९ दिनसम्म पीडित पक्षले कुनै उजुर बाजुर गरेको छैन, मेरो पक्षको घरबाट केही वस्तु बरामद भएको छैन निजले सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो ।

अभियोग मागदाबी, प्रतिवादीहरूको बयान, विद्वान् कानुन व्यवसायीहरूको बहस जिकिर समेतलाई मध्यनजर गर्दा यस मुद्दामा निम्न प्रश्नको निरोपण गर्नुपर्ने देखिन आयो :

- मिति २०६७।११।९ मा आयुषकुमार साहलाई अपहरण गरी बन्धक बनाइएको वारदात भएको हो होइन ?
- अभियोजित कसुरमा प्रतिवादीहरूको संलग्नता छ वा छैन ?
- प्रतिवादीहरूका प्रति के कस्तो व्यवहार हुनुपर्ने हो ?

**पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा** मिति २०६७।११।९ को घटनास्थल प्रकृति मुचुल्का हेर्दा राजविराज न. पा. वा. नं. १ स्थित गौतम शिशु सदन बोर्डिङ स्कुलमा पढी घर फर्कंदै गरेका अवस्थामा आयुष साहलाई २ वटा मोटरसाइकलमा आएका व्यक्तिहरूले अपहरण गरी लगेको व्यहोरा ठीक छ भनी उल्लेख भएको देखिन्छ । उक्त मुचुल्का पश्चात् अनुसन्धान प्रारम्भ भएको यस मुद्दामा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट भएको पत्राचारबाट प्रहरी प्रधान कार्यालय लगायत विभिन्न इकाईहरूमा सूचना

सम्प्रेषण गरिएको देखिन्छ भने हुलिया समेत खुलाई विभिन्न इलाका प्रहरी कार्यालयहरू तथा अञ्चल प्रहरी कार्यालयमा खोजतलासको लागि अनुरोध गरिएको समेत देखिन्छ । यस वारदात सम्बन्धमा जिल्ला प्रहरी कार्यलयको च.नं २६०२ मिति ०६७।११।१३ को पत्रबाट प्र.ना.उ. संजीव शर्माको संयोजकत्वमा नौ सदस्यीय छानबिन समिति गठन भएकोमा समितिका सदस्यमध्येका प्र.स.नि रामबहादुर महतोले समितिले गरेको अनुसन्धानबाट पत्ता लागेको भनी अपहरणकारीहरूले फिरौती रकम माग गर्ने उद्देश्यले निज आयुषकुमार साहलाई मोटरसाइकलमा राखी राजविराजबाट सिरहा रोड हुँदै नेपाल भारत सीमा पार गरी लगेको भनी मिति ०६७।१२।३ मा प्रतिवेदन दिएको र यस अदालत समक्ष समेत उपस्थित भई वरदातलाई पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिन्छ ।

खोजतलासको क्रममा गोप्य सुराकीको सूचनाको आधारमा अपहरित भएका आयुषकुमार साहलाई मिति ०६७।१२।७ मा भारतको विहार राज्य अररिया जिल्लाको जिरो माइल भन्ने स्थानबाट मुक्त गरी ल्याई जिल्ला प्रहरी कार्यालयमा दाखिल गरेको भनी प्र.स.नि. रामबहादुर महतोको प्रतिवेदन मिसिल संलग्न देखिन्छ । निज आयुषकुमार साहका हजरबुवा नाताका चतुरनारायण साहले मिति ०६७।२।८ मा प्रस्तुत गरेको जाहेरी दरखास्तमा आफ्नो नाति नाताका निज आयुषकुमार साहको अपहरण भएको भनी व्यहोरा खुलाएको अवस्था छ भने यस अदालतमा उपस्थित भै निजले बकपत्र गरेको पाइन्छ । उक्त बकपत्रमा निजले यस वरदातलाई इन्कार गर्न सकेको पाइँदैन बरु, आफ्नो नाति भेटिएको तथ्य  खुलाएको, आयुषकुमार साह स्कुलबाट घर आउँदा अपहरण भएको सुनेको भनी लेखाएको देखिन्छ । पीडित आयुषकुमार साहको अपहरणबाट मुक्तिपछि मिति ०६७।१२।७ मा भएको घटना विवरण कागजमा समेत आफू अपहरण परेपछि मुक्त हुँदासम्मको अवस्था उल्लेख गरेको देखिन्छ । यसैगरी सम्बन्धित विद्यालयका शिक्षक जीवनकुमार श्रेष्ठ, घटना विवरणको कागज गर्ने रामुप्रसाद गुप्ता, मिश्रीलाल मण्डल समेतले यो वारदात भएको होइन भनी भन्न सकेको अवस्था छैन । प्रस्तुत मुद्दाको वारदात घटाएको भनी अभियोग लागेका उपस्थित प्रतिवादी भोला भन्ने भोलेन्द्र यादव तथा विनोदकुमार यादव समेतले यस वारदातलाई इन्कार गरेको अवस्था छैन ।

यस वारदात सम्बन्धमा २०६७।११।१० गतेको न्युज टुडे राष्ट्रिय दैनिक, ए. ११, १३, १४ को सोही पत्रिका, ऐ. १५ गतेको सत्यापन साप्ताहिक, ऐ. १५, २०, २१, २४, २५, २६, २७, ऐ. चैत २७ गतेको न्युज टुडे समाचार पत्रिकाको कटिङ मिसिल सामेल गरिएका छन् । यसैगरी अपहरितको मुक्तिपछि “३२ दिनपछि अपहृत बालक मुक्त” शीर्षकमा चैत ८ को राजधानी दैनिक, ऐ. ९ को कृष्ण राष्ट्रिय दैनिक, सोही दिनको कान्तिपुर दैनिक पत्रिकाका कटिङ समेत मिसिल सामेल रहेको देखिन्छ । यद्यपि पत्रिकामा उल्लेख गरिएका कुरा प्रमाणमा लिन मिल्ने नमिल्ने सम्बन्धमा प्रमाण ऐन २०३१ मा कुनै व्यवस्था भएको देखिँदैन, तथापि यी समाचारपत्रहरूमा पत्रिकाका विचार मात्र प्रकाशन गरिएको नभई अपहरणको विषय उल्लेख गरी अपहरण मुक्तिका लागि भएका विभिन्न मितिका जुलुसको तस्बिर, अपहरणपछि प्रहरीले सार्वजनिक गरेको तस्बिर सहित छापिएको देखिन्छ । यसलाई प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्न नमिले पनि यी माथि उल्लिखित कागज प्रमाणमा उल्लेख भएको तथ्यलाई समेत समर्थन गरेको अवस्था छ । यस तथ्यले यस मुद्दाको सन्दर्भमा अनुसन्धान गर्ने निकायले मात्र यस वारदातको विषयमा कारबाही गरेको नभई सार्वजनिक चासोको रूपमा रहेको समेत देखिन आउँछ ।

यसरी माथि वर्णित घटनास्थल प्रकृति मुचुल्का, अपहरित विद्यालयको अभिलेख अनुसार ६ वर्षका आयुषकुमार साहको घटना विवरण कागज, जाहेरी दरखास्त र जाहेरवालाको बकपत्र, अनुसन्धान गर्ने अधिकारीको प्रतिवेदन र बकपत्र आदि समेतबाट मिति २०६७।११।९ मा आयुषकुमार साहको अपहरण भई मिति २०६७।१२।७ का दिन २९ दिनपछि अपहरणबाट मुक्त भएको तथ्य स्थापित हुन आयो ।

**अब दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा** निज आयुषकुमार साहलाई अपहरण गरी प्रतिवादीहरूले मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको १,२,३ र ११ नं. को कसुरजन्य कार्य गरेको हुँदा निजहरूलाई सोही महलको ३ नं. अनुसार सजाय गरी ७ र ९ नं. अनुसार थप सजाय हुन तथा १२ नं. अनुसार पीडितलाई क्षतिपूर्ति समेत भराई पाऊँ भनी भोलेन्द्र यादव, विनोदकुमार यादव, राकेश बी भन्ने धीरेन्द्र साह, छोटुराज भन्ने ऐस अन्सारी, श्रवण मण्डल, चितरञ्जन यादव, लालु मुखिया, गंगाप्रसाद मण्डल, रामसागर यादव, गुदर कामत, कुलदीप यादव, रमकुमार मेहता, महानन्द मेहता, रामकुमार मेहता, विन्देश्वर मेहता, जयनाथ मेहता, चन्द्रदेव मेहता, ललनकुमार मेहता, नारायण मेहता, राजेन्द्र कामत समेतका जना २० लाई प्रतिवादी कायम गरी अभियोग दायर भएको देखियो ।

प्रतिवादीमध्ये श्रवण मण्डल, चितरञ्जन यादव, लालु मुखिया, गंगाप्रसाद मण्डल, रामसागर यादव, गुदर कामत, कुलदीप यादव, रामकुमार मेहता, महानन्द मेहता, रामकुमार मेहता, विन्देश्वर मेहता, जयनाथ मेहता, चन्द्रदेव मेहता, ललनकुमार मेहता, नारायण मेहता, राजेन्द्र कामत समेतका व्यक्ति भारतीय नागरिक भएका हुँदा नेपाल सरहदभित्र फेला परेका बखत पक्राउ गरी पेस गरिने भन्ने अभियोग पत्रमा नै उल्लेख भएको र र निजहरूको नाउँमा इतलायनामा म्याद पुर्जी समेत जारी हुन नसकेको हुँदा निजहरूका सम्बन्धमा हाल केही बोलिरहन परेन ।

समग्र मिसिल अध्ययन गर्दा यस मिसिलबाट अपहरण गर्दाको अवस्थामा प्रतिवादीहरूलाई स्पष्ट देखी चिन्ने स्वयं अपहरित बाहेकका अन्य कोही व्यक्ति देखिन आउँदैन । बुझिएका व्यक्तिहरूमध्ये जाहेरवालाले नाति आयुषकुमार साह विद्यालयमा अध्ययन गरी आफ्नो घरतर्फ आइरहेको अवस्थामा स.२प. ९२२ नं. को मोटरसाइकल चढी आएका विनोदकुमार यादव र चित्तरञ्जन यादव मेरो नाति भएको ठाउँमा रोकी चित्तरन्जन यादवले आयुष साहलाई ममी कहाँ पुऱ्याइदिन्छु भनी मोटरसाइकलमा चढाएको र विनोद यादवले मोटरसाइकल चलाई पश्चिमतर्फ लगेको पछि लगत्तै भोला भन्ने भोलेन्द्र यादव र राकेश बी भन्ने वीरेन्द्र साह अर्को मोटरसाइकलमा पछि पछि गई नाति आयुषकुमार साहलाई अपहरण गरी भारतको भूमिमा लगी विरुद्ध खण्डमा उल्लिखित अन्य प्रतिवादीहरू समेतको सहयोगमा फिरौती रकम समेत मागेको भनी जाहेरी दरखास्त दिएकोमा यस अदालतमा बकपत्र गर्दा दरखास्तको सहीछाप आफ्नो भए पनि व्यहोरा आफ्नो नभएको, प्रहरीले सहीछाप गर भन्दा आफ्नो नातिलाई मुक्त गराउने भनी सहीछाप गरेको व्यहोराको बकपत्र गरेको देखिन्छ ।

बुझिएका अन्य रामदेव मण्डल, मिश्रीलाल मण्डल, रामुप्रसाद गुप्ता, विजय कुमार श्रेष्ठले समेत अनुसन्धानको क्रममा भएको कागजमा उल्लिखित व्यहोराको विपरित हुने गरी पूर्व कागज प्रहरीको विश्वासमा गरेको भनी बकपत्र गरेको देखिन्छ । जाहेरवाला तथा वुझिएका यी व्यक्तिहरूको बकपत्रलाई वादी नेपाल सरकारका विद्वान जिल्ला न्यायाधिवक्ता श्री लोकराज पराजुलीले प्रतिकूल बकपत्र (hostile) भएका अर्थात साक्षीहरूले winning away गरेका हुँदा उक्त बकपत्रको आधारमा नभई निजहरूको पहिलेको भनाइलाई प्रमाणको रूपमा लिई निर्णय हुनुपर्ने भन्नुभएको छ भने प्रतिवादीतर्फका विद्वान् अधिवक्ताहरूले वादीको साक्षीको रूपमा रहेका व्यक्तिहरूले अदालतमा आई गरेको बकपत्र सही सत्य रहेकाले सोही बकपत्रहरूका आधारमा समेत भोला भन्ने भोलेन्द्र यादव तथा विनोदकुमार यादवको संलग्नता नरहेको पुष्टि हुन्छ भन्नुभएको छ । यस अवस्थामा प्रथमतः विवादित बकपत्रहरू प्रतिकूल बकपत्र हो वा सत्य सांचो बकपत्र हो भन्ने सम्बन्धमा विचार गर्नुपर्ने भएको छ यसभन्दा अघि प्रतिकूल बकपत्र hostile बकपत्र आफैंमा के हो ? भन्नेतर्फ छलफल हुन आवश्यक देखिन्छ ।

प्रचलित नेपाल कानुनमा प्रतिकूल साक्षी/बकपत्र शब्दको प्रयोग वा परिभाषा गरिएको पाइँदैन । प्रमाण ऐन, २०३१ को दफा ८ मा साक्षीले अदालतका समक्ष बकेका अन्य कुराहरूमात्र प्रमाणमा लिन हुन्छ, भन्ने व्यवस्था गरिएको छ भने दफा ४९ को उपदफा १ मा साक्षी बकाउँदा

आफूले देखे, जाने वा सुनेको कुरा इमान धर्म सम्झी साँचो बयान गरुँला भन्ने व्यहोराको शपथ लिन लगाई बकाउनुपर्छ भन्ने, दफा ५३ मा अदालतले साक्षीसँग आवश्यक देखेमा जुनसुकै प्रश्न सोध्न सक्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ । यसैगरी दफा ५० मा सोधपुछका क्रम, सीमा, सोधिने प्रश्नको प्रकृति सम्बन्धमा व्यवस्था गरिएको छ, भने अन्य विभिन्न दफाहरूमा साक्षीको योग्यता, साक्षीले भन्न कर नलाग्ने कुराहरू आदिको व्यवस्था गरेको देखिन्छ । तर प्रतिकूल साक्षी (Hostile witness ) के हो र यस्तो बकपत्रको प्रमाणिक मूल्य कति हुने यस्तो बकपत्रलाई प्रमाणमा लिनै नमिल्ने वा लिएर प्रस्तुत गर्ने पक्षको विपक्षमा प्रमाणमा लिने भन्ने सम्बन्धमा कुनै व्यवस्था गरिएको पाइँदैन ।

वास्तवमा आफूलाई प्रस्तुत गर्ने पक्षका प्रति इमानदार नभई जानी जानी मनसायपूर्वक उक्त पक्षलाई हानी हुने गरी बकपत्र गर्ने साक्षीलाई प्रतिकूल साक्षी मान्नुपर्ने हुन्छ । अर्थात आर्थिक वा कुनै पनि प्रकारको प्रलोभनमा परी वा धम्की, डर, हानि नोक्सानी आदिबाट प्रभावित भई आफूलाई साक्षी राख्ने पक्षलाई पहिले भनेको कुराको विरुद्ध अदालतमा बकपत्र गर्ने साक्षीलाई नै प्रतिकूल साक्षी hostile / adverse witness र निजले गरेको बकपत्रलाई प्रतिकूल बकपत्र भनिन्छ । यहाँ बुझ्नुपर्ने पक्ष के पनि रहेको हुन्छ भने यस्ता साक्षीले भनेको कुरा प्रस्तुत गर्ने पक्षको विपरीत भए पनि यथार्थ व्यहोरा वा बिर्सिएर वा भ्रममा परी व्यक्त गरेको रहेछ भने प्रतिकूल साक्षी भन्न मिल्ने हुँदैन । यस्तो साक्षी वा बकपत्रलाई अनुकूल नभएको अर्थात unfavourable भन्न मिल्ला तर प्रतिकूल अर्थात् hostile / adverse साक्षी वा बकपत्र भन्न मिल्दैन, किनभने साक्षीको कर्तव्य आफूले देखे, भोगे, सुने वा बुझेको सत्य कुरा अदालतमा भनिदिनु नै हो, पेस गर्ने पक्षकै हितमा बोल्नुपर्ने भन्ने होइन । तसर्थ प्रतिकूल साक्षी वा बकपत्रमा व्यक्त गर्ने पक्षले जानीजानी असत्य कुरा बोलेको हुन्छ, जुन सम्बन्धित पक्षलाई पहिले भनेको कुराको विपरीत हुन्छ ।

हाम्रो प्रचलित कानुनमा झुठ्ठा बकपत्रलाई उल्लेख गरिएको पाइन्छ तर प्रतिकूल साक्षी सम्बन्धमा व्यक्त रूपमा कुनै व्यवस्था गरिएको पाइँदैन । अदालती बन्दोबस्तको महलको १६९ नं. मा झगडियाले किटानसाथ लेखी नदिएकोमा तथा किटानीसाथ लेखी दिएकोमा साक्षीबाट पक्का प्रमाण पुग्ने गरी बकिदियो भने त्यस्ता साक्षीले नभएको झुट्टा कुरा बकी लेखिदिएको ठहरेमा त्यस्तो साक्षीलाई सजाय गर्न सकिने व्यवस्था भएको देखिन्छ । यस्तो झुठ्ठा बकपत्र र प्रतिकूल बकपत्रमा पनि मौलिक भिन्नता रहेको देखिन्छ, पहिलो बकपत्रको परिणाम प्रस्तुत गर्ने पक्षलाई फाइदा पुग्ने गरी लेखाइदिएको स्थिति तथा पछि भनिएको कुरा कुनै कुराले प्रभावित भई पहिले पनि उस्तै गरी भनिएको स्थिति समेत हुन सक्छ, तर दोश्रोमा जहिले पनि पछि भनिएको कुरा पहिले भनिएको कुराको विपरीत र प्रस्तुत गर्ने पक्षलाई हानि हुने गरी बकपत्र गरिएको हुन्छ । यसैगरी अ. वं. ३३ नं. मा साक्षी वा सर्जमिनले घूस खाई बक्यो भनी नालिस दिँदा बकेको पन्ध्र दिनभित्र दिनुपर्ने व्यवस्था गरेको देखिन्छ । यस नं. को व्यवस्था भने केही हदसम्म प्रतिकूल साक्षीको अवधारणासँग मेल खाने देखिन आउँछ । यसमा विपक्षीसँग घूस खाई प्रस्तुत गर्ने पक्षको विपरीत हुने र विपक्षलाई फाइदा हुने अवस्था हुन सक्छ ।

उल्लिखित विश्लेषणको परिवेशमा वादीले आफ्नो साक्षीको रूपमा पेस गरेको जाहेरवाला चतुरनारायण, बुझिएका अन्य रामदेव मण्डल, मिश्रीलाल मण्डल, रामुप्रसाद गुप्ता, विजयकुमार श्रेष्ठ समेतको बकपत्र प्रतिकूल बकपत्र हो होइन भन्नेतर्फ विचार गर्दा जाहेरवालाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको कागज तथा यस अदालत समक्ष गरेको बकपत्रको संक्षिप्त व्यहोरा माथि उल्लेख भइसकेको छ । उक्त व्यहोराबाट निजको कागजको व्यहोराको विपरीत अदालत समक्षको बकपत्र रहेको तथ्य यसै पनि देखिन आउँछ, तर यस अदालतमा गरेको बकपत्र सत्य भनेको हो होइन भन्ने सम्बन्धमा निर्क्यौल गर्नुपर्ने हुन्छ । जाहेरी दरखास्तमा रहेको सहीछाप आफ्नो भनी स्वीकार्ने जाहेरवाला चतुरनारायण साहले व्यहोराका सम्बन्धमा भने आफ्नो नभई प्रहरीले सहीछाप गर भनी भनेकोले नाति भेटियो भनेर सनाखतमा सहीछाप गरेको हुँ भनी स.ज. ५, ६, १६ मा लेखाइदिएको देखिन्छ । तर,

निजको सहीछाप रहेको मिति २०६७।१२।८ को जाहेरी दरखास्तको बायाँ किनारामा जाहेरी दरखास्त अधिवक्तालाई लेखाई निजले सही गरेको स्पष्ट देखिँदा निजको यो कथन बनावटी मात्र देखियो । निजले बकपत्रको स.ज. ९ मा आफ्नो घर गाउँतिर भएकोले बालक अपहरण मुक्तिबारे आफूलाई थाहा नभएको लेखाएको देखिन्छ तर बालक अपहरणमुक्त हुँदाकै दिनमा निजले बालकलाई आफैंले हस्ताक्षर गरी बुझेको देखिँदा मुक्ति कसरी भएको हो भन्ने सम्बन्धमा बुझ्दै बुझेनन् भन्ने कथ्य प्रतीत लायक देखिँदैन ।

यसैगरी स.ज. २२ मा अपहरण गर्ने भनिएका विनोद कुमार र भोलेन्द्र यादवलाई अपहरित वालकले चिनी गरेको सनाखत कागज सम्बन्धमा सनाखत गराएको होइन भनी जवाफ लेखाएको देखिन्छ, जबकि निज बकपत्र गर्ने चतुर नारायण तथा स्वयं प्रतिवादीहरूको सनाखत कागजमा रोहवरमा सहीछाप देखिन्छ । निज स्वयंले अपहरणको वारदात यकिन समयमा नदेखेको अवस्था हो भने निजलाई प्रतिवादीहरूको संलग्नता थाहा नहुन सक्छ तर निजहरूले अपहरण गरेको होइन भन्ने किटानी भनाइ आफैंमा बिनाआधारको देखिन्छ । यतिसम्म कि, समग्र बकपत्र हेर्दा निजले खुल्ला र स्पष्टसँग यो अपहरणको वारदात भएको हो र २९ दिनपछि अपहरण मुक्त आफ्नै नाति यो यसरी मुक्त भएका हुन् भन्ने सम्बन्धमा समेत भन्न नचाहेको देखिन आउँछ । उल्लिखित तथ्यहरूबाट निजको बकपत्र स्वाभाविक, सही सत्य हो भन्न मिलेन, मनसायपूर्वक नै प्रतिकूल बकपत्र गरेको देखिन आयो । बुझिएका अन्य व्यक्ति जीवनकुमार श्रेष्ठ, रामदेव मण्डल, मिश्रीलाल मण्डल, रामुप्रसाद गुप्ता समेतको बकपत्र हेर्दा समेत निजहरूको बकपत्रबाट नाबालक आयुषकुमार साहको अपहरण र मुक्ति सम्बन्धमा केही थाहा नभएको भन्ने देखिन आउँछ । एकै विद्यालयका शिक्षक जीवनकुमार श्रेष्ठ र राजविराज नगरपालिकाका बासिन्दा यी व्यक्तिहरू प्रत्यक्षदर्शी नभएका कारण प्रतिवादीहरूलाई चिन्न नसक्नु स्वाभाविक होला तर अपहरण र मुक्तिबारेमै थाहा छैन भन्नु स्वाभाविक देखिँदैन । यसबाट वादीबाट साक्षीको रूपमा प्रस्तुत गरिएका जाहेरवाला तथा अन्य व्यक्तिहरूको बकपत्र कुनै अन्य कुराबाट प्रभावित र प्रतिकूल बकपत्रको रूपमा देखिन आउँछ ।

प्रतिकूल साक्षी वा बकपत्र (Hostile witness) लाई कुन रूपमा लिन मिल्ने हो भन्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट निम्न मुद्दाहरूमा निम्न प्रकारले उल्लेख गरिएको पाइन्छ :

***श्याम भन्ने रूपबहादुर क्षेत्री विरुद्ध रञ्जना देवकोटा समेतको जाहेरीले नेपाल सरकार*** *(ने. क. प. २०६८ नि. नं. ८७३२ पृष्ठ २०२४) भएको मद्दामा ...जाहेरवालीहरूको बकपत्र तत्काल नै हुने नभई समयको अन्तरालपछि मात्र झिकाई बकपत्र गरिने परम्परा रहेको यस अवस्थामा जाहेरवालाहरू पनि प्रभावमा अन्यथा बकपत्र गर्न सक्ने स्थिति पनि इन्कार गर्न सकिन्न । ... वारदात घटनाको समय अन्तराल पछि कसैलाई सफाइ दिन सहयोग गर्ने हिसाबले पछि अन्यथा बकपत्र गरेको देखिए पनि तथ्यगत सबुद र घटनावलीले अभियोग दाबीको कसुर पुष्टि गरेको कुराबाट निर्णय हुने हुनाले Hostile भै पछिबाट गरेको त्यस्तो बकपत्रले मुद्दाको तथ्यमा तात्विक असर पर्न सक्ने हुँदैन ।*

***नेकाप २०६१, अङ्क ७, पृष्ठ ८९३, नि.नं. ७४११*** *मा अपराधीलाई बचाइदिने नियतले स्वयं पीडित लगायत कसैले बयान दिन सक्ने स्थितिलाई ध्यानमा राखी न्यायकर्ताले निर्णय दिँदा कसैले सफाइ दिने बयान दिँदैमा अभियुक्त निरपराध ठहर गर्नुपर्ने वा कसैले अभियुक्त विरुद्ध बयान दिँदैमा अपराधी ठहरिनैपर्ने भन्न सकिन्न । व्यक्तिको बयानलाई सबुदैको रूपमा मात्र लिन सकिन्छ, तर अकाट्य प्रमाण मान्न नसकिने ।*

***शिवानी कार्की (नाम परिवर्तन) को जाहेरीले नेपाल सरकार विरुद्द नारायणबहादुर राउत*** *(ने. का. प. २०६६ नि. न.. ८१७९) भएको मुद्दामा फौजदारी मुद्दामा कहिलेकाहीं पीडित तथा अन्य व्यक्तिले विभिन्न कारणले पहिला आफूले गरेको बयान कागजको प्रतिकूल हुनेगरी प्रतिवादीलाई बचाइदिने गरी बकपत्र गर्ने गरेको पाइन्छ । अन्य प्रमाणबाट कसुर गरेको भन्ने पुष्टि भइरहेको*

*अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारी समक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको बकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिँदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था आउँदैन। यसबाट दण्डहीनताको स्थिति सिर्जना भई अन्ततः समाज नै अराजकतातर्फ जान्छ।*

*यसैगरी* ***बमबहादुर कठायत विरुद्ध श्री ५ को सरकार भएको जवरजस्ती करणी मुद्दामा*** *( ने.का.प. २०६२ नि. नं. ७६११ पृ १२५१ ) "पहिले वारदात भएको वास्तविक तथ्यलाई जाहेर गरी घटनाबाट पीडित एवं अन्य सम्बन्धित व्यक्तिहरूले वास्तविकता लेखाई दिएकोमा समयको अन्तरालमा सो घटनाबाट आफ्नो परिवार, आफू माथि भएको सामाजिक वेइज्जती, पीडा र दागलाई कम गर्नुपर्ने महसुस गरी वा अन्य किसिमको प्रलोभनमा परी अदालतमा आई बकपत्र गर्दा आफ्नो पहिलेको भनाइ विरुद्ध हुने गरी बकी लेखाइदिने प्रचलन रहेको पनि पाइन्छ"।*

उल्लिखित फैसलाहरूको पूर्ण पाठ अध्ययन गर्दा सम्मानित सर्वोच्च अदालतबाट निम्न दृष्टिकोण राखिएको बुझिन आउँछ :

- साक्षीहरू Hostile हुन सक्ने सम्भावनालाई स्वीकार गरिएको,
- सम्मानित अदालत यस्ता Hostile बकपत्रलाई मात्र आधार मानी निर्णयमा पुगेको देखिँदैन,
- मिसिलमा रहेको सबुत प्रमाणहरूको समग्र मूल्यांकन गरी त्यसैका आधारमा निष्कर्ष निस्पादन गरिएको,
- कसुर पुष्टि गर्ने अन्य आधार रहेको अवस्थामा यस्ता बकपत्रलाई साक्षी प्रस्तुत गर्ने पक्षको विपरीत प्रमाणमा नलिइएको देखिन आउँछ।

वास्तवमा वारदातमा भएको घटनाक्रमलाई अदालत समक्ष पुऱ्याउने प्रत्यक्ष र सरल माध्यम उक्त वारदात भएको देख्ने, बुझ्ने अनुभव गर्ने व्यक्तिहरूको भनाइ नै हो, जुन मिसिलमा बयान बकपत्रको रूपमा रहेको हुन्छ। यस्तो प्रमाणलाई निरपेक्ष रूपमा एकमात्र प्रमाण (Exclusive evidence) को रूपमा लिनैपर्दछ वा प्रमाणमा लिनै हुँदैन भन्ने हुँदैन। अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको वा नभएको अवस्थाले यस्तो प्रमाणको मूल्य निर्धारण गर्ने हुन्छ। यस्तो व्यक्तिको भनाइको माध्यामबाट प्राप्त हुने सूचना अत्यन्त जोखिमपूर्ण हुने पनि हुन्छ, किनभने वारदातको तत्काल वास्तविक सूचना दिएको भए पनि समयान्तरमा स्मरण शक्ति, दया, माया, क्रोध, लोभ मोह, डर असुरक्षाभाव जस्ता तत्वले यस्ता सूचनालाई सजिलैसँग विचलन (Twist) गर्न सक्दछ। विशेषतः हाम्रो जस्तो मुलुकमा जहाँ पीडित र साक्षीको संरक्षण सम्बन्धमा प्रभावकारी कानून र व्यावहारिक प्रयोग छैन यस्तो समाजमा सम्बन्धित पीडक व्यक्तिको व्यक्तित्व, प्रभाव, पीडितको आवश्यकता, गरिबी, अशिक्षा, डर, त्रास, असुरक्षाको भावना, जस्ता कारणले पीडित स्वयं पनि विचलित भै अदालतमा बयान बकपत्र गर्न सक्ने स्थिति प्रवल रहने हुन्छ।

यसको अर्थ प्रतिकूल बकपत्र रहेको देखिनासाथ त्यस्ता व्यक्तिको अदालत बाहिरको अभिव्यक्तिलाई प्रमाणमा लिनैपर्ने भन्न मिल्ने पनि हुँदैन। हाम्रो प्रमाण ऐन, २०३१ को दफा १८ ले तहकिकात वा जाँचबुझको सिलसिलामा तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भै बयान गरेमा मात्र प्रमाणमा लिन मिल्ने व्यवस्था गरेको छ। तसर्थ प्रस्तुत मुद्दामा जाहेरवाला तथा बुझिएका व्यक्तिहरूको बकपत्र प्रतिकूल बकपत्र देखिन आए पनि नत विद्वान् जिल्ला न्यायाधिवक्ताले भन्नुभए बमोजिम वास्ता नगरी अनुसन्धान तहकिकातको सिलसिलामा भएको कागज र जाहेरीलाई प्रमाणमा लिन मिल्ने हुन्छ नत प्रतिरक्षी

विद्वान्‌हरूले भन्नुभए बमोजिम यस्तो बकपत्रको आधारमा मात्र प्रतिवादीहरूलाई सफाइ नै दिन मिल्ने हुन्छ । यसै पनि यस मुद्दामा वादी पक्षले आफ्नो प्रमाण भनी अदालतमा उपस्थित गराई बकपत्र गराएका व्यक्तिहरू यकिन समयमा वारदात देख्ने प्रत्यक्षदर्शी रहेको अवस्था छैन । फलस्वरूप निजहरूको बकपत्रको आधारमा मात्र कसैको संलग्नता रहेको वा निजहरूले संलग्नता छैन भनेकै आधारमा कसैको संलग्नता नरहेको भनी निष्कर्ष गर्न मिल्ने देखिएन ।

अब, मिसिल सामेल अन्य सबुत प्रमाण र तथ्यतर्फ हेर्दा अपहरण र बन्धकका पीडित नै यस मुद्दाका प्रत्यक्षदर्शी रहेको देखिन्छ । निज अपहरण मुक्त भएपछि मिति २०६७।१२।७ मा कागज गर्दा अपहरण गर्ने व्यक्तिहरूलाई आफूले देखे चिन्ने भनी लेखाएकोमा प्रतिवादीहरू विनोदकुमार यादव तथा भोला भन्ने भोलेन्द्र यादव पक्राउमा परेपछि निजलाई देखाई सनाखत गराइएको देखिन्छ । मिति २०६७।१२।८ को निजको सनाखत कागज हेर्दा निजले निज दुई प्रतिवादीहरू आफ्नो अपहरणमा संलग्न भएकोले चिनेको भनी सनाखत गरिदिएको देखिन्छ । उक्त कागजमा जाहेरवाला तथा यी प्रतिवादीहरू समेत रोहवरमा बसेको देखिन्छ । सो कागज सम्बन्धमा सोधिँदा सनाखत कागजमा मलाई जबर्जस्ती कुटपिट गरी आँखामा पट्टी समेत लगाई सही गराएको हो भनी प्र विनोद यादवले र किन मलाई पोलियो थाहा छैन, प्रहरीले मलाई कुटपिट गरी सही गराएका हुन् भनी भोलेन्द्र यादवले जवाफ दिएको देखियो । निजहरूको यस कथन अनुरूप मिति २०६७।१२।८ मा गराइएको सनाखत कागजमा सही गराउन यी प्रतिवादीहरूलाई प्रहरीले कुटपिट गरेको भए मिति २०६७।१२।१० मा निजहरूलाई हिरासतमा राख्न म्याद थपको लागि इजलास समक्ष उपस्थित गराउँदाका बखत निजहरूले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५ को उपदफा ३ बमोजिम इजलास समक्ष निवेदन दिनुपर्नेमा सो दिन सकेको अवस्था देखिँदैन । यसबाट कुटपीट गराई सनाखतमा रोहवरमा राखिएको भन्ने बयान व्यहोरा प्रतीत लायक देखिएन ।

दुवै प्रतिवादीहरूले अदालतमा बयान गर्दा आफूहरूले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान आफैंहरूले भने बमोजिम भएको र सहीछाप समेत आफ्नै रहेको भनी लेखाएका हुँदा निजहरूको उक्त पहिलो बयानबाट देखिने तथ्यहरू अदालतमा समेत स्वीकार गरेको मान्नुपर्ने हुन्छ । अधिकार प्राप्त अधिकारी समक्ष प्र. विनोदले गरेको बयानको स. ज. ११ मा स्पष्टसँग उल्लिखित मिति २०६७।१२।८ को पीडितको सनाखत कागज आफ्नो रोहवरमा भएको र आफूले सहीछाप गरेको भनी लेखाएको देखिन्छ भने प्र भोला भन्ने भोलेन्द्र यादवको बयानको स. ज. १० मा पनि सोही व्यहोरा लेखाएको देखिन्छ । यसरी स्वयं पीडितले गरेको सनाखत कागज यी प्रतिवादीहरूले स्वीकार गरेको देखिएको हुँदा उक्त सनाखत कागजलाई प्रमाणमा लिन मिल्ने नै भयो । सनाखत कागजमा प्रहरीले कुटपिट गरी सहीछाप गराएको भन्ने बयान व्यहोरा विश्वास लायक देखिएन ।

मिति २०६७।१२।१९ को खानतलासी बरामदी मुचुल्काबाट ९८१५७२२३३४ नं. को सिमसहितको मोबाइल र स.२.प. ९२२ नं. को मोटरसाइकल प्र. विनोदकुमार यादवको घरबाट बरामद भएको देखिन्छ । अदालतमा बयान गर्दा उक्त बरामदी मुचुल्का प्रहरीले पढी वाची नसुनाएको, जबर्जस्ती सही गराएको भनी मोबाइल आफ्नो भएकोमा इन्कार गरे पनि प्रहरीले जवर्जस्ती उक्त कागजम सही गराई निजलाई फसाउनुपर्ने कारण देखिँदैन । यसैगरी भोला भन्ने भोलेन्द्र यादवको शरीर खानतलासी गर्दा फेला परेको ९८१५७२९१९९ नं. को मोबाइल २ महिना अगाडि सिम सहित भेटाई प्रयोग गर्ने गरेको भनी अधिकार प्राप्त अधिकारी समक्ष ततिम्बा बयान गरेको देखिन्छ । तर सो बयान सम्बन्धमा यस अदालतमा बयान गर्दा भने स.ज. १६ मा मेरो हो भन नत्र मारिदिन्छु भनी बेस्सरी कुटपिट गरेकोले सहीछाप गरेको भनी लेखाइदिएको देखिन्छ ।

प्रथमतः उक्त ततिम्बा बयान तथा मूल बयान समेत जिल्ला न्यायाधिवक्ता र अनुसन्धान अधिकारी समक्ष भएको हो । निजकै बयान अनुसार मूल बयान निजले भने बमोजिम रहेको देखिन्छ ।

यसरी मूल बयान गराउँदा कुटपिट नगरी बयान गराउने अधिकारीले यो ततिम्बा बयान गराउँदा कुटपिट गरे भनी विश्वास गर्ने आधार देखिँदैन । अर्कोतर्फ सोही कुटपिट गराई बयान गराएको भनेको भोलिपल्ट अर्थात् २०६७।१२।२१ गते निजहरूको पाँचौं पटक म्याद थप गरिएको छ । सो बखत बेस्सरी कुटपिट गरेको चोट परीक्षण गर्न इजलासमा अनुरोध गरेको अवस्था देखिन आउँदैन । यसबाट बरामदी ९८१५७२२३३४ नं. सिम प्र. विनोदकुमार यादवको र ९८१५७२९१९९ नं. को सिम प्र. भोला भन्ने भोलेन्द्र यादवको रहेको देखिन आयो । मिति २०५७।१२।३ का प्र.स. नि. रामबहादुर महतोको प्रतिवेदन अनुसार भारतीय नं. ००९१७७३९८७८३२७ को मोबाइल प्रतिवादीमध्येका भारतीय नागरिक धीरेन्द्र खत्वेको भएको देखिन आउँछ । मिसिल सामेल उल्लिखित तीनै थान मोबाइलहरूका कल डिटेल्स हेर्दा यी तीन थान मोबाइलबीच कैयौं पटक सम्पर्क भएको देखिन्छ । यसरी कल डिटेल्सले पनि यी प्रतिवादीहरूबीच सम्पर्क रहेको स्थापित हुन्छ भने उल्लिखित सम्पर्क के कामका लागि गर्ने गरेको भन्ने प्रतिवादीले खुलाउन नसकेको हुँदा यसै वारदातका सम्बन्धमा सम्पर्क गरेको भन्ने वादी दाबी अन्यथा मान्न सकिने अवस्था भएन ।

अपहरण र शरीर बन्धक एक संगठित अपराध हो । जुन वारदातमा दिउँसै नाबालकलाई अपहरण गरी देशको सीमा पार गरी विदेशमा लगी २९ दिनसम्म बन्धक बनाई राखिएको हुन्छ, पीडित अदालतमा उपस्थित नहुने, जाहेरवाला तथा अनुसन्धान तहकिकातको क्रममा कागज गर्ने व्यक्तिहरू अदालतमा उपस्थित भै प्रतिकूल बकपत्र गर्ने वातावरण सिर्जना हुन्छ, उक्त कार्य संगठित र सुनियोजित रूपमा हुने तथ्यमा विवाद रहँदैन । यस वारदात सम्बन्धमा छानबिन गर्नको लागि प्र.ना.उ. संजीव शर्माको संयोजकत्वमा नौ सदस्यीय छानबिन समिति गठन भएकोमा समितिका सदस्यमध्येका प्र.स.नि रामबहादुर महतोले समितिले गरेको अनुसन्धानबाट पत्ता लागेको भनी अपहरणकारीहरूले फिरौती रकम माग गर्ने उद्देश्यले निज आयुषकुमार साहलाई मोटरसाइकलमा राखी राजविराजबाट सिरहा रोड हुँदै नेपाल भारत सीमा पार गरी लगेको भनी मिति ०६७।१२।३ मा प्रतिवेदन दिएको र यस अदालत समक्ष समेत उपस्थित भई उक्त प्रतिवेदनलाई पुष्टि गरी बकपत्र गरिदिएको देखिन्छ, जसमा यी दुवै प्रतिवादी समेत भै फिरौती लिने उद्देश्यले अपहरण गरी बन्धक राखेको भनी उल्लेख गरिएको छ । प्रतिवेदन र यस बकपत्रलाई यिनै प्रतिवादीहरू समेत रोहवरमा रहेको सनाखत कागज समेतले पुष्टि गरेको देखिन्छ । साथै प्रमाण ऐन, २०३१ को दफा २० बमोजिम समेत उक्त बकपत्र तथा प्रतिवेदनलाई प्रमाणमा लिन मिल्ने देखियो ।

अब आरोपित कसुर सम्बन्धमा यी प्रतिवादीहरूको प्रतिरक्षा के कस्तो रहेको छ भन्ने सम्बन्धमा हेर्दा पक्राउमा परेका प्रतिवादीहरू प्र. विनोदकुमार यादव तथा भोला भन्ने भोलेन्द्र यादवले अभियोजित कसुरमा इन्कार रही यस अदालतमा तथा अनुसन्धान अधिकारी समक्ष समेत बयान गरेको देखिन्छ । यसरी बयान गर्दा विनोदकुमार यादवले आफू वारदात स्थलमा नभई वरही वीरपुर वा.नं.५ स्थित खेतमा तोरी उखेलिरहेको ५ बजेतिर घर फर्केको भनी बयान गरेको र भोला भन्ने भोलेन्द्र यादवले सोही स्थानको आफ्नो घरमा रहेको भनी अन्यत्र रहेको जिकिर लिएको देखियो । निजहरूले प्रस्तुत गरेका साक्षीहरूले निजहरूको बयान समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ । साक्षीको रूपमा उपस्थित गराइएका व्यक्तिको उक्त भनाइ बाहेक वारदात समय र स्थानमा आफूहरू नरहेको देखिने अन्य वस्तुगत सबुत प्रमाण पेस गर्न सकेको देखिँदैन, जबकी यो जिकिर लिनेले नै आफ्नो जिकिर वस्तुगत रूपमा प्रमाणित गर्नुपर्ने हुन्छ, अन्यथा निजका विरुद्ध प्रमाणमा लाग्ने हुन्छ । अर्कोतर्फ आफ्नो मोटरसाइकल रहेका प्रतिवादीहरूको लागि वरही वीरपुर आफैंमा राजविराजमा ३.०० बजे भएको वारदातबाट उपस्थित हुनै नसक्ने अविश्वसनीय दूरीमा रहेको पनि देखिँदैन । यसबाट अन्य सबुत प्रमाणबाट यी प्रतिवादीहरू अपहरणको वारदातमा संलग्न रहेको देखिइरहेको अवस्थामा निजहरूले पेस गरेका साक्षीको बकपत्र मात्रको आधारमा निजहरूको संलग्नता नरहेको भन्न मिलेन ।

यसरी यी प्रतिवादीहरू विनोदकुमार यादव तथा भोला भन्ने भोलेन्द्र यादवले अपहरण गरेको भनी निजहरूकै रोहवरमा पीडित स्वयंले कागज गरेको, मिसिल सामेल कल डिटेल्सबाट फरार प्रतिवादी भारतीय नागरिक धीरेन्द्र खत्वेसँग यी प्रतिवादीहरू साथबाट बरामद भएको मोबाइल फोनमा बारम्बार सम्पर्क स्थापित भएको देखिएको, छानबिन गर्ने समितिका सदस्यमध्येकै प्र.स.नि. रामबहादुर महतोको प्रतिवेदन तथा यस अदालत समक्षको बकपत्रबाट समेत निजहरूको यस मुद्दाको अभियोजित कसुरमा संलग्नता देखिन आयो ।

अब प्रतिवादीहरू राकेश बी भन्ने वीरेन्द्र साह तथा छोटुराज भन्ने ऐस अन्सारीका सम्बन्धमा विचार गर्दा अनुसन्धानको क्रममा यी प्रतिवादीहरूको उपस्थिति देखिँदैन । अभियोग पत्र दर्ता भै यस अदालतबाट जारी भएको समाह्वान म्यादमध्ये छोटुराज भन्ने ऐस अन्सारीको म्याद मिति २०६८।३।२२ मा तथा राकेश बी भन्ने वीरेन्द्र साहका नाउँको म्याद मिति २०६८।८।१० मा तामेल भएकोमा निजहरू दुवैजना अदालतमा उपस्थित भएको देखिन आउँदैन । यद्यपि, फौजदारी मुद्दामा अभियोग दाबी वादीले नै प्रमाणित गर्नुपर्ने हुन्छ भने प्रतिवादीलाई चुप लागी बस्न पाउने अधिकार पनि रहन्छ, तथापि आफू उपर अपहरण र शरीर बन्धक जस्तो गम्भीर कसुरको अभियोग लागेकोमा कसुरमा आफ्नो संलग्नता नभएको भए सो सम्बन्धमा आफ्नो व्यहोरा अदालत समक्ष आई भन्नुपर्ने कुरा पनि सामान्य समझका व्यक्तिले समेत अनुमान गर्ने कुरा देखिन्छ । यी प्रतिवादीहरू प्रारम्भदेखि नै फरार रहेका र यस अदालतमा समेत उपस्थित हुन नआएका हुँदा पीडितबाट सनाखत गराउने प्रक्रिया नै हुन पाएको छैन । एकमात्र प्रत्यक्षदर्शी र पीडितबाट सनाखत गराउने अवसर निजहरूले नै नदिएको भए पनि अनुसन्धानको लागि खटिएका तथा छानबिन समितिका सदस्यका रूपमा रहेका प्र.स.नि. रामबहादुर महतोले यस अपराधमा संलग्न नेपाली नागरिकहरूमध्ये निजहरू पनि रहेको भनी अधिकार प्राप्त निकायमा प्रतिवेदन दिएको र उक्त प्रतिवेदन व्यहोरा यस अदालत समक्ष समेत पुष्टि गरिदिएको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा २० बमोजिम प्रमाणमा लिन मिल्ने उक्त प्रतिवेदन र बकपत्रबाट समेत निजहरूको अभियोजित कसुरमा संलग्नता देखिन आयो ।

अब **यी प्रतिवादीहरूका प्रति के कस्तो व्यवहार हुनुपर्ने हो भन्ने सम्बन्धी तेश्रो प्रश्नमा प्रवेश गर्दा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको** महलको ३ नं. ले छुट्कारा रकम (फिरौती) लिने वा शरीर बन्धकमा लिइएको व्यक्ति वा निजको हकवालाको धन सम्पत्ति प्राप्त गर्ने, ... उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना र लेखिए बाहेक अन्य उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा चार वर्षदेखि आठ वर्षसम्म कैद र पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुने व्यवस्था गरेको पाइन्छ । माथि स्थापित तथ्यहरूबाट प्रतिवादीहरूले पीडितलाई फिरौती लिने उद्देश्यले नै अपहरण गरेको स्पष्ट हुन आएको छ । उक्त ३ नं. मा उल्लेख भएको सजायको हदमध्ये कति सजाय गर्न उपयुक्त हुन्छ भन्नेतर्फ विचार गर्दा ६ वर्षीय नाबालकको अपहरण गरी २९ दिनसम्म बाबुआमाबाट अलग गरिएको छ, आफ्नो देशको स्थानीय बालकलाई विदेशी नागरिकसँग मिलोमतो गरी अपराध गरिएको छ, देशको सीमा पार गरी विदेशमा लगी २९ दिन बन्धक राखिएको छ, पक्राउ परेका प्रतिवादीहरूले न्यायिक प्रक्रियालाई सघाउ पुऱ्याउने वा फरार अन्य प्रतिवादीहरूको बारेमा सूचना दिनेजस्ता कुनै कार्य गरेको पाइँदैन, फरार प्रतिवादीहरूले अदालतको म्याद पुर्जीलाई बेवास्ता गरी न्यायिक प्रक्रियालाई प्रत्यक्ष असहयोग गरेको स्थिति छ । पीडित, जाहेरवाला तथा अनुसन्धान तहकिकातमा सहयोग पुऱ्याएका व्यक्तिहरू समेत प्रभावित भई अदालतमा प्रतिकूल बकपत्र गर्ने वातावरण सिर्जना भएको देखिन्छ । हाम्रो समाजमा अपहरण र बन्धकको कसुर बढ्दै गएको तथ्यलाई पनि बिर्सन मिल्दैन । उल्लिखित अवस्थालाई मध्यनजर गर्दा यी प्रतिवादीहरूलाई कानुनले तोकेको हदमध्ये न्यूनतम हदको सजाय तोक्दा कसुरको प्रकृति अनुसार अपर्याप्त हुने देखिन्छ भने

पीडितलाई यातना दिने, भोकै राख्ने आदि कार्य गरेको अवस्था नदेखिएको, बर्बरताको स्थिति नदेखिएको हुँदा समेत अधिकतम हद न्यायोचित देखिँदैन ।

तसर्थ प्रस्तुत मुद्दामा माथि विवेचित आधार प्रमाणबाट आयुषकुमार साहको मिति २०६७।११।९ गते फिरौती रकम असुल गर्ने उद्देश्यले हाल उपस्थित प्रतिवादी विनोदकुमार यादव, भोला भन्ने भोलेन्द्र यादव, राकेश बी भन्ने वीरेन्द्र साह तथा छोटुराज भन्ने ऐस अन्सारी समेतले अपहरण गरी २९ दिन बन्धक बनाई राखेको पुष्टि हुन आएकोले निजहरूको उक्त कार्य अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १,२,३ नं. समेतको कसुर देखिन आएको हुँदा निज प्रतिवादीहरू चारै जनालाई सोही महलको ३ नं. बमोजिम जनही १० वर्ष कैद र जनही रु. १०००००।- जरिवानाको सजाय हुने ठहर्छ । साथै २ जनाभन्दा बढी मिली संगठित भई उक्त कसुर गरेको देखिएकोले सोही महलको ७ नं. बमोजिम थप २ वर्ष कैद र ६ वर्षको नावालकलाई अपहरण गरे बापत सोही महलको ९ नं. बमोजिम थप २ वर्ष कैदको सजाय समेत हुने ठहर्छ । साथै पीडितलाई मिति २०६७।११।९ देखि मिति २०६७।८।७ सम्म जम्मा २९ दिन बन्धक बनाई राखे बापत सोहि महलको १२ नं बमोजिम पीडितले प्रतिदिन रु. ५००।- का दरले प्रतिवादीहरूबाट दामासाहीले रु.१४५००।- क्षतिपूर्ति समेत भराई लिन पाउने समेत ठहर्छ । यस वारदातमा प्रयोग भै दसीको रूपमा पेस गरिएको मोटरसाइकल तथा मोबाइल फोन फिर्ता दिन मिलेन, जफत हुने समेत ठहर्छ । सो ठहर्नाले अन्यमा तपसिल बमोजिम हुने गरी प्रस्तुत मुद्दा अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा प्रतिवादीहरू विनोदकुमार यादव, भोला भन्ने भोलेन्द्र यादव, राकेश बी भन्ने वीरेन्द्र साह तथा छोटुराज भन्ने ऐस अन्सारी समेतलाई जनही जम्मा १४ वर्ष कैदको सजाय भएको हुँदा विनोदकुमार यादव र प्रतिवादी भोला भन्ने भोलेन्द्र यादव मिति २०६७।१२।७ मा पक्राउ परेको हुँदा सोही दिनदेखि १४ वर्ष कैद गर्नू भनी कैदको लगत कसी कैद म्याद ठेकी पठाइदिनू ......................................................१

प्रतिवादीहरू राकेश बी भन्ने वीरेन्द्र साह तथा छोटुराज भन्ने ऐस अन्सारीको हकमा लगत कसी असुल उपर गर्नू ..........................................................................................................................२

प्रतिवादीहरू विनोदकुमार यादव, भोला भन्ने भोलेन्द्र यादव राकेश बी भन्ने वीरेन्द्र साह तथा छोटुराज भन्ने ऐस अन्सारी समेतलाई जनही रु. १०००००।- जरिवाना भएको हुँदा लगत कसी असुल गर्नु...................३

पीडित आयुषकुमारले प्रतिवादीहरूबाट दामासाहीले रु. १४,५००।- भराइ पाउने ठहरेकोले निजहरूको यसै सरहदको जेथा देखाई प्रस्तुत फैसला अन्तिम भएपछि दण्ड सजायको ४२ नं. बमोजिम निवेदन गरेमा निजहरूबाट कुनै दस्तुर नलिई प्रतिवादीहरूबाट भराइदिनू ...........................................................४

यस वारदातमा प्रयोग भै दसीको रूपमा पेस गरिएको स.२प. ९२२ नं. को मोटरसाइकल तथा मोबाइल फोनहरू जफत हुने ठहरेकाले मुद्दा अन्तिम भएपछि लिलाम गरी राजस्व दाखिला गर्नू .........................५

प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत राजविराजमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरू भोला भन्ने भोलेन्द्र यादव तथा विनोदकुमार यादवलाई निःशुल्क फैसलाको प्रतिलिपिसहित पुनरावेदनको म्याद दिनू..............................................................................................६

मुद्दा अनुसन्धान गर्ने निकाय जिल्ला प्रहरी कार्यालय सप्तरीलाई यस फैसलाको १ प्रति प्रतिलिपि पठाइदिनू.........................................................................................................................७

सरोकारवालाले फैसलाको नक्कल मागेमा रीतपूर्वकको नक्कल दिनू, दायरीको लगत काटी मिसिल अभिलेख शाखामा बुझाइदिनू...................................................................................................................८

न्यायाधीश

इजलास सहायक ना.सु. ठाकुरदेव खड्का
इति संवत् २०६९ साल मंसिर १० गते रोज १ शुभम् .............।

**श्री मकवानपुर जिल्ला अदालत**
**ईजलास**
**माननीय जिल्ला न्यायाधीश श्री टेकनारायण कुंवर**
**फैसला**
**सम्वत २०६७ सालको स.फौ.नं.६१/१९७**
**नि.नं. ३२१**

**मुद्दा :- मानव बेचविखन ओसार पसार ।**

**वादी**

जिल्ला मकवानपुर नामटार गा.वि.स वडा नं. १ चमेलीडाँडा घर भै हाल माईतीघर जि.म. चुरियामाई १ बस्ने एस.एम.आर.को जाहेरीले नेपाल सरकार .....................................१

**ऐ को प्रमाण**
साक्षी ...................................
कागज ...................................

**प्रतिवादी**

तिलक रुम्बाको श्रीमती जिल्ला मकवानपुर नामटार गा.वि.स वडा नं. ६ (जाहेरीमा वडा न).ठ उल्लेखित) टिम्मुरी घर भै हाल जिल्ला मकवानपुर चुरियामाई गा.वि.स.वडा न. १ माईतीघरमा बस्ने कमला रुम्बा-१ an<fd df]Qmfgsf] %f]{L lhNnf dsjfgk'< rl<ofdf0{ uf=lj=;= j*f g=_ 1 pQ<kfgL a:g] ;lgtf df]Qmfg ==========================================1

**ऐ को प्रमाण**
साक्षी ...................................
कागज ...................................

दायर मिति २०६७।१।६।६

**तथ्य खण्ड**

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छः-**
**क) संक्षिप्त तथ्यः-**

- मिति २०६६।८।८ गते म माईती घरमा आएको अवस्थामा मलाई प्रतिवादी कमला रुम्वाले भेटी म बहराईनमा धनी मान्छेको घरमा काम गर्छु । मलाई राम्रै फाईदा छ । खान लगाउन राम्रो पाईन्छ । तिमी यहाँ किन दुःख पाईरहेछौ । मसंग हिँड, तिमीलाई काम लगाई दिन्छु । महिनाको रु.१०,०००।- देखि रु.१२,०००।- सम्म नेपाली रकम हुन्छ भनी मलाई प्रलोभनमा पार्नुभयो । वहाँले पासपोर्ट समेत बनाई दिनुभयो । कामको लागि मलाई लिन एयरपोर्टमा सुनिता भन्ने व्यत्तिलाई पठाई काम गर्ने ठाउँमा उनैले पुऱ्याउँछन् भनी पठाउनु भयो । काम गर्ने ठाउँमा दिनरात काम गर्नुपर्थ्यो । मेरो यौन शोषण समेत गर्थे । काम गरेको पैसा सुनिताले लिएर हिँड्ने गर्थिन् । म फर्कि नेपाल आई यो जाहेरी दिएको छु । निज प्रतिवादीहरुलाई कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको पिडित एस.एम.आर.को जाहेरी ।
- जिल्ला प्रशासन कार्यालय मकवानपुरमा मेरो पासपोर्ट बनाउन जाँदा प्रतिवादी कमला रुम्बाको पति तिलक रुम्बा गएको मात्र हो । विदेश पठाउनमा प्रतिवादी कमला रुम्बा र सुनिता

मोक्तानको बाहेक अरु कसैको संलग्नता छैन भन्ने समेत व्यहोराको जाहेरवालाले खुलाई लेखाई दिएको कागज ।

- जाहेरवाला मेरो फुपु नाताकी हुन् । २०६६ साल मंसिर महिनाको कुरा हो । मेरो श्रीमती घरमा आएको अवस्थामा मलाई पनि विदेश लगि देउ, गाउँमा मैले दुःख पाएकी छु भनी धेरै अनुरोध गरिन् । निजको आमा समेतले अनुरोध गरेकोमा आफ्नो नाताको मान्छे भएकाले मेरो श्रीमतीले बहराईनमा व्यत्तिको घरमा काम गर्ने भिसा मगाएको हो । निज जाहेरवालाले पासपोर्ट बनाउन जाउँ भनी भनेकाले मसंगै गएको हो । निजलाई बहराईन पठाउने काम श्रीमतीले गरेकी हुन् । विदेश गएर दुःख पाएको कुरा कसैले भनेको थिएनन् । हाल आएर मात्र थाहा पाएको हो भन्ने समेत व्यहोराको प्रतिवादी कमला रुम्बाको पति तिलक रुम्बाको कागज ।
- प्रतिवादी कमला रुम्बा आफ्नै नाताको मानिस हुन् । सुनिता निजकै दिदी बहिनी हुन् । जाहेरवाला मेरो छोरी निजहरु कै सल्लाहमा विदेश गएकी थिईन् । हाल आएर के कुन कुराले मुद्दा हालेका हुन्, मलाई थाहा भएन भन्ने समेत व्यहोराको पिडितको आमा कान्छी माया स्याङतानले गरेको कागज ।
- जाहेरवालालाई कमला रुम्बा र सुनिता मोक्तानले विदेश पठाई दिएका हुन् । जाहेरवाला विदेशमा बस्दा निजसंग के के भयो मलाई थाहा भएन । हाल फर्की आएपछि मानव बेच विखन मुद्दा दिएको रहेछ । त्यसरी दरखास्त दिनुपर्ने कारण निज जाहेरवालालाई नै थाहा होला भन्ने समेत व्यहोराको राम बहादुर मोक्तान समेतका मानिसहरुले गरेको घटना विवरण कागज ।

**ख) प्रतिवादीको मौकाको बयानः-**

- निज जाहेरवाला म भएको ठाउँमा आई म साह्रै दुःख पाएँ । मलाई विदेशमा काम लगाइ दिनुहोस् भनेकोमा मैले बहराईनबाट फ्रि भिसा मगाई प्लेनको भाडा र श्रम खर्च निजले आफैले तिरेर निजलाई विदेश बहराईनसम्म पठाई दिएको हुँ । सुनिता र जाफरको सहयोग समेत लिई निजलाई काममा लगाई दिएको हो । म बहराईनमा धेरै वर्ष बसी काम गरेको र चिनजान भएको कारण मैले मात्र पठाएको हुँ । अन्य कसैको सहयोग छैन । निजलाई व्यक्तिको घरमा हाउसमेड पदमा बहराईनको नियमानुसार पाउने सुविधा पाउने गरी पठाएको हो । उक्त ठाउँमा यौन शोषण हुँदैन भन्ने समेत व्यहोराको प्रतिवादी कमला रुम्बाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

**ग) अभियोग मागदावीः-**

- प्रतिवादी सुनिता मोक्तान, कमला रुम्बा र जाफरको मिलोमतोमा योजनाबद्ध रुपमा जाहेरवालालाई झुक्याई प्रलोभनमा पारी जालसाज गरी प्रपन्च मिलाई बहराईन पुऱ्याई विभिन्न ठाउँमा बेची वेश्यावृत्तीमा लगाईएको तथ्य पुष्टी हुन आएको हुँदा निज प्रतिवादीहरु कमला रुम्बा र सुनिता मोक्तानले मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (ज्ञ), ४ (१) (क) (ख) र ४ (२) को कसुर अपराध गरेको देखिँदा निजहरु उपर सोही महलको दफा १५ को उपदफा १ को (क) (ख) बमोजिम सजाय सोही दफाको उपदफा २ को खण्ड (क) र (ख) अनुसार छुट्टा छुट्टै गरी पाउँ र पिडित जाहेरवालालाई सोही ऐनको दफा १७ (१) अनुसार क्षतिपुर्ति भराई पाउँ भन्ने समेत व्यहोराको अभियोग मागदावी ।

**घ) प्रतिवादीको अदालतमा भएको बयान :-**

- म विदेश बहराईनमा काम गर्न गएको ५/६ वर्ष भयो । बेला बेलामा छुट्टिमा घर आउँथे । २०६६ साल कार्तिक मंसिरतिर छुट्टिमा घर आएको थिएँ । सोही अवस्थामा जाहेरवाला मेरो फुपु नाताकी भएकी र निजले मेरो घरमा आई म पनि विदेश काम गर्न जान्छु । यहाँ पैसा कमाई घर परिवार पाल्न गाऱ्हो भयो भनी मलाई पटक-पटक भन्नु भयो । मैले तिम्रो घर परिवारलाई सोध्नुपर्छ, परिवारको मन्जुर छ छैन भन्दा मेरो श्रीमान्ले जाउ भनेको छ भनिन् । मैले निजको दाई मेरो काका नाताका शेर बहादुर स्याङतानलाई भन्दा निजले तिम्रो करले होइन, रहरले होइन, उसको घरको दुःखले जान खोजेकी छे, मिल्छ भने लगिदेउ । परिवार पाल्न, बच्चा पढाउन सहयोग हुन्छ भनी भनेपछी मैले बहराईनमा फोन गरी साथीसंग भिसा मगाई दिएको हो । पछि निज जाहेरवालाले आफ्नो खर्चमा पासपोर्ट बनाईन् । प्लेन भाडा, श्रम विमा वापत रु.२५,०००।- जाहेरवालाकै भाउजू मिरा स्याङतानले हाली काठमाडौंको विमान स्थलबाट उडेको हो । निज जाहेरवालाको घरको सल्लाह, सहमती, मन्जुरीमा विदेश बहराईन गएको हो । त्यहाँ पुगेपछि निजले घरायसी काम गर्न एउटा साहूको काम गरेकी र छ महिनापछि साहुले बहराईनको अफिसमा ल्याई बुझाएपछि निजलाई अर्को घरमा काम लगाई दिएको हो । जाहेरवाला ५/६ महिना अगाडि नेपाल फर्की आएकी र काठमाडौंमा श्रीमान्संग बसि आएकी छन् । निजलाई निज र परिवार समेतको मन्जुरी सहमतीमा बैदेशिक रोजगारीको लगी विदेश बहराईनमा जान सहयोग सम्म गरेको हुँ । मैले झुक्याई प्रलोभनमा पारी लगेको, वेश्यावृत्तिमा लगाएको समेत होइन । मैले निजलाई विक्रि वितरण गरेको, वेश्यावृत्तीमा लगाएको समेत नहुँदा अभियोग दावी बमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी कमला रुम्बाले यस अदालतमा गरेको बयान ।
- प्रतिवादी सुनिता मोक्तानका नाउँमा यस अदालतबाट जारी भएको वारेन्ट सहितको ७० दिने म्यादी पुर्जि मिति २०६८/२/१६ मा तामेल भएकोमा सो तामेली मितिले म्याद भित्र हाजिर नभई गुजारी बसेको ।

**ङ) सम्बद्ध कानून -**

- मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१), ४ (१) (क) (ख), ४ (२), दफा १५ (१) (क) (ख), १५ (२) (क) (ख), दफा १७ (१) ।

**च) बुझिएका साक्षी प्रमाणहरु -**

- जाहेरवालाले प्रतिवादीलाई मैले यहाँ बसेर दुःख पाईरहेको छु । दैनिक गुजारा गर्न पनि साऱ्है गाह्रो भएकोले तपाई गएको ठाउँ बहराइनमा मलाई लगी दिनुहोस् भनी विदेशबाट आफ्नो घर नेपाल आएको बखत भनेको र निज प्रतिवादीलाई जाहेरवालाको आमा, भाउजु, दिदी बहिनी समेतले अनुरोध गरेकोले गाउँको एकै ठाउँ तल्लो, माथिल्लो घर भएकोले प्रतिवादीले बहराईन पठाई दिएको हो, विक्रि गर्न लगेको होइन । मलाई थाहा भए अनुसार जसले कामदारलाई बहराइन लान्छ, उसले कामदारले पाउने १ महिनाको तलव लिने चलन रहेछ । प्रतिवादीले पनि जाहेरवालाको १ महिनाको तलव लिइछन् । त्यसपछि जाहेरवालालाई जुन घरमा काम गर्न भनी राखिदिएको थियो, त्यहाँ राम्रोसंग काम नगरेको भनी घरवालाले प्रतिवादीलाई भनेछ । त्यो घरबाट हटाई अर्को घरमा राखी दिइछन् । त्यो घरमा पनि राम्रो

काम नगरेपछि जाहेरवाला बेखर्ची भइछन् । त्यसपछि त्यहाँका अन्य दिदी बहिनीको सहयोगमा नेपाल आइछन् । यहाँ आएर लेनदेनको तलव १ महिनाको नपाएको कमाई गर्न नसकेको कारण प्रतिवादी उपर मानव बेचविखन गऱ्यो भन्ने उजुरी जिल्ला प्रहरी कार्यालयमा दिएको भन्ने कुरा मैले थाहा पाएको हो भन्ने समेत व्यहोराको घटना विवरणमा कागज गर्ने मानिस रामबहादुर मोक्तानले यस अदालतमा गरेको बकपत्र ।

## ठहर खण्ड

- नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सुचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री अनिल कार्कीले पिडित एस.एम.आर.लाई यी प्रतिवादीले बैदेशिक रोजगारीमा लगाई दिने प्रलोभन दिई विदेश बहराईनमा विक्रि गरेको तथ्य संकलित सबुद प्रमाणबाट पुष्टि भएको छ । निज प्रतिवादी बैदेशिक रोजगारदाताको रुपमा रजिष्टर्ड कुनै कम्पनीको सदस्य रहेको भन्ने पनि देखिन आउँदैन । सिधासाधा व्यक्तिलाई ललाई फकाई विदेशमा लगी नारकीय जीवन विताउन बाध्य पारिएको हुनाले प्रतिवादीलाई हदैसम्म सजाय हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो । प्रतिवादी तर्फका उपस्थित विद्वान अधिवक्ता श्री मदनकुमार दाहालले पिडितको ईच्छा विपरित प्रतिवादीले विदेश पठाएको होइन । पिडितको घर परिवारको सहमति र अनुरोध अनुसार नै निजलाई रोजगारीका लागि विदेश पठाएका हुन् । विदेशमा केही समय काम गरी फर्केपछि पिडितले झुठ्ठा जाहेरी दिएको हुँदा प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउनु पर्दछ भनी बहस गर्नुभयो ।
- अभियोग दावीतर्फ हेर्दा, अभियोजन पक्षबाट प्रतिवादी सुनिता मोक्तान, कमला रुम्बा र जाफरको मिलोमतोमा योजनाबद्ध रुपमा जाहेरवालालाई झुक्याई प्रलोभनमा पारी जालसाज गरी प्रपन्च मिलाई बहराईन पुऱ्याई विभिन्न ठाउँमा बेची वेश्यावृत्तीमा लगाईएको तथ्य पुष्टी हुन आएको हुँदा निज प्रतिवादीहरु कमला रुम्बा र सुनिता मोक्तानले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१), ४ (१) (क) (ख) र ४ (२) को कसुर अपराध गरेको देखिँदा निजहरु उपर सोही महलको दफा १५ को उपदफा १ को (क) (ख) बमोजिम सजाय सोही दफाको उपदफा २ को खण्ड (क) र (ख) अनुसार छुट्टा छुट्टै गरी पाउँ र पिडित जाहेरवालालाई सोही ऐनको दफा १७ (१) अनुसार क्षतिपुर्ति भराई पाउँ भन्ने समेत व्यहोराको अभियोग मागदावी लिएको अवस्था छ ।
- उपर्युक्त बहस छलफल र प्रस्तुत मुद्दामा लिइएको अभियोग मागदावी तथा मिसिल संलग्न संकलित प्रमाण एवम् कानूनको विश्लेषण गरी निर्णयतर्फ विचार गर्दा निम्न लिखित प्रश्नहरुमा नै मुख्यत निर्णय दिनुपर्ने देखिन्छ ।

  **क) यी प्रतिवादीहरुले पिडितलाई बिक्रि गर्ने उद्देश्यले विदेश बहराईनमा लगिएको हो होइन ।**

  **ख) बैदेशिक रोजगारीको निम्ति विदेश पठाउने कार्य गर्नका लागि प्रतिवादीलाई कानूनी अनुमति प्राप्त छ, छैन ।**

  **ग) यदि प्रतिवादीहरु उपरको सो अभियोग सत्य साँचो हो भने निजहरुलाई के कस्तो सजाय हुनुपर्ने हो ।**

- सर्वप्रथम फरार रहेका प्रतिवादी सुनिता मोक्तानको हकमा अ.व. १९० नं. बमोजिम मुल्तवी राखिदिएको छ ।
- अव, माथि उल्लिखित प्रश्नहरुको निरोपण गर्नुभन्दा अगाडि प्रस्तुत मुद्दाको संक्षिप्त पृष्टभूमिसंग सम्बन्धित केही तथ्यहरुको सम्बन्धमा प्रकाश पारिनु वान्छनीय हुन आउँछ । सो अनुसार हेर्दा, प्रस्तुत वारदातको घटनाक्रम मिति २०६६।८।८ गते मकवानपुर जिल्ला चुरियामाई गा.वि.स वडा नं.१ बाट शुरु भएको छ । घटनाको तथ्य अनुसार प्रतिवादी कमला रुम्बा र जाहेरवाला पिडित एस.एम.आर. नजिकको नाता सम्बन्धका व्यक्ति देखिन्छन् । सो अनुसार प्रतिवादी कमला रुम्बा यी पिडितको भदैनी नाताका रहेछन् । प्रतिवादी कमला रुम्बा पहिला पनि विदेश बहराईनमा बसी आएका व्यक्ति हुन् भन्ने निज कमला रुम्बाको बयानबाट देखिन्छ । प्रस्तुत वारदातको सिलसिला हेर्दा निज प्रतिवादी पिडितको गाउँघरमा गई विदेश बहराईन जानको लागि उत्प्रेरणा दिएको भन्ने देखिएको छ । विदेशमा आकर्षक कमाई र सुख सयल हुने हुँदा गाउँघरमा किन दुःख गर्छौ भनी प्रतिवादीले आफ्नो पहलमा आफ्ना पति तिलक रुम्बालाई निज पिडितको पासपोर्ट बनाउने लगायतको कार्य गरे गराएको भन्ने समेत जाहेरी व्यहोरा छ । पासपोर्ट बनाई दिएको तथ्य प्रतिवादी कमला रुम्बाका पति तिलक रुम्बाको कागजबाट पुष्टि भएको छ । तत्पश्चात निज प्रतिवादीले पिडितलाई काठमाडौंमा पुऱ्याई आफन्तको घरमा राखेको र विदेश बहराईनको प्लेन चढाई पठाएको भन्ने देखिन्छ ।
- बहराईन एयरपोर्टमा प्रतिवादी कमला रुम्बाको दिदी सुनिता मोक्तान र अर्का बहराइन नागरिक जाफर भन्ने व्यक्ति पिडितलाई लिन आई निजलाई काम गर्नुपर्ने भनी तोकिएको ठाउँमा पुऱ्याईएको रहेछ । जुन कामको लागि भनी प्रतिवादीले विश्वासमा पारी पिडितलाई विदेश लगेका थिए सो काममा नलगाई कुनै व्यक्तिको घरमा घरेलु श्रमिकको रुपमा राखी अत्यन्त निकृष्ट कार्यमा लगाई श्रमशोषण गरेको र घर मालिक तथा निजका छोराहरु समेतले जवरजस्ती यौन शोषण गरेको कथा व्यथा उल्लेख गरी आफुलाई सो कार्य गर्न प्रपञ्च मिलाई विदेश पठाउने कमला रुम्बा समेतलाई आवश्यक कानूनी कारवाहीको लागि पिडितले प्रहरीमा जाहेरी दिएको पाइन्छ । यसप्रकार उपर्युक्त पृष्टभूमिमा प्रस्तुत मुद्दामा केही निर्विवाद तथ्यहरु पनि स्थापित भएका छन् । जुन निम्न बमोजिम छन्ः-
  - यी पिडित एस.एम.आर.लाई प्रतिवादी कमला रुम्बाले विदेश बहराईन पठाएकोमा कुनै विवाद छैन ।
  - पिडितलाई होममेडको काममा लगाउन बहराईन पठाएको हो भन्ने प्रतिवादीको स्वीकारोक्ति छ ।
  - पिडितले निकृष्ट कार्य गर्नुपरेको, घर मालिकको यौन शोषणमा पारिएको, पारिश्रमिक नदिई शोषण गरिएको भन्ने प्रतिवादी उपरको आरोप देखिन्छ ।
  - प्रतिवादीका पति तिलक रुम्बाले पनि मेरो श्रीमति कमला रुम्बाले बहराईनमा व्यक्तिको घरमा काम गर्ने भिसा मगाई पिडितलाई श्रीमतिले नै पठाएको हो । पासपोर्ट बनाउन म समेत गएको हुँ भनी घटना पुष्टि हुने गरी कागज गरिदिएको देखिन्छ ।
  - प्रतिवादीले कुनैपनि व्यक्तिलाई बैदेशिक रोजगारीमा पठाउन पाउने कुनै अनुमति वा ईजाजत रहेको छ भनी पुष्टि गरेको अवस्था छैन ।
- अव, माथि उल्लिखित मुद्दाको तथ्य र पृष्ठभूमिको आधारमा निर्णयार्थ प्रस्तुत प्रश्नमा विचार गर्ने क्रममा मानव बेचविखन तथा ओसार पसारको अपराध एवम् कसुरको प्रकृतिका सम्बन्धमा पनि संक्षिप्त प्रकाश पारिनु वान्छनीय हुन आउँछ । मानव बेचविखन तथा ओसार

पसारको कार्य एउटा गम्भीर आपराधिक कार्य हो, जसबाट पिडितको आधारभूत मानव अधिकारको उल्लँघन हुन जान्छ । यो एउटा मानवता विरोधी अपराधको रुपमा परिभाषित अन्तर्राष्ट्रिय संगठित अपराध पनि हो । यस अपराधलाई हाल विश्वमा प्रचलित संगठित अपराधहरु मध्ये अवैध हातहतियार तथा लागू औषध पछिको तेश्रो ठूलो अन्तर्राष्ट्रिय संगठित अपराधको रुपमा मानिएको छ । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरुमा मानव बेचविखन तथा ओसारपसार सम्बन्धी अपराधलाई एउटा गम्भीर अमानवीय आपराधिक कार्यको रुपमा परिभाषित गरिएको पाइन्छ ।

- United Nations Convention against Transational Organized Crime 1998, अन्तर्गत जारी भएको Protocol to Prevent, Suppress and Punish Trafficking in persons, especially women and children supplementing the UN Convention against Transnational organized crime 1998, को धारा ३ अनुसार मानव बेचिबिखन भन्नाले ओसारपसारको डर, त्रास, धम्की, शक्ति, छलकपट, धोका, शक्तिको दुरूपयोग साथै जोखिमपूर्ण अवस्थाको दुरूपयोग गरी कुनै व्यक्तिलाई कुनै पनि प्रकारको शोषणको लागि भर्ना गर्नु, स्थानान्तरण गर्नु, त्यस्तो कार्यलाई सहयोग पुऱ्याउनु वा उक्त कार्यको लागि सहयोग प्राप्त गर्नु तथा बेचिबिखन गरिने व्यक्तिमाथि नियन्त्रण भएको व्यक्तिलाई उपरोक्त कार्यमा सहयोग प्राप्त गर्नको निम्ति रकमहरू वा फाइदाहरू दिनु लिनुलाई बुझाउँदछ । ("Trafficking in person" Shall mean the recruitment, transportation, transfer, harboring or receipt of persons by means of threat or use of force or other forms of coercion, of abduction, of fraud, of deception, of the abuse of power or of a position of vulnerability or of giving or receiving of payments or benefits to achieve the consent of person having control over another person for the purposes of exploitation of the prostitution of the others or other forms of sexual exploitation, forced labour services, slavery, or practices similar to slavery servitude or the removal of organs). त्यस्तै Global Alliance Against Trafficking in Women का अनुसार मानव बेच विखन भन्नाले: “कुनैपनि व्यक्तिलाई फकाई, डर देखाई, धम्काई, बल प्रयोग गरी बँधुवा बनाई वा आफ्नै हैकममा प्रयोग गरी यौन शोषण वा अन्य जुनसुकै प्रयोजनको निम्ति भए तापनि एक ठाउँबाट अर्को ठाउँमा लग्नु” लाई बुझाउँछ ।
- नेपालमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले फराकिलो अर्थमा मानव बेचबिखनको परिभाषा गरेको छ । ऐनको दफा ४ (१) अनुसार **कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिने व्यवस्था छ :-**
  क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
  ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
  ग) प्रचलित कानूनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,
  घ) वेश्यागमन गर्ने ।

**त्यसैगरी कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ :-**

क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,

ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको

दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने ।

- उपर्युक्त परिभाषा अनुसार मानव बेचविखन तथा ओसारपसारको अपराध हुनको लागि मुख्यतः तीनओटा तत्वहरु आवश्यक पर्दछन् । जस्तै कार्य (Action), माध्यम (Means) र उद्देश्य (Purpose) । मानव बेचविखनका अपराधीहरुले पिडितहरुलाई विभिन्न तरिकाले नियन्त्रण गर्दछन् र लोभ्याउँछन् । पिडितलाई राम्रो रोजगारीको अवसर देखाएर, राम्रो जीवनस्तरको लोभमा पारेर, विदेश यात्रा गराएर आफ्नो उद्देश्य पूरा गर्दछन् । मानव ओसारपसारको प्रकृया अन्तर्गत Recruitment, Transportation, Transfer, Harbouring, Receipt of person and Exploitation जस्ता मुख्य विधिहरु अपनाईने गर्दछ र सो विधि मूलतः मानिसलाई बेचेर लिइने आर्थिक फाईदाको निम्ति नै प्रयोग हुन्छ । उक्त विधि अपनाउँदा threat, force, frud, deception, abduction, other forms of coercion, abuse of power position of vulnerrability, giving or receiving of payments or benefits जस्ता माध्यम (means/methods) को प्रयोग गरिएको हुन्छ । यस्तो कार्यको निम्ति पिडितको सहमति नै भएपनि प्रतिरक्षाको आधार हुन सक्तैन ।
- यस दृष्टिकोणबाट हेर्दा यस्तो अपराधमा स)लग्न हुने समूह वा गिरोहको संजाल (Network) लाई निम्न बमोजिम बुझ्न सकिन्छ । यसबाट यस अपराधको गम्भीरता स्वतः प्रमाणित हुन आउँछ ।




- अव, उपर्युक्त सैद्धान्तिक विवेचना पश्चात माथि निर्णयार्थ प्रस्तुत पहिलो प्रश्न **यी प्रतिवादीले पिडितलाई विक्रि गर्ने उद्देश्यले विदेश बहराईनमा लगिएको हो होइन** ? भन्ने सम्बन्धमा विचार गर्दा पिडित एस.एम.आर. ले प्रतिवादीहरु उपर किटानी जाहेरी दिएको अवस्था छ । सो

जाहेरीमा पिडितले आफुले भोगेको सम्पूर्ण घटनाको यथार्थ विवरण उल्लेख गरेको पाइन्छ । जसमा प्रतिवादी मध्येका कमला रुम्बाले पिडितलाई ललाई फकाई विदेश बहराईनमा काम गर्नको लागि पठाएको भन्ने देखिन्छ । यहाँसम्म कि बहराईन जस्तो विदेशी मुलुकमा एउटा विवाहित महिलालाई पठाउँदा निज पिडितका आमाबुवा तथा पति समेतलाई थाहा जानकारी दिइएको अवस्था छैन । यी पिडितको पासपोर्ट समेत प्रतिवादी कमला रुम्बाका पति तिलक रुम्बाले जिल्ला प्रशासन कार्यालय हेटौंडाबाट निकाली दिएको कुरा स्वयम् तिलक रुम्बाको मौकाको आफ्नो कागज व्यहोरामा उल्लेख गरेको अवस्था छ । पिडितको बयान अनुसार गन्तव्य स्थान (Destination) बहराईन एयरपोर्टमा लिन आउने व्यक्ति प्रतिवादी कमला रुम्बाकै दिदी सुनिता मोक्तान र जाफर भन्ने बहराइन नागरिक रहेको अवस्था छ । तसर्थ सो कार्य सुनियोजित एवम योजनाबद्ध रुपमा सम्पन्न गरिएको देखिन्छ । यसप्रकार पिडितलाई ललाई फकाई विदेश पठाउने योजना प्रतिवादी कमला रुम्बाले बनाएको, निजका पति तिलक रुम्बाले पासपोर्ट बनाउने कार्यमा सहयोग गरेको, प्रतिवादी सुनिता मोक्तान र अर्को जाफर भन्ने व्यक्तिले बहराईन एयरपोर्टमा लिन गई गन्तव्यस्थानमा पिडितलाई पुऱ्याएको स्थितिबाट पिडितको जाहेरी र अभियोगदावीमा उल्लिखत तथ्यहरु समर्थित हुन आएको छ ।

- प्रस्तुत वारदातमा विभिन्न व्यक्तिले खेलेको भूमिकालाई हेर्दा अत्यन्त सुविचारित ढंगले संगठित रुपमा पृथक-पृथक व्यक्तिले पृथक-पृथक भूमिका निर्वाह गरी आफ्नो आपराधिक मनसायलाई कार्यमा परिणत गरी पूरा गरेको देखिन्छ । पिडितलाई निजको गाउँघरसम्म पुगी प्रतिवादी कमला रुम्बाले Spotter/ Recruiter को भूमिका खेलेको अवस्था छ भने अभियोजनकर्ताले अनुसन्धानको क्रममा बुझिएका तिलक रुम्बालाई प्रतिवादी बनाउनु पर्ने अवस्था मिसिल कागजातबाट स्पष्ट रुपमा देखिँदा देखिँदै कुन मनसायबाट हो निज तिलक रुम्बालाई प्रतिवादी नबनाएको देखिएता पनि निज तिलक रुम्बाले पासपोर्ट बनाउने लगायतको कार्य गरी सहयोगीको भूमिका निभाएका छन् । सुनिता मोक्तान र जाफरले बहराइन एयरपोर्टबाट पिडितलाई गन्तव्यसम्म पुऱ्याएका छन् । उनीहरुले Transporter & Seller को भूमिका निर्वाह गरेका छन् । प्रतिवादी कमला रुम्बाले पिडितलाई विदेश पठाउने सिलसिलामा मिति २०६६।८।८ गते विहान निज पिडितका] माईतीघरबाट हेटौंडा ल्याई हेटौंडाबाट काठमाडौंसम्म पुऱ्याई निजै प्रतिवादी कमला रुम्बाको फुपुको घरमा लगी १०/११ दिनसम्म लुकाई राखेको देखिँदा निज प्रतिवादी कमला रुम्बाले Harbourer को भूमिका समेत निर्वाह गरेको अवस्था छ ।
- मानव बेचविखन सम्बन्धी अपराधका प्रमुख तत्वहरु मध्ये पिडितलाई ललाई फकाई गर्ने, आफ्नो विश्वासमा लिने र आवश्यक पर्ने कागजातहरु समेत तयार पारिदिने कार्य सो अपराधमा संलग्न व्यक्तिहरुले बहुतै सतर्कताका साथ आफ्नै निगयन्त्रणमा गर्ने गर्दछन् । यस्तो प्रकारको कार्य प्रतिवादी कमला रुम्बाले आफ्नो पति मार्फत गराएको स्थिति मुद्दाको तथ्यबाट स्पष्ट हुन आएको छ ।
- प्रस्तुत मुद्दामा पिडित व्यक्ति एस.एम.आर. लाई वैदेशिक रोजगारी र सुखी जीवनको प्रलोभन देखाई पिडकले तेश्रो मुलुक बहराइन पुऱ्याएकोमा विवाद छैन । सामान्यतया चेलीबेटि बेचविखनका अपराधहरु छिमेकी मुलुक भारतमा पुऱ्याई हुने गरेको सन्दर्भमा प्रस्तुत वारदातको गन्तव्यस्थल बहराइन छानिएको देखिएको छ । सो तथ्यलाई स्वयम् प्रतिवादीले स्वीकार गरेको हुँदा र निज प्रतिवादीले पिडित भनिएका व्यक्ति कै चाहना अनुरुप बैदेशिक रोजगारीमा लगाई दिन बहराइन पुऱ्याएको हो भन्ने जिकिर लिएतापनि प्रतिवादी कमला

रुम्बासंग कुनैपनि व्यक्तिलाई बैदेशिक रोजगारीमा पठाउने कानूनी ईजाजत वा आधार र हैसियत प्राप्त भएको देखिन आउँदैन । मानव बेचविखन तथा ओसारपसारको कार्य परम्परागत उद्देश्यबाट मात्र निर्देशित नभई अहिलेको विश्वव्यापीकरणको प्रभावको फलस्वरुप बैदेशिक रोजागरीको आकर्षण देखाएर कुनैपनि व्यक्तिलाई ललाई फकाई वा झुक्याई बेचविखन गर्ने र शोषण गर्ने स्थिति सम्म पुगेको छ । यसरी फरक उद्देश्यका लागि हुने मानव बेचविखन तथा ओसारपसारले पनि यस अपराधको प्रकृतिको विश्वव्यापी अवधारणा तय गर्न सजिलो नभएतापनि अपराधीले आफ्नो उद्देश्य पूरा गर्ने सजिलो माध्यम कथित वैदेशिक रोजगारको आकर्षण बनेकोमा शंका छैन ।

- पिडितले भोग्ने परिणाम र त्यसको प्रभावको आंकलन विना मानव बेचविखन तथा ओसारपसारको अपराध प्रमाणित गर्न गाह्रो पर्दछ । फौजदारी न्यायशास्त्रको सिद्धान्त अनुसार कुनैपनि अवैधानिक कार्यबाट आउने परिणाम अवैधानिक नै हुन्छ र त्यस्तो अवैधानिक कार्यबाट सिर्जित परिणाम न्यायोचित हुन सक्दैन । तसर्थ मानव बेचविखन तथा ओसारपसार जस्तो गम्भीर आपराधिक कार्यलाई यसको परिणामबाट भिन्न गरी हेर्न मिल्दैन । निश्चय पनि मानव बेचविखन तथा ओसारपसारको कार्य पिडितको ईच्छा अनुसार भएको हुँदैन । यो कार्य अनैच्छिक र शोषणपूर्ण हुन्छ । त्यस्तो ईच्छा पिडकले पिडितलाई विभिन्न जाल, प्रपन्च र धोका बुनेर आवरणबाट देखिने स्वीकृतिको रुपमा प्रयोग गरेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी कमला रुम्बाले पिडितको ईच्छा अनुसार नै बैदेशिक रोजगारीको निम्ति पैसा कमाउने कार्यमा विदेश बहराइन पठाइ दिएको हो भनी बयान गरेतापनि पिडितले बहराइनमा पुगेर जुन शारीरिक तथा यौन शोषण, शारीरिक एवम् मानसिक कष्ट र निकृष्ट कार्यहरुको सामना गर्नुपऱ्यो, तत्सम्बन्धी आफ्नो भोगाईका कारुणिक कथा, व्यथा सिलसिलेवार रुपमा आफ्नो जाहेरी मार्फत चित्रण गरिदिएबाट उक्त कार्य निजको ईच्छा विपरित गरिएको शोषणपूर्ण कार्य नै थियो भनी मान्नुपर्ने हुन्छ । यस्तो अपराधबाट पिडित व्यक्तिहरु स्वभाविक रुपमा आफुले भोग्नुपर्ने जीवन प्रति अनभिज्ञ रहेका हुन्छन् । पिडितको अन्तरनिहित स्वतन्त्रताको हनन भएको हुन्छ । पिडितलाई बेचविखन तथा ओसारपसारमा संलग्नहरुको माग पूरा गर्न बाध्य पारिएको हुन्छ । अझै बढी त पिडितलाई आफ्नो घर, परिवार, स्थानीय सांस्कृतिक, भाषिक रुपमा एक्ल्याई शारीरिक चुनौतिपूर्ण वातावरणमा रहन बाध्य पारिन्छ र कानूनी पहिचान र न्याय माथिको पहुँचबाट समेत टाढा राखिन्छ । यी सबै कुराहरुको परिणाम र असरहरुले बेचविखन तथा ओसारपसारमा परेका व्यक्तिहरुको मानव अधिकार हनन भएको हुन्छ ।
- प्रस्तुत मुद्दामा पिडित एस.एम.आर. एउटा यी सम्पूर्ण भोगाईको ज्वलन्त परिणाम हुन् भन्ने आधार निजले मौकामा गरेको र अदालतबाट प्रमाणित भएको निम्न बयान व्यहोराबाट समेत पुष्टि हुन आउँछ-

  *"म बहराईन स्थित एयरपोर्टमा प्लेनबाट झरेपछि अर्को प्रतिवादी सुनिता मोक्तानले एयरपोर्ट œबहराईनको॰ मा लिन आईपुगेकी थिइन् । निजको साथमा बहराईन नागरिक जाफर भन्ने व्यक्ति पनि लिन आएका थिए । सुनिता मोक्तानले तिम्रो काम गर्न जाने ठाउँ टाढा छ, आज जान भ्याउँदैन । आज लजमा नै बसौँ भनेकोले सो दिन लजमा बसी भोलीपल्ट सुनिता र जाफर भन्ने व्यक्तिले मैले काम गर्ने भनेको ठाउँमा पुऱ्याई दिए । त्यहाँ धेरै काम गर्नुपर्ने, फुर्सद नहुने, सानो काम बिग्रेपनि कुटपिट गर्ने गरे । त्यहाँ आफ्नो पिडा सहेर २ महिनासम्म काम गर्दा पनि तलव दिएनन् । साहुलाई सोध्दा सुनिता मेडमले लगिन् भनी जवाफ दिए । त्यसपछि सुनिता समेतले मलाई अन्य ठाउँमा काम लगाई दिन्छु भनी बोलाएकोले निजले*

*समेत अर्को ठाउँमा काम लगाई दिए । तर, मेरो तलव निजहरुले लिएर खर्च गर्दा रहेछन् । साहुसंग तलव माग्दा तिम्रो दिदीहरुले लगि सके भनी जवाफ दिन्थे । त्यहाँ ५महिनासम्म काम गर्दा साहुले तलव पनि नदिने र विना मन्जुरी मलाई धेरै पटक यौन शोषण गरे । कतै रिपोर्ट गर्ने र फोन गर्ने मौका समेत पाउँथिन । यसै क्रममा त्यहाँबाट पनि निजै सुनिता र कमलाले मलाई अर्कै ठाउँमा काम गर्न पठाए । त्यहाँ पनि तलव नदिने उल्टै मेरो ईच्छा विपरित यौन शोषण भयो । तलव जति प्रतिवादी सुनिता र कमलाले लिएर खाँदा रहेछन् । कुरा गरेमा उल्टै मलाई धेरै कुटपिट गरे । निज कमला रुम्बा र सुनिता मोक्तानसंग हिँड्ने बहराईन नागरिक जाफर भन्नेले पनि यौन शोषण गरी कुटपिट गरे । मेरो वेदना र पिडा सुनाउने ठाउँ कहिँ थिएन । मलाई निजहरुले नै पछिल्लो पटक काम गर्न राखी दिएको महिलाले केही माया गर्ने गरेको र अन्तिममा निजै महिलाले नै मलाई नेपाल फिर्ता पठाई दिएकोले म नेपाल आई पुगेको हुँ ।"*

- यसैगरी जाहेरी दरखास्तमा पिडितले विदेश बहराईनमा रहँदा बस्दा आफुले भोगेका शारीरिक, मानसिक र यौन शोषणका पिडाहरु सिलसिलेवार रुपमा उल्लेख गरेको पाइन्छ । सो जाहेरी व्यहोरामा उल्लिखित तथ्यलाई निज पिडितले अनुसन्धान अधिकारी समक्ष तत्काल मौकामा गरेको बयानमा हुबहु रुपमा खुलाई व्यक्त गरेको देखिन्छ । सो निजको बयान यस अदालतबाट मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ (२) अनुसार प्रमाणित भएको स्थिति छ । यसरी पिडितको उक्त जाहेरी व्यहोरा, मौकामा गरेको बयान र अदालतबाट प्रमाणित सो बयान प्रस्तुत प्रश्नको निरोपणका लागि महत्वपूर्ण प्रमाणको रुपमा रहेको छ । यसका अतिरिक्त पिडितलाई प्रतिवादी कमला रुम्बाले निज पिडितको ईच्छा विपरित, ललाइ, फकाई, प्रभावमा पारी विदेश बहराइन पठाएको भन्ने तथ्य पिडितको प्रमाणित बयानमा उल्लिखित निम्न लिखित व्यहोराबाट प्रष्ट हुन आएकोले प्रतिवादी उपरको अभियोग थप प्रमाणित हुन आएको छ -

  *"गते बारको याद छैन, २०६६ साल कार्तिक महिनाको कुरा हो, प्रतिवादी मध्ये जि.म. नामटार गा.वि.स वडा नं. ३ घर भई हाल माईतीघर ऐ. चुरियामाई गा.वि.स वडा न.. १ बस्ने अं.वर्ष २५ को कमला रुम्बा विदेश बहराईनमा गएर २/४ वर्ष बसेर फर्केर आएको रहेछन् । निजले नै मलाई मेरो माईतिघरमा गएर मलाई भेट गरी ल हेर ! मेरो जिन्दगी, मैले राम्रो कपडा र गरगहना लगाएको छु । विदेशमा हामीले नराम्रो काम गर्नुपर्दैन । म धनी व्यक्तिको घरमा काम गर्छु, पैसा पनि प्रशस्त पाइन्छ । तिमी पनि विदेश हिँड जाउँ । तिमीसंग पैसा छैन भने म पैसा हाली दिन्छु । पासपोर्ट पनि म बनाई दिन्छु भनी मलाई राम्रो लगाउने र मिठो खाने सपना देखाई मेरो पति र बाबुआमा कसैलाई नभन्नु भनी निज कमला रुम्बाले नै पैसा हालेर मेरो जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट निजले नै पासपोर्ट बनाई दिई यो कुरा तिमीले कसैलाई पनि नभन्नु भनेकोले मैले कसैलाई पनि भन्न सकिन । त्यसपछि निजले मलाई मिति २०६६।८।८ गते विहान अं.६:०० बजे आफ्नो माईतीघरबाट लिएर हेटौंडा आई हेटौडा पिपलबोटबाट टाटासुमोमा चढाएर काठमाडौंको मलाई नाउँ थाहा नभएको स्थान निज कमला रुम्बाको फुपुको घरमा लगि १०/११ दिन जति मलाई बाहिर पनि जान नदिई राखे र त्यसपछि काठमाडौंको अन्तर्राष्ट्रिय एयरपोर्टमा लगि निजले पुऱ्याई म प्लेन चढेपछि निज फिर्ता आईन् ।"*

- यदि पिडितलाई निजको चाहना अनुसार बैदेशिक रोजगारी दिलाउने र आर्थिक उपार्जन गर्ने सद्उद्देश्यले पठाएको भए ***"पति र बाबुआमा कसैलाई नभन्नु"*** भनी सिकाउनुपर्ने कुनै कारण देखिदैन । साथै वास्तविक रुपमा रोजगारीको लागि पठाईएको भए विदेश गन्तव्यमा पुगेपछि

निकृष्ट काममा लगाउनु नपर्ने र काम गरे वापतको पारिश्रमिक पनि पिडितले नै पाउनुपर्ने हुन्छ । तर पिडितले दिएको जाहेरीमा व्यक्त गरेको निम्न कथनबाट निजको शारीरिक मात्र होइन आर्थिक शोषण समेत गरिएको भन्ने तथ्य पुष्टि हुन आउँछ -

*"...... यसरी प्रतिवादी कमला रुम्बा समेतले मलाई नेपाल र विदेशमा समेत फकाई, प्रलोभनमा पारी राम्रो ठाउँमा राम्रो काममा लगाई दिन्छु भनी लगी विदेश बहराईन लगी नराम्रो काममा लगाई दिई मलाई नराम्रो काम गर्नुपर्ने बाध्य पारी मेरो तलव समेत निजहरुले नै खाएको, मलाई विदेशमा लगी म जस्तो अनपढ, सोझी, अवला नारीलाई बेचविखन गरेकोमा मेरो भाग्यले नेपाल पार्कन पाई बचेको हुँ । निज प्रतिवादीहरु उपर मानव बेचविखन तथा ओसार पसार मुद्दामा हदैसम्म सजाय गरी पाउँ ।"*

- यी पिडित र प्रतिवादी कमला रुम्बा नजिकको नातेदार अर्थात फुपु भदैनी नाताका व्यक्ति रहेकोमा विवाद छैन । पिडितले फुपु कमला रुम्बालाई जिउ मास्ने बेच्ने जस्तो जघन्य कार्यमा पोल गर्नुपर्ने अन्य कुनै रिसईवी वा बाध्यात्कम आधार र कारण पनि देखिन आउँदैन । मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ अनुसार *"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिलाई यस अन्तर्गतको कसुर गरेको अभियोग लागेमा सो कसुर आफुले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्नेछ"* भन्ने कानूनी व्यवस्था भएअनुसार प्रतिवादीले आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार कुनै वस्तुनिष्ठ प्रमाण प्रस्तुत गरी पूरा गर्न सकेको देखिँदैन । निज प्रतिवादीले गरेको केवल कोरा ईन्कारीजस्तो एकल आधारलाई मात्र निजको निर्दोषिता सिद्ध गर्ने आधार मान्न सकिने स्थिति हुँदैन ।
- यस क्रममा पिडितले आफ्नो जाहेरी र बयानमा उल्लेख गरेका तथ्यहरुलाई बकपत्र गरी समर्थन नगरेको, सो जाहेरीको तथ्य खण्डन हुने गरी वादीका साक्षी रामबहादुर मोक्तानले यस अदालतमा उपस्थित भई बकपत्र गरिदिएको भन्ने आधारमा प्रतिवादीले सफाई पाउनुपर्छ भनी प्रतिवादी तर्फका विद्वान अधिवक्ताले राख्नुभएको तर्क हेर्दा निज साक्षी रामबहादुर मोक्तानले अनुसन्धानको क्रममा व्यक्त गरेको कथन र अदालतमा गरेको बकपत्र मिल्न आउँदैन । वादीका यी साक्षी घटनाका प्रत्यक्षदर्शी पनि नदेखिएको र अनुसन्धानको क्रममा ***"जाहेरवालालाई विदेशमा के कसो भएको हो, निजै जानुन्"*** भनी कागज गरेकोमा अदालतमा उपस्थित भई बकपत्र गर्दा आफ्नै आँखाले देखे सरह प्रतिवादी निर्दोष छन् भनी व्यक्त गरेको भनाई भरपर्दो र विश्वसनीय देखिन आउँदैन । निजको सो भनाई केवल प्रतिवादीलाई सफाई दिलाउने उद्देश्यबाट व्यक्त गरिएको अपुष्ट कथन सम्म हो भन्न सकिन्छ । जहाँसम्म प्रतिवादीका विद्वान अधिवक्ताले जाहेरवालाको बकपत्र नभएको अवस्थामा प्रतिवादीले सफाई पाउनुपर्छ भनी गर्नुभएको जिकिर छ, सो सन्दर्भमा हेर्दा बकपत्रको निम्ति पिडितको उपस्थिति हुन नसके पनि मौकामा पिडितले गरेको बयान ठिक साँचो हो भनी तत्कालै अदालतबाट प्रमाणित भएको स्थिति छ । पिडितको बकपत्र नभएकै अवस्थामा पनि अनुसन्धान अधिकारी समक्ष पिडितले गरेको बयान अदालतमा प्रमाणित भईसकेको भए त्यस्तो प्रमाणित बयानलाई वस्तुनिष्ठ प्रमाणको रुपमा ग्रहण गर्न सकिने भन्ने सम्बन्धमा **रेनुका समेत विरुद्ध *श्री छ को सरकार*** (ने.का.प.२०६१, नि.नं.७४३७, पृ (२६५) मा भएको व्याख्या प्रस्तुत मुद्दाको सन्दर्भमा पनि प्रासंगिक हुन आउँछ । उक्त व्याख्या अनुसार *"कुनै स्वास्नी मानिसलाई कसैले विदेश लैजान लागेकोमा बेचविखन गर्न वा बेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेको होईन भनी प्रतिवादीले प्रमाणित गर्नुपर्ने हुने आउँछ । पिडित व्यक्तिद्धारा ऐनको दफा ६(२) बमोजिम अदालतद्धारा प्रमाणित भएको बयानमा लेखिएको कुरा झुट्टा हो भन्ने प्रमाण अभियुक्त आफैले*

*पुऱ्याउनुपर्छ"* भनी उल्लेख भएको पाइन्छ । यस्तो स्थितिमा निज पिडितले अदालतमा बकपत्र नगरेकै कारणले मात्र निजले तत्काल अनुसन्धानको क्रममा गरेको प्रमाणित बयानको महत्व शून्यकृत हुन्छ भन्न मिल्दैन । यस्तै ***नेपाल सरकार विरुद्ध खेमराज पाण्डे समेत*** भएको ***(नेकाप २०६६, पृ.९२६)*** *जीउ मास्ने बेच्ने* मुद्दामा *"मौकामा जिल्ला न्यायाधीश समक्ष प्रमाणित वयानमा उल्लेख गरेको कुरालाई वकपत्र गर्दा अन्यथा भन्नुले खास असर नपार्ने । मौकामा प्रमाणित भएको यस्तो भनाईलाई मिसिलबाट देखिएको परिस्थिति र अन्य प्रमाणबाट समर्थित भएको खण्डमा प्रमाणमा लिनुपर्ने"* भन्ने व्याख्या भएबाट पिडितले प्रतिकुल बकपत्र गरेकै अवस्थामा पनि प्रमाणित बयानलाई खम्बिर प्रमाणको रुपमा लिन सकिने हुन्छ । यसैगरी *"अदालतमा प्रमाणित भएको बयानमा प्रतिवादीले जाहेरवालालाई विक्री गरेको उल्लेख भएकोमा सो अनुसार विक्री नगरेको भन्ने कुरा प्रमाणित गर्ने भार प्रतिवादीमा रहने"* भनी ***राम प्रसाद सिटौला विरुद्ध नेपाल सरकार (नेकाप २०६४, पृ ११८१)*** भएको *जिउ मास्ने बेच्ने* मुद्दामा व्याख्या भएको पाईन्छ । अर्को यस्तै मुद्दा (***नेपाल सरकार विरुद्ध पारसनाथ पाठक समेत, नेकाप २०६५, पृ १११७)*** मा सर्वोच्च अदालतबाट *"निर्दोषिताको प्रमाण पेश गर्ने भार प्रतिवादीमै रहने ऐनको व्यवस्था रहेकोमा सो वमोजिम निर्दोषिताको तथ्ययुक्त र भरपर्दो प्रमाण पेश गर्ने भार प्रतिवादीमा रहने"* भनी व्याख्या भएको छ । निर्णयार्थ प्रस्तुत मुद्दामा प्रतिवादी कमला रुम्बाले आफ्ना साक्षी सम्म पनि उपस्थित नगराई तारेख नै गुजारी बसेको अवस्था देखिएको छ । यस अवस्थामा निज उपरको अभियोग दावी सही सत्य रहेछ भन्ने नै प्रमाणित हुन आउँछ ।

- मानव बेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दामा मूलत पिडितको मौकाको प्रमाणित बयानलाई मिसिल संलग्न अन्य प्रमाणहरुले सिलसिलाबद्ध रुपमा समर्थित गरेको अवस्थामा पिडितले अदालतमा उपस्थित भई बकपत्र नगरेकै कारणले मात्र प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने भन्न मिल्दैन । मानव बेचविखन जस्तो गम्भीर प्रकृतिको मुद्दामा पिडितले मौकामा गरेको बयान अदालतबाट प्रमाणित गराउने कानूनी व्यवस्था हुनुको पछाडि रहेको सैद्धान्तिक आधार पनि यस्ता प्रकृतिका गम्भीर अपराधमा संलग्न व्यक्तिहरुलाई कुनैपनि हालतमा दण्डहीनताको अवस्थाबाट गुज्रन दिनु हुँदैन भन्ने नै हो । अतः सो कुरालाई सामान्यीकरण गरी पिडितको बकपत्र नभएकै आधारमा प्रमाणित बयानलाई महत्वपूर्ण प्रमाणको कसीबाट टाढा राख्ने हो भने पिडितले कहिल्यै न्याय पाउन नसक्ने हुनजान्छ ।
- मानव बेचविखन जस्ता गम्भीर प्रकृतिका संगठित अपराधमा पिडित तथा साक्षीहरुले पिडकको तर्फबाट डर, धाक, धम्की र प्रलोभन सहनुपर्ने हुन गई कहिलेकाहीँ बकपत्र गर्न अदालतमा उपस्थित हुन नसक्ने, बकपत्र नै गरेतापनि प्रतिकुल साक्षीको रुपमा बकपत्र गर्ने जस्ता परिणतिहरु देखा पर्दछन् । व्यवहारमा परी आउने यस्तै यथार्थलाई हृदयंगम गरी विद्यमान मानव बेचविखन तथा ओसारपसार œनियन्त्रणº ऐन, २०६४ को दफा ६ (२) ले पिडितको मौकाको बयान अदालतबाट प्रमाणित गर्नुपर्ने कानूनी व्यवस्था गरेको हो । अदालतबाट नै न्यायकर्ताले पिडित समक्ष सोधपुछ गरी एकपटक कानुन बमोजिम प्रमाणित गरिएको निज पिडितको सो बयान अन्य तथ्ययुक्त प्रमाणहरुबाट खण्डित नभएसम्म त्यस्तो कसुर स्थापित गर्ने महत्वपूर्ण एवम् आधारभूत प्रमाणको रुपमा सोही बयानलाई नै लिनुपर्ने हुन्छ । तसर्थ प्रस्तुत मुद्दामा पिडितको बकपत्र नभएकै आधारमा निजको अदालतबाट प्रमाणित बयानलाई प्रमाणमा लिन नमिल्ने भनी प्रतिवादीको तर्फबाट विद्वान अधिवक्ताले गर्नुभएको तर्कसंग यो ईजलास सहमत हुन सक्दैन ।

- प्रतिवादी कमला रुम्बाले अनुसन्धानको क्रममा गरेको आफ्नो बयानमा रिसईवीले आफुलाई पोल उजुर गरिएको, पिडितलाई कुनै प्रकारको प्रलोभनमा पारी परिपञ्च नमिलाएको, निजको आग्रह अनुसार नै बहराईनबाट फ्रि भिसा मगाई श्रमको खर्च, प्लेनको भाडा निजले आफैले तिरेर मैले बहराईन पठाई दिएको हुँ भनी आरोपित कसुरमा ईन्कार रही बहराईन पठाएको तथ्य सम्मलाई स्वीकार गरी उल्लेख गरेको पाइन्छ । निजलाई विदेश पठाउँदा अरु कसैको संलग्नता नभई आफुले मात्र पठाएको हो भन्ने समेत सो बयानमा उल्लेख छ । यसरी प्रतिवादीले कसुर गरेकोमा ईन्कार रहेतापनि र झुट्टा तथा फसाउनको लागि बनावटी घटना बनाई जाल षड्यन्त्र रचेको हो भन्ने तथ्य अघि सारेपनि सो तथ्य पुष्टि गर्ने कुनै आधार र प्रमाण प्रस्तुत गर्न सकेको पाईदैन । प्रस्तुत मुद्दा निरपेक्ष दायित्व अन्तर्गत पर्ने मुद्दा भएकोले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ अनुसार कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफुले गरेको छैन भन्ने कुराको प्रमाण निज प्रतिवादीले नै पुऱ्याउनु पर्ने हुन्छ । प्रस्तुत मुद्दामा आफ्नो निर्दोषिताको प्रमाण निज प्रतिवादीले प्रस्तुत गर्न सकेको पाईदैन । पिडितको बयानबाट निम्न लिखित महत्वपूर्ण तथ्यहरु उजागर हुन आएको छ । जुन तथ्यको खण्डन प्रतिवादीले वस्तुनिष्ठ प्रमाणको आधारमा गर्न सकेको पाईदैन ।
    - पिडितलाई प्रतिवादीले ललाई फकाई गरी विदेश पठाएको ।
    - पिडितका अविभावकलाई थाहा जानकारी नगराइएको ।
    - विदेश पठाउने कार्यमा प्रतिवादी कमला रुम्बा, निजका पति तिलक रुम्बा, प्रतिवादीको दिदी सुनिता मोक्तान र जाफर भन्ने व्यक्तिको संगठित समूहको भूमिका रहेको ।
    - एउटा कामको लागि भनी विश्वासमा पारी अर्कै काममा लगाएको ।
    - पिडितलाई यातना समेत दिई निजको यौनशोषण गरिएको ।
    - पिडितलाई पारिश्रमिक नदिई प्रतिवादी कमला रुम्बा र सुनिता मोक्तानले नै रकम बुझी लिएको ।
    - पिडितलाई छोटो समयमा विभिन्न कथित मालिकहरुको सेवामा लगाइएको ।
    - बहराईनमा पिडित उपर प्रहरी कारवाही गराएको ।
- यसैत्रामा प्रतिवादीले अदालत समक्ष बयान गर्दा भिसा अनुसारको कन्ट्रयाक्ट २ वर्षको थियो भनी उल्लेख गरेपनि प्रतिवादीले न त त्यस्तो कन्ट्रयाक्ट नै पेश गरेको देखिन्छ न त पिडितले कन्ट्रयाक्ट अनुसार नै काम पाएको हो भनी उल्लेख गर्न सकेको छ । सो भिसा अनुसारको कन्ट्रयाक्टमा के कस्तो कार्य तोकिएको थियो र ती कार्य गर्ने अवसर निज पिडितले पाए पाएनन् भन्ने कुराको प्रमाण नदिईएको अवस्थामा एउटा कामको लागि ललाई फकाई गरेर विदेश लगी अर्कै काममा लगाएको भन्ने पिडितको आरोप स्वतः पुष्टि हुन आउँछ । त्यस्तै जाहेरवालाले काम गरेको चित्त नबुझेको हुँदा घर साहुले फिर्ता गरेकोले प्रहरी मार्फत नेपाल फर्की आएकी हुन् भन्ने प्रतिवादीको बयानमा उल्लेख भएको समेतबाट पिडितलाई आश्वासन दिइए अनुसारको काम उपलब्ध नगराएको भन्ने बुझिन आउँछ । नेपाल फर्कने त्रामा बहरिन प्रहरीको सहायता लिनुपरेको अवस्थालाई हेर्दा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ मा परिभाषित कार्य यी प्रतिवादीबाट भएको रहेछ भनी विश्वास गर्नुपर्ने हुन्छ । प्रस्तुत अभियोगपत्रमा निम्न बमोजिम कसुर कायम गरी अभियोग दायर हुन आएको देखिन्छ ।

*"प्रतिवादीहरु कमला रुम्बा र सुनिता मोक्तानले मानव बेचविखन तथा ओसार पसार ( नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१), ४ (१) (क) (ख) र ४ (२) को कसुर अपराध गरेको देखिँदा ....।"* उक्त मागदावी अनुसार विद्यमान कानूनमा भएको व्यवस्था यसप्रकार छ -

**कसुरतर्फ -**

१) **दफा ३** (१) :- कसैले पनि मानव बेचविखन र ओसारपसार गर्नु गराउनु हुँदैन ।

२) **दफा ४** (१) (**क**) कसैले देहायको कुनै कार्य गरेमा मानव बेचविखन गरेको मानिनेछ । कुनैपनि उद्देश्यले मानिस बेच्ने वा किन्ने ।

३) **दफा** ४ (२) (**ख**) **-** वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जवरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी नाजुक स्थितिको फाईदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अविभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफुसंग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।

- प्रस्तुत मुद्दामा प्रतिवादीले पिडितलाई विदेश बहराईनमा राम्रो तलव पाईन्छ भनी प्रलोभनमा पारी विदेश जानको लागि आवश्यक पर्ने कागजातहरु (Documents) जस्तै पासपोर्टको पैसा समेत आफैले हाली बनाई हेटौंडादेखि काठमाडौंसम्म गाडीभाडा पनि आफै तिरी काठमाडौंमा केही दिन आफन्तको घरमा लुकाई राखेर विदेशमा पुऱ्याएको र विदेशमा पुऱ्याएपछि स्वयम् पिडितलाई घरेलु कामको लागि जिम्मा लगाई सो घरका पुरुष मध्येका बाबु र छोराले पृथक पृथक समयमा पिडितलाई जवरजस्ती करणी गरी यातना दिईरहने गरेको र सो ठाउँबाट अर्को ठाउँमा जान भनी आफुले काम गरेको तलव माग गर्दा प्रतिवादी कमला रुम्बा र सुनिता मोक्तानले तिम्रो तलव लिई गईसके भनी पैसा पनि नदिएको र अत्यन्त पिडादायक अवस्थाबाट गुज्रिरहेको अवस्था देखिन्छ । सो कुरा निज कमला रुम्बा र सुनिता मोक्तानलाई भन्दा उल्टै निजहरुले पिडितलाई कुटपिट गर्ने र जाफर भन्ने बहराईनी नागरिक समेतले जवरजस्ती करणी गर्ने गरेको एवम् पछि पुनः अर्को घरमा काममा लागेपछि उक्त घरको महिलाको सहयोगद्वारा मिति २०६७।९।७ मा पिडित नेपालमा फर्केको अवस्था छ ।
- यसरी एउटा सिधासाधा र आफ्नै नाताभित्रको विवाहित महिलाको ज्ञान, चेतना र सोझोपनको फाईदा उठाइ प्रतिवादीले विदेश पुऱ्याई विदेशमा पुगेपछि माथि वर्णित हृदयविदारक श्रम तथा शारीरिक शोषण गराइएको भन्ने पुष्टि भएको अवस्था छ । मानव बेचविखनका घटनाहरु अक्सर गरी आफ्नै नाताभित्रका मानिसद्वारा हुने गरेको र नाताभित्रको हुँदा त्यस्तो अपराध गर्न झनै सजिलो पर्ने हुँदा नेपाली समाजमा यस प्रकृतिका घटनाहरु घटिरहेको पाइन्छ । प्रतिवादी र पिडित नाताभित्रको हुँदैमा अपराध हुन सक्दैन भन्ने अनुमान गर्न सकिँदैन । यस्तो घटनामा पिडित नै घटनाको प्रत्यक्ष साक्षी हुने भएको र घटना नेपालबाट शुरु भएपनि सो घटनाको पटाक्षेप विदेश बहराईनमा पुगी भएकोले निज पिडित त्यहाँ रहँदा बस्दाको अवस्थामा उनले भोगेका अमानवीय एवम् ऋुर व्यवहारहरुको खुलासा निज पिडित स्वयम बाहेक अरुबाट हुने संभावना रहँदैन ।
- अतः पिडितले बहराईनको विभिन्न ठाउँमा विभिन्न किसिमका निकृष्ट कार्य गरी श्रम गर्न बाध्य पारिएको तथा शारीरिक œयौनº शोषण समेत भएको र सम्बन्धित रोजगार कम्पनीले

तलव पनि नदिएको भनी अधिकार प्राप्त अधिकारी र अदालत समक्ष बयान कागज गरी आफु विरुद्ध भएका कसुरको तथ्यगत विवरण प्रस्तुत गरेको अवस्थामा पिडितको उक्त बयानलाई झुट्टा हुन् भनी प्रतिवादी कमला रुम्बाले अनुसन्धान अधिकारी र अदालत समक्ष व्यक्त गरेको ईन्कारी भनाई मानव बेचविखन तथा ओसारपसार œनियन्त्रणº ऐन, २०६४ को दफा ९ अनुसार समेत प्रमाणित हुन आएको पाइएन । पिडितलाई विदेश बहराईन पठाएकोमा प्रतिवादीले स्वीकार गरेको देखियो । निज प्रतिवादीले मानिस विदेश पठाउन मेनपावर वा त्यस्तो कुनै एजेन्सी कानून बमोजिम दर्ता गराएको नदेखिएको एवम् पिडितलाई विदेश बहराईन पठाए पछि त्यहाँ विभिन्न ठाउँमा विभिन्न किसिमका श्रम र शारीरिक शोषण गरे गराईएको तथा सम्बन्धित रोजगार कम्पनीले श्रम वापतको तलब पनि नदिएको भनी पिडितले अधिकार प्राप्त अधिकारी र यस अदालतमा समेत बयान गरी आफु विरुद्ध भएका कसुरको तथ्यगत विवरण प्रस्तुत गरेको अवस्थामा पिडितको सो बयानलाई प्रतिवादी कमला रुम्बाले झुट्टा हो भनेता पनि निजको सो कथन पुष्टि हुने कुनै प्रमाण निजको तर्फबाट प्रस्तुत भएको देखिँदैन ।

- तसर्थ किटानी जाहेरी, पिडितको प्रमाणित बयान र प्रतिवादीले विदेश पठाएको तथ्य स्वीकार गरी गरेको बयान एवम् निज प्रतिवादी विदेश पठाउने ईजाजत प्राप्त व्यत्ति। नदेखिएको स्थिति समेत माथि विवेचित विभिन्न आधार प्रमाणहरुबाट यी प्रतिवादी कमला रुम्बा समेतले पिडितलाई मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१), ४ (१) (क) (ख) र ४ (२) मा उल्लिखित उद्देश्यको लागि बहराईन पुऱ्याएको भन्ने तथ्य शंकारहित रुपमा प्रमाणित हुन आउँदछ । तसर्थ प्रतिवादीले आरोपित अभियोग दावी अनुसारको कसुर गरेको ठहर्छ ।
- अव दोश्रो प्रश्न : **वैदेशिक रोजगारीको निम्ति विदेश पठाउने कार्य गर्नका लागि प्रतिवादीहरुलाई कानूनी अनुमति प्राप्त छ छैन** भन्ने सन्दर्भमा हेर्दा यी प्रतिवादीले पिडितलाई विदेश बहराईन पठाएकोमा मुख मिलिरहेको अवस्था छ भने प्रतिवादीले मानिस विदेश पठाउन कुनै मेनपावर कम्पनी वा त्यस्तो कुनै एजेन्सी कानून बमोजिम दर्ता गराएको भन्ने देखिँदैन । प्रचलित नेपाल कानूनमा वैदेशिक रोजगारीमा पठाउनको लागि व्यक्ति विशेषलाई कुनै कानूनी अधिकार उपलव्ध नभएको र प्रस्तुत वारदातका सन्दर्भमा कानूनी ईजाजत प्राप्त अधिकार अन्तर्गत रोजगारीको लागि पिडितलाई विदेश पठाइएको हो भन्ने आधार प्रतिवादीले प्रस्तुत गर्न सकेको नदेखिँदा निज प्रतिवादीलाई उक्त कार्य गर्ने कानूनी अनुमति प्राप्त भएको भनी मान्न सकिएन ।
- अव, तेश्रो तथा अन्तिम प्रश्न **यदि प्रतिवादी उपरको सो अभियोग सत्य साँचो हो भने प्रतिवादीलाई के कस्तो सजाय हुनुपर्ने हो** ? भन्ने तर्फ हेर्दा यी प्रतिवादी उपर निम्न बमोजिमको अभियोग दावी रहेको कुरालाई नै दृष्टिगोचर गर्नुपर्दछ । कसुर र सजाय मागदावी तर्फको अभियोग दावी निम्न बमोजिम छः-

  *"प्रतिवादीहरु कमला रुम्बा र सुनिता मोत्ताानले मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१), ४ (१) (क) (ख) र ४ (२) को कसुर अपराध गरेको देखिँदा निजहरु उपर सोही महलको दफा १५ को उपदफा १ को (क) (ख) बमोजिम सजाय सोही दफाको उपदफा २ को खण्ड (क) र (ख) अनुसार छुट्टा छुट्टै गरी पाउँ र पिडित जाहेरवालालाई सोही ऐनको दफा १७ (१) अनुसार क्षतिपुर्ति भराई पाउँ ।"*

- उक्त दावी अनुसार कसुर र सजायलाई पृथक पृथक विश्लेषण गर्नु उपयुक्त हुन आउँछ । हाल विद्यमान रहेको कानूनी व्यवस्था हेर्दा कसुरको सम्बन्धमा यसभन्दा अघिल्लो प्रश्नमा नै व्याख्या विवेचना गरिसकिएकोले सजायको हकमा निम्न बमोजिम उल्लेख भएको पाइन्छ

**सजायतर्फः-**

१) **दफा १५** (१) (**क**) - दफा ३ बमोजिमको कसुर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ - मानिस किन्ने वा बेच्नेलाई वीस वर्ष कैद र दुईलाख रुपैयाँ जरिवाना ।
२) **दफा १५** (१) (**ख**) - कुनै प्रकारको फाईदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना ।
३) **दफा १५** (२) (**क**):- उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका कुराका हकमा देहाय बमोजिम हुनेछ - किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाईदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे वापत र कुनै प्रकारको फाईदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए वापत छुट्टा छुट्टै सजाय ।
४) **दफा १५** (२) (**ख**):- किन्ने वा बेच्ने वा दुवै प्रकारको फाईदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेच वापत र त्यस्तो कसुर गरे वापत छुट्टा छुट्टै सजाय ।
५) **दफा १७** (१) **क्षतिपुर्तिः** - अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पिडितलाई मनासिब माफिकको क्षतिपुर्ति भराई दिनुपर्नेछ ।

- यसप्रकार प्रस्तुत मुद्दामा माथि निर्णयार्थ राखिएका विभिन्न प्रश्नहरुको विश्लेषणबाट प्रतिवादी कमला रुम्बाले उपर्युक्त अभियोग दावी अनुसारको कसुर गरेको तथ्य शंकारहित तवरबाट प्रमाणित भएकोले निज प्रतिवादीलाई के कस्तो सजाय गर्न उपयुक्त हुन्छ भन्ने सन्दर्भमा विचार गर्नुपर्ने भएको छ । यी प्रतिवादी कमला रुम्बाले पिडितलाई बैदेशिक रोजगारीको प्रलोभन देखाई ललाई फकाई गरी निज जाहेरवाला पिडितको परिवारलाई समेत थाहा जानकारी नदिई मकवानपुरको नामटारबाट काठमाडौँ पुऱ्याएको, काठमाडौँमा १०/१२ दिनसम्म आफ्नो फुपुको घरमा लुकाई राखेको तत्पश्चात बहराइनमा आफ्नै दिदी सुनिता तथा विदेशी जाफर मार्फत पिडितलाई बेच्ने प्रपञ्च मिलाई मानव बेचविखन तथा ओसार पसार जस्तो गम्भीर फौजदारी कसुर गरेको कुरा किटानी जाहेरी, पिडितको मौकाको बयान कागज र अदालतबाट प्रमाणित बयान समेतबाट पुष्टि हुन आएको एवम् पिडितलाई बैदेशिक रोजगारीमा लगाएको सम्म हो भनी प्रतिवादीले स्वीकार गरेपनि निजले त्यस्तो रोजगारमा लगाउन पाउने कुनै ईजाजत लिएको समेत नदेखिएबाट यी प्रतिवादी कमला रुम्बाले आरोपित कसुर गरेको प्रमाणित भएको हुँदा निजलाई अभियोग दावी अनुसार मानव बेचविखन तथा ओसार पसार œनियन्त्रणº ऐन, २०६४ को दफा ३ (१), ४ (१)(क) (ख) र ४ (२) को कसुरमा सोही ऐनको दफा १५ को उपदफा १ को (क) बमोजिम २० (बीस) वर्ष कैद र रु.२,००,०००।- (दुई लाख रुपैया) जरिवाना हुने ठहर्छ । अभियोग दावीमा उल्लिखित उक्त ऐनको दफा १५ (१) को खण्ड (ख) को दावीतर्फ हेर्दा यी प्रतिवादी कमला रुम्बाले पिडितलाई ललाई फकाई विदेश बहराईन सम्म पठाएको कसुर ठहर भईसकेको तर पिडितलाई आफैले बेश्याबृत्तिमा लगाएको अवस्था नदेखिँदा सो दफा १५ (१) को खण्ड (खº तर्फको दावी पुग्न सक्तैन ।

- अब, पिडितलाई के कति क्षतिपूर्ति भराईदिनुपर्ने हो भन्ने सम्बन्धमा हेर्दा, बेचिएका व्यक्तिको मानव अधिकारको न्युनतम मापदण्ड क्षतिपूर्तिको अधिकार पनि एक हो भन्ने सन्दर्भलाई आत्मसात गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा UN declaration of basic principles and abuse of power, Resolution adopted by UNGA on Nov. 29, 1985. (General Rules for Victims of Crime) ले पिडितको मानव अधिकार संरक्षण गर्न निश्चित मार्गदर्शन गरेको पाईन्छ । नेपालमा मानव बेचविखन विरुद्धको ऐन, २०६४ को दफा १७ ले पनि पिडितको सो अधिकारको संरक्षण गरेको छ । प्रश्तुत मुद्दामा प्रतिवादीले पिडितलाई ललाई फकाई गुमराहमा पारी विदेश बहराईन पुऱ्याई निकृष्ट काम गर्न बाध्य पारेको र यौन शोषण समेत हुने परिस्थिती सृजना गरी जघन्य एवम् पिडितको गम्भिर मानव अधिकार हननको कसुर गरेको ठहर भएको हुँदा उक्त ऐनको दफा १७ बमोजिम पिडित एस.एम.आर.लाई प्रतिवादीबाट उपर्युक्त क्षतिपूर्ति समेत भराईदिनु पर्ने हुन्छ ।
- यस्तो प्रकृतिको अपराधका कारण पिडितलाई पर्ने असरहरु शारीरिक पीडा, मानसिक पीडा तथा मनोवैज्ञानिक असर, सामाजिक असर र आर्थिक असर नै हुन् । यसरी क्षतिपूर्ति भराउँदा मूलतः पिडितले भोग्नु परेको तात्कालिक शारीरिक एवम् मानसिक पिडाको अतिरिक्त आर्थिक तथा उनीहरुले भावी जीवनमा सहनुपर्ने कथित सामाजिक लाञ्छना वा धब्बा *(Social stigma)* लाई समेत ख्याल गरिनु पर्ने हुन्छ । सामाजिक असर अन्तर्गत पिडितको सामाजिक प्रतिष्ठामा आँच आउने, सामाजिक रुपमा बहिस्कृत हुन सकिने, पारिवारिक विखण्डन, सामाजिक सहभागीता घट्ने आदि संभावनाहरुलाई नकार्न मिल्दैन ।
- क्षतिपूर्तिको रकम निर्धारण गर्दा प्रतिवादीको आर्थिक हैसियतलाई समेत विचार गर्नु पर्दछ । निज प्रतिवादी कमला रुम्बाको अर्थिक हैसियत अत्यन्त गरिब वा असहाय भन्ने पनि देखिदैन । निजले गरेको अपराध आफैमा जघन्य र अमानवीय कार्य हो भन्नेमा दुईमत छैन । यद्यपि अदालतबाट भराईदिने जतिसुकै ठूलो धनराशीले पनि पिडितको असह्य पिडालाई भरथेग गर्न सक्तैन तापनि माथि विवेचित विभिन्न आधारमा प्रतिवादीबाट पिडितलाई रु.२,००,०००।- क्षतिपूर्ति समेत भराई दिन उपयुक्त देखिदा प्रतिवादीबाट पिडितलाई मुद्दाको अन्तिम किनारा भएको ३ (तीन) महिना भित्र कार्यान्वयान हुने गरी रु.२,००,०००।- (दुई लाख रुपैयाँº क्षतिपूर्ति भराईदिने ठहर्छ । सो ठहर्नाले अरु तपसिलमा लेखिए बमोजिम गर्ने गरी मुलुकी ऐन, अ.वं.१८६ नं. बमोजिम फैसला गरी दिएको छु ।

## तपसिल खण्ड

फरार प्रतिवादी सुनिता मोक्तानको हकमा अ.व.१९० नं. बमोजिम मुल्तवी राखिदिने ठहरेकाले निज प्रतिवादी आफै हाजिर हुन आए वा पक्राउ परी आए उसै बखत र हाजिर नभए पक्राउ परी नआए अंश रोक्का सम्बन्धी मुचुल्का भएको मितिले २ बर्ष नाघेपछि मुल्तवीबाट जगाई कारवाही किनारा गर्ने गरी मुल्तवी किताबमा दर्ता गरी राख्नु र निजको अंश हकको सम्पत्ति रोक्का सम्बन्धी मुचुल्का गर्नु ............१

प्रतिवादी कमला रुम्बालाई मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१), ४ (१) (क) (ख) र ४ (२) को कसुरमा सोही ऐनको दफा १५ को उपदफा १ को (कº बमोजिम २० (बीस) वर्ष कैद र रु.२,००,०००।- (दुई लाख रुपैयाँº जरिवाना समेत हुने ठहरेकाले निज प्रतिवादी मिति २०६७।१२।२३ गते देखि प्रहरी हिरासतमा रही यस अदालतको मिति २०६८।१।२० को आदेशानुसार मुद्दा पुर्पक्षको लागि

थुनामा राखिएकोमा पुनरावेदन अदालत हेटौ)डाको मिति २०६८।२।१९।५ का आदेशले मिति २०६८।२।२० बाट साधारण तारेखमा रही तारेख नै गुजारी बसेको देखिँदा हिरासतमा रहेको मिति २०६८।१२।२३ बाट तारेखमा रहेको मिति २०६८।२।२० सम्म हुने थुनामा बसेको अवधी १ (एक) महिना २७ (सत्ताईस) दिन लागेको कैदमा मिनाहा दिई बाँकी कैद १९ (उन्नाईस) बर्ष १० (दश) महिना ३ (तीन० दिन कैद र लागेको जरिवाना रु.२,००,०००।- (दुई लाख रुपैयाँ) समेत निज प्रतिवादी अनुपस्थित हुँदा लगत कसी कानून बमोजिम असुल गर्नु भनी तहसिल फाँटमा लगत दिनु ................................................................२

प्रस्तुत मुद्दाको अन्तिम किनारा भएको ३ महिना भित्र कार्यान्वयान हुने गरी पिडित एस.एम.आर. लाई प्रतिवादी कमला रुम्बाबाट रु.२,००,०००।- (दुई लाख रुपैयाँ) क्षतिपूर्ति समेत भराई दिने ठहरेकाले पुनरावेदनको अवस्था नाघेपछि प्रतिवादीको चल अचल सम्पत्ति देखाई प्रतिवादीबाट भराई पाउँ भनी पिडितको दरखास्त परे प्रतिवादीबाट पिडितलाई उक्त रकम कानून बमोजिम भराई दिनु भनी तहसिल फाँटमा लगत दिनु ...........................................................................................................३
यस अदालतको ईन्साफमा चित्त नबुझे कानूनका म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत हेटौँडामा पुनरावेदन गर्नुहोला भनी फैसलाको प्रतिलिपी साथै राखी वादी नेपाल सरकार जिल्ला सरकारी वकिल कार्यालय मकवानपुर हेटौँडालाई फैसलाको जानकारी दिनु र अनुपस्थित प्रतिवादी कमला रुम्बालाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १६ (१) बमोजिम पुनरावेदनको म्याद दिनु ..................................४

फैसलाको प्रतिलिपी सहित फैसलाको जानकारी पिडित (जाहेरवाला) एस.एम.आर.लाई दिनु....................५

सरोकारवाला व्यक्तिले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु...................................६

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसील सुरक्षित साथ राख्न अभिलेख फाँटमा बुझाई दिनु ...........७

ना.सु.कपिल अर्याल
कम्प्यूटर टाईप गर्ने टा.ना.सु.शोभा थापा
मुद्दा फाँट - (क)
पाना २५ को फैसला

**न्यायाधीश**

**ईति सम्वत २०६९ साल फाल्गुण २२ गते रोज २ शुभम्** ....................।

## श्री मकवानपुर जिल्ला अदालत

**ईजलास**
**माननीय जिल्ला न्यायाधीश श्री टेकनारायण कुंवर**
**फैसला**
**सम्वत २०६६ सालको स.फौ.न. ९/१६७**
**नि.नं. :- २१४**

**वादी**

जि.म. डाँडाखर्क गा.वि.स वडा नं. ७ बस्ने पूर्ण सिंह स्याङ्तानको जाहेरीले नेपाल सरकार ..........................................१

**ऐ को प्रमाण**

साक्षी ..................................

कागज ................................

**प्रतिवादी**

प्रेम बहादुर लामाको श्रीमती जि.म. डाँडाखर्क गा.वि.स वडा नं. ७ बस्ने देवमाया लामा ..............................१

गोपाल वि.क. को छोरा ऐ.ऐ. बस्ने काजी भन्ने हरि बहादुर वि.क. ....................................................१

हरि बहादुर वि.क.को श्रीमती ऐ.ऐ. बस्ने साईलीमाया वि.क. ..............................................................१

ऐ.को छोरा ऐ.ऐ. बस्ने राजकुमार वि.क. ..................१

बुद्धिमान स्याङ्तानको छोरा ऐ.ऐ. बस्ने प्रेमबहादुर स्याङ्तान .........................................................१

राम बहादुर मोक्तानको छोरा ऐ.ऐ. बस्ने जीवन मोक्तान...............................................................१

तुल बहादुर स्याङ्तानको छोरा ऐ.ऐ. बस्ने जोगबहादुर स्याङ्तान ..........................................................१

बुद्धिमान मोक्तानको छोरा ऐ.ऐ. बस्ने अन्तरे भन्ने ईन्द्रबहादुर मोक्तान .............................................१

कान्छा स्याङ्तानको छोरा ऐ.ऐ. बस्ने पञ्चा अन्तरे भन्ने रामबहादुर स्याङ्बो .............................................१

**ऐ को प्रमाण**

साक्षी ..................................

कागज ................................

**मुद्दाः - कर्तव्य ज्यान**

दायर मिति २०६७।२।२७

### तथ्य खण्ड

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरणा यस प्रकार छ -**

**क) संक्षिप्त तथ्य -**

- मिति २०६७/२/२ गते विहान अ. ५:०० बजेको समयमा काजी भन्ने हरिबहादुर वि.क, निजको श्रीमती साईलीमाया वि.क, निजको छोरा राजकुमार वि.क, देवमाया लामा, प्रेमबहादुर

स्याङ्तान समेतले मेरो श्रीमती निरमाया स्याङ्तानलाई बोक्सीको आरोप लगाई मेरै घरमा कपाल काट्ने, सिस्नो लगाउने, मानिसको दिसा पिसाव खुवाउने, कुटपिट गर्ने लगायतको कार्य गरी कर्तव्य गरी मारेको हुँदा कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको पूर्ण सिंह स्याङ्तानको जाहेरी दरखास्त ।

- जि.म. गा.वि.स डाँडाखर्क वडा नं. ७ सानो डाँडाखर्क स्थित पूर्णसिंह स्याङ्तानको घरको पिँढीमा सेतो कपडाले छोपी राखेको लाशको वरिपरी फलामको हम्मर, कैंची, सिस्नो, दिसा पिसावको घोल सहितको कचौरा, लट्ठी, काटेको कपाल समेत छरिएको अवस्थामा रहेको, मृतक निरमाया स्याङ्तानको लाशको टाउकाको कपाल काटेको, शरीर भरी मानिसको मलमुत्र लागेको, रातो निलो डामहरु रहेका, नाकमुखबाट रगत बगीरहेको भन्ने समेत व्यहोराको घटनास्थल तथा लाश प्रकृती विवरण मुचुल्का ।
- मृतक निरमाया स्याङ्तानको टाउकाको चोटको कारण मृत्यु भएको भन्ने समेत व्यहोराको लाश पोष्टमार्टम प्रतिवेदन ।
- जाहेरवालाको कुहिनो समेतमा घिसारेको घाउ चोट रहेको भन्ने समेत व्यहोराको जाहेरवाला पूर्णसिंह स्याङ्तानको घाउ जाँच केश फारम ।
- जाहेरवाला पूर्णसिंह स्याङ्तानको श्रीमती निरमाया स्याङ्तानलाई बोक्सीको आरोप लगाई काजी भन्ने हरि बहादुर वि.क, साईलीमाया वि.क, राजकुमार वि.क, प्रेम बहादुर स्याङ्तान, देवमाया लामा, जीवन मोक्तान, ईन्द्र बहादुर स्याङ्तान, जोग बहादुर मोक्तान, राम बहादुर स्याङ्बो समेतले मिति २०६७।२।१ गते बेलुका देखि मिति २०६७।२।२ गते विहानसम्म सिस्नो लगाउने, मानिसको दिसापिसाव खुवाउने, कुटपिट गर्ने कार्य गरी कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोराको बुझिएका मानिसहरुको एकै मिलानको घटना विवरण कागज ।

**ख प्रतिवादीहरुको मौकाको बयानः-**

- जाहेरवालाको श्रीमती मृतक निरमायाले साईलीमाया वि.क.लाई जाँडमा बोक्सी लगाई खान दिएकी कारण बिरामी भए भनी बताएकी हुँदा म समेत भै निज निरमायालाई निजकै घरमा बोक्सीको आरोपमा मिति २०६७।२।१ गते बेलुका अ.१७:०० बजेदेखि मिति २०६७।२।२ गते विहान अ.४:३० बजेसम्म बोक्सी कायल गराउन भनि सिस्नो लगाउने, मानिसको दिसा खुवाउने, कपाल काट्ने, कुटपिट गर्ने लगायतको कार्य गर्दा गर्दै निरमायाको मृत्यु भएको हो । निरमायालाई बोक्सीको आरोपमा कारवाही गर्नुपर्छ भनी मानिस जम्मा गर्ने कारवाही शुरु गर भनी वचन दिने पञ्चा अन्तरे भन्ने राम बहादुर स्याङ्बो हुन र निरमायालाई पहिला हात छाड्ने म हु भन्ने समेत व्यहोराको प्रतिवादी देवमाया लामाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।
- म समेतले जाहेरवालाको श्रीमती निरमाया स्याङ्तानलाई बोक्सीको आरोप लगाई निजकै घरमा दिसा पिसाव खुवाउने, कपाल काट्ने, सिस्नो लगाउने, कुटपिट गर्ने लगायतको कार्य गरी कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोराको प्रतिवादी प्रेम बहादुर स्याङ्तानले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।
- मेरो श्रीमती साईलीमाया वि.क.लाई निरमाया स्याङ्तानले जाँडमा भेद गरी बोक्सी लगाई दिएकी हुन भनी मेरो श्रीमतीले भनेकीले मिति २०६७।२।१ गते बेलुका म समेत निरमायाको घरमा भेला जम्मा भै सो विषयमा निरमायासंग सोधपुछ गर्दा ईन्कार गरेकी हुँदा कपाल काट्ने, सिस्नो लगाउने, दिसापिसाव खुवाउने, कुटपिट गर्ने लगायतको यातना दिँदा मिति

२०६७।२।२ गते विहान ५:०० बजे निरमायाको मृत्यु भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी काजी भन्ने हरि बहादुर वि.क.ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

- मेरी आमा साईलीमाया वि.क.लाई निरमाया स्याङ्तानले जाँडमा भेद गरी बोक्सी लगाई दिएकी हुन भनी मेरी आमाले भनेकीले मिति २०६७।२।१ गते बेलुका म समेत निरमायाको घरमा भेला जम्मा भै सो विषयमा निरमायासंग सोधपुछ गर्दा ईन्कार गरेकी हुँदा कपाल काट्ने, सिस्नो लगाउने, दिसापिसाव खुवाउने, कुटपिट गर्ने लगायतको यातना दिँदा मिति २०६७।२।२ गते विहान ५:०० बजे निरमायाको मृत्यु भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी राजकुमार वि.क.ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।
- प्रतिवादी निरमाया स्याङ्तानले मलाई २०६६ साल कार्तिक महिनामा जाँड खान दिएकी र सो जाँड खाएपछि म विरामी भएको हुँदा निरमायाले जाँडमा बोक्सी लगाई दिएकी कारण विरामी भएको हो भनी सोही विषयमा छलफल गर्नुपर्‍यो भनी पञ्चा अन्तरे भन्ने राम बहादुर स्याङ्बोले म समेतलाई मिति २०६७।२।१ गते साँझ जाहेरवालाको घरमा बोलाई लगी भेला जम्मा गराई निरमायालाई केरकार गर्ने, कपाल काट्ने, सिस्नो लगाउने, दिसापिसाव खुवाउने, कुटपिट गर्ने कार्य गर्दागर्दै भोलिपल्ट २०६७।२।२ गते विहान अ.५:०० बजेको समयमा निरमायाको मृत्यु भएको हो म घटनास्थलमा भएतापनि मैले केही गरिन । वचन दिने राम बहादुर स्याङ्बो हुन् । पहिला हात हाल्ने देवमाया लामा हुन् । त्यसपश्चात अन्य प्रतिवादीहरुले कपाल काट्ने सिस्नो लगाउने, दिसापिसाव खुवाउने, कुटपिट गर्ने कार्य गरेका हुन् भन्ने समेत व्यहोराको प्रतिवादी साईलीमाया वि.क.ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।
- निरमाया स्याङ्तानलाई बोक्सीको आरोपमा सोधपुछ गरी कायल पार्न भनी पञ्चा अन्तरे भन्ने राम बहादुर स्याङ्बोले म समेतलाई बोलाई मृतकको घरमा भेला जम्मा गराएको हुँदा म समेत मिति २०६७।२।१ गते बेलुका जाहेरवालाको घरमा भेला जम्मा भएको थियौ, राम बहादुर स्याङ्बोले निरमायालाई बोक्सी नै हुन कारवाही शुरु गरौ) भनेपछि देवमाया लामा समेतले निरमायालाई सिस्नो लगाउने, कपाल काट्ने, दिसापिसाव खुवाउने, कुटपिट गर्ने समेतको यातना दिन थालेको र घटनास्थलमा म समेत मौजुद थियौं भोलिपल्ट अर्थात मिति २०६७।२।२ गते विहान अ.५:०० बजेको समयमा निरमायाको मृत्यु भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी जीवन मोक्तानले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।
- निरमाया स्याङ्तानलाई बोक्सीको आरोपमा सोधपुछ गरी कायल पार्न भनी पञ्चा अन्तरे भन्ने राम बहादुर स्याङ्बोले म समेतलाई बोलाई मृतकको घरमा भेला जम्मा गराएको हुँदा म समेत मिति २०६७।२।१ गते बेलुका जाहेरवालाको घरमा भेला जम्मा भएको थियौ, राम बहादुर स्याङ्बोले निरमायालाई बोक्सी नै हुन कारवाही शुरु गरौं भनेपछि देवमाया लामा समेतले निरमायालाई सिस्नो लगाउने, कपाल काट्ने, दिसापिसाव खुवाउने, कुटपिट गर्ने समेतको यातना दिन थालेको र घटनास्थलमा म समेत मौजुद थियौं भोलिपल्ट अर्थात मिति २०६७।२।२ गते विहान अ.५:०० बजेको समयमा निरमायाको मृत्यु भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी जोग बहादुर स्याङ्तानले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।
- निरमाया स्याङ्तानलाई बोक्सीको आरोपमा सोधपुछ गरी कायल पार्न भनी पञ्चा अन्तरे भन्ने राम बहादुर स्याङ्बोले म समेतलाई बोलाई मृतकको घरमा भेला जम्मा गराएको हुँदा म समेत मिति २०६७।२।१ गते बेलुका जाहेरवालाको घरमा भेला जम्मा भएको थियौ, राम बहादुर स्याङ्बोले निरमायालाई बोक्सी नै हुन कारवाही शुरु गरौं भनेपछि देवमाया लामा समेतले निरमायालाई सिस्नो लगाउने, कपाल काट्ने, दिसापिसाव खुवाउने, कुटपिट गर्ने समेतको

यातना दिन थालेको र घटनास्थलमा म समेत मौजुद थियौं भोलिपल्ट अर्थात मिति २०६७।२।२ गते विहान अ.५:०० बजेको समयमा निरमायाको मृत्यु भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी अन्तरे भन्ने ईन्द्र बहादुर मोक्तानले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

- मेरो छोरी निरमाया स्याङ्तानलाई कर्तव्य गरी मारेको भन्ने जानकारी पाई मिति २०६७।२।२ गते विहान छोरीको घरमा जाँदा छोरी मृत अवस्थामा रहेकी, वरिपरी कैंची, छोरीको काटेको कपाल, सिस्नो दिसापिसाव, लट्ठी समेत छरिएको अवस्थामा रहेको देखेको हुँदा छोरीको मृत्युको सम्बन्धमा बुझ्दा सोधपुछ गर्दा राम बहादुर स्याङ्बो, काजी भन्ने हरि बहादुर वि.क, राजकुमार वि.क, प्रेम बहादुर स्याङ्तान, देवमाया लामा, जीवन मोक्तान, ईन्द्र बहादुर मोक्तान, जोग बहादुर स्याङ्तान समेत भै मेरो छोरी निरमायालाई बोक्सीको आरोप लगाई मिति २०६७।२।१ गते बेलुकादेखि निजकै घरमा कपाल काट्ने, सिस्नो लगाउने, दिसापिसाव खुवाउने, कुटपिट गर्ने कार्य गरी रातै भरी यातना दिएको कारणबाट मिति २०६७।२।२ गते विहान अ.५:०० बजे छोरीको मृत्यु भएको हो भन्ने समेत व्यहोराको सुनमाया घलानको कागज ।

**ग) अभियोग मागदावीः-**

- प्रतिवादी काजि भन्ने हरि बहादुर वि.क, राजकुमार वि.क, देवमाया लामा र प्रेम बहादुर स्याङतान समेतले मृतक निरमायालाई बोक्सीको आरोपमा रातभरि विविध यातना समेत दिई निजको शरीर थिलो-थिलो पारी टाउको समेतमा हम्मर, लाठीबाट गम्भिर चोट पुऱ्याई कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. को कसूर अपराध गरेमा निज प्रतिवादीहरुलाई सोही महलको १३ नं. अनुसार सजाय गरी पाउँ । प्रतिवादी पञ्चा अन्तरे भन्ने राम बहादुर स्याङ्तानले सो वारदात घटाउन उस्काउने तथा आदेश वचन दिने कार्य गरी सोही महलको १ नं. अनुसारको कसूर गरेमा निज प्रतिवादीलाई सोही महलको १३ (४) नं. अनुसार सजाय गरी पाउँ । प्रतिवादी साईलीमाया वि.क.ले मृतक निरमायाको ज्यान मार्ने कार्यमा प्रथम शुत्राधार भै मुख्य भै वचन दिई सोही महलको १ नं. को कसूर अपराध गरेमा निजलाई सोही महलको (४) अनुसार सजाय गरी पाउँ । प्रतिवादी ईन्द्र बहादुर मोक्तान, जोग बहादुर स्याङ्तान र जिवन मोक्तान समेतले मृतक निरमायालाई बोक्सीको आरोपमा घेरा हाली केरकार गरी निजको कपाल मुड्ने, सिस्नो लगाउने कार्यमा संलग्न भै निजको जिउमा हात हालि मार्नेमा संयोग पारी मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ नं. को कसूर अपराध गरेकोमा निज प्रतिवादीहरुलाई सोही महलको १३ (४) अनुसार सजाय गरी उल्लेखित सवै प्रतिवादीहरुले बोक्सीको आरोपमा मृतक निरमायालाई अमानविय व्यवहार गरी निर्दयी र निर्मम एवम् क्रुर यातना समेत दिई मुलुकी ऐन, अदलको महलको १० (ख) नं. को कसूर गरेकोमा सोही महलको १० (ख) मा उल्लेखित सजाय समेत गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग मागदावी ।

**घ प्रतिवादीहरुको अदालतमा भएको बयान -**

**१) प्रतिवादी देवमाया लामा -**

- मिति २०६७।२।१ गते म आमा समूहमा बैठक भएको हुँदा गएकोमा निज मृतक निरमाया पनि सोही बैठकमा आएकी र निजले मलाई बोक्सी भनि मानिस जम्मा गर्ने भनी काजि भन्ने हरि बहादुर वि.क. ले भनेको छ । मसंग तपाई पनि जाँउ भनि निजले मलाई घरमा लगेकी र निजको घरमा हरि बहादुर वि.क, राजकुमार वि.क, प्रेम बहादुर स्याङ्तान, साईलीमाया वि.क,

राम बहादुर स्याङ्बो थिए । सवैजना जम्मा भै हरि बहादुर वि.क.ले निज निरमायाले मेरो श्रीमतीलाई विष दिएर विरामी पारेकी हुँदा निजलाई के गर्ने भनि गाउँलेहरुलाई भनेपछि कसैले गाउँबाट निकाल्नुपर्छ भने, कसैले कपाल काटि छाडिदिनु पर्छ भने । हरि बहादुर वि.क, राजकुमार वि.क, प्रेम बहादुर स्याङ्तानले कैंची ल्याई निज मृतकको कपाल काटि दिए । हामीहरु हेरि बसिरह्यौं । निरमाया र निजको श्रीमान् पूर्णसिंह स्याङ्तान घरभित्र पसि आफै विष खाएपछि निजहरु छट्पटाउन थालेपछि सवै जम्मा भएका गाउँलेहरुले समाउन लाग्दा लाग्दै पिडित मृतक पिँढीको डिलमा टाउको ठोक्किई मृत्यु भयो । सो समयमा जिवन मेक्तान, जोग बहादुर स्याङ्तान, ईन्द्र बहादुर मेक्तान समेत उपस्थित थिए । मृतकको श्रीमानलाई उपचार गरेपछि ठिक भएको हो । मृतकलाई मैले पिट्ने बोक्सी भन्ने केही गरिन । म हेरी बसेको हुँ । मैले मृतकलाई कुटपिट गरेको, बोक्सी भनी अपशव्द बोलेको छैन । मृतकलाई मार्ने कार्यमा मेरो संलग्नता समेत नहुँदा अभियोग दावी बमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी देवमाया लामाले यस अदालतमा गरेको बयान ।

**२) प्रतिवादी काजी भन्ने हरि बहादुर वि.क. -**

- मिति २०६७।२।१ गतेका दिन दिउँसो छ बजेको समयमा म आफ्नो घरमा थिएँ । मृतक निरमाया र निजको श्रीमान् मेरो घरमा आई तपाईको श्रीमतीले मृतक निरमायालाई बोक्सीको आरोप लगाएको विषयमा छलफल गर्न निजको घरमा जानुपर्‍यो भनि भनेबाट मैले जान्न भन्दा जानुपर्छ भनि भनेपछि निजको घरमा गएँ । निजको घरमा देवमाया, प्रेम बहादुर स्याङ्तान, राजकुमार वि.क, साईलीमाया वि.क थिए । मृतक निरमाया बलेसीमा आई घोप्टो परेर बसेकीमा हामीहरुले भैंसीको गोवर, तेल र नुन खुवाई दिएका थियौं । राजकुमार र म भएर समाएर ख्वाएको हो । काँटी, हम्मर, कैंची र लाठी मेरो छोरो राजकुमारले ल्याएको हो । कसैले चुटेन । मेरो श्रीमती २०६६ साल कार्तिकदेखि विरामी परेकी थिईन् । मेरो श्रीमतीले निरमायालाई बोक्सीको आरोप लगाएको विषयमा छलफल भएको हो । श्रीमती विरामी पर्दा विसेक नभएपछि बोक्सी लगाएको भन्नेमा विश्वास भयो र बोक्सी कबोल गर्दछन् कि भनेर हम्मर समेत लगेको हो कुटपिट गरेको छैन । निज निरमायाले बोक्सी मेरो श्रीमतीलाई लगाई दिएको हो । मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी काजी भन्ने हरि बहादुर वि.क.ले यस अदालतमा गरेको बयान ।

**३) प्रतिवादी राजकुमार वि.क. -**

- मिति २०६७।२।१ गते निरमायाले गाउँको मानिसहरु जम्मा भेला गरेको र मेरो आमा समेतलाई बोलाउनु भएकोमा मेरो आमालाई जाँडमा सेतो पाउडर मिसाएको हो भनि भनिन् र हामीले यो विष खाएको भए सोही बेलामा असर गर्नुपर्ने हो । अहिले किन पेट दुखेको भनि भन्दा निज आवेशमा आई मैले भेदेर यस्तो गरेको भनि भनेपछि यो बोक्सी हो, बोक्सीलाई चुल्ठो काटेपछि बोक्सी लाग्दैन भनेपछि निज मृतकलाई देवमाया लामाले चुल्ठो समाई कैंची लिई चुल्ठो काट्न लागेपछि मैले मेरो बुवा हरि बहादुर वि.क र प्रेम बहादुर स्याङ्तानले निज मृतकको कपालको चुल्ठो काटि दियौं । सो बखत जिवन मोक्तान, जोग बहादुर स्याङ्तान, ईन्द्र बहादुर मोक्तान, राम बहादुर स्याङ्बो समेत गाउँका धेरै मानिस समेत थिए । कपाल काटिसकेपछि मृतक भित्र गै विष सेवन गरी बाहिर आई घोप्टो परि बसिन् । केही वेरमा उठी आफै लडेको हुँदा म समेतले दहि, तेल मिसाई विष काट्न भनि खान दियौं । केही वेरपछि निजको मृत्यु भयो । निजलाई कसैले पनि पिट्ने, मलमुत्र ख्वाउने कार्य गरेनन् । निज आफै

विष सेवन गरी मरेकी हुन् । गाउँलेहरुले बोक्सी भनेपछि आफै विष सेवन गरी मरेकी हुँदा अभियोग मागदावी बमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी राजकुमार वि.क.ले यस अदालतमा गरेको बयान ।

४) **प्रतिवादी साईलीमाया वि.क. -**

- मिति २०६७।२।१ गते बेलुका साँझ ६ बजेको समयमा म आफ्नो घरमा रहेको अवस्था, मृतक निरमाया र निजको श्रीमान् मेरो घरमा आई तपाईले मलाई बोक्सी भन्नुभयो रे सो विषयमा छलफल गर्न मेरो घरमा जाउँ भनि भनेबाट म त्यहाँ जाँदा मेरो श्रीमान्, मेरो छोरा राजकुमार, देवमाया लामा, प्रेम बहादुर स्याङ्तान, जिवन मोक्तान, जोग बहादुर, ईन्द्र बहादुर मोक्तान, पञ्चा अन्तरे भन्ने समेत थिए । त्यहाँ भेला भएका मध्ये देवमाया लामा र प्रेम बहादुर स्याङ्तानले यो बोक्सी हो भनि मृतक निरमायाको कपालमा समाई भुईमा पछारीदिएको र निजको कपाल समेत काटिदिएको हो । सिस्नोले देवमायाले एकपटक हिर्काएको हो । म निरमायाको घरको अलि पर बसेर हेरिरहेको थिएँ । मृतक घरभित्र पसिन् र निजको श्रीमान् पनि पसेका थिए । घरभित्रबाट निजले मेटासिन खाएका रहेछन् र बाहिर निस्किए । त्यसपछि घोप्टो परेर बलेसीमा निरमाया बसिन् । त्यसपछि विष काट्नको लागी तेल, नुन, सावुन ख्वाएको देखें । अरुले के के ख्वाए मैले देखिन, म परै थिएँ । निको नभएपछि निरमायाको मृत्यु भएको हो । निजको श्रीमान्लाई निको भयो, निजलाई कुटपिट गरेको छैन, दिसा पिसाव ख्वाएको याद गरिन् । मलाई सजाय हुने नहुने के हो थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी साईलीमाया वि.क.ले यस अदालतमा गरेको बयान ।

५) **प्रतिवादी प्रेम बहादुर स्याङ्तान. -**

- मिति २०६७।२।१ गते समूहको बैठक थियो । राम बहादुर स्याङबोले मृतक निरमायाले साईलीमाया वि.क.लाई भेद हालेर दिएको र सो विषयमा छलफल गर्नुपऱ्यो भनेपछि मृतक र निजको श्रीमान् भै साईलीमायालाई बोलाई ल्याई गाउँलेहरुले सोध्दा जाँडमा यो औषधी दिएको भनि १ पोका सेतो पाउडर ल्याउनुभयो । सोही विषयमा वादविवाद हुँदा देवमाया लामाले यो बोक्सीलाई चुल्ठो काट्नुपर्छ, कपालको चुल्ठोमा समाई आंगनमा ल्याएपछि ल काट भनि कैंची दिएको हुँदा मैले चुल्ठो काटे । त्यसपछि हरि बहादुर वि.क र राजकुमार वि.क ले कपाल काटेपछि देवमाया लामाले मृतकलाई सिस्नोको मुठोले शरीर भित्र कपडा उठाई लगाईन् । मृतक रोई कराएको अवस्थामा निज देवमायाले मानिसको दिसा पिसाव घोलेर लगा भनि मृतकको मुखमा खुवाईन् । मृतकले नमानेपछि मृतकको शरीरमा खन्याईं दिएकी हुन् । जिवन मोक्तान, जोग बहादुर स्याङ्तान समेत थिए । निजहरुले छुट्याउन समेत प्रयास गरेनन्, केही भनेनन् । साईलीमाया पर थिईन् । मृतकलाई कुटपिट गरेको छैन । सिस्नो लगाएपछि भित्र पसि विष सेवन गरी मुख छोपी बाहिर आईन् । हामीहरुले निजलाई बचाउनको लागि सावुनपानी, तेल, गाईको गोवर समेत ख्वाई बान्ता गराउन कोशिष गर्दा-गर्दैको अवस्थामा निजको मृत्यु भएको हो । मृतकलाई कुटपिट गरी मारेको होइन । मैले कपाल काट्ने काम सम्म गरेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी प्रेम बहादुर स्याङ्तानले यस अदालतमा गरेको बयान ।

**५) प्रतिवादी जीवन मोक्तान -**

- मिति २०६७।२।१ गते बेलुका छ बजेतिर म समूहको ऋण तिर्न भनि सोही गाउँको स्कुलमा गै ऋण तिरिसकेपछि मृतकको घरमा छलफल गर्नुछ भनि जाहेरवाला पूर्णसिंहले भने । के को छलफल भन्दा साईलीमाया वि.क.ले मेरो श्रीमतीलाई बोक्सी भनि भनेकी छिन्, जाउँ भनि भनेपछि म जोग बहादुर स्याङ्तान, ईन्द्र बहादुर मोक्तान समेत गै हेर्दा गाउँको अन्य मानिसहरु समेत जम्मा भेला भएका रहेछन् । साईलीमाया वि.क.समेत आएपछि मृतक निरमायालाई साईलीमाया वि.क.ले मलाई औषधी हाली खान दिएको हुँदा विरामी भएको भनि भनेपछि गाउँलेहरुले के औषधी हालिदिएको भनि सोधपुछ गर्दा निजले केही पनि नभनेपछि देवमायाले मृतकको कपालमा समाई भुईमा टाउको ठोक्काई दिई यो बोक्सी हो, यसको चुल्ठो काट भनेपछि मैले मानिसलाई त्यस्तो अमर्यादित काम गर्न हुन्न भन्दा मलाई तँ पनि बोक्सी पट्टिको मानिस होस् भनि राजकुमार वि.क, प्रेम बहादुर स्याङ्तान, हरि बहादुर वि.क.ले भनेपछि कैंचि ल्याई देवमायाले कपालको चुल्ठो समाउने, हरि बहादुर वि.क, राजकुमार वि.क. र प्रेम बहादुर स्याङ्तानले कपाल काटि सिस्नु लगाइ दिए र मानिसको दिसा पिसाव घोली शरीरमा खन्याई दिए । सो समयमा साईलीमाया अलि पर बसिरहेकी थिईन् । जोग बहादुर स्याङ्तान, ईन्द्र बहादुर मोक्तान समेत उक्त समयमा थिए । रातको समय हुँदा म, ईन्द्र बहादुर र जोग बहादुर घर जाउँ भनि घर गयौं । त्यहाँ देवमाया लामा, हरि बहादुर वि.क, साईलीमाया वि.क, राजकुमार वि.क, प्रेम बहादुर स्याङ्तान तथा निरमाया र निजको श्रीमान् पूर्णसिंह स्याङ्तान मात्र थिए । भोलीपल्ट विहान ६ बजेतिर मात्र निरमायाको मृत्यु भयो भन्ने सुनेको हुँ । मैले मृतकलाई कुटपिट गरेको, मार्नुपर्छ भनेको होइन मलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी जिवन मोक्तानले यस अदालतमा गरेको बयान ।

**७) प्रतिवादी जोग बहादुर स्याङतान -**

- मिति २०६७।२।१ गतेका दिन गाउँमा बचत समूहको बैठक थियो । त्यस बैठकमा निरमाया र निजको श्रीमान्ले हरि बहादुर वि.क को श्रीमती साईलीमाया वि.क.ले बोक्सीको आरोप लगाएकोले सो विषयमा छलफल गर्नुपर्‍यो भनि गाउँको समूहमा भेला भएका मानिसहरुलाई भनि हरि बहादुरको श्रीमती, हरि बहादुर, निजको छोरालाई लिन निरमाया र पूर्णसिंहलाई बोलाई निरमायाको घरमा सो विषयमा छलफल हुँदा यो बोक्सी हो भनि निरमायाको कपाल समाती लडाएको र प्रेम बहादुर, हरि बहादुर वि.क, राजकुमारले निरमायाको कपाल काटिदिएको हो । मैले यस्तो गर्न हुँदैन भन्दा मानेनन् । मृतकलाई मैले कुटपिट गरेको छैन, सिस्नोपानी लगाएको पनि देखिन । राति २/३ बजेको समयमा मृतक निरमायालाई लडाई देवमाया, हरि बहादुर, प्रेम बहादुर र राजकुमारले कपाल काटेर शरीरभरि दिसा छरिदिएपछि निज निरमाया पानि खान्छु भनि घरभित्र जाँदा घरभित्रबाट विष सेवन गरी मुखमा कपडाले छोपेर बाहिर पिँढीमा आई बसेपछि निजले विष खाएको हो भनेर हरि बहादुर, राजकुमार र प्रेम बहादुरले गोवर, तेल, नुन, दहि ख्वाई दिएको हो । विहान ४/५ बजेको समयमा निरमाया त्यही मरेको हो, कुटपिट मैले गरेको होइन । मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी जोग बहादुर स्याङतानले यस अदालतमा गरेको बयान ।

८) **प्रतिवादी अन्तरे भन्ने ईन्द्र बहादुर मोक्तान -**

- मिति २०६७।२।१ गते निरमायाले साईलीमाया वि.क.लाई भेद गरी विरामी भएको र सो सम्बन्धमा छलफल गर्न भनि गाउँलेहरु जम्मा भएको हुँदा म पनि गएको थिएँ । बोक्सी भनि निरमायालाई बकाउन भनि गाउँलेहरुले छलफल गरिरहँदा देवमायाले मृतकलाई चुल्ठोमा समाई भुईमा निहुराई हरि बहादुर वि.क, राजकुमार वि.क, प्रेम बहादुर स्याङ्तानले कपाल काटिदिए पछि निजहरु चारजनाले मानिसको मलमुत्र ख्वाई सिस्नो समेत लगाई दिए । म पछाडि उभिरहेको थिएँ । मैले मानिस मर्न सक्छ, नकुट । यस्तो सिस्नो लगाउने, दिसा ख्वाउने काम राम्रो होइन भनि भन्दा निजहरुले मलाई तँ पनि बोक्सीको मान्छे होस् भनि कराएको हुँदा म घरमा गएं । जिवन, ईन्द्र बहादुर, राम बहादुर स्याङ्बो पनि थिए । भोलीपल्ट निरमायाको मृत्यु भयो भन्ने कुरा सुनि थाहा पाएको हो । आई हेर्दा बुझ्दा निज आफै विष खाई मरेको भनि भन्थे । मैले निजलाई कुटपिट गरेको, बोक्सी भनेको, मार्न आदेश दिएको समेत नहुँदा अभियोग मागदावी बमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी अन्तरे भन्ने ईन्द्र बहादुर मोक्तानले यस अदालतमा गरेको बयान ।

ङ) **सम्बद्ध कानून -**

- मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. को १३ ४) मु.ऐन, अदलको महलको १० (ख) ।

च) **बुझिएका साक्षी प्रमाणहरु -**

- मेरो श्रीमतिलाई बोक्सीको आरोप लगाई पहिला देवमायाले कपालमा समाती मुन्ट्याई, घोक्र्याई पिटेको, त्यसपछि हरि वि.क.ले सिस्नुपानी लगाएर हानेको र दिसा ल्याई घोलेर देवमायाले ख्वाएको, हरि वि.क.ले कपाल काटी राजु वि.क., प्रेमबहादुर स्याङतान समेतले कपला मुन्डन गरी दिएको, प्रेमबहादुरले पनि दिसा पिसाव ख्वाएको, त्यसपछि मेरो श्रीमति निरमाया बेहोश भएको, म पनि बेहोश भएछु । बोक्सीको आरोपमा कुटपिट भएर मृत्यु भएको हो भन्ने समेत व्यहोराको जाहेरवाला पूर्णसिंह स्याङतानले यस अदालतमा गरेको बकपत्र ।
- मृतकलाई बोक्सीको आरोप लगाई मानव मलमुत्र ख्वाई सिस्नु लगाई, कपाल काटी, कुटपिट समेत गरी हाल थुनामा रहेका प्रतिवादीहरुले कर्तव्य गरी मारेको भन्ने कुरा थाहा भयो भन्ने र घटना घटेको भनी सुनेर जाँदा घटनास्थलमा सिस्नुको थुप्रो, दिसा पिसावले मुखभरी लेपी दिएको, लाठीहरु पनि थियो । मृतकको मृत्यु भईसकेको थियो । कपाल काटिएको थियो । मृतकलाई प्र.देवमाया, हरि वि.क., साईली वि.क. समेतका ५ जना मानिसहरु मिलि कुटपिट गरी दिसापिसाव ख्वाई बेहोश बनाई मृत्यु भईसकेको रहेछ भन्ने समेत व्यहोराको घटना विवरणमा कागज गर्ने मानिसहरु दिपक भोम्जन र सुनमाया घलानले यस अदालतमा गरेको बकपत्र ।
- प्रतिवादी साईलीमाया वि.क. पहिलादेखी नै विरामी भएको थियो । जाहेरवालाको श्रीमतिलाई बोक्सीको आरोप लगाएको विषयमा छलफल भयो । सवै समूहका मानिसहरु थिए, देवमायाले मृतकलाई मानव मलमुत्र ख्वाएकी थिईन् । साईलीमाया वि.क., ईन्द्रबहादुर मोक्तान समेतले यस्तो मलमुत्र ख्वाउने, कुटपिट गर्नु हुँदैन भनेका थिए । मृतकको मृत्यु २०६७।२।१ गतेको भोलीपल्ट विहान ६:०० बजेतिर भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी साईलीमाया वि.क. समेतका साक्षी माईलीमाया स्याङतानको बकपत्र भएको रहेछ ।

- प्रतिवादी जीवन मोक्तान निर्दोष हुँदा अभियोग दावीबाट सफाई पाउनु पर्दछ । बोक्सीको आरोपमा छलफल हुँदा निज आएका रहेछन् । निजले कसैलाई केही भनेका र केही गरेको मैले देखिन भन्ने समेत व्यहोराको प्रतिवादी जीवन मोक्तानका साक्षी सुकबहादुर घलानले यस अदालतमा गरेको बकपत्र ।
- यो घटना घट्नु भन्दा पहिला प्रतिवादी हरिबहादुर वि.क. र राजकुमार वि.क. समेत कोही कसैसंग भै-झगडा गरेको मलाई थाहा छैन । घटना घट्दा राजकुमार टाढै बसेका थिए । प्रतिवादीहरुले अभियोग दावीबाट सफाई पाउनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी काजी भन्ने हरिबहादुर वि.क. समेतका साक्षी गणेश वि.क.का बकपत्र भएको रहेछ ।
- मृतकले प्रतिवादी जोगबहादुरलाई बोलाएछ । जोगबहादुर छलफलमा गएको मात्र हो । उसले मृतकलाई केही पनि गरेको छैन । सफाई पाउनुपर्दछ भन्ने समेत व्यहोराको प्रतिवादी जोगबहादुर स्याङतानको साक्षी वीरबहादुर स्याङतानले यस अदालतमा गरेको बकपत्र ।
- प्रेमबहादुरले मृतकको कपाल सम्म काटिदिएको हो, उसले मारेको होइन, सफाई पाउनु पर्दछ भन्ने समेत व्यहोराको प्रतिवादी प्रेमबहादुर स्याङतानका साक्षी रामबहादुर स्याङतानले यस अदालतमा गरेको बकपत्र ।
- प्रतिवादीहरु जोगबहादुर स्याङतान, जीवन मोक्तान र प्रेमबहादुर स्याङतानलाई जाहेरवालाले बोक्सी भनेको सम्बन्धमा छलफल गर्न बोलाएको, घटनास्थलमा गई कुरा सुनेर बसेको मात्र हो । हातपात कुटपिट नगरेकोले सजाय पाउनुपर्ने होइन सफाई पाउनु पर्दछ भन्ने समेत व्यहोराको प्रतिवादी जीवन मोक्तान, प्रेमबहादुर स्याङतान, जोगबहादुर स्याङतानका साक्षी सूर्यबहादुर स्याङतानले यस अदालतमा गरेको बकपत्र ।
- प्रतिवादी पञ्चा अन्तरे भन्ने रामबहादुर स्याङबोका नाउँमा यस अदालतबाट जारी भएको ७० दिने म्यादी पुर्जीमा हाजिर नभई शुरु म्यादै गुजारी बसेको रहेछ ।

## ठहर खण्ड

- नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सुचीमा चढी निर्णयार्थ ईजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट बहसका लागि उपस्थित हुनुभएका विद्वान जिल्ला न्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटाले मृतकलाई प्रतिवादीहरुले बोक्सीको दोषारोपण गरेका छन् । बोक्सी भनेर चरम यातना दिएको अवस्था छ । प्रतिवादीहरुको सोही यातना र अमानवीय कार्यबाट मृतक प्रताडित भएको देखिन्छ । अतः मृतकको मृत्यु प्रतिवादीहरुको यातना र कुटपिटको कारणबाट भएको तथ्य मिसिलबाट प्रष्ट देखिएको छ । निजहरु उपर मृतकलाई क्रुर एवम अमानवीय व्यवहार गरी मारेको कुरामा किटानी जाहेरी छ । प्रतिवादीहरुले मौकामा र यस अदालतमा पनि कसुरमा संलग्न भएकोमा सावित भई बयान गरेका छन् । यस अवस्थामा प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।
- प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री पुष्कबहादुर थापा र विद्वान अधिवक्ता श्री मनप्रसाद भट्टराईले प्रतिवादीहरुले मृतकलाई बोक्सीको दोषारोपणसम्म गरेका हुन् । चरम यातना दिएका र कुटपिट गरेका होइनन् । परम्परागत सोचाई अनुसार गाउँघरमा बोक्सी प्रथाप्रति विश्वास भएकोले मृतकलाई सो बोक्सी भएको ठानी बोक्सी झार्नको लागि

औषधोपचार गर्दा निजको आफ्नै कारणबाट मृत्यु भएको हो । तसर्थ प्रतिवादीहरुले आरोपित कसुरबाट प्रतिवादीहरुले फुर्सद पाउनुपर्छ भनी प्रस्तुत गर्नुभएको बहस सुनियो ।

- उपर्युक्त बहस, छलफल र मिसिल संलग्न प्रमाण कागजहरु अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निम्न लिखित प्रश्नहरुमा केन्द्रित रहि निर्णय दिनुपर्ने देखियो ।
  **१. बोक्सी प्रथा भनेको के हो ?**
  **२. नेपाली समाजमा यसको प्रभाव कस्तो छ ?**
  **३. मानव अधिकारको दृष्टिकोणबाट यसलाई कसरी हेर्न सकिन्छ ?**
  **४. प्रस्तुत मुद्दामा मृतकको मृत्यु बोक्सी को आरोपमा कर्तव्यबाट भएको हो होइन ?**
  **५. यदि कर्तव्यबाट मृत्यु भएको हो भने यिनै प्रतिवादीको कर्तव्यबाट हो होइन ?**
  **६. यदि हो भने कसुरदार ठहरिएका प्रतिवादीहरुलाई के कस्तो सजाय हुनुपर्ने हो ?**
- निर्णयार्थ माथि उल्लिखित प्रश्नहरुमा प्रवेश गर्नुभन्दा अगाडि प्रस्तुत मुद्दाको संक्षिप्त तथ्यगत अवस्थाका बारेमा प्रकाश पारिनु आवश्यक देखिएको छ । मुद्दाको तथ्यगत अवस्थाबारे हेर्दा पनि केही अकाट्य एवम निर्विवाद रहेका तथ्यहरु छन् जुन तथ्य बहुतै विचारणीय छन् । त्यसलाई निम्न बमोजिम उल्लेख गरिएको छ ।
  *घटना मकवानपुर जिल्ला, डाँडाखर्क गा.वि.स वडा नं. ७ मा भएको हो । सो घटना मिति २०६७।२।२ गते विहान अं. ५:०० बजेको समयमा सम्पन्न भएको छ । मृतकलाई बोक्सीको आरोप लगाईएको छ । घटनाबाट प्रत्यक्ष्य पिडित व्यक्ति मृतक निरमाया स्याङ्तान हुन् । उनी जाहेरवालाको श्रीमती हुन् । सो घटना मृतककै घरमा घटेको छ । घटनाको शुरुवात मिति २०६७।२।१ गते बेलुका देखि भई मिति २०६७।२।२ गते विहानसम्ममा सो घटनाको पटाक्षेप भएको छ । पिडितलाई रातभर सिस्नो लगाउने, मानिसको दिसापिसाव खुवाउने, कपाल मुण्डन गर्ने, कुटपिट गर्ने जस्ता अमानवीय एवम क्रुरतम कार्यहरु गरी अन्ततः मृत्यु हुन गएको छ । उक्त घटनामा ९ जना व्यक्तिलाई प्रतिवादी कायम गरिएको छ । ती मध्ये ८ जना उपस्थित छन् भने एकजना फरार रहेका छन् । अधिकांश प्रतिवादीहरु आरोपित कसुरमा करिब करिब सावित नै रहेका छन् । मृतक उपर विभिन्न अमानवीय व्यवहार र यातना दिइएको अवस्था छ । टाउकोमा परेको चोटको कारणबाट मृतकको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनले देखाएको छ । घटनास्थलबाट फलामको हम्मर, कैंची, सिस्नो, दिसा पिसावको घोल सहितको कचौरा, लट्ठी, काटेको कपाल जस्ता वारदातमा प्रयोग भएका विभिन्न सामानहरु बरामद छन् ।*
- अब, निर्णयतर्फ प्रवेश गरौं । यस क्रममा प्रथमतः फरार प्रतिवादी रामबहादुर स्याङ्वोका हकमा अ.व. १९० नं. बमोजिम मुल्तवीमा राखी दिएको छ ।
- उपस्थित प्रतिवादीहरुको हकमा निर्णयको सिलसिलामा हेर्दा, सर्वप्रथम अभियोग मागदावीतर्फ ध्यान केन्द्रित गरौं, जसमा प्रतिवादीहरुलाई निम्न बमोजिमको कसुर कायम गरी सजाय प्रस्ताव गरेको पाइन्छ -
  *क) "प्रतिवादी काजी भन्ने हरिबहादुर वि.क, राजकुमार वि.क, देवमाया लामा र प्रेमबहादुर स्याङतान समेतले मृतक निरमायालाई बोक्सीको आरोपमा रातभरी विविध यातना समेत दिई निजको शरीर थिलो-थिलो पारी टाउको समेतमा हम्मर, लाठीबाट गम्भीर चोट पुर्‍याई कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. को कसूर अपराध गरेकोमा निज प्रतिवादीहरुलाई सोही महलको १३ (१ ३) नं. अनुसार सजाय गरी पाउँ ।*

*ख) प्रतिवादी पञ्चा अन्तरे भन्ने राम बहादुर स्याङ्तानले सो वारदात घटाउन उक्साउने तथा आदेश वचन दिने कार्य गरी सोही महलको १ नं. अनुसारको कसूर गरेकोमा निज प्रतिवादीलाई सोही महलको १३ (४) नं. अनुसार सजाय गरी पाउँ ।*

*ग) प्रतिवादी साईलीमाया वि.क.ले मृतक निरमायाको ज्यान मार्ने कार्यमा प्रथम सुत्राधार भै मुख्य भै वचन दिई सोही महलको १ नं. को कसूर अपराध गरेकोमा निजलाई सोही महलको १३ (४) अनुसार सजाय गरी पाउँ ।*

*घ) प्रतिवादी ईन्द्रबहादुर मोक्तान, जोगबहादुर स्याङ्तान र जीवन मोक्तान समेतले मृतक निरमायालाई बोक्सीको आरोपमा घेरा हाली केरकार गरी निजको कपाल मुड्ने, सिस्नो लगाउने कार्यमा संलग्न भै निजको जिउमा हात हाली मार्नेमा संयोग पारी मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ नं. को कसूर अपराध गरेकोमा निज प्रतिवादीहरुलाई सोही महलको १३ (४) अनुसार सजाय गरी पाउँ ।*

*ङ) उल्लेखित सवै प्रतिवादीहरुले बोक्सीको आरोपमा मृतक निरमायालाई अमानवीय व्यवहार गरी निर्दयी र निर्मम एवम् क्रुर यातना समेत दिई मुलुकी ऐन, अदलको महलको १० ख) नं. को कसूर गरेकोमा सोही महलको १० (ख) मा उल्लेखित सजाय समेत गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग मागदावी ।"*

- उपर्युक्त अभियोग मागदावीको सन्दर्भमा आरोपित प्रतिवादीहरुलाई के कसो हुनुपर्ने हो भन्ने तर्फ निष्कर्षमा पुग्नु अगाडि माथि उठाईएको पहिलो प्रश्न **बोक्सी प्रथा भनेको के हो** ? भन्ने सम्बन्धमा केही छलफल हुनु प्रस्तुत मुद्दाको सन्दर्भमा उपयुक्त हुने देखिन्छ । सो सम्बन्धमा उपलव्ध अध्ययन सामग्रीहरु हेर्दा विश्वमा विभिन्न अभ्यासहरु रहेको पाईन्छ । बोक्सी अर्थात *Witchcraft* लाई *Black Magic* पनि भन्ने गरिन्छ । यो त्यस्तो शैतानी शक्ति *(evil)* हो, जसमा अलौकिक शक्तिको प्रयोग हुन्छ भन्ने विश्वास गरिन्छ । Webster को परिभाषामा *"Witchcraft as the act or instance of employing sorcery, especially with malevolent intent: a magical rite or technique. Witchcraft calls upon the powers of the devil much like a believer prays and believes in the power of God"*[1] भन्ने बुझिन्छ । पश्चिमा विचारमा यदि भगवान र बाइवल प्रति आस्था गर्ने हो भने निश्चित रुपमा शैतानी शक्तिमा पनि विश्वास गर्नुपर्छ भन्ने मान्यता रहेको पाइन्छ । उत्तः विचारधारा अनुसार कुनै एउटा मत वा विश्वासको पक्ष लिएर अर्को मत वा विश्वासलाई पूर्णतया ईन्कार गर्न मिल्दैन । शैतानी शक्ति सत्य छ र बोक्सी प्रथा *(Witchcraft)* यसको ज्वलन्त प्रमाण हो भन्ने अभिमत अझै पनि रहेको छ । तर विकसित मुलुकहरुमा त्यस्तो विश्वास रहेतापनि विकासोन्मुख मुलुकमा जस्तो कुनै व्यक्तिलाई बोक्सीको आरोपमा क्रुर एवम् अमानवीय व्यवहार गर्ने र सामाजिक दण्ड दिने प्रचलन विल्कुलै रहेको पाइदैन । नेपाली बृहत शब्दकोषमा बोक्सीको परिभाषामा *मन्त्र प्रयोग गरी टुनामुना गर्ने स्त्रीलाई जनाउँछ*[2] भनी उल्लेख भएको पाईन्छ । यसमा पुरुष बोक्सीको परिकल्पना गरिएको पाईंदैन । हाम्रो समाजमा खासगरी कोही विरामी भएमा वा निजको मृत्यु हुन गएमा टुनामुना गरी बोक्सी लगाई दिएकोले निजको मृत्यु हुन गएको भन्ने आरोप लगाई कुनै झाँक्रीले भने अनुसार कुनै महिलालाई दोषरोपण गरी ती महिला सित अमानुषिक व्यवहार गर्ने गरेको देखिन्छ ।
- निश्चित रुपमा विश्वका कतिपय मुलुकमा बोक्सी प्रथा अहिलेसम्म पनि कायमै छ । चीनमा यो एउटा रहस्यमय, धार्मिक तथा अन्धविश्वासको विषयको रुपमा समाजमा प्रचलित छ । अफ्रिकी

1 *See* at: *http://www.raptureready.com/faq/faq266.html*
2 बृहत नेपाली शब्दकोष, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृष्ठ ९८६

राष्ट्रहरुमा यसलाई अलौकिक शक्तिको रुपमा समाजले हेर्ने गरेको छ । त्यहाँ बोक्सीले चाहेमा कुनैपनि व्यक्तिलाई शारीरिक दुःखकष्ट दिन सक्छन् । त्यस्तालाई सजाय दिनुपर्छ भन्ने मान्यता रहेको छ । भारतमा पनि बोक्सी प्रथालाई सामाजिक विश्वासको रुपमा लिइन्छ । त्यहाँ यसलाई *"Dayan Pratha"*[3] मानी अंगिकार गर्ने समुदाय ज्यादै ठूलो रहेको छ । राजस्थान हाईकोर्टले त्यहाँको राज्य सरकार, महिला आयोग र प्रहरी महानिर्देशक समेतलाई समाजमा प्रचलित *"Dayan Pratha"* को अन्त्यका लागि प्रभावकारी कदम उठाउन आदेश दिएको पाइन्छ ।[4] त्यहाँ बर्सेनी बोक्सीको आरोपमा सामाजिक दण्ड दिने गरेका उदाहरणहरु पाइन्छन् ।[5] वितेका १५ वर्षमा भारतमा २,५०० महिलाहरुलाई बोक्सीको आरोपमा हत्या गरिएको तथ्याँक उपलब्ध छ । खासगरी ग्रामिण समुदायका गरीब महिलाहरु, जसको शिक्षा, स्वास्थ्यजस्ता सेवामा पहुँचको कमी छ र बोक्सी प्रथाप्रति गहिरो विश्वास रहेको छ, उनीहरु नै यस्ता घटनाबाट पिडित भएको पाइन्छ ।[6] भारतमा केही राज्यहरुले यस प्रथालाई दण्डनीय कानूनको दायराभित्र समेटेको पाईन्छ ।[7]

- त्यस्तै नेपालमा पनि विशेषतः महिलालाई बोक्सीको आरोपमा यातना दिने गरिन्छ । बोक्सीजस्तो अन्धविश्वासको मान्यतालाई समाजले स्वीकार गरी अमानवीय यातना दिएर हत्या समेत गर्ने गरेको पाइन्छ । यो प्रथाले हामीकहाँ जरा गाडेर बसेको छ । हाम्रो समाजमा यो एउटा ज्यादै अभिशापको रुपमा प्रचलित कुप्रथा हो भन्न सकिन्छ । तर विश्वका सवैजसो मुलुकमा बोक्सी जस्तो अन्धविश्वासी परम्परालाई कानूनले दण्डनीय बनाएको छ । अधिकाँश मुलुकहरुमा यदि कुनै व्यक्तिलाई बोक्सीको आरोपमा यातना दिने, बेईज्जती गर्ने वा अमानवीय व्यवहार गरिएमा त्यस्तो व्यवहार गर्नेलाई कानूनको दायराभित्र ल्याउनका लागि कडा दण्डनीय कानूनी व्यवस्थाको प्रवन्ध गरिएको पाइन्छ ।
- युरोप र अमेरिकामा सत्रौं शताव्दीसम्म यस प्रथाको प्रभाव रहेको पाइन्छ । सन् १६४२ मा पहिलो पटक अमेरिकाको Connecticut राज्यमा Alse Young भन्ने व्यक्तिलाई बोक्सीको आरोपमा झुण्ड्याई मृत्युदण्ड दिइएको थियो ।[8] त्यस्तै Massachusetts राज्यमा Mary Johnson लाई सन् १६४८ मा बोक्सी हुँ भनी सावित भएकोले मृत्यु दण्ड दिइएको थियो ।[9] अमेरिकामा बोक्सीको

---

[3] Dayan pratha' is a tradition in many rural areas where women are branded witches' and brutally tortured.

[4] The court issued the notices on a petition filed by Nisha Siddhu, secretary of National Federation of Indian Women.
The petitioner sought a proper scheme for rehabilitation and protection of the women who have been branded dakan.' It also sought protection of their properties from illegal grabbing, *http://www.gendercide.org/case_witchhunts.html*

[5] Says the BBC, even in 2011 "witch hunts targeting women are common in east and central India, and a number of accused are killed every year." Most recently, when a young woman in Shivni village in central Chhattisgarh state fell ill, townspeople suspected witchcraft — which is what prompted the wholesale roundup and "testing" of the village's female population. They were forced by the shaman to drink a brew made from a poisonous herb, which he said would compel confession. Of the 30 women initially hospitalized, five remain, one in serious condition. Available at *http://jezebel.com/5729684/witch+hunts-on-the-rise-in-rural-india*

[6] *Ibid*

[7] Four of the states have already enacted anti-witch craft statutes. Bihar was the first one with its Prevention of Witch (Dayan) Practices Act of 1999, Jharkhand followed with the Anti-Witchcraft Act in 2001 and then Chhattisgarh and Rajasthan enacted their own laws in 2005 and 2006 respectively. *Available at: http://www.legalindia.in/approach-high-courts-for-action-against-witchhunts.*

[8] *Available at*: *http://*articles.*timesofindia.indiatimes.com/2011-05-04/jaipur/29508219_1_hc-notice-dayan-pratha*

[9] *Ibid*

आरोपमा राज्यले नै सजाय दिएका अन्य उदाहरणहरु पनि छन् । सन् १६५१ मा Joan and John Carrington लाई र सन् 1663, January 25 मा Rebecca भन्ने व्यक्तिलाई बोक्सीको अभियोगमा मृत्युदण्ड दिइएको थियो : पछि आएर मानव अधिकारको चेतनास्तर बढेको र अन्धविश्वासका कारण हुने यस्तो अपराधमा सजाय दिने प्रचलनको विरोध हुँदै गएपछि सन् १७५० सम्म आईपुग्दा बोक्सीको आरोपमा मृत्युदण्ड दिन नहुने र यदि कसैले बोक्सीको आरोपमा कसैलाई अमानवीय व्यवहार गऱ्यो भने सो व्यक्ति दण्डको भागी हुने कानून पारित भएको पाइन्छ ।[10]

- आधुनिक यूरोपको ईतिहास केलाएर हेर्दा बोक्सीको आरोपमा मानिसहरुलाई यातना दिइने गरेका भयावह घटनाहरु देख्न सकिन्छ । खास गरी मध्य यूरोपमा बोक्सी खेदाउने *œwitch hunts°* नाममा कठघारामा उभ्याउने, यातना दिने र मृत्युदण्ड समेत दिईने गरेका हजारौं उदाहरणहरु छन् । तिनीहरु मध्ये अधिकांश महिलाहरु नै पिडित भएको देखिन्छ ।[11] चौधौं शताब्दीमा आएर *witchcraft* सम्बन्धी धारणाले बदलाव लिन थालेको हो । युरोपमा बोक्सीको सम्बन्धमा पहिलो खुला सुनुवाई पन्धौं शताब्दीमा भएको थियो र अठारौं शताब्दीको अन्त्यमा आएर यो प्रथाको समाप्ती भएको देखिन्छ र एउटा तथ्याङ्क अनुसार सम्पूर्ण युरोपमा उत्तर समयावधिमा यस्तो कुप्रथा चलिरहेको र जर्मनीमा मात्रै २६,००० मानिसहरुलाई बोक्सीको आरोपमा मारिएको पाईन्छ भने सोही कालमा आयरल्याण्डमा ४ जना व्यत्तिर बोक्सीको आरोपमा मृत्यु वरण गर्न बाध्य पारिएका थिए र[12] तर आधुनिक यूरोपमा बोक्सी प्रथा जस्तो अन्धविश्वासमा आधारित अमानवीय व्यवहार कसैले गरेमा त्यस्तो व्यक्ति कडा दण्डको भागी हुने कानूनी सुनिश्चितता रहेको पाइन्छ ।
- अव, दोश्रो प्रश्न **नेपाली समाजमा यसको प्रभाव कस्तो छ** ? भन्नेतिर संक्षिप्त विवेचना गरी हेरौं र हाम्रो समाजमा अभरै पनि बोक्सीको दोषारोपण गरी महिला वर्ग माथि अन्याय अत्याचार गरी मल मुत्र ख्वाउने, गाली बेइज्जती गर्ने, नग्न पारी गाउँ घुमाउने, गाउँ निकाला गर्ने तथा कपाल मुड्ने जस्ता मानव जातिका लागि अति लज्जास्पद कार्य गरी शारीरिक एवं मानसिक यातना दिने जस्ता कार्य हुँदै आएको देखिन्छ । खासगरी समाजमा कोही विरामी भएमा वा निजको मृत्यु हुन गएमा टुनामुना गरी बोक्सी लगाई दिएको भनी शंकित व्यक्तिलाई सामाजिक दण्ड दिने प्रचलन छ । त्यस्तै, कुनै व्यत्तिर बराबर बिरामी रहने गरेको वा निजको मृत्यु हुन गएको आरोप लगाई कुनै भराँक्रीले भने अनुसार कुनै महिलालाई बोक्सीको दोषरोपण गरी ती महिला सित अमानुषिक व्यवहार गर्ने गरेको देखिन्छ । तर त्यस्तो व्यवहार गर्ने व्यक्तिलाई कुनै कानूनी सजायको व्यवस्था नभएकोले दण्डहिनताले प्रश्रय पाईरहेको छ ।[13]
- वास्तवमा भन्ने हो भने मानिसको मृत्यु कुनै न कुनै रोग लागी सोही रोगको कारणबाट विरामी भई हुने गर्दछ । विरामीको सही उपचारको अभावमा वा सांघातिक चोट पटकबाट पनि मानिसको मृत्यु हुने गरेको पाईन्छ । मन्त्रद्वारा टुनामुना गरेको कारणबाट मानिसको मृत्यु भएको तथ्य आजसम्म पुष्टि हुन सकेको छैन । त्यस कुराको कुनै वैज्ञानिक तथ्य वा आधार पनि देखिदैन । तसर्थ कुनै तन्त्र मन्त्र वा टुनामुना गरी मानिस मार्ने भन्ने कुरा सत्य होइन । सो रुढिवादी सोच र

10 *Ibid*

11 http://www.gendercide.org/case_witchhunts.html

12 *Ibid*

13 Critical point to be noted here is that women, who are accused of witchcraft in Nepal, will often not seek any legal or police assistance. Shame, isolation and poverty feed the wheel of no protection, no rights and no dignity for women who are usually at the bottom of societal hierarchy fall victims to the grossly insufficient and ineffective redressal mechanism. The attitude of the police towards these cases is, at best disappointing- and at worst, negligent. According to villagers, police simply encourage the parties involved to settle matters privately, without any proper legal recourse.

अन्धविश्वासको द्योतक हो । अशिक्षित र असभ्य समाजमा मात्र यस्ता कुविचारको बाहुल्यता रहन्छ । तसर्थ बोक्सीको निराधार र अन्धविश्वासी आरोप लगाई कुनैपनि स्त्रीलाई नग्न पारी गाउँ घुमाउनु, गुहुमूत घोली खुवाउनु, कपाल मुण्डन गर्नु जस्ता अति असभ्य, अमानवीय क्रूर तथा अमानुषिक व्यवहार गरी महिलाको इज्जत, मान तथा प्रतिष्ठामा आघात पुऱ्याउने गरी गरिने सम्पूर्ण क्रियाकलापहरु जघन्य अपराधिक क्रिया कै श्रेणीभित्र पर्दछन् ।

- हाम्रो समाजमा महिला माथि यस किसिमले हुने गरेको अपराधिक क्रियाहरु दिन प्रतिदिन झन् झन् बढ्दै गरेको तथ्यहरु संचार माध्यमहरुबाट देखिन गरेको छ । सार्वजनिक रुपमा सञ्चार माध्यमहरुले प्रकाशित गरेका समाचारहरुबाट २०५२ सालमा महोत्तरी जिल्लामा पम्पादेवी र बुधनी खातुन, २०५४ सालमा राजधानी काठमाण्डौको मैतीदेवीमा सरस्वती अधिकारी, २०५५ सालमा महोत्तरीका बुचिया देवी, २०५६ सालमा सुनयना देवी, २०५७ सालमा धनवन्ती देवी, रामेछाप जिल्लामा रत्नमाया कामी र २०५८ सालमा धनुषा जिल्लामा अनुरदेवी माथि बोक्सीको आरोप लगाई उनीहरु सित गरेको अमानुषिक व्यवहार बारे सर्वसाधारणलाई जानकारी हुन आएको छ ।[14] हालपनि महिला माथि बोक्सीको आरोप लगाई गर्ने गरेको अमानुषिक कार्यहरु बढ्दै गएको देखिन्छ । निश्चय पनि यसलाई सभ्य समाजको कलंक हो भन्न सकिन्छ । यसप्रकार माथि विश्लेषण गरिएका तथ्यहरुबाट नेपाली समाजमा बोक्सी प्रथाले जरो गाडेर बसेको प्रष्ट हुन्छ । नेपाली समाजको अन्धविश्वास, परम्परा र सोचाईबाट यस्तो कुप्रथाको अन्त्य हुनका लागि अझै केही समय लाग्न सक्ने देखिन्छ । खासगरी बोक्सी प्रथाको विरुद्धमा अहिलेसम्म पनि कुनै विशिष्टिकृत कानून नभएको र सो कानूनको अभावमा पिडकलाई यथोचित दण्ड दिन सक्ने अवस्था नभएकोले बोक्सी प्रथा जस्तो विकृत सामाजिक सोचाईले समाजमा प्रश्रय पाईरहेको हो । अन्तर्राट्रिय मानवअधिकार कानूनको दृष्टिकोणबाट नेपालले यस सम्बन्धी उपयुत्तर कानूनी प्रबन्ध गर्नुपर्ने दायित्वलाई पञ्छाउन मिल्दैन ।[15]
- अव, तेश्रो प्रश्न **मानव अधिकारको दृष्टिकोणबाट बोक्सी प्रथालाई कसरी हेर्न सकिन्छ** ? भन्ने सन्दर्भमा केहि छलपरल गरिनु वान्छनीय हुन आउँछ र यस सन्दर्भमा हेर्दा, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ (Universal Declaration of Human Rights-UDHR, 1948), नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ (International Convention on Civil 7 Political Rights-ICCPR, 1966) र महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (Convention on Ele/ination of all for/s of Discri/ination Against Wo/en-CEDAW, 1979) मा भएका कानूनी व्यवस्थाहरुको अध्ययन गर्नुपर्ने हुन्छ र UDHR ले सवै मानव कानून समक्ष समान हुने र कानूनको समान संरक्षणको अधिकार हुने कुराको उद्घोष गरेको छ र यसै अनुसार महिला र पुरुष मानव भएको नाताले सवै अधिकार समान रुपमा उपभोग गर्न योग्य, सक्षम र स्वतन्त्र छन् र मानव अधिकारको उत्तर घोषणापत्रको धारा १ ले मानिसलाई आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारको प्रत्याभूति गरेको छ र त्यस्तै नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

[14] *रेश्मा थापा समेत विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालय समेत,* ने.का.प. २०६२, नि.न. ७४९८, अंक २, पृ. २०५

[15] Nepal is a signatory to the Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW). Nepal ratified and declared on 22 April 1991 that Nepal is bound by the CEDAW convention and shall abide by it. This convention defines discrimination against women as ".. any distinction, exclusion or restriction made on the basis of sex which has the effect or purpose of impairing or nullifying the recognition, enjoyment or exercise by women, irrespective of their marital status, on basis of equality of men and women, of human rights and fundamental freedoms in the political, social, economic, cultural, civil or any other field.

(International Convention on Civil 7 Political Rights, 1966) को धारा २६ मा सवै व्यक्तिहरु कानूनको दृष्टिमा समान छन् र कुनै भेदभाव विना कानूनको समान संरक्षणका हकदार छन् भन्ने उल्लेख छ । त्यस्तै नागरिकलाई सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनैपनि भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति यस महासन्धिले गरेको छ । सोही महासन्धिको धारा ६ ले जीवनको अधिकार (Right to Life) लाई प्रत्याभूति दिएको छ । महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (Convention on Elemination of all forms of Discrimination Against Women) १९७९ ले महिला तथा पुरुषको बिचमा रहेका सवै प्रकारका भेदभावलाई उन्मूलन गर्ने र उनीहरु बिच सबै क्षेत्रमा समानता कायम गर्ने उद्देश्य लिएको छ ।[16] त्यस्तै यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि (Convention against Tortour, 1984) ले पनि यातना तथा क्रुर र अमानवीय एवम् अपमानजनक व्यवहारलाई निषेध गरेको छ । सो महासन्धिको धारा ४(१) ले प्रत्येक पक्ष राष्ट्रले यातनाजन्य सवै कार्यहरु आफ्नो फौजदारी कानून अन्तर्गत कसुर हुने कुरा सुनिश्चित गर्नेछन् भन्ने दायित्व तोकेको छ भने सोही धारा ४ (२) ले त्यस्ता कसुरको गम्भिरतालाई विचार गरी उपयुक्त दण्ड सजायको व्यवस्था गर्नुपर्ने दायित्व निर्धारण गरेको पाइन्छ । यस क्रममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले सम्पुर्ण नागरिकलाई समानताको अधिकार र संरक्षण समेतको प्रत्याभुति दिएको छ । संविधानको प्रस्तावनाले मानव अधिकारको संरक्षण गर्ने प्रतिवद्धता जनाएको छ । यसरी मानव अधिकारको दृष्टिकोणबाट हेर्दा कुनैपनि व्यक्तिलाई बोक्सा बोक्सीको नाउँमा दिईने सामाजिक दण्डलाई एउटा पछौटे, असभ्य समाजको निकृष्ट कार्य मानी त्यस्तो कार्य दण्डनीय हुनुपर्छ भन्न सकिन्छ ।

- यसप्रकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको परिप्रेक्ष्यमा बोक्सीको आरोपमा कुनैपनि व्यक्तिलाई कसैले दिने यातना तथा अन्य क्रुर अमानवीय एवम् अपमानजनक व्यवहारलाई राज्यको कानूनले दण्डनीय बनाउनु अत्यावश्यक कुरा हो । नेपालको सन्दर्भमा अझैसम्म पनि बोक्सी प्रथालाई कानूनले दण्डनीय कार्य भनी घोषणा नगरेको तर यस विषयमा कानून मस्यौदा भई विधायिकामा छलफलको क्रममा रहेको बुझिएकोले भावी दिनमा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनका मापदण्डसंग मेल खाने गरी उपयुक्त कानूनी व्यवस्थाको प्रादुर्भाव हुनेछ भन्ने विश्वास लिन सकिन्छ ।
- यसप्रकार उपर्युक्त सैद्धान्तिक विवेचना पछि अब निर्णयार्थ प्रश्तुत चौथो प्रश्न, **प्रस्तुत मुद्दामा मृतकको मृत्यु बोक्सीको आरोपमा कर्तव्यबाट भएको हो होइन** ? भन्ने तर्फ विचार गरौं । सो तर्फ हेर्दा यी प्रतिवादी उपर किटानी जाहेरी परेको छ । सो जाहेरीमा मृतक निरमाया स्याङतानलाई बोक्सीको आरोप लगाई हँसियाले कपाल काट्ने, सिस्नो लगाउने, मानिसको दिसापिसाव ख्वाउने, कुटपिट गर्ने लगायतको कार्य गरी निज उपर क्रुर तथा अमानवीय कार्यहरु गरी निजको मृत्यु हुन गएकोले आवश्यक कारवाही गरी पाउँ भनी उल्लेख भएको देखिन्छ ।

---

[16] By accepting the Convention, the States commit themselves to undertake a series of measures to end discrimination against women in all forms, including;

- To incorporate the principle of equality of men and women in their legal system, abolish all discriminatory laws and adopt appropriate ones prohibiting discrimination against women.
- To establish tribunals and other public institutions to ensure the effective protection of women against discrimination; and
- To ensure elimination of all acts of discrimination against women by persons, organizations or enterprises.

घटनास्थल तथा लाश प्रकृति मुचुल्कामा पूर्णसिंह स्याङ्तानको घरको पिँढीमा सेतो कपडाले छोपी राखेको लाशको वरिपरी फलामको हम्मर, कैंची, सिस्नो, दिसा पिसावको घोल सहितको कचौरा, लठ्ठी, काटेको कपाल समेत छरिएको अवस्थामा रहेको, मृतक निरमाया स्याङ्तानको लाशको टाउकाको कपाल काटेको, शरीर भरी मानिसको मलमुत्र लागेको, रातो निलो डामहरु रहेका, नाकमुखबाट रगत बगिरहेको भन्ने समेत व्यहोरा उल्लेख भएको छ । जसबाट प्रतिवादी उपरको जाहेरी व्यहोरा थप समर्थित हुन आएको देखिन्छ ।

- यसका साथै मृतक निरमाया स्याङ्तानको टाउकोको चोटको कारण मृत्यु भएको (Death is due to head injury) भन्ने समेत व्यहोराको लाश पोष्टमार्टम प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । मृतकको शरीरमा यत्रतत्र घाउचोटहरु देखिएका छन् । कपाल मुडिएको छ । दिसापिसाव खुवाईएको छ । वारदातमा प्रयोग भएका कैंची, हम्मर, बाल्टिन लगायतका सामग्रीहरु बरामद भएको अवस्था छ । मृतकलाई बोक्सी भनी आरोपित गरिएको र सो बोक्सी झार्ने कार्यमा प्रतिवादीहरुको सहभागिता रहेको भन्ने कुरा निजै प्रतिवादीहरुको बयानबाट खुलिरहेको छ । यसका अतिरिक्त जाहेरवाला पूर्णसिंह स्याङ्तानको श्रीमती निरमाया स्याङ्तानलाई बोक्सीको आरोप लगाई काजी भन्ने हरि बहादुर वि.क, साईलीमाया वि.क, राजकुमार वि.क, प्रेम बहादुर स्याङ्तान, देवमाया लामा, जीवन मोक्तान, ईन्द्र बहादुर स्याङ्तान, जोग बहादुर मोक्तान, राम बहादुर स्याङ्बो समेतले मिति २०६७।२।१ गते बेलुका देखि मिति २०६७।२।२ गते विहानसम्म सिस्नो लगाउने, मानिसको दिसापिसाव खुवाउने, कुटपिट गर्ने कार्य गरी कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोराको अनुसन्धानका त्रममा बुझिएका दिपक भोम्जन समेतका मानिसहरुले गरिदिएको एकै मिलानको घटना विवरण कागजबाट समेत उक्त वारदात कर्तव्यबाट घटेको हो भन्ने कुरा शंकारहित तवरबाट पुष्टि हुन आउँदछ । साथै यी प्रतिवादीहरु आरोपित कसुर गरेकोमा मौकामा पूर्णतŸ सावित रहेका र अदालतमा बयान गर्दा समेत पिडित तथा मृतकलाई कुटपिट गरेको कुरालाई स्वीकार गरेको देखिँदा सो वारदात स्वभाविक रुपमा नभई कर्तव्यबाट भएको हो भन्ने तथ्य शंकारहित तवरबाट प्रमाणित हुन्छ ।
- अब, पाँचौ प्रश्न **यदि कर्तव्यबाट मृत्यु भएको हो भने यिनै प्रतिवादीको कर्तव्यबाट हुन गएको हो होइन** ? भन्ने प्रश्नको निरुपणतर्फ विवेचना गरौं । सो तर्फ हेर्दा यी प्रतिवादीहरुले मृतकलाई बोक्सीको आरोप लगाई विभिन्न किसिमको अमानवीय एवम् क्रुर व्यवहार गरी यातना दिई कर्तव्य गरी मारेकोमा कारवाही गरी पाउँ भनी मृतकका पति पूर्णसिंह स्याङतानले किटानी जाहेरी दिएको अवस्था छ । सो घटनामा स्वयम् जाहेरवाला समेत घाईते भएको तथ्य निज जाहेरवालाको घाउजाँच केश फारामबाट पुष्टि हुन आएको छ । प्रतिवादीहरुले आरोपित कसुर आफुहरुकै कर्तव्यबाट हुन गएको हो भनी घटनाको सिलसिलाबद्ध वर्णन गरी अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी समक्ष बयान गरेको अवस्था छ भने अदालतमा पनि घटनासंग सम्बन्धित अधिकांश तथ्यहरु स्वीकार गर्दै कुटपिट गरकोमा सावित रही बयान गरेको पाईन्छ ।
- मृतक निरमायालाई बोक्सीको आरोप लगाइएको छ । परम्परागत तथा पछौटे नेपाली समाजको ग्रामिण परिवेशमा कुनैपनि महिला उपर यस्तो किसिमको कथित बोक्सीको आरोप लगाउनु नेपाली समाजको एउटा नकारात्मक विशेषता र कमजोर पक्ष पनि हो । यी मृतकको हकमा पनि त्यस किसिमको सामाजिक लाञ्छना लगाइएको देखिन्छ । मृतक निरमायाले साईलीमाया वि.क.लाई जाँडमा बोक्सी लगाई खान दिएकी कारणले साईलीमाया विरामी भएकी भन्ने अन्धविश्वासले यी प्रतिवादीहरुमा गहिरो जरा गाडेको देखिन्छ । जुन कुरा प्रतिवादीहरुले गरेको बयानबाट स्पष्ट हुन्छ । मृतक निरमायालाई बोक्सी कायल गराउने भनी यी प्रतिवादीहरुले सो

वारदातको योजना बनाएको प्रष्ट देखिएको छ । उनीहरुबाट सो योजना अनुरुप मृतक निरमाया उपर सिस्नो लगाउने, मानिसको दिसा ख्वाउने, हँसियाले कपाल मुड्ने र कुटपिट गर्ने समेतको अमानुषिक कार्य भर रातसम्म भएको देखिन्छ ।

- यी प्रतिवादीहरुले उक्त कर्तव्य गरेका हुन् होईनन् भन्ने थप निश्चयका लागि प्रथमत। प्रतिवादीहरुकै बयान व्यहोरालाई विश्लेषण गर्नु सान्दर्भिक हुन्छ । सो तर्फ हेर्दा, ***उक्त कसुर गर्दा मानिस जम्मा गर भनी वचन दिने, पञ्चा अन्तरे भन्ने रामबहादुर स्याङ्बो हुन् र निरमायालाई पहिला हात छाड्ने म हुँ*** भनी प्रतिवादी देवमाया लामाले अधिकार प्राप्त अधिकारी समक्ष साविती बयान गरेकी छन् भने अदालतमा म हेरि बसेको हुँ मात्र भनी कसुरमा आफ्नो संलग्नतालाई ईन्कारी गरेतापनि वारदातस्थलमा उपस्थित भएको कुरालाई स्वीकार गरेकी छन् । त्यस्तै अर्का प्रतिवादी प्रेमबहादुर स्याङतानले ***मृतकलाई दिसापिसाव ख्वाउने, कपाल काट्ने, सिस्नो लगाउने, कुटपिट गर्ने लगायतको कार्य गरी मारेको हो*** भनी मौकामा सावित रहेका छन् । अदालतमा पनि अन्य सह अभियुक्तलाई पोल गर्दै आफुले ***"मैले कपाल काट्ने काम सम्म गरेको हुँ"*** भनी साविती बयान दिएका छन् । अर्का प्रतिवादी काजी भन्ने हरिबहादुर वि.क.ले पनि मृतक निरमायालाई विभिन्न यातना दिई कर्तव्य गरी मारेको हो भनी मौकामा सावितै रहेको पाइन्छ भने अदालतमा बयान गर्दा पनि ***मेरी श्रीमति विरामी पर्दा विसेक नभएपछि बोक्सी लगाएको भन्नेमा विश्वास भयो र बोक्सी कवोल गर्दछिन् कि भनेर देवामाया, प्रेमबहादुर, राजकुमार वि.क., साईलीमाया वि.क. समेत भई भैंसीको गोवर, तेल र नुन ख्वाई दिएका थियौं । राजकुमार र म भएर समाएर ख्वाएको हो । काँटी हम्मर कैंची र लाठी मेरो छोरा राजकुमारले ल्याएको हो*** भनी अन्य सह अभियुक्तलाई समेत पोल गरी आफु समेत सावित भई बयान गरेको पाइन्छ ।
- त्यस्तै गरी प्रतिवादी साईलीमाया वि.क.ले गरेको मौकाको बयानमा ***मिति २०६७।२।१ गतेको साँझ आफु समेत भई मानिसहरु जम्मा गरी मृतक निरमायालाई केरकार गर्ने, कपाल काट्ने, सिस्नु लगाउने, दिसापिसाव ख्वाउने, कुटपिट गर्ने कार्य गर्दा गर्दै २०६७।२।२ गतेको विहान छ.०० बजे मृत्यु भएको हो*** भनी आफु सावित भई अरु सहअभियुक्तलाई समेत पोल गरी बयान गरेको अवस्था छ । तर अदालतमा आफु ईन्कार रही परबाट घटना हेरेको भन्नेसम्म स्वीकार गरी अन्य प्रतिवादीहरुले गरेको कर्तव्यबाट मृतकको मृत्यु भएको हो भनी बयान गरेको देखिन्छ । प्रतिवादी जीवन मोक्तानले मौकामा ***देवमाया लामा समेतले निरमायालाई सिस्नो लगाउने, कपाल काट्ने, दिसापिसाव ख्वाउने कुटपिट गर्ने समेतको यातना दिएको कारणबाट मृतकको मृत्यु भएको हो । म भने घटनामा मौजुद मात्र थिएँ*** भनी र अदालतमा गरेको बयानमा ***राजकुमार वि.क. प्रेमबहादुर स्याङतान, हरिबहादुर वि.क.ले भनेपछि देवमायाले कपालको चुल्ठो समाउने, हरिबहादुर वि.क., राजकुमार वि.क. र प्रेमबहादुर स्याङतानले कपाल काटी सिस्नो लगाई दिने तथा मानिसको दिसापिसाव घोली शरीरमा खन्याई दिने काम गरेका थिए । सो समयमा साईलीमाया, जोगबहादुर, ईन्द्रबहादुर समेत उपस्थित थिए*** भनी आफुलाई कसुरदारको आरोबाट पर राखी अन्य प्रतिवादीहरुलाई पोल गरको देखिन्छ । तर निजको ईन्कारी अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको भने पाइदैन ।
- त्यस्तै प्रतिवादी जोगबहादुर स्याङतानले तत्काल मौकामा र अदालतमा ***घटनाको दिन जाहेरवालाको घरमा जम्मा भेला भई पञ्चा अन्तरे भन्ने रामबहादुर स्याङबोले निरमायालाई बोक्सी नै हुन् कारवाही शुरु गरौं भनेपछि देवमाया समेतका प्रतिवादीले सिस्नो लगाउने, कपाल काट्ने, दिसापिसाव ख्वाउने, कुटपिट गर्ने समेतको यातना दिँदा निरमायाको मृत्यु भएको हो*** भनी आफु घटनास्थलमा मौजुद भएको तथ्य स्वीकार गरी कसुरमा ईन्कार रही बयान गरेका छन् । तर

कसुरप्रतिको निजको सो ईन्कारी अन्य वस्तुनिष्ठ र स्वतन्त्र प्रमाणबाट पुष्टि गराउन सकेको अवस्था छैन । अर्का प्रतिवादी ईन्द्रबहादुर मोक्तानले पनि माथि उल्लिखित प्रतिवादीहरु ईन्द्रबहादुर र जीवन मोक्तानले बयान गरे जस्तै मृतकलाई यातना दिई कर्तव्य गरी मारेकोमा सह अभियुक्तलाई पोल गरेको तर आफु ईन्कार रहेको अवस्था देखिन्छ ।

- यसप्रकार प्रतिवादीहरुले अनुसन्धानको सिलसिलामा र अदालतमा गरेको उपर्युक्त बयान व्यहोराबाट उक्त वारदातमा निजहरुको कुनैपनि प्रकारको संलग्नता रहेको थिएन भन्ने पुष्टि हुन आउँदैन । यसरी प्रतिवादीहरुले मौकाको बयानमा आफु समेत सावित भई एकअर्कामा पोलापोल गरी बयान गरेको अवस्था देखिन्छ भने अदालतमा पनि केही प्रतिवादीहरु आरोपित कसुरमा सावितै भई र केही प्रतिवादीहरु घटनास्थलमा उपस्थितसम्म भएको कुरामा सावित भई अरु कुरामा ईन्कार रहँदै अन्य प्रतिवादीहरुलाई पोल गरी बयान गरेको देखिन्छ । यसै सन्दर्भमा सर्वोच्च अदालतबाट ***रामशरण महत विरुद्ध अनिल श्रेष्ठको जाहेरीले नेपाल सरकार*** भएको कर्तव्य ज्यान मुद्दामा (**ने.का.प.२०६३, अंक ड, नि.न. ७७४९, पृ.१०३४** सहअभियुक्तको पोललाई मुद्दाको थप निश्चयका लागि प्रमाणमा लिन सकिने भनी व्याख्या भएको छ । उक्त व्याख्या अनुसार ***अन्य आधारभूत स्वतन्त्र प्रमाणहरुबाट वारदात वा कसुर कायम हुन सक्ने स्थितिमा सह अभियुक्तको पोललाई थप निश्चयका लागि प्रमाणमा लिन सकिने हुन्छ*** भनी व्याख्या भएको पाइन्छ । प्रस्तुत मुद्दामा पनि अन्य संकलित प्रमाणको रोहमा माथि विवेचना गरिएको कारण तथा आधारबाट यी प्रतिवादीहरु कसुरदार नै हुन् भन्ने देखिएकोले सहअभियुक्तको पोलापोलबाट समेत निज प्रतिवादीहरु कसुरदार रहेछन् भनी थप पुष्टि हुन आउँछ । यसका अतिरित्तः यी प्रतिवादीहरुले अनुसन्धानको क्रममा मौकामा गरेको वयान प्रमाण ऐन, २०३१ को दफा ९ (२) (क) १, २, ३ अनुसार अन्यथा प्रमाणित नभईरहेको अवस्थामा मुद्दाका पक्षले व्यक्त गरेको सो कुरालाई निजको विरुद्धमा सोही दफा ९ (१) अनुसार प्रमाणमा लिन मिल्ने नै हुन्छ ।
- अनुसन्धानको क्रममा बुझिएका सुनमाया घलान, दिपक योञ्जन समेतले यिनै प्रतिवादीहरुको क्रुर यातना र कर्तव्यबाट मृतक निरमायाको मृत्यु भएको हो भनी गरेको कागज व्यहोरालाई पुष्टि हुने गरी अदालतमा आई बकपत्र गरी दिएको अवस्था छ । त्यस्तै जाहेरवाला पूर्णबहादुर स्याङतानले आफ्नो जाहेरी व्यहोरालाई नै समर्थन गरी बकपत्र गरिदिएको पाइन्छ । प्रमाण ऐन, २०३१ को दफा १० ले कुनै काम घटना वा अवस्थाका सम्बन्धमा देहायका कुनै व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरालाई प्रमाणमा लिन मिल्ने नै हुन्छ ।

*क) सो काम गर्ने वा सो काम घटना वा अवस्था प्रत्यक्ष रुपमा देख्ने वा थाहा पाउने व्यक्ति, वा*

*ख) सो काम घटना वा अवस्थाबाट पिडित भएका व्यक्ति ।*

- प्रस्तुत मुद्दामा अभियोग दावी अनुसारको कसुर गर्ने व्यक्ति यी प्रतिवादीहरुले गरेको बयान र सो घटनालाई प्रत्यक्ष रुपमा देख्ने जाहेरवाला पूर्णबहादुर स्याङतान तथा मौकामा कागज गर्ने सुनमाया घलान र दिपक योञ्जनले घटनाको सम्बन्धमा यथार्थ विवरण खुलाई आ-आफ्नो भनाई लेखबद्ध गरेको अवस्था भएकोले प्रमाण ऐन, २०३१ को दफा ८ र १८ बमोजिम अदालत समक्ष भएको बकपत्रलाई शंकारहित तवरबाट प्रमाणमा लिन हुन्छ । साथै उक्त जाहेरवाला र मौकामा कागज तथा बकपत्र गर्ने व्यक्तिहरु घटनाका प्रत्यक्षदर्शी भएको हुनाले त्यस्ता व्यक्तिले व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा ३७ (क° ले प्रत्यक्ष एवम् मौलिक प्रमाण (Direct or Orgingal Evidence) को रुपमा ग्राह्य गरिनु पर्दछ । अतः यसबाट समेत यी प्रतिवादीहरु निर्दोष हुन् भन्न मिल्ने अवस्था देखिँदैन ।

- जहाँसम्म प्रतिवादीका आ-आफ्ना साक्षीहरुको बकपत्रमा उल्लिखित व्यहोराबाट यी प्रतिवादीहरु कसुरदार होइनन् कि भनी हेर्नुपर्ने अवस्था छ, त्यसतर्फ दृष्टिगोचर गर्दा प्रथमत ती साक्षीहरुले निज प्रतिवादीहरु निर्दोष छन् भनी लेखाएतापनि साक्षीहरुले आफु घटनाको प्रत्यक्षदर्शी नरहेको भनी लेखाई दिएको अवस्था छ । घटनास्थलमा प्रतिवादीहरु उपस्थित भएको र मृतकलाई कुटपिट गरेको कुरालाई स्वयम प्रतिवादीहरुले नै स्वीकार गरेका छन् । यस्तो अवस्थामा केवल सुनी जान्ने साक्षीको भनाईजस्तो एकल आधारलाई मात्र प्रमाणको रुपमा लिई प्रतिवादी उपरको निर्दोषिता पुष्टि हुन सक्दैन ।
- मृतकको मृत्यु चरम यातनाको कारणबाट भएको भन्ने तथ्यमा विवाद छैन । लाश जाँच प्रकृति मुचुल्का र घटनास्थल प्रकृति मुचुल्का, बरामदी मुचुल्का एवम् शव परीक्षण प्रतिवेदनबाट समेत सो कुराको पुष्टि भएको छ । उक्त मुचुल्कामा मृतकको शरीर भरी घाउचोटहरु परेको देखिन्छ । कपाल काटिएको, दिसापिसाव ख्वाईएको, लछारपछार गरिएको, कुटपिट गरिएको जस्ता बर्बर र यातनापूर्ण क्रियाहरु मृतक उपरमा भएको देखिन्छ । बोक्सी जस्तो अन्धविश्वासी र सामाजिक कुप्रथालाई मानेर यी प्रतिवादीहरुले मृतकलाई उपर्युक्त बमोजिम क्रुर यातना दिएको तथ्य बरामद भई आएका यातनामा प्रयोग गरिएका साधनहरु जस्तै हँसिया, कैची, लाठी, मानिसको दिसापिसाव रहेका भाँडाकुँडाहरु समेतबाट समर्थित भएको अवस्था छ । शव परिक्षण प्रतिवेदनमा *RELEVENT DETAILS : "A fe.ale dead body of abt 5'3" long, H/O death due to physical assult"* भन्ने उल्लेख छ भने *CAUSE OF DEATH – "Death is due to head injury"* भनी उल्लेख भएको पाइन्छ । यसरी मृतकमाथि हातपात गर्दै शारीरिक आक्रमण भएको रहेछ भन्ने कुरा सो प्रतिवेदनबाट पुष्टि हुन्छ । त्यसैगरी जाहेरवाला व्यक्ति मृतकका पतिको शारिरीक घाउ जाँच केश फाराममा उल्लिखित ***"दायाँ हातको कुईनोमा चोट, घिसारेको चोट"*** भन्ने व्यहोराले पनि प्रतिवादीहरुले मृतक तथा मृतकका पति उपर शारिरीक आक्रमण *(Physical assult)* गरेको तथ्य स्वयंसिद्ध रुपमा प्रमाणित भएको छ ।
- यसप्रकार प्रतिवादीहरु उपरको किटानी जाहेरी, घटनास्थल तथा लाश जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरुको मौकाको र अदालतमा भएको बयान, बुझिएका मानिसहरुको मौकाको कागज र अदालतमा भएको बकपत्र, जाहेरवालाको घाउजाँच केश फाराम, वारदातमा प्रयोग भई बरामद भई आएका हातहतियार तथा अन्य सामानहरु समेतका संकलित सबुद प्रमाणहरुबाट यी प्रतिवादीहरुले नै मृतकलाई बोक्सीको आरोपमा गम्भीर अमानवीय एवम् क्रुर यातना दिई कर्तव्य गरी मारेको ठहर्छ ।
- अव, पाँचौ प्रश्न, **प्रतिवादीहरुलाई आरोपित कसुर गरेकोमा के कस्तो सजाय हुनुपर्ने हो** ? भन्ने सम्बन्धमा निर्णयतर्फ हेर्दा प्रतिवादीहरु उपर निम्न बमोजिमको कसुरमा निम्न बमोजिम सजाय गरी पाउँ भनी अभियोग मागदावी लिएको अवस्थालाई हेर्नुपर्ने हुन्छ –
  १. प्रतिवादीहरु काजि भन्ने हरिबहादुर वि.क, राजकुमार वि.क, देवमाया लामा र प्रेमबहादुर स्याङतान समेतले मृतक निरमायालाई बोक्सीको आरोपमा रातभरि विविध यातना समेत दिई निजको शरीर थिलो(थिलो पारी टाउको समेतमा हम्मर, लाठीबाट गम्भिर चोट पुऱ्याई कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. को कसूर अपराध गरेमा निज प्रतिवादीहरुलाई सोही महलको १३ (३) नं. अनुसार सजाय गरी पाउँ ।
  २. प्रतिवादी पञ्चा अन्तरे भन्ने राम बहादुर स्याङ्तानले सो वारदात घटाउन उक्साउने तथा आदेश वचन दिने कार्य गरी सोही महलको १ नं. अनुसारको कसूर गरेमा निज प्रतिवादीलाई सोही महलको १३ (४) नं. अनुसार सजाय गरी पाउँ । प्रतिवादी साईलीमाया वि.क.ले मृतक

निरमायाको ज्यान मार्ने कार्यमा प्रथम शुत्राधार भै मुख्य भै वचन दिई सोही महलको ज्ञ नं. को कसूर अपराध गरेमा निजलाई सोही महलको १३ (४) अनुसार सजाय गरी पाउँ ।

३. प्रतिवादी ईन्द्र बहादुर मोक्तान, जोग बहादुर स्याङ्तान र जीवन मोक्तान समेतले मृतक निरमायालाई बोक्सीको आरोपमा घेरा हाली केरकार गरी निजको कपाल मुड्ने, सिस्नो लगाउने कार्यमा संलग्न भै निजको जिउमा हात हालि मार्नेमा संयोग पारी मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ न). को कसूर अपराध गरेकोमा निज प्रतिवादीहरुलाई सोही महलको १३ (४) अनुसार सजाय गरी उल्लेखित सवै प्रतिवादीहरुले बोक्सीको आरोपमा मृतक निरमायालाई अमानविय व्यवहार गरी निर्दयी र निर्मम एवम् क्रुर यातना समेत दिई मुलुकी ऐन, अदलको महलको १० (ख) नं. को कसूर गरेकोमा सोही महलको १० (ख) मा उल्लेखित सजाय समेत गरी पाउँ ।

- उक्त माग दावी लिइएको कानूनी व्यवस्था अनुसार सजाय निर्धारण गर्ने क्रममा सर्वप्रथम मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ नं. मा उल्लिखित प्रावधानलाई हेर्दा, ***"कसैले कुनै मानिसको ज्यान मार्न वा मार्न लगाउन हुँदैन"*** भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । त्यस्तै अभियोगपत्रमा दावी लिइएको ज्यान सम्बन्धीको १३ (३) नं. मा ***"..... अरु ज्यान मार्ने गैह्र कुरा गरी ज्यान मरेमा एकैजनाले मात्र सो काम गरी ज्यान मारेमा सोही १ जना र धेरैजनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्व सहित जन्मकैद गर्नुपर्छ"*** भन्ने व्यवस्था भएको देखिन्छ । त्यस्तै ज्यान सम्बन्धीको १३ (४) नं. मा ***"जुनसुकै कुरा गरीकन पनि ज्यान मार्नामा वचन दिनेलाई ... जन्मकैद गर्नुपर्छ"*** भन्ने व्यवस्था भएको पाइन्छ ।
- यसरी उपर्युक्त कानूनी व्यवस्थाको सन्दर्भमा आरोपित कसुर गरेको ठहर भएका प्रतिवादीहरुलाई हुनसक्ने सजाय तर्फ हेर्दा, माथि विभिन्न प्रश्नहरुमा तत्तत् प्रकरणमा गरिएको व्याख्या विवेचना समेतबाट प्रति व्यक्ति प्रतिकसुरको मापदण्डलाई विर्सन हुँदैन । यसरी विचार गर्दा, यी प्रतिवादीहरु मध्ये प्रतिवादी देवमाया लामा, प्रतिवादी हरिबहादुर वि.क., प्रतिवादी राजकुमार वि.क. र प्रतिवादी प्रेमबहादुर वि.क. को हकमा अभियोग दावी अुनसारको कसुर अपराध गर्नमा सक्रिय संलग्नता रहेको प्रमाणबाट पुष्टि हुन आएकोले निज प्रतिवादीहरुलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३ (३) नं. अनुसार सर्वस्व सहित जन्मकैद हुने ठहर्छ ।
- अर्का प्रतिवादी साईलीमाया वि.क.लाई पनि ज्यान सम्बन्धीको १ नं. र १३ (४) नं. अनुसारको कसुर गरेको प्रमाणित हुन आएकोले सोही ऐनको दफा १३ (४) अनुसार जन्मकैद हुने ठहर्छ ।
- अन्य प्रतिवादीहरु जीवन मोक्तान, योगबहादुर स्याङतान र ईन्द्रबहादुर मोक्तानको हकमा घटनास्थलमा उपस्थित रहेको तथ्यमा सावितै भएको तर अरु कुरा केही नगरी हेरिरहेको भन्ने पुष्टि हुन आएकोले निजहरुलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १७ (३) अनुसार जनही १ (एक) वर्ष ८ (आठ) महिना कैद सजाय हुने ठहर्छ ।
- मृतकलाई यी प्रतिवादीहरुले बोक्सीको आरोपमा अमानवीय व्यवहार गरी निर्दयी र निर्मम एवम् क्रुर यातना समेत दिई मुलुकी ऐन, अदलको महलको १० ख. नं. को कसुर गरेकोमा सोही महलको १० (ख) मा उल्लिखित सजाय समेत गरी पाउँ भन्ने अभियोग मागदावीको सम्बन्धमा समेत विचार गर्नुपर्ने भएको छ । यस सम्बन्धमा विद्घमान मुलुकी ऐन, अदलको १० ख. न). को कानूनी व्यवस्था निम्न बमोजिम रहेको छ -

*"कसैले कसैलाई बोक्सो वा बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोपमा निजलाई बसोवास गरेको ठाउँबाट निकाला गर्ने, सामाजिक बहिष्कार गर्ने वा अन्य कुनै अमानवीय वा अपमानजनक*

*व्यवहार गर्ने वा यातना दिने काम गरेमा वा कुनै रोग लागेको व्यक्तिलाई त्यस्तो रोग लागेको कारणबाट तिरस्कार वा अमानवीय वा अपमानजनक व्यवहार गरी निजलाई बसोवास गरेको ठाउँबाट निकाला गरेमा तीन महिनादेखि दुई वर्षसम्म कैद वा पाँच हजार रुपैयादेखि पच्चिस हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ।"*

- उपर्युक्त कानूनी व्यवस्था अनुसार प्रस्तुत मुद्दामा प्रतिवादीहरु मध्येका देवमाया लामा, काजि भन्ने हरिबहादुर वि.क., राजकुमार वि.क., प्रेमबहादुर स्याङतान र साईलीमाया वि.क.ले मृतकलाई बोक्सीको आरोपमा अमानवीय र अपमानजनक व्यवहार गरी यातना दिने कार्य गरेबाट निज मृतक निरमाया स्याङतानको मृत्यु हुन गएकोले माथिका विभिन्न प्रकरणहरुमा विवेचित आधार तथा कारण समेतबाट यी प्रतिवादीहरुलाई जन्मकैद सजाय हुने ठहर भईसकेको छ । यस अवस्थामा निज प्रतिवादीहरुलाई अदलको १० ख. न). मा उल्लिखित कसुर समेत गरेको कारणबाट मृतकको मृत्यु भएको देखिएको हुँदा प्रतिवादीहरु मध्येका देवमाया लामा, काजि भन्ने हरिबहादु वि.क., राजकुमार वि.क., प्रेमबहादुर स्याङतान र साईलीमाया वि.क. लाई सोही अदलको महलको १० ख. नं. बमोजिम जनही २ (दुई) वर्ष कैद र रु.२५,०००।- (पच्चिस हजार रुपैया) जरिवाना समेत हुने ठहर्छ । अन्य प्रतिवादीहरु जोगबहादुर स्याङतान, जीवन मोक्तान र ईन्द्रबहादुर मोक्तानलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको १७ (३) नं. बमोजिम सजाय हुने ठहर भएको परिप्रेक्ष्यमा अदलको १० ख. नं. को अभियोग दावी पुग्न सक्दैन । सो ठहर्नाले अरुमा तपसिलमा लेखिए बमोजिम गर्ने गरी मु. ऐन, अ.वं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।

## तपसिल खण्ड

माथि इन्साफ खण्डमा लेखिए बमोजिम फरार रहेका प्रतिवादी पञ्चा अन्तरे भन्ने रामबहादुर स्याङबोको हकमा अ.व. १९० नं. बमोजिम मुल्तवी रहने ठहरेकाले निज प्रतिवादी आफै हाजिर हुन आए वा पक्राउ परी आए उसै बखत र हाजिर नभए पक्राउ परी नआए अंश रोक्का मुचुल्का भएका मितिले २ वर्ष नाघेपछि मुल्तवीबाट जगाई कारवाही किनारा गर्ने गरी मुल्तवी किताबमा दर्ता गरी राख्नु र निज फरार प्रतिवादीको अंश रोक्का सम्बन्धी मुचुल्का गर्नु ........................................................................................१

देहायका प्रतिवादीहरुलाई माथि ईन्साफ खण्डमा लेखिए बमोजिम जनही जन्मकैदको सजाय हुने ठहरेकाले निज प्रतिवादीहरु मिति २०६७।२।४ गतेदेखी प्रहरी हिरासतमा रही यस अदालतका मिति २०६७।२।६ का आदेशानुसार मुद्दा पुर्पक्षको लागि थुनामा रहेको देखिँदा प्रहरी हिरासतमा रहेको मितिबाटै कैद कट्टि मिनाहा दिई कानून बमोजिम कैद म्याद ठेकी असुल गर्नु भनी तहसिल फाँटमा लगत दिनु ..............................२

**प्रतिवादी देवमाया लामालाई जन्मकैद** ................................................१
**प्रतिवादी काजि भन्ने हरिबहादु वि.क.लाई जन्मकैद** ................................१
**प्रतिवादी राजकुमार वि.क.लाई जन्मकैद** ................................................१
**प्रतिवादी प्रेमबहादुर स्याङतानलाई जन्मकैद** ...........................................१
**प्रतिवादी साईलीमाया वि.क.लाई जन्मकैद** .............................................१

देहायका प्रतिवादीहरुलाई माथि ईन्साफ खण्डमा लेखिए बमोजिम जनही १ वर्ष ८ महिना कैद हुने ठहरेकाले निज प्रतिवादीहरु मिति २०६७।२।२२ गतेदेखी प्रहरी हिरासतमा रही यस अदालतका मिति २०६७।२।२८ का आदेशले मुद्दा पुर्पक्षको लागि थुनामा रहेको देखिँदा प्रहरी हिरासतमा रहेकै मितिबाट कैद कट्टि मिनाहा दिई कानून बमोजिम कैद म्याद ठेकी असुल गर्नु भनी तहसिल फाँटमा लगत दिनु....................................३

**प्रतिवादी जोगबहादुर स्याङतानलाई कैद १ वर्ष ८ महिना** ........................................१
**प्रतिवादी जीवन मोक्तानलाई कैद १ वर्ष ८ महिना** ..................................................१
**प्रतिवादी ईन्द्रबहादुर मोक्तानलाई कैद १ वर्ष ८ महिना** ............................................१

यस अदालतको ईन्साफमा चित्त नवुझे कानूनका म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्नुहोला भनी थुनामा रहेको प्रतिवादीहरु देवमाया लामा, काजी भन्ने हरिबहादुर वि.क., राजकुमार वि.क., प्रेमबहादुर स्याङतान, साईलीमाया वि.क., जोगबहादुर स्याङतान, जीवन मोक्तान र ईन्द्रबहादुर मोक्तान समेतलाई पुनरावेदनको म्याद दिनु र यस अदालतको ईन्साफमा चित्त नवुझे कानूनका म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्नुहोला भनी फैसलाको प्रतिलिपि साथै राखि जिल्ला सरकारी वकिल कार्यालय मकवानपुर हेटौंडालाई फैसलाको जानकारी दिनु........................४

सरोकारवाला व्यक्तिले फैसला कागजातको नक्कल माग्न आए कानुन वमोजिमको दस्तुर लिई दिनु .........५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरि यस अदालतको फैसला उपर पुनरावेदन परे पुनरावेदन साथै राखी पुनरावेदन नपरे साधक सदरको लागि मिसिल पुनरावेदन अदालत हेटौंडामा पठाउन नियमानुसार गरि अभिलेख फाँटमा वुझाई दिनु ..........................................................................................६

**ना.सु. कपिल अर्याल**
**कम्प्यूटर टाईप गर्ने टा.ना.सु शोभा थापा**
**मुद्दा फाँट (क)**
**पाना २५ को फैसला**

**न्यायाधीश**

**ईति सम्वत २०६८ साल माग २ गते रोज २ शुभम्** ...........

**श्री सुर्खेत जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री कुलप्रसाद शर्मा**
**फैसला**
**निर्णय नं.: २४०**
**र.न.: ७८-०६८-०१९३२**

**मुद्दा : सम्बन्ध विच्छेद ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
| --- | --- |
| सुर्खेत वी.न.न.पा. वडा नं. १० बस्ने बालकुमारी सार्की (नेपाली)......................। | सुर्खेत वी.न.न.पा. वडा नं. १० बस्ने गगनबहादुर सार्की......................................................। |
| साक्षी : ...................................।<br>प्रमाण: नागरिकता फोटोकपी .........। | साक्षी : ...................................।<br>प्रमाणः ....................................। |

**अदालतबाट बुझेको**
साक्षी : गगनबहादुर कामी ........।
" : भक्तबहादुर बस्याल .........।
कागज : ................................।

**प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र तथ्य यस प्रकार रहेको छ :–**

मेरो र विपक्षीको मिति २०४७।१०।२९ गते सामाजिक परम्परा अनुसार प्रेम विवाह भएको हो निज र मेरो करणी सहवासबाट १९ वर्षकी छोरी सीता सार्की, १२ वर्षकी छोरी सुमित्रा सार्की, ९ वर्षकी छोरी चन्द्रा सार्की र वर्ष १७ को छोरा दीपक सार्कीको जायजन्म भएको छ । छोरी सीता सार्कीको विवाह भइसकेको छ । निज छोराछोरीहरू मेरै साथ संरक्षणमा छन् । हाल म गर्भवती छैन । मेरो विपक्षीसँग विवाह भएपछि हामीहरूका बीचमा मिति २०६२ सालसम्म राम्ररी घर व्यवहार चले पनि विपक्षी पतिले मसँग अनाहकमा निहु खोजी झगडा गरी मेरो गाली बेइज्जती गरी मलाई जाँड रक्सी खाई कुटपिट गरी यातना दिन अन्यायीले घरको रेखदेख नगर्ने, घरखर्च नदिने वादी व्यवहारले हामी बीचको सम्बन्ध राम्रो हुन सकेन । मैले पतिको बानी व्यवहारमा सुधार होला भनी सहेर बसी आएकी थिएँ । निज अन्यायीले मलाई दिनहुँ जाँड रक्सी खाई मलाई जात छुट्याई भनी निहुँ खोजी मलाई परपुरुषसँग बसेको आरोप लागई मदिरा सेवन गरी घरमा आई जति खेर पनि घरबाट निस्किहाल भनेर झगडा गरी कुटपिट गरी यातना दिने गरे पनि मैले सहेर बसेकी थिएँ । निज अन्यायीले मिति २०६८।१२।०९ गतेको राति अं.९.०० बजेको समयमा म आफ्नो घर कोठामा बसिरहेको अवस्थामा निहुँ खोजी झगडा गरी मलाई मारिदिने मनसायले सोही कोठामा अन्यायीले लिई राखेको बन्चराले मेरा टाउकामा प्रहार गरी घाइते बनाई मलाई उपचार नगरी सन्चो भएपछि पनि घरमा आउन नदिई मलाई खान बस्न लगाउन व्यवस्था नगरी यसचोटि बाँचिस्, अव तँलाई मर्ने गरी पिट्छु भनी धम्की दिने

गरेकाले ज्याला मजदुरी गरी आफ्नो उपचार गरी छोराछोरीको र आफनो जीवन निर्वाह गरी यो उजुरी निवेदन लिई आएकी छु । विपक्षीले मलाई गाली बेइज्जती गरी कुटपिट गरी, खान लगाउन बस्न मसेत नदिई मेरो ज्यान लिने मनसाय राखी मलाई मेरो टाउकोमा बन्चरो प्रहार गरी घाइते बनाई उपचार नगरी खान लगाउन बस्न नदिई शारीरिक यातना दिई गाली बेइज्जती गरी मानसिक यातना दिई लोग्ने स्वास्नीका १(२) नं. विपरीत कार्य गरेकाले मूल अंशियार विपक्षी १, बालकुमारी सार्की (नेपाली) १, निजतर्फको छोरा दीपक सार्की १, छोरी सुमित्रा विपक्षी १, छोरी चन्द्रा १ समेत ५ जना छौं, सम्पूर्ण चल अचल सम्पत्ति विपक्षीका नाम जिम्मामा भएको र हाल तह हामीबीच अंशबण्डा नभएकाले विपक्षीबाट अंशबण्डाका २०, २१, २२, २३, २४ नं. बमोजिम फाँटवारी मागी सम्पूर्ण सम्पत्तिको ५ भाग लगाई ५ भागको १ भाग अंश मलाई दिलाई भराई अंशबण्डा नहुँदासम्मको मासिक रु. ५०००।- (पाँच हजार) का दरले खाना खर्च मुलुकी ऐन लोग्ने स्वास्नीका ४(क) बमोजिम दिलाई भराई लोग्ने स्वास्नीका १(२) नं. बमोजिम विपक्षी पतिसँगको मेरो लोग्ने स्वास्नीको नाताबाट सम्बन्ध विच्छेद गरी पाऊँ भन्ने **फिराद दाबी** ।

वादीले उल्लेख गरे बमोजिम वादी मेरो विवाहिता श्रीमती हुन् । निजसँगको मेरो करणी सहवासमा छोरी वर्ष २१ की सीता सार्की, छोरा वर्ष १८ को दीपक सार्की, छोरी वर्ष १२ की सुमित्रा सार्की, छोरी वर्ष ९ की चन्द्रा सार्की समेतका सन्तानहरू जन्म भई छोरी सीता सार्कीको विवाह भएको भन्ने दाबी ठीक छ । त्यसमा कुनै विवाद छैन । जहाँसम्म निजको दाबी बमोजिम म दिनहुँजसो जाँड रक्सी खाएर झगडा र कुटपिट गरी यातना दिने परपुरुषसँग बसेको आरोप लगाउने, निजलाई मार्न बन्चरो टाउकोमा हिर्काएको भन्ने दाबी छ सो बिल्कुलै झुट्टा हो । म प्रतिवादीले विपक्षी वादी समेतका एकाघर सगोलका परिवारजनलाई पालन पोषण, स्वास्थ्य उपचारका साथै छोरा छोरीको शिक्षा दीक्षाका लागि मैले दैनिकजसो मजदुरी काम गर्ने र मजदुरीबाट घर खर्च धान्न नसकी मेरो स्वर्गीय बुवा रतबहादुर सार्कीबाट अंश बापत पाएको सम्पत्ति वादीको सहमति र मञ्जुरीले बिक्री गरी घर व्यवहार चलाई आएको अवस्था छ भने वादीको दाबी बमोजिम मैले निजलाई खाना, लाउन बस्न नदिने निजलाई शारीरिक मानसिक यातना दिने अवस्था हुँदैन । विपक्षी वादी समेतलाई पालन पोषण र छोरा छोरीलाई शिक्षा दिने कार्यमा मेरो नाम र जिम्माको एकाघर सगोलको चल अचल सम्पत्ति सिद्धिएको छ । निज वादी निजको माइती भाइ नाता पर्ने डम्मर सुनारले त्यो घर छोड्दे तँलाई त्योभन्दा राम्रो घरमा विवाह गरिदिउँला भन्ने आश्वासन दिई उल्काएका र म प्रतिवादीको घरबाट निज वादीलाई जे जसरी भए पनि छुट्याउने प्रण गरेको हुँदा निज वादी निजको भाइ डम्मर सुनार र निजको भाउजू सीता सुनारको उल्काइमा लागि मलाई फुर्सद लिन निज विपक्षी वादी घरमा मसँग साना कुरालाई झगडाको निहुँ बनाई ठूलो बनाउने, म समेतको ठाउँमा विपक्षी आफ्नो ६/७ जना सहयोगी लिई ममाथि ढुङ्गा मुढा गर्ने, हातपात गर्ने तँ जुनसुकै निकायमा गए पनि तेरो केही पनि लाग्दैन, तेरो को छ के गर्छस् भनी मलाई डर धम्की देखाउने यसै क्रममा विपक्षी वादील मिति २०६७।२।२२ गते देखि २०६७।११।२७ गते ९ महिनासम्म आफ्नो घर छाडी एक्लै जिल्ला सुर्खेत कल्याण गा.वि.स.मा नाम थाहा हुन नसकेको सोमै मगरको घरमा डेरा गरी बसेकी हुन् । तत्पश्चात् पनि निज विपक्षी घरदेखि बाहिरै परपुरुषसँग घुमीफिरी खाने मोजमस्ती गर्ने गर्छिन । वादीको दाबी बमोजिम मैले निजलाई उक्त कार्य गरेको होइन छैन । वादी मुलुकी ऐन लोग्ने स्वास्नीको १(२) नं. का आधार एवं हदम्यादभित्र पार्न उल्लिखित झुट्टा दाबी मात्र दिएकी हुन । निजसँग मेरो नाता सम्बन्ध विच्छेद हुने होइन । विपक्षी वादीलाई मैले मिति २०४७।११।२९ गते विवाह गर्दा १ नम्बर सुनको आधा तोलाको रिङ्ग थान २, तिलहरी थान १, आधा तोला गरी जम्मा १ तोला सुन जसको हाल प्रचलित मूल्य रु. ५६०००।- पर्ने सुनका गरगहना बनाई गहना हाली सिँगारी घरको लक्ष्मीको रूपमा श्रीमती तुल्याई राखेको र निजसँगको मेरो सहवासमा छोरा छोरी गरी ४ जना सन्तानहरू जायजन्म भएको निजहरूलाई पालनेषण गर्ने दायित्व विपक्षी वादीको

समेत हो । मैले विभिन्न मितिका ज्याला मजदुरीबाट र अचल सम्पत्ति समेत बिक्री गरी बिक्रीबाट आएका विभिन्न दरका नेपाली रु. १५००००।- (एक लाख पचास हजार) समेत विपक्षीलाई राख्न दिएको छु । निजको जिम्मामा रहेको उक्त गहना र नगद समेत गरी २०६०००।- (दुई लाख छ हजार) बराबरको सम्पत्ति विपक्षीको जिम्मा रहेको उक्त सम्पत्ति निजले आफैं एकलौटी खाने उद्देश्यले मेरा उपर झुट्टा फिराद दायर गरेको स्वतः देखिन्छ । मेरो निजसँग रही आएको लोग्ने स्वास्नीको नाता सम्बन्ध विच्छेद गर्न म मञ्जुर छैन भन्ने **प्रतिउत्तर जिकिर** ।

यसमा विपक्षीले मलाई गाली बेइज्जती गरी कुटपिट गरी खान, बस्न लाउन समेत नदिई मेरो ज्यान लिने मनसाय राखी खान लाउन बस्न नदिई शारीरिक यातना दिई घरबाट निकाला गरेकाले ५ भागको १ भाग अंश दिलाई सम्बन्ध विच्छेद गरी पाऊँ भन्ने फिराद दाबी र मेरो निजसँग रही आएको लोग्ने स्वास्नीको नाताबाट सम्बन्ध विच्छेद कायमै राखी पाऊँ भन्ने प्रतिउत्तर जिकिर रहेको प्रस्तुत मुद्दामा वादी प्रतिवादीबीच मुख नमिली विवाद कायमै रहेको देखिँदा दुवै पक्षका साक्षी बुझी नियमानुसार गरी पेस गर्नू भनी मिति २०६९।५।१४ मा यस अदालतबाट भएको **साक्षी बुझ्ने आदेश** ।

वादीलाई प्रतिवादीले इज्जत आमद अनुसार खान लाउन दिएका छैनन् । वादी बालकुमारी सार्की (नेपाली) प्रतिवादी गगनबहादुर सार्की, उनकी आमा, ३ छोरी र १ छोरा गरी अंशियार छन् । अंशबण्डा भएको छैन भन्ने वादीका साक्षी **भक्तबहादुर बस्यालले गरेको बकपत्र** ।

वादीलाई प्रतिवादीले इज्जत आमद अनुसार खान लाउन दिएको छ । अंशियारबीच अंशबण्डा भएको छैन । बण्डा लाग्ने सम्पत्ति प्रतिवादी आमाको नाउँमा छ । वादीलाई प्रतिवादीले खाना खर्च दिनुपर्ने हो । खर्च चलाउने मासिक ४/५ हजार दिनुपर्ने हो भन्ने प्रतिवादीका साक्षी **गगनबहादुर कामीले गरेको बकपत्र** ।

वादी प्रतिवादी सगोलका अंशियार भएकोमा विवाद नदेखिँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिदिएको छ । वादी प्रतिवादीबाट चल अचल श्रीसम्पत्तिको फाँटबारी मागगरी परस्पर सुनाउने र नपुग कोर्ट फी वादीबाट पेस गर्न लगाई दर्ता श्रेस्ता मालपोत कार्यालयबाट झिकाउने भनी यस अदालतबाट भएको **तायदाती फाँटबारी आदेश** ।

आदेशानुसार तायदाती फाँटबारी पेस भई परस्पर सुनाएको ।

नपुग कोर्ट फी राख्न असमर्थ हुँदा हाललाई कोर्ट फी नराखी पुर्पक्षमा रहन पाऊँ भन्ने वादी निवेदनमा अनुमति प्रदान भएको आदेश ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक एंव आजको दैनिक मुद्दा पेसी सूचीमा चढी इजलास समक्ष निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा वादीलाई छलफलमा राखी निजको कुरा समेत सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा देहायको विषयमा निर्णय गर्नुपर्ने देखियो ।

(क) वादी दाबी बमोजिम प्रतिवादीले खान लाउन नदिई, कुटपिट गरी घर निकाला गरेको हो होइन ?

(ख) वादी दाबी बमोजिम लोग्नेसँगको सम्बन्ध विच्छेद हुने हो होइन ?

निर्णयतर्फ नियाली हेर्दा, पेस भएको फिरादमा वादीले आफ्नो विवाह प्रतिवादीसँग मिति २०४७।१०।२९ मा भएको र वैवाहिक सम्बन्धबाट दाम्पत्य जीवनमा जायजन्म भई छोरा/छोरी को जन्म पश्चात् आफूले हेरविचार गरी आएको भन्ने देखियो । फिराद प्रकरण ३/४ हेर्दा मुख्यतः प्रतिवादीले दिनहुँ रक्सी खाई निहुँ खोजी परपुरुषसँग बसेको आरोप लगाउने घरबाट निस्किहाल भनी झगडा गरी कुटपिट गरी यातना दिने मार्ने मनसायले बन्चरोले टाउकोमा प्रहार गरी घाइते पार्ने, गाली बेइज्जती

गर्ने मानसिक यातना दिने समेतका कार्य गरी कुटपिट गरी घरबाट निकाला गरेको र खान लाउन नपाएपछि म हाल घरमा नबसी घर बाहिर बसेर बालबच्चाको स्याहार सुसार गरी बसेकी छु भनेको देखिन्छ भने प्रतिवादीले कुनै खोज खबर नगरी बसेको हुँदा निज लोग्ने प्रतिवादीसँग भएको लोग्ने स्वास्नीको सम्बन्ध मुलुकी ऐन लोग्ने स्वास्नी को १(२) नं. बमोजिम विच्छेद गरी पाऊँ भनी व्यहोरा उल्लेख गरी निवेदन गरेको देखिन्छ ।

यस अदालतबाट जारी भएको म्यादमा प्रतिवादीले प्रतिउत्तर लगाउँदा मैले वादीलाई खान लाउन दिएकै छु । गालीगलौज गरेको होइन, कुटपिट गरेको भन्ने भनाइ झुट्ठा हो, वादी दाबी खारेज गरी पाऊँ भनी प्रतिवाद गरेको देखिन्छ ।

यी उपरोक्त आधार उल्लेख गरी दिएको वादीको फिराद पत्र र फिरादलाई खण्डन गरेको प्रतिवादीको प्रतिउत्तर जिकिर रहेको प्रस्तुत मुद्दामा मुलतः वादीलाई प्रतिवादीले खान लाउन दिए नदिएको के हो ? कुटपिट गरी घरबाट निकाला गरेको हो होइन ? वादी के कस्ता हालतमा कहाँ रहे बसेकी छन ? भन्ने स्थितिलाई नियाली हेर्दा सर्वप्रथम यस अदालतमा उपस्थित भई ईश्वरको नाममा शपथ खाई साँचो सत्य व्यहोरा बोल्नेछु भन्ने साक्षीको कागज महत्वपूर्ण प्रमाणको रूपमा रहेको देखिन्छ । बकपत्र गर्ने वादीको एकमात्र साक्षी भक्तबहादुर बस्यालको कथन र फिराद पत्र हेर्दा वादी प्रतिवादीबीच मिति २०४७।१०।२९ मा वैवाहिक सम्बन्ध कायम भए पश्चात् बालबच्चाको जायजन्म भएको हो भन्ने तथ्य उद्घाटित भएबाट वादी प्रतिवादीबीच रहेको लोग्ने स्वास्नीको सम्बन्ध स्थापित हुन आएको छ भन्ने पति पत्नीको दाम्पत्य जीवनमा ४ बालकहरूको जन्म भएको भन्ने तथ्य पनि स्थापित भइरहेको पाइन्छ ।

बकपत्र गर्ने साक्षीको कागज हेर्दा वादीलाई प्रतिवादीले खान लाउन नदिँदा वादी घरबाट निकाला भई बाहिर बस्ने गरेको र प्रतिवादीले घरमा रहँदा बस्दा गालीगलौज गर्ने, कुटपिट गर्ने गरेको भन्ने देखिन्छ । कुटपिट गर्ने खान बस्न नदिने र हेला गरेकै कारण वादीले घरमा बस्न नपाएकाले घर छाडी घर बाहिर आश्रय लिएको हुँदा महिनावारी खाना खर्च प्रतिवादीले दिनुपर्दछ भन्ने साक्षीको बकपत्र देखिएबाट पनि वादीको फिराद व्यहोरालाई झुट्ठा हो भन्ने प्रतिवादीको जिकिरलाई विश्वास गर्न सकिने अवस्था देखिएन । वादीको कथनलाई वादीका साक्षीको बकपत्रले समर्थन गरेको र स्वयं प्रतिवादीले आफ्नो प्रतिउत्तर जिकिरमा वादी आफ्नो स्वास्नीलाई परपरुषसँग घुमीफिरी खाने, मोजमस्ती गर्ने मानिस हुन् भनी अदालत समक्ष लिखित जिकिर नै प्रस्तुत गरेबाट वादीलाई प्रतिवादीले अपमानजनक एवं आपत्तिजनक व्यवहार गरी बेइज्जतीपूर्ण तवरले घृणा गरेको देखिएबाट पनि वादी दाबी साँचो रहेछ भनी अदालतले विश्वास गर्ने प्रयाप्त आधार देखिन्छ ।

हाम्रो प्रचलित ऐनले उपरोक्त स्थितिमा रहे भएमा दम्पतीको विषयमा विवाद सिर्जना भएको खण्डमा के कस्ता उपचार प्रदान गर्ने व्यवस्था छ भनी हेर्दा मुलुकी ऐन लोग्ने स्वास्नीको महलको कानुनी व्यवस्थातर्फ दृष्टिगोचर गर्नुपर्ने हुन आउँछ । उक्त ऐनको, लोग्ने स्वास्नीको महलको १ नं. ॥ मा वर्णित व्यवस्थालाई हेर्दा लोग्नेले स्वास्नी मानिसलाई मानसिक कष्ट हुने किसिमको काम गरेमा वा स्वास्नीलाई घरबाट निकाला गरेमा खान लाउन नदिएमा त्यस्तो लोग्नेसँग स्वास्नीले सम्बन्ध विच्छेद गर्न पाउँछ भन्ने व्यवस्था गरेको पाइन्छ ।

उपरोक्त कानुनी व्यवस्थाको पृष्ठभूमिमा वादी प्रतिवादीको बीच रहेको लामो समयदेखिको निरन्तर विवादले पक्षका बीच सौहार्द्र जीवन गुज्रेको भन्ने देखिँदैन । वादीको फिराद लेख र साक्षीको बकपत्रबाट प्रतिवादीले वादीलाई माथि वर्णित महलको १(२) नं. को अवस्था बमोजिम कुटपिट गरेको, घरबाट निकालेको र खान लाउन नदिई मानसिक कष्ट पुग्ने क्रिया गरेको भन्ने देखिँदा वादी दाबी बमोजिमको आरोपबाट प्रतिवादीले उन्मुक्ति पाउने अवस्था देखिँदैन ।

वादी प्रतिवादीबीच आपसी मनोमालिन्य र विवाद छ भन्ने तथ्य मिसिलबाट देखिन्छ । यथार्थमा दुई पक्षबीच शान्तिपूर्ण जीवन व्यतीत गर्ने भावना नभई झैझगडा र विवाद निरन्तर रहिरहँदा दाम्पत्य जीवनको अर्थपूर्ण सम्बन्ध (Meaningfull Relation) रहँदैन । मानव अधिकारको विश्वव्यापी घोषणा (HRD 1948) को विपरीत प्रत्येक मानिस निर्भयतापूर्वक आ-आफ्नो जीवन गुजारा गर्न पाउने अधिकारलाई कुण्ठित पार्ने गरी हरेक स्वतन्त्र मानिसलाई उसको इच्छा विपरीत रहन बस्न अदालतले बाध्य पार्न सक्दैन । उक्त Universal Declaration of Human Right को धारा ३ ले भने बमोजिम हरेक मानिसलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार छ । (Everyone has the right to life, liberty and security of person) तर यि वादीलाई त्यस्तो जीवन बाँच्न पाउने स्थिति देखिँदैन । निर्भयतापूर्वक घरमा बस्न पाउने अधिकारबाट वादी वञ्चित देखिन्छिन् । खाने लाउने समस्या छ । शारीरिक यातना र मानसिक पीडाबाट वादीले सुरक्षाको अनुभूति गर्न नपाएको अवस्था छ । विवाहित महिलाले घरमा बस्न नपाउने, खान लाउन नपाउने, बालबच्चाको स्याहार सम्भार गर्न नपाउने अवस्था सिर्जना भएको देखिन्छ र लोग्नेले कुटपिट समेत गरी घरबाट निकाला गर्दछ भने यस्तो हालतमा महिला र पुरुषबीचको सुखद र सौहार्द्र सम्बन्ध विद्यमान छ भन्न नमिल्दो हुँदा दाम्पत्य जीवन कायमै राखिरहनुपर्दछ भन्ने निष्कर्षमा अदालत पुग्न सक्दैन ।

सम्मानित सर्वोच्च अदालतले पनि यथार्थमा पति पत्नीबीचको सम्बन्ध आपसी समझदारी र मेलमिलापबाट सुमधुर हुने हो, अन्यथा यी कुराको अभावमा त्यस्तो सम्बन्ध निरन्तर कायम राख्नुको औचित्य हुँदैन भनी (**ने.का.प. २०६७ अंक १०, भाग ५२, नि.नं. ८४८७, पृष्ठ १७५८**) बोलेको पाइन्छ । महिला विरुद्धका सबै प्रकारका विभेद उन्मूलन सम्बन्धी महासन्धि, १९७९ (CEDAW) को दफा दफामा राज्यले विवाह र पारिवारिक सम्बन्धका विषयमा महिला विरुद्ध हुने सबै प्रकारमा विभेद हटाई उचित र महिला हित अनुकूलका उपायको अवलम्बन गर्नुपर्दछ भनी गरेको कानुनी व्यवस्थाबाट पनि महिला हिंसा विरुद्धका अपराधहरूलाई राष्ट्रिय कानुनले निषेध तुल्याई दण्ड दिने विधि निर्माण गरेकोबाट पनि महिलाले आफ्नो जीवन निर्भयतापूर्वक बाँच्न पाउने अधिकार सुरक्षित रहन्छ ।

हाम्रो कानुन प्रणालीले लोग्ने स्वास्नी समेतको संयुक्त परिवारको कल्पना गरेको छ । परिवार र पारिवारिक सदस्यका प्रति परस्परमा दायित्व सिर्जना भएको हुन्छ । मुलुकी ऐन अंशबण्डाको महलको १० नं. ले भरण पोषण, शिक्षा दीक्षा र स्वास्थ्यको जिम्मेवारी परिवारको मुख्य मानिसलाई सुम्पेको पाइन्छ । परिवारमा लोग्ने मुख्य मानिस हो भन्ने परिकल्पना गरेकोबाट लोग्नेले आफ्नो सन्तति र आफ्नो श्रीमतीप्रति विशेष जिम्मेवारी निर्वाह गर्नुपर्ने दायित्व तोकिएको छ । लोग्नेका लागि पारिवार सञ्चालन गर्नुपर्ने पारिवारिक दायित्व र कानुनी कर्तव्य दुवै छन् । यो दायित्व पूरा नभएमा र खान लाउन नदिने, कुटपिट गर्ने घरबाट निकाला गर्ने र शारीरिक एवं मानसिक कष्ट दिने लोग्नेसँग पत्नीले सम्बन्ध विच्छेद गर्न पाउने कानुनी हक तथा सुरक्षा महिलालाई प्राप्त भएको हो ।

स्वास्नी मानिसलाई शारीरिक, मानसिक यातना दिने र स्वास्नीको जीउ ज्यान जानेसम्मको अमानवीय (Inhuman) व्यवहार गर्ने मानिसलाई लोग्नेको रूपमा सदैव स्वीकार गरी बस्न महिला बाध्य हुँदैनन् । महिलाको पनि सम्मानपूर्ण जीवन बाँच्ने रहर र इच्छा हुन्छ । जीवन, स्वतन्त्रता र सुरक्षा प्रत्येक मानवका मौलिक अधिकार हुन् भन्ने मान्यता स्थापित भइसकेको छ (HRD 1948 को धारा ३) पुरुष र महिला एका सगोलमा बस्नका लागि उनीहरू भावनात्मक रूपमा तयार हुनुपर्दछ, अन्यथा सम्बन्ध विच्छेदको विकल्प हुन सक्दैन । सम्बन्ध विच्छेद जस्तो पारिवारिक विवाद भएका यसका पक्षहरू परस्पर सन्तुष्ट नभएसम्म एकपटक कायम भएको वैधानिक तवरले प्राप्त वैवाहिक सम्बन्ध सदाका लागि सर्वस्वीकार्य र ग्राह्य हुन्छ भन्ने मान्यता राख्न मिल्दैन । अब पति संरक्षक र पत्नी संरक्षित हो भन्ने परम्परागत दायराबाट महिलाहरू शोषित भई बाँच्न बाध्य छैनन् । संरक्षक र संरक्षित (Patron-client Relation) को समय अब समाप्त प्रायः हुँदैछ । आजको युगमा मानव अधिकारको विश्वव्यापी

घोषणा १९४८ को धारा १ ले सवै मानिस जन्मजात स्वतन्त्र र मर्यादा एवं अधिकारमा समान छन । उनिहरूमा विवेक सद्विचार भएकाले एकआपसमा भ्रातृत्व भावले व्यवहार गर्नुपर्दछ भनिएको छ । (All humand beings are born free and equal in dignity and right. They.....)

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा ७ बमोजिम कसैले कसैलाई पनि यातना वा क्रूर अभानवीय वा अपमानजनक व्यवहार वा सजायको भागीदार बनाइने छैन भनी (No one shall be subjected to torture or to cruel, inhuman or degrading treatment or punistiment) नागरिकको अन्तर्राष्ट्रिय रूपमा सुरक्षा गरेको छ र प्रचलित मुलुकी ऐन लोग्ने स्वास्नीको महलको १(२) नं. ले पनि महिला विरुद्धको शारीरिक एवं मानसिक यातनाको विरुद्ध महिलाले सम्बन्ध नै विच्छेद गरी स्वतन्त्र जीवनयापन गर्न पाउने अधिकारको सुनिश्चितता गरेको पाइन्छ ।

पारिवारिक दायित्व र पारिवारिक सह-अस्तित्व खलल परेको पारिवारिक जीवनमा एक अर्काबीच भावनात्मक सम्बन्ध र विश्वास टुटेको मानिन्छ । यस्तो लैङ्गिक सम्बन्धको संवेदनशीलतालाई विचार गर्दा पनि यी वादी प्रतिवादीबीच सौहार्द्र अवस्था छैन भन्ने नै देखिन्छ । लोग्नेसँग स्वास्नी एकसाथ बस्नलाई सर्वप्रथम भावनात्मक सम्बन्धमा विश्वास जरुरी रहन्छ । एकसाथ बस्न नचाहेको भनी वादीले फिराद लिई बस्न नसक्नुको कारण उल्लेख गरी अदालत प्रवेश गरी साक्षी प्रमाण प्रस्तुत गरिसकेपछि वादीको वैवाहिक सम्बन्धबाट प्रतिवादीसँग एकपटक स्थापित लोग्ने स्वास्नीको सम्बन्ध सदैव यथावत् रहिरहन्छ भन्ने मनासिब आधार र कारण छ भन्ने यो इजलासलाई विश्वास लाग्दो अवस्था देखिँदैन ।

सम्बन्ध विच्छेद पति, पत्नी दुवैका लागि Access to justice भएकाले पनि सम्बन्ध विच्छेद गरी पाऊँ भन्ने वादी दाबी न्यायोचित छ भन्नुपर्ने हुँदा अंशमा दाबी लिएकी यी वादीको प्रतिवादी लोग्नेसँगको स्थापित सम्बन्ध लोग्ने स्वास्नीको महलको १(२) नं. बमोजिम विच्छेद नहुने भन्ने अवस्था रहेन । सम्मानित सर्वोच्च अदालतले सम्बन्ध विच्छेद पति पत्नी दुवैका लागि Access to justice हो र Access to justice मा Hardship हुनु हुदैन । दुवै पक्षलाई न्याय छिटोछरितो प्राप्त हुनुपर्दछ भनी बोलेको पाइन्छ (**ने.का.प. २०६७, भाग ५२, अंक १०, पृष्ठ १६२९**) यस कुराले पनि पति पत्नीबीचको सम्बन्ध पक्षहरूले नचाहेमा कायमै राखी राख्नुपर्दछ भन्ने बाध्यात्मक अवस्था देखिँदैन ।

आफूले दुई दशक अगाडि विवाह गरी घर ल्याएकी पत्नीप्रति मानवीय व्यवहार गर्नु लोग्नेको कानुनी र नैतिक दुवै प्रकारको दायित्व हो । परिवारबाट यदि त्यस्तो दायित्व पूरा गरिँदैन र महिलामाथि हातपात गरी बन्चरो जस्तो हतियार प्रहार गरी हिंसाजन्य व्यवहार गरी घरमा बस्नै नसक्ने अवस्था सिर्जना गरिन्छ भने त्यो अवस्थालाई निश्चित रूपमा अंशबण्डाको महलको १० नं.र लोग्ने स्वास्नीको महलको ४ नं. को प्रतिकूलको व्यवहार मानिन्छ । तीन नाबालक छोराछोरीको लालनपालन गर्ने दायित्व काँधमा राखी ज्याला मजदुरी गरी जीवन निर्वाह गरिरहेकी वादीलाई प्रतिवादीले पुर्‍याएको कष्टपूर्ण एवं अमर्यादित व्यवहारले कानुनको पूर्ण उल्लंघन गरेको मानिन्छ । त्यसैले अमानवीय र कठोर व्यवहार गरी घरमा बस्नै नदिने प्रतिवादीसँग वादीको सम्बन्ध कायम राखिराख्नु कुनै हालतमा श्रेयस्कर देखिँदैन । अतः संयुक्त परिवारमा बस्न नसक्ने परिस्थिति देखिएको यस अवस्थामा वादीले सम्बन्ध विच्छेदको माग गरी अदालत आउनुलाई कानुनप्रदत्त हक तथा मानव अधिकारका दृष्टिले पनि न्यायोचित मानिएकाले लोग्नेको दमन, शोषण र अवहेलनाबाट वादीलाई मुक्त गरी सम्बन्धलाई विच्छेद गरी दिई शोषण एवं महिला विरुद्धको विभेदबाट वादीलाई संरक्षण गर्नुपर्ने अदालतको कर्तव्य हुन आउँछ ।

तसर्थ, यसमा वादी दाबी बमोजिम पेस हुन आएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमा ५ भाग लगाई ५ भागको १ भाग अंश वादीले पाउने ठहर्छ र लोग्ने स्वास्नीको महलको १(२) नं. बमोजिम स्थापित रहेको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने ठहछ । साथै वादीको उचित

व्यवस्थापन नहुँदासम्मको लागि प्रस्तुत मुद्दा दायर भएका मिति २०६८।१२।२७ गतेदेखि प्रत्येक महिनाको लागि जीविकोपार्जनका खातिर प्रतिवादीको पारिवारिक एवं आर्थिक हैसियत समेतलाई विचार गरी **रु. २०००।- (दुई हजार) का दरले खाना खर्च** बापतको रकम वादीले प्रतिवादीबाट भराई लिने पाउने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी अ.वं १८६ नं. बमोजिम यो फैसला गरिदिएको छ ।

## तपसिल

वादी बालकुमारी सार्की के, माथि इन्साफ खण्डमा तायदाती फाँटबारीमा उल्लिखित देहाय बमोजिमको सम्पत्तिको ५ भाग लगाई सो ५ भागको १ भाग अंशबण्डा छुट्टाई पाऊँ भनी प्रस्तुत मुद्दा अन्तिम भएपछि मुलुकी ऐन द.स.का. ४६ नं. का म्यादभित्र रीतपूर्वकको दरखास्त कानुन बमोजिम गरी बण्डा छुट्टाइदिनू....१

### बन्डा हुने जग्गाको विवरण

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सुर्खेत | कटकुवा | १ | ४२८७ | ०-०-४ |

जग्गाधनी गगनबहादुर सार्की बाबु रनबहादुर सार्की बाजे खुद्रे सार्की माथि इन्साफ खण्डमा लोग्ने स्वास्नीको नाता सम्बन्ध विच्छेद हुने र वादीको व्यवस्थापन नहुँदासम्म मुद्दा दायर भएका मिति २०६८।१२।२७ गते`खि प्रत्येक महिनाको लागि रु. २०००।- का दरले खाना खर्च बापत वादीले प्रतिवादीबाट भरी पाउने हुँदा उक्त रकम प्रस्तुत मुद्दा अन्तिम भएपछि वादीले मुलुकी ऐन, द.स.का. ४२ नं. का म्यादभित्र प्रतिवादीका यसै सरहदको जेथा देखाई दरखास्त दिए कानुन बमोजिम गरी प्रतिवादीबाट वादीलाई भराइदिनू ..................२

आज यस अदालतको इन्साफमा चित्त नबुझे अ.व. १९३ नं. बमोजिम ३५ दिनभित्र श्री पुनरावेदन अदालत सुर्खेतमा पुनरावेदन गर्नू भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू ...............................................३

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख फाँटमा बुझाइदिनू ................४

नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू .......................................५

**जिल्ला न्यायाधीश**

जिल्ला न्यायाधीशले भने बमोजिम टिपोट गर्ने
फाँटवाला :- ना.सु. अनिपाल मल्ल ।
कम्प्युटर :- ता. आनन्द चौधरी ।

**इति संवत् २०६९ साल चैत्र ११ गते रोज १ शुभम् .............।**

# श्री इलाम जिल्ला अदालत
## बन्द इजलास
## माननीय जिल्ला न्यायाधीश श्री शेखरचन्द्र अर्याल
## फैसला
## संवत् २०६८ सालको स.फौ. ३५ र नं. १९-०६८-०००८७
## निं. नं. - १७१

## मुद्दा - जबरजस्ती करणी

| वादी | प्रतिवादी |
|---|---|
| इलाम जिल्ला सिद्धिथुम्का गा.वि.स. वार्ड नं. ८ बस्ने हिमा काफ्लेको जा.ले नेपाल सरकार.....१ | इलाम जिल्ला सिद्धिथुम्का गा.वि.स. वार्ड नं. ८ बस्ने तेजप्रसाद ढकाल ..........................................१ |
| ऐ का साक्षी - | ऐ का साक्षी :- |
| ऐ का प्रमाण - | ऐ का साक्षी :- |

**अदालतबाट बुझेको**
**साक्षी प्रमाण**
**वादीका साक्षी :- हिमा काफ्ले, पीडित काल्पनिक नाम कल्पना**
**प्रतिवादीका साक्षी :- अनिता गुरागाई**

प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यसप्रकार रहेको छ ।

म जाहेरवालीको बहिनी वर्ष १५ की परिवर्तित नाम कल्पनालाई मिति २०६८/०६/२४ गते राति अ. १०:३० बजेको समयमा बडिबाको घरमा कीर्तनमा गई कीर्तनबाट घर फर्की आई घरमा सुत्न तयारी गर्दागर्दै सोही कीर्तनबाट आएका प्रतिवादी तेजप्रसाद ढकाल एक्कासि मेरो घरभित्र प्रवेश गरी परिवर्तित नाम कल्पनालाई घाँटीमा समाई करणी गर्न दे नत्र तलाई मारिदिन्छु भन्दै बहिनी कल्पनालाई प्रतिवादी तेजप्रसाद ढकालले जबरजस्ती करणी गरी यो कुरा कसैलाई भनिस् भने मारिदिन्छु भन्दै निज विपक्षी भागी गएको कुरा बहिनीले म जाहेरवालीलाई मिति २०६८/०७/०२ गतेको दिन भनी बताई सुनाएको हुँदा बहिनीको वास्तविक नाम र जन्म दर्तासमेत गोप्य खामबन्दी राखी यो जाहेरी दरखास्त दिन आएको छु, निज प्रतिवादी तेजप्रसाद ढकाललाई कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको हिमा काफ्लेको जाहेरी दरखास्त ।

मिति २०६८/०६/२४ गते राति अ. १०:३० बजेको समयमा छिमेकी नेत्रप्रसाद ढकालको घरमा कीर्तन पूजा भएकाले कीर्तनमा गई कीर्तनबाट आफ्नो घरमा आई सुत्न लागेको अवस्थामा तेजप्रसाद ढकाल एकछिन काम छ ढोका खोल न भनी म घरमा एक्लै भएको अवस्थामा निजले ढोका खोली सरासर मेरो बिस्तरामा आई मलाई करणी गर्न दे नदिए तँलाई यहीँ मारिदिन्छु भनी मलाई धाक धम्की दिई मेरो मुख थुनी बोल्न कराउन नदिई जबरजस्ती मैले लगाई राखेको सुरुवाल कट्टु खोली निजको उत्तेजित लिङ्ग मेरो योनीमा जबरजस्ती छिराई मलाई जबरजस्ती करणी गरेको हो, सो पछि निज प्रतिवादी तेजप्रसाद ढकालले यो कुरा कोही कसैलाई भनिस्, हल्ला गरिस् भने तँलाई जुनसुकै अवस्थामा मारिदिन्छु भन्दै धाक धम्की दिएको कारण डर, त्रासमा परी सो कुरा तत्काल कोही कसैलाई भनेको थिइन, उक्त पीडा सहन नसकी मिति २०६८/०७/०२ गतेका दिन छिमेकी दिदी हिमा

काफ्लेलाई भनेको हुँ निज प्रतिवादीलाई कानुन बमोजिम सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको पीडित कल्पनाको कागज ।

जिल्ला इलाम, सिद्धिथुम्का गा.वि.स.वार्ड नं. ८ स्थित पूर्वमा चन्द्रकला गुरागाईको घर, पश्चिममा सेवन्त गुरागाईको घर, उत्तरमा नेत्रप्रसाद काफ्लेको घर र दक्षिणमा घनश्याम गुरागाईको घर यति चार किल्लाभित्र टिनको छानो ढुंगा माटोले बनाएको पूर्व साइडको ढोका भएको एकतले पीडितको घर रहेको सो घरको पूर्व साइडको कोठा खटिया बिस्तारा माथि मिति २०६८/०६/२४ गते राति अं. १०:३० बजेको समयमा प्रतिवादी तेजप्रसाद ढकालले पीडित वर्ष १५ की कल्पनालाई जबरजस्ती करणी गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०६८/०६/०४ गते राति अं. १०:३० बजेको समयमा छिमेकी नेत्रप्रसाद काफ्लेको घरमा कीर्तन पूजा भएकाले कीर्तनमा जाँदा पीडित कल्पना लगायतका मानिसहरू थिए, कीर्तन हेरी सकिएपछि घर फर्की आउने क्रममा बाटोमा पीडित कल्पनाले घरमा आमा छैन भनी बताएको र निजले बाटोमा टर्च लाइट समेत झिलिक झिलिक बालेको कारण इसारा गरेको जस्तो लागी निजलाई करणी गर्न मन लागी निजको घरमा गई ढोका खोली भित्र पसी निजलाई खटियामा लडाई करणी गर्न दे नदिए तँलाई मारिदिन्छु भनी डर त्रास देखाई बोल्न कराउन नदिई निजलाई जबरजस्ती करणी गरेको हुँ । सो पछि यो कुरा कोही कसैलाई भनिस् भने जुनसुकै अवस्थामा मारिदिन्छु भन्दै डर त्रास धाक धम्की दिएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी तेजप्रसाद ढकालले अनुसन्धानका क्रममा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

योनीको दायाँ भागमा हल्का रातोपन, हाइमेन झिल्ली स्पष्ट रूपमा नदेखिएको, करणी गरेको केही लक्षणहरू देखियो भन्ने समेत व्यहोराको पीडित कल्पनाको इलाम अस्पताल इलामको मिति २०६८/०७/०८ को स्वास्थ्य परीक्षण रिपोर्ट ।

प्रतिवादी तेजप्रसाद ढकालले वर्ष १५ की कल्पनालाई पीडितकै घरमा घाँटीमा समाई मुख थुनी बोल्न कराउन नदिई जबरजस्ती गरेको कुरा थाहा पाएको हुँ, यसमा प्रतिवादी तेजप्रसाद ढकालले पीडित कल्पनालाई मिति २०६८/०६/२४ गते राति अं. १०:३० बजेको समयमा घरमा एक्लै भएको अवस्थामा जबरजस्ती करणी गरेकोमा मलाई पूर्ण विश्वास लाग्छ भन्ने समेत व्यहोराको लेखनाथ काफ्लेको कागज ।

पीडित कल्पना नेत्रप्रसादको काफ्लेको घरमा कीर्तन भजनबाट फर्की आफ्नो घरभित्र प्रवेश गर्नासाथ प्रतिवादी तेजप्रसाद ढकाल पनि घरभित्र प्रवेश गरी कल्पनालाई घाँटीमा समाई मुख थुनी बोल्न कराउन नदिई जबरजस्ती करणी गरेको कुरा सुनी थाहा पाएको हुँ । यसमा प्रतिवादी तेजप्रसाद ढकालले पीडित कल्पनालाई मिति २०६८/०६/२४ गते राति अं. १०:३० बजेको समयमा घरमा एक्लै भएको अवस्थामा जबरजस्ती करणी गरेकोमा मलाई पूर्ण विश्वास लाग्छ भन्ने समेत व्यहोराको लक्ष्मीप्रसाद काफ्लेको कागज ।

मिति २०६८/०६/२४ गते रातिको अं. १०:३० बजेको समयमा पीडित कल्पना ठूलो बुबाको घरमा कीर्तन भजनमा गई आफ्नो घरमा आई घरभित्र प्रवेश गर्नासाथ सोही कीर्तनबाट आएका प्रतिवादी तेजप्रसाद ढकाल पीडितको घरभित्र एक्कासि प्रवेश गरी कल्पनालाई घाँटीमा समाई मुख थुनी बोल्न कराउन नदिई जबरजस्ती करणी गरेको कुरा सुनी थाहा पाएको हुँ, यसमा प्रतिवादी तेजप्रसाद ढकालले पीडित कल्पनालाई घरमा एक्लै भएको अवस्थामा जबरजस्ती करणी गरेको मलाई पूर्ण विश्वास लाग्छ भन्ने समेत व्यहोराको सुरेन्द्र गुरागाई समेतका मानिसहरूले प्रायः एकै मिलान हुने गरी खुलाई लेखाई गरिदिएको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी तेजप्रसाद ढकालले पीडित १५ की कल्पनालाई जबरजस्ती करणी गरी प्रतिवादी तेजप्रसाद ढकालले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुर अपराध गरेको

देखिँदा निज प्रतिवादी तेजप्रसाद ढकाललाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम सजाय हुनुका साथै ऐ. महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको अभियोग माग दाबी ।

२०६८ सालको कोजाग्रत पूर्णिमाको दिन भजन कीर्तनमा गएको थिएँ, त्यसै दिन करिब १०:३० बजे घर फर्किने समयमा परिवर्तित नाम कल्पनाले इसारा गरी आफ्नो घर लगी मेरो पेन्ट र आफ्नो समेत लुगा खोली उसकै अनुरोधमा शारीरिक सम्पर्क भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी तेजप्रसाद ढकालको बयान ।

पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी यी प्रतिवादी तेजप्रसाद ढकाललाई मुलुकी ऐन अ.वं. ११८ को देहाय २ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने देखिँदा निज प्रतिवादीलाई थुनुवा पुर्जी दिई थुनामा राख्न जिल्ला कारागार कार्यालय, इलाममा लेखी पठाउनु साथै जाहेरवाला लगायत वादी पक्षका गवाहलाई जिल्ला सरकारी वकिल कार्यालय मार्फत उपस्थित गराइदिन जिल्ला प्रहरी कार्यालय इलाममा लेखी पठाउनू र प्रतिवादीका साक्षीहरूलाई निजै मार्फत उपस्थित गराउन लगाई बुझ्नू भन्ने समेत व्यहोराको मिति २०६८/०७/२७ मा भएको थुनछेक आदेश ।

भजन कीर्तन सकी घर फर्की सुत्न लाग्दा ढोकामा ढकढक आवाज आयो र ढोका खोलें, त्यसपछि प्रतिवादी तेजप्रसाद भित्र पसी मेरो घाँटी थिची जबरजस्ती करणी गरेको हो भन्ने कुरा पीडितले मिति २०६८/०७/०२ गते भनी सुनेको हुँ भन्ने समेत व्यहोराको जाहेरवाला हिमा काफ्लेको बकपत्र ।

२०६८ साल असोज २४ गते मंगलबार राति भजन कीर्तनमा गई १०:३० बजे प्रतिवादी लगायत ४-५ जना फर्की आएका थियौं । पहिले मेरो घर आउने हुँदा घर गई सुत्न लागेकी थिएँ, ढोकामा ढकढक आवाज आयो, ढोका खोली हेर्दा प्रतिवादी तेजप्रसाद रहेछन् । उनले एक्कासि मेरो घाँटी थिची जबरजस्ती करणी गरी कसैलाई भनेदेखि मारिदिन्छु भन्ने धम्की समेत देखाई उनी त्यहाँबाट गएका हुन भन्ने समेत व्यहोराको पीडित कल्पनाले गरेको बकपत्र ।

भजन कीर्तन सकी म, कमला पीडित र प्रतिवादी सँगै घर फर्किंदा प्रतिवादी तेजप्रसाद आफ्नो घरतर्फ लागे । पीडितको घर पहिले नै आउने हँदा उनी अगाडि नै गइसकेकी थिइन् । हामी हात खट्टा धुँदै थियौं । टर्चको उज्यालो हामीतिर आयो को रहेछ भनी हेर्दा पीडित र १ जना पुरुष मान्छे थिए, तत्काल चिनिएन पछि हल्ला सुन्दा तेजप्रसाद रहेछन् भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी अनिता गुरागाईले गरेको बकपत्र ।

पीडित कल्पनासमेतको खान्द्रुङ माध्यमिक विद्यालय सिद्धिथुम्काबाट सुरु भर्ना हुँदाको भर्ना रजिस्टर प्रमाणित प्रतिलिपि झिकाउनू भन्ने समेत व्यहोराको मिति २०६८/०२/२८ मा भएको आदेश र मिति  २०६८/०२/०१ को खान्द्रुङ्ग मा.वि.को पत्रसाथ भर्ना रजिस्टरको सक्कलै प्रति प्राप्त भई मिसिल संलग्न रहेको ।

## अदालतको ठहर

नियम बमोजिम दैनिक तथा साप्ताहिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.वं. २९ नं. ले यसै अदालतको अधिकार क्षेत्रभित्रको भै मिसिल संलग्न कागज अध्ययन गरियो ।

यसमा १५ वर्षीया पीडित कल्पनालाई मिति २०६८/०६/२८ गते रातको समयमा घरमा कोही नभएको मौका पारी पीडितकै इलाम जिल्ला सिद्धिथुम्का गा.वि.स. वार्ड नं.८ स्थित घरमा गै

प्रतिवादी तेजप्रसाद ढकालले जबरजस्ती करणी गरी मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. विपरीतका कसुर अपराध गरेकाले सो कसुर अपराधमा प्रतिवादी तेजप्रसाद ढकाललाई सोही महलको ३ नं. को देहाय ३ बमोजिम सजाय गरी पीडितलाई प्रतिवादीबाट ऐनको १० नं.बमोजिम क्षतिपूर्ति समेत दिलाई पाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र दायर हुन आएको रहेछ । प्रस्तुत मुद्दामा प्रतिवादी तेजप्रसाद ढकाल निज पीडित कल्पनालाई राति १०:३० बजेतिर कीर्तनबाट फर्किंदै गर्दा पहिलो कल्पनाको घर भएकाले निज घरतर्फ लागिन् । म आफ्नो घरतर्फ अगाडि बढ्दै गर्दा कल्पनाले मलाई लाइट बाली मसँग आऊ भनी इसारा गर्दै मेरो छेउमा आई घरमा जाउँ भनिन् । कल्पना अघि अघि र म पछि पछि निजको घरमा गयौं । घरमा अरू कोही थिएनन् । निजले मेरो गोजीमा हात हाली मोबाइल निकालिन् र थिच्न थालिन् । त्यत्तिकैमा मेरो शरीरमा हात जहाँ तहीँ लगाइन् । मेरो पेन्ट खोल्न भनी उनले आफ्नो कुर्ता सुरुवाल खोलिन । मेरो लिङ्ग खेलाउन सुमसुम्याउन थालिन् र लिङ्ग योनीमा लगाइन्, त्यसपछि वीर्य स्खलन भयो । आज राति यहीँ सुत्नुपर्छ भनेकी थिइन् । म घरमा श्रीमती मात्र छ भनी घरमा गएँ भन्ने समेत व्यहोराको प्रतिवादी तेजप्रसाद ढकालले यस अदालतमा बयान गर्दै पीडित र प्रतिवादीबीच करणी लिनु दिनु भएको तथ्यमा सावित रहेको अवस्था रहेछ ।

योनीको दाहिने भागमा रातोपनका साथै हाइमेन झिल्ली स्पष्ट रूपमा देखिएन भन्दै करणीका केही लक्षणहरू देखिएको तर योनी तथा शरीरको अन्य भागमा चोटपटक नदेखिएको भन्ने समेत इलाम अस्पतालबाट पीडित कल्पनाको शारीरिक परीक्षण प्रतिवेदन समेतबाट पीडित र प्रतिवादीबीच करणी भएको भनी प्रतिवादीले गरेको मौकाको र यस अदालतको बयान समेत पुष्टि र समर्थित भै रहेको देखियो । पीडित कल्पना तथा मौकामा बुझिएका तथा वारदातको दिन राति पीडित तथा प्रतिवादीसँगै कीर्तनबाट फर्की आउने प्रतिवादीकै साक्षी अनिता गुरागाई र जाहेरवाला हिमा काफ्लेको बकपत्र समेतबाट मिति २०६८/०६/२४ गते रातिको समयमा प्रतिवादी पीडित कल्पनाको घरमा गई घरमा कोही नभएको मौका पारी करणी गरेको भन्ने लेखाई दिएको समेतका मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरियो ।

वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री मुक्तिनाथ ओझाले रातको समयमा पीडितकै घरमा गै करणी गरेको तथ्यमा प्रतिवादी सावित रहेको सो अभियोग दाबी बमोजिम कसूर कायम गरी प्रतिवादीलाई सजाय हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो ।

प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री हिरण्यप्रसाद अधिकारीले पीडितको जन्म मिति २०५१/१२/०५ भन्ने निजले अध्ययन गरी आएको खान्द्रक मा.वि. सिद्धिथुम्का इलामको मिति २०६८/०७/१६ मा प्रस्तुत मुद्दा अनुसन्धानकै क्रममा रहेको अवस्था प्रमाणित गरिदिएबाट सो मितिले वारदातको मितिमा यी पीडित १६ वर्ष नाघिसकेको अवस्था छ । प्रतिवादीको बयान तथा अनिता गुरागाईको बकपत्र समेतबाट पीडितकै आग्रहमा यी प्रतिवादी तेजप्रसाद ढकालले करणीसम्म गरेको देखिन्छ । पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट प्रतिवादीले जोर जबरजस्ती गरेको र पीडितले प्रतिकार गरेको अवस्था समेत स्थापित र प्रमाणित हुन नआएबाट उमेर पुगेको पीडित र प्रतिवादीबीच राजी खुसीबाट यौन सम्पर्क भएकोले कदापि जबरजस्ती करणीको १ नं. को कसुर अपराध कायम हुन सक्दैन । प्रतिवादीले आरोपित कसुर अपराधबाट सफाइ पाउनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

प्रस्तुत मुद्दाको मिसिल अध्ययन र विद्वान् कानुन व्यवसायीहरूले गर्नुभएको बहस समेतबाट प्रस्तुत मुद्दामा मूलभूत रूपमा निम्न विषयमा निर्णय दिनुपर्ने देखियो ।

क) पीडित कल्पनाको वास्तविक जन्म मिति कुन हो र वारदातको मितिमा निज १६ वर्ष पुगे नपुगेको के हो ?

ख) पीडित र प्रतिवादीबीच भएको मिति २०६८/०६/२४ को करणी लिनु दिनुको कार्य जबरजस्ती करणीको १ नं. विपरीतको कसूर अपराध हो होइन ?

ग) यी प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय हुने नहुने के हो ?

अब मिसिल तथा खान्द्रुङ्ग उच्च माध्यमिक विद्यालय सिद्धिथुम्का ८ को च.नं.१०/६९/७० मिति २०६९/०३/०१ को प्राप्त पत्र संलग्न भै आएका विद्यालय भर्ना रजिस्टर समेत अध्ययन गरी पीडित कल्पनाको यथार्थ जन्म मिति कहिले हो भन्ने सन्दर्भमा विचार गरी हेर्दा मिसिल संलग्न कागजबाट निजको उमेरका सन्दर्भमा देहायको अवस्था देखिन्छ ।

मिति २०६८/०७/०३ मा दिएको जाहेरी दरखास्तमा पीडितको दिदी हिमा काफ्लले कल्पनाको उमेर १५ वर्ष लेखाएकी छन् भने पीडित स्वयम्ले मिति २०६८/०७/०३ मा कागज गर्दा आफ्नो उमेर १५ वर्ष भनी लेखाएको पाइयो । प्रतिवादी तेजप्रसादले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा पीडितको उमेरका हकमा कुनै जिकिर नलिएको र १५ वर्षकी पीडितलाई निजकै घरमा गै मुख थुनी करणी गरेको तथ्यलाई स्वीकार गरेका छन् भने यस अदालतमा बयान गर्दा समेत निजको उमेरका हकमा खास कुनै तथ्य उल्लेख गरेको अवस्था देखिँदैन । प्रतिवादी तेजप्रसादले अदालतमा बयान गर्ने क्रममा पेस गरेको विद्यालयको २०६८/०७/१६ को जन्म मिति प्रमाणपत्रमा पीडितको जन्म मिति २०५१/१२/०५ भनी उल्लेख भएको रहेछ ।

त्यसैगरी यस अदालतको आदेश बमोजिम विद्यालयको प.सं.१११/०६८/०६९ मिति २०६८/१२/०२ को पत्र साथ प्राप्त कक्षा ८ का विद्यार्थीको विवरणको सि.नं. ३४ मा निज पीडितको जन्म मिति २०५३/०४/२५ उल्लेख भएको छ भने मिति २०६९/०१/०४ को आदेशले माग गरिए बमोजिम विद्यालयको च.नं.१०/०६९/७० मिति २०६९/०२/०१ को पत्र साथ प्राप्त सक्कल भर्ना रजिस्टर बमोजिम निज पीडितको जन्म मिति विवरण देहाय बमोजिम उल्लेख भएको देखिन्छ ।

| क.स | भर्ना वर्ष | कक्षा | जन्म मिति | अभिभावक | सि.नं. |
|---|---|---|---|---|---|
| १ | २०५८ | २ | उल्लेख छैन | नेत्रप्रसाद | ४४० |
| २ | २०५९ | ३ | उल्लेख छैन | विष्णुमाया | ५ |
| ३ | २०६० | ३ | उल्लेख छैन | | २ |
| ४ | २०६१ | ४ | २०५३/०४/०५ | | ३७ |
| ५ | २०६३ | ५ | २०५३/०४/०५ | विष्णुमाया | ४४ |
| ६ | २०६४ | ५ | २०५३/०४/०५ | - | मिति २०६४/०१/१६ को दरखास्त फर्मको कक्षा दाहोराउने स्वयम् पीडितले दिएको |
| ७ | २०६५ | ६ | २०५३/०४/०५ | - | २१ |
| ८ | २०६६ | ७ | उल्लेख छैन | - | २ |
| ९ | २०६७ | ८ | २०५२/०४/०५ | - | मिति २०६७/०१/१५ को निवेदन फाराममा |
| १० | २०६८ | ८ | २०५१/०४/०५ | - | ३४ |
| ११ | २०६८/०७/२२ को निवेदन बमोजिम कायम गरिएको जन्म मिति २०५३/०४/२५ कायम | | | | |
| १२ | सिद्धीथुम्का गा.वि.स. को मिति २०६८/०७/०४ को जन्मदर्ता प्रमाणपत्र बमोजिम जन्म मिति २०५३/०४/२५ | | | | |

माथि उल्लिखित तालिका विवरण अनुसार सुरुमा निज पीडित भर्ना हुँदा २०६१ देखि २०६५ सम्म २०५३/०४/०५ जन्म मिति कायम देखिन्छ भने २०६६, २०६७ मा २०५३/०४/०५ र २०६८ मा २०५१/०४/०५ समेत उल्लेख भएको छ भने २०६८ कार्तिकमा गा.वि.स को जन्म दर्ता प्रमाण समेतको आधारबाट पुनः २०५३/०४/०५ नै जन्म मिति कायम गरिएको देखियो ।

यसरी विद्यालयको रेकर्डमा फरक फरक जन्म मिति उल्लेख हुन गएको सन्दर्भमा विचार गर्दा उही विद्यार्थीको एउटै विद्यालयबाट पटक पटक फरक फरक जन्म मिति अभिलेखीकरण गरेको देखिए तापनि २०५८ सालदेखि हालसम्म पनि एउटै विद्यालयमा अध्ययनरत रहेको जो सुकै विद्यार्थीको पनि सुरु भर्ना हुँदाका बखत रजिस्टर्ड गरिएको जन्म मिति नै कायम राखी सो विद्यालयबाट स्थानान्तरण भै जाँदा समेत सोही जन्म मिति उल्लेख गरी प्रमाणपत्र प्रदान गर्नुपर्ने विद्यालयको कर्तव्य हुन्छ । प्रत्येक कक्षामा आफैं विद्यार्थी पटक पटक पुनः भर्ना गर्नु र जन्म मिति समेत फरक पारी जन्म मिति दर्ता गर्नु विद्यालयको गैरकानुनी र गैरजिम्मेवारीपूर्ण कार्य देखियो ।

उमेर तथा जन्म मिति निर्धारण गर्ने सन्दर्भमा प्रचलित कानुनमा के कस्तो व्यवस्था रहेछ र के कस्ता आधार प्रमाणहरू गाह्य हुने रहेछन् भन्नेतर्फ समेत प्रस्तुत मुद्दामा पीडितको उमेर निर्धारण गर्ने क्रममा विचारणीय देखिन्छ ।

बाल न्याय कार्यविधि नियमावली, २०६३ को नियम १५ मा देहाय बमोजिमको उमेर निर्धारण गर्नका लागि प्रमाणहरूलाई प्राथमिकताको रूपमा आधार मान्नुपर्ने गरी व्यवस्था भए गरेको पाइन्छ ।

क) अस्पतालबाट जारी गरिएको बालकको जन्म दर्ता प्रमाणपत्र ।

ख) सो नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको प्रमाणपत्र ।

ग) सो पनि नभएका विद्यालयका चारित्रिक प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति वा विद्यालय भर्ना हुँदाका बखत उल्लेख भएको जन्म मिति ।

घ) सो पनि नभएमा सरकारी अस्पतालबाट उल्लिखित उमेर ।

यी पीडित कल्पनाको हकमा उल्लिखित अस्पतालबाट जारी भएको जन्म मिति सम्बन्धी प्रमाण रहे भएको भन्ने अवस्था नदेखिएकोबाट दोस्रो प्राथमिकता अर्थात् खण्ड (ख) मा जानुपर्ने देखियो । स्थानीय पञ्जिकाधिकारीले जारी गरेको पीडितको जन्म मिति २०५३/०४/०५ देखिएको छ । त्यसैगरी खण्ड (ग) बमोजिम विद्यालयबाट जारी गरिएको चारित्रिक प्रमाणपत्र तथा विद्यालय भर्ना हुँदाको दर्ता गरिएको जन्म मितिको सन्दर्भमा २०५८, २०६० सम्ममा कक्षा २ मा भर्ना हुँदा जन्म मिति नै उल्लेख नगरिएको अभिलेख विद्यालयबाट प्राप्त भएको छ । प्रमाणपत्रको हकमा विचार गर्दा प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भए पश्चात् पीडितको निवेदनका आधारमा २०५३/०४/०५ जन्म मिति कायम गरिएबाट प्रमाण ग्राह्य छैन भन्ने विद्वान् अधिवक्ता श्री हिरण्यप्रसादको बहसको मुख्य जिकिर रहेको सन्दर्भ देखियो भने २०६१ मा कक्षा ४ मा भर्ना हुँदा २०५३/०४/०५ जन्म मिति दर्ता गरिएको छ भने सो जन्म मितिलाई नै २०६५ सम्म निरन्तर रूपमा प्रत्येक वर्ष हरेक शैक्षिक सत्रमा सोही जन्म मिति नै दर्ता भएको पाइन्छ ।

२०६६ मा कक्षा ७ मा भर्ना हुँदा एकाएक निज पीडितको जन्म मिति २०५२/०४/०५ र २०६७ मा कक्षा ८ मा भर्ना हुँदा २०५१/०१/०४ जन्म मिति अभिलेख गरिएको छ भने २०६८/०७/०२ मा सोही विद्यालयबाट स्थानीय पञ्जिकाधिकारीबाट जारी भएको जन्म दर्ताको आधार लिई पुनः निज पीडितको जन्म मिति २०६१ मा उल्लेख भए बमोजिम २०५३/०४/०५ नै कायम गर्ने गरी विद्यालयबाट निर्णय समेत भएको देखियो ।

हरेक वर्ष प्रत्येक कक्षामा त्यही विद्यालयको आफ्नै विद्यार्थी भर्ना गर्नु र सुरुमा दर्ता गरिएको भन्दा फरक पर्ने गरी जन्म मिति दर्ता गर्ने विद्यालयको कार्यलाई कदापि कानुनसम्मत मान्न सकिँदैन ।

विद्यालयमा रहेको रेकर्डबाट उही विद्यार्थीको फरक फरक जन्म मिति देखिन आएको स्थितिमा निश्चिन रूपमा सो विद्यार्थी सुरुमा पहिलो पटक विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरिएको जन्म मितिलाई नै यथार्थ र वास्तविक उमेर मान्नुपर्दछ । पछि गरिएका संशोधन निश्चित रूपमा अकै प्रयोजनका लागि वा गलत मनसाय राखी निहित स्वार्थका लागि गरिएको मान्नुपर्ने हुन्छ । तथापि प्रस्तुत मुद्दाका सन्दर्भमा पीडित कल्पनाको २०५८ देखि २०६० सम्म भर्ना रजिस्टरमा जन्म मिति नै उल्लेख नहुनु अस्वाभाविक मान्न मिल्दैन भने कक्षा ४ देखि ६ सम्म उल्लेख भएको उमेर नै वास्तविक र यथार्थ उमेर मान्नुपर्दछ । यो नै अर्थात् सुरुमा नै २०६१ मा अभिलेख गरिएको २०५३/०४/०५ को जन्म मिति पछि २०६८ कार्तिक समेतमा कायम गरी विद्यालयबाट भूल सुधार गरिएको र सोही जन्म मिति स्थानीय पञ्जिकाधिकारीबाट जारी भएको जन्म दर्ताको प्रमाणपत्र समेतबाट समर्थित हुन आएबाट यी पीडितको यथार्थ र वास्तविक जन्म मिति २०५३/०४/०५ नै प्रमाणित हुन आई वारदातको मिति २०६८/०६/२४ मा निज कल्पना १५ वर्ष २ महिना १९ दिन मात्र पुगेको देखियो । विद्यालयमा सुरुदेखि नियमित रूपमा राखिएको अभिलेख बीचमा २ वर्ष फरक पर्ने गरी रहन गएको भए पनि पछि भूल सुधार गरी सुरुकै जन्म मिति कायम रहने गरी अभिलेख रहेको र नियम १५ को खण्ड (ख) र (ग) समेतले स्थानीय पञ्जिकाधिकारीबाट जारी भएका जन्मदर्ता प्रमाण पत्र र विद्यालयको नियमित अभिलेख नै प्रमाणको रूपमा ग्राह्य हुने देखिँदा यी पीडित कल्पनाको जन्म मिति २०५३/०४/०५ नै प्रमाणित हुन आयो । प्रतिवादीका तर्फबाट पे गरिएको मिति २०६८/०७/१६ को विद्यालयको पत्रमा उल्लिखित २०५१/१२/०५ भन्ने जन्म मिति अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन नआएकोले त्यसले प्रमाणित स्थान ग्रहण गर्न सक्ने नदेखिँदा पीडित १६ वर्ष पुगिसकेकी भन्ने प्रतिवादीतर्फका विद्वान् कानुन व्यवसायीको बहससँग सहमत हुन सकिएन ।

२०६८/०६/२४ गते राति १०:३० बजेको समयमा कीर्तनबाट घर फर्किने क्रममा पीडितकै आग्रह अनुसारको पीडितको घरमा गएको र त्यहाँ अन्य कोही पनि नभएको अवसरमा पीडितको सक्रियताबाट आफूले यौन सम्पर्कसम्म कायम गरेको हुँदा मेरो पक्षले जोर जबरजस्ती केही नगरेको र त्यस्तो जोर जबरजस्ती गरेको भन्ने स्थापित र प्रमाणित हुन नसकेकोले प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउनुपर्दछ भन्ने विद्वान्‌को बहसका सन्दर्भमा विचार गर्दा पीडितको उमेर १५ वर्ष २ महिना १९ दिन मात्रको देखिई निज १६ वर्षभन्दा कम उमेरकी बालिका देखिएको र निजको आग्रह र अनुरोधमा नै निजसँग करणी लिनुदिनु गरेको अवस्थामा समेत प्रतिवादीको सो कार्य मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. को परिभाषा अनुसार कसुरजन्य कार्य भएको र त्यस्तो कार्य दण्डनीय भएकाले प्रतिवादीलाई सफाइ हुनुपर्दछ भन्ने विद्वान् कानुन व्यवसायीको बहस जिकिर समेत न्याय र कानुनसम्मत देखिएन ।

तसर्थ माथि उल्लेख बमोजिमको तथ्यका साथै आधार प्रमाण समेतबाट प्रतिवादी तेजप्रसाद ढकालले १६ वर्ष नपुगेकी पीडित कल्पनालाई अभियोग दाबी बमोजिम जबरजस्ती करणी गरी मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुर अपराध गरेकाले सो कसुरमा प्रतिवादी तेजप्रसाद ढकाललाई सोही ऐनको दफा ३ को देहाय ३ बमोजिम ७ वर्ष कैद सजाय हुने ठहर्छ ।

साथै प्रतिवादीले जबरजस्ती करणी गरेको ठहर भएकाले निजबाट पीडित कल्पनालाई सोही महलको १० नं. बमोजिम रु. १,००,०००।- एक लाख क्षतिपूर्ति समेत दिलाई भराइदिने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्ने गरी अ.वं. १८६ नं. बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी तेजप्रसाद ढकाललाई मुलुकी ऐन जबरजस्ती करणी महलको ३ को देहाय ३ बमोजिम ७ वर्ष कैद हुने ठहरेकोल निज मिति २०६८/०७/०५ देखि मुद्दा अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहकोले सोही मितिदेखि कैद कट्टी हुने हुँदा मिति २०७५/०७/०४ सम्म कैदमा राखी २०७५/०७/०५ गने कैदमुक्त हुनेगरी कैद म्याद ठेकी असुल गर्नका लागि क्षेत्रीय कारागार कार्यालय, झुम्का, सुनसरीमा लेखी पठाउनू ......................................................................१

पीडित कल्पनाले मुलुकी ऐन जबरजस्ती करणीको महलको १० नं. बमोजिम रु १,००,०००।- (एक लाख) प्रतिवादी तेजप्रसाद ढकालबाट क्षतिपूर्ति पाउने ठहरेकोले फैसला अन्तिम भएपछि भराइदिने गरी लगत राख्नू.......................................................................................................................२

यस फैसला उपर चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, इलाममा पुनरावेदन गर्नुहोला भनी प्रतिवादी तेजप्रसाद ढकाललाई फैसलाको प्रतिलिपि सहित पुनरावेदनको म्याद दिनू र जि.स.व.का. इलाममा फैसलाको जानकारी पठाइदिनू...........................................................................................३

फैसलाको प्रतिलिपि सरोकारवालाहरूले माग गरे नियमानुसार सारी सराइदिनू....................................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू...................................५

प्रस्तुत मुद्दा बन्द इजलासबाट हेरिने प्रकृतिको हुँदा पीडितको नाम समेत सरोकारवाला सबैले गोप्य राख्नू..६

प्रस्तुत पाना ८ को फैसला माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाए बमोजिम तयार गर्ने इ.स.विष्णुकुमारी लामिछाने र टाइप गर्ने कम्प्युटर अपरेटर गोविन्द श्रेष्ठ ।

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम्......................।**

**श्री काठमाडौं जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री नारायणप्रसाद पोखरेल**
**फैसला**
**संवत् २०६९ सालको स.फौ.नं. २९४६**

**मुद्दा : जबरजस्ती करणी उद्योग**
**निर्णय नं. : ११०**

**वादीको नाम, थर,वतन**

भारत मोतिहारी जिल्ला फतुवा गाउँ घर भई हाल का.जि.का.म.न.पा.वडा नं. १६ नयाँबजार बस्ने वर्ष ३० को प्रमोदप्रसाद गुप्ताको जाहेरी नेपाल सरकार..........................................१

साक्षी :-
कागज :-

**प्रतिवादी नाम, थर, वतन**

भारत मोतीहारी जिल्ला नौरंगी-५ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. १६ बालाजु बस्ने वर्ष २६ को श्रवणकुमार गुप्ता................................१

साक्षीः-
कागजः-
अदालतबाट बुझेको
साक्षी :-
कागज :-

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोवस्तको २९ नं.ले यसै अदातको अधिकार क्षेत्रभित्र रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एंव ठहर यसप्रकार रहेको छ ।

तथ्य खण्ड

का.जि.का.म.न.पा. वडा नं.१६ सोह्रखुट्टेस्थित म जाहेरवालाको आलु गोदामको पसलमा छोरी मात्र भएको मौका पारी मिति २०६९/२/२९ गते बिहान अन्दाजी १०:०० बजेको समयमा प्रतिवादी श्रवणकुमार गुप्ता मेरो पसलमा आई मेरी छोरी वर्ष ९ की परिसर 'त्र' लाई ललाई फकाई गोदामको कोठामा लगी भुइँमा सुताई छोरीको कट्टु खोली आफ्नो समेत पाइन्ट खोली छोरीको योनीमा थुक लगाई जबरजस्ती करणी गर्न लाग्दाको अवस्थामा छोरी चिच्याई रुन लागेपछि वरिपरिका मानिसहरू आई मलाई खबर गरेपछि म पनि पुगी सो कुरा छोरीबाट समेत जानकारी पाएको हुँदा निज प्रतिवादीलाई कानुन बमोजिम कारबाही गरिपाऊँ भन्ने समेत व्यहोराको प्रमोदप्रसाद गुप्ताको जाहेरी दरखास्त ।

का.जि.का.म.न.पा. वडा नं.१६ सोह्रखुट्टेस्थित पूर्वमा मणिक प्रधानको पक्की घर, पश्चिममा विमल बस्यालको पक्की घर, उत्तरमा गल्कोपाखातर्फ जाने बाटो, दक्षिणमा भारतीय पेन्सन क्याम्प यति चार किल्लाभित्र हर्कबहादुर शाक्यको ३ तले पक्की घरको भुइँ तलामा जाहेरवाला प्रमोदप्रसाद गुप्ताले सञ्चालन गरेको आलु प्याज पसलमा मिति २०६९/२/२९ गते बिहान १० बजेको समयमा प्रतिवादी श्रवणप्रसाद गुप्ताले जाहेरवालाको छोरी वर्ष ९ परिसर 'त्र' लाई जबरजस्ती करणी उद्योग गरेको ठीक हो भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

म पन्ध्र दिनअगाडि काठमाडौं आएको हुँ, प्रतिवादी श्रवणकुमार गुप्ताको घर र हाम्रो घर भारत मोतीहारी नै भएकाले निजलाई म राम्रोसँग चिन्दछु । का.जि. सोह्रखुट्टेस्थित हाम्रो पसलमा निज

प्रतिवादी आइरहन्थ्यो । मैले निजलाई अंकल भनी बोलाउँथें । मिति २०६९/२/२९ गते बिहान अन्दाजी १० बजे म एक्लै पसलमा बसिरहेको थिएँ । प्रतिवादी श्रवणकुमार गुप्ता हाम्रो पसलमा आई तिम्रो बुवा मम्मी खोई भनी सोधेको थियो । मैले ममी खाना पकाउन जानुभयो, बुवा नुहाउन जानुभएको छ भनेपछि निज प्रतिवादीले मलाई हातमा तानी आलु राखेको कोठामा लगी भुइँमा सुताई मैले लगाएको कुर्ता माथि फर्काई मेरो सुरुवाल पेन्टी खोली निजले आफ्नो हातको औंलामा थुक लगाई मेरो पिसाब फेर्ने योनीमा दलिदियो, त्यसपछि मलाई डर लागेर रुन थालेपछि बाहिर मानिस कराएको आवाज सुनेपछि निज प्रतिवादीले मलाई छाडी मेरो पेन्टी सुरुवाल लगाइदिई त्यहाँबाट भागेको हो भनी पीडित परिसर 'त्र' ले गरिदिएको कागज ।

पीडित परिसर 'त्र' को स्वास्थ्य साधारण छ, निजको कन्याजाली च्यातिएको छैन र निजको शरीरमा कहीँकतै घाउ चोटपटक लागेको देखिँदैन भन्ने व्यहोराको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल काठमाडौंको पत्र ।

जाहेरवाला प्रमोदप्रसाद गुप्ता र पीडित परिसर 'त्र' लाई राम्रोसँग चिन्दछु । निजहरूको घर र मेरो घर भारतको मोतीहारी जिल्लामा पर्दछ । जाहेरवालासँग मेरो राम्रो सम्बन्ध भेटघाट भएको ५ वर्ष जति भयो । जाहेरवालालाई मेरो माछापसलमा काम दिएपछि ५ वर्षसम्म निजको श्रीमती, छोरी समेत एउटै परिवार भएर मेरै कोठामा बस्थ्यौं । पछि म निजहरूको कोठामा गइरहन्थें । निज पीडित परिसर 'त्र' सँग राम्रो बोलचाल हुन्थ्यो । निजले मलाई अंकल भनी बोलाउने गर्थिन् । मिति २०६९/२/२९ गते बिहान १० बजेतिर म निज जाहेरवालाको पसलमा गएको थिएँ । पसलमा निज पीडित मात्र थिइन् । निजलाई मैले हातमा समातेर पसलभित्रको आलु गोदाममा लगी सुताई निजले लगाएको सुरुवाल र पेन्टी खोली आफ्नो हातको औंलामा थुक लगाई निज पीडितको पिसाब फेर्ने ठाउँमा औंलाले चलाई बाहिर भागमा औंलाले दलिरहेको अवस्थामा निज पीडित चिच्याएर रुन थालिन् । त्यसपछि बाहिरको मानिसले थाहा पाउँछन् भनी म आत्तिएर निजको सुरुवाल र पेन्टी लगाइदिएर त्यहाँबाट भागेको हुँ भन्ने व्यहोराको प्रतिवादी श्रवणकुमार गुप्ताले गरेको बयान ।

मिति २०६९/२/२९ गते बिहान म खाना पकाउन र श्रीमान् नुहाउन भनी पसलमा छोरीलाई एक्लै छाडी गयौं । खाना पकाई म पसलमा जाँदा छोरी रोइरहेको देखी सोध्दा अंकलले मेरो हातमा समाई आलु गोदामभित्र लगी बोरामाथि सुताई मेरो सुरुवाल र पेन्टी आधा खोली आफ्नो हातमा थुक लगाई निजले औंलाले मेरो यौनीमा चलाई दलेको र म रोएपछि निज भागी गएको भनी छोरी परिसर 'त्र' ले बताएपछि थाहा पाएँ । यसरी प्रतिवादी श्रवणकुमार गुप्ताले पसलमा कोही नभएको मौका पारी मेरी नाबालिका ९ वर्षकी छोरीलाई जबरजस्ती करणीको उद्योग गरेकाले निजलाई कारबाही गरी पाऊँ भन्ने व्यहोराको पीडित परिसर 'त्र' की आमा संगीतादेवी गुप्ताले गरेको कागज र सोही व्यहोरासँग मेल खाने गरी सम्साद आलम, रामनारायणप्रसाद गुप्ताले गरेको अलग अलग कागज ।

पीडित परिसर 'त्र' को हालको उमेर १० वर्षको छ भन्ने शिक्षण अस्पताल महाराजगन्जको उमेर जाँच परीक्षण प्रतिवेदन ।

प्रतिवादी श्रवणकुमार गुप्ताले जबरजस्ती करणी उद्योग गरेकाले निज उपर मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिमको कसूर अपराधमा सोही महलको ३(१) नं.ले सजायमा सोही महलको ५ नं. बमोजिमको सजाय हुन माग दाबी सहितको अभियोगपत्र ।

मैले जाहेरवालाको छोरी परिवर्तित नाम परिसर 'त्र' लाई जबरजस्ती करणीको उद्योग गरेको छैन । म जाहेरवालाको आलु गोदाममा गएको पनि हैन । उक्त मिति र समयमा म आफ्नै माछा पसल बाजाजुमा थिएँ । मैले जाहेरवालासँग ६ महिना अघि रु. १,००,०००।- (एक लाख रुपैयाँ) नगद ऋण लिएको थिएँ । जाहेरवाला प्रमोद गुप्ताले मसँग सो पैसा २०-२५ पटकसम्म मागे । मसँग पैसा नभएको कारण दिन सकेको थिइन । निजले मलाई उम्कन नपाउने गरी फसाउँछु भनेका थिए । उनले पैसा

नदिएको कारण मलाई छोरीलाई जबरजस्ती करणी गर्न लागेको भनी झुट्टा मुद्दामा फसाएका हुन् । मेरो अधिकार प्राप्त अधिकारी समक्षको बयान व्यहोरा सम्बन्धमा मैले निजकी छोरी परिसर 'त्र' लाई जबरजस्ती करणीको उद्योग गरेको भन्ने व्यहोरा झुट्टा हो । मैले जबरजस्ती करणी उद्योग नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन, सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी श्रवणकुमार गुप्ताले यस अदालत समक्ष गरेको बयान ।

प्रतिवादीका साक्षी टुनटुन शाह, जाहेरवाला प्रमोदप्रसाद गुप्ता, पीडित नाम परिवर्तित परिसर 'त्र' र बुझिएका मानिस रामनारायणप्रसाद गुप्ताले गरेको बकपत्र मिसिल सामेल रहेको ।

ठहर खण्ड

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री दीपकमणि निरौलाले गर्नुभएको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीले अभियोग मागदाबी अनुसारको कसुर गरेको हुन् होइनन् र प्रतिवादीलाई आरोपित कसुरमा सजाय हुने हो होइन, जाहेरी व्यहोरा साँचो हो वा झुट्टा हो, झुट्टा भए जाहेरवालालाई सजाय हुनुपर्ने हो होइन र हुनुपर्ने भए के कति सजाय हुने हो भन्ने समेतको प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा का.जि.का.म.न.पा. वडा नं.१६ सोह्रखुट्टे स्थित म जाहेरवालाको आलु गोदामको पसलमा छोरी मात्र भएको मौका पारी मिति २०६९/२/२९ गते बिहान अन्दाजी १० बजेको समयमा प्रतिवादी श्रवणकुमार गुप्ता मेरो पसलमा आई मेरी छोरी वर्ष ९ की परिसर 'त्र' लाई ललाई फकाई गोदामको कोठामा लगी भुइँमा सुताई छोरीको कट्टु खोली आफ्नो पाइन्ट खोली छोरीको योनीमा थुक लगाई जबरजस्ती करणी गर्न लाग्दाको अवस्थामा छोरी चिच्याई रुन लागेपछि वरिपरिका मानिसहरू आई मलाई खबर गरेपछि म पनि पुगी सो कुरा छोरीबाट समेत जानकारी पाएको हँदा प्रतिवादीलाई कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको प्रमोदप्रसाद गुप्ताले दिएको जाहेरीबाट प्रस्तुत मुद्दाको अनुसन्धान प्रक्रिया प्रारम्भ भएको पाइन्छ ।

उक्त जाहेरी व्यहोरा समेतलाई आधार बनाई प्रतिवादी श्रवणकुमार गुप्ता उपर जबरजस्ती करणीको उद्योग गरेको भनी मु.ऐ. जबरजस्ती करणीको महलको ५ नं. बमोजिम कसुर अपराध हुँदा ऐ. को ३(१) ले हुने सजायमा पीडित ९ वर्षको हुँदा ५ नं. बमोजिम सजाय हुन अभियोग माग दाबी रहेको पाइन्छ ।

प्रतिवादीले अदालतमा आई बयान गर्दा पीडित परिसर 'त्र' लाई आफूले जबरजस्ती करणी गर्ने उद्योगको कार्य गरेको होइन । जाहेरवालासँग आफूले रु. १,००,०००।- (एक लाख रुपैयाँ) ऋण लिएकोमा निजले मसँग २०।२५ पटकसम्म रकम माग गर्दा समेत आफूले ऋण तिर्न नसकेको कारण जाहेरवालाले उम्कन नपाउने गरी फसाउँछु भनेका थिए । पैसा नदिएको कारणले नै छोरीलाई जबरजस्ती करणी गर्न लागेको भनी झुट्टा मुद्दामा फसाएका हुन् भनी कसुर गरेको कुरामा इन्कारी बयान गरेको पाइन्छ । पीडितले मौकामा कागज गर्दा जाहेरीमा उल्लिखित व्यहोरा अनुसार प्रतिवादी उपर कसुरमा किटानी हुने गरी बकपत्र गरिदिएको पाइन्छ । तापनि पीडितले अदालतमा आई बकपत्र गर्दा मिति २०६९/२/३० गते प्रहरीमा गरिएको कागजमा परेको सहीछाप मेरै हो । तर सो कागजमा लेखिएको व्यहोरा मेरो होइन । प्रतिवादीसँग मेरो बाबाले रु. १,००,०००।- (एक लाख रुपैयाँ) लिनुपर्ने थियो । सो रकम निज प्रतिवादीले नदिएकाले मेरो बाबा प्रमोदप्रसाद गुप्ताले त्यस्तो कुरा भन्नुपर्छ भनी मलाई सिकाएकाले मैले त्यस्तो कुरा लेखाएको हो । प्रतिवादीले मलाई जबरजस्ती करणी उद्योग गरेको होइन । घटना भएको भनिएको दिन निज प्रतिवादीसँग भेटघाट भएको थिएन (स.ज.६), प्रहरीमा श्रवणकुमार गुप्ताले जबरजस्ती करणी उद्योग गऱ्यो भनी मेरो बुवा प्रमोदप्रसाद गुप्ताले सिकाएकोले सो व्यहोरा लेखाएको हो । बुवाको प्रतिवादीसँग रुपैयाँको कारोबार लेनदेनको विषयलाई लिएर सो कुरा भन्नु भनी सिकाएको हो, प्रहरीमा भएको कागज व्यहोरा झुट्टा हो (स.ज.७), । प्रतिवादीले सजाय पाउनुपर्ने

होइन (स.ज.८), भन्ने समेतको व्यहोरा लेखिदिएको पाइन्छ । मौकामा बुझिएका रामनारायणप्रसाद गुप्ताले अदालतमा आई गरेको बकपत्रमा परिसर 'त्र' लाई कसैले जबरजस्ती करणी उद्योग गरेको होइन, प्रमोद र श्रवणबीच रुपैयाँको लेनदेन कारोबारको थियो । सोही विषयमा रिसइबी लिई झुट्टा जाहेरी दिएको हो भनी व्यहोरा लेखाएको पाइन्छ । जाहेरवाला प्रमोदप्रसाद गुप्ता स्वयम्ले अदालतमा आई गरेको बकपत्रमा मिति २०६९/०२/२९ गतेको जाहेरीमा भएको सही छापलाई स्वीकार गरी कारोबार भएको रकम रु १,००,०००।- (एक लाख रुपैयाँ) लिनलाई प्रहरीमा उजुरी गरेको हो (स.ज.६) । मेरो रकम उठाउनका लागि प्रतिवादीलाई प्रहरीको सहयोगमा यो कारबाही अगाडि बढाएको हुँ । परिसर 'त्र' भनिएकी मेरी छोरीलाई कसैले केही गरेको होइन (स.ज.७) । पटक पटक पैसा माग्दा नदिएकाले रिस उठेकाले मैले यस्तो मुद्दा हालेको हुँ (स.ज.१२) । प्रतिवादीसँग मैले लिनुपर्ने रु. १,००,०००।- (एक लाख रुपैयाँ) पाइसकेको छु (स.ज.१३) । प्रतिवादी श्रवणकुमार गुप्ता निर्दोष हो (स.ज.१५) भन्ने समेतको व्यहोरा लेखाइदिएको पाइन्छ । प्रतिवादीका साक्षी टुनटुन शाहले अदालतमा आई बकपत्र गर्दा मैले श्रवण र प्रमोदलाई राम्रोसँग चिन्दछु । यी दुईबीच कारोबार भएको मलाई थाहा थियो । निजहरूको रु. १,००,०००।- (एक लाख रुपैयाँ) को कारोबार थियो । जाहेरवाला प्रमोद गुप्ताले कारोबारको रकम प्रतिवादीबाट असुल नहुने भएपछि आफ्नो छोरी प्रयोग गरेको हुन सक्छ (स.ज.६) भन्ने समेतको व्यहोरा उल्लेख गरी प्रतिवादीलाई कसुरबाट सफाइ हुने गरी बकपत्रमा व्यहोरा लेखाइदिएको पाइन्छ । पीडित परिसर 'त्र' को मिसिल संलग्न स्वास्थ्य जाँच परीक्षण प्रतिवेदनबाट पनि प्रतिवादी उपरको कसुर प्रमाणित हुने देखिँदैन । उपरोक्त आधार कारणहरूको विश्लेषणबाट जाहेरवालाले प्रतिवादीसँग लिनुपर्ने रकम रु. १,००,०००।- (एक लाख रुपैयाँ) प्रतिवादीले नदिएको भनी प्रतिवादी उपर रिस साध्न एवम् दुःख दिने नियतले आफ्नी नाबालिका छोरी परिसर 'त्र' लाई जबरजस्ती करणीको उद्योग गरेको भनी झुट्टा जाहेरी दिएको र प्रतिवादीबाट उक्त रकम बुझिलिए पश्चात् आफू स्वयंले समेत अदालतमा आई आफ्नो जाहेरी व्यहोरा झुट्टा हो भनी बकपत्र गरिदिएको देखिन आयो । जाहेरवाला प्रमोद गुप्ताले आफ्नो अभिष्ट पूरा गर्न सरकारी निकायमा झुट्टा जाहेरी दिई गलत मनसायले आफ्नी नाबालिका छोरी समेतलाई प्रयोग गरेको समेत मिसिल प्रमाणबाट देखिन आउँछ । यस अवस्थामा प्रतिवादी उपरको वादी नेपाल सरकारको अभियोग माग दाबी पुग्न सक्ने देखिन आउँदैन ।

तसर्थ, प्रतिवादी प्रमोद गुप्ता उपर वादी पक्षले लिएको अभियोग माग दाबी पुग्न नसक्ने ठहर्छ । सो ठहर्नाले आरोपित कसुरबाट प्रतिवादीले सफाइ पाउने ठहर्छ ।

जाहेरवाला प्रमोदप्रसाद गुप्ताले प्रतिवादी श्रवणकुमार गुप्ता जाहेरवाला उपर माथि उल्लेख भए बमोजिम झुट्टा र बनावटी जाहेरी दिएको देखिन आउने हुँदा निजलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २८(२) को (क) बमाजिम रु. १०००।- (एक हजार रुपैयाँ) जरिवाना र १ (एक) महिना कैद हुने ठहर्छ । निज जाहेरवालाले प्रतिवादी उपर मनासिब माफिकको कारण नभई रिसइबीले जाहेरी गरेको देखिन आउने हुँदा निज जाहेरवालाबाट प्रतिवादीलाई ऐ. को दफा २८(२) (ख) बमोजिम रु. ५०००।- (पाँच हजार रुपैयाँ) क्षतिपूर्ति भराइदिने समेत ठहर्छ । अरू तपसिल बमोजिम गर्नु ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी श्रवणकुमार गुप्ताले आरोपित कसुरबाट सफाइ पाउने ठहरी फैसला भएकोमा निज अनुसन्धानको सिलसिलामा मिति २०६९/०२/२९ मा पक्राउ परी हालसम्म यस अदालतको थुनछेक आदेशानुसार हालसम्म थुनामा रहेको देखिँदा निजलाई प्रस्तुत मुद्दाको रोहबाट आजै थुनामुक्त गरिदिनू भनी सम्बन्धित कारागारमा लेखी पठाउनू.............................................................१

जाहेरवाला प्रमोदप्रसाद गुप्तालाई रु. १०००।- (एक हजार रुपैयाँ) जरिवाना र १ (एक) महिना कैद हुने ठहरेकोले प्रस्तुत मुद्दामा पुनरावेदनको अवस्था व्यतीत भई मुद्दा अन्तिम भएपछि उक्त जरिवाना र कैद असुल गर्नू भनी लगत शाखामा लगत दिनू ........................................................................२

यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानू भनी जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंलाई फैसलाको प्रतिलिपि साथै राखी पुनरावेदनको म्याद जारी गरी पठाउनू ........................................................................................................३

माथि ठहरे बमोजिम प्रतिवादी श्रवणकुमार गुप्ताले रु. ५०००।-(पाँच हजार रुपैयाँ) जाहेरवालाबाट क्षतिपूर्ति भरी पाउने ठहरेकोमा फैसला अन्तिम भएपछि सो क्षतिपूर्ति रकम भराई पाऊँ भने प्रतिवादी श्रवणकुमार गुप्ताको ऐनका म्यादभित्र दरखास्त पर्न आएमा जाहेरवाला प्रमोदप्रसाद गुप्ताबाट प्रतिवादीलाई भराई दिनू.४

सरोकारवालाले नक्कल माग गरे नियमानुसार गरी नक्कल दिनू.......................................................५

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू.......................................६

माननीय न्यायाधीश ज्यूले बोली टिपाउनुभए बमोजिम
टिपोट गरी फैसला टाइप गर्ने डि. कुलचन्द्र अर्याल
फाँट : १४, फाँटवाला : कृष्ण आचार्य

**न्यायाधीश**

**इति संवत् २०६९ साल भाद्र महिना ३१ गते रोज १ शभम्.....................।**

**श्री सप्तरी जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री रितेन्द्र थापा**
**फैसला**

**संवत् २०६८ को cr ००८४**

**मुद्दा :- चोरी ।**
**नि.नं. :- ४४३**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जि.स.गा.वि.स. दिघवा वडा नं. ४ बस्ने लक्ष्मी यादवको जाहेरीले नेपाल सरकार........................१ | जि.स.गा.वि.स. दिघवा वडा नं. ४ बस्ने लक्ष्मणको पत्नी सुमा भन्ने समुन्द्रीदेवी यादव..१ संकेतनं. ००८४–०० बस्ने संकेत नं. ००८४–१.१ |
| **साक्षी :-** प्रतिवेदक प्र.स.नि. लोकलाल धिमाल, वस्तुस्थिति मुचुल्काका मानिस सुकदेव सुतिहार, जुगेश्वर यादव, जाहेरवाला लक्ष्मी यादव | **साक्षी :-** जितेन्द्र यादव |
| कागज.... | कागज................ |

अदालतबाट बुझेको
साक्षी
कागज :-

***बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५२ तथा विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिम यस मुद्दामा संलग्न भनी खुलेका बालकहरूको वतन तथा नाम गोप्य राख्ने प्रयोजको लागि संकेत नं. मा राखिएको छ ।***

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मु. ऐन अ.वं. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र परी दायर भै पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छ :

मिति २०६८।९।३ गतेका दिन बेलुकी म समेत घरमा कोही नभएको मौकामा अन्यायी संकेत नं. ००८४–१ र समुन्द्रीदेवी यादवले मेरो घरमा भएको सुन चाँदीको गरगहना तथा रु.६६०००।- समेत चोरी गरी लगेको हुँदा कानुन बमोजिम गरी पाऊँ भन्ने समेत व्यहोराको लक्ष्मी यादवले पेस गरेको निवेदन ।

जिल्ला सप्तरी दिघवा गा.वि.स. वडा नं. ४ स्थित शम्भु भन्ने लक्ष्मी यादवको घरबाट मिति २०६८।९।३ गतेको दिन सुन चाँदीको गरगहना तथा नगद समेत चोरी भएको भन्ने देखाए बमोजिम लेखाइदिएको घटनास्थल मुचुल्काको चारकिल्ला सहितको विवरण ठीक छ भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

जिल्ला सप्तरी दिघवा गा.वि.स. वडा नं. ४ स्थित जयनारायण यादवको थुपारी राखेको परालमा लुकाई छिपाई राखेको अवस्थामा मिति २०६८।९।१० गतेको दिन चाँदीको घाँटीमा लगाउने २ तोलाको हसुली थान १, २२ तोला चाँदीको खुट्टामा लगाउने करा थान २, ७ तोलाको चाँदीको पाउजु २, २ आनाको सुनको फुली थान १, २ आना सुनको कनौसी १, १०००। दरको नगद भारतीय रुपैयाँ थान

९, ५०० दरको भारतीय रुपैयाँ थान १३, १०००। दरको नेपाली रुपैयाँ थान ७, ५००। दरको नेपाली रुपैयाँ थान २, काठको बाक्सा थान १, फलामको पती थान १ समेत फेला पारी प्रहरी टोलीले लगेको देखेको भन्ने समेत व्यहोराको घटनास्थल खानतलासी बरामदी मुचुल्का ।

मिति २०६८।९।३ गतेका दिन मेरो घरमा कोही नभएको मौका पारी दिघवा ४ बस्ने समुन्द्रीदेवी यादव, संकेत नं. ००८४–१ ले घरमा भएको नगद रु.६६०००।- सुन चाँदीको गरगहना समेत चोरी गरी लगेको हुँदा खोजतलास समेत गरी पाऊँ भन्ने लक्ष्मी यादवले पेस गरेको निवेदनको आधारमा खोजतलास गर्दै जाँदा निज समुन्द्रीदेवी यादव समेत मिली लक्ष्मी यादवको घरबाट चोरी गरी लगेको गरगहना तथा नगद जिल्ला सप्तरी दिघवा गा.वि.स. वडा नं. ४ बस्ने जयनारायण यादवको खेतमा थुपारी राखेको परालमा लुकाई छिपाई राखेको अवस्थामा बरामदी मुचुल्कामा उल्लेख भएको गरगहना तथा नगद रु.३२८००।- फेला पारी बरामद गरी चोरी गर्ने संकेत नं. ००८४–१ र समुन्द्रीदेवी यादवलाई पक्राउ गरी कानुन बमोजिम कारबाहीको लागि दाखिला गरेको भन्ने समेत व्यहोराको प्रहरीको प्रतिवेदन ।

समुन्द्रीदेवी यादवले मलाई लक्ष्मी यादवको घरमा भएको नगद सुन चाँदीको गरगहना चोरी गरी ल्याऊ भनी सिकाएकोले मिति २०६८।९।३ गतेका दिन निज लक्ष्मी यादव घरमा नभएको मौकामा संकेत नं. ००८४–२, संकेत नं. ००८४–३ समेत मिली लक्ष्मी यादवको घरमा गई बक्सामा भएको नगद रु.६६०००।- सुन चाँदीको गरगहना समेत चोरी गरी ल्याई समुन्द्रीदेवीलाई दिँदा निजले नगद रुपैंयाँ राखी सुन चाँदीको गरगहना जयनारायण यादवको परालमा लुकाइदिनू भनेकोले गरगहना लुकाइदिएको थिएँ । प्रहरी टोलीले खोजतलास गर्न जाँदा समुन्द्रीदेवी यादवले रु.३२८००।- मलाई दिई नगद समेत लुकाइदिनू भनेकोले गरगहना लुकाएको ठाउँमा नै गई नगद समेत लुकाइदिएकोमा प्रहरी टोलीले उक्त गरगहना नगद बरामद गरी ल्याएको हो । बाँकी रुपैयाँ समुन्द्रीदेवीले नै राखेको हो । म समेत मिली लक्ष्मी यादवको घरबाट नगद तथा सुन चाँदीको गरगहना चोरी गरेको ठीक साँचो हो भन्ने समेत व्यहोराको प्रतिवादी संकेत नं. ००८४–१ ले अनुसन्धान अधिकारी समक्ष गरेको बयान कागज ।

मिति २०६८।९।३ गतेका दिन बेलुका मेरो घरमा कोही नभएको मौका पारी अन्यायी समुन्द्रीदेवी यादव संकेत नं. ००८४–१, संकेत नं. ००८४–२, संकेत नं. ००८४–३ समेत मिली मेरो घरमा भएको नेपाली र भरतीय गरी रु. ६६०००, चाँदीको हँसुली थान १ मोल रु.२२०००।-, चाँदीको खुट्टामा लगाउने करा १ जोडी २२ तोला मोल रु.२४५००।-, ७ तोलाको मोल रु.९५००।- पर्ने चाँदीको पाउजु, सुनको फुली २ आनाको रु.६५००।-, सुनको कनौरी २ आनाको मोल रु.६५००।- समेत चोरी गरी लगेको हुँदा निज अन्यायीहरूलाई कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको लक्ष्मी यादवले पेस गरेको जाहेरी दरखास्त ।

बरामद भई आएको यी देखाएको बरामदी मुचुल्कामा उल्लिखित गरगहना तथा नगद रुपैयाँ काठको बक्सा समेत मेरो नै हो । मेरो घरबाट अन्यायीहरूले चोरी गरी लगेको ठीक साँचो हो भनी उक्त गरगहना नगद बक्सा समेत देखी चिनी सनाखत गरिदिएँ भन्ने समेत व्यहोराको लक्ष्मी यादवले गरिदिएको सनाखत कागज ।

मिति २०६८।९।३ गतेका दिन म आफ्नो घरमा नै बसिरहेको थिएँ । मैले लक्ष्मी यादवको घरबाट सुन चाँदीको गरगहना नगद समेत चोरी गरेको होइन । संकेत नं. ००८४–१ समेतलाई चोरी गर्नको लागि सिकाएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी समुन्द्रीदेवी यादवले गरेको बयान कागज ।

मिति २०६८।९।३ गतेका दिन म संकेत नं. ००८४–१, संकेत नं. ००८४–२ समेत मिली जाहेरवाला लक्ष्मी यादवको घरबाट सुन चाँदीको गरगहना तथा नगद समेत चोरी गरी लगी समुन्द्रीदेवी यादवको घरमा जाँदा निज समुन्द्रीदेवी यादवले नगद लिई गरगहना लुकाइदिनु भनेकोले गरगहना

जयनारायण यादवको खेतमा थुपारी राखेको परालमा लुकाइदिएको थिएँ भन्ने समेत व्यहोराको संकेत नं. ००८४–३ ले गरेको बयान ।

मिति २०६८।९।३ गतेका दिन बेलुका म भैंसी चराइरहेको अवस्थामा संकेत नं. ००८४–१ शिवचरण साहले लक्ष्मी यादवको घरबाट सुन चाँदीको गरगहना तथा नगद चोरी गरी लिई आई मलाई भन्दा म समेत निजहरूसँगै जाँदा निजहरूले समुन्द्रीदेवी यादवको घरमा जाँदा समुन्द्र देवीले सरसामानहरूमध्ये नगद आफूले राखेको र गरगहना लुकाइदिनु भनेकोले जयनारायण यादवको थुपारिराखेको परालमा गरगहना लुकाइदिएको थियो भन्ने समेत व्यहोराको संकेत नं. ००८४–२ ले गरेको बयान कागज ।

मिति २०६८।९।३ गतेको दिन बेलुका जाहेरवालाको घरमा कोही नभएको मौकामा जाहेरवालाको घरबाट नगद रु.६६०००।- सुन चाँदीको गरगहना समेत समुन्द्रीदेवी यादव संकेत नं. ००८४–१ निरजकुमार यादव शिवचरण साह समेत मिली चोरी गरी लगेको थाहा पाई पछि प्रहरी टोली खटी आई खोजतलासको क्रममा बरामदी मुचुल्कामा उल्लेख भए अनुसारको सुन चाँदीको गरगहना तथा नगद रु.३२८००।- बरामद गरी अन्यायी समुन्द्रीदेवी यादव संकेत नं. ००८४–१ लाई सोधपुछ गर्दा निजहरू समेतले उक्त अपराध वारदात गरेको भनी स्वीकार गरेको सुनेको हुँदा निज अन्यायीहरूले नै उक्त अपराध वारदात गरेकोमा विश्वास लागेको हुँदा अन्यायीहरू समुन्द्रीदेवी यादव संकेत नं. संकेत नं. ००८४–१, संकेत नं. ००८४–२, संकेत नं. ००८४–३ समेतलाई प्रचलित कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको घटनास्थल वस्तुस्थिति मुचुल्का ।

बरामद भएको सुन चाँदीको सम्पूर्ण गरगहनाको मोल रु.६६१७०।- र जम्मा भारतीय र नेपाली गरी जम्मा रु.३२८००।- पर्ने भन्ने समेत व्यहोराको पञ्चकृति मुचुल्का ।

प्रतिवादी समुन्द्रीदेवी यादवले नाबालकहरू संकेत नं. ००८४–१, संकेत नं. ००८४–२, संकेत नं. ००८४–३ समेतलाई सिकाई चोरी गर्न लगाएको हुँदा बालबालिका ऐन, २०४८ को दफा ११(४) बमोजिम कसैले वालबालिकालाई सिकाई चोरी गर्न लगाएमा सो सिकाउनेलाई आफैंले अपराध गरे सरह सजाय हुने भएकोले प्रतिवादी समुन्द्रीदेवीलाई मुलुकी ऐन चोरीको महलको १ नं. को कसुरमा सोही महलको १२ नं. बमोजिम बिगो रु.१३२१७०।- बमोजिम जरिवाना र एक महिना कैद गरी पाऊँ तथा प्रतिवादीहरू संकेत नं. ००८४–३ र संकेत नं. ००८४–३ को उमेर ८ वर्ष भएकोले बालबालिका ऐन, २०४८ को दफा ११(१) अनुसार कुनै सजाय नहुने भएकोले कुनै माग दाबी नलिएको र प्रतिवादी संकेत नं. ००८४–१ को उमेर १० वर्ष भएकोले मुलुकी ऐन चोरीको महलको १ नं. को कसुरमा १२ नं. बमोजिम सजाय हुनुपर्नेमा उमेरको कारणले बालबालिका ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग दाबी ।

मैले प्रतिवादी समुन्द्रीदेवीले अह्राए सिकाए बमोजिम म, संकेत नं. ००८४–२ र संकेत नं. ००८४–३ समेत मिली जाहेरवालाको घरमा जाहेरी दरखास्तमा उल्लेख भए बमोजिम सुन चाँदीको गरगहना चोरी गरेको हो समुन्द्रीदेवीले चोरी गरेको होइन, आँगनमा बसेर हामीलाई चोरी गर्न लगाएको हो । उनले हामीसँग पैसामात्र लिएर गएको हो भन्ने समेत व्यहोराको प्रतिवादी संकेत नं. ००८४–१ ले यस अदालतमा आई गरेको बयान ।

वारदात भएको भनेको दिनमा म मासु खान पकरी गा.वि.स स्थित भाइको घरमा गएको थिएँ, जाहेरवालासँग मेरो मोबाइल हराएको विषयमा वादविवाद भएको थियो । सोही रिसले निजले मलाई फसाउन यो जाहेरी दिएको हो । मैले चोरी गरेको होइन, कसले चोरी गरेको हो, सो समेत मलाई थाहा छैन, सो दिन म भाइको घरमा गएको थिएँ भन्ने समेत व्यहोराको प्रतिवादी समुन्द्रीदेवीले यस अदालतमा गरेको बयान ।

बरामदी मुचुल्काका सामानहरू जयनारायण यादवको परालबाट निकालेको र संकेत नं. ००८४–१ र समुन्द्रीदेवीलाई पक्राउ गरी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा पठाएको हो भन्ने समेत व्यहोराको प्र.स.नि. लोकलाल धिमालको बकपत्र ।

मुचुल्काको व्यहोरा मेरो होइन, सही मात्र मेरो हो, वारदात भनिएको दिन चोरी भएको मलाई थाहा छैन, पछि थाहा पाए अनुसार प्र. संकेत नं. ००८४–१ ले चोरी गरी नगद तथा जिन्सी लगेका हुन् भन्ने समेत व्यहोराको समुन्द्रीदेवी वारदातको समयमा माइतीमा थिइन भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काका सुकदेव सुतिहार र जुगेश्वर यादव समेतले गरेको बकपत्र ।

वारदात मिति समयमा गाउँघरमा कुनै चोरीको वारदात भएको छैन । वारदात मिति समयमा प्रतिवादी समुन्द्रीदेवी घरमा नै थिइन । चोरी नै नभएकोले कुनै सामान लगेको होइन । प्रतिवादीहरूले चोरी गरेको होइन भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी जितेन्द्र यादवले गरेको बकपत्र ।

प्रतिवादीहरूले बरामदी मुचुल्का बमोजिमको सामान चोरी गरी लगेको हो भन्ने समेत व्यहोराको जाहेरवाला लक्ष्मी यादवले गरेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको मिसिल कागजात अध्ययन गरी हेर्दा यस मुद्दामा अंग पुगी फैसला गरिदिए हुने देखिन आयो । वादी नेपाल सरकारतर्फबाट उपस्थित जिल्ला सरकारी वकिल कार्यालय सप्तरीका विद्वान् शाखा अधिकृत श्री रामहरि भट्टराई तथा जाहेरवालाको तर्फबाट विद्वान् अधिवक्ता श्री केशरलाल खंगले प्रतिवादीहरूले देखाएको स्थानबाट नै सामान बरामद भएको, अबोध नाबालकले अदालतमा बयान गर्दा समेत भएको तथ्य खुलाई प्र. समुन्द्रीदेवीले सिकाए बमोजिम चोरी गरेको भनी बयान गरेका छन्, जाहेरवालाले जाहेरी दरखास्त समर्थन गरी बकपत्र गरेका हुँदा अभियोग दाबी बमोजिम गरी पाऊँ भनी गर्नुभएको बहस सुनियो । यसैगरी प्रतिवादीतर्फका विद्वान् अधिवक्ता श्री रमेशबहादुर थापा र उपेन्द्र यादवले प्रतिवादीको घर आँगनबाट सामान बरामद नभएको, जाहेरीमा आफैंले चोरी गरेको भनी लेखाई अभियोग दाबीमा बालकको सहारा लिएको भनी दाबी लिएको प्रतिवादी वारदातको समयमा अन्यत्र रहेको हुँदा प्रतिवादीहरूले सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो ।

प्रतिवादी समुन्द्रीदेवी यादवले नाबालकहरू संकेत नं. ००८४–१, संकेत नं. ००८४–२, संकेत नं. ००८४–३ समेतलाई सिकाई चोरी गर्न लगाएको हुँदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(४) अनुरूप प्रतिवादी समुन्द्रीदेवीलाई मुलुकी ऐन चोरीको महलको १ नं. को कसुरमा सोही महलको १२ नं. बमोजिम बिगो रु.१३२१७०।- बमोजिम जरिवाना र एक महिना कैद गरी पाऊँ तथा प्रतिवादीहरू संकेत नं. ००८४–३ र संकेत नं. ००८४–२ को उमेर ८ वर्ष भएकोले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(१) अनुसार कुनै सजाय नहुने भएकोले कुनै माग दाबी नलिएको र प्रतिवादी संकेत नं. ००८४–१ को उमेर १० वर्ष भएकोले बालबालिका ऐन २०४८ को दफा ११(२) बमोजिम सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको अभियोग दाबी रहेको देखिन्छ । अभियोग दाबी प्रतिवादीहरूको बयान जिकिर तथा विद्वान् अधिवक्ताहरूको बहस जिकिर समेतलाई मध्यनजर गर्दा निम्न प्रश्नहरूमा निर्णय दिनुपर्ने देखियो ।

- वादी दाबी बमोजिमको वारदात भएको हो होइन ?
- सो वारदातमा को कसको संलग्नता रहेको छ ?
- प्रतिवादीहरूलाई दाबी बमोजिम सजाय हुने वा नहुने के हो ?

पहिलो प्रश्नमा विचार गर्दा, मिति २०६८।९।३ गतेका दिन बेलुकी म समेत घरमा कोही नभएको मौकामा सुन चाँदीको गरगहना तथा रु.६६०००।- समेत चोरी गरी लगेको हुँदा कानुन बमोजिम गरी पाऊँ भन्ने मिति २०६८।९।७ को निवेदनको आधारमा यस मुद्दामा कारबाही प्रारम्भ भएको रहेछ । सोही दिनको घटनास्थल प्रकृति मुचुल्काबाट जाहेरवालाको घरमा रहेको एउटा बाकस खुला रहेको र उक्त बाकसभित्र रहेको गहना र नगद राखेको बाकस चोरी भएको भन्ने घटनास्थल मुचुल्कामा उल्लेख भएको देखिन्छ । तर, दिघवा गा.वि.स. वडा नं. ४ स्थित जयनारायण यादवको थुपारी राखेको परालमा लुकाई छिपाई राखेको अवस्थामा मिति २०६८।९।१० गतेको दिन चाँदीको घाँटीमा लगाउने २ तोलाको हसुली थान १, २२ तोला चाँदीको खुट्टामा लगाउने करा थान २, ७ तोलाको चाँदीको पाउजु २, २ आनाको सुनको फुली थान १, २ आना सुनको कनौसी १, १०००। दरको नगद भारतीय रुपैयाँ थान ९, भारतीय रुपयाँ ५००। दरको  थान १३, नेपाली रुपैयाँ १०००। दरको थान ७, नेपाली रुपैयाँ ५००। दरको थान २, काठको बाकस थान १, फलामको पती थान १ बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन्छ । उक्त सामान जाहेरवालाको घरबाट चोरी भएको सामान भएको भन्ने जाहेरवाला, प्रतिवेदक प्रहरी समेतले अदालत समक्ष गरिदिएको बकपत्रबाट पुष्टि भएको छ । प्रतिवादीमध्येका संकेत नं. ००८४–१  स्वयंले पनि यस तथ्यलाई खुलाई बयान गरेको अवस्था हुँदा यस मुद्दामा जाहेरवाला शम्भु भन्ने लक्ष्मी यादवको घरबाट मुचुल्कामा उल्लेख भए बमोजिमका सामानहरू चोरी भएको देखिन आयो ।

अभियोगपत्रमा बिगो रु.१३२१७०।- चोरी भएको हुँदा सोही बिगो बराबरको जरिवाना माग गरी अभियोग पत्र प्रस्तुत भएको देखिन्छ । तर बरामदी गरगहना तथा नगद समेत गरी मोल रु.९८९७०।- मात्र रहेको भनी मुल्य निर्धारण मुचुल्का बनेको देखिन्छ । बाँकी रकम कहीँबाट पनि बरामद हुन सकेको छैन भने प्रतिवादीहरूले लिई खाई मासिसकेको भन्ने प्रमाण समेत मिसिलबाट देखिन आएको अवस्था छैन । तसर्थ बरामदी मुचुल्कामा उल्लिखित रु.९८९७०।- सम्मको बिगो बराबरको मात्र चोरी भएको देखिन आयो ।

अब प्रस्तुत वारदातमा को कसको संलग्नता रहेको छ । यी प्रतिवादीहरूको संलग्नता रहेको छ, छैन भन्ने दोस्रो प्रश्न सम्बन्धमा विचार गर्नुपर्ने भयो । प्रतिवादी समुन्द्रीदेवी र ओमप्रकाश यादव समेत भै चोरी गरेको भन्ने जाहेरी दरखास्त दिने लक्ष्मी यादवले जाहेरी व्यहोरा आफ्नो भएको भन्दै यस अदालत समक्ष समेत बकपत्र गरी लेखाई दिएको देखिन्छ । प्रतिवादी संकेत नं. ००८४–१ अनुसन्धान अधिकारी समक्ष र यस अदालतमा समेत बयान गर्दा आफूले चोरी गरेको कुरा स्वीकार गरी प्रतिवादी समुन्द्रीदेवीले नै चोरी गर्न लगाएको हो भनी बयानमा लेखाइदिएको देखिन्छ । यसरी चोरी भएको धनमाल बरामद भएको, अदालत समक्ष समेतको साविती बयान जाहेरवालाको बकपत्रले पुष्टि गरेको हुँदा प्रतिवादी संकेत नं. ००८४–१ को संलग्नता रहेको देखिन आयो ।

तर प्रतिवादी समुन्द्रीदेवीले अनुसन्धानको क्रममा तथा यस अदालत समक्ष समेत बयान गर्दा जाहेरवालासँग आफ्नो मोबाइल हराएको विषयमा विवाद भएको कारणले रिसइवी लिई आफूलाई निज संकेत नं. ००८४–१ ले पोलेको भनी अभियोजित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । साथै आफू वारदात मिति समयमा पकरीस्थित आफ्नो भाइको घरमा मासु खान गएको भन्दै अन्यत्र रहेको भनी जिकिर समेत लिएको पाइन्छ । तर निजले नै उपस्थित गराएका साक्षी जितेन्द्रदेव यादवले जिकिर अनुरूप मोबाइलको प्रसंग नै उठाएको नदेखिँदा उक्त रिसइवीको जिकिर प्रमाणित हुन सकेको देखिएन । यसैगरी अन्यत्र रहेको भनी लिएको जिकिर पनि निज गएको भनेको भाइको घरमा देख्नेलाई साक्षीको रूपमा प्रस्तुत गर्न सकेको देखिँदैन । निजले प्रमाण स्वरूप प्रस्तुत गरेको साक्षी जितेन्द्र यादवले निजकै बयान व्यहोरासँग बाझिने गरी यी समुन्द्रीदेवी घरमै रहेको भनी लेखाइदिएबाट निजको बयान पुष्टि भएको अवस्था छैन । यो जिकिर प्रमाणित गर्ने अन्य वस्तुगत प्रमाण पनि पेस गर्न सकेको देखिँदैन ।

यस अदालतमा बयान गर्दा आफू वारदातको दिन भाइको घरमा रहेको भन्ने जिकिर गरे पनि अनुसन्धान अधिकारी समक्षको बयान व्यहोरा आफैंले भनेको भनी स्वीकार गरेकोमा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा स.ज. ६ मा घरमा नै बसिरहेको भनी लेखाएबाट यो अन्यत्र रहेको भन्ने जिकिर पनि स्थापित हुन सकेको छैन ।

निजको भूमिकातर्फ विचार गर्दा आफ्नो कसुर इमानदारपूर्वक स्वीकार गर्ने प्रतिवादी संकेत नं. ००८४–१ ले यी प्रतिवादी समुन्द्रीदेवीले अह्राए सिकाए बमोजिम आफूले चोरी गरेको तथा चोरी गर्न जाँदा निज आँगनसम्म गै हेरेको भनी भनी बयान गरेको देखिन्छ । दसवर्षीय यी नाबालकले गरेको स्वाभाविक तथा अनुसन्धानको क्रममा र अदालतमा समेत मूलभूत रूपमा एकै रूपको बयानलाई अन्यथा सोच्न सकिँदैन । निजको बयान समेत वरामदी सामानहरू र जाहेरवालाको बकपत्रले पुष्टि गरेकै हुँदा यो पोल बयानलाई प्रमाणमा लिन मिल्ने नै देखिन आयो । यसरी एकातर्फ निज स्वयंको वारदात स्थलमा उपस्थिति देखिन आएको छ भने बालबालिका सम्वन्धि ऐन, २०४८ को दफा ११ को उपदफा (४) मा बालकलाई कसैले सिकाई कुनै अपराध गरेको रहेछ भने सिकाउनेले आफैंले उक्त अपराध गरेसरह मानिने व्यवस्था हुँदा यी प्रतिवादीको समेत यस मुद्दाको चोरीको वारदातमा संलग्नता रहेको देखिन आयो ।

अब तेस्रो प्रश्न अर्थात् यी प्रतिवादीहरूलाई के कस्तो सजाय हुने हो त भन्नेतर्फ हेर्दा प्रतिवादी समुन्द्रीदेवीले सिकाए बमोजिम १० वर्षीय संकेत नं. ००८४-१ समेतले जाहेरवालाको घरबाट मिति २०६९।९।१० को मुचुल्कामा उल्लेख भए बमोजिम गरगहना र नगद गरी जम्मा रु.९८९७०।- बराबरको धनमाल चोरी गरेको देखिँदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(४) अनुरूप आफैंले चोरी गरेसरह प्र. समुन्द्रीदेवीलाई चोरीको महलको १ नं. र १२ नं. को कसुरमा सोही १२ नं. बमोजिम बिगो बमोजिम जरिवाना रु.९८९७०।- र एक महिना कैदको सजाय हुन्छ । कैदको हकमा निज प्रतिवादी समुन्द्रीदेवी यादवले यसअघि चोरी गरेको मिसिलबाट नदेखिएकोले दण्ड सजायको महलको ११ क नं को देहाय ३ नं. बमोजिम गर्ने गरी देहाय २ नं. बमोजिम नगद बुझाएमा कैद गर्नुपरेन ।

अर्का प्रतिवादी संकेत नं. ००८४–१ को हकमा सोही चोरीको महलको १२ नं. बमोजिम सजाय हुनेमा निज १० वर्ष उमेरका नाबालक भएको, तर निजकै बयानको स. ज. १२ अनुसार यसअघि पनि गाउँघरमा चोरी गर्ने गरेको भन्ने देखिन्छ । यी तथ्यहरूलाई मध्यनजर गर्दा निजलाई जरिवानाका हकमा सम्झाई बुझाई गर्ने तथा कैदका हकमा १५ दिन सजाय हुने देखियो । बरामदी सामानहरूमध्ये भारतीय रुपैयाँ बाहेकका नगद तथा गरगहना जाहेरवालाले बुझिसकेको हुँदा केही गरिरहन परेन ।

यी बालकलाई लागेको कैद सजायको कार्यान्वयनतर्फ विचार गर्दा बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को धारा ३७ को उपधारा (ख) ले अन्तिम उपायको रूपमा मात्र कैदमा राख्न सकिने, (ग) ले यस्ता बालबालिकालाई वयस्क व्यक्तिहरूबाट छुट्टै राख्नुपर्ने र बालबालिकालाई खास अवस्थामा बाहेक पत्राचार र भेटघाटको माध्यमबाट आफ्ना परिवारसँग सम्पर्क राख्ने अधिकार प्राप्त हुनेछ भनी कानुनसँगको द्वन्द्वमा परेका बालबालिकाको हक सुनिश्चित गरेको छ । यसैगरी महासन्धिको धारा ४० को उपधारा (१) ले कानुनको उल्लंघन गरेको भनी मानिएका बालबालिकालाई उनीहरूको उमेर एवं पुनर्स्थापना तथा समाजमा तिनको सिर्जनात्मक भूमिकाको संवर्द्धन हुने वाञ्छनीयतालाई ध्यानमा राखी व्यवहार गर्नुपर्ने आवश्यकता औंल्याउँदै उपधारा (४) ले निर्णय गर्दा बालबालिकाहरूको हितको अनुकूल हुने गरी निजहरूको परिस्थिति र अपराधमा समानुपातिक हुने गरी निजहरूसँग व्यवहार गर्न विभिन्न प्रकारका उपायहरू जस्तै : स्याहार, मार्गदर्शन र निरीक्षण सम्बन्धी आदेशहरू, **सरसल्लाह सेवा**, दण्ड, निलम्बन, पालनपोषण, शिक्षा तथा व्यवस्था, व्यावसायिक तालिम कार्यक्रमहरू तथा संस्थागत पालनपोषणका अन्य विकल्पहरू अपनाइनेछन् भन्ने उल्लेख गरेको छ ।

संयूक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद्ले इ.सं. १९९७ जुलाई ३० मा पारित गरेको **Guidelines for Action on Children in the Criminal Justice System** को सिफारिस नं. १५ मा Appropriate steps should be taken to make available throughout the state a broad range of alternative and educative measures at the pre-arrest, pre-trial, trial and post-trial stages, in order to prevent recidivism and promote the social rehabilitation of child offenders. भन्ने उल्लेख गरी सुनुवाइ वा सुनुवाइपछिको अवस्थामा समेत सामाजिक पुनर्स्थापनामा नै जोड गर्नुपर्ने सिफारिस गरिएको छ भने सिफारिस नं. १८ मा बन्द संस्थाहरूमा राखिने कार्य घटाइनुपर्ने भनी निर्देशन गरिएको छ । कारागार, बालसुधार गृह जस्ता संस्थापनागत उपचारका सन्दर्भमा पनि Soft law को रूपमा हेरिने गरिएको अल्पवयस्क न्याय प्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (महासभाको २९ नोभेम्बर १९८५ को संकल्पलेख ४०/३३ द्वारा जारी) को नियम १९ मा अल्पवयस्कलाई कुनै पनि संस्थापनामा राख्ने कुरा सधैं अन्तिम उपायको निप्टारा स्वरूप हुने भनिएको देखिन्छ ।

बालबालिका सम्बन्धी ऐन, २०४८ को प्रस्तावनामा उल्लिखित भावना, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को प्रस्तावना, यस महासन्धि अन्तर्गतको समितिको बयालीसौं बैठकले गरेको व्याख्यात्मक टिप्पणी (General Comment no 8), महासन्धिले मान्यता दिएको बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (बेइजिङ्ग नियमावली) को नियम ५ तथा बाल न्याय सम्बन्धी सर्वमान्य मान्यता समेत अनुरूप कानुनसँगको द्वन्द्वमा परेका बालबालिकासँग जुनसुकै क्रममा गरिने व्यवहार उनीहरूको सर्वोत्तम हितको संरक्षण हुने दिशातर्फ उन्मुख हुनुपर्ने हुन्छ । माथि उल्लिखित राष्ट्रिय अन्तर्राष्ट्रिय सबै प्रबन्धहरूको निचोड कानुनसँगको द्वन्द्वमा परेका बालबालिकाहरूसँग व्यवहार गर्दा कारागार वा बालसुधार गृह जस्ता संस्थापनागत घेरामा भन्दा उनीहरूको सामाजिक पुनर्स्थापनामा जोड दिनुपर्ने भन्ने नै हो । यसै पनि बाल न्याय प्रणालीको प्रमुख लक्ष्य नै बालबालिकाको सर्वोत्तम हितको संरक्षण र जगेर्ना गर्नु रहेको छ, जसको लक्ष्य उनीहरूलाई पुनः अपकार्यमा उद्यत हुनबाट जोगाई सामाजिक उत्तरदायित्वको भावना जागृत गराई व्यक्तित्व विकास गर्ने वातावरणको अभिवृद्धि गराउनु नै हो ।

हाम्रो सन्धि ऐन, २०४९ को दफा ९ को प्रसंगमा उक्त Hard law को रूपमा रहेको महासन्धिको व्यवस्थालाई अनिवार्य रूपमा पालन गर्नुपर्ने हुन्छ भने नेपालको अन्तरिम सविंधान, २०६३ को धारा १०० मा उल्लिखित नेपालको न्याय सम्बन्धी अधिकार यो संविधान र अन्य कानुन तथा **न्यायका मान्य सिद्धान्त** अनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग हुने व्यवस्थाले Soft law को रूपमा हेरिने गरिएका भए पनि सिद्धान्तको रूप लिइएका यस्ता अन्तर्राष्ट्रिय सामग्रीहरूलाई नजरअन्दाज गर्न सकिने अवस्था छैन ।

अब प्रस्तुत मुद्दामा यी नाबालक संकेत नं. ००८४–१ लाई लागेको कैद सजायको सन्दर्भलाई हेरौं । चोरीको महलको १२ नं. ले सजाय निर्धारणका क्रममा जरिवानाको अलावा कैद सजायको विकल्प दिएको देखिँदैन । यस अवस्थामा निजलाई सजयमै कैदको विकल्प प्रयोग गर्न नसकिएको हुँदा लागेको कैदको कार्यान्वयन गर्नुपर्ने हुन आएको छ । हाम्रो बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२ बमोजिम वयस्क रहने कारागारमा राख्न नमिली बाल सुधार गृहमा राख्नुपर्ने हुन्छ । यस जिल्लामा बाल सुधार गृह रहेको छैन । भक्तपुर वा पोखरामा रहेको बाल सुधार गृहमा नै पठाउनुपर्ने तथा यस्ता संस्थापनागत उपचारको विकल्प अवलम्बन गर्ने नहुने कुनै खास परिस्थिति मिसिलबाट देखिँदैन । १५ दिन कैद कार्यान्वयनका लागि पठाउँदा राजविराजका यी स्थानीय बालकले आफ्नो परिवार र समाजबाट अलग रहनुपर्ने र माथि उल्लिखित बाल न्याय प्रशासन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपका व्यवहार पाउनबाट वञ्चित हुनुपर्ने हुन्छ । बालबालिका सम्बन्धी ऐनको दफा ५० को

उपदफा (२) ले पनि यस्तो कैद सजायको विकल्प प्रयोग गर्न सकिने अवधारणालाई अंगीकार गर्दै सजायको स्थगन गर्न वा त्यस्तो अवधि कुनै सुधार गृह वा व्यक्ति वा संस्थाको संरक्षणमा व्यतीत गराउन सकिने व्यवस्था गरेको छ ।

माथि विश्लेषण गरिएका परिस्थितिलाई मध्यनजर गर्दा यी बालकको सानो उमेर, यस उमेरमा सम्झन बुझ्न, सिक्न सक्ने उत्सुकता र क्षमता बढी हुने बाल मनोविज्ञानको मान्यता अनुरूप निजमा पनि सुधार आउन सक्ने सम्भाव्यता, उपलब्ध साधन स्रोत आदि समेतलाई दृष्टिगत गर्दा बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को धारा ४० को उपधारा (४) ले उपलब्ध गराएका विकल्पमध्ये **सरसल्लाह सेवा** (counselling) को उपयोग हुन न्यायोचित हुने देखियो । यो विकल्पको प्रयोग हाम्रो बालबालिका सम्बन्धी ऐनको दफा ५० को उपदफा २ ले लिएको दर्शन, उद्देश्य र भावना विपरीत हुनज ाने नदेखिई अनुकूल नै रहेको तथा यी बालक आफ्नो परिवार समाजमै रही निजलाई सुधार गर्न सकिने समेत देखिन आउँछ ।

तसर्थ प्रस्तुत मुद्दामा माथि विश्लेषण भए बमोजिम जाहेरवाला लक्ष्मी यादवको घरमा यी प्रतिवादीहरू समुन्द्रीदेवी तथा संकेत नं. ००८४–१ ले मिति २०६८।९।३ मा नगद तथा गरगहना समेत गरी मोल रु. ९८९७०।- बराबरको चोरी गरेको पुष्टि भएको हुँदा प्र. समुन्द्रीदेवीलाई चोरीको महलको १ नं. र १२ नं. को कसुरमा सोही १२ नं. बमोजिम बिगो बमोजिम जरिवाना रु.९८९७०।- र एक महिना कैदको सजाय हुन्छ । कैदको हकमा निज प्रतिवादी समुन्द्रीदेवी यादवले यसअघि चोरी गरेको मिसिलबाट नदेखिएकोले दण्ड सजायको महलको ११ क नं को देहाय ३ नं. बमोजिम गर्ने गरी देहाय २ नं. बमोजिम नगद बुझाएमा कैद गर्नु नपर्ने तथा प्रतिवादी संकेत नं. ००८४–१ को हकमा सोही चोरीको महलको १२ नं. बमोजिम सजाय हुनेमा निज १० वर्ष उमेरका नाबालक हुँदा १५ दिन कैदको सजाय हुन्छ । तर उक्त कैद तथा जरिवानाको सजाय बापत समेत यस अदालतबाट तोकिएका बाल मनोवैज्ञानिक वा सामाजिक कार्यकर्तासँग ३ पटक Counselling गरी सजाय कार्यान्वयन गर्ने ठहर्छ, छुट्टै कैदमा राख्नु परेन । सबुत प्रमाणको अभावमा बाँकी हुने रु.३३२००।- चोरीको १०(३) नं. बमोजिम भराई पाऊँ भन्नेसम्मको वादी दाबी नपुग्ने समेत ठहर्छ । बरामद धनमाल तथा नेपाली रुपैयाँ जाहेरवालाले भरपाईबाट बुझिसकेको देखिँदा यस सम्बन्धमा केही बोलिरहनु परेन । सो ठहर्नाले अन्यमा तपसिल बमोजिम हुने गरी प्रस्तुत मुद्दा अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा प्रतिवादी सुमा भन्ने समुन्द्रीदेवी यादवलाई रु.९८९७०।- जरिवाना र एक महिना कैद समेत हुने ठहरेकोमा कैदको हकमा लगत कसी निज मिति २०६८।९।१० देखि मिति २०६८।९।२८ सम्म दिन १८ हिरासतमा बसेको देखिँदा बाँकी रहने १२ दिनको हकमा दण्ड सजायको ११क को देहाय २ नं. बमोजिमको सुविधा समेत पाउने ठहरेकोले निजले प्रतिदिन रु. २५।- का दरले रकम दाखिल गरी आइन्दा यस प्रकारको कुनै आपराधिक कार्य नगरी राम्रो आचरण गर्नेछु भनी कागज गरिदिएमा अभिलेखमा जनाई कैदको लगत कट्टा गरिदिनू, जरिवानाको हकमा निजले यस अदालतमा मिति २०६८।९।२८ मा धरौटी र.नं.१२८ बाट रु.९९०००।- धरौटी राखेको देखिँदा सोही धरौटी रकमबाट जरिवाना कट्टा गरी बाँकी हुन आउने रु.३०।- निजले माग्न आएमा फिर्ता दिनू ..............................................................................१

प्रतिवादी संकेत नं. ००८४–१ लाई लागेको सजायको हकमा यस अदालतबाट तोकिएका बाल मनोवैज्ञानिक वा सामाजिक कार्यकर्तालाई यो फैसलाको प्रतिलिपि उपलब्ध गराई यी बालकको बाबुआमा समेतलाई राखी हप्ताको १ दिनको दरले ३ पटकसम्म निजहरूलाई अपकार्यबाट हुने परिणाम, कानुनले

तोकेको दायित्व, असल नागरिकका गुणहरू, व्यक्तिको सामाजिक उत्तरदायित्व र जिम्मेदारी सम्बन्धमा समेत जोड दिई निजको सुधारका लागि सरसल्लाह सेवा Counselling उपलब्ध गराउनू भनी यी बालकलाई निजको सम्पर्कमा पठाई बालकको बुझाई र मनोविज्ञान, सेवा प्रदायकले निजको बारेमा गरेको अध्ययन, बालकमा सुधार आए नआएको अवस्था समेत खुलाई प्रतिवेदन दिन अनुरोध गरी उक्त प्रतिवेदन मिसिल सामेल गर्नू ..........................................................................................................२

यो फैसलाको प्रतिलिपि एकप्रति निःशुल्क रूपमा प्रतिवादी संकेत नं. ००८४–१ लाई दिनू .................३

प्रस्तुत फैसलामा चित्त नबुझे पुनरावेदन अदालत राजविराजमा पुनरावेदन गर्न जानू भनी जिल्ला सरकारी वकिल कार्यालय सप्तरीलाई फैसलाको जानकारी सहित तथा प्रतिवादीहरू समेतलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम ७० दिने म्याद दिनू ..........................................................४

सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल मागेमा रीतपूर्वकको नक्कल दिनू दायरीको लगत काटी मिसिल अभिलेख शाखामा बुझाइदिनू.........................................................................................५

कम्प्युटर टाइप गर्ने ना.सु. ठाकुरदेव खड्का
इजलास सहायक

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल जेठ २४ गते रोज ४ शुभम्..................................।**

**श्री झापा जिल्ला अदालत**
**माननीय जिल्ला न्यायाधीश श्री गिरिराज गौतम**
**फैसला**
**संवत् २०६७ सालको मुद्दा १८-०६८-००३०५**

**मुद्दा :- अवैध वन पैदावार निकासी ।**
**निर्णय नं.१८९**

**वादीको नाम, थर, वतन**
स.व.अ.देवनारायण झा समेतको प्रतिवेदनले वादी नेपाल सरकार................................................१

**ऐजनको प्रमाण**
साक्षी...........
कागज.........

**प्रतिवादीको नाम, थर, वतन**
जिल्ला धादिङ गोगनपानी ४ बस्ने वर्ष ३१ को अनिल लामा................................................१
जि.इलाम चुलाचुली ३ बस्ने वर्ष १९ को दिनेश आचार्य........................................................१
जि.झापा शान्तिनगर ६ वस्ने वर्ष २७ को गुमानसिंह राई...........................................................१
वर्ल्ड वाइड कन्सट्रक्सन एण्ड ट्रेडिङ्ग प्रा.लि. तीनथाना ६ काठमाडौंको प्रो. वर्ष ३३ को सुरेन्द्र श्रेष्ठ...........................................................१

**ऐजनको प्रमाण**
साक्षी.........
कागज.........

**अदालतबाट बुझेको**
**साक्षी**...............
**कागज**............

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार रहेको छ :-

मिति २०६८।६।२ गतेका दिन बिहान अं.५ बजेको समयमा प्राप्त भएको विशेष सूचनाको आधारमा पाथीभरा गण लखनपुर झापा र म समेतको संयुक्त गस्ती टोलीले वा२ख ९१५० नं. को ट्रिपर गाडीमा बालुवामुनि साल जातको चिरान काठ लुकाई लोड गरी इलाम चारआलीको बाटो हुँदै झापा दमकतर्फ ओसार पसार गर्ने गर्दा झापा लखनपुर १ पाडाजुङ्गीवाट अनिल लामा दिनेश आचार्य र गुमानसिंह राई समेत ३ जनालाई पक्राउ गरी घटनास्थल मुचुल्का समेत साथै राखी पेस गरेको स.व.अ. देवनारायण झाको प्रतिवेदन ।

मिति २०६८।६।२ गते विशेष सूचनाको आधारमा पाथीभरा गण लखनपुर झापाका स.प्र.स.नि.सोम राईको कमाण्डमा खटी गएको गस्ती टोलीले वा.२.ख.९१५० नं.को ट्रिपर गाडीमा बालुवामुनि साल जातको चिरान काठ इलाम चारआलीको बाटो हुँदै ल्याउँदै गर्दा लखनपुर १ पाडाजुगीमा बिहान ९.४५ बजे चिरान काठ सहित गाडी चालक अनिल लामा, दिनेश आचार्य र

गुमानसिंह राईलाई पक्राउ गरेको हो भन्ने स.व.अ.देवनारायण झा समेतको संयुक्त गस्ती टोलीको बरामदी मुचुल्का ।

म बालुवा लिन भनी सुनमाईको टिमाई खोला गएको थिएँ । खोला किनारामा केही चिरान काठ सहित एक जना अपरिचित मानिस पनि थिए । सो काठ देखेपछि मलाई आफ्नै घर काज प्रयोजनको लागि खरिद गर्न मन लाग्यो र सो चिरान काठ दाम काम गरी सस्तो दाममा भेटेकोले ट्रिपरमा लोड गरी ल्याएको हुँ भन्ने समेत व्यहोरा भएको चालक प्रतिवादी अनिल लामाले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

म खलासी हुँ । चालकले भने लगाए बमोजिम गर्नुपर्छ । मैले काठ लोड नगरौं भन्दा चालकले घरको लागि हो केही फरक पर्दैन भनेर भन्यो र त्यही खोलामा गिटी लोड गर्ने लेबर लगाई काठ लोड गरेको हो भन्ने समेत व्यहोरा भएको सहचालक प्र.दिनेश आचार्यले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

मिति २०६८।६।२ मा म सुनमाईबाट दमक जान भनी गाडी पर्खेर बसेको बेला बालुवा लोड भएको वा.२ख ९१५० नं.को ट्रिपर आएको देखी रोकी म पनि दमक जाने हो भन्दा ड्राइभरले हुन्छ भनी भनेको हुँदा म पनि त्यही गाडीमा चढेर दमक आउँदै गर्दा पाडाजुंगीमा सशस्त्र प्रहरीले सहचालक सहित मलाई पनि पक्राउ गरेको हो भन्ने व्यहोराको सोही ट्रिपरमा यात्रा गर्ने प्रतिवादी गुमानसिंह राईले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

मिति २०६८।६।२ गतेका दिन स.प्र.वल पाथीभरा गण लखनपुर र जिल्ला वन कार्यालयको संयुक्त गस्ती टोलीद्वारा साल जातको घटनास्थल प्राकृति मुचुल्का तथा बरामदी मुचुल्कामा उल्लेख भए अनुसारको बिभिन्न साइजको ८५ थान १३२.१६ क्यु.वि.काठ वा.२ख ९१५० नं.को टिपरमा लोड गरी ल्याउँदै गर्दा बरामद भएको भन्ने सुनेको हुँ चिरान काठ सहित प्रतिवादीहरू अनिल लामा र दिनेश आचार्यलाई पनि पक्राउ गरेको भन्ने सुनेको हो । पक्राउ परेका अर्का व्यक्ति यात्रुको रूपमा दमक हिँडेका, गुमान सिंह राई दमक आएका समेत पक्राउ परेको भन्ने समेत सुनेको हुँ भनी मिल्दो जुल्दो एकै मिलानको व्यहोराको भएको सविन पाण्डे समेतको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादीहरू अनिल लामा, दिनेश आचार्य, गुमान सिंह राई र वर्ल्ड वाइज कन्स्ट्रक्सन एण्ड ट्रेडिङ्ग प्रा.लि. तीनथाना ६ काठमाडौं समेतले वन ऐन, २०४९ को दफा ४९ (घ) (ङ) बमोजिमको कसुरमा बरामद भएको काठ सोही ऐनको दफा ५०(१) (घ) बमोजिम जफत गरी निज प्रतिवादीहरूलाई ऐ.ऐ.को दफा ५०(१)(घ) (४) बमोजिम सजाय हुन र अवैध काठ ओसार पसार गर्न प्रयोग भएको वा.२ख ९१५० नं.को ट्रिपर ऐ ऐ. को दफा ६६ बमोजिम गरी पाऊँ भनी माग दाबी भएको जिल्ला वन कार्यालयको तर्फवाट पेस भएको अभियोग पत्र ।

बरामद काठ सम्बन्धमा मलाई केही थाहा छैन, म विवाहको सामान खरिद गर्न र आफ्नो खुट्टा चेक जाँच गर्न घरबाट दमक जान हिँडेको थिएँ । सुनमाई ढाटमा बालुवा बोक्ने ट्रिपर आएको देखी रोकी दमकतर्फ जाँदै गर्दा पाडाजुगी छेउमा सशस्त्र प्रहरीले हामीलाई समातेको हो । काठ भएको कुरा पक्राउ गरेपछि मात्र थाहा भयो । मैले काठ ओसार पसार गरेको होइन भन्ने समेत व्यहोरा भएको प्रतिवादी गुमान सिंह राईले अदालत समक्ष गरेको बयान ।

चालक अनिल लामाले सस्तोमा काठ भेटेको हुँदा घर बनाउन किनेको हो । गाडी साहुलाई समेत नसोधी त्यस्तो काम गरेको हो । मैले काठ अवैध रूपमा ओसार पसार गरेको छैन भन्ने समेत व्यहोरा भएको प्रतिवादी दिनेश आचार्यले अदालत समक्ष गरेको बयान ।

वा.२ख ९१५० नं.को गाडी चालक म हो । गाडी वर्ल्ड वाइड कन्स्ट्रक्सनको हो । पाडाजुगीबाट बालुवा लिन भनी शान्तिनगरमा पर्ने सुनमाई खोलामा गएका थियौं । त्यहाँ मैले नचिनेका मानिसले काठ लाने हो भनी सोधे, मैले सस्तो मिलाएर दिने भए लान्छु भनी भन्दा प्रति क्यु.वि.रु ८००।- ले

दिएकाले ११५ क्यु.वि. काठ मैले किनेर लगेको हो मेरो हेल्परसँगै थिए । हाल चिनेका गुमानसिंह राईले आउँदै गर्दा सुनमाइमा गाडी रोकी दमक जाने भनेको हुँदा चढाई लगेको हो, काठ लिएर जाँदै गर्दा पाडाजुगी चोकमा पुग्दा सशस्त्र प्रहरीले पक्राउ गरेको हो । काठमा बिल भरपाई टाँचा भएको केही थिएन भन्ने समेत व्यहोरा भएको प्रतिवादी अनिल लामाले अदालत समक्ष गरेको बयान ।

यसमा वन सम्बन्धी ऐन, २०४९ को दफा ६४ को उप दफा (२) बमोजिम प्रतिवादी अनिल लामालाई रु.१,१०,०००।- तथा प्रतिवादी गुमानसिंह राईलाई रु ५,०००।- र प्र.दिनेश आचार्यलाई रु. १५,०००।- नगद वा सो बराबरको जेथा जमानत दिए लिई तारेखमा राख्नु साथै जफतको दाबी लिएको वा.२ख ९१५० नं.को टिपर कसको नाममा दर्ता छ, सम्बन्धित यातायात व्यवस्था कार्यालयमा बुझी रोक्का राख्न पत्राचार गर्नू भन्ने यस अदालतबाट मिति २०६८।६।१० मा भएको थुनछेक सम्बन्धी आदेश ।

वा.२ख ९१५० नं.को टिपर मेरो कम्पनीको हो, सो टिपर अनिल लामाले निकै अगाडिदेखि चलाउँदै आएका थिए । हाम्रो कन्स्ट्रक्सन निर्माण सम्बन्धी बालुवा गिटी ओसार पसारको लागि मैले इजाजत दिएको हुँ । अवैध लकडी ओसार पसार गर्न इजाजत दिएको छैन । कहाँबाट के कसरी ड्राइभरले ट्रिपर लिई आए मलाई थाहा भएन । हाल पक्राउ परेपछि मात्र मलाई थाहा जानकारी भएको हो भन्ने समेत व्यहोरा भएको प्रतिवादी वर्ल्ड वाइड कन्स्ट्रक्सन एण्ड ट्रेडिङ प्रा.लि तीनथाना ६ काठमाडौंको प्रो. सुरेन्द्र श्रेष्ठले म्यादमा उपस्थित भै अदालत समक्ष गरेको बयान ।

प्रतिवादी सुरेन्द्र श्रेष्ठको वा.२ख ९१५० को टिपरवाट नै अवैध लकडी बरामद भै आएको तथ्यमा अन्यथा नदेखिँदा तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी कसुरदार हुन भन्ने पर्याप्त आधार प्रमाणहरू विद्यमान रहेको देखिँदा प्रतिवादी सुरेन्द्र श्रेष्ठलाई पछि ठहरे बमोजिम हुने गरी हाल वन ऐन, २०४९ को दफा ६४(२) बमोजिम रु. १५,०००।- नगद वा जेथा जमानत दिए लिई तारेखमा राख्नू भन्ने यस अदालतबाट मिति २०६८।७।३० मा भएको थुनछेक सम्बन्धी आदेश ।

बरामद भएको काठ संयुक्त गस्ती टोलीले पक्राउ गरेको हो, सो काठ ड्राइभर अनिल लामाले सस्तो भेटेको हुँदा आफ्नो घर बनाउनको लागि ल्याएको हो भन्ने व्यहोरा भएको वस्तुस्थिति मुचुल्कामा रहेका मानिसहरू दिलीप कुमार लिम्बू र सविन पाण्डेले अदालत समक्ष एकै मिलान गरेको बकपत्र ।

प्रतिवादी गुमान सिंह काठ व्यापार गर्ने मानिस होइनन्, टिपरमा चढेर आएका यात्री हुन् भन्ने समेत व्यहोरा भएको प्रतिवादी गुमान सिंह राईका साक्षी सुमन देवानले अदालत समक्ष गरेको बकपत्र ।

मिति २०६८।६।२ गते बिहान पक्राउ परेको सवारी ट्रिपर गाडीधनीको इजाजत वा जानकारी विना नै ड्राइभरले आफू खुसीले काठ बोकेका हुन त्यसमा धनीको कुनै संलग्नता छैन । सवारीधनीलाई कुनै जानकारीबिना नै ड्राइभरले आफूखुसी आफ्नो निजी काठ ओसारेको हुँदा निज सवारीधनीलाई सजाय हुनुपर्ने होइन र ट्रिपर समेत जफत हुने होइन भन्ने समेत व्यहोरा भएको प्रतिवादी सुरेन्द्र श्रेष्ठका साक्षी हेमकुमार बास्तोलाले अदालत समक्ष गरेको बकपत्र ।

मिति २०६८।६।२ गतेका दिन वा.२ख ९१५० नं.को ट्रिपर गाडीबाट बालुवामुनि बरामदी मुचुल्कामा उल्लेख भएको चिरान ८५ थान १३२.१६ क्यु.वि.काठ अवैध रूपमा ओसार पसार गरेको अवस्थामा बरामद भएको हो । उक्त ट्रिपरमा ड्राइभर, खलासी र गुमान सिंह राई ३ जना थिए । अवैध काठ ओसार पसार गर्नेलाई सजाय हुनुपर्दछ भन्ने समेत एकै मिलान व्यहोरा भएको बरामदी मुचुल्कामा बस्ने स.प्र.स.नि.सोमबहादुर राई, प्र.ह.रितबहादुर खाम्दाङ्ग र प्र.ज.खेमबहादुर बस्नेतले अदालत समक्ष गरेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न सम्पूर्ण कागजात अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला सरकारी वकिल कार्यालय झापाका जिल्ला न्यायाधिवक्ता श्री प्रकाश श्रेष्ठले गर्नुभएको बहस र प्रतिवादीहरूका तर्फबाट वैतनिक अधिवक्ता श्री मात्रिका खरेलले गर्नुभएको बहस समेत सुनी प्रतिवादीहरूलाई अभियोग माग दाबी बमोजिम सजाय हुने नहुने के रहेछ भनी निर्णय दिनुपर्ने देखियो ।

मिति २०६८।६।२ गते दिनको बिहान ५ बजेको समयमा इलामवाट वा.२ख ९१५० नम्बरको ठूलो टिपर गाडीमा बालुवामुनि साल जातको लकडी मुचुल्कामा उल्लिखित नाप साइजको चिरान ८५ थानको हुन आउने १३२.१६ क्यु. फिट काठ प्रतिवादी अनिल लामा समेतले ओसार पसार गरेकोले कारबाही गरी पाऊँ भनी स.व..देवनारायण झाको प्रतिवेदनले अनुसन्धान भई प्रतिवादीहरू उपर अवैध वन पैदावार ओसार पसार गरेको देखिन आई प्रतिवादीहरूले वन ऐन, २०४९ को दफा ४९ (घ) (ङ) को अपराध कसुर गरेकोले बरामद भएको काठ सोही ऐनको दफा ५०(१) (घ) बमोजिम जफत गरी निज प्रातिवादीहरूलाई ऐ.ऐ.को दफा ५०(१)(घ)(४) बमोजिम सजाय हुन र अवैध काठ ओसार पसार गर्न प्रयोग गरेको बोझबाहक ट्रिपर ऐ को दफा ६६ बमोजिम जफत हुन माग दाबी लिई प्रस्तुत अभियोग दायर भएको देखिन्छ ।

अब प्रतिवादीहरूले अभियोग माग दाबी बमोजिम अपराध कसूर गरेको र माग दाबी बमोजिम सजाय हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा सवारी चालक अनिल लामा, सहचालक दिनेश आचार्य र गुमान सिंह राई समेतको रोहवरमा मिति २०६८।६।२ गते भएको बरामदी मुचुल्कामा वा.२ख ९१५० नम्बरको ठूलो ट्रिपर गाडीमा बालुवामुनी ८५ थान चिरान हुन आउने १३२.१६ क्यु फि काठ बरामद भएको देखिन्छ । उक्त बरामद काठको गोलियामा परिणत गर्दा १८५.०२ क्यु.फि. कायम गरी सोको १,४८,०२०।- मूल्य समेत कायम भएको भन्ने मिसिल संलग्न मुल्य तालिकावाट देखिन्छ । अनुसन्धानको क्रममा बयान गर्ने गुमान सिंह राइले आफू बालुवा लोड गरेको टिपरमा यात्रुको रूपमा सुनमाई भन्ने ठाउँमा चढेको हुँ । उक्त गाडीमा बरामद काठ लोड भएको मलाई थाहा भएन भनी बयान गरेको देखिन्छ । अर्का प्रतिवादी सहचालक दिनेश आचार्यले प्रतिवादी अनिल लामाले मैले नचिनेको मानिससँग उक्त काठ खरिद गरी आफ्नो घर प्रयोजनका लागि लगेको हो । म खलासी भएकोले चालकले अह्राएको कामसम्म गर्ने हो गाडीधनिको नाम मलाई थाहा छैन । मैले साहुलाई सोधेर मात्र लोड गरौं भन्दा चालकले मानेन । गाडीधनिलाई यो कुरा थाहा छैन होला भनी अपराध कसुर भएको कुरा आफ्नो जानकारीमा रहेको भनी बयान गरेको देखिन्छ ।

प्रतिवादी चालक अनिल लामाले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा बरामद भएको ट्रिपरमा आफूले साल जातको चिरान काठ लोड गरी दमकतर्फ ल्याउँदै गर्दा मलाई सशस्त्र र वन कार्यालयको गस्ती टोलीले पक्राउ गरेको हो । म बालुवा लिन सुनमाईको टिमाई खोलामा गएको थिएँ, खोला किनारमा केही चिरान काठ थुपारी राखेको थियो, उक्त चिरान काठ देखेपछि मलाई आफ्नै घर काज प्रयोजनका लागि खरिद गर्न मन लाग्यो र खरिद गरी ट्रिपरमा लोड गरी ल्याएको हुँ उक्त काठ लोड गर्दा सवारीधनीको अनुमति लिँदै नलिई ट्रिपरमा काठ लोड गर्ने कार्य गरेको हुँ भनी अपराध कसुर गरेको कार्यमा सावित रही बयान गरेको देखिन्छ ।

यस अदालतमा बयान गर्दा प्रतिवादी गुमान सिंह राईले अनुसन्धान अधिकारी समक्ष भएको बयानलाई समर्थन हुने गरी अपराध कसुर गरेको कुरामा इन्कार रही बयान गरेको र प्रतिवादी सहचालक दिनेश आचार्यले अनुसन्धान अधिकारी समक्ष भएको बयान स्वेच्छाले भएको र काठ अनिल लामाले सस्तोमा घर बनाउन  खरिद गरेको हो भनी बयान गरेको देखिन्छ । त्यसैगरी प्रतिवादी अनिल

लामाले यस अदालतमा बयान गर्दा आफूले बरामद भएको वा.२ख ९१५० नं.को गाडीचालक रहेको र गाडी वर्ल्ड वाइड कन्सट्रक्सनको हो । पाडाजुडीबाट बालुवा लिन सुनमाई खोला पुगी काठ समेत किनी गाडीमा राखी दमकतर्फ लैजाँदै गर्दा पक्राउ परेको र उक्त समयमा गाडीको हेल्पर साथै थियो । प्रतिवादी गुमान सिंह बाटोमा चढेको हो भनी आफ्नो अनुसन्धान अधिकारी समक्ष भएको बयानलाई समर्थन हुने गरी बयान गरेको देखिन्छ । प्रतिवादी वर्ल्ड वाइड कन्स्ट्रक्सन एन्ड ट्रेडिङ्गका प्रो.सुरेन्द्र श्रेष्ठले उक्त कम्पनीको दर्ता प्रमाणपत्र समेतको छायाकपी राखी हाजिर भई बयान गर्दा वा.२ख ९१५० को ट्रिपर मेरो हो मैले वालुवा गिट्टीसम्मको ओसार पसार गर्ने इजाजत प्राप्त गरेको हुँ । चालक अनिल लामालाई अवैध काठ ओसार पसार गर्न अनुमति दिएको छैन भनी बयान गरेको देखिन्छ ।

माथि उल्लिखित बयानको आधारमा प्रतिवादी अनिल लामाले वारदातको मितिमा बरामदी मुचुल्कामा उल्लेख भएको नाप साइजको ८५ थान चिरान काठ सुनमाईबाट अवैध रूपमा खरिद गरी बरामद ट्रिपरमा अवैध ओसार पसार गरेको कुरा निजको अनुसन्धान अधिकारी र यस अदालतमा बयानबाट समेत सावित रहेको र यस अदालतमा उपस्थित भई बकपत्र गर्ने वादी नेपाल सरकारको साक्षीहरू दिलीप कुमार लिम्बू, सोमबहादुर राई, रितबहादुर खाम्जाङ्ग, खेमबहादुर बस्नेत समेतको बकपत्र र सहअभियुक्त दिनेश आचार्य र गुमानसिंह राईको बयान पोलबाट देखिन आएको र प्रतिवादी दिनेश आचार्य उक्त ट्रिपरको सहचालक रहेको र निजले अनुसन्धान अधिकारी र यस अदालतमा बयान गर्दा समेत आफू चालकसँग वारदातमा मौजुद रहेको र अवैध काठ चालकले खरिद गरी ट्रिपरमा लोड गरेको भनी अपराध कसुरमा आफ्नो समेत सहभागिता र संलग्नतालाई स्वीकार गरेको देखियो । उल्लिखित प्रतिवादीहरूको हकमा वादी नेपाल सरकारको अभियोग माग दाबी बमोजिम कसुर गरेको देखिन आई निजहरूलाई अभियोग माग दाबी बमोजिम सजाय हुनुपर्ने देखिन आयो ।

प्रतिवादी गुमान सिंहको हकमा विचार गर्दा निजले बाटोमा दमक जान यातायात कुरी बसेको अवस्थामा सहअभियुक्त अनिल लामाले हाँकेको ट्रिपर आएको र आफू उक्त ट्रिपरमा दमकसम्म पुग्ने उद्देश्यले यात्रा गरेको, अवैध वन पैदवार चोरी निकासी ओसार पसारको कार्यमा आफ्नो संलग्नता नरहेको भनी बयान जिकिर लिएको र सहअभियुक्त अनिल लामा र दिनेश आचार्य समेतको बयानबाट उक्त कुरा समर्थित भएको देखिएको अवस्थामा प्रतिवादी गुमानसिंह राई अभियोग माग दाबीको कसुर गरेको कुरा मिसिल संलग्न कागजातवाट पुष्टि हुन आएन । अर्का प्रतिवादी ट्रिपरधनी वर्ल्ड वाइड कन्स्ट्रक्सन एण्ड ट्रेडिङ्गका प्रोपाइटर सुरेन्द्र श्रेष्ठले यस अदालतमा बयान गर्दा आफूले उक्त ट्रिपर चालकलाई बालुवा बोक्ने प्रयोजनका लागि पठाएको अवैध वन पैदवार ओसार पसारको कार्यको लागि अनुमति नदिएको भनी बयान गरेको र सहअभियुक्त ट्रिपर चालक अनिल लामाले अवैध काठ साहुको अनुमतिबिना आफ्नो घरायसी प्रयोजनका लागि खरिद गरेको भनी बयान गरेको र सो कुरालाई ट्रिपरका सहचालक प्रतिवादी दिनेश आचार्य समेतको बयानले समर्थन गरेको देखिँदा यी प्रतिवादी सुरेन्द्र श्रेष्ठको उक्त अवैध वन पैदावार ओसार पसारमा संलग्नता थियो भन्ने तथ्ययुक्त ठोस सवूद मिसिलबाट देखिन नआएकोले निजले अभियोग दाबीको कसुर गरेको पुष्टि हुन आएन ।

यसैगरी वादी नेपाल सरकारले बरामदी मुचुल्कामा उल्लेख भएको बोझ बाहक ट्रिपर वा.२ख ९१५० को ट्रिपर ऐनको दफा ६६ बमोजिम जफतको माग दाबी लिएको देखिन्छ । ऐनको दफा ६६ ले यो ऐन बमोजिम सजाय हुने कसुर सजाय हुने कसुर गरेको ठहरिएमा कसुरमा बरामद भएका सबै बोझ बाहक औजार चौपाया र अन्य साधनहरू जफत हुनेछ भन्ने कानुनी व्यवस्था गरेको देखिन्छ । माथि विवेचना गरिएको तथ्यहरूबाट प्रतिवादी अनिल लामा र प्रतिवादी दिनेश आचार्यसम्मले अभियोग माग दाबीको कसुर गरेको कुरा स्थापित हुन आएको र उक्त बोझ बाहक वा.२ख ९१५० को ट्रिपरको धनी वर्ल्ड वाइड कन्स्ट्रक्सन एण्ड ट्रेडिङ्ग रहेको भन्ने तथ्य अनुसन्धानको क्रममा मिसिल संलग्न गरिएको सवारीको प्रमाणपत्रबाट देखिन आउँदछ । उक्त कम्पनीका प्रोपाइटर सुरेन्द्र श्रेष्ठले यस

अदालतमा बयान गर्दा आफूले आफ्नो कम्पनीको नाममा दर्ता रहेको वा.२ख ९१५० को टिपर चालक सहअभियुक्त अनिल लामालाई गिट्टी बालुवा बोक्नेसम्म अनुमति दिई पठाएको र सो बाहेकको कार्य गर्ने अनुमति नदिएको भनी बयान गरेको देखिन्छ । प्रतिवादी अनिल लामाले अनुसन्धान अधिकारी समक्ष र यस अदालतमा आई बयान गर्दा ट्रिपरमा लोड भएको काठ आफ्नो प्रयोजनका लागि सुनमाई खोलाबाट ट्रिपरधनीको अनुमतिबिना खरिद गरी लोड गरेको भनी बयान गरेको र निजको बयानलाई सहअभियुक्त दिनेश आचार्यको बयान समेतले समर्थन गरेको अवस्थामा वन पैदावार ओसार पसारको कसुरमा कसुरदार नदेखिएका प्रतिवादी सुरेन्द्र श्रेष्ठको अनुमतिबिना नै चालक अनिल लामाले बरामद भएको ट्रिपरमा अवैध वन पैदवार ओसार पसार गरेको देखिन आयो । यस सम्बन्धमा सर्वोच्च अदालत पूर्ण इजलासवाट "ने.का.प. २०६८ अकं ५३ आश्विन नि.न ८६२९ पृष्ठ ९०८ पुनरावेदक वादी: रेन्जर विजयकुमार गुप्ता समेतको प्रतिवेदनले नेपाल सरकार विरुद्ध प्रत्यर्थी प्रतिवादी: जिल्ला रुपन्देही केरवानी गा.वि.स. वडा नं ६ बस्ने बेलबहादुर थापामगर समेतको काठ चोरी निकासी मुद्दामा यस प्रकार व्याख्या गरेको पाइन्छ: "अवैध रूपमा वन पैदावर ओसार-पसार गर्ने कार्यमा सवारीधनी आफू संलग्न पनि नभएको निजको मनसाय पनि नभएको तथा आफ्नो सवारी साधन अवैध वन पैदावार ओसार पसार गर्ने कार्यमा प्रयोग हुँदैछ भन्ने थाहा जानकारी पनि नभएको र त्यस्तो कार्यमा निजको अनुमति, मञ्जुरी वा सहमति रहेको पनि नदेखिएको अवस्थामा निजको सवारी साधन जफत हुनु न्याय वा औचित्य कुनै पनि दृष्टिबाट तर्कसंगत नहुने । कानुनको व्याख्या गर्दा सर्वप्रथम कानुनमा प्रयोग भएका शब्द वा शब्दावलीले दिने सामान्य अर्थ सुस्पष्ट, व्यावहारिक, विवेकसम्मत र न्यायपूर्ण भएसम्म सोही अर्थ ग्रहण गर्नुपर्दछ भन्ने कानुन व्याख्याको सामान्य सिद्धान्त रहेको छ । तर कानुनको शाब्दिक व्याख्या गर्दा त्यस्तो तर्कपूर्ण, विवेकसंगत, व्यावहारिक एवं न्यायपूर्ण अर्थ ननिस्कने भएमा शाब्दिक व्याख्याको नियमलाई अनुसरण गर्नु उपयुक्त नहुने । "कसुर गरेको ठहरिएमा" भन्ने वाक्यांशको आशय वन ऐन अन्तर्गत घटेको कसुर वा वारदातसँग बरामद भएको बोझबाहक साधनको धनीको कुनै तादात्म्यता नै रहनु नपर्ने भनी व्याख्या गर्न नमिल्ने । साधनधनी स्वयंको संलग्नतामा वा निजको सहमति, स्वीकृति, मञ्जुरी वा जानकारीमा वन ऐन अन्तर्गतको कसुरमा बोझबाहक साधनको प्रयोग भएको ठहरिएमा त्यस्तो साधन जफत हुनु कानुनसम्मत मात्र नभई न्यायोचित र विवेकसम्मत समेत हुने भनी प्रतिपादित सिद्धान्त समेतलाई दृष्टिगत गर्दा बादी नेपाल सरकारको जफततर्फको माग दाबी माथि उल्लिखित निर्णय र प्रतिपादित सिद्धान्त समेतबाट पुग्न सक्ने देखिन आएन ।

तसर्थ माथि विवेचना गरिएको आधार तथ्यहरूवाट मौकाको बरामदी मुचुल्का, प्रतिवादी अनिल लामा र दिनेश आचार्यको यस अदालतमा भएको बयान समेतवाट र यस अदालतमा बकपत्र गर्ने वादी नेपाल सरकारका साक्षीहरूको बकपत्र समेतवाट प्रतिवादीहरू अनिल लामा र दिनेश आचार्यले अभियोग माग दाबी बमोजिम वन ऐन, २०४९ को दफा ४९ को देहाय (घ) र (ङ) को अपराध कसुर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादीहरूको अपराधमा संलग्नता र अवस्था समेतलाई विचार गरी प्रतिवादी अनिल लामालाई ऐ ऐनको दफा ५०(१) (घ) (४) अनुसार बिगो रु. १,४८,०२०।- को दोब्बरले हुने रु. २,९६,०४०।- दुई लाख छ्यानब्बे हजार चालीस) जरिवाना हुने ठहर्छ । अर्का प्रतिवादी दिनेश आचार्यलाई निजको अपराधमा रहेको संलग्नता समेतलाई विचार गरी सोही दफा बमोजिम दिन ७ ( सात) कैद हुने ठहर्छ । प्रतिवादी गुमान सिंह राई र वर्ल्ड वाइड कन्स्ट्रक्सन एण्ड टेडिङ्गका प्रो. सुरेन्द्र श्रेष्ठ उपरको अभियोग दाबी प्रमाणको रोहमा पुष्टि हुन सकेको नदेखिँदा निजहरूले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्छ ।

प्रतिवादी अनिल लामाले वा.२.ख ९१५० को ट्रिपरमा लोड गरेको मूल्य मुचुल्कामा उल्लेख भएको र बरामदी मुचुल्कामा उल्लेख भएको काठ सोही ऐनको दफा ५०(१) (घ) बमोजिम जफत हुने ठहर्छ । बोझ बाहकको जफत सम्बन्धमा माथि विवेचना गरिएको ने.का.प.२०६८ अं ६ नि.न.८६२९ मा

सर्वोच्च अदालत पूर्व इजलासवाट प्रतिपादित सिद्धान्त समेतका आधारमा जफततर्फको वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन ।

## तपसिल

प्र.अनिल लामा के माथि निर्णय खण्डमा लेखिए बमोजिम वन ऐन, २०४९ को दफा ४९ (घ) नं. बमोजिमको कसुरमा सोही ऐनको दफा ५०(१) (६) बमोजिम बरामद काठ जफत गरी ऐ.ऐ.को दफा ५०(१)(६)(४) ले बिगो रु १,४८,०२०।- को दोब्बर रु. २,९६,७४०।- (दुई लाख छ्यानब्बे हजार सात सय चालीस रुपैयाँ) जरिवाना हुने ठहरेकाले निज मिति २०६८।६।२ देखि वन कार्यालयको हिरासतमा रही यस अदालतको आदेश अनुसार मिति २०६८।६।१० मा र न. १७३०७ बाट रु. १,१०,०००।- धरौट राखी तारेखमा रहेको देखिँदा हिरासतमा बसेको दिन ८ को मुलुकी ऐन दण्ड सजायको ५३ नं.ले दिन १ को रु २५।-का दरले हुन आउने रु २००।- र धरौट राखेको रु १,१०,०००। जरिवाना बापत सदर स्याहा बाटकट्टा गरी नपुग जरिवाना रु धरौटी बापतको रकमसमेत जरिवानामा कट्टा गरी बाँकी रहेको जरिवाना रु. १,८६,५४०।- बेरुजु हुँदा लगत कसी असुल गर्नू ।

प्रतिवादी दिनेश आचार्य के माथि निर्णय खण्डमा लेखिए बमोजिम कैद दिन ७ हुने ठहरी फैसला भएकोले निज मिति २०६८।६।२ देखि पक्राउ गरी वन कार्यालयको हिरासतमा रही यस अदालतको मिति २०६८।६।१० को आदेश अनुसार रु. १०,०००।- धरौटी राखी तारेखमा रहेको देखिँदा निजलाई लागेको कैद म्याद भुक्तान गरिसकेको हुँदा उक्त धरौटी फिर्ता पाऊँ भनी कानुनका म्यादभित्र माग गरे कानुनको रीत पुऱ्याई फिर्ता दिनू ।

प्रतिवादी गुमान सिंह राई के माथि निर्णय खण्डमा लेखिए बमोजिम अभियोग पत्र माग दाबीबाट सफाइ पाउने ठहरेकाले निजले यस अदालतको आदेश अनुसार मिमिति २०६८।६।१० मा राखेको धरौटी रु ५,०००।- कानुनको म्यादभित्र फिर्ता पाऊँ भनी माग गरे कानुनको रीत पुऱ्याई फिर्ता दिनू ।

प्रतिवादी वर्ल्ड वाइड कन्स्ट्रक्सन एण्ड ट्रेडिङ्ग प्रा.लि. तीनथाना ६ काठमाडौंका प्रो. सुरेन्द्र श्रेष्ठ के माथी निर्णय खण्डमा लेखिए बमोजिम सफाई पाउने ठहरेकाले निजले यस अदालतको आदेश अनुसार मिति २०६८।७।३० मा राखेको धरौटी रु १५,०००।- कानूनका म्याद भित्र फिर्ता पाउँ भनि माग गरे कानूनको रीत पुऱ्याई फिर्ता दिनू ।

अभियोग पत्रसाथ दशीको रूपमा बरामद हुन आएको बिभिन्न साइजको काठ थान ८५ को हुने १३२.१६ क्यु.फि.काठ जफत हुने ठहरेकाले जफत गरी कानुन बमोजिम लिलाम गरी प्राप्त रकमको राजस्व दाखिला भएको भौचर मिसिल संलग्न गर्ने प्रयोजनका लागि पठाइदिनू भनी सम्बन्धी वन कार्यालयमा लेखी पठाइदिनू ।

अभियोग पत्रसाथ बरामद हुन आएको वर्ल्ड वाइड कन्स्ट्रक्सन एण्ड ट्रेडिङ्ग प्रा.लि. तीनथाना ६ काठमाडौंको नाउँको वा.२ख ९१५० नं.को ट्रिपर फिर्ता पाऊँ भनी ट्रिपरधनी प्रो. सुरेन्द्र श्रेष्ठले प्रमाण सहित निवेदन माग गरे फिर्ता दिनू भनी सम्बन्धित जिल्ला वन कार्यालयलाई लेखी पठाइदिनू ।

यस अदालतको इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत इलाममा पुनरावेदन गर्नू भनी प्रतिवादीहरू अनिल लामा र दिनेश आचार्यलाई र फैसलाको प्रतिलिपि साथ राखी जिल्ला सरकारी वकिल कार्यालय झापालाई पुनरावेदनको म्याद दिनू ।

सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तुर लिई सारी सराइदिनू ।

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख संरक्षक फाँटमा बुझाइदिनू ।

माननीय न्यायाधीशज्यूले बोली टिपाए
बमोजिम टिप्ने शा.अ.बाबुराम राई
कम्प्युटर टाइप गर्ने :- टा.ना.सु.गीता न्यौपाने ।

**न्यायाधीश**

**इति संवत् २०६८ साल पौष २७ गते रोज ३ शुभम् ..........................।**

# श्री वागलुङ जिल्ला अदालत
## इजलास
## माननीय जिल्ला न्यायाधीश श्री डिल्लीरमण तिवारी
## फैसला
## संवत् २०६७ सालको ०६७-CR-००३२-र.न.०६२-०६७-००२४३ नि.नं १७१

**मुद्दा :- जातीय भेदभाव ।**

**वादीको नाम, थर, वतन**

वागलुङ जिल्ला नारायणस्थान गा.वि.स. वडा नं. ९ बस्ने वर्ष १७ की माया नेपाली सुवेदी को जाहेरीले नेपाल सरकार................................१

**प्रतिवादीको नाम, थर, वतन**

वागलुङ जिल्ला नारायणस्थान गा.वि.स. वडा नं. ९ बस्ने मोहन सुवेदीको छोरा वर्ष २१ को अर्जुन सुवेदी..........................................................१

**वादीका साक्षी**

जाहेरवाली माया नेपाली र प्रहरीमा कागज गर्ने प्रकाश परियार समेतका मानिसहरू ................१

**प्रतिवादीको साक्षी**

लक्ष्मी साहनी ................................................१
देवी पौडेल ....................................................१
सुरेन्द्र थापा ...................................................१
भरत सुवेदी....................................................१
कुमारविक्रम क्षेत्री ..........................................१

**कागज**

अभियोग पत्रसाथ पेस भएका कागजातहरू

**कागज**

×

**अदालतबाट बुझेको साक्षी**

जाहेरवाली माया नेपाली, कुमारविक्रम क्षेत्री, सुनिता वि.क., सुरेन्द्र थापा, प्रकाश परियार, देवीलाल दर्जी, भरत सुवेदी, देवी पौडेल, लक्ष्मी साहनी, टेकबहादुर बोहरा, धनबहादुर परियार, परशुनारायण बोहरा, सीताराम रसाइली

**कागज**

x

मुलुकी ऐन अ.व.२९ नं.तथा न्याय प्रशासन ऐन २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्र भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य, विवरण एवं ठहर यस प्रकार छ ।

मिति ०६७।६।९ गते विपक्षी अर्जुन सुवेदीले किन र कसरी फोन गर्नुभयो । त्यसै दिनदेखि विपक्षीसँग मेरो सामान्य परिचय भयो । त्यसपछि विपक्षी र मेरो दिनमा ४।५ पटक फोन हुन थाल्यो । मिति ०६७।१२।२७ गते मलाई कुश्मा बजारमा आउन भन्नुभयो । मैले निजको प्रस्ताव स्वीकार गरी कुश्मा आई विवेक होटलमा बसी नास्तापानी खाई आ-आफ्नो घरतर्फ लाग्यौं । त्यसपछि वैशाख १ गते बिनामारेको सर्वोदय उच्च मा.वि. मा भेट भै निजले मलाई विवाह गरी लैजाने प्रस्ताव गर्नुभएकोले उनैको प्रस्ताव स्वीकार गरी निजको घर आयौं र मलाई भित्र्याउनुभयो । त्यसपछि मैले घरको जिम्मेवारी सम्हाल्न थालें । त्यसको केही दिनपछि मेरो घरबाट बाबा, आमा खोज्न आएपछि निजहरूले मेरो जात थाहा पाएछन् र मलाई कोठामा थुन्ने र यातना दिने काम भयो र मलाई कुश्मा लगी छाडियो । कुश्माबाट म प्रहरी मार्फत उपस्थित भै मलाई अछूत पानी नचल्ने भनी जातीयताको आधारमा विभेद गरी पीडा दिएकोले निजलाई कानुन बमोजिम जातीय विभेदमा कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त ।

जिल्ला वागलुङ वा.न.पा. वडा नं. २ स्थित जिल्ला प्रहरी कार्यालय वागलुङ भवन अगाडि र नारायणस्थान गा.वि.स. वडा नं. ९ मा अर्जुन सुवेदीले माया नेपाली सुवेदीलाई जातीय विभेद छुवाछूत गरेको भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

माया नेपाली र मेरो आजभन्दा ६ महिना पहिलादेखि फोनमा कुराकानी भए पश्चात् परिचय भएको थियो । त्यस्तैमा निजलाई मिति ०६८।१।१ का दिन कुश्मामा भेट भै विवेक होटलमा सँगै बसी शारीरिक सम्पर्क समेत भयो । भोलिपल्ट निज र म मेरो घरमा गई बाबालाई के लिएर आएको छु भनी जानकारी गराई कोठामा लगी राखे । निजले आफ्नो नाम कुसुम थापा भनी बताएकी थिई । त्यसपछिका दिनमा घरको आ-आफ्नो धन्दा गरी आएकोमा ०६८ साल वैशाख ४ गते माया नेपालीको घरबाट बाबु, आमा खोजतलास गर्न आएबाट दलित नेपाली सार्की जातको भनी थाहा पाई घरबाट निकाली ५ गतेका बिहान कुश्माको विवेक होटलमा राखियो । त्यसपछि निजसँग बातचित केही भएन । मलाई जात झुक्याई नाटक गरिस् भनी मैले गाली गरेको हुँ । सो पश्चात् माया नेपाली कहाँ गइन्, मलाई थाहा भएन । म सुनौलीतर्फ लागें । ऐ २० गतेका दिन जिल्ला प्रहरी कार्यालय वागलुङमा माया नेपाली, निजका हजुरबाबा, आमा र दलित सञ्जाल प्रतिनिधिहरू थिए । त्यहाँ ठूलो छलफल भै निज दलित सार्की जातको म सुवेदी जातको भै समाजमा नपच्नेभएको हुँदा श्रीमतीको रूपमा स्वीकार नगर्ने भनी सार्की भनी गाली गलौज गरी बाहिर निस्केको अवस्था प्रहरी द्वारा पक्राउमा परेको हुँ । निजलाई डर, धाक, धम्की समेत मैले केही दिएको होइन । सार्की जातको भएर पनि क्षेत्री जात भनी झुट्टो बनाई षड्यन्त्र गरेको हुँदा सार्की सर्किनी भनी मैले गाली गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी अर्जुन सुवेदीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान कागज ।

वागलुङ जिल्ला नारायणस्थान गा.वि.स. वडा नं ९ बस्ने हरि मोहन सुवेदीको छोरा अर्जुन सुवेदीले बिनामारे माइती घर हुने माया नेपालीलाई मिति ०६८।१।१ गतेका दिन विवाह गरी घरमा लगेका हुन् । लोग्ने स्वास्नी भै बसिरहेको अवस्था माया नेपाली दलित जातको भन्ने थाहा पाई अर्जुन सुवेदीले आफ्नो घरबाट निकाली कुश्माको होटलमा ल्याई श्रीमती स्वीकार नगरी दलित भएकै कारण जातीय भेदभाव गरेका हुन् । मिति ०६८।१।१९ गतेका दिन जिल्ला प्रहरी कार्यालय वागलुङमा अर्जुन सुवेदी र निजका अभिभावक माया नेपालीका प्रतिनिधिहरूबीच छलफलमा बस्दा समेत अर्जुन सुवेदीले माया नेपालीलाई दलित सार्की भएको हुँदा स्वीकार गर्दिन । निजले क्षेत्री जातको भनेको हुँदा मैले भित्र्याएको हुँ भनी विभिन्न गालीगलौज समेत गरेका हुन् भन्ने समेत व्यहोराको धनबहादुर परियार, परशुनारायण बोहरा, टेकबहादुर वोहरा, प्रकाश परियार, सुनिता वि.क., समेतले लेखी लेखाई दिएको एकै व्यहोराको घटना विवरण कागज ।

प्रतिवादी अर्जुन सुवेदीले माया नेपालीलाई माया प्रीति गाँसी शारीरिक सम्बन्ध समेत राखी घरमा ल्याई स्वास्नी तुल्याएकोमा तल्लो जातिपातीको भन्ने आधारमा जिल्ला वागलुङ वा.न.पा. २ स्थित जिल्ला प्रहरी कार्यालय वागलुङ भवनअगाडि र नारायणस्थान गा.वि.स. वडा नं. ९ स्थित घरमा समेत गालीगलौज गरी घरबाट निकाला गरी जातिपाती, धर्म, वर्ण, वर्गको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार र बहिष्कार गरी मुलुकी ऐन अदलको महलको १०क नं. अनुसारको कसुर अपराध गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी अर्जुन सुवेदीलाई सोही मुलुकी ऐन अदलको महलको १० क नं. बमोजिम सजाय गरी पाउन माग दाबी लिई सक्कल मिसिल र प्रतिवादी अर्जुन सुवेदीलाई यसै अभियोग पत्रसाथ पेस गरिएको छ भन्ने समेत व्यहोराको अभियोगपत्र ।

म र माया नेपालीबीच फोन सम्पर्कबाट चिनाजानी हुन गई साथी साथी भनी कुराकानी भएपछि निज र म मिति २०६७।१२।२८ गते पर्वत जिल्लाको मेदी बिनीमा भेटघाट भै कुराकानी भै कुश्माको होटलमा नाम थाहा भएन खाजा खाई, फिलिम हेर्न गई, त्यसपछि म वागलुङ मन्दिर आएको हो । त्यसपछि २०६८।१।१ गते निजसँग वागलुङ बिनामारे स्कुलमा भेटघाट भै, मैले विवाह गरौं भनी

प्रस्ताव राख्दा स्वीकार गरिन र हामी दुवै कुश्माको विवेक होटलमा २०६८।१।१ गते राति सँगै वसे तापनि केही व्यवहार भएन । भोलिपल्ट बेलुका हामी दुवै जना मेरो घरमा गएर माया नेपाली र म २०६८।१।४ गतेसम्म सँगै बसेका हौं । ममीले दिनुभएको साइत हेराएर हामीहरूलाई बोलाएपछि हामी घर गएका हौं । त्यसपछि माया नेपाली हराएर कता गइन्, मलाई थाहा भएन । मैले खोजें, भेटिन । म सोही ४ गते सुनौलीतर्फ गई वैशाख १९ गते जि. प्र.का वागलुङमा आएको हुँ । म निजसँग अहिले पनि विवाह गर्न राजी छु । निजलाई कुटपिट गरेको तथा अछूत भनी भनेको होइन । मैले निजको जात थाहा पाएपछि निज लाजले आफैं भागेकी हुन् । मैले मन पराएर ल्याएको हो । बाबा, आमा कसैले कुटपिट गरेको होइन । मैले माया नेपालीलाई जातीय भेदभावको कुनै गाली गरेको होइन । अझै पनि माया नेपालीले मान्छिन् भने म अदालतबाटै विवाह गर्न तयार छु । मैले अभियोगबाट सफाइ पाउनुपर्दछ भन्ने समेत व्यहोराको प्रतिवादी अर्जुन सुवेदीले यस अदालतमा गरेको बयान ।

अर्जुनको घरमा कुनै वादविवाद छलफल केही भएको होइन । मिति २०६८।१।१९ गते जि.प्र.का. वागलुङमा विवाह गर्ने भन्ने छलफल हुँदा माया नेपालीको उमेर १६ वर्ष भएको कारणले विवाह हुन नसकेको हो । जातीय भेदभावको विषयमा आरोप लगाएको होइन । जाहेरवालाले सोही रिसइवीका कारण जातीय भेदभावको मुद्दा दिएका हुन् । जातीय भेदभावमा छलफल केही भएको होइन भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी कुमारविक्रम क्षेत्रीले यस अदालतमा गरेको बकपत्र सोही बकपत्रलाई समर्थन हुने गरी प्रतिवादीका साक्षी सुरेन्द्र थापा, भरत सुवेदी, देवी पौडेल, लक्ष्मी साहनीले गरेको एकै मिलान व्यहोराको बकपत्र ।

अर्जुन सुवेदी र माया नेपाली सुवेदीसँगको विवाह मिति २०६८।१।१ गते भएकोमा पछि माया नेपालीको अभिभावक माया नेपालीलाई खोज्दै अर्जुन सुवेदीको घरमा जाँदा यो माया दलित परिवारकी केटी रहेछ भनी थाहा पाएपछि निज अर्जुन सुवेदी समेतका घर परिवारले निज माया नेपालीलाई घरमा बस्न नदिई निकाला गरेपछि, अर्जुन सुवेदी र माया नेपाली कुश्मा बजारस्थित होटलमा आई ४, ५ दिनसम्म बसेको र मिति २०६८।१।१९ गते जिल्ला प्रहरी कार्यालय वागलुङमा छलफल हुँदा अर्जुन सुवेदीले यो दलित परिवारको केटी भएकोले मेरो घर परिवारले पनि स्वीकार नगर्ने र मैले पनि श्रीमतीको रूपमा स्वीकार गर्न सक्दिन । माया नेपालीलाई विवाह गरी श्रीमती स्वीकार गर्नुपर्छ भने १० वर्ष पनि जेल बस्न तयार छु भनी जातीय भेदभाव भएको हो भनी नेपाल सरकारतर्फका वादीका साक्षी परशुनारायण बोहराले गरेको बकपत्र सोही बकपत्रलाई समर्थन हुने गरी धनबहादुर परियार, टेकबहादुर बोहरा, देवीलाल दर्जी, प्रकाश परियार, सुनिता वि.क. समेतले गरेको एकै मिलान व्यहोराको बकपत्र ।

अर्जुनसँग मेरो २०६८ चैतेदसैंबाट पहिलो पटक घेटघाट चिनाजान भई २०६८।१।१ गतेका दिन अर्जुन बिनामारे गै हामीहरूसँग भेटघाट, बोलचाल भई मेरो घरमा जाउ भन्दा म जान्न भनेपछि मेरो हातमा समाती आफ्नो घरमा ल्याएका हुन्, उनको घरमा बाबा, ममी खुसी भई मलाई विवाह गरी घर भित्र्याएका हुन् । मेरो बुवा ममी २०६८।१।३ अर्जुनको घरमा आएपछि सानो जात भनी थाहा पाएपछि मलाई कुश्माको विवेक होटलमा लगी मलाई जात ढाँटी भनेर २०६८।१।३ देखि ऐ ७ गतेसम्म कोठामा थुनी राखेकोमा म उक्त होटलको झ्यालबाट भागी छिस्ती सरिनाको घरमा गई बस्ने ऐ १६ गते सरिनाको घरबाट दुर्लुङ फुपूको घरमा जाँदा विवेक होटलको मालिक्नीले छोपी मलाई एक्कासि जि.प्र.का. मा लगी मलाई वागलुङ जि.प्र.का.मा ल्याएपछि दुवै पक्षका मानिसहरू बोलाई छलफल गर्दा अर्जुनले सानो जात भनी मलाई स्वीकारेनन्, १० वर्ष जेल खान तयार छु भन्यो । जाहेरी दरखास्तको सहीछाप, व्यहोरा मेरो हो भन्ने समेत व्यहोराको जाहेरवाली माया नेपालीले यस अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत जातीय भेदभाव मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री रमानाथ पौडेल तथा जाहेरवालातर्फवाट उपस्थित विद्वान् अधिवक्तात्रय भूमिस्वर गौतम, हरिकृष्ण सुवेदी, यामबहादुर चर्मकार र प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री केशवराज पराजुलीले गर्नुभएको बहस समेत सुनी, मिसिल संलग्न सम्पूर्ण कागजातहरूको अध्ययन गरी प्रस्तुत मुद्दामा यी प्रतिवादीले अभियोग दाबी बमोजिम कसुर गरेका हुन् होइनन् ? र, अभियोग दाबी बमोजिमको सजाय हुनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

अर्जुन सुवेदीले माया नेपालीलाई माया प्रीति गाँसी शारीरिक सम्बन्ध समेत राखी घरमा ल्याई स्वास्नी तुल्याएकोमा तल्लो जातिपातीको भन्ने आधारमा घरमा समेत गालीगलौज गरी घरबाट निकाला गरी जातिपाती, धर्म, वर्ण, वर्गको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार र बहिष्कार गरी मुलुकी ऐन अदलको महलको १०क नं. अनुसारको कसुर अपराध गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी अर्जुन सुवेदीलाई सोही मुलुकी ऐन अदलको महलको १० क नं. बमोजिम सजाय गरी पाउन माग दाबी लिइएको भन्ने समेत व्यहोराको अभियोगपत्र भएको प्रस्तुत मुद्दमा मिति ०६७।६।९ गते विपक्षी अर्जुन सुवेदीले फोन गर्नुभएकोमा सोही फोनबाट हामीहरूको चिनाजान भै पटक पटक फोन सम्पर्क भै राखी मिति ०६७।१२।२७ गते मलाई कुश्मा बजारमा आउन भन्नु भै कुश्मा आई विवेक होटलमा बसी नास्तापानी खाई आ-आफ्नो घरतर्फ लाग्यौं । त्यसपछि वैशाख १ गते बिनामारेको सर्वोदय उच्च मा.वि. मा भेट भै निजले मलाई विवाह गरी लैजाने प्रस्ताव गर्नुभएकोले उनैको प्रस्ताव स्वीकार गरी निजको घर आयौ र मलाई भित्र्याउनुभयो । त्यसको केही दिनपछि मेरो घरबाट बाबा, आमा खोज्न आएपछि निजहरूले मेरो जात थाहा पाएछन् र मलाई कोठामा थुन्ने र यातना दिने काम भयो र मलाई कुश्मा लगी छाडियो । कुश्माबाट म प्रहरी मार्फत उपस्थित भै मलाई अछूत पानी नचल्ने भनी जातीयताको आधारमा विभेद गरी पीडा दिएकोले निजलाई कानुन बमोजिम जातीय विभेदमा कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त भएको पाइन्छ । माया नेपाली र मेरो आजभन्दा ६ महिना पहिलादेखि फोनमा कुराकानी भएकोमा चिनाजान भै निजलाई मिति ०६८।१।१ का दिन कुश्मामा भेट भै विवेक होटलमा सँगै बसी भोलिपल्ट निज र म मेरो घरमा गई बाबालाई जानकारी गराई कोठामा लगी राखें । निजले आफ्नो नाम कुसुम थापा भनी बताएकी, घरको आ-आफ्नो धन्दा गरी आएकोमा वैशाख ४ गते माया नेपालीको घरबाट बाबु, आमा खोजतलास गर्न आएबाट दलित नेपाली सार्की जातको भनी थाहा पाई घरबाट निकाली ५ गतेका बिहान कुश्माको विवेक होटलमा राखियो । त्यसपछि निजसँग बातचित केही भएन । मलाई जात भुक्याई नाटक गरिस् भनी मैले गाली गरेको हुँ । सो पश्चात् माया नेपाली कहाँ गइन्, मलाई थाहा भएन । म सुनौलीतर्फ लागें । ऐ २० गतेका दिन जिल्ला प्रहरी कार्यालय वागलुङमा माया नेपाली, निजका हजुरबाबा आमा र दलित सञ्जाल प्रतिनिधिहरूबीच ठूलो छलफल भै निज दलित सार्की जातको म सुवेदी जातको भै समाजमा नपच्ने भएको हुँदा श्रीमतीको रूपमा स्वीकार नगर्ने भनी सार्की भनी गालीगलौज गरी बाहिर निस्केको अवस्थामा प्रहरीद्वारा पक्राउमा परेको हुँ । निजलाई डर, धाक, धम्की समेत मैले केही दिएको होइन । सार्की जातको भएर पनि क्षेत्री जात भनी भुठो बनाई षड्यन्त्र गरेको हुँदा सार्की सर्किनी भनी मैले गाली गरेको हो भनी प्रतिवादी अर्जुन सुवेदीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागजलाई अदालत समक्ष बयान गर्दा आफूले माया नेपालीसँग विवाह गरेको कुरामा स्वीकार गरी निजलाई कुटपिट गरेको तथा अछूत भनी भनेको होइन । मैले निजको जात थाहा पाएपछि निज लाजले आफैं भागेकी हुन् । जातीय भेदभावको कुनै गाली गरेको होइन । अझै पनि माया नेपालीले मान्छिन् भने म

अदालतबाटै विवाह गर्न तयार छु भनी अदालतमा समेत बयान गरेको पाइन्छ । अर्जुन सुवेदीले आफ्नो घरबाट निकाली कुश्माको होटलमा ल्याई श्रीमती स्वीकार नगरी दलित भएकै कारण जातीय भेदभाव गरी विभिन्न गालीगलौज समेत गरेका हुन् भनी धनबहादुर परियार, परशुनारायण बोहरा, टेकबहादुर बोहरा, प्रकाश परियार, सुनिता वि.क., समेतले लेखी लेखाई दिएको एकै व्यहोराको घटना विवरण कागजबाट देखिन आउँछ भने वादीका साक्षी परशुनारायण बोहरा समेतले अर्जुन सुवेदीले यो दलित परिवारको केटी भएकोले मेरो घर परिवारले पनि स्वीकार नगर्ने र मैले पनि श्रीमतीको रूपमा स्वीकार गर्न सक्दिन भनी जातीय भेदभाव भएको हो भनी बकपत्र गरेको पाइन्छ । त्यस्तै प्रतिवादीका साक्षी सुरेन्द्र थापा समेतले अर्जुनको घरमा कुनै वादविवाद छलफल केही भएको होइन । जातीय भेदभावको विषयमा आरोप लगाएको होइन भनी बकपत्र गरेको पाइन्छ । माथि उल्लिखित तथ्य प्रमाणहरूबाट यी जाहेरवाली माया नेपाली र प्रतिवादी अर्जुन सुवेदीका बीच वैवाहिक सम्बन्ध कायम भै लोग्ने-स्वास्नी भै बाबु-आमा समेतको सल्लाह बमोजिम साइत समेत हेराई घरमा भित्र्याई ४।५ दिनसम्म घरमा बसेको कुरामा कुनै विवाद देखिन आएको अवस्था पाइएन ।

यसमा प्रतिवादी उपरको पीडित जाहेरवालीको किटानी जाहेरी दरखास्त, सोही जाहेरी दरखास्तको व्यहोरालाई पुष्टि हुने गरी जाहेरवालीले अदालतमा आई गरेको बकपत्र, मौकामा अनुसन्धान अधिकारी समक्ष घटना विवरण कागज गर्ने सुनिता वि.क., प्रकाश परियार, देवीलाल दर्जी, परशुनारायण बोहरा समेतका मानिसहरूले आफूहरूले अनुसन्धान अधिकारी समक्ष गरेको कागजको व्यहोरालाई एवं जाहेरवालीको जाहेरी दरखास्तको व्यहोरा समेतलाई पुष्टि हुने गरी अदालतमा आई गरेको बकपत्र, र स्वयम् यी प्रतिवादी अर्जुन सुवेदीले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान एवं निजले अदालत समक्ष गरेको बयानको व्यहोरा समेतबाट यी प्रतिवादीले जाहेरवाली माया नेपाली सुवेदीलाई श्रीमती स्वीकार गरी घरमा लगी ४ दिनसम्म राखी पछि तल्लो जातको सार्की भन्ने थाहा जानकारी भएपछि निजलाई घरबाट निकालेको भन्ने देखिन आएकोले निजले अभियोग दाबी बमोजिम कसुर गरेको ठहर्छ । तसर्थ यो २१ औ शताब्दीको आजको युगमा जातीय विभेद जस्तो कुरा उठाई दलित भएको कारणले एकपटक श्रीमती स्वीकार गरी आफ्नो घरमा भित्र्याइसकेकी जाहेरवाली माया नेपाली सुवेदीलाई घरबाट निकाल्ने जस्तो घृणित कार्य गरेको मिसिल संलग्न प्रमाण आधार समेतबाट देखिँदा निज प्रतिवादी अर्जुन सुवेदीलाई मुलुकी ऐन अदलको १०क नं बमोजिम कसुरमा सोही ऐनको अदलको १० कनं बमोजिम रु. २५००। (दुई हजार पाँच सय) जरिवाना हुने ठहर्छ । अरू तपसिलका कुरामा तपसिल बमोजिम नै हुने गरी अ.व. १८६ नं बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

१) माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी अर्जुन सुवेदीलाई रु. २५००। जरिवाना हुने ठहरी फैसला भएकोले निज प्रतिवादीले मिति २०६८।२।१० मा र.नं ७१ बाट रु. ३०,०००। धरौट राखेको देखिँदा निजलाई लागेको जरिवाना रु. २५००। सोही धरौटबाट कट्टा हुने गरी मुद्दाको अन्तिम टुङ्गो लागेपछि बाँकी हुन आउने धरौट नियमानुसार फिर्ता दिनू.........................................................................................१

२) यस अदालतको इन्साफमा चित्त नबुझे स.मु.स ऐन, २०४९ को दफा २६(१) बमोजिम सत्तरी (७०) दिनभित्र श्री पुनरावेदन अदालत वागलुङमा पुनरावेदन गर्नू भनी प्रतिवादी अर्जुन सुवेदीलाई पुनरावेदनको म्याद दिनू ....................................................................................................................१

३) फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी श्री जि.स.व.का. वागलुङमा पठाइदिनू .........१

४) सरोकारवालाले फैसलाको नक्कल सहितका कागजातहरूको प्रतिलिपि माग गरे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू ...........................................................................................१

५) प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत वागलुङमा पठाइदिने गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ......................................................१

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाए
बमोजिम टिपी फैसला तयार गर्ने
ना.सु दानप्रसाद शर्मा
क.अ होमनाथ शर्मा

**न्यायाधीश**

**इति संवत् २०६८ साल फाल्गुण ३० गते रोज ३ शुभम् .....................।**

# श्री नवलपरासी जिल्ला अदालत
## इजलास
## माननीय जिल्ला न्यायधीश श्री राजेन्द्र खरेल
## फैसला
## संवत् २०६८ सालको स.फौ.नं.६६-०६७-००९६८/४८
## निर्णय नं.४९

**मुद्दा- बोक्सीको आपोप लगाई यातना दिएको ।**

**वादी**

जिल्ला नवलपरासी गुठी सूर्यपुरा गा.वि.स.वडा नं.२ बस्ने गंगा राजभरको जाहेरीले नेपाल सरकार...........................................१

**प्रतिवादी**

जिल्ला नवलपरासी गुठी सूर्यपुरा गा.वि.स.वडा नं.२ बस्ने पल्टु कलवारको छोरा प्रेम जयसवाल...........१
ऐ.ऐ.बस्ने किसुन कलवारको छोरा घनश्याम कलवार जयसवाल...............................................२
ऐ.ऐ.बस्ने भोजई चमारको छोरा त्रिलोकी चमार.....३
ऐ.ऐ.बस्ने वर्ष ३० को कन्हैया जयसवाल कलवार..४
ऐ.ऐ.बस्ने कन्हैयाको श्रीमती मालती जयसवाल कलावार.................................................५

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं.२९ नं.ले यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र निर्णय यस प्रकार छ :-**

**जाहेरी व्यहोरा :**

मिति ०६८।२।४ गते १०:०० बजेको समयमा जिल्ला नवलपरासी, गुठी सूर्यपुरा गा.वि.स.वडा नं.२ स्थित शंकर भगवान्को मन्दिर अगाडि ऐ.ऐ. बस्ने कन्हैया जयसवाल,ऐ.ऐ.बस्ने प्रेम जयसवाल ऐ.ऐ.बस्ने गुड्डु जयसवाल, ऐ.ऐ.बस्ने त्रिलोकी चमार, ऐ.ऐ.बस्ने मालती जयसवाल समेतले मलाई बोक्सोको आरोप लगाई कुटपिट गरी मेरो इच्छा विपरीत मेरो टाउको खौरी मुखमा कालोमोसो दली जुत्ता चप्पलको माला लगाइदिई ब्यान्डबाजा बजाई गाउँ डुलाई अमानवीय र अपमानजनक व्यवहार गरेकोले उल्लिखित व्यक्तिहरूलाई पक्राउ गरी कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको गंगा राजभरले दिएको जाहेरी दरखास्त ।

**प्रतिवादी प्रेम जयसवालले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

जिल्ला नवलपरासी गुठी सूर्यपुरा गा.वि.स.वडा नं.२ बस्ने गंगा राजभरले कन्हैया जयसवालको श्रीमती मालती जयसवाललाई टुना बोक्सो लगाएकोले मिति ०६८।२।४ गते १०:०० बजेको समयमा हाम्रो गाउँमा रहेको शंकर भगवान्को मन्दिर अगाडि स्थानीय जनताहरूले जाहेरवाला गंगा राजभरलाई बोलाई सबै जनाले गंगा राजभरलाई बोक्सो हो भनी निजको कपाल खौरी मुखमा कालोमोसो दली जुत्ताको माला लगाई बाजा बजाउन लाग्दा म समेतले स्थानीय जनताको साथमा लागी गंगा राजभरलाई गाउँ घुमाएको हुँ । मैले गंगा राजभरको कपाल खौरिन आदेश दिएको होइन, गाउँलेहरूले गंगा राजभरको कपाल खौरी कालोमोसो दली जुत्ताको माला लगाई बजार घुमाउँदा म पनि साथमा लागी गएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी प्रेम जयसवालको बयान कागज ।

**प्रतिवादी घनश्याम जयसवालले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

जाहेरवाला गंगा राजभरले कन्हैया जयसवालको श्रीमती मालती जयसवाललाई टुना बोक्सो लगाएकोले मिति ०६८।२।४ गते १०:०० बजेको समयमा हाम्रो गाउमा रहेको शंकर भगवान्को मन्दिर अगाडि स्थानीय जनताहरूले जाहेरवाला गंगा राजभरलाई बोलाई सबै जनाले गंगा राजभरलाई बोक्सो हो भनी निजको कपाल खौरी मुखमा कालोमोसो दली जुत्ताको माला लगाई बाजा बजाई गाउँ घुमाउँदा म पनि स्थानीय जनताको साथमा लागी गएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी गुड्डु जयसवाल भन्ने घनश्याम जयसवालको बयान कागज ।

**प्रतिवादी त्रिलोकी चमारले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान**

मिति ०६८।२।४ गते १०:०० बजेको समयमा म आफ्नो गाउँघरमा नभई नर्सहीस्थित आफ्नो ससुराली गएको थिएँ, उक्त समयमा स्थानीय गाउँलेहरूले मेरो घरमा भएको अंग्रेजी बाजाहरू लिई गई गंगा राजभरको टाउको खौरौ कालोमोसो लगाई जुत्ता चप्पलको माला लगाई सोही ब्यान्ड बाजा वजाई गाउँको परिक्रमा गराएको हो । मैले जाहेरवालाको कपाल खौरिने, निजलाई कालोमोसो लगाउने, जुत्ता चप्पलको माला लगाई गाउँ घुमाउने काम गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी त्रिलोकी चमारको बयान कागज ।

**घटनास्थल प्रकृति मुचुल्का**

जिल्ला नवलपरासी गुठी सूर्यपुरा गा.वि.स.वडा नं.२ स्थित पूर्व जवाहिर जयसवालको टायलको छाना भएको घर पश्चिम गिरधारी मुसहरको एसवेसटेसको छाना भएको २ तल्ले घर, उत्तर गुड्डु भन्ने घनश्याम जयसवालको २ तल्ले घर, दक्षिण जवाहिर जयसवालको २ तले घर यति चारकिल्लाभित्र रहेको पश्चिम मोहडा हुने गरी बनाइएको शिवजीको मन्दिर सोही मन्दिर अगाडि मिति ०६७।२।४ गते १०:०० बजेको समयमा गंगा राजभरलाई वोक्सोको आरोप लगाई, कुटपिट गरी, निजको टाउको खौरी मुखमा कालोमोसो दली जुत्ता चप्पलको माला लगाइदिई ब्यान्डबाजा बजाई गाउँ घुमाउन सुरु गरेको स्थानको चारकिल्ला सहितको घटनास्थल प्रकृति मुचुल्का ।

**नाथु मुसहर समेतका मानिसले गरेको वस्तुस्थिति मुचुल्का**

मिति ०६८।२।४ गते १०:०० बजेको समयमा गंगा राजभरको घरमा मानिसहरूले हल्ला खल्ला गरेको सुनी के भएको हो भन्दै जाहेरवालाको घरमा जाँदा प्रतिवादी  कन्हैया जयसवालको श्रीमती मालती जयसवाल आफ्नो घरमा बेहोस भएको र स्थानीय मानिसहरू समेत भेला जम्मा भई पानि छम्की भूत प्रेत लागेको भए जहाँबाट आएका हौ, त्यहीँ जाऊ भन्दै गरेको अवस्थामा मालतीदेवी जयसवाल आफ्नो घरबाट जाहेरवाला गंगा राजभरको घरमा लड्दै गएको र जाहेरवालाको घरमा गई जाहेरवालासँग उखु मागेकीले जाहेरवालाले ४ वटा उखुको टुक्रा निजलाई दिएकोमा मालती जयसवालको होस खुलेपछि हल्ला खल्ला परेको रहेछ । उक्त स्थानमा उपस्थित अन्य व्यक्तिहरूले जोरवालालाई बोक्सो भनी गाली गरिरहेका थिए, यस्तैमा कन्हैया जयसवालले जाहेरवालाको टाउको कपाल समेत खौराइदिए, गुड्डु भन्ने घनश्याम जयसवाल समेतले गंगा राजभरलाई कुटपिट गरेका थिए । पछि उक्त स्थानमा उपस्थित मानिसहरूले जुत्ताको माला समेत लगाई ब्यान्डबाजा बजाई निजलाई गाउँ घुमाएका हुन् भन्ने समेत व्यहोराको नाथु मुसहर समेत जना ३ ले बकी लेखाइदिएको वस्तुस्थिति मुचुल्का ।

**गंगा राजभरको घाउ जाँच केस फारम प्रतिवेदन**

troumatic injury,multiplebitten internal injury on chest shoulder भन्ने समेत व्यहोराको गंगा राजभरको घाउ जाँच केस फारम ।

**अभियोगपत्र माग दाबी**

मिति ०६८।२।४ गतेका दिन १० बजेको समयमा जिल्ला नवलपरासी गुठी सूर्यपुरा गा.वि.स.वडा नं.२ स्थित शंकर भगवान्को मन्दिर अगाडि जाहेरवाला गंगा राजभरलाई बोक्सोको आरोप लगाई कुटपिट गरी टाउकोको कपाल खौरिदिई कालोमोसो दली जुत्ता चप्पलको माला लगाई दिई ब्यान्डबाजा बजाई गाउँ डुलाई अमानवीय र अपमानजनक व्यवहार गरेको पुष्टि हुन आई विरुद्ध खण्डका प्रतिवादीहरू प्रेम जयसवाल, गुड्डु जयसवाल भन्ने घनश्याम जयसवाल, त्रिलोकी चमार, कन्हैया जयसवाल र मालती जयसवालले मुलुकी ऐन अदालतको १० ख नं.को कसुर गरेको देखिएकोले विरुद्ध खण्डका प्रतिवादीहरू प्रेम जयसवाल, गुड्डु जयसवाल भन्ने घनश्याम जयसवाल, त्रिलोकी चमार, कन्हैया जयसवाल र मालती जयसवाललाई मुलुकी ऐन अदलको महलको १० ख नं.बमोजिम सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको मुख्य अभियोग माग दाबी ।

**प्रतिवादी घनश्याम जयसवालले अदालतमा गरेको बयान**

मिति ०६८।२।४ गते सो घटना घटेको होइन । सो घटना जेठ १० गते मंगलबारको हो । उक्त दिन गंगा राजभरलाई गाउँको शंकर भगवान्को मन्दिरमा गाउँका मान्छेले लगिसकेपछि हामीले होहल्ला सुनी त्यहाँ गएका हौं, म त्यहाँ जाँदा गंगा राजभरको कपाल खौरिसकेको थियो, जुत्ताको माला गंगा राजभरले आफैंले लगाइरहेको थियो, किन कसरी आफैंले लगाएको थियो, सो मलाई थाहा भएन, सोभन्दा अगाडि के के भनी गाउँका को को मान्छेले त्यहाँ गंगा राजभरलाई बोक्साको आरोप लगाएको भन्ने कुरापछि थाहा पाई त्यो गाउँलेहरूको भीडमा म सँगै गइन । छुट्टै ठाउँमा बसी एक दिनपछि आफ्नै घरमा आई बसें, पछि गाउँका मान्छेले गाउँमा ब्यान्ड बाजा बजाई गंगा राजभरलाई गाउँ घुमाएका भन्ने थाहा पाएको हुँ । म गाउँ घुमाउन गएको होइन । मैले गंगा राजभरलाई जाहेरीमा उल्लिखित कुनै काम गरेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी गुड्डु भन्ने घनश्याम जयसवालले गरेको बयान ।

**प्रतिवादी प्रेम जयसवालले अदालतमा गरेको बयान**

मिति ०६८।२।४ गते उक्त घटना भएको नभई ०६८।२।१० गते भएको थियो । गंगा राजभरलाई गाउँका मानिसहरू को कसले बोलाई मन्दिर नजिक लगे, मलाई थाहा भएन । गाउँका मानिसहरूले हल्ला गरेको सुनी मानिस जम्मा भएको देखी उक्त ठाउँमा गएको हो । म उक्त ठाउँमा जाँदा निज गंगा राजभरको कपाल खौरिएर कालो मोसो लगाइसकेको देखेको हुँ । जाहेरीमा मैले आदेश दिएर कपाल खौरिएको भन्ने कुरा झुठ्ठा हो । मैले अगाडि के के भयो भन्ने कुरा थाहा जानकारी पाइन । पछि त्यहाँ गएपछि मात्र बोक्सोको आरोप लगाएर त्यस्तो कार्य गरेको हो भनी थाहा पाएको हो । गाउँलेहरूले निजलाई बाजा बजाएर गाउँ डुलाउने भनेपछि म आफ्नो घरमा फर्की आई घरमै बसेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी प्रेम जयसवालले गरेको बयान ।

**प्रतिवादी त्रिलोकी चमारले अदालतमा गरेको बयान**

घटना घटेको समयमा म घरमा थिइन, जि.न.प. नर्सही गा.वि.स.को गोकुल नगर गाउँमा आफ्नो ससुरालीमा थिएँ । जाहेरीमा उल्लिखित घटना भएको कुरा सुनेको हुँ तर को को मिली के

कसरी त्यसरी गरेका हुन् । मलाई थाहा भएन । सो समयमा म घरमा समेत नभएको हुँदा देखेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी त्रिलोकी चमारले गरेको बयान ।

**थुनछेक आदेश**

प्रतिवादीमध्येका प्रेम जयसवाल र गुड्डु भन्ने घनश्याम जयसवालबाट जनही रु.१००००।-र अर्का प्रतिवादी त्रिलोकी चमारबाट रु.५०००।-नगद धरौट वा सो बराबरको जेथा जमानी दिए लिई तारेखमा राख्ने गरी भएको मिति २०६८।२।२५ को थुनछेक आदेशानुसार निज प्रतिवादीहरूले नगदै धरौटी दाखिला गरी तारेखमा रहेको देखियो ।

**प्रतिवादी कन्हैया जयसवालले गरेको बयान**

मिति ०६८।२।४ गते घटना भएको भनिएको दिन म गुठी सूर्यपुरा २ स्थित आफ्नो घरमा थिइन । मेरो श्रीमती बिरामी भएकोले सोको अघिल्लो दिन अर्थात् ०६८।२।१ गते साँझ उपचार गर्न भनी भारततर्फ गएको हुँ । गाउँमा हुँदै नभएको व्याक्तिलाई के कुन कारणले झुठ्ठा आरोप लगाई उजुर दिए थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी कन्हैया जयसवालले गरेको बयान ।

**प्रतिवादी मालती जयसवालले गरेको बयान**

सो घटना हुनुपूर्व म बिरामी भएकाले मेरो पतिले मलाई भारतमा लगी उपचार गराउनुभएकोले मलाई त्यहाँ ३ दिनसम्म डाक्टरको उपचार गराएपछि ठीक भएको थियो । जब हामी घरमा आयौं, हामी घर आउनुपूर्व नै गाउँमा के के भएको थियो । मलाई थाहा भएन । म उपरको जाहेरी झुठ्ठा हो । मैले जाहेरवालालाई बोक्सोको आरोप लगाउने, कुटपिट गर्ने आदि कुनै पनि काम गरेकी छैन भन्ने समेत व्यहोराको प्रतिवादी मालती जयसवालले गरेको बयान ।

**थुनछेक आदेश**

प्रतिवादीमध्येका कन्हैया जयसवालबाट नगद रु.११०००।-र अर्का प्रतिवादी मालती जयसवालबाट नगद रु.६०००।- धरौटी वा सो बराबरको जेथा जमानी दिए लिई तारेखमा राख्ने गरी मिति २०६८।३।३० मा भएको थुनछेक आदेशानुसार निज प्रतिवादीहरूले नगदै धरौटी दाखिला गरी तारेखमा रहेको देखियो ।

**प्रतिवादीहरूको साक्षी जयप्रकाश कलवारले गरेको बकपत्र**

घटना घटेको मिति जेठ १० गते घटेको हो । उक्त घटनामा प्रतिवादी घनश्याम कलवार घटनास्थलमा नभै आफ्नो घरमा थिए । मन्दिरको अगाडि भीडभाड भई हल्ला सुनी घनश्याम आफ्नो घरबाट घटना भएको ठाउँ नजिक आउँदा निज वादीलाई कालोमोसो, कपाल खौरने त्यहाँका अन्य मानिसहरूले गरिसकेका थिए । चप्पल जुत्ताको माला यी गंगा राजभरले आफैं लगाइरहेको बेलामा उहाँ आउनुभएको मैले आफ्नै आँखाले देखेको हुँ । ब्यान्ड बाजा बजाउदै गाउँ डुलाउने व्यक्तिहरूसँग उहाँ नभै आफ्नो घर जानुभयो । निजले वादीको कपाल खौरने कालोमोसो दल्ने ब्यान्ड बाजा बजाउने निजले कुनै पनि अपमानजनक नभएको मैले मेरो आँखाले देखेको हुँ गाउँलेहरू वादीलाई बाजा बजाउँदै गाउँ डुलाउन थालेपछि प्रेम आफ्नो घरमा फर्की गई बसेका थिए । उक्त मास सँगै गएका होइनन् । उक्त दिन त्रिलोकी चमार आफ्नो घरमा नभै नर्सही गा.वि.स.को गोकुल नगर गाउँमा आफ्नो ससुरालीमा गएका थिए । उक्त घटनामा निजको कुनै संलग्नता छैन । वादी दाबी झुठ्ठा हो भन्ने समेत

व्यहोराको प्रतिवादी घनश्याम कलवार, प्रेमलाल कलवार, त्रिलोकी चमारका साक्षी जयप्रकाश कलवारले गरेको बकपत्र ।

**प्रतिवादीको साक्षी प्रकाश नाउँले गरेको बकपत्र**

दाबी बमोजिमको वारदातमा भन्दा १ दिन अगाडि प्रतिवादी कन्हैया लालको श्रीमती बिरामी भएकोले भारतमा औषधि उपचारको लागि लगेको, उक्त घटनाका दिन यी दुवै प्रतिवादी घरमा थिएनन् । अभियोग दाबीको दिनमा उक्त घटना को कसले गराएका हुन् । मलाई थाहा भएन । पछि गाउँलेहरूले त्यस्तो कार्य गरेका हुन् भन्ने सुनेको हुँ । उक्त अभियोग दाबी वमोजिमको सजाय यी प्रतिवादीहरूले पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादीमध्ये कन्हैयालाल र मालती जयसवाल समेतका साक्षी प्रकाश नाउँले गरेको बकपत्र ।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक एवं दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री खडगबहादुर खड्काले प्रतिवादीहरूले पीडित उपर बोक्साको आरोप लगाई अमानबीय र अपमानजनक कार्य गरेको संकलित प्रमाणबाट पुष्टि भएकोले प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम सजाय गरी पाऊँ भनी र प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री थिरलाल पराजुली र अधिवक्ता श्री ध्रुवराज नन्दले प्रतिवादीहरू उपरको अभियोग स्थापित हुने वस्तुनिष्ठ प्रमाण नहुँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो ।

वादी नेपाल सरकार तथा प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता तथा अधिवक्ताहरूले गर्नुभएको बहस जिकिर सुनी एव मिसिल समेत अध्ययन गरी हेर्दा प्रतिवादीहरूले अभियोग दाबी अनुसारको कसुर गरेका हुन् वा होइनन् ? निज प्रतिवादीहरूलाई अभियोग दाबी अनुसार सजाय हुनुपर्ने  हो होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

यसमा निर्णयतर्फ विचार गर्दा बोक्सी तथा बोक्साको आरोप सामाजिक, धार्मिक तथा सास्कृतिक अन्धविश्वासमा आधारित एउटा रुढीगत विश्वास हो । विश्वका धेरै देशहरूमा यो कुरीति तथा अन्धविश्वास प्रचलित रहेको छ र बोक्सी तथा बोक्साको आरोप लागेका व्यक्तिहरूलाई झुन्ड्याउने, पानीमा डुबाउने, अखाद्य बस्तु खुवाउने, कुटपिट गर्ने, यातना दिने, एकान्तबास गराउने, बलपूर्वक विस्थापित गराउने र जबर्जस्ती आफू बसेको स्थानबाट बसाइ सर्न बाध्य पार्ने जस्ता कार्यहरू गरिन्छ । महिला तथा पुरुष यो अन्धविश्वासको सिकार भएको पाइन्छ । 'witchcraft beliefs very among cultures, but the term will be generalized here to mean" harmful actions carried out by persons presumed to have access to supernatural power"[17] Belief in witchcraft shapes perception and provides an answer to "why me? When misfortune strikes. "Unexpected hardship or bad luck sudden and incurable diseases, all can be accounted to the action of evil people ,to magical forces … the diagnosis of witchcrafts opens up the possibility of combating the causes of hardship[18] बोक्सो तथा बोक्सीको आरोप र

---

17 Ashforth,Adams, Reflections on spiritual Insecurity in a Modern Africa city, 41 African Studies Review, 39(Dec.  1998) at 64

18 Behringer, Wolgang, Witches and which-hunt:; A Global History, Polity Press (2004) at 23

त्यसपछि पीडितप्रति गरिने दुर्व्यवहारबाट व्यक्तिको मानव अधिकार र मानव प्रतिष्ठाको उल्लंघन हुन्छ। मानव मर्यादा र प्रतिष्ठाको सम्मान मानवअधिकार सम्बन्धी सबै अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा घोषणापत्रको मूल मान्यता तथा मर्म हो । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि र मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्र लगायत मानवअधिकार सम्बन्धी दस्तावेजहरूले मानवको सम्मान प्रतिष्ठाको सरक्षण गर्नुपर्ने दायित्व सन्धिका सदस्य राष्ट्रहरूलाई तोकेको पाइन्छ । बोक्सी तथा बोक्साको आरोप लगाएर व्यक्तिप्रति गरिने दुर्व्यवहार र हिसां सबै मानव अधिकार सम्बन्धी सन्धिहरूले निर्धारण गरेको न्यूनतम मापदण्डको विपरीत गम्भीर प्रकारको मानव अधिकार उल्लंघनको कार्य भएकोले नेपालमा पनि यस सम्बन्धी अपराधमा संलग्न व्यक्तिलाई सजाय गर्ने कानुनी व्यवस्था मुलुकी ऐन अदलको महलको देहाय १० ख मा गरिएको छ ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले मिति २०६८।२।४ मा नवलपरासी गुठी सूर्यपुरा गा.वि.स. वडा न. २ स्थित शकर भगवान्को मन्दिर अगाडि जाहेरवाला गंगा राजभरलाई बोक्सोको आरोप लगाई कुटपिट गरी टाउकोको कपाल खौरी कालोमोसो दली जुत्ताको माला लगाई ब्यान्ड बाजा बजाई गाउँ डुलाई अमानबीय र अपमानजनक व्यवहार गरेको पुष्टि भएकोले प्रतिवादीहरूलाई मुलुकी ऐन अदलको १०ख नं को कसुरमा ऐ १०ख बमोजिम सजाय गरी पाऊँ भन्ने वादी नेपाल सरकारको तर्फबाट अभियोगपत्र पेस हुन आएको देखिन्छ । प्रतिवादीहरूले जाहेरवाला गंगा राजभरलाई गाउँको बीचमा रहेको शंकर भगवान्को मन्दिरको सामुन्ने लगी कपाल खौरने, जुत्ताको माला लगाउने, मुखमा कालो मोसो दली लात्ती मुक्काले हानी बाजा बजाई गाउँमा घुमाई अमानवीय र अपमानजनक व्यवहार गरेको यातना समेत दिएकोले प्रतिवादीहरूलाई कारबाही गरी पाऊँ भन्ने पीडित गगा राजभरले किटानी जाहेरी दिइएको पाइयो । प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले पीडित जाहेरवाला लगायतका वादी पक्षका साक्षीहरू अदालतमा उपस्थित भइ बकपत्र गरेको अवस्था नभई प्रतिवादीहरू उपरको अभियोग दाबी पुष्टि हुन नसकेकोले प्रतिवादीहरूले सफाइ पाउनुपर्छ भनी बहसको क्रममा उठाउनुभएको जिकिरको सम्बन्धमा बोक्सो तथा बोक्सीको आरोप लागेका व्यक्तिहरूमा पुनः हिंसा हुने, पुनः पीडित हुने, हीनताबोध तथा अन्य प्रकारका त्रास र भयका कारण अदालत समक्ष उपस्थित भई सहज रूपमा बकपत्र गर्ने अवस्था नहुन सक्छ । पीडित बसेको स्थानको समुदाय नै अन्धविश्वासको कारण पीडितको विरुद्धमा रहन्छ । बोक्सो तथा बोक्सीको आरोपमा हुने हिंसाका पीडित तथा उसका साक्षीहरूलाई सहज रूपमा अदालत समक्ष उपस्थित हुनको लागि प्रहरीको तर्फबाट सहयोग र सुरक्षा प्रदान गर्नुपर्दछ । त्यस प्रकारको सहयोग र सुरक्षा नभएमा पीडित र साक्षीहरू अदालतमा उपस्थित हुन नसक्ने अवस्था हुन्छ । प्रस्तुत मुद्दामा पनि वादी नेपाल सरकारको तर्फबाट पीडित र साक्षीहरूको सुरक्षाको उचित व्यवस्था र प्रयास गरिएको पाइँदैन । तसर्थ पीडित जाहेरवाला अदालतमा उपस्थित भई बकपत्र नगरेकै कारणबाट मात्र मिसिलमा रहेका अन्य प्रमाणलाई बेवास्ता गरी प्रतिवादीलाई सफाइ दिनु न्यायोचित देखिँदैन ।

प्रतिवादी प्रेम जयसवालले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा कन्हैया जयसवालको श्रीमतीलाई टुना वोक्सी लगाएकोले स्थानिय जनताले जाहेरवाला गंगा राजभरलाई वोक्सोको आरोप लगाई कपाल खौरी मुखमा मालो मोसो दली जुत्ताको माला लगाई ब्यान्ड बाजा सहित गाउँ घुमाउँदा स्थानीय जनताको साथ लागी म पनि गएको थिएँ, कपाल खौरने काम कन्हैया जयसवालले गरेका हुन्, मैले गरेको होइन भनी उल्लेख गरेको पाइन्छ भने अर्का प्रतिवादी गुड्डु भन्ने घनश्याम कलवारले सोही मिलानको बयान अनुसन्धान अधिकारी समक्ष गरेको पाइन्छ । वस्तुस्थिति मुचुल्का नाथु मुसहर समेतका मानिसहरूले पनि वारदातमा प्रतिवादीहरू प्रेम जयसवाल, गुडडु भन्ने घनश्याम जयसवाल तथा कन्हैया जयसवालको संलग्नता देखाई लेखिदिएको अवस्था देखिन्छ । प्रतिवादी कन्हैया जसयवालले अनुसन्धानको

क्रममा फरार रही अदालतमा बयान गर्दा कसुरमा इन्कार रहेकोमा कन्हैया जयसवालको श्रीमती मालती जयसवाल बिरामी भएको जरियाबाट पीडित जाहेरवालालाई बोक्सोको आरोप लगाइएको, प्रतिवादी प्रेस जयसवाल तथा गुडडु भन्ने घनश्याम जयसवालले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा वारदातमा आफ्नो समेत संलग्नता देखाई प्रतिवादी कन्हैया जयसवाललाई पोल गरेको पाइयो । प्रतिवादी प्रेम जयसवाल र गुड्डु भन्ने घनश्याम जयसवालले जाहेरवाला लाई बोक्सोको आरोपमा कपाल खौरी कालो मोसो दली बाजा बजाउँदै गाउँ घुमाएको वारदात भएको तथ्यलाई स्वीकार गरी सो कार्यमा आफ्नो संलग्नता नरहेको भनी अदालत समक्ष बयान गर्दा कसुरमा इन्कार रहे पनि जाहेरवालाको शरीरमा troumatic injury, multiple bitten internal injury on chest shoulder भन्ने व्यहोरा घाउ जाँच केस फारममा उल्लेख भएको र प्रतिवादीहरू अनुसन्धान अधिकारी समक्ष कसुरमा साबित भएका र सो साविती निजहरूको इच्छाविरुद्धको हो भन्ने तथ्य पनि मिसिलबाट स्थापित हुन सकेको देखिँदैन । तसर्थ उल्लिखित आधार कारणबाट प्रतिवादीहरू प्रेम जयसवाल, गुड्डु भन्ने घनश्याम जयसवाल र कन्हैया जयसवालले अभियोग दाबी बमोजिमको कसुर गरेको पुष्टि हुन आयो ।

अब प्रतिवादीहरूलाई के कति सजाय हुन्छ भन्ने सम्बन्धमा हेर्दा माथि विचना गरिएजस्तै बोक्सो तथा बोक्सीको आरोप अन्धविश्वासमा आधारित रुढीगत विचारका कारण गरिने, प्रतिवादीहरूको शिक्षाको स्तर र सामाजिक तथा ग्रामीण परिवेशका कारण निजहरूमा यो अन्धविश्वास रहेको हुन सक्ने हुँदा निजहरूलाई कडा सजाय गर्नुभन्दा शिक्षा र चेतनाको कारणबाट मात्र यो अपराधको नियन्त्रण गर्न सकिने कुरालाई ध्यानमा राखी मुलुकी ऐन अदलको महलको १०ख बमोजिम प्रतिवादीहरू प्रेम जयसवाल, गुडडु भन्ने घनश्याम जयसवाल तथा कन्हैया जयसवाललाई जनही ३ तीन महिना कैद सजाय हुने ठहर्छ ।

अर्का प्रतिवादी त्रिलोकी चमार र मालती जयसवालको हकमा विचार गर्दा प्रतिवादी त्रिलोकी चमार अनुसन्धान अधिकारी तथा अदालत समक्ष कसुरमा इन्कार रहेको र अन्य सहअभियुक्तहरूले समेत निजको वारदातमा संलग्नता छैन भनी बयान गरेको समेतका आधारबाट तथा प्रतिवादी मालती जयसवाल बिरामी अवस्थाकी व्यक्ति रहेको भन्ने मिसिलबाट देखिएको साथै अन्य प्रतिवादीहरूले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा वारदातको अवस्थामा निज मालती जयसवाल बेहोस भएकी भनी उल्लेख गरेका साथै निज मादती जयसवालका साक्षी प्रकाश नाउले वारदातमा निजको संलग्नता छैन भनी अदालतमा बकपत्र गरेको साथै अन्य तथ्ययुक्त प्रमाणबाट वारदातमा निजको संलग्नता नदेखिएको हुँदा उल्लिखित प्रतिवादी त्रिलोकी चमार र मालती जयसवाल कलवारले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी यो फैसला गरिदिएँ ।

## तपसिल

प्रतिवादीहरूमध्येका प्रेम जयसवाल, गुड्डु भन्ने घनश्याम जयसवाल तथा कन्हैया जयसवाललाई मुलुकी ऐन अदलको महलको १०(ख) बमोजिम जनही कैद ३ (तिन) महिना कैद सजाय हुने ठहरी फैसला भएकाले निज प्रतिवादीमध्येका प्रेम जयसवाल र गुड्डु भन्ने घनश्याम जयसवाल मिति २०६८।२।१६ देखि मिति २०६८।२।२४ सम्म प्रहरी हिरासतमा बसेको देखिँदा निजहरूलाई भएको उक्त कैद महिना ३ मा निज प्रहरी हिरासतमा बसेको दिन ९ घटाई बाँकी हुन आउने कैद २ महिना २१ दिनको लगत कसी कानुन बमोजिम असुल गर्नू । साथै प्रतिवादीमध्येका कन्हैया जयसवाललाई भएको कैद महिना ३ को लगत कसी कानुन बमोजिम गरी असुल गर्नू........................................................................................................१

प्रतिवादीमध्येका त्रिलोकी चमार र मालती जयसवालले आरोपित कसुरबाट सफाइ पाउने ठहरी फैसला भएकोले प्रतिवादीमध्येका त्रिलोकी चमारले मिति २०६८।२।२५ मा र.नं.९८४ बाट राखेको नगद धरौट रु. ५०००।- र अर्का प्रतिवादी मालती जयसवालले मिति २०६८।३।३० मा र.नं.५५३ बाट राखेको नगद धरौट रु. ६०००।- प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि फिर्ता माग्न आए कानुन बमोजिम गरी फिर्ता दिनू...२

प्रतिवादीमध्येका घनश्याम जयसवालले मिति २०६८।२।२५ मा र.नं.९८३ बाट राखेको धरौटी रु. १००००।-, प्रतिवादी प्रेम जयसवालले मिति २०६८।२।२५ मा र.नं.९८२ बाट राखेको धरौटी रु. १००००।- र अर्का प्रतिवादी कन्है‍या जयसवालले मिति २०६८।३।३० मा र.नं.५५२ बाट राखेको नगद धरौटी रु. ११०००।- प्रस्तुत मुद्दाको अन्तिम किनारा लागी निजहरूलाई भएको उक्त कैदको सजाय भुक्तान भइसकेपछि फिर्ता माग्न आए कानुन बमोजिम गरी फिर्ता दिनू ............................................................................३

जिल्ला सरकारी वकिल कार्यालय नवलपरासीलाई यस फैसलामा चित्त नबुझे श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्न जानू भनी ७० दिने पुनरावेदनको म्याद सहितको फैसलाको जानकारी दिनू......४

प्रतिवादीमध्येका प्रेम जयसवाल, गुड्डु भन्ने घनश्याम जयसवाल तथा कन्है‍या जयसवाललाई यस इन्साफमा चित्त नबुझे श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्न जानू भनी ७० दिने पुनरावेदनको म्याद दिनू.........................................................................................................................५

नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सराइदिनू.................................६

प्रस्तुत मुद्दाको दायरीको लगत काटी मिसिल पुनरावेदन परे पुनरावेदन अदालत बुटवलमा र पुनरावेदन नपरे अभिलेख शाखामा बुझाइदिनू...................................................................................७

माननीय जिल्ला न्यायाधीशज्यूले टिपाए बमोजिम
कम्प्युटर टाइप गर्ने ना.सु. श्यामप्रसाद अर्याल ।

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६८ साल मंसिर ४ गते रोज १ मा शुभम्..................।**

# श्री काठमाडौं जिल्ला अदालत
## इजलास
## माननीय न्यायाधीश श्री नारायणप्रसाद पोखरेल
## फैसला
## संवत् २०६८ सालको सं.फौ.नं.०००३३

## मुद्दा :- क्रूर यातना तथा यातनापूर्ण व्यवहार
## निर्णय नम्बर :- ५८२

**वादीको नाम, थर, वतन**

काजिमान चौहानको छोरी भक्तपुर जिल्ला कटुन्जे गा.वि.स.वडा नं.८ घर बताउने वर्ष १२ की मोनिका चौहान, गनेश साहु क्षेत्रीको छोरी सुर्खेत जिल्ला साहारे गा.वि.स. वडा नं.४ घर बताउने वर्ष ९ की किरन साहु क्षेत्री, रामबहादुर तामाङ्गको छोरा नुवाकोट जिल्ला लछ्यान गा.वि.स.वडा नं.४ घर बताउने वर्ष ७ को बुद्ध लामा,गणेश साहु क्षेत्रीको छोरा सुर्खेत जिल्ला सहारे गा.वि.स.वडा नं.४ घर बताउने वर्ष ६ को प्रकाश साहु क्षेत्री, नरबहादुर राहुलको छोरा मुगु जिल्ला, कोटडाँडा गा.वि.स.वडा नं.८ घर बताउने वर्ष १० की आशा रावत, अभिभावकको ठेगाना र नाम बताउन नसक्ने वर्ष ११ की लक्ष्मी भन्ने फूलमाया लामा, घर ठेगाना तथा अभिभावकको नाम थाहा नभएकी वर्ष ९ की विमला परियार, घर ठेगाना तथा अभिभावकको नाम थाहा नभएको वर्ष ८ को कुमार परियार ( मुक्ति नेपाल गृहले राखेको नाम विकास परियार), नुवाकोट जिल्ला घर बताउने कल्पला सिलबालको छोरी वर्ष १४ की सरस्वती सिलबाल, भोजपुर जिल्ला याङ्गपाङ्ग गा.वि.स.वडा नं.३ घर बताउने कुमार जोशीको छोरी वर्ष ७ की शीला जोशी, ऐ.ऐ.घर बताउने कुमार जोशीको छोरा वर्ष ७ को अभिषेक जोशी,घर ठेगाना र अभिभावक नखुलेको वर्ष ८ को सुरज लामा, घर ठेगाना तथा अभिभावकको नाम बताउन नसक्ने वर्ष ८ को गणेश लामा, पाल्पा घर बताउने अभिभावकको नाम बताउन नसक्ने वर्ष ५ की सजना लामा, प्यूठान जिल्ला घर बताउने धनमाया रिजालको छोरी वर्ष १३ की बालिका रिजाल, घर ठेगाना बताउन नसक्ने बिष्नु लामाको छोरी वर्ष ६ की अमिता लामा समेत गरी हाल का.जि. बुढानीलकण्ठ गा.वि.स. वडा नं.५ पासिकोटस्थित हिमाली नवीन समाजको संरक्षणमा रहेका जम्मा १६ जना बालबालिकाको तर्फबाट ऐ. संस्थामा कार्यरत वर्ष ४३ का धनबहादुर लामा.....................................................१
का.जि.का.म.न.पा.वडा नं.११ स्थित महिला, कानुन र विकास मञ्चमा कार्यरत अधिवक्ता मिरा ढुंगाना............................१

**प्रतिवादीको नाम, थर, वतन**

मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स. घर भई हाल का.जि.का.म. न.पा. वडा नं.३ स्थित मुक्ति नेपालकी अध्यक्ष, कार्यालयको फोन नम्बर ४३७४१९८, मो.नं. ९८०८४४७०३९ अं. वर्ष ३५ की गोमा लुइँटेल.................१

साक्षीः-

कागजः-

का.जि.का.म.न.पा.वडा नं.३२ स्थित प्रो पब्लिकमा कार्यरत अधिवक्ता प्रकाशमणि शर्मा.............................................१
का.जि.का.म.न.पा.वडा नं.१४ स्थित सिविन नेपालमा कार्यरत वर्ष ५० को भरतकुमार अधिकारी.....................................१

साक्षीः-
कागजः-

**अदालतबाट बुझेको**
**साक्षी :-**
**कागज :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोवस्तको २९ नं. ले यसै अदालतको अधिकार क्षेत्रभित्रको रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

**तथ्य खण्ड**

केन्द्रीय बाल कल्याण समिति तथा जिल्ला बाल कल्याण समिति काठमाडौंबाट बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४४ को उपदफा १ तथा बालबालिका सम्बन्धी नियमावली, २०५१ को दफा ९ को उपदफा छ ले दिएको अधिकार प्रयोग गरी मिति २०६७ चैत १ गते मुक्ति नेपाल नामक बालगृहको स्थलगत अनुगमन तथा अध्ययन गर्दा रेकर्डमा २४ जना बालबालिका भए पनि २० जना बालबालिका उक्त गृहमा रहेको र बालबालिकाहरूलाई गृहका राख्दा कानुनी प्रक्रिया पूरा नगरी राखेको, १ बटा कोठामा २० जना बालबालिकालाई फोहोर र दुर्गन्धले नाकै छोप्नुपर्ने अवस्थामा कोचेर राखेको, बालबालिकालाई यातना दिएको र त्यसमध्ये ४ जना बालबालिकाहरूको घाउ चोटपटक समेत देखिएको भन्ने प्रतिवेदनका आधारमा मुक्ति नेपाल संस्थालाई केन्द्रीय बाल कल्याण समितिले लिखित स्पष्टीकरण पेस गर्न अनुरोध गर्दा समेत कुनै जवाफ नदिएकोले मिति २०६७।१२।७ मा उद्धार गरी संरक्षणका लागि हामी फिरादीमध्ये हिमाली नवीन समाजलाई जिम्मा दिएको हो । विपक्षी प्रतिवादीले २०६१ सालमा मुक्ति नेपाल बालगृह जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट स्वीकृति लिई सञ्चालनमा ल्याएको देखिन्छ । विभिन्न कारणले अभिभावक गुमाएका टुहुरा, गरिब, विपन्न तथा सडकमा पुगेका बालबालिकाहरूलाई उद्धार गरी बालगृहमा राखी शिक्षा दिने, अभिभावकत्व प्रदान गर्ने, बाल विकास र बाल संरक्षणको निम्ति आवश्यक अन्य कार्य गर्ने उद्देश्य राखी संस्था स्थापित भएको देखिन्छ । संरक्षणको लागि भनी खोलिएको संस्थाको अध्यक्ष प्रतिवादी गोमा लुइँटेलबाट नै बालबालिका बर्बरताको सिकार हुनु अत्यन्त निन्दनीय र गैरकानुनी कार्य हो । पीडित बालबालिकाका अनुसार प्रतिवादीले २० जना बालबालिकाहरूलाई एउटै कोठामा कोचेर राखेको, पेटभरि खाना समेत नदिएको, अनुशासनको नाममा मानसिक तथा शारीरिक यातना र दुर्व्यवहार गर्ने गरेको उनीहरू बस्न योग्य कोठा नभएको, दुर्गन्ध फैलिएको, खाना पकाउने, लुगा धुने, भाँडा माझ्ने जस्ता कार्य गर्न लगाएको कार्यहरू बालबालिकाको बाँच्न पाउने, व्यक्तित्व बिकास गर्न पाउने, मनोरञ्जन तथा स्वस्थ वातावरणमा हुर्कन पाउने अधिकार समेतको विरुद्ध भएको देखिन्छ । बालबालिकाको अधिकार उल्लंघनको यस्तो कार्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२, बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४ र ७

तथा बाल अधिकार सम्बन्धी महासन्धि १९८९ को धारा १९ को समेत विरुद्धमा भएको प्रस्ट भएकोले निज प्रतिवादीलाई ऐ.ऐनको दफा ५३(३) बमोजिम हदैसम्मको सजाय गरी निज प्रतिवादीबाट ऐ.को २०(२) र ५३(३) बमोजिम पीडित बालबालिकाहरूलाई मनासिब क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको फिरादपत्र ।

प्रतिवादी गोमा लुइँटेलको नामको सूचना म्याद मिति २०६८।६।६ मा प्रकाशित भएकोमा ऐनका म्यादभित्र प्रतिवादीले प्रतिउत्तर नफिराई सुरु म्यादै गुजारी बसेको ।

यस अदालतको आदेशानुसार केन्द्रीय बाल कल्याण समितिले मुक्ति नेपाल बालगृहमा गरेको अनुगमन प्रतिवेदन फायल तथा सगरमाथा टेलिभिजनबाट प्राप्त स्थलगत रिपोर्टको श्रव्यदृश्य सिडी मिसिल सामेल रहेको ।

यस अदालतको आदेशानुसार वादीका साक्षी मोनिका चौहान, पीडित भनिएका विकास परियार, विमला परियार र विमला वि.क.को स्वास्थ्य परीक्षण गर्ने चिकित्सकहरू डा. हरिहर वस्ती र डा. गोपालप्रसाद चौधरीले गरेको बकपत्र मिसिल सामेल रहेको ।

वादीतर्फबाट विद्वान् अधिवक्ताद्वय श्री प्रकाशमणि शर्मा र श्री शिवप्रसाद पौड्यालबाट पेस भएको लिखित बहस नोट मिसिल सामेल रहेको ।

**ठहर खण्ड**

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा मोनिका चौहान समेत १६ जना बालबालिकाको तर्फबाट धनबहादुर लामा समेतले दायर गर्नुभएको प्रस्तुत मुद्दामा वादी तर्फबाट विद्वान् अधिवक्ताहरू श्री प्रकाशमणि शर्मा र श्री शिवप्रसाद पौडेलले संयुक्त रूपमा पेस गर्नुभएको लिखित बहसनोट र मिसिल संलग्न कागज प्रमाण समेत अध्ययन गरी हेर्दा निम्न प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो ।

१. **प्रतिवादी गोमा लुइँटेलले सञ्चालन गरेको मुक्ति नेपाल नामको बालगृह निर्धारित मापदण्ड अनुसारको थियो थिएन ?**
२. **प्रतिवादीबाट फिरादमा उल्लिखित १६ जना बालबालिकाहरूलाई यातनापूर्ण व्यवहार भएको हो होइन ?**
३. **प्रतिवादीलाई फिराद दाबी बमोजिमको सजाय हुनुपर्ने हो होइन ?**

सर्वप्रथम पहिलो प्रश्नको सन्दर्भमा विचार गर्दा नेपाल सरकारबाट स्वीकृति प्राप्त "बालगृह सञ्चालन तथा व्यवस्थापनको लागि न्यूनतम मापदण्ड, २०६०" ले निर्धारण गरेका विभिन्न मापदण्डहरूमध्ये व्यवस्थापनतर्फ १० जना बालबालिका राख्ने व्यवस्था गरिएको बालगृहमा न्यूनतम बालगृह प्रमुख (मुख्य व्यक्ति १, आमा १, सरसफाइ/भान्छे १, प्रशासन/लेखा १/१) कर्मचारीको व्यवस्था हुनुपर्ने अनिवार्य गरेको पाइन्छ । बालबालिकाको संख्या थप भएमा कर्मचारीको व्यवस्था आवश्यकता अनुसार वृद्धि हुनुपर्ने व्यवस्था समेत उक्त मापदण्डमा गरेको पाइन्छ । बालगृहमा काम गर्ने कर्मचारीहरूमाझ लागू हुने गरी बालमैत्री पूर्ण (Child Friendly) आचारसंहिता तयार गरी लागू गर्नुपर्ने, त्यस्तो आचारसंहिता लागू भएको १५ दिनभित्र सम्बन्धित जिल्ला बाल कल्याण समितिबाट अनुमोदन गराई सक्नुपर्ने, बालबालिकाप्रति दुर्व्यवहार, हिंसा, शोषण, भेदभाव (शारीरिक, मानसिक र यौन) हुन नहुने समेतको व्यवस्था गरेको पाइन्छ । सुविधाहरू (Facilities) तर्फ एक बालक वा बालिकालाई कम्तीमा ३० वर्गफिट सतह पर्ने गरी कोठाको व्यवस्था गर्नुपर्ने, खाट बढीमा २ तहको र एउटा बिछ्यौनामा एउटामात्र बालकको सुत्ने व्यवस्था हुनुपर्ने, १० वर्षभन्दा माथिको बालक र बालिकाको लागि सम्भव भएसम्म छुट्टाछुट्टै भवनको व्यवस्था गर्नुपर्ने सो नभए अलग्गै फ्ल्याटमा राख्नुपर्छ । १० जना बालबालिकाहरू र कार्यरत कर्मचारीहरूको लागि कम्तीमा २ वटा शौचालय, २ वटा स्नानगृह, १ वटा भान्छा/भण्डार १ वटा भोजन कक्ष, १ वटा अध्ययन कक्ष, १ वटा

परामर्श/प्राथमिक उपचार कक्ष, १ वटा प्रतीक्षालय र भेटघाट कक्षका सुविधाहरू हुनुपर्ने र बालबालिकाहरूको संख्याको आधारमा उपरोक्त सुविधाहरू थप गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी बालक र बालिकाका लागि छुट्टै शौचालय र स्नानकक्ष हुनुपर्ने, बालबालिकाहरू बस्ने स्थान, लुगा कपडाहरू सफा सुग्घर हुनुपर्ने, प्राथमिक उपचारको व्यवस्था र सुरक्षित वातावरण लगायतका सुविधाहरू हुनुपर्ने व्यवस्था गरेको छ । बालगृहमा आश्रित बालबालिकाहरूलाई अनिवार्य रूपमा बिद्यालय शिक्षाको व्यवस्था हुनुपर्ने पनि उक्त मापदण्डमा व्यवस्था गरिएको छ ।

प्रतिवादी गोमा लुइँटेलले सञ्चालन गरेको मुक्ति नेपाल बालगृह नामको काठमाडौं महाराजगन्जस्थित संस्था जिल्ला प्रशासन कार्यालय काठमाडौंमा द.नं. २६२/०६०।०६१ मा दर्ता भएको र समाज कल्याण परिषद्मा समेत आवद्ध भएको पाइन्छ । विभिन्न कारणले अभिभावक गुमाएका, टुहुरा, गरिब, विपन्न तथा सडक पुगेका बालबालिकाहरूलाई उद्धार गरी बालगृहमा राखी शिक्षा दिने, अभिभावकत्व प्रदान गर्ने, उनीहरूलाई सक्षम र आत्मनिर्भर बनाई पुनर्स्थापना गर्ने समेतका उद्देश्यहरू राखी स्थापना भएको पाइन्छ । साथै उक्त संस्थामा ७ जनाको कार्य समिति रहने, कार्यसमितिको कार्यकाल ४ वर्ष हुने प्रावधान समेत विधानमा भएको र २०६८ असार मसान्तसम्म नवीकरण भएको केन्द्रीय बाल कल्याण समिति तथा जिल्ला बाल कल्याण समिति काठमाडौं निरीक्षण अनुगमन प्रतिवेदनबाट देखिन्छ ।

उक्त प्रतिवदेनबाट मुक्ति नेपाल बालगृहको भौतिक संरचनाः

- बालगृहको लागि ३ बटा कोठा भएको ।
- बालबालिका सुत्नको लागि प्रयोग भएको कोठा १ वटा
- बालबालिका सुत्न प्रयोग भएको खाट संख्या ९
- भोजनकक्ष १ (भान्छाघरसँगै)
- शौचालय र स्नानगृह १ वटा सँगै
- म्युजिक रुम १ वटा देखिएको छ ।

उक्त संख्यामा जम्मा बालबालिका २४ जना रहेको बालक र बालिकालाई एउटै कोठामा राख्ने गरेको, २० जना बालबालिका मात्र विद्यालय जाने गरेका र संस्थाको अध्यक्ष गोमा लुइँटेलले एक्लैले अस्तव्यस्त रूपमा बालगृह सञ्चालन गरेको देखिएको उल्लेख छ । उक्त प्रतिवेदनमा प्रतिवादीबाट सञ्चालित मुक्ति नेपाल बालगृहको समस्याहरू निम्न अनुसार उल्लेख गरेको पाइन्छ ।

१. यस बालगृहमा २२ बालबालिकाहरूलाई एउटै कोठामा राखेको पाइयो । अझ संवेदनशील कुरा त १६ वर्षसम्मका बालबालिकाहरूलाई एउटै कोठाभित्र राखिएको पाइयो । जहाँ २२ जनालाई बेडसंख्या नपुग त छँदैछ ।
२. बालगृहमा प्रवेश गर्दा यति फोहोर र दुर्गन्धित थियो कि जो कोहीले पनि नाक मुख छोप्नुपर्ने अवस्था थियो । अत्यन्तै अव्यवस्थित रूपमा सामानहरू छरिएका थिए । घरको गेट खुल्ने थियो । इनार नछोपिएको अवस्थामा थियो जो बालबालिकाको निम्ति अत्यन्तै जोखिमपूर्ण मानिन्छ ।
३. बालबालिकालाई हेरचाह गर्नको लागि कोही पनि कर्मचारी छैनन् । बालबालिकालाई खाना पकाउने कर्मचारी कोही नभएर बालबालिकाहरूले आफैं खाना पकाउने र आफ्नो भाडा आफैं माझ्ने गर्दा रहेछन् । ओछ्याने र ओढ्नेहरू त यति फोहोर थिए कि संक्रमित रोगको सम्भावना अत्यन्तै जोखिमपूर्ण थियो ।
४. बालगृह सञ्चालिका तथा अध्यक्ष स्वभावले बालमैत्री व्यवहार गर्न नसक्ने उनले हामीसँग गरेको व्यवहार र प्रस्तुतिपूर्ण शैलीबाट प्रस्ट हुन्थ्यो ।

५. बालगृहमा भर्ना गरेको बालबालिकाहरूको विवरण सञ्चालिकालाई सोध्दा अनभिज्ञता जस्तो भाव पटक पटक पाइयो । हाम्रा हरेक प्रश्नहरूको जवाफ दिन उहाँ तयार हुनुभएन । न त बालबालिकाको विवरण प्रस्ट नै पाइयो ।
६. सबैभन्दा गम्भीर प्रश्न एक जना बालिकाको आजभन्दा करिब ६ महिनाअघि बालगृहमा मृत्यु भएकी बालिका संगीता श्रेष्ठको पोस्टमार्टम रिपोर्ट हस्पिटलको चेक जाँच सम्बन्धित कागजात पाइएन । तर बालिकालाई एउटा कान्ति सास्कृतिक क्लबको लेटरप्याडमा जाँच गरेको पाइयो । जसले घटना शंकास्पद भएको बुझिन्छ ।
७. सामुदायिक प्रहरी कार्यालयले निरन्तर विकास संस्थालाई रिफर गरी पठाएको बालक सो संस्थामा कसरी भेटियो सो कुरा पनि अत्यन्तै शंकास्पद रहेको पाइयो । बाहिर आरोप लगाएझैं बालबालिका एउटा संस्थाबाट अर्को संस्थामा वितरण गरिन्छ भन्ने बाहिरी हल्ला यस कार्यले पुष्टि भएझैं पाइयो ।
८. नेपाल सरकारले जारी गरेको बालगृह सञ्चालन तथा व्यवस्थापनका लागि न्यूनतम मापदण्ड २०६० बमोजिमका पूर्वाधारहरू यस बालगृहमा नपाइए पनि यो संस्था कसरी नवीकरण भयो यो सोचनीय विषय बनेको छ भनी मुक्ति नेपाल गृहको निरीक्षण अनुगमन प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ ।

यसप्रकार माथि विवेचना गरिएको नेपाल सरकारबाट स्वीकृति प्राप्त बालगृह सञ्चालन तथा व्यवस्थापनको लागि न्यूनतम मापदण्ड २०६० का माथि उल्लिखित प्रावधान र प्रतिवादी गोमा लुइँटेलले सञ्चालन गरेको मुक्ति नेपाल बालगृह नामको संस्थाको उद्देश्य र नेपाल सरकारबाट स्वीकृत मापदण्डका सर्तहरू उक्त मुक्ति नेपाल बालगृह संस्थाको सञ्चालिका प्रतिवादी गोमा लुइँटेलले पूरा नगरी उक्त संस्थामा रहेका बालबालिकाहरूको हित विपरीत हुने गरी संस्था सञ्चालन गरेको प्रस्ट देखिन आउँछ ।

अब दोश्रो प्रश्न प्रतिवादीबाट फिरादमा उल्लिखित १६ जना बालबालिकाहरूलाई कानुन विपरीत यातनापूर्ण व्यवहार भएको हो होइन ? भन्ने सम्बन्धमा विचार गर्दा सगरमाथा टेलिभिजनबाट प्राप्त गोमा लुइँटेलले सञ्चालन गरेको मुक्ति नेपाल बालगृह नामको संस्थाको मिति २०६८।११।१६ मा खिचिएको मिसिल संलग्न श्रव्यदृश्य समेतको सिडीको अध्ययनबाट पनि प्रतिवादी गोमा लुइँटेलले न्यूनतम मापदण्ड पूरा नगरी निज आफैंले निर्धारण गरी सञ्चालन गरेको संस्थाको उद्देश्यविरुद्ध हुने गरी बालबालिकाहरूलाई यातनापूर्वक उक्त संस्थामा राखेको, काम लगाएको, कुटपिट गरेको समेत बालबालिकाहरूबाटै खुल्न आएको पाइन्छ ।

स्वास्थ्य परीक्षण भएका ४ जना बालकको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा विमला वि.क.को स्वास्थ्य प्रतिवेदनमा "Scar of 1.8×0.5 cm at right side of forehead 3cm from mind line and 5 cm from top of the head" समेत भन्ने उल्लेख भएको पाइन्छ । विकास परियारको स्वास्थ्य परीक्षण प्रतिवेदनमा "A shiny, hypopigmented scar obliquely placed on longitudionally plane of left parietal region with no hair (alopecia) and measuries 3.5cm ×0.6cm" भन्ने समते उल्लेख भएको पाइन्छ । लक्ष्मी लामा र आशा रावलको स्वास्थ्य परीक्षणमा scar marks are due to blunt force impact भन्ने उल्लेख भएको पाइन्छ । पीडितहरूको उपरोक्त बमोजिमको स्वास्थ्य परीक्षण गरी प्रतिवेदन दिने विशेषज्ञहरूले अदालतमा आई परीक्षण प्रतिवेदनलाई समर्थन हुने गरी बकपत्र समेत गरिदिएको पाइन्छ । प्रतिवादीले सञ्चालन गरेको मुक्ति नेपाल बालगृहमा ५।६ वर्षदेखि आश्रय लिई बसेकी मोनिका चौहानले अदालतमा आई गरेको बकपत्रमा उक्त बालगृहमा खाना पकाउने, भाँडा माझ्ने, सरसफाइ गर्ने कोही पनि स्टाफ कर्मचारी नभएको, सो काम आफू लगायत उक्त बालगृहमा बसेका बालबालिकाहरूले नै गर्ने गरेको, त्यहाँ भएका सबै बालबालिकाहरूलाई एउटै

कोठामा राख्ने गरेको र गोमा लुइँटेलले बालबालिकालाई कुटपिट गर्ने र डर, त्रास देखाउने गरेको भन्ने समेतका व्यहोरा उल्लेख गरी अनुगमन प्रतिवेदनको अवस्थासँग मेल खाने गरी व्यहोरा लेखाई दिएको पाइन्छ ।

प्रतिवादी गोमा लुइँटेलले बालबालिकालाई दुरावस्थामा राखेकोमा केन्द्रीय बाल कल्याण समितिले सो विषयमा सोधेको स्पष्टीकरणको कुनै जवाफ नदिई बसेको मिसिल संलग्न प्रतिवेदनबाट देखिन्छ । अदालतबाट निजका नाममा जारी भएको म्यादमा समेत प्रतिवादी गोमा लुइँटेल अनुपस्थित भई वादी दाबीलाई मौन समर्थन जनाई बसेको पाइन्छ ।

नेपाल पक्ष रहेको बालबालिका अधिकार सम्बन्धी महासन्धि १९८९ को धारा ९ ले पीडित बालबालिकाहरूले कानुन बमोजिम उत्तरदायित्व भएका व्यक्तिबाट कुनै भेदभावबीच क्षतिपूर्ति पाउनुपर्ने र धारा १८(२) ले संरक्षणमा रहेका बालबालिकाको पालन पोषण र विकासको लागि संरक्षकको प्राथमिक उतरदायित्व रहने र धारा १९(१) बमोजिम यस सन्धिको पक्ष राष्ट्रले कानुनी हेरचाहमा रहेका बालबालिकालाई सबै किसिमको शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा वा अपेक्षित व्यवहार, दुर्व्यवहार वा शोषण आदिबाट बालबालिकालाई संरक्षण गर्न कानुनी लगायतका उपायहरू अवलम्बन गर्नुपर्ने भन्ने उल्लेख भएको पाइन्छ । उक्त बालबालिका सम्बन्धी महासन्धि, सन्धि ऐन, २०४७ बमोजिम नेपाल कानुन सरह लागू हुने हुँदा महासन्धिले तोकेको दायित्व निर्वाह गर्न नेपालको दायित्व अन्तर्गत पर्दछ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ को उपधारा ३ मा बालबालिकालाई कुनै पनि किसिमको शारीरिक र मानसिक वा अन्य शोषण विरुद्ध उचित क्षतिपूर्तिको अधिकार समेत सुनिश्चित गरेको पाइन्छ । बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ७ ले कसैले पनि बालबालिकाप्रति क्रूर वा यातनापूर्ण व्यवहार गर्न हुँदैन भनी कानुनी व्यवस्था गरेको पाइन्छ । माथि उल्लिखित एवं विवेचित तथ्यहरूबाट प्रतिवादी गोमा लुइँटेलले निजले सञ्चालन गरेको मुक्ति नेपाल नामको बालगृहमा फिरादमा उल्लिखित १६ जना बालबालिकाहरू समेतलाई निर्धारित मापदण्ड विपरीत राखी कुटपिट गर्ने, यातनापूर्ण तरिकाले राख्ने गरेको पाइएको र सफा सुग्घर लगायतका कुनै पनि मापदण्ड पूरा नगरी बालबालिकाहरूलाई यातना दिएको देखिन आउँछ ।

यसप्रकार माथि विवेचना गरिएका प्रतिवादी गोमा लुइँटेलको कार्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२, बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४ र ७, नेपाल सरकारबाट स्वीकृत बालगृह सञ्चालन तथा व्यवस्थापनको लागि न्यूनतम मापदण्ड २०६० र बाल अधिकार सम्बन्धी महासन्धि १९८९ समेतको प्रतिकूल रहे भएको पाइने हुँदा प्रतिवादी गोमा लुइँटेलले फिरादमा उल्लिखित बालबालिकाहरूलाई उपरोक्त कानुनी एवं संवैधानिक प्रावधान समेत विपरीत यातनापुर्ण व्यवहार गरेको देखिन आउँछ ।

अब, प्रतिवादी गोमा लुइँटेललाई फिराद दाबी बमोजिमको सजाय हुनुपर्ने हो होइन भन्ने प्रश्नका सन्दर्भमा विचार गर्दा प्रतिवादी गोमा लुइँटेलले आफू प्रमुख रहेको मुक्ति नेपाल बालगृहमा आफैंले राखेका फिरादपत्रमा उल्लिखित १६ जना बालबालिकाहरूलाई यातनापूर्ण व्यवहार गरेको मिसिल प्रमाणबाट पुष्टि हुन आएकोले निज प्रतिवादीले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ७ विपरीतको कसुर गरेको ठहर्छ । सो ठहर्नाले निज प्रतिवादीलाई ऐ.को दफा ५३(३) बमोजिम रु.५,०००।- (पाँच हजार रुपैयाँ) जरिवाना र १(एक) महिना कैद हुने ठहर्छ । प्रतिवादीको कार्यबाट फिरादमा उल्लिखित १६ जना बालबालिकाहरूलाई पुगेको मानसिक पीडा समेतलाई विचार गरी प्रतिवादीबाट मोनिका चौहान समेतका १६ जना बालबालिकाहरूले जनही रु.१०,०००।- (दस हजार रुपैयाँ) क्षतिपूर्ति भराई पाउने ठहर्छ । निज बालबालिकाहरूले भरी पाउने ठहरेको उक्त क्षतिपूर्ति प्रतिवादीबाट अदालतकै सक्रियतामा भराइदिनू । अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी गोमा लुइँटेललाई १(एक) महिना कैद रु. ५,०००।- (पाँच हजार रुपैयाँ) जरिवाना हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी गैह्र हुँदा निजलाई लागेको कैद र जरिवाना असुल गर्नू भनी लगत शाखालाई लगत दिनू.................................................................१

प्रतिवादीबाट फिरादमा उल्लिखित पीडित मोनिका चौहान समेतका १६ जना बालबालिकाहरूले जनही रु. १०,०००।- (दस हजार रुपैयाँ) का दरले क्षतिपूर्ति भराई पाउने ठहरी फैसला भएकोमा प्रतिवादीले सुरु म्यादै गुजारी बसेको देखिँदा निजको नेपाल सरहदभित्रको चल अचल सम्पत्ति अदालतकै सक्रियतामा खोजी गरी फेला परे सो सम्पत्तिबाट कानुन बमोजिम फैसलाले भराई पाउने ठहरेको क्षतिपूर्ति पीडित बालबालिकाहरूलाई अदालतबाटै झिकाई नियमानुसार गरी भराइदिनू...............................................२

सुरु म्यादै गुजारी बसेको देखिँदा प्रतिवादीलाई अ.बं.२०८ बमोजिम पुनरावेदनको म्याद दिइरहनु परेन.......३

सरोकारवालाले नक्कल मागे नियमानुसार गरी नक्कल दिनू..........................................................४

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू.......................................५

माननीय न्यायाधीशज्यूले बोली टिपाए बमोजिम टिपोट गरी फैसला
कम्प्युटर टाइप गर्ने डिट्ठा मन्दीपमणि पोखरेल फाँट नं.१४ (कृष्ण)

**न्यायाधीश**

**इति संवत् २०६९ साल असार महिना ८ गते रोज ६ शुभम्.............................।**

**श्री मकवानपुर जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री टेकनारायण कुंवर**
**फैसला**
**२०६८-CR-००१३**
**नि.नं. ६६१**

**बादीको नाम, थर र वतन**
गोपाल रानाको जाहेरीले नेपाल सरकार.........१

**निजको प्रमाण :-**
कागज :-
साक्षी :-

**प्रतिबादीको नाम, थर र वतन**
सन्त वहादुरको छोरा जिल्ला मकवानपुर वेतिनी गा.वि.स.वडा नं. ३ रामेछाप वस्ने वर्ष ३४ को होम वहादुर तुम्सीङ्ग मगर.........................................१
सन्त वहादुरको छोरा ऐ.ऐ.वस्ने वर्ष २४ को सानुवावु तुम्सीङ्ग मगर...................................................१
होम वहादुरको श्रीमति ऐ.ऐ.वस्ने अं.वर्ष ३० की मनसरा भन्ने धनसरी तुमसीङ्ग.............................१
सानु वावुको श्रीमति ऐ.ऐ.वस्ने अं.वर्ष २० की रीम्की तुम्सीङ्ग...........................................................१

**निजको प्रमाण**
कागज :
साक्षी

**मुद्दाः- कुटपीट अंगभंग**
दायर मिति :- ०६८/५/५
**तथ्य खण्ड**

**न्याय प्रशासन ऐन २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दाबस्तको महलको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :-**
(क) **संक्षिप्त तथ्य :-**

- मिति २०६८।४।१४ गतेका दिन ११:३० वजेको समयमा मेरो भान्जा नाता पर्ने सुव्वा दर्लामी मगर मेरो काममा आएका अवस्थामा निजले मसंग ऋण तिर्न भनी रु.३०,०००।- सापटी समेत लिई आफ्नो घरतर्फ जाने क्रममा विरुवा काटेको विषयमा रिसइवी राखि अन्यायीहरु होम वहादुर, सानुवावु समेतले कुटपीट गरी दुवै हातको २/२ ठाउँमा भाँचीने गरी अंगभंग गराई स्थानिय मानिस राम राना र ज्ञान वहादुर राना समेतका मानिसहरु आएकाले निजहरु घटनास्थलवाट भाग्न सफल भए । विपक्षीहरु ५ जनाले घाईतेको रु.४१००।- पर्ने मोवाईल सेट र रु.३०,०००।- नगद समेत लगेको हुँदा निज प्रतिवादीहरुलाई पक्राउ गरी कुटपीट अंगभंग गरेको तर्फ समेत सजाय गरी पाउँ भन्ने मसेत व्यहोराको गोपाल रानाको जाहेरी ।

- मिति ०६८।४।१४ गतेका दिन ११:०० वजेको समयमा जि.म. वेतीनी गा.वि.स. वडा नं. ३ स्थित वाटो गोरेटोमा काठ काटेको विषयमा झगडा विवाद गरी होमवहादुरले सुब्बा दर्लामी मगरलाई कुटपिट गरी दुवै हात भाँचीदिएको र टाउको तथा छातीमा चोट हुने गरी कुट
- पिट गरेको भन्ने समेत व्यहोराको घटनास्थल व्यहोरा ।
- मिति ०६८।४।१४ गतेका दिन होम वहादुर समेतले कुटपिट गरी सुव्वा दर्लामीलाई अङ्ग भङ्ग गराएको घटनास्थलमा भेटीएको काठको जस्तो देखीने चिरपट वरामद भएको भन्ने समेत व्यहोराको वरामदी मुचुल्का ।
- सुव्वा दर्लामीको दुवै हातका हड्डीहरु भाचीन गई अङ्ग भङ्ग भएको ठिक हो भन्ने समेत व्यहोराको घाउ जाँच परिक्षण प्रतिवेदन ।
- मिति ०६८।४।१४ गते जाहेरवाला गोपाल रानाको घरमा मकै भाच्न गरी निज संग ऋण तिर्नको लागी नगद रु. तीस हजार लिई र रु. ४१००।- मा खरीद गरेको मोवाईल सेट समेत वोकी आई रहेको अवस्थामा घासको विरुवा काटेको विषयमा विवाद गरी झगडा गर्दै आएका होम वहादुर र निजको भाई सानुबावुले चिरपट समेतले कुटपीट गरी अरु जाहेरीमा उल्लेखीत आईमाई समेतले गाली गलौज गरी ढुङ्गा समेतले हानी भागी गएका हुन । मैले गुहार माग्दा ज्यान वच्न गएको हो । हाल सम्म करीव १ लाख २५ हजार जती उपचारमा खर्च भैसकेको छ अरु के कती लाग्छ थाहा छैन निजहरुले कुटपिट गर्दा मेरो साथमा भएको नगद र मोवाईल समेत लगेका र उपचारमा लागेको खर्च समेत निजहरुवाट दिलाई भराई पाउ भन्ने समेत व्यहोराको पीडित सुव्वा दर्लामीको कागज ।
- मिति ०६८।४।१४ गते हामी वारीमा काम गरेर वसीरहेको अवस्था घटनास्थलमा मानिस चिच्चाएको कराएको आवाज सुनी सो तर्फ हेर्दा होमवहादुर, सानो वावु र निजैको घरको आईमाई तिनजना समेत भई चिरपट भाटा समेतले कुटपीट गरेको देखेपछि हामी घटनास्थल तर्फ जाँदा निजहरु भागी सकेको र घाईतेलाई उठाई उपचारको लागि फापरवारी ल्याएको भन्ने समेत व्यहोराको एकै मिलानको रामवहादुर रानाको कागज ।
- मिति ०६८।४।१४ गते अन्यायी होमवहादुर समेतले सुव्वा दर्लामीलाई कुटपिट अङ्ग भङ्ग गर्दा उपचारमा लागेको हालसम्मको खर्च विल र नगद समेत गरी रु १,६३,५१०।- भएकोले उक्त रकम विपक्षीहरुवाट दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको निवेदन तथा विल भर्पाईको प्रतिलीपी ।
- मिति ०६८।४।१४ गते जाहेरी दरखास्तको विरुद्ध खण्डमा उल्लेखीत प्रतिवादीहरु होमवहादुर , सानो वावु , तिर्थ माया, मन्सरा भन्ने धनसरी तुम्सीङ्ग समेतका एकै परिवारका पाँच जना मिलि चिरपट तथा वासको भाटा समेतले कुटपीट गरी सुव्वा दर्लामी मगरलाई दुवै हात भाँचीदिई अङ्ग भङ्ग समेत गराएको ठिक हो । साथमा भएको नगद ३० हजार तथा रु. ४,१००।- को नोकीया सेट समेत लुटी लगेका हुन् । निजहरु उपर कार्वाही गरी पाउँ भन्ने समेत व्यहोराको निराजन थापा मगरको घटना विवरण कागज ।

**प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको वयान :-**

- मिति २०६८।४।१४ गते सुव्वा दर्लामी मगरले मलाई मेरो घर अगाडि वाटोमा आई सामुदायिक वनको काठ काटेको विषयमा पूर्व रिसइवीले कुटपीट गर्न थालेकाले तत्काल सहन नसकी म मेरो भाई सानुवावु भई चिरपतले सुव्वा दर्लामीलाई कुटपीट गर्दा निजको हात भाँची अंगभंग भएको हो । जाहेरीमा उल्लिखित आइमाईहरुले घटनास्थल नजिकै वसी गाली गलौज सम्म गरेका हुन् ।

निजहरुले कुटपीट गरेका छैनन् भन्ने समेत व्यहोराको प्रतिवादी होम वहादुर तुमसीङ्ग मगरको अधिकारप्राप्त अधिकारीसमक्ष भएको वयान ।

**(ख) अभियोगपत्र माग दावी :-**

- प्रतिवादी होमवहादुर तुम्सीङ्ग समेत भई पीडित सुव्वा दर्लामीलाई दाउरा भाटा ढुङ्गा समेत प्रहार गरी कुटपीट गरी दुवै हात भाँची अङ्ग भङ्ग वनाई नगद र मोवाई समेत लुटी मु. ऐन कुटपीटको १ नं. र चोरीको १ नं. अनुसारको कसुर अपराध गरेकोले निज प्रतिवादीहरु उपर कुटपीटको ६ नं. वमोजीम सजाय गरी सोही महलको १८ नं. वमोजीम थप सजाय र चोरीको १२ नं. वमोजीम सजाय गरी पांउ र चोरी भएको नगद र मोवाईल गरी रु. ३४,१००।- प्रतिवादीवाट चोरीको २१ नं. वमोजीम भराई पाउँ साथै घाईतेको उपचार गर्दा लागेको रु. १,६३,५१०।- को विल भर्पाई वमोजिमको रकम समेत दिलाई भराई पाँउ भन्ने अभियोग माग दावी ।

**(ग) प्रतिवादीको अदालतमा भएको बयान :-**

- मिति ०६८।४।१४ गते घाईते सुव्वा दर्लामी मगर दिनको ११:०० वजेतिर मेरो घरको वाटो भै घर जान भनी आउनु भएको र म घरमा वसीरहेको अवस्थामा निजले मलाई एक्कासी ए धोर्जे तैले मलाई काठ काटेको भनेर किन उजुर गरीस् भनि झम्टेर आए । मैले उजुर गरेको छैन भन्दा निजले एक्कासी मलाई मुक्काले हिर्काए तेसपछी निज र म घम्सा घम्सी हाना हान हुंदा मैले निजलाई धकेल्दा आगनमा लड्न गएका थिए । त्यसपछी निजको मानिसहरु आई मलाई पुनः कुटपीट गर्लान भन्ने डरले म फापरवारी प्रहरी चौकीमा आएको हुं । मैले निजको नगद तथा मोवाईल लुटेको छैन । निजलाई कुनै हात हतीयार लाठ्ठी कुनै चिजले हिर्काएको होईन । हात भाँचेको पनि होईन के गरी निजको हात भाँचीयो मलाई थाहा छैन । म निर्दोश हुंदा अभियोग माग दावी वमोजीम सजाय हुनु पर्ने होईन भन्ने समेत व्यहोराको प्रतिवादी होमवहादुर तुम्सीङ्ग मगरले यस अदालतमा गरेको वयान ।
- प्रतिवादीहरु सानुवावु तुम्सीङ्ग मगर, तीर्थ माया तुम्सीङ्ग, मनसरा भन्ने धनसरी तुम्सीङ्ग र रीम्की तुम्सीङ्ग यस अदालतवाट जारी भएको म्यादमा हाजिर नभई फरार रहेको ।

**(घ) बुझिएका प्रमाण :-**

- **(क)** वादी र प्रतिवादीका साक्षी बुझ्नु भन्ने भएको आदेशानुसार घाइते सुव्वा दर्लामीले म आफ्नो घरतिर आउँदै गर्दा वाटोमा ढुकी छेकी होम वहादुर तुम्सीङ्ग, सानुवावु तुम्सीङ्ग, तीर्थ माया तुम्सीङ्ग, मनसरा भन्ने धनसरी तुम्सीङ्ग र रीम्की तुम्सीङ्ग समेत भई नजिकैको सुंगुरको खोरमा रहेको चिरपटले मेरो छातीमा हाने, दुवै हातको कुइना भन्दा माथिको पाखुरामा हानी दुवै पाखुरा भाँची दिएका हुन् । दाँहिने हात होम वहादुरले पहिला हानी भाँची दिएको र देव्रे हात सानुवावुले हानी भाँची दिएका हुन् । प्रतिवादी महिलाहरुले ढुंगामुढा गरी कुट, मार, हातखुट्ट भाँचीदेउ, माररे भिरवाट फालीदेउँ भनी भनेका थिए । मेरो साथमा रहेको रु.३०,०००।- र नोकिया कम्पनीको मोवाईल सेट १ पनि लुटेर लगे भनी बकपत्र गरेको,
  **(ख)** त्यस्तै प्रतिवादी होम वहादुर तुम्सीङ्गका साक्षी राम वहादुर लामीछानेले सुव्वा दर्लामी र होम वहादुर तुम्सीङ्ग विच होम वहादुरको घरमा साधारण भनाभन भएको हो । त्यसपछि सुव्वा दर्लामी आफ्नो घरमा गएका थिए । होम वहादुरले सुव्वा दर्लामीको हात भाँची दिएको होइन । सुव्वा दर्लामी घरमा गएर वेसरी कराएका थिए, हुनसक्छ उ भरेङ्गवाट लडेर हात भाँचीएको हुनसक्छ ।

होम वहादुर तुम्सीङ्गले पीडितको हात भाँचेको नभएकाले निजलाई सजाय हुनु पर्ने होइन । रिसइवीको कारणले झुट्टा आरोप लगाएका हुन् भनी बकपत्र गरेको ।

**(ग)**यस अदालतको आदेशानुसार पीडित सुव्वा दर्लामीको भरतपुर अस्पताल चितवनका चिकित्सकवाट जाँच परिक्षण भई जाँच परिक्षण प्रतिवेदन मिसिल सामेल रहेको ।

(ङ) **सम्वद्ध कानून :-**

- मुलुकी ऐन कुटपीटको १, ६ र १८ नं., र चोरीको १, १२ र २१ नं. समेत ।

## ठहर खण्ड

- नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सुचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री अनिल कार्की तथा जाहेरवाला तर्फवाट उपस्थित विद्वान अधिवक्ता श्री एकराज वास्तोलाले प्रतिवादीहरुले पीडित सुव्वा दर्लामीलाई चिरपट समेतले कुटपीट गरी अंगभंग गराएको हुँदा अभियोग दावी अनुसार सजाय होस भनी वहस प्रस्तुत गर्नु भयो । प्रतिवादी होमवहादुर तुम्सीङ्ग मगरको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री गणेशप्रसाद दाहाल, श्री मदन कुमार दाहाल र श्री अमृत कुमार लामाले पीडित भनिएका व्यक्ति हाल पुर्व अवस्थामा रहेका र निजको शरिरमा लागेको घाउचोट निको भैसकेको हुँदा प्रतिवादीले अभियोग दावी बमोजिम कसुर नगरेकोले सफाई पाउनु पर्दछ भनी बहस प्रस्तुत गर्नु भयो ।
- उपर्युक्त बहस, अभियोग मागदावी र मिसिल सम्लग्न प्रमाणहरुको विश्लेषण गरी हेर्दा निम्न प्रश्नमा केन्द्रित रही निर्णय दिनुपर्ने देखियो :-

  (१) **अभियोग दावी बमोजिम प्रतिवादीहरुले कुटपीट गरेका हुन्, होइनन्** ?

  (२) **यदि कुटपीट गरेको भए के कस्तो सजाय हुनु पर्ने हो** ?

  (३) **चोरीको अभियोगतर्फ के कसो हुनु पर्ने हो** ?

  (४) **पीडितले प्रतिवादीवाट क्षतिपुर्ती पाउनु पर्ने हो, होइन** ?

- निर्णयतर्फ प्रवेश गर्दा, माथि उल्लिखित निर्णयार्थ प्रस्तुत प्रश्नहरुको समग्रतामा विवेचना गर्दै सो क्रममा सर्वप्रथम अभियोग दावी र मुद्दाको तथ्य अवलोकल गर्नु आवश्यक छ । सो अनुसार प्रतिवादी होमवहादुर तुम्सीङ्ग समेत भई पीडित सुव्वा दर्लामीलाई दाउरा भाटा ढुङ्गा समेत प्रहार गरी कुटपिट गरी दुवै हात भाँची अङ्ग भङ्ग वनाई नगद र मोवाईल समेत लुटी मुलुकी ऐन कुटपिटको १ नं. र चोरीको १ नं. अनुसारको कसुर अपराध गरेकोले निज प्रतिवादीहरु उपर कुटपिटको ६ नं. बमोजिम सजाय गरी सोही महलको १८ नं. बमोजिम थप सजाय र चोरीको १२ नं. बमोजिम सजाय गरी पाउँ र चोरी भएको नगद र मोवाईल गरी रु ३४,१००।- प्रतिवादीबाट चोरीको २१ नं. बमोजिम भराई पाउँ । साथै घाईतेको उपचार गर्दा लागेको रु १,६३,५१०।- को विल भर्पाई बमोजिमको रकम समेत दिलाई भराई पाउँ भन्ने अभियोग माग दावी रहेको देखिन्छ ।
- मुदद्दाको तथ्यतर्फ हेर्दा, प्रतिवादीहरु उपर किटानी जाहेरी परेको छ । सो जाहेरीमा निम्न व्यहोरा उल्लेख छ । *"मिति २०६८।४।१४ गतेका दिन ११:३० वजेको समयमा मेरो भान्जा नाता पर्ने सुव्वा दर्लामी मगर मेरो काममा आएका अवस्थामा निजले मसंग ऋण तिर्न भनी रु.३०,०००।- सापटी समेत लिई आफ्नो घरतर्फ जाने क्रममा विरुवा काटेको विषयमा रिसइवी राखि अन्यायीहरु होम वहादुर, सानुवावु समेतले कुटपीट गरी दुवै हातको २/२ ठाउँमा भाँचीने गरी अंगभंग गराई स्थानिय मानिस राम राना र ज्ञान वहादुर राना समेतकाले ज्यान मर्ला भनी आएकाले निजहरु घटनास्थलवाट भाग्न*

*सफल भए । विपक्षीहरु ५ जनाले घाईतेको रु.४१००।- पर्ने मोवाईल सेट र रु.३०,०००।- नगद समेत लगेको हुँदा निज प्रतिवादीहरुलाई पक्राउ गरी कुटपीट अंगभंग गरेको तर्फ समेत सजाय गरी पाउँ ।"*

- प्रतिवादी होम वहादुर तुम्सीङ्ग मगरको अधिकारप्राप्त अधिकारीसमक्ष भएको वयानमा *"मिति २०६८।४।१४ गते सुव्वा दर्लामी मगरले मलाई मेरो घर अगाडि बाटोमा आई सामुदायिक वनको काठ काटेको विषयमा पूर्व रिसइवीले कुटपीट गर्न थालेकाले तत्काल सहन नसकी म मेरो भाई सानुवावु भई चिरपटले सुव्वा दर्लामीलाई कुटपीट गर्दा निजको हात भाँची अंगभंग भएको हो"* भन्ने साविती कथन उल्लेख छ । यद्यपी अदालतमा निजले गरेको वयानमा घटनास्थलमा उपस्थित भई विवाद भएको तथ्यलाई स्वीकार गर्दै एकआपसमा घम्साघम्सी हानाहान भएको र पीडित आफै लडी घाइते भएको भन्ने कुरा उल्लेख गरेको अवस्था छ । अतः निज प्रतिवादीको उपर्युक्त वयान व्यहोरावाट पीडित माथि निज प्रतिवादीले कुटपीट गरेको देखिन्छ । पीडितको घा जाँच प्रतिवेदन र दुवै हात भाँचिएको अवस्थालाई स्वयं प्रतिवादीले अन्यथा भन्न नसकेकोले निजै प्रतिवादी समेतका व्यक्तिहरुको कुटपीटवाट सो अवस्था वा परिणाम आएको देखिन्छ । अन्य प्रतिवादीहरु भने फरार रहेको अवस्था छ ।
- घटनास्थल व्यहोरामा *"मिति ०६८।४।१४ गतेका दिन ११:०० वजेको समयमा जि.म. वेतीनी गा.वि.स. वडा नं. ३ स्थित वाटो गोरेटोमा काठ काटेको विषयमा झगडा विवाद गरी होमवहादुरले सुब्बा दर्लामी मगरलाई कुटपिट गरी दुवै हात भाँचीदिएको र टाउको तथा छातीमा चोट हुने गरी कुटपिट गरेको"* भन्ने समेत उल्लेख भएको पाइन्छ । साथै सो वारदातका दिन प्रतिवादी होम वहादुर समेतले कुटपिट गरी सुव्वा दर्लामीलाई अङ्गभङ्ग गराएको र घटनास्थलमा भेटिएको काठको जस्तो देखिने चिरपट वरामद भएको भन्ने समेत व्यहोराको वरामदी मुचुल्का रहेको छ । चिरपटले हानेको भन्ने पीडितको भनाई रहेको पाइन्छ । प्रहार गरिएको सो चिरपट वरामद भएवाट उक्त पीडित माथि प्रहार गरेको हतियार ( चिरपट) समेत निज प्रतिवादीहरु उपरको अभियोग पुष्टि गर्न महत्वपूर्ण भौतिक सवुदको रुपमा रहेको छ । पीडितको घाउ जाँच परीक्षण प्रतिवेदन प्रस्तुत मुद्दाको निर्णायक तत्व रहेकोले सो प्रतिवेदनमा उल्लिखित निम्न कुराहरुलाई मध्यनजर गर्नु पर्ने अवस्था छ :-

**Nature of injury size and site :–**

1. Lt. Arm bone fracture
2. Lt. Forearm bone segmental
3. Cut injury
4. Blunt injury chest

**Type of injury**:

*अंगभंग*

**अंग फोरिएको वा छिनालिएको वा फुकालिएको :-** *दुवै हातका हड्डिहरु भाँचिएकोले अंगभंग भएको ।*

**Condition of patient : / whether fatal or not :**

*Stable (risk for life), not fatal.*

- यस प्रकार पीडित सुव्वा दर्लामीको ***दुवै हातका हड्डीहरु भाँचिन गई अङ्ग भङ्ग भएको*** भन्ने घा जाँच प्रतिवेदनको निस्कर्षमा उल्लेख भएवाट घटनाको गम्भीरता स्वतः प्रष्ट भएको छ । निज पीडितको सो वारदात हुँदाको अवस्थादेखि आज प्रस्तुत मुद्दा फैसला हुँदासम्मका शारिरिक स्वास्थ्य परीक्षणका अवस्थाहरुलाई समेत विचार गरी निस्कर्षमा पुग्नु पर्ने मुद्दा भएकोले सोतर्फ पनि दुष्टिगोचर गर्नु पर्ने वान्छनीय हुन आउँछ । यस सिलसिलामा मिति २०६९।३।५ मा भरतपुर अस्पतालका डाक्टर श्रवण कुमार थापा (कल्सल्टेन्ट अर्थोपेडिक सर्जन) समेतले गरि दिएको

पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदनमा उल्लिखित व्यहोरावाट पीडितको पछिल्लो अवधिको शारिरिक अवस्था प्रस्ट हुन आएको छ । जो निम्न वमोजिम रहेको छ :-

*"सुव्वा दर्लामी मगरको वाँया हातको Forearm fracture ....... प्लेट र स्कु कसेको छ र fracture जोडिइसकेको छ । दाँया हातको humerus fracture मा पनि स्कु* कसेको छ र त्यसमा पनि *fracture जोडिइसकेको छ । fracture जोडिइ सकेतापनि दाँया हातको कुहिना केही हदसम्म जाम छ । जुन फिजीयोथेरापीले निको हुने देखिन्छ । त्यसतर्फ थप ३ देखि ५ महिनासम्म लाग्न सक्छ । त्यसपछि पनि जाम अलि वाँकी रहेमा विरामीको अरु जाँच गरेर वेहोस गरी जाम खुलाउनु पर्ने हुन्छ (MUA– Manipulation under anesthesia) ।"* त्यस्तै अर्का डा.नारद प्र.थपलिया (कन्सल्टेन्ट सर्जन) ले विरामी परिक्षण गर्दा *"पीडित होसमा भएको र माथि उल्लिखित वाहेक अन्य समस्या पनि नभएको र छातीको X-ray पनि ठिकै भएकोले अन्य सर्जिकल समस्या नभएको Clinically प्रमाणित गरिन्छ"* भनी उल्लेख गरेको अवस्था छ ।

- यसका अतिरिक्त पीडितले मौकामा कागज गरी दिएको अवस्था छ । जसमा *"मिति ०६८।४।१४ गते जाहेरवाला गोपाल रानाको घरमा मकै भाँच्ने गरी निजसंग ऋण तिर्नको लागी नगद रु तीस हजार लिई र रु. ४१ सयमा खरिद गरेको मोवाईल सेट समेत वोकी आई रहेको अवस्थामा घाँसको विरुवा काटेको विषयमा विवाद गरी झगडा गर्दै आएका होम वहादुर र निजको भाई सानुबावुले चिरपट समेतले कुटपिट गरी अरु जाहेरीमा उल्लेखित आईमाई समेतले गाली गलौज गरी ढुङ्गा समेतले हानी भागी गएका हुन् । मैले गुहार माग्दा ज्यान वच्न गएको हो । हालसम्म करीव १ लाख २५ हजार जति उपचारमा खर्च भैसकेको छ अरु के कति लाग्छ थाहा छैन । निजहरुले कुटपिट गर्दा मेरो साथमा भएको नगद र मोवाईल समेत लगेका र उपचारमा लागेको खर्च समेत निजहरुवाट दिलाई भराई पाउँ" भन्ने* समेत व्यहोरा उल्लेख छ । सोही व्यहोरालाई पुष्टि हुने गरी पीडितले अदालत समक्ष उपस्थित भई वकपत्र गरी दिएकोले यस्तो प्रमाणलाई प्रमाण ऐन २०३१ को दफा ३ ले प्रमाणमा लिन मिल्ने नै हुन्छ । पीडित नै घटनाको पहिलो प्रत्यक्षदर्शी हुने र आफ्नो पीडाको सम्वन्धमा प्रत्यक्ष साक्षीको रुपमा निजले व्यक्त गरेको उपर्युक्त कथन, निजको शारिरिक अवस्था र चिकित्सकको परीक्षण प्रतिवेदनसंग मिल्न आएको अवस्था छ । वारदातमा यी प्रतिवादी होम वहादुर तुमसींङ्ग मगर समेतको संलग्नता रहेको तथ्यमा विवाद नरहेकोले माथि विवेचित आधार, प्रमाण र कारणहरुवाट निज प्रतिवादी समेतले पीडितलाई अंगभंग हुने गरी कुटपीट गरेको तथ्य सुस्पष्ट रुपमा प्रमाणित हुन आउँदछ ।
- मौकामा वुझिएका रामवहादुर राना समेतका व्यक्तिहरुले हामी बारीमा काम गरेर बसिरहेको अवस्थामा घटनास्थलमा मानिस चिच्चाएको, कराएको आवाज सुनी सो तर्फ हेर्दा होमवहादुर, सानो वावु र निजैको घरको आईमाई तीनजना समेत भई चिरपट भाटा समेतले कुटपिट गरेको देखेपछि हामी घटनास्थल तर्फ जाँदा निजहरु भागी सकेको र घाईतेलाई उठाई उपचारको लागि फापरबारी ल्याएको भन्ने समेत व्यहोराको एकै मिलानको कागज गरी दिएको पाइन्छ । यद्यपि निज मौकाको कागज गर्ने व्यक्तिहरु अदालतमा उपस्थित भइ वकपत्र गरेको अवस्था नभएपनि उनीहरुको सो मौकाको कथन घटनाको तथ्योदरघाटनका लागि प्रस्तुत मुद्दाको सन्दर्भमा असान्दर्भिक रहेछ भन्न मिल्न देखिदैंन ।
- यसप्रकार प्रतिवादी उपर परेको किटानी जाहेरी, घटनास्थल मुचुल्का, पीडितको कागज र वकपत्र, तत्काल चिकित्सकले पीडितलाई गरेको शारिरिक जाँच प्रतिवेदन, वारदातमा प्रयोग गरिएको चिरपट वरामद भई आएको अवस्था, मौकामा वुझिएको मानिसहरुले गरेको कागज, प्रतिवादीको अन्यथा प्रमाणित नभएको अनुसन्धानको क्रममा भएको साविती वयान र हालसम्म पनि पीडितको

घाइतको चोट लागेका अंगहरु पूर्ण रुपमा पुर्वावस्थामा आई नसकेको भनी चिकित्सकले गरिदिएको प्रमाणित प्रतिवेदन समेतका माथि विवेचित विभिन्न आधारहरुवाट यी प्रतिवादीहरु होम वहादुर तुमसीङ्ग मगर, सानु वावु तुमसीङ्ग मगर, तीर्थ माया तुमसीङ्ग, मनसरा भन्ने धनसरी तुमसीङ्ग र रीम्की तुमसीङ्ग समेतले पीडित सुव्वा दर्लामीलाई अंगभंग हुने गरी कुटपीट गरी मुलुकी ऐन कुटपीटको महलको १ नं. अनुसारको कसुर तथा अपराध गरेकोले निज प्रतिवादीहरुलाई सोही महलको ६ नं. वमोजिम जनही चार वर्ष कैद र दुई हजार पाँचसय रुपैयाँ जरिवाना समेत हुने ठर्हछ । साथै सो कार्यमा पाँचजना व्यक्तिको संलग्नता रहेको देखिंदा कुटपीटको १८ नं. वमोजिम निज प्रतिवादीहरुलाई जनही दुई सय रुपैयाँ थप जरिवाना समेत हुन्छ । प्रतिवादीहरु उपर चोरीको १ नं. र १२ नं. समेतको दावी लिएकोमा पीडितको धनमाल चोरी भएको प्रमाण अभियोजनपक्षवाट प्रस्तुत गर्न सकेको नदेखिंदा सोतर्फको दावी पुग्न नसक्ने ठहर्छ ।

- वादी नेपाल सरकारको तर्फवाट अभियोगमा प्रस्तुत मुद्दामा कुटपीटको ६ नं. वमोजिमको सजाय प्रस्तावित भई आएकोमा पीडित व्यक्तिको दुवै हात अंगभंग भएको प्रारंभिक अवस्था भएता पनि सघन उपचारको क्रममा निजको वायाँ हातको घाउचोट निको भई जोडिसकेको अवस्था चिकित्सकको रिपोर्टबाट पुष्टि भएको र दायाँ हातको घाउचोटको अवस्था अझै पनि जोखिमयुक्त अवस्थामा रहेको र विरामीलाई वेहोस गरी जाम खुलाउनु पर्ने अवस्था अझै कायम रहेको भन्ने चिकित्सकको प्रतिवेदनवाट देखिएकोले उक्त कुटपीटको ६ नं. को कानूनी व्यवस्था अनुसार पुरा सजाय ८ वर्ष कैद र रु ५,०००।-जरिवाना समेत हुनेमा त्यसको आधा अर्थात जनही ४ वर्ष कैद र रु.२५००।- का दरले उपर्युक्त उल्लेख भए वमोजिम सजाय निर्धारण गरिएको हो ।
- वादी नेपाल सरकारको तर्फवाट दायर भएको अभियोगपत्रमा घाइतेको उपचार गर्दा लागेको रु. १,६३,५१०।- (एक लाख त्रिसट्ठी हजार पाँच सय दश रुपैया) पीडितलाई क्षतिपुर्ति वापत भराई पाउँ भनी निज पीडितले निवेदनसाथ उपचार गर्दा खर्च भएको वील भर्पाई राखी गरेको अनुरोध अनुसार दावी लिएको देखियो । प्रस्तुत मुद्दा कुटपीटको महल अन्तर्गत सो महलको दफा १ र ६ नं. को आधारमा अभियोग माग दावी गरी दायर भएको र उक्त दावीको कानूनी दफामा वील वमोजिमको खर्च भराई दिने सन्दर्भमा कुनै व्यवस्था उल्लेख भएको पाइदैन । कुटपीटको ६ नं.मा ***जरिवानाको रुपैयाँ तिऱ्यो भने सो जम्मै रुपैयाँ र तिरेन भने कसुरदारको अंशमात्र सम्पत्ति जायजात लिलाम विक्री गरी उपर भएजति रुपैयाँ घा खर्च वापत घा खत लाग्ने मानिसलाई भराई दिनु पर्छ । उपर नभएको जरिवानाको रुपैयाँ जतिमा १ दिनको रु.२५।- दरले कैद गर्नु पर्छ भन्ने*** सम्म व्यवस्था भएको देखिन्छ । यस व्यवस्था अनुसार प्रतिवादीहरुलाई ठहर भएको जरिवानाको अंकवाट मात्र सिमित रकम घा खर्च दिलाउन सकिने देखिन्छ । सो जरिवाना पनि दुईवटा अंगभंग भएको स्थितिमा पाँच हजार रुपैयाँ भन्दा बढी हुन सक्ने देखिंदैन । प्रस्तुत मुद्दामा पीडितको दुईवटा हातहरु अंगभंग गराईएकोमा एउटा अंग निको भईसकेको र अर्को अंग अझै पनि निको नभई उपचारको क्रममा रहेको स्थितिलाई मध्यनजर गरी माथि विभिन्न प्रकरणमा गरिएको व्याख्या विवेचनाको आधारमा एउटा अंगमात्र अंगभंग भएको मानी कानूनले तोकेको दुईवटा अंगभंग भएमा हुने सजायको आधि सजाय हुने ठहरी फैसला भएकोले सो जरिवानाको रकम पनि आधि गर्दा जम्मा रु.२५००।- कायम गरीएको र ऐ. महलको १८ नं. बमोजिम निज प्रतिवादीहरुलाई जनही रु.२००।- जरिवाना थप सजाय भएको स्थिति छ । अतः सो जरिवाना अनुसारको क्षतिपुर्ति अर्थात घा जाँच खर्च भराउँदा अभियोजन पक्षले भराई पाउँ भनी दावी लिएको रकम रु.१,६३,५१०।- भरी भराउ हुन सक्ने अवस्था नहुँदा पाँच जना प्रतिवादीहरुवाट जनही लागेको जरिवाना रु. २७००।- वरावरको रकम अर्थात रु.१३,५००। प्रतिवादीहरुवाट घा खर्च भराई दिने ठहर्छ ।

- उक्त वमोजिम वाहेक प्रतिवादीहरुवाट घा खर्च भराई दिने कानूनी व्यवस्था विद्यमान नभएको, यी पीडितको उपचार गर्दा उक्त वील पेश भएको, वील बमोजिमको खर्च भएको देखिएको, पीडितलाई लागेको चोटको गम्भिरताको आधारमा सो खर्च मनासिवै देखिएको, सरकारी वकीलवाट घा खर्च भराई दिने दावी समेत लिइएको तथा पीडित र पीडकको आर्थिक हैसियत समेत विचार गर्दा सो वील वमोजिमको घा खर्च निजहरुले व्ययभार व्यहोर्न सक्ने अवस्थाको समेत देखिंदैन । एउटा निर्दोष नागरिकले कुटपीटको घटनामा अचानक गंभिर शारिरिक पीडा भोग्नु पर्ने अवस्था घटनावाट श्रृजना भएको र सोको व्ययभार समेत निज उपर पर्ने हो भने थप आर्थिक तथा मानसिक चोट पुग्न जाने हुँदा सो स्थितिमा नागरिकको सुरक्षा गर्ने अन्तिम जिम्मेवारी राज्यको हुने हुँदा पिडितको आर्थिक विपन्नतको अवस्था समेतलाई विचार गरी राज्यको तर्फवाट पीडितलाई सो उपचार खर्च दिलाई दिन मनासिव र न्यायोचित देखिएकोले अभियोग दावीमा उल्लिखत वील भरपाई मध्ये माथि प्रतिवादीहरुले भरी दिनु पर्ने ठहर भएको वाहेक नपुग रु.१,५०,०१०।- (एक लाख पचास हजार दश रुपैया) नेपाल सरकारको तर्फवाट पीडितलाई भराई दिने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्ने गरी मुलुकी ऐन अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएको छु ।

## तपसिल खण्ड

प्रतिवादी होम वहादुर तुमसीङ्ग मगरलाई मुलुकी ऐन कुटपीटको महलको १ नं. अनुसारको कसुर तथा अपराध गरेकोले सोही महलको ६ नं. वमोजिम चार वर्ष कैद र दुई हजार पाँचसय रुपैया जरिवाना र ऐ.महलको १८ नं. वमोजिम दुई सय रुपैया थप जरिवानासमेत हुने ठहरेकोले निज प्रतिवादी मिति २०६८।४।१५ गते पक्राउ परी प्रहरी हिरासतमा रही यस अदालतको मिति २०६८।५।२९ को आदेशानुसार मुद्दा पुर्पक्षको लागि थुनामा रहेको देखिंदा निज प्रतिवादीलाई लागेको कैद सजाय पक्राउ परेको मिति देखि नै कैद कट्टि मिनाहा दिई कानून वमोजिम कैद म्याद ठेकी असुल गर्नु । लागेको जरिवाना वुझाए वुझि लिई कैद भुक्तान भएपछि थुनावाट छाडि दिनु । लागेको जरिवाना नवुझाए जरिवाना वापत पनि कानून वमोजिम कैद म्याद ठेकी असुल गर्नु भनी तहसील फाँट लगत दिनु ..........................................................१

देहायका प्रतिवादीहरुलाई मुलुकी ऐन कुटपीटको महलको १ नं. अनुसारको कसुर तथा अपराध गरेकोले सोही महलको ६ नं. वमोजिम जनही चार वर्ष कैद र दुई हजार पाँचसय रुपैया जरिवाना र ऐ.महलको १८ नं. वमोजिम जनही दुई सय रुपैया थप जरिवाना हुने समेत ठहरेकोले निज प्रतिवादीहरु अनुपस्थित हुँदा लगत कसी असुल गर्नु भनी तहसील फाँटमा लगत दिनु ..........................................................२

- प्रतिवादी सानु वावु तुमसीङ्ग मगर
- प्रतिवादी तिर्थ माया तुमसीङ्ग
- प्रतिवादी मनसरा भन्ने धनसरी तुमसीङ्ग
- प्रतिवादी रीम्की तुमसीङ्ग

पीडित सुव्वा दर्लामीले प्रतिवादीहरुवाट जनही रु.२७००।- का दरले रु.१३,५००।- घा खर्च भराई लिन पाउने ठहरेकाले पुनरावेदनको अवस्था नाघेपछि उल्लिखित घा खर्च भराई पाउँ भनी प्रतिवादीहरुको यसै सरहदको जेथा देखाई निज पीडितको कानूनका म्यादभित्र दरखास्त परे नियमानुसार गरी घा खर्च भराई दिनु भनी तहसील फाँटमा लगत दिनु..........................................................................................३

अभियोग दावीमा उल्लिखत वील भरपाई वमोजिमको घा खर्च मध्ये नपुग रु.१,५०,०१०।- (एक लाख पचास हजार दश रुपैया) नेपाल सरकारको तर्फवाट पीडित सुव्वा दर्लामीलाई भराई दिने ठहरेकाले पुनरावेदनको अवस्था नाघेपछि फैसला वमोजिमको उल्लिखित घा खर्च भराई पाउँ भनी कानूनका म्यादभित्र निज पीडित सुव्वा दर्लामीले यस अदालतमा दरखास्त दिए नेपाल सरकारको सम्वन्धित निकायमार्फत भराई पाउने गरी नियमानुसार गरी उल्लिखित घा खर्च नेपाल सरकारवाट निज पीडितलाई भराई दिनु...........................४

प्रस्तुत फैसलामा चित्त नवुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत हेटौडामा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपि सहित जिल्ला सरकारी वकिल कार्यालय मकवानपुरलाई र प्रतिवादी होम वहादुर तुमसीङ्ग मगरलाई सरकारी मुद्दा सम्वन्धि ऐन, २०४९ को दफा २६ वमोजिम पुनरावेदनको म्याद दिनु । अन्य प्रतिवादीहरु सानु वावु तुमसीङ्ग मगर, तिर्थ माया तुमसीङ्ग मगर, मनसरा भन्ने धनसरी तुमसीङ्ग मगर र रीम्की तुमसीङ्ग मगरले शुरु म्याद नै गुजारी वसेको हुँदा मु.ऐ.अ.वं. २०८ नं. वमोजिम पुनरावेदनको म्याद दिनु परेन.......................................................................................................५

जाहेरवाला गोपाल रानालाई फैसलाको प्रतिलिपी सहित फैसलाको जानकारी दिनु................................६

सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनु ....................................७

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल पुनरावेदन परे श्री पुनरावेदन अदालत हेटौडामा पठाईदिनु नपरे सुरक्षीतसाथ राख्न अभिलेख फाँटमा वुझाईदिनु ..................................................................८

ना.सु. राजन अर्याल
मुद्दा फाँट (ख)

**न्यायाधीश**

**ईती सम्वत् २०६९ साल असार २४ गते रोज १ शुभम्...........**

**श्री वागलुङ जिल्ला अदालत**
**वाल-इजलास**
***माननीय जिल्ला न्यायाधीश श्री डिल्लीरमण तिबारीबाट भएको***
**फैसला**

**उपस्थिति**
**वाल मनोवैज्ञानिक श्री सरस्वती शर्मा**
**समाजसेवी श्री डा. प्रेमप्रसाद शर्मा पौडेल**
**संवत् २०६९ सालको बाल-बिज्याई दर्ता नं ०६२-०६९-00003**
**दर्ता मिति : २०६९।४।२**
**निर्णय नं : ७२**

**मुद्दा : चोरी सम्बन्धी बाल-बिज्याइ (०६९-CR-000२)**

| **वादीको नाम, थर, बतन** | **प्रतिवादीको संकेत नं** |
|---|---|
| जिल्ला वागलुङ हटिया.गा.वि.स. ७ बस्ने यामबहादुर खातीको जाहेरीले नेपाल सरकार....१ | जिल्ला वागलुङ हटिया गा.वि.स. वडा नं. ७ बस्ने गुमानसिंह रेग्मीको छोरा बर्ष १५ को परिवर्तित नाम 'क'बहादुर रेग्मी ...............................................१<br>ऐ.ऐ. बस्ने शेरबहादुर न्यौपानेको छोरा वर्ष १५ को परिवर्तित नाम 'ख'वहादुर न्यौपाने ........................१<br>ऐ.ऐ. बस्ने पूर्णबहादुर खड्काको छोरा वर्ष १४ को परिवर्तित नाम 'ग' खड्का...................................१ |
| **वादीका साक्षी** | **प्रतिवादीको साक्षी** |
| जाहेरवाला यामबहादुर खाती र इन्द्रबहादुर खत्री समेतका प्रहरीमा कागज गर्ने मानिसहरू........१ | बलबहादुर खत्री, गंगाबहादुर खत्री, इन्द्रबहादुर खत्री |
| **प्रमाण कागज** | **प्रमाण कागज** |
| अभियोगपत्रसाथ पेस भएका कागजातहरू..... .१ | x |

**अदालतबाट बुझेको साक्षी**
जाहेरवाला यामबहादुर खत्री, बलहादुर खत्री, गंगाबहादुर क्षेत्री, इन्द्रबहादुर खत्री
**प्रमाण कागज**
x
**कानुन व्यवसायी**

| **वादीका तर्फबाट** | **कानुनसँग द्वन्द्वमा परेका बालकहरूका तर्फबाट** |
|---|---|
| जिल्ला न्यायाधिवक्ता श्री रमानाथ पौडेल | अधिवक्ता श्री राम शर्मा |

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन अ.ब.२९ नं. समेतले यसै अदालतको बाल इजलासको क्षेत्राधिकार अन्तर्गत पेस भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ।

मिति २०६९।०३।१८ गते दिउँसो अन्दाजी १६:०० बजेको समयमा जिल्ला वागलुङ हटिया गा.वि.स. वडा नं. ७ बस्ने यामबहादुर खातीको कोठामा जिल्ला वागलुङ हटिया गा.वि.स. वडा नं. ७ बस्ने वर्ष १६ को क बहादुर रेग्मी, ऐ.ऐ. बस्ने वर्ष १६ को ख बहादुर न्यौपाने र ऐ.ऐ. बस्ने वर्ष १६ को ग खड्का प्रबेश गरी याम बहादुर खड्काले सिरानीमा राखेको रु १,१४,०००।- (अक्षरूपी एक लाख चौध हजार मात्र) चोरी गरेको हुँदा निजहरूलाई पक्राउ गरी कानुन बमोजिम कारबाही गरी पाऊँ भन्ने व्यहोराको जाहेरी दरखास्त ।

जिल्ला वागलुङ हटिया गा.वि.स. वडा नं. ७ स्थित पूर्वमा बन्दै गरेको सडक, पश्चिममा यामबहादुर खातीको गोठ, उत्तरमा बन्दै गरेको सडक, दक्षिणमा मानसिंह रेग्मीको घर यति चार किल्लाभित्र रहेको उत्तर मोहडाको २ तलाको यामबहादुर खातीको घर, उक्त घरको तल्लो तलाको पूर्वबाट दोस्रो कोठा सो कोठाभित्र उत्तर दक्षिण गरी राखिएको दुईवटा पलङमध्ये पूर्वतर्फको बिस्तारामुनि डसनामा राखिएको भनिएको नगद रु १,१४,०००।- चोरी भएको भन्ने व्यहोराको चार किल्ला सहितको घटनास्थल मुचुल्का ।

जिल्ला वागलुङ हटिया गा.वि.स.वडा नं. ७ स्थित पूर्वमा बन्दै गरेको सडक, पश्चिममा शेरबहादुर न्यौपानेको घर, उत्तरमा बन्दै गरेको सडक, दक्षिणमा पूर्णबहादुर खड्काको घर, यति चार किल्लाभित्र रहेको शेरबहादुर न्यौपानेको उत्तर मोहडाको दुईतले गोठ घर, उक्त गोठ घरको माथिल्लो तलाको उत्तरतर्फको ठूलो झ्यालको पूर्व कुनामा झ्यालको चौकोस नजिकमा सानो खाल्डो बनाई सो खाल्डोमा सेतो प्लाष्टिकमा पोको पारिएको अवस्थामा रु १,०००।- दरका नोट थान ३१ बरामद हुन आएको भन्ने व्यहोराको प्रतिवादी ख बहादुर न्यौपानेको घरमा खडा गरिएको बरामदी मुचुल्का ।

जिल्ला वागलुङ हटिया गा.वि.स. वडा नं. ७ स्थित पूर्व र दक्षिणमा बन्दै गरेको सडक, उत्तरमा शेरबहादुर न्यौपानेको घर, पश्चिममा पूर्णबहादुर खड्काको जग्गा, यति चार किल्लाभित्र रहेको उत्तर मोहडा गरेको २ तले पूर्णबहादुर खड्काको घर, उक्त घरको पूर्बतर्फको कोठीको दक्षिण कुनामा भान्साको धूवाँ बाहिर निकाल्न पाइप राख्नको लागि गाऱ्होमा राखिएको बाँसको ढुङ्ग्रोमा प्लाष्टिकमा पोको पारी राखेको अबस्थामा रु १,०००।- दरका नोट थान ३१ ढुङ्ग्रोमा लुकाई राखी ढुङ्ग्रोको मुख माटोले बन्द गरी बाहिरपट्टि गाऱ्होमा कागज टाँसेको र सो स्थान देखिमाथि तखतामा रहेको सानो कापीको बीचमा रु ५० दरका नोट थान ५ गरी एकमुष्ठ रु ३१,२५०।- बरामद हुन आएको भन्ने व्यहोराको प्रतिवादी ग खड्काको घरमा खडा गरिएको बरामदी मुचुल्का ।

जिल्ला वागलुङ हटिया गा.वि.स. वडा नं. ७ स्थित पूर्बमा गोरेटो बाटो, पश्चिममा गुमानसिंह रेग्मीको जग्गा, उत्तरमा गुमानसिंह रेग्मीको जग्गा तथा यामबहादुर खातीको घर, दक्षिणमा गुमानसिंह रेग्मीको घर तथा जग्गा यति चार किल्लाभित्रमा दक्षिण ढोका भएको गुमानसिंह रेग्मीको शौचालय सो शौचालयको ढोकामाथि छानाको काठ र गाऱ्होको बीचमा सेतो प्लास्टिकमा पोको पारी घुसारी लुकाएको अबस्थामा रु १,०००।- दरका नोट थान ४१ बरामद हुन आएको भन्ने व्यहोराको प्रतिवादी क बहादुर रेग्मीको शौचालयमा खडा गरिएको बरामदी मुचुल्का ।

जाहेरवाला यामबहादुर खाती मेरा छिमेकी हुन् । निजको आफन्तले जापानबाट पैसा पठाएका छन् भन्ने कुरा थाहा पाई म, क बहादुर रेग्मी र ख बहादुर न्यौपाने भई निज यामबहादुर खातीको घरमा गई पैसा चोर्ने भन्ने सल्लाह गऱ्यौं । मिति २०६९।०३।१८ गते दिन यकिन समय थाहा भएन, जहेरवाला सबै घर परिवार खेतमा गएको मौका पारी खुला ढोकाबाट हामी प्रतिवादीहरू जाहेरवालाको घरभित्र प्रवेश गरी नगद पैसा कहाँ छ भनी खोजतलास गऱ्यौं । निजको घरको भुइँतलाको कोठाको बिस्ताराको सिरानीमुनि पैसाको मुठो देखी उक्त रुपैयाँ लिई बाहिर निस्की चौरमा बसी गन्दा एकमुष्ठ रु १,१४,०००।-( अक्षरूपी एक लाख चौध हजार मात्र) थियो, त्यसपछि हटिया बजारमा गई मासु, चिउरा, चाउमिन कोक खाई रिचार्ज कार्ड किनी पैसा मासी बचेको पैसा तीन जनालाई बाँड्दा मेरो भागमा रु

३१,२५०।- (अक्षरुपी एकतीस हजार दुई सय पचास मात्र) परेको थियो । उक्त पैसा मैले लगी सेतो प्लाष्टिकमा पोको पारी बाँसको ढुङ्ग्रोमा लुकाई उक्त ढुङ्ग्रोको मुख माटो र ढुङ्गाले बन्द गरेको थिएँ र उक्त स्थानमा बाहिरबाट पत्रिका समेत टाँसेको थिएँ । मिति २०६९।०३।२३ गते प्रहरीले मलाई पक्राउ गरी बरामदी मुचुल्कामा उल्लिखित रकम मेरो रोहबरमा बरामद गरेका हुन् भन्ने व्यहोराको प्रतिवादी ग खड्काले गरेको अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

जाहेरवाला यामबहादुर खाती मेरा छिमेकी हुन् । निजको आफन्तले जापानबाट पैसा पठाएका छन् भन्ने कुरा थाहा पाई म, क बहादुर रेग्मी र ग खड्का भई निज यामबहादुर खातीको घरमा गई पैसा चोर्ने भन्ने सल्लाह गऱ्यौं । मिति २०६९।०३।१८ गते दिन यकिन समय थाहा भएन, जाहेरवाला सबै घर परिवार खेतमा गएको मौका पारी खुला ढोकाबाट हामी प्रतिवादीहरू जाहेरवालाको घरभित्र प्रवेश गरी नगद पैसा कहाँ छ भनी खोजतलास गऱ्यौं, निजको घरको भुइँतलाको कोठाको बिस्ताराको सिरानीमुनि पैसाको मुठो देखी उक्त रुपैयाँ लिई बाहिर निस्की चौरमा बसी गन्दा एकमुष्ठ रु १,१४,०००।- (अक्षरूपी एक लाख चौध हजार मात्र) थियो । त्यसपछि हटिया बजारमा गई मासु, चिउरा, चाउमिन,  कोक खाई रिचार्ज कार्ड किनी पैसा मासी बचेको पैसा तीनजनालाई बाड्दा मेरो भागमा रु. ३१,०००।- (अक्षरुपी एकतीस हजार मात्र) परेको थियो । उक्त पैसा मैले आफू सुत्ने कोठाको झ्यालमा खाल्डो बनाई सेतो प्लाष्टिकले लपेटी माटोले पुरी लुकाई राखेको थिएँ । मिति २०६९।०३।२३ गते प्रहरीले मलाई पक्राउ गरी बरामदी मुचुल्कामा उल्लिखित रकम मेरा रोहवरमा बरामद गरेका हुन् भन्ने व्यहोराको प्रतिवादी ख बहादुर न्यौपानेले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

जाहेरवाला यामबहादुर खाती मेरा छिमेकी हुन् । निजको आफन्तले जापानबाट पैसा पठाएका छन् भन्ने कुरा थाहा पाई म, ग खड्का र ख बहादुर न्यौपाने भई निज याम बहादुर खातीको घरमा गई पैसा चोर्ने भन्ने सल्लाह गऱ्यौं । मिति २०६९।०३।१८ गते दिन यकिन समय थाहा भएन । जाहेरवाला सबै घर परिवार खेतमा गएको मौका पारी खुला ढोकाबाट हामी प्रतिवादीहरू जाहेरवालाको घरभित्र प्रबेश गरी नगद पैसा कहाँ छ भनी खोजतलास गऱ्यौं । निजको घरको भुइँतलाको कोठाको बिस्ताराको सिरानीमुनि पैसाको मुठो देखी उक्त रुपैयाँ लिई बाहिर निस्की चौरमा बसी गन्दा एकमुष्ठ रु १,१४,०००।- (अक्षरूपी एक लाख चौध हजार मात्र) थियो । त्यसपछि हटिया बजारमा गई मासु, चिउरा, चाउमिन, कोक खाई रिचार्ज कार्ड किनी पैसा मासी बचेको पैसा तीन जनालाई बाँड्दा मेरो भागमा रु. ४१,०००।- (अक्षरूपी एकचालीस हजार मात्र) परेको थियो । उक्त पैसा मैले लगी मेरो घर नजिकै रहेको शौचालयको गाऱ्होको बीच भागमा सेतो प्लाष्टिकमा पोको पारी घुसारी राखेको थिएँ । मिति २०६९।०३।२३ गते प्रहरीले मलाई पक्राउ गरी बरामदी मुचुल्कामा उल्लिखित रकम मेरो रोहबरमा बरामद गरेका हुन् भन्ने व्यहोराको प्रतिवादी क बहादुर रेग्मीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

जाहेरवाला तथा प्रतिवादीहरू मेरा छिमेकी हुन् । मिति २०६९।०३।१८ गते जिल्ला वागलुङ हटिया गा.वि.स. वडा नं. ७ बस्ने यामबहादुर खातीको घरबाट नगद रु. १,१४,०००।- (अक्षरूपी एक लाख चौध हजार मात्र) चोरी भएको भन्ने सुनी थाहा पाएको हुँ । पछि बुझ्ने क्रममा जिल्ला वागलुङ हटिया गा.वि.स. वडा नं. ७ बस्ने वर्ष १६ को ग खड्का, ऐ.ऐ. बस्ने वर्ष १६ को क बहादुर रेग्मी र ऐ.ऐ. बस्ने वर्ष १६ को ख बहादुर न्यौपानेले चोरी गरेको भन्ने थाहा पाई जाहेरवालाले इलाका प्रहरी कार्यालय गल्कोटमा निबेदन दिए पश्चात् प्रहरीहरूले तलासी गर्ने क्रममा क बहादुर रेग्मीको ट्वाइलेटबाट रु. ४१,०००।- ख बहादुर न्यौपानेको घरबाट ३१,०००।- र ग खड्काको घरबाट रु. ३१,२५०।- बरामद गरेका हुन् भन्ने व्यहोराको बुझिएका मानिसहरू बलबहादुर खत्री, गंगाबहादुर खत्री, डिलबहादुर खत्री, इन्द्रबहादुर खत्री र सुरमादत्त न्यौपानेले गरेको एकै मिलान व्यहोराको घटना विवरण कागज ।

प्रतिवादीहरूले मुलुकी ऐन चोरीको महलको १ नं. अनुसारको अपराध गरेको हुँदा । सोही मुलुकी ऐन चोरीका महलको १२ नं. अनुसार सजाय हुनुपर्नेमा निजहरूले वयान गर्दा १६ वर्ष उमेर भने पनि सम्बन्धित गा.वि.स.को च.नं. १ मिति २०६९।४।१ को पत्रद्वारा नाबालक भएको हुँदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ को देहाय उपदफा (३) अनुसार उक्त हुने सजायको आधा सजाय हुन र बरामद भएको कुल बिगो रु १,०३,२५०।- मुलुकी ऐन चोरीका महलको १० नं. र २१ नं. अनुसार जाहेरवालालाई भराई दिलाई दिई नपुग विगो रु १०७५०।- सोही नं. अनुसार प्रतिवादीहरूको जायजेथावाट जाहेरवालालाई भराई दिन समेत माग दाबी लिइएको छ । माग दाबी अनुसार सजाय हुन पक्राउमा परेका प्रतिवादीहरू जना ३ र सक्कल मिसिल यसै अभियोगपत्रसाथ पेस गरिएको छ । माग दाबी अनुसार सजाय होस् भन्ने समेत व्यहोराको अभियोगपत्र ।

मिति २०६९।३।१८ गते म आफ्नै घरमा थिएँ । मैले पैसा चोरेको होइन । जाहेरवालाको छोरा वर्ष ६ को विवश खातीले रु. १,१४,०००। मलाई उक्त मितिमा दिएकाले मैले मागेर लगेको हुम् । विवशसँगबाट लगेको पैसा हामी तीन जना साथीले बाँडेको हो । मैले रु. ४१,०००। राखें । त्यसपछि हामीहरू आफ्नै घरमा गएको हो । मेरो घरबाट प्रहरीले वरामद गरेको भनिएको रकम रु. ४१,०००। ठीक हो । मैले सिरानीमुनिबाट रकम चोरेको नभै विवश खातीसँग मागेर लगेको हुँदा मलाई चोरी अनुसार सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादीमध्येका क बहादुर रेग्मीले यस अदालतमा आई गरेको बयान मिसिल सामेल रहेछ ।

मिति २०६९।३।१८ गते म आफ्नै घरमा थिएं । मैले पैसा चोरेको होइन । जाहेरवालाको छोरा विवश खातीले यस मुद्दाका प्रतिवादी क बहादुर रेग्मीलाई रु १,१४,०००। दिएकाले उक्त रुपैयाँ म समेतका ३ जनाले बाँडेको हो । मलाई परेको ३१,२५०। मैले घरमा राखेको थिएँ । उक्त पैसा प्रहरीले मेरो घरबाट बरामद गरेको ठीक हो । मैले जाहेरी बमोजिम चोरी गरेको होइन । मैले चोरी गरेको नहुँदा अभियोग बमोजिम सजाय पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादीमध्येका ग खड्काले यस अदालतमा आई गरेको बयान मिसिल सामेल रहेछ ।

मिति २०६९।३।१८ गते म बाटोमा हिँडिरहेको अवस्थामा क वहादुर रेग्मीले मलाई र ग खड्कालाई बोलाई विवशले मलाई रुपैयाँ दिएको छ भने त्यसपछि हामी ३ जनाको सल्लाह भई भागबण्डा गर्दा मैले रु. ३१,०००। रुपैयाँ पाएको थिएँ । उक्त रुपैयाँ लगी घरमा सुत्ने कोठमा लुकाई राखेको थिएँ । उक्त रुपैयाँ प्रहरीले मेरो घरबाट बरामद गरेको ठीक हो । मैले जाहेरी बमोजिम चोरी गरेको होइन । मैले चोरी गरेको नहुँदा अभियोग बमोजिम सजाय पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादीमध्येका ख बहादुर न्यौपानेले यस अदालतमा आई गरेको बयान मिसिल सामेल रहेछ ।

मिति २०६९।३।१८ गते मेरो घरको कोठाबाट १,१४,०००। रुपैयाँ चोरी भएको हो । उक्त रुपैयाँ यी प्रतिवादीहरूसँग कसरी पुग्यो मैले देखिन । जाहेरी दरखास्तमा भएको व्यहोरा र सहीछाप मेरो हो । प्रतिवादीहरू जना ३ को घर कोठाबाट प्रहरीले बरामद गरी लगेको रुपैयाँ मेरो हो । उक्त रुपैयाँ मैले पाएको छैन । मैले पाउनुपर्ने हो भन्ने समेत व्यहोराको जाहेरवाला यामबहादुर खातीले यस अदालतमा आई गरेको बकपत्र ।

यामबहादुर खातीको रु.१,४०,००।  चोरी भएको हल्ला सुनेपछि म समेत गाउँमा जम्मा भै बुझ्दा विवश भन्ने बच्चाले लगेको भन्ने थाहा भएर क बहादुरलाई सोध्दा हामीलाई थाहा छैन भनेपछि प्रहरीलाई खबर गरेर प्रतिवादीलाई लगेका हुन् । चोरी भएको भन्ने होइन । प्रतिवादीहरू राम्रा चरित्र भएका व्यक्ति हुन् । प्रहरीमा कागज गर्दा हामीलाई बोलाएर सही गर भनी भनेकोले हामीले सही गरेका हुम् भन्ने समेत एकै मिलान व्यहोराको प्रतिवादीका साक्षी गंगावहादुर क्षेत्री, बलबहादुर खत्री, इन्द्रबहादुर खत्री समेतले यस अदालतमा आई एकै मिलान व्यहोराको छुट्टाछुट्टै गरेको बकपत्र मिसिल संलग्न रहेछ ।

यसमा बरामद भएको रकम रु. १,०३,२५०। फिर्ता पाऊँ भनी जाहेरवाला यामबहादुर खातीको द.नं. ३३५ मिति २०६९।६।२० को निवेदन माग बमोजिम मिसिल संलग्न कागजात हेर्दा जिल्ला सरकारी वकिल कार्यालय वागलुङको च.नं. ९६ मिति २०६९।६।१० गतेको पत्रबाट निज जाहेरवाला यामबहादुर खातीलाई बरामद भै आएको रकम फिर्ता दिनुहुन भनी पत्र समेत प्राप्त भएको र बरामद भएको उक्त रु १,०३,२५०। रकम जाहेरवाला यामबहादुर खातीको ६ वर्षको छोरा विवश खातीवाट यी प्रतिवादीहरूले प्राप्त गरेको भन्ने कुरा प्रतिवादीहरूले यस अदालतमा आई बयान गर्दा समेत स्वीकारै गरेका र उक्त कुरालाई समर्थन हुने गरी प्रतिवादीका साक्षी इन्द्रबहादुर खत्री समेतले यस अदालतमा आई बकपत्र गरेको समेतको अवस्था हुदा वरामद भएको उक्त रुपैयाँ जाहेरवाला यामबहादुर खातीकै रहे भएको देखिन आएकोले र.नं. ०४ मिति २०६९।४।३ मा धरौट आम्दानी वांधिएको निवेदन माग बमोजिम बरामद भएको उक्त रु १,०३,२५०। रकम नियामानुसार जाहेरवालालाई फिर्ता दिनू भन्ने मिति २०६९।६।२६ को आदेश मिसिल संलग्न रहेछ ।

प्रस्तुत मुद्दामा बरामद भई आएको रु १,०३,२५०। (एक लाख तीन हजार दुई सय पचास) चेक नं ७०८८४६२९।  बाट जाहेरवाला यामबहादुर खातीले बुझिलिई गरिदिएको भर्पाई मिसिल संलग्न रहेछ ।

यस अदालतका आदेशानुसार प्रस्तुत मुद्दामा समाजसेवी डा. प्रेम शर्मा पौडेलले मिति २०६९।८।३ मा पेस गरेको सामाजिक अध्ययन प्रतिवेदन मिसिल संलग्न रहेछ ।

प्रस्तुत मुद्दाको कारबाहीको क्रममा कानुनसँग द्वन्द्वमा परेका बालकहरू प्रतिवादी तथा निजहरूको विज्याइँपूर्ण कार्यबाट जाहेरवालाको धन चोरी भएको भनी निजहरू उपर चोरीको मुद्दा दायर भएको हुँदा प्रतिवादीहरूको वास्तविक नाम गोप्य राखी परिवर्तित नामबाट मुद्दाको कारबाही गरिनुपर्नेमा कारबाहीको क्रममा त्यसरी वास्तविक नाम गोप्य राखिएको अवस्था नदेखिएकाले यस अदालतबाट आजै हुने फैसलामा प्रतिवादीहरूको वास्तविक नामको सट्टा परिवर्तित नाम क वहादुर रेग्मी, ख बहादुर न्यौपाने र ग खड्का उल्लेख गरी कानुन बमोजिम फैसला तयार गर्नू भन्ने मिति २०६९।८।६ को आदेश मिसिल सामेल रहेछ ।

## अदालतको ठहर

नियाम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी बाल इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री रमानाथ पौडेलले र कानुनसँग द्वन्द्वमा परेका बालकहरूका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री राम शर्माले गर्नुभएको बहस समेत सुनी, मिसिल संलग्न सम्पूर्ण कागजातहरूको अध्ययन गरी प्रस्तुत मुद्दामा उपस्थित हुनुभएका बाल इजलासका सहयोगी सदस्यद्वय बालमनोविज्ञ श्री सरस्वती शर्मा र समाजसेवी डा. प्रेमप्रसाद शर्मा पौडेलसँगको छलफल समेतबाट निर्णयतर्फ विचार गर्दा - यी प्रतिवादी बालकहरूले आरोपित विज्याइँ गरेका हुन् होइनन् ? हुन् भने के कति सजाय हुनुपर्ने हो ? सो कुराको निर्णय दिनुपर्ने देखिन आयो ।

प्रतिवादीहरूले मुलुकी ऐन चोरीको महलको १ नं. अनुसारको अपराध गरेको हुँदा सोही मुलुकी ऐन चोरीको महलको १२ नं. अनुसार सजाय हुनुपर्नेमा निजहरूले बयान गर्दा १६ वर्ष उमेर भने पनि सम्वन्धित गा.वि.स.को च.नं. १ मिति २०६९।४।१ को पत्रद्वारा नाबालक भएको हुँदा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ को देहाय उपदफा (३) अनुसार उक्त हुने सजायको आधा सजाय हुन र बरामद भएको कुल बिगो रु १,०३,२५०।- मुलुकी ऐन चोरीको महलको १० नं. र २१ नं. अनुसार जाहेरवालालाई भराई दिलाई नपुग बिगो रु १०,७५०।- सोही नं. अनुसार प्रतिवादीहरूको जायजेथाबाट

जाहेरवालालाई भराई पाऊँ भन्ने समेत व्यहोराको अभियोगपत्र । नगद रु १,१४,०००।- चोरी भएको भन्ने व्यहोराको चार किल्ला सहितको घटनास्थल मुचुल्का मिसिल संलग्न रहेको । जाहेरवाला यामबहादुर खाती हाम्रा छिमेकी हुन् । निजको आफन्तले जापानबाट पैसा पठाएका छन् भन्ने कुरा थाहा पाई हामी ३ जना भई निज यामबहादुर खातीको घरमा गई पैसा चोर्ने सल्लाह गरी, मिति २०६९।०३।१८ गते दिन जाहेरवाला सबै घर परिवार खेतमा गएको मौका पारी खुला ढोकाबाट म समेतका सबै जाहेरवालाको घरभित्र प्रवेश गरी नगद पैसा खोजतलास गर्दा निजको घरको भुइँतलाको कोठाको बिस्ताराको सिरानीमुनि पैसाको मुठो देखी उक्त रुपैयाँ लिई बाहिर निस्की चौरमा बसी गन्दा एकमुष्ठ रु १,१४,०००।-( अक्षरूपी एक लाख चौध हजार मात्र) थियो, त्यसपछि हटिया बजारमा गई मासु, चिउरा, चाउमिन कोक खाई रिचार्ज कार्ड किनी पैसा मासी बचेको पैसा तिन जनालाई बाँड्दा म 'क' बहादुर रेग्मीको भागमा पर्न आएको रु ४१,०००।-मैले लगी मेरो घर नजिकै रहेको शौचालयको गाऱ्होको बीच भागमा सेतो प्लाष्टिकमा पोको पारी घुसारी राखेको थिएँ । मिति २०६९।०३।२३ गते प्रहरीले मलाई पक्राउ गरी बरामदी मुचुल्कामा उल्लिखित रकम मेरो रोहवरमा बरामद गरेका हुन् भन्ने र म 'ख' बहादुर न्यौपानेको भागमा परेको रु.३१,०००।-मैले आफू सुत्ने कोठाको झ्यालमा खाल्डो बनाई उक्त पैसा सेतो प्लास्टिकले लपेटी माटोले पुरी लुकाई राखेको थिएँ । मिति २०६९।०३।२३ गते प्रहरीले मलाई पक्राउ गरी बरामदी मुचुल्कामा उल्लिखित रकम मेरा रोहवरमा बरामद गरेका हुन् भन्ने र अर्का प्रतिवादी म 'ग' वहादुर खड्काको भागमा परेको रु. ३१,२५०।- उक्त पैसा मैले लगी सेतो प्लास्टिकमा पोको पारी बाँसको ढुङ्ग्रोमा लुकाई उक्त ढुङ्ग्रोको मुख माटो र ढुङ्गाले बन्द गरेको थिएँ र उक्त स्थानमा बाहिरबाट पत्रिका समेत टाँसेको थिएँ । मिति २०६९।०३।२३ गते प्रहरीले मलाई पक्राउ गरी बरामदी मुचुल्कामा उल्लिखित रकम मेरो रोहवरमा बरामद गरेका हुन् भनी अधिकार प्राप्त अधिकारी समक्ष निज प्रतिवादीहरूले छुट्टाछुट्टै बयान गरेको पाइन्छ भने जाहेरवाला यामबहादुर खातीको घरबाट नगद रु. १,१४,०००।- चोरी भएको भन्ने सुनी थाहा पाएको हुँ । पछि बुझ्ने क्रममा उक्त रुपैयाँ प्रतिवादीहरूको साथबाट बरामद भएको हो भन्ने व्यहोराको बुझिएका मानिसहरू बलबहादुर खत्री, गंगाबहादुर खत्री, डिलबहादुर खत्री, इन्द्रबहादुर खत्री र सुरमादत्त न्यौपानेले गरेको एकै मिलान व्यहोराको घटना विवरण कागज गरेको पाइन्छ भने हामीहरूले जाहेरी बमोजिम चोरी गरेको नहुँदा अभियोग बमोजिम सजाय पाउनुपर्ने होइन भनी उक्त चोरी भएको भनिएको रुपैयाँ जाहेरवालाको छोरा वर्ष ६ का विवशले दिएर मागी लगी हामीहरू जना ३ ले बाँडिएको र उक्त रुपैयाँ प्रहरीले लगेको कुरामा स्वीकार गरी प्रतिवादीहरूले यस अदालतमा छुट्टाछुट्टै बयान गरेको पाइन्छ । मिति २०६९।३।१८ गते मेरो घरको कोठाबाट १,१४,०००। रुपैयाँ चोरी भएको हो । उक्त रुपैयाँ यी प्रतिवादीहरूसँग कसरी पुग्यो मैले देखिन । जाहेरी दरखास्तमा भएको व्यहोरा र सहीछाप मेरो हो । प्रतिवादीहरू जना ३ को घर कोठाबाट प्रहरीले वरामद गरी लगेको रुपैयाँ मेरो हो । उक्त रुपैयाँ मैले पाएको छैन । मैले पाउनुपर्ने हो भनी जाहेरवाला यामबहादुर खतीले यस अदालतमा आई बकपत्र गरेको पाइन्छ । प्रतिवादीका साक्षी गंगाबहादुर क्षेत्री, समेतले जाहेरवालाको रुपैयाँ चोरी भएको हल्ला सुनेपछि म समेत गाउँमा जम्मा भै बुझ्दा जाहेरवालाका छोरा वर्ष ६ को विवश भन्ने बच्चाले लगेको भन्ने थाहा भएर प्रतिवादी क बहादुर रेग्मीलाई सोध्दा हामीलाई थाहा छैन भनेपछि प्रहरीलाई खवर गरेर प्रतिवादीलाई लगेका हुन । चोरी भएको भन्ने होइन भनी बलबहादुर खत्री समेतले यस अदालतमा आई प्रतिवादीहरूले अदालतमा गरेको बयानलाई समर्थन हुने गरी छुट्टाछुट्टै बकपत्र गरेको पाइन्छ । यसरी माथि उल्लेख गरे बमोजिमका मिसिल सामेल रहेका प्रतिवादीहरू उपरको किटानी जाहेरी दरखास्त, बरामदी मुचुल्का, प्रतिवादीहरूको अधिकार प्राप्त अधिकारी समक्ष एवं अदालतमा भएको बयान व्यहोरा, बुझिएका मानिसहरूले गरिदिएको घटना विवरण कागज, यी तीनै जना प्रतिवादीहरूको घर, गोठ, शौचालय समेतबाट जाहेरवालाको चोरी भएको रुपैयाँ बरामद भएको कुरा प्रतिवादीहरूले अदालतमा समेत स्वीकार गरी

बयान गरेको पाइन्छ । तर निजहरूले जाहेरवालाको वर्ष ६ को नाबालक छोरा विवशको साथबाट आफूहरूले लिई एकआपसमा बाँडेका हौं भनी बयान गरेको पाइए तापनि मु.ऐन चोरीको १ नं. मा "आफ्नो हक नपुग्ने अचल भइरहेकोलाई चलको हिसाब गराई चल धनमाल समेत हक पुग्ने धनीलाई थाहा नदिई वा उसको मञ्जुरी नलिई धनीको हक मेटाई आफूले लिना खानाका लागि जुनसुकै कुरो गरी बेइमानीका नियतले कसैले लग्यो भने चोरी गरेको ठहर्छ" भन्ने उल्लेख भएको र चोरीको महलको २ नं मा "सगोल परिवारमा नाबालकहरूलाई थाहा दिएको वा नाबालकको मञ्जुरी लिएकोमा यसै महलको १ नं. को प्रयोजनको निमित्त धनीलाई थाहा दिएको वा धनीको मञ्जुरी लिएको ठहर्दैन" भन्ने कानुनी व्यवस्था भएको हुँदा निजहरूले जाहेरवालाको ६ वर्षको नाबालक छोरा विवशबाट लिएका हौं भने तापनि सो व्यवहार चोरीको १ नं अनुसार चोरी गरेको ठहर्ने हुँदा उल्लिखित विभिन्न आधार प्रमाणहरू समेतबाट यी प्रतिवादी बालकहरूले अभियोग माग दाबी वमोजिम आरोपित कसुर गरेको भन्ने पुष्टि हुन आयो । साथै यी प्रतिवादीहरूले चोरीको आरोपित कसूर गरेको पुष्टि हुन आए तापनि अब के कति बिगो चोरी भएको हो भन्ने सम्बन्धमा विचार गर्दा- यी प्रतिवादीहरूमध्ये ख बहादुर न्यौपानेको घरबाट रु. ३१,०००।, ग खड्काको घरबाट रु. ३१,२५०। र क बहादुर रेग्मीको घर शौचालयबाट रु. ४१,०००। समेत जम्मा रु. १,०३,२५०। मात्र बरामद भएको मिसिल सामेल रहेको बरामदी मुचुल्काबाट देखिन्छ । चोरी मुद्दामा प्रतिवादीहरूबाट जे जति रकम बरामद भएको छ, त्यसैलाई नै चोरीको बिगो कायम गर्नुपर्ने हुँदा, बरामद नै हुन नसकेको रकमलाई समेत चोरी भएको भनी मान्न पनि मनासिब देखिँदैन । त्यसैले बरामद भएको रु १,०३,२५०। मात्र बिगो रकम चोरी भएको मान्नुपर्ने हुन्छ । तसर्थ निजहरू प्रत्येकबाट जे जति रकम बरामद भएको छ, सो रकमसम्म निजहरूले मुलुकी ऐन चोरीको महलको १ नं बमोजिम कसुर गरेको ठहर्छ । प्रस्तुत अभियोगपत्रमा उमेर पुगेका व्यक्ति भए मुलुकी ऐन चोरीको १२ नं बमोजिम सजाय हुनुपर्नेमा यी प्रतिवादीहरू नाबालक भएकाले उल्लिखित कसुर गर्ने यी बालकहरूलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (३) बमोजिम उक्त हुने सजायको आधा सजाय र बरामद भएको कुल बिगो रु. १,०३,२५०। मुलुकी ऐन चोरीको महलको १० र २१ नं अनुसार जाहेरवालालाई दिलाई भराई नपुग बिगो रु. १०,७५०। सोही नं अनुसार दिलाई पाऊँ भनी माग दाबी लिइएको देखिँदा उक्त बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) मा भएको कानुनी व्यवस्था हेर्दा "बालकको उमेर १४ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानुन बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ । मिसिल सामेल रहेको वागलुङ जिल्ला हटिया गा.वि.स को मिति २०६९।४।१ गतेको पत्र एवं धौलागिरी अञ्चल अस्पताल वागलुङको २०६९।४।१ गतेको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समेत यी प्रतिवादीहरू १४ वर्षभन्दा माथि र १६ वर्षभन्दा मुनिका नाबालक रहेछन् भन्ने देखिन आयो । अभियोग दाबी अनुसार उमेर पुगेका व्यक्तिले उल्लिखित कसुर गरेको भए मुलुकी ऐन चोरीको १२ नं बमोजिम, बिगो बमोजिम जरिवाना हुने र १ (एक) महिना कैदको सजाय हुने व्यवस्था रहे भएकोमा यी प्रतिवादीहरू बालक भएकोले उक्त कसूर (विज्याइँ) गरे बापत बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उल्लिखित सजायको आधा सजाय मात्र हुने प्रावधान रहे भएकोले सोही ऐनको दफा ११(३) बमोजिम आधा सजाय हुने हुँदा यी प्रतिवादीहरू नाबालक भएकोले निजहरू उपर बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ११ को उपदफा (३) अनुसारको सजायको माग दाबी लिई अभियोगपत्र दायर भएको देखिँदा सोही ऐनको दफा ११(३) वमोजिम यी प्रतिवादीहरूबाट जनही बरामद भई आएको बिगो रकमको आधा रकम जरिवाना र १५ (पन्ध्र) दिन कैद सजाय हुने ठहर्छ । कैदको हकमा विचार गर्दा- बाल अधिकार सम्बन्धी महासन्धि १९८९ लाई नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेर नेपाल उक्त महासन्धिको पक्ष राष्ट्र भएको हुँदा नेपालको सन्धि ऐन २०४७ को दफा ९ अनुसार उक्त महासन्धिका प्रावधानहरू कानुन सरह लागू

हुने र कुनै नेपाल कानुन उक्त महासन्धिसँग बाझिएको भएमा उक्त महासन्धिको व्यवस्था नै मान्य हुने व्यवस्था गरेको पाइन्छ । बाल अधिकार सम्वन्धी महासन्धि १९८९ को धारा ३७ को खण्ड(ख) मा कुनै पनि बालबालिकालाई गैरकानुनी वा अनुचित तवरले निजको स्वतन्त्रताबाट वञ्चित गरिने छैन र बालबालिकाको गिरफ्तारी, थुना वा कारावास कानुन अनुकूल तवरबाट हुनेछ र सम्भव भएसम्म छोटो, उपयुक्त समयको लागि र अन्तिम रूपमा मात्र अपनाइने कुराको राज्य पक्षले निश्चित गर्नेछन् भन्ने व्यवस्था गरेको देखिँदा उक्त प्रावधानलाई हेर्दा- बालबालिकालाई कैदको सजाय तोक्दा सम्भव भएसम्म छोटो र उपयुक्त समयको लागि मात्र तोक्नुपर्ने भन्ने उल्लेख भएको देखियो । त्यस्तैगरी उक्त महासन्धिको धारा ९ को उपधारा १ मा व्यवस्थित प्रावधानहरूलाई दृष्टिगत गर्दा बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर राख्नुपर्ने देखिन आयो । त्यसैले बालबालिकालाई लागेको कैदको सजाय गर्दा कारागारमा थुनामा पठाउनु पनि न्यायोचित नहुने हुँदा कैदको हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५० को उपदफा २ मा भएको कानुनी व्यवस्था अनुसार प्रतिवादीहरूलाई जिल्ला बालकल्याण समिति वागलुङ्गका प्रमुखको जिम्मा दिई निजकै संरक्षणमा रही प्रतिवादीहरूलाई लागेको कैद व्यतीत हुने गरी जिम्मा दिनू । साथै अभियोगपत्रमा बरामद भएको र नपुग बिगो समेत चोरीको १० र २१ नं बमोजिम जाहेरवालालाई दिलाई भराई पाऊँ भन्ने माग दाबी भएकोमा प्रस्तुत मुद्दामा बरामद भएको बिगो रकमसम्म चोरी गरेको ठहरेकोले सो रकम जाहेरवाला यामबहादुर खातीले बुझिलिइसकेको मिसिलबाट देखिएको हुँदा नपुग बिगोतर्फको अभियोग दाबी पुग्न सक्दैन । अरू तपसिलका कुरामा तपसिल बमोजिम नै हुने गरी अ.ब. १८६ नं बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

१) माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरू क बहादुर रेग्मी, ख बहादुर न्यौपाने, ग खड्कालाई अभियोग माग दाबी बमोजिम जरिवाना र १(एक) महिना कैद सजाय हुने ठहरी फैसला भएकोले निज प्रतिवादीहरू नाबालक भएको हुँदा निजहरू उपर बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (३) अनुसार जनही बरामद भएको बिगो रकमको आधा रकम जरिवाना र १५ (पन्ध्र) दिन कैद सजाय हुने ठहरी आजै फैसला भएकोले निजहरूलाई सो कैद व्यतीत गर्नको निमित्त जिल्ला बालकल्याण समिति वागलुङका प्रमुख जिम्मा दिई निजकै संरक्षकमा रही प्रतिवादी जना ३ लाई जनही लागेको कैद भुक्तान हुने गरी फैसला भएकोले निज प्रतिवादीहरू जना ३ परिवर्तित नाम (**क बहादुर रेग्मी, ख बहादुर न्यौपाने र ग बहादुर खड्का**) पुर्पक्षको लागि प्रहरी हिरासतमा र यस अदालतका आदेशानुसार मिति २०६९।३।२४ देखि २०६९।४।३ गतेसम्म दिन ९ (नौ) प्रहरी हिरासतमा बसिसकेको मिसिलबाट देखिँदा बालबालिका सम्बन्धी ऐन २०४८ को दफा ५० को उपदफा २ बमोजिम निजहरू जना ३ लाई आज मिति २०६९।८।६ गतेदेखि लागू हुने गरी बाँकी ६ दिन कैद व्यतीत गर्नका लागि आज मिति २०६९।८।६ देखि ऐ ११ गतेसम्म जिल्ला बालकल्याण समिति बागलुङ्गका प्रमुखको जिम्मा दिई निजकै संरक्षणमा रही प्रतिवादीहरूलाई लागेको कैद व्यतीत हुने गरी ऐ १२ गते छुटी जाने गरी जिम्मा दिनू .........................१

२) प्रतिवादीहरूबाट बरामद भई आएको बिगो रकमको आधा रकम जरिवाना हुने ठहरी फैसला भएकोले बरामद भै अभियोगसाथ प्राप्त हुन आएको बिगो रकम रु. १,०३,२५०। मध्ये क बहादुर रेग्मीबाट रु.४१,०००।, ख बहादुर न्यौपानेबाट रु. ३१,०००। र ग खड्काबाट रु. ३१२५०। बरामद भै आएको देखिँदा सोको आधा क्रमशः २०,५००।, १५,५००। र १५,६२५। गरी जम्मा रु. ५१,६२५। प्रतिवादीहरूलाई जरिवाना हुने हुँदा प्रतिवादीहरूबाट सो रकम असुल उपर गरी लिनुपर्नेमा प्रतिवादीहरूले यस अदालतका मिति २०६९।४।३ का आदेशानुसार क बहादुर रेग्मीले र.नं. ०१ बाट रु. २०,०००।, ख बहादुर

न्यौपानेले र.नं ०२ बाट रु. १५,०००। र ग खड्काले र.नं ०३ बाट रु. १५,०००। धरौट राखी तारेखमा रही आएको अवस्था देखिँदा नपुग जरिवाना बापतको रकम रु १,६२५। क बहादुर रेग्मीबाट रु. ५००।, ख बहादुर न्यौपानेबाट रु ५००। र ग खड्काबाट रु. ६२५। निजहरू रोहवरमा हुँदा असुल गरी लगत कसी लगतमा असुली जनाउनू...............................................................................................................१

३) अभियोगपत्रसाथ बरामद भई आएको रकम रु. १,०३,२५०। यस अदालतको मिति २०६९।६।२६ का आदेशानुसार निज जाहेरवालाले चे.नं. ७०८८४६२९ बाट बुझी लिई भर्पाई गरिदिएको कागज मिसिल संलग्न देखिँदा केही बोलिरहनुपरेन ..........................................................................१

४) प्रस्तुत मुद्दाको फैसलामा चित्त नबुझे स.मु.स ऐन, २०४९ को दफा २६ बमोजिम सत्तरी (७०) दिनभित्र श्री पुनरावेदन अदालत वागलुङमा पुनरावेदन गर्नू भनी प्रतिवादीहरू **क बहादुर रेग्मी, ख बहादुर न्यौपाने र ग बहादुर खड्का**लाई पुनरावेदनको म्याद दिनू...........................................................................१

५) मुलुकी ऐन चोरीको १० र २१ नं बमोजिम बरामद भएको बिगो रकम र बरामद हुन नसकेको नपुग बिगो रकम समेत दिलाई भराई पाऊँ भन्ने अभियोग माग दाबी भएकोमा नपुग बिगोतर्फको माग दाबी पुग्न नसकेकोले सो इन्साफमा चित्त नबुझे स.मु.स ऐन, २०४९ को दफा २६ बमोजिम सत्तरी (७०) दिनभित्र श्री पुनरावेदन अदालत वागलुङमा पुनरावेदन गर्नू भनी जि.स.व.का वागलुङलाई फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी पठाइदिनू ..................................................................१

६) सरोकारबालाले फैसलाको नक्कल सहितका कागजातहरूको प्रतिलिपि माग गरे नियामानुसार लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू ..........................................................................................१

७) प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी पुनरावेदन परे मिसिल पुनरावेदन अदालत वागलुङमा पठाइदिने गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू...........................................................१

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाए
बमोजिम टिपी फैसला तयार गर्ने
ना.सु दानप्रसाद शर्मा
क.अ होमनाथ शर्मा

**न्यायाधीश**

**इति संवत् २०६९ साल मंसिर ६ गते रोज ४ शुभम्** ...................

**श्री झापा जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री गिरिराज गौतम**
**फैसला**
**संवत् २०६८ सालको स.फौ. १८-०६८-०१०४२**

**मुद्दा : लागूऔषध ।**
**निर्णय नं.११६**

**वादीको नाम, थर, वतन**
प्र.ना.उ. भीम दाहाल समेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार..............................१

**निजको साक्षी**
साक्षी............
कागज............

**प्रतिवादीको नाम, थर, वतन**
जि. झापा मेचीनगर नगरपालिका वार्ड नं. ९ नकलबन्दा बस्ने खेमराज निरौलाको छोरा वर्ष २९ को रोशन निरौला..............................................................१
जिल्ला झापा मेचीनगर नगरपालिका वार्ड नं. ९ गोपाल किसानको छोरा वर्ष २२ को राजकुमार किसान............१
जि. झापा मेचीनगर नगरपालिका वार्ड नं. १३ जोरसिमल बस्ने बुधन बाँतरको छोरा वर्ष २७ को कुरकुरे भन्ने सुशील बाँतर चौधरी.....................................१
जि. झापा मेचीनगर नगरपालिका वार्ड नं. १३ बस्ने लाटा धिमालको छोरा वर्ष ३२ को दण्डेश धिमाल.........१

**निजको साक्षी**
साक्षीः-
कागजः-

**अदालतबाट बुझेको**
साक्षी :-
कागज :-

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं अनुसार यस अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त बिबरण यस प्रकार छ :-**

जिल्ला झापा मेचीनगर नगरपालिका वडा नं. ९ स्थित पूर्वमा टाङटिङ्ग खोला, पश्चिममा रोशन निरौलाको घर, उत्तरमा भीमप्रसाद अधिकारीको घर, दक्षिणमा रोशन निरौलाको ट्वाइलेट यति चार किल्लाभीत्रमा रहेको रोशन निरौलाको गाई भैंसीलाई घाँस हाल्ने डुड (सिमेन्ट) मा १५ केजी गाँजा प्लाष्टिकले बेरी पोको पारिरहेको अवस्थामा परालले छोपी लुकाएको अवस्थामा फेला परेको भन्ने समेत व्यहोराको बरामदी/खानतलासी मुचुल्का ।

जिल्ला झापा मेचीनगर नगरपालिका वार्ड नं. ९ पूर्वमा काली खोला, पश्चिममा चिया बगान, उत्तरमा रोशन पौडेलको खेत, दक्षिणमा चमारु चौधरीको खेत यति चार किल्लाभित्रमा रहेको रोशन निरौलाको जोतेको गराको भित्ता साइडमा शंका लागी माटो खनी हेर्दा प्लाष्टिकले मोडी प्लाष्टिकको

रसीले वरिपरि बाँधेको अवस्थामा ४५ केजी गाँजाको ३ पोका फेला पारेको भन्ने समेत व्यहोराको बरामदी खानतलासी मुचुल्का ।

जिल्ला झापा मेचीनगर नगरपालिका वार्ड नं. ९ नकलबन्दास्थित पूर्वमा मेची खोल, पश्चिममा सुरकुरु राजवंशीको खेत, उत्तरमा धनेश राजवंशीको घर, दक्षिणमा गरमथान देवताको मन्दिर, यति चार किल्लाभित्रमा रहेको वरिपरि टाटीबेरा । टिनको छानो भएको राजकुमार किसानको १ तले १ कोठे तीनवटा झुप्री घर तलासी गर्दा केही फेला नपरेको र निज राजकुमार किसानको दक्षिणपट्टिको झुप्रो घरको दक्षिण बलेसीबाट ११ फिट टाढा बलेसीको करेसाबारीमा २ फिट गहिरो प्लाष्टिकले प्याक गरेको १ पोका १५ केजी लागूऔषध गाँजा फेला परेको भन्ने समेत बरामदी/खानतलासी मुचुल्का ।

मिति २०६८।१०।२१ गते १७:०० बजेको समयमा जिल्ला झापा मेचीनगर नगरपालिका वार्ड नं. ९ नकलबन्दा बस्ने रोशन निरौलाको खेतमा खाल्डो खनी माटोले पुरी लागूऔषध (गाँजा) लुकाई राखेको छ भन्ने गोप्य सूचनाको आधारमा मजकुर पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगरबाट खटी आएको अपराध अनुसन्धान ब्युरो र यस कार्यालय समेतबाट प्रहरी परिचालन भई निज रोशन निरौलाको खेतको माटो खनी तलासी लिँदा खेतको आलीको भित्तामा खाल्डो खनी माटोले पुरी राखेको अवस्थामा रातो, हरियो प्लाष्टिकले प्याक गरी राखेको अवस्थामा तीन पोका गाँजा ४५ केजी र सो स्थानबाट ५०० मिटर पूर्व रहेको रोशन निरौलाकै घर पूर्वपट्टि खुला ठाउँमा रहेको गाईवस्तुलाई दिने सिमेन्टको ठूलो डुँडमा लुकाई राखेको अवस्थामा १ पोका गाँजा (१५) केजी फेला पारी तत्काल बरामद गरी निज रोशन निरौलालाई पक्राउ गरी उक्त लागूऔषध को कसको हो भनी तत्काल सोधपुछ गर्दा उक्त गाँजा मेचीनगर नगरपालिका वार्ड नं. १३ बस्ने कुरकुरे भन्ने सुशील बाँतर चौधरी र ऐ. १३ बस्ने दण्डेश धिमाललाई घरमा नै फेला पारी निज कुरकुरे भन्ने सुशील बाँतर समेतलाई अन्य लागूऔषध गाँजा कहाँ छ भनी सोधी खोजी गर्दा जिल्ला झापा मेचीनगर नगरपालिका वार्ड नं. ९ बस्ने राजकुमार किसानको घर छेउमा लुकाई राखेको छ भनी बताएको हुँदा तत्काल उक्त स्थानमा खटिई गई लुकाई छिपाई राखेको लागूऔषध गाँजा १ पोका (१५) केजी फेला पारी निज राजकुमार किसान समेतलाई घरमा नै फेला पारी पक्राउ गरी जम्मा गाँजा लागूऔषध ७५ केजी सहित रोशन निरौला, कुरकुरे भन्ने सुशील बाँतर चौधरी, दण्डेश धिमाल, राजकुमार किसान समेतलाई पक्राउ गरी बरामद गरी आवश्यक कारबाहीका लागि दाखेला गरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

मेरो खेत तथा बारी छेउमा प्रतिवादी सुशलि बाँतर चौधरीले लुकाई छिपाई खाल्डो खनी राखेको गाँजा दुवै ठाउँमा गरी ६० केजी गाँजा बरामद भएको मिति २०६८।१०।२१ गतेभन्दा एक हप्ता अगाडि मलाई थाहा नै नदिई प्रतिवादी सुशील बाँतर चौधरीले ल्याई खेतमा खाल्डो खनी लुकाई राखेको रहेछन् र घरमा भैंसीलाई खोले दिने सिमेन्टको पक्की डुँडमा लुकाई परालले छोपेर राखेका रहेछन् । घरका राँगा भैंसी भर्खरै बिक्री भएको हुँदा सो कुरा थाहा भएको थिएन । निज प्रतिवादी कुरकुरे भन्ने सुशील बाँतर चौधरी मेरो खेत तथा डुँडमा लुकाई छिपाई राखेको भोलिपल्ट म खेतमा बिहान काम गर्न जाने सिलसिलामा खेतमा लगाएको तोरी बाली बाखाले खान्छ भनी धपाउन गएको अवस्थामा प्रतिवादी सुशील बाँतर मेरो खेतबारीतिर घुमिरहेको देखें, पछि निज भएको ठाउँमा पुग्दा यो खेत कसको हो भनी प्रतिवादीले मलाई सोधें, त्यसपछि मैले मेरो जग्गा हो भनी बताएँ, त्यसपछि सुशील बाँतरले गाँजा हामीले तपाईको खेतमा गाडेर राखेका छौं भनी ठाउँ पनि देखाए । त्यसै बखत गाँजा राख्दा हामीलाई अप्ठ्यारो हुन्छ, म केही पनि जान्दिन भन्दा नि सुशीलले आजको दिन मात्र हो भरे राति इन्डिया बिक्री गर्न लगिहाल्छौं, तपाईलाई केही अप्ठ्यारो पनि हुँदैन, तपाईलाई जग्गा तथा डुँडमा राखे बापत रु. ३०००।– दिन्छौं भनी आश्वासन दिएका थिए तर पैसा मैले प्राप्त गरेको थिइन । मलाई गाँजाको विषयमा ध्यान नै भएको थिएन । राति नै गाँजा बिक्री गर्न लान्छु भन्थ्यो मैले ख्याल नै नगरेको

अवस्थामा म भारतको नक्साल बजार घरायसी सौदा सामानहरू किनेर ल्याउन गएको अवस्थामा सामान किनेर घर फर्किने क्रममा घरमा पुलिस आएका छन् तुरुन्तै आउनु भनी खबर पाउनेबित्तिकै म साइकलमा चढी घर आइपुग्दा सुरक्षाकर्मीहरू देखेको हुँ । मलाई सुरक्षाकर्मीले खेतमा गाँजा लुकाएर राखेको ठाउँमा जाउँ भने पछि म समेत गई घटनास्थलबाट निकाली बरामद गरेका ३ पोका (४५ के.जी.) रीतपूर्वक निकाली सबुद प्रमाणको लागि म समेतलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिएको हो । प्रतिवादी कुरकुरे कान्छा भन्ने सुशील बाँतर चौधरीले के कहाँबाट के कति मूल्यमा खरिद गरी ल्याएको हो मलाई थाहा भएन भन्ने व्यहोरा खुलाई अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी रोशन निरौलाले गरेको बयान कागज ।

मैले पहिला नचिनेको हाल मसँगै पक्राउ परी आएका प्रतिवादी जि. झापा मेचीनगर नगरपालिका १३ बस्ने कान्छा कुरकुरे भन्ने सुशील बाँतर चौधरी मेरो करेसाबारीबाट प्रहरीले उक्त गाँजा बरामद गर्नुभन्दा ३ दिन अगाडि मेरो घरमा आई तपाईको घरमा मेरो १ पोका गाँजा केही दिनको लागि राख्न दिनुहोस्, म तपाईलाई रु. १०००।– दिन्छु भनी मलाई अनुरोध गर्न आउनुभएको थियो, मैले तपाईको गाँजा मेरो घरमा राख्न दिन्न, प्रहरीले थाहा पायो भने अप्ठ्यारो पर्छ भनी भनेको थिएँ । मैले मेरो घरमा गाँजा राख्न दिन्न भनी अस्वीकार गरेको भए तापनि सो दिनको भोलिपल्ट राति २३:०० बजेको समयमा निज कान्छा कुरकुरे भन्ने सुशील बाँतर चौधरी मेरो घरमा पुनः आउनुभयो र मलाई भाइ भाइ भनी बोलाई उठाई पुनः गाँजा राख्न लुकाउन दिनुस् रु. १०००/- दिन्छु भनी अनुरोध गर्नुभयो, सो बेला राति १ पोका गाँजा समेत बोकी लिएरै आएनुभएको थियो । मैले फेरि पनि आफ्नो घरमा गाँजा राख्न अस्वीकार गरें । निज कान्छा कुरकुरे भन्ने सुशील बाँतर चौधरी आफूले बोकी ल्याएको गाँजा बोकी हिँड्नुभयो म घरमै सुती निदाएँ, बिहान उठ्दा उक्त गाँजा मेरो घरको करेसाबारीमा मेरै घर बाहिर राखेको कोदालोले खाल्डो खनी राख्नुभयो कि भन्ने मलाई शंका लाग्यो, मैले करेसाबारीमा हेरिन । भोलिपल्ट बिहानै के कसरी मेरो घरको करेसाबारीमा समेत १ पोका गाँजा राखेको छ भन्ने सूचना पाई प्रहरी टोली मेरो घरमा आई मेरो घर खान तलासी गरी करेसाबारी समेत हेर्दा मेरो घरको दक्षिण बलेसीबाट ११ फिट टाढा २ फिट गहिरो खाल्डो खनी गाडेको अवस्थामा प्रहरीले बरामद गरी मलाई समेत पक्राउ गरी ल्याएको हो । उक्त बरामद भएको १५/१५ के.जी. परिमाणको ५ पोका जम्मा ७५ के.जी. परिमाणको लागूऔषध गाँजा हाल मसँगै पक्राउ गरी आएका कान्छा कुरकुरे भन्ने सुशील बाँतर चौधरी र दण्डेश धिमाल समेतको साँठगाँठ मिलेमतोमा ल्याई प्रतिवादी रोशन निरौलाको खेतमा गाडेको डुँडमा लुकाई राखेको र मेरो घरको करेसाबारीमा गाडी राखेको भन्ने व्यहोरा खुलाई अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवादी राजकुमार किसानले गरेको बयान कागज ।

मसँगै पक्राउ परेका प्रतिवादीमध्येका कुरकुरे कान्छा भन्ने सुशील बाँतर चौधरी र मेरो दाजुको घर एउटै गाउँमा भएकोले निज प्रतिवादी सुशीललाई पहिलादेखि नै चिन्दछु । निज ५-७ वर्ष पहिलाबाट नै लागूऔषध गाँजाको ओसार पसार गर्ने काम गर्दै आएका थिए । पहिला दुईपटक निज प्रतिवादी सुशीलले के कहाँबाट खरिद गरी ल्याएको लागूऔषध गाँजा काकडभिट्टाबाट नकलबन्दाको बाटो हुँदै मेची खोलापारि इन्डिया (भारत) सम्म पुऱ्याई दिएका थिए । यसपालि पनि म भारतको केरालामा चौकीदार काम गरिरहेको अवस्थामा निज प्रतिवादी सुशील बाँतरले मैले लागूऔषध गाँजा ल्याएको छु पारि (भारत) सम्म पुऱ्याउन सहयोग गर्न बोक्न तपाई आउनु भनी बोलाएकोले म नेपाल आई के कहिले पारि लान लगाउलान् भनी मौका पर्खिरहेको अवस्थामा मिति २०६८।१०।२१ गते प्रहरीले लागूऔषध गाँजा ७५ के.जी. बरामद गरी प्रतिवादीहरू रोशन निरौला, राजकुमार किसान समेतलाई पक्राउ गरी प्रतिवादी सुशीलको घरमा आई म समेत दुवै जनालाई पक्राउ गरी ल्याएको हो ।

लागूऔषध गाँजा मेरो होइन । प्रतिवादी सुशीलको हो । म बोक्न मात्र आएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी दण्डेश धिमालले गरेको बयान कागज ।

बरामद भएको मितिदेखि १ हप्ता अगाडि मेरो श्रीमती डेलिभरी भएको कारण दमका आम्दा अस्पतालमा दिउँसो लगी बेडमा भर्ना गरी राखेको थिएँ । सोही अवस्थामा मकवानपुर जिल्ला मनहरी गा.वि.स. घर बताउने विकास तामाङ्ग (लामा) भन्ने व्यक्तिले मलाई फोन गरी माल ल्याएको, तपाई आउनु भने, म आउन सक्दिन भनेपछि पहिलादेखि नै चिनेका दण्डेश धिमालसँग सम्पर्क गरेछन् । पछि श्रीमती डेलिभरी भइसकेपछि म घरतर्फ फर्केर आएँ । मालवाला व्यक्ति विकास तामाङ्गसँग काकडभिट्टाको टोकला चिया बगानमा सम्पर्क भयो । टोकला चिया बगानमा ५ पोका गाँजा राखेको रहेछ । विकास तामाङ्गले प्रतिके.जी. रु ७००/- का दरले ७५ के.जी.को रु ५२,५००/- मुल्य कायम भएको थियो जसमा मैले रु ३०,०००/- दिई पठाए । बाँकी पछि बेचेर दिउँला भनी घरतर्फ पठाए । १५ केजीका दरले ५ पोका गाँजा कहाँ राख्ने भनी मैले प्रतिवादी दण्डेश धिमालसँग सल्लाह गर्दा रोशन निरौला र राजकुमार किसानको खेतमा राख्नुपर्छ भनी सल्लाह भएकोले मचाहिँ राख्न गइन । प्रतिवादी दण्डेश धिमाल र रोशन निरौलाले के कहाँ लगी राखेका थिए, मलाई थाहा भएन, पछि सुरक्षाकर्मीहरूले रोशन निरौलाको खेत जमिनबाट ४ पोका गाँजा ६० केजी बरामद गरेकोले सोही क्रममा मलाई समेत पक्राउ गरी दाखेला गरेको भन्ने व्यहोरा खुलाई अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी सुशील बाँतर चौधरीले गरेको बयान कागज ।

सिलबन्दी गरिएको नमुना प्राकृतिक लागूऔषध गाँजा हो । यो Mild Narcotics वर्गको लागूऔषध हो । यसलाई आयुर्वेदशास्त्रमा वर्णन गरिए अनुसार शुद्ध गरी सही मात्रामा औषधिको मात्रामा प्रयोग गरिन्छ भने अशुद्ध तथा अत्यधिक सेवन गर्दा विषको प्रभाव देखाई स्नायु प्रणालीमा असर गरी मानिसलाई coma मा लैजान सक्छ र कहिलेकाहीँ मृत्यु पनि हुन सक्छ भन्ने व्यहोराको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र चन्द्रगढीको परीक्षण प्रतिवेदन ।

वारदात मिति समयमा रोशन निरौला र राज कुमार किसान जमिनबाट बरामदी मुचुल्कामा उल्लिखित परिमाणको गाँजा ७५ के.जी. बरामद भएपछि रोशन निरौला र राजकुमार किसानलाई तत्कालै सुरक्षाकर्मीले नियन्त्रणमा लिएपछि अनुसन्धानको क्रममा सुशील बाँतर चौधरी र दण्डेश धिमाल समेतलाई कारबाहीका लागि लगेको भन्ने हुने गरी राजेन्द्र चौधरी समेतले गरिदिएको बस्तुस्थिति मुचुल्का ।

प्रतिवादीहरू सुशील बाँतर चौधरी, दण्डेश धिमाल, रोशन निरौला, राजकुमार किसानले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ दफा ४(क) बमोजिमको कसुर गरेकोले निज प्रतिवादीहरूलाई ऐ.ऐ.को १४(१) को देहाय घ(५) बमोजिम सजाय हुन र आफ्नो हकको जग्गामा रोशन निरौलाले लागूऔषध गाँजा सञ्चय गर्न दिई प्रतिवादी रोशन निरौलाले उक्त कसुर गरेकोले लागूऔषध बरामद भएको जग्गा मेचीनगर नगरपालिका कार्यालयको पत्रमा उल्लिखित कि.नं १७१ को ज.वि. ०-१८-१० र कि.नं ४९५ को ज.वि.०-६-३ समेत र प्रतिवादी राजकुमार किसानको बरामदी मुचुल्कामा उल्लिखित चार किल्लाभित्रको जग्गा लागूऔषध (नियन्त्रण) ऐन, २०३३ दफा १५ बमोजिम जफत हुन माग दाबी लिइएको छ । ऐ.ऐ.को दफा १८(घ) बमोजिम प्रतिवेदकहरूलाई पुरस्कारको व्यवस्था हुन समेत अनुरोध छ भन्ने समेत व्यहोराको अभियोग दाबी ।

गाँजा मैले राखेको होइन । म गाँजाको कारोबार गर्दिन । प्रहरीले लेखी ल्याएको कागजमा सहीछाप गर भनेपछि सहीछाप गरेको हुँ । म यसबारे अनभिज्ञ छु भन्ने समेत व्यहोराको प्रतिवादी राजकुमार किसानले यस अदालतमा आई गरको बयान ।

म गाँजाको कारोबार गर्ने व्यक्ति होइन, म बैदेशिक रोजगारमा गएर छुट्टीमा फर्केको मानिस हुँ, अभियोग दाबी झुट्टा हो, प्रहरिमा गरेको बयान मेरो होइन, सहीछाप मेरो हो भन्ने समेत व्यहोराको प्रतिवादी रोशन निरौलाले अदालतमा आई गरेको बयान ।

म भारतको केरलामा होटलको चौकिदार काम गर्दछु । सुशील बाँतर मेरा दाजुका छिमेकी हुन् । मैले गाँजा ओसार पसारको काम गरेको छैन । अभियोग दाबी झुट्टा हो । मौकामा गरेको कागज मेरो होइन, मलाई कुटपिट गरी सही गराएको हो भन्ने समेत व्यहोराको प्रतिवादी दण्डेश धिमालले अदालतमा आई गरेको बयान ।

यो कुरा मलाई थाहा छैन । म घरमा बसिरहेको अवस्थामा पक्राउ गरेको हो । म गाँजाको सञ्चय र बिक्री वितरणसमेतका कार्य गर्दिन भन्ने समेत व्यहोराको प्रतिवादी कुरकुरे भन्ने सुशील बाँतर चौधरीले अदालतमा आई गरेको बयान ।

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादीहरू निर्दोष रहेछन् भन्न सक्ने अवस्था विद्यमान नहुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाल यी प्रतिवादी रोशन निरौला, राजकुमार किसान, कुरकुरे भन्ने सुशील बाँतर चौधरी र दण्डेश धिमाललाई मुलुकी ऐन अ.वं. ११८ को देहाय २ नं. बमोजिम पुर्पक्षका निमित्त थुनामा राख्न अ.वं. १२१ नं. बमोजिमको पुर्जी दिई सम्बन्धित कारागार कार्यालयमा लेखी पठाइदिनु, गाँजा बरामद भएको भनिएको कि.नं. ४९५ र १७१ को जग्गा रोक्का राख्न सम्बन्धित मालपोत कार्यलयमा लेखी पठाई दिनु भन्ने समेत व्यहोराको मिति २०६८।१२।१० गतेको यस अदालतको आदेश ।

प्रतिवेदन हाम्रो टोलीले नै दिएको हो । प्रतिवेदनको व्यहोरा सबै ठीक छ भन्ने समेत व्यहोराको प्रतिवेदक प्र.ना.नि. लेखनाथ दाहाल, प्र.नि. दुर्गा दाहाल र प्र.ना.उ. भीम दाहालले गरेको बकपत्र मिसिल सामेल रहेको ।

रोशन निरौलाका साक्षी मसिने दर्जी, दण्डेश धिमालका साक्षी राजु राई, राजकुमार किसानका साक्षी रेवन्त क्षेत्री, सुशील बाँतरका साक्षी बहुदा चौधरी र वस्तुस्थिति मुचुल्काका मानिस लेखराम बाँतर, केन्द्रबहादुर खुलाल बस्नेत तथा बरामदी मुचुल्काका मानिस नरबहादुर बस्नेत, तिलक प्रधान समेतले यस अदालतमा आई गरेको बकपत्र मिसिल सामेल रहेको ।

## अदालतको ठहर

नियम बमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न संकलित कागज प्रमाणका आधारमा प्रस्तुत मुद्दा किनारा लगाइदिए हुने अबस्थाको देखिएकाले कागजात सहितको सम्पूर्ण मिसिल अध्ययन गरी दुवै पक्षका बहस समेत सुनी निर्णयतर्फ विचार गर्दा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् जिल्ला न्यायाधिवक्ता श्री भानुभक्त काफ्लेले रोशन निरौलाको घरबाट ६० के.जी., राजकुमार किसानको घर नजिकबाट १५ के.जी. गाँजा बरामद भएको उक्त बरामदी मुचुल्कालाई अनुसन्धान अधिकारी समक्ष भएको बयानमा अन्यथा भन्न नसकेको र उक्त गाँजा ओसार पसारमा दण्डेश धिमाल तथा खरिद गर्ने राख्ने लगायतका कार्यमा सुशील बाँतर चौधरीको संलग्नता देखिएको अवस्थामा प्रतिवादीहरूको उक्त कार्यबाट अभियोग दावीको कसुर स्थापित भएको देखिंदा प्रतिवादीहरूलाई हदैसम्म सजाय गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो । त्यसैगरी प्रतिवादी रोशन निरौलाको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री लीला उदासी खनाल र विद्वान् अधिवक्ता श्री पदम डाँगीले प्रतिवादी रोशन निरौला र सुशील बाँतरबीचमा मिति २०६८।१०।२१ मा भएको कागज गराउने अधिकारी प्रहरीलाई देखिँदैन, वारदात भारत नेपाल बोर्डर नजिकमा रहेको अवस्था जो कोहीले लागूऔषध राख्ने अवस्था रहेको, रोशन निरौलाको नाममा जफतको दाबी रहेको

जग्गा नरहेको अवस्थामा र रोशन निरौलाले यस अदालतमा बयान गर्दा अपराध कसुर गरेको कुरामा इन्कार रहेको अवस्थामा प्रतिवादीलाई सफाइ हुने गरी इन्साफ गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो । प्रतिवादी दण्डेश धिमाल र राजकुमार किसानको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री बालकुमार कटुवालले प्रतिवादी राजकुमार किसानले रु १०००।- आफ्नो भोगमा रहेको जग्गामा गाँजा सञ्चय गरेको भन्ने अभियोग रहेको र दण्डेश धिमालले ओसार पसार गर्ने तत्परतासम्म देखाएको तर ओसार पसार गर्न नपाएको, राजकुमार किसानले भाडामा रु. १०००।- मा राख्न दिएको भन्नेसम्म उल्लेख भए पनि प्रतिवादी राजकुमार किसानको अपराधमा संलग्नता नरहेको हुँदा मेरो पक्षले सफाइ पाउनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो । प्रतिवादी कुरकुरे भन्ने सुशील बाँतर चौधरीको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री अशोककुमार पोखरेलले मिति २०६८।१०।२१ मा सुशील बाँतरबाट गरिएको कागजले कानुनी मान्यता प्राप्त नगरेको र उक्त कार्य पूर्वाग्रहबाट तयार भएको देखिन्छ । उक्त कागज मान्य सिदान्त विपरीत छ । मेरो पक्षको घर खान तलासीबाट केही बरामद भएको देखिँदैन । प्रतिवादी सुशील बाँतर चौधरी विरुद्ध सहअभियुक्तको अनुसन्धान अधिकारी समक्ष भएको पोलकै आधारमा आरोपित कसुर गरेको मान्न मिल्ने नदेखिँदा प्रतिवादी सुशील बाँतरले अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो । मिसिल अध्ययन गरी विद्वान् कानुन व्यवसायीहरूको बहस जिकिर सुनी देहायका विषयमा आधारित भई निर्णय दिनुपर्ने देखियो ।

क) अभियोग दाबीको कसुर कायम हुने नहुने के रहेछ ?
ख) कसुर कायम भएको अवस्थामा के कुन प्रतिवादीहरूको अभियोग दाबीको कसुरमा संलग्नता देखिन आउँछ ?
ग) प्रतिवादीहरूले सफाइ पाउने वा के कुन सजाय हुनुपर्ने हो ?

सर्वप्रथम प्रश्न अभियोग दाबीको कसुर कायम हुने नहुने के रहेछ ? भन्ने सम्बन्धमा विचार गर्दा मुचुल्कामा उल्लिखित चौहद्दीभित्र रहेको रोशन निरौलाको गाई-भैंसीलाई घाँस हाल्ने डुँड (सिमेन्ट) मा १५ केजी गाँजा प्लाष्टिकले बेरी पोको पारीरहेको अवस्थामा परालले छोपी लुकाएको अवस्थामा गाँजा बरामद भै आएको, त्यसैगरी रोशन निरौलाको जोतेको गराको भित्ता साइडमा शंका लागी माटो खनी हेर्दा प्लाष्टिकले मोडी प्लाष्टिकको रसीले वरिपरि बाँधेको अवस्थामा ४५ केजी गाँजाको ३ पोका फेला पारेको र टिनको छानो भएको राजकुमार किसानको १ तले १ कोठे तीनवटा झुप्री घरतलासी गर्दा केही फेला नपरेको र निज राजकुमार किसानको दक्षिणपट्टिको झुप्रो घरको दक्षिण बलेसीबाट ११ फिट टाढा बलेसीको करेसाबारीमा २ फिट गहिरो प्लाष्टिकले प्याक गरेको १ पोका १५ केजी लागूऔषध गाँजा फेला परेको भन्ने समेतका अलग अलग बरामदी मुचुल्काहरू भै आएको देखिन्छ । मौकामा बयान गर्दा प्रतिवादीमध्ये रोशन निरौलाले उक्त गाँजा मैले प्र. सुशील बाँतर चौधरीसँग रु. ३०००।- भाडा लिई राखेको हो भनी र उक्त कुरालाई प्र.सुशील बाँतर गाँजा मैले गोपाल लामा तामाङ्गसँग मनहरी मकवानपुरबाट किनी ल्याई प्र. दण्डेश धिमाल मार्फत प्रति २ पोकाको रु. ७००।- दिई नक्सालवाडी पुऱ्याउने गरेको हो भनी स्वीकारी मौकामा कागज गरेको र अनुसन्धान अधिकारी समक्ष यी प्रतिवादीहरूले बयान गर्दा खानतलासी/बरामदी मुचुल्का र आफ्नो मौकाको कागजलाई समर्थन गर्दै सोही व्यहोराको बयान गरेको पाइन्छ । प्रतिवादीहरूले यस अदालतमा आई बयान गर्दा बरामद भएका तथ्यलाई अन्यथा भन्न नसकेको आवस्थामा अवैध लागूऔषध गाँजा सञ्चय गरेको वारदात स्थापित हुन आयो ।

दोश्रो प्रश्न कसुर कायम भएको अवस्थामा के कुन प्रतिवादीहरूको अभियोग दाबीको कसुरमा संलग्नता देखिन आउँछ भन्ने सम्बन्धमा विचार गर्दा गाँजा मैले राखेको होइन । म गाँजाको कारोबार गर्दिन । प्रहरीले लेखी ल्याएको कागजमा सहीछाप गर भनेपछि सहीछाप गरेको हुँ । म यसबारे अनभिज्ञ

छ भनी प्रतिवादी राजकुमार किसानले यस अदालतमा बयान गरेको देखिन्छ । प्रतिवादी रोशन निरौलाले अदालतमा बयान गर्दा म गाँजाको कारोवार गर्ने ब्यक्ति होइन, म वैदेशिक रोजगारमा गएर छुट्टीमा फर्केको मानिस हुँ, अभियोग दाबी झुट्टा हो, प्रहरीमा गरेको बयान मेरो होइन, सहीछाप मेरो हो भनी बयान गरेको देखिन्छ भनै निजले बयानको स.ज.१३ मा आफ्नो गोठ समेतबाट गाँजा बरामद भएको तथ्यलाई अदालत समेतमा अन्यथा जिकिर लिन सकेको देखिएन । प्रतिवादी दण्डेश धिमालले अदालतमा गरेको बयानमा म भारतको केरलामा होटलको चौकिदार काम गर्दछु । सुशील वाँतर मेरा दाजुका छिमेकी हुन् । मैले गाँजा ओसार पसारको काम गरेको छैन । अभियोग दाबी झुट्टा हो । मौकामा गरेको कागज मेरो होइन, मलाई कुटपिट गरी सही गराएको हो भनी बयान गरेको देखिन्छ । प्रहरीले मौकामा बयान गराउँदा कुटपिट गरेको भनी जिकिर लिए पनि उक्त जिकिरलाई समर्थन गर्ने आधारहरू बयानसाथ पेस हुन सकेको देखिएन । त्यसैगरी प्रतिवादी कुरकुरे भन्ने सुशील बाँतर चौधरीले अदालतमा आई बयान गर्दा गाँजा बरामद भएको कुरा मलाई थाहा छैन । म घरमा बसिरहेको अवस्थामा पक्राउ गरेको हो । म गाँजाको सञ्चय र विक्री वितरण समेतका कार्य गर्दिन भन्ने समेत व्यहोराको बयान गरेको देखिन्छ । मिसिल संलग्न तथ्यहरूबाट यी प्रतिवादीले गाँजा अन्यत्रबाट खरिद गरी ल्याउने र प्र राजकुमार किसान र प्र रोशन निरौलाको घरबाट बरामद भएको गाँजा यिनै प्रतिवादीले मकवानपुरको मनहरीबाट ल्याई सञ्चय गरेको भन्ने भनाइलाई यी प्रतिवादीले खण्डित गर्न सकेको देखिँदैन । प्रतिवादी दण्डेश धिमाल र प्रतिवादी राजकुमार किसानले पनि अनुसन्धान अधिकारी समक्ष गरेको बयान समेत अन्य प्रतिवादीहरूको बयानसँग मिले भिडेको पाइन्छ । वस्तुस्थिति मुचुल्काका धनबहादुर शाही, इन्दिरा प्रसाई (अधिकारी), चन्द्रकुमारी घिमिरे, गोपीलाल प्रधान समेतका मानिसहरूले आफ्नै सामुन्नेबाट बरामदी मुचुल्कामा उल्लिखित प्र. रोशन निरौलाको घर खेत तथा राजकुमार किसानको करेसा बारीबाट प्रहरीले गाँजा बरामद गरी दुवै प्रतिवादीलाई हिरासतमा लिएको हो भन्ने समेत व्यहोरा लेखाई दिएको अवस्था मिसिलबाट देखिरहेको अवस्थामा यी प्रतिवादीहरूले अदालतमा आई बयान गर्दा कसुरमा इन्कार रहे भए पनि अन्य सम्बद्ध प्रमाणबाट प्रतिवादी सुशील बाँतर चौधरीले अवैध गाँजा खरिद गर्ने त्यसरी खरिद भएको गाँजा प्रतिवादी रोशन निरौला र प्रतिवादी राजकुमार किसानले आफ्ना खेत गोठ समेतमा सञ्चय गर्ने र प्रतिवादी दण्डेश धिमालले उक्त गाँजा सञ्चय गर्ने ओसार पसार गर्ने कार्यमा सहयोग गरी प्रतिवादीहरूको एकआपसमा फरक फरक भूमिकामा attach भई अभियोग दाबीको कसुर गरेको देखिन आयो ।

अब तेश्रो प्रश्न प्रतिवादीहरूले सफाइ पाउने वा के कुन सजाय हुनुपर्ने हो ? प्रतिवादीहरूमध्ये के कुन प्रतिवादीहरूको अभियोग दाबीको कसुरमा संलग्नता सम्बन्धमा विचार गर्दा प्रतिवादीहरूमध्ये सुशील बाँतर चौधरी बाहेक अन्य प्रतिवादीहरू रोशन निरौला र दण्डेश धिमालले अनुसन्धान अधिकारी समक्ष र अदालतमा आई बयान गर्दा गाँजाको धनी सुशील बाँतर हुन्, हामी भाडामा काम गर्ने व्यक्ति हौँ भनेको र राजकुमार किसानले गाँजा मेरो घरमा नराख भन्दा नमानी मेरो करेसामा खाल्डो खनी राखेछन् भनी बयान गरेको देखिन आयो । प्रतिवादी सुशील बाँतर चौधरीले अदालतमा इन्कारी बयान गरे पनि अनुसन्धान अधिकारी समक्ष बयान गर्दा विकास तामाङ्ग (लामा) सँग रु. ५२,५००/- गाँजाको दाम काम गरी रु. ३०,०००/- दिई पठाएको भनी लेखाएको पाइन्छ । यसरी बरामद भएको लागूऔषध गाँजा परीक्षण गर्दा प्राकृतिक लागूऔषध गाँजा हो, यो Mild Narcotics वर्गको भनी आयुर्वेद स्वास्थ्य केन्द्र चन्द्रगढीको रिपोर्टबाट देखिएको अवस्था छ । अतः यस्तो अवस्थामा अभियोजन पक्षबाट सबै प्रतिवादीहरूलाई लागूऔषध नियन्त्रण ऐन, २०३३ को दफा ४(क)को कसुरमा ऐ ऐनको दफा १४(१) देहाय घ(५) बमोजिम सजाय र लागूऔषध बरामद भएको कि.नं. १७१,४९५ का जग्गा र प्रतिवादी राजकुमार किसानको जग्गा समेत जफत गर्न लिइएको दाबी माथि गरिएको विवेचनाबाट पुष्टि हुन आयो ।

तसर्थ माथि विवेचना गरिएको आधारहरू बरामदी मुचुल्का, प्रतिवादीहरू रोशन निरौला, राजकुमार किसान, दण्डेश धिमाल, सुशीलकुमार चौधरीको अनुसन्धान अधिकारी समक्ष भएको बयान, परीक्षण प्रतिवेदन तथा बरामदी मुचुल्कामा बस्ने तिलक प्रधान, नरबहादुर बस्नेत तथा प्रतिवेदकहरूको यस अदालतमा भएको बकपत्र समेतबाट बरामदी मुचुल्कामा उल्लिखित गाँजा रोशन निरौलाको गोठ तथा खेतमा र राजकुमार किसानको घर नजिक सञ्चय गरी उल्लिखित प्रतिवादीहरूले तथा उक्त सञ्चय गर्ने कार्यमा प्रतिवादी कुरकुरे भन्ने सुशील बाँतर चौधरी र दण्डेश धिमालले सञ्चय गर्न माथि विवेचित भुमिका निर्वाह गरेको देखिन आएकोले प्रतिवादीहरू अदालतमा आई बयान गर्दा कसुरमा इन्कार रहे पनि मिसिल संलग्न सबुद प्रमाणबाट अभियोग दाबीको कसुर लागूऔषध नियन्त्रण ऐन, २०३३ को दफा ४(क) विपरीत अपराध कसुर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादी रोशन निरौलाको एका सगोलको परिवारको कि.नं. ४९५ को गाईवस्तुलाई घाँस दिने डुँडमा र कि.नं. १७१ मा खाल्डो खनी सञ्चय गरेको परिमाण समेतलाई विचार गरी ऐ ऐनको दफा १४(१)को देहाय घ(५) बमोजिम कैद वर्ष ३ (तीन) र रु २५,०००/- जरिवाना हुने ठहर्छ । प्रतिवादी राजकुमार किसानको घरबाट १५ किलो अवैध गाँजा बरामद हुन आएको देखिँदा निजलाई समेत सोही दफा बमोजिम बरामदी परिमाण समेतलाई विचार गरी कैद वर्ष २ (दुई) र रु १५,०००/- जरिवाना हुने ठहर्छ । अर्का प्रतिवादी दण्डेश धिमालको उक्त गाँजा ओसार पसार गर्ने कार्यमा रहेको संलग्नतालाई विचार गरी निजलाई समेत सोही ऐनको सोही दफा बमोजिम रु १५,०००/- (पन्ध्र हजार मात्र) र कैद वर्ष २ (दुई) हुने ठहर्छ । प्रतिवादी कुरकुरे भन्ने सुशील बाँतर चौधरीको गाँजा खरिद गरी सञ्चय गर्नमा रहेको भूमिकालाई विचार गरी सोही दफा बमोजिम कैद वर्ष ४ (चार) र रु ४०,०००/-(चालिस हजार मात्र) जरिवाना हुने ठहर्छ ।

बरामदी मुचुल्कामा उल्लेख भएको गाँजा राजकुमार किसानको बरामदी मुचुल्कामा उल्लेख भएको जग्गाबाट तथा रोशन निरौलाको कि.नं. १७१ र ४९५ बाट बरामद भएको देखिन आएकोले उक्त कि.नं. १७१ मा खाल्डो खनी लुकाई राखेको ३ पोका अर्थात् ४५ किलो तथा कि.नं. ४९५ को डुँडबाट १५ किलो र राजकुमार किसानको भोगको जग्गाबाट १५ किलो बरामद भएको देखिँदा कि.नं. १७१ को ज.वि. ०-१८-१० मध्ये बरामद भएको मध्यबिन्दुको चारैतर्फको हुन आउने ०-१-० र कि.नं. ४९५ को डुँड राखेको जग्गाको चारैतर्फको मध्यबिन्दुबाट हुन आउने ०-१-० र डुँड समेत तथा राजकुमार किसानको बरामदी मुचुल्कामा उल्लिखित चौहदीभित्रको जग्गा ऐनको दफा १५ बमोजिम जफत हुने ठहर्छ र प्रतिवेदकहरूले दफा १८(घ) बमोजिम जरिवाना भएको जरिवानाको २० प्रतिशत रकम पुरस्कार स्वरूप पाउने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि इन्साफ खण्डमा प्रतिवादी राजकुमार किसान र प्रतिवादी दण्डेश धिमाललाई जनही २ वर्ष कैद र रु. १५,०००/-(पन्ध्र हजार मात्र) जरिवाना हुने ठहरेको र यी प्रतिवादीहरू २०६८।१०।२१ गतेबाट प्रहरी हिरासतमा रहेको हुँदा जरिवाना तिरे २०७०।१०।२० गते र नतिरे जरिवाना बापत समेत कैदमा राखी कैद भुक्तान गर्न कैदी पुर्जी दिनू ।

प्रतिवादी रोशन निरौलालाई ३ वर्ष कैद र रु २५,०००/- (पच्चीस हजार मात्र) जरिवाना हुने ठहरेको र यी प्रतिवादी २०६८।१०।२१ गतेबाट प्रहरी हिरासतमा रहेको हुँदा जरिवाना तिरे २०७१।१०।२० गते र नतिरे जरिवाना बापत समेत कैदमा राखी कैद भुक्तान गर्न कैदी पुर्जी दिनू ।

प्रतिवादी सुशील बाँतर चौधरीलाई ४ वर्ष कैद र रु. ४०,०००/- (चालीस हजार मात्र) जरिवाना हुने ठहरेको र यी प्रतिवादी २०६८।१०।२१ गतेबाट प्रहरी हिरासतमा रहेको हुँदा जरिवाना तिरे २०७२।१०।२० गते र नतिरे जरिवाना बापत समेत कैदमा राखी कैद भुक्तान गर्न कैदी पुर्जी दिनू ।

जि. झापा मेची नगर न.पा. वार्ड नं. ९ बस्ने खेमराज निरौलाको छोरा प्रतिवादी रोशन निरौलाको पूर्वमा राइसिङ्ग खोला पश्चिममा रोशन निरौलाको घर उत्तरमा भीमप्रसाद अधिकारीको घर दक्षिणमा रोशन निरौलाको ट्वाइलेट यति चार किल्लाभित्रको कि.नं. ४९५ को डुँड राखेको जग्गाको चारैतर्फको मध्यबिन्दुबाट हुन आउने ०-१-० र डुँड समेत र पूर्वमा काली खोला पश्चिममा चिया बगान उत्तरमा रोशन पौडेलको खेत दक्षिणमा चमारु चौधरीको खेत यति चार किल्लाभित्रको कि.नं. १७१ को ज.वि. ०-१८-१० मध्ये बरामद भएको मध्यबिन्दुको चारैतर्फको हुन आउने ०-१-० र पूर्वमा मेची खोला पश्चिममा सुरकरु राजवंशीको खेत उत्तरमा धनेश राजवंशीको घर दक्षिणमा गरमथान देवताको मन्दिर यति चार किल्लाभित्रको राजकुमार किसानको जग्गा समेत जफत हुने ठहरेकोले जफत गर्नू ।

प्रतिवेदकहरूले प्रतिवादीहरूलाई ठहर भएको जरिवानाको २० प्रतिशत रकम पुरस्कार समेत पाउने ठहरेकोले प्रतिवादीहरूबाट लागेको जरिवाना असुल भएपछि प्रतिवेदकहरूलाई पुरस्कार दिनू ।

यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत इलाममा पुनरावेदन गर्नू भनी प्रतिवादीका नाउँमा पुनरावेदनको म्याद दिनू ।

फैसलाको प्रतिलिपि साथै राखी जि.स.व.का. झापालाई फैसला भएको जानकारी दिनू ।

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार गरी नक्कल सारी सराइदिनू ।

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

फैसला तयार गर्ने :- फाँटवाला योगेन्द्रप्रसाद आचार्य
कम्प्युटर गर्ने :- चेतन अधिकारी

**न्यायाधीश**

**इति सम्वत् २०६८ साल कार्तिक १९ गते रोज १ शुभम्.................।**

**श्री अर्घाखाँची जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री माधवेन्द्रराज रेग्मी**
**फैसला**
**संवत् २०६८ सालको दु.दे.नं. ६४-०६८-००२६२**
**निर्णय नं. :- ४९**

## मुद्दा- जग्गा खिचोला मेटाई थारे घर भत्काई पांऊ ।

**वादी**
जिल्ला अर्घाखाँची वाँगी गा.वि.स. वडा नं. ८ बस्ने तिलवीरकी श्रीमती वर्ष ६५ की मिनादेवी शाह..................................................१

**प्रतिवादी**
जिल्ला अर्घाखाँची वाँगी गा.वि.स. वडा नं. ८ बस्ने मुमवीर शाहकी छोरी वर्ष २७ की गीता शाह.....................................................१

**साक्षी**
पोमबहादुर कुँवर, सुमन्त खड्का, राइटर भन्ने लालबहादुर के.सी., तुल्सी मिश्र, रेमबहादुर खड्का, अम्बिका खड्का ।
कागज
x

**साक्षी**
दिनेश के.सी., रामबहादुर सुनार, रुपा कँडेल
कागज
x

**अदालतबाट बुझेको**
**साक्षी :– दिनेश के.सी., रुपा कँडेल, लालबहादुर भुसाल क्षेत्री, पोमबहादुर कुँवर ।**

प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ ।

ससुरा जुद्धवीर शाहका ४ भाइ छोराहरूमध्ये जेठो दलवीर शाह, माइला मेरा पति तिलवीर शाह, साइँलाको नाम थाहा भएन र कान्छा टीकाराम शाह हुन् । दलवीरको छोरा मुमवीर शाहकी छोरी विपक्ष गीता शाह हुँदा विपक्ष मेरी नातिनी नाता पर्दछिन् । पति तिलवीर शाहका नाउँमा दर्ता भएको अगरेनी भन्ने जग्गा सबै भाइलाई बन्डा भएपछि मेरा नाउँमा २०४२ सालमा सर्वे नापी हुँदा वाँगी गा.वि.स. वडा नं. ८ को कि.नं. ८९६ क्षे.फ. ०-४-०-० र कि.नं. ८९७ को क्षे.फ. ०-७-०-३ का २ कित्ता नापी भए पनि एकै चाक्ला मिलाइएका जग्गा छन् । सो जग्गा हाल सन्धिखर्कबाट हंसपुरतर्फ जाने मोटरबाटोमा पर्दछ । मोटरबाटोले काटेको हुँदा बहुमूल्य घडेरी जग्गा बन्न गएका छन् । विपक्षी गीता शाहको प्यूठानतिर विवाह भए तापनि घरमा नबसी माइती घरमा बस्दै आएकी विपक्षले आफ्नो माइती बाबु मुमवीर शाहका नाउँमा रहेको मेरै जग्गाको आँठोनेर घर बनाउने क्रममा थिइन् । २०६८ सालमा म उपचारको लागि दिल्ली गएकी र अप्रेसन गरी ७ महिना दिल्लीमै बस्नुपऱ्यो । म उपचार गर्न गएको क्रममा मेरा नाउँको जिल्ला अर्घाखाँची वाँगी गा.वि.स. वडा नं. ८ को कि.नं. ८९६ र कि.नं. ८९७ को खेत जग्गाको साविक आँठाबाट करिब १२ हात चौडाइ ३० हात लम्बाइको पश्चिमतर्फबाट करिब ३ आना जग्गा मिची चापी विपक्षले थारे घर बनाएकीले सो एकै चाक्लाको खेत जग्गाको मोटरबाटोतर्फ मोहडा पर्ने गरी विपक्षले चापी मिचेको ३ आना जग्गाको खिचोला मेटाई सो मेरो

जग्गामा विपक्षले बनाएको थारे घर समेत भत्काई जग्गा खाली गराई मेरो सनातन भोग चलनलाई कायम राखी पाऊँ भन्ने वादीको फिराद दाबी ।

विपक्ष वादीका कुनै पनि जग्गा जमिन मैले खिचोला गरेकी छैन, वादीका सिमानामा मेरा कुनै जग्गा जमिन हालसम्म छैनन् । यसरी जग्गा जमिन नै नभएकी मलाई जग्गा खिचोला गरी थारे घर बनाई भन्नु वादीको मलाई दुःख हैरानी पुऱ्याउने नियत मात्र हो । विपक्षी वादीको पूर्वतर्फ मेरा बाबु मुमवीर शाहको कि.नं. ३१३ क्षे.फ. ०-१४-२-२ को जग्गा छ उक्त जग्गामा मेरा बाबु आमाले करिब २ वर्ष पहिला थारे घर बनाउनुभएको छ । हाल म उक्त घरमा बस्दै आएकी छु । उक्त जग्गाका वास्तविक जग्गाधनी उपर फिराद दायर गर्न नसकी जग्गाको स्वामित्व नै नभएको म उपर दायर गरेको फिराद मुलुकी ऐन अ.वं. १८० नं. बमोजिम खारेज गरी पाऊँ भन्ने प्रतिउत्तर पत्र ।

उक्त कि.नं. का जग्गाहरूको पश्चिमतर्फ प्रतिवादी गीता शाहले खिचोला गरेको हामीलाई लाग्दैन । उक्त जग्गाको पश्चिमतर्फ सार्वजनिक जग्गा छ । वादीसँग सटेका जग्गामा प्रतिवादीका जग्गाहरू छैनन् । प्रतिवादी गीताले आफ्नो माइती बाबु मुमवीर समेतको अनुरोधमा आफ्नै बाबुको जग्गा कि.नं. ३१३ मा थारो बनाएकी छन् । कसैको जग्गा मिचेकी छैनन् भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी दिनेश के.सी.ले यस अदालतमा गरेको बकपत्र ।

गीता शाहले मीनादेवी शाहको जग्गाहरू खिचोला गरेकी छैनन् । निज गीताले आफ्ना बाबु मुमवीर शाहको नामको जग्गामा थारे घर बनाएकी हुन् । कसैको जग्गा खिचोला गरेकी छैनन् भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी रुपा कँडेलले यस अदालतमा गरेको बकपत्र ।

पूर्व गीताकै जग्गा, उत्तर र पश्चिम मीनाको मिचिएको जग्गा र दक्षिणमा सार्वजनिक जग्गा घुसाएर हाल गीता बसोबास गर्दै आएको घर कटेरो बनेको छ । त्यसैले वादी दाबी सत्य हो र प्रतिवादी जिकिर झुट्टा हो भन्ने समेत व्यहोराको वादीका साक्षी लालबहादुर भुसाल क्षेत्रीले यस अदालतमा गरेको बकपत्र ।

प्र. गीता शाहले बनाएको घर जग्गाबाट उत्तर पश्चिमतर्फ मीनादेवी शाहको केही जग्गा र दक्षिणतर्फ सार्वजनिक जग्गा घुसाई घर बनाएकी छन् । वादी दाबी सत्य हो भन्ने समेत व्यहोराको वादीका साक्षी पोमबहादुर कुँवरले यस अदालतमा गरेको बकपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा मुलुकी ऐन अदालती बन्दोवस्तको २९ नं. एवं न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई पेस भएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री के.बी. भुसालले गर्नुभएको बहस समेत सुनी प्रतिवादीले वादीको जग्गा खिचोला गरेको हो, होइन सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा मेरो अर्घाखाँची जिल्ला, वाँगी गा.वि.स. वडा नं. ८ को कि.नं. ८९६ को क्षे.फ. ०-४-०-० र कि.नं. ८९७ को क्षे.फ. ०-७-०-३ का जग्गा एकै नक्सा मिलेको सन्धिखर्क हंसपुर जाने मोटरबाटोमा पर्ने सो जग्गाको पश्चिमतर्फबाट विपक्षी प्रतिवादीले करिब ३ (तीन) आना जग्गा मोटरबाटोतर्फ पर्ने गरी मिची थारे घर बनाएको हुँदा सो खिचोला मेटाई थारो घर हटाई पाऊँ भन्ने समेत फिराद दाबी रहेकोमा विपक्षी वादीको कुनै जग्गा खिचोला गरेकी छैन, वादीको सिमानामा मेरो कुनै जग्गा जमिन छैन, वादीको उक्त जग्गादेखि पूर्वतर्फ मेरो बाबु मुमवीर शाहको कि.नं. ३१३ को क्षे.फ. ०-१४-२-२ को जग्गा छ, सो जग्गामा मेरा बाबुले करिब २ वर्ष अगाडि थारे घर बनाउनुभएको छ, म उक्त घरमा बस्दै आएकी छु भन्ने समेत प्रतिउत्तर जिकिर रहेको देखिन्छ । वादीले फिराद

पत्रसाथ आफ्नो उक्त कि.नं. ८९६ र कि.नं. ८९७ को जग्गा धनी प्रमाण पुर्जाको फोटोकपी पेस गरेको र प्रतिवादीले पनि प्रतिउत्तर साथ मुमवीर शाहका नामको उक्त कि.नं. ३१३ को जग्गा धनी प्रमाण पुर्जा र विवादित कि.नं.हरू समेत देखिने नापी नक्सा प्रिन्टको फोटोकपी पेस गरेको मिसिल संलग्न रहेकोबाट देखिन्छ । विवादित उल्लिखित कि.नं. हरू ८९६/८९७ र ३१३ को जग्गाधनी दर्ता प्रमाणपुर्जा र सो कि.नं.हरू देखिने नापी नक्सा प्रिन्ट मालपोत कार्यालय र नापी कार्यालय अर्घाखाँचीबाट झिकाउने आदेश भएकोमा नक्सा तथा स्रेस्ताहरू द्वन्द्वको समयमा जली नष्ट भएकोले उपलब्ध गराउन नसकिएको भन्ने नापी कार्यालय अर्घाखाँचीको २०६९।६।१८ को पत्र र उक्त जग्गाहरू कार्यालयको अभिलेखमा स्रेस्ता कायम भएको नदेखिएकोले पठाउन नसकेको भन्ने मालपोत कार्यालय अर्घाखाँचीको मिति २०६९।६।१५ को पत्र मिसिल संलग्न रहेको देखिन्छ । वादी प्रतिवादीको साक्षी बुझिएकोमा वादीको साक्षीले वादी दाबी र प्रतिवादीको साक्षीले प्रतिउत्तर जिकिर समर्थन गरी बकपत्र गरेको देखिन्छ । वादीले फिरादमा आफ्नो कि.नं. ८९६/८९७ को जग्गाको पश्चिमतर्फबाट करिब ३ (तीन) आना जग्गा विपक्षले मिची थारे घर बनाएको भनी दाबी लिएकोमा प्रतिवादी गीता शाहले वादीको सिमानामा मेरो कुनै जग्गा जमिन छैन, वादीको उक्त जग्गादेखि पूर्वतर्फ मेरो बाबु मुमवीर शाहको कि.नं. ३१३ को जग्गा छ, सो जग्गामा मेरो बाबुले २ वर्ष अगाडि थारे घर बनाउनुभएको छ म उक्त घरमा बस्दै आएकी छु भनी वादी दाबी ईन्कार प्रतिजिकिर लिएको देखिएको छ । यस अदालत डोरबाट भई आएको मिति २०६९।६।२०।७ को नाप नक्सा मुचुल्का र मिसिल संलग्न नापीको नक्सा प्रिन्टको फोटोकपी हेर्दा वादीको जग्गाको पूर्वपट्टि प्रतिवादीका बाबु मुमवीर शाहको नामको कि.नं. ३१३ को जग्गा रहेको देखिन्छ । वादीको कि.नं. ८९६ र ८९७ को जग्गाको पश्चिमपट्टि यस अदालतबाट भएको नक्सा मुचुल्कामा न.नं. १३ मा सार्वजनिक गौचरण भनी नक्सा कैफियतमा जनिएको देखिन्छ भने मिसिल संलग्न नापी नक्सा प्रिन्टबाट वादीको जग्गाको पश्चिमपट्टि सार्वजनिक खाली जग्गा रहेको देखिन्छ । यस अदालत डोरबाट भएको उक्त नक्सा मुचुल्कामा न.नं. १३ को सार्वजनिक गौचरण जग्गाको पूर्वपट्टि वादीको कि.नं. ८९६/८९७ को जग्गा न.नं. ९ र ८ मा जनिएको देखिएको, सो ८९६/८९७ को पूर्वपट्टि न.नं. ४ मा प्रतिवादीका बाबु मुमवीर शाहको नाममो कि.नं. ३१३ को जग्गा जनिएको देखिएको, सो कि.नं. ३१३ को बीच भाग जस्तोमा न.नं. ६ को कच्ची घर रहेको र सोको पश्चिम दक्षिणतर्फ न.नं. ७ को सन्धिखर्क हंसपुर जाने सडकसँग जोडिएको न.नं. ५ को थारे घर कि.नं. ३१३ को जग्गामा बनेको देखिएको र सो न.नं. ५ को थारे घरमा विवाद जनाएको देखिन्छ । सो न.नं. ५ को थारे घर वादीको कि.नं. ८९७ को जग्गा सिमानाभन्दा पर रहेको देखिन आउँछ । वादीले फिराद दाबीमा प्रतिवादी गीता शाहले आफ्नो कि.नं. ८९६/८९७ को जग्गाको पश्चिमतर्फबाट करिब ३ (तीन) आना जग्गा खिचोला गरेको भनी दाबी लिएकोमा प्रतिवादी गीता शाहले वादीको जग्गा वरिपरि आफ्नो कुनै जग्गा छैन, बाबु मुमवीरको कि.नं. ३१३ को जग्गा वादीको जग्गाभन्दा पूर्व रहेको सोमा बाबुले बनाएको थारे घरमा बसी आएको भनी प्रतिउत्तर लेखाई रहेको र उक्त कि.नं. ३१३ को जग्गा मुमवीर शाहको भन्ने निजले पेस गरेको जग्गाधनी दर्ता प्रमाण पुर्जाको फोटोकपीबाट र भई आएको नक्सा मुचुल्कामा समेत न.नं. ४ को कि नं. ३१३ को जग्गा निज मुमवीरको उल्लेख भई आएको देखिन आएबाट वादीले निज मुमवीरलाई प्रतिवादी बनाई दाबी लिन सकेको पनि देखिँदैन । अर्कोतर्फ वादीले आफ्नो कि.नं. ८९६र८९७ को जग्गाको पश्चिमतर्फबाट खिचोला गरी थारे घर बनाएको भनी दाबी लिएकोमा भै आएको उक्त नाप नक्सा मुचुल्का हेर्दा वादीको जग्गाको पश्चिमतर्फ न.नं. १३ को सार्वजनिक गौचरण जनिएको र सो वादीको जग्गाको पश्चिमपट्टि कुनै घर निर्माण भएको भन्ने पनि देखिँदैन र सो नक्सा मुचुल्कामा आफ्नो जग्गाको पश्चिमपट्टि के कति जग्गा खिचोला भई विवाद भएको हो भन्नेसम्म पनि वादीले नक्सामा देखाउन सकेको देखिँदैन । अतः उल्लिखित आधार कारणबाट वादीको कित्ता नं. ८९६/८९७ को पश्चिमपट्टि करिब ३ आना जग्गा प्रतिवादीले खिचोला गरी थारे घर बनाएको भन्ने देखिन नआएबाट

सो घर भत्काई खिचोला मेटाई पाऊँ भन्ने वादीको फिराद दाबी पुग्न सक्दैन । सो ठहर्नाले अरू तपसिलका कुरामा तपसिल बमोजिम गर्ने गरी अ.वं. १८६ नं. बमोजिम आजै अड्डैबाट यो फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकाले वादीले फिरादपत्र दायर गर्दा राखेको कोर्ट फी रु.८२०।- जफत हुन्छ..........................................................................१

यो इन्साफमा चित्त नबुझे मुलुकी ऐन, अ.वं. १९३ नं. बमोजिम ३५ (पैंतीस) दिनभित्र श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्नू भनी वादीलाई पुनरावेदनको म्याद दिनू.........................................२

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने नियमानुसारको दस्तुर लिई नक्कल सारी सराइदिनू.......................३

यो मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू .......................................४

फाँटवाला :- ना.सु. नारायण ब. भट्टराई
टाइप गर्ने :- स.क.अ. सीता घिमिरे

**न्यायाधीश**

**इति संवत् २०६९ साल मार्ग महिना २१ गते रोज ५ मा शुभम् .....**

**श्री काठमाडौं जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री चन्द्रबहादुर सारु**
**फैसला**
**२०६६ सालको दे.न. ०५६०२**
**नि.नं -**

**मुद्दा :- दूषित लिखत दर्ता बदर ।**

| वादीको नाम थर वतन | प्रतिवादीको नाम थर वतन |
|---|---|
| अरुण दीक्षितकी श्रीमती का.जि.का.म.न.पा. वडा नं. ५ विशालनगर बस्ने वर्ष २१ को रन्जिला आचार्य दीक्षित ........................१ | विजयमणि आचार्य दीक्षितको छोरा का.जि.का.म.न.पा. वडा नं. ५ विशालनगर बस्ने अ.वर्ष ४७ को अरुण दीक्षित..............................................................१<br>कम्पनी रजिष्ट्रर्डको कार्यालय त्रिपुरेश्वरमा मिति २०६४।८।१ मा प्रा.लि. नं. ४९१९३ मा दर्ता भई का.जि.का.म.न.पा. वडा नं. ३५ सुविधानगरमा रजिष्ट्रर्ड कार्यालय रहेको चन्द्र हाउजिङ्ग प्रा.लि........................१<br>ऐ.को सञ्चालक जिल्ला मोरङ उर्लावारी गा.वि.स. वडा नं. ५ बस्ने शान्तिराम न्यौपाने................................१ |

**अदालतबाट बुझेको**
**साक्षी** :-
**कागज** :-

**मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ ।**

स्व. पण्डित काशीनाथको पनाति अरुण दीक्षितको पहिलो पत्नीसँग सम्बन्ध विच्छेद भएको, पहिलो पत्नीतर्फबाट जायजन्म भएका आदित, अजर दुई छोरा र देवी छोरी अमेरिकामै बस्छन् । सम्बन्ध विच्छेद पश्चात् म वादी रन्जिला आचार्य दीक्षितसँग विवाह भएको, मेरातर्फबाट छोरा आशुतोष आचार्य दीक्षितको जायजन्म भएको र निज हाल नाबालक नै छ । ससुराहरूका बीचमा अंश मुद्दा चलिरहेको छ । मेरा जेठाजु अभय भरतमणि र मेरा पति अरुण दीक्षितले र.नं १९५१(ग) मिति २०६४।७।३० को अंश भरपाई गरी भिन्न बस्नुभएको छ । पति अरुण-१, जेठीतर्फबाट जायजन्म भएका आदित-१, अजर-१, देवी-१ र म रन्जिला-१ र मतर्फको छोरा आशुतोष-१ समेत ६ अंशियार भई हालसम्म अंशबण्डा नभई एकासगोलमा रहेका छौँ । अंश बुझेका का.जि. मूलपानी गा.वि.स. वडा नं. ८(ख) कित्ता नं. ८८ को ७-६-१ को कित्ता-१, ऐ.ऐ. कित्ता नं. ९२ को ४-९-१ को कित्ता-१, ऐ.ऐ. कित्ता नं १३३ को १२-१-१ को कित्ता-१, ऐ.ऐ. कित्ता नं. १३६ को १-६-१ को कित्ता-१, ऐ.ऐ. कित्ता नं. १४० को ५-३-२ को कित्ता-१, ऐ.ऐ. कित्ता नं. १५० को १-३-१ को कित्ता-१ समेतका जग्गाहरू अंश लिनुभएको रहेछ । उल्लिखित सम्पूर्ण कित्ता जग्गा र.नं ४३६०(ग) मिति २०६४।११।९ को लिखतबाट जालसाजपूर्ण ढंगले विपक्षी चन्द्र हाउजिङ प्रा.लि. को नाममा राजीनामा पारित गरी चन्द्र हाउजिङ्गले पनि विभिन्न मितिमा विभिन्न कम्पनीलाई पारित गरी दिई विभिन्न बैंकहरूमा दृष्टिबन्धक पारित गरी दिएको रहेछ । पारित राजीनामा

लिखत हेर्दा उक्त कित्ता नं. ८८ समेतको ५ कित्ता जग्गाहरू घर खर्चका लागि रु.३,१८,७५,०००।- मा पारित गरेको छ । हाम्रो परिवारमा त्यति ठूलो रकम घरखर्चमा प्रयोग हुन सक्छ ? रु.९०,००,०००।- चुक्ता पुँजी भएको कम्पनीले रु.३,१८,७५,०००।- मा जग्गा पारित गरी लिन सक्छ ? यस्तोमा मेरो अस्तित्व लोप गरी “अरू कसैको हक नलाग्ने, मेरो एकलौटी हक भोगको” भनी जालसाजपूर्ण ढंगले पारित दिने अरुण दीक्षित र लिने चन्द्र हाउजिङ्ग प्रा.लि. र.नं. ४६३०(ग) मिति २०६४।११।९ को दूषित लिखत दर्ता बदर गरी सो लिखतको आधारमा कायम दर्ता श्रेस्ता समेत बदर गरी पाऊँ भन्ने समेत व्यहोराको मिति २०६६।३।१२ को फिराद दाबी ।

विपक्षी वादीले दायर गरेको फिराद पत्रमा उल्लिखित पुस्तेवारी, अंश बुझेको भरपाई, एकासगोलमा बसोबास गर्दै आएको र विपक्षी मेरो श्रीमती भएको र निजले मबाट नै अंश लिन पाउनेमा कुनै विवाद छैन । सत्य साँचो हो भने विपक्षीलाई हेरचाह, रेखदेख, पालनपोषण, खान लाउन दिनु मेरो दायित्व एवं कर्तव्य पनि हो । मैले मेरो आयस्थाले भ्याएसम्ममा विपक्षी पत्नीलाई आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएको छु । वुवा विजयमणि र ठूलो बुवा भरतमणिका बीचमा यसै सम्मानित अदालतमा अंश मुद्दा चलिरहेकोमा ठूलो बुवा जय भारतमणि कालगतिले परलोक भएको र उहाँ छोरा अमिर भरतमणि लामो समयदेखि संयुक्त राज्य अमेरिका बसोबास गरी आउनुभएको हुँदा उक्त मुद्दा मुलतवीमा रहेको कुरा थाहा हुन आएको छ । त्यसैगरी मैले अंश भरापाईबाट प्राप्त गरेको का.जि. मूलपानी गा.वि.स. वडा नं ८(ख) को कि.नं ८८ को क्षे.फ. ७-६-१-०, ऐ. को कि.नं ९२ को क्षे.फ. ४-९-१-० र ऐ.को कि.नं १३३ को क्षे.फ. १२-१-१-०, ऐ.को कि.नं. १३६ को १-६-१-०, ऐ.को कि.नं. १४० को क्षे.फ. ५-३-२-०, ऐ. को कि.नं. १५० को क्षे.फ. १-३-१-० जग्गा मेरो अन्य आयस्रोत केही पनि नभएको र घर परिवार एवं केटाकेटीलाई पढ्न लाग्ने लगायतका अन्य खर्च व्यहोर्न नसक्ने अवस्था सिर्जना भएको हुँदा चन्द्र हाउजिङ्ग प्रा.लि. लाई राजीनामा पारित गरिदिएको हुँ । घरको मुख्य मानिस भएको नाताले सम्पूर्ण जिम्मेवारी मैले नै व्यहोर्नुपर्ने भएको हुँदा बिक्री गरेको जग्गाबाट लिएको रकमलाई मैले एक्लै खर्च गरेको भन्नु विपक्षीको भनाइ कानुन संगत एवं व्यावहारिक पनि छैन । लिखत बदर हुन सक्दैन । मैले आफूले बिक्री गर्न पाउने माथि उल्लिखित जग्गा चन्द्र हाउजिङ्ग प्रा.लि. लाई कानुनी प्रक्रिया अनुसार र.नं. ४३६०(ग) मिति २०६४।११।९ मा राजीनामा पारित गरी दिएको हुँदा कानुन सम्मत ढंगले राजीनामा पारित गरी लिनु दिनु गरेको लिखत बदर हुन सक्दैन भन्ने समेत व्यहोराको प्रतिवादी अरुण दीक्षितको मिति २०६६।५।२१ को प्रतिउत्तर जिकिर ।

विपक्षी वादीले निज उपर पतिले बदनियत चिताएको र नाबालकको धन बिगार्न बेइमानी गरेको आरोप लगाएकी छन् । निज लगायत दुवैतर्फका ४ जना छोराछोरीको शिक्षा दीक्षा, स्वास्थ्य पालन पोषणको जोहो गर्ने कामको जिम्मेवारी निजको पति अरुण दीक्षितको काँधमा भएको कुरामा कुनै विवाद छैन । निजले आफ्नो जिम्मेवारी बोधकै कारण आश्रितको शिक्षा दीक्षा, स्वास्थ्य, पालन पोषणको जोहो गर्न गरेको बिक्री व्यवहारलाई आधार मानी बेइमानको आरोप लगाउनुले निजको बेइमानी नियत प्रस्ट हुन्छ । विपक्षीले आफ्नो फिरादमा अंश, नाबालक लगायत सहानुभूतिका लागि विभिन्न शब्द खर्चे तापनि पारित लिखतको यति भागमध्ये मेरो यति भाग लाग्ने हुँदा सो हदसम्म बदर गरी पाऊँ भनी स्पष्ट फिराद दाबी लिन सक्नुभएको छैन । हचुवा र गोश्वारा दाबीमा सम्मानित अदालतले इन्साफ नगर्ने हुँदा निजको फिराद स्वतः नै निस्प्रायोजित भएकाले प्रस्तुत प्रतिउत्तरपत्र दायर भएपछि खारेज हुने हुँदा खारेज नै गरी पाऊँ । तहगत बिक्री व्यवहार हुँदै गरिँदै आएको व्यवहारमा विपक्षी वादीको १ वर्षपछि पर्न आएको फिराद मुलुकी ऐन किर्ते कागजको १८ नं. को हदम्याद नाघी दायर भएको छ । विपक्षी वादीको हकदैया हदम्याद र अधिकार क्षेत्रविहीन, कानुन, न्याय र कानुनी सिद्धान्त समेतको प्रतिकूल भई दायर नै हुन नसक्नेमा दायर भएपछि पनि मेरो प्रतिउत्तर परेपछि मु.ऐ. अदालती

बन्दोवस्तको १८० नं. ले खारेजभागी हुँदा विपक्षीको फिराद खारेज नै गरी पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादीहरू चन्द्र हाउजिङ्ग प्रा.लि. र शान्तिराम न्यौपानेको मिति २०६६।५।३१ को प्रतिउत्तर जिकिर ।

## अदालतको ठहर

नियमानुसार साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी बेन्च समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादीका तर्फबाट उपस्थित विद्धान् अधिवक्ताहरू श्री रामप्रसाद रिजाल र श्री रमेश बस्नेतले वादी र प्रतिवादी अरुण दीक्षित पति पत्नी भई सगोलका अंशियार भएकोमा प्रतिवादी अरुण दीक्षितले आफ्ना पिताबाट प्राप्त गरेको अंश भागको सम्पत्ति कि.नं. ८८, ९२, १३३, १३६, १४०, १५० का जग्गा र.नं. ४३६०(ग) मिति २०६४।११।१९ मा चन्द्र हाउजिङ्ग प्रा.लि.लाई राजीनामा गरी हक हस्तानतरण गरिदिएको देखिन्छ । यो जग्गामा वादीको समेत अंश हक लाग्छ । प्रतिवादी अरुण दीक्षितले सम्पूर्ण सम्पत्ति अन्यलाई हक हस्तान्तरण गरी वादीलाई सम्पत्तिविहीन तुल्याएका छन् । व्यवहार चलाउन बिक्री गरेको भन्ने प्रतिवादी भनाइ तथ्य सबुदबाट पुष्टि भएको छैन । व्यवहार चलाउन परे पनि वादीको सहमति मञ्जुरी बेगर आधाभन्दा बढी जग्गा बिक्री हरी हक हस्तानतरण गर्ने अधिकार अंशबण्डाको १९(१) ले प्रतिवादी अरुण दीक्षितलाई प्रदान गरेको छैन । लेनदेन व्यवहारको ४० नं., ज.मि.को १८ नं., ज.प.को १७ नं. अनुसार प्रतिवादीको कार्य गैरकानुनी छ । वादीलाई साम्पत्तिक हकबाट पूर्णतः वञ्चित गर्ने गरी भएको कार्य स्वयंमा दूषितपूर्ण छ । तसर्थ वादी दाबी बमोजिम मिति २०६४।११।९ र.नं. ४३६०(ग) को राजीनामा लिखत बदर हुनपर्दछ भन्ने वहस गर्दै सर्वोच्च अदालतबाट प्रतिपादित विभिन्न नजिरहरू समेत बेन्च समक्ष पेस गर्नुभयो ।

वादीको फिरादपत्रमा "म वादीको पति अरुण दीक्षितको पहिलो पत्नीसँग सम्बन्ध विच्छेद भइसकेको छ । पहिलो पत्नीतर्फ आदित, अजर दुई छोरा र एक छोरी देवी गरी तीन जनाको जायजन्म भएको छ । उनीहरू संयुक्त राज्य अमेरिकामा बसोबास गरी आएका छन् । मबाट एक छोरा आशुतोष आचार्य दीक्षितको जन्म भएको छ । मेरो पति अरुण दीक्षितले ससुराबाट मिति २०६४।७।३० र.नं. १९५१(ग) बाट का.जि. मूलपानी गा.वि.स. वडा नं. ८(ख) कि.नं. ८८ कि.नं ९२, कि.नं. १३३, कि.नं. १३६, कि.नं. १४० र कि.नं. १५० अंश बापत लिनुभएको थियो । यसरी अंशबापत प्राप्त यी जग्गाहरूमा मेरो समेत अंश हक लाग्नेमा विवाद छैन । मेरो पनि अंश हक लाग्ने जग्गा सम्पत्तिलाई मेरो मञ्जुरी सहमति बेगर मलाई साम्पत्तिक हक हकबाट पूर्णतः वञ्चित गरी सम्पूर्ण पैत्रिक सम्पत्ति विपक्षी पतिले विपक्षी चन्द्र हाउजिङ्गलाई राजीनामा गरी हक हस्तान्तरण गरेको र यस बाहेक अन्य चल अचल सम्पत्ति केही पनि नरहेको अवस्थाबाट प्रतिवादीको प्रस्तुत क्रिया स्वयं दूषितपूर्ण र जालसाजीपूर्ण छ । यसप्रकारको कार्य व्यवहार लेनदेनको ४० नं. अनुसार सदर हुन सक्दैन । उक्त राजीनामा लिखत बदर हुनुपर्दछ भन्ने फिरादपत्र वादीबाट पर्न आएको छ ।

प्रतिवादी अरुण दीक्षितले "फिरादपत्रमा उल्लिखित पुस्तेवारी अंश बुझेको भरपाई, एकासगोलमा बसोबास गर्दै आएको, विपक्षी मेरी श्रीमती र निजले मबाट अंश लिन पाउनेमा विवाद छैन । मैले आयस्ताले भ्याएसम्म विपक्षी पत्नीलाई आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएको छु । मैले पिताबाट अंश बापत पाएका वादी दाबीका जग्गाहरू मेरो अन्य आयश्रोत केही पनि नभएको र घर परिवार एवं केटाकेटीलाई पढ्ने लगायतका अन्य खर्च व्यहोर्न नसक्ने अवस्था सिर्जना भएको हुँदा चन्द्र हाउजिङ्ग प्रा.लि. लाई राजीनामा पारित गरिदिएका छौँ । घरको मुख्य मानिस भएको नाताले सम्पूर्ण जिम्मेवारी मैले नै व्यहोर्नुपर्ने भएको हुँदा बिक्री गरेको जग्गाबाट लिएको रकमलाई मैले एक्लै खर्च गरेको भन्नु विपक्षीको भनाइ कानुन संगत एवं व्यावहारिक छैन । लिखत बदर हुन सक्दैन भन्ने प्रतिउत्तर दिएका छन् ।

विपक्षी रन्जिलाका पतिदेव अरुणको ४ जना छोरा छोरी र पत्नी समेत भएको पारिवारिक तथ्य फिरादमै आएको छ । अरुण दीक्षितले अमेरिका र नेपालमा रहेका पत्नी छोरा छोरीको, शिक्षा दीक्षा, स्वास्थ्य, पालन पोषणको जोहो गर्न आफ्नो नाममा रहेका उक्त जग्गा बिक्री गरेका हुन् । आफ्नो पत्नी छोराछोरीप्रति बेइमानी गर्ने नियतले जग्गा बिक्री गरेको होइन । हामीलाई दु.ख. दिने दूषित नियतसाथ प्रस्तुत फिराद दायर भएको छ । विपक्षीले स्पष्ट र यकिन दाबी लिन सकेका छैनन् । हचुवा र गोश्वारा दाबीमा अदालतले इन्साफ गर्न मिल्दैन । तहगत बिक्री व्यवहार हुँदै गरिँदै आएको व्यवहारमा १ वर्षपछि पर्न आएको फिराद हदम्यादविहीन छ भन्ने प्रतिउत्तर प्रतिवादीहरू चन्द्र हाउजिङ्ग प्रा.लि., चन्द्र महर्जन, शान्तिराम न्यौपानेबाट पर्न आएको छ ।

विद्वान् कानुन व्यवसायीहरूको उपरोक्तानुसारको बहस जिकिर र उपरोक्त व्यहोराको फिराद पत्र एवं प्रतिउत्तर पत्र भएको प्रस्तुत मुद्दामा निम्न कानुनी प्रश्न उपर निर्णय दिनुपर्ने देखिन्छ ।

(क) वादी दाबीको लिखत एवं दर्ता दूषित लिखत दर्ता हो होइन ? यसमा हदम्याद आकर्षण हुने हो होइन ?

(ख) प्रस्तुत फिराद लेनदेन व्यवहारको ४० नं., ज.प.को १७ नं., ज.मि.को १८ नं. अन्तर्गतको हदम्याद अन्तर्गत दायर हुन सक्ने हो होइन ? यसमा लेनदेन व्यवहारको ४० नं. आकर्षित हुन्छ हुँदैन ?

(ग) प्रतिवादी अरुण दीक्षितको काम क्रिया अंशबण्डाको १९(१) अन्तर्गतको हो होइन ?

(घ) वादी दाबी अनुसार मिति २०६४।११।१९ र.नं. ४३६०(ग) को राजीनामा लिखत बदर हुने हो होइन ?

पहिलो प्रश्नतर्फ विचार गर्दा प्रस्तुत फिराद पत्रलाई “दूषित लिखत बदर” नामकरण गरी वादी अदालतमा प्रवेश गरेको पाइयो । प्रतिवादी अरुण दीक्षितले आफ्नो पिताबाट अंश बापत प्राप्त गरेको जग्गा आफ्ना नाउँमा दर्ता नामसारी गरी सोही जग्गाहरूलाई चन्द्र हाउजिङ्ग प्रा.लि.लाई मिति २०६४।११।१९ मा र.नं. ४३६०(ग) बाट राजीनामा गरी हक हस्तानतरण गरेको देखिन्छ । अंश हक बापत आफ्नो पिताबाट प्राप्त गरेको आफ्नो नाममा दर्ता हक भोगमा रहेको सम्पत्ति प्रतिवादी चन्द्र हाउजिङ्ग प्रा.लि.लाई हक छोडी बिक्री राजीनामा गरिदिएको क्रियालाई दूषित दर्ता वा दूषित लिखत भन्न मिल्ने होइन । सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०६० पृष्ठ ६०, नि.नं ७१६६ मा एकाको हक स्वामित्वको जग्गा हकै नभएको व्यक्तिले दर्ता गराएको अवस्थामा यस्तो कार्यलाई दूषित दर्ता जान्नुपर्ने भई यस्तो दूषित लिखत दर्ता बदर गराउन हदम्याद बाधक नहुने “भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यसप्रकार आफ्नो हक दर्तामा रहेको जग्गा रीतपूर्वक अन्यलाई हक हस्तान्तरण गरेको कार्यलाई दूषित क्रिया भन्न नमिल्ने र रीतपूर्वक रजिष्ट्रेशन पारित गरी खरिद गरी आफ्ना नाममा दर्ता गरेको कार्यलाई दूषित दर्ता भन्न मिल्ने देखिएन । राजीनामाको माध्यमबाट खरिद बिक्री गरेको लिखतलाई बदर गराउन सम्बन्धित कानुनले निर्दिष्ट गरेको हदम्यादभित्रै अदालतमा प्रवेश गर्नुपर्ने देखिन आयो ।

दोश्रो प्रश्नतर्फ विचार गर्दा प्रस्तुत फिराद पत्र लेनदेन व्यवहारको ४०, जग्गा मिच्नेको १८ र जग्गा पजनीको १७ नं. को हदम्याद समाई दायर भएको छ । लेनदेन व्यवहारको ४० नं. मा यस्तो व्यवहार सदर हुँदैन भनेको, नालिस सुनिने छैन भनेको, नाबालकको धन बिगार्नलाई वेइमानी गरेको, ब्याजको ब्याज खाएको ब्याजमा दशौददेखि बढ्ता लेखाएको वा लख बन्धक लिँदा बढ्ता लिएको बढ्ता करार लेखाएको यति कुरामा हदम्याद लाग्दैन । यस महलमा अन्यत्र हदम्याद लेखिएको वा हदम्याद लाग्दैन भनेको कुरामा बाहेक अरूमा भए गरेको मितिले २ वर्षभित्र नालिस नदिए लाग्न सक्दैन “भन्ने कानुनी व्यवस्था रहेको छ” यसमा वर्णित कानुनी प्रावधानलाई हेर्दा यसै लेनदेन व्यवहारको महल

अन्तर्गत ६ नं., १८ नं. २१ नं. र २९ नं. अन्तर्गतका क्रियामा हदम्याद नलाग्ने भन्ने प्रष्ट छ । अन्यत्र हदम्याद लेखिएको रहेछ भने सोही बमोजिम फिराद गर्नुपर्ने अन्यथा भए गरेको मितिबाट २ वर्षभित्रै फिराद दायर हुनुपर्दछ ।

राजीनामा लिखतको माध्यमबाट एकाले अर्कालाई सम्पत्ति हक हस्तान्तरण गरेको र त्यसमा सगोलको अंशियारलाई साक्षी नराखेको वा मञ्जुरी नलिएको भन्ने वादी कथन हुँदा यस्तो कार्यलाई बदर गराउन चाहने वादीले लेनदेन व्यवहारको महलको कुन नं. लाई टेकी फिराद गर्नुपर्ने हो भन्नेतर्फ हेर्दा लेनदेन व्यवहारको १० नं. मा "अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छोडी दिँदा ऐनले आफूखुसी गर्न पाउने अरूको मञ्जुरी लिन नपर्नेमा बाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेको वा निजहरूले मञ्जुरीको लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ । साक्षी पनि नबसेको र मञ्जुरीको लिखत पनि नभए मञ्जुर नहुनेले रजिष्ट्रेशन भएको मितिले एक वर्षसम्ममा थाहा पाएको ३५ दिनभित्र उजुर गर्‍यो र निजको मञ्जुरी ठहरिएन भने निजको हक जति सो सम्पत्ति निजलाई फिर्ता गराइदिनुपर्छ भन्ने व्यवस्था छ ।

वादीले प्रस्तुत फिराद पत्रमा उठाएको कानुनी प्रश्न तथा उल्लेख गरेको तथ्यलाई हेर्दा दाबीको मिति २०६४।११।१९ र.नं. ४३६०(ग) को राजीनामा लिखतलाई बदर गराउन वादी लेनदेन व्यवहारको १० नं मा उल्लिखित हदम्यादभित्र अदालतमा प्रवेश गर्नुपर्दछ । सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०५९, पृष्ठ ५२६, नि.नं. ७१२२ मा "मञ्जुरी लिनुपर्नेमा नलिई बिक्री गरेको लिखत बदर गर्न लेनदेन व्यवहारको ४० नं होइन कि लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र नालेस गर्नुपर्दछ" भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।

मिति २०६४।११।१९ मा पारित भएको राजीनामाको लिखतलाई बदर गराउन वादीले मिति २०६६।३।१२ मा फिराद दायर गरेको पाइन्छ । यसबाट प्रस्तुत फिराद लेनदेन व्यवहारको १० नं. मा उल्लेख भएको हदम्याद नघाई दायर भएको प्रष्ट हुन आयो । हदम्यादविहीन फिरादबाट वादीले कानुनी उपचार पाउन सक्ने अवस्था देखिन आएन । सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०५८ पृष्ठ २२५, नि.नं. ६९९८, ने.का.प. २०५९, पृष्ठ ५२६ नि.नं ७१२२ मा "लेनदेन व्यवहारको १० नं. हदम्यादभित्र फिराद परेको नदेखिँदा नालेस खारेज हुन्न" भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।

अब वादीले उल्लेख गरेको जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको १८ न. मा भएको कानुनी व्यवस्था हेरौं । जग्गा मिच्नेको १८ नं. मा "रोक्का भएको जग्गा लिए दिएको र जग्गा दपोट वा तिरो दपोट गरेको कुरामा बाहेक अरू जग्गाको कुरामा थाहा पाएको मितिले ६ महिनाभित्र ....नालेस नदिए लाग्न सक्दैन भन्ने व्यवस्था छ भने जग्गा पजनीको १७ नं मा तालुकदारले खापी खाएको बाहेक एकको हकको जग्गा अर्कोले दर्ता गराएकोमा थाहा पाएको मितिले ६ महिनाभित्र र अरू कुरामा भए गरेको मितिले दुई वर्षभित्र नालेश नदिए लाग्न सक्दैन" भन्ने व्यवस्था उल्लेख छ ।

उपरोक्तानुसार जग्गा मिच्नेको १८ नं र जग्गा पजनीको १७ नं. मा भएको कानुनी व्यवस्था प्रस्तुत फिरादमा उल्लेख भएको तथ्य, वादीले माग गरेको कानुनी उपचारसँग संगति राख्दैन । वादी लेनदेन व्यवहारको १० नं. अनुसार नै अदालतमा प्रवेश गर्नुपर्ने भनी माथि विवेचना भइसकेको हुँदा त्यसलाई पुनरावृत्ति गरिरहन परेन ।

अब तेश्रो प्रश्न उपर विवेचना गरौं । प्रस्तुत लिखतका सम्बन्धमा वादीबाट जालसाजी मुद्दा समेत दायर भएको छ । कतिपय अवस्थामा लेनदेन व्यवहारको १० नं. अन्तर्गतको दाबी नगरी किर्ते कागजको १८ नं. को हदम्याद समाई जालसाजीतर्फ नालेस गरी अदालतले कानुनी उपचार प्रदान गर्ने गरेको पनि पाइन्छ । प्रतिवादीले आफ्नो नाम दर्ताको सम्पूर्ण पैत्रिक सम्पत्ति बिक्री गरेको भन्ने देखिँदा यस्तो क्रियालाई जालसाजी मानी वादी दाबीको लिखतलाई निष्क्रिय घोषित गर्न मिल्ने हो कि ? भन्ने प्रश्न पनि उठ्न नसक्ने होइन । प्रतिवादीहरूको मुख्य जिकिर अरुण दीक्षित घरको मुख्य व्यक्ति भएकोले

घर व्यवहार चलाउनलाई उक्त जग्गाहरू बिक्री गरेको भन्ने रहेको छ । अंशबण्डाको १९(१) मा भएको कानुनी व्यवस्थालाई अध्ययन गर्दा उक्त नं. मा "पिता पुर्खाको पालाको चल अचल गैरसम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी छोरा, अविवाहित छोरी वा विधवा बुहारीको मन्जुरी नभए पनि आफू खुस गर्न पाउँछ । अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउनै परे पनि एक्काईस वर्ष नाघेका स्वास्नी, छोरा, अविवहित छोरी र विधवा बुहारीको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ । मन्जुरी नलिई गरेको सदरै हुँदैन" भन्ने कुरा उल्लेख छ ।

प्रतिवादी अरुण दीक्षितले आफ्नो नाममा दर्ता रहेको सम्पूर्ण पैतृक सम्पत्ति बिक्री गरेको, बिक्री गर्दा वादीको सहमति मन्जुरी नलिएकोमा विवाद देखिँदैन । वादीको पति प्रतिवादी अरुण दीक्षित घरको मुख्य व्यक्ति भन्ने देखिन्छ । हाम्रो सामाजिक एवं पारिवारिक संरचना मूल्य मान्यतालाई दृष्टिगत गरी घर व्यवहार चलाउने दायित्व एवं कर्तव्य घरको मुख्य व्यक्तिको हुन्छ भने सोको लागि चल अचल सम्पत्ति खर्च गर्ने सीमा र पूर्वसर्तहरू अंशबण्डाको १९(१) ले निर्धारण गरेको छ ।

वादी प्रतिवादीले उल्लेख गरेका तथ्य एवं पारिवारिक घटनाक्रमलाई हेर्दा वादी र प्रतिवादीबीच द्वेषपूर्ण र अस्वस्थ सम्बन्ध भई परस्परमा मनमुटाव उत्पन्न भएको, यसै कारणबाट प्रतिवादी पति अरुण दीक्षितले बेइमानी नियत राखी गैरजिम्मेवारीपूर्ण ढंगले भएभरको सम्पत्ति खर्च गरेको भन्ने खुल्न आउँदैन । स्वयं वादीकै कथन अनुसार पनि तीन जना सन्तानलाई अमेरिकामा राखी पठनपाठन गराउन ठूलै रकम खर्च गर्नुपर्ने हुन्छ । प्रतिवादीले जग्गा बिक्री गरी प्राप्त गरेको रकम फजुल रूपमा नाशे मासेको, खर्च गरेको, वादीको भविष्यलाई जोखिममा पारिदिएको भन्ने कुरा पनि पुष्टि भएको छैन । यस्ता घटनाक्रमले घर खर्चकै लागि प्रतिवादीले वादी दाबीका जग्गाहरू बिक्री गरेको भन्ने पुष्टि गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ७(ग) मा "कुनै घटना मानिसहरूको आचरण वा काम कारोबारको सामान्य क्रम विचार गर्दा तर्क संगत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ" भन्ने व्यवस्था भएको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा स्थापीत भएका तथ्य र घटनाक्रम स्वाभाविक र संगतिपूर्ण देखिन्छ ।

अर्को महत्वपूर्ण पक्ष वादीको उमेर प्रतिवादी अरुण दीक्षितले वादी दाबीका जग्गा राजीनामा गरी हक हस्तानतरण गर्दाका बखत २१ वर्ष पुगेको देखिँदैन । फिराद पत्र साथ वादीले पेस गरेको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपिमा वादीको जन्म मिति २०४५।४।२७ उल्लेख छ । यसबाट मिति २०६४।११।१९ मा वादी २१ वर्ष भन्दा कम उमेरको देखिन आउँछ । यसरी प्रतिवादीले घर व्यवहार चलाउन वादी दाबीका जग्गाहरू बिक्री गरेको भन्ने देखिएको अवस्थामा अंशबण्डाको १९(१) अनुसार २१ वर्ष उमेर नपुगेकी वादी रन्जिला आचार्यको सहमति मन्जुरी प्रतिवादी अरुण दीक्षितले लिनुपर्ने अवस्थै देखिन आएन । यस सम्बन्धमा सर्वोच्च अदालतबाट ने.का.प. २०५६, अंक ४, पृष्ठ ३०२, नि.नं ६७०९ मा "वादी दाबीको लिखत पारित हुँदाको अवस्थामा वादीको उमेर २१ वर्ष पूरा भएको देखिँदैन । तसर्थ उल्लिखित कानुनी व्यवस्थाबाट २१ वर्ष नाघेको छोराको मन्जुरी मात्र लिनुपर्ने भएबाट वादीको उमेर २१ वर्ष पुगी नसकेको अवस्थामा वादी दाबी नपुग्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

अन्तिम तथा चौथो प्रश्न उपर विचार गर्दा माथि विवेचना भएको (पहिलो, दोस्रो र तेस्रो कानुनी प्रश्नको सन्दर्भमा) तथ्य, प्रमाण, सम्बन्धित कानुनी व्यवस्था एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुसार मिति २०६४।११।१९ को राजीनामा लिखत र सोको आधारमा भएको दर्ता दूषित लिखत एवं दूषित दर्ता हो भन्ने नदेखिएको, वादी दाबी अनुसार लेनदेन व्यवहारको ४० नं., जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको १८ नं. को हदम्याद नभई लेनदेन व्यवहारको १० नं. को हदम्याद आकर्षित हुने भई लेनदेन व्यवहारको १० नं. मा उल्लिखित हदम्यादभित्र फिराद पत्र दायर नभएको, प्रतिवादी अरुण दीक्षित घरको मुख्य व्यक्ति भई घर व्यवहार चलाउन जग्गा बिक्री गरेको र

जग्गा बिक्री गर्दाका बखत वादीको उमेर २१ वर्ष नपुगेको हुँदा अंशबण्डाको १९(१) अनुसार वादीको मञ्जुरी सहमति लिनुपर्ने आवश्यकता समेत नरहेको देखिँदा मिति २०६४।११।१९ र.नं. ४३६०(ग) को राजीनामा लिखत बदर गरी पाऊँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्छ । सो ठहर्नाले अरू कुरामा तपसिल बमोजिम गर्ने गरी अ.वं १८६ नं बमोजिम यो मुद्दा फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए अनुसार वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकाले वादीले फिरादसाथ राखेको कोर्ट फी रु.३००।- जफत हुन्छ अरू केही गरिरहनु परेन................................... .................१

प्रस्तुत इन्साफमा चित्त नबुझे ३५ दिनभित्र पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानू भनी वादीका नाउँमा पुनरावेदनको म्याद दिनू....................................................................................२

सरोकारवालाले नक्कल माग्न आए कानुन बमोजिमको नक्कल दिनू..................................................३

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाइदिनू........................४

कम्प्युटर टाइप गर्ने
शिला पहारी
फाँटवाला- निलहरि ढुंगेल
फाँट नं. - ११

**न्यायाधीश**

**इति संवत् २०६८ साल मंसिर २१ गते रोज ४ शुभम् ...........।**

# श्री काठमाडौं जिल्ला अदालत
## इजलास
## माननीय जिल्ला न्यायाधीश श्री कृष्णबहादुर थापा
## फैसला
## संवत् २०६६ सालको दे.नं. :- ०५१८१
## निर्णय नं.:-४४५

**मुद्दा :- करारको यथावत परिपालना गरी पांऊ ।**

**वादीको नाम, थर र वतन**

भवदासको नाति मोती प्रसादको छोरा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.३ महाराजगञ्ज बस्ने नारायण प्रसाद शर्मा उपाध्याय........................१

**प्रतिवादीको नाम, थर र वतन**

धिर शम्शेरको नाति जुद्ध शम्शेरको छोरा ललितपुर जिल्ला ल.पु.उप म.न.पा. वडा नं.४ जाउलाखेल वस्ने विनोद शम्शेर ज.ब.रा...........................१

**साक्षी :-**

कागज :-

**साक्षी :-**

कागज :-

**अदालतबाट बुझेको**

**साक्षीः-**

**कागजः-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ एवं मुलुकी ऐन अ.वं.२९नं. ले यसै अदालतको अधिकार क्षेत्रभित्रको भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त बिवरण यस प्रकार छः-

वादी सुश्री जमुना राज्यलक्ष्मी राणा प्रतिवादी विनोद शम्शेर ज.ब.रा. बीच का.जि .का.म.न.पा.वडा नं.२३(घ) कि.नं.५ को नयाँ नापीमा कायम हुन आएको का.जि.का.म.न.पा. वडा न.४ सिट नं.९८६–१७ कि.नं. २२ को क्षे.फ. १–११–१–२ जग्गाको सम्बन्धमा विनोद शम्शेरका नाउँमा मालपोत कार्यालयबाट रै.प. दर्ता गर्ने गरी भएको २०५८।१२।५ को निणर्य उपर जमुना राज्यलक्ष्मी राणाले विनोद शम्शेर उपर का.जि.अ. मा र पुनरावेदन अदालत पाटनमा परेको मुद्दा मिलपत्र गराउने, मिलापत्र गर्दा लाग्ने खर्च समेत व्यहोर्ने गरी मुद्दा मिलापत्र गराए बापत उक्त कि.नं.२२ को जग्गाबाट उत्तरतर्फ ०–६–०–० जग्गा दिने सर्तमा मिति २०६५।३।२७ मा करारनामा भएको थियो । उक्त मुद्दाहरू मिलापत्र भई विनोद शम्शेरले जग्गाधनी  प्रमाण पुर्जा प्राप्त गरिसकेपछि निजका नाउँमा दर्ता रहेको कि.नं.२२ को क्षे.फ. १–१४–१–२ मध्ये उतरतर्फबाट ०–६–०–० जग्गा मेरा नाममा  दा.खा. दर्ता समेत गरी करार ऐन, ०५६ को दफा ८६(१) बमोजिम करारको यथावत् परी पालना गराई पाऊँ र विपक्षी मेरोबीच भएको मिति २०६५।३।२७ को करार बमोजिम मैले पाउनुपर्ने कि.नं. २२ को क्षे फ ०–६–०–० जग्गाको प्रतिआना २५ लाख पर्ने हुँदा ६ आनाको रु.१,५०,०००००। (एक करोड पचास लाख) विनोद शम्शेरबाट करार ऐन, २०५६ को दफ (८३)३ बमोजिम मैले जग्गा प्राप्त नगर्दा क्षति हुन गएको रु.१,५०,०००००।-(एक करोड पचास लाख) क्षतिपूर्ति बापत दिलाई  भराई पाऊँ भन्ने समेत व्यहोराको फिराद दावी ।

काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालतमा परेको मुद्दाहरू  सन्दर्भमा विपक्षीले म मिलापत्र गराउँछु भनेकाले विपक्षी र मेरोबीचमा करारनामा भएको थियो । सो करारनामा भए तापनि

काठमाण्डौ जिल्ला अदालतमा चलेका मुद्दा मेरो आफ्नै प्रयास तथा सक्रियतामा मिति २०६५।३।२७ मा जमुना राज्य लक्ष्मीसँग मिलापत्र गरेको हुँ, मिलापत्र गर्ने कार्यमा विपक्षीको कुनै भूमिका नरहेको, जमुनाले कुनै चल अचल सम्पत्ति नलिएको र पुनरावेदन अदालतमा परेको मुद्दा पनि लामो समय पश्चात् मिति ०६६।९।२५ मा फैसला भएको हो । मिलापत्र भएको होइन, अचल सम्पत्ति लिने दिने सर्तमा लिखत पारित हुनुपर्छ । घरजग्गा जस्तो अचल सम्पत्ति लिने दिने करार हुन सक्तैन । विवादको जग्गाको सन्दर्भमा यसै अदालतमा हक कायम समेत मुद्दा परेको कुरा विपक्षीलाई जानकारी भएको करार भङ्ग भएको जानकारी विपक्षीलाई दिएको हुँदा विपक्षीले करार बमोजिमको दायित्व पूरा गरेका छैनन् । करारको यथावत परिपालना गराई पाऊँ भन्ने दाबी लाग्न नसक्ने हुँदा करार ऐन, २०५६ को खिलाफमा दाएर भएको फिराद खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी विनोद शम्शेर ज.ब.रा.को प्रतिउत्तरपत्र ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री धीरेन्द्र रावलले आफ्नो वहसमा मालपोत कार्यालयले गरेको निर्णय विरुद्ध जमुना राज्यलक्ष्मी राणा बिरुद्ध विनोद शम्शेर ज.ब.रा. बीच मुद्दा परेकोले सो मुद्दामा मिलापत्र गराउँदा लाग्ने खर्च मेरो पक्षले व्यहोर्ने र त्यस वापत विनोद शम्शेर ज.ब.रा.ले कि.नं.२२ को ०–६–० जग्गा मेरो पक्षलाई दिने भनी वादी प्रतिवादीको बीचमा करारनामा भएको तथ्यलाई स्वीकार गरेकाले वादी दाबी बमोजिम हुनुपर्छ भनी र वादीको तर्फबाट उपस्थित अर्का विद्वान् अधिवक्ता यादवप्रसाद ढुङ्गानाले वादी प्रतिवादीको बीचमा मुद्दा जिताउने गरी करार भएको होइन, मिलापत्र गराउने गरी र मिलापत्र गर्दा लाग्ने खर्च मेरो पक्षले व्यहोर्ने गरी करार भएको हो । करार बमोजिम मुद्दामा मिलापत्र भएको छ, यस्तो अवस्थामा करारको यथावत पालना हुनुपदर्छ भनी गरेको बहस सुनियो । प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री हरेकृष्ण कायस्थले आफ्नो बहसमा जमुना राज्य लक्ष्मीसँग समेत काठमाडौं जिल्ला अदालतमा र पुनरावेदन अदालत पाटनमा भएको मिलापत्रमा कुनै पैसा लेनदेन भएको छैन । करारमा आर्थिक भार बहन गर्नुपर्ने स्थिति परेको छैन, करारमा उल्लेख गरेको जग्गा अन्य व्यक्तिलाई हस्तान्तण गरी दिइसकेको छ । यस्तो अवस्थामा करार लागू हुन सक्दैन । पुनरावेदन अदालतबाट भएको फैसलामा जमुना राज्य लक्ष्मीको हकमा फैसला भएको छ । यस्तो अवस्थामा वादी दाबी पुग्न सक्दैन भनी र प्रतिवादीको तर्फबाट अर्का विद्वान् अधिवक्ता श्री विश्वप्रकाश सिग्देलले प्रस्तुत मुद्दाको फिराद मिति २०६७।१।९ मा परेको तर त्योभन्दा पहिला यी वादीलाई करार भएको जानकारी सूचना मिति २०६६।७।२० मा नै दिइएको छ । पुनरावेदन अदालतमा यी वादी नारायण प्रसादले मिलापत्र गराएको होइन, करार भंग भएको जानकारी ०६६।७।२० मा यी वादीलाई दिएपछि ०६८।९।२० मा दिव्य शम्शेरसँग मिलापत्र भएको छ, जिल्ला र पुनरावेदन अदालतमा परेका सबै मुद्दाहरू मिलापत्रबाट राफसाफ भएको होइन, यस्तो अवस्थामा वादी दाबी पुग्न सक्दैन भनी गरेको बहस सुनियो ।

फिराद पत्रमा वादी जमुना राज्यलक्ष्मी राणा र प्रतिवादी विनोद शम्शेर ज.ब.रा. बीच काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत पाटनमा परेको मुद्दा मिलापत्र गराउने, मिलापत्र गर्दा खर्च समेत व्यहोर्ने गरी र मुद्दा मिलापत्र गराए बापत कि.नं.२२ को जग्गाबाट उतरतर्फ ०–६–० जग्गा दिने सर्तमा मिति २०६५।३।२७ मा करारनामा भएको थियो, उक्त मुद्दाहरूमा मिलापत्र भई विनोद शम्शेरले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरिसकेपछि निजका नाउँमा दर्ता रहेको कि.नं.२२ को जग्गाबाट ०–६–० जग्गा मेरो नाउँमा दा.खा. गरी करार ऐन, २०५६ को दफा ८६(१) बमोजिम करारको यथावत्

परिपालना गराई पाऊँ वा ऐ. ऐन को दफा ८३(३) बमोजिम जग्गा प्राप्त नगर्दा हुन गएको क्षति रु.१० करोड ५० लाख क्षतिपूर्ति दिलाई पाऊँ भन्ने दाबी लिएको देखिन्छ । प्रतिउत्तरपत्रमा काठमाडौं जिल्ला अदालतमा चलेको मुद्दा मेरो प्रयासमा जमुना राज्य लक्ष्मीसँग मिति ०६५।३।२५ मा मिलापत्र गरेको छु, पुनरावेदन अदालतमा चलेको मुद्दा लामो समय पश्चात् २०६६।९।२५ मा फैसला भएको हो, मिलापत्र भएको होइन, घर जग्गा जस्तो अचल सम्पत्ति लिने दिने गरी करार हुन सक्दैन भन्ने समेत व्यहोराको प्रतिउत्तर जिकिर रहेको देखिन्छ ।

वादी प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले गरेको बहस र फिराद दाबी तथा प्रतिउत्तर जिकिरबाट देहाएको तथ्यको न्यायिक निरुपण गर्नुपर्ने देखिन्छ :-

१. अदालतमा विचाराधीन मुद्दाको विषयमा मुद्दाभन्दा बाहिरको तेस्रो पक्षले पैसा खर्च गरी अचल सम्पत्ति लिने दिने गरी करार गर्न मिल्छ, मिल्दैन ।
२. फिराद दाबी बमोजिम करारको यथावत् परिपालना हुनुपर्ने हो, होइन ।

अब पहिलो तथ्यको सन्दर्भमा विचार गर्दा मिसिल संलग्न रहेको करारनामाको लिखत हेर्दा सर्त नं.२ मा अदालतमा चलिरहेको उल्लिखित जग्गाको सम्बन्धमा मुद्दाका पक्षहरूलाई मिलापत्र गराएको र मिलापत्र गराउँदा लाग्ने आर्थिक दायित्व व्यहोर्न दोश्रो पक्ष मञ्जुर गर्दछ भनी र सर्त नं.३ मा मिलापत्र गर्नको लागि आवश्यक दायित्व व्यहोरे बापत म प्रथम पक्षले कि.नं.२२ को जग्गामध्ये ०–६–० जग्गा द्वितीय पक्षलाई हस्तान्तरण गरिदिनेछु भनी यी वादी प्रतिवादीहरूले मिति २०६५।३।२७ मा करारनामा गरेको देखिन्छ । यो करारनामा प्रमुख दुई तत्वको विद्यमानता रहेको देखिन्छ । पहिलो अदालतमा विचाराधीन मुद्दमा यी वादीले आर्थिक दायित्व व्यहोरी मिलापत्र गराउने र दोस्रो त्यसरी मिलापत्र भएमा विवादित कि.नं.२२ को जग्गाबाट यी वादीलाई क्षे.फ. ०–६–० जग्गा प्रतिवादीले दिनुपर्ने । अब दुवै अवस्था करार ऐन, २०५६ तथा अरू विद्यमान ऐन अनुकूल छ, छैन भनी हेर्दा फिरादपत्रमा नै वादी सुश्री जमुना राज्य लक्ष्मी राणा र प्रतिवादी विनोद शम्शेर ज.ब.रा. बीच का.न.पा. वडा नं.२३ (क) कि. नं.२२ को क्षे.फ. १–११–१–२ जग्गाको सम्बन्धमा मा.पो.का. बाट विनोद शम्शेरका नाममा सो जग्गा रैकर परिणत गरी दर्ता गर्ने गरेको मिति ०५८।१२।५ को निर्णय उपर जमुना राज्य लक्ष्मीले विनोद शम्शेर उपर का.जि.अ.मा र पुनरावेदन अदालतमा मुद्दा दिएकोले सो मुद्दाहरूमा मिलापत्र गराउने, मिलापत्र गर्दा लाग्ने खर्च यी वादीले समेत व्यहोर्ने गरी करार भएको यी वादीले स्वीकार गरेको देखिन्छ । अदालतमा विचाराधीन मुद्दाको विषयमा अदालत बाहिर रुपैया पैसा समेत खर्च गर्ने सर्तहरू राखी मिलापत्र गराउने भनी भएको करार प्रथम दृष्टिमा नै गैरकानूनी तथा बदर हुने करार हो । अदालतमा विचराधीन रहेको मुद्दाको विषयमा मुद्दाको एउटा पक्षसँग मुद्दामा कुनैं सरोकार नभएको तेस्रो पक्षले अदालत बाहिर त्यस प्रकारको करारनामा समेतका कागजहरू गर्न पाउने हुँदैन । अदालतमा विचाराधीन विषय अदालतको न्यायिक विषय हो । मुद्दाको कुनै पक्षनै नभएको व्यक्तिले अदालत बाहिर मुद्दाको एक पक्षलाई रुपैयाँ दिई त्यसको सट्टामा जग्गा लिने दिने गरी करारनामाको कागजहरू समेत गर्न पाउने गरी त्यस्रो पक्षको उपस्थिति वा हस्तक्षेप स्वतन्त्र न्यायिक प्रक्रियाको लागि स्वीकार्य विषय हुन सक्दैन । अदालतको समेत अनुमति लिएर वा स्वयं मुद्दाका पक्षहरूले एकआपसमा मिलेर वा कानुन बमोजिम मिलापत्रको लागि पठाइएका मुद्दाहरूमा अनुमति प्राप्त मिलापत्रकर्ताहरूबाट मिलापत्र हुन सक्ने हाम्रो देवानी विधिशास्त्रले स्वीकार गर्दछ । यसको विपरीत अदालतमा विचाराधीन मुद्दामा कुनै पक्ष नै नभएको तेश्रो व्यक्तिले मुद्दाको एउटा पक्षलाई रुपैयाँ दिई वा खर्च गरी सो बापत जग्गा पाउने गरी अदालत वाहिर मुद्दाका पक्षहरूसँग करारनामा गर्न पाउने हैसियत यी वादीले कसरी प्राप्त गरेका हुन् देखाउन सक्नुपर्छ । मुद्दाका पक्षहरूको बीचमा आपसी समझदारीमा औपचारिक वा अनौपचारिक सर्तहरू राखी मिलापत्र समेतको माध्यमबाट देवानी मुद्दा मामिलाको निप्टारा (Settlement) गर्नमा

अदालतलाई मद्दत गर्न सकिन्छ तर अदालतमा विचाराधीन मुद्दामा कुनै पक्ष नै नभएको र अदालतले अनुमति नदिएको तेश्रो व्यक्तिले रुपैयाँ खर्च गरी र त्यस बापत जग्गा लिने दिने सर्तहरू राखी भएको करार अनुचित करार हो । त्यस्तो करारलाई वैध करार मान्न सकिँदैन ।

यसैगरी वादीले आफ्नो फिरादपत्रमा मुद्दामा मिलापत्र गराए बापत प्रतिवादीले कि.नं.२२ को जग्गाबाट वादीलाई क्षे.फ. ०–६–० जग्गा दिनुपर्ने गरी करार भएको छ भनी मुख्य दाबी लिएको देखिन्छ । यसरी अचल सम्पत्ति लिने दिने गरी करार गर्न हाम्रो करार ऐन, २०५६ ले स्वीकृति दिएको पनि देखिँदैन । वादीको फिराद दाबी र करारको प्रकृतिलाई हेर्दा यो करार वस्तु बिक्री सम्बन्धी करार भन्ने देखिन्छ । करार ऐन, २०५६ को परिच्छेद ७ मा यस्तो वस्तु बिक्री सम्बन्धी करारको व्यवस्था गरेको देखिन्छ भने ऐ.ऐनको दफा ४०(१) को स्पष्टीकरणमा “यस परिच्छेदको प्रयोजनको लागि “वस्तु भन्नाले तत्काल प्रचलनमा रहेको मुद्रा, धितोपत्र वा उजुर गरी कार्यान्वयन गर्न सकिने (एकसनेवल....) बाहेक खरिद बिक्री हुन सक्ने कुनै पनि चल सम्पत्ति सम्झनुपर्छ” भनी उल्लेख गरेकाले अचल सम्पति वस्तु बिक्री सम्बन्धी करार कानुनको दायरामा पर्ने देखिँदैन : यस्तो अचल सम्पत्ति लिनु दिनु गरेमा मुलुकी ऐन रजिष्ट्रेसनको महलको १ नं बमोजिम रजिष्ट्रेशन पास गरेको हुनुपर्छ । तर वादीले फिराद दाबीमा उल्लिखित जग्गा लिने दिने गरी रजिष्ट्रेशन पास भएको छ भनी दाबी लिन सकेको देखिँदैन । करार ऐन, २०५६ को दफा ८८ मा “प्रचलित कानुनले कुनै खास प्रकारको करार गर्न कुनै खास कार्यविधि पूरा गर्नुपर्ने व्यवस्था गरेको वा कुनै सरकारी कार्यालयमा रजिष्ट्रेशन गर्नुपर्ने व्यवस्था गरेको रहेछ भने त्यस्तो रीत पूरा नगरी भएको करार मान्य हुने छैन” भनी व्यवस्था गरेको छ । यस कानुनी व्यवस्था बमोजिम पनि जग्गा लिनु दिनु गर्न मुलुकी ऐन रजिष्ट्रेशन महलको १नं. बमोजिम रजिष्ट्रेशन पास नभएको लिखतलाई कानुनी मान्यता दिन मिलेन । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट “जग्गा खरिद बिक्री सम्बन्धमा करार भएको र जग्गा चल सम्पत्तिभित्र नपर्ने हुँदा त्यस्तो करारीय दायित्व अदालतबाट पूरा गराउन कानुनत नमिल्ने” भनी सिद्धान्त प्रतिपादित भएको देखिन्छ । (ने.का.प.२०६३ अंक ३ निर्णय नं.७६७३ पृष्ठ ३९५ मुद्दा करार बमोजि क्षतिपूर्ति रकम भराई पाऊँ) । सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त बमोजिम अचल सम्पत्ति हक हस्तान्तरण सम्बन्धी भएको करारीय दायित्वलाई अदालतबाट पूरा गराउन मिलेन ।

अर्कोतर्फ वादीले दाबी गरे बमोजिम जमुना राज्य लक्ष्मी देवी राणा र प्रतिवादी विनोद शम्शेर ज.ब.रा.को बीचमा यी वादीले रुपैयाँ खर्च गरी मिलापत्र गराएको हो भने त्यो कस्तो किसिमको खर्च हो वादीले स्पष्ट रूपमा देखाउनुपर्छ । कुनै पनि लिखत कागज गर्दा स्पष्ट अर्थ दिने ? अत्यन्त पारदर्शी किसिमको हुनुपर्छ । मिलापत्र हेर्दा सो मिलापत्रमा यी वादीको कहीँ पनि उपस्थिति देखिँदैन भने मिलापत्रमा यी वादीले रुपैयाँ खर्च गरी मिलापत्र भएको भनी उल्लेख भएको पनि देखिँदैन । यस्तो अवस्थामा करार बमोजिम रुपैयाँ खर्च भै मिलापत्र भएको हो भन्ने पनि पुष्टि हुँदैन । यसबाट वादीलाई करारनामा बमोजिमको क्षतिपूर्ति समेत भराई दिनुपर्ने भन्न मिलेन । यसैगरी वादीले आफ्नो फिरादपत्रमा कि.नं.२२ को क्षे.फ. १-१४-१-२ जग्गामध्येबाट विनोद शम्शेरले जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरिसकेपछि सो जग्गाको उत्तरतर्फबाट क्षे.फ.०-६-० जग्गा वादीको नाममा दा.खा. दर्ता समेत गर्नुपर्ने करारनामामा सर्त रहेको छ भनेकोमा सो कि.नं.२२ को समुच्च जग्गालाई प्रतिवादी विनोद शम्शेर जबराले चण्डीका राय र पदम कुमारी मानन्धरलाई मिति २०६६।९।३० मा र.नं.५८६३ बाट रजिष्ट्रेशन पारित गरिदिएको भनी यी वादीले यस मुद्दासँग लगाउको दे.नं.०५१८२ को लिखत दर्ता बदर दर्ता मुद्दा उल्लेख गरेको देखिन्छ । यसबाट पनि करार बमोजिम लिनु दिनु गर्नुपर्ने जग्गा नै रजिष्ट्रेशन पास भई गइसकेको अवस्थामा करारको यथावत् पालना गराउन सक्ने स्थिति हुँदैन । साथै वादीले करार ऐन, २०५६ को दफा ८३(३) बमोजिम क्षतिपूर्तिको माग लिएकोमा मिलापत्र गराउँदा कानुन बमोजिम कुन कुन शीर्षकमा के कति खर्च भएको हो स्पष्ट रूपमा उल्लेख गर्न नसकेको र प्रतिवादीले आफ्नो

प्रतिउत्तरपत्रमा मिलापत्र गराउँदा यी वादीले कुनै रकम खर्च गरेको होइन भनेकोले यस्तो अवस्थामा क्षतिपूर्ति समेत भराउन मिल्ने देखिएन ।

अब फिराद दाबी बमोजिम करारको यथावत् पालना गराउनुपर्ने हो होइन भनी दोस्रो तथ्यको सन्दर्भमा विचार गर्दा वादीले दाबी लिएको मिति २०६५।३।२७ को करारनामा कानुन बमोजिमको नामको र यसलाई कार्यान्वयन समेत गराउन नसकिने भनी माथि पहिलो तथ्यमा व्याख्या र विश्लेषण भइसकेकोले वादी र प्रतिवादीबीच भएको यस्तो करारलाई यथावत् परिपालना गराउन मिलेन ।

तसर्थ माथी उल्लिखित आधार प्रमाणहरूबाट अदालतमा विचाराधीन मुद्दाको विषयमा र अचल सम्पत्ति हक हस्तान्तरण गर्ने गरी करार भएको र करारमा उल्लिखित जग्गा प्रतिवादी विनोद शम्शेर ज.ब.रा.सँग नभै अन्य व्यक्तिलाई हक हस्तान्तरण भै गएको देखिँदा वादीको फिराद दाबी नपुग्ने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा अ.वं.१८६ नं. बमोजिम फैसला गरिदिएको छ ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादी दाबी नपुग्ने ठहरी फैसला भएको र वादीले फिराद दर्ता गर्दा र.नं.३१६४ मिति २०६७।१।९ बाट रु.१,५३,७७०। (एक लाख त्रिपन्न हजार सात सय सत्तरी मात्रं) कोर्ट फी राखेको देखिँदा उक्त कोर्ट फी जफत हुन्छ । अरू केही गरिरहन परेन...............................................१

प्रस्तुत फैसलामा चित्त नवुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानू भनी वादीलाई मुलुकी ऐन, अ.वं. १९३नं. बमोजिम पुनरावेदनको म्याद दिनू.............................................२

नक्कल माग गर्ने सरोकारवालालाई नक्कल सारी सराइदिनू.............................................................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू..................४

यो फैसला माननीय जिल्ला न्यायाधीशज्यूबाट टिपाए
बमोजिम टिपोट गर्ने फाँटवाला ना.सु.शंकर भण्डारी
कम्प्युटर टाइप गर्ने डि.बमबहादुर बी.सी.
फाँट नं.५

**न्यायाधीश**

**इति संवत् २०६८ साल चैत्र १५ गते रोज २ शुभम् ......................।**

# श्री बांके जिल्ला अदालत
## इजलास
## माननीय जिल्ला न्यायाधीश श्री अर्जुन अधिकारी
## फैसला
## संवत् २०६७ सालको कोड नं.७४-०६६-०१०९८ दे.नं. १४३१

**मुद्दा :- हक कायम गरी खिचौला मेटाई चलन चलाई दर्ता बदर गरी दर्ता गरी पांऊ ।**

**वादीको नाम, थर, वतन :-**
कुन्दनलाल गुप्ताको छोरा जि.बाँके ने.गं. न.पा.वडा नं.४ बस्ने वर्ष ५९ को पन्ना लाल गुप्ता .........१

**साक्षी :-**
रामअचल यादव ........................................१
कमलेश गिरी ............................................१
राजेश वढही................................................१
हरिराम यादव ...........................................१
सन्तोष जैसवाल ........................................१

**कागज :-**
रसिदको र नागरिकताको फोटोकपी ।

**प्रतिवादीको नाम, थर, वतन :-**
जि.बाँके ने.गं.न.पा.वडा नं.५ बस्ने स्व.वसन्तकुमार श्रेष्ठको पत्नी ऐ.ऐ.बस्ने जुनुमाया श्रेष्ठ ......................................१

**साक्षी :-**
भैरववहादुर सिंह ढकाल.............................१
धर्म बहादुर के.सी.....................................१
उमा गौचन ...........................................१
प्रकाश पोखरेल .......................................१

**कागज :-**
x

**अदालतबाट बुझेको प्रमाण**

**साक्षी :**

सन्तोषकुमार जैसवाल १
उमा गौचन १

**कागजः-**

०६८।३।३२ को नाप नक्सा मुचुल्का, ०६८।१०।२८ को सर्जमिन मुचुल्का ।
वादी पन्नालाल गुप्ता, प्र.जुनुमाया श्रेष्ठ भएको ६७४ को जालसाज मुद्दा ।

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मु. ऐन अ.वं. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र परी दायर भै पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।**

म फिरादीले मो.हनिफ हलवाईबाट र.नं.१७३२ मिति ०४७।९।१० मा निज नाम दर्ताको जि.बाँके ने.गं.न.पा.वडा नं.५ मा पर्ने लक्ष्मी चलचित्र मन्दिरबाट देवा फूलबारी जाने सडक सो पूर्व सकुर वेहनाको जग्गा सो पश्चिम उचवाशाह बाबाको समाधि जग्गा र हिराकाजीको घर सो उत्तर यति ४ किल्लाभित्रको ने.गं.न.पा.अन्तर्गत गणेशपुरको बेलगति ज.वि.०-०-१५x१/२ जग्गा खरिद गरी लिएको र सोही समयदेखि हकभोग चलन तिरो तिर्दै गर्दै आएको र म वादीको उक्त जग्गामा नेपालगन्ज नगर विकास समेतले मेरो उक्त जग्गामा सडक निर्माण गर्न लागेको हुँदा अन्तरिम आदेश सहितको निषेधाज्ञा जारी गरिपाऊँ भनी वि.दे.नं.९७ को निषेधाज्ञा मुद्दा दिएको सो मुद्दामा नाप समेत भएको थियो । सो

मुद्दामा विपक्षीहरूले लिखित जवाफमा हामीले दाबीको जग्गामा कुनै बाटो बनाउने योजना नभएको भनी प्रतिवाद गरेका र सो मुद्दामा श्री पुनरावेदन अदालत नेपालगन्जबाट निवेदकको निवेदन दाबी अनुार हाल उक्त जग्गा भएर बाटो बनाउने योजना रहेको कुरा यकिन हुन आएको छैन, सो आधारमा निवेदन खारेज हुने ठहर्छ भनी ०५१।११।५ मा फैसला भएको थियो । उक्त मुद्दाको नापनक्सा हुँदा न.नं.६ मा पु.प.१०८ फिट उ.द.१८ फिट निवेदन दाबीको जग्गा र खाली जग्गा भएको भनी नापनक्सा भएको थियो । उल्लिखित आधारमा मेरो भोगको जग्गामा मिति ०६६।१२।१ मा ट्रेक्टर लिई माटो खसाउन जाँदा प्रतिवादीले मेरो जग्गामा माटो खसाउन नदिई नयाँ नापीबाट उक्त जग्गामध्ये प्रतिवादीको लोग्नेले आफ्नो नाउँमा केही जग्गा दर्ता गराइसकेको कुरा नापी कार्यालय बाँकेबाट मिति ०६६।१२।१ मा नक्कल लिँदा उल्लिखित जग्गामध्ये बाँके ने.गं.न.पा.वडा नं.५ सिट नं. ०३५/१४५०-०३ कि.नं.१०६ को खाली जग्गा १०९६० र कि.नं.१०७ को ११२.०० को जग्गा प्रतिवादीले आफ्नो नाउँमा नयाँ नापीबाट दर्ता गराएको कुरा थाहा पाएको हुँदा जग्गा मिच्नेको १८ नं.र जग्गा पजनीको १७ नं.को हदम्यादभित्र फिराद गर्न आएको छु । अतः प्र.लाई तलब गरी प्र.को लोग्नेको नाउमा दर्ता रहेको ने.गं.न.पा.वडा नं.५ ०३५/१४५०-०३ कि.नं.१०७ को ११२.०० वर्गमिटर जग्गामा मेरो उल्लिखित जग्गाभित्रको जग्गा भएको हुँदा हक कायम गरी सो जग्गाबाट प्रतिवादीको खिचोला मेटाई चलन चलाई प्रतिवादीको बिनाप्रमाण दर्ता फिल्डबुक समेत बदर गरी मेरो नाउँमा दा.खा.दर्ता हुने गरि इन्साफ गरिपाऊँ भन्ने फिरादपत्र ।

वादीको हकभोग चलनको कुनै पनि जग्गा मैले वा मेरो स्व.पतिले दर्ता गरेको छैन । बदीको दाबी बमोजिम कुनै किसिमको जग्गामा निजको हक कायम हुनुपर्ने वा खिचोला मिटाई चलन चलाई दिनुपर्ने वा दर्ता बदर गरी दर्ता गरिदिनुपर्ने समेतको कुनै कारण अवस्था विद्यमान रहेको छैन । बिपक्षी वादीले दाबी गरेको जग्गामध्ये जि.बाँके ने.गं.न.पा.वडा नं.५ अन्तर्गत पूर्व बाबाको मजार, पश्चिम बाटो, उत्तर हिराकाजी श्रेष्ठको जग्गा दक्षिण कि.नं.१०६ को जग्गा यति ४ किल्लाभित्रको कि.नं.१०७ को क्षेत्रफल ११२.०० वर्गमिटर जग्गा मेरा पति स्व.वसन्तकुमार श्रेष्ठले प्रारम्भकालदेखि नै भोग चलन गरी आएको स्ववासी जग्गा स्व.पति वसन्तकुमारले ०४९।१०।११ मा नापी टोलीबाट नापनक्सा गराई निजको नाउँमा दर्ता भै जग्गाधनी प्रमाणपुर्जासम्म पाउन बाँकी रहेको हो । सो कि.नं.१०७ को जग्गामा विपक्षी वादीको हक भोग चलनमा नरहेको र उक्त कि.नं.१०६ को जग्गा दक्षिण र कि.नं.१०७ को जग्गा उत्तरमा रहेको छ । विपक्षीले फिरादपत्रमा उल्लेख गरेको मो.हनिफ हलवाईबाट निजले खरिद गरेको भनिएको जग्गा कुन हो ? र कहाँ पर्छ ? सो कुरा मलाई जानकारी छैन भन्ने समेत व्यहोराको प्रतिवादीको प्रतिउत्तरपत्र ।

वादी प्रतिवादीको बीच मुख नमिलेको कुरामा वादी प्रतिवादीका साक्षी निजहरू मार्फत झिकाई बकपत्र गर्नु फिरादपत्रमा उल्लिखित मुद्दाहरू यसै साथ राख्नु र फिरादपत्र र प्रतिउत्तरपत्रमा उल्लिखित फिल्डबुकको प्रमाणित प्रतिलिपि रसिद सम्बन्धित कार्यालयबाट झिकाई पेस गर्नू भन्ने आदेश ।

वादी दाबीको जग्गा वादीको हक भोग चलन र तिरो को हो । ०६६।१२।१ गते सो जग्गालाई प्र.ले कब्जा गरेका हुन् । दाबीको जग्गा प्रतिवादीले आफनो नाममा नापी दर्ता गराएका हुन् । दाबीको जग्गाबाट प्रतिवादीको खिचोला मेटाई वादीको नाममा दा.खा.र चलन पाउनुपर्ने हो भन्ने समेत व्यहोराको वादीको साक्षी सन्तोष जैसवालले गरेको बकपत्र ।

उक्त जग्गा वसन्तकुमार श्रेष्ठको हो । उक्त फिल्डबुक बदर हुनुपर्ने होइन सदर हुनुपर्ने हो भन्ने समेत व्यहोराको प्रतिवादीको साक्षी उमा गौचनले गरेको बकपत्र ।

ने.गं.न.पा.का.वडा नं.५ नक्सा सिट नं.०३५/१४५०-०३ वाट मिति ०४९।१०।११ मा नापनक्सा भै कायम भएका कि.नं.१०६ र १०७ का जग्गाको नापीको निर्णय फाइल नापी कार्यालय बाँकेबाट र

उक्त जग्गाहरूको नक्सा नापी शाखा बाँकेबाट झिकाई वादी प्रतिवादीलाई अ.वं.१३३ नं.बमोजिम कागज गराई आ-आफ्ना हकस्रोतका प्रमाणहरू पेस गर्न लगाई पेस गर्नू भन्ने आदेश ।

नापी कार्यालय बाँकेको च.नं.३९१ मिति ०६७।११।१० को नक्सा प्रिन्ट र फिल्डबुक उतार प्राप्त भई मिसिल संलग्न रहेको ।

वादी दाबीको र.नं.१७३२ मिति ०४७।९।१०, ११ को राजीनामाको लिखतको प्रमाणित प्रतिलिपि मालपोत कार्यालय बाँकेबाट मगाई अ.वं.१७१ नं.को रीत पुऱ्याई राजीनामाको लिखतमा उल्लिखित ४ किल्ला सो ४ किल्लाको जग्गाको नाप र क्षेत्रफल नापीको नक्सामा देखिएको कि.नं.११३, २, १०७, १०६, १८७, १८९ को भौतिक स्थिति देखिने गरी नक्सा गर्नु साथै कि.नं.११३, २, १८७, र १८८ को फिल्डवुक उतार नापी कार्यालयबाट झिकाउनु वादीको नाउँमा जनिएको नेपालगन्ज न.पा.वडा नं.१ बेलगति नं.५५३ को जग्गाको अभिलेख उतार उक्त नगरपालिका कार्यालयबाट झिकाउनू भन्ने यस अदालतको आदेश ।

मालपोत कार्यालय बाँकेको च.नं.२१६९० मिति ०६८।३।६ को पत्र साथ राजीनामाको प्रतिलिपि प्राप्त भई मिसिल संलग्न रहेको ।

मालपोत कार्यालय बाँकेको च.नं.२१७२० मिति ०६८।३।७ को पत्र साथ बेलगति जग्गाको दर्ता उतार प्राप्त भई मिसिल संलग्न रहेको ।

यस अदालतको मौका डोरबाट मिति ०६८।३।३२ मा भएको नाप नक्सा मुचुल्का मिसिल संलग्न रहेको ।

दाबीको कि.न..१०७ को जग्गा प्रतिवादीका लोग्ने वसन्तकुमार श्रेष्ठका नाउँमा दर्ता छैन, दर्ता भए दर्ता उतार र नभए सोही व्यहोराको जानकारी तथा वादीका नाउँमा जनिएको ने.गं.न.पा.वडा नं.५ बेलगति नं.५५३ को जग्गाको दर्ता उतार समेत मा.पो.का.बाँकेबाट झिकाई लगाउको जालसाज मुद्दा साथै राखी नियमानुसार पेस गर्नू भन्ने आदेश ।

कि.नं.१०७ को जग्गा वसन्तकुमार श्रेष्ठका नाउँमा दर्ता नभएको र वेलगति दर्ता उतार पठाइएको भनी मा.पो.का.बाँकेको च.नं.३६२२ मिति ०६८।५।१९ को पत्र प्राप्त भई मिसिल संलग्न रहेको ।

यस अदालतको मौका डोरवाट मिति ०६८।३।३२ मा भएको नापनक्सा मुचुल्काको न.नं.९ मा उल्लिखित विवादित कि.नं.१०७ को जग्गा कसको भोग चलनमा छ ? भन्ने सम्बन्धमा उल्लेख भएको नदेखिँदा सो सम्बन्धमा गाउँ सर्जमिन गरी नियमानुसार पेस गर्नू भन्ने आदेश ।

यस अदालतको मौका डोरवाट मिति ०६८।१०।२८ मा भएको सर्जमिन मुचुल्का मिसिल संलग्न रहेको ।

बहसका क्रममा वादीका कानुन व्यवसायीले इजलास समक्ष देखाइएका ०४९ सालको बि.दे.नं.१/९७ निवेदक पन्नालाल गुप्ता, विपक्षी प्रमुख जिल्ला अधिकारी समेत भएको निषेधाज्ञा मुद्दाको फैसलाको प्रतिलिपि तथा उक्त मुद्दामा श्री पु.वे.अ.ने.गं.बाट मिति ०५०।१२।७ तथा मिति ०५१।९।२२ मा भएको नक्सा मुचुल्काको प्रतिलिपि वादीका कानुन व्यवसायीबाट दाखेल गराउनु साथै उल्लिखित मुद्दाको सक्कलै मिसिल श्री पु.वे.अ.ने.गं.बाट मिति ०५८।८।१४ को आदेशले पूरै मिसिल सडाएको भनी च.नं.२४२४ मिति ०६७।९।२९ पत्रबाट लेखी आएको देखिँदा सो सम्बन्धमा पुनः पत्राचार गरी फैसला सडाएको हो होइन ? यकिन जवाफ लिई नियमानुसार पेस गर्नू भन्ने आदेश ।

आदेशानुसारको कागजातको प्रतिलिपि वादीका कानुन व्यवसायी अधिवक्ता विश्वजित तिवारीबाट मिति ०६८।११।३० मा दाखेल भई मिसिल संलग्न रहेको ।

श्री पु.वे.अ.ने.गं.को मिसिल सडाई सकिएको भन्ने जानकारी सहितको च.नं.३८५१ मिति ०६८।१२।५ को पत्र मिसिल संलग्न रहेको ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता इन्द्रजित तिवारी तथा विद्वान् अधिवक्ता विश्वजित तिवारीले दाबीको कि.नं.१०७ को जग्गा समेत वादीले मिति ०४७।९।१० को राजीनामाबाट खरिद गरि निजको हक भोग चलन भएकोमा प्रतिवादीको लोग्नेले नापीबाट आफ्नो नाउँमा दर्ता गरेकोले वादीको हक कायम हुनुपर्दछ । निवेदक पन्नालाल गुप्ता विपक्षी नेपालगन्ज नगरपालिका कार्यालय समेत भएको निषेधाज्ञा मुद्दामा निवेदकको जग्गामा बाटो बनाउने योजना नरहेको भनी निवेदन खारेज हुने फैसला समेत भएको छ । प्रतिवादीले दाबीको जग्गा आफ्नो हक भोगको हो भनी तथ्ययुक्त सवुददद्वारा पुष्टि गराउन सकेको छैन । वादीको नाउँमा जनिएको बेलगति नं.५५३ को जग्गा दाबीकै जग्गा भएको समेतबाट वादीको हक कायम हुनुपर्दछ । वादीले राजीनामाबाट लिएको चौकिल्लासँग भै आएको नक्सा अनुसारको दाबीको जग्गाको चौकिल्ला मिल्छ, भिड्छ । वादी दाबी ठहर गरिपाऊँ भनी बहस प्रस्तुत गर्नुभयो । प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता टीकाजंग सिंहले प्रस्तुत मुद्दा वादीको नाउँको दाबीको कि.नं.१०७ को जग्गाको दर्ता समेत बदर गरी वादीको नाउँमा दा.खा.दर्ता गरिपाऊँ भनी दायर भएको तर सो जग्गा प्रतिवादीको नाउँमा दर्ता स्रेस्ता नै कायम नरहेकोले वादीले अपरिपक्क अवस्थामा प्रस्तुत मुद्दा दिएकोले यो फिरादबाट इन्साफतर्फ हेर्न मिल्दैन । फिराद दाबी प्रथम दृष्टिमा नै खारेज हुनुपर्दछ । नापीको समयमा मेरो पक्षको पतिको नाउँमा नापी दर्ता भएकोमा मौकैमा वादीले दाबी गर्न नसकी हदम्याद नघाई फिराद दिएको अवस्था छ । वादीले दाबी लिएको चारकिल्ला र दाबीको जग्गाको चारकिल्ला समेत मिल्दैन । निवेदक पन्नालाल गुप्ता विपक्षी नेपालगन्ज नगरपालिका कार्यालय समेत भएको निषेधाज्ञा मुद्दामा भएको मिति ०५१।९।२२ को नक्सा मुचुल्का अनुसार दाबीको जग्गाबाटै सार्वजनिक मजारमा जाने आउने बाटो भएको साथै सो जग्गा पर्ती बाँझो रहेको भन्ने व्यहोरा समेत देखिइरहेको पाइन्छ । वादी दाबी खारेज गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो ।

उपरोक्त बहस समेत सुन मिसिल संलग्न कागजातहरू समेत अध्ययन गरी प्रस्तुत मुद्दामा निम्न प्रश्नहरू सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

(१) वादीले प्रस्तुत फिराद जग्गा पजनीको १७ नं., जग्गा मिच्नेको १ नं.र १८ अन्तर्गत भनी दायर गरेकोमा सो कानुनी व्यवस्था प्रस्तुत मुद्दामा आकर्षित हुन्छ, हुँदैन ? साथै वादीको नाममा दाबीको जग्गा हक कायम दा.खा.समेत गरिपाऊँ भन्ने फिराद जिकिर मनासिब छ, छैन ?

(२) दाबीको जग्गा बाटोको रूपमा प्रयोग भएको सार्वजनिक प्रकृतिको हो, होइन ? दाबीको जग्गामा वादीको हक कायम हुन सक्छ, सक्दैन ?

(३) दाबीको जग्गा प्रतिवादीको हकको हो, होइन ?

(४) वादी दाबी समेत पुग्न सक्ने हो, होइन ?

निर्णयतर्फ सर्वप्रथम पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा म फिरादीले मिति ०४७।९।१० मा र.नं.१७३२ बाट मो.हनिफ हलवाईबाट खरिद गरी लिएको नेपालगन्ज नगरपालिका वडा नं.५ को बेलगति ज.वि.०-०-१५x१/२ जग्गा मैले खरिद गरेदेखि हालसम्म नेपालगन्ज नगरपालिकामा एकीकृत सम्पत्ति कर तिरी कानुन बमोजिमको दायित्व निर्बाह गर्दै आएको छु । उल्लिखित मेरो हक भोगको जग्गामध्ये प्रतिवादीको लोग्नेले कि.नं.१०७ को ११२.०० जग्गा आफ्नो नाउँमा नयाँ नापीबाट दर्ता गराएकोले प्रतिवादीको खिचोला मेटाई प्रतिवादीको दर्ता फिल्डवुक समेत बदर गरी मेरो नाउँमा दा.खा.दर्ता गरिपाऊँ भन्ने फिराद दाबी देखिन्छ । दाबीको कि.नं.१०७ को जग्गा मेरा पति स्व.वसन्तकुमार श्रेष्ठले भोग चलन गरी आएकोमा मिति ०४९।१०।११ मा नापी टोलीबाट नाप नक्सा

गराई जग्गाधनी प्रमाणपुर्जासम्म पाउन बाँकी रहेको छ । दाबीको जग्गा वादीको हक भोग चलनमा छैन । वादीले नापी भएपछि मौकैमा उजुर नगरी हाल आएर दु:ख दिने मनसायले मुद्दा दिएका हुन् । दाबी वमोजिमको कि.नं.१०६ को जग्गा हालसम्म खाली छ । वादीले दाबी लिएको चौकिल्लासँग दाबीको जग्गाको चौकिल्ला मिल्दैन । वादी दाबी खारेज गरिपाऊँ भन्ने प्रतिउत्तर जिकिर देखिन्छ ।

प्रस्तुत मुद्दामा वादीले दाबी गरेको कि.नं.१०७ को ११२.०० व.मि.जग्गाको वसन्तकुमार श्रेष्ठका नाउँमा मिति ०४९।१०।११ मा फिल्डबुकसम्म तयार भएको तर सो जग्गा हालसम्म पनि प्रतिवादीले दर्ता गराई निजको नाममा जग्गाधनी दर्ता श्रेस्ता समेत तयार नभएको भन्ने व्यहोरा स्वयम् प्रतिवादीको प्रतिउत्तर जिकिर तथा मालपोत कार्यालय बाँकेको मिति ०६८।८।१९ को पत्रबाट समेत देखिन्छ । वादीले प्रस्तुत फिराद जग्गा पजनीको १७ नं.जग्गा मिच्नेको १ नं.र १८ नं.अन्तर्गत भनी दायर गरेको पाइन्छ । उक्त वादीले जिकिर गरेको सम्बन्धित जग्गापजनीको १७ नं.को कानुनी व्यवस्था हेर्दा एकको हकको जग्गा अर्काले दर्ता गराएकोमा फिराद दिने सम्बन्धमा व्यवस्थित कानुनी अवस्था भएको र सो बमोजिम वादीले जिकिर लिए बमोजिम प्रतिवादीले दाबीको जग्गा रीतपूर्वक आफ्नो नाममा दर्ता गराउनै नसकेको अवस्थामा प्रतिवादीको दर्ता बदर गराई पाऊँ भनी वादीले लिएको उक्त जग्गा पजनीको १७ नं.अन्तर्गतको जिकिर मनासिब देखिँदैन । यसका अतिरिक्त वादीले जिकिर लिएको जग्गा मिच्नेको १ नं.मा एकाको हकको जग्गा अर्काले चापी मिची घुसाई खाएकोले समेत उक्त जग्गा मिच्नेको १८ नं.ले निर्दिष्ट गरेको हद म्यादभित्र फिराद दिने सम्बन्धमा व्यवस्थित कानुनी व्यवस्था भएको र सो बमोजिम वादीले दाबीको जग्गा प्रतिवादीले निजको कुनै दर्ता श्रेस्ताको जग्गामा चापी मिची घुसाई खाएको भनी कुनै जिकिरसम्म लिन नसकेको अबस्थामा प्रतिवादीको दर्ता खिचोला मेटाई पाउनसमेत भनी वादीले लिएको उक्त जग्गा मिच्नेको १ नं.र १८ नं.अन्तर्गतको जिकिर समेत मनासिब देखिँदैन । यसरी वादीले उल्लिखित विवेचना अनुसार प्रस्तुत फिरादमा जिकिर लिएको कानुनी व्यवस्था आकर्षित हुने अवस्था नै नदेखिएको साथै प्रतिवादीले दाबीको कि.नं.१०७ को जग्गा आफ्नो नाउँमा दर्ता श्रेस्ता नै नबनाएको अबस्थामा प्रतिवादीको दर्ता बदर गरी वादीको नाउँमा दा.खा.हक कायम समेत गरिपाऊँ भनी वादीले लिएको फिराद जिकिर समेत प्रथम दृष्टिमै मनासिब देखिँदैन ।

अब दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा वादीले दाबीको जग्गा आफ्नो हकको भनी मूलभूत प्रमाणको रूपमा वादीले मिति ०४७।९।१० मा र.नं.१७३८ बाट मो.हनिफ हलवाईबाट प्राप्त गरेको राजीनामा लिखत र निवेदक पन्नालाल गुप्ता विपक्षी नेपालगन्ज नगरपालिका कार्यालय समेत भएको बि.दे.नं.९७ को निषेधाज्ञा मुद्दालाई लिएको पाइन्छ । उल्लिखित मिति ०४७।९।१० को राजीनामा लिखतबाट ने.गं.न.पा.अन्तर्गत वडा नं. ५ मा पर्ने लक्ष्मी चलचित्र मन्दिरबाट देवाफूलबारी जाने सडक बाटो सो पूर्व, सकुर बेहनाको जग्गा सो पश्चिम उचवाशाह बाबाको समाधि जग्गा र हिराकाजीको जग्गा सो दक्षिण, जेठा भन्नेको घर सो उत्तर यति ४ किल्लाभित्रको बेलगति क्षेत्रफल ०-०-१५x१/२ वादीले राजीनामा गरी लिएको भन्ने देखिन्छ । अदालतबाट भै आएको मिति ०६८।४।१६ को नक्सा मुचुल्काबाट विवादित न.नं.९ को जग्गाको दक्षिणतर्फ न.नं.१० को ग्राबेलिङ्ग गरेको अवस्थामा रहेको जग्गा रहेको र न.नं.११ र १४ को घरधनीहरू सो जग्गा हुँदै आफ्नो घरसम्म आउने जाने गरी प्रयोग गरेको भन्ने देखिन्छ । जसबाट उल्लिखित राजीनामामा उल्लिखित भए अनुसार दाबीको जग्गाको दक्षिणतर्फ जेठा भन्नेको घर समेत हुनुपर्नेमा खाली जग्गा भएको देखिएको र सो खाली जग्गा भएको भनिएको न.नं.१० को जग्गा समेत वादीले राजीनामा गरी लिएको हो भनी मान्ने हो भने पनि सो जग्गा सम्बन्धमा वादीले प्रस्तुत फिरादमा कुनै दाबी नलिएको साथै सो जग्गा वादीले दर्ता गराउने सम्बन्धमा कुनै कारबाही गरेको छु भनी भन्न र लेख्न सकेको पाईदैन । जसबाट वादीले भनेको जेठा भनेको घरदेखि उत्तरतर्फ कुन चाहिँ जग्गालाई लक्ष्य गरी फिराद गरेका हुन् सो अस्पष्ट रहेको पाइन्छ । अर्कोतर्फ वादीले राजीनामाबाट प्राप्त गरेको जग्गाको क्षेत्रफल ०-०-१५x१/२ भन्ने देखिएको सो

जग्गाको वर्गमिटरमा लगभग २६२ वर्गमिटर हुनेमा दाबीको कि.नं.१०७ मा ११२.०० व.मि.जग्गामा मात्रै दाबी गरेको देखिएबाट पनि राजीनामाको क्षेत्रफल र दाबीको जग्गाको क्षेत्रफलमा समानता समेत देखिँदैन । यसका अतिरिक्त प्रस्तुत मुद्दामा यस अदालतबाट भै आएको मिति ०६८।४।१६ को नक्साबाट न.नं.४,५,६ उचवा बाबाको मजार घर (समाधि) रहेको देखिएकोमा सो मुस्लिम धर्मावलम्बीहरूको पवित्र मजार घरमा जाने बाटो कुन हो भन्ने सम्वन्धमा प्रस्तुत नक्साबाट प्रस्ट देखिँदैन । परन्तु, यिनै वादीले दाबी लिएको यिनै वादी पन्नालाल गुप्ता निवेदक नेपालगन्ज नगरपालिका समेत विपक्षी भई चलेको संवत् २०४९ सालको बि.दे.नं.१/९७ को निषेधाज्ञा मुद्दामा मिति ०५१।११।११मा निवेदन खारेज हुने ठहरी पुनरावेदन अदालत नेपालगन्जबाट फैसला भएको र सो निषेधाज्ञा मुद्दामा मिति ०५०।१२।१ को नक्सा मुचुल्का बदर गरी भएको मिति ०५१।९।२२ को नक्सा मुचुल्काबाट न.नं.६ को निवेदन जिकिरको जग्गा भएको न.नं.९, ७ को सार्वजनिक बाटोबाट न.नं.३,४ को मजारमा उक्त न.नं.६ को विवादित जग्गाबाटै जाने गरेको भन्ने देखिन्छ । साथै न.नं.६ को जग्गा खाली रही पर्ती बाँझो रहेको देखिन्छ भन्ने समेत व्यहोरा पाइन्छ । उक्त नक्सा यिनै वादी समेतको रोहवरमा भै आएको र सो नक्सालाई वादीले अन्यथा नगराएको अवस्थामा उक्त निषेधाज्ञा मुद्दामा भएको नक्सा मुचुल्कालाई प्रस्तुत मुद्दामा टड्कारो प्रमाणको रूपमा लिनुपर्ने देखिन्छ । उक्त निषेधाज्ञा मुद्दामा भएको नक्सा मुचुल्काबाट न.नं.३,४ उचवा शाह बाबाको मजार जस्तो मुस्लिम धर्मावलम्बीहरूको पवित्र मजार रहेको देखिएको, उक्त मजारमा जाने आउने कुनै बाटो नभै दाबीको जग्गाबाटै आउने जाने गरेको भन्ने देखिएको साथै प्रस्तुत मुद्दामा मिति ०६८।४।१६ मा भै आएको नक्सा मुचुल्का समेतबाट न.नं.४, ५, ६ मा उचवा बाबाको मजार रहेको देखिएको सो मजारमा जाने आउने कुनै बाटो नभएको साथै नक्साको प्रकृतिबाटै दाबीको जग्गाबाटै मजारमा जाने आउने बाटो रहेको हुनुपर्ने समेतबाट दाबीको जग्गा उचुवा बाबाको पवित्र मजारमा जाने आउने बाटो भएको देखियो । यस्तो निषेधाज्ञा मुद्दामा भएको मिति ०५१।९।२२ को नक्सा समेतबाट दाबीको जग्गा बाटोको रूपमा प्रयोग भएको सार्वजनिक प्रकृतिको देखिएको अवस्थामा बाटोको रूपमा प्रयोगकर्ता साथै उचुवा बाबाको मजार समेतको प्रयोगमा बाधा उत्पन्न हुने गरी दाबीको जग्गामा वादीको हक कायम गर्न मिल्ने देखिँदैन ।

तसर्थ, दाबीको जग्गा बाटोको रूपमा प्रयोग भएको सार्वजनिक प्रकतिको मान्नुपर्ने देखियो । यस्तो सार्वजनिक प्रकृतिको जग्गामा ठोस आधार प्रमाणबिना साथै नापीमा आफ्नो नाममा नापीसम्म गराउन वादीले नसकेको अवस्थामा र प्रतिवादीको नाममा मिति ०४९।१०।११ मा भएको नापी सम्बन्धमा मौकैमा उजुर गर्नु नसक्नाको ठोस कारण उल्लेख गर्न नसकी धेरै विलम्ब गरी फिल्डबुक बदर गर्न भनी प्रस्तुत फिराद परेको समेतबाट दाबीको जग्गामा वादीको हक कायम हुन सक्दैन ।

अब, तेस्रो प्रश्न सम्बन्धमा विचार गर्दा दाबीको जग्गा प्रतिवादीकै हकको हो कि त भन्नेतर्फ विचार गर्दा समेत प्रतिवादीले दाबीको जग्गा आफ्नो हकको हो भनी प्रतिवादीको लोग्ने वसन्तकुमार श्रेष्ठले मिति ०४९।१०।११ मा गराएको फिल्डबुकदेखि बाहेक अन्य कुनै ठोस सबूद प्रमाण रहे भएको भनी कुनै जिकिर लिन सकेको देखिँदैन । साथै यी प्रतिवादीले हालसम्म दाबीको जग्गा आफ्नो नाममा दर्ता श्रेस्ता गराउन बाँकी रहेकोसम्म भनी प्रतिउत्तरमा जिकिर लिएको तर हालसम्म दर्ता श्रेस्ता कायम गराउन नसकेको ठोस कारण उल्लेख गर्न सकेको पनि पाइँदैन । माथि विवेचना गरिए अनुसार दाबीको जग्गा सार्वजनिक प्रकृतिको देखिएको समेतबाट दाबीको जग्गा प्रतिवादीको हकको मान्न समेत मिलेन ।

अब, अन्तिम प्रश्न सम्बन्धमा विचार गर्दा माथि विवेचित आधार कारण समेतबाट प्रस्तुत मुद्दामा दाबीको कि.नं.१०७ को जग्गा वादीको नाउँमा दा.खा.हक कायम गरिपाऊँ भन्ने समेतको वादी दाबी समेत पुग्न नसक्ने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी अ.वं.१८६ नं.बमोजिम फैसला गरि दिएँ ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले वादीलाई केही सजाय गर्न पर्छ कि भन्नालाई कोर्ट फी दायर गरी दर्ता भएको देवानी प्रकृतिको मुद्दा हुँदा कोर्ट फी रु.३६७०। जफत हुन्छ, अरू केही गर्न परेन ..........................................................................१

यो फैसलामा चित्त नवुझे मुलुकी ऐन, अ.वं.१९३ नं.का म्याद ३५ दिनभित्र श्री पुनरावेदन अदालत नेपालगन्जमा पुनरावेदन गर्नू भनी वादी तथा प्रतिवादीलाई पुनरावेदन म्याद दिनू ................................२

नक्कल माग्ने सरोकारवालावाट नियमले लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू ..............................३

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू .....................................................४

फाँटवाला :- ना.सु.बलबहादुर विष्ट
कम्प्युटर टाइप गर्ने :- हरिमान श्रेष्ठ

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल वैशाख १८ गते रोज २ शुभम्------------------**

**श्री काभ्रेपलाञ्चोक जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश रमेशकुमार खत्री**
**फैसला**
**संवत् २०६६/०६७ सालको दे.मि.नं. :- ८४**
**निर्णय नम्बर :- १०६**

**मुद्दा :- लिखत दर्ता बदर, दर्ता, गुठी धर्मलोप समेत ।**

**वादीको नाम, थर र वतन**

खिलेन्द्र बहादुरको छोरा काभ्रेपलाञ्चोक जिल्ला पनौती न.पा.वडा नं १२ बस्ने वर्ष ४६ को जगन्नाथ भण्डारी.......................................................१

प्रमाणः-
साक्षी :-
लिखतः-

**प्रतिवादीको नाम, थर र वतन**

हस्तबहादुरको छोरा काभ्रेपलाञ्चोक जिल्ला पनौती न.पा.वडा नं १२ बस्ने वर्ष ७८ को रामहरि भण्डारी ..................................................१
बलरामको छोरा ऐ.ऐ.बस्ने वर्ष ४९ को हरिप्रसाद सत्याल .....................................................१

प्रमाण :-
साक्षी :- सानु टेकमान सिं महत
लिखत :-

**अदालतबाट बुझेको**
**साक्षी :-**
**लिखत :-**

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं.२९ नं.बमोजिम यसै अदालतभित्रको क्षेत्राधिकार भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :-**

तत्कालीन पूर्व १ नं.गोश्वाराबाट मेरा हजुरबुवा हस्तबहादुर भण्डारीले मिति १९९३।११।२७ मा जिती पाएको फैसला अनुसार हालको पनौती न.पा. वडा नं. १२ खोपासीस्थित वजारमा राम झुपडी बनाउनु भई कृष्ण भगवान्को स्थापना गरी का.प.जी खोपासी गा.वि.स.वडा नं.१ को कि.नं.२६० को क्षे.फ.१-१३-३ र ऐ.ऐ.कि.नं.३२० को क्षे.फ.०-१५-३ जग्गा गुठीमा राखी सोही जग्गाको आयस्ता पुजारीले खाई पूजा चलाई आएकोमा विपक्षीमध्येका हरिप्रसाद सत्यालको पिता तत्कालीन पुजारी बलराम सत्यालले सो जग्गाको मोही चाहिन्छ भनी भूमिसुधार कार्यालयमा मुद्दा दायर गरेकोमा मिति २०४८।४।९ मा सो मुद्दा डिसमिस भई सो समयपछि निज बलरामलाई पुजारीबाट हटाई उल्लिखित जग्गाको आयस्ता खाई पुजारी भई कामकाज गर्न यी विपक्षी हरिप्रसाद सत्याल मञ्जुर भई तत्कालीन अवस्थाका गुठियार मेरा पिता खिलेन्द्रबहादुर भण्डारी र विपक्षी काका रामहरि भण्डारीले विपक्षी हरिप्रसादलाई दोहोरी लिखत गरी हरिप्रसादले पुजारीको हैसियतले काम गरी आउनुभएको थियो । पिता खिलेन्द्रबहादुर भण्डारीको मिति २०५५।४।२ मा स्वर्गारोहण भएपछि सो गुठीको विपक्षीमध्येका रामहरि भण्डारी र पिताको तर्फबाट म फिरादीले रेखदेख संरक्षण गरी आएका थियौं । उपरोक्त बमोजिमको

कि.नं २६० को जग्गा म फिरादीका पिता र विपक्षी काका रामहरि भण्डारीको बीचमा मिति २०४४।७।१७ मा अंशबण्डा भएको पारित र.नं.१०१६ को लिखतमा समेत राम मन्दिरको नाममा गुठी रहने उल्लेख गरी म फिरादीका पिता खिलेन्द्रबहादुर भण्डारी र विपक्षी रामहरि भण्डारीको संयुक्त नाममा रहेको थियो । सो कि.न.२६० को जग्गा राम मन्दिरको नाममा नामसारी गर्नको लागि विपक्षी काका रामहरि भण्डारीले नै पनौती न.पा.बाट समेत मिति २०६१।९।१९ मा सिफारिस समेत लिएको, काका रामहरि भण्डारीका अंशियारबीच मिति २०६१।४।१८ मा बण्डा हुँदा समेत सो जग्गा बण्डामा नदेखाएको समेतका तथ्यबाट उक्त जग्गा गुठीको भएकोमा कुनै विवाद छैन । विपक्षीहरूलाई उक्त सम्पूर्ण कुराको जानकारी हुँदा हुँदै गुठी सम्पत्ति लोप गरी आफूहरूलाई फाइदा पुग्ने गरी विपक्षीहरूको आपसी मिलेमतोमा उक्त का.प.जी खोपासी गा.वि.स.वडा नं.१ को कि.नं.२६० को क्षे.फ.१-१३-३ जग्गा थैली रु. १२,००,०००।- देखाई मेरा स्वर्गीय पिता खिलेन्द्रबहादुर भण्डारीको हकहिस्सा यथावत् राखी विपक्षी काका रामहरि भण्डारीको हकहिस्सा जति मिति २०६५।१०।२७ मा र.नं. १२८२३ ख को राजीनामा लिखतबाट हक हस्तान्तरण गरेकोले गुठीको महलको १६ नं. तथा लेनदेन व्यवहारको ४० नं.ले निर्धारित हदम्यादभित्र यो फिराद लिई आएको छु । निजी गुठी बेचबिखन गर्न नहुने गुठीको महलको ३ नं मा भएको कानुनी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानुनी सिद्धान्त (ने.का.प. २०६४अंक १० नि.नं ७८८५) समेतका आधारमा विपक्षीहरूले गुठी धर्मलोप हुने गरी लेनदेन गरेको उक्त मिति २०६५।१०।२७ को र.नं. १२८२३ ख को लिखत र सो लिखतको आधारमा भएको दर्ता समेत बदर गरी सजाय गर्नुका साथै गुठीधर्म लोप गर्ने विपक्षीमध्येका रामहरि भण्डारीलाई गुठियारबाट र हरिप्रसाद सत्याललाई पुजारीबाट पजनी हुने ठहर इन्साफ गरी पाऊँ भन्ने समेत ब्यहोराको मिति २०६६।६।२२ को फिराद पत्र ।

वादीले फिरादमा गुठीको जग्गा हो भनी दाबी लिएको कि.नं.२६० को जग्गा मेरा दाता रामहरि भण्डारीको नाममा दर्ता रहेको रैकर जग्गा हुँदा विपक्षीलाई फिराद गर्ने हकदैया नै छैन । विपक्षीले फिरादमा कि.नं २६० र कि.नं. ३२० को जग्गा गुठीलाई छाडी सोही आयस्ताबाट पूजा चलाई आएको भने पनि कि.नं. ३२० को १ कित्ता जग्गा मात्र राम मन्दिरको नाममा दर्ता भएको देखिएबाट पनि फिराद दाबी सत्यतामा आधारित छैन । मिति २०४४।७।१७ मा अंशवण्डा भएको पारित र.नं.१०१६ को लिखतमा राम मन्दिरको नाममा गुठी रहने उल्लेख गरी फिरादीका पिता खिलेन्द्रबहादुर भण्डारी र मेरा दाता रामहरि भण्डारीको संयुक्त नाममा सो जग्गा राखिएको भन्ने सन्दर्भमा सो जग्गा गुठी राख्ने परिकल्पना भए पनि सो जग्गा गुठीको नाममा हक हस्तान्तरण भएको छैन । पनौती न.पा.बाट मिति २०६१।९।१९ मा लिएको सिफारिसको कार्यान्वयन नभएको अवस्थामा त्यसले कानुनी मान्यता पाउन सक्ने होइन । गुठीको महलको ३ नं. मा "गुठियार समेत राखी आफ्नो हक छाडी राखेको गुठी" भन्ने उल्लेख भएबाट सो जग्गा गुठीको नाममा हकछाडी दिएको लिखतको अभावमा सो जग्गा गुठीको हो भनी भन्न मिल्दैन । रैकर जग्गा हक हस्तान्तरण गरेको विषयमा दायर गरेको कानुनी औचित्यहीन प्रस्तुत फिराद दाबी खारेज गरी पाऊँ भन्ने ब्यहोराको हरिप्रसाद सत्यालको प्रतिउत्तर जिकिर ।

प्रतिवादी रामहरि भण्डारीले निजको नाममा जारी भएको इतलायनामा म्यादमा प्रतिवाद नगरी सुरु म्याद नै गुजारी बसेको देखिन्छ ।

प्रतिवादी हरिप्रसाद सत्यलले रामहरि भण्डारीबाट लिएको जग्गा गुठी होइन, रैकर जग्गा हो । रैकर जग्गा राजीनामा गरी लिएको लिखत बदर हुने होइन प्रतिवादीहरूले गुठी धर्मलोप गरेको छैन भन्ने ब्यहोराको प्रतिवादी हरिप्रसाद सत्यालकाको साक्षी सानु टेकमान सि. महतले यस अदालतमा आई गरेको बकपत्र मिसिल सामेल रहेको देखिन्छ ।

वादी केदार भण्डारी समेत प्रतिवादी रामहरि भण्डारी समेत भएको दे.नं.१९७/०६६-०६७ को लिखत दर्ता बदर गुठी धर्मलोप समेत मुद्दा लगाउमा पेस भएको देखिन्छ ।

## अदालतको ठहर

नियमानुसार दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस भएको प्रस्तुत मुद्दामा वादीतर्फबाट विद्वान् अधिवक्ता श्री विष्णुप्रसाद सापकोटाले वादी दाबीको जग्गा राम मन्दिर गुठीको जग्गा हो । परापूर्वकालदेखि नै उक्त जग्गा गुठीको रहेकोमा दर्ता गर्नसम्म छुट भएको हो । २०४४ सालमा उक्त जग्गा अंशियारबीच बण्डापत्र पारित हुँदा गुठीमा रहने गरी राखिएको भन्ने लिखत प्रमाणबाट स्पष्ट हुन्छ । सोही जग्गा प्रतिवादीहरू मिली लिनुदिनु गरेको हुँदा सो बदर गरी प्रतिवादीहरूलाई धर्मलोप गरेको ठहर गरी सजाय समेत गरी पाऊँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो । प्रतिवादी हरिप्रसाद सत्यालका तर्फबाट विद्वान् अधिवक्ता श्री नवराज बडालले बण्डापत्र पारित गर्दाका अवस्था वादी दाबीको जग्गा गुठीमा राखिएको होइन । गुठीमा राख्ने कल्पनासम्म गरिएको हो । सो अनुसार दा.खा.दर्ता गरी गुठीको लगतमा दर्ता नभएको हुँदा त्यसलाई गुठीको जग्गा भन्न मिल्दैन । मेरो पक्षले कानुन बमोजिम रजिष्ट्रेशन पारित गरी खरिद गरेको हुँदा सो सदर हुनपर्ने र लिखत पारित गरी गरेको व्यवहारबाट धर्म लोप गरेको भन्न नमिल्ने हुँदा वादी दाबी खारेज गर्ने गरी फैसला गरी पाउँ, भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

विद्वान् अधिवक्ताहरूले गर्नुभएको बहस सुनी सम्बद्ध मिसिल अध्ययन गरी इन्साफतर्फ विचार गर्दा वादीको फिरादपत्रमा बाजे हस्तबहादुर भण्डारीले जि.काभ्रेपलाञ्चोक पनौती नगरपालिका वार्ड नं.१२ खोपासी बजारमा राम भुपडी बनाउने अवसर पाई सो स्थानमा कृष्ण भगवान् स्थापना गरी भगवान्को नित्य पूजा चलाउन कि.नं.२६०को १-१३-३-० जग्गा र कि.नं.३२० को ०-१५-३-० जग्गा गुठीलाई छाडी उक्त जग्गाको आयस्ताबाट पुजारी बलराम सत्यालले पूजा चलाई आएकोमा निजले मोही हक दाबी गरेको मुद्दा डिसमिस भै फैसला भएको थियो । त्यसपछि बलराम सत्याललाई पुजारीबाट हटाई निजकै छोरा प्रतिवादी हरिप्रसाद सत्यालले गुठीको पूजाआजा गरी आएको हो । पिता खिलेन्द्रबहादुर भण्डारी र काका प्रतिवादी रामहरि भण्डारीबीच मिति २०४४।७।१७ मा पारित बण्डापत्रको लिखतमा कि.नं.२६० को १-१३-३-० जग्गा राम मन्दिरको नाममा गुठीमा राखिएको र सो जग्गा समेतको आयस्ताले नित्य पूजा चलाउँदै आएकोमा उक्त कि.नं. २६० को जग्गा गुठियार काका रामहरि भण्डारी दिने पुजारी हरिप्रसाद सत्याल लिने गरी काकाको हकसम्म रु. १२,००००० ।- मूल्यमा र.नं.१२८२३(ख) बाट मिति ०६५।१०।१७ मा रजिष्ट्रेशन पारित गरी लिनुदिनु गरेका हुँदा निजी गुठीको जग्गामा गुठियार र पुजारीले परम्परा कायम राखी पूजा चलाउनुपर्नेमा सो अनुसार नगरी गुठीको जग्गा नै निजी सम्पत्तिमा परिणत गरेबाट सोबाट देवस्व सम्पत्ति नाश भई धर्म लोप हुन गएकाले प्रतिवादीहरूबाट धर्म लोप भएको ठहर गरी गुठियार र पुजारीबाट पजनी गरी पाऊँ भन्ने समेत उल्लेख भएको पाइन्छ । प्रतिवादीमध्ये रामहरि भण्डारीले वादी दाबीको प्रतिवाद गर्न पाउने इतलायनामा सूचना प्राप्त गर्दा गर्दै प्रतिवाद गरेको भन्ने मिसिलबाट देखिन आउँदैन । प्रतिवादी हरिप्रसाद सत्यालले भने वादी दाबीको जग्गा गुठीको भन्ने उल्लेख भएकोमा सो कुरा नै प्रमाणित छैन । मालपोत कार्यालय काभ्रेमा रहेको दर्ता श्रेस्ताबाट उक्त जग्गा रैकर जग्गा हो भन्ने स्पष्ट हुन्छ । उल्लिखित जग्गाको निजी गुठी लगत कायम भएको छैन । वादी दाबीमा उल्लिखित बण्डापत्रमा उल्लिखित जग्गा गुठीमा राखिएको नभई सोको परिकल्पनासम्म गरिएको स्थिति हो । कानुन बमोजिम राखिएको गुठीको सम्पत्ति मास्ने कार्य भए मात्र धर्मलोप हुने हो । मैले खरिद गरेको जग्गा रैकर जग्गा हुँदा भुट्टा वादी दाबीबाट अलग फुर्सद गरी पाऊँ भन्ने समेत व्यहोरा उल्लेख गरी वादी दाबीको प्रतिवाद गरेको पाइन्छ ।

उपरोक्त वादी दाबी, प्रतिबाद जिकिर लगायत मिसिल संलग्न प्रमाण र प्रमाणको रूपमा साथ रहेको मिसिल समेत अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा देहायका प्रश्नको निरुपण गर्नुपर्ने देखिन आएको छ ।

क. वादी दाबी बमोजिम प्रतिवादीहरूले मिति २०६५।१०।१७ मा राजीनामा पारित गरी लिनुदिनु गरेको जग्गा गुठीको जग्गा हो वा होइन ?

ख. गुठीको जग्गा भए प्रतिवादीले आफ्नो हक-हिस्सा बिक्री गर्न पाउने हो, होइन ? र बिक्री गरेको सदर हुने हो, होइन ?

ग. गुठीको जग्गा बिक्री र खरिद गर्दा धर्म लोप गरेको हुने हो, होइन ? धर्म लोप गरेको अवस्थामा सजाय हुने, नहुने तथा पुजारी पजनी हुने, नहुने के हो ?

प्रथम प्रश्नको सम्बन्धमा हेर्दा फिरादपत्रमा बाजे हस्तबहादुर भण्डारीले मिति १९९३।११।२७ को फैसलाले जिति पाए बमोजिम जि.काभ्रेपलाञ्चोक पनौती वार्ड नं. १२ खोपासी बजारमा राम झुपडी बनाउन पाउने भई सो स्थानमा कृष्ण भगवान् प्रतिस्थापित गरी नित्य पूजा चलाउन कि.नं.२६० को १-१३-३-० को जग्गा गुठीलाई छाडेको र ०४४ सालमा अंशबण्डा हुँदा समेत बण्डापत्रमा सो जग्गा राम मन्दिर गुठीमा राखेकोमा सो जग्गा गुठियारले बिक्री गरेको हुँदा सो बदर गरी धर्मलोप ठहर गरी सजाय समेत गरी पाऊँ भन्ने समेत उल्लेख भएकोमा जग्गा दाता प्रतिवादी रामहरि भण्डारीले वादी दाबीको प्रतिवाद नगरेको भए तापनि प्र. रामहरि भण्डारीले निज नाउँ समेतको दर्ता श्रेस्ता भएको उपरोक्त कि.नं.२६० को जग्गामा रहेको निजको हक हिस्सासम्म हस्तान्तरण गरेको हो सो जग्गा गुठीको नभएकाले हक हस्तान्तरण सम्बन्धी क्रिया सदर हुनपर्छ भन्ने समेत जिकिर लिई जग्गा खरिदकर्ता प्रतिवादी हरिप्रसाद सत्यालले प्रतिवाद गरेको अवस्था हुँदा वादी दाबीको जग्गा के कस्तो हो ? दाबी अनुसार गुठीको हो, होइन ? भन्ने कुराको निरुपणका लागि सर्वप्रथमत वादी दाबीमा उल्लिखित अंशियारहरू खिलेन्द्रबहादुर भण्डारी र रामहरि भण्डारीबीच भएको मिति ०४४।७।१७ को पारित बण्डापत्रमा उल्लिखित व्यहोरालाई हेर्नुपर्ने देखिन आएको छ । उल्लिखित बण्डापत्रको प्रारम्भिक प्रकरणमा निम्न व्यहोरा उल्लेख भएको पाइन्छ ।

........एक कित्ता जग्गा तपसिलमा लेखिए बमोजिम राम मन्दिरको गुठीमा सगोलमा राख्न समेत हामी दुवै थरको मञ्जुर भएको.....

उल्लिखित बण्डापत्रको अन्त्य इति संवत्भन्दा माथि निम्न व्यहोरा उल्लेख भएको देखिन्छ ।

"राम मन्दिरको नाउँमा गुठी रहने भएकाले खिलेन्द्रबहादुर भण्डारी र रामहरि भण्डारी समेत दुई जनाको नाउँमा सगोलमा रहने कि.नं.२६०को १-१३-३-० जग्गा" ।

अंशियारहरूबीच पारित बण्डापत्रमा प्रयुक्त उपरोक्त वाक्यांशहरूबाट सोमा हस्ताक्षर गर्ने पक्षहरू एक कित्ता जग्गा राम मन्दिरको गुठीमा राख्न सहमत भएको भनी सो अनुसार तपसिल महलमा कि.नं. र जग्गाको क्षेत्रफल समेतको विवरण उल्लेख गरेको पाइन्छ । पारित बण्डापत्रमा उल्लिखित व्यहोराबाट कल्पनासम्म गरिएको भन्ने प्रतिवाद जिकिर रहेकोमा कल्पना मानसपटलमा सीमित रहने कुरा हो । कल्पनामा स्थापित तथ्य हुँदैन । अंशियारबीच पारित बण्डापत्रमा उल्लिखित उपरोक्त व्यहोरा तथ्य हो । जग्गा अंशियारको नाममा छ, त्यो जग्गा राम मन्दिर गुठीको नाममा राखिएको छ । राम मन्दिर गुठी स्थापना गर्ने सोच काल्पनिक होइन । त्यो स्थापित संस्था हो । त्यो वादी, प्रतिवादी भण्डारीहरूका पूर्खाले स्थापना गरेको प्रमाणित तथ्य हो । अंशियारहरूको नाममा जग्गा आएको खण्डमा गुठीमा राख्ने अथवा सम्भव भएमा गुठीको स्थापना गर्ने आदि

कुरा काल्पनिक हुन सक्छन्, तर यहाँ त्यस्तो सथिति होइन । राम मन्दिर गुठीको अस्तित्व परापूर्वदेखि रही आएकै पाइन्छ । जग्गा गुठीलाई दिने पारित बण्डापत्रमा भनेकै छ । यस्ता स्थापित तथ्यहरू काल्पनिक हुन सक्दैनन् । ती प्रमाणित तथ्यहरू प्रमाणमा ग्रहणयोग्य हुन्छन् । उल्लिखित आधारका अतिरिक्त सरकारी अड्डाबाट पारित श्रेस्तामा जनिएका कुराले कानुन बमोजिमको हक र दायित्व सिर्जना गर्ने हुन्छ, त्यसैले लिखतहरू अधिकार प्राप्त निकायबाट पारित गरी अभिलेखको रूपमा राखिने हुन्छ भन्ने कुरा समेत बुझ्न अपरिहार्य हुन्छ ।

त्यसमा पनि बण्डापत्रमा उल्लिखित व्यहोरा के, कसो हो ? यकिन गर्न लिखत श्रेस्तामा जनिएका कुरा, मुद्दा-मामिलाको रोहमा व्यक्त गरिएको व्यहोरा, फैसला आदिमा उल्लिखित निर्णयाधार, पक्षहरूको आचरण र व्यवहारले समेत मार्ग निर्देश गर्ने हुन्छ । वादीको फिरादपत्रमा उल्लिखित कि.नं.२६०को जग्गाका सम्बन्धमा प्रतिवादी हरिप्रसाद सत्यालका बाबु बलराम सत्यालले भू.सु.का. काभ्रेमा जोत कायम मुद्दा दायर गरी मिति २०४८।४।९ मा उक्त मुद्दा डिसमिस फैसला भएको भन्ने समेत उल्लेख भएको देखिएकोमा त्यसतर्फ साथ रहेको मिसिल हेर्दा वादी दाबीको कि.नं.२६० को जग्गामा जोत कायम गरी पाऊँ भनी बलराम सत्यालले दिएको निवेदनबाट उल्लिखित जग्गा समेत खोपासी राम मन्दिरको नाउँमा नापी दर्ता भएको भन्ने समेत उल्लेख भई २५ वर्षदेखि निजले पूजा आरती गरी कमाई आएको भन्ने उल्लेख भएको पाइन्छ । उल्लिखित बलराम सत्याल प्रतिवादी हरिप्रसाद सत्यालका बाबु हुन् भन्ने मिसिलबाट देखिएको छ । निजको दाबीबाट वादी दाबीको जग्गा २५औं वर्षदेखि कमाई आएको र सोको आयस्ताबाट राम मन्दिरको नित्य पूजा चलाएको भन्ने पुष्टि हुन्छ । उल्लिखित मुद्दामा गुठियार खिलेन्द्रबहादुर भण्डारी र रामहरि भण्डारीले संयुक्त रूपमा फिराएको प्रतिउत्तर जिकिर हेर्दा वादी दाबीको कि.नं.२६० को १-१३-३-० जग्गा समेत खोपासी राम मन्दिरको नाउँमा नापी दर्ता भई मन्दिरकै पूजाआजा आदि सञ्चालन गर्न मन्दिरकै पुजारीले मात्र सो जग्गाहरूको आयस्ता उठाउन पाउने निर्विवाद छ भन्ने समेत व्यहोरा उल्लेख भएको पाइन्छ । उक्त मुद्दामा भूमिसुधार कार्यालयबाट भएको फैसलामा उल्लिखित जग्गा राम मन्दिरको नाउँमा नापी भएको हुँदा पुजारीले आयस्तासम्म खान पाउने भन्ने उल्लेख भएको हुँदा बाबुकै पालामा यसरी फैसला भएको कुराको विपरीत प्रतिवादी हरिप्रसाद सत्यालले उल्लिखित जग्गा दाताको रैकर जग्गा हो भन्ने समेत जिकिर लिन मिल्ने अवस्था छैन ।

वादीको फिरादपत्रसाथ पेस भएको मिति ०४९।३।३।४ को लिखत हेर्दा खिलेन्द्रबहादुर भण्डारी र रामहरि भण्डारीका पिता स्व. हस्तबहादुर भण्डारी र माता स्व.मेष कुमारी भण्डारीले निर्माण गरेको राम झुपरी र कृष्ण भगवान्को नित्य पूजा चलाउन गुठी राखेको कि.नं.२६० समेतका जग्गाको आयस्ता र कमाइ पूजारी प्रतिवादी हरिप्रसाद सत्यालले नित्य पूजाआजा लगायत मन्दिरको मर्मत सम्भार गरी खाने भनी खोपासी गा.वि.स.का उपाध्यक्ष समेतका मानिसहरू साक्षी बसी गुठियार खिलेन्द्रबहादुर भण्डारी, प्र.रामहरि भण्डारी र प्र. हरिप्रसाद सत्यालबीच सम्झौता भएको भन्ने देखिन आउँछ । उक्त सम्झौताको लिखतका सम्बन्धमा प्रतिवादी हरिप्रसाद सत्यालको अन्यथा जिकिर छैन । आफूले समेत हस्ताक्षर गरेको सम्झौताबाट कि.नं.२६० को जग्गा राम मन्दिर गुठीको जग्गा भन्ने देखिसकेपछि सो स्थापित तथ्यलाई प्रतिवादीले मान्नुपर्ने हुन्छ । सो कुरा अन्यथा हो भन्नबाट प्रतिवादी स्वतः विवन्धित हुन्छ ।

वस्तुतः गुठीको अवधारणा धार्मिक, सांस्कृतिक रीति थिति तथा प्रथा परम्पराको निरन्तरतासँग जोडिएको पाइन्छ । समाजमा स्वतस्फूर्त रूपमा परापूर्वकालदेखि स्थापित यस्ता गुठीहरूको निरन्तरतामा हाम्रो मौलिक पहिचान समाहित रहेको छ । त्यसैले यस्ता सार्वजनिक महत्वका विषयमा यस्ता गुठीहरूको निरन्तरता र तिनीहरूको संरक्षण कसरी हुन्छ र गर्न सकिन्छ भन्ने सम्बन्धमा श्री सर्वोच्च अदालतबाट मुद्दा मामिलाको रोहमा निश्चित मान्यता (Rule of Prudence) स्थापित भएका छन् । यस सम्बन्धमा प्रकाशमणि शर्मा समेत विरुद्ध नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालय सिंहदरबार, काठमाडौं (ने.का.प.२०६४, अंक १० पृष्ठ १२७५ नि.नं.१२७५) निम्न निर्णयाधार उल्लेख गर्नु उपयुक्त हुने देखिन्छ ।

"दाताले आफ्नो चल-अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो निजी हक छाडी सार्वजनिक हितका लागि समर्पण गर्ने हुँदा गुठी भनेको कुनै सामाजिक वा धार्मिक कार्य निरन्तर रूपले सञ्चालन गर्न आफ्नो सम्पत्तिको हक वा स्वामित्व हस्तान्तरण पनि हो, जसले गुठी स्थापना गर्छ वा राख्दछ, उसले सँगसँगै त्यस्तो सम्पत्तिमा आफ्नो हक Wave पनि

गर्दछ । गुठीको सिर्जनासँगै व्यक्तिको हक समाप्त हुन्छ । गुठी, व्यक्तिको हक समाप्त हुने र समूह, समुदाय र सम्प्रदायको हक सिर्जना हुने प्रक्रिया भएकाले गुठी राख्नेले आफ्नो इच्छापत्र मार्फत व्यक्त इच्छालाई नमासिने गरी जोगाई निरन्तरता (Perpetual continuity) प्रदान गर्नु राज्य वा राज्यको अंग अर्थात् सरकारको अंगका रूपमा रहेका गुठी संस्थानजस्ता Agency को कानुनी कर्तव्य हुने ।"

"एक पटक गुठी नामकरण भइसकेपछि त्यो गुठीकै रूपमा रहनुपर्छ, त्यसले लिएको उद्देश्य अनुरूप नै त्यसको उपयोग गरिनुपर्ने" उल्लिखित नजिर सिद्धान्तले जुनसुकै प्रकारका गुठी भए तापनि गुठीको उद्देश्य सार्वजनिक भलाइ, परापूर्वदेखि चली आएका रीति-थिति परम्पराको निरन्तरता, जगेर्ना एवं त्यसबाट सामूहिकताको विकास हुनेतर्फ निर्देश गरेकाले गुठी सिद्धान्त, भावना र अस्तित्वका लागि प्रतिपादित यसै नजिर सिद्धान्तलाई केन्द्रबिन्दुमा राखेर न्याय निरुपण गर्नु वाञ्छनीय हुन जान्छ ।

वादी दाबीको जग्गा दाताको नाउँमा दर्ता श्रेस्ता रहेको स्थितिबाट गुठीको नाउँमा दा.खा. लगत आदि कायम नभएकाले रैकर जग्गा हो भन्ने कुरालाई प्रतिवाद जिकिरमा उठाएको सन्दर्भमा हेर्दा निजी गुठी भनेकै दुनियाको जग्गाको आयस्ताबाट निश्चित धार्मिक, सामाजिक एवं सांस्कृतिक कार्यका लागि जग्गा छुट्याई सोको बन्दोबस्त गरी गुठीको सञ्चालन गरिएको स्थिति हो । एक किसिमले यस्तो जग्गाको स्थिति रैकर सरह नै हो । यस्तो गुठीको सञ्चालन गुठियारबाटै हुने हुन्छ । जस्तो प्रस्तुत मुद्दाको वादी दाबीको जग्गाको आयस्ताबाट राम मन्दिरको नित्य पूजा सञ्चालन गर्ने गुठियारहरूले सम्झौता गरी प्रतिवादी हरिप्रसाद सत्याललाई पुजारीको रूपमा राखी राम मन्दिर गुठीको बन्दोबस्त गरेको स्थिति समेतबाट उल्लिखित कुराको पुष्टि हुन्छ । निजी गुठीमा समर्पण गरेको जग्गाको दर्ता श्रेस्ता गुठियारकै नाममा रहन सक्ने अवस्था भए तापनि गुठियारले गुठी जग्गाको आयस्ता गुठीको हितमा उपभोग गर्नुपर्छ र यस्तो जग्गाको स्वामित्व गुठियारले अन्य कसैलाई कुनै प्रकारले हस्तान्तरण गर्न मिल्ने हुँदैन भन्ने नै निजी गुठीको अवधारणा हो भन्ने बुझ्न सकिन्छ ।

यसर्थ विवेचित उपरोक्त आधारहरूबाट प्रतिवादीहरूबीच राजीनामा पारित गरी लिनु दिनु गरेको वादी दाबीको जग्गा खोपासी राम मन्दिर गुठीको जग्गा हो भन्ने प्रमाणित भएको देखिन आयो । प्रतिवाद जिकिर लगायत प्रतिवादीतर्फका विद्वान् अधिवक्ताको बहस जिकिर बमोजिम उक्त जग्गा गुठीको नभई प्रतिवादीको रैकर जग्गा हो भन्ने देखिन आएन ।

अब दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा हाम्रो समाजमा सनातनदेखि नै गुठीको बन्दोबस्तबाट सामूहिक चाडपर्व, मेला धार्मिक तथा सांस्कृतिक रीति थिति सञ्चालन गर्ने गरी आएको पाइन्छ । सामूहिकताको आधारमा सामाजिक, सांस्कृतिक र धार्मिक कार्यको व्यवस्थापन र त्यसको निरन्तरता नै गुठी प्रथाको आत्मा भएकाले गुठियारले गुठीका लागि समर्पण गरेको जग्गाको स्वामित्व कुनै प्रकारले अन्य कसैलाई हस्तान्तरण गर्न मिल्दैन । त्यस्तो व्यवहार कानुनतः सदर हुन समेत सक्तैन । यस सम्बन्धमा श्री सर्वोच्च अदालतबाट प्रतिपादित निम्न नजिर सिद्धान्तलाई उल्लेख गर्नु वाञ्छनीय हुन जान्छ ।

"गुठीका गुठियारहरूको प्रमुख उद्देश्य अघिदेखि चली आएको पूजाआजा चलाई सामूहिक रूपले थिति बन्देज अनुसार भोग चलन गर्नसम्म पाउने हुन्छ । गुठीको सम्पत्ति नासी, मासी वा खण्डीकरण गरी गुठीको सनातनदेखिको अस्तित्वलाई लोप गर्नु गुठीको उद्देश्य एवं मान्यता विपरीत हुने ।'

"गुठियारहरूमध्ये कसैको भाग बाँकी राखी बाँकीले तजबिज गर्दै जाने गर्दा कालान्तरमा गुठीको एकत्व जोगाउन नसक्ने गरी खण्डित र विलय हुने अवस्था सिर्जना हुन जान्छ । गुठीको सम्पत्तिको संरक्षण र गुठियारहरूको हितको संयुक्तता नै गुठीको मुख्य मर्म हुन्छ । गुठीको सम्पत्तिको क्षयीकरण गुठीको उद्देश्यभित्र पर्न सक्दैन । आफूखुसी गुठीको जग्गा बिक्री गर्ने कार्यले गुठीको आधारभूत प्रयोजन समाप्त हुन जाने" (ने.का.प.२०६८ अंक २ नि.नं.८५६३ पृष्ठ ३०८)

अब तेस्रो प्रश्न अर्थात् गुठीको जग्गा प्रतिवादी गुठियार रामहरि भण्डारीले प्रतिवादी हरिप्रसाद सत्याललाई बिक्री गरेको कानुनतः सदर नहुने स्थितिमा यस्तो कार्यबाट धर्म लोपका साथै सजाय हुने भन्ने वादी दाबीमा उल्लेख भएतर्फ विचार गर्नुपर्ने देखिन आयो । मुलुकी ऐन गुठीको महलको ३ नं.मा गुठियार समेत राखी आफ्नो हक छोडी राखेको गुठी सो गुठी राख्ने वा उनका सन्तान हकदारले गुठीको दानपत्र शिलापत्र समेतका लिखत बमोजिमको काम चलाई शेष जगेडा रहने बाहेकको खान पाउने शेष बाँकीसम्म धितो बन्धक राख्न हुन्छ । लेखिए बाहेक बेचबिखन, दान दातव्य गरी वा जम्मै भोग धितो राखी वा लिखत बमोजिमको काम समेत नगरी धर्म लोप गर्न हुँदैन भन्ने व्यवस्था भएको पाइन्छ । यस सम्बन्धमा श्री सर्वोच्च अदालतबाट प्रतिपादित निम्न नजिर सिद्धान्तलाई उल्लेख गर्नु सान्दभिर्क हुन्छ ।

"आयस्ताबाट पूजाआजा चलाई आएका जग्गाहरू गुठीको १५(क) नं विपरीत लिनु दिनु गर्न नहुने, गरी धर्म नष्ट गरेको देखिएको, धर्म नष्ट गरेकोमा हद-म्याद नजाने" (पूर्ण इजलास, दे.फु.नं.२९१, निवेदक प्र. पवित्रा अधिकारिनी विरुद्ध खदु गिरी सन्न्यासी मुद्दा गुठी जग्गा खिचौला नि.मिति ०२१।६।३।

गुठी संस्थान ऐन, २०३३ को दफा २ (छ) अनुसार गुठियार भन्नाले "छुट गुठी वा निजी गुठीका दाता वा दाताका हकवाला गुठी चलाउन वा गुठीको शेष कसर खान पाउने हक भएका व्यक्ति र त्यस्तो गुठीको सालबसाली दरबन्दीको महन्त र पुजारीलाई सम्झनुपर्छ" भनी परिभाषित गरेको पाइन्छ । उल्लिखित गुठियारको परिभाषावाट महन्त, पुजारी लगायत जग्गा दाता सबै गुठियारको परिभाषामा समावेश हुने भएकाले प्रस्तुत मुद्दाको दाबीको जग्गा दाता प्र. रामहरि भण्डारी र जग्गा दाता लगायतसँग सम्झौता गरी पुजारी कायम भएका प्रतिवादी हरिप्रसाद सत्याल समेत गुठियार भएको कुरामा अन्यथा देखिएन ।

अतः विवेचित उपरोक्त आधारहरूबाट वादी दाबीमा उल्लिखित राम मन्दिरका गुठियार प्र.रामहरि भण्डारीले गुठीमा समर्पण गरेको वादी दाबीको कि.नं.२६० को -१-१३-१-० जग्गामध्ये आफ्नो हक हिस्सा पुजारी प्र. हरिप्रसाद सत्याललाई हक हस्तान्तरण गरेको र प्र. हरिप्रसाद सत्यालले खरिद गरी स्वामित्व ग्रहण गरेको क्रियाबाट दुवै गुठियार प्रतिवादीहरूले मुलुकी ऐन गुठीको महलको ३नं. प्रतिकूल धर्म लोप गरेको देखिन आएकाले प्रतिवादी हरिप्रसाद सत्यालका नाउँको वादी दाबीको कि.नं.२६० को जग्गाको मालपोत कार्यालय काभ्रेबाट र.नं.१२८२३ख मिति ०६५।१०।२७ मा पारित राजीनामा लिखतका साथै सो अनुसार प्रतिवादी हरिप्रसाद सत्यालका नाउँको दर्ता समेत बदर हुने ठहर्छ । सजाय सम्बन्धी वादी दाबी स्पष्ट नभएकाले केही गरिरहन परेन । प्रतिवादी रामहरि भण्डारीको मृत्यु भइसकेको देखिँदा निजका हकमा समेत थप बोलिरहनुपर्ने स्थिति रहेन । वादी दाबीको जग्गा दाता गुठियारले धर्मलोप गरेको देखिए तापनि गुठी मार्फत भई आएका कार्यको निरन्तरता नै गुठी विधि-शास्त्रको आत्मा भएकाले वादी दाबीको जग्गा कानुन बमोजिम हकवालामा हस्तान्तरण हुने अवस्थामा पनि उल्लिखित जग्गाको आयस्ता गुठीसँग सम्बन्धित कार्यमा प्रयोग गर्नुपर्ने कुरामा अन्यथा भन्न उपयुक्त हुने देखिँदैन । प्रतिवादी हरिप्रसाद सत्यालका हकमा निज जुन गुठीको पुजारी रहिआएको हो, तत् गुठीमा समर्पण गरेको जग्गा निजले खरिद गरेको देखिन आयो । मन्दिरको पुजारी सबै भक्तजनका लागि आस्थाको केन्द्र हुनुपर्ने कुरामा विवाद हुन सक्तैन । मन्दिरको पूजाआजा गर्ने जिम्मेवारी पाएका पुजारीले नै मन्दिरको गुठीमा समर्पण गरेको जग्गा खरिद गरेबाट सनातनदेखि चलिआएको रीति थितिमा प्रतिकूल प्रभाव पर्ने हुन्छ भन्नु स्वाभाविक हुन जान्छ । यस्तो क्रियाबाट जे कुराका लागि गुठी स्थापना गरिएको हो सोको प्रयोजन नै समाप्त हुने कुराप्रति नजरअन्दाज गर्नु उपयुक्त हुँदैन । उल्लिखित पृष्ठभूमिमा प्रतिवादी हरिप्रसाद सत्यालले गुठीको सम्पत्ति भन्ने जानकारी हुँदाहुँदै दातासँग खरिद गरी व्यक्तिगत बनाई गुठीको सम्पत्ति नासी मासी धर्म लोप गरेकाले निज प्रतिवादी हरिप्रसाद

सत्यालको पुजारी मुलुकी ऐन गुठीको महलको ६ नं. बमोजिम पजनी हुने समेत ठहर्छ । अरू कुरामा तपसिल बमोजिम गर्नू ।

## तपसिल

यो इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानू भनी प्रतिवादी हरिप्रसाद सत्यालको नाममा पुनरावेदनको म्याद जारी गर्नू...........................................................१

सुरु म्याद नै गुजारी बस्ने प्रतिवादी रामहरि भण्डारीलाइ अ.वं २०८ नं बमोजिम पुनरावेदनको म्याद दिनु परेन.......................................................................................................................२

माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादी दाबीको लिखत बदर हुने ठहरी फैंसला भएकोले मिति २०६५।१०।२७ को र.नं. १२८२३ ख को लिखत बदर गरी सो लिखतको आधारमा भएको का.प.जि. खोपासी गा.वि.स.वडा नं.१ को कि.नं.२६० को क्षे.फ.१-१३-३ को जग्गामध्ये प्रतिवादी हरिप्रसाद सत्यालको नामको हक-हिस्साको दर्ता समेत वदर गरी दिनू भनी र उल्लिखित जग्गाको दर्ता श्रेस्ता लगायत मोठ समेतमा यो फैसलाका आधारमा निजी गुठीको जग्गा भन्ने व्यहोरा कैफियतमा जनाई राख्न समेत प्रस्तुत मुद्दा अन्तिम भएपछि मा.पो.का.काभ्रेलाई लेखी पठाइदिनू...................................................................................३

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी हरिप्रसाद सत्याल पुजारीबाट पजनी भएको व्यहोरा का.प.जि. पनौती न.पा. वडा नं.१२ स्थित राम झुपडी गुठीलाई प्रस्तुत मुद्दा अन्तिम भएपछि जानकारी दिनू.......................................................................................................................४

वादीले फिराद साथ दाखिल गरको कोर्ट फी रु. ३००।-प्रतिवादीहरूको यसै सरहदको जेथा देखाई भराई पाऊँ भनी वादीको कोर्ट फी ऐन २०१७ को दफा १५(११) बमोजिमको म्यादभित्र दरखास्त परे कुनै दस्तुर नलिई प्रतिवादीहरूबाट वादीलाई उक्त कोर्ट फी भराई दिनू...........................................................५

सरोकारवालाले नक्कल मागे कानुन बमोजिम लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू.........................६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू..................................७

माननीय जिल्ला न्यायाधीशज्यूले
बोली टिपाए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने :- ना.सु. राजन हमाल
फाँटवाला ना.सु :- ना.सु. वैकुण्ठप्रसाद उपाध्याय

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६८ साल मंसिर महिना २९ गते रोज ५ शुभम्................**

**श्री काभ्रेपलाञ्चोक जिल्ला अदालत**
***इजलास***
**माननीय जिल्ला न्यायाधीश रमेशकुमार खत्री**
**फैसला**
**संवत् २०६४/०६५ सालको दे.मि.नं. :-३०३**
**निर्णय नम्बर :- ६२**

**मुद्दा :- सम्झौता बमोजिम जग्गा रजिष्ट्रेशन पारित तथा दा.खा.नामसारी गरी पांऊ समेत ।**

**वादीको नाम, थर र वतन**

का.प.जि. बनेपा नगरपालिकाको कार्यालयका अख्तियार प्राप्त प्रमुख एवं कार्यकारी अधिकृत कृष्णप्रसाद जैसी.......................................१

प्रमाणः-
साक्षी :-
लिखतः-

**प्रतिवादीको नाम, थर र वतन**

रामभक्तको श्रीमती का.प.जि. बनेपा न.पा. वडा नं.६ बस्ने वर्ष ६७ की जानकी देवी श्रेष्ठ...............................................१
ऐ.को छोरा ऐ.बस्ने वर्ष ६५ को कृष्णलाल श्रेष्ठ.....................१
नगेन्द्र राजवंशीको श्रीमती ऐ. वडा नं.२ बस्ने वर्ष ४४ की किशोरी राजवंशी श्रेष्ठ...................................................१
नरेन्द्रको श्रीमती ऐ.बस्ने वर्ष ३० की रिता राजवंशी श्रेष्ठ..........................................................................१
राजकुमारको छोरा ऐ.ऐ. बस्ने वर्ष ३० को सुशील राजवंशी.......................................................................१
शंकरलालको छोरा ऐ.वडा नं ६ बस्ने वर्ष ५० को हरिशरण राजवंशी श्रेष्ठको मृत्यु भई निजको हकमा मुद्दा सकार गर्ने हरिशरण राजवंशीको श्रीमती ऐ.ऐ. बस्ने वर्ष ५५ की लीलादेवी राजवंशी .......................................................................१
ऐ.को छोरा ऐ. बस्ने वर्ष ३२ को जगदीश राजवंशी................१
ऐ.को छोरा ऐ. बस्ने वर्ष ३० को प्रदीप राजवंशी..................१

प्रमाणः-
साक्षी :-
लिखतः-

**अदालतबाट बुझेको**
**साक्षीः-**
**लिखत :- क) जानकी देवी कोख श्रेष्ठ समेत तथा बनेपा नगरपालिकाबीच मिति २०५७६।१, २०५७९।२५, २०५७५।१९, २०५७११।१५ मा भएका सक्कल लिखतहरू**
**ख) साविक चण्डेश्वरी वडा नं.८(ख) कि.नं.११५ को जग्गा दर्ता सम्बन्धमा मा.पो.का.बाट मिति २०६०।१२।२० मा भएको निर्णय सहितको मिसिल ।**

**न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.वं.२९ नं.बमोजिम यसै अदालतभित्रको क्षेत्राधिकार भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :-**

**१. फिरादको संक्षिप्त व्यहोरा :-**

म फिरादी बनेपा नगरपालिकाले बनेपामा सञ्चालन हुन गइरहेको बनेपा पोलिटेक्निक इन्स्टिच्युट स्थापनाका लागि विपक्षी जानकीदेवी श्रेष्ठसँग निजको स्वर्गीय श्रीमान् रामभक्त कोख श्रेष्ठको नाममा फिल्डबुक कायम भई जग्गा धनी प्रमाणपूर्जा लिन बाँकी रहेको निजको एकलौटी हक भोगको का.प.जि.चण्डेश्वरी गा.वि.स. वडा नं.८(क) कि.नं.११५ को क्षे.फ.२-६-२-२ जग्गा मध्ये क्षे.फ.२-२-२-२ जग्गा बनेपा नगरपालिकाले खरिद गर्नका लागि मिति २०५७।६।१, २०५७।९।२५, २०५७।५।१९, २०५७।११।१५ मा समेत लिखित करार सम्झौता, बैनाबट्टा भएको थियो र सोही सम्झौता बमोजिम विपक्षीले जग्गा बिक्रीको आधा मूल्य रु.२,१६,०००।- बैना स्वरूप बुझी लिनुभएको थियो । सोही मितिदेखि उक्त जग्गा बनेपा नगरपालिकाको तर्फबाट बनेपा पोलिटेक्निक इन्स्टिच्युटले भवन निर्माण समेत गरी भोग चलन गरी आएको छ । विपक्षी जानकी देवीले उक्त जग्गा आफ्नो नाममा दर्ता गरी यस नगरपालिकाका नाममा हक हस्तान्तरण गर्ने कुरामा विश्वस्त भई बसेको अवस्थामा विपक्षीहरूले यस नगरपालिका समेतका विरुद्ध दायर गरेको घर भत्काई खिचोला मेटाई चलन समेत चलाई पाऊँ भन्ने मुद्दामा यस नगरपालिकाका नाममा जारी भएको म्याद प्राप्त गरी सो सम्बन्धमा के भएको रहेछ भनी बुझ्दा उक्त सम्झौता बमोजिमको कि.नं.११५ को जग्गा विपक्षी जानकी देवीले दर्ता प्रमाण पुर्जा लिई उक्त जग्गा कित्ताकाट गरी मिति २०६२।१०।३ मा र.नं.३८४३ बाट कि.नं.४७५ को जग्गा सुशील राजवंशीलाई, र.नं. ३८४६ बाट कि.नं.४७३ को जग्गा हरिशरण राजवंशीलाई, र.नं. ३८४४ बाट कि.नं. ४६९ र ४७१ को जग्गा रिता राजवंशीलाई, र.नं. ३८४५ बाट कि.नं.४७० र ४७२ को जग्गा कृष्णलाल श्रेष्ठलाई, र.नं. ३८४७ बाट कि.नं.४७४ को जग्गा किशोरी राजवंशीलाई र र.नं. ३८४८ बाट कि.नं.४७६ को जग्गा राजकुमार राजवंशीलाई राजीनामा लिखत पारित गरी हक हस्तान्तरण गरेको रहेछ । उक्त करार सम्झौताका पक्ष तथा लिखतमा साक्षी बस्नेहरू आपसमा मिली गरेको लेनदेन व्यवहार करार ऐन २०५६ को दफा ७८ विपरीत छ । करार सम्झौता बमोजिम यस नगरपालिकाको हक भोगमा आई चीन सरकारको सहयोगमा निर्माणाधीन रहेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतको बनेपा पोलिटेक्निक इन्स्टिच्युटले भोग चलन गरी आएकोमा विपक्षी जानकी देवीले यस नगरपालिकासँग गरेको उक्त करार सम्झौता विपरीत गई विपक्षीहरू आपसमा मिली गरेको लेनदेन बदर हने निश्चित छ । एकालाई बिक्री गर्नका लागि करार सम्झौता गरिसकेको जग्गा अरूलाई कुनै व्यहोराले लेखिदिनु हुँदैन । मिति २०६२।१०।३ मा पारित गरेका उक्त लिखत लिखत बदर मुद्दाबाट बदर गरी उक्त करार सम्झौता बमोजिम विपक्षी जग्गा दाता जानकी देवी श्रेष्ठलाई बुझाउन बाँकी रहेको रु.२,१६,४०६।- विपक्षीलाई बुझाई उक्त का.प.जि.चण्डेश्वरी गा.वि.स. वडा नं.८(क) कि.नं.११५ को क्षे.फ.२-६-२-२ जग्गा मध्ये क्षे.फ.२-२-२-२ हाल कायम हुन आएको कि.नं. ४७५, ४७३, ४६९, ४७१, ४७०, ४७२, ४७४ र ४७६ कित्ताका जग्गा उक्त करार सम्झौता तथा करार ऐन २०५६ को दफा ५, ७८, ८६ र ८९(२) समेतका आधारमा यस नगरपालिकाको नाममा रजिष्ट्रेशन पारित गरी दा.खा. नामसारी गरी पाऊँ भन्ने व्यहोराको फिराद दाबी ।

**२. प्रतिउत्तरको संक्षिप्त व्यहोरा :-**

(क) अचल सम्पत्ति हक हस्तान्तरण गर्ने गरी भएको भनिएको वादीले दाबी गरेका करार तथा बैनाबट्टाका लिखतहरू मुलुकी ऐन रजिष्ट्रेशन महलको ५ नं.बमोजिम रजिष्ट्रेशन गराउनुपर्ने स्पष्ट कानुनी व्यवस्था भएको र सो बमोजिम लिखत रजिष्ट्रेशन हुन नसकेको अवस्थामा

रजिष्ट्रेशनको ६ नं.ले त्यस्तो अचल सम्पत्ति पक्री दाबी गरेको नालिस लाग्न सक्दैन भन्ने कानुनी व्यवस्था गरेको हुँदा वादीलाई प्रस्तुत फिराद गर्न अ.बं.८२ नं. बमोजिम फिराद गर्ने हकदैया छैन । वादीले मिति २०६४।४।२२ मा मात्र जग्गा खरिद बिक्री गरेको विषय जानकारी हुन आएको भनी अदालतलाई नै गुमराहमा राखी फिराद गरेको देखिन्छ, जबकि उक्त जग्गा बिक्री गर्न लिखत पारित गरी लिनुपूर्व रजिष्ट्रेशन प्रयोजनका लागि घर नभएको कच्ची मोटर बाटो भएको भनी वादीले नै प्रमाणित गरी मालपोत कार्यालयलाई लेखेको र लिखत रजिष्ट्रेशन भइसकेपछि हामीहरूका विरुद्ध जिल्ला प्रशासन कार्यालयमा निवेदन गरी अनधिकृत रूपले उक्त जग्गाहरू रोक्का राखिएबाट वादी बनेपा नगरपालिकालाई दाबीको कि.नं.११५ को जग्गा कि.का.गरी लिखत पारित गरेको कुरा मौकामा नै थाहा जानकारी भएकोले प्रस्तुत फिराद गर्ने हदम्याद छैन । करार ऐन २०५६ को दफा ८८ ले अचल सम्पत्ति हक हस्तान्तरण गर्ने गरी भएका करारहरू प्रचलित कानुन बमोजिम रजिष्ट्रशन पारित गर्नुपर्ने स्पष्ट कानुनी व्यवस्था भएको र अचल सम्पत्ति हक हस्तान्तरण गर्दा रजिष्ट्रेशनको महलको १ नं.बमोजिम लिखतहरू रजिष्ट्रेशन गर्नुपर्नेमा उक्त लिखतहरू करार ऐन २०५६ लागू भएपछि खडा भएका र उक्त कानुनी व्यवस्था बमोजिम रजिष्ट्रेशन नभएकोले स्वतः शून्य हुने स्पष्ट छ । प्रस्तुत मुद्दामा आधार लिएका कागजहरू करार होइनन् । तसर्थ करार बमोजिम गरी पाऊँ भन्ने मुद्दा नै उठान हुन नसक्ने हुँदा प्रस्तुत मुद्दा प्रथम दृष्टिमा नै खारेजभागी छ । सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानुन सिद्धान्त ( ने.का.प. २०६३, अंक ३ नि.नं.७६७३) समेतका आधारमा फिराद दाबी खारेज गरी पाऊँ भन्ने व्यहोराको प्रतिवादीहरू किशोरी राजवंशी श्रेष्ठ, रिता राजवंशी श्रेष्ठ, हरिशरण राजवंशी, सुशील राजवंशी र कृष्णलाल राजवंशीको संयुक्त प्रतिउत्तर जिकिर ।

(ख) का.प.जि.चण्डेश्वरी गा.वि.स. वडा नं.८(क) कि.नं.११५ को क्षे.फ.२-६-२-२ जग्गामध्ये क्षे.फ.२-२-२-२ जग्गा अचल सम्पत्ति हक हस्तान्तरण गर्ने गरी भएको भनिएको वादीले दाबी गरेका करार तथा बैनाबट्टाका लिखतहरू मुलुकी ऐन रजिष्ट्रेशन महलको ५ नं.बमोजिम रजिष्ट्रेशन गराउनुपर्ने स्पष्ट कानुनी व्यवस्था भएको र सो बमोजिम लिखत रजिष्ट्रेशन हुन नसकेको अवस्थामा रजिष्ट्रेशनको ६ नं.ले त्यस्तो अचल सम्पत्ति पक्री दाबी गरेको नालिस लाग्न सक्दैन भन्ने कानुनी व्यवस्था गरेको हुँदा वादीलाई प्रस्तुत फिराद गर्न अ.बं.८२ नं. बमोजिम हकदैया छैन । विपक्षीले मिति २०६४।४।२२ मा मात्र जग्गा खरिद बिक्री गरेको विषय जानकारी हुन आएको भनी अदालतलाई नै गुमराहमा राखी फिराद गरेको देखिन्छ, जबकि उक्त जग्गा बिक्री गर्न लिखत पारित गरी लिनुपूर्व रजिष्ट्रेशन प्रयोजनका लागि घर नभएको कच्ची मोटर बाटो भएको भनी वादीले नै प्रमाणित गरी मालपोत कार्यालयलाई लेखेको र लिखत रजिष्ट्रेशन भइसकेपछि म समेतका विरुद्ध जिल्ला प्रशासन कार्यालयमा निवेदन गरी अनधिकृतरुपले उक्त जग्गाहरू रोक्का राखिएबाट वादी बनेपा नगरपालिकालाई दाबीको कि.नं.११५ को जग्गा कि.का.गरी लिखत पारित गरेको कुरा मौकामा नै थाहा जानकारी भएकोले प्रस्तुत फिराद गर्ने हदम्याद छैन । करार ऐन २०५६ को दफा ८८ ले अचल सम्पत्ति हक हस्तान्तरण गर्ने गरी भएका करारहरू प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन पारित गर्नुपर्ने स्पष्ट कानुनी व्यवस्था भएको र अचल सम्पत्ति हक हस्तान्तरण गर्दा रजिष्ट्रेशनको महलको १ नं.बमोजिम लिखतहरू रजिष्ट्रेशन गर्नुपर्नेमा उक्त लिखतहरू करार ऐन २०५६ लागू भएपछि खडा भएका र उक्त कानुनी व्यवस्था बमोजिम रजिष्ट्रेशन नभएकोले स्वतः शून्य हुने स्पष्ट छ । प्रस्तुत मुद्दामा आधार लिएका कागजहरू करार होइनन् तसर्थ करार बमोजिम गरी पाऊँ भन्ने मुद्दा नै उठान हुन नसक्ने हुँदा प्रस्तुत मुद्दा प्रथम दृष्टिमा नै खारेजभागी छ । सम्मानित सर्वोच्च अदालतबाट

प्रतिपादित कानुन सिद्धान्त (ने.का.प. २०६३, अंक ३ नि.नं.७६७३) समेतका आधारमा फिराद दाबी खारेज गरी पाऊँ भन्ने व्यहोराको प्रतिवादी जानकी देवी कोख श्रेष्ठको प्रतिउत्तर जिकिर ।

**३. वादी दाबीका लिखत सम्बन्धमा प्रतिवादी जानकी देवी कोख श्रेष्ठले अ.बं.७८ नं.बमोजिम गरेको बयानको संक्षिप्त व्यहोरा :-**

वादीले पेस गरेको मिति २०५७।६।१, २०५७।९।२५, २०५७।५।१९, २०५७।११।१५ मा भएका लिखत व्यहोरा तथा सो मा परेको सहिछाप सत्य साँचो हो । सम्झौता कागजहरू सद्दे भए तपनि सम्झौता अनुसार बुझेको भनेको रकम मालपोतमा दर्ता नभएको मोही धनबहादुर शाहीले बुझेका हुन् । उल्लिखित जग्गा हाम्रा दाजु भाइ खलकको सामूहिक जग्गा भएको र स्वर्गीय रामभक्त कोख श्रेष्ठको नाममा नापी भएको हो । सो जग्गाको जग्गा धनी प्रमाण पुर्जा नबनेको र नगरपालिकाको पहलमा जग्गा धनी प्रमाण पुर्जा बन्ने आशमा सो सम्झौता भएको हो । नगरपालिकाले जग्गा धनी प्रमाण पुर्जा बनाउनेतर्फ कुनै पहल नगरेकोले हामीले आफ्नै पहलमा सो जग्गाको जग्गा धनी प्रमाण पुर्जा बनाई उक्त सम्झौता बमोजिम जग्गा लिनुहोस् भनी पटक पटक विपक्षी नगरपालिकासँग अनुरोध गर्दा पनि आलटाल गरी बसेको र उक्त जग्गामा पोलिटेक्निक इन्स्टिच्युटको निर्माण नपर्ने भन्ने बुझिएपछि उक्त जग्गा हक हस्तान्तरण गरिएको हो, हामीलाई दुःख दिने नियतले मात्र प्रस्तुत मुद्दा दायर गरेको हो भन्ने समेत प्रतिवादी तर्फबाट गरिएको बयानको व्यहोरा ।

**४. लगाउमा पेस भएका मुद्दाहरू :-**

यिनै वादी प्रतिवादी समेत भएको दे.मि.नं.४७१ को खिचोला मेटाई चलन चलाई पाऊँ, दे.मि.नं.४७२, ४७३, ४७४ को घर भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ तथा फौ.मि.नं. १५०, १५१, १५२, १५३ समेतका जालसाजी मुद्दाहरू साथै पेस भएको देखिन्छ ।

**५. प्रमाणमा लिइएका मिसिल :**

दे.मि.नं.४७२, ४७३ र ४७४ मा भएको मिति २०६५।५।३२ मा भएको नक्सा मुचुल्का ।

६. प्रतिवादी हरिशरण राजवंशीको मिति २०६६५।११।२० मा मृत्यु भएकोले प्रस्तुत मुद्दा सकार गरी पाऊँ भनी मृतक हरिशरण राजवंशीका हकदार लीलादेवी राजवंशी, जगदीश राजवंशी र प्रदीप राजवंशीले मिति २०६६५।१२।१० मा दिएको निवेदन मिसिल सामेल रहेको देखिन्छ ।

७. वादी प्रतिवादीका कानुन व्यवसायीबाट पेस भएको लिखित बहस नोट मिसिल सामेल रहेको देखिन्छ ।

## अदालतको ठहर

जिल्ला अदालत नियमावली, २०५२ (चौथो संशोधनसहित) को नियम ३० र ३१ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी, प्रतिवादीतर्फबाट विद्वान् अधिवक्ताहरूले निम्नानुसार बहस प्रस्तुत गर्नुका साथै लिखित बहस-नोट समेत प्रस्तुत गर्नुभएको छ ।

**विद्वान् अधिवक्ताहरूद्वारा प्रस्तुत बहस**

वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शरद कोइराला - करारका विषयमा श्री सर्वोच्च अदालतको पूर्ण इजलासबाट तीर्थकुमारी राणाको मुद्दामा प्रतिपादन भएको नजिर सिद्धान्त लागू गर्नुपर्ने

हुन्छ । करार ऐन, २०५६ लागू भएपछि उक्त मुद्दामा प्रतिपादित नजिर सिद्धान्तको बाध्यकारी शक्ति समाप्त भयो भन्न मिल्दैन । करार के हो भन्ने कुरामा करार ऐन, २०५६ को दफा २ (क) ले दुई वा दुईभन्दा बढी व्यक्तिहरूबीच भएको कानुन बमोजिम कार्यान्वयन गराउन सकिने सम्झौता करार हुने गरी परिभाषित गरेको हुँदा कुनै पनि सम्झौता बा समझदारी करार हो, होइन ? भन्ने छुट्याउन यही परिभाषाको कसीमा हेर्नुपर्ने हुन्छ । करार ऐन, २०५६ मा गरिएको परिच्छेदगत शब्दावलीको परिभाषा त्यही परिच्छेदमा सीमित रही लागू हुने हो । चल र अचल वस्तु प्रकृतिले नै फरक छन् । चल वस्तु बिक्री सम्बन्धमा भएको करार ऐन, २०५६ को परिच्छेद ७ को व्यवस्था अचल वस्तुका सम्बन्धमा लागू हुने होइन । अचल सम्पत्ति बिक्री गर्नका लागि गरिएको बैनाबट्टाको लिखत आफैंमा करार हो । प्रस्तुत मुद्दामा मेरो पक्ष बनेपा नगरपालिकासँग प्रतिवादी जानकीदेवी श्रेष्ठले स्व.पति रामभक्त कोख श्रेष्ठका नाउँमा फिल्डबुकमा दर्ता भएको चण्डेश्वरी पञ्चायत वार्ड नं.८ (ख) कि.नं.११५ को २-६-२-२ रोपनी जग्गामध्ये २-२-२-२ रोपनी जग्गा आफ्नो नाममा दर्ता भएपछि मेरो पक्षलाई रजिष्ट्रेशन पारित गरिदिने गरी पटक पटक सम्झौता गरी रु.२,१६०००।- बैना समेत लिएकोमा प्रतिवादीले आफ्नो नाउँमा जग्गा दर्ता भएपछि मेरो पक्षलाई थाहा नदिई अन्य कृष्णलाल राजवंशी समेतका प्रतिवादीहरूलाई हक-हस्तान्तरण गरेको हुँदा मेरो पक्षसँग गरेको करार सम्झौताको यथावत् परिपालनाका लागि वादी दाबीको जग्गा मेरो पक्षको नाममा रजिष्ट्रेशन पारित गर्न पाउने गरी फैसला गरी पाऊँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादीहरूतर्फबाट विद्वान् अधिवक्ता श्री नवराज बडाल- मेरो पक्ष जानकीदेवी श्रेष्ठको निर्विवाद हक स्वामित्वको जग्गा हक-हस्तान्तरण गरेको विषयमा वादीलाई नालिस गर्ने हकदैया छैन । वादीले मिति २०६२।११।११ मा जिल्ला प्रसासन कार्यालयमा पत्राचार गरिसकेको विषयमा मिति ०६४।४।२२ मा मात्र लिखत प्रमाण सारेपछि थाहा पाएको भनेको देखिँदा हद-म्याद सम्बन्धी कानुनले वादीलाई सहयोग गर्ने अवस्था छैन । करारको यथावत् परिपालनाको दाबी लिनेले पहिले आफूले करार परिपालना गरेको देखिनुपर्छ । वादीले करार अनुसारको बाँकी रुपैयाँ धरौट राखी करार पालना गरेको अवस्था छैन । मेरो पक्ष र वादीबीच भएका सम्झौताहरू करार ऐन, २०५६ को दफा ८८ र मुलुकी ऐन रजिष्ट्रेशनको महलको १नं बमोजिम रजिष्ट्रेशन पारित नभएकाले ती सम्झौताहरू शून्य सम्झौता हुन पुगेका छन् । करार ऐन २०५६ लागू भएपछि सर्वोच्च अदालतबाट प्रतिपादित नजरि सिद्धान्त समेतका आधारमा बैनाबट्टाको कागजलाई करार भन्न नमिल्ने हुँदा वादी दाबी खारेज हुने गरी फैसला गरी पाऊँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

वादीतर्फका अधिवक्ताबाट पेस भएको लिखित बहस-नोटका मुख्य बुँदाहरू :

(१) वादी प्रतिवादीबीच जग्गा लिने दिने गरी करार भएको हुँदा प्रतिवादीले हाल आएर जग्गा दिने करार भएको होइन भन्न प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम विवन्धनको सिद्धान्तले मिल्ने हुँदैन ।

(२) वादी, प्रतिवादीबीच कानुन बमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता भएकाले ती सबै सम्झौता करार ऐन, २०५६ मा परिभाषित करार हुन् ।

(३) वादी, प्रतिवादीबीच भएका सम्झौताहरू रजिष्ट्रेशनको १ नं. बमोजिम रजिष्ट्रेशन हुनुपर्ने होइनन् र यी सम्झौताका लिखतका सम्बन्धमा करार ऐन, २०५६को दफा ८८ आकर्षित हुने होइन ।

(४) प्रस्तुत मुद्दामा ने.का.प.२०४९ अंक १ पृष्ठ १ नि.नं.४४४७ मा प्रतिपादित नजिर सिद्धान्त लागू हुनुपर्दछ ।

(५) करारको यथावत् परिपालना समन्यायिक उपचार भएकाले वादी पक्षको तर्फबाट दाबीको जग्गामा करोडौं रुपैयाँ लगानी गरिसकेको अवस्था हुँदा यथावत् परिपालनाको आदेश जारी हुनपर्ने ।

**प्रतिवादीहरूतर्फका अधिवक्ताबाट पेस भएको लिखित बहस-नोटका मुख्य बुँदाहरू :**

१ वादी बनेपा नगरपालिकालाई कि.नं.११५ बाट कित्ताकाट भइसकेका वादी दाबीमा उल्लिखित जग्गाका सम्बन्धमा मुलुकी ऐन अ.बं.८२ नं.ले मुद्दा दायर गर्ने हकदैया छैन ।

२ वादी बनेपा नगरपालिकाको अनुरोधमा जिल्ला प्रशासन कार्यालयले मिति ०६२।११।११ मा नै पत्राचार गरेको कुरामा वादीले मिति ०६४।४।२२। मा मात्र थाहा पाएको भनेको देखिँदा वादीलाई हद-म्याद सम्बन्धी कानुनले सहयोग गर्ने अवस्था छैन ।

३ नि.नं. ७६७३, ने.का.प. २०६३ अंक ३ पृष्ठ ३९५ मा प्रतिपादित नजिर सिद्धान्त बमोजिम अचल सम्पत्ति सम्बन्धी करारीय दायित्व अदालतबाट पूरा गराउन मिल्ने हुँदैन ।

**निरुपण गर्नुपर्ने प्रश्नहरू**

प्रस्तुत मुद्दामा विद्वान् अधिवक्ताहरूको बहस सुनी मिसिल संलग्न लिखित बहस नोट लगायत वादी दाबी, प्रतिवाद जिकिर र सनाखत बयान सहितको मिसिल प्रमाणहरू अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूको निरुपण गर्नुपर्ने देखिन आएको छ ।

(क) वादी दाबीसाथ पेस भएका कबुलियत सहमतिपत्र लगायतका सम्झौताहरू करार हुन् होइनन् ?

(ख) वादी दाबीसाथ पेस भएका सम्झौताहरू करार हुन् भने ती सम्झौताको आधारमा वादी दाबी बमोजिम प्रतिवादीहरूले करारको यथावत् परिपालना अर्थात् सम्झौता बमोजिम जग्गा रजिष्ट्रेशन तथा दा.खा. नामसारी गरिदिन पर्ने हो, होइन ?

प्रथम प्रश्नको सम्बन्धमा विचार गर्दा सर्वप्रथमतः वादी दाबीसाथ के कस्ता कबुलियत वा सम्झौताका लिखत पेस गरिएका छन्, ती लिखतहरूको विवेचना गर्नु वाञ्छनीय हुन जान्छ । यस सम्बन्धमा हेर्दा प्रतिवादी जानकीदेवी श्रेष्ठले वादी बनेपा नगरपालिकासँग सबैभन्दा पहिले मिति ०५७।५।१९। मा गरेको कागजबाट निजको हकभोगको साबिक चण्डेश्वरी पं. वार्ड ८(ख) बाट निजका स्व. पतिका नाममा नापीसम्म भई दर्ता हुन बाँकी रहेको कि.नं.११५को २-६-२-२ जग्गा मध्ये २-२-२-२ रोपनी जग्गा प्रतिरोपनी रु. दुई लाखका दरले रु.४,८२,८१२।- मूल्य कायम गरी हक त्याग गरी छोडपत्र गरिदिएको भन्ने समेत देखिन आएकोमा उक्त कागज हकदार लगायतका व्यक्तिहरूलाई साक्षी राखी गरेको भन्ने समेत देखिन्छ । त्यस्तै सहमति पत्र नामकरण गरी मिति ०५७।६।१ गते वादी बनेपा नगरपालिका र प्रतिवादी जानकीदेवी श्रेष्ठबीच भएको कागजमा माथि उल्लिखित जग्गा खरिदकर्ताले भनेको बखत मालपोत कार्यालय काभ्रेमा गई राजीनामा पास गरी लिने दिने र बैना स्वरूप जग्गाधनीलाई रु. २,१६,०००।- भुक्तानी लिनेदिने सहमति गरेको भन्ने देखिन आएको र सो सहमतिलाई उल्लेख गर्दै मिति ०५७।९।२५ मा जग्गाधनी जानकीदेवी कोख श्रेष्ठले बनेपा नगरपालिकासँग बिक्री गर्न सहमति भएको जग्गाको ५० प्रतिशत मूल्यले हुने रु. २,१६४०६।- बैना बापत बुझी बैनाबट्टाको छुट्टै कागज गरेको भन्ने देखिन आई उल्लिखित रुपैयाँ बुझेको भौचर समेत संलग्न रहेको देखिन्छ । यसका अतिरिक्त मिति ०५७।११।१५ मा प्रतिवादी जानकीदेवी श्रेष्ठ र निजका हकदार समेतले उक्त जग्गा वादी नगरपालिकाले पास गरिलिएमा कहीं कतै उजुर नगर्ने भनी छोडपत्र सहितको मञ्जुरनामा वादी बनेपा नगरपालिकालाई गरिदिएको पाइन्छ ।

उल्लिखित कागजातहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले मिति ०५६।३।२७ मा वादी बनेपा नगरपालिकालाई पोलिटेक्निक इन्स्टिच्युट स्थापना गर्न आवश्यक जग्गा उपलब्ध गराउन पत्राचार गरेपछि सम्पन्न गरिएका भन्ने सम्बद्ध फाइलबाट देखिन आएको छ ।

वादी बनेपा नगरपालिका र प्रतिवादी जानकीदेवी श्रेष्ठ लगायत निजका हकदार समेतबीच विभिन्न मितिमा भएका माथि उल्लिखित सहमति एवं बैनाबट्टा लगायतका लिखतहरू करार ऐन, २०५६ मा परिभाषित करार अन्तर्गत पर्ने होइनन्, ती शून्य सम्झौता हुन्, रजिष्ट्रेशन नभएकाले कानुनी महत्व राख्दैनन् भन्ने समेत प्रतिवाद जिकिरमा उल्लेख भएको र सोही अनुसार प्रतिवादी पक्षका अधिवक्ताले बहस प्रस्तुत गर्नुभएको हुँदा उल्लिखित कबुलियत, सहमति पत्र र बैनाबट्टाका लिखतहरू वादीका दाबी अनुसार कानुन बमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता हुन्, होइनन् विष्लेषण गर्नुपर्ने देखिन आएको छ ।

साबिक करार सम्बन्धी कानुन लगायत प्रचलित करार ऐन, २०५६ समेतमा करार सम्बन्धी लिखत कस्तो हुनुपर्ने भनी त्यसको निश्चित ढाँचा तोकेको पाइँदैन । यसबाट करारमा हुनुपर्ने आवश्यक तत्व समावेश भएको कुनै पनि सहमति एवं सम्झौता करार हुनसक्ने भनी व्यापक दृष्टिकोण राखी करारलाई हेर्नुपर्ने हुन्छ । करार ऐन, २०५६ को दफा २ (क) मा दुई वा दुईभन्दा बढी पक्षबीच कुनै काम गर्न वा नगर्नका लागि भएको कानुन बमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता भनी करारलाई परिभाषित गरेको पाइन्छ । त्यस्तै उक्त ऐनको दफा ५ मा एक व्यक्तिले अर्को व्यक्तिसमक्ष राखेको प्रस्तावमा त्यस्तो प्रस्तावित व्यक्तिले स्वीकृति जनाएपछि करार भएको मानिनेछ भन्ने उल्लेख भएको पाइन्छ । भारतीय करार ऐन, १८७२ को दफा २(ज) मा "कानुनद्वारा लागू गर्न सकिने सम्झौता करार हो" भनी परिभाषा गरेबाट कस्तो सम्झौता करार हो भन्ने सम्बन्धमा हाम्रो करार कानुनको परिभाषा र भारतीय करार कानुनको परिभाषा आपसमा मिल्दोजुल्दो देखिन्छ ।

साबिक करार ऐन, २०२३ को तुलनामा हाल प्रचलित करार ऐन, २०५६ व्यापक र समसामयिक रहेको कुरामा विवाद हुन सक्दैन । करार ऐन, २०५६ को विभिन्न परिच्छेदमा विभिन्न प्रकृतिका करारको व्यवस्था गरेको पाइएको र परिच्छेद ७ मा वस्तु बिक्री करारको व्यवस्था भएकोमा सो परिच्छेदको स्पष्टीकरणमा यस परिच्छेदको प्रयोजनका लागि वस्तु भन्नाले " खरिद-बिक्री हुन सक्ने कुनै पनि चल सम्पत्ति सम्झनुपर्छ" भनिएको छ । यस्तो व्यवस्थाबाट अचल सम्पतिको बिक्री सम्बन्धी करार नै हुन नसक्ने हो कि भन्ने जस्तो देखिए तापनि चल लगायत अचल सम्पत्तिको खरिद-बिक्री मानव जीवनको अभिन्न अंग हो । घर, जग्गा, घडेरी आदि समेतका सम्पत्ति खरिद वा बिक्रीका लागि साक्षीका रोहवरमा बैना लिनु दिनु गरी खरिद बिक्री सम्बन्धी व्यवहार तय गर्ने नेपाली जीवन-शैलीको मौलिक पद्धति हो । अचल सम्पत्तिका बारे करार नै हुन नसक्ने वा त्यसलाई करार ऐन, २०५६ ले बाहेक गरेको मान्ने हो भने कानुन मानवीय व्यवहारलाई नियमित गर्न समयसापेक्ष रूपमा बनाउने गरिन्छ भन्ने मान्यता नै धराशयी हुन जान्छ । त्यसमा पनि कानुनको अर्थ गर्दा समग्र व्यवस्थाको अध्ययन अपेक्षित हुन्छ। यस सन्दर्भमा नि.नं.७३७८ ने.का.प.२०६१ अंक ५ पृष्ठ ५५८ मा श्री सर्वोच्च अदालतबाट प्रतिपादित निम्न नजिर सिद्धान्तलाई मनन गर्नु अपरिहार्य हुन जान्छ ।

"कानुनको व्याख्या र प्रयोग गर्दा यथासम्भव सबै कानुनी व्यवस्थाहरू क्रियाशील र सार्थक हुने गरी व्याख्या गर्नुपर्ने र कानुनमा नै अन्यथा व्यवस्था नभएसम्म एउटा कानुनी व्यवस्थाको अर्थ र व्याख्या गर्दा अर्को कानुनी व्यवस्था निरर्थक हुने गरी व्याख्या गर्न नहुने"

विधायिका निर्मित कानुनको हरेक दफा, उपदफा र परिच्छेदको आफ्नै उद्देश्य र महत्व हुन्छ । ती दफा, उपदफा र परिच्छेदको अर्थ गर्दा सबैको अस्तित्व रहने गरी व्याख्या गर्नु नै कानुन व्याख्याको सर्वमान्य नियम अनुकूल हुन जान्छ । करार ऐन, २०५६ मा उल्लिखित विविध दफा, उपदफा र परिच्छेदको व्यवस्थाको व्याख्या समेतमा सोही व्याख्याको विधि लागू हुने हुन्छ । कानुन व्याख्या सम्बन्धी

उल्लिखित नियमको कसीमा प्रस्तुत मुद्दाको विवादलाई हेर्दा करार ऐन, २०५६ को परिच्छेद ७ को वस्तु बिक्री सम्बन्धी व्यवस्थाले चल सम्पत्तिको करारका बारे विशेष व्यवस्था गरेको अर्थ गर्नुपर्ने हुन्छ । करार ऐन, २०५६ को दफा २(क) मा करार के हो भनी परिभाषा गरिएको छ, जसले करारलाई समग्रतामा परिभाषित गर्दछ । करार ऐन, २०५६ को परिच्छेद ७ को व्यवस्था सो परिच्छेदमा उल्लिखित कुराका हकमा विशेष रूपमा लागू हुन्छ भने करार ऐन, २०५६ को दफा २(क) को व्यवस्था करारलाई परिभाषित गर्ने मूल व्यवस्थाको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ ।

कुनै लिखत करार हो वा होइन भनी निष्कर्षमा पुग्न उक्त लिखतले दुई वा सोभन्दा बढी व्यक्तिहरूबीच कुनै काम गर्न वा नगर्नका लागि त्यसमा संलग्न पक्षहरूलाई बाध्य गराएको छ वा छैन र करारमा उल्लेख भए बमोजिमको काम गर्न दुवै पक्षका बीच सहमति (Meeting of the mind) भएको छ, छैन हेर्नुपर्न हुन्छ । घरजग्गा बिक्री गर्ने लिखत आफैंमा बिक्रीको लिखत (Sale deed) नभई बिक्री गरी लिने दिने भन्ने मञ्जुरी भएको (Agreement to sale) लिखत हो । विशिष्ट सम्पादनको आधारमा उपचार प्रदान गर्न न्याय, सद्विवेक र समन्यायको आधारमा अदालत सक्षम छ भन्ने समेत श्री सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासबाट तीर्थराज कुमारी राणा वि. रामशंकर श्रेष्ठ भएको करार बमोजिम लिखत पास गरी पाऊँ भन्ने मुद्दामा (ने.का.प. २०४९, पृष्ठ १ नि.नं.४४४७) नजिर सिद्धान्त प्रतिपादन भएबाट बैनाबट्टाको लिखत करार हुने स्पष्ट छ । यस्तो बैनाबट्टाको लिखत रजिष्ट्रेशन गरिरहन नपर्ने भन्ने समेत उक्त प्रतिपादित नजिरमा उल्लेख भएकोमा नि.नं. ७५९३ ने.का.प.२०६२ अंक ९ पृष्ठ ११०२ मा समेत श्री सर्वोच्च अदालतबाट बैनाबट्टाको लिखत करार हुने र मुलुकी ऐन रजिष्ट्रेशनको महल बमोजिम रजिष्ट्रेशन गरिरहन नपर्ने गरी नजिर सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यसका अतिरिक्त गंगाबहादुर गुरुङ विरुद्ध भगवती थापा भएको करारको सर्त अनुसार जग्गा फिर्ता दिलाइपाऊँ भन्ने मुद्दामा श्री सर्वोच्च अदालतबाट "वादी, प्रतिवादीबीचमा भएको लिखतले विवादका दुवै पक्षहरूका बीच एक पक्षले अर्को पक्षको दायित्व के हुने भन्नेबारेमा स्पष्ट उल्लेख गरेको र उक्त लिखत पुनरावेदकको इच्छा विरुद्ध भएको भन्ने समेत पुनरावेदकको भनाइ नभएकाले यस्तो लिखतलाई करार भन्न नमिल्ने अवस्था छैन" (ने.का.प.२०६६ नि.नं. ८१०३ अंक ३ पृष्ठ ४७७) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको पाइन्छ । उल्लिखित नजिर सिद्धान्तबाट कार्यान्वयन गर्न सकिने सम्झौताका लिखत जो चल-अचल जुनसुकै सम्पत्तिको खरिद-बिक्रीसँग सम्बन्धित हुन्छन् ती सबै करार हुने र रजिष्ट्रेशनको महल अनुसार रजिष्ट्रेशन पारित गरिरहन नपर्ने समेत स्पष्ट हुन्छ ।

जहाँसम्म करार ऐन, २०५६ लागू भएपछि सो ऐन आउनुपूर्व प्रतिपादित नजिर सिद्धान्तको बाध्यात्मक शक्ति (Binding Force) नरहने र त्यसमा पनि ने.का.प. २०६३ अंक ३ नि.नं.७६७३ पृष्ठ ३९५ मा श्री सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त अनुसार बैनाबट्टाको कागजमा उल्लिखित जग्गा चल सम्पत्तिभित्र नपर्ने हुँदा त्यस्तो करारीय दायित्व अदालतबाट पूरा गराउन नमिल्ने भन्ने सन्दर्भ प्रस्तुत भएको छ, सोबारे हेर्दा करार ऐन, २०५६ ले अचल सम्पत्तिको खरिद-बिक्रीका सम्बन्धमा करार हुन नसक्ने गरी बाहेक गरेको नदेखिएको हुँदा विधायिका निर्मित कानुनले स्पष्ट उल्लेख गरी बाहेक नगरेसम्म बृहत् पूर्ण इजलासबाट प्रतिपादित नजिर सिद्धान्तको बाध्यात्मक शक्ति (Binding force) समाप्त भइसकेको भन्न मिल्ने हुँदैन । बृहत् पूर्ण इजलासबाट कायम भएको नजिर सिद्धान्तलाई संयुक्त इजलासबाट ने.का.प २०६३ अंक ३ नि.नं.७६७३ पृष्ठ ३९५ मा प्रतिपादित "जग्गा खरिद बिक्री सम्बन्धमा करार भएको, जग्गा चल सम्पत्तिभित्र नपर्ने हुँदा त्यस्तो करारीय दायित्व अदालतबाट पूरा गराउन कानुनतः नमिल्ने र बैना रकम लिनु दिनुलाई करारको परिभाषाभित्र राख्न नमिल्ने" भन्ने नजिर सिद्धान्तले अन्यथा गर्न सक्ने समेत हुँदैन ।

करार ऐन, २०५६ को दफा ८८ मा प्रचलित कानुनले कुनै खास प्रकारको करार गर्न कुनै खास कार्यविधि पूरा गर्नुपर्ने व्यवस्था गरेको वा सरकारी कार्यालयमा रजिष्ट्रेशन गर्नुपर्ने व्यवस्था गरेको

रहेछ भने त्यस्तो रीत पुरा नगरी भएको करार मान्य हुने छैन भन्ने व्यवस्था भएकोमा प्रतिवादीका तर्फबाट यो व्यवस्था अनुसार वादी दाबीका सम्झौताका लिखतहरू मुलुकी ऐन रजिष्ट्रेशनको महल बमोजिम दर्ता नभएका र दाबीका लिखतले कानुनी मान्यता प्राप्त गर्न रजिष्ट्रेशन अनिवार्य हुँदा उल्लिखित दफा ८८ बमोजिम वादी दाबीका सम्झौताहरू शून्य भएका भन्ने समेत जिकिर लिएको पाइन्छ । करार ऐन, २०५६ को दफा ८८ को उपरोक्त व्यवस्था के कस्तो हो भन्ने सन्दर्भमा हेर्दा उक्त व्यवस्थाले अचल सम्पतिसँग सम्बन्धित करारलाई समेट्न खोजेको नभई खास प्रकारका करारका सम्बन्धमा अन्य प्रचलित कानुनले निर्धारण गरेको विशेष कार्यविधिगत व्यवस्थालाई उल्लेख गरेको देखिन्छ । जस्तो विदेशी नागरिकसँग सेवा करार गर्दा बा विदेशीलाई नेपालमा काममा लगाउने बारेमा श्रम ऐन, ०४८ बमोजिम श्रम विभागको स्वीकृति लिन पर्ने, यस्तै विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ बमोजिम कुनै विदेशी व्यक्ति वा संगठित संस्थाले नेपालमा संयुक्त लगानी गर्दा वा प्राविधिक सेवा उपलब्ध गराउने सम्झौता गर्दा नेपाल सरकारको उद्योग विभागको स्वीकृति लिई दर्ता गर्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ मा नेपाल सरकारले कुनै सेवा वा वस्तु प्राप्त गर्नेबारेमा गरिएको आदि व्यवस्थालाई लिन सकिन्छ । (ने.का.प.२०६६ पुस, पृष्ठ १५४० नि.नं.८२२८) जसबाट प्रतिवाद जिकिरमा उल्लेख गरे जस्तो प्रस्तुत विवादसँग सम्बन्धित कबुलियत, सहमतिपत्र र बैनाबट्टाको लिखतहरू क्रियाशील हुनका लागि ती लिखतहरू रजिष्ट्रेशन गरी करार ऐन, २०५६ को दफा ८८ले निर्धारण गरेको खास प्रक्रिया पूरा गर्नुपर्ने भन्न मिल्ने देखिन आउँदैन ।

प्रस्तुत मुद्दाको विषयवस्तुका बारेमा बैनाबट्टाको कागजको सन्दर्भलाई लिएर प्रतिवादीतर्फबाट सो बैना-बट्टाको कागज करार हुन नसक्ने भन्ने जिकिर मुख्य रूपमा उठाइएको भए तापनि प्रस्तुत मुद्दाको सन्दर्भ विशुद्ध रूपमा बैना बट्टाको लिखतमा मात्र सीमित छैन । वादी दाबीको जग्गा लिने दिने सम्बन्धमा वादी बनेपा नगरपालिकामा प्रतिवादी जानकीदेवीले सबैभन्दा पहिले मिति ०५७।५।१९। मा वादी दाबीमा उल्लिखित जग्गाका सम्बन्धमा हक त्याग गरी कागज गरेको देखिन्छ । त्यसपछि मिति ०५७।६।१ मा वादी र प्रतिवादीबीच उक्त जग्गा लिने दिने कुरामा सहमति पत्रको कागज भएको पाइन्छ । त्यसपछि मिति ०५७।९।२५ मा बैनाको कागज गरी बैना बुझ्ने कार्य भएको अभिलेखबाट देखिन्छ । यसरी वादी, प्रतिवादीबीच पटकपटक सहमति गरेपछि मात्र बैना बुझ्ने कार्य भएको अवस्था हुँदा अन्य मुद्दासँग सम्बन्धित बैनाको लिखत र प्रस्तुत मुद्दामा करारका पक्षले गरेको सम्झौताहरू एकापसमा फरक देखिन्छन् । जसबाट प्रस्तुत मुद्दा विशुद्ध बैनाबट्टाको कागजसँग मात्र सम्बन्धित भन्न मिल्ने अवस्था छैन । प्रस्तुत मुद्दामा रहेका सम्झौताका लिखतहरू बैनाबट्टाको लिखतमा मात्र सीमित नरही सोभन्दा फरक प्रकृतिका रहेकाले बैनाबट्टाको लिखतसँग सम्बन्धित पूर्वोल्लिखित नि.नं.७६७३ को मुद्दामा प्रतिपादित नजिर सिद्धान्त प्रस्तुत मुद्दाका सन्दर्भमा आकर्षित हुने भन्न मिल्ने अवस्था समेत रहेन ।

विवेचित उपरोक्त आधारहरूबाट प्रतिवादी जानकीदेवी श्रेष्ठले मिति ०५७।५।१९, ०५७।९।२५ र मिति ०५७ ।११।१५ मा वादी बनेपा नगरपालिकासँग गरेका कबुलियत तथा बैनाबट्टाका कागज र वादी बनेपा नगरपालिका र प्रतिवादी जानकीदेबी श्रेष्ठबीच मिति ०५७।६।१। मा भएको सहमति पत्र समेतबाट पक्षहरूका बीचमा जग्गा दिने लिने कुरामा पटक-पटक सहमति भई जग्गाको मूल्य निर्धारण गरी वादीका तर्फबाट जग्गा समेत भोग गरको भन्ने मिसिलबाट देखिन आएको र वादी दाबीसाथ प्रस्तुत भएको उपरोक्त लिखतहरू प्रतिवादी जानकीदेवी श्रेष्ठले वादी नगरपालिकालाई गरी दिएको कुरा स्वीकार गरेकै अवस्था हुँदा मिसिलबाट बैना रकम समेत बुझेको देखिन आएकोले प्रस्तुत मुद्दामा वादी, प्रतिवादीबीच भएका उपरोक्त सम्झौताका लिखतहरूलाई करार ऐन, २०५६ को दफा २(क) बमोजिम वादी, प्रतिवादीबीच भएका करारीय लिखत मान्नुपर्ने देखिन आयो ।

करार ऐन, २०५६ को दफा ७४ मा करार गर्ने प्रत्येक पक्षले करार बमोजिमको दायित्व पूरा गर्नुपर्ने व्यवस्था गरेको देखिएको र प्रस्तुत मुद्दामा प्रतिवादी जानकीदेवी श्रेष्ठले वादी बनेपा नगरपालिकालाई रजिष्ट्रेशन गरिदिने गरी सम्झौता गरेको वादी दाबीको जग्गा वादीलाई थाहा जानकारी नदिई प्रतिवादी कृष्णलाल राजवंशी श्रेष्ठ समेतलाई राजीनामा पारित गरिदिएको अवस्थाबाटै प्रतिवादी जानकीदेवीले करार उल्लंघन गरेको प्रमाणित हुन्छ । वादी बनेपा नगरपालिका करारको पक्ष भएकाले करार ऐन, २०५६ को दफा ७८ बमोजिम करार परिपालनाका लागि करारको पक्ष प्रतिवादी उपर दाबी प्रस्तुत गर्न पाउने अधिकार वादी बनेपा नगरपालिकालाई रहे भएकै मान्नुपर्ने हुन्छ ।

अब ठहर गर्नुपर्ने दोस्रो प्रश्न वादी दाबी बमोजिम प्रतिवादीहरूले यथावत् परिपालना अर्थात् सम्झौता बमोजिम जग्गा रजिष्ट्रेशन तथा दा.खा.नामसारी गरिदिन पर्ने हो, होइन ? भन्ने सम्बन्धमा विचार गर्दा यसबारे निष्कर्षमा पुग्नका लागि करारको विशिष्ट सम्पादन तथा करारको यथावत् परिपालना (Specific Performance) बारे विश्लेषण गर्न वाञ्छनीय हुन जान्छ ।

करार कानुनको मान्य सिद्धान्त अनुसार करार गर्ने पक्षहरू करार अनुसारको कार्य गर्न बाध्य हुन्छन् । करारीय दायित्वबाट करार गर्ने पक्ष विमुख हुन सक्दैन भन्ने मान्यतामा करारको विशिष्ट सम्पादन तथा यथावत् परिपालनाको विकास भएको पाइन्छ । करार पक्षद्वारा निर्मित कानुन भएकाले त्यसको पालना पनि पक्षहरूले गर्नुपर्छ भन्ने नै करार कानुनको आत्मा हो । करारको यथावत् परिपालना (Specific performance) भनेको के हो ? र कस्तो अवस्थामा जारी हुन्छ भन्ने सम्बन्धमा निम्न दृष्टिकोणलाई उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

As a general rule specific performance is applied in breach of contractÆs actions where monetary damages are inadequate, primarily where the contract involves land and chattel.

Specific performance grants the plaintiff what he actually bargained for in the contract rather than damages (pecuniary compensation for loss or injury incurred through the unlawful conduct of another) for not receiving it; thus specific performance is an equitable rather than legal remedy by compelling the parties to perform exactly what they had agreed to perform, more complete and perfect justice is achieved than by awarding damages for a breach of contracts.

An extraordinary equitable remedy that compels a party to execute a contract according to the precise terms agreed upon or to execute it substantially so that under the circumstances, justice will be done between the parties.

Specific performance is ordered only on equitable grounds in view of all the conditions surroundings the particular case, the determining factor is whether in equity and good conscience. The court should specifically enforce the contracts because the legal remedy of monetary damages would inadequately compensate the plaintiff for the loss.........legal dictionary, the free dictionary. Com\ specific+ performance

करारको यथावत परिपालना कानुनी उपचार नभई समन्यायिक उपचार भएकाले करार उल्लंघन हुँदा सोबाट मर्का पर्ने पक्षले के कस्तो अवस्थामा समन्यायिक उपचार (Equitable Remedy) प्राप्त गर्न नसक्ने अवस्था सिर्जना हुन्छ भन्ने सम्बन्धमा विश्लेषण गरेमा यथावत् परिपालना (Specific Performance) को अवधारणा बुझ्न सहज हुने देखिन्छ ।

Equitable Remedy is not available in the following grounds.

1 Damages provide an adequate remedy.

2 Where the order could cause undue hardship.
3 Where the contract is of such a nature that constant supervision by the court would be required.
4 Where an order of specific performance would be possible against one party to the contract, but not the other.
5 where the party seeking the order has acted unfairly or conscionably. (He who comes to equity must come with clean hands.)
6 Where the order is not sought promptly the claimant will be barred by the maxims "Delay defeats the equities and Equities assists the Vigilant but not the Indolent" .....www.goldsmithibs\resources\free\ breach of contract\notes\ breach of contract remedies\pdf

वादी दाबीमा करार ऐन, २०५६ को दफा ८६ समेतको आधारमा प्रतिवादीबाट करारको उल्लंघन भएकाले यथावत् परिपालनाको उपचार माग गरेको अवस्था हुँदा उपरोक्तानुसारको सैद्धान्तिक अवधारणका अतिरिक्त प्रचलित करार ऐन अनुसार यथावत् परिपालनाको आदेश के कस्तो अवस्थामा प्राप्त हुन सक्छ त्यसबारे चर्चा गर्नु सान्दभिर्क हुन जान्छ ।

यसतर्फ हेर्दा करार ऐन, २०५६ को दफा ८६(१) मा करार उल्लंघन भएको कारणबाट मर्का पर्ने पक्षलाई पुग्न गएको वास्तविक हानि नोक्सानी बापत नगद क्षतिपूति मनासिब र पर्याप्त नहुने भएमा त्यसरी मर्का पर्न गएको पक्षले क्षतिपूर्तिको दाबी गर्नुको सट्टा करारको यथावत् परिपालनाको दाबी गर्न सक्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ । त्यस्तै उपदफा (२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा यथावत् परिपालनाको दाबी लाग्ने छैन भनी निम्न व्यवस्था गरेको पाइन्छ ।

(क) करार उल्लंघन बापतको क्षतिपूर्ति नगद नै पर्याप्त हुने भएमा
(ख) करार बमोजिमको काम भए नभएको कुरा अदालतले सुपरिवेक्षण गर्न नसक्ने भएमा
(ग) व्यक्तिगत दक्षता सीप वा ज्ञानको सेवा उपलब्ध गराउने गरी करार गरिएको भएमा
(घ) यथावत् रूपमा करार पूरा गर्न सक्ने अवस्थामा नभएमा
(ङ) करार उल्लंघन गर्ने पक्षले नै यथावत् परिपालना गराई पाउने दाबी लिएकोमा

उपरोक्त सन्दर्भमा प्रस्तुत मुद्दाको विवादलाई हेर्दा वादी बनेपा नगरपालिकाले आफ्नो नगर-क्षेत्रभित्र उपयुक्त जग्गा उपलब्ध गराई विदेशी राष्ट्र चीन सरकारको सहयोगमा राष्ट्रिय स्तरको पोलिटेक्निक इन्स्टिच्युट स्थापना गर्ने सिलसिलामा प्रतिवादी जानकीदेवी श्रेष्ठसँग पटकपटक कबुलियत र सम्झौता गरी प्रतिवादी जानकीदेवीलाई वादी दाबीको जग्गाको मूल्यको बैना बापत ५० प्रतिशत बुझाएको मिसिलबाट देखिन्छ । प्रतिवादीका नामको वादी दाबीको जग्गा खरिद गर्ने सम्झौता भएपछि सो जग्गा वादी नगरपालिकाको तर्फबाट पोलिटेक्निक इन्स्टिच्युटले भोग गरी उक्त जग्गा सम्याउने, बाटो निर्माण गर्ने र आवश्यकतानुसार घरटहरा निर्माण गर्ने समेतको कार्य गरेको भन्ने समेत वादीको कथन छ । वादी नगरपालिकाको तर्फबाट पोलिटेक्निक इन्स्टिच्युटले भोग गरी प्लटको रूपमा विकसित गरी आफ्नो राष्ट्रिय स्तरको योजनाको अभिन्न अंग बनाएको वादी दाबीको जग्गा वादीका लागि अपरिहार्य भइसकेको देखिँदा करारको उल्लंघनबाट सिर्जित दायित्वको पूर्ति वादी दाबीमा उल्लिखित जग्गाको सट्टा अरू जग्गा वा नगद क्षतिपूर्तिबाट हुन सक्ने भन्न मिल्ने देखिँदैन ।

The court determines whether money would be adequate after examining the subject matter of the contract itself. If it is land, money is inadequate because land is traditionally viewed as being unique, in that no two parcels of land are exactly alike. An

award of damages will not enable the plaintiff to acquire the same parcel of land anywhere else. (en. Wikipedia.org\wiki\specific–performance)

वादी बनेपा नगरपालिका र प्रतिवादीबीच भएका करार सम्झौताहरू निर्माण कार्यसँग सम्बन्धित नभई जग्गा खरिद बिक्रीसँग सम्बन्धित भएकाले यथावत् परिपालनाको आदेश दिँदा अदालतले आफ्नो जनशक्ति प्रयोग गरी कार्यको सुपरिवेक्षण गर्नुपर्ने अवस्था प्रस्तुत करार कार्यान्वयनको सन्दर्भमा आवश्यक देखिँदैन ।

प्रस्तुत मुद्दामा वादी दाबीको जग्गा फिल्ड बुकमा प्रतिवादीका पति स्व. रामभक्त कोख श्रेष्ठका नाममा दर्ता रहेको अवस्थामा सो जग्गा प्रचलित कानुन बमोजिम करार गर्ने प्रतिवादी जानकीदेवी श्रेष्ठको नाममा दर्ता नहुँदासम्म करारको परिपालना सम्भव नदेखिए तापनि उक्त जग्गा प्रतिवादी जानकीदेबी श्रेष्ठको नाममा दर्ता भइसकेको देखिँदा करार परिपालना हुन नसक्ने बाधा अड्चन केही देखिँदैन ।

वादी नगरपालिकाले करार परिपालना गर्ने सम्बन्धमा के कस्तो कार्य गरेको छ भन्ने सन्दर्भमा हेर्दा मिसिलबाट प्रतिवादीसँग सम्झौता भएपछि सो जग्गा वादीका नाममा दर्ता गरिदिनका लागि मालपोत कार्यालयलाई मिति ०५८।५।१३ मा नै पत्राचार गरेको देखिन्छ । नेपालमा प्रचलित जग्गा दर्ता सम्बन्धी कानुन हेर्दा वादी दाबीको जग्गा कानुनी प्रक्रिया पुऱ्याएर फिल्ड बुकमा नाम भएका स्व. रामभक्त कोख श्रेष्ठको प्रतिवादी जानकीदेवी श्रेष्ठ लगायत जे,जो हकदार छन् निजहरूको नाममा सम्म दर्ता हुनसक्ने देखिन्छ । वादी नगरपालिकाले जग्गाको दर्ताका लागि हकदारलाई सिफारिस गरिदिने बाहेक उक्त जग्गा सोझै आफ्नो नाममा दर्ता गराउने जस्ता कुनै भूमिका खेल्न सक्ने देखिँदैन । वादी नगरपालिकाले प्रतिवादीहरूलाई जग्गा दर्ताको लागि सिफारिस गरिदिई सम्झौताको पालना गरेकै देखिएको छ । वादी दाबीको जग्गा प्रतिवादी जानकीदेवी श्रेष्ठको नाममा आएपछि सो कुरा प्रतिवादी जानकीदेवीले वादी नगरपालिकालाई थाहा दिई आफूले करार परिपालना गरेको भन्न सकेको अवस्था छैन । प्रतिवादीहरूको प्रतिउत्तर जिकिर अध्ययन गर्दा प्रतिवादी जानकीदेवीले आफ्नो नाममा वादी दाबीको जग्गा दर्ता भएपछि वादी नगरपालिकालाई जग्गा पास गरी लिन अनुरोध गरेको वा सोको जानकारी दिएको भन्ने समेत लेख्न सकेको अवस्था छैन । प्रतिवादी जानकीदेवी श्रेष्ठले वादी दाबीको जग्गा आफ्नो नाममा दर्ता भएपछि सो जग्गा वादी नगरपालिकालाई रजिष्ट्रेशन पारित गरिदिने सम्झौता गरिसकेपछि सो सम्झौताको पालना गर्नका लागि प्रतिवादीले सो कुराको जानकारी वादी नगरपालिकालाई दिन अपरिहार्य हुन्छ । त्यस्तो सूचना बा जानकारी दिएको भन्ने प्रतिउत्तर जिकिर लगायतबाट देखिन आएन ।

वादी दाबीको लिखतलाई प्रतिवाद जिकिरमा स्वीकार गरेको देखिएकोमा प्रतिवादी जानकीदेवीलाई लिखतको सम्बन्धमा बयान गर्न पाउने मौका दिई सो अनुसार प्रतिवादीले बयान गर्दा वादी दाबीको जग्गा प्रतिवादीको नाममा दर्ता भएपछि वादी नगरपालिकालाई पास गरिलिन पटक पटक अनुरोध गर्दा चासो नदेखाएको भन्ने समेतको व्यहोरा उल्लेख गरेको देखिए तापनि के कुन पत्र बा निवेदनद्वारा जानकारी दिएको हो बयानमा प्रष्ट गरेको अवस्था छैन । प्रतिवाद जिकिरमा उल्लेख गर्न नसकेको कुरा बयान गर्दा उल्लेख गरेकै भरमा त्यसलाई सत्य रहेछ भन्न मिल्ने समेत हुँदैन ।

Equity Jurisprudence मा Delay defeats Equity को मान्य सिद्धान्तलाई मनन गर्न अपरिहार्य हुन्छ । प्रतिवादीहरूको प्रतिवाद जिकिरमा समेत वादी नगरपालिकाले दिएको निवेदनबाट जिल्ला प्रशासन कार्यालयले वादी दाबीको जग्गा अनधिकृत रूपले रोक्का राखेको हुँदा वादी नगरपालिकाले मौकामा नै थाहा पाएको कुरामा मिति २०६४।४।२२ मा मात्र थाहा पाएको भनी फरेबपूर्ण रूपमा हद-म्याद कायम गरी फिराद गर्न वादीलाई प्रचलित कानुनले हद-म्याद प्रदान गर्दैन भन्ने ऊल्लेख गरेको पाइन्छ । प्रतिबाद जिकिरमा प्रचलित कानुनले हद-म्याद प्रदान गर्दैन भन्ने ऊल्लेख

गर्नु मात्र पर्याप्त हुँदैन । वादी बनेपा नगरपालिकाले यो मितिमा यो विषयमा जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरेकाले सो पत्राचार गरेको मितिले यो कानुनको यो हद-म्याद यसरी व्यतीत भयो भनी किटान गरी जिकिर लिन अपरिहार्य हुन्छ । त्यस्तो अबस्था देखिएको छैन । वादी नगरपालिकाले जिल्ला प्रशासन कार्यालयलाई पठाएको मिति ०६२।११।९। को पत्रको व्यहोरा हेर्दा पनि प्रतिवादीको बेइमानी गर्ने नियत देखिएको भनी पूर्वसहमति अनुरूप भोग गरिसकेको जग्गा वादीका नाममा उपलब्ध गराइदिन पहल गरिदिनसम्म अनुरोध गरेको देखिन्छ । यसबाट वादी नगरपालिकाले सम्झौता अनुसार भोग गरिसकेको वादी दाबीको जग्गा प्रतिवादीले पास गरी नदिने नियतको आँकलन गरी आवश्यक पहल गरिदिन अनुरोध गर्न पाउने नै हुँदैन । यसो गर्दा हद-म्याद व्यतीत हुन्छ भन्न उपयुक्त देखिँदैन ।

करारको यथावत् परिपालनाको माग गर्दा वादीले प्रतिवादीलाई दिनुपर्ने बाँकी रुपैयाँ धरौट राख्नुपर्नेमा राखेको अवस्था छैन, त्यसकारण यथावत् परिपालनाको आदेश गर्न मिल्दैन भन्ने कुरालाई प्रतिवादीतर्फका अधिवक्ताले लिखित बहस-नोटमा समेत उठाएको अवस्था हुँदा यसतर्फ हेर्दा सैद्धान्तिक रूपमा यो विषय “करारको यथावत् परिपालनाको माग गर्ने स्वयंले करारको परिपालना गरेको हुनुपर्छ” भन्ने सिद्धान्तसँग सम्बन्धित देखिन्छ । प्रतिवादीतर्फबाट श्री सर्वोच्च अदालतद्वारा नि.नं.७९१५ ने.का.प.२०६५ अंक १ पृष्ठ ४६ को पुनरावेदक प्र.चन्द्रबहादुर मावो विरुद्ध लाखबहादुर मावो भएको करार बमोजिम गरी पाऊँ भन्ने मुद्दामा प्रतिपादित नजिर सिद्धान्त अनुसार वादी नगरपालिकाले बाँकी रकम थैली राखी आएको अवस्था नभएकाले लिखतको सर्त उल्लंघन वादीले नै गरेको देखिने भन्ने समेत जिकिर लिएको देखिएकोमा प्रतिपादित नजिर सिद्धान्त आकर्षित हुनका लागि उल्लिखित मुद्दाको तथ्य र प्रस्तुत मुद्दाको तथ्यलाई विश्लेषण गरी हेर्नुपर्ने हुन्छ ।

उल्लिखित मुद्दाको तथ्यमा जग्गा पास गरी लिने बैनाबट्टाको कागजसम्म भएको देखिएकोमा प्रस्तुत मुद्दामा भने बैनाबट्टाको कागज मात्र नभएर सो कागज अनुसार वादी नगरपालिकाका तर्फबाट उक्त जग्गा सम्याउने, प्लट निर्माण गरी बाटो विकसित गर्नुका साथै घरटहरा निर्माण गर्ने समेतका कार्य गरिसकेको भन्ने देखिन्छ । सो कुराको पुष्टि लगाउको रूपमा रहेका दे.मि.नं.४७२, ४७३ र ४७४ समेतका वादी नगरपालिका उपर दायर भएका मुद्दाको विषयवस्तुका साथै दे.मि.नं.४७४ को घर भत्काई पाऊँ भन्ने मुद्दामा यस अदालतबाट भएको मिति ०६५।५।३२।२ को नक्सा मुचुल्का समेतले पुष्टि गर्दछ । यसको साथै उल्लिखित नजिरसँग सम्बन्धित मुद्दाको तथ्यमा बैनाबट्टासँग सम्बन्धित कागज मात्र देखिएकोमा प्रस्तुत मुद्दामा प्रतिवादीले हकत्याग गरेको कागज गरिदिएपछि वादी र प्रतिवादीबीच सहमतिको लिखत भएको र त्यसपछि मात्र बैनाबट्टाको कागज भएको अवस्था हुँदा दुवै मुद्दाको समान तथ्य भन्न मिल्ने अवस्था छैन ।

नजिरको सामान्य सिद्धान्त समान तथ्य र विषयवस्तु रहेछ भने जे जस्तो रूपमा नजिर सिद्धान्त प्रतिपादन भएको छ त्यही रूपमा नजिर सिद्धान्त लागू हुने भन्ने हो । प्रस्तुत मुद्दामा जग्गा पास गरी लिने दिने सम्बन्धमा पक्षहरूबीच बैनाबट्टाको कागज मात्र नभएर पटकपटकको कबुलियत र सम्झौता अनुसार वादीले दाबीको जग्गा भोग गरेको विशिष्ट र छुट्टै परिस्थिति हुँदा उल्लिखित नजिर सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने अवस्था देखिन आएन ।

त्यसमा पनि प्रस्तुत मुद्दामा वादी बनेपा नगरपालिकाले प्रतिवादीबाट रजिष्ट्रेशन पारित गरी लिने गरी करार गरेको जग्गा वादी नगरपालिकाले व्यवस्था गरे अनुसार बनेपा पोलिटेक्निकल इन्स्टिच्युटले भोग गर्दै आएको र त्यसले सार्वजनिक स्वरूप प्राप्त गरिसकेको देखिँदा यस्तो जनसरोकार र चासो समाहित भइसकेको विषयमा मुद्दा दायर गर्नेले जुनसुकै नियत वा कारणबाट बाँकी रुपैयाँ धरौट नराखेको भए तापनि त्यत्तिकै आधारमा वादी बनेपा नगरपालिका स्वयंले करारको पालना नगरेको भन्न न्यायोचित हुने देखिएन ।

करार ऐन, २०५६ को दफा ७४ ले करार गर्ने प्रत्येक पक्षले करार बमोजिमको दायित्व पूरा गर्नुपर्ने हुन्छ । वादी दाबीसाथ प्रस्तुत लिखतहरूको पक्ष वादी बनेपा नगरपालिका र प्रतिवादीमध्ये जानकीदेवी श्रेष्ठ रहेको देखिँदा ती पक्षसँग मात्र करारको दायित्व सीमित रहने हुन्छ । प्रतिवादी जानकीदेवी श्रेष्ठ बाहेकका अन्य प्रतिवादीहरूले खरिद गरी लिएको जग्गाका सम्बन्धमा तिनीहरूसँग सम्बन्धित मुद्दामा ठहरे बमोजिम हुने हुँदा प्रस्तुत मुद्दाका जानकीदेवी श्रेष्ठ बाहेकका अन्य प्रतिवादीहरूसँग सम्बन्धित वादी दाबीका हकमा करार कानुनसँग सम्बन्धित Privity of contract को सिद्धान्त आकर्षित हुने देखिन आउँछ ।

यसर्थ माथि विचित आधारहरूबाट वादी बनेपा नगरपालिका र प्रतिवादी जानकीदेवी श्रेष्ठबीच भएका मिति ०५७५।१९।, मिति ०५७६।१, मिति ०५७९।२५ र मिति ०५७ ।११।९। का कबुलियत सम्झौताहरू करार ऐन, ०५६ बमोजिम परिभाषित करारभित्र पर्ने देखिन आएका, प्रतिवादी जानकीदेवी श्रेष्ठले वादीसँग गरेका करार सम्झौता पालना गरी करार बमोजिमको दायित्व पूरा गर्नुपर्नेमा नगरी करार उल्लंघन गरेको प्रमाणित हुन आएकाले वादी बनेपा नगरपालिकाले प्रतिवादी जानकीदेवी श्रेष्ठ समेतबाट करार यथावत् परिपालनाको दाबी अर्थात् सम्झौता बमोजिम वादी दाबीको जग्गा रजिष्ट्रेशन पारित तथा दा.खा. नामसारी समेतको माग दाबी लिएको देखिँदा फैसला अन्तिम भएको मितिले तीन महिनाभित्र वादीले प्रतिवादीलाई दिनुपर्ने जग्गाको मूल्य बापतको रु. २,१६०००।- मालपोत कार्यालयमा धरौट राखेमा सो रकम बुझी प्रतिवादी जानकीदेवी श्रेष्ठले वादी बनेपा नगरपालिकासँग गरेको मिति ०५७५।१९, मिति ०५७६।१, मिति ०५७९।२५ र मिति ०५७११।१५ का कबुलियत सम्झौताको पालना गरी सो कबुलियत सम्झौतामा उल्लिखित जि.काभ्रेपलाञ्चोक चण्डेश्वरी पं. वार्ड नं.८(ख) कि.नं.११५ को २-६-२-२ जग्गामध्ये २-२-२-२ रोपनी जग्गा वादी बनेपा नगरपालिकाको नाममा रजिष्ट्रेशन पारित गरिदिनुपर्ने ठहर्छ । उल्लिखित कबुलियत सम्झौताको पक्ष नरहेका अन्य कृष्णलाल श्रेष्ठ समेतका प्रतिवादीहरू उपरको वादी दाबी पुग्न नसक्ने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

यो इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानू भनी वादी प्रतिवादीहरूका नाममा ३५ दिने पुनरावेदनको म्याद जारी गर्नू........................................................१

प्रस्तुत मुद्दा अन्तिम भएको तीन महिनाभित्रमा वादी बनेपा नगरपालिकाले प्रतिवादी जानकी देवी कोख श्रेष्ठलाई सम्झौता बमोजिम जग्गाको मूल्य बापत बुझाउनुपर्ने रु.२,१६,०००।- मालपोत कार्यालय काभ्रेमा धरौटी राखेको कुराको निस्सा सहित यस अदालतमा निवेदन गरेमा का.प.जि. चण्डेश्वरी गा.वि.स. वडा नं.८(क) कि.नं.११५ को क्षे.फ.२-६-२-२ जग्गा मध्ये क्षे.फ.२-२-२-२ हाल कायम हुन आएको कि.नं. ४७५, ४७३, ४६९, ४७१, ४७०, ४७२ र ४७४ कित्ताका जग्गाबाट वादी बनेपा नगरपालिकाका नाममा दा.खा.नामसारी गरी दिनू भनी मा.पो.का. काभ्रेमा लेखी पठाइदिनू..................................................२

उपरोक्त प्रकरण २ को प्रयोजनका लागि प्रस्तुत मुद्दामा अन्तिम फैसला भएको जानकारी वादी बनेपा नगरपालिकालाई दिई सोको निस्सा मिसिल सामेल राख्नू...............................................................३

वादी बनेपा नगरपालिकाले प्रकरण २ बमोजिम मा.पो.का.काभ्रेमा धरौट राखेको रु.२,१६,०००।- दिलाई पाऊँ भनी प्रतिवादी जानकीदेवी श्रेष्ठले कानुनका म्यादभित्र दरखास्त गरे सो धरौट राखेको रुपैयाँ प्रतिवादी जानकीदेवी श्रेष्ठलाई दिनू भनी मा.पो.का.काभ्रेमा लेखी पठाइदिनू...................................................४

वादी दाबी पुग्ने ठहरेकोले फिराद दर्ता गर्दा राखेको कोर्ट फी रु.५,७९८।- भराई पाऊँ भनी प्रतिवादी जानकी देवी कोख श्रेष्ठको यसै सरहदको जेथा देखाई मुद्दाको अन्तिम किनारा भएपछि कोर्ट फी ऐन, २०१७ को दफा १५(११) को म्यादभित्र वादीको दरखास्त परे केही दस्तुर नलिई प्रतिवादी जानकी देवी कोख श्रेष्ठबाट वादीलाई उक्त कोर्ट फी भराई दिनू.......................................................................................५

सरोकारवालाले नक्कल मागे कानुन बमोजिम लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनू.......................६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू..................७

माननीय जिल्ला न्यायाधीशज्यूले
बोली टिपाए बमोजिम टिपोट गर्ने :- ना.सु.राजन हमाल
कम्प्युटर टाइप गर्ने :- गणेशकुमार श्रेष्ठ
फाँटवाला ना.सु :- बैकुण्ठ

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६८ साल मंसिर महिना ७ गते रोज ४ शुभम्..................**

**श्री रुपन्देही जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री पूर्णप्रसाद बास्तोला**
**फैसला**
**सम्बत् २०६६ सालको मुद्दा नं. ६७-०६६-०१९८७, नि.नं.४०५**

**मुद्दा :- लेनदेन ।**

**वादी**
जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १५ बस्ने वर्ष ५२ को विश्वमोहन ओझान थाक्छे.................. ..१

**साक्षीः-**
लेखनाथ पौडेल, किस्मतमणि श्रेष्ठ, राधेश्याम राज भण्डारी, खुमबहादुर भण्डारी, देवेशकुमार श्रेष्ठ समेत.........................................................१

**कागजः-**
तमसुकको एवं नागरिकताको फोटोकपी समेत...........................................................।

**प्रतिवादी**
जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ धुम्बाराही बस्ने वर्ष ४१ की रेखा जोशी (श्रेष्ठ)...................................................१

**साक्षी :-**
ऋषि भुर्तेल, लक्ष्मण श्रेष्ठ, विष्णु कँडेल...... ।

**कागजः-**
नागरिकताको फोटोकपी............................. ।

**अदालतबाट बुझेको**
**साक्षीः-**
**राधेश्याम राज भण्डारी, देवेश कुमार समेत ।**
**कागज :-**

सक्कल लिखत खामबन्दी मिसिलसाथ रहेको ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन अ.वं.२९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको पर्ने भई प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।

विपक्षी प्रतिवादी रेखा श्रेष्ठका पति रोहितप्रसाद श्रेष्ठले मसँग जग्गा खरिद गर्न भनी मिति २०५९।३।२९ मा रु.१५,०००००।- कर्जा लिई सोही मितिमा कपाली तमसुक गरी दिनुभएको छ । उक्त रुपैयाँको साँवा ब्याज समेत २०५७ साल श्रावण २० गतेसम्म बुझाउने भाखा थियो, भाखाभित्र निज रोहितप्रसाद श्रेष्ठले साँवा ब्याज समेत केही तिर्नु बुझाउनु भएन जग्गा बिक्री गरेपछि तपाईको रुपैयाँ बुझाउला भनी आलटाल गरी आउनुभएको थियो । यस्तैमा आफ्ना कालगतिले मिति २०६४।५।९ मा निज रोहितप्रसाद श्रेष्ठको स्वर्गीय भयो ।

ऋणी रोहितप्रसाद श्रेष्ठको अपुताली खाने हकवाला श्रीमती विपक्षी रेखा श्रेष्ठहरूलाई पटक पटक भेटी तपाईका पतिले मबाट लिनुभएको साँवा ब्याज बुझाउनुहोस भन्दा आलटाल गरी नदिनुभएकोले हदम्यादसमेत समाप्त हुन लागेकोले अन्यायमा परी मु.ऐन लेनदेन व्यवहारको २ न. मा उल्लिखित हदम्याद १० वर्षभित्रै प्रस्तुत फिराद गरेको छु । निज रेखा श्रेष्ठलाई झिकाई तमसुक बमोजिम साँवा रु. १५,०००००।- र मिति २०५७।३।२९ गतेदेखि फिराद हुँदाको दिन २०६६।१२।२५ सम्मको ९ वर्ष ८ महिना २६ दिनको सयकडा दस प्रतिशतले हुने ब्याज रु.१४६०८३३।५० समेत साँवा

ब्याज जम्मा रु.२९६०८३३।५० र बिगो भरी भराउन हुँदासम्मको ब्याज एवम् लागेको कोर्ट फी समेत विपक्षीबाट दिलाई भराई न्याय पाऊँ भन्ने मुख्य फिराद दाबी ।

स्व. रोहितप्रसाद श्रेष्ठसँग मेरो विवाह भएकोमा हामीहरूबीचको असमझदारी बढ्दै जाँदा परस्पर विश्वासको संकट उत्पन्न भै परस्पर वादविवाद हुन थालेपछि मलाई घरमा बस्न समेत नदिई कुटपिट एवं अपमानित गरी घरबाट समेत निकाला गरेकाले मेरो आफ्नो दाइजो, पेवा, ऋण धनबाट बनाएको जिल्ला काठमाडौं का.म.न.पा. वडा न. ४ को घरमा बस्ने र स्व. रोहितप्रसाद श्रेष्ठको बुटवल न.पा. वडा न. ६ को घरवासमा नरहेकी निकालिएकीले आफ्नो बलबाट व्यापार व्यवसाय गरी जीवन निर्वाह गर्दै आउँदा पनि निज रोहितप्रसाद श्रेष्ठसँग वैवाहिक सम्बन्ध कायम रहन नसकेको हुँदा रोहितप्रसाद श्रेष्ठसँग लोग्ने स्वास्नीको सम्बन्ध कायम राखिराख्नुको औचित्य समाप्त भै मैले लोग्ने स्वास्नीको १ नं. को देहाय २ बमोजिम अंश सम्पत्ति केही नलिने गरी सम्बन्ध विच्छेद गरी पाऊँ भनी श्री काठमाडौं जिल्ला अदालतमा मुद्दा गरी सो मुद्दा लोग्ने स्वास्नीको १ न. को देहाय २ र सोही ऐनको ३ न अनुसार नाबालक छोरा छोरी म प्रतिवादीले नै राख्न पाउने गरी अंशमा दाबी नगर्ने गरी म रेखा श्रेष्ठ र स्व. रोहितप्रसाद श्रेष्ठका बीच लोग्ने स्वास्नीको नाता सम्बन्ध विच्छेद हुने ठहरी मिति २०६३।२।२६ मा फैसला भै सकेको अवस्थामा यी वादी मसँग आई साँवा ब्याजा मागेको र मैले आलटाल गरी नबुझाएको तथा लेनदेन व्यवहारको २२ न. बमोजिम रोहितप्रसाद श्रेष्ठको अपुताली खाने खाएको हकदार भनी व्यहोरा उल्लेख गरेको सम्पुर्ण दावा झुट्ठा रहेको हुँदा मबाट साँवा ब्याज भराउन मिल्ने होइन, फुर्सद पाऊँ भन्ने व्यहोराको प्रतिउत्तर जिकिर ।

उल्लिखित मितिको लिखत सुनी हेरी पाएँ, रोहितको मृत्यु भएको भन्ने सुनेकी छु, तमसुक सद्दे कीर्ते के हो मलाई थाहा छैन । रोहितसँग सम्बन्धविच्छेद गर्दा कुनै सम्पत्ति नलिई सम्बन्धविच्छेद गरेकी र रोहितको अपुताली नपाएकोले उक्त रुपैयाँ मैले बुझाउनुपर्ने होइन भन्ने व्यहोराको प्र.वा. राजकुमार यादवले गरेको सनाखत बयान ।

लिखत तमसुम सद्दे हो । सम्बन्धविच्छेद गरेको कुरा थाहा छैन, यी प्रतिवादी सगोलमै हुँदा ऋण कर्जा लिएका हुन्, सगोलमै छँदा कर्जा लिएको अवस्था हुँदा निजले उक्त रकम बुझाउनुपर्ने हो, प्रतिवादीको बयान झुट्ठ हो, वादीले दाबी बमोजिमको साँवा ब्याज प्रतिवादीबाट भराई पाउनुपर्छ भन्ने व्यहोराको वादी वा मानसिंह लामाले यस अदालतमा गरेको प्रतिक्रिया बयान ।

रोहितले वादीसँग २०५७ सालमा १५ लाख कर्जा लिएको हो, हाल उनको मृत्यु भइसकेको हुँदा निजको एक मात्र अपुताली खाने हकवाला प्रतिवादी रेखा श्रेष्ठले उक्त रकम साँवा ब्याज वादीलाई दिनुपर्ने हो भन्ने व्यहोराको वादीका साक्षी देवेशकुमार श्रेष्ठ एवं राधेश्याम राज भण्डारी समेतले यस अदालतमा गरेको बकपत्र ।

दे.छि.प.न. १९१३९,१९१४० एवं फौ.छि.प.न. २४६४ को प्रमाण मिसिल संलग्न रहेको ।

वादीबाट दाखिल भएको सक्कल लिखत बन्दी खाम मिसिल संलग्न रहेको ।

## अदालतको ठहर

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री माधवप्रसाद खनिया, श्री भरतराज खनाल र श्री लक्ष्मीप्रसाद अधिकारीले प्रतिवादी रेखा श्रेष्ठ ऋणी रोहतिप्रसाद श्रेष्ठको श्रीमती नाताकी रहेकी २०५७।३।२९ मा ऋणीले रु. १५०००००।- कर्जा लिई कपाली तमसुक गरिदिएको सो अवस्था प्रतिवादी पनि ऋणीसँग एका सगोलमा बसेको अवस्था हुँदा दण्ड सजायको २६ नं. समेतका आधारमा लिखत बमोजिमको साँवा र ब्याज समेत प्रतिवादीबाट वादीलाई दिलाई पाउनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो र प्रतिवादीका

तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री वेदप्रसाद बस्यालले आफ्ना पति रोहितप्रसाद श्रेष्ठसँग प्रतिवादी रेखा श्रेष्ठ मिति २०६३।२।२६ मा लोग्ने स्वास्नीको सम्बन्धविच्छेद हुने गरी काठमाडौं जिल्ला अदालतबाट भएका फैसला अनुसार अलग रही बसी आएको र उक्त समयमा सम्बन्ध विच्छेद हुँदा यी प्रतिवादीले पति रोहितप्रसाद श्रेष्ठसँग अशतर्फको दाबी नलिई अंश बापत कुनै सम्पत्ति नलिई सम्बन्धविच्छेद गरी बसेको अवस्था र ऋणी रोहितप्रसादको मृत्यु पछि पनि यी प्रतिवादीले निज रोहितप्रसादको अंश अपुताली कुनै लिए खाएको अवस्था नहुँदा लेनदेन व्यवहारको २२ न. बमोजिम समेतका आधारमा वादीले यी प्रतिवादी उपर नालेस गर्ने हकदैया नै नहुँदा फिराद दाबी खारेज हुनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनी मिसिल अध्ययन गरी हेर्दा वादी दाबी बमोजिमको साँवा ब्याज यी प्रतिवादीबाट भरी पाउने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

ऋणि रोहितप्रसाद श्रेष्ठले यी वादीसँग मिति २०५७।४।२० गते जग्गा खरिद बापत भनी रु.१५०००००।- कर्जा लिई कपाली तमसुक गरिदिएकोमा निज रोहितप्रसाद श्रेष्ठको मिति २०६४।५।९ मा मृत्यु भएको भन्ने कुरा वादी तथा प्रतिवादीका लेख भनाइबाट देखिन आएको र सो ऋण लिँदाका अवस्था प्रतिवादी रेखा (जोशी) श्रेष्ठ पनि निज रोाहितको श्रीमतिको हैसियतमा एका सगोलमा रहे बसेको भन्ने पनि स्पष्ट देखिन आएकोमा मिति २०६४।५।९ मा ऋणि रोहितप्रसाद श्रेष्ठको मृत्यु भए पश्चात् निजको अपुताली हक खाने हकवाला श्रीमती विपक्षी रेखा श्रेष्ठलाई पटक पटक भेटी तपाईंका पतिले लिनुभएको तमसुकमा उल्लिखित साँवा ब्याज ुझाउनुहोस भन्दा निजले पनि आलटाल गरी नदिनुभएकोले लेनदेन व्यवहारको २२ न. अनुसार स्व. रोहतिप्रसाद श्रेष्ठले लिए खाएको ऋण रकम निजको अंश अपुताली खाने हकवाला श्रीमती विपक्षी रेखा श्रेष्ठले तिर्नु बुझाउनुपर्नेमा नतिरी नबुझाई अन्याय गर्नुभएकोले उक्त लिखत बमोजिमको साँवा ब्याज निजबाट दिलाई भराई पाऊँ भन्ने वादीको दाबी रहेको देखिन आएको छ ।

प्रतिवादीको पति रोहितप्रसाद श्रेष्ठसँग मिति २०६३।२।२६ मा काठमाडौं जिल्ला अदालतबाट सम्बन्धविच्छेद हुने ठहरी फैसला भएको र लोग्ने स्वास्नीको सम्बन्धविच्छेद हुँदा कुनै सम्पत्ति लिए खाएको छैन र निज रोहितप्रसादको मृत्यु पश्चात् पनि निजको अपुताली कुनै लिए खाएको अवस्था नहुँदा वादी दाबी बमोजिमको लिखत बमोजिमको साँवा ब्याज मैले तिर्न बुझाउनुपर्ने होइन भन्ने प्रतिवादी रेखा (जोशी) श्रेष्ठको प्रतिउत्तर जिकिर  देखिन आएको र प्रमाणमा रहेको वादी रेखा श्रेष्ठ प्रतिवादी रोहितप्रसाद श्रेष्ठ भएको सम्वन्धविच्छेद मुद्दामा मिति २०६३।२।२६ मा निजहरूको लोग्ने स्वास्नीबीचको सम्बन्धविच्छेद हुने फैसला भएको देखिएको र सो फैसला उपर पुनरावेदन परेको भन्ने नदेखिई उक्त फैसला अन्तिम रूपमा रहेको अवस्था देखिन आएको, तत्पश्चात् मिति २०६४।५।९ मा निज रोहितप्रसाद श्रेष्ठको मृत्यु भएको देखिन आयो ।

वादीले आफ्नो फिराद लेखमा रोहितप्रसाद श्रेष्ठको मृत्यु पश्चात् निजको अंश अपुताली हक खाने यी प्रतिवादी भएकोले नै निजबाट लिखत बमोजिमको साँवा ब्याज भराई पाउनुपर्ने भन्ने मुख्य दाबी लिएको देखिएकोमा सम्बन्धविच्छेद मुद्दाको उक्त प्रमाण मिसिल हेर्दा ऋणी रोहितप्रसाद श्रेष्ठ र प्रतिवादी रेखा श्रेष्ठबाट वर्ष १३ को छोरी रोहिणी, वर्ष ११ कि छोरी रागिनी र वर्ष ३ को छोरा रोहन समेतको जन्म भएको भनी २०६२ साल चैत २२ गते रेखा श्रेष्ठले सम्बन्ध विच्छेदको निवेदनमा उल्लिखित व्यहोराबाट देखिन आएकोमा रोहितप्रसादको मृत्युपछि निजको अंश अपुताली हक खाने हकदारमा छोरा छोरीसमेत रहे भएको देखिन आएको र अन्य हकदार समेत भए नभएको कुरा फिरादमा स्पष्ट हुन सकेको समेत देखिँदैन । ऋणी स्व. रोहितप्रसादको नाउँमा कुनै सम्पत्ति लगायत जग्गा जमिन रहेको भए निजका छोरी छोरा लगायतका हकदारले सम्म नामसारी गराई लिने, निजको अपुताली खान पाउने अवस्था छँदैछ तर प्रतिवादी रेखा श्रेष्ठले रोहितप्रसादसँग सम्बन्ध विच्छेद भइसकेको अवस्था हुँदा निजले ऋणीको कुनै सम्पत्ति नामसारी गराई अपुताली लिने खाने अवस्था समेत नदेखिँदा लेनदेन

व्यवहारको २२ न. बमोजिम प्रतिवादी रेखा श्रेष्ठ निजको अपुताली खाने हकदार मान्न सकिने अवस्था आएन ।

साथै लेनदेन व्यवहारको ८ न. लाई हेर्दा पनि घरको मुख्यले गरेको व्यवहार गोश्वारा धनबाट तिर्न सकिते उक्त न. को मकसद भएकोमा लिखत हुँदाका अवस्था प्रतिवादी ऋणीसँग एका सगोलमा रहेको भए पनि निजले सगोलको कुनै गोश्वारा धन लिए खाएको भन्ने देखिन नआएको र प्रतिवादीसँग कुनै गोश्वारा सम्पत्तिको अंश रहे भएको भन्ने पनि वादीले देखाउन सकेको अवस्था नरहेको यसको अलावा दण्ड सजायको २६ न. लाई हेर्दा पनि दुनियाको बिगो जायजात गर्दा त्यो धन खाने बाह्र वर्षदेखि माथिका ऐन बमोजिम मानो नछुट्टी सँग बसेका अंशियारा समेतको अंश जायजात गर्नुपर्ने कुरा उल्लेख भए पनि प्रस्तुत विषय जायजातको विषय नभएको त्यसमा पनि लिखतमा जग्गा खरिद गर्ने बापत ऋण लिएको भनिएको छ, सो रकमबाट कहाँ जग्गा खरिद भएको हो र प्रतिवादीले यसको हिस्सा के कति लिए खाएको हो त्यो केही देखिन नआएको अवस्था र स्थितिमा लोग्नेसँग कुनै पनि सम्पत्ति नलिई सम्बन्धविच्छेद गरिसकेको प्रतिवादीबाट वादी दाबी बमोजिम दायित्व वहन गर्नुपर्दछ भनी निजबाट लिखत बमोजिमको साँवा ब्याज भराई पाऊँ भन्ने वादी दाबी कानुन संगत नदेखिँदा दाबी पुग्न नसक्ने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिल बमोजिम  गर्ने गरी अ.व. १८६ न. बमोजिम यो फैसला गरिदिएँ ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादी दाबी पुग्न सक्दैन, ठहरी फैसला भएकोले वादीले राखेको कोर्ट फी रु. ३३३७८।३४ जफत हुन्छ । अरू केही गर्नु परेन.............................................................१

यस अदालतका इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्नू भनी वादीलाई अ.व. १९३ न. बमोजिम पुनरावेदनको म्याद दिनू...............................................................२

सरोकारवालालाई नियमानुसार नक्कल सारी सराइदिनू ....................................................................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ..................................४

मा.जि.न्या.ज्यूले टिपाए बमोजिम
कम्प्युटर गर्ने :- शा.अ. लक्ष्मी
फाँटवाला :- शा.अ. यज्ञमूर्ति ज्ञवाली

**न्यायाधीश**

**इति संवत् २०६९ साल आषाढ ४ गते रोज २ मा शुभम्.............।**

**श्री सप्तरी जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री रितेन्द्र थापा**
**फैसला**

**संवत् २०६७ को cp ०५५७**

**मुद्दा :- लेनदेन ।**
**नि.नं: ५११**

**वादीको नाम, थर, वतन**
जि.स. राजविराज न.पा. वडा नं. ६ बस्ने राममचन्द्रको पत्नी सुनितादेवी वैश्य ............१

**प्रतिवादीको नाम, थर, वतन**
जि.स.गा.वि.स. पातो हाल भुतही वडा नं १ बस्ने निर्भयको छोरा विशेश्वरप्रसाद यादव...................१
ऐ.ऐ. बस्ने निर्भयको छोरा इन्द्रदेव यादव ............१

साक्षी
कागज....
मिति २०५७७२५ को कपाली तमसुकको प्रतिलिपि

साक्षी
कागज................

**अदालतबाट बुझेको**
**साक्षी**
**कागज :-** मिति २०५७७२५ को थैली रु..३००,०००।- को सक्कल लिखत ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मु. ऐन अ.वं. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र परी दायर भै पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा ठहर यसप्रकार छ :

विपक्षी प्रतिबादी विशेश्वरप्रसाद यादवले दाजु प्रतिवादी इन्द्रदेव यादवलाई मन्जुरीमा राखी धान खरिद बिक्री गर्नको लागि मिति २०५७७२५ गतेका दिन म फिरादीवाट ऋण रकम रु. ३००,०००।- रुपैयाँ नगदै बुझी लिई उक्त साँवा र सोको ऐन बमोजिम हुने सयकडा वार्षिक १० प्रतिशत व्याज समेत एकमुष्ठ रकम मिति २०५७ साल फागुन मसान्तभित्र चुक्ता गर्ने भाखा राखी कपाली तमसुक गरी दिनुभएको थियो । सो भाखा समाप्त भइसक्दा पनि उक्त साँवा ब्याज रकम नबुझाउनुभएको हुँदा साँवा रकम रु. ३००,०००।- र सोको भरिभराउ हुँदासम्मको ब्याज एवं कोर्ट फी समेत दिलाइ भराई पाऊँ भन्ने व्यहोराको फिराद पत्र ।

वादी दाबी झुट्टा हो वादीले दाबी लिएको लिखत हेरी अ.बं. ७८ नं. बमोजिम बयान गर्नेछु भन्ने समेत व्यहोराको प्रतिवादी विशेश्वर यादवको प्रतिउत्तर पत्र ।

प्रतिवादी इन्द्रदेव यादवले प्रतिउत्तर नगरी सुरु म्यादै गुजारी बसेको ।

लिखत सद्दे हो, सहीछाप मेरै हो, मञ्जुरीमा बस्ने इन्द्रदेव यादव समेत भई संयुक्त रूपमा कागज भएको हो । साँवा ब्याज फछ्र्यौट भइसकेको छ । वादीका सगोलका छोरा दीपक देवले आफ्नो हातले लेखी हिसाब गरी रकम बुझेको कागज मसँग छ । मिति २०५७११।२ देखि विभिन्न मितिमा विभिन्न रकम गरी मैले रु.२०००००।- रुपैयाँ बुझाइसकेको छु । बाँकी रकम समेत बुझाई कागज फिर्ता दिने भनेकोमा विश्वास लागी बसेको थिएँ तर वादीले कागज फिर्ता नदिई प्रस्तुत मुद्दा गरेको

हो । वादी दाबी बमोजिमको रकम तिर्न बुझाउन बाँकी छैन भनी प्र.वा. नारायणलाल देवले अ.बं. ७८ नं. बमोजिम गरेको बयान ।

गाउँघरमा कुनै छलफल समेत भएको छैन, मेरो छोराले रकम समेत बुझेको छैन, के कस्तो कागज निजसँग छ, मलाई थाहा भएन भनी प्रतिवादीले गरेको बयान सुनी वादीले गरेको बयान ।

प्रतिवादीले बयानमा उल्लेख गरेका कागज माग भई मिसिल सामेल रहेको ।

मेरो छोराले कुनै हिसाब गरी टिपोट गरी प्रतिवादीलाई दिएको होइन । सो कागजमा के कुन कामको लागि के कुन हरहिसाब गरी कसले कसलाई दिएको हो, कुनै कुरा उल्लेख भएको छैन । टिपोट कागज मुद्दासँग सम्बन्धित छैन । कागज प्रमाण ग्रहणयोग्य छैन भन्ने समेत व्यहोराको प्रतिवादीले पेस गरेको कागज हेरी वादी वा. वेदनारायण दासले गरेको बयान ।

## अदालतको ठहर

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको मिसिल कागजात अध्ययन गरी हेर्दा यस मुद्दामा अंग पुगी फैसला गरिदिए हुने देखियो । वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री गिरीशचन्द्र झाले वादी दाबीको लिखतमा विवाद छैन । प्रतिवादीले रकम बुझाई गरिदिएको भनेको टिपोट वादीले गरिदिएको होइन, विवादित टिपोट के कुन रकम बापत कसले कसलाई बुझाएको हो स्पष्ट छैन । लेनदेन व्यवहारको ५ नं. ले प्रमाणमा लाग्दैन भनी गर्नुभएको बहस तथा प्रतिवादीतर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री दिनेशकुमार यादव, भोगेन्द्रप्रसाद यादव, अशोककुमार चौधरी तथा शिवनारायण यादव समेतले प्रतिवादीले वादी दाबीको ऋण रकममध्ये रु.२०००००।- वादीलाई बुझाई वादीको एकाघर सगोलको छोराले बुझेको रकमको टिपोट गरिदिएको हुँदा निजलाई बुझी वादी दाबी नपुग्ने गरिपाऊँ भनी गर्नुभएको बहस सुनियो ।

फिरादपत्र प्रतिउत्तर पत्र विद्वान् कानुन व्यवसायीहरूको बहस जिकिर समेत सुनी प्रस्तुत मुद्दामा वादी दाबी बमोजिम प्रतिवादीवाट वादीले साँवा ब्याज समेत दिलाई पाउने हो होइन भन्नेमा नै निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा विपक्षी प्रतिवादी विशेश्वरप्रसाद यादवले दाजु प्रतिवादी इन्द्रदेव यादवलाई मञ्जुरीमा राखी धान खरिद बिक्री गर्नको लागि मिति २०५७।७।२५ गतेका दिन फिरादीबाट रु. ३००,०००।- नगदै बुझी लिई साँवा र वार्षिक १० प्रतिशत ब्याज समेत मिति २०५७ साल फागुन मसान्तभित्र चुक्ता गर्ने भाखा राखी कपाली तमसुक गरिदिनुभएको थियो । सो भाखा समाप्त भइसक्दा पनि नबुझाउनुभएको हुँदा साँवा रु. ३००,०००।- र सो को भरिभराउ हुँदासम्मको ब्याज एवं कोर्ट फी समेत दिलाई भराई पाऊँ भन्ने व्यहोराको फिराद दाबी रहेकोमा वादी दाबी झुट्टा हो, वादीले दाबी लिएको लिखत हेरी अ.बं. ७८ नं. बमोजिम बयान गर्नेछु भन्ने समेत व्यहोराको प्रतिवादी विशेश्वर यादवको प्रतिउत्तर परेको र प्रतिवादी इन्द्रदेव यादवले प्रतिउत्तर नगरी सुरु म्यादै गुजारी बसेको देखियो ।

लिखत हेरी अ.बं. ७८ नं. बमोजिम बयान गर्दा लिखत सद्दे हो, सहीछाप मेरै हो, मञ्जुरीमा बस्ने इन्द्रदेव यादव समेत भई संयुक्त रूपमा कागज भएको हो । वादीका सगोलका छोरा दीपक देवले आफ्नो हातले लेखी हिसाब गरी रकम बुझेको कागज मसँग छ । मिति २०५७।११।२ देखि विभिन्न मितिमा विभिन्न रकम गरी मैले रु.२०००००।- रुपैयाँ बुझाइसकेको छु । बाँकी रकम समेत बुझाई कागज फिर्ता दिने भनेकोमा वादीले कागज फिर्ता नदिई प्रस्तुत मुद्दा गरेको हो । यस सम्बन्धमा मध्यस्थता गर्ने रामु यादव तथा प्रतिउत्तरका साक्षीहरू समेत बुझी पाऊँ भनी जिकिर लिएको देखियो ।

प्रमाण ऐन, २०३१ को दफा २७ को उपदफा २ ले प्रचलित नेपाल कानुन बमोजिम वादीलाई दिनु वा बुझाउनुपर्ने कुरा सो कानुन बमोजिम दिए वा बुझाएको छ भनी प्रमाणित गर्ने भार प्रतिवादीको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा प्रतिवादी पक्षका विद्वान् अधिवक्ताहरूले टिपोट गरिदिने दीपक देव मध्यस्थता गर्ने रामु यादव तथा प्रतिवादीका साक्षीलाई बुझी पाऊँ भनी जिकिर लिनुभएको छ ।

उल्लिखित दफा २७ ले निर्देशित गरेको प्रचलित कानुन बमोजिम "वादीलाई दिए बुझाएको" प्रमाण के हो भन्ने सन्दर्भमा लेनदेन व्यवहारको ५ नं. लाई हेर्नुपर्ने हुन्छ । उक्त नं. मा साहु आसामीले साँवा ब्याज समेत लिँदा बुझाउँदा साँवा जम्मै बुझाउँदा आसामीले सो सम्बन्धमा गरिदिएको लिखत फट्टा गराई वा सोही लिखतमा असुली जनाउन लगाई बुझाउनुपर्छ । कुनै कारणले सो लिखत फेला नपरेमा सोही व्यहोरा जनाई साहुबाट भरपाई गराई लिनुपर्छ । साँवामध्ये केही मात्र बुझाउँदा वा ब्याज बुझाउँदा आसामीले साहुबाट पनि भरपाई गराई लिई यथासम्भव तमसुक, खाताबही वा भरपाई समेत सो साँवाको सम्बन्धमा अघि जुन लिखत भएको छ, सो लिखतको पीठमा सो व्यहोरा खोली लेखी आसामीको सहीछाप गर्नु गराउनुपर्छ भन्ने समेत उल्लेख भएको देखिन्छ । यस नं. को प्रारम्भ वाक्याशंमै यी रीत नपुगेकोमा सदर नहुने भनी उल्लेख भएको हुंदा यस नम्बरको बनावटबाटै यस नम्बरमा उल्लेख भएको रीतभन्दा बाहेकको रीतसँग साँवा ब्याज बुझाएकै भए पनि सदर नहुने अवस्था हुन्छ ।

उल्लिखित कानुनी व्यवस्थाको परिप्रेक्ष्यमा प्रतिवादीवाट प्रस्तुत प्रमाणलाई मूल्याङ्कन गर्नुपर्ने हुन्छ । प्रतिवादीले अ.बं. १३९ नं. बमोजिम बुझी पाऊँ भनी जिकिर गर्नुभएका दीपक देव, रामु यादव तथा प्रतिउत्तर पत्रका साक्षीहरू कोही पनि वादीले पेस गरेको कपाली लिखतका साहु होइनन् । उक्त ५ नं. को पहिलो वाक्यांशमा प्रयुक्त "**साहु आसामी**ले साँवा ब्याज समेत लिंदा बुझाउँदा" भन्ने शब्दावलीले साँवा ब्याज बुझाउँदा पुऱ्याउनुपर्ने रीतमा साहु स्वयं संलग्न हुनुपर्ने देखिन्छ । यसैगरी कुनै कारणले लिखत फेला नपरेमा सोही व्यहोरा जनाई **साहुबाट** भरपाई लिनुपर्ने हुन्छ । यस मुद्दामा प्रतिवादीको निष्कर्ष जिकिर वादी दाबी नपुग्ने गरिपाऊँ भन्ने रहेको भए पनि मिति २०६८।४।११ को बयान व्यहोराबाट रु.२०००००।- बुझाएको भन्ने देखिन्छ । यसरी साँवामध्ये केही मात्र बुझाउँदा पनि उक्त ५ नं. को देहाय २ बमोजिम आसामीले **साहुबाट** नै भरपाई गराई लिई यथासम्भव तमसुक, खाताबही वा भरपाई समेत सो साँवाको सम्बन्धमा अघि जुन लिखत भएको छ सो लिखतको पीठमा सो व्यहोरा खोली लेखी आसामीको सहीछाप गर्नु गराउनुपर्छ ।

तर प्रतिवादीले प्रमाण स्वरूप पेस गरेको टिपोट भनिएको कागजमा न त साहुको कुनै सहीछाप छ, न त यही लेनदेन व्यवहार सम्बन्धमा भएको टिपोट भन्ने कुनै संकेत । उक्त टिपोट के बापत कसले कसलाई के प्रयोजनको लागि लेखिएको भन्ने नै प्रष्ट छैन । वादी स्वयंले आफूले साँवा ब्याज नपाएको भनी दाबी लिई फिराद गरेको र प्रतिवादीले प्रमाण स्वरूप पेस गरेको लिखत सम्बन्धमा मेरो छोराले कुनै हिसाब गरी टिपोट गरी प्रतिवादीलाई दिएको होइन भनी बयान गरेको अवस्थामा टिपोट लेख्ने भनिएका दीपक देव वा अन्य साक्षीको भनाइको आधारमा बलपूर्वक साहुले रकम पाएको भनी अर्थ गर्न उक्त लेनदेन व्यवहारको ५ नं. को व्यहोरा र बनावटले कुनै स्थान दिएको छैन । उक्त टिपोट लेखिदिएका व्यक्ति, अवस्था वा साक्षीको भनाइ यस नं. ले निर्दिष्ट गरेको रीतभित्र पर्ने समेत देखिँदैन । यस्ता प्रमाणलाई प्रमाणको रूपमा लिन मिल्ने अवस्थामा नै रहँदैन ।

विद्वान् अधिवक्ताहरूले निज दीपक देव, रामु यादव समेतलाई झिकाई बुझी पाऊँ भनी जिकिर लिई आफ्नो बहस टुंग्याउनुभएको छ । अ.बं. १३९ नं. मा वादी प्रतिवादीका पेट वोलीमा लेखिएको मानिस नबुझी मुद्दा नछिनिने देखिएमा प्रमाणका तवरले बुझ्न हुन्छ भन्ने व्यवस्थाले वादी प्रतिवादीले माग गरेको जो सुकैलाई अड्डाबाट झिकाई बुझ्नुपर्ने अर्थ गर्न मिल्दैन । विद्वान्हरूले

जिकिर लिनुभएका व्यक्तिहरूको भनाइ लेनदेन व्यवहारको ५ नं. ले तोकिदिएको साँवा व्याज बुझाउने रीत मापदण्डभित्र नै नपर्ने यस्तो प्रमाणलाई नबुझी मुद्दा नछिनिने प्रमाण भन्न मिलेन यसरी प्रमाणको रूपमा लिन नै नमिल्ने अवस्थामा यस्ता व्यक्तिलाई बुझ्दा अदालतको श्रम शक्ति र समय अनावश्यक रूपमा खेर जाने हुन्छ । यतिमात्र नभई मुद्दाका पक्षले अनावश्यक रूपमा हैरानी बेहोर्नुपर्ने समेत हुन्छ ।

विद्वान्हरूले यो जिकिर लिँदा घरको मुख्य भई कामकाज गर्ने व्यक्तिले गरेको व्यवहार गोश्वारा धनबाट चल्ने लेनदेन व्यवहारको ८ नं. को व्यवस्थालाई लिनुभएको छ । अर्थात् आमाले लिएको ऋण छोराले तिर्नुपर्ने दायित्व बहन गर्नुपर्ने हुँदा छोराले बुझेको रकम आमाले बुझे सरह हुने भनी उक्त नं. लाई वाचन गर्नुभएको छ । यस व्यवस्थाको पृष्ठभूमिमा घरको मुख्य भई कामकाज गर्ने व्यक्तिले अन्य सदस्यहरूको जीविका, व्यक्तित्व विकास सुख समृद्धि र शान्तिको लागि कर्तव्य पूरा गर्नुपर्ने हुन्छ भन्ने धारणा रहेको हुन्छ । यतिमात्र नभई यस्ता व्यक्तिवाट भएको उपलब्धि र आर्जन छोरा छोरीको लागि अंश अपुताली हकको रूपमा परिणत हुने वैधानिक यथार्थ पनि हुन्छ । यसैले यस्ता व्यक्तिले बहन गर्नुपर्ने दायित्व पनि गोश्वारा धनबाट चल्ने व्यवस्था भएको हो ।

तर उक्त ८ नं. को आशय यस्ता मुख्यले गरेको व्यवहारको दायित्व मात्र सगोलको धनबाट चल्ने हो न कि अन्यले गरेका व्यवहारको दायित्व गोश्वारा धनबाट । यस नं. को अन्तिम वाक्यांशमा प्रयुक्त मुख्य जानकारको पनि सहीछाप वा लिखत व्यवहार मात्र भन्ने वाक्यांशले अन्यले गरेको व्यवहारको दायित्व मुख्यले बेहोर्ने भन्ने होइन । सोही महलको ९ नं. ले समेत यसै अवधारणालाई आत्मसात् गरेको देखिन्छ । यस स्थितिमा विद्वान्हरूको जिकिर बमोजिम वादीका छोरा दीपक देवलाई बुझिँदा निजले यही विवादित तमसुकी रकम बुझे बापत नै उक्त टिपोट गरेको भन्ने भनाइ लेखाए पनि वा उक्त रकम आफूले बुझेको भनी बयान गरे पनि निजको भनाइकै आधारमा साहु आमा यी वादीले तमसुकी रकम बुझेको भन्ने अर्थ गर्न मिल्दैन । वस्तुतः यी दीपक देव यस मुद्दामा सम्बद्ध प्रमाण नै होइनन् । तसर्थ यस मुद्दामा अंग पुगेका छैन, निज दीपक रामु तथा प्रतिउत्तर पत्रका साक्षीहरू बुझी पाऊँ भन्ने विद्वान्हरूको जिकिरसँग सहमत हुन सकिएन ।

माथि विवेचित आधार प्रमाणबाट वादी दाबीको लिखत अनुरूपको साँवा तथा ब्याज प्रतिवादी विशेश्वरप्रसाद यादवले वादीलाई बुझाउनुपर्नेमा बुझाएको नदेखिँदा वादीले निज प्रतिवादीबाट भराइलिन पाउने नै हुन्छ । तसर्थ प्रस्तुत मुद्दामा मिति २०५७७२५ को लिखत अनुरूपको साँवा रु.३०००००।- तथा उक्त लिखत मितिदेखि हालसम्म १० वर्ष व्यतीत भइसकेको देखिँदा हुने ब्याज समेत गरी जम्मा रु.६०००००।- (छ लाख) वादीले प्रतिवादीवाट दिलाई भराइ पाउने ठहर्छ । सो ठहर्नाले अन्यमा तपसिल बमोजिम हुने गरी प्रस्तुत मुद्दा अ.बं.१८६ नं. बमोजिम फैसला गरिदिएँ ।

## तपसिल

माथि ठहर खण्डमा वादीले प्रतिवादी विशेश्वरप्रसाद यादवबाट साँवा ब्याज भराई पाउने ठहरेकाले प्रतिवादीको यसै सरहदको जेथा देखाई वादीले दण्ड सजायको ४२ नं. बमोजिमको म्यादभित्र निवेदन गरेमा दाबीको लिखत बमोजिमको साँवा रु.३०००००।- तथा सोको लिखत मिति २०५७७२५ देखि हालसम्म १० वर्ष व्यतीत भइसकेको हुँदा सोको हुने ब्याज रु.३०००००।- समेत गरी रु.६०००००।- (छ लाख) प्रतिवादीवाट वादीलाई भराइदिनू, लाग्ने अढाई दस्तुर वादीबाट दाखिल गर्न लगाउनू............................१

वादीले फिराद गर्दा राखेको कोर्ट फी रु.९६७०।- प्रतिवादीबाट भराई पाऊँ भनी वादीले कोर्ट फी ऐन, २०१७ को दफा १५(११) बमोजिम प्रतिवादीको यसै सरहदको जेथा देखाई निवेदन गरेमा वादीबाट कुनै दस्तुर नलिई प्रतिवादीवाट वादीलाई भराइदिनू....................................................................................२

नपुग हुन आउने कोर्ट फी रु.१००।- वादीबाट दाखिल गर्न लगाई भरिभराउ हुँदा प्रतिवादीबाट वादीलाई दिलाइदिनू.......................................................................................................................३

प्रस्तुत फैसलामा चित्त नबुझे अ.बं. १९३ नं. का म्याद ३५ पैंतीस दिनभित्र पुनरावेदन अदालत राजविराजमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू....................................४

सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल मागेमा रीतपूर्वकको नक्कल दिनू, दायरीको लगत काटी मिसिल अभिलेख शाखामा बुझाइदिनू..........................................................................................५

कम्प्युटर टाइप गर्ने ना.सु. ठाकुरदेव खड्का
इजलास सहायक

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल असार १० गते रोज १ शुभम्......................।**

**श्री बांके जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री अर्जुन अधिकारी**
**फैसला**
**संवत् २०६६ सालको कोड नं. ७४-०६६-०११६१ दे.नं. १४६६**

**मुद्दा :- बहाल दिलाई घर खाली गराई पांऊ ।**

**वादीको नाम, थर, वतन**
स्व.हजारीलाल कसौधन बनियाको पत्नी जि. बाँके ने.गं.न.पा.बडा नं.१४ बस्ने शान्तिदेवी कसौधन बनेनीको मु.स.गर्ने ऐ.ऐ.बस्ने मंगलप्रसाद कसौधन.................................................. १

**साक्षी :-**
मो.सुलेमान हलबाई १ कुन्दनकुमार त्रिपाठी १
अमेन्द्रकुमार जैसबाल १ हरिहरप्रसाद गुप्ता १
मेडइलाल साहु १ अम्बिकाप्रसाद ठाकुर १
राधेश्याम वैश्य १ जगदम्बाप्रसाद पाठक १
रामशंकर वैश्य १
अजय अग्रवाल १

**कागज:-**
दे.नं.१३२६ को बहालबिटौरी र सूचना रसिदको फोटोकपी ।

**प्रतिवादीको नाम, थर, वतन**
कालिदिनको छोरा जि.बाँके ने.गं.न.पा.बडा नं.११ बस्ने शंकरदयाल वैश्य ................................१
शंकरदयालको छोरा ऐ.ऐ.बस्ने बद्रीप्रसाद वैश्य....१

**साक्षी:-**
जयपाली कनोजिया १ ओमकार गुप्ता १
बेचु नाउ ठाकुर १ कमल बर्मा १
सुरेन्द्र कमलापुरी १
राजु अग्रवाल १
वनबा?ी वाल्मीकि १
पप्पु कुरेसी १
फजलु रहमान कुरेसी १

**कागज :**

**अदालतबाट बुझेको प्रमाण**
**साक्षी :**
**जगदम्बाप्रसाद पाठक**
**जयपाली कनोजिया**
**कागज :-**

**नक्सा सर्जमिन र प्रमाण मिसिलहरू**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मु. ऐन अ.बं.२९ नं.बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र परी श्री पुनरावेदन अदालत नेपालगन्ज समेतको फैसला बमोजिम पुनः इन्साफका लागि पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ ।

नेपालगन्ज बजार अड्डाको फैसला बमोजिम मेरो पति हजारीलालका नाउँमा दर्ता रहेको हजारीलालको बाटो सो दक्षिण सडक सो पूर्व लल्लु सो उत्तर कोलिया सो पश्चिममा रहेको लम्बाइ ६४ फुट चौडाइ साढे ६ फुट भएको कोठी नं.१६९ को पिछुबार पूर्वदक्षिण कोठी पिछुबार नं.१३२६ को घरकोठी दर्ता कायम भै भोगचलन गरि आएको । हजारीको स्वर्गवासपछि म फिरादीका नाउँमा नामसारी भै दर्ता रही बहाल बिटौरी समेत बुझाई आएकी छु । लल्लुको नं.१३२७ को कोठी पिछुबार सो

दक्षिण साबिक लालता हाल शंकरलालको कि.नं.१३३१ को कोठी पिछुवार सो उत्तर गलियारा र कोठी नं.१६९ सो पूर्व कोलिया बाटो सो पश्चिम यति चारकिल्लाभित्रको कोठी नं.१३२६ को मेरा हकभोग चलनको पिछुबार घरकोठी हो । उक्त घर विपक्षीहरूले ०४६ साल वैशाख १ गते हामीहरूको परिवार ठूलो भएकोले हामीलाई बस्न अप्ठेरो परि रहेको छ भनेकोले सो पिछुबार कोठी घर प्रतिमहिना रु.१५००। मा बहालमा दिएको र २०५१ सालमा महँगी बढेको कारणले रु.२०००। बहाल बढाउन हामी वादी प्र.हरू मञ्जुर भै २०५७ साल चैत्र महिनासम्मको बहाल किराया बिपक्षीहरूले बुझाइसकेका छन् । म वादीको परिवार बढेकोले आफूलाई बस्न आवश्यकता पर्न गएकोले उक्त घर खाली गरिदिनुहोस् भनी भन्दा नमानेकोले घर खाली गरिदिनु भनी हुलाक मार्फत सूचना पठाएकोमा विपक्षीहरूले सो सूचना मिति २०५८।१२।६ मा पाएपछि पनि मेरो उक्त घर खाली गरी नदिनुभएकोले मुलुकी ऐन घर बनाउनेको ८,९ नं.बमोजिम अ.बं.३६ नं.को हदम्यादभित्र नालिस गर्न आएको छु । प्र.हरूलाइ तलब गरी २०५८ साल वैशाख १ गतेदेखि २०५९ साल जेठ महिनासम्मको दिनुपर्ने बहाल किराया प्रतिमहिना रु.२०००। का दरले हुने रु.२८०००। घर भाडा किराया र घरखाली नभएसम्मको हुने बहाल किराया समेत प्र.हरूबाट दिलाई भराई मेरो पूरै घरकोठी खाली गरी चलन चलाई पाऊँ भन्ने फिराद दाबी ।

वादी दाबी जग्गा वादी दर्ताको कोठी नं.१३२६ सँग हामी प्रतिवादीहरूको कुनै मतलब बास्ता छैन । वादीको कुनै पनि कोठी जग्गा घर आदि भाडामा लिएका छैनौं । भाडामा लिने अवस्था पनि छैन । रिसइबीको दूषित मनसायबाट परेसान गर्ने उद्देश्यले प्रस्तुत मुद्दा दिएका हुन् । अ.बं.१७१ नं.अनुसार नापनक्सा भएमा प्रस्ट हुनेछ । वादीको हकभोग चलनको कुनै कोठी जग्गा हामीले भाडामा नलिएको चारकिल्ला गलत भएको, दाबी प्रष्ट नभएको, चारकिल्ला भ्रामक भएको हुँदा नापनक्सा गरी घर भाडामा बसे नबसेको बारेमा मौका सर्जमिन बुझी वादी दाबी खारेज गरिपाऊँ भन्ने व्यहोराको प्रतिउत्तर ।

वादी प्र.हरूको मुख नमिलेको कुरामा वादी प्र.को साक्षी बुझी प्रतिउत्तरको प्रकरण नं.१४ मा उल्लिखित दे.नं.४२० को अंश मुद्दाको मिसिल समेत साथै राखी पेस गर्नू भन्ने आदेश ।

वादी दाबीको कोठी नं.१३२६ को कोठी साबिकमा हजारीलालको नाउँमा थियो, पछि शान्तिदेवीले आफ्नो नाउँमा नामसारी गराएकी हुन् । सो कोठी वादी शान्तिदेवीले प्रतिवादीलाई भाडामा दिएकी हुन् भन्ने वादी साक्षी जगदम्बाप्रसाद पाठकले गरेको बकपत्र ।

आदेशानुसारको दे.नं.४२० को अंश मुद्दा मिसिल संलग्न रहेको ।

वादी दाबी अनुसारको घर भाडामा लिएको छैनन् र बहालमा बसेका समेत छैनन् भन्ने समेत ब्यहोराको प्र.साक्षी जयपाली कनोजियाले गरेको बकपत्र ।

वादी दाबीको हजारी लालको बाटो सो दक्षिण सडक सो पूर्व लल्लु सो उत्तर कोलिया सो पश्चिममा रहेको कोठी नं.१६९ को पिछुबार पूर्व दक्षिण कोठीको पिछुबार न.१३२६ को घर कोठी तथा प्र.को नं.१३३१ को घर कोठीको यथार्थ रूपमा भौगोलिक अवस्थाको चित्रण हुने गरि ४ किल्ला समेत खुल्ने गरी अ.बं.१७१ नं.बमोजिम नापनक्सा गरी वादीको कोठी नं.१३२६ को घरलाई प्र.ले भाडामा लिएका हुन्, होइनन् ? भए कहिलेदेखि के कुन ब्यहोरा तथा सर्तमा लिएका हुन् भन्ने यथार्थ रूपमा जानकारी राख्न सक्ने छर छिमेक तथा सँधियार समेतका मानिसहरूलाई राखी सर्जमिन समेत पेस गर्नू भन्ने आदेश ।

आदेशानुसार मिति २०६० साल असोज २६ गतेमा भै आएको नक्सा सर्जमिन मुचुल्का ।

वादीको घर नं.१३२६ को कुन चारकिल्लाभित्र कुन ठाउँमा पर्दछ, सो यकिन गर्न लगाई वादीबाट अ.बं.१३३ नं.बमोजिम कागज गराई भए प्रमाण समेत पेस गर्न लगाउने र वादी शान्तिदेवी प्र.हजारीलाल समेत बीच मिति ०४०।९।५ मा बाँके मा.पो.का.को र.नं.७८३/८५३ को र सि.नं.१७४६

नं.३४६ भन्सार कार्यालयको बैठकी कोठी घर नं.१३३१ को घर समेतको रेकर्ड सम्बन्धित कार्यालयबाट झिकाई पेस गर्नू भन्ने २०६०।७।२५ को आदेश ।

वादी दाबी अनुसार वादीको घर कोठीमा बसेको नहुँदा बहाल दिलाई घर खाली गराइपाऊँ भन्ने प्र.उपरको दाबी पुग्न सक्दैन भन्ने मिति २०६१।९।१ गते यस अदालतबाट भएको फैसला ।

हक बेहकको विषयमा निर्णय गर्नुपर्नेमा त्यसतर्फको कार्यविधि पूरा नगरी वादी दाबी पुग्न नसक्ने ठहराएको सुरु बा.जि.अ.को फैसला बदर गरिदिएको छ । अब जो जे बुझ्नुपर्ने हो बुझी विवादग्रस्त विषयमा निर्णय गर्नू भन्ने पु.बे.अ.न.गं.को मिति २०६३।५।५ गतेको फैसला ।

समग्र प्रमाणको मूल्यांकन गरी विवादग्रस्त विषय सम्बन्धमा सबुद प्रमाण बुझी कानुन बमोजिम पुनः निर्णय गर्नू भनी सुरु बा.जि.अ.मा पठाएको मिति २०६३।५।५ को पुनरावेदन अदालत नेपालगन्जको फैसला मनासिब हुँदा सदर हुने ठहर्छ भन्ने सर्वोच्च अदालतको मिति ०६६।३।१८ गतेको फैसला र सो फैसला अनुसार पुनः कारबाहीका लागि मिसिल स.अ.बाट प्राप्त भएको ।

यिनै वादी र प्र.बीच चलेको प्रस्तुत मुद्दामा पु.बे.अ.ने.गं.बाट मिति ०६३।५।५मा भएको फैसला अनुसार पुनः इन्साफका लागि यस अदालतमा प्राप्त भै प्रतिवादी समेतले यस बिषयमा सर्बोच्च अदालतमा पुनरावेदन गरेको भनी पुनरावेदनको नक्कल र तारेख पर्चाको फोटोकपी समेत संलग्न गरी निवेदन परेको देखिँदा स.अ.बाट यिनै वादी प्र.बीच चलेको मुद्दा किनारा भै सो को प्रतिलिपि प्राप्त भएपछि मुल्तबीबाट जगाउने गरी अ.बं.१२ नं.बमोजिम मुद्दा मुल्तवीमा राखिदिएको छ । हाल प्रस्तुत मुद्दाको दायरीको लगत काट्नू भन्ने यस अदालतको आदेश ।

पुनरावेदन अदालत नेपालगन्जको मिति ०६३।५।५ मा भएको फैसला अनुसार पुनः इन्साफका लागि यस अदालतमा प्राप्त भै विचाराधीन रहेकोमा पुनरावेदन अदालत नेपालगन्जको मिति ०६३।५।५ को फैसला उपर प्र.शंकर दयाल वैश्य समेतको स.अ.मा पुनरावेदन समेत परी प्रस्तुत मुद्दाको मिसिल स.अ.मा चलान भै गएको हुँदा मिति २०६३।८।२७ गते मुल्तबीमा रहेकोमा उक्त स.अ.मा चलेको मुद्दा सो अदालतबाट मिति २०६६।३।१८ मा फैसला भई सक्कल मिसिल प्राप्त भएकोले प्रस्तुत मुद्दा मुल्तबीबाट जगाइदिएको छ । देबानी दायरीमा दर्ता गरी मुल्तबीमा रहँदाका अवस्थामा तारेखमा रहेको पक्षहरूलाई म्याद जारी गरी हाजिर भए वा गुजारेपछि नियमानुसार पेस गर्नू भन्ने अदालतको आदेश ।

पुनरावेदन अदालत नेपालगन्जको मिति ०६३।५।५ को फैसलामा विवादित बहाल बिटौरी कोठी नं.१३२६ को जग्गाको हक बेहकतर्फ न्याय निरोपण गर्न अ.बं.८० नं.बमोजिम वादी प्रतिवादीलाई बयान गराई सम्बन्धित सबुद प्रमाण पेस गर्न लगाई अ.बं.७८ नं.बमोजिमको प्रक्रिया पूरा गर्नू भन्ने यस अदालतको आदेश ।

शंकरदयाल सो पूर्व दक्षिण पिछुबार कोठी नं.१३३१ को पिछुवार सो उत्तर १६९ को कोठी सो पूर्व कोलिया बाटो सो पश्चिम कोठी नं.१३२७ को पिछुबार सो दक्षिण यति चारकिल्लाभित्रको कोठी नं.१३२६ को घर जग्गा मेरो हकभोगको हो । म वादीले मिति २०६०।८।१७ मा अ.बं.१३३ नं.बमोजिम कागज गर्दा वादीका नाउँमा दर्ता कायम रहेको बहाल बिटौरी नं.१३२६ को घर जग्गा म वादीको एकलौटी हकभोगको हो भनी बयान गर्दा पेस गरेको कागज समेतलाई प्रमाणमा लगाई पाऊँ साथै नेपालगन्ज नगरपालिकामा रहेको २०१० सालको श्रेस्तामा १३२६ नं.को जग्गाको उल्लेख भएको छ । नेपालगन्ज नगरपालिकाबाट प्राप्त एकीकृत सम्पत्ति कर बिल, नेपालगन्ज नगरपञ्चायतबाट मिति २०३६।२।२८ मा भएको दा.खा.नामसारी पर्चा समेत प्रमाणमा लगाई पाऊँ भन्ने वादीको मु.स.गर्ने मंगलप्रसाद वैश्यले हक बेहक सम्बन्धमा गरेको बयान ।

उल्लिखित घर नं.१३३१ को घर जग्गा मेरो हो । १३३१ भित्र १३२६ को घरजग्गा पर्दैन । उक्त कुरा अदालतबाट मिति २०६०।६।१४ गते भएको नाप नक्साबाट प्रष्ट भएको छ । उक्त नाप नक्सामा न.नं.ख नक्साबाट न.नं.३, ४, ५, १, २ को न.नं.बाट मेरो हो भन्ने प्रष्ट छ । उक्त न.नं.३, ४, ५ को

एउटै छतमा ठाउँ ठाउँमा कोठा माथि छत भत्किएको समेत देखिन्छ । वादी दाबी झुट्टा हो । हाम्रो नं.१३३१ मात्र हो । वादीको नं.१३२६ कहाँ पर्छ थाहा छैन । वादी समेतका अंशियारबीच चलेको २०३३ सालको दे.नं.४२० को अंश मुद्दामा मिलापत्र हुँदा १३२६ नं.को घरको कुनै जिकिर छैन । र.नं. ७८३/८५२ मिति २०४०।९।५ को पारित बण्डापत्र, २०१० सालको ४ किल्ला उतार समेतबाट १३३१ मेरो भन्ने प्रष्ट छ भन्ने प्र.वा.ओम प्रकाश त्रिपाठीले हक बेहकतर्फ गरेको बयान ।

प्रतिवादी वा.ले दाखिला गरेको कागजातहरू मैले देखें हेरें । कागजातहरू अड्डाबाट तयार भएको हुँदा सद्दे हुन् किर्ते होइन भन्ने वादी वा.मंगलप्रसाद वैश्यले अ.बं.७८ नं.बमोजिम गरेको बयान ।

वादीले पेस गरेका नगदी रसिद, कागज र न.पा.को नगदी रसिद सद्दे हो । बाँकी व्यहोराबारे वादीले के प्रमाण पेस गरेका छन् वादीलाई थाहा होला भन्ने व्यहोराको प्र.वा.ओमप्रकाश त्रिपाठीले अ.बं.७८ नं.बमोजिम गरेको बयान ।

बयानको क्रममा वादी प्र.ले पेस गरेको कागजको प्रमाणित प्रतिलिपि सम्बन्धित कार्यालयबाट झिकाउनू भन्ने आदेशानुसार कागजात मिसिल सामेल रहेको ।

सर्वोच्च अदालतको मिति २०६६।३।१८ गतेको फैसला अनुसार प्रस्तुत मुद्दामा वादीले दाबी लिएको कोठी नं.१३२६ को घरको हक स्वामित्व सम्बन्धमा न्याय निरोपण गर्नू भन्ने आदेश भएकोले सो कोठी नं.१३२६ को हक स्वामित्वको दाबी जिकिर लिने वादीबाट नियमानुसार लाग्ने कोर्ट फी दाखिल गनु भन्ने यस अदालतको आदेशानुसार कोर्ट फी दाखिल भएको ।

प्र.वा.ओमप्रकाश त्रिपाठीले हक बेहकतर्फ बयान गर्दा बयानमा उल्लेख गरेका कागजातहरू मिसिल संलग्न नदेखिँदा ती कागजातहरू प्र.वा.मार्फत पेस गर्न लगाई सो कागजातका प्रमाणित प्रतिलिपि सम्बन्धित निकायबाट तथा सक्कल मिसिल सम्बन्धित शाखाबाट झिकाउनू भन्ने आदेश ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय नारायणप्रसाद शास्त्री र लोकबहादुर शाहले मेरो पक्षले दाबी गरेको कोठी नं.१६९ को पिछुवार नं.१३२६ घर वादी दाबीको भन्ने तथ्यलाई प्रतिवादीले स्वीकार गरेका छन् । अदालतबाट भै आएको नक्सा मुचुल्काबाट समेत कोठी नं.१६९ को अगाडितर्फ अर्थात् मुखतर्फ न.नं.३, ४, ५ रहेको देखिन्छ । जसबाट कोठी नं.१६९ को पिछुवार पनि तीनजना व्यक्तिकै हुनुपर्ने प्रष्ट छ । २०१० सालको श्रेस्ताबाट १६९ नं.को चौहद्धीबाट दाबीको कि.नं.१३२६ को जग्गा बाटोमा परेको देखिन्छ । लल्लु बनियाले २०२१ सालको नक्सा पास प्रमाणपत्र लिँदा हालको न.नं.४ को जग्गामा बनाएको घर सम्बन्धमा तीनै जना हजारीप्रसाद, लल्लु र लालताप्रसाद साक्षी बसेका छन् । जुन नक्साले पिछुवारतर्फ लल्लु र लालताको बीचमा हजारीको जग्गा भएको देखिन्छ । नेपालगन्ज भन्सार अड्डा हाकिमको मिति २०२७।७।१० को जाहेरी फैसला समेतबाट मेरो पक्षका पुर्खा हजारीलालका नाममा लम्बाइ ६४ फिट चौडाइ पौने ७ फुट जग्गा दर्ता गर्ने समेत भनी फैसला भइरहेको छ । सो फैसला अनुसार अदालतबाट भै आएको नक्सामा सामनजस्यता देखिन्छ । वादी दाबी ठहर गरिपाऊँ भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय भोलासिंह हमाल र ओमप्रकाश त्रिपाठीले २०१० सालको श्रेस्ताले देखाएको चौहद्दीबाट दाबीको कि.नं.१३२६ को जग्गा बाटोमा परेको छ । सर्जमिनका धेरै व्यक्तिहरूले दाबीको घर प्रतिवादीको हो भनी लेखाएका छन् । यिनै वादीका अंशियारहरूबीच चलेको २०३३ सालको अंश मुद्दामा भएको मिलापत्रमा १३२६ नं.को घरको बारेमा उल्लेख छैन । मेरो पक्षका अंशियारहरूबीच भएको २०४० सालको बण्डापत्रमा १३३१ नं.को घरको

बारेमा बोलिएको छ । जसमा स्वयं हजारीलाल छोरा मंगलप्रसाद साक्षी बसेका छन । वादी दाबी खारेज गरिपाऊँ भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रस्तुत मुद्दामा मिसिल संलग्न फिराद दाबी प्रतिउत्तर जिकिर समेतका कागजातहरू अध्ययन गरी हेर्दा निम्नानुसारको तथ्य रहे भएको देखियो । नेपालगन्ज बजार अड्डाको फैसला बमोजिम मेरो पति हजारीलालका नाउँमा दर्ता रहेको हजारीलालको बाटो सो दक्षिण सडक सो पूर्व लल्लु सो उत्तर कोलिया सो पश्चिममा रहेको लम्बाइ ६४ फुट चौडाइ साढे ६ फुट भएको कोठी नं.१६९ को पिछुबार पूर्वदक्षिण कोठी पिछुबार नं.१३२६ को घरकोठी दर्ता कायम भै भोगचलन गरिआएको । हजारीको स्वर्गबासपछि म फिरादीका नाउँमा नामसारी भै दर्ता रही बहाल बिटौरी समेत बुझाई आएकी छु । लल्लुको नं.१३२७ को कोठी पिछुवार सो दक्षिण साबिक लालताप्रसाद हाल शंकरदयालको नं.१३३१ को कोठी पिछुवार सो उत्तर गलियारा र कोठी नं.१६९ सो पूर्व कोलिया बाटो सो पश्चिम यति चारकिल्लाभित्रको कोठी नं.१३२६ को मेरा हकभोग चलनको पिछुवार घरकोठी हो । उक्त घर बिपक्षीहरूले २०४६ साल वैशाख १ गते प्रतिमहिना रु.१५००। मा बहालमा लिएको र २०५१ सालमा महँगी बढेको कारणले रु.२०००। बहाल बढाउन हामी वादी प्र.हरू मञ्जुर भै २०५७ साल चैत महिनासम्मको बहाल किराया विपक्षीहरूले बुझाइसकेका छन् । म वादीको परिवार बढेकोले आफूलाई बस्न आवश्यकता पर्न गएकोले उक्त घर कोठी खाली गरिदिनुहोस् भनी भन्दा नमानेकोले घर खाली गरिदिनु भनी हुलाक मार्फत सूचना पठाएकोमा विपक्षीहरूले सो सूचना मिति २०५८।१२।६ मा पाएपछि पनि मेरो उक्त घर खाली गरी नदिनुभएकोले २०५८ साल वैशाख १ गतेदेखि २०५९ साल जेठ महिनासम्मको दिनुपर्ने बहाल किराया प्रतिमहिना रु.२०००। का दरले हुने रु.२८०००। घरभाडा किराया र घर खाली नभएसम्मको हुने बहाल किराया समेत प्र.हरूबाट दिलाई भराई मेरो पूरै घरकोठी खाली गरी चलन चलाई पाऊँ भन्ने फिराद दाबी देखिन्छ । वादी दाबी जग्गा वादी दर्ताको कोठी नं.१३२६ सँग हामी प्रतिवादीहरूको कुनै मतलब वास्ता छैन । वादीको कुनै पनि कोठी जग्गा घर आदि भाडामा लिएका छैनौं । भाडामा लिने अवस्था पनि छैन । रिसइवीको दूषित मनसायबाट परेसान गर्ने उद्देश्यले प्रस्तुत मुद्दा दिएका हुन् । वादीको हकभोग चलनको कुनै कोठी जग्गा हामीले भाडामा नलिएको, चारकिल्ला गलत भएको, दाबी प्रष्ट नभएको, चारकिल्ला भ्रामक भएको हुँदा नाप नक्सा गरी घरभाडामा बसे नबसेको बारेमा मौका सर्जमिन बुझी वादी दाबी खारेज गरिपाऊँ भन्ने व्यहोराको प्रतिउत्तर देखिन्छ ।

वादी दाबी अनुसार वादीको घर कोठीमा बसेको नहुँदा बहाल दिलाई घर खाली गराई पाऊँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहराई यस अदालतबाट मिति २०६१।९।१ मा फैसला भएकोमा सम्मानित पुनरावेदन अदालत नेपालगन्जबाट प्रतिवादीको प्रमाणको मात्र विवेचना गरी वादी दाबीको पिछुवार नं.१३२६ को नेपालगन्ज नगरपालिकाबाट बहाल बिटौरी तिरेको रसिद, नेपालगन्ज भन्सार अड्डाको २००६ सालको फैसलाले वादीको जग्गाको श्रोत खुलेको प्रमाण २०२१ सालमा नगर पञ्चायतबाट नक्सा पास हुँदा हजारी कोठी भन्ने समेतका प्रमाणको विवेचना नगरिएको र साविकमा हजारीलाल शान्तिदेवी कसौधनको उक्त जग्गा सम्बन्धी श्रेस्ता प्रमाणको यथेष्ट मूल्याङ्कन भएको पाइँदैन । बहाल दिलाई घर खाली गराई पाऊँ भन्ने दाबीको घर जग्गाको सम्बन्धमा भै आएको नक्सा मुचुल्का समेतबाट हक स्वामित्वको प्रश्नमा विवाद सिर्जना भई हक बेहक सम्बन्धी प्रश्न समेत निरोपण गर्नुपर्नेमा त्यसतर्फको कार्यविधि समेत पूरा नगरी वादी दाबी नपुग्ने ठहराएको सुरु बाँके जिल्ला अदालतको मिति २०६१।९।१ को फैसला त्रुटिपूर्ण देखिँदा बदर गरिदिएको छ । अब, जे जो बुझ्नुपर्ने हो बुझी सम्पूर्ण विवादग्रस्त विषयमा निर्णय गर्नू भनी मिसिल बाँके जिल्ला अदालतमा पठाइदिने भन्ने सम्मानित पुनरावेदन अदालत नेपालगन्जको मिति २०६३।५।५ को फैसला सदर हुने ठहराई सम्मानित

सर्वोच्च अदालतबाट मिति २०६६।३।१८ मा भएको फैसला अनुसार पुनः निर्णयको लागि मिसिल प्राप्त भै पेस हुन आएको पाइयो ।

प्रस्तुत मुद्दामा वादी प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले गर्नुभएको माथि उल्लिखित बहस जिकिर, मिसिलबाट देखिएको माथि विवेचित तथ्यगत उपलब्धता, सम्मानित पुनरावेदन अदालत नेपालगन्ज समेतको फैसला समेतबाट निम्नलिखित प्रश्नहरू सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

(१) वादी दाबीको कोठी नं.१६९ को पिछुवार नं.१३२६ को घर कोठी वादीको हक स्वामित्वको हो, होइन ?

(२) सो कोठी वादीको हक स्वामित्वको हो भने भै आएको नक्सा मुचुल्काबाट के कुन न.नं.को घर कोठी वादीको नं.१६९ को पिछुवार नं.१३२६ को पर्दछ ?

(३) दाबीको घरमा प्रतिवादी बहालमा बसेको हो, होइन ?

(४) वादी दाबी बमोजिम वादीले प्रतिवादीबाट बहाल दिलाई घर खाली गराई पाउने हो, होइन ?

निर्णयतर्फ सर्वप्रथम पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा सम्मानित पुनरावेदन अदालत नेपालगन्जबाट पुनः निर्णय गर्नू भनी फैसला गर्दा विवेचित आधार कारण समेतबाट वादी दाबीको कोठी नं.१६९ को पिछुवार नं.१३२६ को घरकोठी वादी प्रतिवादीमध्ये कसको हक स्वामित्वको पर्दछ भन्ने सम्बन्धमा सर्वप्रथम निर्क्यौल गर्नुपर्ने देखियो । त्यस सम्बन्धमा हेर्दा वादीले दाबीको घरकोठीको वादीको हक स्वामित्वको देखिने मूल श्रोतको रूपमा नेपालगंज भन्सार अड्डा हाकिमको मिति २००७।७।१० को जाहेरी फैसला, नेपालगन्ज नगरपालिका कार्यालयको बहाल बिटौरी तिरेको रसिद, लल्लु कसौधन बनियाले २०२१ सालमा नेपालगन्ज नगरपञ्चायतमा पेस गरेको नक्सा, १३२६ नं.को घर कोठी दा.खा.नामसारी गर्ने निर्णय, २०१० सालको श्रेस्ता समेतका लिखत कागजातलाई प्रमाणको रूपमा पेस गरेको देखिन्छ । त्यस्तै प्रतिवादीले आफ्नो भनी जिकिर लिएको नं.१३३१ को घर कोठीको प्रतिवादीको हक स्वामित्वको देखिने मूलश्रोतको रूपमा २०१० सालको १३३१ नं.घरकोठीको श्रेस्ता उतारको चौकिल्ला, वादीका अंशियारहरूबीच २०३४ सालको भएको मिलापत्र, प्रतिवादीका अंशियारहरूबीच भएको २०४० सालको बण्डापत्र, नेपालगन्ज नगरपञ्चायतको मिति २०३४।४।१४को दा.खा.निर्णयपर्चा समेतका लिखत कागजातलाई प्रमाणको रूपमा पेस गरेको पाइन्छ । यिनै वादी प्रतिवादीबाट पेस भएका लिखत प्रमाणको आधारमा दाबीको घर कोठीको हक स्वामित्वको निर्क्यौल गर्नुपर्ने हुन आउँछ ।

वादीबाट पेस भएको नेपालगन्ज भन्सार अड्डाको २००७।७।१० को फैसला सदर गरेको बाँके बर्दिया गोश्वाराको मिति २००७।८।१६ को फैसलाबाट कोठी नं.१६९ को पिछुवारको बीचमा कोलिया बाटो खुला छाडी बाँकी लल्लु कसौधन, वादीका स्व.पति हजारीलाल कसौधन र लालताप्रसाद कसौधनका पुर्खाले घर बनाई ऐन सवाल बमोजिम दर्ता नगराई चलन भोग भै आएको जग्गामध्ये उत्तरतर्फ लल्लु कसौधनको लम्बाइ ६४ फिट चौडाइ १४ फिट निजको नाममा, वादीका स्व.पति हजारीलाल कसौधनको नाममा लम्बाइ ६४ फिट चौडाइ ६.७५ फिट र सोही सरह दक्षिणतर्फ लम्बाइ ६४ फिट चौडाइ ६.७५ फिट लालताप्रसाद कसौधनको नाममा दर्ता गर्नुपर्ने समेत भनी फैसला भइरहेकोमा त्यसलाई प्रतिवादीले अन्यथा भन्न सकेको पाइँदैन । उक्त फैसला अनुसार लल्लु कसौधन र लालताप्रसाद कसौधनको बीचमा वादीको पति स्व.हजारीलालको कोठी नं.१६९ को पिछुवार घर कोठी रहे भएको भन्ने पाइन्छ । साविक दर्तावाला लल्लुप्रसाद कसौधनको हाल वनवारीलाल वैश्य र लालताप्रसाद कसौधनको हाल शंकरदयाल वैश्य भएको भन्ने मिसिल संलग्न प्रमाणबाट समेत देखिइरहेको पाइन्छ । लल्लु कसौधनले २०२१ सालमा कोठी नं.१६९ को जग्गामा घर बनाउन नक्सा पास गराउँदा पूर्वतर्फ हजारीको पिछुवार कोठी भनी नक्सा पास भएको देखिन्छ । त्यस्तै वादीका स्व.पति हजारीलालले २०२२ सालमा घर बनाउन नक्सा पास गराउँदा सो नक्सामा कोठी नं.१६९ को

पछाडि लल्लु हजारी र लालताको घर भनी देखाएको पाइन्छ । यिनै वादीले स्व.हजारीलाल कसौधन बनियाको नामको पिछुवार नं.१३२६ को कोठी समेतको कोठीहरू वादीका नाममा दा.खा.नामसारी गरिपाऊँ भनी मिति २०३५।९।२४ मा नेपालगन्ज नगरपञ्चायतमा निवेदन दिई उक्त नगरपञ्चायतबाट मिति २०३६ जेठ महिनामा निवेदन मांग बमोजिम पिछुवार नं.१३२६ को कोठी समेत वादीको नाममा दा.खा.दर्ता गरिदिने समेत गरी निर्णय भइरहेको पाइन्छ । नेपालगंज नगरपालिका कार्यालयको विभिन्न सालको बहाल बिटौरी रसिदबाट वादी शान्तिदेवी कसौधनले दाबीको पिछुवार नं.१३२६ को कोठीको बहाल बिटौरी तिरेको भन्ने देखिन्छ । यसैगरी मिसिल संलग्न विभिन्न आ.व.को एकीकृत सम्पत्ति कर रसिदहरूबाट समेत १३२६ नं.को वादी शान्तिदेवी कसौधनको नामको घरको सम्पत्ति कर वादीले तिरिरहेको भन्ने समेत पाइन्छ । तत्कालीन नेपालगन्ज नगरपञ्चायतको २०१० सालको श्रेस्ता उतारबाट समेत हजारीलाल कसौधनको नाउँको कोठी नं.१६९ नं.मध्येको नम्बर १३२६ को घरको चौकिल्ला सहितको अस्तित्व रहे भएको भन्ने देखिन्छ ।

अर्कोतिर प्रतिवादीबाट पेस भएको प्रमाण कागज हेर्दा तत्कालीन नेपालगन्ज नगरपञ्चायतको २०१० सालको श्रेस्ता उतारबाट लालता कसौधन बनियाको नाउँको कोठी नं.१६९ मध्येको नं.१३३१ को घरको चौकिल्ला सहितको अस्तित्व रहे भएको देखिन्छ । जुन श्रेस्तालाई स्वयं वादीले समेत प्रमाणको रूपमा पेस गरेको र सो श्रेस्ताबाट नं.१३३१ को साथै नं.१३२६ दुवै अस्तित्व रहे भएको भन्ने पाइन्छ । प्रतिवादीले वादीका अंशियाराहरूबीचमा भएको २०३४ सालको मिलापत्रमा १३२६ नं.को घरको बारेमा केही उल्लेख नभएकोले सो घरको अस्तित्व छैन भनी जिकिर लिए पनि कुनै मुद्दामा भएको मिलापत्रमा कुनै सम्पत्ति उल्लेख नगरेको आधारले मात्रै १३२६ नं.घरको अस्तित्व छैन भन्न मिल्दैन । उल्लिखित मिसिल संलग्न कागज प्रमाणहरूका आधारमा वादी दाबीको कोठी नं.१६९ को पिछुवार नं.१३२६ को घर कोठी वादीको हक स्वामित्वको रहे भएको देखियो ।

अब दोश्रो प्रश्न सम्बन्धमा विचार गर्दा भै आएको नक्सा मुचुल्का र नेपालगन्ज भन्सार अड्डाको फैसलामा उल्लिखित कोठी नं.१६९ को पिछुवारको जग्गामध्ये उत्तरतर्फ लल्लु कसौधनको, बीचमा वादीका पति हजारीलाल कसौधनको र दक्षिणतर्फ प्रतिवादीका पुर्खा लालताप्रसाद कसौधनको नाममा दर्ता गर्ने गरी भएको फैसलालाई तुलनात्मक अध्ययन गरेर निष्कर्ष निकाल्नुपर्ने देखियो । तत्सम्बन्धमा हेर्दा अदालतको आदेशानुसार भै आएको मिति २०६०।६।१४ को नक्शा मुचुल्काबाट नक्सा (क) को क्रमशः न.नं.३, ४, ५ कोठी नं.१६९ मध्येको घरहरू रहे भएको देखिन्छ भने सो न.नं.३, ४, ५ को पश्चिमतर्फ न.नं.२२ को पक्की पिच सडक रहे भएको भन्ने देखिँदा सो न.नं.३, ४, ५ को घरहरू कोठी नं.१६९ को मुखुवार अर्थात् अगाडिपट्टिको भागका घरहरू भएको मान्नुपर्ने देखिन्छ । न.नं.२, २क को कोठी नं.१६९ को न.नं.३,४, समेतको पूर्वपट्टि तथा न.नं.१९ को कोठी नं.१६९ मध्येको कोठी नं.१३२७ को लल्लु वैश्यको छोरा वनवारीलाल वैश्यको घर कोठी समेतको पश्चिमपट्टिको कोलिया बाटो रहेको भन्ने देखिन्छ । यसैगरी न.नं.६, ६(क) आँगन जग्गा तथा सोमा रहेको न.नं.५ को माथिल्लो तलामा चढ्ने पक्की सिंढी (भऱ्याङ) प्रतिवादीको भोग चलनमा रहेको उक्त न.नं.६ र न.नं.६क मुनिको आँगन जग्गा वादी प्रतिवादी दुवै जनाको आँगन हो भन्ने वादीको भनाइ रहेको र सो नभई न.नं.५ अन्तर्गतको आँगन जग्गा मेरो हो भन्ने प्रतिवादीको भनाइ रहेको विवादित आँगन जग्गा उक्त न.नं.६ न.नं.६(क) मुनिको जग्गा तथा न.नं.७ को आँगन जग्गा एउटै मिलानमा रहेको विवादित आँगन जग्गा जसमध्ये न.नं.६ मा रहेको आँगन जग्गा न.नं.६(क) न.नं.६ अन्तर्गतमा रहेको न.नं.५ को माथिल्लो तलामा जाने भऱ्याङ भन्ने देखिन्छ । यसैगरी न.नं.७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८ को जग्गामा रहेको न.नं.७ देखि १८ सम्मको एउटै छत भएको भुइँतले पक्की घर प्रतिवादीको भोग चलनमा रहेको प्र.को भनाइ अनुसार कोठी नं.१३३१ को भुइँतले घर हो भन्ने र न.नं.७ देखि न.नं.१८ सम्मको उल्लिखित न.नं.हरूको जग्गामध्येमा रहेको भुइँतले पक्की घरमा उत्तरतर्फमा दक्षिणतर्फ

न.नं.१८(क) को बिन्दुबाट सीधा पश्चिम न.नं.१८(ख) को बिन्दुसम्मको जग्गामा कोठी नं.१३२६ जग्गामा रहेको मेरो भुइँतले घर हो । सोमा प्रतिवादी बसेको हो भन्ने वादीको भनाइ रहेको विवादित घर भन्ने देखिन्छ । सो विवादित न.नं.७ देखि न.नं.१८ सम्मको भुइँतले घरको उत्तरतर्फ न.नं.१९ को कोठी नं.१३२७ को लल्लु वैश्यको छोरा वनवारीलाल वैश्यको भोग चलनमा रहेको घर भन्ने देखिन्छ । यसरी कोठी नं.१६९ को पिछुवार र मुखवारको बीचमा कोलिया बाटो समेत भै सो कोठी नं.१६९ को पिछुवारको रूपमा उत्तरतर्फ कोठी नं.१३२७ न.नं.१९ को लल्लु वैश्यको छोरा बनवारीलाल वैश्यको घर कोठी रहे भएको देखिन्छ । माथि उल्लिखित २००७ सालको नेपालगन्ज भन्सार अड्डाको फैसलाबाट कोठी नं.१६९ को पिछुवारको बीचमा कोलिया बाटो खुला छाडी भनी उल्लेख भएकोमा सो कोलिया बाटो न.नं.२,२क भएको देखिन आयो । यसैगरी सोही फैसला अनुसार कोठी नं.१६९ को पिछुवारमध्ये उत्तरतर्फ लल्लु कसौधनको घर कोठी हुने भन्ने उल्लेख भए बमोजिम नै न.नं.१९ को कोठी नं.१३२७ को लल्लु वैश्य हाल निजको छोरा वनवारीलाल वैश्यको घर कोठी रहेको देखियो । सो फैसला अनुसार लल्लु कसौधनको घर कोठीदेखि दक्षिणतर्फ वादीका स्व.पति हजारीलाल कसौधनको घर कोठी हुनुपर्ने र हजारीलाल कसौधनको घर कोठीको पनि दक्षिणतर्फ लालताप्रसाद कसौधनको घर कोठी हुनुपर्ने हुन्छ । उक्त आधारमा विवेचना गर्दा न.नं.७ देखि १८ सम्मको भुइँतले पक्की घरमध्येको उत्तरतर्फमा न.नं.१८(क) को बिन्दुबाट सीधा पश्चिम न.नं.१८(ख) को बिन्दुसम्मको भुइँतले घर कोठी नं.१३२६ को वादीका स्व.पति हजारीलाल कसौधनको रहे भएको देखियो । सो हुँदा सो न.नं.७ देखि १८ सम्मको भुइँतले पक्की घरमध्येको दक्षिणतर्फमा न.नं.१८ (क) को बिन्दुबाट सीधा पश्चिम न.नं.१८(ख) को बिन्दुसम्मको भुइँतले घर मात्र कोठी नं.१३३१ को प्रतिवादीको हक स्वामित्वमा रहे भएको देखिन्छ । यसरी न.नं.७ देखि १८ सम्मको भुइँतले घरमध्येको उत्तरतर्फमा न.नं.१८(क) को बिन्दुवाट सीधा पश्चिम न.नं.१८(ख) को बिन्दुसम्मको भुइँतले घर वादीको कोठी नं.१३२६ को रहे भएको देखिएको अवस्थामा सोही अनुपातमा नक्सा (ख) को न.नं.१, २, ३, ४, ५ भुइँतले घरमाथिको छत र माथि तल्ला घरमध्ये उत्तरतर्फको न.नं.५(क) को बिन्दुवाट सीधा पश्चिम न.नं.५(ख) को बिन्दुसम्मको छत सहितको माथिल्लो तला र छत कोठी नं.१३२६ को वादीको भएको भन्ने देखियो भने सो नक्साको न.नं.१, २, ३, ४, ५ को माथिल्लो तलाको छत र तलामध्ये दक्षिणतर्फको न.नं.५ (क) को बिन्दुबाट सीधा पश्चिम न.नं.५(ख) को बिन्दुसम्मको माथिल्लो तलाको घर र छत मात्रै प्रतिवादीको कोठी नं.१३३१ को घरमध्येको भन्ने देखियो ।

तेश्रो प्रश्न सम्बन्धमा बिचार गर्दा वादीको दाबीको कोठी नं.१६९ को पिछुवार नं.१३२६ को घर कोठी प्रतिवादीहरूलाई प्रतिमहिना रु.१५००। बहाल तिर्ने गरी मिति २०४६ साल वैशाखदेखि बहालमा दिएको र २०५१ सालमा महँगी बढेको कारण रु.२०००। प्रतिमहिना बहाल तिर्ने गरी सहमति भै प्रतिवादीहरूलाई बहालमा दिएको भनी जिकिर लिए पनि वादीले प्रतिवादीलाई दाबीको घर बहालमा दिँदा कुनै लिखित सम्झौता भएको थियो भनी जिकिर लिन र सोको तथ्ययुक्त लिखत प्रमाण पेस गर्न सकेको देखिँदैन । यसरी वादी प्रतिवादीबीच रीतपूर्वकको घर बहालमा लिने दिने सम्बन्धी बहाल सम्झौता भए गरेको नदेखिएको अवस्थामा केबल मौखिक सर्तमा प्रतिवादीलाई भाडामा बस्न दिएको भन्ने जिकिरकै आधारमा वादीले प्रतिवादीलाई घर बहालमा बस्न दिएको मान्न मिलेन । यसरी प्रतिवादीलाई वादीले रीतपूर्वक गरी बहालमा बस्न दिएको भन्ने पुष्टि नभएको अवस्थामा २०५८।१।१ देखिको मासिक रु.२०००। का दरले घर बहाल रकम प्रतिवादीबाट भराईपाऊँ भन्ने वादीको जिकिर समेत मनासिब देखिएन ।

अब, अन्तिम प्रश्न सम्बन्धमा विचार गर्दा माथि विवेचित आधार कारण समेतबाट यस अदालतबाट भै आएको मिति २०६०।६।१४ को नक्सा मुचुल्कामा उल्लिखित नक्सा (क) अर्थात् भुइँतले पक्की घरतर्फ न.नं.७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, मध्ये रहेको भुइँतले पक्की

घरमा उत्तरतर्फबाट पश्चिमतर्फ न.नं.१८क बिन्दुबाट सीधा पश्चिम न.नं.१८ख को बिन्दुसम्मको भुइँतले घर एवं नक्सा ख अर्थात् माथिल्लो तलाको घर र छतको नक्सामध्ये न.नं.१, २, ३, ४, ५ मध्ये दक्षिणतर्फ न.नं.५(क) को बिन्दुबाट सीधा पश्चिम न.नं.५(ख) को बिन्दुसम्मको छत सहितको माथिल्लो तलाको छत समेत वादीको भै निजको हक स्वामित्वको हुने ठहर्छ । सो ठहर्नाले सो घरमा वादीले प्रतिवादीलाई बहालमा दिँदा लिखित सम्झौता भए गरेको नदेखिँदा बहाल दिलाई पाऊँ भन्नेतर्फको वादी दाबी भने पुग्न नसक्ने र सो वादीको हकको भनी माथि ठहर गरिएको घरबाट वादीले प्रतिवादीलाई उठाई घर खाली गराई चलन चलाई समेत पाउने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी अ.बं.१८६ नं.बमोजिम फैसला गरिदिएँ ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम यस अदालतबाट भै आएको मिति २०६०।६।१४ को नक्सा मुचुल्कामा उल्लिखित नक्सा (क) अर्थात् भुइँतले पक्की घरतर्फ न.नं.७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, मध्ये रहेको भुइँतले पक्की घरमा उत्तरतर्फबाट पश्चिमतर्फ न.नं.१८क बिन्दुबाट सीधा पश्चिम न.नं.१८ख को बिन्दुसम्मको भुइँतले घर एवं नक्सा ख अर्थात् माथिल्लो तलाको घर र छतको नक्सामध्ये न.नं.१, २, ३, ४, ५ मध्ये दक्षिणतर्फ न.नं.५(क) को बिन्दुबाट सीधा पश्चिम न.नं.५(ख) को बिन्दुसम्मको छत सहितको माथिल्लो तलाको छत समेत वादीको भै सो घरबाट वादीले प्रतिवादीलाई उठाई घर खाली गराई चलन चलाई समेत पाउने ठहरेकोले सो बमोजिम घर खाली गराई चलन चलाई पाऊँ भनी प्रस्तुत फैसला अन्तिम भएपछि मुलुकी ऐन द.स.का.४३ नं.का म्यादभित्र वादीको दरखास्त परे कानुन बमोजिम लाग्ने दस्तुर लिई दाबीको सो घरबाट प्रतिवादीलाई उठाई घर खाली गराई वादीलाई चलन चलाइदिनू.......................................................................................................................१

बहाल दिलाई पाऊँ भन्नेतर्फको दाबी नपुगकोले वादीले फिराद गर्दा दाखेल गरेको कोर्ट फी रु.१११०। जफत गर्नू ......................................................................................................................२

वादीले माथि ठहर खण्डमा लेखिए बमोजिम घर खाली गराई चलन पाउने ठहरेकोले चलनतर्फको कोर्ट फी रु.१००। र हक कायमतर्फ दाखेल गरेको कोर्ट फी रु.१३९८७ अन्य दस्तुर रु.१०। मात्र भरिपाउने हुँदा भराई पाऊँ भनी प्रतिवादीको यसै सरहदको जेथा देखाई कोर्ट फी ऐन, २०१७ को म्यादभित्र दरखास्त दिए केही दस्तुर नलिई प्रतिवादीबाट वादीलाई भराइदिनू ...........................................................................३

यो फैसलामा चित्त नबुझे मुलुकी ऐन, अ.बं.१९३ नं.का म्याद ३५ दिनभित्र श्री पुनरावेदन अदालत नेपालगन्जमा पुनरावेदन गर्नू भनी वादी प्रतिवादीलाई पुनराबेदन म्याद दिनू.......................................४

नक्कल माग्ने सरोकारवालालाई नियमले लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू..............................५

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ..................................................... ६

फाँटवाला :- ना.सु.बलबहादुर बिष्ट
कम्प्युटर टाइप गर्ने :- हरिमान श्रेष्ठ

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल आषाढ ३१ गते रोज १ शुभम् ..............।**

**श्री झापा जिल्ला अदालत**
**इजलाश**
**माननीय जिल्ला न्यायाधीश रमेशराज पोखरेल**
**फैसला**
**संवत् २०६७ सालको कोड नं..१८-०६७-००१४१**
**निर्णय नं.६०**

**मुद्दा :- घर उठाई जग्गा खिचोला चलन ।**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| प्रेमलालको छोरा जिल्ला झापा मेचीनगर नगरपालिका वडा नं.५ बस्ने पुष्पलाल थपलिया.......................................................१ | छटु साहको छोरा जिल्ला झापा मेचीनगर नगरपालिका वडा नं. ५ बस्ने चन्द्रेश्वर साह..............................१ |
| **ऐ.ऐ.को प्रमाण**<br>साक्षी :-<br>कागज :- | **ऐ.ऐ.को प्रमाण**<br>साक्षी :-<br>कागज :- |

**अदादतबाट बुझेको**
**साक्षी :-**
**काजग :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नम्बरले यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ:-

म फिरादीका नाममा जिल्ला झापा साविक धुलाबारी गा.वि.स.वडा नं.२ हाल मेचीनगर नगरपालिका वडा नं.५ मा कि.नं.१०४० को ज.वि.०-२-० जमिन दर्ता छ । उल्लिखित जमिनको उत्तरतर्फ बीच भागतिर हाल खुलेको सहिदमार्गबाट २०० फिट पूर्वपट्टि विपक्षीका नाम दर्ताको कि.नं.८५० को जमिन दर्ता रहेको छ । विपक्षीले मेरो जमिनको उत्तरतर्फ २०६७।१।५ का दिन प्रवेश गरी हाल खुलेको सहिद मार्गको पूर्व भागमा घर बनाउन चर खनेको देखी किन खनेको भन्दा यहाँसम्म मेरो जमिन पर्छ, घर बनाउँछु भनेकोले रोक्का गरी पाउन मेचीनगर नगरपालिकामा निवेदन गरेका, नगरपालिकाबाट रोक्काको आदेश गर्दा समेत आदेशलाई बेवास्ता गरी लगातार घर बनाई छत समेत ढलाई गरिसकेको छ । विपक्षीले नक्सा पास गर्न नगरपालिकामा निवेदन दिए पनि नक्सा पास नभएको र नगरपालिकाले २०६७।४।४ मा हक बेहकमा उजुर गर्न जानू भनी निर्णय गरेको छ । अतः मेरो कि.नं.१०४० को ०-२-० जमिनको उत्तरतर्फ ०-०-१० जमिनमा विपक्षीले बनाउँदै गरेको घर भत्काई जमिन खिचोला मेटाई चलन पाऊँ भन्ने समेत व्यहोराको वादीको फिराद पत्र ।

प्रतिवादी आफ्ना दाजु रघुनाथ साहसँग संगोलमा रहेको अवस्थामा दाजु रघुनाथका नाममा प्रमोदकुमार ढुङ्गानाबाट २०४८।११।५ मा धुलाबारी २ श्रेस्ताको कि.नं.८५० को ज.वि.०-०-१० राजीनामा पास गरी लिएको हो । उक्त कि.नं.८५० कि.नं.६३७ फोर भै कायम भएको रहेछ । कि.नं.८५० को जग्गामा २०४९ सालमा काठको खावा सेन्टरवेरा भएको टिनको छाना भएको १ तले चार कोठाको घर निर्माण गरेको र सो जग्गा दाजु रघुनाथले प्रतिवादीलाई २०५४।३।२३ मा राजीनामा गरी दिनुभएको हो । प्रतिवादी सोही

घरमा बसी पसल चलाई बोटबिरुवा फूलबारी लगाई भोगी आएको छु । उक्त घरसँग पूर्वतर्फ गाँसी ३०, ३६ को १ तले ३ कोठा सिँडी भएको पक्की घर निर्माण गर्न नक्सा पासको लागि निवेदन गरेकोमा नक्सा पास हुने क्रममा वादीले रोक्का राखी पाऊँ भनी निवेदन दिएको छिमेकी समेत बसी नाप गर्दा कि.नं.८५० भित्र घर निर्माण हुने देखी रोक्का फुकुवा गर्न निवेदन दिई नगरपालिकाको मौखिक सहमतिमा पक्की घर थपेको हुँ । सो कि.नं. ८५० को पूर्वतर्फ प्रतिवादीले कि.नं.२०६ को ज.वि.०-०-१२ जग्गा पदम रानाबाट खरिद गरी लिएको छु । वादीको जग्गा मिची घर बनाएको होइन छैन भन्ने समेत ब्यहोराको प्रतिउत्तर जिकिर ।

वादीका साक्षी नित्यानन्द पाठक, प्रतिवादीका साक्षी लीलाराजले गरेको बकपत्र मिसिल सामेल रहेको ।

यसमा वादीको कि.नं.१०४० को र प्रतिवादीको कि.नं.८५० को जग्गाको भौतिक अवस्था स्पष्ट देखिने गरी क्षेत्रफल समेत खुलाई अ.वं.१७१ नं.बमोजिम नाप नक्सा गर्नु र प्रतिवादीले घरको निर्माण कार्य कहिले सम्पन्न गरेको हो सो सम्बन्धमा स्थानीय सर्जमिन समेत बुझी पेस गर्नू भन्ने यस अदालतको आदेश बमोजिम २०६९।२।२७ मा भै आएको सर्जमिन सहितको नापनक्सा मुचुल्का मिसिलसाथ रहेको ।

यस अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादीका तर्फबाट रहनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री लीला उदासी खनाल र अधिवक्ता श्री चित्रबहादुर मगर र प्रतिवादीतर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री अशोककुमार पोखरेलले गर्नुभएको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा मुलतः फिरादीको फिराद दाबी अनुसारको जग्गा खिचोला गरी घर निर्माण भएको देखिन्छ, देखिँदैन भनी निर्णय दिनुपर्ने देखियो ।

फिरादीले आफ्नो फिराद पत्रमा जिल्ला झापा साविक धुलाबारी गा.वि.स. वडा नं.२ हाल मेचीनगर नगरपालिका वडा नं.५ मा कि.नं.१०४० को ज.वि.०-२-० जग्गाको उत्तरतर्फ ज.वि.०-०-१० जग्गा प्रतिवादीले खिचोला गरी घर समेत निर्माण गरेको हुँदा उक्त घर भत्काई खिचोला मेटाई चलन समेत पाऊँ भनस् उल्लेख गरेकोमा मैले मेरो हकको कि.नं.८५० को जग्गाभित्रै घर गाँसी बनाएको हो, मेरो पुरानो घर २०४९ सालमै निर्माण भएको हुँदा फिरादीको फिराद दाबी खारेज गरी पाऊँ भनी प्रतिउत्तर दिएको देखियो । मिसिल संलग्न रहेको दर्ता श्रेस्ता हेर्दा कि.नं.१०४० को ०-२-० जग्गा वादी पुष्पलाल थपलियाको नाममा र कि.नं.८५० को ०-०-१० जग्गा चन्द्रेश्वर साहको नाममा दर्ता रहेको पाइयो । यस अदालतको आदेशले मिति २०६९।२।२७ मा भै आएको नक्साको रोहवरमा वादी, प्रतिवादी बसेको देखिएको र उक्त नक्साको ब्यहोरामा सहमति जनाई २६ वर्षअघि घर बनाई भोगी सोही ग्वालीघर र किचेन भत्काएर पक्का घर बनाएको हो भनी प्रतिवादीले निर्माण गरको घर र जग्गाको भोगको सम्बन्धमा मात्र जिकिर लिएको अवस्था हुँदा उक्त नक्सा मुचुल्कालाई प्रमाणको रूपमा आधार लिन मिल्ने नै देखियो । अदालतबाट भै आएको उल्लिखित नक्सा मुचुल्का हेर्दा न.नं.५,६ र ७ लाई विवादित देखाएको र उक्त नक्सा नम्बरमा रहेका जग्गाहरू कि.नं.१०४० को जग्गा भनी जनाएको पाइयो । उक्त न.नं.५,६ र ७ को जग्गाहरू हाल प्रतिवादी चन्द्रेश्वर साहको भोगमा रहेको भनी कैफियत विवरण उल्लेख गरेको देखियो । उक्त विवादित .५,६ र ७ को जग्गाको समुच्च क्षेत्रफल ०-०-५ रहेको र न.नं.६ को ०-०-१ जग्गाभित्र पर्ने गरी बनाएको आर.सी.सी.घरको भाग र न.नं.७ मा सिमेन्टको पिलर टिनको छानो भएको ग्वालीघर रहेको देखाई उक्त घरले चर्चेको जग्गाको क्षेत्रफल ०-०-१ भनी उल्लेख गरेको पाइयो । नक्सा सर्जमिनमा बस्ने मानिसहरूले टिनको छानो र सेन्टर बेरा भएको घर २०४८ सालमा निर्माण भएको हो र आर.सी.सी.पक्का घर २०६७ सालमा बनाएको हो भनी लेखाई दिएको पाइयो । विवादित न.नं.५, ६ र ७ को जग्गा ज.वि.०-०-५ मध्ये ०-०-३ जग्गामा घर रहेको नक्सा मुचुल्काबाट नदेखिएको र उक्त जग्गा प्रतिवादीको भोगमा रहेको अवस्था हुँदा प्रतिकूल भोगका आधारमा मात्र जग्गाको स्वामित्व प्रतिवादी चन्द्रेश्वर साहले प्राप्त गर्न सक्ने स्थिति नरहेको र वादीको कि.नं.१०४० को जग्गा आफ्नो हुनुपर्ने भन्ने प्रतिवादीको भनाइबाट नै

उक्त जग्गामा प्रतिवादीले खिचोला गरेको पुष्टि भइरहेको पाइँदा न.नं.५ को ज.वि.०-०-३ जग्गामा प्रतिवादीले खिचोला गरेको देखियो । न.नं.६ को ०-०-१ को जग्गामा पर्ने गरी निर्माण गरिएको आर.सी.सी.घर पुरानो घर भत्काई बनाएको हो भनी प्रतिवादीले नक्सामा जिरह गरेको देखिए पनि पुरानो घरको अस्तित्व समाप्त भइसकेपछि वा घर पताल भएपछि घर बनाउने महलको ११ नं.को सहाराबाट एकाको दर्ताको जग्गाको स्वामित्व अर्को व्यक्तिमा सर्न सक्ने अवस्था नरहेको र वादीको दर्ताको कि.नं.१०४० को जग्गामा पर्ने गरी २०६७ सालमा निर्माण गरिएको उक्त घर मुलुकी ऐन, घर बनाउने महलको ११ नं.को म्यादभित्र भत्काई पाऊँ भनी फिराद आउन सक्ने नै देखिँदा नक्सा मुचुल्काबाट देखिएको न.नं.६ को ०-०-१ जग्गामा पर्ने गरी निर्माण गरिएको उक्त घरको सो भाग भत्काई न.नं.५ को ०-०-३ र न.नं.६ को ०-०-१ जग्गामा वादीले चलन समेत चलाई पाउने ठहर्छ । नक्सा कुण्डलीको न.नं.७ को ०-०-१ जग्गामा बनेको ग्वालीघर पहिले नै बनेको भनी नक्सा सर्जमिनका मानिसह चन्द्रेश्वर चन्द्रेश्वरले लेखाइदिएका र फिरादीको फिराद मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं.को हदम्यादभित्र परेको अवस्था नहुँदा न.नं.७ को ०-०-१ जग्गा र सो जग्गामा बनेको ग्वालीघरको हदसम्म फिरादीको फिराद दाबी पुग्न नसक्ने ठहर्छ । अरूमा तपसिल  बमोजिम गर्नू ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम नक्सा मुचुल्काबाट देखिएको न.नं.६ को ०-०-१ जग्गामा पर्ने गरी निर्माण गरिएको उक्त घरको सो भाग भत्काई नं.नं.५  को ०-०-३ र न.नं.६ को ०-०-१ को जग्गामा वादीले चलन समेत चलाई पाउने ठहरेकाले प्रस्तुत मुद्दामा पुनरावेदन परे अन्तिम भै आएपछि ठहरे बमोजिम र नपरे पुनरावेदनको म्याद व्यतीत भएपछि फैसला बमोजिम चलन चलाई पाऊँ भनी दण्ड सजायको महलको ४३ नं.बमोजिम वादीको दरखास्त परे वादीलाई चलन चलाइदिनू । चलन चलाउँदाका बखत लाग्ने अढाई दस्तुर वादीबाट लिनू ।

माथि इन्साफ खण्डमा लेखिए बमोजिम न.नं.७ को ०-०-१ जग्गा र सो जग्गामा बनेको ग्वालीघरको हदसम्म फिराद दाबी पुग्न नसक्ने ठहरेकाले कोर्ट फी राखी मुद्दा दायर गरेको देखिँदा केही गरिरहनु परेन ।

यस अदालतको इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत इलाममा पुनरावेदन गर्नू भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू ।

सरोकारवालाले नक्कल माग गरे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी वा सराइदिनू ।

प्रस्तुत मुद्दाको अन्य काम बाँकी नहुँदा दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू ।

यो फैसला माननीय जिल्ला न्यायाधीशज्यूले<br>
बोली टिपाए बमोजिम टिपी कम्प्युटर टाइप<br>
गर्ने डि.कमला ढकाल<br>
फाँट नं. २

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल असोज १८ गते रोज ५ शुभम्.................।**

**श्री सुनसरी जिल्ला अदालत**
**इजलास**
**अतिरिक्त जिल्ला न्यायाधीश ब्रजेश प्याकुरेल**
**फैसला**
**सम्वत २०६६ सालको सा.दे.नं. २६-०६६-०१४७१**
**निर्णय नं.५४१**

**मुद्दा :- करारको परिपालना गराई करार बमोजिम रकम असुल उपर गराई पाउं ।**

**वादीको नाम थर वतन :**
बयान वहादुर गोदारको छोरा वुहारी, महेन्द्र वहादुर गोदारको श्रीमति पोखरा उप-म.न.पा. वडा नं. ११ रानीपौवा वस्ने किशोरी गोदार.....................................................१

**प्रतिवादीको नामथर वतन :**
देवी प्रसाद उप्रेतीको छोरा कोशी अञ्चल सुनसरी जिल्ला ईटहरी न. पा. वडा नं. ४ मा मुख्य कार्यालय रहेको नेमुनी हाउजिङ्ग कम्पनी प्रा. लि. का एकल संस्थापक तथा अध्यक्ष नारद उप्रेती............१

**ऐ. को प्रमाण :-**
साक्षी :-
कागज :-

**ऐ. को प्रमाण :-**
साक्षी :-
कागज :-

**अदालतबाट वुझेको**
**साक्षी :-**
**प्रमाण :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोवस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकार अन्तरगतको भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

१. **प्रस्तुत मुद्दामा बादीको मुख्य फिराद दावि निम्न अनुसार रहेको छ :**

(क) यसमा जिल्ला सुनसरी ईटहरी न. पा. वडा नं. १(ग) कि. नं. २३१५, २३१३, २३१०, र २३१२ समेतको ज. वि. १-१२-० जग्गा प्रतिकठ्ठा ११ एधार लाखका दरले हुने जम्मा रु. ३ करोड ५२ लाखमा म फिरादी किशोरी गोदारले खरिद गर्ने गरि १ करोड साविक जग्गाधनी ललितपुर जिल्ला ल. पु. उप-म. न. पा. वडा नं. १२ मनिमण्डल एकान्तकुना वस्ने महेश वहादुर सिहलाई वुझाई वैनावट्टा गरेको थिए । सोही जग्गा खरिद गर्नको लागी विपक्षीले समेत प्रयास गर्नु भएको रहेछ । मैले वैनावट्टा गरेको थाहा पाई "सो जग्गामा मिलीजुली लगानी गरौ वैना गरेको रकमको दुईगुणा भन्दा धेरै फाईदा म तपाईलाई उपलव्ध गराउदछु, तपाईले वारम्वार यहां विराटनगर आएर विक्री गर्ने झन्झट पनि लिनु पर्देन । सवै काम म गर्छु । भविष्यमा ईटहरी र यहांका बजारमा जग्गाको खरिद विक्रीमा सामुहिक लगानी गर्न सक्यौ भने व्यवसाय राम्रोसंग वढाउन सकिन्छ" भनि विपक्षीले प्रस्ताव गर्नु भएकोले मैले वैनावट्टा गरेको भए पनि नेमुनी हाउजिङ्ग प्रा. लि. का नाउंमा खरिद गरि लिन म फिरादी समेत सहमत भै मिति २०६२।१०।२३।१ मा सो वैना गरेको जग्गा रजिष्ट्रेशन पारीत गराई लिएका थियौ । सोही जग्गालाई माछापुच्छे वैंक ईटहरीमा धितो राखी ऋृण लिई सोही जग्गा प्लटिङ्ग गरि विक्री गरी ऋण चुक्ता गर्ने र बांकी रहेको

मुनाफा विपक्षी र म फिरादीले वांडी लिने योजनामा दुवै पक्षबाट भएको उल्लेखित पूर्ण सर्त सहीत विपक्षी र म विच मिति २०६२।१०।२९ मा करारनामा सम्पन्न भएको थियो ।

(ख) उल्लेखित जग्गाको विकास, प्लानिङ्ग एवं प्लटिङ्ग (Develop Planning and Plotting) नापजांच लगायतका विविध खर्चहरु दुवै पक्षले समायोजन गर्ने, सहमती भई मैले जग्गाधनीलाई वैना दिएको रकम समेत समायोजना गरि मिलाई म बाट सो दायित्व पुरा गरेको थिए । ६ महिना भित्रमा वैंक ऋण चुक्ता गर्ने गरी जग्गा विक्री गर्ने र १ वर्ष भित्रमा पुरै कित्ता जग्गाहरु विक्री गर्ने लक्षमा समेत विपक्षी र म समेतको सहमती भएको थियो । वैंकको ऋण सम्पूर्ण खर्च कट्टा गरी वांकी हुने २ करोड मुनाफा गर्ने लक्ष्य सो योजनाबाट राखिएको थियो । प्राप्त हुन आउने नाफा मध्ये ५१% म फिरादीलाई र ४९% विपक्षीलाई हुने समेतका सर्तहरु सो करारनामामा उल्लेखित छन् ।

(ग) करारनामामा उल्लेखित योजना मुताविक जग्गा विकास, प्लानिङ्ग एण्ड प्लटिङ्ग गर्ने र लक्ष्य अनुसार विक्री गरी मुनाफा आर्जन गर्न प्रथम पक्ष विपक्षी सक्रिय रहने एवम् दोश्रो पक्ष म फिरादीलाई सो वारे समय समयमा पारदर्शी रुपमा जानकारी गराउने जिम्मेवारी समेत विपक्षीमा रहेको व्यहोरा समेत उल्लेखित करार (दफा ५) मा उल्लेख छ । यसै गरी असामान्य अवस्था आई परेमा वाहेक यस योजनामा म फिरादीको सक्रियता न्यून हुने एवं सो जग्गामा मुनाफायोग्य अन्य कुनै अर्को योजना गर्न परेमा दुवै पक्षको सहमतीमा गर्न सकिने प्रावधान समेत सो करारमा स्पष्ट छ ।

(घ) उल्लेखित करार बमोजिमका जग्गा शिघ्र विक्री गरौ, वैंक ऋण चुक्ता गरौ, मुनाफा वांडौ भन्दा "जग्गाको मुल्य वृद्धि हुंदै गएको हुंदा लक्षित २ करोड मात्र होइन ३ करोड मुनाफा हुन गई रहेकोले जग्गा विक्री गर्न हतार नगरौ" भनि विपक्षीले भनेकोले वढी मुनाफा आउने आशामा वसी रहेको  थिए । करारमा उल्लेखित भए बमोजिम विपक्षीले समय समयमा जानकारी गराउनु पर्नेमा सो को पारदर्शिता नगरेकोले ईटहरी गै वुझ्दा धेरै जग्गाहरु विक्री गरि सकेका र केवल कि. नं. २३१३ को ०-१-१४, २३१०, २४०२, २४५९, २६०५ का स-साना क्षेत्रफल भएका कित्ताहरु र कि. नं. २७२९ को ०-४-१२x३/४ जग्गा जुन वाटोको लागी छुट्याएको देखिन्छ । वांकी रहेको कि. नं. २३१३ को क्षेत्रफल  ०-१-१४ जग्गा समेत २०६६ जेष्ठ महिना भित्र प्रतिकट्ठा रु.८५ पच्चासी लाखका दरले विक्री गर्ने गरी वैनावट्टा गरि सकेको सुन्नमा आयो । सो जग्गाको सम्वन्धमा मालपोत कार्यालय गई वुझ्दा सो कित्ताको जग्गा कित्ताकाट गरि कि. नं. २७१७ को ०-१-० जग्गा आफ्नो श्रीमती चन्द्रकला उप्रेतीका नाउंमा र कि. नं. २७१८ को ०-१-६ जग्गा विवाहीत छोरी निर्मला रिजालका नाममा मिति २०६५।८।१६ मा नै विक्री गरि नामसारी गराई दिई सकेका र अन्य जग्गा त्यस पूर्व नै विक्री गरि सकेको जानकारी हुन आयो । यसरी विपक्षीले आफ्नो मनोमानी खुशीले पत्नी छोरीको नाममा विक्री गरेको । कम्पनीको नाममा रहेको जग्गाहरु मेरो स्वीकृति विना नै विपक्षीका आफ्ना पत्नी छोरीका नाममा विक्री गरि दिने वांकीको वैना गर्ने कार्यहरु भई सकेको र लक्षित नाफा प्राप्तबाट वन्चीत गर्न खोजेको प्रष्ट छ । करार भएको मिति २०६२।१०।२९ ले १ वर्ष भित्रै उक्त योजना अन्तरगतका जग्गाहरु विक्री गर्ने लक्ष राखिएकोमा साढै तिन वर्षको अवधी व्यतित भई सकेको र सो जग्गाको मुल्य तिव्रगतिमा वढ्न गएको कारण लक्षित मुनाफा भन्दा धेरै वढी मुनाफा हुन आउने तथ्य समेत स्वयममा स्पष्ट छ । करारनामामा मुनाफा वितरण सम्वन्धमा निर्धारण गर्दा अनुमानित २ करोड उल्लेख गरिएको हो । त्यस भन्दा वढी मुनाफा हुने संभावनालाई दुवै पक्षले स्वीकार गरेकोले वढी भएको मुनाफा विपक्षीले मात्र एकलौटी रुपमा उपभोग गर्न नपाउने स्पष्ट छ । मलाई जानकारी नै नदिई आफुखुशी जग्गा विक्री गरि लक्ष गरिएको भन्दा अत्यधिक वढी मुनाफा गरि सो मुनाफा

एकलौटी रुपमा गरि सकेको हुंदा मलाई प्राप्त हुनु पर्ने मुनाफा वापतको एकिन हिसाव विपक्षीबाट मगाई सो मुनाफामा लक्षित कम्तीमा रु. १ एक करोड मध्ये जुन वढी हुन आउंछ सो रकम विपक्षीबाट दिलाई भराई पाउं भन्ने व्यहोराको मुख्य फिराद दावी रहेको पाईन्छ ।

२. **प्रतिबादीको मुख्य प्रतिउत्तर जिकिर निम्न अनुसार रहेको छ :**

(क) यसमा सम्पूर्ण फिराद दावी झुट्टा एवं फरेवपूर्ण छ । यि वादीले हचुवाको भरमा मागदावी लिएका छन् । वादीलाई फिराद गर्ने हकदैया कुनै कानूनले दिएको छैन । वादीले दावी लिएको आधार प्रमाण वैनावट्टाको कागज कम्पनीको विरुद्धमा गरिएको तथ्य सम्पूर्ण फिराद लेखाई र प्रेषित प्रमाणबाट स्पष्ट छ । कम्पनीले खरिद गरि राजीनामा पास गरी लिएको जग्गा विपक्षी फिरादीले आफ्नो फिरादमा उल्लेख गरे बमोजिम कम्पनीको दातासंग वैनावट्टा गरि रु. १ करोड वैना वापत वुझाएको होइन भन्ने तथ्य विपक्षीको फिराद लेखाई र प्रेषित प्रमाणहरुबाट प्रमाणित भई सकेको छ । विपक्षीबाट प्रेषित वैनावट्टाको कागज देख्न, सुन्न पाएको अवस्थामा मुलुकी ऐन अ. वं. ७८ नं. बमोजिम नामाकरण गर्ने छु ।

(ख) विपक्षीले फिराद नाटकीय ढंगले प्रस्तुत गरेका छन् । फिरादीले लक्षित मुनाफा हासिल गर्न कम्पनीलाई जिम्मेवारी र अधिकार दिएको भन्छन भने अर्को तिर फिरादीलाई जानकारी नै नगराई स्वीकृती नै नलिई जग्गा विक्री गरि लक्षित प्राप्त नाफाबाट वंचित गर्न खोजेको भन्ने व्यहोरा उल्लेख गरेका छन् । कम्पनीले जग्गा खरिद गर्दा फिरादीको कुनै लगानी सहमती नभई कम्पनीले वैंकबाट ऋृण लिई जग्गा पास गरेको हो । विपक्षीको फिराद करार ऐन, २०५६ र अ. वं. ८२ नं. बमोजिम समयावधि र हकाधिकार विहीन हुदा खारेज भागी छ । फिरादीले कम्पनीको हक मेट्ने उदेश्यले षडयन्त्र रचि नभए नगरेको व्यहोरा उल्लेख गरी कम्पनीले पुरा नगर्नु पर्ने दायित्व पुरा गराउने मनसायबाट दायर भएको फिराद खारेज गरि पाउं ।

(ग) साथै विपक्षीले वैनालाई आधार मानी करारनामा भनि गरिएको दावी नपुग्ने व्यहोरा देहाय वुंदाबाट प्रष्ट पार्न चाहन्छु ।

(।) विपक्षीले दावी गरे बमोजिम करारनामाको लिखत र व्यहोरा करार ऐन, २०५६ बमोजिम कम्पनीसंग करार सम्पन्न भए गरेको छैन । नेमुनी हाउजिङ्ग कम्पनी आफैमा एकल कम्पनी भई यसका प्रमुख ईटहरीका स्थानीय व्यक्ति भएको नाताले जग्गा खरिद विक्रीमा पोख्त भई जानीफकार हुंदा दावीको जग्गाको मूल्य ३ करोड ५२ लाखमा महेश वहादुर सिंहबाट खरिद गर्ने हुंदा जग्गाधनीलाई ३ करोड ३४ लाख र यि वादीले जग्गा मिलाई दिए वापत १८ लाख दिने गरि कम्पनी, जग्गाधनी र वादीका वीचमा मौखिक सहमती भएको थियो । सो भन्दा पहिले जग्गाधनीले कसैलाई पनि जग्गा विक्री गर्ने वैनावट्टाको कागज गरि लिनु दिनु गरेको होईन थिएन ।

(।।) मौखिक सहमती अनुसार जग्गाधनीले ३ करोड ३४ लाखमा विक्री गर्ने र सो जग्गा खरिद गर्नमा सहयोग गरे वपात १८ लाख विपक्षीले लिन मन्जुर गरेपछि कम्पनीले सो जग्गा खरिद गर्न निर्मल कुमार नामको जग्गा समेत माछापुच्छे वैंकमा धितो वन्धक राखी ऋृण लिई सो रकमबाट समेत जग्गाधनी र विपक्षीले सहमती बमोजिमको रकम वुझी जग्गाधनीबाट २०६२।१०।२३ मा कम्पनीले रजिष्ट्रेशन पारीत गराई लिएको हो । सो को रकम समेत २०६२।१०।३० मा कम्पनीले विपक्षी र जग्गाधनीलाई वुझाई सकेको छ ।

(।।।) माछापुच्छे वैकबाट ऋृण लिने सिलसिलामा सोही वैंकका अध्यक्ष सूर्य वहादर के.सी. ले मेरो आफ्नो नाता पर्ने मानिस किशोरी गोदारले जग्गा खरिद विक्री कारोवार मिलाई दिए वापत १८ लाख रुपैया पाउने भएको र सो मा नपुग रकम थपी ५१ प्रतिशत लगानी गर्छ । वैंकको व्याज पनि धेरै वोक्नु पर्दैन । यो जग्गा सल्टी सकेपछि मेरो मानिसले तपाईको

कम्पनीको ५१ प्रतिशत शेयर खरिद गरि लिन्छन भनि भनेको हुंदा ईन्कार गर्न नसकी वसी छलफल गरौला भनि सहमती जनाएको थियो ।

(IV) माछापुच्छ्रे वैंकका अध्यक्ष सूर्य वहादुर के.सी.ले मेरो मानिस पनि पोखरामा छ म पनि पोखरा जाने भए कारोवार के कसरी गर्ने भन्ने सम्वन्धमा सानो खेश्रा तयार गरि ल्याएको छु । विस्तृत कानूनको रित पुऱ्याई कानून बमोजिम करार गरौला भनि अन्य आवश्यक पछि करार गर्ने समयमा उल्लेख गर्ने गरी सूर्य वहादुर के.सी.ले तयार गरि ल्याएको खेश्रा नमुना कागज विपक्षीलाई अध्ययन गर्न विपक्षी किशोरी गोदारलाई उपलव्ध गराउनेसम्म प्रयोजनका लागी कम्पनीको अध्यक्षले कम्पनीको सहीछाप लगाई निज सूर्य वहादुर के.सी. लाई कम्पनीले दिएको थियो । जुन कुरा लिखत प्रकृतिबाट प्रष्ट हुन्छ । यसरी मिति २०६२।१०।२९।७ को खेश्रा नमुना सूर्य वहादुर के.सी.मार्फत उपलव्ध गराए पश्चात आजका मिति सम्म खोजविन चर्चा परिचर्चा नभएको तथ्य फिरादबाट थाहा पाउंदा कम्पनी आश्चर्य चकित भएको छ । त्यस्तो खेश्रा लिखतले कानूनी मान्यता पाउने होइन ।

(V) सूर्य वहादुर के.सी.ले लेखि तयार पारेको खेश्रा लिखतमा समायोजन भन्ने शव्द राखी जग्गा खरिद विक्री कारोवारमा सहयोग गरे वापत वादीलाई प्राप्त हुन आउने रकम रु. १८ लाख हुन्छ कि भनि कम्पनी प्रति अनविश्वास गरि लेखि लेखाई ल्याई कम्पनीलाई सहीछाप गराएका रहेछन् । त्यसै गरी विपक्षीका नाता पर्ने माछापुच्छ्रे वैंक लिमिटेडका अध्यक्षले ऋण दिलाउनमा सहयोग गरे वापत मैले पनि प्रतिफल पाउनु पर्छ भनि आन्तरिक मनसुवा राखी भनिएको करार कागज लेखि ल्याई कम्पनीलाई सहीछाप गराई कागज लिई गई अन्तमा विपक्षी वादी शालीलाई भिनाजुले मोहरा वनाई प्रस्तुत मुद्दा हाले हलाएको तथ्य सूर्य वहादुर के.सी.को हस्त लिखत पत्र "पटक पटक भेट्न वा टेलीफोन सम्पर्क गर्न प्रयास गरे, मोवाईल नम्वर चेन्ज भएकोले वार्ता हुन सकेन । आज विराटनगरमा प्रतिक्षा गरेको थिए आउनु भएन । विशेष ६ महिना भित्र गर्ने भन्ने व्यवहार आजसम्म सफा भएन । भेट्दा १५/२० दिन भित्र सवै मिलाउदछु भन्नु हुन्छ । तर ५/७ महिना व्यतित हुंदा पनि परपर हुनु हुन्छ । तपाईको व्यवहारबाट दुखी छु । वम पडकेको वेलामा तपाईहरुको १ पैसा पनि लगानी नहुंदा नहुँदै पनि २ करोड भन्दा वढी नै नाफाको लक्ष अनुसार किशोरी गोदार कार्कीलाई कन्भीन्स गराई कठीन परिस्थितीमा पनि काम सफल गराई दिए वापत किशोरी जी प्रति गरेको व्यवहारबाट दुखित छु । मेरो जमानीमा भएको व्यवहार शिध्र फरफारक नगर्नु भएमा वैकल्पिक बाटो अपनाउन उनी वाध्य हुनेछिन । अहिले सम्म मैले रोकेर हो । यकिन जवाफ पाउं वा काम फत्ते गरी फरफारक गरि पाउं । वांकी भेटमा । पैसा नभए १ कट्ठा १४ धुर जग्गा पास गरिदिने व्यवस्था मिलाउनु होला" भन्ने व्यहोराको पत्रबाट समेत कम्पनीको सम्पत्ति खान लाउन पाउछु कि भनि फिराद गर्ने र गराउने कार्य भएको प्रष्ट छ । सो सम्वन्धमा करार ऐन, २०५६ बमोजिम सम्वन्धीत व्यक्तिहरु उपर उपचार मागी पाउने अधिकार प्रतिउत्तरकर्तामा सुरक्षित नै छ ।

(VI) करार ऐन, २०५६ ले विपक्षीले करार भयो भनिएको करारबाट रकम असुल उपर गराई पाउने होइन । करार बमोजिम करारको परिपालना गराउन र रकम दिलाई पाउन कानून बमोजिमको रितपूर्वकको करार हुनु पर्दछ । जहांसम्म यि वादीले दावी लिएका कुराहरु अस्पष्ट र दोहोरो चरित्रका छन । वादीले जग्गाको वैनावट्टा गर्दा १ करोड र लक्षित २ करोड मुनाफाको ५१ प्रतिशतका मागका कुराहरु पनि उल्लेख गरेको छन् । वादीले भनिएको करार बमोजिम लक्षित प्रतिफल र सो भन्दा वढी हुन सक्ने संभाव्य प्रतिफल

वाहेक अन्य रकमको मागदावी गर्न नसकेबाट वादी दावी नाटकीय प्रमाणित हुन्छ । वादीको झुट्ठा कथनलाई मान्ने नै हो भने पनि वादी माग बमोजिमको लक्षित प्रतिफलको लागी ३ करोड ५२ लाखको ५१ प्रतिशतले रु. १,७९,५२,०००।- वादीको लगानी भएको हुनु पर्छ । देखिनु पर्छ । सो कुरा वादीले यथेष्ट प्रमाणबाट देखाउन लेखाउन सकेको पनि छैनन् । दावीको करार भयो भनिएको मितिले साढे ३ वर्ष अवधी व्यतित भई विलम्व भएको तथ्यलाई वादी स्वयंले स्वीकार गरी सकेको अवस्था हुंदा हकदैया र हदम्यादको अभावमा वादी दावी खारेज गरी पाउं भन्ने व्यहोराको प्रतिवादीको प्रतिउत्तर पत्र रहेको देखिन्छ ।

३. यस अदालतको आदेशानुसार बादीबाट निवेदन साथ पेश करारनामाको लिखतको सक्कल मिसिल संलग्न रहेको र प्रतिवादीबाट सो करारनामाको लिखत सम्बन्धमा अ.बं. ७८ नं. बमोजिम गरेको बयान र वादीको बयान समेत संलग्न रहेको देखिन्छ ।

४. त्यस्तै प्रतिवादीले जिकिर लिएको, फिराद व्यहोरामा उल्लेखित, बैनाबट्टाको लिखत सम्बन्धमा यस अदालतबाट भएको आदेश बमोजिम अ.वं. ७८ नं. बमोजिम प्रतिवादीबाट गरेको वयान र वादीको वयान समेत मिसिल संलग्न रहेको देखिन्छ ।

५. प्रतिवादी नेमुनी हाउजिङ्ग कंपनीले करार बमोजिमको तत्काल महेश बहादुर सिंहको नाउमा रहेको दाविको जग्गाहरु र निर्मल रिजालको नाउमा रहेको केही जग्गा समेत माछापुछ्रे बैङ्कमा धितो राखी ऋण सम्झौता गरी रु ३ करोड ८५ लाख रहमको ऋण सुविधा प्राप्त गरेको व्यहोरा मिसिल संलग्न माछापुछ्रे बैङ्कको Feb.12, 2006 को Cretit Facility Letter बाट देखिन्छ ।

६. अदालतको आदेश बमोजिम वादी दावीको जग्गाहरु मध्ये के कति जग्गाहरु को कस्का नाउमा के कति मुल्यमा विक्रि भै हकहस्तान्तरण भएका छन भन्ने सम्बन्धमा प्रतिवादीले गरेको कागज र खुलाएका विवरणहरु मिसिल संलग्न रहेको पाईन्छ ।

## अदालतको ठहर

७. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फबाट उपस्थित विद्वान अधिवक्ता माधव प्रसाद कोइराला तथा मणीराज दुलालको र प्रतिवादी तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता विपुलेद्र चक्रवर्ति तथा विद्वान अधिवक्ता प्रकाश उप्रेतीको वहस सुनियो ।

८. वादीको फिराद व्यहोरा, प्रतिवादीको प्रतिउत्तर व्यहोरा, बुझिएका प्रमाण तथा दुवै पक्षबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता एवं अधिवक्ताहरुको बहस समेत सुनि प्रस्तुत मुद्दामा मुख्यतया निम्न प्रश्नमा निर्णय दिनु पर्ने देखियो ।

(क) बादी र प्रतिवादी विच रितपुर्वकको करारनामा भएको हो वा होईन ?

(ख) वादीको फिराद गर्ने हक छ वा छैन र फिराद हदम्याद भित्र छ वा छैन ?

(ग) वादीले दावीको रकम प्रतिवादीबाट भराई पाउने हो होइन ?

९. निर्णय तर्फ विचार गर्दा, सर्व प्रथम फिरादी र प्रतिवादी विच मिति २०६२।१०।२९ मा भएको लिखत रितपुर्वक करार भएको हो वा होईन भन्ने सम्बन्धमा निर्णय गर्नु पर्ने देखियो । जिल्ला सुनसरी ईटहरी न. पा. वडा नं. १(ग) कि. नं. २३१५, २३१३, २३१०, २३१२, समेतको १-१२-० जग्गा ११ लाख कट्ठाका दरले ३ करोड ५२ लाखमा म फिरादीले खरिद गर्ने गरी वैना वापत रु. १ करोड साविक जग्गाधनी महेश वहादुर सिंहलाई बुझाई वैना गरेको थिए । यो जग्गा मैले वैना गरेको थाहा पाई मिलीजुली लगानी गरौ भनि विपक्षी नेमुनी हाउजिङ्ग प्रा. लि. का संस्थापक नारद

उप्रेतीले प्रस्ताव गरेकोले सोही प्रा. लि. को नाउंमा जग्गा खरिद गरी लिन म समेत सहमती भई मिति २०६२।१०।२३।१ मा मालपोत कार्यालय सुनसरीबाट वैना गरिएका जग्गाहरु रजिष्ट्रेशन पारीत गराई सोही जग्गा माछापुच्छे वैंक ईटहरीमा धितो राखी ऋण लिई प्लटिङ्ग गरि सोही जग्गा विक्री समेत गरी ऋण चुक्ता गर्ने र वांकी रहेको मुनाफा विपक्षी र म वीच वांडफांड गरि लिने लगाएतका सहमती भई मिति २०६२।१०।२९ मा करारका प्रथम पक्ष नेमुनी हाउजिङ्ग कम्पनी प्रा.लि.का एकल संस्थापक तथा अध्यक्ष नारद उप्रेती (प्रस्तुत मुद्दामा प्रतिवादी) र करारका दोश्रो पक्ष किसोरी गोदार (प्रस्तुत मुद्दामा वादी) बिच करारनामा सम्पन्न भएको थियो भन्ने वादीको मुख्य फिराद व्यहोरा रहेको छ ।

१०. वादीको फिराद दावी सम्पूर्ण झुट्टा हो । वादीलाई फिराद गर्ने हकदैया कुनै कानूनले दिएको छैन । वैनावट्टाको कागज देख्न, सुन्न पाएको अवस्थामा मुलुकी ऐन अ. वं. ७८ नं. बमोजिम नामाकरण गर्ने नै छु । विपक्षीबाट भनिएको करारको लिखत बमोजिम रकम असुल उपर गराई पाउने अधिकार करार ऐन, २०५६ ले विपक्षीलाई हक अधिकार प्रदान गरेको छैन । विपक्षीले दावी गरेको लिखत करारीय कागज होइन केवल अध्ययन प्रयोजनको लागि प्रेषित भएको खेश्रा कागज हो । तसर्थ वादी दावी खारेज गरी पाउं भन्ने समेत व्यहोराको प्रतिवादीको मुख्य प्रतिउत्तर जिकिर रहेको पाईन्छ ।

११. वादी प्रतिवादी विच भएको भनिएको मिति २०६२।१०।२९ को विवादित करारनामामा उल्लेखित व्यहोरा र शर्तहरु हेर्दा विवादित जग्गाहरु तत्काल महेश बहादुर सिंहका नाम रहेको र यी वादी किशोरी गोदारले महेश बहादुर सिंहबाट खरिद गर्नका लागि बैनाबट्टाको लिखत गरी सके पश्चात सोहि जग्गालाई नै वादी किशोरी गोदार तथा प्रतिवादी नारद उप्रेती विच भएको सहमती अनुसार नेमुनी हाउजिङ्ग कंपनी प्रा.लि. को नाउमा माछापुछे बैङ्गमा धितो बन्धक राखी ऋण समेत लिई प्लटीङ्ग गर्ने, बाटो निकाल्ने, जग्गाको विकाश गर्ने र विभिन्न व्यक्तिहरुलाई विक्रि गरी बैङ्गको ऋण फरफारक गरी मुनाफा गर्ने भनि वादी किशोरी गोदार र प्रतिवादी नारद उप्रेती विच करारनामा गरेको देखिन्छ ।

१२. करारमा उल्लेखित शर्तहरु हेर्दा मुख्य रुपमा करार बमोजिमका जग्गाहरु प्लानिङ्ग गर्ने, बाटो निकाली, विकाश गर्ने, शिघ्र बिक्रि गर्ने, बैङ्ग ऋण चुक्ता गर्ने र मुनाफा गरी बाडफाड गर्ने, पक्षहरुको दायित्व र प्रतिफलको व्यवस्थापन सम्बन्धमा हेर्दा जग्गाको मुल्य, पास खर्च एवं विविध खर्च दोश्रो पक्ष अर्थात वादी किसोरी गोदारले समायोजन गर्ने, जग्गामा बाटो, पुर्वाधार लगाएत विकाश कार्यमा ५।७ लाख आवश्यकता अनुसार खर्च प्रथम पक्ष अर्थात प्रतिवादीले गर्ने, प्लानिङ्गमा पूर्व अलिखित सहमती अनुसार सबै खर्च कट्टा गरी बैङ्कको सावा व्याज र परल मुल्य फरफारक गरी दुई करोड मुनाफा गर्ने, काम गर्दै जादा सिघ्र विक्रि हुने र ढिला हुदाका अवस्थामा व्याज र विक्रि मुल्यमा समेत बढीघटी हुदा हेरफेरका आधारमा मुनाफा दश प्रतिशत बढी वा घटी हुन सक्ने हुदा लक्ष हासिल गर्न प्रथम पक्ष सकृय रहने, उल्लेखित लक्ष सहित यो योजनामा दोश्रो पक्षको मुनाफा हिस्सा ५१ प्रतिशत र प्रथम पक्षको नाममा कंपनि भए पनि हिस्सा ४९ प्रतिशत हुने, योजनाका जग्गाहरु भरसक ६ महिना भित्रै बैङ्कऋण चुक्ता गर्ने गरी विक्रि गर्ने प्रयास गरिने, एक बर्ष भित्रमा पुरै कित्ताहरु बिक्रि गर्ने, जग्गा विकाश गर्ने र लक्ष अनुसार विक्रि गर्ने एवं मुनाफा आर्जन गर्नेकाम प्रथम पक्षले गर्ने, सोको जानकारी दोश्रो पक्षलाई समय समयमा पारदर्शि रुपमा प्रथम पक्षले गराउने र असामान्य अवस्था आईपरेमा बाहेक दोश्रो पक्षको सकृयता न्यून हुनेछ भन्ने लगाएतका मुख्य मुख्य शर्तहरु रहेको पाईन्छ ।

१३. यस प्रकार वादी प्रतिवादी विच भएको भनिएको करारनामाको आधार वादी किशोरी गोदार र जग्गाधनी महेश बहादुर सिंह विच भएको मिति २०६२।१०।२ को वैनावट्टाको लिखत हो भन्ने कुरामा विवाद देखिदैन । सो बैना बट्टाको लिखत सम्बन्धमा प्रतिवादीले अ.बं. ७८ नं. बमोजिम बयान गर्दा लिखत किर्ते वा जालसाज हो भनि नामाकरण गरेको अवस्था पनि छैन । यस्तो अवस्थामा निर्विवाद वैनावट्टाको लिखतलाई आधार मानी पक्षहरुले करार गर्न नसक्ने भनि भन्न मिल्ने अवस्था पनि देखिदैन । वादी दाविको करारनामा लिखत सम्बन्धमा प्रतिवादीले अ.बं. ७८ नं. बमोजिम बयान गर्दा लिखतमा भएको

व्यहोरा, कारणी, हस्ताक्षर, छाप, साक्षी लगाएत किर्ते भनि नामाकरण नगरी लिखत करार प्रयोजनको लगि नभै अध्ययन प्रयोजनको लागि प्रेषित भएको खेश्रा हो भनि व्यहोरा लेखाएको पाईन्छ । अ.बं. ७८ को प्रकृया माग गरी बयान गर्दा लिखतको बैधानिकता, कारणी, त्यसमा उल्लेखित व्यहोरा तथा सहिछापलाई अन्यथा नभनि केवल सोको प्रयोजन सम्बन्धमा लिएको जिकिरले लिखतको कानूनी हैसियतलाई अन्यथा भन्न मिल्ने देखिदैन ।

१४. हाम्रो करार ऐन, २०५६ को दफा २ (क) ले *"करार" भन्नाले दुई वा दुईभन्दा बढी पक्ष बीच कुनै काम गर्न वा नगर्नका लागि भएको कानून बमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता सम्झनु पर्छ ।* भन्ने व्यवस्था गरेको पाईन्छ । अर्थात ऐनको दफा ३ बमोजिम करार गर्न योग्य भएको व्यक्ति जो करारका पक्ष हुन सक्दछन तिनले कानून बमोजिम गर्न हुने र कार्यान्वयन हुन सक्ने कुनै कार्य गर्ने गरी गरेको सम्झौता नै करार हो भन्ने स्पस्ट व्यवस्था गरेको पाईन्छ । यस दृष्टीकोणबाट हेर्दा प्रस्तुत मुद्दामा विवादित करारनामाको लिखतमा उल्लेखित प्रथम पक्ष र दोश्रो पक्ष भनिएका व्यक्तिहरुको योग्यतामा कुनै विवाद रहेको पाईदैन । करारमा दुवै पक्षहरुले गर्न सहमत भएको कामको प्रकृती पनि प्रचलित कानूनले निषिद्द गरेको भन्ने पनि देखिदैन । लिखत स्वतन्त्र सहमतीबाट भएको हो वा होईन भन्ने सम्बन्धमा विचार गर्दा उल्लेखित लिखत करारको लिखत होईन, केवल अध्ययनको लागि पठाईएको खेश्रा मात्र हो भन्ने प्रतिवादीको भनाई रहे पनि उक्त लिखत स्वतन्त्र सहमतीबाट भएको होईन भन्ने भनाई रहेको पनि पाईदैन । नत प्रतिवादीले उक्त करारनामाको लिखत किर्ते जालसाज हो भनि नामाकरण नै गर्न सकेको पाईन्छ ।

१५. प्रतिवादी तर्फबाट उपस्थित हुनु हुने विद्वान बरिष्ठ अधिवक्ता तथा अधिवक्ताले करारको लागी पक्षहरुको लगानी एवं प्रतिफल दुवै हुनु पर्नेमा प्रस्तुत करार भनिएको लिखतमा दोश्रो पक्षको कुनै लगानी एवं प्रतिफल निर्धारण नगरी गरिएको शर्तहरु हुनाले त्यस्तो करार करार हुन सक्दैन भनि लिएको बहस जिकिर सम्बन्धमा विचार गर्दा करारमा पक्षहरुको दायीत्व एवं प्रतिफल र यसको निर्धारण सन्दर्भमा हाम्रो करार कानूनले के कस्तो व्यवस्था गरेको रहेछ भन्ने तर्फ हेर्नु उपयुक्त हुन्छ । जस्तै :

> दफा २ (घ) *"प्रतिफल" भन्नाले प्रस्तावमा उल्लिखित काम गरी दिए वा नगरी दिए बापत कुनै काम गरी दिने वा नगरी दिने गरी गरेको कबुल सम्झनु पर्छ* भन्ने व्यवस्था रहेको पाईन्छ ।

अर्थात प्रतिफलले पक्षहरुको दायीत्व समेत निर्धारित भएको हुनु पर्ने कुरामा विशेष संकेत गर्दछ । त्यस्तै प्रतिफलको स्वरुप करारमा कसरी प्रतिविम्बित हुन्छन भन्ने सम्बन्धमा हेर्दा ऐनको दफा ४ ले करार गर्ने पक्षहरु प्रतिफल लगाएत करारका विविध विषयहरुमा शर्त निर्धारण गर्दा पूर्ण स्वायत्त रहने विशेष व्यवस्था समेत गरेको पाईन्छ । जस्तै :

> दफा ४ *पक्षहरु स्वायत्त हुने : यस ऐनको अधीनमा रही करारको स्वरुप तथा विषयवस्तु छनौट गर्न, प्रतिफल, प्रतिफलको मात्रा, करारका शर्त तथा करार उल्लंघन भए बापत उपचारको प्रकृति निर्धारण गर्न र करार बमोजिमको विवाद समाधान गर्ने उपाय निश्चित गर्न करारका पक्षहरु स्वायत्त हुने छन्* भन्ने व्यवस्था रहेको पाईन्छ ।

अर्थात करारका पक्षहरु करारमा प्रतिफल हुने वा नहुने, हुने भए के कति मात्रामा रहने भन्ने कुरा निर्धारण गर्न समेत पूर्ण रुपमा स्वतन्त्र रहेको अवस्थामा प्रस्तुत मुद्दामा वादी दाविको करारनामा भनिएको लिखतमा प्रतिफलको विषय नै समाहित नरहेको हुदा करारनामाको लिखत होईन भन्ने तर्कसंग सहमत हुन सकिने अवस्था देखिदैन ।

१६. तसर्थ "करार" पक्षहरु विचको स्वतन्त्र सहमतीको कानूनी दस्तावेज हो । पक्षहरुको लागि करारका शर्तहरु विधायीकि कानून जत्तिनै वन्धनकारी र वाध्यात्मक हुन्छ । करारमा उल्लेखित शर्तहरुलाई अक्षरश (Letter of words) को रुपमा पक्षहरुले पालना गर्नु पर्दछ । प्रचिलत करार ऐन, २०५६ को

दफा ४ ले करारका पक्षहरुलाई प्रचलित कानूनको अधिनमा रही करारका शर्त, प्रतिफल एवं प्रतिफलको मात्र निर्धारण गर्ने पूर्ण स्वतन्त्रता प्रदान गरेको हुंदा कुनै पनि करारमा पक्षको प्रतिफल हुने वा नहुने र हुने भए पनि के कति मात्रामा हुने भन्ने कुरा र शर्त के कस्तो निर्धारण गर्ने भन्ने विषयमा पूर्ण स्वतन्त्रता प्रदान गरेको अवस्थामा पक्षहरुको दायीत्व वा प्रतिफल भए नभएको, कमबेस भएको भन्ने कुराले रितपूर्वकको करारलाई अन्यथा भन्न मिल्ने देखिदैन ।

१७. अतः वादीको फिराद दावि प्रतिवादीको जिकिर एवं दुवै पक्षका विद्वान कानून व्यवसायीहरुको बहस समेत सुनी विचार गर्दा विवादित करारको लिखत करार प्रयोजनको लागि नभै अध्ययनको लागि खेश्रा रुपमा वादी (दोश्रो पक्ष) समक्ष प्रतिवादीले प्रेषित गरेको भन्ने जिकिर भएता पनि रितपुर्वकको ढांचामा तयार भएको लिखत एवं व्यहोरा, लिखतमा शिर र पुछारमा र अन्तमा लागेको दुवै पक्षको सहिछाप, प्रथम पक्ष कंपनिको छाप, लिखतमा किनाराका साक्षिहरुको उपस्थिती र सहिछाप लगाएतका सम्पूर्ण रित पुगेको अवस्था हुदा त्यस्तो लिखतलाई केवल खेश्रा लिखत हो भनि मान्न सकिने अवस्था देखिदैन । त्यस्तै करारमा दुवै पक्षको दायीत्व, लगानी एवं प्रतिफल समाहित नरहेको, कमबेस भएको वा पक्षहरु मध्ये कुनै एक पक्षको भूमिका सक्रिय नरहेको भन्ने कारणले रितपूर्वक भैरहेको करारनामालाई अन्यथा भन्न मिल्ने पनि देखिदैन । वादी प्रतिवादी बिच भएको मिति ०६२।१०।२९ को करारनामा रित पूर्वकको स्वतन्त्र करारनामा हो भनि मान्नु पर्ने देखियो ।

१८. अव दोश्रो प्रश्न अर्थात वादीलाई फिराद गर्ने हकदैया छ वा छैन र फिराद हदम्याद भित्र छ वा छैन भन्ने विषयमा अध्ययन गर्दा वादी दावीको करार भएको भनिएको मितिले साढे ३ वर्ष अवधी व्यतित भई फिराद दर्ता भएको हुदा यस्तो विलम्व भएको तथ्यलाई वादी स्वयंले स्वीकार गरी सकेको अवस्था हुंदा हकदैया र हदम्यादको अभावमा वादी दावी खारेज गरी पाउं भन्ने व्यहोराको प्रतिवादीको प्रतिउत्तर जिकिर रहेको देखिन्छ । माथि विभिन्न प्रकरणहरुमा गरिएको छलफलबाट वादी दाविको मिति ०६२।१०।२९ को लिखत वादी प्रतिवादी बिच स्वतन्त्र रुपमा सम्पन्न भएको करारको लिखत यकिन भएको हुदा सो करार गर्ने पक्षहरु मध्ये वादी किशोरी गोदार दोश्रो पक्ष भएको र निजले रितपूर्वक सहिछाप गरेको अवस्थामा निज उक्त करारको प्रत्यक्ष सरोकारवाला व्यक्ति भएको देखिदा सो करार सम्बन्धमा मुद्दा गर्ने हकदैया निजलाई नभएको भनि भन्न सकीने अवस्था देखिदैन ।

१९ अब फिराद हदम्याद भित्र परेको छ वा छैन भन्ने सम्बन्धमा विचार गर्दा विवादित लिखत करारको लिखत भएको र उक्त लिखतमा भएको शर्त पालना गर्नु पर्ने दायीत्व भएको कुनै पक्षले करारको शर्त पालना नगरेमा वा करारीय दायीत्व पूरा नगरेमा अर्को पक्षले करार ऐन, २०५६ को दफा ८२(१) बमोजिम करारको उल्लंघन गरेको आरोपमा करार उल्लंघन गर्ने पक्षबाट दफा ८३ बमोजिम वास्तविक क्षतिपूर्ति भराई माग्न फिराद दायर गर्न सक्ने कानूनी व्यवस्था रहेको पाईन्छ । वादी दाविको करारमा अवधि सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ भन्ने सम्बन्धमा हेर्दा "योजनाका जग्गाहरु भरसक ६ महिना भित्रै बैङ्कऋण चुक्ता गर्ने गरी विक्रि गर्ने प्रयास गरिने, एक बर्ष भित्रमा पुरै कित्ताहरु बिक्रि गर्ने" भन्ने व्यहोरालाई करारको अवधि निर्धारण गरेको भनि मान्नु पर्ने हो की भन्ने सम्बन्धमा बिचार गर्दा उक्त अवधि भित्र करार बमोजिमका जग्गाहरु विक्रि गरिसकेको र करार बमोजिमको कार्य सम्पन्न गरेको भन्ने प्रतिवादीको भनाई रहेको पनि पाईदैन । करार गरिएका जग्गाहरु अद्यापी बिक्रि गर्न बाकी नै रहेको अवस्था छ । करारका पक्षहरु बिच मुनाफा फरफारक गरेको वा अन्य विकल्पहरु बारे समझदारी कायम भएको भन्ने पनि देखिदैन । यस्तो अवस्थामा करार बमोजिमको कार्य सम्पन्न नहुदै कानून बमोजिम परेको प्रस्तुत फिरादलाई हदम्याद भित्र नपरेको भन्ने प्रतिवादीको जिकिर कानून सम्मत मान्न मिल्ने देखिएन ।

२०. अव तेश्रो प्रश्न अर्थात वादीले दावीको रकम प्रतिवादीबाट दिलाई भराई पाउने हो होइन ? भन्ने सम्वन्धमा विचार गर्दा उल्लेखित करारका शर्तहरु पक्षहरुले पालन गरे वा गरेनन भन्ने विषयले

महत्व राख्दछ । करारको लिखतमा उल्लेखित शर्तहरु हेर्दा करार बमोजिमको अधिकाशं कार्य सम्पन्न गर्ने दायीत्व प्रतिवादी प्रथम पक्षको रहेको भन्ने तथ्य स्पस्ट हुन आउदछ । जस्तै "जग्गा विकाश गर्ने र लक्ष अनुसार विक्रि गर्ने एवं मुनाफा आर्जन गर्नेकाम प्रथम पक्षले गर्ने, सोको जानकारी दोश्रो पक्षलाई समय समयमा पारदर्शि रुपमा प्रथम पक्षले गराउने र असामान्य अवस्था आईपरेमा बाहेक दोश्रो पक्षको सकृयता न्यून हुनेछ" भन्ने कुरा करारनामाको पाचौ तथा छैठौ शर्तमा स्पस्ट रुपमा उल्लेख भै रहेको पाईन्छ । उक्त शर्तहरुले पक्षहरुको दायीत्व के कति रहेको छ भन्ने निश्चीत भएको अवस्थामा प्रतिवादीले करारनामामा उल्लेखित जग्गाहरु करारमा निर्धारित लक्ष विपरित कम मुल्य र लगानी नै नउठ्ने गरी के कति कारणबाट विक्रि गर्नु परेको हो ? विक्रि गरी आएको रकमको व्यवस्थापन पहिलो पक्ष प्रतिवादीले के कसरी गरेको हो ? बैङ्कको ऋण तथा व्याज तिर्ने सम्बन्धमा के कस्ता सकृयताहरु अवलम्बन भए ? मुनाफा र घाटाको स्थिती के कस्तो रह्यो भन्ने जस्ता करारसंग अन्तरसम्बन्धित विषयमा दोश्रो पक्ष अर्थात वादीलाई कुनै जानकारी दिएको भन्ने देखिदैन । करारमा उल्लेखित शर्तहरु दुवै पक्षले ईमान्दारी पूर्वक पालन गर्नु पर्नेमा बुझिए सम्मका सवुद प्रमाणबाट प्रतिवादी अर्थात करारका पहिलो पक्षले त्यस्तो करारीय दायित्व पुरा गरेको र करारमा उल्लेखित शर्तहरुलाई पालन गर्दै गएको भन्ने पनि देखिएन । बरु वादी दावीको विवादित लिखत करार नभै खेश्रा हो र सो सम्वन्धमा छुट्टै कानूनी उपचारको मार्गमा जाने भन्ने व्यहोरा उल्लेख गरी प्रतिवाद गरेको अवस्थामा त्यस्तो छुट्टैदावि साथ प्रतिवादी अदालत प्रवेश गरेको पनि देखिदैन । त्यसैले करारमा उल्लेखित शर्तहरु प्रतिवादीले उल्लघंन गरेका हुन भन्ने वादीको जिकिरलाई अन्यथा भन्न सकिने अवस्था पनि देखिएन ।

२१. वादीले करारको शर्त बमोजिम प्रतिवादीबाट रकम दिलाई पाउ भनेको फिराद दावि अनुसार रकम दिलाई दिनु पर्ने हो वा होईन भन्ने सम्बन्धमा विचार गर्दा फिरादमा उल्लेखित जग्गाहरु वैङ्कमा धितो राखी सो जग्गाहरु करारमा उल्लेखित शर्त बमोजिम प्लटीङ्ग गरी विक्री गरी सवै खर्च, वैङ्कको सांवा व्याज समेत फरफारक गरी २ करोड मुनाफा गर्ने र सो बाट प्राप्त मुनाफामा दोश्रो पक्ष अर्थात वादीको ५१% हिस्सा हुने स्वतन्त्र सहमती भएको अवस्थामा करारका प्रावधानहरु प्रतिकूल प्रतिवादीले जानकारी नै नदिई आफुखुशी जग्गा विक्री गरि लक्ष गरिएको भन्दा अत्यधिक मुनाफा गरि सो मुनाफा एकलौटी रुपमा उपभोग गरि सकेको अवस्था हुंदा विपक्षीबाट मुनाफा वापतको एकिन हिसाव मगाई सोही बमोजिम सो नाफाको ५१% वा करार बमोजिम लक्षित कम्तीमा रु. १ करोड मध्ये जुन वढी हुन्छ सो रकम विपक्षीबाट दिलाई भराई पाउं भन्ने व्यहोराको वादीको फिराद दावी रहेको हुदा सो सन्दर्भमा यस अदालतको आदेश बमोजिम विवादीत जग्गाहरु प्रतिवादी कंपनिले को कस्का नाउंमा के कति रकममा विक्री गरेको भनि फेहरीस्त मगाई वुझ्दा समेत जम्मा २ करोड १८ हजार ४ सय ९६ रुपैयामा विक्री गरेको भन्ने व्यहोरा र ५ कित्ता जग्गा विक्री हुन वांकी भन्ने समेतको विवरण देखियो । उल्लेखित विवरण अनुसार प्रतिवादीले करारनामामा उल्लेखित शर्त अनुसार लक्षित मुनाफा हुने गरी विक्रि गरेको भन्ने प्रतिवादीको व्यहोरा नदेखिदा मुनाफाको अनुपातबाट वादीलाई रकम भराईदिने भन्ने अवस्था देखिएन ।

२२. यस प्रकार प्रतिवादीले करार बमोजिमको कार्य सम्पन्न गर्दा सबै ऋण एवं खर्च समेत चुक्ता गरी न्युनतम दुई करोड मुनाफा आर्जन गरी वांडफाड गर्ने भनि सहमती भएकोमा लक्षित मुनाफा भन्दा कम मुल्यमा र घाटा खादैं जग्गाहरु विक्री गर्नु परेको वाध्यात्मक परिस्थिती वारे अर्को पक्ष अर्थात वादीलाई समय समयमा पारदर्शि रुपमा जानकारी गराई करारको शर्त अनुरुप कार्य, व्यवहार एवं आचरण गरेको भन्ने प्रतिवादीको जिकिर एवं मिसिल संलग्न कुनै प्रमाणबाट पनि देखिन आएन । करारका शर्तहरु करार बदर नभएसम्म वा करारका पक्षहरु बिच आपसी समझदारीबाट परिवर्तन नभएसम्म पक्षहरुको लागि बाध्यात्मक एवं बन्धनकारी हुन्छ । त्यसैले करारमा उल्लेखित शर्त र

सहमतीबाट पक्षहरु विमुख हुने अवस्था हुन सक्दैन । प्रस्तुत विवादमा पनि प्रतिवादीले करारका शर्तहरु पालना गरेको अवस्था नदेखिएको हुदा वादीको फिराद दाविलाई अन्यथा भन्न सकिने अवस्था देखिएन । तसर्थ करारनामामा उल्लेखित लक्षित न्युनतम मनाफाको वादीदाविलाई अन्यथा मान्नु पर्ने अवस्था पनि देखिएन ।

२३. अतः प्रतिवादी नेमुनी हाउजिङ्ग कम्पनी प्रा. लि. का एकल संस्थापक तथा अध्यक्ष नारद उप्रेतीले वादी किशोरी गोदारको फिराद दावी अनुसार आफ्नो दायित्व पुरा नगरी करार ऐन, २०५६ को दफा ८२(१) बमोजिम करारको उलंधन गरेको देखियो । त्यसैले करार ऐन, २०५६ को दफा ८३(१) बमोजिम करारमा उल्लेखित शर्त अनुसार वादीले फिराद दावी गरेको लक्षित मुनाफाको हिस्सा अर्थात रु. १ करोड रकम प्रतिवादीबाट भराई लिन पाउने ठहर्छ । सो ठहर्नाले अरु तपसिल बमोजिम गर्ने गरी अ. वं. १८६ नं. बमोजिम यो फैसला गरिदिए ।

## तपसिल

१. वादी किशोरी गोदारके, माथी ईन्साफ खण्डमा लेखिए बमोजिम वादीले फिराद पत्रमा दावी गरेको रु. १ करोड लक्षित मुनाफाको हिस्सा प्रतिवादीबाट भराई पाउने ठहरी फैसला भएको हुंदा प्रतिवादीबाट सो १ करोड रकम दिलाई भराई पाउं भनि यसै सरहदको जेथा देखाई वादीले मुलुकी ऐन दण्ड सजायको ४२ नं. का म्याद भित्रमा दरखास्त दिए प्रतिवादीबाट वादीले भराई पाउने ठहर भएको रु. १ करोड प्रतिवादीबाट वादीलाई दिलाई भराई दिनु । नियमानुसार लाग्ने २x१/२ दस्तुर वादीबाट लिनु...........१

२ फिराद पत्र दायर गर्दा राखेको कोर्ट फि रु. १,०३,७७०।- प्रतिवादीबाट दिलाई भराई पाउं भनि कोर्ट फि ऐन, २०१७ को दफा १५(११) का म्याद भित्रमा वादीले दरखास्त दिए कुनै प्रकारको दस्तुर नलिई प्रतिवादीबाट वादीलाई दिलाई भराई दिनु...............................................................................२

३ यो फैसलामा चित्त नवुझे ३५ दिन भित्र श्री पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन गर्न भनि मुलुकी ऐन अ. वं. १९३ नं. बमोजिम प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु .............................. ३

४. सरोकारवालाले नक्कल मागे कानूनको रीत पुऱ्याई सारी सराई दिनु र मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फांटमा वुझाई दिनु ..........................................................................४

यो पाना १० को फैसला माननीय जि.न्या.
ज्यूबाट वोली टिपाए बमोजिम लेख्ने
ना.सु. लेक वहादुर कोइराला, फांट
कम्प्यूटर : कान्त

**जिल्ला न्यायाधीश**

**ईति सम्वत २०६९ साल वैशाख १० गते रोज १ शुभम् .....................।**

**श्री झापा जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश रमेशराज पोखरेल**
**फैसला**
**संवत् २०६८ सालको कोड नं..१८-०६८-०१०५२**
**निर्णय नं.४३२**

**मुद्दा :- निषेधाज्ञा ।**

**वादीको नाम, थर, वतन**
जिल्ला झापा भद्रपुर न.पा.वडा नं.३ स्थित नारायणराज प्रोडक्ट फर्मको तर्फबाट ऐ. फर्मका प्रोपाइटर ऐ.ऐ.बस्ने वर्ष ५०को मञ्जुदेवी अग्रवाल...............................१

ऐ.ऐ.को प्रमाण
साक्षी :-
कागज :-

**प्रतिवादीको नाम, थर, वतन**
आन्तरिक राजस्व कार्यालय, भद्रपुर झापा...........................................१

ऐ.ऐ.को प्रमाण
साक्षी :-
कागज :-

**अदालतबाट बुझेको**
**साक्षी :-**
**कागज /प्रमाण :-**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नम्बर र जिल्ला अदालत नियमावली, २०५२ को नियम १८ (ज) समेतले यसै अदालतको क्षेत्राधिकारभित्र परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ :-

यस फर्मले पान पसाला (गुड्का) को उत्पादन गर्दा अन्तःशुल्क ऐन,२०५८ को दफा ८ तथा नियमावली, २०५९ को नियम ३ र ४ बमोजिम इजजातपत्र लिई सोही नियमावली बमोजिम कर्तव्य पालन गरी पान मसला (गुड्का) बिक्री वितरण गर्दा अन्तःशुल्क दरबन्दीले तोकेको दर बमोजिम प्रतिकिलो रु.२५७- को दरले अन्तःशुल्क तिरी बुझाई आएकोमा आन्तरिक राजस्व कार्यालय भद्रपुर झापाबाट च.नं.४११४ मिति २०६८।११।२८ मा अन्तःशुल्क निर्देशिका, २०६८ को परिच्छेद ५ को ५.३.३मा अन्तःशुल्क प्रयोजनको लागि पान मसला, जर्दा खैनीको तौल लिँदा लेबुल, प्याकिङ्ग मेटिरियल्स, चुना आदि समेतको तौललाई जनाउने व्यवस्था भएकोमा त्यस फर्मबाट गुट्का बिक्री निष्कासन गर्दा नेट वजनमा अन्तःशुल्क दाखिला गरेकोले घटी अन्तःशुल्कमा विलम्ब दस्तुर समेत माग गरिएको भनि अन्तःशुल्क कर अवधि २०६८ मंसिरदेखि माघसम्मको अन्तःशुल्क जरिवाना र विलम्ब शुल्क रु.४,६५,९४९.०३ र घटी कर दाखिला गरेको भनी मूल्य अभिवृद्धि कर अवधि २०६८ मंसिरदेखि माघसम्मको कर, जरिवाना, थपदस्तुर र ब्याज रु.१,२०,०६९।- निर्धारण गर्ने प्रयोजनका लागि च.नं.४११५ मिति २०६८।११।२८ को प्रारम्भिक कर निर्धारण आदेश निर्धारण गर्ने प्रयोजनका लागि १५ दिने सूचना पत्र पठाएको हुँदा आन्तरिक राजस्व कार्यालय झापाले आर्थिक ऐन, २०६४ को अन्तःशुल्क दरबन्दीको शीर्षक नं.२१०६.९०.२० ले गरेको व्यवस्था विपरीत हुने गरी अन्तःशुल्क असुल गर्न

खोजेकोले अन्तःशुल्क रकम असुल गर्ने धरौटी राख्न लगाउने लगायतको काम कारबाही नगर्नू नगराउनू भनी निषेधाज्ञाको आदेश जारी गरी पाऊँ भन्ने निवेदन ।

प्रतिवादी आन्तरिक राजस्व कार्यालय झापाका नाउँमा निषेधाज्ञाको आदेश किन जारी हुनु नपर्ने हो ? आधार र कारण भए सबुद प्रमाण समेत खुलाई बाटाका म्याद बाहेक १५ दिनभित्र जिल्ला सरकारी वकिल कार्यालय झापा मार्फत लिखित जवाफ लिई आउनू भनी म्याद जारी लिखित जवाफ पेस भए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । हाल निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन भन्ने यस अदालतकबाट मिति २०६८।१२।१३ मा भएको आदेश ।

विपक्षी निवेदकले अन्तःशुल्क ऐन, २०५८ को दफा २५ (क) अन्तर्गत बनेको अन्तःशुल्क निर्देशिका, २०६८ को परिच्छेद ५ को दफा ५.३.३ अनुसार ग्रस वजनमा अन्तःशुल्क बुझाएको नदेखिएकोले सो निर्देशिका लागू भएपछिको अवधिको मात्र ग्रस र नेट वजनको फरकमा अन्तःशुल्क अभिवृद्धि कर र विलम्ब दस्तुर समेत प्राकृतिक न्यायको सिद्धान्त अनुसार सफाइको सवुद पेस गर्ने मौका दिई माग गरिएको हो । राजस्व अनुसन्धान विभागले पनि छानबिन गरिरहेको भनी निवेदकको माग बमोजिम नै ग्रस र नेट वजनको फरकमा लाग्ने अन्तःशुल्क धरौटी खातामा जम्मा गर्न लगाई निर्बाध रूपमा उत्पादित सामान निष्कासन गर्न दिइएको छ । निवेदकले लिएका जिकिरहरूका सम्बन्धमा अन्तःशुल्क ऐन, २०५८ को दफा २५ (क) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले वनाएको अन्तःशुल्क निर्देशिका, २०६८ पनि कानुनसरह नै हो । सो निर्देशिकाको परिच्छेद ५ को दफा ५.३.३ मा "अन्तःशुल्क प्रयोजनका लागि पान मसला, खैनी, जर्दाको तौल लिँदा लेबुल, प्याकिङ्ग, मेटेरियल्स, चुना आदि समेतको हुने तौललाई जनाउँछ" भन्ने स्पष्ट कानुनी प्रावधान रहेको छ । आर्थिक ऐन, २०६८ अनुसार निवेदनले प्रयोग गरे जस्तो प्लाष्टिकका प्याक गर्ने सामान स्वयंमा पनि अन्तःशुल्क लाग्ने वस्तु हुन् । उक्त निर्देशिका २०६८ केवल निवेदकलाई मात्र नभई देशभरि नै लागू भएको हो भन्ने समेत व्यहोराको आन्तरिक राजस्व कार्यालय झापाको लिखित जवाफ ।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री सुरज खत्री र विपक्षी आन्तरिक राजस्व कार्यालय भद्रपुरको तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री केशवप्रसाद रेग्मीले गर्नुभएको बहस समेत सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूको निरुपण गरी निर्णयमा पुग्नुपर्ने देखियो ।

(१) आन्तरिक राजस्व कार्यालयले गरेको अन्तःशुल्क निर्धारणको पारम्भिक आदेश उपर निषेधाज्ञा जारी हुन सक्ने नसक्ने ?

(२) आन्तरिक राजस्व विभागद्वारा जारी गरिएको निर्देशिकामा गरिएको व्यवस्था उपर जिल्ला अदालतले क्षेत्राधिकार ग्रहण गर्न मिल्ने नमिल्ने ?

पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा न्याय प्रशासन ऐन, २०४८ (सम्शोधन सहित) को दफा ७ (२) ले जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्रको कुनै निकाय वा अधिकारीले कुनै व्यक्ति को कानुन प्रदत्त हकमा आघात पुऱ्याउने आशंका रहेको देखिएमा सो हकको प्रचलनको लागि निषेधाज्ञाको आदेश जारी गर्न सक्ने अधिकार प्रदान गरेको देखियो । निवेदकले आफ्नो निवेदनमा आन्तरिक राजस्व कार्यालयले आर्थिक ऐन, २०६४ को अन्तःशुल्क दरबन्दीको शीर्षक नं. २१०६.९०.२० ले गरेको व्यवस्था विपरीत हुने गरी अन्तःशुल्क असुल गर्न खोजेकोले अन्तःशुल्क रकम असुल गर्ने धरौटी राख्न लगाउने

लगायतको काम कारबाही नगर्नू नगराउनू भनी निषेधाज्ञाको आदेश जारी गरी पाऊँ भनी उल्लेख गरेको पाइयो । निवेदनकले पेस गरेको आन्तरिक राजस्व कार्यालयबाट मिति २०६८।११।२८ मा दिएको अन्तःशुल्क निर्धारण आदेशमा कार्यालयद्वारा गरिएको प्रारम्भिक कर निर्धारण अनुरूपको अन्तःशुल्क तिर्नु नपर्ने अथवा परिवर्तन गर्नुपर्ने कुनै ठोस प्रमाण भए १५ दिनभित्र पेस गर्नू भन्ने उल्लेख भएको देखिएको र त्यसतर्फको कारबाही बाँकी नै रहेकोमा निवेदनकले नै यो विषय राजस्व अनुसन्धान विभागको पनि विचाराधीन रहेको भनी ग्रस र नेट वजनको फरकको हुने अन्तःशुल्क पछि ठहरे बमोजिम हुने गरी धरौटी खातामा जम्मा गरेको भन्ने आन्तरिक राजस्व कार्यालयको लिखित जवाफबाट देखिन्छ । निषेधाज्ञाको आदेश जारी हुनको लागि आफ्नो कानुनप्रदत्त हकको प्रचलनमा रोकावट हुन सक्ने प्रवल आशंकाको विद्यमानता जरुरी देखिन्छ । आन्तरिक राजस्व कार्यालयद्वारा गरिने अन्तिम कर निर्धारण पूर्वको प्रारम्भिक कर निर्धारणले कर निर्धारण गर्ने आशंकाको सिर्जना हुने अवस्था हुँदा त्यस्तो प्ररम्भिक कर निर्धारण उपर निषेधाज्ञा जारी हुन सक्ने देखिन्छ । तथापि निषेधाज्ञाको आदेश विवादित विषयलाई यथास्थितिमा राखी त्यस्तो विवादित विषयमा अन्य उपचारको मार्ग अवलम्बन गर्नको लागि समय प्रदान गरिनु हो । निषेधाज्ञाको निवेदनबाट विचाराधीन मुद्दालाई प्रभाव पार्ने गरी बोल्न मिल्ने र निर्णय बदर गर्ने अख्तियारी प्रदान गर्दैन । प्रस्तुत विषयमा राजस्व अनुसन्धान विभागले अनुसन्धान गरि रहेको र सो विचाराधीन रहेको भनी यिनै निवेदकले दर्शाई ग्रस वेट र नेट वेटको फरक धरौटीमा राखी पाऊँ भनी रकम धरौटीमा राखेको भन्ने व्यहोरा आन्तरिक राजस्व कार्यालयको लिखित जवाफबाट देखिँदा राजस्व अनुसन्धान विभागको अनुसन्धानलाई प्रभाव पार्ने गरी आदेश जारी गर्न मिल्ने देखिँदैन ।

अब दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा अन्तःशुल्क ऐन, २०५८ (संशोधनसहित) को दफा २५ क मा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही विभागले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ भनी व्यवस्था गरेको र सोही अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागले अन्तःशुल्क निर्देशिका, २०६८ जारी गरेको देखियो । अन्तःशुल्क ऐन, २०५८ ले प्रत्यायोजन गरेको शक्तिको आधारमा निर्माण गरिएको कानुन वा जारी गरिएको आदेशलाई कसैले चुनौती दिई बदर गराउन नसकेको अवस्थामा त्यसलाई वैध कानुन (खबष्मि ीबध० का रूपमा ग्रहण गरिनुपर्ने हुन्छ । आन्तरिक राजस्व कार्यालयले सोही निर्देशिकाको व्यवस्थालाई आधार लिई गरिएको प्ररम्भिक कर निर्धारणलाई वदर गर्ने अख्तियारी निषेधाज्ञाले प्रदान गर्दैन ।

आर्थिक ऐन, २०६८ को अन्तःशुल्क दरबन्दीको क्रमसंख्या ५ मा २१०६.९०.२० शीर्षकको चुना मिश्रण भएको निकोटिनयुक्त वा निकोटिनरहित पान मसलाहरू र यस्तै अन्य पदार्थहरूको इकाई प्रतिकिलो रु.२७५।- लाग्ने व्यवस्था गरेकोमा आन्तरिक राजस्व विभागद्वारा जारी गरिएको अन्तःशुल्क निर्देशिका, २०६८ को ५.३.३ मा अन्तःशुल्क प्रयोजनका लागि पान मसला, जर्दा, खैनीको तौल लिँदा लेबुल प्याकिङ्ग मेटेरियल, चुना आदि समेतको तौललाई जनाउँछ भनी उल्लेख भएको पाइयो । आर्थिक ऐनमा प्याकिङ्ग मेटेरियल सहितको तौल भनी उल्लेख नभएकोमा आर्थिक ऐनले लगाएको अन्तःशुल्कभन्दा बढी हुने गरी निर्देशिकाले अन्तःशुल्क लगाउन मिल्ने हैन भन्ने नै निवेदकको मूल दाबी रहेको देखियो । कुनै नियम निर्देशिका वा आदेश ऐन, सँग बाझिएको अवस्थामा त्यस्ता नियम निर्देशिका वा आदेश बदर घोषित नहुँदाका अवस्थासम्म त्यस्ता नियम निर्देशिका र आदेशलाई वैध कानुन मान्नुपर्ने हुँदा उक्त कानुन बमोजिम भएको कार्य रोकी पाऊँ भनी दिएको निवेदनको औचित्यमा प्रवेश गर्नुपर्ने अवस्था नै देखिँदैन । अर्कोतर्फ अन्तःशुल्क अधिकृतले कानुन बमोजिम गरेको निर्णयमा चित्त नबुझेमा कानुनले नै तय गरेको मार्ग अवलम्बन गरिनु वाञ्छित हुन्छ । अन्तःशुल्क ऐनमा प्रशासकीय पुनरावलोकनको निवेदन विभागका महानिर्देशक समक्ष लाग्ने भनी उल्लेख भएकोमा तदनुरूपको बाटो अवलम्बन नगरी निषेधाज्ञाको निवेदन मार्फत उपचार खोजिएकोलाई कानुनसम्मत मान्न सकिएन । विवादको विषयमा उपयुक्त उपचारको बाटो अवलम्बन गर्न पाउने निवेदकको अधिकार रहे भएकै

देखिएको र अन्तःशुल्क ऐन, २०५८ (संशोधन सहित) को दफा २५ क.ले दिएको अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागद्वारा जारी गरिएको अन्तःशुल्क निर्देशिका, २०६८ का सम्बन्धमा यस अदालतबाट क्षेत्राधिकार ग्रहण गरी निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने देखिएन । तसर्थ निवेदनको निवेदन खारेज हुने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

निवेदिकाको निवेदन खारेज हुने ठहरेकाले उक्त फैसला उपर चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालतमा पुनरावेदन गर्नू भनी निवेदक मञ्जुदेवी अग्रवाललाई पुनरावेदनको म्याद दिनू ।

सरोकारावालाले नक्कल मागे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल सारी वा सराइदिनू ।

प्रस्तुत मुद्दाको अन्य काम बाँकी नहुँदा दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख फाँटमा बुझाइदिनू ।

यो आदेश माननीय जिल्ला न्यायाधीशज्यूले
बोली टिपाए बमोजिम टिपी कम्प्युटर
टाइप गर्ने डि.कमला ढकाल
शा.अ.गोविन्दप्रसाद पौडेल
फाँट :- २ नं.

**जिल्ला न्यायाधीश**

**इति संवत् २०६९ साल ज्येष्ठ २२ गते रोज २ शुभम्..................।**

Serial No. 37

Mailing Address:
**National Judicial Academy (NJA)**
Hariharbhawan, Lalitpur, Nepal
Tel: 977-1-5549057/5549067
Fax: 977-1-5530662
E-mail: info@njanepal.org.np
URL: njanepal.org.np